
लिच्छविसंवत्‌को निर्णय



नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

लिच्छविसंवत्‌को निर्णय

निर्णायक

नयराज पन्त

सहायक

देवीप्रसाद भण्डारी

केशवचन्द्र न्यौपाने

प्रकाशक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल ।

प्रथम संस्करण २०४३

मुद्रक

लुष प्रेस

ख– १/३७३ बानेश्वर

काठमाडौं, नेपाल ।

आवरणचित्रकर

टेकवीर मुखिया



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

समर्पण

जसको स्नेहमय सहवासले मेरो बालहृदयमा लिच्छविसंवत्‌को निर्णयरूपी यस वृक्षको बीज रोपियो, उहाँ मेरा मातामह पण्डित भुवननाथ पाँडेलाई यो ग्रन्थ सादर समर्पण गर्दछु ।

वि. सं. २०४२ मार्ग २ गते
आदित्यवार ।

नयराज पन्त



पण्डित भुवननाथ पाँडे

जन्म– वि. सं. १९२० आश्विन २८ गते सोमवार।

मृत्यु– वि. सं. २००० पौष २४ गते शनिवार।



नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१४ साल आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्द्धनको निम्ति प्रज्ञा–प्रतिष्ठानको स्थापना गरिबक्सेको हो ।

२०३१ साल वैशाख १ गतेका दिन *राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको* कृपापूर्ण संरक्षकत्व प्राप्त गरी नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान–विज्ञानका क्षेत्रमा युगानुकूल विकास गर्ने सौभाग्य पाएको छ ।

नेपालको कला र संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, विशाल र आफ्नै किसिमको छ । आज *राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको* वात्सल्यपूर्ण नेतृत्वमा जसरी बौद्धिक, आध्यात्मिक, आर्थिक र औद्योगिक विकासको ढोका उघ्रन खोजेको छ उसरी सिर्जनात्मक उपासनामा लागेका हाम्रा प्रतिभाशाली लेखक, कवि, कलाकार र विद्वान्हरूले पनि आफ्नो देशका कला, साहित्य र संस्कृतिको गौरवमय इतिहासलाई संसारसमक्ष परिचय गराउन सक्ने खालका कृतिहरू सिर्जना गरी आफ्ना आफ्ना क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नेछन् भन्ने हामीलाई लागेको छ ।

राष्ट्रको गौरव बढाउने र नेपालको सौरभ फिजाउने जस्ता महत्त्वपूर्ण कार्यमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले सबैबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछौं ।

लैनसिंह बाङ्देल

वैशाख १ गते २०३६

कुलपति

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

प्रकाशकीय

विश्वसृष्टिमा अनौठाको लय छ । नक्षत्र ताराको रुमलोभित्र पनि गतिको एकरूपताको विचित्र लयलाई अन्तश्चेतनाले सुनेर वैदिक ऋषिले यसरी गाए– *समुद्रादर्णवादधिसंवत्सरो अजायत* । राष्ट्रिय जीवनको विकासक्रममा पनि यस्तै अविच्छिन्न लयपूर्ण ध्वनि सुनिन्छ । संवत्को कतैतिर अंकन देख्नासाथ इतिहासविद् विद्वान्हरू त्यही ध्वनि सुन्छन् र कतै त्यसको लय विच्छिन्न हुन गयो कि, तिनको अन्तश्चेतले मान्दैन र सही कालगणनाद्वारा त्यसलाई सच्याउन लवलीन हुन्छन् । यही कुरालाई अर्को शब्दावलीमा भनूँ भने– इतिहासको ज्ञानको निम्ति प्रमुख प्रमाण नै संवत् हो । सही प्रमाणद्वारा नै सही इतिहासको ज्ञान संभव हुन्छ । त्यसैले इतिहासका अन्वेषकहरू सर्वप्रथम संवत्को परीक्षणकै निम्ति प्रवृत्त हुन्छन् । अपुष्ट प्रमाणले अतीतलाई हेर्नु कानो आँखाले दूरी नाप्नु जस्तै हो । यसले गर्दा विभिन्न कालक्रममा घटित घटनाहरू पनि एकै कालमा घटित भएजस्ता देखिन्छन् । मनआँखामा बादल लागेपछि वनपाखामा पनि छाया परेको देखिन्छ र आखिर राष्ट्रको अखण्डतामा पनि अनुचित शंका पर्न बेर लाग्दैन । सही प्रमाणमा निर्धारित इतिहास आफ्नो अविच्छिन्न जातीय अस्तित्वको प्रमाण हो ।

नेपालको इतिहास लेख्ने स्वदेशी र विदेशी विद्वान्हरूले लिच्छविकाललाई प्रमुख स्थान दिएका छन् । तर त्यसको कालनिर्धारणमा मतैक्य पाइन्न । यसो हुनाको मुख्य कारण हो– शिलालेखका अंकको शुद्ध पाठ नपहिल्याउनु र लिच्छवि-संवत्को प्रारम्भको विषयमा मतभिन्नता हुनु । *लिच्छविसंवत्को निर्णय*नामक प्रस्तुत पुस्तकमा लिच्छवि राजाहरूले चलाएको संवत् वि. सं. ६३२ देखि प्रारम्भ भएको हो भन्ने कुरा आजसम्म प्राप्त शिलालेख र प्राचीन ग्रन्थ सुमति-तन्त्रको आधारमा प्रमाणित गरिएको छ । यसमा प्रमुख रूपले अधिमासको गणनाद्वारा कालनिर्णयको न्यूनतालाई निरस्त गरिएको छ । नेपालको सही

इतिहासको अनुसन्धानमा धेरै समयदेखि समर्पित प्रकाण्ड विद्वान् ज्यौतिषाचार्य नयराज पन्तज्यूले शुद्ध कालनिर्णय गरेर लिच्छविकालको इतिहास-ज्ञानको निम्ति दृढ भूमि तयार पार्नुभएको छ । नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको प्रवचनमाला-अन्तर्गत गर्नुभएका प्रवचनहरू समेत गाभी तयार पारिएको यस प्रेरणादायी संग्रहको निम्ति प्रख्यात इतिहासविद् सदस्य नयराज पन्तज्यूलाई प्रज्ञा–प्रतिष्ठानको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

२०४३ साल कार्तिक २८ गते ।

विषयसूची

पृष्ठ

पृष्ठ

पूर्व पक्ष

पृष्ठ

पृष्ठ

यस ग्रन्थमा उपयोग गरिएका लिच्छविकालिक अभिलेखका सम्बद्ध भागका प्रतिलिपिहरूको सूची

उपोद्घात

क्षीरौदनमांसौदनाभ्यां ह वा एष देवाँस्तर्पयति । य एवं विद्वान् वाकोवाक्यमितिहासपुराणमित्यहरहः स्वाध्यायमधीते त एनं तृप्तास्तर्पयन्ति सर्वैः कामैः सर्वैर्भोगैः ।

(शतपथब्राह्मण ११।५।७।९)

[जो मानिस दिनदिनै वाकोवाक्य (प्रश्नोत्तररूपको ग्रन्थ), इतिहास तथा पुराण पढ्दछ, त्यसले दूधभातले र मासुभातले देवतालाई तृप्त गराउँछ । तृप्त भएका देवताहरूले त्यसलाई (पढ्नेलाई) सबै इच्छा, सबै भोग पुऱ्याइदिएर तृप्त पारिदिन्छन् ।]

(ऐतिहासिक पत्रसंग्रह पहिलो भागका ७–८ पृष्ठबाट)

मनुष्य जुन परिस्थितिमा जन्मन्छ, बढ्छ तथा जस्ताको संगत पाउँछ प्रायः त्यस्तै भएर निस्कन्छ । जस्तो स्थितिमा म जन्में बढें तथा देखें सुनें त्यस्तै मेरो बुद्धि भयो । जस्तो मेरो बुद्धि भयो त्यसैअनुसारको यो 'लिच्छविसंवत्को निर्णय' नामक ग्रन्थ बन्यो । एकलै बसेर पनि कविता, कथा र गणित आदि विषयमा लेख लेख्न सकिन्छ, जप तप गर्न सकिन्छ । तर बाह्य पदार्थको परीक्षा गरेर त्यसलाई उपपत्तिमा कसेर ग्रन्थ लेख्न सकिंदैन । यो लिच्छविसंवत्को निर्णयनामक ग्रन्थ बाहिरका धेरै सामानहरूका अन्वेषण, मनन गरी लेखिएको ग्रन्थ हो । मभन्दा अघिका मानिसहरूले पनि यस विषयमा काम गरिसकेका थिए । मसँगसँगै पनि यस विषयमा अरुहरूले पनि काम गरेका छन् । यति नभएको भए म यो ग्रन्थ लेख्न सक्तैनथें । यस कारण यस विषयमा कसरी मेरो प्रवेश भयो, कता कताबाट सहायता पाएँ इत्यादि कुरालाई मैले खुलाएर देखाउन सकिनँ भने यस ग्रन्थको आधारशिला स्पष्ट हुंदैन । यस कारण त्यस विषयमा अब लेख्न थाल्दछु ।

नेपालको इतिहासमा मेरो प्रवेश

मेरो जन्म वि. सं. १९७० श्रावण २६ गते आइतवार श्रावणशुक्ल नवमीमा काठमाडौं महाबौद्धमा भएको हो । मेरा पिताजी पं. कृष्णदत्त पन्त रानीपोखरी संस्कृत पाठशालामा व्याकरण पढाउनुहुन्थ्यो । वि. सं. १९७१ माघ २७ गते

मङ्गलवार फाल्गुनकृष्ण एकादशीमा उहाँको स्वर्गवास भयो । त्यस बेला म ट्वाक्क डेढ वर्षको थिएँ । मेरा पिताजीको तसबीर छैन । त्यस कारण मेरा पिताजी अहिले साक्षात् मेरो अगाडि आउनुभयो भने पनि म उहाँलाई चिन्दिनँ, सपनामा पनि मैले कहिल्यै पिताजीलाई देखेको छैन । उहाँको विषयका कुरा मैले अरूकै मुखबाट मात्र केही सुनेको छु । उहाँलाई 'श्रीमद्भागवत' राम्रोसँग आउँथ्यो रे[1]

---

१. मेरा पिताजीको स्वर्गवास भएपछि मेरी आमा चिनीमैयाँ (यज्ञप्रिया) निराश्रय भई माइतमा बस्न लाग्नुभयो । मेरा मातामह पं. भुवननाथ पाँडे रानी-पोखरी संस्कृत पाठशालामा ज्यौतिष पढाउनुहुन्थ्यो । उहाँको जन्म वि. सं. १९२० मा भएको हो । वि. सं. १९६० मा ४० वर्षको उमेरमा उहाँलाई पत्नीवियोग पऱ्यो । त्यसपछि उहाँले अर्को विवाह गर्नुभएन । म पाँच वर्ष भएपछि उहाँकै कोठामा बस्न र सुत्न लागेँ । उहाँ पाठशालामा पढाउन जाँदा मलाई हात समाती डोऱ्याएर पाठशालामा लानुहुन्थ्यो । उहाँ बिहान सबेरै ३ बजेतिर उठी नुहाई श्रीमद्भागवतको गजेन्द्रमोक्ष र अरू स्तोत्रहरू कण्ठस्थ पाठ गरी श्रीमद्भागवतका केही अध्याय पाठ गर्नुहुन्थ्यो । यो उहाँको नित्य नियम थियो । धेरै पछि एकदिन उहाँले मसँग भन्नुभयो– भागवत मलाई आउँछ अर्थचाहिँ त्यस्तै हो, अर्थ त तेरा बाबुलाई राम्रोसँग आउँथ्यो ।

वि. सं. १९८६ को वर्षामा श्रीगुरु पं. देवीदत्त पराजुलीसँग हामीहरू रघुवंशको चतुर्थ सर्ग पढ्दै थियौं । त्यहाँ– *स ययौ प्रथमं प्राचीं तुल्यः प्राचीनबर्हिषा* ।४।२८ यो श्लोकको अर्थ गर्दा प्राचीनबर्हि भनेका इन्द्र हुन्, प्राचीनबर्हि भन्ने एक जना राजा पनि थिए, यो कुरो भागवतमा छ भनी देवीदत्त गुरुले भन्नुभयो । त्यति भनी मेरो मुखपट्टि हेरेर यिनका बाबुलाई भागवत आउँथ्यो भनी उहाँले भन्नुभयो ।

वि. सं. १९८६ मार्गमा श्री ३ चन्द्रको स्वर्गवास भयो, श्री ३ भीमको उदय भयो । श्री ३ भीमले जनकराजलाई मूल पुरोहित पद दिए । श्री ३ भीमको उदय भएको केही कालपछि श्री ५ त्रिभुवनका मुमा श्री ५ माहिला बडामहारानी लक्ष्मीदिव्येश्वरीदेवीबाट एउटा महादान भयो । सो दानको नाम अहिले मैले बिर्से । नारायणहिटी नारायणस्थानमा मण्डप बनेको थियो । श्री ३ भीमका दरबारिया पण्डित (पछि कविशिरोमणि) लेखनाथ पौडयाल श्री ३ भीमको हुकूमअनुसार त्यस दानका आचार्य भएका थिए । मूल पुरोहित जनकराजबाट त्यस मण्डपमा मलाई पनि एउटा दानको टिकट मिलेको थियो । मैले दुइ तीन

इत्यादि कुरा मैले आफ्ना पिताजीको विषयमा सुनेको छु । पिताजीले पढ्नु-भएका तथा संग्रह गर्नुभएका केही पुस्तक पनि मसँग छन् । उहाँले लेख्नुभएका अलिकता पत्र पनि मसँग छन् । यसभन्दा बढ्ता ज्ञान आफ्ना बाबुबाट मैले केही पाएको छैन ।

मेरा मातामह पं. भुवननाथ पाँडे माहिला गुरुज्यू हेमराजको आश्रयमा हुनुहुन्थ्यो । मेरो सात आठ वर्षको उमेरमा, पुरानो शिलापत्रमा पौषमा अधिमास परेको कुरा पाइयो, त्यो कहिले परेको होला भनी गणना गरी मेरा मातामह खोज्न लाग्नुभयो । त्यस बेला सिल्भाँ लेभीको नेपालमा आगमन भएको रहेछ । सिल्भाँ लेभीसँग कुरा गर्न भनी हेमराजलाई सो अधिमास खोज्नुपरेको रहेछ ।

नेपालका शासकहरूमा सर्वप्रथम पश्चिमी विचारधाराले बढ्ता प्रभावित भएका श्री ३ चन्द्र थिए ।[२] जङ्गबहादुरका धेरै रानी थिए, त्यसको अंग्रेज-

---

तोला सुन पाएको थिएँ । आचार्यले त ५०–६० तोला जति सुन पाएका थिए भन्ने कुरा सुनियो । त्यही मण्डपमा लेखनाथजीको पहिलोपल्ट दर्शन पाएँ । मेरो परिचय कविजीले सोधे । मैले आफ्नो परिचय दिएँ । नाक त ट्वाक्क बाबुसँग मिल्दो रहेछ, बालाई भागवत खूब आउँथ्यो भनी कविजीले भने । त्यहाँ बसेका अरूहरूले पनि मेरा बाको भागवतज्ञानको प्रशंसा गरे ।

वि. सं. १९८८ पौषमा मध्यमा परीक्षा दिन भनी म काशी जान लागेको थिएँ । मार्खुमा गोवर्धन (प्रसिद्ध विद्वान्, विलासी तथा जुवाडी दिव्यदेव पन्तका छोरा) सँग भेट भयो । कहाँ जान लाग्यौ भनी उनले सोद्धा काशी जान लागें भनी मैले भनें । किन काशी जान लाग्यौ भन्दा मध्यमा परीक्षा दिन भनी मैले भनें । पछि टुँडिखेलमा भेट हुँदा गोवर्धनले तिमीले त मुक्तावली पढ्यौ होला भनी भने । मैले मुक्तावली पढेको छैन भनी जवाफ दिएँ । मुक्तावली नपढेको भए कसरी मध्यमा परीक्षा दियौ त भन्दा व्याकरणमध्यमा परीक्षामा मुक्तावली छ, मैले ज्यौतिषमध्यमा दिएको हुँ भनी जबाफ दिएँ । उसो भए तिमीले मुहूर्तचिन्तामणिमातनोति भनी पढ्यौ होइन, तिम्रा बाबु भागवतका श्लोकका चार, पाँच, छसम्म अर्थ गरेर छोड्थे, त्यस्ताका छोरा भएर तिमी यस्तो काम गरेर हिंड्छौ धिक्कार छ तिमीलाई भनी गोवर्धनले भने । यस्तो कुरा सुन्दा मलाई रिस त उठ्यो तर मैले केही बोलिनँ ।

२. चन्द्रशमशेरको जन्म वि. सं. १९२० मा भएको हो । उनले वि. सं. १९४० मा कलकत्ता विश्वविद्यालयबाट म्याट्रिक्युलेशन (प्रवेशिका) पास गरेका थिए ।

हरूले उपहास जस्तै गरेका छन् ।[३] श्री ३ चन्द्रले यो कुरो बुझेका थिए । यस कारण एकपत्नीव्रतको प्रशंसा उनी गर्दथे । उनका प्रशंसकहरू श्री ३ चन्द्रलाई एकपत्नीव्रतमा रामचन्द्र जस्तै भनी लेख्दथे ।[४] जेठी रानीको स्वर्गवास भएपछि चन्द्रशमशेरले दोस्रो विवाह गरे । श्री ३ चन्द्रकी एउटी रानीसाहेब पनि देखिइन् । जे भए तापनि अरू राणा शासकको अपेक्षा चन्द्रशमशेरले आफ्ना थोरै रानीलाई मात्र देखाए । अंग्रेजी सभ्यतालाई बुझ्ने पूर्व देशका शासकहरूमा श्री ३ चन्द्र अग्रगण्य थिए भनी उनको स्वर्गवास भएपछि अंग्रेजी अखबारले लेखेको थियो ।[५] श्री ३ चन्द्रलाई लेभीले आफ्नो पुस्तकको अग्रभागमा नै कृतज्ञतापूर्वक सम्मानित गरेका छन् ।[६] अरु भारतीय विद्वान्हरूले पनि चन्द्रशमशेरलाई विद्याप्रेमी

उनी शुद्ध अंग्रेजी बोल्थे, अंग्रेजका चालचलन रीतिस्थिति राम्रोसँग बुझ्दथे ।

(वि. सं. १९८६ मार्ग १७ गतेको गोरखापत्रबाट यो सार झिकिएको हो)

[मदनपुरस्कार पुस्तकालयका प्रबन्धक श्रीकमल दीक्षितको सौजन्यबाट वि. सं. २०४१।२।२१ तथा २२ मा सो पुस्तकालयमा रहेको गोरखापत्रबाट केही भाग देवीप्रसाद भण्डारीले सारेर ल्याएका हुन् । केशवचन्द्र न्यौपानेबाट पनि अलिकता काम भएको छ ।]

३. राइटको नेपालको इतिहासका ७३–७४ पृष्ठ, पूर्णिमा १२ अङ्कको ७९ पृष्ठ ।

४. चन्द्रसंसेरजंगे । . . . ।।३४।।

रामं ह्रीणं रचयतितरामेकपत्नीव्रतैर्यः । . . . ।।३७।।

(आचार्यवंशावली ६९–७० पृष्ठ)

[चन्द्रशमशेर जङ्ग एकपत्नीव्रतले रामचन्द्रलाई पनि लज्जित पार्नुहुन्छ ।]

५. वि. सं. १९८६ मार्ग १७ गतेको गोरखापत्र ।

६. धीरो धीरसंभवो यः प्रथमं वीरतां गतः ।

ततः समुन्नतिक्रमाद् देवत्वं प्राप्य संबभौ ।।

मलिनत्वं परिहाय यत्कीर्त्या चन्द्ररूपया ।

दिवि प्रतिबिम्बमात्रो न्यक्क्रियते निशापतिः ।।

स जयति

शमशेरजङ्गवंशः

भनी प्रशंसा गरेका छन् ।[७] यताबाट श्री ३ चन्द्र बाहिर जसरी आपनो सुयश फैलिन्छ तथा आपनो प्रशंसा विदेशीहरुले गरिदिन्छन्, त्यस्तो काम गर्न चाहन्थे

यस्य प्रसादेन च सौहार्देन च

नेपालवर्णनमेतत्

समुदपादि

कृतज्ञ उपहारं प्रयच्छति

ग्रन्थकारोऽतिथिः

(ले नेपाल, पहिलो भागको समर्पण)

[प्रभावशाली शमशेर जङ्गवंशमा धीरशमशेर जङ्गका छोरा श्री ३ वीरशमशेर जङ्गको पहिले उदय भयो । अनि श्री ३ देवशमशेर जङ्गको उदय भयो । अहिले श्री ३ चन्द्रशमशेर जङ्गको कीर्तिले सबैतिर छाइरहेछ । सोही शमशेर जङ्गवंशको निगाह र मित्रतापूर्ण व्यवहारले यो नेपालवर्णन (ले नेपाल) तयार हुन सक्यो । यस कारण कृतज्ञ भएको अतिथि (पाहुना) ग्रन्थकार यो उपहार चढाउँछ ।]

७. उत्सर्गपत्रम्

स्वस्ति । श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि–विविध–विरुदावलि–विराजित–मानोन्नत–श्रीश्रीश्रीमहाराज मेजर जनरल सर चन्द्रशम्सेर जङ्ग बाहादुर राणा जि, सि, बि, जि, सि,एस्, आइ एण्ड डि, सि, एल अनररि कर्णेल फोर्थ गोर्खाज् थोङ लिन् पिम्मा कोकाङ वाङ स्यान प्राइम मिनिष्टार एण्ड मार्शेल, नेपाल करकमलेषु ।

यदश्वघोषः प्रवरः कवीनां
चकार काव्यं रसभावपूर्णम् ।
शमाश्रयं लोकहितं गभीरं
बभूव तत् कालवशाद्विलुप्तम् ।।

भन्ने देखिन्छ । यस कारण लेभीलाई आपनो देशको विद्यासंपत्तिले प्रभाव पार्ने श्री ३ चन्द्रको आशय भएको र श्री ३ चन्द्रका आश्रित हेमराजले यो कुरो बुझेकाले लेभीलाई आपनो विद्याले प्रभाव पार्न ८ नेपालका अभिलेखमा देखिएको पौषको अधिमासको विषयमा खोजी गर्न हेमराज लागेका हुन् भन्ने स्पष्ट छ ।

तवाक्षयाद् भारतरत्नकोषा–
दुद्धृत्य यन्मुद्रितमेतदद्य ।
गुणानुसन्धाननिविष्टबुद्धे
गुणज्ञतायास्तव सोऽनुभावः ।।
यथाश्वघोषस्य गुरोः प्रसादात्
सुविस्तृतं राज्यमभूत् कणर्कः ।
तत्काव्यमुज्जीवयतस्तथा ते
राज्यं समृद्धञ्च सुभिक्षमस्तु ।।

(हरप्रसाद शास्त्रीले संपादन गरेको सौन्दरनन्दको समर्पणवाक्य)

[समर्पणपत्र

स्वस्ति । श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि – विविध - विरुदावलि – विराजित– मानोन्नत– श्रीश्रीश्रीमहाराज मेजर जनरल सर चन्द्रशम्सेर जङ्ग बाहादुर राणा, जि, सि, बि, जि, सि, एस, आइ एण्ड डि, सि, एल अनररि कर्णेल फोर्थ गोर्खाज् खोङ लिन् पिम्मा कोकाङ वाङ स्यान प्राइम मिनिष्टार एण्ड मार्शेल, नेपालका करकमलमा ।

शान्तरस प्रधान भएको, नानारस तथा भाव भएको गम्भीर तथा लोकहित- कारी जुन सौन्दरनन्द काव्य महाकवि अश्वघोषले बनाएका थिए, सो काव्य कालको प्रभावले लोप भएको थियो। भारतीय रत्नहरूको भण्डार भएको सुरक्षित हजुरको पुस्तकालयमा सो काव्य पाइयो र आज प्रकाशित पनि भयो । गुणको कदर गर्ने बुद्धि भएका हजुरको गुणज्ञताको फल यो हो । गुरु अश्वघोषको आशीर्वादले कनिष्कको राज्य जसरी समृद्ध भएथ्यो, अश्वघोषको काव्यलाई पुन- र्जीवन दिने हजुरको राज्य पनि त्यसै गरी समृद्ध होस् ।]

८. लेभीले हेमराजलाई पनि सम्माननीय विद्वान्‌को रूपमा आदर गरी आपनो पुस्तक समर्पण गरेका छन्—

मेरा मातामहले पौषको अधिमासको खोजी आफ्नो जिज्ञासाको वश परी गर्नुभएको होइन, हेमराजको आज्ञाले नै गर्नुभएको हो। जे भए तापनि मेरो बालहृदयमा अधिमासको यस खोजीले नेपालको इतिहासको विषयमा रुचि पैदा गरिदियो। मेरा पिताजीको स्वर्गवास भई म मातामहको आश्रयमा रहेकोले र मेरा मातामहले आफ्नी पत्नीको स्वर्गवास भएपछि अर्को विवाह नगर्नुभएकोले नै यो घटना हुन आएको हो भन्ने कुरामा केही शङ्का छैन। यस कारण यो ग्रन्थ लेखनामा पहिलो कारण मेरा मातामह पं. भुवननाथ पाँडे नै हुनुहुन्छ।

हे मां रक्ष शर्म भवितुमस्माकमर्हसीति पुनः पुनर्विद्यार्थिभि-रभियाचितत्वाद् यो हेमराजशर्मनामधेयं लेभे तस्मै राजगुरु-पदालंकृताय विद्वद्वराय मित्रश्रेष्ठाय तत्प्रसादार्जितं प्रकरण-द्वयम् अप्रकाशितपूर्वं उपहारीक्रियते

(यहाँ समर्पणवाक्यमा लेभीले हेमराजशर्मा शब्दको एक किसिमले अर्थ गरेका छन्। सो अर्थ काव्यरूपको हो। यहाँ नेपालीमा साररूप अर्थ दिइन्छ।)

[हामीलाई रक्षा गर्नुहोस् भनी विद्यार्थीहरू बारंबार जससँग प्रार्थना गर्छन्, उहाँ ठूला विद्वान् मेरा ठूला मित्र राजगुरु हेमराज शर्मामा उहाँकै अनुग्रह-बाट मैले पाएका अप्रकाशित यी दुइ ग्रन्थ चढाउँछु।]

ठूला विद्वान् राजगुरु हेमराज शर्माको मातहतमा सरकारी पुस्तकालय रहेको छ। उहाँले . . . काशीको पाठशालामा पढ्नुभएको हो। व्याकरणका सबै परिष्कार र सूक्ष्मतासँग परिचित उहाँको . . . संस्कृत भाषामा विस्तृत अधिकार छ। उहाँले पण्डितहरूसँग हुने विद्वत्तामा वास्तव कुरा विचार गर्ने शक्ति र प्रशासनकुशलता थप्नुभएको छ। ती ओजस्वी पुरुषको चित्रण म अन्यत्र गर्नेछु। यी दुइ ग्रन्थ पत्ता लाउने काममा म उहाँको ऋणी छु।

(प्रसिद्ध बौद्ध दार्शनिक आचार्य वसुबन्धुका विंशिका-त्रिंशिकालाई सिल्भाँ लेभीले सम्पादन गरी वि. सं. १९८२ मा पेरिसबाट प्रकाशित गरेका छन्। त्यसको भूमिका फ्रेञ्च भाषामा छ। गुरुज्यू हेमराजको पुस्तकालयमा फ्रेञ्चको अप्रकाशित अङ्ग्रेजी अनुवाद थियो। अहिलेभन्दा २६, २७ वर्षअगाडि गुरुज्यूको पुस्तकालयमा रहेको सिल्भाँ लेभीको सो पुस्तक मैले हेरेको थिएँ। त्यहाँको समर्पणवाक्य र अङ्ग्रेजी अनुवादको केही भाग मैले सारी लिएको थिएँ।)

(पूर्णिमा २८ अङ्कका २२८-२२९ पृष्ठबाट)

उपोद्घात

मेरा मातामह प्रायः पुराना कागत-पत्र हेर्नुहुन्थ्यो । उहाँका प्रपितामह दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि. सं. १८१५–१८८८) जैसीकोठा (परराष्ट्र विभाग) को तालुकवाला हुंदा काम गरेका केही कागत-पत्र मेरा मातामहसँग थिए । ती कागत-पत्रबाट आउने इतिहास उहाँ हामीलाई बराबर सुनाइरहनुहुन्थ्यो । यताबाट गोरखाली राजवंशको केही इतिहास सात, आठ वर्षमै मलाई आयो ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका जेठा छोरा श्री ५ महाराजाधिराज प्रतापसिंह शाहको शुद्ध नाम सिंहप्रताप वा प्रतापसिंह के हो भन्ने कुरामा मेरा मातामहलाई सन्देह उठेछ र त्यसको खोजी गर्न उहाँ लाग्नुभएछ । खरिदार बाबुराम आचार्यसँग पनि उहाँको यस विषयमा कुरा भएछ । खरिदार बाजेले प्रतापसिंह तथा सिंहप्रताप दुवै नामका टक पाइन्छन् र दुवै नाम शुद्ध हुन् भनी भन्नुभएछ । मातामह त्यसपछि गोरखाली राजाहरूका प्रत्येक वर्षका टकहरूको संग्रह गर्न लाग्नुभयो । प्रतापसिंह राजा भएदेखि नमरेसम्मका प्रत्येक बर्षका टकहरू यसै प्रसङ्गमा जम्मा भए, तथा उनका लालमोहरहरू पनि सक्कल नक्कल पाइएजति संगृहीत भए । प्रतापसिंहले बनाएको भनी प्रख्यात भएको 'पुरश्चर्यार्णव' त उहाँ बराबर हेरिरहनुहुन्थ्यो । वसन्तपुर दरबारको अभिलेखमा पनि उहाँको आँखा परेछ । यताबाट शुद्ध नाम प्रतापसिंह नै हो, सिंहप्रताप अशुद्ध हो भनी उहाँले निर्णय गर्नुभयो । गुरुज्यू हेमराजकहाँ पनि उहाँले यो कुरो भन्नुभएछ । गुरुज्यू बाजेले बाबुराम नबुझीकन बोल्ने मान्छे होइनन् भनी भन्दा मेरा मातामहले सिंहप्रतापको टक कसैले देखाउन सक्यो भने म दश रुपियाँ राखी त्यस टकको दर्शन गर्छु भन्नुभएछ । इत्यादि कारणले गर्दा नेपालको इतिहासमा मेरो बालककालदेखि नै रुचि र केही ज्ञान पनि भयो । नपढीकन कथा सुनेजस्तै गरी मैले यस विषयको ज्ञान पाएँ ।

अन्वेषणविषयमा मेरो अभिरुचि

काशीमा श्रीगुरु पद्माकर द्विवेदीसँग मैले ज्योतिषविद्या पढें । उहाँलाई अन्वेषणमा रुचि रहेछ । अन्वेषण नगर्ने हो भने अब सिद्धान्तज्यौतिष पढेर विशेष काम छैन भन्ने भावका कुरा उहाँ बराबर गरिरहनुहुन्थ्यो ।

मैले सिद्धान्तज्यौतिष पढेको हुनाले त्यतंतिर अन्वेषण गर्ने मेरो इच्छा भयो । तर त्यस विषयमा काम गर्न मेरो लेखा असंभवप्राय भयो ।[९] गणितविषयका

---

९. इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातका २–१० पृष्ठ ।

निबन्ध लेखेर लगातार छपाउन पनि म असमर्थ भएँ। अहिले धेरै कालपछि 'प्राचीन र नवीन गणितको तुलना' नामक पुस्तक वि. सं. २०३९ मा ने. रा. प्र. प्र. बाट प्रकाश गर्न म समर्थ भएँ। तर त्यस प्रकाशनले के कस्तो काम गर्‍यो, त्यो केही थाहा भएको छैन।

गणिततिर अन्वेषणको काम चलाउन सर्वथा असमर्थ भएपछि इतिहासको अन्वेषणतिर म लागें। घरमा नेवारी लिपिमा लेखिएको महाभारतको विराटपर्व थियो, सो पढी म नेवारी लिपि पढ्न सक्ने भएँ, देवमन्दिरहरूका शिलालेखहरू खोजी खोजी पढ्न म लागें। काठमाडौं शहरका धेरैजसा भागका, पाटन र कीर्तिपुर शहरका त्यसभन्दा कम भागका र भादगाउँ शहरका ज्यादै थोरै भागका शिलापत्र पढ्न म समर्थ भएँ। मेरो यस काममा रामजीबाट पनि केही सहायता हुन्थ्यो। यताबाट राइटहरूले प्रकाश गराएका नेपालका इतिहासहरूमा थुप्रै अशुद्धि देख्न म लागें। तर तिनलाई प्रकाश गराउन भने सकिनँ।[१०]

लिच्छविकालका अभिलेखका अक्षर भने मेरा लेखा दुर्बोध भए। वटु मूबहालनिर बस्ने वैद्य जीवमङ्गल वज्राचार्यको औषधि म खान्थें। नेवारी लिपि पढ्न उनले मलाई केही सहायता पनि गरेका थिए। 'पुराना अक्षर पनि मलाई देखाइदिनुहोस् न' भनी मैले उनीसँग भनें। उनले मलाई टेबहालमा लगे। त्यहाँ सङ्कटाको मन्दिरमुन्तिर एकजना गुभाजू बस्दथे। तो चिना पनि हेर्थे। उनको नाम अहिले मलाई आउँदैन। उनी बस्ने दलानमा प्राचीन लिपिका तसवीर टाँगेर राखिएका थिए। मलाई सार्न दिनुहोस् न भनी मैले भनें, तर उनले दिन्नँ भने। जीवमङ्गलसँग म फर्कें, सार्न दिएनन् भनी उनीसँग मैले भनें। मुखले दिन्नँ भनेका हुन् तर कामले दिन्छन्, म ल्याइदिन्छु भनी जीवमङ्गलले भने तथा केही दिनपछि नेपालमा चलेका थरीथरीका प्राचीन लिपिका वर्णमाला मलाई ल्याइदिए। उनले ल्याइदिएका वर्णमालामा गुप्ताक्षरी वर्णमाला पनि थियो। तर गुप्ताक्षर कहलाएका ती अक्षर लिच्छविकालका अभिलेखका अक्षरभन्दा केही भिन्न थिए। ती अक्षरको सहायताबाट नेपालका लिच्छविकालिक अभिलेख पढ्न मैले सकिनँ। ल्याएको सो प्रतिलिपि मैले बाबुरामजीलाई पनि देखाएँ। बाबुरामजीले 'गुभाजूसँग अझसम्म पनि केही विद्या बाँकी नै छ' भनी भन्नुभयो। भगवानलालको पुस्तक त बाबुरामजीसँग थिएन, भगवानलालले छपाएका

---

१०. इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्घातका २२-२३ पृष्ठ।

५

उपोद्घात

लिच्छविकालका जम्मै अभिलेख सारेको पुस्तक भने थियो । त्यो पुस्तक बाबुरामजी-बाट मैले पाएँ र ती जम्मै अभिलेख सारें ।

हाम्रो चोकमा खगेन्द्रवल्लभ पन्त नाम भएका पण्डित थिए । आफ्ना बाजे पण्डित डमरुवल्लभ पन्तको गुणगान उनी गाइरहन्थे । लिच्छवि-कालको अभिलेख मैले पढ्न लागेको थाहा पाएपछि उनले मलाई एउटा पुस्तक हेर्न दिए । सो पुस्तक बेण्डालको "नेपाल र उत्तरी भारतको यात्रा" थियो । सो पुस्तकको १७ पृष्ठमा "मलाई सहायता गर्न त्यस पुस्तकालयमा केही पण्डित जम्मा भएका थिए, आफ्नो देशभन्दा बाहिर पनि नाउँ चलेका तथा अहिले संस्कृतपाठशालाका पण्डित डमरुवल्लभ पन्त पनि तीमध्ये थिए" भनी लेखिएको छ। सो पुस्तक बेण्डालले आफ्नै हातले समर्पणवाक्य लेखी डमरुवल्लभलाई समर्पण गरेका रहेछन् । हाम्रा बाजेलाई अंग्रेजले पनि मान गरेको छ भनी उनले सो पुस्तक पल्टाई मलाई देखाए र हेर्न दिए । त्यस पुस्तकबाट मलाई ठूलो लाभ भयो । किनभने त्यस पुस्तकमा बेण्डालले लिच्छविकालका अभिलेखका तसवीर र तिनका पाठ देवनागरी लिपिमा दिएका छन् । त्यताबाट लिच्छविकालका अक्षर अभ्यास गर्न राम्रो सुबिस्ता भयो ।

लिच्छविकालका केही अभिलेखका प्रतिलिपि वीरपुस्तकालयमा छन् । त्रि-चन्द्रकलेजका प्रिन्सिपल रुद्रराज पाँडेले ती अभिलेखका प्रतिलिपि ल्याई मलाई सार्न दिनुभयो । यताबाट पनि मैले आफ्नो अध्ययन बढाउँदै लगें ।

लिच्छविकालका अभिलेखहरू फलाना फलाना ठाउँमा छन् भन्ने सूचना बाबुरामजीबाट मैले पाएँ र ती अभिलेख रहेका ठाउँमा गई तिनका प्रतिलिपि लिन र त्यहीं बसेर ती अभिलेख पढ्ने काममा पनि म लागें । नक्साल भगवती-स्थानको टुटेधाराको नरेन्द्रदेवको पालाको अभिलेख मैले अलिअलि गरेर निकै दिन लगाई पढें । सो अभिलेख बाबुरामजीको र मेरो नामबाट संस्कृत-सन्देश २। १-२-३ अङ्कमा प्रकाशित पनि भएको छ । पाटन भन्सारचोकको नरेन्द्रदेवको अभिलेखको प्रतिलिपि म र श्रीनाथ पाँडे भई लियौं । सो प्रतिलिपिबाट त्यस अभिलेखको पाठ मैले पढें । सो अभिलेख पनि बाबुरामको र मेरो नामबाट संस्कृत-सन्देश २। १-२-३ मा छापिएको छ । तर ती अभिलेख पछि नोलीको नाउँमा दर्ता हुन पुगे । यसै गरी हामी नेपालीहरूले पढी प्रकाश गरेका निकै अभिलेख नोलीका नाउँमा दर्ता हुन पुगेका छन् । यसले मेरो मनमा सधैं पीर भइरहन्छ ।

आफू एक्लैले शिलापत्र खोज्नु, पढ्नु, तिनलाई प्रकाश गराउनु असम्भवप्राय छ भन्ने मेरो मनमा लागेकोले मैले आफ्नो संगतमा आएका अरू मानिसलाई पनि

यस काममा प्रवृत्त गराउने उद्योग गरें। त्यही उद्योगबाट इतिहास-संशोधनहरू निस्केका हुन्।

यस्तो अन्वेषण गर्नाका लागि शिक्षा पनि तदनुकूल चाहिन्छ भन्ने मेरो विचार भयो। सो विचार अहिले पनि छँदैछ। सोही विचारअनुसार केही विद्यार्थीलाई संस्कृतभाषा, गणित तथा इतिहासको शिक्षा दिन म लागें। कविराज हरिप्रसाद खकुरेलका छोरा डुम्बरप्रसाद पनि मकहाँ पढ्न आए। एक डेढ बर्ष पढी छोडेर उनी गए। उनका साथी पेशलराज पोखरेल, केशवमणि आ. दी., महेन्द्रनाथ अधिकारी, सुरेन्द्रनाथ अधिकारी यी चार जनाचाहिं मसँग पढ्दै थिए। मैले यिनीहरूलाई संस्कृतभाषामा श्लोकको रचना गर्ने शिक्षा पनि दिएको थिएँ। वि. सं. २००६ को हिउँदमा मृगस्थली ब्रह्मचर्याश्रममा भएको सभामा ती चार जनाले आफूले बनाएका संस्कृत कविता पढेर सुनाए। त्यस बेला उनीहरू कच्चै उमेरका थिए। सभामा शुद्ध संस्कृतमा तिनीहरूले आफ्नो कविता पाठ गरेकाले सो पढाइको यश फैलिएछ र अघि पढ्न छोडेर गएका डुम्बरप्रसाद त्यहीं ब्रह्मचर्याश्रममा पढ्ने हुनाले सो ब्रह्मचर्याश्रममा त्यही पढाइ चलाउने कविराज हरिप्रसादहरूको विचार भएछ। भोलानाथ पौडेल र ज्ञानमणि नेपाल मृगस्थली ब्रह्मचर्याश्रममा वि. सं. २००६ को अन्त्यदेखि अध्यापक भई त्यहीं बस्न लागे। उनीहरू दिनको केही समय मसँग आई पढ्थे, अरू समय ब्रह्मचर्याश्रममा बस्थे। भोलानाथको घर लुभुमा भएकोले उनी घरमा पनि जान्थे। पढाइ चल्दै गएको थियो।

२००७ सालको परिवर्तन आयो। मन्त्रिपदमा साधारण कुलका मानिस पनि पुगे। राजनीति आकर्षक विषय बन्न गयो। ब्रह्मचर्याश्रमका प्रधान पुरुष जस्ता योगी नरहरिनाथको मनमा पनि राजनीति पसेछ। विद्यार्थीहरूले सभामा जाने कुरा आयो। राजनीतिमा लाग्नु खराब होइन, तर यसले विद्याभ्यासलाई कम गराइदिन्छ, यस कारण पढ्ने, पढाउने मानिसले राजनीतिमा लाग्नु हुँदैन भन्ने मेरो पक्का धारणा छ। यस कारण राजनीति र विद्या छ्यासमिस गर्ने मानिसहरूको कटु आलोचनाको पात्र मैले बन्नुपरेको छ।[११] राजनीतिमा लाग्ने कामबाट विमुख भई भोलानाथ र ज्ञानमणिले वि. सं. २००८ को अन्त्यतिर मृगस्थली ब्रह्मचर्याश्रम छोडे। भोलानाथ आफ्नो घर लुभुमै सानो पाठशाला खोली पढाउन लागे। ज्ञानमणिचाहिं हामीले मासंगल्लीको वैद्य दिव्यवज्र वज्राचार्यको

---

११. पूर्णिमा २८ अङ्कका २५२-२५९ पृष्ठ।

घरमा चलाएको सानो पाठशालामा पढाउन आए। आफ्नो घरबाट बाबुले पठाएको खर्चको भर र सो पाठशालामा पढ्ने विद्यार्थीका घरले दिएको आर्थिक सहायताबाट ज्ञानमणि निर्वाह गर्न लागे।

लुभुको पाठशालामा १५।२० जना विद्यार्थी जम्मा भएका थिए। त्यहाँ पनि मासंगल्लीको पाठशालाको जस्तै पढाइ चलेको थियो। त्यहाँका विद्यार्थीहरूलाई केही शिक्षा दिन म पनि प्रत्येक अष्टमी र परेवामा त्यहाँ जान लागें। म गएर पढाइ हुने त होइन, विद्यार्थीले पढेको कुराको परीक्षा जस्तो हुन्थ्यो। घरबाट ३ कोस जति हिंडेर गई घरै फर्कनुपर्ने भएकोले ती जम्मै विद्यार्थीको परीक्षा एकलैले गर्न मलाई गाह्रो भयो। धनवज्रलाई साथ लिई गएँ, एकपल्ट त उनी गए, अर्कोपल्ट जान उनले मन गरेनन। ज्ञानमणिलाई साथ लिई गएँ, दुइ तीन पटकपछि उनले पनि जान मञ्जूर गरेनन्। मलाई त त्यहाँ जाने प्रबल इच्छा थियो, सहायक पनि चाहियो। शङ्करमानलाई साथ लिई गएँ। बिहान सबेरै शङ्करमान र म यहाँबाट हिड्थ्यौं, ९ बजेतिर लुभु पुग्थ्यौं। मलाई र शङ्करमानलाई भोलानाथ खान दिन्थे। २।३ बजेतिर हामी त्यहाँबाट फर्कन्थ्यौं। शङ्करमानलाई बाटोखर्च म दिन्थें। यसै गरी अढाई तीन वर्ष जति काम चल्यो।

केशवमणि आ. दी.+महेन्द्रनाथ अधिकारी+सुरेन्द्रनाथ अधिकारीहरूले वि. सं. २००९।६।५ मा पहिलो इतिहास-संशोधन निकाले। त्यसपछि भोलानाथ पौडेल+धनवज्र वज्राचार्य+ज्ञानमणि नेपालहरूले २०१० मार्गमा दोस्रो र पौषमा तेस्रो इतिहास-संशोधन निकाले। धनवज्र+ ज्ञानमणिले २०१० श्रीपञ्चमीमा चौथो इतिहास-संशोधन निकाले। भोलानाथले पनि आफ्ना चेलाहरूद्वारा इतिहास-संशोधन निकाल्ने इच्छा प्रकट गरे। उनका चेला लक्ष्मण सत्याल, अक्रूर कुइँकेल यी दुइ जनाले वि. सं. २०१०।१२।१७ देखि इतिहास-संशोधन निकाल्न लागे। ती दुइ जनाबाट ११ वटा इतिहास-संशोधन निस्के।

यहाँनिर मैले राम्रो बुद्धि पुऱ्याउन सकिनँ जस्तो मलाई लाग्छ। किनभने केही शिक्षा दिई आफैं उभिन सक्ने पारी तिनीहरूबाट सो काम चलाउनुपर्थ्यो। हुनत त्यस वेला मैले अलिकता विचार त गरेको हुँ। सो कुरा भनिहालौं। लक्ष्मण, अक्रूरहरूको पहिलो इतिहास-संशोधनमा नयनाथ पौडेल पनि सहयोगी भएका थिए। वि. सं. १९९० को भूकम्प माघेसंक्रान्तिका दिन गएको हो भनी कसैले भनेकोमा सो होइन, माघ २ गते गएको हो भनी त्यहाँ निर्णय गरिएको थियो। कुरा साधारण नै थियो। इतिहास-संशोधन छापिएर आइसकेको थियो। लक्ष्मण, अक्रूर पनि आएका थिए, यसमा कुरा के छ भनी मैले उनीहरूसँग सोधें। उनीहरूले फूर्तिसाथ भने। एक छिनपछि नयनाथ पनि आइपुगे। उनलाई पनि मैले सो

कुरा सोधें, उनले जवाफै दिएनन् । ज्ञानमणिलाई यिनीसँग सोध भनी भनें । ज्ञानमणिले पल्तिर लगी सोधे । एक छिनपछि आएर ज्ञानमणिले भने– यी नयनाथ त जवाफै दिंदैनन् । यसो भए यिनको नाम इतिहास–संशोधनमा राख्नु हुँदैन, काट्नुपर्छ भनी मैले काट्न लगाएँ । यति होश त मैले गरेको हुँ, तर पनि परिणाम राम्रो भएन ।

धनवज्रका चेला घनश्याम सुवेदी + ऐश्वर्यधर शर्मा + गौतमवज्र वज्राचार्य + कुमारधर शर्मा तथा ज्ञानमणिका चेला श्यामराज पोखरेल + मोहननाथ पाँडे + बाबुराम नेपाल पनि इतिहास–संशोधक भई निस्के । यसको केही पछि केशवमणिका चेला महेश्वरराज सुवेदी र महेशराज पन्त पनि इतिहास–संशोधक भई निस्के ।[१२] वि. सं. २०१२ वैशाखदेखि महेशराज पन्त र नयनाथ पौडेल मिली इतिहास–संशोधनपत्र निकाल्न लागे । इतिहास–संशोधनको प्रभाव फैलिन लाग्यो । तर यो प्रभाव दूधको क्षणिक उम्लाइ जस्तो भएर पछि क्रमशः सेलाउँदै गयो । तीन वर्ष जतिपछि लुभुको पाठशाला पनि सेलायो ।

भोलानाथ, धनवज्र, ज्ञानमणि, केशवमणिका चेलाहरूले शुरूमा इतिहास–संशोधनको काम उत्साहपूर्वक गरे तापनि तिनीहरूमध्ये धेरैका पछिल्ला व्यवहारले गर्दा उनीहरू राम्ररी नबुझी यो काममा लागेका थिए भन्ने स्पष्ट देखिन्छ ।

ती इतिहास–संशोधनहरूबाट मेरो ज्ञानमा विशेष वृद्धि भएको पनि होइन ।[१३]

---

१२. केशवमणिले वि. सं. २०११ को वर्षामा यो पाठशाला छोडेका हुन् । वि. सं. २०११ को फाल्गुनमा महेश्वरराजहरूको इतिहास–संशोधन निस्केको हो । यस कारण इतिहास–संशोधन निकाल्दा यिनीहरू धनवज्रसँग पढ्थे । त्यस पाठशालामा सबैलाई शङ्करमान गणित पढाउँथे । देवीप्रसाद सबैलाई अक्षर राम्रो लेखन सिकाउँथे । महेशराज, दिनेशराज दुवैलाई देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्रले पढाएका हुन् । दिनेशराजलाई रामजी, मोहननाथ, गौतमवज्र तथा महेशराजले पनि पढाएका हुन् । महेशराजलाई देवराज पौडेलले पनि पढाएका हुन् ।

१३. लक्ष्मण सत्याल + अक्रूर कुइँकेलका नवौं र एघारौं इतिहास–संशोधनमा परेका भक्तपुरका राजा भूपतीन्द्र मल्ल वि. सं. १७६८ मा मकवानपुरका राजा माणिक सेनसँग मिली हात्तीखेदा गर्न तराईका जङ्गलमा पुगेका थिए भन्ने र भक्तपुरका राजा रणजित् मल्लले उनका इष्टदेवतालाई ठूलो घण्टा चढाएका थिए भन्ने कुरा त्यसअघि मलाई थाहा थिएन ।

लुभुसम्म मैले अढाई तीन वर्षसम्म धाएको कामको परोक्ष प्रभाव भोलानाथको पत्नी लीलादेवीमा परेछ र अनन्तलिङ्गेश्वरको अभिलेख पाइयो।[१४] त्यसको उपलब्धि मेरो लेखा सानो कुरो छैन। लेलेको प्रथम शिवदेव+अंशुवर्माको संवत् ५२६ को अभिलेख पनि लीलादेवीकै माइतीतिरको हो। यो अभिलेख खोज्नामा पनि उनको हात छ। प्रथम शिवदेव+अंशुवर्माको शासनकालको अन्तिम अभिलेख यही भइरहेछ।[१५] यताबाट पनि लिच्छविसंवत्‌को निर्णय गर्न केही आधार मिलेको छ।[१६] भोलानाथले लुभुमा पाठशाला खोल्नु र त्यस पाठशालामा मैले धाउनुको फल जम्माजम्मी यिनै दुइ अभिलेखको प्राप्ति भइरहेछ।

रानीपोखरी संस्कृतपाठशाला, संस्कृत महाविद्यालय र त्रिभुवन-विश्वविद्यालयमा पूरा ३५ वर्ष सिद्धान्तज्यौतिष पढाएर मैले पेट पालें भनेर मैले भनिसकेको छु।[१७] सिद्धान्तज्यौतिष भनेको आकाशका सूर्य, चन्द्र आदिका गति, आकारहरूका विषयमा विचार गर्ने शास्त्र हो। त्यसको लागि उपकरण र तदनुकूल शिक्षा पनि चाहिन्छ। खालि पुस्तक घोकेर र कागजमा चित्र बनाएर मात्र त्यस शास्त्रको अध्ययन पूरा हुँदैन। यस शास्त्रको विधिपूर्वक अध्ययन प्रारम्भ होस् भन्ने विषयमा मैले उद्योग पनि गरें।

"पञ्चाङ्गसुधारको विषयमा श्री ५ को सरकार शिक्षामन्त्रालयमा पञ्चाङ्गविवेचकसमितिले चढाएको प्रतिवेदनको सारांश

वि. सं. २०२० मार्ग २२ गते शिक्षामन्त्रालयमा श्रीशिक्षासचिवज्यूको अध्यक्षतामा पञ्चाङ्गविषयको प्रबन्ध गर्न एक सभा बसेको थियो। सो सभामा शिक्षासचिवज्यू, शिक्षाउपसचिवज्यू, शिक्षानिर्देशकज्यू, पञ्चाङ्गविवेचकसमितिका अध्यक्षज्यू, सोही समितिका मन्त्रीज्यू तथा पञ्चाङ्गसंशोधकहरूको पनि उपस्थिति थियो। पञ्चाङ्गको प्रतिसंस्कार गर्नाको लागि एक प्रतिवेदन श्री ५ को सरकारमा पञ्चाङ्गविवेचकसमितिले प्रस्तुत

---

१४. यही ग्रन्थका ५४९-५५१ पृष्ठ।

१५. यही ग्रन्थको ४२० पृष्ठ।

१६. यही ग्रन्थका ४२०-४२२ पृष्ठ।

१७. यही ग्रन्थको ५७४ पृष्ठ।

गर्नुपर्छ भन्ने निर्णय पनि सो सभाले गरेको थियो । सो निर्णयअनुसार पञ्चाङ्गविवेचकसमितिका अध्यक्ष पण्डितवर पद्मप्रसाद भट्टराईज्यूको अध्यक्षतामा सो समितिले विचार गरी पञ्चाङ्गप्रतिसंस्कारको विषयमा एक प्रतिवेदन तयार गर्‍यो। सो समितिका मन्त्री पण्डित बुद्धिसागर पराजुलीज्यूले वि. सं. २०२० माघ २९ गते सो प्रतिवेदन श्री ५ को सरकार शिक्षामन्त्रालयमा चढाउनुभयो । सो प्रतिवेदनको सारांश–

प्रत्येक राष्ट्रको आफ्नो परम्परा र संस्कृति हुन्छ। चाडवाड धर्मकर्महरू नियत तिथिमा नियत समयमा गर्नु परम्पराप्राप्त संस्कृतिको अङ्ग भएको हुनाले त्यस्तो काम गर्न धर्मशास्त्रसंमत एक पञ्चाङ्ग तयार गर्नु आवश्यक हुन्छ। केही वर्ष यतादेखि पञ्चाङ्गसंशोधनको काम धर्मरक्षामहामण्डलान्तर्गत पञ्चाङ्गविवेचकसमितिले गर्दै आएको छ ।

'तपाईंहरू एकै पद्धतिअनुसार पञ्चाङ्ग गर्नुहुन्छ तापनि तपाईंहरूका पञ्चाङ्गमा प्रतिवर्ष किन वैषम्य पर्छ' भनी पञ्चाङ्गविवेचकसमितिले पञ्चाङ्गकर्ताहरूसँग सोधनी गरेको थियो। त्यसको उत्तरमा 'हाम्रो पञ्चाङ्ग गर्ने पुस्तक छापिएको छैन, उहाँको पुस्तकमा भिन्नै अङ्क छ, मेरो पुस्तकमा भिन्नै अङ्क छ, यसैले फरक परेको हो' भन्ने जवाफ पञ्चाङ्गकर्ताबाट आयो। यस कारण पञ्चाङ्ग गर्ने सारणीलाई प्रकाश गराउनु आवश्यक देखिन आएको छ । पाइए जति सारणीका प्रति भिडाई मूलाङ्कसँग तुलना गरी शुद्ध पाठ ठम्याई ती सारणीप्रकाश गराउनुपर्छ।* यस कामलाई पञ्चाङ्ग गर्ने र मूलाङ्कसँग सारणीको तुलना गरी सारणी शुद्ध्याउन सक्ने योग्यता भएका चार जना ज्योतिषीहरूलाई नियुक्ति गर्नुपर्छ । कमसेकम नन्‌गजेटेड प्रथम श्रेणीका कममा तिनीहरूको नियुक्ति हुनुपर्दछ। प्रतिवर्षको पञ्चाङ्ग शुद्ध्याउने र शुद्ध सारणी प्रकाश गराउने तथा यन्त्राध्यायमा बताएअनुसार गोलफलक आदि यन्त्र बनाउने र देशका प्रसिद्ध ठाउँ (काठमाडौं, इलाम, पोखरा, बैतडी इत्यादि) मा धूपघडी बनाई जडान गर्न लाउने काम ती चार जना ज्योतिषीकै जिम्मामा दिनुपर्छ ।

यो नयाँ दरबन्दी सदर भई नआएसम्म प्रतिवर्ष पञ्चाङ्गसंशोधनको कामको लागि र सारणी शुद्ध्याउने कामको लागि हाल पञ्चाङ्गसंशोधनको काममा खटी आउनुभएका दुई जना ज्योतिषी कर्मचारीहरूलाई पञ्चाङ्गसंशोधनको काम र

---

* पञ्चाङ्गमा छापिने गरेका सारणीचक्रहरूलाई पनि मूलग्रन्थसँग भिडाई गणना गरी अशुद्ध देखिन आए जतिमा संशोधन गर्दै जानुपर्छ ।

सारणी शुद्धयाउने काम गर्नानिमित्त हाल खाई पाई आएको दरबन्दीमा पञ्चाङ्ग-विवेचकसमितिमा काम गर्ने र वीरपुस्तकालय वा अरू कुनै उपयुक्त सरकारिया विभागबाट उहाँहरूलाई तलब खुवाउने प्रबन्ध मिलाउनुपर्दछ ।

आकाशका ग्रहस्थितिलाई हेरी आकाशको स्थिति र आफ्नो गणनालाई मिलाउने योग्यता भएका ज्योतिषीहरू तयार गराउँदै लाने र त्यस्तो योग्यता भएका ज्योतिषीहरूलाई पञ्चाङ्गसंशोधन, सारणीसंशोधन, उपयुक्त यन्त्रहरूका निर्माणमा लाउँदै जानुपर्छ । यस कारण ज्योतिषसिद्धान्तग्रन्थमा बताएअनुसारको काम गरी आकाशको घटनालाई परीक्षा गर्ने शिक्षा दिनु आवश्यक छ ।

हाल ज्योतिषसिद्धान्तग्रन्थको पढाइ हुन्छ तापनि ग्रन्थमा बताए जस्तै गरी परीक्षा गरी पढ्ने परम्परा बस्न सकेको छैन । पाठ्यपुस्तकमा बताएअनुसार आकाशको स्थितिलाई परीक्षा गरी गरी सिद्धान्तज्योतिष पढ्ने परम्पराको थालनी सिद्धान्तज्योतिष पढ्ने चार जना योग्यतम विद्यार्थीहरूबाट गर्नुपर्छ । विशेष परिश्रमपूर्वक अध्ययन र काम गर्नुपर्ने भएकोले यस्ता काम गर्ने विद्यार्थीहरूलाई उनीहरूले खाई पाई आएको वृत्तिबाहेक मासिक रु. १००। सय दिनुपर्दछ ।

ग्रहहरूको परीक्षा गर्नाका लागि सूर्य उदाएदेखि नअस्ताएसम्म घाम लागिरहने १५।२० हात लम्बा चौडा एक कोसी हुनुपर्छ ।

वर्षको २००० रुपियाँका यन्त्रहरू बनाउनुपर्छ । यी यन्त्रहरूको रक्षा गर्न २ जना पाले हुनुपर्छ । परीक्षा गरी आएका परिणामलाई प्रकाश गर्दै जानुपर्छ । सो प्रकाश गर्न वार्षिक रु २०००। खर्च हुन्छ ।

यसरी वर्षको ६००० रुपियाँ वेतनरूपमा र ४००० रुपियाँ प्रकाशन र यन्त्रनिर्माण गर्ने काममा खर्च हुन्छ । यसरी वर्षको १०,००० दश हजार रुपियाँ खर्च गरी* २ वर्षसम्म काम गऱ्यो भने सिद्धान्तज्योतिषग्रन्थको त्रिप्रश्नाधिकारमा बताइएको विधिको प्रयोगात्मक अध्ययन हुन्छ र गणितागत सूर्य र आकाशका सूर्यको तुलना गर्ने योग्यता भएका ज्योतिषीहरू तयार हुन्छन् ।

यस कामको नतीजा हेरी अरू ग्रहको विषयमा विचार गर्ने योजना पछि बनाउनुपर्छ ।

यस कामको लागि निर्देशन दिन दिनको २ दुइ घण्टाको समय विना पैसामा दिन पं. नयराज पन्तज्यूको मञ्जूरी छ । निर्देशनको लागि यति समय पर्याप्त छ ।

---

* वि. सं. २०२० मा यो प्रतिवेदन दिइएको हो । अहिले महँगी बढेको हुनाले अलि बढी खर्च हुन्छ ।

दर्शयेद् दिविचरं दिवि के वाऽनेहसि द्युचरदर्शनयोग्ये ।
पूर्वमेव विरचय्य यथोक्तं रञ्जनाय सुजनस्य नृपस्य ।।१०९।।
(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार)

[ग्रह तारालाई देखिने समय मिलाई माथि बताए जस्तै गरी सामान ठीक पारी असल भारादार भएका राजालाई आकाशका ग्रह ताराहरू ठिक्क पारी देखाउनू, ग्रह ताराहरूको छायालाई पानीमा देखाए पनि हुन्छ ।]"
(पूर्णिमा १५ अङ्कका ३२३–३२५ पृष्ठबाट)

बीचका मानिसले यस कामको उठान हुन दिएनन् र प्रतिवेदन खेर गयो ।[१८] त्यस कारण सिद्धान्तज्योतिष पढाएर मैले पेट पाल्नुभन्दा बढ्ता काम केही गर्न सकिनँ भन्ने यथार्थ छ ।

मेरो पाठनपद्धति

पुस्तक पढाउँदा पनि पुस्तकमा रहेको भाव पढ्नेको मनमा राम्रोसँग चढोस् भनी मैले आफ्नो शक्तिले भ्याएसम्म उद्योग गरें । वि. सं. १९९८ देखि तोयनाथ पांडे (हाल संस्कृत–अध्ययनसंस्थानका डीन) मसँग सिद्धान्तज्योतिषको शास्त्रिपरीक्षाको लागि पढ्न लागे । उनलाई म प्रतिदिन अघिल्लो दिनको पाठ सुनी अर्को पाठ दिन्थें । यही नियमसँग पढी उनी आचार्यपरीक्षासम्म उत्तीर्ण भए । तोयनाथ पढ्न आएको एक वर्षपछि मङ्गलराज जोशी (हाल पाटन संयुक्त क्याम्पसका क्याम्पसप्रमुख) मसँग सिद्धान्तज्योतिषको शास्त्रिपरीक्षाको लागि पढ्न आए । दुइ दुइ जनाको पाठ सुनी नयाँ पाठ दिन मलाई गाह्रो भयो र उनीसँग पाठ सुन्ने काम मैले गरिनँ । यसको परिणाम खराब आयो, उनी एक वर्ष अनुत्तीर्ण भए । यस कारण उनीसँग पनि पाठ सुन्ने नियम मैले बसालें । यही नियममा रही उनी शास्त्रिपरीक्षा उत्तीर्ण भए । त्यसपछि मलाई बाले अंग्रेजी पढ् भन्नुभयो, म अंग्रेजी र ज्योतिष दुवै पढ्छु भनी उनले मसँग भने, मैले हुन्छ भनें । दुइतिर पढ्नुपरेकोले अब म दिनकादिन पाठ सुनाउन सक्तिनँ, पढ्छु मात्र भनी मङ्गलराजले भने, मैले त्यसो त हुन सक्तैन भनें । उनी आफ्नो अडानमा अडे, म पनि आफ्नो अडानमा अडें, उनको र मेरो बाटो फाट्यो । वि. सं. २००८ मा संस्कृतमहाविद्यालय खुल्यो । त्यहाँ ज्योतिष पढ्ने विद्यार्थी पनि थिए । उनीहरूलाई मैले त्यहाँको नियमबमोजिम

१८. पूर्णिमा १९ अङ्कका २२६–२३२ पृष्ठ ।

पढाउनुपर्थ्यो । दिनकादिन पाठ सुनाऊ भनेर त्यहाँ म भन्न सक्तैनथें । त्यहाँ मलाई पढाइदिनुहोस् भन्न मङ्गलराज फेरि आए । मैले भर्ना होऊ, पढ भनें । त्यसो गर्न मलाई मिल्दैन, निजी रूपमा पढाइदिनुहोस् भनी उनले भने । त्यसो भए दिनकादिन पाठ सुनाउने गर, म पढाइदिन्छु भनी मैले भनें । कुरा मिलेन, उनको र मेरो बाटो फाट्यो ।

वि. सं. २००१ मा भोलानाथ पौडेल, सरस्वतीप्रसाद घिमिरे (हाल सहप्राध्यापक), नारायणप्रसाद लामिछाने (हाल अग्निहोत्री) र सत्यनाथ पन्त (पञ्चाङ्गकर्ता) ज्योतिषमध्यमामा उत्तीर्ण भए । उनीहरूले मसँग शास्त्रिपरीक्षाको लागि पढ्न इच्छा प्रकट गरे । मैले दिनकादिन पढेको पाठ सुनाउने गर, व्याकरणको पनि अभ्यास गर, अनि मात्र म पढाउछु भनें । यो शर्त हामीलाई मञ्जूर छैन भनी तीन जना गए, भोलानाथ मात्र बसे । भोलानाथ मेरो नियममा रही, पढी, शास्त्रिपरीक्षामा उत्तीर्ण भए ।

वि. सं. २००६ मा देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी ज्योतिषमध्यमामा उत्तीर्ण भए । उनीहरूसँग पनि मैले भोलानाथसँग जस्तै कुरा गरें, उनीहरू नियम मञ्जूर गरी पढी शास्त्रिपरीक्षाको प्रथम खण्ड उत्तीर्ण भए ।

वि. सं. २००१–२००६ को बीचमा अरू पनि केही विद्यार्थी ज्योतिषमध्यमा उत्तीर्ण भई शास्त्रिपरीक्षाको लागि पढ्न भनी मकहाँ आएका थिए । तिनीहरूसँग पनि मैले भोलानाथसँग जस्तै कुरा गरें । यो शर्त हामीलाई मञ्जूर छैन भनी तिनीहरू गए । इतिहास–संशोधनसँग तिनीहरूको केही सम्बन्ध नभएकोले तिनीहरूको विषयमा बढ्ता कुरा भन्नु प्रसङ्ग मिल्दो हुँदैन ।

रानीपोखरी संस्कृतपाठशालामा मध्यमासम्म पढाउनु अनिवार्य थियो । शास्त्री र आचार्यको लागि पढाए पनि हुन्थ्यो, नपढाए पनि हुन्थ्यो । त्यस कारण शास्त्री, आचार्य पढ्ने विद्यार्थीलाई पाठ सुनाऊ भनी म भन्न सक्तथें ।

भास्कराचार्यको सिद्धान्तशिरोमणिको प्रभाव मेरो मनमा अत्यन्त परेको छ । इतिहास–संशोधनहरू पनि भास्करकै लेखाइको अनुकरण गरी निस्केका हुन् ।[१९] भास्करले आफ्नो गोलाध्यायको प्रारम्भमा नै यस्तो बोलेका छन्—

यो वेद वेदवदनं सदनं हि सम्यग्
ब्राह्म्याः स वेदमपि वेद किमन्यशास्त्रम् ।

---

१९. इतिहास–संशोधनको प्रमाण–प्रमेयको उपोद्घातका ३७–४० पृष्ठ ।

यस्मादतः प्रथमेतदधीत्य धीमान्
शास्त्रान्तरस्य भवति श्रवणेऽधिकारी ॥८॥

(सिद्धान्तशिरोमणि गोलप्रशंसाध्याय)

[जसले व्याकरणलाई राम्रोसँग बुझेको छ, त्यसले सरस्वतीको घर भएको वेदलाई पनि बुझन सक्तछ भने अरू शास्त्रको त के कुरा। यस कारण पहिले व्याकरण पढी बुद्धिमान् भएको मानिसले अरू शास्त्र पढ्ने अधिकार पाउँछ।]

भास्करले व्याकरणको यो महिमा आफ्नो ज्योतिषग्रन्थमा लेखेका हुन्। भास्करले व्याकरणको पुस्तक बनाएको हामीलाई थाहा छैन। 'व्याकरण नपढेकालाई ज्योतिष नपढाउनू' भन्ने उनको आशय स्पष्ट देखिन्छ। यस कारण पहिले व्याकरण पढ्नुपर्दो रहेछ भन्ने भाव मेरो मनमा जम्यो। भाषै नआई त्यस भाषाको व्याकरण मनमा चढ्न सक्तैन। यस कारण संस्कृत भाषाका साना-साना पुस्तक केटाकेटीहरूलाई पढाई उनीहरूलाई संस्कृत लेख्न पनि सिकाई, त्यसपछि व्याकरण पढाउनुपर्छ, व्याकरण राम्ररी पढेका विद्यार्थीलाई अरू शास्त्र पढाउनुपर्छ भन्ने भाव मेरो मनमा जम्यो। मैले वि. सं. १९९७ देखि यस विचारअनुसार मेरा मामाका जेठा छोरा चन्द्रनाथ (वि. सं. १९८७–२००३) लाई पढाउन शुरू गरें। यस काममा मैले पण्डित श्रीनाथ पाँडेबाट सहायता पाएँ। पढाइ राम्रैसँग चलेको थियो। यही देखेर पण्डित चूडानाथ भट्टरायको सिफारिश-बाट उहाँका साला केशवमणि आ. दी. र मामाका छोरा महेन्द्रनाथ अधिकारी तथा सुरेन्द्रनाथ अधिकारीहरू मकहाँ पढ्न आएका हुन्। पण्डित श्रीनाथ पाँडेको सिफारिशबाट धनवज्र मकहाँ पढ्न आएका हुन्। धनवज्र मकहाँ पढ्न आउँदा साधारण संस्कृत श्लोकका राम्ररी अर्थ गर्न सक्ने भइसकेका थिए। उनी मेरो नयाँ ढङ्गको पढाइ पढ्न आएका होइनन्, ज्यौतिष पढ्न आएका हुन्। ज्यौतिष पढ्नुभन्दा पहिले व्याकरण पढ्नुपर्छ, तिमीलाई साधारण संस्कृत आइहाल्छ, रघुवंश पढ भनी मैले भनें, यो कुरो उनको घरमा विशेष रुचिकर भएन। मसँग व्यक्तिगत रूपमा पढ्ने हो भने यसै गरेर पढ्नुपर्छ, नभएमा पाठशालाको प्रचलित नियमसँग पढे हुन्छ, त्यसमा मेरो सरोकार केही छैन भनी मैले भनें। धनवज्रले मेरो विचारअनुसार राम्रोसँग पढे। यो घटना वि. सं. २००४ को प्रारम्भ-तिरको हो।

केशवमणिहरू वि. सं. २००३ देखि मकहाँ पढ्न आएका हुन्। उनीहरू

मकहाँ पढ्न आउँदा संस्कृतका साधारण श्लोकका अर्थ गर्न सक्तैनथे । उनीहरूले मेरो नियमानुसार रघुवंश पढे ।

प्रचलित नियमानुसारको यो पढाइ थिएन । ग्रन्थ पढ्ने, घोक्ने, लेख लेख्ने तथा ग्रन्थका अर्थ गर्ने पद्धतिको यो पढाइ थियो । परीक्षाको नियमानुसार म पढाउदिनँ, मसँग पढी परीक्षा दिन कोही जान्छ भने म विरोध पनि गर्दिनँ भनी मैले शुरूदेखि नै भन्दै आएको थिएँ ।

वि. सं. २००४ को हिउँदमा पण्डित लक्ष्मीप्रसाद पोखरेलको सिफारिशमा ज्ञानमणि नेपाल मकहाँ पढ्न आए । उनले आफ्ना मामा पण्डित जयदेव अधिकारीसँग मध्यकौमुदी पढिसकेका थिए तथा उनी संस्कृतका साधारण श्लोकका अर्थ गर्न सक्ने पनि भइसकेका थिए । मकहाँ पढ्न उनले इच्छा गर्दा मेरो पढाइ परीक्षाअनुसारको छैन, परीक्षाअनुसार नपढी पाकशालामा भर्ना हुन पाइँदैन भनी मैले उनलाई भनें । उनी मैकहाँ पढ्छु भनी बसे । धनवज्र र ज्ञानमणिको एकै पाठ भयो । धनवज्र र ज्ञानमणि प्रतिदिन लेख लेख्थे, उनीहरूले लेखेका संस्कृत लेख संस्कृत-सन्देशमा छापिएका पनि छन् ।

केशवमणि, महेन्द्रनाथ तथा सुरेन्द्रनाथ पनि प्रतिदिन संस्कृत लेख लेख्थे । केशवमणिले लेखेको एक पद्यको एक पाउको मलाई अहिलेसम्म पनि स्मरण नै छ—

कालानुसारकुशलो ननु लेखनाथः

महेन्द्रनाथले लेखेको श्लोकको पनि एक पाउको मलाई अझसम्म स्मरण नै छ ।

तत्रैते प्रतिमुक्तमत्तमहिषाः क्रीडन्ति ते शत्रवः

सुरेन्द्रनाथले 'ठूली-चरितम्' भन्ने एक संस्कृत लघुकाव्य पनि लेखेका थिए । पहिलो इतिहास-संशोधन निकाल्ने पनि यिनै तीन जना हुन् ।

श्री ३ मोहनको शासनकाल (वि. सं. २००५-२००७) मा नम्बरी पण्डितको रूपमा सिंहदरबार जाँदा सरदार पण्डित राममणि आ. दी.सँग बराबर भेट भइरहन्थ्यो । ग्रन्थकार, प्रभावशाली तथा बोलक्कड व्यक्ति भएका हुनाले राममणिजी मसँग आफ्ना छोराको पढाइविषयको कुरा पनि गर्थ । हजुरले आफ्ना छोरालाई मकहाँ पढ्न पठाउनुभयो, मेरो पढाइ परीक्षाअनुकूलको छैन, पछि हजुरका छोरा के गरी खान्छन् भनी एक दिन मैले उनलाई सोधें । मैले पैसा कमाइदिएकै छु, मेरा छोरालाई खान दुःख छैन भन्ने जवाफ राममणिजीबाट मैले पाएँ । कुरो त

बाँचे हो, तर बाबुको संपत्ति खान छोराले पढ्नुपर्दैन । यस कारण यो पढाइ निर्लक्ष्य रहेछ भन्ने आभास मेरो मनमा पर्‍यो ।

अष्टाध्यायीको पढाइ चल्दै थियो । तर त्यो भने राम्रोसँग आएको थिएन । परीक्षाअनुकूल गरी पढाउन मेरो उपर दबाव पर्न लाग्यो ।

परीक्षाअनुकूल गरी पढाउँदा एउटाले पनि संपूर्ण सिद्धान्तशिरोमणि नपढेको उदाहरण मेरो अगाडि प्रत्यक्ष थियो ।[२०] ग्रन्थ कण्ठ राख्ने उद्देश्यले नै मैले त्यति परिश्रम गरेको थिएँ । त्यसै कारण भोलानाथहरू मकहाँ जम्मा भएका थिए । यस कारण बीचमा आई म नियम तोड्न सक्तैनथें । सङ्घर्ष चल्यो, वि. सं. २०१० को वर्षामा महेन्द्र, सुरेन्द्रले सो पाठशाला छोडे । उनीहरू गुरुज्यू छत्रनाथका छोरा तथा भतिजा थिए । गुरुज्यूका छोरा भतिजाहरू पनि त्यस पाठशालामा पढ्छन् भन्ने प्रभाव थियो । महेन्द्र, सुरेन्द्रले पाठशाला छोडेको भोलिपल्टै राम (पण्डित लक्ष्मीप्रसाद पोखरेलका भतिजा) ले परीक्षा दिन नपाइने पाठशालामा नपढ भनी मलाई मामा(?)ले भन्नुभयो भनी सो पाठशाला छोडे । तैपनि सरदार बाजेका छोरा नातिहरू त्यस पाठशालामा पढ्छन् भन्ने केही प्रभाव बाँकी नै थियो । वि. सं. २०११ को वर्षामा केशवमणिले सो पाठशाला छोडे । वि. सं. २०१३ मा किशोरमणि (राममणिका छोराका छोरा), सुशीलकुमार पोखरेल (राममणिकी छोरीका छोरा) ले पनि सो पाठशाला छोडे । यसपछि सो पाठशाला सुके जस्तै भयो । धनवज्रले खुट्टा दरो नगरिदिएका भए वि. सं. २०१३ मै इतिहास–संशोधन बन्द हुने अवस्थामा पुग्थ्यो ।

यस घटनाबाट हानि लाभ दुवै भयो । दश वर्षदेखि आफूले गर्दै आएको परिश्रम सित्तैं खेर गयो, इष्टमित्र तोडिए, हामीले चलाएको पाठशाला नचल्ने स्थितिमा पुग्यो, यो हानि भयो । अन्ततःसङ्घर्ष कम भए जस्तो भयो, मेरो विचारसँग भित्रैदेखि सहमत भएका वा बाहिर सहमत भए जस्ता भएका विद्यार्थीहरूसँग मिली अन्वेषणको परम्परा बसाउन म सफल भए जस्तो भएँ, यो लाभ भयो ।

अन्वेषण चलाएको कुरा

वि. सं. २००७ को अन्त्यमा नेपालमा प्रजातन्त्र आयो । त्यसको समर्थ–

---

२०. यस कुरालाई मैले यही ग्रन्थका ५७४–५७५ पृष्ठमा लेखेको छु ।

पछि तात्कालिक गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको प्रबन्ध र तात्कालिक प्रधान सेनापति केसरशमशेर ज. ब. रा. को पैसाले नेपाल–सांस्कृतिक परिषद् खुल्यो। त्यहाँ मलाई पनि बोलाएको थियो। घाघडान राजनीतिज्ञहरूको त्यस जमघटमा म जस्तो एकोहोरो घोकन्ते विद्यामा लागेको साधारण पण्डितले केही काम गर्न सक्ला भन्ने सम्भावना मैले देखिनँ र म त्यहाँ गइनँ। पछि त्यस परिषद्का सचिव प्राध्यापक ईश्वर बरालसँग भेट हुँदा र कुरा हुँदा, उहाँले कुरा मिलाइदिनुभयो र धनवज्र र ज्ञानमणिले राजपुरोहित शक्तिवल्लभ अर्यालको जयरत्नाकर नाटकको सम्पादन तथा उल्था गरे। ऐतिहासिक पत्र–संग्रह प्रथम भागको पनि उनीहरूले सम्पादन गरे। दुवैमा मैले उपोद्घात लेखें। ती दुवै पुस्तक वि. सं. २०१४ मा[२१] सो परिषद्बाट प्रकाशित भए।

केसरशमशेरज्यूको पुस्तकालयमा गोपालराजवंशावलीको फोटो–प्रतिलिपि छ, गोपालराजवंशावली प्रकाश गर्ने उहाँको विचार छ, तपाईं आफ्ना विद्यार्थीहरूलाई पठाइदिनुहोस्, म कुरा मिलाइदिन्छु भनी प्राध्यापक ईश्वर बरालले वि. सं. २०१६ मा मसँग भन्नुभयो। त्यसअनुसार रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान तथा धनवज्र केसरपुस्तकालय गए। प्रत्येक शनिवार उनीहरू त्यहाँ जान्थे। गोपालराजवंशावली सबै मिली सारे। अर्थ गर्न अलि गाह्रो भएकोले त्यस बेला सो ग्रन्थ प्रकाश हुन सकेन।

पण्डित सुन्दरानन्द बाँडाको त्रिरत्न–सौन्दर्य–गाथा धनवज्रले सम्पादन गरे, त्यसमा पनि मेरो उपोद्घात छ। सो पुस्तक नेपाल–सांस्कृतिक परिषद्बाट वि. सं. २०१९ मा प्रकाश भयो। रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान तथा धनवज्रहरू मिली ऐतिहासिक पत्र–संग्रह दोस्रो भागको सम्पादन गरे, त्यसमा पनि मेरो उपोद्घात छ। सो पुस्तक वि. सं. २०२१ मा सोही परिषद्बाटै प्रकाशित भयो। अरू पनि काम हुने सम्भावना थियो। वि. सं. २०२१ ज्येष्ठ २५ गते केसरशमशेरज्यूको स्वर्गवास भएकोले त्यतातिरको काम टुट्यो।

केसरपुस्तकालयमा ताडपत्रमा लेखिएका सुमतिकरण तथा सुमतिसिद्धान्त रहेछन्। ती पुस्तक पनि उनीहरूले वि. सं. २०१६ मै देखेका रहेछन्।

---

२१. यी दुवै पुस्तक वि. सं. २०१२ मा तयार भएका हुन्।

यी दुवै ग्रन्थ पछि वि. सं. २०३५ मा सुमतितन्त्रको परिशिष्टको रूपमा प्रकाशित भए ।[२२] स्यतिखेर यी पुस्तक देवीप्रसादले सारी ल्याएका हुन् ।

पण्डित भवानीदत्त पाँडेका नष्टभ्रष्ट भएका लेख भोलानाथ र धनवज्रले सम्पादन गरे, त्यसमा मेरो उपोद्घात छ । सो पुस्तक वि. सं. २०१८ मा 'गल्लीमा फ्याँकिएका कसिगर' नामले प्रकाशित भयो । धनवज्र, रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, गौतमवज्र, महेशराज तथा नयनाथ मिली इतिहास-संशोधनको प्रमाण–प्रमेय (पहिलो भाग) सम्पादन गरे, त्यसमा मेरो उपोद्घात छ। सो पुस्तक वि. सं. २०१९ मा प्रकाशित भयो । म, देवीप्रसाद, धनवज्र, गौतमवज्र, दिनेशराजको संयुक्त परिश्रमबाट तयार भएको श्री ५ पृथ्वीनारायण शाहको उपदेश वि. सं. २०२५ मा प्रकाशित भयो, अहिलेसम्म त्यस ग्रन्थका १,५०० पृष्ठ प्रकाशित भएका छन् । यी तीनै पुस्तक कमल दीक्षितजीको प्रबन्धले जगदम्बा प्रकाशनबाट प्रकाशित भएका हुन् ।

इतिहास–संशोधनका रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज तथा नयनाथहरूको उद्योगबाट वि. सं. २०१८को प्रारम्भमा संशोधन–मण्डल खडा भयो । अभिलेख–संग्रह १२ भाग संशोधन–मण्डलबाट निस्के । तिनमा पनि मेरा उपोद्घात छन् ।

रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज, नयनाथ, तथा दिनेशराज यी नौ जनाको उद्योगले वि. सं. २०२१ को प्रारम्भदेखि पूर्णिमा निक्लन लाग्यो । त्रैमासिक पत्रिकाको नामले सो निस्केको हो । यस कारण वि. सं. २०४१ चैतसम्म पूर्णिमाका ८४ अङ्क प्रकाशित हुनुपर्थ्यो, परन्तु ६४ अङ्क मात्र प्रकाशित हुन सके । पूर्णिमाका कार्यकर्ता-हरू नौ जनामध्ये देवीप्रसाद, महेशराज र दिनेशराज यी तीन जना मात्र अहिले यो काम गर्न बाँकी रहेका छन् । रामजीको स्वर्गवास भयो, अरू पाँच जनाले संशोधन–मण्डल छोडे । यसरी हेर्दा संशोधन–मण्डल दुब्लाउँदै गएको स्पष्ट देखिन्छ । यताबाट यसलाई रोग लागेको छ भन्ने स्पष्ट हुन्छ । सो रोगको निदान पनि पत्ता लागेको छ ।[२३] तर उपचार गर्न सकिएको छैन ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानमा बसेर लेखिएको यस 'लिच्छविसंवत्‌को

---

२२. यही ग्रन्थको ५६५ पृष्ठ ।

२३. यही ग्रन्थका ५७३–५७४ पृष्ठ ।

निर्णय' नामक पुस्तकको उपोद्घातमा संशोधन-मण्डलको लामो कुरा लेख्नु ज्यूट्ट हेर्दा प्रसङ्ग नमिल्दो जस्तो देखिन्छ। तर इतिहास-संशोधनहरू प्रकाश हुने काम नभएको भए यो पुस्तक लेखन सकिदैनथ्यो। त्यस कारण यति लामो कुरा लेख्नुपरेको हो।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा म बसेको पूरा साढे छ वर्ष भयो। यस अवधिमा यहाँबाट मेरो विभागले गर्न सकेको अन्वेषण एउटा मात्र छ। मानदेवको विष्णुपादुकाको फेदीको अभिलेखको संवत् ३९६ भनी संशोधन-मण्डलले पढेको थियो, शङ्करमानले ३९६ होइन, ३९५ हो भनी पढे। नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको अन्वेषणले ३९६ पनि होइन, ३९५ पनि होइन, वास्तवमा ३९८ हो भनी निर्णय गऱ्यो।[२४] यो निर्णय गर्न यहाँका ४ जना कर्मचारीहरूलाई तीन दिनसम्म परिश्रम गर्नुपऱ्यो। यस कारण अन्वेषण कति कष्टकर हुन्छ भन्ने कुरा सहृदयहरू बुझ्न सक्तछन्।

प्रथम शिवदेव+अंशुवर्माका संयुक्त शासनका अभिलेखमा देखिएका संवत्का शतस्थानी अङ्क ३०० हुन् कि ५०० हुन् भनी विद्वान्हरूमा चलेको वादविवाद संशोधन-मण्डलले नै छिनिदियो।[२५]

द्वितीय जयदेवको पशुपतिको अभिलेखको संवत् १५३ हो कि, १५९ हो भनी उठेको विद्वान्हरूको वादविवादमा इतिहास-संशोधनले १५३ पनि होइन १५९ पनि होइन वास्तवमा १५७ हो भन्ने निर्णय गरिदियो।[२६]

अंशुवर्माहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा संशोधन-मण्डलले नै निर्णय गऱ्यो।[२७]

यी निर्णय नभएका भए यो पुस्तक लेखन सकिदैनथ्यो।

पौषको अधिमासको कुरा

पौषमा अधिमास परेको उल्लेख नेपालको इतिहासको कालनिर्णायकहरूको

---

२४. यही ग्रन्थको ५५८–५५९ पृष्ठ।

२५. यही ग्रन्थका ५५२–५५४ पृष्ठ।

२६. यही ग्रन्थका ११५,५७३ पृष्ठ तथा महेशराज पन्तको इतिहास-संशोधन [५५ क्रमागत संख्या]।

२७. यही ग्रन्थको ९ पृष्ठ।

लागि एउटा महत्त्वपूर्ण विषय बन्न गयो त्यसको निर्णयको लागि गुरुज्यू हेमराजको आज्ञाले मेरा मातामह पण्डित भुवननाथ पाँडेले पनि काम गर्नुभयो भनी मैले माथि नै भनिसकेको छु ।

मेरा मातामहले सो अधिमासको निर्णय गर्नाको लागि वि. सं. ६६७, ६९७ तथा ७४३ का गते, तिथि, वार, अधिमास र क्षयमास गन्नुभएको छ । उहाँको हस्ताक्षरका ती कागत लक्ष्मीपतिसंग्रहमा छँदैछन् । तीमध्ये वि. सं. ६६७ को उहाँले गन्नुभएको गणना यहाँ दिइन्छ । त्यसको कारण स्पष्ट छ । अहिले हामीले पाटन सुनधाराको संवत् ३४ को पौषको अधिमास यसै वर्ष परेको हो भनी निर्णय गरेका छौं,[२८] तर उस बेला गणनाद्वारा सो निर्णय हुन सकेको थिएन भन्ने देखाउनु हो ।

पण्डित भुवननाथ पाँडेद्वारा गणना गरिएका वि. सं. ६६७ का गते, तिथि, वार, अधिमास र क्षयमास

श्रीः

श्रीसंवत् ६६७ श्रीशाके ५३२

वैशाखकृष्णः

	वृ	४।३९।५२	मेषेऽर्कः ५१।५
१	शु	५।४५।२	संक्रान्तिः
२	श	६।४९।४५	
३	र	७।५३।२१	
४	चं	८।५५।५५	
५	मं	९।५७।२२	
६	बु	१०।५७।२८	
७	बृ	११।५६।२९	
८	शु	१२।५३।५७	
९	श	१३।५०।३२	
१०	र	१४।४६।१५	
११	चं	३०।४१।१३	

---

२८. यही ग्रन्थका १०–११ पृष्ठ ।

वैशाखशुक्लः

१२ मं १। ३५। ३९
१३ बु २। २९। ४२
१४ बृ ३। २३। ३८
१५ शु ४। १७। ३७
१६ श ५। ११। ५२
१७ र ६। ६। ३२
१८ चं ७। $\overset{१}{५७}$। $\overset{५०}{५५}$
१९ मं ९। ५४। ५९
२० बु १०। ५४। १०
२१ बृ ११। ५२। ३२
२२ शु १२। ५३। १४
२३ श १३। ५५। १६
२४ र १४। ५८। २४
२५ चं १५। ६०। ०
२६ मं १५। २। ३२

ज्येष्ठकृष्णः

२७ बु १। ७। २१
२८ बृ २। १२। ३२
२९ शु ३। १७। ३५
३० श ४। २२। ८
३१ र ५। २५। ५२ वृषेऽर्कः ४८।९
१ चं ६। २८। २३ संक्रांतिः
२ मं ७। २९। ४९
३ बु ८। २९। ५०
४ बृ ९। २८। ३८
५ शु १०। २६। ११
६ श ११। २२। ४३
७ र १२। १८। २३
८ चं १३। १३। २६
९ मं १४। ७। ३९
१० बु ३०। $\overset{१}{५५}$। $\overset{३८}{३०}$

ज्येष्ठशुक्लः

११	बृ	२ । ४९ । २५
१२	शु	३ । ४३ । ३६
१३	श	४ । ३८ । ९
१४	र	५ । ३३ । २२
१५	चं	६ । २९ । २३
१६	मं	७ । २६ । २३
१७	बु	८ । २४ । २७
१८	बृ	९ । २३ । ४१
१९	शु	१० । २४ । १४
२०	श	११ । २६ । ११
२१	र	१२ । २९ । १०
२२	चं	१३ । ३३ । १२
२३	मं	१४ । ३७ । ५५
२४	बु	१५ । ४१ । १

आषाढकृष्णः

२५	बृ	१ । ४८ । ०
२६	शु	२ । ५२ । २९
२७	श	३ । ५६ । ८
२८	र	४ । ५८ । ४०
२९	चं	५ । ६० । ०
३०	मं	५ । ० । ४
३१	बु	६ । ५८ । ५६
१	बृ	८ । ५६ । २९
२	शु	९ । ५३ । १
३	श	१० । ४८ । ४१
४	र	११ । ४३ । १४
५	चं	१२ । ३७ । ५२
६	मं	१३ । ३१ । ५१
७	बु	१४ । २५ । ४०
८	बृ	१० । १९ । ३१

सं मिथुनेऽर्कः १४।९

आषाढशुक्लः

९	शु	१ । १३ । ३५
१०	श	२ । ८ । ४
११	र	३ । ५८ । १५
१२	चं	५ । ५५ । ५९
१३	मं	६ । ५३ । ५६
१४	बु	७ । ५३ । ५
१५	बृ	८ । ५३ । ३१
१६	शु	९ । ५५ । २०
१७	श	१० । ५८ । ७
१८	र	११ । ६० । ०
१९	चं	११ । २ । ९
२०	मं	१२ । ६ । ४४
२१	बु	१३ । ११ । ४६
२२	बृ	१४ । १६ । ४७
२३	शु	१५ । २२ । १३

श्रावणकृष्णः

२४	श	१ । २४ । ५६
२५	र	२ । २८ । ५३
२६	चं	३ । २८ । ५६
२७	मं	४ । २९ । ४
२८	बु	५ । २७ । ५४
२९	बृ	६ । २५ । ३२
३०	शु	७ । २२ । ५
३१	श	८ । १७ । ४९
१	र	९ । १२ । ४१ सं कर्कटेऽर्कः ५१।५९
२	चं	१० । ७ । ३
३	मं	११ । ५४ । ४८
४	बु	१३ । ४८ । ३७
५	बृ	१४ । ४२ । ११
६	शु	३० । ३७ । ६

श्रावणशुक्लः

७	श	१ । ३१ । ६
८	र	२ । २७ । ५८
९	चं	३ । २४ । ४५
१०	मं	४ । २२ । ३६
११	बु	५ । २१ । ३८
१२	बृ	६ । २१ । ५९
१३	शु	७ । २३ । ४१
१४	श	८ । २६ । २७
१५	र	९ । ३० । २०
१६	चं	१० । ३४ । ५८
१७	मं	११ । ४० । २
१८	बु	१२ । ४४ । ५८
१९	बृ	१३ । ४९ । ३०
२०	शु	१४ । ५३ । १९
२१	श	१५ । ५५ । ५७

भाद्रकृष्णः

२२	र	१ । ५७ । ३२
२३	चं	२ । ५७ । ४९
२४	मं	३ । ५६ । ४३
२५	बु	४ । ५४ । २६
२६	बृ	५ । ५१ । ६
२७	शु	६ । ४६ । ५४
२८	श	७ । ४१ । ५०
२९	र	८ । ३६ । १७
३०	चं	९ । ३० । १७
३१	मं	१० । २४ । ७
३२	बु	११ । १७ । ५५
१	बृ	१२ । ११ । ५९ सं सिंहेऽर्कः २१।१२
२	शु	१३ । ६ । १५
३	श	१४ । ५ १/७ । २५/१४

भाद्रशुक्लः

४	र	१	५३	५७
५	चं	२	५१	४५
६	मं	३	५०	४६
७	बु	४	५१	३
८	वृ	५	५२	४२
९	शु	६	५५	२३
१०	श	७	५९	१५
११	र	८	६०	०
१२	चं	८	३	५२
१३	मं	९	८	५५
१४	बु	१०	१४	१
१५	वृ	११	१८	३९
१६	शु	१२	२२	२३
१७	श	१३	२५	२१
१८	र	१४	२७	१
१९	चं	१५	२७	२४

श्रीः

श्रीसंवत् ६६७ श्रीशाके ५३२

आश्विनकृष्णः

२०	मं	१	२६	२८
२१	बु	२	२४	१८
२२	वृ	३	२१	७
२३	शु	४	१६	५८
२४	श	५	१२	०
२५	र	६	६	२९
२६	चं	७	० ५४	३३ २८
२७	मं	९	४८	२५
२८	बु	१०	४२	२४
२९	वृ	११	३६	५४
३०	शु	१२	३१	५४
३१	श	१३	२७	४५
१	र	१४	२४	२९ सं कन्यायामर्कः २१।३७
२	चं	३०	२२	१७

आश्विनशुक्लः

३	मं	१	२१	१९
४	बु	२	२१	३७
५	बृ	३	२३	१५
६	शु	४	२६	०
७	श	५	२९	५३
८	र	६	३४	३०
९	चं	७	३९	२७
१०	मं	८	४४	४६
११	बु	९	४९	३२
१२	बृ	१०	५३	३४
१३	शु	११	५६	२८
१४	श	१२	५८	१९
१५	र	१३	५८	४७
१६	चं	१४	५७	५९
१७	मं	१५	५५	५५

कार्तिककृष्णः

१८	बु	१	५२	५०
१९	बृ	२	४८	५७
२०	शु	३	४३	५४
२१	श	४	३८	२९
२२	र	५	३३	३८
२३	चं	६	२६	३५
२४	मं	७	२०	३०
२५	बु	८	१४	४०
२६	बृ	९	९	११
२७	शु	१०	४	१७
२८	श	११	५६ (०)	१२ / ५८
२९	र	१३	५४	५२
३०	चं	१४	५३	५७
३१	मं	३०	५४	२० तुलायामर्कः ४६।५६

अधिककार्तिकशुक्ल:

१ बु १ । ५६ । ४ संक्रांतिः
२ बृ २ । ५८ । ५३
३ शु ३ । ६० । ०
४ श ३ । २ । ५३
५ र ४ । ७ । ३५
६ चं ५ । १२ । ४७
७ मं ६ । १७ । ५९
८ बु ७ । २२ । ४८
९ बृ ८ । २६ । ५५
१० शु ९ । २९ । ५३
११ श १० । ३१ । ५०
१२ र ११ । ३२ । २३
१३ चं १२ । ३१ । ३९
१४ मं १३ । २९ । ४१
१५ बु १४ । २६ । ३७
१६ बृ १५ । २२ । ४२

अधिककार्तिककृष्णः

१७ शु १ । १७ । ५४
१८ श २ । १२ । ३२
१९ र ३ । ६ । ४५
२० चं ४ । ५०/४ । ४६/४८
२१ मं ६ । ४८ । ५७
२२ बु ७ । ४३ । ३७
२३ बृ ८ । ३८ । ४६
२४ शु ९ । ३४ । ४७
२५ श १० । ३१ । ४१
२६ र ११ । २९ । ४०
२७ चं १२ । २८ । ५२
२८ मं १३ । २९ । २१
२९ बु १४ । ३१ । १३
१ बृ ३० । ३४ । ९ सं वृश्चिकेऽर्कः ३९।३९

मार्गशुक्लः क्षयः

२	शु	१	३८	१६
३	श	२	४३	६
४	र	३	४८	२१
५	चं	४	५३	४२
६	मं	५	५८	३२
७	बु	६	६०	०
८	बृ	६	२	४१
९	शु	७	५	३९
१०	श	८	७	३७
११	र	९	८	१२
१२	चं	१०	७	३१
१३	मं	११	५	३३
१४	बु	१२	५ $\frac{२}{८}$	$\frac{३३}{२७}$
१५	बृ	१४	५३	५१
१६	शु	१५	४८	३५

पौषकृष्णः क्षयः

१७	श	१	४२	५१
१८	र	२	३६	५६
१९	चं	३	३०	५९
२०	मं	४	२५	१६
२१	बु	५	१९	५७
२२	बृ	६	१५	११
२३	शु	७	११	१९
२४	श	८	८	२१
२५	र	९	६	२८
२६	चं	१०	५	५०
२७	मं	११	६	२९
२८	बु	१२	८	३०
२९	बृ	१३	११	५८
३०	शु	१४	१५	५०
१	श	३०	२०	४७ धनुष्यर्कः ८।१९

पौषशुक्लः

२ र १ । २६ । १२
३ चं २ । ३१ । ३४
४ मं ३ । ३६ । ३०
५ बु ४ । ४० । ३७
६ बृ ५ । ४३ । ३८
७ शु ६ । ४५ । ३२
८ श ७ । ४६ । ६
९ र ८ । ४५ । २०
१० चं ९ । ४३ । २०
११ मं १० । ४० । १७
१२ बु ११ । ३६ । १९
१३ बृ १२ । ३१ । ३२
१४ शु १३ । २६ । १२
१५ श १४ । २० । ३०
१६ र १५ । १४ । ३५

माघकृष्णः

१७ चं १ । ८ । ४४
१८ मं २ । ५७[३] । ५०[५]
१९ बु ४ । ५३ । १४
२० बृ ५ । ४९ । २३
२१ शु ६ । ४६ । ३३
२२ श ७ । ४४ । ४७
२३ र ८ । ४४ । १३
२४ चं ९ । ४५ । १
२५ मं १० । ४७ । १०
२६ बु ११ । ५० । २४
२७ बृ १२ । ५४ । ४६
२८ शु १३ । ५९ । ४९
२९ श १४ । ६० । ०
३० र १४ । ५ । १६ मकरेऽर्कः २७।१२
१ चं ३० । १० । ३८ संक्रांतिः

माघशुक्लः

२	सं	१ । १५ । ३०
३	बु	२ । १९ । ३५
४	बृ	३ । २२ । २२
५	शु	४ । २४ । १६
६	श	५ । २४ । ४३
७	र	६ । २३ । ५२
८	चं	७ । २१ । ४८
९	सं	८ । १८ । ३९
१०	बु	९ । १४ । ३९
११	बृ	१० । ९ । ४८
१२	शु	११ । ४/५८ । २८/४४
१३	श	१३ । ५२ । ५१
१४	र	१४ । ४६ । ५९
१५	चं	१५ । ४१ । २३

फाल्गुनकृष्णः

१६	सं	१ । ३६ । १३	
१७	बु	२ । ३१ । ३९	
१८	बृ	३ । २७ । ५६	
१९	शु	४ । २५ । १३	
२०	श	५ । २३ । ३४	
२१	र	६ । २३ । ५	
२२	चं	७ । २४ । ३	
२३	सं	८ । २६ । १७	
२४	बु	९ । २९ । ३६	
२५	बृ	१० । ३३ । ५९	
२६	शु	११ । ३९ । ६	
२७	श	१२ । ४४ । २९	
२८	र	१३ । ४९ । ५०	
२९	चं	१४ । ५४ । ३५	कुंभेऽर्कः ५४।२३
१	सं	३० । ५८ । ३५	संक्रांतिः

	फाल्गुनशुक्लः	
२	बु	१ । ६० । ०
३	बृ	१ । १ । १९
४	शु	२ । ३ । ४०
५	श	३ । ३ । १५
६	र	४ । २ । १७
७	चं	५ । ५६ । ४२
८	मं	७ । ५२ । ४५
९	बु	८ । ४७ । ५०
१०	बृ	९ । ४२ । २५
११	शु	१० । ३६ । ३८
१२	श	११ । ३० । ४०
१३	र	१२ । २४ । ४८
१४	चं	१३ । १९ । १०
१५	मं	१४ । १४ । १
१६	बु	१५ । ९ । ३०
	चैत्रकृष्णः	
१७	बृ	१ । ५ । ४८
१८	शु	२ । ३ । ५
१९	श	३ । १ । ३०
२०	र	४ । १ । ८
२१	चं	५ । २ । ६
२२	मं	६ । ४ । २४
२३	बु	७ । ७ । ४७
२४	बृ	८ । ११ । ५८
२५	शु	९ । १७ । १२
२६	श	१० । २२ । ३३
२७	र	११ । २७ । ४६
२८	चं	१२ । ३२ । २७
२९	मं	१३ । ३६ । १४
१	बु	१४ । ३८ । ५४
२	बृ	३० । ४० । २१

मीनेऽर्कः ४४।२९

चैत्रशुक्लः

३	शु	१	४०	२९
४	श	२	३९	२४
५	र	३	३७	४
६	चं	४	३३	४१
७	मं	५	२९	२८
८	बु	६	२४	१९
९	बृ	७	१९	१
१०	शु	८	१३	९
११	श	९	७	६
१२	र	१०	५५	३०
१३	चं	१२	५०	१९
१४	मं	१३	४५	४५
१५	बु	१४	४२	१
१६	बृ	१५	३९	१८

वैशाखकृष्णः

१७	शु	१	३७	४१
१८	श	२	३७	१८
१९	र	३	३८	१५
२०	चं	४	४०	३०
२१	मं	५	४३	५३
२२	बु	६	४८	१५
२३	बृ	७	५३	१५
२४	शु	८	५८	३१
२५	श	९	६०	०
२६	र	९	३	३८
२७	चं	१०	८	१०
२८	मं	११	११	५०
२९	बु	१२	१४	२३
३०	बृ	१३	१५	३८
३१	शु	१४	१५	४२
१	श	१५	१४	२८

संशेषाङ्कः ६।३९

श्रीसंवत् ६६८ श्रीशाके ५३३

अधिकवैशाखशुक्लः

२	र	१	।	१२	। ३
३	चं	२	।	८	। ३३
४	मं	३	।	३/५८	। २२/१०
५	बु	५	।	५३	। ४४
६	बृ	६	।	४७	। ४१
७	शु	७	।	४१	। ३५
८	श	८	।	३५	। ३३
९	र	९	।	२९	। ३९
१०	चं	१०	।	२४	। ३८
११	मं	११	।	१९	। ५४
१२	बु	१२	।	१६	। ७
१३	बृ	१३	।	१३	। १७
१४	शु	१४	।	११	। ३८
१५	श	१५	।	११	। ९

अधिकवैशाखकृष्णः

१६	र	१	।	१२	। १
१७	सो	२	।	१४	। ११
१८	मं	३	।	१७	। २९
१९	बु	४	।	२१	। ४३
२०	बृ	५	।	२६	। ४०
२१	शु	६	।	३१	। ५१
२२	श	७	।	३६	। ४९
२३	र	८	।	४१	। २१
२४	चं	९	।	४४	। ५९
२५	मं	१०	।	४७	। २४
२६	बु	११	।	४८	। ४१
२७	बृ	१२	।	४८	। ३४
२८	शु	१३	।	४७	। १७
२९	श	१४	।	४४	। ४६
३०	र	३०	।	४१	। ११

शुक्लवैशाखशुक्लः

३१ चं १ । ३६ । ४८

१ सं २ । ३० । ५८ सं वृषेऽर्कः ३।४०

लाज लाग्ने एउटा कुरा

लिच्छविसंवत्‌को निर्णय गर्दा मेरो लेखा एक अत्यन्त लज्जास्पद काम पर्न आयो । जो बाबु आफ्ना छोराहरूसँग झगडा गर्छ, त्यसको दुर्यश फैलिन्छ भन्ने स्पष्ट छ । त्यसै गरी जुन गुरु आफ्ना चेलाहरूसँग झगडा गर्छ, सो पनि निन्दनीय हुन्छ भन्ने स्पष्ट छ ।

निरन्तरको अध्ययन र अन्वेषणले मात्र कुनै तत्त्वपदार्थ भेट्टाइन्छ । तत्त्वपदार्थ प्राप्त भएपछि पनि मानस सुख जति प्राप्त हुन्छ, त्यति अर्थलाभ हुँदैन । यसै कारण यस काममा लागेका धेरै मानिसमध्ये थोरै मानिस मात्र पछिसम्म अडे भन्ने कुरो स्पष्ट छ । उसमाथि अन्वेषणको यश पनि अर्काले नै अपहरण गर्ने भएकोले[२९] यो काम झन् दुष्कर भयो । "महानुपयोगिता वर्तते" जस्ता वाक्य आचार्यपरीक्षाको अन्तिम वर्षको उत्तरपत्रमा लेखी आयोजक, प्राश्निक तथा परीक्षकको निर्णयविरुद्ध प्रथम श्रेणीमा उत्तीर्ण हुन सकेका[३०] मानिसलाई प्रत्यक्ष देखेका शङ्करमानको मनमा—

बुभुक्षितैर्व्याकरणं न भुज्यते न पीयते काव्यरसः पिपासितैः ।
न विद्यया केनचिदुद्धृतं कुलं हिरण्यमेवार्जय निष्फलाः कलाः ।।

(औचित्यविचारचर्चा २६ पृष्ठ)

[भोकाएका मनुजहरूले कौमुदी खानु हुन्न,
तिर्खा लाग्दा सरस कवितापानले तृप्ति हुन्न ।
कस्ले पाऱ्यो निज कुल बडो धेर विद्या पढेर,
पैसा मात्रै बटुलन, कलाबाट क्यै छैन लाभ ।।]

---

२९. यही ग्रन्थका ५७३–५७४ पृष्ठ ।

३०. पूर्णिमा १९ अङ्कका २४३–२४४ पृष्ठ ।

भन्ने यस्तो कुरो खेल्न लागेछ र उनले मसँग बसी विद्याभ्यास गर्ने काम छोडे यो कुनै आश्चर्यको कुरा पनि होइन । शङ्करमानलाई म यहाँ दोष दिन चाहन्नँ । शङ्करमानले संशोधन-मण्डल छोड्नुभन्दा अगाडि नै मैले यसको लक्ष देखिसकेको थिएँ र यस्तो लेखेको थिएँ—

"...इतिहास-संशोधनको रचना गर्ने चरयिताहरू ८।८मा २१ जनामध्ये अहिले यो पुस्तकको संपादन गर्न आठ जना मात्र बाँकी रहेका छन् । छोड्ने ११ जनामध्ये १ जना मात्र पढेको (अष्टाध्यायीसम्मको) पाठ सुनाई सन्तोषपूर्वक बिदा भई गएका हुन् । छोड्नेहरूमध्ये १२ जनाले यस पढाइमा असन्तोष देखाई यो काम छोडेका हुन् । इतिहास-संशोधन गर्ने एक्काइसै जना इतिहास-संशोधन गर्न सिक्न भनी मकहाँ आएका होइनन् यिनीहरूमध्ये कोही गणित कोही ज्यौतिष कोही संस्कृत पढ्न मकहाँ आएका थिए । मेरो सङ्गतले यिनीहरूले इतिहास-संशोधन गर्न लागेका हुन् ।

यस ग्रन्थको संपादकको रूपमा उत्रेका बाँकी रहेका आठ जना यस काममा अहिले सन्तुष्ट देखिन्छन् तापनि यिनको भित्र मनको अवस्था सन्तोषपूर्ण छ वा छैन भन्ने कुरा भविष्यका घटनाले देखाउनेछन् ।"

(इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्घातको १ पृष्ठबाट)

शङ्करमानले मेरो सङ्गत छोडेपछि धेरै पुस्तक तथा लेख लेखेका छन् । त्यहाँ रहेका अशुद्धिको विषयमा मेरो सरोकार नभएकोले त्यस विषयमा मैले केही बोलिनँ । उनको लिच्छविसंवत्को निष्कर्ष निस्क्यो । अध्ययनको कमीले गर्दा सो ग्रन्थ दोषपूर्ण छ । अरूहरूले त्यसको दोष पक्रिहाले ।[३१]

यौटै मानिस दुइ पटक मरेको, यौटै मानिस यौटैको छोरा पनि नाति पनि भएको जस्ता अनर्थ कुरा[३२] लेखेर हिंड्ने मानिसको म फेरि पनि अशुद्धै लेख्छु मलाई कसले के गर्न सक्छ"[३३] भन्ने गर्जाइ सुनेका शङ्करमानले

---

३१. यही ग्रन्थको ४३७ पृष्ठ ।

३२. पूर्णिमा २४ अङ्कका ३३०–३३१ पृष्ठ ।

३३. वि. सं. २०२३।२।१।७ मा प्रकाशित नेपालका बुद्धिजीवीहरूले विचार गर्नुपर्ने कुरा ।

आफ्नो दोष सच्याएनन् । उनलाई मैले सम्झाएँ ।[३४] उल्टो उनी मैमाथि खनिए ।[३५] संशोधन–मण्डलका विरोधीहरूले फाखो बजाई बजाई रमिता हेरे । मेरो लेखा दुःखैको कुरा भयो । शङ्करमानले के पाए, उनैलाई थाहा होला । यस कामबाट एउटा अर्को परिणाम आयो । शङ्करमानसँग यो कलह नभएसम्म लिच्छविसंवत्-विषयको कुरा इतिहासको दृष्टिबाट धनवज्र[३६] र ज्ञानमणि[३७] ले सामान्य-रूपले बुझेका थिए । अरूलाई यस विषयको राम्रो ज्ञान थिएन ।

यस ग्रन्थमा छापिएका गणना म, देवीप्रसाद, भोलानाथ, दिनेशराज भई गरेका हौं । पछि रुद्रमनाथ पौडेलले पनि गणना गरेका छन् । हामीहरूले आफ्नो गणना भिडाई संशोधन गरी निर्णय गरेका छौं । म आफ्नो गणना पहिले देवीप्रसादलाई देखाउँछु । देवीप्रसाद आफ्नो गणनासँग मेरो गणना भिडाउँछन् । आफ्नो गणनामा एक दुइ ठाउँमा संशोधन गर्छन् । मेरो गणनामा ५–७ वटा दोष देखाइदिन्छन्, म हेर्छु । उनले देखाइदिएका दोष सबै ठाउँमा परेका हुन्छन् । यसै गरी प्रत्येक गणना गरिएको छ । यस कारण देवीप्रसादको मनमा यो गणना राम्रोसँग चढेको छ भन्ने कुरो स्पष्ट छ । लिच्छविसंवत्को निर्णयमा गणितको भाग देवीप्रसादले राम्ररी बुझे । देवीप्रसाद र शङ्करमान सहपाठी हुन् । देवीप्रसादको हृदयमा अहिले यो कुरा राम्ररी चढ्नु एउटा सुपरिणाम हो । भोलानाथले पनि गणितको दृष्टिबाट यो कुरा बुझे । महेशराजले इतिहासको दृष्टिबाट यो कुरो बुझे ।[३८] दिनेशराजले गणित तथा इतिहास दुवैको दृष्टिबाट यो कुरो बुझे ।[३९] मेरो सम्पर्कमा आएका मानिसहरूको कुरा यो हो । भुवनलाल प्रधान, माणिक-

---

३४. पूर्णिमा ३५ अङ्कका १९७–१९८ पृष्ठ ।

३५. शङ्करमानको लेख तथा उनका लेखको सूची यही ग्रन्थका ३९८–४१० पृष्ठमा परेको छ । शङ्करमानका लेखलाई परीक्षकहरूले हेर्नु बढिया छ ।

३६. लिच्छविकालका अभिलेखको ३१९ पृष्ठ ।

३७. यही ग्रन्थको ४४० पृष्ठ ।

३८. पूर्णिमा ५९ अङ्कका २४–२६ पृष्ठ ।

३९. यही ग्रन्थका ४११–४३७ पृष्ठ तथा दिनेशराज पन्तको लिच्छवि-कालमा चलेका संवत् ।

लाल श्रेष्ठहरूको मनमा पनि लिच्छविसंवत्को कुरा इतिहासको दृष्टिबाट चढेको रहेछ ।[४०] उहाँहरूसँग मेरो सम्पर्क छैन । यस्तै मसँग सम्पर्क नभएका मानिसहरूले कुन कुन दृष्टिबाट बुझेका छन्; यो कुरो म भन्न सक्तिनँ ।

रोहिणीनक्षत्रयुक्ते प्रतिपदि भन्ने अन्वय गरी शङ्करमानले प्राचीन नेपालको ४१–४२ संख्याको ३ पृष्ठमा लेखेका छन् ।[४१] प्रतिपद् शब्द स्त्रीलिङ्गमा छ । यस कारण *प्रतिपदि*को विशेषण *रोहिणीनक्षत्रयुक्तायाम्* हुन्छ, *रोहिणीनक्षत्रयुक्ते* हुन सक्तैन ।[४२] पहिलेका विद्वान्हरूले *रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि* भनी अन्वय गरेका थिए, तर सो अशुद्ध हो, *रोहिणीनक्षत्रयुक्ते प्रतिपदि* भनी अन्वय गर्नुपर्छ भनी शङ्करमानले आफ्नो विद्वत्ता प्रकट गरेका छन् । जब मानिस विद्याको अभ्यास गर्न छोडी विद्वान् हुँ भनेर दम्भ गरेर हिंड्न थाल्दछ, तब उसको बुद्धिले सत्य कुरोलाई असत्यरूपमा र असत्य कुरोलाई सत्यरूपमा देख्न थाल्दछ भन्ने कुराको उदाहरण यो हो ।

यसै प्रसङ्गमा अर्को यस्तै कुराको स्मरण भयो, सो पनि भनिहालूँ ।

"१. स्वस्ति मानगृहादपरिमितगुणसम्पल्लिच्छविकुलानन्दकरो
२. (भ)ट्टारकमहाराजश्रीशिवदेवः कुशली कुप्पर्सीग्रामनिवा-
३. सिनः प्रधानपुरस्सरान्कुटुम्बिनः कुशलमभिधाय समाज्ञा-
४. (प)यति विदितमस्तु वो यथानेन स्वगुणमणिमयूखालोक-
५. (ध्व)स्ताज्ञानतिमिरेण भगवद्भवपादपङ्कजप्रणामानुष्ठा-
६. नतात्पर्योपायात्तायतिहितश्रेयसा स्वभुजयुगबलोत्खाता-
७. (खि) लवैरिवर्ग्गेण श्रीमहासामन्तांशुवर्म्मणा मां विज्ञाप्य मदनु-

---

४०. यही ग्रन्थका ४३७–४३९ पृष्ठ ।

४१. यही ग्रन्थको ५४८ पृष्ठ ।

४२. पूर्णिमा ३९ अङ्कको १४९ पृष्ठ ।

८. (ज्ञा) तेन सता युष्माकं सर्व्वाधिकरणाप्रवेशेन प्रसादः कृतः
९. (स)मुपस्थितविचारणीयकार्य्येषु स्वतलस्वामिनैव यूय विचा-
१०. रणीयाः सर्व्वकार्य्येषु चैकमेव वो द्वारं द्वारोद्घाटनकैलास-
११. – –यात्रयोश्च भवद्भिः प्रत्येकं पञ्चाशज्जातिशुक्ल-मृत्तिका देया-
१२. (श्चिर)स्थितये चास्य प्रसादस्य शिलापट्टकेन प्रसादः कृतस्त-
१३. देवंवेदिभिरस्मत्पादप्रसादोपजीविभिरन्यैर्व्वा नायं प्रसादो-
१४. न्यथा करणीयो यस्त्वेतामाज्ञामुत्क्रम्यान्यथा कुर्य्यात्कारयेद्वा त-
१५. महं मर्य्यादाभङ्गकारिणमतितरान्न मर्षयिष्यामि भाविभिर-
१६. पि भूपतिभिर्द्धर्म्मगुरुभिर्गुरुकृतप्रसादानुवर्त्तिभिरिय-
१७. माज्ञा सम्यगनुपालनीयेति समाज्ञापना ।। दूतकश्चात्र
१८. देशवर्म्मगोमी संवत् ५२० चैत्रकृष्णपक्षे तिथौ पञ्चम्याम्

[कल्याण होस् । मानगृह (दरबार) बाट अनगिन्ती गुणहरु भएका, लिच्छविकुललाई आनन्द दिने, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीशिवदेवबाट कुर्प्पासी (खोपासी) गाउँमा बस्ने मुखियालगायत गृहस्थीहरुलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ ।

आफ्ना गुणरूपी मणिका किरणको उज्यालोले अज्ञानरुपी अन्धकार हटाएका, भगवान् पशुपतिनाथका चरणकमललाई प्रणाम गर्न तत्पर रहेका हुनाले पर्हि का हित कल्याण गरेका, आफ्ना दुइ बाहुका बलले सारा शत्रुको जरो खनेका, यी श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजुरमा बिन्ति चढाएर हाम्रो अनुमति लिई (तिमीहरूको ग्राममा) सारा अधिकरण (अड्डा अदालत)हरुले पस्न नपाउने गरी तिमीहरुलाई निगाह गरिएको छ । यो कुरा तिमीहरुलाई थाहा होस् । विचार पुऱ्याउनुपर्ने मुद्दामामिलाहरु आइपरेमा आफ्ना तलस्वामीद्वारा नै तिमीहरुको हेरविचार हुनेछ । सबै कामकारबाइहरुमा तिमीहरुको लागि एउटै मात्र द्वार (ढोका—तलस्वामीको ढोका) हुनेछ ।

द्वारोद्घाटनयात्रा र कैलास - - यात्रामा तिमीहरूले जनैपिच्छे पचासमुद्रा सेता जातका माटा (कमेरा) बुझाउनू । यो निगाह धेरै काल कायम रहोस् भन्नाका लागि यस निगाहको शिलापत्र गरी निगाह गरिदिइएको छ ।

तसर्थ यस कुरालाई बुझेर हाम्रो निगाहबाट जीविका चलाउनेहरूले र अरू कसैले पनि यो निगाहलाई अन्यथा नगर्नू । जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला; स्थितिबन्धेज नाघ्ने त्यसलाई हामी बिलकुल सहनेछैनौं । पछि हुने राजाहरूले पनि धर्मलाई ठूलो संझी अघिका राजाले गरेको निगाहको ख्याल राखेर यस आज्ञाको राम्रोसँग पालना गर्नुपर्छ भन्ने अनुरोध छ ।

यहाँ दूतक वेशवर्मा गोमी । संवत् ५२० चैत्रकृष्ण पञ्चमी ।]"

(लिच्छविकालका अभिलेखका २७४-२७५ पृष्ठबाट)

खोपासीको यो अभिलेख लेभीद्वारा १२ संख्याको रूपमा सर्वप्रथम प्रकाशित भएको हो । श्री ३ चन्द्रले मलाई यो पठाइबक्सेको हो भनी लेभीले लेखेका छन् ।[४३] यस अभिलेखको विषयमा एउटा रमाइलो कुरा सुनिएको छ । वीर-पुस्तकालयका हाकिम विष्णुप्रसादले यस अभिलेखको प्रतिलिपि र अनुवादका साथ, यस अभिलेख रहेको ठाउँमा अनन्त धनराशि छ, त्यहाँ रहेका मणिहरू झलमलाइरहेका छन् भन्ने कुरा यस अभिलेखबाटै बुझिन्छ, म अनुष्ठान गर्छु, सरकारबाट सहायता पाऊँ भन्ने भावको बिन्तिपत्र श्री ३ चन्द्रलाई पठाए । श्री ३ चन्द्रले गुरुज्यू हेमराज र कमान्डिङ-कर्णेल डिल्लीशमशेर थापा (श्री ३ चन्द्रका मामाका छोरा) यी दुइ उच्च अधिकारीका साथ जो चाहिने बरबन्दोबस्त मिलाइदिए । विष्णुप्रसादले निकै दिन अनुष्ठान गरे, केही पाइएन । यो कुरो हेमराज, श्रीगुरु सोमनाथ तथा बाबुरामहरूको मुखबाट मैले धेरै पटक सुनेको छु । विष्णुप्रसाद सरकारी अड्डामा हाकिम भएका हुनाले उनी कहिलेदेखि कहिलेसम्म बहाल रहे भन्ने कुरा निजामती किताबखानामा गएर खोजे पत्ता लाग्छ । श्री ३ चन्द्रलाई उनले चढाएको बिन्तिपत्र पनि कतै रहेको हुनु सम्भव छ । उनले चढाएको सो बिन्तिपत्र पाइए उनले यस अभिलेखको के कस्तो अनुवाद गरेका रहेछन् भन्ने थाहा हुने थियो । माथि नाम दिइएका तीनै जनाको मुखबाट विष्णुप्रसादको उपहासको साथ माथिको कुरा सुनिन्थ्यो । हेमराजले यो कुरा भन्दा, हजुरले श्री ३ चन्द्रलाई शिलापत्रको वास्तव अर्थ किन बिन्ति नगराइ-

४३. ले नेपाल तेस्रो भागको अंग्रेजी अनुवादको ४६ पृष्ठ ।

बक्सेको त भनी मैले सोधें । मैले बिन्ति चढाएको हुँ, धेरै धन पाइन्छ भनी उसले भनिदियो, उहाँमा लोभ बढ्ता थियो, मेरो बिन्ति लागेन भन्ने उनको जवाफ थियो । साधारण रूपले हेर्दा हेमराजको जवाफ उचित जस्तै देखिन्छ । तर श्री ३ चन्द्रका कुलगुरु हेमराजले दिने उत्तर यो होइन भन्ने कुरा मेरो मनमा खेल्छ ।

गुण र दोष

लेभीको ले नेपाल फ्रेञ्च भाषामा छ । त्यसको अङ्ग्रेजी अनुवादको टाइप गरेका किताब केसरपुस्तकालयमा छन् । तिनमा चन्द्रशमशेरको निजी पुस्तकालय (महाराज चन्द्रशमशेर जङ्ग राणा बहादुर् नेपाल् प्राइभेट् लाइब्रारि)[४४] भन्ने छाप लाइएका छन् । यताबाट श्री ३ चन्द्रले लेभीको सो पुस्तकको अङ्ग्रेजी अनुवाद गराएको देखिन्छ । केसरपुस्तकालयमा रहेका तिनै किताब-बाट टाइप गरी सारिएका लेभीका ग्रन्थका अङ्ग्रेजी अनुवाद प्रज्ञा-प्रतिष्ठानमा छन् । तिनै पुस्तकबाट सम्बद्ध भागका नेपाली अनुवाद यस ग्रन्थका ३०५-३१७ पृष्ठमा परेका छन् ।

के. जी. शङ्करको लेख परेको भारतको इतिहासको त्रैमासिक पत्रिकाको ११ भागको दोस्रो अङ्क राष्ट्रियपुस्तकालय (श्री ५ को सरकारले किनेको हेमराजको पुस्तकालय) बाट रामशरण दर्नालद्वारा ल्याइएको हो । सोही पत्रिकामा रहेको के. जी. शङ्करको निबन्धको नेपाली अनुवाद यस ग्रन्थको ४७०-४८१ पृष्ठमा परेको छ ।

स्वेलको सारणी राष्ट्रियपुस्तकालयबाट केशवचन्द्रद्वारा ल्याइएको हो । सो सारणीको फोटोप्रतिलिपि प्रज्ञा-प्रतिष्ठानमा छ । सो सारणीको सम्बद्ध भागको नेपाली अनुवाद यस ग्रन्थका २८३-२९२ पृष्ठमा परेको छ ।

राष्ट्रियपुस्तकालयबाट केशवचन्द्रले ल्याएको भारतीय प्रत्नतत्त्वको पन्ध्रौं भागका ११२-११३ पृष्ठमा फ्लीटले छपाएको अभिलेखबाट उनले वि. सं. ६६२ देखि हर्षसंवत् चलेको हो भनी मानेको कुराको प्रमाण पाइन्छ । सो कुरा यही ग्रन्थका २३९-२४० पृष्ठमा परेको छ ।

---

४४. छापको यो प्रतिलिपि रामशरण दर्नालद्वारा ल्याइएको हो ।

लेभीले आफ्नो ग्रन्थमा स्वेल र दीक्षितको सारणीको प्रमाण दिएका छन् ।[45] सो सारणी हेमराजको पुस्तकालयमा थियो । सो मैले देखेको थिएँ, तर अहि राष्ट्रियपुस्तकालयमा पाइएन । काशीप्रसाद जायसवालले आफ्नो ग्रन्थको १६ पृष्ठ प्रिन्सेपको ग्रन्थबाट प्रमाण दिएका छन्, सो पुस्तक पनि हेमराजको पुस्तकालय थियो, तर अहिले पाइएन ।

हेमराजको पुस्तकालय अविकलरूपमा सुरक्षित रहेको भए यस ग्रन्थ वजन निकै बढ्ने थियो भन्ने स्पष्ट छ । माथि चर्चा गरिएका पुस्तक राष्ट्रि पुस्तकालयमा नपाइएका भए यस ग्रन्थको वजन निकै घट्ने थियो भन्ने कुर पनि स्पष्ट छ ।

लेभीको ग्रन्थको अङ्ग्रेजी अनुवाद नपाइएको भए लेभीको विचार सि यो ग्रन्थ समर्थ हुँदैनथ्यो । लेभीको ग्रन्थको अर्थ नबुझ्दा लेभीले भनेको कुराक ठीक उल्टो कुरोलाई लेभीले भनेको भनी राधागोविन्दले सम्झेका रहेछन् भनी रमेशचन्द्रले भनेका छन् ।[46]

चन्द्रशमशेरले यस्तो ऐन बनाएका छन्—

"अबउप्रान्त जुनसुकै कुराको किताप छाप्नु छपाउनु पर्दा, गोर्खाभाषा प्रकास समितिमा लगी जँचाई, छापन छपाउन हुन्छ भन्न्ये निस्सा लगाई दिए पछि मात्र छपाउन हुन्छ; निस्सा नली त्यसै छापने छपाउने गर्न हुँदैन. जँचाउन ल्याएमा, समीतिले पनी छपाउन दिन हुने लायकको देखिए, छापन छपाउन हुन्छ भनी तेसै कितापमा लेखि हाकिमको र अड्डाको छाप समेत लगाई दिनु, सो निस्सा नली तेसै छापने छपाउनेलाई, छापी प्रकास गर्न हुने लाएकको कुरा लेखिएको किताप भए ५० रुपैया दण्ड गर्नू; छापी प्रकास गर्न नहुने नालायकका कुरा लेखिएको किताप भए, सो कितापहरू जफत गरीली, सजायलाई कौसलमा जाहेर गरी निकासा भए बमोजिम गर्नू. यस्तो मुद्दामा बादि खडा नभएपनी सर्कार बादि भई तहकीकात गर्नुपर्छ"

(राणाकालको मुलुकी ऐनको अदलको ३१ नं.)

यस्तो ऐनले विद्याको विकास रोक्छ भन्ने स्पष्ट छ ।

---

४५. वे नेपाल तेस्रो भागको ५० पृष्ठ ।

४६. यही ग्रन्थका ३२३–३२५ पृष्ठ ।

हेमराजको पुस्तकालय विदेशी विद्वान्हरूका लागि खुला रहन्थ्यो, स्वदेशी विद्वान्हरूका लागि बन्द थियो—

विदेशका पण्डितवर्गखातिर
खुला रहन्थे सब पुस्तकालय ।
स्वदेशका पण्डितवर्गखातिर
भने थिए नित्य कपाटसंवृत ।।१२।।

सब पुस्तकालय = वीरपुस्तकालय, केसरपुस्तकालय, हेमराजको पुस्तकालय (भारतीभवन) ।

(पूर्णिमा २७ अङ्कको १३४ पृष्ठबाट)

हेमराजले अह्राएका पञ्चाङ्ग संशोधन आदि ज्योतिषसम्बन्धी काम स्वयंसेवकको रूपमा मैले गरेकोले त्यसको पुरस्कारस्वरूप हेमराजका पुस्तकालयका छापा पुस्तक स्वेच्छाले म हेर्न पाउने भएको थिएँ ।[४७]

चन्द्रशमशेर तथा हेमराज नेपालमा विद्याको प्रसार मन पराउँदैनथे भन्ने कुरा यताबाट स्पष्ट हुन्छ । तर उनीहरूले माथि भनेका पुस्तकको प्रबन्ध नगरिदिएका भए, यो ग्रन्थ यतिसम्मको पनि हुन सक्तैनथ्यो भन्ने कुरो पनि स्पष्ट छ । यस कारण उनीहरूको विषयमा माथिको कुरा भन्नुपरेको हो ।

राजा तथा प्रजाका अधिकार हाटहुट गरेर खोसी हामी नेपालका हर्ताकर्ता भएका छौं, राजा तथा प्रजा जान्नेसुन्ने तथा शक्तिशाली भए भने हाम्रो हातमा एकलौटी अधिकार रहँदैन भन्ने कुरो अङ्ग्रेजी शिक्षा पाएका चन्द्रमशेर जस्ता राजनीतिज्ञले नबुझ्ने विषय होइन । श्री ३ चन्द्रका हजुरिया गुरुज्यू हेमराजले पनि आफ्ना मालिकको यो भाव नबुझ्ने विषय होइन । यस कारण उनीहरूलाई नेपालमा विद्याको विकास हुने कुरो मन नपर्नु स्वाभाविक थियो ।

ऐ. शि. ज्यूलगायत हामी नेपालीहरूले प्रकाशित गरिसकेका अभिलेखहरूलाई नोलीद्वारा अप्रकाशित भनी अपहरण गर्ने काम भयो । नोलीले गरेको यस

४७. पूर्णिमा १९ अङ्कको २२६ पृष्ठ, २७ अङ्कको १५१ पृष्ठ, २८ अङ्कका २४५–२४६ पृष्ठ तथा मर्यादा १२ भागका ४३–४५ पृष्ठ ।

कामको कडा विरोध संशोधन-मण्डलले गऱ्यो ।[४८] राणाकालमा तिरस्
आफ्नो अन्वेषण प्रकाश गर्न असमर्थ[४९], ऐ. शि. ज्यू जस्ता विद्वान्द्वारा नोली
गरेको यस अपहरणको विरोध हुनुपर्थ्यो, तर सो भएन ।[५०] नोलीले गरेको प
अन्यायको विरोधमा हितनारायण झाले बोले ।[५१] ऐ. शि. ज्यू (बाबुराम आचार्
र हितनारायण झाको मनोवृत्तिको विषयमा विद्वान्हरूले विचार ग
बढिया छ ।

सहायता

रमेशचन्द्रको अङ्ग्रेजी लेखको नेपाली अनुवाद माधवलाल कर्माचार्यद्वारा
प्रज्ञा-प्रतिष्ठानले गराएको हो । सो अनुवाद यही ग्रन्थका ३२२-३४५ पृष्ठम
छापिएको छ ।

के. जी. शङ्करको अङ्ग्रेजी निबन्धको नेपाली अनुवाद तीर्थद्वारा प्रज्ञा-
प्रतिष्ठानले गराएको हो । सो अनुवाद यही ग्रन्थको ४७०-४८१ पृष्ठमा
छापिएको छ ।

भगवानलालको ग्रन्थका ३६-५३ पृष्ठमा छापिएको भागमध्ये वंशावली-
पछिको भागको नेपाली अनुवाद यही ग्रन्थका २१२-२३७ पृष्ठमा छापिएको छ।
र लेभीको ग्रन्थको तेस्रो भागको अङ्ग्रेजी अनुवादका ३१-३३ पृष्ठमा छापिएको
भागको नेपाली अनुवाद यही ग्रन्थका ३०९-३११ पृष्ठमा छापिएको छ। यी
दुवै अनुवाद मेरो अनुरोधमा महेशराज पन्तले गरिदिएका हुन् ।

बाँकी सबै अङ्ग्रेजी लेखका नेपाली अनुवाद केशवचन्द्र न्यौपानेले गरेका
हुन् ।

यस ग्रन्थमा परेका लिच्छविकालका अक्षर तथा अङ्कका प्रतिलिपि जम्मै
देवीप्रसाद भण्डारीले बनाएका हुन् ।

यस ग्रन्थलाई खेस्रा गर्ने तथा साफी गर्ने जम्मै काम देवीप्रसाद तथा केशव-
चन्द्रले गरेका हुन् ।

---

४८. अभिलेख-संग्रह पहिलो भागका १९-२१ पृष्ठ ।
४९. पूर्णिमा २७ अङ्कको १५४ पृष्ठ ।
५०. पूर्णिमा २३ अङ्कका २२१-२२२ पृष्ठ ।
५१. यही ग्रन्थको ३५१ पृष्ठ ।

यस ग्रन्थको पहिलो प्रूफसंशोधन गर्ने काम रुक्मनाथ पौडेलले गरेका छन्। अन्तिम प्रूफ देवीप्रसाद र उनी भई संशोधन गर्ने गरेका हुन्। रुक्मनाथले ठाउँठाउँमा उचित परामर्श पनि दिएका छन्।

आफ्नो भएभरको बुद्धि लगाएर हामीले यो ग्रन्थ तयार गर्ने काम गरेका छौं। नेपालको राष्ट्रिय संवत्को रूपमा विक्रमसंवत् रहेको र सो संवत् हामीलाई अत्यन्त अभ्यस्त पनि भएकोले अरू विद्वान्हरूका लेखमा परेका ईसवीसंवत्लाई विक्रमसंवत्मा परिणत गरी यहाँ दिने काम भएको छ।

यस ग्रन्थका त्रुटि

चिनियाँ भाषाको वर्णमाला र त्यहाँको पञ्चाङ्ग–गणनापद्धति पनि अहिले-सम्म मैले बुझ्न सकेको छैन। त्यस विषयका विशेषज्ञहरूको सहायता पाउने उद्योग त गरेको हुँ, तर सफल भइनँ। यस कारण एउटा ठूलो त्रुटि यस ग्रन्थमा पर्न आयो। जस्तै लेभीको लेखको अनुवाद गर्दा वि. सं. ७०१ मा नरेन्द्रदेव नेपाल-का राजा थिए भनी लेखिएको छ।[५२] जायसवालको लेखको अनुवाद गर्दा वि. सं. ७०० मा नरेन्द्रदेव नेपालका राजा थिए भनी लेखिएको छ।[५३] यस्तै कुरो युवान च्वाङ्गको विषयमा पनि पर्न गएको छ। युवान च्वाङ्ग भनी हामीले लेखेका छौं। हुएन साङ्ग भनी कोही लेख्छन्। यही शुद्ध हो भनेर ठोक्ने सामर्थ्य हामीसँग छैन।

कसलाई तपाईं भनेर लेख्ने, कसलाई तिमी भनेर लेख्ने भन्ने विषयमा मैले निश्चय गर्न सकिनँ। धेरैसँग सोधेँ निश्चित जवाफ पाइनँ। यस कारण यस विषयमा मनको अस्थिरताले गोलमाल भएको छ। नेपाली भाषाका प्रतिष्ठित विद्वान्हरूले निर्णय गरिदेलान् भन्ने आशा मलाई छ।

यस ग्रन्थमा रहेका त्रुटि विद्वान्हरूले भेट्टाएमा प्रकाश गरी वा अप्रकाशित रूपमा हामीहरूलाई सूचना दिनुभएमा हामीहरू उहाँहरूलाई धन्यवाद दिई आफ्ना दोष संशोधन गरी प्रकाश गर्नेछौं। केही गरी हामीले लेखेकै कुरा ठीक रहेछ भने प्रमाणपूर्वक त्यसको सूचना पनि उहाँहरूलाई हामी दिनेछौं।

---

५२. यही ग्रन्थको २६९ पृष्ठ।
५३. यही ग्रन्थको ५२९ पृष्ठ।

काम गराउँदै छु पोना मुक्तै छु भन्ने आह्वान चरितार्थ गरी हामी चूप लागेर बस्नेछौंनौं ।

कृतज्ञता

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट मेरो उपर निगाह राखिबक्सी मलाई यस नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य-पदमा नियुक्त नगरिबक्सेको भए यो ग्रन्थ तयार हुन सक्तैनथ्यो ।[५४] यस कारण मौसूफ सरकारमा भक्तिपूर्वक कृतज्ञता बिन्ती चढाउनु मैले आफ्नो कर्तव्य सम्झेको छु ।

कुलपति श्रीलैनसिंह बाङ्देल, उपकुलपति श्रीमाधवप्रसाद घिमिरे, सदस्य-सचिव श्रीविनयबहादुर मल्लहरूलाई मलाई सहायकको प्रबन्ध मिलाइदिनुभएकोमा र मैले खोजेका पुस्तक यथाशक्य जुटाइदिनुभएकोमा; सदस्य डा. श्रीतीर्थबहादुर श्रेष्ठलाई यस ग्रन्थको प्रकाशनमा अड्किन लागेको गाँठो फुकाइदिनुभएकोमा; प्रशासनप्रमुख श्रीलक्ष्मणप्रसाद लामिछानेलाई पुस्तकप्रकाशन र प्रवचनको प्रबन्ध मिलाइदिनुभएकोमा धन्यवाद दिन्छु ।

सहायता दिने माथि ठाउँठाउँमा नाम उल्लेख भएका सबै ती सज्जनहरू-लाई यथोचित धन्यवाद छ ।

हाम्रो देशमहाँ प्रसिद्ध अति छन् श्रीचाँगुनारायण,
हुन्छे स्तम्भ त्यहाँ छ साक्षर तथा सद्बोधको कारण ।
त्यो हो लिच्छविवंशको चरितको पैलो बडो साधन,
त्यल्ले गर्दछ मानदेव नृपका धेरै कुरा वर्णन ॥१॥

---

५४. आँखाका विशेषज्ञहरूले मलाई दिनको एक डेढ घण्टाभन्दा बढ्ता लेख्न कडासँग रोकेका छन् । साना अक्षर मेरा आँखाले नभेट्ने भइसकेका छन् । यस कारण म आफ्नो हातले यति ठूलो ग्रन्थ लेख्न सक्ने अवस्थामा अहिले छैन । संशोधन-मण्डलको अङ्गभङ्ग भैसकेकोले त्यताबाट पनि यति ठूलो काममा म सहायता पाउन सक्तिनँ । वृत्ति दिई सहायक राख्ने सामर्थ्य मेरो छैन । यस कारण मेरो बुद्धिमा खेलिरहेको यो ग्रन्थ मेरो शरीरसँगै लोप हुन्थ्यो ।

तेस्रो विक्रमपूर्वको शतकमा राजा भए ती भनी
केही मानिस भन्दछन्, छ तिनको आधार वंशावली ।
चौथो विक्रमवर्षको शतकमा राजा भए ती भनी
इन्द्राजीहरु भन्दछन् स्वमतको आधार त्यै स्तम्भ ली ।।२।।

आठौं विक्रमवर्षको शतकमा राजा भए ती भनी
श्रीफ्लीटादि बताउँछन् स्वमतको प्रामाण्य त्यै स्तम्भ दी ।
छन् इत्यादि विवाद धेर, तिनका गर्दै खुला वर्णन
जाँचतै ती मतलाई शास्त्रविधिले भो ग्रन्थको लेखन ।।३।।

केही विज्ञ मनुष्यले बटुलिए राम्रा निकै साधन,
त्यल्ले भो सुविधा निकै, छ तिनको जम्मै यहाँ वर्णन ।
धेरै वर्ष बिते, बडो श्रम पर्‍यो, भो ग्रन्थ यो प्रस्तुत,
विद्वद्वर्ग गरोस् परीक्षण डटी निष्पक्षतापूर्वक ।।४।।

वि. सं. २०४२ मार्ग २ गते आदित्यवार

नयराज पन्त

अङ्क–परिचय


लिच्छविकालका संवत्‌को निर्णय गर्न लिच्छवि अभिलेखमा परेका अङ्कको पहिचान हुनु अत्यन्त आवश्यक छ । ती अङ्कको पहिचानमा अघि भूल भएको कुरा यस ग्रन्थका ठाउँ ठाउँमा परेका छन् । लिच्छविअङ्कमा जिज्ञासुहरूको प्रवेश होओस् र ती अङ्कको पहिचान केही अंशमा भए पनि सुरक्षित रहोस् भनी यस ग्रन्थको उपोद्‌घातका पृष्ठसंख्या लिच्छविअङ्कमा दिइएका छन् । पाठकहरूलाई दुर्बोध नहोस् भनी ती पृष्ठसंख्याका अङ्कका परिचय तल दिइन्छन्—



एक　　दुइ　　तीन　　चार　　पाँच




छ　　सात　　आठ　　नौ　　दश



एघार　　बाह्र　　तेह्र　　चौध　　पन्ध्र



सोह्र　　सत्र　　अठाह्र　　उन्नाईस　　बीस



एक्काईस　　बाईस　　तेईस　　चौबीस　　पच्चीस

छब्बीस	सत्ताईस	अट्ठाईस	उनन्तीस	तीस
एकतीस	बत्तीस	तेतीस	चौंतीस	पैंतीस
छत्तीस	सैंतीस	अठतीस	उनन्चालीस	चालीस
एकचालीस	बयालील	त्रिचालीस	चवालीस	पैंतालीस
छयालीस	सतचालीस	अठचालीस	उनन्चास	पचास
एकाउन्न	बाउन्न	त्रिपन्न		

उत्तर पक्ष

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन्

(१) सुमतितन्त्रको मूलवाक्य
(२) सुमतितन्त्रमा पछिपछि थपिएका वाक्य
(३) वि. सं. १७१२ मा सारिएको हरिवंशको पुष्पिकावाक्य
(४) भोटका स-सक्य-पान-चेन (वि. सं. १२३९-१३०८) को वाक्य

(१) सुमतितन्त्रको मूल वाक्य

जातो दुर्योधनो राजा कलि - - प्रवर्त्तते ।
युधिष्ठिरो महाराजो दुर्योधनस्तयोःपि वा ।
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तीति ।
नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्षं सप्ताब्धि चाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा ।
इत्येते - षितम्मह्यं ज्ञेया राजा क्रमेण तु ।।

(वीरपुस्तकालयको चौथो ५७ सङ्ख्याको सुमतितन्त्रको २ ख पत्रबाट)

[दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ। राजा युधिष्ठिर र राजा दुर्योधनको संवत् २००० वर्षसम्म चल्नेछ । त्यसपछि ८०० वर्षसम्म राजा नन्दको संवत् चल्नेछ । त्यसपछि १३२ वर्षसम्म राजा चन्द्रगुप्तको संवत् चल्नेछ । त्यसपछि २४७ वर्षसम्म राजा शूद्रकदेवको संवत् चल्नेछ । त्यसपछि ४९८ वर्षसम्म शक राजाको संवत् चल्नेछ । राजाहरूका यी संवत् क्रमैसँग बताइए ।]

(वि. सं. २०३४ मा त्रिभुवन-विश्वविद्यालयको संस्कृतअध्ययनसंस्थान वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादा १३ अङ्कका ८-४१ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तसँग मिली मैले लेखेको सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश भन्ने निबन्ध, सो अङ्क ८-१० पृष्ठ)

सुमतितन्त्रमा ताडपत्रमा प्राचीन लिपिमा थपघट नगरी क्रमैसँग माथिका श्लोक लेखिएका छन् ।

(१) कलिगत २००० वर्षसम्म युधिष्ठिरसंवत्
(२) कलिगत २००० वर्षको अन्त्यदेखि कलिगत २८०० वर्षसम्म नन्दसंवत्
(३) कलिगत २८०० वर्षको अन्त्यदेखि कलिगत २९३२ वर्षसम्म चन्द्रगुप्तसंवत्
(४) कलिगत २९३२ वर्षको अन्त्यदेखि कलिगत ३१७९ वर्षसम्म शूद्रकदेवसंवत्
(५) कलिगत ३१७९ वर्षको अन्त्यदेखि कलिगत ३६७७ वर्षसम्म शकसंवत्

चल्नेछन् भन्ने कुरा सुमतितन्त्रका माथि उद्धरण गरिएका श्लोकबाट बुझिएको छ ।

यताबाट कलिगताब्द ३६७७ तथा शकसंवत् ४९८ देखि अर्कै संवत् चल्नेछ भन्ने कुराको सूचना सुमतितन्त्रको मूलभागबाट निस्कन्छ ।

अहिले वि. सं. २०३५ मा शकसंवत् १९०० हुन्छ । यो कुरा पात्रो हेरे थाहा पाइन्छ ।

यस कारण वि. सं. तथा शकसंवत्को अन्तर २०३५-१९००=१३५ हुन्छ भन्ने स्पष्ट छ । ४९८+१३५ = ६३३ हुन्छ । यस कारण वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने कुराको सूचना सुमतितन्त्रको मूल भागबाट आउँछ ।

(२) सुमतितन्त्रमा पछिपछि थपिएका वाक्य

...कृतअम्बराग्नि - - -

- ेमानदेवाब्द प्रयुज्यमाना एतानि पिण्ड...

(सुमतितन्त्रको २ ख पत्रमा लेखिएका माथि उद्धरण गरिएका श्लोक लेखिसकेपछि काकपाद दिई माथितिर भिन्नै अक्षरमा लेखिएको वाक्य)

[त्यसपछि ३०४ वर्षसम्म मानदेवको संवत् चल्नेछ ।]

(मर्यादा १३ अङ्कका ९-१० पृष्ठ)

युधिष्ठिरदुर्ज्जोंधन उभो राज्याब्द	२०००
नन्दराज्याब्द	८००
चन्द्रगुप्तराज्याब्द	१३२
सुद्रकदेवराज्याब्द	२४७
शकराज्याब्द	४९८
मानन्देवस्य राज्याब्द	३०४

(सुमतितन्त्रको अन्तिम भागमा केही नयाँ अक्षरमा लेखिएका वाक्य । यहाँ पत्रसङ्ख्या देखिँदैन । मर्यादा १३ अङ्कको ९ पृष्ठ)

सुमतितन्त्रमा क्रमैसँग प्राचीन लिपिमा थपघट नगरी लेखिएको भागमा ४९८ वर्षसम्म शकसंवत् चल्छ भनी लेखिएकोले शकसंवत् ४९८ (वि. सं ६३३) पछि अर्को संवत् चल्छ भन्ने सूचना त्यहाँबाट आउँछ भनी माथि नै लेखियो ।

काकपाद दिई माथि थपिएको, केही नयाँ अक्षरमा लेखिएको भागबाट शकसंवत् ४९८ पछि चलेको संवत्को नाउँ मानदेवसंवत् हो, मानदेवसंवत् ३०४ वर्षसम्म चल्छ भन्ने भाव स्पष्ट हुन्छ ।

शकसंवत् ४९८ (वि. सं ६३३) पछि ३०४ वर्ष चल्ने मानदेवसंवत् शकसंवत् (४९८+३०४=) ८०२ सम्म तथा वि. सं (६३३+३०४=) ९३७ सम्म चल्छ भन्ने कुरो स्पष्ट हुन्छ ।

अहिले वि. सं. २०३५ मा नेपालसंवत् १०९८ हुन्छ ।[1] यो कुरो पात्रो हेरे थाहा पाइन्छ ।

---

१. कार्तिकशुक्लप्रतिपद्देखि नेपालसंवत् १०९९ हुन्छ ।

यस कारण वि. सं. तथा नेपालसंवत्को अन्तर २०३५-१०९८=९ हुन्छ भन्ने स्पष्ट हुन्छ । यताबाट वि. सं. ९३७ देखि नेपालसंवत् चले हो भन्ने बुझिन्छ ।

यस कारण सुमतितन्त्रमा काकपाद दिई माथि लेखिएको भाग नेपालसं चलिसकेपछि अर्थात् वि. सं ९३७ भन्दा पछि थपिएको हो तथा क्रमैसँग पहि लेखिएको भागचाहिँ वि. सं. ६३३ भन्दा पछि वि. सं. ९३७ भन्दा अघिको कु वर्षमा तयार भएको हो भन्ने कुरो स्पष्ट छ । सुमतितन्त्रको पछिल्लो भागमा के नयाँ अक्षरमा लेखिएको माथि उद्धृत गरिएको भाग पनि नेपालसंवत् चलिसकेप लेखिएको हो भन्ने सिद्ध हुन्छ । त्यसबाट पनि शकसंवत् ४९८ (वि. सं. ६३३) देखि मानदेवसंवत् चल्यो र सो संवत्को चलन ३०४ वर्षसम्म अर्थात् वि. सं. ९३७ सम्म रह्यो भन्ने बुझिन्छ ।[2]

(३) वि. सं. १७१२ मा सारिएको हरिवंशको पुष्पिकावाक्य

इति श्रीमहाभारते शतसाहस्र्यां वैयाशिक्यां संहितायां खिलेषु हरिवंशे पारिजातहर्रिवंशः समाप्तः संपूर्ण्णः ।।००।। संवत् नेपालिकः ‸ ७७५ ‸ जैष्टमासे शुक्लपक्षे पूर्ण्णमास्यां तिथौ शुक्रवासरे थव कु रामानन्देन लिखितं संपूर्ण्णं दिनं ।। शुक्लयोगे। शुभमस्तु ।। ज्येष्ठनक्षत्रे ।। ।। ।।

अथ ।। श्रीकलिराजवर्ष ४७५६।।…अथ ।। श्रीविक्रमाब्द ।।१७१२।। अथ श्रीशकंरराजवर्ष ।।१५७७।। … अथ श्रीमानदेवराजवर्ष ।।१०७९।। … अथ ।। स्वस्ति श्रीमत-नेपालिक ।। श्रेयोस्तु ।। सम्वत् ।।७७५।।[3]

(हरिवंशबाट । यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयमा

---

२. सुमतितन्त्रको प्रमाणको चर्चा प्राचीन नेपालको इतिहासको विषयमा ४० वर्ष यतादेखि लेख्ने प्रायः सबैले पक्ष वा विपक्षको रूपमा गरेका छन् ।

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ग्रन्थसङ्ख्या ई. ६९५९, रीलसङ्ख्या ई ३३८ ३३९ मा छ । यस पुष्पिका-वाक्यमा अरू अरू संवत् पनि दिइएका छन् । तो संवत्को प्रमाणपूर्वक मैले परिचय गर्न नसकेकोले तिनको उद्धरण यहाँ गरिएन ।)

यताबाट

कलिगतसंवत् – मानदेवसंवत् = ४७५६ – १०७९ = ३६७७
विक्रमसंवत् – मानदेवसंवत् = १७१२ – १०७९ = ६३३
शकसंवत् – मानदेवसंवत् = १५७७ – १०७९ = ४९८
मानदेवसंवत् – नेपालसंवत् = १०७९ – ७७५ = ३०४

सिद्ध हुन्छ ।

यस कारण वि. सं. १७१२ सम्म अर्थात् सो संवत्को चलनचलती छुटेको झण्डै ८०० वर्ष हुन लाग्दा पनि वि. सं. ६३३ देखि नयाँ संवत् चलेको थियो भन्ने कुराको सम्झना नेपालमा रहेको देखिन्छ ।

वीरपुस्तकालयमा रहेको हरिवंशको एक पुस्तकमा पनि यी संवत्हरूको चर्चा भएको कुरा वि.सं. २०२६ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित श्रीडिल्लीरमण रेग्मीको एन्शन्ट् नेपाल् (नेपालको प्राचीन इतिहास) को तेस्रो संस्करणको १११ पृष्ठमा परेको छ ।

(४) भोटका स-सक्य-पान-चेन (वि. सं १२३९-१३०८) को वाक्य

वि. सं. २०१८ मा रोमबाट इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्त्रेमो ओरियन्त् (मध्य र सुदूर पूर्वसम्बन्धी इटालीको विद्वत्संस्था) द्वारा प्रकाशित इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कका २२७-२३२

नेपालसंवत् ७७५ वि. सं. १७१२ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
आषाढ	१०	शुक्र	पूर्णिमा	५३।३०	ज्येष्ठा	९।५९	शुभ	३।१९

शुभयोग ३ घडी १९ पलासम्म रहन्छ । त्यसपछि शुक्लयोग लाग्छ । ज्येष्ठा-नक्षत्र ९ घडी ५९ पलासम्म रहन्छ । यस कारण ३ घडी १९ पलाउप्रान्त ९ घडी ५९ पलाभित्र हरिवंशको माथिको वाक्य लेखिएको देखिन्छ ।

यो गणना मैले र देवीप्रसाद भण्डारीले भिन्नाभिन्नै गरी भिडाई संशोधन गरी एकरूपता ल्याई तयार गरेका हौं ।

पृष्ठमा श्रीलूच्यानो पेतेकको द क्रोनलअजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध छापिएको छ । सो लेखमा वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने परम्परा भोटमा छ, वि. सं. १२३९-१३०८ का स-सक्य-पान-चेनले यही परम्परालाई आधार मानी कालगणना गरेका थिए भन्ने कुरा सिद्ध गरिएको छ। सुमतितन्त्रमा वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने जुन कुरा लेखिएको छ, सो कुरा भोटको परम्पराबाट पनि समर्थित छ भनी त्यहाँ श्रीपेतेकले लेखनुभएको छ । श्रीपेतेकको यस अन्वेषणको उल्लेख अरू इतिहासकारहरूले पनि गरेका छन् ।[४]

[नयराज पन्त (सहायक- महेशराज पन्त) को यो लेख पूर्णिमा ३१ अङ्कका ९५-९९ पृष्ठबाट लिइएको हो ।]

---

४. श्रीडिल्लीरमण रेग्मीको एन्शन्ट् नेपाल्‌को तेस्रो संस्करणका १०९-१११ पृष्ठ, वि. सं. २०३० मा काशीबाट भारतीय-विद्या-प्रकाशनद्वारा प्रकाशित श्रीराम गोयलको प्राचीन नेपाल का राजनीतिक और सांस्कृतिक इतिहासका ४५-४७ पृष्ठ

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकादा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन्

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारवटा आधार पाइएका छन् ।

(१) भक्तपुर इनाय्‌चोको अभिलेख

(वि. सं. २०३० वैशाख १ गते काठमाडौंबाट श्रीमदनमणि दीक्षितद्वारा प्रकाशित समीक्षाको १० पृष्ठमा छापिएको श्रीमोहनप्रसाद खनालको भक्तपुरमा प्राप्त संवत् ३१ को लिच्छवि कालको अप्रकाशित अभिलेख भन्ने निबन्धमा यो अभिलेख सर्वप्रथम प्रकाशित भएको हो ।)

(२) पाटन सुनधाराको अभिलेख

[वि. सं. १९४२ मा केम्ब्रिजबाट केम्ब्रिज युनिभर्सिटी प्रेसद्वारा प्रकाशित श्रीसेसिल बेन्डलको अ जर्नि अफ् लिट्‌अरअरि यान्ड् आर्कीओलजिकल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दर्न् इन्डिअ, ड्यूरङ द विन्टर् अफ् १८८४-५ (वि. सं. १९४१ को हिउँदमा नेपाल र उत्तरभारतमा वाङमय र पुरातत्त्वसम्बन्धी अन्वेषणको लागि भएको यात्रा) का ७४-७५ पृष्ठमा यो अभिलेख सर्वप्रथम प्रकाशित भएको हो ।]

(३) चाँगुको अंशुवर्माको अभिलेख

[वि. सं. २०३० आषाढमा काठमाडौंबाट त्रिभुवन-विश्वविद्यालयको नेपाल

र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित श्रीधनवज्र वज्राचार्यको लिच्छविकाल का अभिलेखको ३१७ पृष्ठमा यो अभिलेख सर्वप्रथम प्रकाशित भएको हो ।]

(४) केसरपुस्तकालयमा रहेको ६९९ सङ्ख्याको सौश्रुती संहिता सहोत्तरा नामक ग्रन्थको पुष्पिकावाक्य

[वि. सं. २०२३ मा काठमाडौंबाट नेपाली साहित्यसंस्थानद्वारा प्रकाशित हिमानीको ३ वर्ष २ अङ्कमा छापिएको श्रीबुद्धिसागर पराजुलीको हाम्रा प्राचीन हस्तलिखित पुस्तकहरू भन्ने निबन्ध (सो अङ्कको २१ पृष्ठ) मा यो पुष्पिकावाक्य सर्वप्रथम प्रकाशित भएको हो ।]

(१) बाट संवत् ३१ मा पौषमा अधिमास परेको थियो भन्ने थाहा पाइन्छ।
(२) बाट संवत् ३४ मा पौषमा अधिमास परेको थियो भन्ने थाहा पाइन्छ।
(३) बाट संवत् ३१ मा माघशुक्ल त्रयोदशीमा आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने थाहा पाइन्छ ।
(४) बाट संवत् ३०१ को वैशाखशुक्लसप्तमीमा आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने थाहा पाइन्छ ।

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो (यही ग्रन्थका १–६ पृष्ठ) ।

माथि उल्लिखित चारवटै मितिका गणना वि. सं. ६३३ देखि उठेको संवत्‌बाट मिल्छन् भनी अब यहाँ देखाइन्छ ।

माथिका ४ वटै मितिका गणना धेरै ग्रन्थबाट धेरै प्रकारबाट गरिएको छ। ती सबै गणना एकैपल्ट प्रकाश गर्नु सम्भव छैन । अहिलेलाई वि. सं. १९८३ मा बीजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीयतिथिगणितबाट गरिएका गणना यहाँ दिइन्छन् । चार जनाले[1] भिन्नाभिन्नै गणना गरी भिडाई संशोधन गरी एकरूपता ल्याई यो लेख तयार गरिएको हो । गणितको सामान्य ज्ञान भएका मानिस पनि गणना बुझ्न सकून् तथा भविष्यमा आफैं पनि गणना गर्न सकून् भन्ने भावले यहाँ सबै गणना दिइएका छन् । यसलाई परीक्षा गर्ने अधिकार सबैलाई छ ।

---

१. नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्त ।

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

अभिलेखको संवत् ३१ (=६३३+३१)=वि. सं. ६६४
यताबाट यो अभिलेख वि. सं. ६६४ मा राखिएको देखिन्छ ।
अब यो कुरा गणनाबाट सिद्ध गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुराको सङ्केत अनन्तलिङ्गेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखबाट पाइन्छ ।[२]

यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६६४ को कार्तिकदेखि वि. सं. ६६५ को आश्विनसम्म रहन्छ ।

विक्रमसंवत्बाट १३५ घटाए शकसंवत् आउँछ । यस कारण वि. सं. ६६४ (=६६४—१३५) = शकसंवत् ५२९ हुन्छ । यस कारण अभिलेखको संवत् ३१ शकसंवत् ५२९ कार्तिकदेखि ५३० आश्विनसम्म रहन्छ । वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीय-तिथिगणितमा छापिएको अधिमासक्षयमाससारणीमा शकसंवत् ५३० को ज्येष्ठमा अधिमास छ । सो अधिमास अभिलेखको संवत् ३१ ज्येष्ठमा पर्छ ।

---

२. वि. सं. २०१८ वैशाखमा काठमाडौंबाट संशोधन-मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको अभिलेख-संग्रह पहिलो भागका ३५-३८ पृष्ठमा अनन्तलिङ्गेश्वरको यो अभिलेख सर्वप्रथम छापिएको हो ।

…कार्तिकशुक्लैकादश्याम्…माघशुक्लद्वादश्याम्…फाल्गुन-मासे…ज्येष्ठशुक्लैकादश्याम्…

(लिच्छविकालका अभिलेखको ४८६ पृष्ठ)

यस अभिलेखमा कार्तिक, माघ, फाल्गुन, ज्येष्ठ यो महीना क्रमैसंग लेखिएका हुनाले अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि रहेछ भन्ने कुरा थाहा पाइन्छ ।

मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ।।[३]

(वीरपुस्तकालय पहिलो १६३४ सङ्ख्याको ताडपत्रमा लेखिएको धर्मनिर्णयतिथिसारसङ्ग्रहको २२ क पत्र)

[माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ र आषाढमा अधिमास परे पण्डित दुइटा पौष मान्छन् ।]

अभिलेखको संवत् ३१ को ज्येष्ठमा परेको अधिमास धर्मनिर्णयतिथिसारसङ्ग्रहको माथि उद्‌धृत यस वचनअनुसार पौषमा लिइने भयो ।

यस कारण भक्तपुर इनाय्‌चोको उक्त अभिलेखमा रहेको

संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

यस वाक्यको सङ्गति लाग्यो ।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

अभिलेखको संवत् ३४ (=६३३+३४) = वि. सं. ६६७
(=६६७—१३५) = शकसंवत् ५३२ हुन्छ ।

यस कारण अभिलेखको संवत् ३४ शकसंवत् ५३२ कार्तिकदेखि शकसंवत् ५३३ आश्विनसम्म रहन्छ ।

सौरार्यब्राह्मपक्षीय–तिथिगणितको अधिमासक्षयमाससारणीमा शकसंवत्

३. वि. सं. २०१५ मा रोमबाट इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्त्रेमो ओरियन्त् (मध्य र सुदूर पूर्वसम्बन्धी इटालीको विद्वत्संस्था) द्वारा प्रकाशित श्रीलूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास) को १८ पृष्ठमा यो वाक्य सर्वप्रथम छापिएको हो ।

५३३ को वैशाखमा अधिमास छ। सो अधिमास धर्मनिर्णयतिथिसारसङ्ग्रहको माथि उद्धृत वचनअनुसार पौषमा लिइने भयो।

यस कारण पाटन सुनधाराको उक्त अभिलेखमा रहेको

संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्

यस वाक्यको सङ्गति लाग्यो।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्यास्पुष्येण सवितुर्दिने

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतवार]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ।

अब गणितद्वारा यसको परीक्षा गरिन्छ।

अभिलेखको संवत् ३१(=६३३+३१) = वि. सं. ६६४
(=६६४—१३५) = शकसंवत् ५२९ हुन्छ।

अभिलेखको संवत् ३१ को पौषमा अधिमास लिइएको थियो भन्ने कुरा भक्तपुर इनाय्चोको अभिलेख (१ सङ्ख्या) को प्रसङ्गमा परिसकेको छ।

यस कारण चैत्र १, वैशाख २, ज्येष्ठ ३, आषाढ ४, श्रावण ५, भाद्र ६, आश्विन ७, कार्तिक ८, मार्ग ९, प्रथमपौष १०, द्वितीयपौष ११ यी गतमास हुन्छन्।

तिथिगण = चैत्रशुक्ल प्रतिपदादेखि इष्टदिनसम्मका तिथि
= चैत्रादि गतचान्द्रमास × ३० + वर्तमान चान्द्रमासका शुक्लादि वर्तमान तिथि

= ११ × ३० + १३ = ३३० + १३ = ३४३

सौरार्यब्राह्मपक्षीय-तिथिगणितमा शकसंवत् १८००(वि. सं. १९३५) देखि वर्षगण उठाइएको छ। यस कारण

वर्षगण = इष्टशकसंवत्—१८०० = ५२९—१८०० = —१२७१

उपकरण वर्षगण ऋण १२७१ भएकोले वर्षगण १२७१ को गति ले क्षेपक (शकसंवत् १८०० का तिथि, वारादि, चन्द्रकेन्द्र, सूर्यकेन्द्र, नक्षत्रका ध्रु बाट घटाई शकसंवत् ५२९ को प्रारम्भको ध्रुव ल्याउनुपऱ्यो ।

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

वर्ष	तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्ष न.
१०००	२४	४। ५६। ८	९।१९·५	११। २९·२	२१। ४
२००	२२	५। ४७। ५९	१।१७·६	११। २९·१	१९। ५
७०	२४	३। ३४। ५९	१०।२०·१	११। २९·५	२१। ४
१	११	१। ११। ४२	३। १·४	११। २९·९	९। ७
१२७१	८१	१३।१४८।१६८	२३।५८·६	४४।११७·७	७०।२१
१२७१	२१	१। ३०। ४८	०।२८·६	११। २७·७	१८। ५
क्षेपक १८००	१२	१। १८। १०	५।२२·७	९। १२·२	१०। ६
वर्षगण ऋण १२७१को गति	२१	१। ३०। ४८	०।२८·६	११। २७·७	१८। ५
शक ५२९को प्रारम्भको ध्रुव	२१	६। ४७। २२	४।२४·१	९। १४·५	१९।

तिथिगण = ३४३

ध्रुवतिथि = २१

३४३—२१ = ३२२

यस कारण २ कोष्ठको उपकरण ३२२ हुने भयो ।

तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्षत्र न. क.	
२१	६। ४७।२२	४।२४·१	९।१४·५	१९। ७२·०	१ कोष्ठद्वारा गणनाबाट आएको वर्षादिको ध्रुव
३००	१। १८।२१	८।१८·२	९।२१·१	२१। ६६३·३	२ कोष्ठबाट
२०	५। ४१।१३	८।१७·२	०।१९·४	१९। ३६४·२	
२	१। ५८। ७	०।२५·७	०। १·९	१।७५६·४	
३४३	१३।१६४।६३	२०।८५·२	१८।५६·९	६०।१८५५·९	
३४३	१। ४५। ३	१०।२५·२	७।२६·९	८। २५५·९	

मध्यम गणना सकियो ।

चन्द्रमन्दफल तथा चन्द्रगति ल्याएको

	रा.	अं.
उपकरण चन्द्रमन्दकेन्द्र =	१०।	२५·२

३ कोष्ठबाट

चन्द्रमन्दकेन्द्र		चन्द्रमन्दफल
रा.	अं.	कला
१०।	२५	—१७२·८
१०।	२६	—१६८·५
	अन्तर	+ ४·३

अन्तर + ४·३	—१७२·८
शेष × ·२	+ ·८६
+ ·८६	—१७१·९४

∴ चन्दमन्दफलकला = —१७१·९४

५ कोष्ठबाट

चन्द्रगतिकला = ७३८

सूर्यमन्दफल तथा सूर्यगति ल्याएको

	रा.	अं.
उपकरण सूर्यमन्दकेन्द्र =	७।	२६·९

४ कोष्ठबाट

सूर्यमन्दकेन्द्र		सूर्यमन्दफल
रा.	अं	कला
७।	२६	+ १०८·३
७।	२७	+ १०९·६
	अन्तर	+ १·३

अन्तर + १·३	+ १०८·३
शेष × ·९	+ १·१७
+ १·१७	+ १०९·४७

∴ सूर्यमन्दफलकला = १०९·४७

५ कोष्ठबाट

सूर्यगतिकला = ६०

मध्यमतिथ्यन्तकाल तथा स्पष्टतिथ्यन्तकालको अन्तर (तिथिपराख्य) ल्याएको

चन्द्रमन्दफलकला	= − १७१·९४
सूर्यमन्दफलकला	= + १०९·४७
चन्द्रसूर्यमन्दफलयोगकला	= − ६२·४७

चन्द्रगतिकला	= ७३८
सूर्यगतिकला	= ६०
चन्द्रसूर्यको गत्यन्तरकला	= ६७८

$$\text{तिथिपराख्य} = \frac{\text{चन्द्रसूर्यमन्दफलयोगकला} \times ६०}{\text{चन्द्रसूर्यगत्यन्तरकला}}$$

$$= \frac{-६२\cdot४७ \times ६०}{६७८} = \frac{-३७४८\cdot२०}{६७८}$$

घ. प. घ. प.

= − (५। ३१·७) अर्थात् ५। ३२ ऋण

घ. प.

६७८०)३७४८२(५। ३१·६
३३९००
३५८२ × ६०

११३) ३५८२
३३९
१९२
११३
७९०
६७८
११२

स्पष्टतिथ्यन्तकाल ल्याएको

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	१।	४५।	३
तिथिपराख्य	=	—	५।	३२
स्पष्टतिथ्यन्तकाल	=	१।	३९।	३१

यताबाट माघशुक्ल त्रयोदशीको समाप्ति आइतबार ३९ घडी ३१ पला बितेपछि हुने देखियो । लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो ।

नक्षत्रसाधन

न.	क.
८।	२५५·९

यसको अर्थ आठौं नक्षत्र तिष्य गतनक्षत्र हो, नवौं अश्लेषाको भुक्तकला २५५·९ भन्ने हुन्छ ।

मध्यमतिथ्यन्तकालमा अश्लेषाको भुक्तकाल (नक्षत्रपराख्य) ल्याएको

अश्लेषाको भुक्तकला	=	— २५५·९
चन्द्रमन्दफलकला	=	— १७१·९४
अश्लेषाको स्पष्टभुक्तकला	=	—४२७·८४

$$\text{नक्षत्रपराख्य} = \frac{\text{अश्लेषाको स्पष्टभुक्तकला} \times ६०}{\text{चन्द्रगतिकला}}$$

$$= \frac{—४२७·८४ \times ६०}{७३८} = \frac{—२५६७०·४०}{७३८}$$

घ. प.

= —(३४। ४७)

घ. प.

```
७३८०)२५६७०४(   ३४। ४७
     २२१४०
     ─────
      ३५३०४
      २९५२०
      ─────
       ५७८४
```

$$\frac{५७८४ \times ६०}{}$$

```
१२३)५७८४
    ४९२
    ----
     ८६४
     ८५१
     ----
      १३
```

	घा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	= १।	४५।	३
नक्षत्रपराख्य	= —	३४।	४७
तिष्यनक्षत्रको समाप्तिकाल	= १।	१०।	१६

यताबाट तिष्यनक्षत्रको समाप्ति आइतबार १० घडी १६ पलामा हुने भयो। लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो ।

अब काठमाडौंको समय ल्याइन्छ ।

रेखान्तरसंस्कार ल्याएको

रेखादेशबाट काठमाडौं ९२ योजन पूर्वमा छ । यस कारण काठमाडौंको रेखान्तर $= ९२ — \frac{१}{४}$ स्व $= ९२ — \frac{९२}{४} = ९२ — २३ = ६९$ पल

घ. प.
= १। ९

रेखादेशबाट काठमाडौं पूर्वमा भएको हुनाले काठमाडौंमा रेखान्तरसमय धनात्मक हुन्छ ।

भुजान्तरसंस्कार ल्याएको

	रा.	अं.
उपकरण सूर्यमन्दकेन्द्र =	७।	२६·९

६ कोष्ठबाट

सूर्यमन्दकेन्द्र			भुजान्तरसंस्कार
रा.	अं.		पला
७।	२६		—१६·८
७।	२७		—१७·१
		अन्तर	—०· ३

```
अन्तर   — ·३          — १६·८
शेष     × ·९          —   ·२७
        ———————        ————————
        — ·२७          — १७·०७
```

यस कारण

भुजान्तरसंस्कार पला = —१७

अयनांश ल्याएको

```
शकसंवत्   ५२९
         — ४४४
         ———————
      ६० ) ८५ ( १·४ अंश
           ६०
           ——
           २५
```

अनयांश = १·४ अंश

```
६० ) १०९·४७ ( १·८२ अंशात्मक सूर्यमन्दफल
     ६०
     ——
     ४९४
     ४८०
     ———
      १४७
      १२०
      ———
       २७
```

सायनस्पष्टसूर्य ल्याएको

		रा.	अं.
सूर्यमन्दकेन्द्र	=	७।	२६·९
सूर्यमन्दोच्च	=	२।	१८
सूर्यमन्दफल	=		१·८
अयनांश	=		१·४
सायनस्पष्टसूर्य	=	१०।	१८·१

१ अङ्गुल पलभा भएको देशको चर ल्याएको

		रा.	अं.
उपकरण सायनस्पष्टसूर्य	=	१०।	१८·१

६ कोष्ठबाट

सायनस्पष्टसूर्य		चर
रा.	अं.	पला
१०।	१८	—१३·१
१०।	१९	—१२·८
	अन्तर	+ ·३

अन्तर + ·३ —१३·१
शेष × ·१ + ·०३
+·०३ —१३·०७

∴ १ अङ्गुल पलभा भएको देशको चरपला = —१३·०७

काठमाडौंको चर ल्याएको

१ अङ्गुल पलभा भएको देशको चरपला = —१३·०७
काठमाडौंको अङ्गुलात्मक पलभा = × ६·२

२६१४
७८४२

काठमाडौंको चरपला = —८१·०३४

काठमाडौंको चर = — (१ घडी २१ पला)

	घ. प.
रेखान्तर	= + १। ९
भुजान्तर	= — ।१७
चर	= — १।२१
	— १।३८
	+ १। ९
त्रिफलसंस्कार	= — ०।२९

लङ्काको मध्यमसूर्योदयकाल र काठमाडौंको स्पष्टसूर्योदयकालको अन्तर (त्रिफलसंस्कार) ऋण ० घडी २९ पला हुन्छ ।

		माघशुक्ल त्रयोदशीको समाप्तिकाल वा. घ. प.	तिष्यनक्षत्रको समाप्तिकाल वा. घ. प.
लङ्काको मध्यमसूर्योदयदेखि बितेको समय	=	१।३९।३१	१।१०।१६
त्रिफलसंस्कार	=	— ।२९	—।२९
काठमाडौंको स्पष्टसूर्योदयदेखि बितेको समय	=	१।३९। २	१। ९।४७

यति गणनाबाट

अभिलेखको संवत् (मानदेवसंवत्) ३१ विक्रमसंवत् ६६४ शाके ५२९ माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
आदित्य	त्रयोदशी	३९ । २	तिष्य	९ । ४७

यसरी चांगुको अंशुवर्माको अभिलेखमा लेखिएका तिथि, वार, नक्षत्र सबै ट्वाक्क मिल्न आए ।

(४) वर्षे चैकोत्तरस्मिस्त्रितयशतगते माधवे मासि शुक्ले
सप्तम्यां पुष्यऋक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे ।।

(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी तिष्यनक्षत्र आइतवार सिद्धयोग]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।

अब गणितद्वारा यसको परीक्षा गरिन्छ ।

अभिलेखको संवत् ३०१(=६३३+३०१)=वि. सं. ९३४
(=९३४—१३५)=शकसंवत् ७९९ हुन्छ ।

अभिलेखको संवत् कार्तिकादि हुनाले वि. सं. ९३४ (शकसंवत् ७९९) को कार्तिकदेखि वि. सं. ९३५ (शकसंवत् ८००) को आश्विनसम्म अभिलेखको संवत् ३०१ रहन्छ । अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस वेला वि. सं. ९३५ (शकसंवत् ८००) हुन्छ

तिथिगण = चैत्रशुक्ल प्रतिपदादेखि इष्टदिनसम्मका तिथि
= चैत्रादि गतचान्द्रमास × ३० + वर्तमान चान्द्रमासका शुक्ल
वर्तमान ति

= १ × ३० + ७ = ३० + ७ = ३७

वर्षगण = इष्टशकसंवत्—१८०० = ८००—१८०० = —१०००

उपकरण वर्षगण ऋण १००० भएकोले वर्षगण १००० को गति क्षेपक (शकसंवत् १८०० का तिथि, वारादि, चन्द्रकेन्द्र, सूर्यकेन्द्र, नक्षत्रका ध्रु बाट घटाई इष्टशकसंवत् ८०० को प्रारम्भको ध्रुव ल्याउनुपर्‍यो ।

सूर्यसिद्धान्तानुसारी १ कोष्ठबाट

वर्ष	तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्षत्र न. क.
क्षेपक १८००	१२	१।१८।१०	५।२२·७	९।१२·२	१०।६५२·
वर्षगण ऋण १००० को गति	२४	४।५६। ८	९।१९·५	११।२९·२	२१।४३१·१
शक ८०० को प्रारम्भको ध्रुव	१८	३।२२। २	८। ३·२	९।१३·०	१६।२२०·

तिथिगण = ३७
ध्रुवतिथि = १८
३७—१८ = १९

यस कारण २ कोष्ठको उपकरण १९ हुने भयो ।

तिथि	वारादि वा. घ. प.	चन्द्रकेन्द्र रा. अं.	सूर्यकेन्द्र रा. अं.	नक्षत्र न. क.	
१८	३। २२। २	८। ३·२	९।१३·०	१६। २२०·६	१ कोष्ठद्वारा गणनाबाट आएको वर्षादिको ध्रुव
१०	२। ५०।३७	४। ८·६	०। ९·७	९। ५८२·१	२ कोष्ठबाट
९	१। ५१।३२	३।२५·७	०। ८·७	८। ६०३·९	
३७	६।१२३।७१	१५।३७·५	९।३१·४	३३।१४०६·६	
३७	१। ४।११	४। ७·५	१०। १·४	७। ६०६·६	

मध्यम गणना सकियो ।

चन्द्रमन्दफल तथा चन्द्रगति ल्याएको

रा. अं.

उपकरण चन्द्रमन्दकेन्द्र = ४। ७.५

३ कोष्ठबाट

चन्द्रमन्दकेन्द्र		चन्द्रमन्दफल
रा. अं.		कला
४। ७		+२४०·६
४। ८		+२३७·५
	अन्तर	— ३·१

अन्तर —३·१	+२४०·६
शेष × ·५	— १·५५
—१·५५	+२३९·०५

∴ चन्द्रमन्दफलकला = २३९·०५

५ कोष्ठबाट

चन्द्रगतिकला = ८३०

सूर्यमन्दफल तथा सूर्यगति ल्याएको

रा. अं.

उपकरण सूर्यमन्दकेन्द्र = १०। १·४

४ कोष्ठबाट

सूर्यमन्दकेन्द्र		सूर्यमन्दफल
रा. अं.		कला
१०। १		+११२·०
१०। २		+११०·८
	अन्तर	— १·२

अन्तर —१·२	+११२·०
शेष × ·४	— ·४८
— ·४८	+१११·५२

∴ सूर्यमन्दफलकला = १११·५२

५ कोष्ठबाट

सूर्यगतिकला = ५८

मध्यमतिथ्यन्तकाल तथा स्पष्टतिथ्यन्तकालको अन्तर (तिथिपराख्य ल्याएको

चन्द्रमन्दफलकला	= + २३९·०५
सूर्यमन्दफलकला	= + १११·५२
चन्द्रसूर्यमन्दफलयोगकला	= + ३५०·५७

चन्द्रगतिकला	= ८३०
सूर्यगतिकला	= ५८
चन्द्रसूर्यगत्यन्तरकला	= ७७२

$$\text{तिथिपराख्य} = \frac{\text{चन्द्रसूर्यमन्दफलयोगकला} \times ६०}{\text{चन्द्रसूर्यगत्यन्तरकला}}$$

$$= \frac{+ ३५०·५७ \times ६०}{७७२} = \frac{+ २१०३४·२०}{७७२}$$

घ. प. घ. प.

= + (२७। १४·८) अर्थात् २७। १५ धन

घ. प.

७७२०)२१०३४२(२७। १४·८

१५४४०

५५९४२

५४०४०

१९०२ × ६०

३८६)१९०२ × ३

५७०६

३८६

१८४६

१५४४

३०२०

३०२०

३०८८

— ६८

स्पष्टतिथ्यन्तकाल ल्याएको

		वा.	घ.	प.
मध्यमतिथ्यन्तकाल	=	१।	४।	११
तिथिपराख्य	=	+	२७।	१५
स्पष्टतिथ्यन्तकाल	=	१।	३१।	२६

यताबाट वैशाखशुक्ल सप्तमीको समाप्ति आइतबार ३१ घडी २६ पला बितेपछि हुने देखियो । लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो ।

नक्षत्रसाधन

न.	क.
७।	६०६·६

यसको अर्थ सातौं नक्षत्र पुनर्वसु गतनक्षत्र हो, आठौं तिष्यको भुक्तकला ६०६·६ भन्ने हुन्छ ।

मध्यमतिथ्यन्तकालदेखि तिष्यको भोग्यकाल (नक्षत्रपराख्य) ल्याएको

तिष्यको जम्मा कला	=	८००
तिष्यको भुक्तकला	=	—६०६·६
तिष्यको भोग्यकला	=	+१९३·४

तिष्यको भोग्यकला	=	+१९३·४
चन्द्रमन्दफलकला	=	+२३९·०५
तिष्यको स्पष्टभोग्यकला	=	+४३२·४५

$$\text{नक्षत्रपराख्य} = \frac{\text{तिष्यको स्पष्टभोग्यकला} \times ६०}{\text{चन्द्रगतिकला}}$$

$$= \frac{+४३२·४५ \times ६०}{८३०} = \frac{+२५९४७·००}{८३०}$$

घ. प.

= + (३१। १६) मध्यमतिथ्यन्तकालदेखि तिष्यको भोग्यकाल

```
                घ.  प.
८३० ) २५९४७ ( ३१। १६
      २४९०
      ----
      १०४७
       ८३०
      ----
       २१७ × ६०
      --------
 ८३ ) २१७ × ६
      -------
       १३०२
        ८३
      ----
        ४७२
        ४९८
      ----
       —२६
```

	वा. घ. प.
मध्यमतिथ्यन्तकाल	= ११ ४। ११
नक्षत्रपराख्य	= + ३१। १६
तिष्यनक्षत्रको समाप्तिकाल	= ११ ३५। २७

यताबाट तिष्यनक्षत्रको समाप्ति आइतवार ३१ घडी २७ पलामा भयो। लङ्काको मध्यमसूर्योदयकालदेखि बितेको समय यो हो।

अब काठमाडौंको समय ल्याइन्छ।

	घ. प.
काठमाडौंको रेखान्तर	= + ११ ९

भुजान्तरसंस्कार ल्याएको

	रा. अं.
उपकरण सूर्यमन्दकेन्द्र	= १०। १·४

६ कोष्ठबाट

सूर्यमन्दकेन्द्र रा. अं.	भुजान्तरसंस्कार पला
१०। १	— १७·७
१०। २	— १७·४
अन्तर	+ ·३

अन्तर + ·३ —१७·७
शेष × ·४ + ·१२
+ ·१२ —१७·५८

यस कारण

भुजान्तरसंस्कारपला = —१८

अयनांश ल्याएको

शकसंवत् ८००
—४४४
६०) ३५६ (५·९ अंश
३००
५६
५४
२

अयनांश = ५·९ अंश

६०) १११·५२ (१·८६ अंशात्मक सूर्यमन्दफल
६०
५१५
४८०
३५२
३६०
—८

सायनस्पष्टसूर्य ल्याएको

	रा. अं.
सूर्यमन्दकेन्द्र	१०। १·४
सूर्यमन्दोच्च =	२।१८
सूर्यमन्दफल =	१·९
अयनांश =	५.९
सायनस्पष्टसूर्य =	१२।२७·१

यस कारण

	रा.	अं.
सायनस्पष्टसूर्य =	०।	२७·२

१ अङ्‌गुल पलभा भएको देशको चर ल्याएको

	रा.	अं.
उपकरण सायनस्पष्टसूर्य =	०।	२७·२

६ कोष्ठबाट

सायनस्पष्टसूर्य		चर
रा.	अं	पला
०।	२७	+९·०
०।	२८	+९·३
	अन्तर	+ ·३

अन्तर + ·३　　　　+९·०
शेष × ·२　　　　+ ·०६
+ ·०६　　　　+९·०६

∴ १ अङ्गुल पलभा भएको देशको चरपला = +९·१

काठमाडौंको चर ल्याएको

१ अङ्गुल पलभा भएको देशको चरपला = + ९·१
काठमाडौंको अङ्गुलात्मक पलभा = × ६·२
१८२
५४६
काठमाडौंको चरपला = + ५६·४२

		घ.	प.
रेखान्तर	=	+ १।	९
भुजान्तर	=	— ।	१८
चर	=	+ ।	५६
		+ २।	५
		— ।	१८
त्रिफलसंस्कार	=	+ १।	४७

लङ्काको मध्यमसूर्योदयकाल र काठमाडौंको स्पष्टसूर्योदयकालको अन्तर (त्रिफलसंस्कार) धन १ घडी ४७ पला हुन्छ ।

		वैशाखशुक्ल सप्तमीको समाप्तिकाल	तिष्यनक्षत्रको समाप्तिकाल
		वा. घ. प.	वा. घ. प.
लङ्काको मध्यमसूर्योदयदेखि बितेको समय	=	१। ३१। २६	१। ३५। २७
त्रिफलसंस्कार	=	+ १। ४७	+ १। ४७
काठमाडौंको स्पष्टसूर्योदयदेखि बितेको समय	=	१। ३३। १३	१। ३७। १४

यति गणनाबाट

अभिलेखको संवत् (मानदेवसंवत्) ३०१ विक्रमसंवत् ९३५ शाके ८००

वैशाखशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आदित्य	सप्तमी	३३।	१३	तिष्य	३७।	१४

सूर्येऽर्कमूलोत्तरपुष्यदास्रं . . . ।।२८।।

. . . सर्वाऽर्थसिद्धयै कथितानि पूर्वैः ।।२९।।

(मुहूर्तचिन्तामणि शुभाशुभप्रकरण)

[आइतवार अश्विनी, तिष्य, उत्तरफाल्गुनी, हस्त, मूल, उत्तराषाढा, उत्तरभाद्र नक्षत्र परेमा सर्वार्थसिद्ध योग पर्छ भनी पूर्वाचार्यहरूले बताएका छन् ।]

यताबाट आइतवार तिष्यनक्षत्र परेकोले सर्वार्थसिद्ध (सिद्ध) योग पर्‍यो ।

यसरी सौश्रुती संहिता सहोत्तरामा लेखिएका तिथि, वार, नक्षत्र, योग सबै ट्वाक्क मिले ।

वि. सं. ६३३ (शकसंवत् ४९८) देखि नयाँ संवत् चल्यो भन्ने कुरा सुमतितन्त्रको मूल भाग र भोटको लेखबाट थाहा पाइन्छ । वि. सं. ६३३ देखि मानदेवसंवत् चल्यो भन्ने कुरा सुमतितन्त्रको पछि लेखिएको भाग र हरिवंशको पुष्पिकाबाट थाहा पाइन्छ । यी चारवटै प्रमाणबाट वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने कुरा निश्चित हुन्छ ।

गणनाबाट

१— भक्तपुर इनाय्चोको अभिलेखको संवत् ३१ को पौषको अभि
(६३३+३१ =) वि. सं. ६६४ को पौषमा देखियो ।

२— पाटन सुनधाराको अभिलेखको संवत् ३४ को पौषको अधि
(६३३+३४ =) वि. सं. ६६७ को पौषमा देखियो ।

३— चांगुको अंशुवर्माको अभिलेखको संवत् ३१ को माघशुक्ल त्रयो
आइतवार तिष्यनक्षत्र (६३३ + ३१ =) वि. सं. ६६४ को मा
शुक्ल त्रयोदशीमा ट्वाक्क मिले ।

४— सौश्रुती संहिता सहोत्तराको संवत् ३०१ को वैशाखशुक्ल सप्त
आइतवार तिष्यनक्षत्र सिद्धयोग (६३३+३०१ =) वि. सं. ९
(अभिलेखको संवत् कार्तिकादि हुँदा अभिलेखको संवत् ३
वैशाखशुक्ल वि. सं. ९३५ को वैशाखमा पर्छ) वि. सं. ९३५
वैशाखशुक्ल सप्तमीमा ट्वाक्क मिले ।

वि. सं. ६३३ देखि नयाँ संवत् चल्यो भन्ने प्राचीन लेख पाइएको र संवत् लिई गणना गर्दा पाइए जति सबै तिथिमिति मिलेकाले अंशुवर्मादेखि लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भन्ने कुरामा केही शङ्का रहँदैन ।

[नयराज पन्त (सहायक – देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्त) को यो लेख पूर्णिमा ३९ अङ्कका १००—११८ पृष्ठबाट लिइएको हो ।]

*

वि. सं. ६३३ देखि चलेको संवत्लाई सकार्दा मात्र अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूका अभिलेखमा पाइएका सबै तिथिमिति ट्वाक्क मिल्छन् भनी देखाउने सारणी

नयराज पन्त (सहायक– देवीप्रसाद भण्डारी, केशवचन्द्र न्यौपाने) ले तयार पारी वि. सं. २०३८ मा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित गरेको सारणी यो हो । त्यसमा अलिकता संशोधन भएको छ ।

सारणीको उत्तर पक्ष (सुमतितन्त्र आदिले देखाएको संवत्) को विषयमा यही ग्रन्थका १-६ पृष्ठमा लेखिएको छ तथा त्यसअनुसारको गणनाविषय पनि यही ग्रन्थका ७–२८ पृष्ठमा परिसकेको छ । यस सारणीका गणना गर्ने नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल तथा दिनेशराज पन्त हुन् । पूर्व पक्षका गणनाचाहिं मतप्रवर्तकहरूको मतको परीक्षा गर्ने क्रममा ती ती ठाउँमा क्रमैले दिइनेछन् ।

सुमतितन्त्रमा उल्लेख भएको संवत्को पहिला प्रस्तावक हेमराज शर्मा हुन् । [काशीप्रसाद जायसवालको क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल् (नेपालको कालनिर्णय र इतिहास) का ३३–३४ पृष्ठ] ।

नयराज पन्त, देवीप्रसाद भण्डारी तथा दिनेशराज पन्तद्वारा सम्पादित भई त्रिभुवन–विश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रबाट वि. सं. २०३५ मा सुमतितन्त्र प्रकाशित भएको छ ।

क्र. सं	मतप्रवर्तक	मत	संवत् ३१ को पौषको अधिमास	संवत् …
१.	भगवानलाल इन्द्राजी	वि. सं. ६६३ देखि उठेको हर्षसंवत्	मिल्छ	मि…
२.	जोन फेथफुल फ्लीट	वि. सं. ६६२ देखि उठेको हर्षसंवत्	मिल्दैन	मि…
३.	सिलभाँ लेभी	वि. सं. ६५२ देखि उठेको भोटे संवत्	मिल्छ	मि…
४.	रमेशचन्द्र मजूमदार	वि. सं. ६३५ देखि उठेको संक्षिप्त शकसंवत्	मिल्दैन	मि…
५.	हितनारायण झा	वि. सं. ६३१ देखि उठेको अंशुवर्मसंवत्	मिल्दैन	मि…
६.	बालचन्द्र शर्मा	वि. सं. ६२८ देखि उठेको ठकुरीसंवत्	मिल्दैन	मि…
७.	शङ्करमान राजवंशी	वि. सं. ६०९ देखि उठेको अंशुवर्मसंवत्	मिल्दैन	मि…
८.	के. जी. शङ्कर	वि. सं. ५९५ देखि उठेको यशोधर्मसंवत्	मिल्छ	मि…

उत्तर…

१.	वीरपुस्तकालयको चौथो सङ्ख्यामा रहेको ताडपत्रमा लेखिएको "सुमतितन्त्र"	वि. सं. ६३३ देखि उठेको मानदेवसंवत्	मिल्छ	मिल…

पक्ष

संवत् ३१ माघशुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतवार	संवत् ३०१ वैशाखशुक्ल सप्तमी तिष्यनक्षत्र आइतवार सिद्धयोग	मिल्ने	नमिल्ने
मिल्छ	मिल्छ	३	१
मिल्दैन	मिल्दैन	०	४
मिल्दैन	मिल्दैन	२	२
मिल्दैन	मिल्दैन	०	४
मिल्दैन	मिल्दैन	०	४
मिल्दैन	मिल्दैन	०	४
मिल्छ	मिल्छ	२	२
मिल्दैन	मिल्छ	३	१

पक्ष

मिल्छ	मिल्छ	४	०

अंशुवर्माभन्दा अघिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को निर्णय गर्न वेदाङ्गज्यौतिष सघाउनुपर्‍यो

अंशुवर्माको अभिलेखमा वारको प्रयोग देखिएकोले र सिद्धान्तज्योतिष ग्रन्थमा वार मुख्य भएकोले अंशुवर्माले सिद्धान्तज्यौतिषको अनुसरण गरेका हुन् भन्ने देखिन्छ। सुमतितन्त्र सिद्धान्तज्योतिषको ग्रन्थ हो। सुमतितन्त्रबाट वि.सं. ६३२ देखि नयाँ संवत् चलेको सूचना पाइन्छ। सो संवत्लाई सकारी अंशुवर्मादेखिका लिच्छवि राजाहरूका अभिलेखमा देखिएका तिथिमितिको गणना गर्दा ती तिथिमिति ट्वाक्क मिल्छन्। यस कारण सुमतितन्त्रले सूचित गरेको संवत्को प्रामाणिकता सिद्ध हुन्छ। यी कुरालाई हामीले माथिका तीनवटा निबन्धमा देखाएका छौं। अब हामी अंशुवर्माभन्दा अघिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को निर्णयतिर लाग्दछौं।

अभिलेखा लिच्छवीनां द्विशत्या२००सन्नतां गताः।
प्रत्नतत्त्वविदाम् अद्य यावद् दृक्पथमागमन्॥१॥
चान्द्रा मासा हि सर्वेषु दृश्यन्ते तेषु कीर्तिताः।
अधिमासप्रसङ्गोऽस्माद् दुर्लभत्वं न गच्छति॥२॥
आषाढपौषयोर् एवाऽधिमासस् तेषु दृश्यते।
अन्येषु मासेषु सर्वेषु समता तत्र विद्यते॥३॥

मासे पौषे च माघे च सिद्धान्तोदितवर्त्मना ।
सम्भवोऽधिकमासस्य गणितेन न जायते ॥४॥

फाल्गुनाऽद्येषु मासेषु कार्तिकाऽवधिकेषु हि ।
अधिमासाः प्रजायन्ते गणितेन पुनः पुनः ॥५॥

क्षयमासप्रसङ्गेन मार्गे मासे कदाचन ।
सम्भवोऽधिकमासस्य गणनायां प्रजायते ॥६॥

येषु मासेषु जायन्तेऽधिमासा गणनाविधौ ।
अभिलेखेषु नेक्ष्यन्ते तेषु मासस्वधिमासकाः ॥७॥

यस्मिन् मासे गणनयाऽधिमासो नैव जायते ।
तस्मिन् मासेऽभिलेखेषु दृश्यते स पुनः पुनः ॥८॥

असत्तायां दृष्टिमाप्तः सत्तायां तु न वीक्षितः ।
अधिमासो वितनुते गणकान् व्याकुलाऽऽत्मनः ॥९॥

आचार्यलगधप्रोक्तं वेदाङ्गज्यौतिषाऽभिधम् ।
ज्योतिःशास्त्रं प्रत्नतमं दवयेत् कालिकं तमः ॥१०॥

इत्याशया बद्धचित्तः साधनै रहितोऽपि सन् ।
लगधोक्ति यते बोद्धुं श्रान्तः श्रान्तः पुनः पुनः ॥११॥

[लिच्छविकालका अभिलेख अहिलेसम्म २०० जति पाइएका छन् । तिनमा चान्द्रमासको मात्र चर्चा देखिएको छ । चान्द्रमासको चर्चा भएकोले अधिमासको चर्चा हुनु पनि अवश्यम्भावी हुन्छ । लिच्छविकालका अभिलेखमा कि त आषाढमा कि त पौषमा मात्र अधिमास देखिन्छन् । तिनमा वैशाख, ज्येष्ठ, श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, माघ, फाल्गुन, चैत्र महीनामा अधिमास देखिंदैनन् । सिद्धान्तज्यौतिषमा प्रचलित नियमअनुसार पौष र माघमा गणितद्वारा अधिमास ल्याउन सकिंदैन । फाल्गुन, चैत्र, वैशाख ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, कार्तिक यी ९ महीनामा मात्र गणितबाट अधिमास पर्न आउँछन् । कहिलेकहीं क्षयमास परेको वर्ष मार्ग महीनामा पनि अधिमास पर्न सक्छ । सिद्धान्तज्यौतिषको

गणनाअनुसार जुन महीनामा अधिमास हुनुपर्छ लिच्छविकालका अभिले त्यो महीनामा अधिमास देखिँदैन । उल्टो, गणितद्वारा जुन महीनामा अधि पर्नै सक्तैन अभिलेखमा त्यस महीनामा नै बारंबार अधिमास देखिइरहन्छ । लित नियमअनुसार पर्नुपर्ने बेलामा नपरेको र पर्नु नपर्ने बेलामा परेको अधिमा गणितज्ञलाई बिलखबन्द पारिदिएको छ । लिच्छविकालका अभिलेखमा देखि अधिमासले उत्पन्न गराएको यस संशयलाई आचार्य लगधले बनाएको वेदा ज्यौतिषले हटाइदेला भन्ने सम्झी अब हामी वेदाङ्गज्यौतिषको विषयमा के भन्छौं ।]

पर्दैनन् अधिमास पौषतिरमा हाम्रो यता संप्रति,
सक्तैनन् त्यसलाइ ल्याउन कुनै पञ्चाङ्गका पद्धति ।
पाइन्छन् तर लिच्छवि क्षितिपका पाषाणका लेखमा
धेरै नै अधिमासका तिथिहरू आषाढमा पौषमा ॥१॥
के हो यो घटना भनेर उहिल्यै सानै छँदामा सुनें,
बिस्तारै ग्रहलाघवादिक पढें, पञ्चाङ्ग गन्ने भएँ ।
शङ्का भित्र बढ्यो, मिलेन गतिलो मिल्दो कुनै उत्तर,
धेरै कष्ट गरी सकेजति पढें, आएन सद् उत्तर ॥२॥
यस्तैमा अहिले फुरे सरि भयो वेदाङ्गको पद्धति,
मिल्ला उत्तर क्यै भनी श्रम गरी पढ्दैछु त्यो पद्धति ।

[नयराज पन्तको यो लेख पूर्णिमा ३४ अङ्कका ८२–८४ पृष्ठबाट लिइएको हो । त्यसमा केही थपघट भएको छ ।]

वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छन्

माघशुक्लप्रपन्नस्य पौषकृष्णसमापिनः ।
युगस्य पञ्चवर्षस्य कालज्ञानं प्रचक्ष्यते ॥५॥
स्वराक्रमेते सोमाऽर्कौ यदा साकं सवासवौ ।
स्यात् तदाऽऽदियुगं माघस् तपाः शुक्लोऽयनं ह्युदक् ॥६॥

(यजुर्वेदज्योतिष)

[माघशुक्लमा प्रारम्भ भई पौषकृष्णमा समाप्त हुने पञ्चवर्षात्मक युगको कालको विषयमा बताइन्छ । धनिष्ठानक्षत्रको आदिमा रहेका चन्द्रमा र सूर्य जुन वेला आकाशमा उदाउँछन्, त्यसै वेला पञ्चवर्षात्मक युगको माघ (तपा) शुक्लपक्षको उत्तरायणको प्रारम्भ हुन्छ ।]

क्रान्तिवृत्तमा धनिष्ठानक्षत्रको भोगांश जति हुन्छ, त्यति नै भोगांश सूर्यको र चन्द्रमाको पनि जुन वेला हुन्छ, त्यसै वेला पञ्चवर्षात्मक युगको प्रारम्भ हुन्छ। माघको शुक्लपक्षको प्रारम्भ पनि त्यसै वेला हुन्छ । त्यसै वेलादेखि सूर्य उत्तर दिशातिर जान थाल्छन् । अर्थात् पौषकृष्णअमावास्याको समाप्ति र माघशुक्ल-प्रतिपद्को प्रारम्भको जुन समयमा धनिष्ठानक्षत्रको आदिमा चन्द्रमा र सूर्य दुवै ट्वाक्क आइपुग्छन्, त्यसै वेला पञ्चवर्षात्मक युगको प्रारम्भ हुन्छ, उत्तरायणको प्रारम्भ पनि त्यसै वेला हुन्छ। वेदमा ठाउँठाउँमा तपः वा तपाः भनी जुन महीना-लाई बुझाइएको छ, त्यही महीनालाई यहाँ माघ भनिएको हो ।

त्रिशत्यह्नां सषट्षष्टिर् ३६६ अब्दः षट् ६ चर्तवोऽयने।
मासा द्वादश १२ सौराः स्युर् एतत् पञ्च ५ गुणं युगे ॥२८॥

(यजुर्वेदज्योति

[एक सौरवर्षमा ३६६ दिन, १२ सौरमास, ६ ऋतु, २ अयन हुन्छन्। युगमा (५ वर्षमा) यिनका ५ गुना हुन्छन् ।]

सावनेन्दुस्तृमासानां षष्टिः सैकद्विसप्तिका ६१।६२।६७
द्युत्रिंशत् ३० सावनस्य ··· ॥३१॥

(यजुर्वेदज्योति

[एक युगमा ६१ सावनमास, ६२ चान्द्रमास, ६७ नाक्षत्रमास हुन्छन्। सावनमासमा ३० दिन हुन्छन् ।]

यहांसम्मका कुराबाट एक युगमा अर्थात् ५ वर्षमा

३६६ × ५ =	१८३०	सावनदिन
१२ × ५ =	६०	सौरमास
६ × ५ =	३०	ऋतु
२ × ५ =	१०	अयन
	६१	सावनमास
	६२	चान्द्रमास
	६७	नाक्षत्रमास

हुने स्पष्ट छ।

सौरमासभन्दा चान्द्रमास धेरै हुन्छन् । सौरमास र चान्द्रमासको अन्तरलाई अधिमास भन्छन् ।[1] यस कारण ५ वर्षमा अधिमास = चान्द्रमास — सौरमास = ६२ — ६० = २ हुने देखिन्छ ।

---

१. सौरान् मासाद् ऐन्दवः स्याल् लघीयान्
यस्मात् तस्मात् सङ्ख्यया तेऽधिकाः स्युः ।
चान्द्रा कल्पे सौरचान्द्राऽन्तरे ये
मासास् तज्ज्ञैस् तेऽधिमासाः प्रदिष्टाः ॥११॥

एक अमावास्याको समाप्तिकालदेखि अर्को अमावास्याको समाप्तिकालसम्म-को समयलाई चान्द्रमास भन्छन्।[२] अर्थात् चान्द्रमासमा एउटा पूर्णिमा तथा एउटा

सौरान् मासाद् ऐन्दवो मासो यतो लघुर् अतः कारणात् कल्पे सौरमाससङ्ख्यायाश् चान्द्रमाससङ्ख्याऽऽधिका भवति । यथा धान्यराशिमानेऽष्टसेतिकाहारमितेः षट्सेतिकाहारमितिर् अधिका भवतीति बालैर् अपि बुध्यते । यावन्तश् चान्द्रमासाः कल्पेऽधिका भवन्ति तत्सङ्ख्याऽऽधिमाससङ्ख्या तज्ज्ञैः कल्पिता ।

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[सौरमासभन्दा चान्द्रमास छोटो हुन्छ । त्यस कारण कल्पमा सौरमासको सङ्ख्याभन्दा चान्द्रमासको सङ्ख्या धेरै हुन्छ । आठ सेतिका (मानो जस्तै नापोविशेष) अटाउने डालोले भर्दा जति डालो हुन्छ, छ सेतिका अटाउने डालोले भर्दा त्यसभन्दा बढ्ता हुन्छ । सौरमासको सङ्ख्याभन्दा चान्द्रमासको सङ्ख्या जति बढ्ता हुन्छ, अधिमासको सङ्ख्या त्यति हुन्छ ।]

२. कालेन येनैति पुनः शशीनं क्रामन् भचक्रं विवरेण गत्योः ।
मासः स चान्द्रः · · · ।।९।।

दर्शान्ते किल शशी रविणा युक्तो भवति । ततो द्वावपि पूर्वतो गच्छतः । ततः शशी शीघ्रगत्वात् प्रत्यहं गत्यन्तरेणाऽग्रतो याति । एवं गच्छँश् चक्रकला२१६००तुल्यम् अन्तरं यदाऽऽग्रतो याति तदा रविणा योगम् एति । तयोः कालयोर् अन्तरालं चान्द्रमासः ।

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[औंसीको अन्त्यमा चन्द्रमा र सूर्य एकै राश्यादिमा रहेका हुन्छन् । त्यस-पछि दुवै पूर्वतिर लाग्छन् । सूर्यको गतिभन्दा चन्द्रमाको गति धेरै भएको हुनाले सूर्यलाई पछाडि छोडी चन्द्रमा प्रतिदिन गत्यन्तरतुल्य अगाडि जान्छन् । यसरी अगाडि जाँदा जाँदा ३६० अंश अगाडि गइसकेपछि चन्द्रमा फेरि सूर्यकहाँ आइ-पुग्छन् । चन्द्र र सूर्यको पहिलो भेटदेखि लगत्तै दोस्रो भेटसम्मको काल चान्द्रमास कहलाउँछ ।]

अमावास्या पर्छन् । अमावास्या र पूर्णिमालाई पर्व भन्छन् । यस कारण १। मासमा २ पर्व हुन्छन् । यस कारण १ युगमा अर्थात् ६२ चान्द्रमासमा ६२ =१२४ पर्व हुन्छन् । १ युगमा अर्थात् ५ वर्षमा ६० सौरमास हुन्छन् । १ मासमा २ पर्व माने जस्तै १ सौरमासमा पनि २ पर्वको कल्पना गरे सौरमासमा ६०×२=१२० सौरपर्वको कल्पना वेदाङ्गज्यौतिषकारले यसरी १ युगमा १२४ चान्द्रपर्व र १२० सौरपर्व मानी तिनको ४ लाई अधिपर्व भन्ने चलन वेदाङ्गज्यौतिषकारले चलाए । १२४ चान्द्रपर्व अधिपर्व पर्छन् । अर्थात् ६२ चान्द्रपर्वमा २ अधिपर्व परी ६० सौरपर्व पर्छ यस कारण ६२ चान्द्रपर्वमा त २ अधिपर्व पर्छन् भने इष्ट चान्द्रपर्वमा कति अधि पर्लान् भनी त्रैराशिक गर्दा इष्ट चान्द्रपर्वसङ्ख्यालाई ६२ ले भाग लिई पूर्ण लब्धिलाई २ ले गुनी आएको गुणनफललाई चान्द्रपर्वबाट घटाइदियो भने सौर आउने स्पष्ट देखिन्छ ।

यस नियमअनुसार ६२ चान्द्रपर्व बितेपछि २ अधिपर्व पर्ने स्पष्ट भयो। बाट २ घटाउँदा ६० हुने हुनाले ६२ चान्द्रपर्व पर्दा ६० सौरपर्व पर्ने भए । अर्था ३१ चान्द्रमास बित्दा ३० सौरमास बित्ने भए । ३१ र ३० को अन्तर १ हुनाले १ चाहिं अधिमास पर्ने भयो ।

माघशुक्लप्रतिपद्देखि युगारम्भ हुने र पौषकृष्णअमावास्यामा युगसमाप्ति हुने हुनाले युगारम्भदेखि ३० सौरमास बित्दा तेस्रो वर्षको आधा बित्ने भयो अर्थात् अढाई वर्ष बित्दा आषाढको अन्त्यमा ३० सौरमास र ३१ चान्द्रमास पूरा हुने भए । यस कारण तेस्रो वर्षको आषाढमा सौरमास र चान्द्रमासको गणना मिलाउन दुइटा आषाढनाउँका चान्द्रमास मान्नु आवश्यक पर्न गएकोले पहिलोलाई प्रथमाषाढ र दोस्रोलाई द्वितीयाषाढ भन्ने नाम वेदाङ्गज्यौतिषअनुसार रहने भयो। फेरि अढाई वर्षको अन्त्यमा ३० सौरमास र ३१ चान्द्रमास पर्ने हुनाले सौरमास र चान्द्रमासको गणना मिलाउन दुइटा पौषनाउँका चान्द्रमास मान्नु आवश्यक पर्न गएकोले पहिलोलाई प्रथमपौष र दोस्रोलाई द्वितीयपौष भन्ने नाउँ वेदाङ्गज्यौतिष-अनुसार रहने भयो ।

यहाँसम्मका कुराबाट माघशुक्लप्रतिपद्देखि उठान भई पाँच वर्षको अन्त्यमा पौषकृष्णअमावास्यामा समाप्त हुने पञ्चवर्षात्मक युगमा अढाई अढाई वर्षको फरक पारी आषाढ र पौषमा अधिमास पार्ने चलन वेदाङ्गज्यौतिषअनुसार थियो भन्ने स्पष्ट हुन्छ ।

यति भएपछि तलको श्लोकको अर्थ लाग्छ—

द्व्यूनं द्विषष्टि६२भागेन ज्ञेयं सूर्याच् च पार्वणम् ।
यत्कृतावुपजायेते मध्येऽन्ते चाऽधिमासकौ ।।३७।।

(यजुर्वेदज्यौतिष)

अन्वय— पार्वणं द्विषष्टिभागेन द्व्यूनं (कार्यम्) । सूर्याच् च पार्वणं ज्ञेयम् । यत्कृतौ अधिमासकौ मध्ये अन्ते च उपजायेते ।

पदार्थ—पार्वणम् = पर्वगण (बितेका औंसी र पूर्णिमाको जम्मा सङ्ख्या), द्विषष्टिभागेन = आफ्नो ६२ भागको १ भागले, द्व्यूनम् = दुइपल्ट घटेको, कार्यम् = गर्नू । सूर्यात् = सूर्यबाट, च = पनि, पार्वणम् = पर्वगण, ज्ञेयम् = जान्नू । यत्कृतौ = जुन सूर्यपर्वले गरिएका, अधिमासकौ = २ अधिमास, मध्ये = माझमा र, अन्ते = अन्त्यमा, च = पनि, उपजायेते = पर्छन् ।

भावार्थ— चान्द्रपर्वगणलाई ६२ ले भाग लिनू । १ लब्धि आयो भने २, २ लब्धि आयो भने ४ लाई चान्द्रपर्वगणबाट घटाइदिनू, शेष सौरपर्वगण हुन्छ । चान्द्रपर्वगण र सौरपर्वगणको अन्तर पर्ने हुनाले पञ्चवर्षात्मक युगको माझमा अढाई वर्षको अन्त्यमा एउटा र पाँच वर्षको अन्त्यमा अर्को अधिमास पर्छन् ।

वेदाङ्गज्यौतिषकारले पञ्चवर्षात्मक युगको माझमा र अन्त्यमा गरी २ अधिमास पर्छन् भनी बोलेका छन्, आषाढमा र पौषमा अधिमास पर्छन् भनी बोलेका छैनन्, यस कारण आषाढमा र पौषमा अधिमास पर्छन् भन्ने अभिप्राय वेदाङ्गज्यौतिषकारको थियो भन्ने कुरा कसरी आउँछ भनी कोही मानिस शङ्का उठाउन सक्छन् । यस कारण यस विषयमा केही विचार गर्नुपरेको छ ।

१ सौरवर्षमा ३६६ सावनदिन, १२ सौरमास, ६ ऋतु हुन्छन् भनी वेदाङ्गज्यौतिषमा स्पष्टसँग लेखिएको छ । यताबाट १ सौरमासमा ३३६ ÷ १२ $= \frac{३६६}{१२} = ३०\frac{६}{१२} = ३०\frac{१}{२}$ सावनदिन र १ ऋतुमा ३६६ ÷ ६ = ६१ सावनदिन हुने देखिन्छ । २ सौरमासमा अर्थात् १ ऋतुमा ६१ सावनदिन हुन्छन् । २ सौरमासमा अर्थात् १ ऋतुमा ६० सौरदिन हुन्छन् । यस कारण १ ऋतुमा अर्थात् ६० सौरदिनमा ६१ सावनदिन हुने भए ।

६० सौरदिनमा त ६१ सावनदिन हुन्छन् भने १ सौरदिनमा कति सावनदिन होलान् भनी त्रैराशिक गर्दा

$$\frac{१ \times ६१}{६०} = \frac{६१}{६०} = १\frac{१}{६०}$$

$१\frac{१}{६०}$ सावनदिनको १ सौरदिन हुने भयो । अर्थात् १ सावनदिन र १ सा
दिनको ६० भागको १ भाग मिली १ सौरदिन बन्ने भयो र ६० सौरदि
अर्थात् १ ऋतुमा सौरदिनको सङ्ख्याभन्दा सावनदिनको सङ्ख्या १ बढी हुने
भन्ने कुरा यहाँसम्मका कुराबाट स्पष्ट हुन्छ ।

एक युगमा १८३० सावनदिन तथा १२४ चान्द्रपर्व हुन्छन् ।

यस कारण

```
१२४ ) १८३० ( १४
      १२४
      ----
       ५९०
       ४९६
       ----
        ९४
```

१ पर्वमा $१४\frac{९४}{१२४}$ सावनदिन हुन्छन् ।

$$१४\frac{९४}{१२४} \times २ = २८\frac{१८८}{१२४} = २९\frac{६४}{१२४}$$
$$१४\frac{९४}{१२४} \times ३ = ४२\frac{२८२}{१२४} = ४४\frac{३४}{१२४}$$
$$१४\frac{९४}{१२४} \times ४ = ५६\frac{३७६}{१२४} = ५९\frac{४}{१२४}$$

यताबाट १ पर्वमा $१४\frac{९४}{१२४}$ सावनदिन, २ पर्वसम्म $२९\frac{६४}{१२४}$ सावनदिन, पर्वसम्म $४४\frac{३४}{१२४}$ सावनदिन, ४ पर्वसम्म $५९\frac{४}{१२४}$ सावनदिन इत्यादि हुने देखियो

∴ ४ पर्वसम्म $५९\frac{४}{१२४} = ५९\frac{१}{३१}$ सावनदिन हुने भए । गणित गर्न सजि पार्न चानचुन $\frac{१}{३१}$ छोडिदिंदा ५९ दिन पूरा हुने भए । २ चान्द्रमासमा ५ सावनदिन हुने हुनाले १ चान्द्रमासमा $२९\frac{१}{२}$ सावनदिन हुने भए । यस पद्धतिला स्वीकार गरी कौटल्यले यस्तो बोलेका छन्–

त्रिंशद्३०अहोरात्रः प्रकर्ममासः ॥५६॥ सार्धः$३०\frac{१}{२}$ सौरः ॥५७॥ अर्धन्यूनश्$२९\frac{१}{२}$ चान्द्रमासः ॥५८॥

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

[३० सावनदिनको १ प्रकर्ममास हुन्छ । $३०\frac{१}{२}$ सावनदिनको १ सौरमास हुन्छ । $२९\frac{१}{२}$ सावनदिनको एक चान्द्रमास हुन्छ ।]

२ चान्द्रमासमा ५९ सावनदिन हुन्छन् अर्थात् ६० चान्द्रदिनमा ५९ सावन दिन हुन्छन् । ६० चान्द्रदिनमा त ५९ सावनदिन हुन्छन् भने १ चान्द्रदिनमा कति सावनदिन होलान् भनी त्रैराशिक गर्दा

$$\frac{१ \times ५९}{६०} = \frac{५९}{६०} = \frac{६० - १}{६०} = १ - \frac{१}{६०}$$

१—$\frac{१}{६०}$ सावनदिनको १ चान्द्रदिन हुने भयो अर्थात् १ सावनदिनबाट १ सावनदिनको ६० भागको १ भाग घट्दा १ चान्द्रदिन बन्ने भयो र ६० चान्द्रदिनमा अर्थात् २ चान्द्रमासमा चान्द्रदिनको सङ्ख्याभन्दा सावनदिनको सङ्ख्या १ घटी हुने भयो ।

यहाँसम्मका कुराबाट तलका कुरा बुझिन्छन्–

(१) १$\frac{१}{६०}$ सावनदिनको १ सौरदिन हुन्छ तथा १ ऋतुमा (२ सौरमासमा) सावनदिन ६१ हुन्छन् । यो सङ्ख्या २ सावनमासको सावनदिनसङ्ख्या ६० भन्दा १ बढी छ ।

(२) १—$\frac{१}{६०}$ सावनदिनको १ चान्द्रदिन हुन्छ । २ चान्द्रमाससम्म सावनदिनको सङ्ख्या ५९ हुन्छ । यो सङ्ख्या २ सावनमासको सावनदिनसङ्ख्या ६० भन्दा १ घटी छ ।

(३) सूर्यको गतिबाट उत्पन्न हुने १ ऋतुको अर्थात् २ सौरमासको सावनदिनको सङ्ख्या ६१, २ सावनमासमा हुने सावनदिनसङ्ख्या ६० भन्दा १ बढी हुन्छ । चन्द्रको गतिबाट उत्पन्न हुने २ चान्द्रमासको सावनदिनसङ्ख्या ५९, २ सावनमासमा हुने सावनदिनसङ्ख्या ६० भन्दा १ घटी हुन्छ ।

यति कुरा बुझेपछि

दिवसस्य हरत्यर्कः षष्टि६०भागम् ऋतौ ततः ।
करोत्येकम्१ अहश् छेदं तथैवैकं१ च चन्द्रमाः ॥७॥

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

अन्वय— अर्कः दिवसस्य षष्टिभागं हरति । ततः ऋतौ एकम् अहः करोति । चन्द्रमाः तथैव एकं छेदं करोति ।

पदार्थ— अर्कः = सूर्य, दिवसस्य = अहोरात्रको, षष्टिभागम् = ६० भागको १ भाग, हरति = खिच्छन् । ततः = त्यस कारण, ऋतौ = ऋतुमा, एकम् = एक, अहः = अहोरात्र, करोति = गर्छन् (बढाउँछन्) । चन्द्रमाः = चन्द्रमा, तथैव = त्यस्तै, एकम् = एउटा, छेदम् = नाश, करोति = गर्छन् ।

यस श्लोकको अर्थ लाग्छ ।

यति बोली कौटल्य फेरि बोल्छन्—

एवम् अर्धतृतीयानाम् २½ अब्दानाम् अधिमासकम्।
ग्रीष्मे जनयतः पूर्वं पञ्चा५ब्दाऽन्ते च पश्चिमम् ।।७५।

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

अन्वय— एवम् (अर्कचन्द्रौ) अर्धतृतीयानाम् अब्दानाम् (अन्ते) ग्रीष्मे पूर्वम् अधिमासकं जनयतः। पञ्चाब्दान्ते च पश्चिमम् अधिमासकं जनयतः।

पदार्थ— एवम् = यसरी, अर्कचन्द्रौ = सूर्य र चन्द्रले, अर्धतृतीयानाम् = अढाई, अब्दानाम् = वर्षको, अन्ते = अन्त्यमा, ग्रीष्मे = ग्रीष्म ऋतुमा, पूर्वम् = पहिलो, अधिमासकम् = अधिमास, जनयतः = पैदा गर्छन्। पञ्चाब्दान्ते = पाँच वर्षको अन्त्यमा, च = पनि, पश्चिमम् = पछिल्लो, अधिमासकम् = अधिमास, जनयतः = पैदा गर्छन्।

भावार्थ— यसरी सूर्य र चन्द्रमाले अर्धतृतीय वर्षको अन्त्यमा (आधा घटेको तेस्रो वर्षको अन्त्यमा = अढाई वर्षको अन्त्यमा) ग्रीष्म ऋतुमा पहिलो अधिमास पार्छन्। पाँच वर्षको अन्त्यमा पछिल्लो अधिमास पार्छन्।

वेदाङ्गज्यौतिषको माथि व्याख्या गरिएको श्लोकको एक भागको अनुवादस्वरूप कौटल्यको यो श्लोक हो। यहाँ परेको ग्रीष्म पदले वेदाङ्गज्यौतिषको अर्थमा राम्रो प्रकाश परेको छ। ग्रीष्म ऋतुमा पहिलो अधिमास पर्छ भनी कौटल्यले यहाँ बोलेका छन्।

अब कौटल्यको ग्रीष्म ऋतुको अर्थको विषयमा विचार गर्नुपरेको छ—

द्वौ मासावृतुः ।।६३।। श्रावणः प्रोष्ठपदश् च वर्षाः ।।६४।। आश्वयुजः कार्तिकश् च शरत् ।।६५।। मार्गशीर्षः पौषश् च हेमन्तः ।।६६।। माघः फाल्गुनश् च शिशिरः ।।६७।। चैत्रो वैशाखश् च वसन्तः ।।६८।। ज्येष्ठामूलीय आषाढश् च ग्रीष्मः ।।६९।। शिशिराद्युत्तरायणम् ।।७०।। वर्षादि दक्षिणायनम् ।।७१।। द्व्य२यनः संवत्सरः ।।७२।। पञ्च५संवत्सरो युगम् इति ।।७३।।

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

[२ महीनाको १ ऋतु हुन्छ । श्रावण भाद्र वर्षा ऋतु, आश्विन कार्तिक शरद् ऋतु, मार्ग पौष हेमन्त ऋतु, माघ फाल्गुन शिशिर ऋतु, चैत्र वैशाख वसन्त ऋतु, ज्येष्ठ आषाढ ग्रीष्म ऋतु हुन् । शिशिर वसन्त ग्रीष्म उत्तरायण, वर्षा शरद् हेमन्त दक्षिणायन हुन् । २ अयनको १ वर्ष हुन्छ । ५ वर्षको १ युग हुन्छ ।]

कौटलीय अर्थशास्त्रका प्राचीन टीकाकार भट्टस्वामीले कौटलीय अर्थशास्त्रका माथिका दुइ श्लोकको व्याखया यसरी गरेका छन्—

अधिमासकसम्भवम् आह, दिवसस्येत्यादि, दिवसस्याऽहोरात्रस्य षष्टि६०भाग (षष्टिभागं) घटिकाम् अर्कः प्रत्यह (प्रत्यहं) हरति चिनति (छिनत्ति), ततः क्रमेणैतौ (क्रमेणतौ) मासद्वया२तिक्रमे करोत्येककम् अहश् छेदम् अधिकम् अहोरात्रं यथा सः तथैव चन्द्रोऽप्येकम् एवाऽहश् छेदम् ऋतौ करोति । एवम् अनेन प्रकारेणाऽर्धतृतीयानाम् २½ अब्दानां त्रिंशतो मासानाम् एकम् अधिमासकम् अधिकं मासं जनयतः, तथा च सति युगस्य द्वावधिमासकौ भवतस् तत्राऽपि मासाद् आरभ्य (माघाद् आरभ्य) पूर्वं ग्रीष्मे त्रिंशत्तमं३० द्वितीयम् आषाढ जनयन्तं (जनयतः) पश्चा५ब्दाऽन्ते युगाऽवसानं (युगाऽवसाने) संवत्सराऽन्ते श्रावणाद् आरभ्य त्रिंशत्तमं३० द्वितीयं पौषं जनयत इति ।[३]

[जरनल् अफ् बिहार् याण्ड् ओरिसा रिसर्च ससाइइटि (बिहार र

---

३. महामहोपाध्याय गणपति शास्त्रीले भट्टस्वामीका यिनै वाक्यको अनुसरण गरी यस्तो लेखेका छन्—

अधिमासं श्लोकद्वयेनाऽह— दिवसस्येति । अर्कः सूर्यः, दिवसस्य अहोरात्रस्य, षष्टि६०भागम् एकघटिकात्मकं, हरति प्रतिदिवसं छिनत्ति । ततः प्रतिदिवसम् एकघटिकाहरणात्, ऋतौ षष्टिदिवसात्मकमासद्वया२वसाने, एकम् अहश् छेदम्

एकम् अधिकम् अहोरात्रं, करोति उत्पादयति । तथैव अर्कवद् एव, चन्द्रमाश् च, एकम् अहश् छेदं करोति । एवम् अनेन प्रकारेण, अर्धतृतीयानाम् अब्दानाम् अर्धोनतृतीयानां२½ वर्षाणाम् अर्थात् माघप्रभृतीनां त्रिंशतो३० मासानां, ग्रीष्मे पूर्वम्, अधिमासकम् अधिकमासं त्रिंशत्तमं३० द्वितीयम् आषाढं, पञ्चाब्दान्ते अर्थात् पुनर् अर्धतृतीयवर्षात्मनां श्रावणप्रभृतीनां त्रिंशतो३० मासानाम् अन्ते, पश्चिमम् अधिमासकं च उत्तरम् अधिकमासं च अर्थात् त्रिंशत्तमं३० द्वितीयं पौषं च, जनयतः अर्कचन्द्रमसौ ।।

(राजकीयमुद्रणयन्त्रालय त्रिवेन्द्रमबाट वि. सं. १९८१ मा प्रकाशित महामहोपाध्याय गणपति शास्त्रीको टीकासहितको कौटलीय अर्थशास्त्र पहिलो भागको २६९ पृष्ठ)

पण्डितराज सोमनाथ शर्माद्वारा सम्पादित, केशवराज अर्यालद्वारा अनूदित अर्थशास्त्रमा गणपति शास्त्रीका यिनै वाक्यको अनुसरण गरी यस्तो लेखिएको छ-

सूर्यले प्रतिदिन दिनको साठी भागको १ भाग कट्टी गरेर १ ऋतु (६० दिन) मा बढाउदा अढाई वर्षमा १५ दिन बढाउछन् त्यस्तै चन्द्रमाले प्रतिदिन दिनको ६० भागको १ भाग कम गरेर ६० दिनमा १ दिन घटाउँदा अढाई वर्षमा १५ दिन घटाउछन् यस अनुसार अढाई वर्ष अर्थात् माघ आदि ३० महिना बितेपछि ग्रीष्म ऋतुमा पहिला अधिकमास द्वितीय अषाढ, ६० महिना ५ वर्षको अन्तमा पछिल्लो अधिकमास— द्वितीय पौष†— सूर्य र चन्द्रमाले बनाउछन्।

† यो प्रक्रिया अनुसार ५ वर्षमा पहिलो अधिकमास अढाइ वर्षहुदा आषाढमा मानेर द्विराषाढ हुने दोस्रो अधिकमास अढाइ वर्षहुदा पौषमा मानेर द्विपौष हुने व्यवस्था बाधिएको बुझिन्छ । यस्तै व्यवस्था द्रोणकृत स्मृति ग्रन्थमा लेखिएको छ यहाँका प्राचीन लिच्छवि युगका शिलालेखमा पनि कुनै कुनैमा द्विराषाढ, द्विपौष लेख पनि यही प्रक्रिया अनुसार उत्कीर्ण भएको बुझिन्छ ।

(नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौंबाट वि. सं. २०२४ मा प्रकाशित पण्डितराज सोमनाथ शर्माद्वारा सम्पादित र केशवराज अर्यालद्वारा अनूदित कौटलीय अर्थशास्त्रका १९१—१९२ पृष्ठ)

उडिसाको अन्वेषणसमितिको पत्रिका) को बाह्रौं भागमा वि. सं. १९८१ मा प्रकाशित काशीप्रसाद जायसवाल र अनन्तप्रसाद वन्द्योपाध्यायद्वारा सम्पादित कौटलीय अर्थशास्त्रको भट्टस्वामीको टीकाबाट । सो टीकाको १२१ पृष्ठ । कोष्ठ-मा संशोधित पाठ हालिएको छ ।]

अढाई वर्षको अन्त्यमा ग्रीष्ममा एउटा र ५ वर्षको अन्त्यमा एउटा गरी पञ्चवर्षात्मक युगभित्र दुइटा अधिमास पर्छन्, ज्येष्ठ र आषाढ ग्रीष्म हुन् भनी कौटल्यले लेखेकाले कौटल्यका प्राचीन टीकाकार भट्टस्वामीले पञ्चवर्षात्मक युग-भित्र आषाढमा एउटा र पौषमा एउटा गरी दुइटा अधिमास पर्छन् भनी लेखेका छन् ।

माघदेखि शुरू भई पौषमा टुङ्गिने पञ्चवर्षात्मक युगको माझमा एउटा र अन्त्यमा एउटा गरी दुइटा अधिमास पर्छन् भनी वेदाङ्गज्यौतिषमा लेखिएकोले माघदेखि शुरू भई पौषमा टुङ्गिने पञ्चवर्षात्मक युगको माझ आषाढमा र अन्त्य पौषमा हुने हुनाले वेदाङ्गज्यौतिषकारको अभिप्राय आषाढमा र पौषमा अधिमास पर्छ भन्ने हो भन्ने कुरामा केही शङ्का रहँदैन ।

[नयराज पन्तको यो लेख पूर्णिमा ३४ अङ्कका ९४–१०१ पृष्ठबाट लिइएको हो ।]

महाभारतमा परेको अधिमासको वर्णनले वेदाङ्गज्यौतिषको गणनापद्धतिमा केही प्रकाश पार्छ

अथ दुर्योधनो राजा समरे भीष्ममब्रवीत् ।
द्रोणं च रथशार्दूलं कृपं च सुमहारथम् ।।१।।
उक्तोऽयम् अर्थ आचार्यौ मया कर्णेन चाऽसकृत् ।
पुनर् एव प्रवक्ष्यामि नहि तृप्यामि तं ब्रुवन् ।।२।।
पराभूतैर् हि वस्तव्यं तैश् च द्वादश १२ वत्सरान् ।
वने जनपदेऽज्ञातैर् एष एव पणो हि नः ।।३।।
तेषां न तावन् निर्वृत्तं वर्तते तु त्रयोदशम् १३ ।
अज्ञातवासो बीभत्सुर् अथाऽस्माभिः समागतः ।।४।।
अनिवृत्ते तु निर्वासे यदि बीभत्सुरागतः ।
पुनर् द्वादश १२ वर्षाणि वने वत्स्यन्ति पाण्डवाः ।।५।।

(महाभारत विराटपर्व ४७ अध्याय)

भीष्म उवाच–

कलाः काष्ठाश् च युज्यन्ते मुहूर्ताश् च दिनानि च ।
अर्धमासाश् च मासाश् च नक्षत्राणि ग्रहास् तथा ।।१।।

ऋतवश् चाऽपि युज्यन्ते तथा संवत्सरा अपि ।
एवं कालविभागेन कालचक्रं प्रवर्तते ।।२।।
तेषां कालाऽतिरेकेण ज्योतिषां च व्यतिक्रमात् ।
पञ्चमे५ पञ्चमे५ वर्षे द्वौ२ मासावुपजायतः ।।३।।
एषाम् अभ्यधिका मासाः पञ्च५ च द्वादश१२ क्षपाः ।
त्रयोदशानां१३ वर्षाणाम् इति मे वर्तते मतिः ।।४।।
सर्वं यथावच्चरितं यद् यदेभिः प्रतिश्रुतम् ।
एवम् एतद् ध्रुवं ज्ञात्वा ततो बीभत्सुरागतः ।।५।।
सर्वे चैव महात्मानः सर्वे धर्माऽर्थकोविदाः ।
येषां युधिष्ठिरो राजा कस्माद् धर्मेऽपराध्नुयुः ।।६।।

(महाभारत विराटपर्व ५२ अध्याय)

[अनि राजा दुर्योधनले लडाइँमा भीष्मलाई भने— महारथ द्रोणाचार्य र महारथ कृपाचार्यलाई मैले र कर्णले यो कुरा वारंवार भनेका हौं । फेरि पनि म त्यही कुरा दोहऱ्याउँदैछु । यो कुरा भनेर म कहिल्यै अघाउँदिनं । हारे भने पाण्डवहरूले १२ वर्षसम्म वनवास बस्नुपर्छ र १ वर्ष जनपदमा गुप्तवास बस्नुपर्छ भन्ने हाम्रो शर्त छ । तिनीहरूले यो शर्त पुऱ्याएनन् । अहिले तेह्रौं वर्ष चलिरहेछ । गुप्तवास बसेका अर्जुनसँग हाम्रो भेट भयो । गुप्तवास पूरा नगरीकन अर्जुन आएकाले फेरि १२ वर्षसम्म पाण्डवहरूले वनवास बस्नुपर्छ ।

भीष्मले भने—

काष्ठा, कला, मुहूर्त, दिन, पक्ष, महीना, ऋतु, वर्ष मिली कालचक्र बनेको छ । यसमा नक्षत्र र ग्रह पनि गाँसिएका छन् । काल बढ्दै जाँदा ग्रह नक्षत्रहरूको उल्टोपुल्टो चालले पाँच पाँच वर्षमा दुइ दुइ महीना बढ्छन् । यस कारण १३ वर्षमा ५ महीना १२ रात् बढ्छन् । यी पाण्डवहरूले जे जे कबोलेका थिए, सबै राम्रोसँग पुऱ्याए । आफ्नो कबूल पुगेको बुझेर नै अर्जुन आएका हुन् । यी सबै पाण्डवहरू सच्चरित्र छन् । यिनीहरू सबैले धर्म र अर्थको कुरा बुझेका छन् । जसका राजा युधिष्ठिर छन्, यस्ता यिनीहरूले अधर्म किन गर्थे ?]

मताबाट वेदाङ्गज्योतिषमा जस्तै महाभारतमा पनि ५ वर्षमा २ अधिमास

पर्छन् भनी स्पष्टसँग लेखिएको रहेछ भन्ने बुझिन्छ। ५ वर्षमा २ महीना बढ्ने हुनाले १३ वर्षमा ५ महीना १२ रात बढ्छन् भनी यहाँ लेखिएको छ।

२ महीना (६० अहोरात्र) मा पाक्ने षष्टिक (सठिया धान) को विषयमा पाणिनिले *षष्टिकाः षष्टिरात्रेण पच्यन्ते* ५।१।९० भनी लेखेकाले यहाँ रात्रि शब्दले अहोरात्रलाई बुझाएको देखिन्छ। यसै गरी महाभारतमा यहाँ परेको क्षपा (रात) शब्दले पनि अहोरात्रलाई बुझाएको देखिन्छ।

५ वर्षमा २ महीना बढ्छन् भने १३ वर्षमा कति बढ्लान् भनी त्रैराशिक गर्दा

$$\frac{२ \times १३}{५} = \frac{२६}{५} = ५\frac{१}{५}$$

$५\frac{१}{५}$ महीना बढ्छन् भन्ने देखियो। $५\frac{१}{५}$ महीना भनेको ५ महीना ६ अहोरात्र हो। यताबाट १३ वर्षमा ५ महीना ६ अहोरात्र मात्र बढ्ने देखियो तर महाभारतमा १३ वर्षमा ५ महीना १२ अहोरात्र बढ्छन् भनी लेखिएको छ।

शङ्कर बालकृष्ण दीक्षितले आफ्नो भारतीय ज्योतिःशास्त्रमा महाभारतका अधिमासविषयका यी श्लोकको उद्धरण गरेका छन्, अर्थ भने गरेका छैनन्[1]। सुधाकर द्विवेदीले पनि यी श्लोकको उद्धरण गरेका छन्, अर्थचाहिं उनले पनि गरेका छैनन्। महाभारतका प्रसिद्ध टीकाकार नीलकण्ठले यी श्लोकको अर्थ यसरी गर्न खोजेका छन्—

अत्र चतुर्विंशत्या२४ पक्षैश् चान्द्रः संवत्सरः चतुष्पञ्चाशदधिकशतत्रय३५४दिनात्मकः। षष्ट्यधिकशतत्रय३६०दिनात्मा सावनः। स एव द्वादश१२वार्षिकादिप्रतिज्ञासु गवामयनादिसत्रादिषु च उपयुज्यते। त्रीणि शतानि पञ्चषष्टिश्३६५ च दिनानि पञ्चदश१५ घटिका एकत्रिंशत्३१ पलानि त्रिंशद्३० अक्षराणि सौरस्य संवत्सरस्य मानम्। . . .

[१ चान्द्रवर्षमा २४ पक्ष, ३५४ दिन हुन्छन्। १ सावनवर्षमा ३६० दिन हुन्छन्। थालेको १२ आदि वर्षमा पूरा हुने प्रतिज्ञा र गवामयन आदि यज्ञ पनि ३६० दिनलाई १ सावनवर्ष मानी गरिन्छन्। १ सौरवर्षमा ३६५ दिन १५ घडी ३१ पला ३० विपला हुन्छन्।]

---

१. भारतीय ज्योतिःशास्त्र मूल १०९ पृष्ठ, हिन्दी अनुवाद १५५ पृष्ठ।

नीलकण्ठको यस लेखाइअनुसार—

	दिन	घडी	पला	विपला
१ सौरवर्षमा	३६५	१५	३१	३०
१ चान्द्रवर्षमा	३५४			
अन्तर	११	१५	३१	३०

हुने देखिन्छ

१ वर्षमा त ११ दिन १५ घडी ३१ पला ३० विपला फरक पर्छ भने ५ वर्षमा कति फरक पर्ला भनी त्रैराशिक गर्दा

दिन	घडी	पला	विपला
११	१५	३१	३०
			× ५
५५	७५	१५५	१५०
५६	१७	३७	३०

फरक पर्ने देखिन्छ

यताबाट ५ वर्षमा ५६ दिन १७ घडी ३७ पला ३० विपला बढ्ने देखिन्छ। नीलकण्ठले १२ चान्द्रमासमा ३५४ दिन हुन्छन् भनी लेखेकाले १ चान्द्रमासमा २९½ दिन हुने देखिन्छ। यस कारण २ चान्द्रमासमा ५९ दिन हुने भए। यस कारण नीलकण्ठले मानेको चान्द्रवर्ष तथा सौरवर्षको मानबाट ५ वर्षमा २ अधिमास पर्नु सम्भव हुंदैन।

नीलकण्ठले दिएको सौरवर्षको मान प्राचीन सूर्यसिद्धान्तअनुसारको हो—

द्युगणेऽर्कोऽष्टशत८००घ्ने विपक्षवेदाऽर्णवे४४२र्कसिद्धान्ते।
स्वरखद्विद्विनवयमो२९२२०७द्धृते क्रमाद् दिनदलेऽवन्त्याम् ॥१॥

(पञ्चसिद्धान्तिका ९ अध्याय)

[अहर्गणलाई ८०० ले गुनी गुणनफलबाट ४४२ घटाउनू, शेषलाई २९२२०७ ले भाग लिनू, भगणादि मध्यम सूर्य आउँछन्। यी मध्यम ग्रह सूर्यसिद्धान्तअनुसारका हुन्। अवन्तीको मध्याह्नमा यी मध्यम ग्रह आउँछन्।]

यताबाट

सूर्यभगण = ८०० = सौरवर्ष

सावनदिन = २९२२०७

```
८००)२९२२०७(३६५।१५।३१।३०
    २४००
    ----
     ५२२०
    ४८००
    ----
     ४२०७
     ४०००
    ----
     २०७×६०
४०) २०७×३
    ------
     ६२१
     ४०
    ---
     २२१
     २००
    ---
      २१
```

```
    २१×६०
२) २१×३
   -----
   ६३
   ६
   --
    ३
    २
   --
    १×६०
१) १×३०
   -----
    ३०
    ३०
   ---
    ×
```

यताबाट पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दि १५ घडी ३१ पला ३० विपला हुने देखिन्छ ।

खखवसु८००गुणिताद् वसुगुणकृता४३८धिकान्
मुनिनखद्विनन्दयमैः२९२२०७ ।
भगणाऽद्यर्कबुधसिताः
शीघ्रोच्चं कुजगुरुशनीनाम् ॥६॥

(खण्डखाद्यक तिथ्यधिकार)

[अहर्गणलाई ८०० ले गुनी गुणनफलमा ४३८ जोडी योगफललाई २९२२०७ ले भाग लिनू, भगणादि मध्यम सूर्य, मध्यम बुध, मध्यम शुक्र तथा मङ्गल, गुरु, शनिका शीघ्रोच्च आउँछन् ।]

यताबाट

सूर्यभगण = ८०० = सौरवर्ष

सावनदिन = २९२२०७

पञ्चसिद्धान्तिकामा वराहमिहिरले सूर्यसिद्धान्तको जुन वर्षमान दिएथे, त्यही वर्षमान खण्डखाद्यकमा ब्रह्मगुप्तले स्वीकारेको यताबाट देखिन्छ ।

शास्त्राऽब्दपिण्डः स्वरशून्यदिग्१००७घ्नस्
तानाऽग्नि३४९युक्तोऽष्टशतैर्८०० विभक्तः ॥३॥
लब्धं नगैः७ शेषितमङ्ग६युक्तं
सूर्याऽदिसंवत्सरपालकः स्यात् ।

(भास्वती तिथिध्रुवाधिकार)

[शास्त्राब्दपिण्ड (वर्षगण) लाई १००७ ले गुन्नू, गुणनफलमा ३४९ जोड्नू, योगफललाई ८०० ले भाग लिनू, लब्धिलाई ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू), तष्ट गर्दा आएको शेषमा ६ जोड्नू, योगफल ७ भन्दा बढ्ता भए ७ ले फेरि तष्ट गर्नू, शेष वर्षपति हुन्छ ।]

(पूर्णिमा २९ अङ्कमा छापिएको महेशराज पन्त र दिनेशराज पन्तको लक्ष्मीपति पाँडेले नेपाली भाषामा गरेको भास्वतीको अनुवाद भन्ने निबन्ध । सो अङ्कको ५८ पृष्ठ)

यताबाट

सौरवर्ष = ८००

वारादि = १००७

८००)१००७(१।१५।३१।३०
८००
२०७ × ६०
४०)२०७ × ३
६२१
४०
२२१
२००
२१

२१ × ६०
२)२१ × ३
६३
६
३
२
१ × ६०
१)१ × ३०
३०
३०
×

यताबाट शतानन्दले १ वर्षको वारादि १ दिन १५ घडी ३१ पला विपला मानेको देखिन्छ । ३६५ दिनलाई ७ ले तष्ट गर्दा ५२ सप्ताह पूरा भ शेष रहन्छ । यस कारण शतानन्दले पनि वराहमिहिरले पञ्चसिद्धान्तिकामा सिद्धान्तअनुसार सौरवर्षको जुन मान दिएथे, त्यसैलाई सकारेको देखिन्छ।

नीलकण्ठले २९½ दिनको १ चान्द्रमास हुन्छ भनी मानेका छन् । यो कौटल्यको मानअनुसारको हो ।[२]

यसरी नीलकण्ठले विभिन्न सिद्धान्तका मान लिई लेख्ने प्रयत्न गरे देखिन्छ । यति गरे पनि महाभारतमा बताएअनुसार ५ वर्षमा २ अधिमास दिएका मानअनुसार पर्न सक्दैनन् ।

अब यस विषयमा केही गहिरिएर विचार गर्नुपरेको छ ।

वेदाङ्गज्यौतिषअनुसार ५ वर्षमा १८३० सावनदिन तथा ६२ चान्द्रमा हुन्छन् ।

यस कारण

```
६२)१८३०(२९।३०।५८
   १२४
    ५९०
    ५५८                    ३० × ६०
     ३२ × ६०                १८००
३१)  ३२ × ३०                १५५
    ९६०                      २५०
    ९३                       २४८
     ३०                        २
```

यसरी वेदाङ्गज्यौतिषअनुसार एक चान्द्रमासमा २९ सावनदिन ३० घडी ५८ पला हुने देखिन्छ ।

कालेन येनैति पुनः शशोनं
क्रामन् भचक्रं विवरेण गत्योः ।

---

२. यही ग्रन्थको ४० पृष्ठ ।

मासः स चान्द्रोऽङ्कयमाः२९ कुरामाः३१
पूर्णेषवस्५० तत्कुदिनप्रमाणम् ।।९।।

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[औंसीको अन्त्यमा चन्द्रमा र सूर्य एकै राश्यादिमा रहेका हुन्छन् । त्यसपछि दुवै पूर्वतिर लाग्छन् । सूर्यको गतिभन्दा चन्द्रमाको गति धेरै भएको हुनाले सूर्यलाई पछाडि छोडी चन्द्रमा प्रतिदिन गत्यन्तरतुल्य अगाडि जान्छन्, यसरी अगाडि जाँदा जाँदा ३६० अंश अगाडि गइसकेपछि चन्द्रमा फेरि सूर्यकहाँ आइपुग्छन् । चन्द्र र सूर्यको पहिलो भेटदेखि लगत्तै दोस्रो भेटसम्मको काल चान्द्रमास कहलाउँछ । चान्द्रमासमा २९ सावनदिन ३१ घडी ५० पला हुन्छन् ।]

भास्करले दिएको चान्द्रमासको यो मान ब्रह्मगुप्तको वेधोपलब्ध हो[३] ।

---

३. वेदाङ्गज्यौतिषमा मध्यम गणना मात्र छ, स्पष्ट गणना छैन । सूर्यसिद्धान्त, आर्यसिद्धान्त, ब्रह्मसिद्धान्त यी तीनै सिद्धान्तमा मध्यम तथा स्पष्ट दुवै गणना छन् यी तीन सिद्धान्तमध्ये सबभन्दा सूक्ष्म सूर्यसिद्धान्त छ । यसको प्रचार पनि ज्यादा छ ।

पुराणको शैलीमा सूर्यसिद्धान्त लेखिएको छ । सत्ययुगको अन्त्यमा अर्थात् अहिलेभन्दा ण्डै पौने २२ लाख वर्षअगाडि सूर्यसिद्धान्तको रचना भएको हो भनी त्यहाँ लेखिएको छ—

अल्पाऽवशिष्टे तु कृते मयो नाम महासुरः ।
रहस्यं परमं पुण्यं जिज्ञासुर् ज्ञानमुत्तमम् ।।२।।
वेदाङ्गमग्र्यमखिलं ज्योतिषां गतिकारणम् ।
आराधयन् विवस्वन्तं तपस् तेपे सुदुश्चरम् ।।३।।
तोषितस् तपसा तेन प्रीतस् तस्मै वरार्थिने ।
ग्रहाणां चरितं प्रादाद् मयाय सविता स्वयम् ।।४।।
विदितस् ते मया भावस् तोषितस् तपसा ह्यहम् ।
दद्यां कालाऽऽश्रयं ज्ञानं ग्रहाणां चरितं महत् ।।५।।

न मे तेज:सहः कश्चिद् आख्यातुं नाऽस्ति मे क्षणः ।
मदंशः पुरुषोऽयं ते निःशेषं कथयिष्यति ॥६॥
इत्युक्त्वाऽन्तर्दधे देवः समादिश्यांऽशमात्मनः ।
स पुमान् मयमाहेदं प्रणतं प्राञ्जलिस्थितम् ॥७॥
शृणुष्वैकमनाः पूर्वं यद् उक्तं ज्ञानमुत्तमम् ।
युगे युगे महर्षीणां स्वयम् एव विवस्वता ॥८॥

(सूर्यसिद्धान्त मध्यमाधिकार)

[सत्ययुग अलिकति बाँकी रहेको थियो । त्यस समयमा मय नाउं भएका ठूला दैत्यलाई ग्रह ताराहरूको गतिको कारण भएको, रहस्यमय, ज्यादै पुण्य दिने उत्तम ज्ञान भएको, मुख्य वेदाङ्ग (ज्यौतिष) बुझ्ने इच्छा भयो र उनले सूर्यको आराधना गर्दै कठोर तपस्या गरे । त्यो तपस्याले सन्तुष्ट भई खुशी भएका सूर्यले ती मय दैत्यकहाँ आफैं आई तिमीलाई ग्रहगतिको ज्ञान होओस् भन्ने वर दिनु भयो । सूर्यले भन्नुभयो— मैले तिम्रो भाव बुझें । तपस्याबाट म खुशी भएको छु । कालसँग सम्बन्ध राख्ने ग्रहगतिविषयक ठूलो ज्ञान म तिमीलाई दिउँला । तर कसैले पनि मेरो तेज खप्न सक्दैन, मलाई भन्न फुर्सत पनि छैन । यसैले मेरो अंशधारी यो पुरुषले तिमीलाई सम्पूर्ण ज्ञान बताउनेछ । यति भनी आफ्नो अंशधारी पुरुषलाई खटाएर सूर्य भगवान् अन्तर्धान हुनुभयो । नुहेर हात जोडीकन खडा रहेका मयलाई सूर्यका अंशधारी ती पुरुषले भने— सूर्य भगवान्ले पहिले युग युगमा महर्षिहरूलाई जुन उत्तम ज्ञान आफैं बताउनुभएथ्यो, त्यो ज्ञान मन लाएर सुन ।]

त्रेतायुगका वर्ष = १२९६०००
द्वापरयुगका वर्ष = ८६४०००

(पूर्णिमा २५ अङ्कमा छापिएको देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिको अनुवाद भन्ने निबन्ध । सो अङ्कको १९ पृष्ठ)

गतकलिको र विक्रमसंवत्को अन्तर = ३०४४

(पूर्णिमा ५ अङ्कमा छापिएको शङ्करमान राजवंशीको पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्विषयको विचार भन्ने निबन्ध । सो अङ्कको १२ पृष्ठ)

त्रेतायुगका वर्ष	=	१२९६०००
द्वापरयुगका वर्ष	=	८६४०००
गतकलि र विक्रमसंवत्‌को अन्तर	=	३०४४
विक्रमसंवत्	=	२०३२
सत्ययुगको समाप्तिदेखि वि. सं. २०३२ सम्म बितेका वर्ष	=	२१६५०७६

यताबाट सूर्यसिद्धान्त बनेको अहिले कमसेकम २१६५०७६ वर्ष भयो भन्ने देखिन्छ।

यस कुरामा वर्तमानकालका परीक्षकहरू आपत्ति उठाउँछन्। यस कारण सूर्यसिद्धान्तको कालनिर्णय गर्न बस्दा वादविवादको चक्करमा नपरी सुख पाइँदैन।

आर्यभटको जन्म वि. सं. ५३३ मा भएको हो–

षष्टच६०ब्दानां षष्टिर्६० यदा व्यतीतास् त्रयश् च युगपादाः।
त्र्यधिका विंशतिर२३ब्दास् तदेह मम जन्मनोऽतीताः ।१०।।

(आर्यभटीय कालक्रियापाद)

[सत्य त्रेता द्वापर यी तीन युग बितिसकेका थिए। कलियुगमा ६० संवत्सरका ६० (=६०×६०=३६००) वर्ष बितेका थिए, त्यस वेला मेरो उमेर २३ वर्षको थियो।]

यताबाट कलियुगका ३६०० वर्ष बित्दा आर्यभट २३ वर्षका थिए भन्ने देखिन्छ। यस कारण ३६००—२३=३५७७ कलिगतमा आर्यभटको जन्म भएको देखिन्छ।

कलिगतवर्षमा ३०४४ घटाए विक्रमसंवत् आउँछ।

यस कारण

३५७७—३०४४=५३३

यताबाट वि. सं. ५३३ मा आर्यभटको जन्म भएको देखिन्छ।

(पूर्णिमा २९ अङ्कमा छापिएको यस अङ्कको विषयमा भन्ने मेरो निबन्ध। सो अङ्कका ३–४ पृष्ठ।)

यस कारण आर्यसिद्धान्तको काल निश्चित छ। परन्तु आर्यभटीय सानो छ तथा यसको प्रचार पनि कम छ।

वि. सं. ६८५ मा ब्रह्मगुप्तले ब्राह्मस्फुटसिद्धान्त बनाएका हुन्–

		दिन	घडी	प[illegible]
ब्रह्मगुप्तको वेधोपलब्ध चान्द्रमासको मान	=	२९	३१	५[illegible]
वेदाङ्गज्यौतिषको चान्द्रमासको मान	=	२९	३०	५[illegible]
अन्तर	=	०	०	५[illegible]

यसरी प्रत्येक महीनामा ५२ पलाको अन्तर पर्ने भयो ।

```
  ६२
×५२
-----
 १२४
३१०
-----
३२२४
```

```
६०)३२२४(५३
   ३००
   -----
    २२४
    १८०
   -----
     ४४
```

यसरी ५ वर्षमा ५३ घडी ४४ पला अन्तर पर्ने भयो । अर्थात् वेदाङ्गज्यौतिषअनुसारको अमावास्याको समाप्तिकालभन्दा ५३ घडी ४४ पलापछि ब्रह्मगुप्तको अमावास्याको समाप्ति हुने भयो । वेदाङ्गज्यौतिषको गणनाअनुसार

श्रीचापवंशतिलके श्रीव्याघ्रमुखे नृपे शकनृपाणाम् ।
पञ्चाशत्संयुक्तैर् वर्षशतैः पञ्चभि५५०रतीतैः ।।७।।
ब्राह्मः स्फुटसिद्धान्तः सज्जनगणितज्ञगोलवित्प्रीत्यै ।
त्रिंशद्३०वर्षेण कृतो जिष्णुसुतब्रह्मगुप्तेन ।।८।।

(ब्राह्मस्फुटसिद्धान्त संज्ञाध्याय)

[श्रीचापवंशका राजा श्रीव्याघ्रमुखको पालामा शकसंवत् ५५० मा जिष्णुका छोरा ३० वर्षका ब्रह्मगुप्तले सज्जन गणितज्ञ तथा गोलज्ञ विद्वान्‌हरू प्रसन्न होऊन् भनी ब्राह्मस्फुटसिद्धान्त बनाए ।]

यताबाट शकसंवत् ५५० (वि. सं. ६८५) मा ३० वर्षका ब्रह्मगुप्तले ब्राह्मस्फुटसिद्धान्त बनाएका हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

ब्राह्मस्फुटसिद्धान्त आफ्नो लेखनशैलीले गर्दा अत्यन्त प्रौढ छ तथा भास्कर जस्ता महान् गणितज्ञ त्यसका अनुयायी छन् (इतिहास - संशोधनको प्रमाणप्रमेयको उपोद्‌घातका ३७-४० पृष्ठ) । यसै कारण यहाँ ब्रह्मगुप्तको गणितसँग वेदाङ्गज्यौतिषको तुलना गरिएको हो ।

आएको अमान्तकाल ब्रह्मगुप्तको चतुर्दशीको समाप्तिकालभन्दा केही पछि हुन्छ। यो मध्यम गणनाअनुसारको हो।

अर्कस्य…परमं फलं … भागद्वयं सार्धदशकलाऽऽधिकं किल भवति। २।१०।३१।…चन्द्रस्य परमं फलम् अष्टविकलाऽऽधिक-कलाद्वयाऽधिकाः पञ्च भागाः ५।२।८।…

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार ३० श्लोकको उपपत्ति)

		अंश	कला	विकला
सूर्यको परम मन्दफल	=	२	१०	३१
चन्द्रको परम मन्दफल	=	५	२	८
सूर्य र चन्द्रको परम मन्दफलको योग	=	७	१२	३९

७ × ६० = ४२०। ४२० + १२ = ४३२। ४३२ × ६० = २५९२०।
२५९२० + ३९ = २५९५९।

सूर्य र चन्द्रको विकलात्मक परम मन्दफलको योग = २५९५९

		कला	विकला
सूर्यको मध्यम दैनिक गति	=	५९	८
चन्द्रको मध्यम दैनिक गति	=	७९०	३५

(सिद्धान्तशिरोमणि मध्यमाधिकार प्रत्यब्दशुद्धिको १५ श्लोकको उपपत्ति)

		कला	विकला
चन्द्रमाको मध्यम दैनिक गति	=	७९०	३५
सूर्यको मध्यम दैनिक गति	=	५९	८
चन्द्र र सूर्यको मध्यम दैनिक गतिको अन्तर	=	७३१	२७

७३१ × ६० = ४३८६०। ४३८६० + २७ = ४३८८७।

सूर्य र चन्द्रको गत्यन्तर विकला ४३८८७ ले त ६० घडी पाइन्छ भने सूर्य र चन्द्रको विकलात्मक परम मन्दफलको योग २५९५९ ले कति पाइएला भनी त्रैराशिक गर्दा

घडी पला

$$\frac{६० \times २५९५९}{४३८८७} = \frac{१५५७५४०}{४३८८७} = ३५ \mid २९$$

४३८८७)१५५७५४०(३५।२९
१३१६६१
२४०९३०
२१९४३५
२१४९५ × ६०
१२८९७००
८७७७४
४११९६०
३९४९८३
१६९७७

यहाँसम्मको गणनाबाट मध्यममानले तिथिको समाप्ति भएको ३५ घडी र पलासम्म अर्थात् १४ धण्टा १२ मिनेटसम्म पनि फरक पारी अगाडि वा पछा स्पष्टमानले तिथिको समाप्ति हुन सक्छ भन्ने देखिन्छ । अर्थात् मध्यममान आदित्यवार दिनको १० बजे तिथिको समाप्ति भयो भने स्पष्टमानले अघिल दिन शनिवार रातको ७ बजेर ४८ मिनेट जाँदा वा सोही आदित्यवार रात १२ बजेर १२ मिनेट जाँदा तिथिको समाप्ति हुन सक्छ ।[४]

सूर्य र चन्द्र दुवैको परम मन्दफल हुँदा मात्र यस्तो हुन आउँछ । यस पनि सूर्यको परम मन्दफल धनात्मक हुँदा चन्द्रमाको परम मन्दफल ऋणात्म भयो वा सूर्यको परम मन्दफल ऋणात्मक हुँदा चन्द्रमाको परम मन्दफल धनात्म भयो भने मात्र यस्तो अवस्था पर्न आउँछ । कहिलेकहीं दुवैको मन्दफल मन्दफलसंस्कार ० पनि हुन आउँछ । त्यसो भएमा मध्यममानले तिथिसमाप्ति भएकै कालमा स्पष्टमानले पनि तिथिसमाप्ति हुन आउँछ । मध्यममानले तिथिको समाप्ति भएको कालमा वा त्यसदेखि बढीसेबढी १४ घण्टा १२ मिनेटसम्म फर

---

४. वेदाङ्गज्योतिषमा वारको उल्लेख छैन, तिथिसमाप्ति पनि सूर्योदय-कालमै हुन्छ (यो विषयमा पछि बिस्तारपूर्वक लेखिनेछ) । ब्रह्मगुप्तको गणितमा वारको उल्लेख छ, तिथिसमाप्ति पनि गणनाअनुसार जहिले आउँछ, उहिले हुन्छ । यहाँ वेदाङ्गज्यौतिषको र ब्रह्मगुप्तको गणितको भेद बुझाउन कल्पित उदाहरण दिइएका छन् ।

पारी स्पष्टमानले तिथिको समाप्ति हुन सक्छ भन्ने कुरो यहाँसम्मका कुराबाट स्पष्ट भयो ।

वेदाङ्गज्यौतिषको गणना मध्यममानको हो भनी माथि बताइसकिएको छ । यस कारण मध्यममान र स्पष्टमानको भेदले पर्न आउने अन्तर वेदाङ्गज्यौतिष-अनुसारको तिथिमा अवश्य पर्छ ।

वेदाङ्गज्यौतिषअनुसारको चान्द्रमासको मान ब्रह्मगुप्तको चान्द्रमासको मान-भन्दा ५२ पला घटी छ भन्ने कुरा पनि माथि बताइएको हो । यो अन्तर बढ्दै जाँदा ५ वर्षको अन्त्यमा ५३ घडी ४४ पला हुन्छ । ५३ घडी ४४ पला भनेको २१ घण्टा ३० मिनेट हो । पञ्चवर्षात्मक युगको समाप्तिकालमा वेदाङ्गज्यौतिषअनुसारको औंसीको समाप्ति भएको २१ घण्टा ३० मिनेटपछि ब्रह्मगुप्तको गणनाअनुसार मध्यममानले औंसीको समाप्ति हुने भयो । अर्थात् वेदाङ्गज्यौतिषको गणनाअनुसार आदित्यवार दिनको १० बजे औंसीको समाप्ति हुने भयो भने ब्रह्मगुप्तको मध्यम गणनाअनुसार सोमवार बिहान साढे सात बजे औंसीको समाप्ति हुने भयो । पूर्णिमामा पनि यस्तै जस्तो हुन्छ । यताबाट पञ्चवर्षात्मक युगको समाप्तिको नजीकमा वेदाङ्गज्यौतिषको औंसीको दिन ब्रह्मगुप्तको मध्यम गणनाअनुसार कृष्णपक्षको चतुर्दशी र वेदाङ्ग-ज्यौतिषको पूर्णिमाको दिन ब्रह्मगुप्तको मध्यम गणनाअनुसार शुक्लपक्षको चतुर्दशी हुन्छ ।

मध्यममान र स्पष्टमानले पर्ने अन्तर छँदैछ । यो अन्तर सबभन्दा ठूलो हुन गएमा पञ्चवर्षात्मक युगको समाप्तिमा

		घण्टा	मिनेट
वेदाङ्गज्यौतिष र ब्रह्मगुप्तको मध्यममानको अन्तर	=	२१	३०
मध्यममान र स्पष्टमानको अन्तर	=	१४	१२
दुवैको योग	=	३५	४२

३५ घण्टा ४२ मिनेट अन्तर पर्ने भयो । अर्थात् वेदाङ्गज्यौतिषको गणना-अनुसार आदित्यवार दिनको १० बजे औंसीको समाप्ति हुने भयो भने ब्रह्मगुप्तको स्पष्ट गणनाअनुसार सोमवार रातको ९ बजेर ४२ मिनेट जाँदा औंसीको समाप्ति हुने भयो । पूर्णिमाको समाप्तिकालमा पनि यस्तै जस्तो हुन्छ ।

यहाँ देखाइएको अन्तर महत्तम हो । अब न्यूनतम अन्तरको विषयमा पनि विचार गरौं ।

वेदाङ्गज्योतिषको गणनाअनुसार औंसीको समाप्ति भएको २१ घण्ट मिनेटपछि ब्रह्मगुप्तको गणनाअनुसार मध्यममानले औंसीको समाप्ति अवस्थामा चन्द्र र सूर्यको परम मन्दफलको संस्कार ऋणात्मक हुन आएमा वर्षात्मक युगको समाप्तिमा

		घण्टा	मिनेट
वेदाङ्गज्योतिष र ब्रह्मगुप्तको मध्यममानको अन्तर	=	२१	३०
मध्यममान र स्पष्टमानको अन्तर	=	१४	१२
दुवैको अन्तर	=	७	१८

७ घण्टा १८ मिनेट अन्तर पर्ने भयो । अर्थात् वेदाङ्गज्योतिषको गण अनुसार आदित्यवार दिनको १० बजे औंसीको समाप्ति भयो भने ब्रह्मगुप्त स्पष्ट गणनाअनुसार सोही आदित्यवार बेलुकाको ५ बजेर १८ मिनेट औंसीको समाप्ति हुने भयो । पूर्णिमामा पनि यस्तै जस्तो हुन्छ । यो न्यून अन्तर हो । यति अन्तर त थाहा नपाइने पनि हुन सक्छ । परन्तु डेढ दिन महत्तम अन्तर थाहा नपाइने हुँदैन ।

अनुमति र सिनीवाली

पक्षान्तौ पञ्चदश्यौ द्वे पौर्णमासी तु पूर्णिमा ।।७।।
कलाहीने साऽनुमतिः पूर्णे राका निशाकरे ।
अमावास्या त्वमावस्या दर्शः सूर्येन्दुसङ्गमः ।।८।।
सा दृष्टेन्दुः सिनीवाली सा नष्टेन्दुकला कुहूः ।

(अमरकोश १।४)

पक्षान्त १ पञ्चदशी २ [२ अउँसी-पूर्णिमा दुवैका नाम] पौर्णमासी १ पूर्णिमा २ [२ पूर्णिमा तिथिका नाम] सा निशाकरे कलाहीने सति अनुमतिः (त्यो-पूर्णिमा चन्द्रमामा-१६ कला-पूर्णभयेका-छैनन् भने अनुमति कहिन्छे) अनुमति २ [१ सोह्रकलानभयेका-चन्द्रमा-उदाउनेपूर्णिमा-तिथिको नाम] पूर्णे निशाकरे राका (सोह्रकलाले-पूर्णभयेका-चन्द्रमाले-युक्तभयेकी-पूर्णिमा राका कहिन्छे) राका २ [१ सोह्रकलाले पूर्ण-भयेका-चन्द्रमाले-युक्तभयेकी-पूर्णिमाको नाम] अमावास्या २, अमावस्या २, (अमा २) दर्श १, सूर्येन्दुसङ्गम १

[४ औंसीका नाम] सा दृष्टेन्दुः सिनीवाली (त्योअउँसी चन्द्रकलाको-केही-शेषले-युक्त-छ-भने सिनीवाली कहिन्छे) सिनीवाली २ [१ चन्द्रकला-शेष-रहने-औंसीको नाम] नष्टेन्दुकला सा कुहूः (चन्द्रकला-जम्मै-नष्टभयेकी त्यो-अउँसी कुहू कहिन्छे) कुहू २ [१ चन्द्रकला-कत्ति नभयेकी-अउँसीको नाम]

(वि. सं. २०२६ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौंबाट प्रकाशित विद्वच्छिरोमणि कुलचन्द्र गौतमको टीकासहितको अमरकोशको ३० पृष्ठ । ढुण्डिराज हृषीकेश शर्मा काशीद्वारा प्रकाशित कुलचन्द्र गौतमको टीका-सहितको अमरकोशका ४८-४९ पृष्ठमा पनि यस्तै अर्थ छापिएको छ । कहीं कहीं शब्दान्तर छन् ।)

अमरकोश मैले केटाकेटीमा पढेको हुँ, कुलचन्द्रको टीका पनि देखेको हुँ । औंसीको दिन चन्द्रमा मैले अहिलेसम्म देखेको छैन । यस कारण सिनीवाली भनेको के हो, यो कुरा मैले केही बुझ्न सकिनँ । पूर्णिमाको दिन सधैं चन्द्रमा बाटुले देखिन्छन् । यताबाट अनुमति भनेको के हो, यो कुरा मैले केही बुझ्न सकिनँ । यस विषयमा आफूले चिने जतिका जान्ने बुझने सबैलाई मैले सोधें । कतैबाट पनि मैले राम्रो उत्तर पाइनँ ।

वेदाङ्गज्यौतिषको गणनाअनुसार जुन रात औंसीको हुन सक्थ्यो, ब्रह्मगुप्तको स्पष्ट गणनाअनुसार त्यो रात कृष्णपक्षको चतुर्दशीको वा त्रयोदशी छ्यासमिस भएको रात पनि हुन सक्थ्यो । यस अवस्थामा औंसीमा पनि चन्द्रदर्शन हुनु सम्भव थियो । यस कारण औंसीमा पनि चन्द्रमा देखिए भने सो औंसी सिनीवाली हुन्छ भन्ने नाम राख्नुपर्‍यो । वेदाङ्गज्यौतिषको गणनाअनुसार जुन रात पूर्णिमाको हुन सक्थ्यो, ब्रह्मगुप्तको स्पष्ट गणनाअनुसार त्यो रात शुक्लपक्षको चतुर्दशीको वा त्रयोदशी छ्यासमिस भएको रात हुन सक्थ्यो । यस अवस्थामा पूर्णिमामा पनि चन्द्रमा बाटुला नहुन सम्भव थियो । यस कारण पूर्णिमामा पनि चन्द्रमा बाटुला भएनन् भने सो पूर्णिमा अनुमति हुन्छ भने नाम राख्नुपर्‍यो ।[५] यसरी धेरै कालपछि अमरकोशका माथिका दुइ श्लोकका अर्थ मैले बुझें ।

---

५. स्पष्ट गणनाले आएका ग्रह मात्र आकाशमा देखिन्छन्, मध्यम गणनाले आएका ग्रह आकाशमा देखिंदैनन् । सिनीवाली, कुहू, अनुमति, राका

अहिलेभन्दा केही वर्षअगाडि गोकर्ण जोरपाटीमा गाउँफर्क जाँदा शिश पाँडे (पण्डित गोपाल पाँडेका नाति) को घर कुमारीगालमा अतिथि भई म बसे थिएँ। पण्डित नारायणप्रसाद लामिछानेको घर पनि त्यहीं रहेछ। यिनले म केही वर्ष पढेका थिए। यिनी अहिले अग्निहोत्री भई बसेका छन्। यिनले म बोलाई आफ्नो घर लगी आफ्नो अग्निशाला देखाए। शुक्लपक्षको प्रतिपद दर्शयाग र कृष्णपक्षको प्रतिपदामा पौर्णमासयाग हुन्छ, ती याग हेर्न आउनु भनी उनले मलाई निम्ता पनि दिए। मलाई याग हेर्ने इच्छा त थियो, तर अनु नपरेकोले जान सकिनँ। दर्शयाग औंसीमा र पौर्णमासयाग पूर्णिमामा नगरी भोलिपल्ट गरेको होला भन्ने कुरा मेरो मनमा खेल्यो। मैले केही कारण भेट्ट सकिनँ। पछि कविराज तीर्थराज आचार्यको घरमा पनि अग्निशाला हेर्न निम पाएँ। गईकन हेरें पनि। त्यहाँ पनि परेवामै दर्शयाग र पौर्णमासयाग हुने कु सुनें। त्यसको कारणचाहिं केही बुझ्न सकिनँ।

वेदाङ्गज्यौतिष र ब्रह्मगुप्तका गणित विचार गर्दै जाँदा मैले सो कारण के बुझें। वेदाङ्गज्यौतिषको गणनाअनुसारको औंसीको रातमा चन्द्रमा देखि पूर्णिमाको रातमा चन्द्रमा वाटुला नहुने सम्भव पनि भएकोले वैदिक याज्ञिकहरू आफ्नै आँखाले हेरी औंसी तथा पूर्णिमा निश्चित गरी त्यसको भोलिपल्ट याग ग रीति बसाएका रहेछन् भन्ने कुरा मेरो मनमा चढ्यो। यस विषयका वचन क छन् कि भनी हालै मैले प्राध्यापक सोमनाथ पौडेलसँग सोधें। उहाँले शतप ब्राह्मण, कात्यायनश्रौतसूत्रहरूमा यस विषयका वचन पाइन्छन् भनी भन्नुभयो ती वचन खोजी पढी तिनको मनन गर्न मैले अहिलेसम्म सकेको छैन। पछि वेदाङ्ग ज्यौतिषको व्याख्या प्रकाश गर्दै जाँदा तिनको उल्लेख यथास्थान गर्ने मेरो विचार छ।

पञ्चवर्षात्मक युगको अन्त्यमा त्रयोदशीको मध्यकाल र औंसीको छायासमि हुने सम्भावना पर्न जाँदा २ दिन जतिको अन्तर पर्न आयो। यस कारण १ युगमा २ दिन, २ युगमा ४ दिन, ३ युगमा ६ दिन अन्तर पर्ने सम्भावना भयो। वेदाङ्ग ज्यौतिषको चान्द्रमास सानो भएकोले ब्रह्मगुप्तको चान्द्रमासको समाप्ति वेदाङ्ग ज्यौतिषको चान्द्रमासको समाप्तिभन्दा पछाडि नै हुने निश्चित छ। यस कारण १

यो शब्द धेरै पुराना हुन्। यो शब्दको सापेक्षमा ब्रह्मगुप्त धेरै नयाँ हुन्। यहाँ गणितको भेद बुझाउनको लागि मात्र यी शब्दसँग ब्रह्मगुप्तको गणनाको तुलना गरिएको हो।

युगमा ६ दिनसम्म बढ्ने सम्भावना पनि हुनाले सामान्य गणितबाट ५ महीना ६ दिन आए तापनि आँखाले ५ महीना १२ दिन फरक पर्ने सम्भावना हुन आयो। १३ वर्ष भनेको अढाई युग नाघी तेस्रो युगको अन्त्यतिर जान लागेको समय हो। यस कारण महाभारतमा ५ महीना १२ दिन बढ्छन् भनी लेखिएको देखिन्छ।

तिनताकाका ज्योतिषीहरू आकाशको घटना हेर्न जागरूक थिए भन्ने यताबाट देखिन्छ। यस विषयमा अझ बढी विचार गर्नु आवश्यक छ।

[नयराज पन्तको यो लेख पूर्णिमा ३४ अङ्कका १११-१२३ पृष्ठबाट लिइएको हो।]

अथर्ववेदज्यौतिषअनुसारका तिथि

शब्द उही भए पनि त्यसको अर्थ कालँपिच्छे केही फरक हुन्छ। भीमसेन थापाले पाएको सर्वोच्च पद कम्यान्डर–इन–चीफ हो। पहिले उनी वि. सं. १८६३ मा नेपालका हर्ताकर्ता भएका हुन्। त्यस वेला उनको पद काजी थियो। काजीहरू अरू पनि थिए। त्यस कारण आफ्नो गौरव बढाउन भीमसेन थापा वि. सं. १८६८ मा जनरल बने। त्यसपछि नेपालमा जनरल शब्दको अर्थ हर्ताकर्ता भन्ने भयो। भीमसेन थापाको शासनकालमा उनका बाबु, भाइ, भतिजाबाहेक अरू त जनरल भएनन्; तैपनि आफ्नै भाइ, भतिजामध्येमा पनि आफू श्रेष्ठतर बन्न भीमसेन थापा वि. सं. १८९२ मा कम्यान्डर–इन–चीफ बने। त्यस कारण त्यस वेला कम्यान्डर–इन–चीफ भन्ने शब्द नेपालमा हर्ताकर्ताको अर्थ दिने भयो। भीमसेन थापाको अधिकार वि. सं. १८६३ देखि काजी भए पनि जनरल भए पनि कम्यान्डर–इन–चीफ भए पनि उस्तै थियो।[1] भीमसेन थापाका भतिजा मातवरसिंह थापा वि. सं. १९०० मा प्राइम्मिनिस्टर बने।[2] राजा समर्थ भएका हुनाले हर्ताकर्ता त मातवरसिंह थापा हुन सकेनन्, तैपनि त्यो पद अत्यन्त ठूलो

---

१. वि. सं. २०२६ मा प्रकाशित पूर्णिमा २२ अङ्कका १३३–१४३ पृष्ठमा छापिएको देवीप्रसाद भण्डारीको प्रधानमन्त्री माथवरसिंह थापाको वि. सं. १९०१ को शिलापत्र भन्ने निबन्ध, सो अङ्कका १३६–१३९ पृष्ठ।

वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ अङ्कका २१७–२३६ पृष्ठमा छापिएको भीमसेन थापा भन्ने मेरो निबन्ध।

२. पूर्णिमा २२ अङ्कका १३३–१३५, १३९–१४१ पृष्ठ।

वि. सं. २०३० मा दिल्लीको कस्मो पब्लिकेशन्जद्वारा पुनः प्रकाशित हेनि एम्ब्रोस ओल्डफील्डको स्केच्इज् फ्रम् निपाल् (नेपालको वर्णन) को १ भागको ३३८ पृष्ठ।

थियो । वि. सं. १९०३ मा कोतपर्वपछि मातवरसिंह थापाका भानिज जङ्गबहादुर कुँवर प्राइम्मिनिस्टर भए । अरू भारादारहरूलाई सखाप पार्न सकेका र राजालाई पनि निरस्त्र पार्न सकेकाले जङ्गबहादुर कुँवर भीमसेन थापाभन्दा पनि अझ बढी शक्तिशाली हर्ताकर्ता भए । यसपछि १०४ वर्षसम्म प्राइम्मिनिस्टर शब्द राजा प्रजा दुवैलाई अँचेटी राख्न सक्ने स्वेच्छाचारी शासकको पर्याय बन्न पुग्यो ।[३] राणा शासनकालमा प्राइम्मिनिस्टरभन्दा १ तह तलका शासक कम्यान्डर–इन–चीफ कहलाउँथे ।[४] यसरी वि. सं. १८६८ देखि वि. सं. २००७ सम्म क्रमैले जनरल, अनि कम्यान्डर–इन–चीफ, अनि प्राइम्मिनिस्टर यी शब्द अधिनायकका पर्याय बने । यिनका अर्थ क्रमैसँग फरक पर्दै पनि गए । प्राइम्मिनिस्टरको अनुवाद प्रधानमन्त्री र कम्यान्डर–इन–चीफको अनुवाद प्रधानसेनापति गरिन्छ । अहिले पनि प्रधानमन्त्री र प्रधानसेनापति पद छन्, परन्तु त्यो शक्ति तथा त्यो क्रम अहिले छैन ।[५] यति भन्नाको तात्पर्य शब्द उही भए पनि त्यस शब्दले बुझाउने अर्थ एकैनास सम्झने गरे वास्तव घटनादेखि अनभिज्ञ बन्नुपर्छ भन्ने हो ।

अब मुख्य विषयतिर लागौं ।

प्रतिपद् (परेवा), द्वितीया, तृतीया आदि तिथिवाचक शब्द आजभोलि पनि चलेका छन्, अथर्ववेदज्यौतिषमा पनि तिथिवाचक यिनै शब्द छन् । परन्तु यी तिथिवाचक शब्दको आजभोलि चलेको अर्थ सम्झी अथर्ववेदज्यौतिषमा परेका यी शब्दको अर्थ गर्न बस्दा सङ्गति मिलाउन सकिन्न भन्ने देखाउन यो निबन्ध प्रस्तुत गरिन्छ ।

---

३. पूर्णिमा २२ अङ्कका १४१–१४२ पृष्ठ ।

वि. सं. २०२८ मा प्रकाशित पूर्णिमा २५ अङ्कका ३९–६० पृष्ठमा छापिएको श्री ३ महाराज रणोद्दीपसिंह भन्ने मेरो निबन्ध ।

४. वि. सं २०२२ मा कानून किताब व्यवस्था समिति सिंहदरबार काठमाडौंबाट प्रकाशित श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐनका २–३ पृष्ठ ।

५. वि. सं. २०३२ मा कानून तथा न्याय मन्त्रालय कानून किताब व्यवस्था समितिबाट प्रकाशित नेपालको संविधान २०१९ का १३–१४ पृष्ठ ।

गततिथिर् द्वि२गुणा मुनि७शेषिता
करणमग्र्यदलेऽथ परे दले ।
कु१युगथाऽसितभूतपरार्द्धतः
शकुनितः स्थिरकर्णचतुष्टयम् ।।१८।।

(लक्ष्मीपति पाँडेको रत्नदीप २ अध्या

[गततिथिलाई २ ले गुनी आएको गुणनफललाई ७ ले भाग लिदा बा शेष त्यस तिथिको पूर्वार्द्धको करण हुन्छ । त्यसमा १ जोडेपछि तिथिको उत्तरा को करण हुन्छ । कृष्णपक्षको चतुर्दशीको उत्तरार्द्ध देखि शकुनि आदि ४ स्थिर क हुन्छन् ।]

बवाऽह्वयं बालवकौलवाऽख्ये
ततो भवेत् तैतिलनामधेयम् ।
गराऽभिधानं वणिजं च विष्टिम्
इत्याहुरार्याः करणानि सप्त ७ ।।१।।
चतुर्दशी या शशिना प्रहीणा
तदर्धभागे शकुनिर् द्वितीये ।
दर्शार्द्धयोः स्तश् चतुरङ्घ्रिनागौ
किंस्तुघ्नमाद्ये प्रतिपद्दले च ।।२।।

(श्रीपतिको ज्यौतिषरत्नमाला करणप्रकरण

[बव, बालव, कौलव, तैतिल, गर, वणिक्, विष्टि (भद्रा) यी ७ कर हुन्छन् । कृष्णपक्षको चतुर्दशीको उत्तरार्द्धमा शकुनि, औंसीको पूर्वार्द्धमा चतुष्पा औंसीको उत्तरार्द्धमा नाग, शुक्लपक्षको परेवाको पूर्वार्द्धमा किंस्तुघ्न कर हुन्छन् ।]

(वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कमा छापिएको दिनेशरा पन्तको रत्न मल्लकी छोरी विरमादेवीको विवाहको तिथिमितिको गणना गर्ने निबन्ध, सो अङ्कका ३०८–३०९ पृष्ठ ।)

यस नियमअनुसार

तिथि	शुक्लपक्षमा पूर्वार्द्धमा	शुक्लपक्षमा उत्तरार्द्धमा	कृष्णपक्षमा पूर्वार्द्धमा	कृष्णपक्षमा उत्तरार्द्धमा
प्रतिपद्को	किंस्तुघ्न	बव	बालव	कौलव
द्वितीयाको	बालव	कौलव	तैतिल	गर
तृतीयाको	तैतिल	गर	वणिक्	भद्रा
चतुर्थीको	वणिक्	भद्रा	बव	बालव
पञ्चमीको	बव	बालव	कौलव	तैतिल
षष्ठीको	कौलव	तैतिल	गर	वणिक्
सप्तमीको	गर	वणिक्	भद्रा	बव
अष्टमीको	भद्रा	बव	बालव	कौलव
नवमीको	बालव	कौलव	तैतिल	गर
दशमीको	तैतिल	गर	वणिक्	भद्रा
एकादशीको	वणिक्	भद्रा	बव	बालव
द्वादशीको	बव	बालव	कौलव	तैतिल
त्रयोदशीको	कौलव	तैतिल	गर	वणिक्
चतुर्दशीको	गर	वणिक्	भद्रा	शकुनि
पूर्णिमाको	भद्रा	बव	अमावास्याको चतुष्पाद्	नाग

यस्तो सारणी बस्न आउँछ ।

पञ्चाङ्गमा यही सारणीअनुसार करण लेखिएका हुन्छन् । जस्तै—

वि. सं. २०३३ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी पला	करण	घडी पला	दिनमान घडी पला	
आश्विन	८	शु.	१	४४।४६	किं.	१७।२८	२९।५८	
	९	श.	२	३८।५५	बा.	११।५०	२९।५४	
	१०	आ.	३	३२।५२	तै.	५/५६ । ५३/४६	२९।४९	भ. ५९।४९ उ.
	११	सो.	४	२६।४६	ब.	५३।४९	२९।४५	भ. २६।४६ या.
	१२	मं.	५	२०।५३	कौ.	४८। ७	२९।४१	
	१३	बु.	६	१५।२२	ग.	४२।५४	२९।३७	
	१४	बृ.	७	१०।२६	भ.	३८।२०	२९।३३	भ. १०।२६ उ. ३८।२० या.

गते	वार	तिथि	घडी पला	करण	घडी पला	दिनमान घडी पला	
१५	शु.	८	६।१४	बा.	३४।३५	२९।२९	
१६	श.	९	२।५७	तै.	३१।५१	२९।२५	
१७	आ.	१०	०/५६।४५/४४	व.	३०।१४	२९।२१	भ. ३०।१
							५९।४
१८	सो.	१२	५९।५९	ब.	२९।५१	२९।१६	
१९	मं.	१३	६०।०	कौ.	३०।४६	२९।१२	
२०	बु.	१३	१।३३	ग.	३२।५५	२९।८	
२१	बृ.	१४	४।१७	भ.	३६।१२	२९।४	भ.४।१७उ. ३
२१	शु.	१५	८।७	बा.	४०।२७	२९।०	

कार्तिककृष्ण

	गते	वार	तिथि	घडी पला	करण	घडी पला	दिनमान घडी पला	
आश्विन	२३	श.	१	१२।४७	तै.	४५।२२	२८।५६	
	२४	आ.	२	१७।५७	व.	५०।३३	२८।५१	भ. ५०।३३
	२५	सो.	३	२३।९	ब.	५५।३३	२८।४७	भ. २३।९
	२६	मं.	४	२७।५७	कौ.	५९।५९	२८।४३	
	२७	बु.	५	३२।३	ग.	६०।०	२८।३९	
	२८	बृ.	६	३५।७	ग.	३।३५	२८।३५	भ. ३५।७
	२९	शु.	७	३६।५९	भ.	६।३	२८।३१	भ. ६।३ या.
	३०	श.	८	३७।३४	बा.	७।१६	२८।२६	
कार्तिक	१	आ.	९	३६।५३	तै.	७।१३	२८।२३	
	२	सो.	१०	३५।०	व.	५।५६	२८।१८	भ.५।५६उ. ३५
	३	मं.	११	३२।०	बँ.	३।३०	२८।१४	
	४	बु.	१२	२८।४	कौ.	०/५५।२/४२	२८।१०	
	५	बृ.	१३	२३।२०	भ.	५०।३९	२८।६	भ. २३।२०
								५०।३९
	६	शु.	१४	१७।५९	च.	४५।६	२८।२	
	७	श.	३०	१२।१४	कि.	३९।१४	२७।५८	

(पं. दधिराम शर्माको वि. सं. २०३३ को पञ्चाङ्गबाट)

पञ्चाङ्गमा करणको संक्षिप्त रूप मात्र दिइएको छ । वास्तव रूप यस्तो हुन्छ—

वि. सं. २०३३ आश्विनशुक्ल

	गते	बार	तिथि	घडी पला	करण	घडी पला		घडी पला	
आश्विन	८	शुक्र	प्रतिपद्	४४।४६	किंस्तुघ्न	१७।२८	सम्म, त्यसपछि	४४।४६	सम्म बव, त्यसपछि बालव
	९	शनि	द्वितीया	३८।५५	बालव	११।५०	सम्म, त्यसपछि	३८।५५	सम्म कौलव, त्यसपछि तैतिल
	१०	आदित्य	तृतीया	३२।५२	तैतिल	५।५३	सम्म, त्यसपछि	३२।५२	सम्म गर, त्यसपछि ५९।४९ सम्म वणिक्, त्यसपछि भद्रा
	११	सोम	चतुर्थी	२६।४६	भद्रा	२६।४६	सम्म, त्यसपछि	५३।४९	सम्म बव, त्यसपछि बालव
	१२	मङ्गल	पञ्चमी	२०।५३	बालव	२०।५३	सम्म, त्यसपछि	४८।७	सम्म कौलव, त्यसपछि तैतिल
	१३	बुध	षष्ठी	१५।२२	तैतिल	१५।२२	सम्म, त्यसपछि	४२।५४	सम्म गर, त्यसपछि वणिक्
	१४	बृहस्पति	सप्तमी	१०।२६	वणिक्	१०।२६	सम्म, त्यसपछि	३८।२०	सम्म भद्रा, त्यसपछि बव
	१५	शुक्र	अष्टमी	६।१४	बव	६।१४	सम्म, त्यसपछि	३४।३५	सम्म बालव, त्यसपछि कौलव
	१६	शनि	नवमी	२।५७	कौलव	२।५७	सम्म, त्यसपछि	३१।५१	सम्म तैतिल, त्यसपछि गर
	१७	आदित्य	दशमी	०।४५	गर	०।४५	सम्म, त्यसपछि	३०।१४	सम्म वणिक्, त्यसपछि ५९।४४ सम्म भद्रा, त्यसपछि बव
			एकादशी	५९।४४					
	१८	सोम	द्वादशी	५९।५९	बव	२९।५१	सम्म, त्यसपछि	५९।५९	सम्म बालव, त्यसपछि कौलव
	१९	मङ्गल	त्रयोदशी	६०।०	कौलव	३०।४६	सम्म, त्यसपछि तैतिल		
	२०	बुध	त्रयोदशी	१।३३	तैतिल	१।३३	सम्म, त्यसपछि	३२।५५	सम्म गर, त्यसपछि वणिक्
	२१	बृहस्पति	चतुर्दशी	४।१७	वणिक्	४।१७	सम्म, त्यसपछि	३६।१२	सम्म भद्रा, त्यसपछि बव
	२२	शुक्र	पूर्णिमा	८।७	बव	८।७	सम्म, त्यसपछि	४०।२७	सम्म बालव त्यसपछि कौलव

कार्तिककृष्ण

	गते	वार	तिथि	घडी पला	करण	घडी पला	घडी पला
आश्विन	२३	शनि	प्रतिपद्	१२।४७	कौलव	१२।४७ सम्म, त्यसपछि ४५।२२ सम्म तैतिल, त्यसपछि गर	
	२४	आदित्य	द्वितीया	१७।५७	गर	१७।५७ सम्म, त्यसपछि ५०।३३ सम्म वणिक्, त्यसपछि भद्रा	
	२५	सोम	तृतीया	२३।९	भद्रा	२३।९ सम्म, त्यसपछि ५५।३३ सम्म बव, त्यसपछि बालव	
	२६	मङ्गल	चतुर्थी	२७।५७	बालव	२७।५७ सम्म, त्यसपछि कौलव	
	२७	बुध	पञ्चमी	३२।३	तैतिल	३२।३ सम्म, त्यसपछि गर	
	२८	बृहस्पति	षष्ठी	३५।७	गर	३।३५ सम्म, त्यसपछि ३५।७ सम्म वणिक्, त्यसपछि भद्रा	
	२९	शुक्र	सप्तमी	३६।५९	भद्रा	६।३ सम्म, त्यसपछि ३६।५९ सम्म बव, त्यसपछि बालव	
	३०	शनि	अष्टमी	३७।३४	बालव	७।१६ सम्म, त्यसपछि ३७।३४ सम्म कौलव, त्यसपछि तैतिल	
कार्तिक	१	आदित्य	नवमी	३६।५३	तैतिल	७।१३ सम्म, त्यसपछि ३६।५३ सम्म गर, त्यसपछि वणिक्	
	२	सोम	दशमी	३५।०	वणिक्	५।५६ सम्म, त्यसपछि ३५।० सम्म भद्रा, त्यसपछि बव	
	३	मङ्गल	एकादशी	३२।०	बव	३।३० सम्म, त्यसपछि ३२।० सम्म बालव, त्यसपछि कौलव	
	४	बुध	द्वादशी	२८।४	कौलव	०।२ सम्म, त्यसपछि २८।४ सम्म तैतिल, त्यसपछि ५५।४२ सम्म गर, त्यसपछि वणिक्	
	५	बृहस्पति	त्रयोदशी	२३।२०	वणिक्	२३।२० सम्म, त्यसपछि ५०।३९ सम्म भद्रा, त्यसपछि शकुनि	
	६	शुक्र	चतुर्दशी	१७।५९	शकुनि	१७।५९ सम्म, त्यसपछि ४५।६ सम्म चतुष्पाद्, त्यसपछि नाग	
	७	शनि	अमावास्या	१२।१४	नाग	१२।१४ सम्म, त्यसपछि ३९।१४ सम्म किंस्तुघ्न, त्यसपछि बव	

वेदका षडङ्गमा शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द तथा ज्यौतिष पर्छन् । ऋग्वेदज्यौतिष, यजुर्वेदज्यौतिष तथा अथर्ववेदज्यौतिषनामक ३ ग्रन्थ ज्यौतिषशास्त्रका अहिलेसम्म पाइएका ग्रन्थमा प्राचीनतम ग्रन्थ हुन् । ऋग्वेदज्यौतिष र यजुर्वेदज्यौतिषमा तिथि र नक्षत्रको चर्चा विशेष गरेर आउँछ । तर त्यहाँ करणको चर्चा छैन । अथर्ववेदज्यौतिषमा करणको चर्चा तल लेखिएबमोजिम पर्न आएको छ—

[४]

शुक्लप्रतिपदि रात्रौ दिवि पञ्चम्यां तथाऽष्टमीं रात्रौ ।
द्वादश्याम् अपि च दिवा प्रथमं प्रतिपद्यते करणम् ॥१॥
पौर्णमास्यां बवं रात्रौ तच् चतुर्थ्यां पुनर्दिवा ।
तद् हि तत्सप्तमीरात्रौ तच् चैवैकादशीदिवा ॥२॥
एकादशभिः११ करणैर् मास सम्प्रतिपद्यते ।
ध्रुवाणि तत्र चत्वारि४ चलान्यन्यानि सप्त७ च ॥४॥
बवं च बालवं चैव कौलवं तैतिलं तथा[६] ।
गरं च[७] वणिजं चैव विष्टिर् भवति सप्तमम्७ ॥५॥
शकुनिश् चतुष्पदं[८] नागं चतुर्थं४ कौस्तुभं भवेत्… ॥६॥
आद्यं तु शकुनिर् नाम[९] रात्रौ कृष्णचतुर्दशी… ॥७॥
करणं चतुष्पदं नाम कृष्णपञ्चदशीदिवा ॥९॥
कृष्णपञ्चदशीरात्रौ नागं करणमुच्यते ॥११॥

[५]

शुक्लप्रतिपदि दिवा कौस्तुभं करणं भवेत्… ॥१॥

(वि. सं. १९८० मा लाहोरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, भगवद्दत्तद्वारा सम्पादित आथर्वणज्योतिषको मूल भागका ४–५ पृष्ठ)

मुद्रित पाठ—

६. तैतिलेति च । ७. गराजि । ८. शकुनिं चतुष्पदं । ९. शकुनिं नाम ।

[शुक्लपक्षमा परेवाको राति, पञ्चमीको दिउँसो, अष्टमीको राति, द्वादशीको दिउँसो, पूर्णिमाको राति बव करण पर्छ ।

कृष्णपक्षमा चतुर्थीको दिउँसो, सप्तमीको राति, एकादशीको दिउँसो बव करण पर्छ । करण जम्मा ११ वटा छन् । तिनमध्ये ७ वटा करण चल छन् । ४ वटा करण स्थिर छन् । बव, बालव, कौलव, तैतिल, गर, वणिक्, विष्टि (भद्रा) यी ७ वटा चल करण हुन् । शकुनि, चतुष्पाद्, नाग, कौस्तुभ (किंस्तुघ्न) यी ४ वटा स्थिर करण हुन् । १ महीनामा यी ११ वटा करण घुमिरहन्छन् । कृष्णपक्षको चतुर्दशीको राति शकुनि करण पर्छ, औंसीको दिउँसो चतुष्पाद् तथा राति नाग करण पर्छन् । शुक्लपक्षको परेवाको दिउँसो कौस्तुभ (किंस्तुघ्न) करण पर्छ ।]

अथर्ववेदज्यौतिषको यस वचनअनुसार

शुक्लपक्षमा			कृष्णपक्षमा		
तिथि	दिउँसो	राति	तिथि	दिउँसो	राति
प्रतिपद्को	किंस्तुघ्न	बव	चतुर्थीको	बव	
पञ्चमीको	बव		सप्तमीको		बव
अष्टमीको		बव	एकादशीको	बव	
द्वादशीको	बव		चतुर्दशीको		शकुनि
पूर्णिमाको		बव	अमावास्याको	चतुष्पाद्	नाग

यस्तो सारणी बस्न आउँछ ।

अथर्ववेदज्यौतिषमा बव, बालव, कौलव, तैतिल, गर, वणिक्, भद्रा यी ७ चल करण र शकुनि, चतुष्पाद्, नाग, किंस्तुघ्न यी ४ स्थिर करणसमेत गरी जम्मा ११ करण १ महीनामा घुम्छन् भनी बोलिएको र स्थिर करण पर्ने तिथि तथा दिन, रात, किटान गरी चल करणमध्ये पहिलो बव पर्ने तिथि तथा तिनका दिन रात तोकिएकाले अथर्ववेदज्यौतिषअनुसार करणको तल लेखेअनुसारको सारणी बस्न आउँछ—

शुक्लपक्षमा			कृष्णपक्षमा	
तिथि	दिउँसो	राति	दिउँसो	राति
प्रतिपद्को	किंस्तुघ्न	बव	बालव	कौलव
द्वितीयाको	बालव	कौलव	तैतिल	गर
तृतीयाको	तैतिल	गर	वणिक्	भद्रा
चतुर्थीको	वणिक्	भद्रा	बव	बालव

	शुक्लपक्षमा			कृष्णपक्षमा	
तिथि	दिउँसो	राति		दिउँसो	राति
पञ्चमीको	बव	बालव		कौलव	तैतिल
षष्ठीको	कौलव	तैतिल		गर	वणिक्
सप्तमीको	गर	वणिक्		भद्रा	बव
अष्टमीको	भद्रा	बव		बालव	कौलव
नवमीको	बालव	कौलव		तैतिल	गर
दशमीको	तैतिल	गर		वणिक्	भद्रा
एकादशीको	वणिक्	भद्रा		बव	बालव
द्वादशीको	बव	बालव		कौलव	तैतिल
त्रयोदशीको	कौलव	तैतिल		गर	वणिक्
चतुर्दशीको	गर	वणिक्		भद्रा	शकुनि
पूर्णिमाको	भद्रा	बव	अमावास्याको	चतुष्पाद्	नाग

माथि वर्तमानकालको पञ्चाङ्गको उद्धरण दिई करण देखाइएका छन् । सो हेर्दा १ दिनमा २ वटा करण त अवश्य पर्छन्, परन्तु प्रायः १ दिनमा ३ वटा करण पर्छन्, कहिले कहिले त १ दिनमा ४ वटा करण पनि परेका देखिन्छन् ।

करण कहिले दिउँसो शुरू भई दिउँसै सिद्धिन्छ, कहिले दिउँसो शुरू भई राति सिद्धिन्छ, कहिले राति शुरू भई राति नै सिद्धिन्छ, कहिले राति शुरू भई दिउँसो सिद्धिन्छ भन्ने कुरो पनि त्यताबाट देखिन्छ । यति भन्नाको तात्पर्य फलानो तिथिमा फलानो करण दिउँसै पर्छ अथवा राति नै पर्छ भन्ने नियम छैन भन्ने स्पष्ट हुन्छ भन्ने हो ।

परन्तु अथर्ववेदज्यौतिषको यहाँ उद्धरण गरिएको वचनअनुसार बनेको सारणीमा फलानो तिथि परेको दिन दिउँसो फलानो करण पर्छ, राति फलानो करण पर्छ भनी स्पष्टसँग लेखिएको छ ।

यहाँनिर एउटा अर्को कुरा पनि विचारणीय छ । वर्तमान प्रणालीअनुसार फलानो फलानो तिथिको पूर्वार्द्धमा पर्छन् भनेका करण जति अथर्ववेदज्यौतिषको सारणीअनुसार तिनै तिनै तिथि परेका दिन दिउँसो पर्छन् भनी लेखिएको छ, तिथिको उत्तरार्द्धमा पर्ने करणचाहिं राति पर्छन् भनी लेखिएको छ । यस कारण तिथिको पूर्वार्द्ध दिउँसो र उत्तरार्द्ध राति पर्दो रहेछ भन्ने सङ्केत पाइन्छ ।

यस कारण सूर्योदय भएदेखि सूर्यास्त नभएसम्म तिथिको पूर्वार्द्ध र सूर्यास्त भएदेखि सूर्यको अर्को उदय नभएसम्म तिथिको उत्तरार्द्ध हुँदो रहेछ भन्ने सङ्केत

वर्तमानकालमा चलेको करणको सारणी र अथर्ववेदज्यौतिषको वचनअनुसार ... करणको सारणीलाई भिडाउँदा स्पष्टसँग थाहा पाइन्छ ।

अघिल्लो सूर्योदयदेखि त्यसको लगत्तै आउने अर्को सूर्योदयसम्मको ... परेवा, द्वियीया आदि तिथि हुँदा रहेछन् भन्ने कुरो पनि यताबाट स्पष्ट आउँछ । सिद्धान्तकालका ज्योतिषीहरूले गरेको सावनदिनको परिभाषासँग अथर्ववेदज्यौतिषको प्रतिपद्, द्वितीया आदि तिथिको परिभाषा मिल्छ भन्ने यताबाट देखिन्छ ।

वेदाङ्गज्यौतिषको अर्थ गर्ने बाटो यो हो । वेदाङ्गज्यौतिषका व्याख्याताहरू यस बाटोबाट हिंडे जस्तो देखिदैन । यस विषयमा विस्तारपूर्वक पछि लेखिनेछ ।

[नयराज पन्तको यो लेख पूर्णिमा ३७ अङ्कका १–९ पृष्ठबाट लिइएको हो ।]

---

१०. इनोदयद्वयाऽन्तरं तदर्कसावनं दिनम् ।
तदेव मेदिनोदिनं···।।२०।।

(सिद्धान्तशिरोमणि मध्यमाधिकार कालमानाध्याय)

[सूर्यको एक उदयदेखि लगत्तै अर्को उदयसम्मको काल अर्थात् आज बिहान पूर्व क्षितिजमा उदाएका सूर्य लगत्तै भोलिपल्ट बिहान फेरि पूर्व क्षितिजमा उदाउन आइपुग्दासम्मको समयलाई सूर्यसावनदिन भन्छन् । पृथ्वीमा चलेको दिन (कुदिन) भनेको पनि त्यही हो । सूर्यसावनदिनलाई छोट्करीमा 'सावनदिन' मात्र पनि भन्छन् ।]

(वि. सं. २०२८ मा प्रकाशित पूर्णिमा २५ अङ्कमा छापिएको देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिको अनुवाद भन्ने निबन्ध, सो अङ्कको १८ पृष्ठ)

वेदाङ्गज्यौतिषअनुसारको दिनमान

वेदाङ्गज्यौतिषअनुसार एक सौरवर्षमा २ अयन, ६ ऋतु, १२ सौरमास तथा ३६६ सावन दिन हुन्छन् ।[1]

यद् उत्तरस्याऽयनतो गतं स्याच्
शेषं तु यद् दक्षिणतोऽयनस्य ।
तद् एकषष्टचा६१ द्वि२गुणं विभक्तं
सद्वादश १२ स्याद् दिवसप्रमाणम् ।।३४।।

(यजुर्वेदज्यौतिष)

[उत्तरायण भएपछि जति दिन बिते तो दिनको सङ्ख्यालाई २ ले गुनी ६१ ले भाग लिई आएको लब्धिलाई १२ मा जोड्नू, योगफलतुल्य मुहूर्त सो दिनको दिनमान हुन्छ । दक्षिणायन भएपछिचाहिँ आफ्नो इष्ट दिनदेखि उत्तरायण हुने दिनसम्म जति दिन बाँकी छन्, ती दिनको सङ्ख्यालाई २ ले गुनी ६१ ले भाग लिई आएको लब्धिलाई १२ मा जोड्नू, योगफलतुल्य मुहूर्त सो दिनको दिनमान हुन्छ ।]

वेदाङ्गज्यौतिषमा सबभन्दा लामो दिनमान ३६ घडीको र सबभन्दा छोटो दिनमान २४ घडीको हुन्छ भन्ने सिद्धान्त स्वीकार गरिएको छ । उत्तरायण लाग्ने दिन सबभन्दा छोटो दिन हुने हुनाले सो दिन २४ घडीको दिनमान हुन्छ । दक्षिणायन लाग्ने दिन सबभन्दा लामो दिन हुने हुनाले सो दिन ३६ घडीको दिनमान हुन्छ ।

२ घडीको १ मुहूर्त हुने हुनाले वेदाङ्गज्यौतिषअनुसार सबभन्दा छोटो दिनमान अर्थात् उत्तरायण प्रारम्भ हुने दिनको दिनमान १२ मुहूर्तको हुन्छ, सबभन्दा

---

१. यही ग्रन्थको ३६ पृष्ठ ।

लामो दिनमान अर्थात् दक्षिणायन प्रारम्भ हुने दिनको दिनमानचाहिं १८ मुहूर्त हुन्छ । यसरी सबभन्दा छोटो दिनमान र सबभन्दा लामो दिनमानको अन्तर मुहूर्त हुन्छ ।

वेदाङ्गज्यौतिषअनुसार १ वर्षमा ३६६ दिन तथा २ अयन हुन्छन् भनी मानिसकिएको छ ।[२] यस कारण १ अयनमा ($\frac{३६६}{२}$ = १८३ हुने हुनाले) १८३ दिन हुन्छन् । १८३ दिनमा त ६ मुहूर्तको अन्तर पर्छ भने उत्तरायण प्रारम्भ हुने दिनदेखि इष्ट दिनसम्म बितेका दिनमा कति अन्तर पर्ला भनी त्रैराशिक गर्दा

$$\text{अन्तर} = \frac{६ \times \text{उत्तरायणको प्रारम्भदेखि इष्ट दिनसम्म बितेका दिन}}{१८३}$$

$$= \frac{२ \times \text{उत्तरायणको प्रारम्भदेखि इष्ट दिनसम्म बितेका दिन}}{६१}$$

यस कारण

अभीष्ट दिनको मुहूर्तात्मक दिनमान

$$= १२ + \frac{२ \times \text{उत्तरायणको प्रारम्भदेखि इष्ट दिनसम्म बितेका दिन}}{६१}$$

दक्षिणायन भइसकेपछिचाहिं उत्तरायण हुन जति दिन बाँकी रहन्छन् ती दिनलाई लिई माथिको जस्तै गरी त्रैराशिक गरी अन्तर ल्याई १२ मा जोडी अभीष्ट दिनको दिनमान ल्याउनुपर्दछ ।

१ उदाहरण

उत्तरायण भएपछि १ ऋतुपछिको दिनमा दिनमान कति होला ?

१ वर्षमा ६ ऋतु तथा ३६६ दिन हुने हुनाले १ ऋतुमा ६१ दिन हुन्छन् । यस कारण

अभीष्ट दिनको दिनमान

$$= १२ + \frac{२ \times ६१}{६१} = १२ + २ = १४ \text{ मुहूर्त}$$

१४ मुहूर्त (= १४ × २) = २८ घडी

यस कारण अभीष्ट दिनको दिनमान = २८ घडी हुन्छ ।

---

२. यही ग्रन्थको ३६ पृष्ठ ।

२ उदाहरण

दक्षिणायन भएछि १ ऋतुपछिको दिनमा दिनमान कति होला ?

दक्षिणायन भएको दिनदेखि ३ ऋतुपछि उत्तरायण हुन्छ ।

यस कारण

अभीष्ट दिनदेखि उत्तरायण हुने दिनसम्म बाँकी रहेका ऋतु

=३ ऋतु—१ ऋतु = २ ऋतु

२ ऋतुका दिन = ६१ × २ = १२२

यस कारण

अभीष्ट दिनको दिनमान

$$= १२ + \frac{२ \times १२२}{६१} = १२ + ४ = १६ \text{ मुहूर्त}$$

१६ मुहूर्त (= १६ × २) = ३२ घडी

यस कारण अभीष्ट दिनको दिनमान = ३२ घडी हुन्छ ।

वेदाङ्गज्यौतिषमा दिनमान ल्याउने अर्को रीति पनि दिइएको छ । सो रीति अलि जटिल छ, तर अत्यन्त व्यवहारोपयोगी छ । सो बुझ्न अलिकता परिभाषा बुझ्नुपर्दछ ।

अब सो काम गरिन्छ ।

हस्तोन्मितैर् विस्तृतिदैर्घ्यपिण्डैर्

यद् द्वादशा१२स्रं घनहस्तसंज्ञम् ।

धान्याऽदिके यद् घनहस्तमानं

शास्त्रोदिता मागधखारिका सा ॥७॥

द्रोणस् तु खार्याः खलु षोडशांशः $\frac{१}{१६}$

स्याद् आढको द्रोणचतुर्थभागः $\frac{१}{४}$ ।

प्रस्थश् चतुर्थांऽश $\frac{१}{४}$ इहाऽढकस्य

प्रस्थाऽङ्घ्रि $\frac{१}{४}$ राद्यैः कुडवः प्रदिष्ट. ॥८॥

(लीलावती परिभाषाप्रकरण)

[एक हात लम्बाइ, एक हात चौडाइ, एक हात उचाइ भएको बार पाटा मिलेको भाँडोलाई एक घनहस्त भन्दछन् । एक घनहस्तमा जति अनाजहरू अटाउँ-

छन् त्यति अनाजहरूको परिमाणलाई एक खारी भन्दछन् । शास्त्रमा ठाउँठाउँ
मागधखारी भन्ने उल्लेख आउँछ । सो मागधखारी भनेको यही एक घनहस्त
खारी हो । खारीको १६ भागको १ भागलाई १ द्रोण भन्दछन् । १ द्रोणको
भागको एक भागलाई एक प्रस्थ भन्दछन् । १ प्रस्थको ४ भागको १ भागलाई
कुडव भन्दछन् । यो प्राचीन कालदेखि आएको परिभाषा हो ।]

एक घनहस्तमा अटाउने अनाजहरू एक खारी हुन्छन् भनी भास्करले
बोले ।

$$\text{१ घनहस्तको अङ्गुलात्मक घनफल} = २४ \times २४ \times २४$$

$$\text{१ द्रोणको अङ्गुलात्मक घनफल} = \frac{२४ \times २४ \times २४}{१६} = ६ \times ६ \times २४$$

$$\text{१ आढकको अङ्गुलात्मक घनफल} = \frac{६ \times ६ \times २४}{४} = ६ \times ६ \times ६$$

$$\text{१ प्रस्थको अङ्गुलात्मक घनफल} = \frac{६ \times ६ \times ६}{४} = ३ \times ३ \times ६$$

$$\text{१ कुडवको अङ्गुलात्मक घनफल} = \frac{३ \times ३ \times ६}{४} = \frac{३ \times ३ \times ३}{२}$$

यस कारण

१ कुडव अटाउने भाँडोको अङ्‌गुलात्मक लम्बाइ, चौडाइ तथा उचाइ

$$\sqrt[३]{\frac{३ \times ३ \times ३}{२}} = \frac{३}{१\cdot२६} = २\cdot३८ \text{ (आसन्न)}$$

यसै गरी

एक प्रस्थ अटाउने भाँडोको अङ्‌गुलात्मक लम्बाइ, चौडाइ तथा उचाइ

$$= \sqrt[३]{३ \times ३ \times ६} = \sqrt[३]{३ \times ३ \times ३ \times २} = ३ \times \sqrt[३]{२}$$

$$= ३ \times १\cdot२६ = ३\cdot७८ \text{ (आसन्न)}$$

यसै गरी

एक आढक अटाउने भाँडोको अङ्गुलात्मक लम्बाइ, चौडाइ तथा उचाइ

$$= \sqrt[३]{६ \times ६ \times ६} = ६$$

यसै गरी

एक द्रोण अटाउने भाँडोको अङ्गुलात्मक लम्बाइ, चौडाइ तथा उचाइ

$= \sqrt[3]{६ \times ६ \times २४} = \sqrt[3]{६ \times ६ \times ६ \times ४} = ६ \times \sqrt[3]{४}$

$= ६ \times १{\cdot}५९ = ९{\cdot}५२$ (आसन्न)

दशाऽर्ध५गुञ्जं प्रवदन्ति माषं
माषाऽह्वयैः षोडशभिश् १६ च कर्षम् ।
कर्षैश् चतुर्भिश्४ च पलं तुलाज्ञाः
कर्षं सुवर्णस्य सुवर्णसंज्ञम् ॥४॥

(लीलावती परिभाषाप्रकरण)

[५ रातिगेडी (लाल) को जति वजन हुन्छ त्यतिलाई १ मासा भन्दछन् । १६ मासाको १ कर्ष हुन्छ । ४ कर्षको १ पल हुन्छ । १ कर्ष सुनलाई सुवर्ण भन्ने चलन छ ।]

यताबाट

५ रातिगेडीको तौल	=	१ मासा
१६ मासाको तौल	=	१ कर्ष
४ कर्षको तौल	=	१ पल

यताबाट

५ × १६ × ४ = ३२० हुने हुनाले ३२० लालको १ पल हुने भयो, अर्थात् ३२० रातिगेडीको जति तौल हुन्छ, त्यति तौल हुनेलाई एक पल भन्नुपर्‍यो ।

पलानि पञ्चाश५०दपां धृतानि
तद् आढकं द्रोणमतः प्रमेयम् ।
त्रिभिर्३ विहीनं कुडवैस् तु कार्यं
तन् नाडिकायास् तु भवेत् प्रमाणम् ॥२४॥

(यजुर्वेदज्यौतिष)

[एक आढकमा ५० पल पानी हुन्छ । यताबाट हिसाब गरी एक द्रोणमा हुने पानीको प्रमाण ल्याउनुपर्दछ । एक द्रोणमा हुने पानीको प्रमाणबाट ३ कुडवमा हुने पानीको प्रमाण घटाइदियो भने एक घडीमा हुने पानीको प्रमाण आउँछ ।]

१ द्रोण = ४ आढक =१६ प्रस्थ = ६४ कुडव हुन्छ ।

यस कारण

१ घडी = १ द्रोण —३ कुडव = ६४ कुडव— ३ कुडव = ६१ कु
हुन्छ ।

महत्तम दिनमान र लघुतम दिनमानको अन्तर १२ घडी हुन्छ भनी मा
भनिसकिएको छ । यस कारण महत्तम दिनमान र लघुतम दिनमानको अन्तर
$= १२$ घडी $= १२ \times ६१$ कुडव $= \frac{१२ \times ६१}{४}$ प्रस्थ $= ३ \times ६१$ प्रस्थ
$= १८३$ प्रस्थ ।

उत्तरायणदेखि दक्षिणायनसम्म तथा दक्षिणायनदेखि उत्तरायणसम्म १८
दिन हुन्छन् भनी माथि भनिसकिएको छ । दिनमानमा एकैनाससँग घटबढ हु
भनी मानेमा १ दिनमा १२ घडीको १८३ भाग अर्थात् १८३ प्रस्थको १८३ भा
घट्छ बढ्छ भन्ने सिद्ध हुन्छ । $\frac{१८३}{१८३}$ = १ हुने हुनाले प्रतिदिन दिनमानमा
प्रस्थ घटबढ हुन्छ भन्ने कुरो देखिन आउँछ ।

यति कुरा बुझेपछि ।

घर्मवृद्धिर् अपां प्रस्थः क्षपाह्रास उदग्गतौ ।
दक्षिणेतौ विपर्यासः षण्‌६ मुहूर्त्यंयनेन तु ॥१८॥

(यजुर्वेदज्योतिष)

[उत्तरायणमा प्रतिदिन १ प्रस्थ पानीको हिसाबले दिनमान बढ्दछ तथा रात्रिमान घट्दछ दक्षिणायनमाचाहिं प्रतिदिन १ प्रस्थ पानीको हिसाबले दिनमान घट्दछ तथा रात्रिमान बढ्दछ । अयनमाचाहिं छ मुहूर्तको अन्तर पर्छ, अर्थात् उत्तरायणको प्रारम्भमा १२ मुहूर्तको दिन १८ मुहूर्तको रात हुन्छ । दक्षिणायनको प्रारम्भमा १८ मुहूर्तको दिन र १२ मुहूर्तको रात हुन्छ ।]

चीनकठ्ठो एक हातमा साढे उन्नइस इंच हुन्छ ।

(व्यक्तचन्द्रिका वि. सं. १९७१ को संस्करण १६६ पृष्ठ)

चीनकठ्ठो एक हात लम्बाइ, चौडाइ, उचाइ भया का पात्रमा एक मुरि धान अटाउदछ ।

(व्यक्तचन्द्रिका ८४ पृष्ठ)

अन्नका विषयमा

१० मुठी = १ माना
२ माना = १ कुरुवा
४ कुरुवा = १ पाथी
२० पाथी = १ मुरी

(व्यक्तचन्द्रिका १ पृष्ठ)

सुन १० लालको १ माषा अरू १० माषाको एक तोला हुन्छ.

(व्यक्तचन्द्रिका २ पृष्ठ)

पेट मिलायाका ८ जौ = अंगुल
१२ अंगुल = १ वित्ता
२ वित्ता = १ हात

(व्यक्तचन्द्रिका २ पृष्ठ)

गोपाल पाँडेले दिएका यी परिभाषालाई आधार मानी वेदाङ्गज्यौतिषले दिएको प्रस्थको विषयमा अब केही विचार गरिन्छ ।

१ घनहस्तमा अटाउने अनाजहरू १ खारी हुन्छन् भनी भास्करले बोले ।

१ घनहस्तमा १ मुरी अटाउँछ भनी गोपाल पाँडेले बोले ।

१ घनहस्त = १ खारी (मुरी) अन्न

$$१ \text{ द्रोण} = \frac{१ \text{ मुरी}}{१६} = \frac{२० \text{ पाथी}}{१६} = \frac{२० \times ८ \text{माना}}{१६} = १० \text{ माना}$$

$$१ \text{ आढक} = \frac{१० \text{ माना}}{४} = \frac{५}{२} \text{माना}$$

$$१ \text{ प्रस्थ} = \frac{५}{२ \times ४} = \frac{५}{८} \text{माना}$$

$$१ \text{ कुडव} = \frac{५}{८ \times ४} = \frac{५}{३२} \text{माना}$$

३२० लालको १ पल हुन्छ भनी भास्करले बोले १०० लालको १ हुन्छ भनी गोपाल पाँडेले बोले ।

यस कारण

$$\frac{३२०}{१००} = \frac{३२}{१०} = ३\cdot२$$

यताबाट ३·२ तोलाको १ पल हुने भयो । ३·२ × ५० = १६० तोला १ आढकमा अटाउने भयो । १६० ÷ ४ = ४० तोला पानी १ प्रस्थमा अटाउने १ प्रस्थमा ५/८ माना हुन्छ । यस कारण ५/८ माना पानीको तौल ४० तोला भयो ।

यहाँसम्मका कुराबाट ३·७८ अङ्गुल लम्बाइ, चौडाइ, उचाइ भाँडोमा ५/८ माना पानी अटाउँछ र त्यति पानीको तौल ४० तोला हुन्छ बुझिन्छ । यो भाँडोलाई प्रस्थ भनिन्छ । यस कारण वेदाङ्गज्यौतिषकारको अनुसार दिनमानमा प्रतिदिन माथि बताइएको प्रमाणअनुसारको पानीको हुन्छ भन्ने देखिन्छ ।

*

वेदाङ्गज्यौतिषको कालमानाक उदाहरण अष्टाध्यायी, सुश्रुतसंहिता र कौटलीय अर्थशास्त्रमा पाइन्छन्

लिच्छविकालका अहिलेसम्म पाइएका अभिलेखमा वारको सबभन्दा पहिलो प्रयोग अंशुवर्माको वि. सं. ६६४ को अभिलेखमा देखिएकोले[१] उनको पालातिर नेपालमा सिद्धान्तज्यौतिषको चलनचलती हुन थालेको देखिन्छ । अंशुवर्माभन्दा अघिका नेपालका लिच्छवि राजाहरूले कुन संवत् व्यवहार गरेका थिए र उनीहरू-को पालामा कस्तो प्रकारको गणनापद्धति प्रचलित थियो भन्ने कुरा बुझ्न वेदाङ्ग-ज्यौतिषको व्याख्या शुरू गरिएको हो ।[२] वेदाङ्गज्यौतिष ज्यादै पुरानो ग्रन्थ हो र अहिले प्रचलित शब्दार्थको ज्ञानले मात्र यसको अर्थ खोज्नु सम्भव हुँदैन । यसैले वेदाङ्गज्यौतिषको प्रामाणिक अर्थ गर्न यसका उदाहरण कुन कुन ग्रन्थमा कस्तो कस्तो रूपमा पाइन्छन् भनी नियालेर खोज्नुपरेको छ ।

वेदाङ्गज्यौतिषमा पञ्चवर्षात्मक युगको उल्लेख भएको छ । त्यहाँ एक सौरवर्षमा ३६६ दिन, १२ सौरमास, ६ ऋतु, २ अयन हुन्छन् भनी लेखिएको छ । वेदाङ्गज्यौतिषअनुसार युगको शुरू माघशुक्लप्रतिपदादेखि हुन्छ ।[३]

प्रपद्येते श्रविष्ठाऽऽदौ सूर्याचन्द्रमसावुदक् ।
सार्पाऽर्धे दक्षिणाऽर्कस् तु माघश्रावणयोः सदा ।।७।।

(यजुर्वेदज्यौतिष)

---

१. यही ग्रन्थको ११ पृष्ठ ।

२. यही ग्रन्थका ३२–३४ पृष्ठ ।

३. यही ग्रन्थका ३५–३६ पृष्ठ ।

[धनिष्ठानक्षत्रको प्रारम्भमा सूर्य पुग्दा उत्तरायणको प्रारम्भ हुन्छ। अश्लेषा नक्षत्रको माझमा सूर्य पुग्दा दक्षिणायनको प्रारम्भ हुन्छ । माघमा उत्तरायण श्रावणमा दक्षिणायनको प्रारम्भ हुन्छ । धनिष्ठानक्षत्रको प्रारम्भमा पुगेपछि चन्द्रमा पनि उत्तरतिर लाग्छन् । अश्लेषानक्षत्रको माझमा पुगेपछि चन्द्रमा पनि दक्षिण तिर लाग्छन् ।]

वेदाङ्गज्यौतिषमा चर्चित पञ्चवर्षात्मक युगका हरेक वर्षका भिन्नाभिन्नै नाउँ भएको कुरा वैदिक ग्रन्थहरूबाट बुझिन्छ । पञ्चवर्षात्मक युगका प्रत्येक वर्षका नाउँ परेको एक मन्त्रको केही भाग उदाहरणको रूपमा यहाँ उद्‌धृत गरिन्छ—

संवत्सरोऽसि परिवत्सरोऽसीदावत्सरोऽसीद्वत्सरोऽसि वत्सरोऽसि। उषसस्ते कल्पन्तामहोरात्रास्ते कल्पन्तामर्धमासास्ते कल्पन्तां मासास्ते कल्पन्तामृतवस्ते कल्पन्ताꣳ संवत्सरस्ते कल्पताम् । · · · ॥४५॥

(शुक्लयजुर्वेदसंहिता २७ अध्याय)

[हे अग्नि ! हजुर संवत्सर हुनुहुन्छ, परिवत्सर हुनुहुन्छ, इदावत्सर हुनुहुन्छ, इद्‌वत्सर हुनुहुन्छ, वत्सर हुनुहुन्छ । हजुरका उषस् (बिहान) होऊन् । हजुरका अहोरात्र (दिन र रात = सावनदिन) होऊन् । हजुरका अर्धमास (आधा महीना = पक्ष) होऊन् । हजुरका मास (महीना) होऊन् । हजुरका ऋतु होऊन् । हजुरको संवत्सर (वर्ष) होओस् ।]

वेदाङ्गज्यौतिषमा १ वर्षमा ६ ऋतु हुन्छन् भनी लेखिएको छ । तर कुन कुन ऋतु कुन कुन महीनामा पर्छन् भन्ने कुरा त्यहाँबाट स्पष्ट बुझिदैन । वैदिक ग्रन्थहरूमा कुन कुन ऋतु कुन कुन महीनामा पर्छन् भनी स्पष्टसँग लेखिएको देखिन्छ । कुन कुन ऋतु कुन कुन महीनामा पर्छन् भन्ने बयान परेको एक मन्त्रको केही भाग उदाहरणको रूपमा उद्‌धृत गरिन्छ—

मधुश्च माधवश्च वासन्तिकावृतू शुक्रश्च शुचिश्च ग्रैष्मावृतू नभश्च नभस्यश्च वार्षिकावृतू इषश्चोर्जश्च शारदावृतू सहश्च सहस्यश्च हैमन्तिकावृतू तपश्च तपस्यश्च शैशिरावृतू · · · ॥११॥

(तैत्तिरीयसंहिता ४ काण्ड ४ प्रपाठक)

[वसन्त ऋतु भनेको मधु (चैत्र) र माधव (वैशाख) महीना हो । ग्रीष्म ऋतु भनेको शुक्र (ज्येष्ठ) र शुचि (आषाढ) महीना हो । वर्षा ऋतु भनेको नभस् (श्रावण) र नभस्य (भाद्र) महीना हो । शरद् ऋतु भनेको इष (आश्विन) र ऊर्ज (कार्तिक) महीना हो हेमन्त ऋतु भनेको सहस् (मार्ग) र सहस्य (पौष) महीना हो । शिशिर ऋतु भनेको तपस् (माघ) र तपस्य (फाल्गुन) महीना हो ।]

वेदाङ्गज्योतिषमा चर्चित पञ्चवर्षात्मक युगका नाउँ पाणिनिको अष्टाध्यायी-मा पनि पाइन्छन्—

वत्सरान्ताच् छश् छन्दसि ५।१।९१

वत्सरान्तात् प्रातिपदिकान् निर्वृत्तादिष्वर्थेषु छन्दसि विषये छः प्रत्ययो भवति । ठञोऽपवादः । इद्वत्सरीयः । इदावत्सरीयः ।

(काशिका)

[वत्सर अन्त्यमा भएको प्रातिपदिकदेखि निर्वृत्त (पूरा गरिएको) अधीष्ट (मान गरी काम लाइएको), भृत (ज्याला दिई काम लाइएको), भूत (पहिले भइसकेको), भावी (पछि हुने) अर्थमा वेदमा छ प्रत्यय हुन्छ । यो छ प्रत्यय ठञ् प्रत्ययको अपवाद हो । इद्वत्सरमा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहिले भइसकेको, पछि हुने अर्थमा *इद्वत्सरीयः* रूप हुन्छ । इदावत्सरमा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला लिई काम लाइएको, ज्याला दिई काम लाइएको, पहिले भइसकेको, पछि हुने अर्थमा *इदावत्सरीयः* रूप हुन्छ ।]

संपरिपूर्वात् ख च ५।१।९२

संपरिपूर्वाद् वत्सरान्तात् प्रातिपदिकाच् छन्दसि विषये निर्वृत्तादिष्वर्थेषु खः प्रत्ययो भवति, चकाराच् छश् च । संवत्सरीणः । परिवत्सरीणः । संवत्सरीयः । परिवत्सरीयः ।

(काशिका)

[सम् तथा परि पूर्वमा भएको, वत्सर अन्त्यमा भएको प्रातिपदिकदेखि पू गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहिले भ सकेको, पछि हुने अर्थमा वेदमा ख प्रत्यय हुन्छ तथा छ प्रत्यय पनि हुन्छ। संवत्स मा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहि भइसकेको, पछि हुने अर्थमा सम् पूर्वमा भएको वत्सर प्रातिपदिकदेखि ख प्रत्य भएमा *संवत्सरीणः* रूप हुन्छ, छ प्रत्यय भएमा *संवत्सरीयः* रूप हुन्छ। परिवत्स मा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहि भइसकेको, पछि हुने अर्थमा परि पूर्वमा भएको वत्सर प्रातिपदिकदेखि ख प्रत्य भएमा *परिवत्सरीणः* रूप हुन्छ, छ प्रत्यय भएमा *परिवत्सरीयः* रूप हुन्छ।]

सुश्रुतसंहिताको कालमान वेदाङ्गज्यौतिषको कालमान जस्तै पञ्चवर्षात्म युगअनुसारको छ। वेदाङ्गज्यौतिषको जस्तै सुश्रुतसंहिताको वर्ष माघादि छ अर्थ माघदेखि शुरू हुन्छ—

···माघादयो द्वादश१२ मासाः संवत्सरः[४]। द्वि२मासिकम् ऋतुङ् कृत्वा षड्६ ऋतवो भवन्ति। तत्र शिशिरवसन्त-ग्रीष्मवर्षाशरद्धेमन्ताः। तेषान्तपस्तपस्यौ शिशिरः। मधु-माधवौ वसन्तः। शुचिशुक्रौ ग्रीष्मः। नभोनभस्यौ वर्षाः[५]। इषोर्जौ शरत्। सहस्सहस्यौ हेमन्त इति।··· अयने द्वे२ भवतः। दक्षिणम् ऊत्तरञ्च। तयोर् दक्षिणं वर्षाशरद्धे-मन्ताः[६]।··· उत्तरं शिशिरवसन्तग्रीष्माः।··· ते द्वे२ अयने वर्षः[७]। संवत्सरः[८] परिवत्सर इदावत्सर इद्वत्सरो[९] वत्सर इत्येवं पञ्च५ पञ्च५ वर्षाणि। ते पञ्च५ युगम् इति संज्ञां[१०] लभन्ते।

(सुश्रुतसंहिता सूत्रस्थान ६ अध्याय। ताडपत्रमा प्राचीन लिपिमा सारिएको,

४. सम्वत्सरः। ५. वर्षा। ६. तयोर्दक्षिणम्वर्षाशरद्धेमन्ताः। ७. वर्ष। ८. सम्वत्सरः। ९. परिवत्सरः इदावत्सरः इद्वत्सरः। १०. संज्ञा।

केसरपुस्तकालय काठमाडौंको हस्तलिखित ग्रन्थसङ्ख्या ६९९ को सौश्रुती संहिता सहोत्तरा[११] (उत्तरतन्त्रसहितको सुश्रुतसंहिता) को ६ क पत्रबाट व्याकरण-विषयक अशुद्धि सच्याई माथिको पाठ दिइएको छ । सो पुस्तकमा जहाँ जहाँ अशुद्धि परेका छन्, ती अशुद्धि टिप्पणीमा हालिएका छन् सुश्रुतसंहिताको यो प्राचीन पुस्तकको पाठ मैले देखेका छापा पुस्तकका पाठभन्दा ठाउँठाउँमा फरक भएकाले माथिको पाठ छापा पुस्तकको पाठभन्दा केही फरक छ । बम्बईको वेङ्कटेश्वर प्रेसबाट प्रकाशित मुरलीधर शर्माको हिन्दी टीकासहितको सुश्रुतसंहिता, बम्बईको निर्णयसागर प्रेसबाट वि. सं. १९७२ मा प्रकाशित यादव त्रिविक्रम आचार्यद्वारा सम्पादित डल्हणको टीकासहितको सुश्रुतसंहिता, काशीको चौखम्बा संस्कृत सीरिज अफिसबाट वि. सं. १९९७ मा प्रकाशित सुदामा मिश्रको संस्कृत टीकासहितको सुश्रुतसंहिता मैले देखेको छु ।)

[माघ आदि १२ महीनाको १ वर्ष हुन्छ । २ महीनाको १ ऋतु भई १ वर्षमा ६ ऋतु हुन्छन् । ती ६ ऋतु शिशिर, वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त हुन् । माघ फाल्गुन शिशिर ऋतु, चैत्र वैशाख वसन्त ऋतु, ज्येष्ठ आषाढ ग्रीष्म ऋतु, श्रावण भाद्र वर्षा ऋतु, आश्विन कार्तिक शरद् ऋतु, मार्ग पौष हेमन्त ऋतु हुन् । दक्षिणायन र उत्तरायण गरी २ अयन हुन्छन् । दक्षिणायन भनेको वर्षा शरद् हेमन्त ऋतु, उत्तरायण भनेको शिशिर वसन्त ग्रीष्म ऋतु हो । २ अयनको १ वर्ष हुन्छ । संवत्सर, परिवत्सर, इदावत्सर, इद्वत्सर, वत्सर यी ५ वर्षको १ युग हुन्छ ।]

कौटलीय अर्थशास्त्रको कालमान वेदाङ्गज्यौतिषको कालमान जस्तै पञ्च-वर्षात्मक युगअनुसारको छ । कौटल्यको सौरवर्ष पनि वेदाङ्गज्यौतिषको सौरवर्ष जस्तै ३६६ सावनदिनको छ ।[१२]

[महेशराज पन्तको यो लेख पूर्णिमा ३५ अङ्कका १५१-१५४ पृष्ठबाट लिइएको हो । यसमा केही काटकुट गरिएको छ ।]

---

११. केसरपुस्तकालयको सूचीपत्रमा यस पुस्तकको नाउँ महोत्तर तन्त्र भनी लेखिएको छ ।

१२. यही ग्रन्थका ४०-४५ पृष्ठ ।

वेदाङ्गज्यौतिषको दिनमानको उदाहरण व्याकरणमहाभाष्यमा पाइन्छ

वेदाङ्गज्यौतिषअनुसारको दिनमान भन्ने निबन्धको अनुगमन गरेर वेदाङ्गज्यौतिषअनुसार सबभन्दा लामो दिन १८ मुहूर्त अर्थात् ३६ घडीको हुन् सबभन्दा छोटो दिनचाहिं १२ मुहूर्त अर्थात् २४ घडीको हुन्छ भन्ने थाहा हुन्छ। यसैले सबभन्दा लामो दिनमान र सबभन्दा छोटो दिनमानको अन्तर ६ मु अर्थात् १२ घडीको हुन्छ भन्ने कुरा बुझिन्छ। यताबाट ती ६ मुहूर्त कहिले दिन त कहिले रातमा पर्छन् भन्ने पनि स्पष्ट हुन्छ।

कालाः २।१।२८

द्वितीया, क्तेन इति वर्तते। कालवाचिनः शब्दाः द्वितीयान्ताः क्तान्तेन सह समस्यन्ते विभाषा, तत्पुरुषश् च समासो भवति। अनत्यन्तसंयोगाऽर्थं वचनम्। कालाः इति न स्वरूपविधिः। षण्मुहूर्ताश् चराचराः, ते कदाचिद् अहर् गच्छन्ति, कदाचिद् रात्रिम्। अहरतिसृताः मुहूर्ताः अहस्सङ्क्रान्ताः। रात्र्यतिसृताः मुहूर्ताः रात्रिसङ्क्रान्ताः। मासप्रमितश् चन्द्रमाः। मासं प्रमातुम् आरब्धः प्रतिपच्चन्द्रमाः इत्यर्थः॥

अत्यन्तसंयोगे च २।१।२९।

कालाः इति वर्तते। क्तेन इति निवृत्तम्। अत्यन्तसंयोगः

---

१. यही ग्रन्थका ७५–८२ पृष्ठ।

कृत्स्नसंयोगः, कालस्य स्वेन सम्बन्धिना व्याप्तिः। कालवाचिनः शब्दाः द्वितीयान्ताः अत्यन्तसंयोगे गम्यमाने सुपा सह समस्यन्ते विभाषा, तत्पुरुषश् च समासो भवति। मुहूर्तं सुखम्, मुहूर्तसुखम्। सर्वरात्रकल्याणी। सर्वरात्रशोभना।।

(काशिकावृत्ति)

कालवाचक द्वितीयान्त शब्दको क्त प्रत्ययान्त शब्दसँग विकल्पले समास हुन्छ। सो समास तत्पुरुष समास कहलाउँछ। अहरतिसृताः मुहूर्ताः, अहस्सङ्क्रान्ताः मुहूर्ताः, रात्र्यतिसृताः मुहूर्ताः, रात्रिसङ्क्रान्ताः मुहूर्ताः यी उदाहरण छन्।

६ मुहूर्त चञ्चल छन्। ती ६ मुहूर्त कहिले दिनसँग मिल्छन्। त्यस अवस्थामा अहरतिसृताः, अहस्सङ्क्रान्ताः (मुहूर्ताः) यस्ता समस्त पद बन्दछन्। ती मुहूर्त कहिले रातसँग मिल्छन्। त्यस अवस्थामा रात्र्यतिसृताः, रात्रिसङ्क्रान्ताः (मुहूर्ताः) यस्ता समस्त पद बन्दछन्। अत्यन्तसंयोग अर्थात् बीचमा नटुटीकन भएको संयोग हुँदा पछिल्लो अत्यन्तसंयोगे च २।१।२९ भन्ने सूत्रले समास भइहाल्दछ। खण्डित भएको अवस्थामा पनि समास होस् भनी कालाः २।१।२८ सूत्र बनाउनुपरेको हो। ६ वटा मुहूर्त अर्थात् १२ घडीको समय दिनमानमा घटबढ भइरहने हुनाले दिन बढ्दै गएको अवस्थामा अहरतिसृताः मुहूर्ताः, अहस्सङ्क्रान्ताः मुहूर्ताः यस्ता रूप र रात बढ्दै गएको अवस्थामा रात्र्यतिसृताः मुहूर्ताः, रात्रिसङ्क्रान्ताः मुहूर्ताः यस्ता रूप बन्न जान्छन्।

औंसीको दिन पटक्कै चन्द्रमा नदेखिने र त्यसको भोलिपल्टदेखि चन्द्रमा देखिने हुँदा र चन्द्रमा देखिने समय क्रमशः बढ्दै जाने हुनाले मासप्रमितः यस समस्त पदले महीना शुरू भएको जनाउने भन्ने अर्थ बुझाउँछ। मासप्रमितश चन्द्रमाको अर्थ शुक्लपक्षको परेवाको चन्द्रमा भन्ने हुन्छ।

अत्यन्तसंयोग (बीचमा नटुटीकन भएको संयोग) हुँदा पनि कालवाचक द्वितीयान्त शब्दको अरू शब्दसँग समास हुन्छ। २ घडीसम्म कत्ति खलबल नभई आनन्द रहिरहेमा मुहूर्तसुखम् यस्तो पद बन्दछ। रातभर झगडातगडा नगरी अनुकूल भएर बस्ने स्वास्नीलाई बुझाउँदा सर्वरात्रकल्याणी, सर्वरात्रशोभना यी उदाहरण काशिकामा दिइएका छन्।

यस विषयमा महाभाष्यकार पतञ्जलिले यस्तो कुरा बोलेका छन्।

अत्यन्तसंयोगे च ।।२।१।२९।।

अत्यन्तसंयोगे समासस्याऽविशेषवचनात् क्तेन समासवच ।ऽनर्थक्यम् ।।१।।

अत्यन्तसंयोगे समासस्याऽविशेषवचनात् क्तान्तेन चात्य न्तेन च 'कालाः क्तान्तेन' इत्येतत्समासवचनम् अनर्थकम् 'अत्यन्तसंयोग' इत्येव सिद्धम् ।

अनत्यन्तसंयोगाऽर्थं तु ।।२।।

अनत्यन्तसंयोगाऽर्थं तर्हीदं वक्तव्यम् । षण्मुहूर्ताश् चराचराः ते कदाचिद् अहर् गच्छन्ति कदाचिद् रात्रिम् । तद् उच्यते- अहर्गताः रात्रिगताः इति ।। नैतद् अस्ति । गतग्रहणाद् अप्ये तत् सिद्धम् ।। इदं तर्हि- अहरतिसृताः रात्र्यतिसृताः । मास प्रमितश् चन्द्रमाः ।।२९।।

(व्याकरणमहाभाष्य

अत्यन्तसंयोग भएमा समास हुन्छ भन्ने सूत्रको व्याख्या गर्दा भाष्यकारले त सूत्रको उदाहरण नदिई त्योभन्दा अघिल्लो कालाः २।१।२८ भन्ने सूत्रको उदाहरण षण्मुहूर्ताश् चराचराः (६ मुहूर्त चञ्चल छन्) भनी ते कदाचि अहर् गच्छन्ति कदाचिद् रात्रिम् (ती ६ मुहूर्त कहिले दिउँसो पर्दछन्, कहि रात्रिमा पर्दछन्) भन्ने बोली अहर्गताः, अहरतिसृताः, रात्रिगताः, रात्र्यति सृताः (दिनमा परेका, रातमा परेका) भन्ने उदाहरण दिएका छन् । यताबाट यजुर्वेदज्योतिषको आठौं श्लोकको षण्मुहूर्त्ययनेन[२] तु वाक्यको अनुवाद षण्मुहूर्ता चराचराः भनी महाभाष्यकारले गरेका हुन् भन्ने कुरामा केही शङ्का छैन ।

वेदाङ्गज्योतिषको गणनाको प्रचार पतञ्जलिको पालामा थियो भन्ने यता बाट बुझिन्छ ।

---

२. यही ग्रन्थको ८० पृष्ठ ।

तर पछि वेदाङ्गज्योतिषको गणनाप्रकारभन्दा अर्कै प्रकारको अर्थात् सिद्धान्त-ज्यौतिषको गणनारीति चल्यो र वेदाङ्गज्योतिषको रीतिलाई मानिसहरूले बिर्सन लागे । यस कारण मुगलकालमा बनेको सिद्धान्तकौमुदीमा षण्मुहूर्ताश् चराचराः भन्ने उदाहरण पाइँदैन । जस्तै—

६९०। कालाः ।२।१।२८ क्तेनेत्येव । अनत्यन्तसंयोगाऽर्थं वचनम् । मासप्रमितः प्रतिपच्चन्द्रः । मासं परिच्छेत्तुम् आरब्धवान् इत्यर्थः ।।

६९१। अत्यन्तसंयोगे च ।२।१।२९ काला इत्येव अक्तान्ताऽर्थं वचनम् । मुहुर्तं सुखं मुहूर्तसुखम् ।।

(सिद्धान्तकौमुदी तत्पुरुषप्रकरण)

✻

चाँगुको मानदेवको अभिलेखको तिथिमितिले वेदाङ्गज्यौतिषअनुसार गणना गर्ने रीतिको उदाहरण प्रस्तुत गर्दछ

संवत् ४२७ कार्त्तिके शुक्लदिवा १३
दातर्य्यतीव विदुषि प्रथितप्रभावे
श्रीमानदेवनृपतौ जगतीं भुनक्ति
तस्यैव शुद्धयशसश्चरणप्रसादात्
पित्रोः कृताकृतिरियन्निरपेक्षनाम्ना

(चाँगुको मानदेवको पालाको निरपेक्षको अभिलेखबाट । यो अभिलेख सर्व प्रथम नोलीद्वारा ९ सङ्ख्याको रूपमा प्रकाशित भएको हो ।)

[संवत् ४२७ कार्तिक शुक्ल त्रयोदशी ।
दानी, ज्यादा विद्वान्, प्रभाव फैलिएका राजा श्रीमानदेवले पृथ्वीको रक्षा गरिरहनुभएको वेलामा सफा कीर्ति भएका उहाँ (मानदेव) को पाउको सिगाहले निरपेक्ष भन्नेले बाबु आमाको यो सालिक बनाए]

(लिच्छविकालका अभिलेखका ७९-८० पृष्ठ)

सततसरलकान्तस्वाङ्गशोभासमृद्धः
अनुपहतयथोधीविक्क्रमश्रीप्रभावः

सुनयविदनुरक्तस्फीतसद्वृत्तलोकः
नृपतिरिह हतारिर्म्मानदेवो बभूव २
संवत् ४२७ आषाढशुक्लदिव १

(सूर्यघाटको विजयवतीको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा अभिलेख-संग्रह पहिलो भागमा प्रकाशित भएको हो ।)

[सधैं (बुढेसकालमा पनि) सोव्हो (नकुप्रिको) जीउ हुँदा अङ्ग-ढङ्ग मिलेका, यश बुद्धि पराक्रम ऐश्वर्य यी सबै थोक भएका, शत्रुहरूलाई नष्ट पारेका राजा मानदेव हुनुहुन्थ्यो । उहाँका दुनियाँहरू उहाँमा रत्तिएका सुखी र सच्चरित्र छन् ।

संवत् ४२७ आषाढ शुक्ल प्रतिपदा ।]

(लिच्छविकालका अभिलेखका ८२-८४ पृष्ठ)

सूर्यघाटको अभिलेखबाट संवत् ४२७ को आषाढमा मानदेव बितिसकेका देखिएका र चाँगुको अभिलेखबाट संवत् ४२७ को कार्तिकमा मानदेव राज्य गरि-रहेका देखिएकाले मानदेवहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने देखिन आउँछ ।

हुन त

कान्त्या कान्तिमतः सुरानिह महैर्व्विद्वत्तया पण्डितान्
शूराञ्शूरतयार्त्थिनोपि वसुभिश्शुद्धैर्य्यशोभिर्न्नृपान्
दाक्षिण्येन च दक्षिणानरमयत्सर्व्वांश्च सर्व्वैर्ग्गुणैः
यः श्रीमान्स विशुद्धकाञ्चनवपुश्श्रीमानदेवो नृपः
संवत् ३९० ज्येष्ठमासे शुक्लपक्षे दिव ७

(लाजिम्पाटको क्षेमसुन्दरीको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम धनवज्र वज्राचार्यद्वारा इतिहास-संशोधन ९ सङ्ख्यामा प्रकाशित भएको हो ।)

[कान्ति भएकाहरूलाई कान्तिले, देवताहरूलाई पूजाले, पण्डितहरूलाई विद्वत्ताले, शूराहरूलाई शुन्याईले, मारनेहरूलाई धनले, राजाहरूलाई सफा कीर्तिले,

सिपालुहरूलाई मनअनुसार चलनाले (यसरी) सबैलाई सबै गुणले जो खुशी हुन्छ । सफा सुनको जस्तो जीउ भएका उहाँ राजा श्रीमानदेव हुनुहुन्छ।

संवत् ३९० ज्येष्ठ शुक्ल सप्तमी ।]

(लिच्छविकालका अभिलेखका ३९-४० पृ

संवत् ३८६ देखि ४२७ सम्मका अभिलेखमा मानदेव राज्य गरिरहे देखिनाले संवत् ३९० मा पनि मानदेव जीवित थिए भन्ने कुरामा शङ्का रहँदै यदि संवत् ३९० ज्येष्ठ महीनाभन्दा पछिका मानदेवका अभिलेख नपाइएका यस अभिलेखमा श्रीमानदेवो नृपको क्रियापद 'अरमयत्' (भूतकाल) लेखिएको संवत् ३९० ज्येष्ठशुक्ल सप्तमीभन्दा अघिबाटै मानदेव बितिसकेका रहेछन् भन्ने कु सिद्ध हुन्थ्यो । यस कारण क्रियापदका स्वरबाट माथि सिद्ध गरिएको कुरा त भरपर्दो देखिँदैन तापनि अंशुवर्मादेखिका अभिलेखमा देखिएका संवत् अनन्तलिङ्गे श्वरको नरेन्द्रदेवको अभिलेखबाट र गणनाबाट पनि कार्तिकादि हो भन्ने कु हामीले अघि नै प्रतिपादन गरिसकेकाले[1] मानदेवहरूले व्यवहार गरेको संव पनि कार्तिकादि नै होला भन्ने कुरामा बढ्ता बल आउँछ ।

संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १
रोहिणीनक्षत्त्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्तेभिजिति

(चाँगुनारायणको मानदेवको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम भगवान्लाल इन्द्राजीद्वारा १ सङ्ख्याको रूपमा प्रकाशित भएको हो ।)

[संवत् ३८६ ज्येष्ठ शुक्ल प्रतिपदा, रोहिणीनक्षत्रमा चन्द्रमा बसेमा, असल अभिजित् मुहूर्तमा ।]

(लिच्छविकालका अभिलेखका १०-१४ पृष्ठ)

यहाँको संवत् के हो भन्ने विषयमा विभिन्न विद्वान्हरूले विभिन्न मत प्रकट गरेका छन् । अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् सुमतितन्त्रले बताएअनुसार शकसंवत् ४९८ (वि. सं. ६३३) देखि उठेको मानदेव- संवत् हो भन्ने कुरा सकारे मात्र अंशुवर्माका र उनीभन्दा ३०० वर्ष जति पछिका अभिलेखमा पाइएका तिथिमिति गणनाबाट ट्वाक्क मिल्छन् । अरू विद्वान्हरूका सिद्धान्तलाई मान्दा ती तिथिमिति मिल्न नसक्ने हुँदा अंशुवर्माहरूले व्यवहार

---

१. यही ग्रन्थका ९-२८ पृष्ठ ।

गरेको संवत् शकसंवत् ४९८ (वि. सं. ६३३) देखि उठेको मानदेवसंवत् बाहेक अर्को संवत् हुन सक्तैन । यो कुरा हामीले सप्रमाण प्रतिपादन गरिसकेका छौं ।[2]

एकलै सर्वोच्च शासक जस्तै भई अंशुवर्माले सनदपत्र जारी गर्न लागेका अहिलेसम्म पाइएका अभिलेखमा संवत् २९ ज्येष्ठशुक्ल दशमीको बुङ्मतीको अभिलेख पहिलो छ ।[3] यो संवत् २९ वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् हो तथा यो संवत् कार्तिकादि हो भन्ने कुरा निश्चित छ । यस कारण २९ + ६३३ = ६६२ हुन्छ र यो अभिलेख ज्येष्ठको भएको हुनाले ६६२ मा १ जोड्दा ६६३ हुन्छ । यसैले वि. सं. ६६३ ज्येष्ठमा अंशुवर्मा सर्वोच्च शासक भइसकेका थिए भन्ने देखिन्छ ।

राजा शिवदेवका सहायकको रूपमा अंशुवर्मा शासन गर्न लागिरहेका अहिलेसम्म पाइएका अभिलेखमा संवत् ५२६ आश्विनशुक्लको लेलेको अभिलेख सबभन्दा पछिल्लो हो ।[4] यो संवत् ५२६ लाई शकसंवत् हो भनी मान्दा र यो संवत् कार्तिकादि हो भनी सकार्दा (५२६+१३५+१=६६२ हुने हुनाले) वि. सं. ६६२ को आश्विनसम्म अंशुवर्मा राजा शिवदेवका सहायकको रूपमा देखिन्छन् ।

यसरी अंशुवर्मा वि. सं. ६६२ आश्विनसम्म राजा शिवदेवको सहायकको रूपमा देखिनु र वि. सं. ६६३ ज्येष्ठमा एकलै सर्वोच्च शासकको जस्तो रूपमा देखिनु इतिहासबाट मिल्ने कुरा हुन आउँछ । यस कारण मानदेवदेखिका अभिलेखमा देखिएको संवत् शकसंवत् हो भन्ने कुरा इतिहासबाट सिद्ध हुन्छ ।

लिच्छविकालका अभिलेखमा आषाढ र पौषमा मात्र अधिमास देखिएका

---

२. यही ग्रन्थका २९-३१ पृष्ठ ।

३. लिच्छविकालका अभिलेखका २९०-२९१ पृष्ठ । यो अभिलेख सर्वप्रथम भगवान्लाल इन्द्राजीद्वारा ६ सङ्ख्याको रूपमा प्रकाशित भएको हो । भगवान्लालले यसको संवत् ३४ भनी पढेका थिए । परन्तु यसको संवत् २९ हो । (पूर्णिमा ७ अङ्कका ४-५ पृष्ठ ।)

४. लिच्छविकालका अभिलेखका २८२-२८३ पृष्ठ । यो अभिलेख सर्वप्रथम रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा अभिलेख-संग्रह पहिलो भागमा छापिएको हो ।

र वेदाङ्गज्यौतिषमा पनि आषाढ र पौषमा मात्र अधिमास पर्ने नियम भएको
लिच्छविकालको कालगणना वेदाङ्गज्यौतिषअनुसार हुन्थ्यो भन्ने देखिन्छ।

संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्रको अंशुवर्माको अभि
चाँगुनारायणको कवचमा पाइन्छ। यो संवत् ३१ लाई मानदेवसंवत् हो भनी
यसको समय वि. सं. ६६४ हुन्छ। गणनाबाट पनि यो कुरा ट्वाक्क मिल्छ।
कारण वि. सं. ६६४ मा अंशुवर्मा वारको प्रयोग गर्न लागिसकेका देखि
वेदाङ्गज्यौतिषमा वारको चर्चा छैन। यस कारण वि. सं. ६६४ देखि वे
ज्यौतिषको गणनापद्धति हटचो वा सो पद्धति कहीं चलिरहेको भए पनि त्य
प्रचार कम हुन लागिसकेको थियो भन्ने कुरा स्पष्ट हुन्छ। यस कारण वि
६६४ भन्दा केही अगाडिसम्म त वेदाङ्गज्यौतिषको गणनापद्धति चलिरहेको थि
भन्ने देखिन आउँछ। माथि उल्लेख गरिएको मानदेवको चाँगुको अभिले
संवत् ३८६ लाई कार्तिकादि शकसंवत् हो भनी मान्दा (सो अभिलेख ज्येष्ठ
भएकोले ३८६+१३५+१=५२२ हुने हुनाले) यसको समय वि. सं. ५
देखिन्छ।

यहाँनिर एउटा कुरो विचारणीय छ, जसलाई उपेक्षा गर्न सकिदैन। सो
प्रकारको छ।

वेदाङ्गज्यौतिषमा धनिष्ठानक्षत्रको पहिलो पाउमा सूर्य पुग्दा उत्तरायण
प्रारम्भ हुन्छ भनी लेखिएको छ।[७] युगको प्रारम्भमा धनिष्ठाको आदिमा
चन्द्र दुवै पुग्दछन्। अरू वर्षमाचाहिं उत्तरायणको प्रारम्भमा धनिष्ठाको आदि
सूर्य पुग्दछन्।

वि. सं. ५६२ का वराहमिहिरले[८] बृहत्संहितामा यस्तो बोलेका छन्-

---

५. यही ग्रन्थका ३२-४५ पृष्ठ

६. यही ग्रन्थका ११-१९ पृष्ठ।

७. यही ग्रन्थको ३५ पृष्ठ।

८. सप्ताऽश्विवेद४२७सङ्ख्यं
शककालमपास्य चैत्रशुक्लाऽदौ... ॥८॥

(पञ्चसिद्धान्तिका १ अध्याय)

[शकसंवत्‌बाट ४२७ घटाउनू वर्षगण हुन्छ।]

यताबाट शकसंवत् ४२७ (वि. सं. ५६२) तिरका वराहमिहिर देखिन्छन्।

अश्लेषार्द्धाद् दक्षिणमुत्तरमयनं रवेर् धनिष्ठाऽऽद्यम् ।
नूनं कदाचिदासीद् येनोक्तं पूर्वशास्त्रेषु ॥१॥
साम्प्रतमयनं सवितुः कर्कटकाऽऽद्यं मृगाऽऽदितश् चाऽन्यत् ।
उक्ताऽभावो विकृतिः प्रत्यक्षपरीक्षणैर् व्यक्तिः ॥२॥

(बृहत्संहिता आदित्यचाराध्याय)

[सूर्य अश्लेषाको तेस्रो पाउमा पुग्दा दक्षिायनको प्रारम्भ हुन्छ, सूर्य धनिष्ठाको पहिलो पाउमा पुग्दा उत्तरायणको प्रारम्भ हुन्छ भनी पुराना शास्त्रमा जो लेखिएको छ त्यो कुरो साँचो हो, कुनै वेला त्यस्तो हुन्थ्यो । तर अहिले त कर्कटको आदिमा (पुनर्वसुको चौथो पाउमा) सूर्य पुग्दा दक्षिणायनको प्रारम्भ हुन्छ तथा मकरको आदिमा (उत्तराषाढाको दोस्रो पाउमा) सूर्य पुग्दा उत्तरायणको प्रारम्भ हुन्छ । यो कुरो प्रत्यक्ष गर्न सकिन्छ ।]

धनिष्ठाको पहिलो पाउमा सूर्य माघ २३ गते पुग्दछन्, यो कुरो पात्रो हेरे थाहा हुन्छ । त्यस कारण वेदाङ्गज्योतिष जुन समयमा बन्यो त्यस समयमा माघ २३ गते उत्तरायणको प्रारम्भ हुने रहेछ अर्थात् सो दिन सबभन्दा छोटो दिन हुने रहेछ भन्ने देखिन्छ ।

वराहमिहिरको समयमा उत्तरायणको प्रारम्भ अर्थात् सबभन्दा छोटो दिन माघ १ गते हुन्थ्यो भन्ने कुरा उनैको वचनबाट बुझिन्छ ।

आजभोलि सबभन्दा छोटो दिन पौष ७ गते हुन्छ । यस कारण वराहमिहिरको पालामा भन्दा हाम्रो पालामा सबभन्दा छोटो दिन २३ दिन जति वर आएको छ भन्ने देखिन्छ ।

वराहमिहिर भएको अहिले १५०० वर्ष जति भयो । यस कारण १५०० वर्षमा सबभन्दा छोटो हुने दिन २३ दिन जति वर आउँदो रहेछ भन्ने सामान्य ज्ञान हुन्छ । वराहमिहिरले बताएको सबभन्दा छोटो दिन वेदाङ्गज्योतिषले बताएको सबभन्दा छोटो दिनभन्दा २३ दिन जति वर भएको देखिनाले वेदाङ्गज्योतिषभन्दा वराहमिहिर १५०० वर्ष पछिका हुन् भन्ने कुरा देखिन आउँछ । १५००+१५००=३००० हुने हुनाले वेदाङ्गज्योतिष अहिलेभन्दा ३००० वर्ष जति पुरानो देखिन आउँछ । यस कारण अहिलेभन्दा ३००० वर्ष जति पहिलेदेखि चलनचलतीमा वेदाङ्गज्योतिष आएको र त्यस वेला संवत्को गणना कसरी हुन्थ्यो भन्ने कुराको टुङ्गो अहिलेसम्म नलागेकोले वेदाङ्गज्योतिषअनुसारको गणना कसरी गर्ने भन्ने

प्रश्न हाम्रो अगाडि आइपर्दछ । यस प्रश्नको उत्तर खोज्नतिर अब लाग्दछौं ।

वराहमिहिरको पञ्चसिद्धान्तिका नामको ग्रन्थ छ । त्यस ग्रन्थमा वराहमिहिरले तलका कुरा बोलेका छन् ।

पौलिशरोमकवासिष्ठसौरपैतामहास् तु सिद्धान्ताः ।
पञ्च५भ्यो द्वा२वाद्यौ व्याख्यातौ लाटदेवेन ॥३॥
पौलिशकृतः स्फुटोऽसौ तस्याऽसन्नस् तु रोमकः प्रोक्तः ।
स्पष्टतरः सावित्रः परिशेषौ दूरविभ्रष्टौ ॥४॥

(पञ्चसिद्धान्तिका पहिलो अध्याय

[पौलिश, रोमक, वासिष्ठ, सूर्य तथा पैतामह नामका यी पाँचवटा सिद्धान्त प्रसिद्ध छन् । पौलिशसिद्धान्त र रोमकसिद्धान्तका टीका लाटदेवले बनाएका छन् । पौलिशसिद्धान्त शुद्ध छ, रोमकसिद्धान्त पनि करीब करीब पौलिशसिद्धान्त जस्तै छ । सूर्यसिद्धान्त सबभन्दा शुद्ध छ । वासिष्ठसिद्धान्त र पैतामहसिद्धान्त त्यसै अशुद्ध छन् ।]

यसो भनी वराहमिहिरले आफ्नो पालामा चलनचलतीमा रहिरहेका पाँच सिद्धान्तमध्ये पैतामहसिद्धान्तको पनि नाम लिएका छन् । पैतामहसिद्धान्त अशुद्ध छ तथा सबभन्दा शुद्ध सूर्यसिद्धान्त छ भनी वराहमिहिरले यहाँ बोलेका छन् । यताबाट पैतामहसिद्धान्तभन्दा निकै शुद्ध सूर्यसिद्धान्तको चलन वराहमिहिरको समयमा भएको र पैतामहसिद्धान्तको पनि कतै कतै चलन भइरहेको कुरा बुझिन्छ ।

वराहमिहिरले आफ्नो ग्रन्थमा प्रत्येक सिद्धान्तलाई भिन्न भिन्न अध्यायमा लेखेका छन् । हाम्रो प्रस्तुत विषयसँग सम्बद्ध पैतामहसिद्धान्तलाई वराहमिहिरले बाह्रौं अध्यायमा दिएकाले सो बाह्रौं अध्यायको यहाँ उद्धरण गरिन्छ ।

रविशशिनोः पञ्च५ युगं वर्षाणि पितामहोपदिष्टानि ।
अधिमासस् त्रिंशद्भिर् ३० मासैर् अवमो द्विषष्टया६२ तु ॥१॥

द्व्यूनं शकेन्द्रकालं पञ्चभि५रुद्धृत्य शेषवर्षाणाम् ।
द्युगणं माघसिताऽद्यं कुर्याद् द्युगणस् तदहन्युदयात् ।।२।।
त्र्यंश३/४त्वं चेद् द्युगणे तिथिर् भमार्कं नवा९हतेऽक्षयर्कैः १२२।
दिग्रसभागैः सप्तभि६१०रूनं शशिभं धनिष्ठाऽऽद्यम् ।।३।।
प्रागर्द्धे पर्व यदा तदोत्तराऽतोऽन्यथा तिथिः पूर्वा ।
अर्क१२घ्ने व्यतिपाता द्युगणे पञ्चाऽम्बरहुताशैः ३०५ ।।४।।
धृति१८रयनाद् उत्तरतः स्वमृणं तद् यातमपि च याम्यस्य ।
द्वि२घ्नं शशिरस६१भक्तं द्वादश१२युक्तं दिवसमानम् ।५।

इति पैतामहसिद्धान्तो नाम द्वादशोऽध्यायः ।।

[पैतामहसिद्धान्तमा सूर्य र चन्द्रको मात्र गणना हुन्छ । त्यहाँ ५ वर्षको १ युग मानिएको छ, ३० महीनामा एक अधिमास पर्दछ, ६२ तिथिमा १ अवम दिन हुन्छ ।।१।।

शकसंवत्‌बाट २ घटाउनू, शेषलाई ५ ले भाग लिनू, ५ ले भाग लिई आएको लब्धि छोडिदिनू, बाँकी रहेको वर्षबाट माघशुक्ल प्रतिपद्‌देखि अहर्गणको गणना गर्नुपर्दछ । त्यहाँ अहर्गण सूर्योदयदेखि आउँछ ।।२।।

अहर्गणमा ३ पाउसम्म भए अहर्गण जति तिथि हुन्छ । अहर्गणलाई ९ ले गुनी १२२ ले भाग लिनू, लब्धि सूर्यको नक्षत्र हुन्छ । अहर्गणलाई ६१० ले भाग लिई आएको लब्धिलाई ७ ले गुनी अहर्गणबाट घटाइदिनू, शेष चन्द्रमाको नक्षत्र हुन्छ । चन्द्रमाको पनि सूर्यको पनि नक्षत्र धनिष्ठादेखि आउँछन् ।।३।।

दिनको पूर्वार्धभित्र पर्वको समाप्ति भएमा त्यस दिन सो पर्वभन्दा पछिल्लो तिथि पर्दछ । दिनको पूर्वार्ध नाघिसकेपछि पर्वको समाप्ति भएमा त्यस दिन सोही पर्वको तिथि पर्दछ । अहर्गणलाई १२ ले गुनी गुणनफललाई ३०५ ले भाग लिनू, लब्धितुल्य व्यतिपात हुन्छन् ।।४।।

दक्षिणायनको प्रारम्भमा १८ मुहूर्तको दिन हुन्छ । उत्तरायणदेखि बितेका दिनका सङ्ख्यालाई २ ले गुनी गुणनफललाई ६१ ले भाग लिनू, आएको लब्धि १२ मा जोड्नू, दिनमान हुन्छ । दक्षिणायन भएपछि बितेका दिनलाई अयनको दिनबाट घटाई बाँकी रहेको शेषलाई २ ले गुनी गुणनफललाई ६१ ले भाग लिनू, आएको लब्धि १२ मा जोड्नू, दिनमान हुन्छ ।।५।।

पैतामहसिद्धान्त तथा बाह्रौं अध्याय समाप्त भयो ।]

वेदाङ्गज्यौतिषमा ५ वर्षको युग हुन्छ, धनिष्ठादेखि नक्षत्रको गण भन्ने कुरा माथि भनिसकिएको छ ।[९] यहाँ वराहमिहिरले पैतामहसिद्धान्तम ५ वर्षको युग हुन्छ, धनिष्ठादेखि नक्षत्रको गणना हुन्छ भन्ने स्पष्टसँग छन् । यस कारण वेदाङ्गज्यौतिष र पैतामहसिद्धान्त एउटै मूलका ग्रन्थ हु कुरा देखिन आउँछ । यसलाई सिद्ध गर्ने अरू बलिया प्रमाण दिइन्छन् ।

वेदाङ्गज्यौतिषमा ३६६ दिनको १ वर्ष हुन्छ भनी लेखिएको छ ।[१०] दिनमा सूर्यको १ भगण पूर्ण हुने हुनाले ३६६ दिनमा सूर्यले २७ नक्षत्रको गर्दछन् भन्ने कुरा स्पष्ट हुन्छ । ३६६ दिनमा त सूर्य २७ नक्षत्र भोग गर्दछ अहर्गणतुल्य दिनमा कति नक्षत्र भोग गर्लान् भनी त्रैराशिक गर्दा

$$\text{सूर्यनक्षत्र} = \frac{२७ \times \text{अहर्गण}}{३६६} = \frac{९ \times \text{अहर्गण}}{१२२}$$

यताबाट १२२ दिनमा सूर्यले ९ नक्षत्र भोग गर्ने देखिन्छ तथा अहर्गण ९ ले गुनी १२२ ले भाग लिंदा सूर्यनक्षत्र आउने देखिन्छ । वराहमिहिरले कुरो बोलेका छन् ।

५ वर्षको १ युग हुन्छ, त्यहाँ ३० महीनामा एक एक वटा अधिमास पर्छ भनी वराहमिहिरले बोलेका छन् । १ युगमा (५ × १२ = ६० हुने हुनाले ६० सौरमास हुन्छन् । तीस तीस महीनामा एउटा एउटा अधिमास पर्ने हुनाले महीनामा दुइटा अधिमास पर्ने भए । ६० सौरमास र दुइटा अधिमाससमेत पञ्चवर्षात्मक युगमा ६२ चान्द्रमास हुने भए । चन्द्रभगण र सूर्यभगणको अन्तर चान्द्रमास हुने हुनाले चान्द्रमास र सूर्यभगणको योगतुल्य चन्द्रभगण हुने भए यस कारण (चान्द्रमास + सूर्यभगण = ६२ + ५ = ६७ हुने हुनाले) पञ्चवर्षात्मक युगमा ६७ चन्द्रभगण हुने भए । एक चन्द्रभगणमा २७ नक्षत्र हुने हुनाले भगणका चन्द्रनक्षत्र (६७ × २७ =) १८०९ हुने भए । यताबाट १ युग १८०९ नक्षत्र हुने देखियो । १ वर्षमा ३६६ दिन हुने हुनाले ५ वर्षका सावन (३६६ × ५ =) १८३० हुन्छन् । १८३० दिनमा त १८०९ नक्षत्र हुन्छन् अहर्गणतुल्य दिनमा कति नक्षत्र हुन्छन् भनी त्रैराशिक गर्दा

---

९. यही ग्रन्थका ३५ पृष्ठ ।

१०. यही ग्रन्थको ३६ पृष्ठ ।

$$\text{चन्द्रनक्षत्र} = \frac{१८०९ \times \text{अहर्गण}}{१८३०} = \frac{६०३ \times \text{अहर्गण}}{६१०}$$

$$= \frac{(६०३ + ७ - ७)\ \text{अहर्गण}}{६१०}$$

$$= \frac{६१०\ \text{अहर्गण} - ७\ \text{अहर्गण}}{६१०}$$

$$= \text{अहर्गण} - \frac{७\ \text{अहर्गण}}{६१०}$$

यताबाट अहर्गणलाई ७ ले गुनी आएको गुणनफललाई ६१० ले भाग लिनू, लब्धिलाई अहर्गणबाट घटाइदिनू, नक्षत्र आउँछ भन्ने कुरा सिद्ध हुन्छ। यही कुरो वराहमिहिरले बोलेका छन्।[1] यति कुराबाट वेदाङ्गज्यौतिष र पैतामहसिद्धान्त एउटै मूलका हुन् भन्ने कुरा सिद्ध हुन्छ।

यस कारण वराहमिहिरले पञ्चसिद्धान्तिकामा दिएको पैतामहसिद्धान्तको राम्ररी अर्थ गर्न वेदाङ्गज्यौतिषमा आँखा लगाउनुपरेको छ।

एक सूर्योदयदेखि अर्को सूर्योदयसम्म एउटै तिथि रहन्छ अर्थात् तिथि पनि सावनदिन जस्तै हुन्छ भन्ने कुरा अथर्ववेदज्यौतिषअनुसार सिद्ध हुन्छ।[११] वेदाङ्गज्यौतिषअनुसार एक पक्ष (पर्व) मा अर्थात् १५ तिथिमा $१४\frac{९४}{१२४}$ सावनदिन, २ पक्षमा $२९\frac{६४}{१२४}$ सावनदिन, ३ पक्षमा $४४\frac{३४}{१२४}$ सावनदिन, ४ पक्षमा $५९\frac{४}{१२४}$ सावनदिन हुन्छन्।[१२] यस कारण एक पक्षमा $१४\frac{९४}{१२४}$ सावनदिन हुने भएकोले पूर्णसङ्ख्यामा लिंदा १४ दिन लिऊँ थोरै हुने, १५ दिन लिऊँ बढी हुने भयो र एक पक्षमा कति दिन मान्ने भन्ने प्रश्न उठ्यो। यस प्रश्नको समाधानका लागि वेदाङ्गज्यौतिषकारले तलको सूत्र बोलेका छन्—

द्यु हेयं पर्व चेत् पादे पादस् त्रिंशत् तु सैकिका ३१।
भागा।ऽत्मना।ऽपमृज्यांऽशान् निर्दिशेद् अधिका यदि ॥१२॥

(यजुर्वेदज्यौतिष)

[एक पाउभित्र पर्व पर्न आयो भने एक दिन छोड्नुपर्छ। एक पाउ भनेको ३१ हो। भिन्नको अवयव भई छोड्नुपर्ने अंश एक पाउभन्दा बढ्ता भएमा १ दिन लिनुपर्दछ।]

---

११. यही ग्रन्थका ७३-७४ पृष्ठ।

१२. यही ग्रन्थको ४० पृष्ठ।

यहाँ पहिलो पक्षमा १४ दिन भन्दा $\frac{९४}{१२४}$ दिन बढ्ता छ, दोस्रो पक्ष दिन भन्दा $\frac{६४}{१२४}$ दिन बढ्ता छ, तेस्रो पक्षमा ४४ दिनभन्दा $\frac{३४}{१२४}$ दिन बढ्ता र चौथो पक्षमा ५९ दिन भन्दा $\frac{४}{१२४}$ दिन बढ्ता छ। यस अवस्थामा पक्षको भिन्नको अंश ४, १२४ को चौथाई (पाउ = ३१) भन्दा थोरै छ। कारण त्यहाँ पूर्णाङ्क आएको ५९ दिन मात्र लिनुपर्दछ, भिन्न छोडिदिनु तेस्रो पक्षको भिन्नको अंश ३४, १२४ को चौथाई (३१) भन्दा बढ्ता छ। कारण त्यहाँ १ दिन लिनुपर्दछ र तेस्रो पक्षसम्म (४४+१ =) ४५ लिनुपर्दछ। यसै गरी दोस्रो पक्षको भिन्नको अंश ६४, ३१ भन्दा बढ्ता भए १ दिन बढ्ता लिनुपर्दछ यस कारण दोस्रो पक्षसम्म (२९+१) = ३० लिनुपर्दछ। यसै गरी पहिलो पक्षको भिन्नको अंश ९४, ३१ भन्दा बढ्ता भए यहाँ पनि १ दिन बढ्ता लिनुपर्दछ। यस कारण पहिलो पक्षमा (१४+१= १५ दिन लिनुपर्दछ। यसरी

पहिलो पक्षसम्म १५ दिन,
दोस्रो पक्षसम्म ३० दिन,
तेस्रो पक्षसम्म ४५ दिन र
चौथो पक्षसम्म ५९ दिन हुने भए।

यस कारण पहिलो पक्षमा १५ दिन, दोस्रो पक्षमा १५ दिन, तेस्रो पक्ष १५ दिन तथा चौथो पक्षमा १४ दिन लिनुपर्ने भयो। यसै गरी पाँचौं, छैटौं पक्षको विषयमा पनि विचार गर्नुपर्दछ अर्थात् सावनदिनको अवयव भई आए भिन्नको अंश ३१ भन्दा बढी भए १ दिन लिनुपर्दछ, ३१ भन्दा कम भए छोड्नु पर्दछ।

यही कुरोलाई वराहमिहिरले—

त्र्यंश$\frac{३}{४}$त्वं चेद् द्युगणे तिथिर्...॥३॥
प्रागर्द्धे पर्व यदा तदोत्तराऽतोऽन्यथा तिथिः पूर्वा...॥४॥

भनी बोलेका छन्।

अब मुख्य विषयतिर लागौं।

चाँगुको मानदेवको अभिलेखमा संवत् ३८६ ज्येष्ठ महीनाको शुक्लपक्षको परेवा तिथि रोहिणीनक्षत्र अभिजित् मुहूर्त भनी लेखिएको छ। यस दिनको गणना अब वराहमिहिरका सूत्रअनुसार गरिन्छ। सो अभिलेखको संवत् ३८६ कार्तिकादि

शकसंवत् हुनाले र ज्येष्ठ महीनाको हुनाले अभीष्ट समयमा वराहमिहिरको शक-संवत् ३८७ हुन्छ ।

```
      ३८७
        २
  ─────────────
  ५ ) ३८५ ( ७७
      ३५
      ──
       ३५
       ३५
       ──
        ×
```

आएको लब्धि ७७ बितेका युगको सङ्ख्या हुनाले त्यसको अहिले प्रयोजन छैन । ० शेष भएकोले इष्ट वर्ष संवत्सर भयो । सो वर्षको माघशुक्ल प्रतिपदादेखि उठाएर ज्येष्ठशुक्लप्रतिपदासम्मको अहर्गण ल्याउनुपऱ्यो ।

माघशुक्लको	अहर्गण	१५
माघकृष्णको	अहर्गण	१५
फाल्गुनशुक्लको	अहर्गण	१५
फाल्गुनकृष्णको	अहर्गण	१४
चैत्रशुक्लको	अहर्गण	१५
चैत्रकृष्णको	अहर्गण	१५
वैशाखशुक्लको	अहर्गण	१५
वैशाखकृष्णको	अहर्गण	१४
		११८

यस कारण इष्ट तिथि ज्येष्ठशुक्ल प्रतिपदाको अहर्गण ११८ भयो ।

पञ्चसिद्धान्तिकाको माथि उद्धृत बाह्रौं अध्यायको ३ श्लोकअनुसार—

$$\text{इष्ट दिनको नक्षत्र} = \text{अहर्गण} - \frac{७ \times \text{अहर्गण}}{६१०} = ११८ - \frac{७ \times ११८}{६१०}$$

$$= ११८ - \frac{८२६}{६१०}$$

$$= ११८ - १\frac{२१६}{६१०}$$

$$= ११७ - \frac{२१६}{६१०}$$

$$= ११६\frac{३९४}{६१०}$$

$$= ८\frac{३९४}{६१०} \text{ (२७ ले तष्ट गर्दा)}$$

१ धनिष्ठा
२ शतभिषा
३ पूर्वभाद्र
४ उत्तरभाद्र
५ रेवती
६ अश्विनी
७ भरणी
८ कृत्तिका

यति गणनाबाट ज्येष्ठशुक्ल प्रतिपदाको सूर्योदयकालमा रोहिणीनक्ष $\frac{३९४}{६२०}$ भाग बितिसकेको देखिन्छ। यस कारण रोहिणीनक्षत्रले आफ्नो $\frac{२१६}{६१०}$ भोग गर्न बाँकी देखिन्छ।

$$\text{एक नक्षत्र} = \text{अहर्गण} - \frac{\text{७ अहर्गण}}{\text{६१०}}$$

हुने हुनाले एक नक्षत्रको भोगकाल $\frac{६१०}{६०३}$ दिन हुन्छ।

यस कारण

रोहिणीनक्षत्रको भोग्यकालदिन

$$= \frac{२१६}{६२०} \times \frac{६१०}{६०३} = \frac{२१६}{६०३} = \frac{२४}{६७}$$

$$\frac{२४}{६७} \text{ दिन} = \frac{२४}{६७} \times \text{६० घडी} = \frac{१४४०}{६७} \text{ घडी} = \text{२१घडी ३० पला}$$

यति गणितबाट ज्येष्ठशुक्ल प्रतिपदाको दिन सूर्योदयदेखि २१ घडी ३० पलासम्म रोहिणीनक्षत्र रहने देखियो।

अब दिनमान ल्याइन्छ।

उत्तरायणको प्रारम्भदेखि इष्ट दिनसम्म बितेका दिन = ११८

पञ्चसिद्धान्तिकाको माथि उद्धृत बाह्रौं अध्यायको ५ श्लोकअनुसार—

$$\text{मुहूर्तात्मक दिनमान} = १२ + \frac{\text{२} \times \text{उत्तरायणदेखि बितेका दिन}}{\text{६१}}$$

$$= १२ + \frac{२ \times ११८}{६१}$$

$$= १२ + \frac{२३६}{६१}$$

$$= १२ + ३\frac{५३}{६१}$$

$$= १५\frac{५३}{६१}$$

घट्यात्मक दिनमान $= २ \times$ मुहूर्तात्मक दिनमान

$$= २ \times १५\frac{५३}{६१}$$

$$= ३० \frac{१०६}{६१}$$

$$= ३१ \frac{४५}{६१}$$

$$= ३१ \text{ घडी } ४४ \text{ पला}$$

दिनमान ३१ घडी ४४ पला भएकोले १ मुहूर्तको मान २ घडी ७ पला हुन्छ । यस कारण आठौं मुहूर्त अभिजित् १४ घडी ४९ पलादेखि १६ घडी ५६ पलासम्म रहन्छ । त्यस दिन रोहिणीनक्षत्र २१ घडी ३० पलासम्म रहन्छ । यस कारण अभिजित् मुहूर्त परेको वेला रोहिणीनक्षत्र पर्दछ, प्रतिपद् तिथि त अहो-रात्रभर रहन्छ ।

यस कारण

संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १
रोहिणीनक्षत्त्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्तेभिजिति

(लिच्छविकालका अभिलेखको १० पृष्ठ)

भनी मानदेवले अभिलेखमा लेखाएका वाक्य वेदाङ्गज्यौतिषको रीतअनुसार (वराहमिहिरको सूत्रअनुसार) गणना गर्दा ट्वाक्क मिल्छ ।

वेदाङ्गज्यौतिषअनुसार शककालबाट गणना गर्ने जुन सूत्र वराहमिहिरले दिए त्यसको उदाहरण मानदेवको अभिलेखले देखाएको छ भन्ने कुरा स्पष्ट छ ।

○

वेदाङ्गज्यौतिषअनुसारको सौरवर्षको मानमा उठेको शङ्कालाई लिच्छविकालका पहिला थरी संवत् परेका अभिलेखमा देखिएका अधिमासले हटाइदिन्छन्

वेदाङ्गज्यौतिषमा एक वर्षमा ३६६ दिन हुन्छन् भनी लेखिएको छ वास्तवमा एक वर्षमा ३६५ दिन १५ घडी जति हुन्छ।[2] यस कारण वेदा ज्यौतिषले बताएको सौरवर्षको मानमा र वास्तव सौरवर्षको मानमा कण्डं घडीको अन्तर पर्छ। यसरी यी दुइ मानमा ४ वर्षमा ३ दिन जतिको अन्तर पर्न १०० वर्षमा ७५ दिन जतिको अन्तर पर्न जान्छ। अर्थात् वेदाङ्गज्यौतिषअनु पात्रो बनाउँदै गयो भने शुरूको वर्षमा माघमा पर्न आएको सबभन्दा छोटो दि १०० वर्षपछि चैत्रमा पर्न जान्छ। यस्तो अनर्थ कुरा भएको वेदाङ्गज्यौतिष कसरी व्यवहार चल्छ भन्ने कुरा साधारण मानिसको मनमा पनि उठ्छ। यसैले ब बडे विद्वान्देखि लिएर साधारण मानिस पनि वेदाङ्गज्यौतिष व्यवहारोपयो ग्रन्थ हुन सक्तैन भन्ने शङ्का उठाउँछन्। अब यस विषमा विचार गरिन्छ।

---

१. यही ग्रन्थको ३६ पृष्ठ।

२. यही ग्रन्थका४९–५० पृष्ठ।

सूर्यभगण = १७२८००००
चन्द्रभगण = २३१०१२३४४
सावनदिन = ६३११६७१२००

(सुमतितन्त्र ताडपत्रको ११ क पत्र, प्रकाशितका १९-२० पृष्ठ)

यिनका लघुतम रूप ल्याइन्छन्—

	सूर्यभगण	चन्द्रभगण	सावनदिन
२)	१७२८००००	२३१०१२३४४	६३११६७१२००
२)	८६४००००	११५५०६६७२	३१५५८३५६००
२)	४३२००००	५७७५३३३६	१५७७९१७८००
२)	२१६००००	२८८७६६६८	७८८९५८९००
२)	१०८००००	१४४३८३३४	३९४४७९४५०
३)	५४००००	७२१९१६७	१९७२३९७२५
	१८००००	२४०६३८९	६५७४६५७५

यस कारण

सूर्यभगण = १८००००
चन्द्रभगण = २४०६३८९
सावनदिन = ६५७४६५७५

अब चान्द्रमास ल्याइन्छ ।

चन्द्रभगण = २४०६३८९
सूर्यभगण = १८००००
चान्द्रमास = २२२६३८९

सूर्यभगण र सावनदिनको लघुतम रूप ल्याइन्छ—

	सूर्यभगण	सावनदिन
३)	१८००००	६५७४६५७५
	६००००	२१९१५५२५

	सूर्यभगण		सावनदिन
३)	६००००	।	२१९१५५२५
५)	२००००	।	७३०५१७५
५)	४०००	।	१४६१०३५
	८००	।	२९२२०७

यताबाट ८०० सौरवर्षमा २९२२०७ सावनदिन हुन्छन् भन्ने देखि

यस कारण

$$\text{एक वर्षका सावनदिन} = \frac{२९२२०७}{८००}$$

$$= ३६५\cdot२५८७५$$

८००)२९२२०७(३६५·२५८७५ सावनदिन

२४००

५२२०

४८००

४२०७

४०००

२०७०

१६००

४७००

४०००

७०००

६४००

६०००

५६००

४०००

४०००

×

२२२६३८९ चान्द्रमासमा ६५७४६५७५ सावनदिन हुने हुनाले

एक चान्द्रमासका सावनदिन = $\frac{६५७४६५७५}{२२२६३८९}$

= २९·५३०५९

२२२६३८९) ६५७४६५७५ (२९·५३०५९

```
४४५२७७८
--------
२१२१८७९५
२००३७५०१
--------
 ११८१२९४०
 १११३१९४५
 --------
   ६८०९९५०
   ६६७९१६७
   --------
    १३०७८३००
    १११३१९४५
    --------
     १९४६३५५०
     २००३७५०१
```

यति गणितबाट

एक सौरवर्षमा ३६५·२५८७५ सावनदिन

एक चान्द्रमासमा २९·५३०५९ सावनदिन

हुने देखियो ।

वेदाङ्गज्यौतिषकारले ५ सौरवर्षमा २ अधिमास पर्छन् भनी बोलेका छन् । यस कारण उनको विचारअनुसार ५ सौरवर्षमा ६२ चान्द्रमास पर्ने भए । परन्तु

```
३६५·२५८७५        ( १ सौरवर्षका सावनदिन )
       × ५
----------
१८२६.२९३७५       ( ५ सौरवर्षका सावनदिन )


२९·५३०५९         ( १ चान्द्रमासका सावनदिन )
      × ६२
----------
  ५९०६११८
१७७१८३५४
----------
१८३०·८९६५८       ( ६२ चान्द्रमासका सावनदिन )
```

यति गणितबाट

५ सौरवर्षमा १८२६.२९३७५ सावनदिन तथा ६२ चान्द्रमा
१८३०.८९६५८ सावनदिन हुने भयो। वेदाङ्गज्यौतिषकारले ५ वर्षमा १८
सावनदिन मानेका छन्।

१८३०	१८३०.८९६५८	३.७०६२५
—१८२६.२९३७५	—१८३०	+०.८९६५८
३.७०६२५	०.८९६५८	४.६०२८३

यताबाट वेदाङ्गज्यौतिषकारले दिएको ५ वर्षको दिनसङ्ख्या १८
सुमतितन्त्रले दिएको दिनसङ्ख्याभन्दा ३.७०६२५ ले बढी छ, तथा ६२ चा
मासको दिनसङ्ख्याभन्दा ०.८९६५८ ले घटी छ। यस कारण ५ सौरवर्ष र
चान्द्रमासमा दिनसङ्ख्या बराबर हुन्छ भनी वेदाङ्गज्यौतिषकारले भने तापनि
तिनको अन्तर ४.६०२८३ हुन्छ। यसरी ५ वर्षमा वेदाङ्गज्यौतिषअनुसार
वर्षारम्भ, हुनुपर्ने वर्षारम्भभन्दा पौने चार दिन जति पछि पर्न जान्छ। वेदाङ्ग
ज्यौतिषअनुसारको वर्षारम्भ उत्तरायणको प्रारम्भको दिनमा अर्थात् सबभन्दा छोटो
दिन हुने दिनमा पर्दछ। सबभन्दा छोटो दिन यसै दिन भयो भनी भन्न सकिन्
छैन। यस कारण त्यसमा २।४ दिनको तलमाथि परे पनि थाहा नपाइने हुन्छ
वेदाङ्गज्यौतिषअनुसारको ६२ चान्द्रमासका समाप्तिकाल, हुनुपर्ने समाप्तिकालभन्दा
१ दिन जति अगाडि पर्दछ। चान्द्रमासको समाप्तिकालमा औंसीको समाप्तिका
पर्दछ। औंसीको समाप्तिमा चन्द्रमा देखिंदैनन्। त्यसभन्दा अघिल्लो दिन कहिले
कहिले चन्द्रमा देखिनु सम्भव हुन्छ। औंसीमा चन्द्रमा देखिए भने सो औंसी
सिनीवाली कहाउँछ।[३] यस कारण पहिलो युगमा पर्न आएको ४.६०२८३ दिनको
अन्तर थाहा नपाइने हुन सक्तछ। परन्तु यो अन्तर क्रमशः बढ्दै जान्छ।

हुनुपर्ने सबभन्दा छोटो दिनभन्दा ३.७०६२५ दिन पछाडि वेदाङ्गज्यौतिष-
अनुसार सबभन्दा छोटो दिन पर्दछ। यो अन्तर ५ वर्षको हो। ३.७०६२५ दिन
अन्तर पर्न त ५ वर्ष लाग्छ भने १ चान्द्रमासतुल्य २९.५३०५९ दिन अन्तर पर्न
कति वर्ष लाग्ला भनी त्रैराशिक गर्दा

$$\frac{५ \times २९.५३०५९}{३.७०६२५} = \frac{१४७.६५२९५}{३.७०६२५} = ३९.८४$$

३. यही ग्रन्थका ६०–६१ पृष्ठ।

३७०६२५)१४७६५२९५(३९·८४
११११८७५
३६४६५४५
३३३५६२५
३१०९२००
२९६५०००
१४४२०००
१४८२५००

यताबाट ४० वर्ष जतिमा सबभन्दा छोटो हुने दिनमा १ महीना जति फरक पर्न आयो । १ महीनाको अन्तर थाहा नपाइने हुन सक्तैन ।

यस कारण १ सौरवर्षमा ३६६ सावनदिन हुन्छन् भन्ने वेदाङ्गज्यौतिषको सिद्धान्त मानी पञ्चाङ्ग बनाउने हो भने ४० वर्षमा १ महीना, ८० वर्षमा २ महीना अन्तर पर्ने भई २४० वर्षमा ६ महीनाको अन्तर पर्छ अर्थात् वेदाङ्गज्यौतिषको गणनाअनुसार आएको सबभन्दा छोटो हुनुपर्ने दिन, वास्तवमा सबभन्दा लामो दिन भएको प्रत्यक्ष देखिन्छ ।

अघि हामीले चाँगुको मानदेवको अभिलेखको तिथिमिति वेदाङ्गज्यौतिष-अनुसार मिल्छ भनी गणना गरेर देखायौं ।[४] सो अभिलेखको संवत् ३८६ हो । लेलेको शिवदेव अंशुवर्माको अभिलेखको संवत् ५२६ हो । यी दुइको अन्तर १४० हुन्छ, ४० वर्षमा १ महीनाको अन्तर पर्ने भएपछि १४० वर्षमा साढे तीन महीनाको अन्तर पर्दछ । अर्थात् मानदेवको पालामा सबभन्दा छोटो दिन शुद्धरूपमा अर्थात् माघमा आउँथ्यो भने शिवदेव अंशुवर्माको पालामा सबभन्दा छोटो दिन वैशाखमा आउँथ्यो भन्ने स्पष्ट देखिन्छ । त्यसरी डेढशय वर्षभित्रै आनको तान फरक परेको प्रत्यक्ष देखिएको पद्धतिलाई कसैले मान्यो होला भनेर भन्नु सम्भव छैन ।

तर वेद, महाभारत, अष्टाध्यायी, कौटलीय अर्थशास्त्र, सुश्रुतसंहिता, व्याकरणमहाभाष्यहरूबाट वेदाङ्गज्यौतिषको गणना चलेको प्रमाण पाइन्छ ।[५] अर्थात् हजारौं वर्षसम्म वेदाङ्गज्यौतिषको गणनापद्धति चलनचलतीमा रहेको देखिन्छ ।

माथि बताइएको प्रत्यक्ष देखिएको दोषलाई हटाउने कुनै न कुनै उपाय

---

४. यही ग्रन्थका ९२–१०५ पृष्ठ ।

५ यही ग्रन्थका ४६–६३, ८३–९१ पृष्ठ ।

थियो भन्ने कुरा स्पष्ट छ । नेपालका लिच्छविकालका पहिला थरो संवत्‌ अभिलेखमा देखिएका अधिमासलाई राम्रोसँग केलाई हेर्दा सो उपाय भेट्टा अब हामी सो उपाय खोज्नतिर लाग्छौं ।

पहिले त्यसका लागि केही कुरा गर्नुपरेको छ । माथि हामीले १८०० सौरवर्षमा २२२६३८९ चान्द्रमास पर्छन् भनी सिद्ध गरेका थियौं ।

अधिमास = चान्द्रमास — १२ × सौरवर्ष
= २२२६३८९ — १२ × १८००००
= २२२६३८९ — २१६००००
= ६६३८९

यताबाट १८०००० सौरवर्षमा ६६३८९ अधिमास पर्ने देखियो । ६६३ अधिमास पर्न त १८०००० सौरवर्ष लाग्छ भने १ अधिमास पर्न कति सौर लाग्ला भनी त्रैराशिक गर्दा

१ अधिमास पर्न लाग्ने सौरवर्ष = $\frac{१८००००}{६६३८९}$
= २·७११२९

६६३८९)१८००००(२·७११२९
१३२७७८
४७२२२०
४६४७२३
७४९७०
६६३८९
८५८१०
६६३८९
१९४२१०
१३२७७८
६१४३२०
५९७५०१
१६८१९

यति गणितबाट

सौरवर्षमा	अधिमास	सौरवर्षमा	अधिमास
२·७११२९	१	२१·६९०३२	८
५·४२२५८	२	२४·४०१६१	९
८·१३३८७	३	२७·११२९०	१०
१०·८४५१६	४	२९·८२४१९	११
१३·५५६४५	५	३२·५३५४८	१२
१६·२६७७४	६	३५·२४६७७	१३
१८·९७९०३	७	३७·९५८०६	१४

झण्डै ३८ सौरवर्षमा १४ वटा अधिमास पर्ने देखियो ।

चान्द्रमास = सौरमास + अधिमास

= १२ × सौरवर्ष + अधिमास

∴ ३८ सौरवर्षका चान्द्रमास = १२ × ३८ + १४

= ४५६ + १४


= ४७०

```
  २९·५३०५९     ( १ चान्द्रमासका सावनदिन )
      × ४७०
-------------
 २०६७१४१३०
११८१२२३६
-------------
१३८७९·३७७३०   ( ४७० चान्द्रमासका सावनदिन )

३६५·२५८७५     ( १ सौरवर्षका सावनदिन )
      × ३८
-------------
 २९२२०७०००
१०९५७७६२५
-------------
१३८७९·८३२५०   ( ३८ सौरवर्षका सावनदिन )
```

यति गणितबाट ३८ सौरवर्षमा १३८७९ सावनदिन पर्छन् तथा ४७० चान्द्रमासमा पनि त्यति नै सावनदिन पर्छन् भन्ने स्पष्ट हुन्छ । यताबाट ३८ सौरवर्षमा १४ वटा अधिमास मानिदियो भने सौरगणना र चान्द्रगणना ट्वाक्क मिलन आउँछन् भन्ने देखिन्छ ।

अब मुख्य विषयतिर लागौं ।




संवत् ४४९ प्रथमाषा(ढ) शुक्लदशम्याम् ।।

(किसिपिंडीको अभिलेखबाट । लिच्छविकालका अभिलेखको १३६ पृष्ठ यो अभिलेख सर्वप्रथम लेभीद्वारा ६ सङ्ख्याको रूपमा प्रकाशित भए हो ।)



संवत् ४७९ द्वितीय आषाढ . . .

(ब्रह्मटोलको अभिलेखबाट । लिच्छविकालका अभिलेखको १४५ पृष्ठ यो अभिलेख सर्वप्रथम रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा अभिलेख-संग्रह १ भागमा प्रकाशित भएको हो ।)



संवत् ४८७ प्रथमाषाढ शुक्लद्वितीयायाम्

(देउपाटनको स्वामी वार्त्ताको अभिलेखबाट । लिच्छविकालका अभिलेखको १९८ पृष्ठ । यो अभिलेख सर्वप्रथम ऐ. शि. बाबुराम आचार्य र नयराज पन्तद्वारा

संस्कृतसन्देश १ वर्ष ८ अङ्कमा प्रकाशित भएको हो । संस्कृतसन्देशमा यो अभिलेख छपाउँदा यसको संवत् ४८९ भनी पढिएको थियो । पशुपतिको द्वितीय जयदेवको अभिलेखको संवत्को एकस्थानी अङ्क र यस अभिलेखको संवत्को एकस्थानी अङ्क एकै प्रकारको छ । पशुपतिको द्वितीय जयदेवको अभिलेखको संवत्लाई भगवानलालले १५३ पढेका छन् ।[६] यस एकस्थानी अङ्कलाई ३ भनी पढ्दा पाटन भन्सारचोकको नरेन्द्रदेवको अभिलेखको संवत् ६३ हुने भयो । परन्तु भीमार्जुनदेव र विष्णुगुप्तका संयुक्तशासनकालका ६४ तथा ६५ संवत्का अभिलेख पाइएकाले[७] र यी दुइटै संयुक्तशासकलाई हटाई नरेन्द्रदेवले पैतृक राज्य फिर्ता लिएका हुन् भन्ने कुरा भोटतिरको इतिहासबाट देखिएकोले भगवानलालले ३ भनी पढेको अङ्कलाई ९ हो भनी ऐ. शि. बाबुराम आचार्यबाट प्रतिपादन गरियो ।[८] यसैले सोही सिद्धान्तमा लागी यहाँ उद्धृत देउपाटनको अभिलेखको संवत्लाई ४८९ पढी संस्कृतसन्देशमा छपाइयो । वि. सं. २०११ मा योगी नरहरिनाथ, नयराज पन्त, रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी , धनवज्र वज्राचार्य, र ज्ञानमणि नेपाल चाँगुमा गयौं । चाँगुको मानदेवको स्तम्भलेखमा कुँदिएका प्रत्येक श्लोकमा श्लोकसङ्ख्या दिइएको छ । सातौं श्लोकमा कुँदिएको अङ्क भगवानलाल इन्द्राजीले ३ भनी पढेको अङ्कसँग मिल्दो रहेछ ।[९] यस कारण यो अङ्क ३ पनि होइन ९ पनि होइन बरु ७ हो भनी धनवज्र वज्राचार्यले र ज्ञानमणि नेपालले निश्चय गरे । तोत्रराज पाँडे र नयराज पन्तको संयुक्त परिश्रमबाट वि.सं. २००४मा छापिएको नेपालको संक्षिप्त इतिहासमा पनि सो अङ्कलाई ९ नै मानी संवत् दिइएको थियो । सो कुराको खण्डन गरी धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले आफ्नो इतिहास-संशोधन ४ सङ्ख्या वि. सं. २०११ मा प्रकाशित गरे ।[१०])

---

६. ट्वेन्टिथ्री इन्स्क्रिप्शन्स् फ्रम् नेपाल् (नेपालबाट ल्याइएका २३ वटा अभिलेख) का १८ पृष्ठ, चित्रफलक १५ सङ्ख्या ।

७. पूर्णिमा ६ अङ्कका ३-४ पृष्ठ तथा लिच्छविकालका अभिलेखका ४४३, ४४९, ४५९ पृष्ठ ।

८. संस्कृतसन्देश १ वर्षको २ अङ्कका ४१-४२ पृष्ठ र ३ अङ्कका ३२-३३ पृष्ठ ।

९. धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास-संशोधनको प्रमाणप्रमेयको १४६ पृष्ठ ।

१०. इतिहास-संशोधनको प्रमाणप्रमेयका १४५-१४६ पृष्ठ ।


किसिंपिडीको अभिलेखबाट संवत् ४४९ मा आषाढमा अधिमास देखियो । ५ वर्षमा २ वटा अधिमास पर्ने नियमअनुसार—

संवत् ४५४
संवत् ४५९
संवत् ४६४
संवत् ४६९
संवत् ४७४
संवत् ४७९
संवत् ४८४
संवत् ४८९

यी संवत्मा पनि आषाढमा अधिमास पर्नुपर्दछ । ब्रह्मटोलको अभि संवत् ४७९ मा आषाढमा अधिमास परेको देखायो पनि । यसरी ४४९ देखि सम्मका ३० वर्षमा १२ वटा अधिमास परेको देखिन आउँछ । संवत् ४८ देउपाटनको अभिलेखमा देखिएको अधिमासले पाँच पाँच वर्षमा उही उही मा मा अधिमास पर्ने नियमलाई काटेको छ । संवत् ४७९ मा र त्यसमन्दा ८ व संवत् ४८७ मा पनि आषाढैमा अधिमास परेको देखिएकोले बीचमा पौष अधिमास परी आषाढमा अधिमास परेको देखिन्छ ।

४८७ — ४४९ = ३८ वर्ष हुने हुनाले ३८ वर्षभित्र १४ वटा अधिमास आएको स्पष्ट देखिन्छ । ३० वर्षभित्र पाँच पाँच वर्षमा दुइ दुइ वटाको क्रमले वटा अधिमास पर्ने कुरा माथि उल्लिखित संवत् ४८७ को आषाढको अधिमा धर्मस्थलीको संवत् ५१७ को अभिलेखमा देखिएको आषाढको अधिमासले सिद्ध गर्दछन् ।११

११.



संवत् ५१७ प्रथमाषाढशुक्लदिवाद्वादश्याम्

(धर्मस्थलीको अभिलेखबाट । लिच्छविकालका अभिलेखको २५८ पृष्ठ । अभिलेख सर्वप्रथम नोलीद्वारा २६ सङ्ख्याको रूपमा प्रकाशित भएको हो ।)

पाँच पाँच वर्षमा दुइ दुइ वटा अधिमास मान्ने हो भने ३५ वर्षमा १४ वटा अधिमास पर्न आउँछन् । परन्तु माथि उल्लिखित संवत् ४४९ र संवत् ४८७ का आषाढका अधिमासले ३८ वर्षमा १४ वटा अधिमास मानेको कुरा देखाए ।

३८ वर्षमा १४ वटा अधिमास पर्छन् तथा चान्द्रमासको सङ्ख्या ४७० हुन्छन् भनी हामीले माथि देखाइसकेका छौं ।

महाभाष्यको *मासप्रमितश् चन्द्रमाः* भन्ने र काशिकाको *मासप्रमितश् चन्द्रमाः मासं प्रमातुम् आरब्धः प्रतिपच्चन्द्रमाः इत्यर्थः* भन्ने[12] वाक्यले शुक्लपक्षको प्रथम चन्द्रोदय भएको दिनदेखि चान्द्रमहीनाको गणना गर्ने रीतिलाई देखाउँछन् । यस कारण वेदाङ्गज्योतिषअनुसार गणना गर्नेहरू चन्द्रमालाई हेरी आफ्नो गणना मिलाउँथे भन्ने कुरा स्पष्ट छ ।

१ सौरवर्षमा ३६६ सावनदिन मान्दा पर्न आएको दोषलाई ३८ सौरवर्षमा ४५६ सौरमास तथा १४ अधिमाससमेत जम्मा ४७० चान्द्रमास मानी हटाउँथे भन्ने कुरा स्पष्ट देखिन्छ ।

○

---

१२. यही ग्रन्थका ८८–९० पृष्ठ ।

गणितमा लाघव होस् भनेर एक सौरवर्षमा ३६६ सावनदिन हुन्छन् भने वेदाङ्गज्यौतिषकारले बोलेको देखिन्छ

एक चान्द्रमासमा २९·५३०५९ सावनदिन हुन्छन् ।[1]

चान्द्रमासका सङ्ख्या	सावनदिनका सङ्ख्या	चान्द्रमासका सङ्ख्या	सावनदिनका सङ्ख्या
१	२९·५३०५९	१४	४१३·४२८
२	५९·०६११८	१५	४४२·९५८
३	८८·५९१७७	१६	४७२·४८१
४	११८·१२२३६	१७	५०२·०२०
५	१४७·६५२९५	१८	५३१·५५०
६	१७७·१८३५४	१९	५६१·०८१
७	२०६·७१४१३	२०	५९०·६११
८	२३६·२४४७२	२१	६२०·१४२
९	२६५·७७५३१	२२	६४९·६७२
१०	२९५·३०५९	२३	६७९·२०३
११	३२४·८३६४९	२४	७०८·७३४
१२	३५४·३६७०८	२५	७३८·२६४
१३	३८३.८९७६७	२६	७६७·७९५

१. यही ग्रन्थको १०९ पृष्ठ ।

चान्द्रमासका सङ्ख्या	सावनदिनका सङ्ख्या	चान्द्रमासका सङ्ख्या	सावनदिनका सङ्ख्या
२७	७९७·३२५९३	४५	१३२८·८७६५५
२८	८२६·८५६५२	४६	१३५८·४०७१४
२९	८५६·३८७११	४७	१३८७·९३७७३
३०	८८५·९१७७	४८	१४१७·४६८३२
३१	९१५·४४८२९	४९	१४४६·९९८९१
३२	९४४·९७८८८	५०	१४७६·५२९५
३३	९७४·५०९४७	५१	१५०६·०६००९
३४	१००४·०४००६	५२	१५३५·५९०६८
३५	१०३३·५७०६५	५३	१५६५·१२१२७
३६	१०६३·१०१२४	५४	१५९४·६५१८६
३७	१०९२·६३१८३	५५	१६२४·१८२४५
३८	११२२·१६२४२	५६	१६५३·७१३०४
३९	११५१·६९३०१	५७	१६८३·२४३६३
४०	११८१·२२३६	५८	१७१२.७७४२२
४१	१२१०·७५४१९	५९	१७४२·३०४८१
४२	१२४०·२८४७८	६०	१७७१·८३५४
४३	१२६९·८१५३७	६१	१८०१·३६५९९
४४	१२९९·३४५९६	६२	१८३०·८९६५८

एक सौरवर्षमा ३६५·२५८७५ सावनदिन हुन्छन् ।[२]

सौरवर्षका सङ्ख्या	सावनदिनका सङ्ख्या
१	३६५·२५८७५
२	७३०·५१७५
३	१०९५·७७६२५
४	१४६१·०३५
५	१८२६·२९३७५

माथि दिएको सारणीबाट सौरवर्षका दिनसङ्ख्या र चान्द्रमासका दिनसङ्ख्या-

---

२. यही ग्रन्थको १०८ पृष्ठ ।

लाई तुलना गरी हेर्दा ५ सौरवर्षका सावनदिनसङ्ख्या र ६२ चान्द्रमासका दिनसङ्ख्यामा जति आसन्नता छ त्यति आसन्नता अन्त देखिँदैन ।[३] यहाँ ५ सौ… र ६२ चान्द्रमासका दिनसङ्ख्याको तुलना गरेको हुनाले र ५ सौरवर्षमा ६० सौ… हुने हुनाले यस अवधिमा दुइटा अधिमास मान्नुपर्‍यो । १ सौरवर्षको दिन… ३६५·२५८७५ को आसन्न पूर्णाङ्कसङ्ख्या ३६५ हुन्छ । एक वर्षमा ३… सावनदिन हुन्छन् भनी मान्दा ५ वर्षमा १८२५ सावनदिन हुन्छन् । यो सङ्ख्या… चान्द्रमासको दिनसङ्ख्या १८३०·८९६५८ भन्दा ५·८९६५८ ले टाढा छ ।… वर्षमा ३६६ दिन हुन्छन् भनी मान्दा ५ वर्षमा १८३० सावनदिन हुन्छन्… सङ्ख्या ६२ चान्द्रमासका दिनसङ्ख्या १८३०·८९६५८ भन्दा ·८९६५८ ले टाढा… १ वर्षमा ३६५ दिन हुन्छन् भनी मान्दा आएको अन्तरभन्दा १ वर्षमा ३६६ … हुन्छन् भनी मान्दा आएको अन्तर ज्यादै थोरै छ । यस कारण वेदाङ्गज्योतिष… वर्षमा ३६६ दिन हुन्छन् भनी बोलेको देखिन्छ । त्यसो गर्दा पर्न आएको अन्तर… ३८ सौरवर्षमा १४ वटा अधिमास मानेर वेदाङ्गज्यौतिषकारले संशोधन ग… देखिन्छ ।[४]

यहाँ परेको चान्द्रमासका र सौरवर्षका दिनसङ्ख्याको सारणी श्यम… पौडेलले तयार गरिदिएका हुन् ।

□

३. हुन त ३ सौरवर्षका सावनदिनसङ्ख्या १०९५·७७६२५ र ३७ चान्द्र… मासका सावनदिनसङ्ख्या १०९२·६३१८३ को अन्तर ३·१४४२ हुन्छ । ५ सौर… वर्षको सावनदिनसङ्ख्या १८२६·२९३७५ र ६२ चान्द्रमासका सावनदिनसङ्ख्या… १८३०·८९६५८ को अन्तर ४·६०२८३ हुन्छ । यस कारण ५ सौरवर्ष र ६… चान्द्रमासको दिनसङ्ख्याको अन्तरभन्दा ३ सौरवर्ष र ३७ चान्द्रमासको दिनसङ्ख्याको अन्तर थोरै छ। ३ सौरवर्षमा ३६ सौरमास हुन्छन् । २·७११२९ सौरवर्षमा एक अधिमास पर्ने हुनाले (यही ग्रन्थको ११२ पृष्ठ) ५ वर्षमा दुइ अधिमास पर्छ भन्नु आसन्नमानको नजीक छ । ३ वर्षमा एक अधि-मास (६ वर्षमा २ अधिमास) पर्छ भन्नु त्यसभन्दा निकै टाढा छ यस कारण… ३६ सौरमासमा ३७ चान्द्रमास हुन्छन् भनी बोली सौरमान र चान्द्रमानको मिलान गर्न खोज्नुभन्दा ५ सौरवर्षमा २ अधिमास पर्छन् भनी बोल्नु वास्तव कुराको आसन्न भएको हुनाले वेदाङ्गज्योतिषकारले ३ सौरवर्ष र ३७ चान्द्रमासको दिन-सङ्ख्यालाई तुल्यतामा ल्याउने काम नगरेको देखिन्छ ।

४, यही ग्रन्थका १०४–११७ पृष्ठ ।

सुमतितन्त्रको सामान्य परिचय

यहांसम्म छापिएका लेखहरूबाट मानदेवदेखि अंशुवर्मासम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. १३५ देखि उठेको शकसंवत् हो भन्ने र अंशुवर्माको समयदेखि व्यवहारमा आएको संवत्चाहिं वि. सं. ६३२ देखि उठेको मानदेवसंवत् हो भन्ने कुरा देखियो। हामीले स्पष्ट पारेको यस सिद्धान्तको पुष्टि गरिदिने सबभन्दा बलियो प्रमाण सुमतितन्त्र नै हो। सुमतितन्त्र नभेटिएको भए हामीलाई लिच्छविसंवत्को निर्णय गर्न ज्यादै गाह्रो पर्थ्यो। यसैले सुमतितन्त्र कस्तो ग्रन्थ हो, यो कहाँ र कहिले बनेको हो भन्ने कुराको राम्रो ज्ञान हुन गए जिज्ञासुहरूको मनमा विशेष सन्तोष होला भन्ने सम्झी अब सुमतितन्त्रको विषयमा केही लेखिन्छ।

ताडपत्रमा भुजिमोल लिपिले लेखिएको सुमतितन्त्र नाउँको एक ग्रन्थ नेपाल राष्ट्रिय अभिलेखालय (वीरपुस्तकालय चौथो ५७) मा छ। ताडपत्रको सो पुस्तकमा जम्मा १५२ पत्र छन्। १४३ पत्रसम्म पत्रसङ्ख्या देखिन्छ। अरू पत्रमा पत्रसङ्ख्या देखिंदैन। एउटा पत्रमा पत्रसङ्ख्या १६२ (?) देखिन्छ। यी पत्र १४·७ अङ्गुल लामा र २·८ अङ्गुल चौडा छन्। ताडपत्रका दुवै पृष्ठमा भुजिमोल लिपिले लेख लेखिएको छ। एक पृष्ठमा घटीमा ५ पङ्क्ति र बढीमा ७ पङ्क्ति छन्। पङ्क्तिपिच्छे घटीमा ३६ र बढीमा ५६ अक्षर छन्। ६२ पत्रसम्म एक थरी हस्ताक्षर, ६३ पत्रदेखि अर्कै थरी हस्ताक्षर छन्। ६२ पत्रसम्म पत्रसङ्ख्या अक्षराङ्कमा छ। ६२ पत्रसम्म पनि गणित गर्दा भने अक्षराङ्क छैन।

ताडपत्रको पछिल्लो भाग लेखिएको स्थान तथा समय

ताडपत्रको पाठ

ॐ अद्य: वाराहकल्पे वैवस्वन्तमन्वन्तरे। कलौ युगे भरतखण्डे जाम्बूदीपे। हिमवन्तपार्श्वे आर्यावर्तदेशे पुण्यभूमौ।

वाग्मतीदक्षिणकुले वाभ्भकोक्षेत्रे पशुपतिस--ने श्रीमच्छ्रीनेपाल-
पत्तने ।। शुभमस्तु सर्व्वजगता: ।।

१ नेपालाब्द शरच्छिद्रवेदं
　　पोषाशितापक्षत्रिदशै तिथौ यं
२ माराब्ध्यमारम्भमादिवारं
　　नैऋत्यृशमृक्षं योग ध्रुवं वरं ।।

१ शुभ[1]

(ताडपत्रको अन्तिम भाग, यहाँ पत्रसङ्ख्या लेखिएको छैन । प्रकाशित
सुमतितन्त्रको २६८ पृष्ठ)

संशोधित पाठ[2]

ॐ अद्य वाराहकल्पे वैवस्वतमन्वन्तरे कलौ युगे जम्बूद्वीपे
भरतखण्ड आर्यावर्तदेशे हिमवत्पार्श्वे पुण्यभूमौ वाग्वतीदक्षिण-
कूले वासुकिक्षेत्रे पशुपतिसन्निधाने श्रीमति नेपालपत्तने लिखि-
तम् । शुभम् अस्तु सर्वजगताम् ।

शराऽङ्कवेदैस् ४९५ तुलिते नेपालाऽभिधवत्सरे
पौषे कृष्णे त्रयोदश्यां रवौ निऋतिभे ध्रुवे ।।
द्विर् आरम्भात् प्रतिलिपेर् ग्रन्थोऽयं पूर्णताम् अगात् ।

[वाराहकल्पमा, वैवस्वत मनुको पालामा, कलियुगमा, जम्बूद्वीपमा,
भरतखण्डमा, आर्यावर्तमा, हिमालयको नजीकमा, पशुपतिको नजीकमा, वासुकि-

१. प्राचीन नेपाल १ अङ्कमा प्रकाशित देवीप्रसाद लंसालको सुमतितन्त्र भन्ने निबन्धमा र शङ्करमान राजवंशीको लिच्छविसंवत्‌को निष्कर्षको २९ पृष्ठमा पनि यो भाग छापिएको छ ।

२. संशोधित पाठ अहिले हामीले तयार गरेका हौं ।

क्षेत्रमा, वाग्वतीको दक्षिण किनारमा, पुण्यभूमि नेपालपत्तनमा सारियो । सबै जगत्‌को कल्याण होस् ।

दोस्रो पटक सारिन थालिएको यो ग्रन्थ ने. सं. ४९५ (वि.सं.१४३१) पौष-कृष्ण त्रयोदशी आदित्यवार मूलनक्षत्र ध्रुवयोगमा सारिसिद्धियो ।]

यस दिनको गणना यस प्रकारको छ-

ने. सं. ४९५ (वि. सं. १४३१) पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण)

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
माघ ५	आदित्य	त्रयोदशी	५२।२८	ज्येष्ठा	६।१३	ध्रुव	३०।१२

ज्येष्ठाको घट्यादि ६।१३ उपरान्त मूलनक्षत्रमा यो ग्रन्थ सारिसिद्धिएको देखिन्छ ।

वाग्वतीको दक्षिण किनारामा रहेको नेपालको शहरमा पशुपतिको नजीकै भनी लखिएकोले यो पुस्तक पाटनमा वि. सं. १४३१ माघ ५ गते सारिसिद्धिएको देखिन्छ ।[३]

सुमतितन्त्रमा रहेका विषय

ताडपत्रको पाठ

कल्पन्मन्वन्तरादीनां युगाब्दं कालमेव च ।
ऋतुमासं तिथिश्चैव प्रहारं मुहूर्त्त नाडिका ।
विनाडी प्राणसंख्येण वक्ष्यामि कालपर्यया ।

---

३. वि. सं. १४१२ मा नेपालमै सारिएको सुमतितन्त्रको अर्को प्रति ब्रिटिश म्यूजियमको ३५६४ सङ्ख्यामा छ । [सेसिल बेन्डालको क्याट्‌अलग् अफ् द स्यान्-स्क्रिट् म्यानुस्क्रिप्ट्स् इन् द ब्रिट्इश् म्युजीअम् (ब्रिटिश म्यूजियममा रहेका संस्कृत हस्तलिखित ग्रन्थको सूची) का १९३ १९४ पृष्ठ, काशीप्रसाद जायसवाल-को क्रोनल्‌अजि यान्ड् हिस्टरि अफ् नेपाल् (नेपालको कालनिर्णय र इतिहास) का ३८-४० पृष्ठ, इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कका २२७-२३२ पृष्ठमा छापिएको लूच्यानो पेतेकको द क्रोनल्‌अजि अफ् दि अर्‌लि इन्स्क्रिप्-शन्स् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध ।

युगाणां मध्यमानाञ्च स्फुटकर्म्म विशेषतः।
तिथिनक्षत्रकर्म्मञ्च ग्रहचारविधानत।
त्रिप्रष्णञ्च यथान्यायं ग्रहणं शशिसूर्य्ययोः ॥
सुमते कथयिष्यामि यथाश्रुतम्मया पुरा ॥

(२ क पत्र, प्रकाशित सुमतितन्त्रका ३-४ पृष्ठ)

संशोधित पाठ

कल्पमन्वन्तरयुगवर्षाणि कालमेव च।
ऋतुं मासं तिथिं यामं मुहूर्तं नाडिकाम् अपि ॥
विनाडीं प्राणमित्येवं पर्यायं कालजं ब्रुवे।
ग्रहाणां मध्यमं कर्म स्फुटं कर्म विशेषतः ॥
तिथिनक्षत्रजं कर्म ग्रहचारक्रियां तथा।
त्रिप्रश्नं च यथान्यायं ग्रहणं शशिसूर्ययोः ॥
सुमते कथयिष्यामि मया पूर्वं यथाश्रुतम्।


[कल्प, मन्वन्तर, युगका मान म बताउँछु। वर्ष, काल, ऋतु, महीना, तिथि, प्रहर, मुहूर्त, घडी, पला, असु इत्यादि समयका प्रमाण बताउँछु। मध्यम ग्रह ल्याउने विधि र विशेष गरेर स्पष्ट ग्रह ल्याउने विधि बताउँछु। तिथि र नक्षत्रका गणित, चारद्वारा ग्रहस्पष्ट ल्याउने रीति, त्रिप्रश्न तथा चन्द्रग्रहण र सूर्यग्रहणसम्बन्धी गणित हे सुमति! मैले पहिले जस्तो सुनेथें, त्यस्तै तिमीलाई बताउँछु।]

[नयराज पन्त (सहायक– देवीप्रसाद भण्डारी दिनेशराज पन्त) को यो लेख मर्यादा १२ भागका ४०-६४ पृष्ठबाट काटकुट पारी लिइएको हो।]

□

नेपालद्रोणी (नेपालखाल्डो) मा सुमतितन्त्रको रचना भएको हो

अब सुमतितन्त्रको रचना भएको देश पत्ता लगाउने काम थालिन्छ । त्यसका लागि पहिले केही कुरा बताइन्छ ।



यस आयतक्षेत्रमा पश्चिम पूर्व लम्बाइमा ८ कोठा छन् दक्षिण उत्तर चौडाइमा ६ कोठा छन् । यस किसिमले यहाँ जम्मा ४८ कोठा छन् । दक्षिणबाट उत्तरतिर गन्दा चारौं तथा पश्चिमबाट पूर्वतिर गन्दा पाचौं कुन हो भन्दा इ भन्ने तुरुन्त पत्ता लाग्छ ।

यसै गरी पृथ्वीमा पनि निरक्षदेशबाट सुमेरुसम्म ९० भाग तथा कुमेरुसम्म ९० भाग र रेखादेशबाट पूर्वतिर १८० भाग तथा पश्चिमतिर १८० भाग गरी आफ्नो इष्ट देशलाई पत्ता लाउने संकेत ज्योतिषीहरुले कल्पना गरेका छन् ।

निरक्षदेशबाट उत्तरतिर वा दक्षिणतिर बढ्दै गएको अन्तरलाई अक्षांश र रेखादेशबाट पूर्वतिर वा पश्चिमतिर बढ्दै गएको अन्तरलाई रेखांश भन्ने नाम ज्योतिषीहरूले राखेका छन् । माथिको चित्रलाई पृथ्वीको चित्र हो भन्ने सम्झेमा ४ अक्षांश तथा ५ पूर्वरेखांश भएको देश कुन हो भन्ने प्रश्न गरेमा इ भन्ने देश तुरुन्त पत्ता लाग्छ । यस कारण सुमतितन्त्रकारले आफ्नो देशको अक्षांश तथा रेखांश कति दिएका छन् भन्ने कुरामा अब विचार गर्नुपरेको छ ।

ताडपत्रको पाठ

इह दीपेक्ष २७

(६१ क पत्र)

संशोधित पाठ

अस्मिन् देशेऽक्षांशाः २७

(प्रकाशित सुमतितन्त्रको प्रस्तावनाको १३ पृष्ठ)

[यस देशको अक्षांश २७ ।]

ताडपत्रको पाठ

--षेन प्रवक्ष्यामि कन्यादीपस्य निश्चयम्
तृप्रश्ने यत्प्रयुज्यन्ते छायादीनाम्प्रवक्षते ।।
शतांश --- च्छाया षट्शतैकादशाधिके ।।
लोकर्तुशून्यलोकञ्च लम्बकज्या प्रकीर्तिता ।।
रूपकोशे -------------र्तिता ।।
शून्ययुग्मरसैकञ्च स्वाक्षांशञ्च विनिर्दिशेत् ।
पञ्चत्वग्नि गजाङ्काब्धि वह्नयदत्र---
मेषाद्या मिथुनान्तानि चरप्राणश्च प्रवर्तते ।।
एवमादीनि रम्य च कन्यादीपे प्रवर्त्तते ।।

अस्या –

–११	विशुवमध्याच्छाय ।
३०६३	लम्बक ।
१५६१	अक्षज्या
१६२०	अक्षांशक ।
३६५	मेषस्य च प्राण
२९८	वृषस्य च प्राण
१२३	युग्मस्य च प्राण

राश्योदयं प्रवक्ष्यामि

मध्योदयञ्च संस्थाप्य क्रमेनोक्रमशस्तथा ।
चारप्राणान्तथैवञ्च क्रमेन उत्क्रमेन च ।
मेषवृषभयुग्मञ्च । युग्मवृषभमन्मथाः ।
मध्योदये चरप्राणां क्रमस्थाने विशोधयेत् ।
उत्क्रमे योजयित्वा तु स्वदेशभवनोदयां ॥०॥
सर्वत्र मेषादीकन्यान्त उत्क्रमेण तुलादयः ॥०॥

अस्य सूत्रस्याङ्क

मध्योदयप्राणपिण्डाणां मेषादिकन्यन्तानां लिख्यन्ते ।
१६६९।१७९५।१९३६।१९३६।१७९५।१६६९ ॥
तथैव चरप्राण लिख्यन्ते ।
३६५।२९८।१२३।१२३।२९८।३६५ ॥
तथैव स्वदेशभुवनोदय लिख्यन्ते ।
१३०४।१४९७।१८१३।२०५९।२०९३।२०३४ ॥

अपरञ्च विलिप्तभवनोदयं लिख्यन्ते ।

२१७।२४९।३०२।३४३।३५०।३४९ ।।

(६५ क–६६ क पत्र)

संशोधित पाठ

कन्याखण्डैकभागस्य धृतवर्णाऽश्रमस्थितेः ।
नेपालद्रोण्यभिख्यस्य देशस्याऽस्य विशेषतः ।।
त्रिप्रश्नोक्तविधानेन च्छायाऽऽदीनां प्रसिद्धये ।
प्रवक्ष्यन्तेऽक्षभाऽक्षांशचरप्राणाऽदयः क्रमात् ।।
विषुवद्दिनमध्याह्ने द्वादशा१२ङ्गुलशङ्कुजा ।
छाया भवेच् शतेनाऽप्ता षट्शत्येकादशाऽधिका ६११/१००० ।।
लोकर्तुशून्यज्वलना ३०६३ लम्बकज्या प्रकीर्तिता ।
रूपकोषशरक्षोण्यः१५६१ पलांशज्या प्रकीर्तिता ।।
व्योमबाहुरसक्षोण्यः१६२० स्मृता अक्षांशजाः कलाः ।
सप्तदोर्भिः२७ परिमिताः स्मृता अक्षभवा लवाः ।।
पञ्चर्तुरामा३६५ नागाऽङ्कबाह्वो२९८ रामभास्कराः१२३।
मेषाऽदिमिथुनाऽन्तानां चरप्राणाः क्रमात् स्मृताः ।।

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

कन्याखण्डाऽन्तर्गतायां नेपालद्रोण्याम्

पलभा	६११/१०००
लम्बज्या	३०६३
अक्षज्या	१५६१
अक्षांशकलाः	१६२०
अक्षांशाः	२७

मेषस्य चरप्राणाः ३६५
वृषस्य चरप्राणाः २९८
मिथुनस्य चरप्राणाः १२३

निजे देशे प्रवक्ष्यामि राशीनाम् उदयान् अथ ।
मध्योदयाः स्थापनीयाः क्रमाद् उत्क्रमतोऽपि च ॥
चरप्राणाः स्थापनीयाः क्रमाद् उत्क्रमतस् तथा ।
मध्योदयाः क्रमस्थास् तु चरैः शोध्याः क्रमस्थितैः ॥
निजोदयाः स्युर् मेषस्य वृषस्य मिथुनस्य च ।
मध्योदया उत्क्रमस्था उत्क्रमस्थैश् चरैर् युताः ॥
कार्याः कर्कस्य सिंहस्य कन्यायाः स्युर् निजोदयाः ।
कन्याऽान्तानाम् अजाऽादीनां स्वोदयाः साधिता इह ॥
तुलाऽऽदीनां झषाऽन्तानां स्वोदयाः स्युर् विलोमतः ।

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

मध्योदयप्राणपिण्डा मेषाऽादीनां कन्याऽान्तानां लिख्यन्ते ।

१६६९ । १७९५ । १९३६ । १९३६ । १७९५ । १६६९

तथैव चरप्राणा लिख्यन्ते ।

३६५ । २९८ । १२३ । १२३ । २९८ । ३६५

तथैव स्वदेशे राश्युदया लिख्यन्ते ।

१३०४ । १४९७ । १८१३ । २०५९ । २०९३ । २०३४

अपरे च पलरूपा राश्युदया लिख्यन्ते ।

२१७ । २४९ । ३०२ । ३४३ । ३४९ । ३३९

(प्रकाशित सुमतितन्त्रको प्रस्तावनाका १३–१६ पृष्ठ)

[कन्याद्वीपको एक भाग भएको, वर्णाश्रम व्यवस्था मान्ने, नेपालद्रोणी (नेपालखाल्डो) नामको देशमा त्रिप्रश्नाधिकारअनुसार छाया, समय आदिको गणना गर्नको निमित्त त्यस देशका पलभा अक्षांश चरासु आदि विस्तारपूर्वक बताइन्छन् ।

विषुवद् दिनको मध्याह्नको

छाया (पलमा)	=	६·११
लम्बज्या	=	३०६३
अक्षज्या	=	१५६१
अक्षांशकला	=	१६२०
अक्षांश	=	२७
मेषको चरासु	=	३६५
वृषको चरासु	=	२९८
मिथुनको चरासु	=	१२३

अब आफ्नो देशको राशिका उदयासु बताउँछु। लङ्कोदयासुलाई क्रमैसँग लेखी फेरि उल्टो क्रमसँग लेख्नू। तिनका मन्तिर आफ्नो देशको चरासुलाई फेरि क्रमैसँग लेखी उल्टो क्रमसँग पनि लेख्नू। क्रमैसँग रहेका लङ्कोदयासुबाट क्रमैसँग रहेका चरासु घटाउनू। यसो गर्दा क्रमैले मेष, वृष र मिथुन राशिका आफ्नो देशका उदयासु आउँछन्। उल्टो क्रमले रहेका लङ्कोदयासुमा उल्टो क्रमले रहेका आफ्नो देशका चरासु जोड्नू। यसो गर्दा क्रमैले कर्कट, सिंह र कन्याका आफ्नो देशका उदयासु आउँछन्। यसरी मेषदेखि कन्यासम्मका राशिका स्वोदयासु आउँछन्। यिनैलाई उल्टो क्रमले लेख्दा तुलादेखि मीनसम्मका स्वोदयासु हुन्छन्।

राशि	लङ्कोदयासु	आफ्नो देशका चरासु	स्वोदयासु
मेष	१६६९	३६५	१३०४
वृष	१७९५	२९८	१४९७
मिथुन	१९३६	१२३	१८१३
कर्कट	१९३६	१२३	२०५९
सिंह	१७९५	२९८	२०९३
कन्या	१६६९	३६५	२०३४

स्वदेशोदयमान पलारूपमा लेखिन्छन्।

राशि	उदयपला	राशि	उदयपला
मेष	२१७	कर्कट	३४३
वृष	२४९	सिंह	३४९
मिथुन	३०२	कन्या	३३९

आजभोलिका नेपालखाल्डाका ज्योतिषीहरू

राशि	स्वदेशोदयपला	राशि	स्वदशोदयपला
मेष	२१६	कर्कट	३४४
वृष	२४९	सिंह	३४९
मिथुन	३०२	कन्या	३४०

मानी गणना गर्छन् ।

आजभोलिका नेपालखाल्डाका ज्योतिषीका र सुमतितन्त्रमा दिएका वृष, मिथुन र सिंहका चरपला ठ्वाक्कै मिल्छन् । मेष, कर्कट र कन्याका चरपलामा १ पलाको अन्तर परेको छ ।

अब सुमतितन्त्रकारले आफ्नो देशको रेखांश कति मानेका छन् भनी विचार गर्नुपरेको छ ।

ताडपत्रको पाठ

सर्व्वग्रहाणा देशान्तरलिप्तादिक्रमः ।।

आ

०

०

१

५८

१

(२६ ख पत्र, प्रकाशित सुमतितन्त्रको ४६ पृष्ठ)

संशोधित पाठ

सर्वेषां ग्रहाणां देशान्तरलिप्ताद्या लिख्यन्ते ।

आदित्यस्य

१

५८

१

यसको अर्थ सूर्यमा १ कला ५८ विकला १ असु (१० प्रतिविकला) देशान्तरसंस्कार गर्नुपर्छ भन्ने हो । सूर्यको दैनिक गति ५९ कला ८ विकला १० प्रतिविकला सुमतितन्त्रकारले दिएका छन् ।[१]

१ दिनमा अर्थात् ६० घडीमा ग्रहले आफ्नो दैनिक गति भोग गर्छ। यस कारण

दैनिक गतिकलादि : ६० घडी :: देशान्तरकलादि : देशान्तरघडी
यस्तो अनुपात बस्छ।

$$\therefore \text{देशान्तरघडी} = \frac{\text{६०} \times \text{देशान्तरकलादि}}{\text{दैनिक गतिकलादि}} = \frac{\text{६०} \times (\text{१।५८।१०})}{\text{५९।८।१०}}$$

१ × ६०	५९ × ६०
६०	३५४०
+ ५८	+ ८
११८ × ६०	३५४८ × ६०
७०८०	२१२८८०
+ १०	+ १०
७०९० × ६०	२१२८९०
४२५४००	

```
२१२८९)४२५४०(१·९९८
      २१२८९
      २१२५१०
      १९१६०१
       २०९०९०
       १९१६०१
        १७४८९०
        १७०३१२
          ४५७८
```

∴ देशान्तरघडी = १·९९८ = २ (आसन्न घडी)
अरू ग्रहका देशान्तरबाट गणना गरी ल्याउँदा पनि यही फल आउँछ।

---

१. ताडपत्रको २१ क पत्र, प्रकाशित सुमतितन्त्रको ३४ पृष्ठ ।

यताबाट सुमतितन्त्रकारले आफ्नो देशको देशान्तर २ घडी दिएको देखिन्छ। सुमतितन्त्रकारको विचारअनुसार उनको देशको

अक्षांश	रेखान्तर	
२७ अंश	२ घडी पूर्व	देखिन्छ।

विक्रमको उन्डाईसौं शताब्दीका नेपालका प्रसिद्ध ज्योतिषी दैवज्ञशिरोमणि लक्ष्मीपति पांडे (वि. सं. १८१५-१८८८) ले आफ्नो हस्ताक्षरले यस्तो लेखेका छन्—

श्रीमद्गोर्षायां देशान्तरं ०।१।५ काश्यां ०।०।४७

(लक्ष्मीपतिसङ्ग्रहको रामविनोदको ३ पत्र)

देशान्तरं ०।१।५। गोर्षायां नेपाले ०।१।६।

(रामविनोदको ४ पत्र)

नेपालदेशे देशान्तरयोजनानि ८८ पूर्वाणि एषामङ्घ्रिभागः २२ अनेन ऊनानि ६६ पलात्मकानि।

(लक्ष्मीपतिसङ्ग्रहको रत्नदीप मध्यमाधिकार ४ श्लोकको टीका)

पलभा ६।१२ समद्विघातः कृतिरिति वचनादस्य वर्गः ३८।२६।२४ कोटिः १२ अस्य वर्गः १४४ अनयोर्योगः १८२।२६।२४ ... अक्षकर्णः १३।३०।२५ ... अक्षांशा जाता दक्षिणाः २७।१८

(रत्नदीप त्रिप्रश्नाधिकार ९ श्लोकको टीका)

यताबाट लक्ष्मीपतिको गणनाअनुसार नेपालद्रोणी (नेपालखाल्डो) को

अक्षांश	देशान्तर	
अं. क.	घ. प.	
२७।१८	१।६	देखिन्छ।

यहाँसम्मको कुराबाट

	अक्षांश अं. क.	देशान्तरपला
सुमतितन्त्रको	२७। ०	१२०
लक्ष्मीपतिको	२७।१८	६६ देखिन्छ।

सुमतितन्त्रकारले दिएको अक्षांशको नजीकमा लक्ष्मीपतिले दिएको अक्षांश छ। तर देशान्तरमा ५४ पला अर्थात् झण्डै १ घडीको अन्तर परेको छ। यस कारण यस विषयमा केही विचार गर्नुपरेको छ।

लक्ष्मीपतिले काशीको देशान्तर ४७ पला तथा नेपालखाल्डोको देशान्तर ६६ पला दिएकाले उनको गणितअनुसार काशीदेखि ६६--४७=१९ पला पूर्वमा नेपालखाल्डो रहेको देखिन्छ। यताबाट विचार गर्ने बाटो पाइन्छ।

यवनाऽन्तरजा नाड्यः सप्ताऽवन्त्यां त्रिभागसंयुक्ताः ७।२०। वाराणस्यां त्रिकृतिः ९।० साधनमन्यत्र वक्ष्यामि ॥१३॥

(पञ्चसिद्धान्तिका ३ अध्याय। थीबो र सुधाकर द्विवेदीद्वारा सम्पादित पञ्चसिद्धान्तिका दोस्रो संस्करणको ८ पृष्ठ)

[यवनपुरदेखि गणना गर्दा अवन्तीको देशान्तर ७ घडी २० पला हुन्छ, काशीमा ९ घडी हुन्छ। अरू देशको देशान्तर ल्याउने रीति अब बताउँछु।]

यताबाट अवन्तीबाट गणना गर्दा काशीको देशान्तर

घ. प.	घ. प	घ. प.

९।० — ७।२० = १।४० हुन्छ भन्ने वराहमिहिरको विचार देखिन्छ। यताबाट काशीको देशान्तरपला १०० देखिन्छ।

वराहमिहिरले काशीको देशान्तर १०० पला दिएका र लक्ष्मीपतिले काशीबाट १९ पला पूर्वमा नेपालखाल्डो दिएकाले वराहमिहिरको गणनाअनुसार नेपालखाल्डोको देशान्तर १००+१९=११९ पला देखिन्छ। यस कारण वराहमिहिरको गणनाअनुसार नेपालखाल्डोको देशान्तर १ घडी ५९ पला (आसन्न २ घडी) देखिन्छ।

वराहमिहिरको पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तको विस्तृत रूप नै सुमतितन्त्र हो (यो कुरा अलि पछि बताइनेछ)। यस कारण वराहमिहिरले भनेको काशीको देशान्तर मानी त्यसमा वेधोपलब्ध अन्तर २० पला जोडी १२० पला अर्थात् २ घडी देशान्तर सुमतितन्त्रकारले मानेको देखिन्छ।

यसरी अक्षांश र देशान्तर दुवै मिलेका हुनाले नेपालखाल्डोभन्दा बाहिर सुमतितन्त्रको रचना हुनु सम्भव छैन।

[यो लेख प्रकाशित सुमतितन्त्रको नयराज पन्त (सहायक— देवीप्रसाद भण्डारी, दिनेशराज पन्त) को प्रस्तावनाका १३-१७ पृष्ठबाट र मर्यादा १२ भागका ५४-६३ पृष्ठबाट मिलाई लिइएको हो।]

□

वि. सं. ६३३ देखि ९३७ भित्रको कुनै समयमा सुमतितन्त्रको रचना भएको हो

सुमतितन्त्रको मूल भागको रचना वि. सं. ६३३ भन्दा पछि वि. सं. ९... भन्दा[1] पहिलेको कुनै वर्षमा भएको हो भन्ने कुरा यही ग्रन्थमा छापि... वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपाल... मा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन् भन्ने प्रकरणमा सप्रमाण सि... गरिएको छ ।[2] अब सुमतितन्त्रमा प्रयोग गरिएको गणनापद्धतिबाट सोही कु... सिद्ध गरिन्छ । यसका लागि भूमिकाको रूपमा केही कुरा लेख्नुपरेको छ ।

यस वर्ष वि. सं. २०३५ मा चैत्र ८ गते तथा आश्विन ७ गते दिन रा... बराबर हुन्छन् अर्थात् १२ घण्टाका रात १२ घण्टाका दिन हुन्छन् । यी दिनला... क्रमशः सायनमेषसङ्क्रान्ति र सायनतुलासङ्क्रान्ति भन्दछन् तथा विषुवद्दिन पनि भन्दछन् । आषाढ ७ गते सबभन्दा लामो दिन हुन्छ । त्यस दिनलाई सायनकर्क... सङ्क्रान्ति तथा सायनदक्षिणायनसङ्क्रान्ति पनि भन्दछन् । पौष ७ गते सबभन्...

---

१. विक्रमसंवत्को प्रारम्भ वैशाखमा हुने र नेपालसंवत्को प्रारम्भ कार्तिक... मा हुने भएकोले वास्तवमा वि. सं. ९३७ कार्तिकमा नेपालसंवत्को प्रारम्भ भए... हो । यस कारण वि. सं. ९३७ को वैशाखमा नेपालसंवत् ० हुन्छ । यहाँ गणि... गर्न सजिलोको लागि सर्वत्र वि. सं. ९३७ मा नेपालसंवत्को प्रारम्भ भएको हो भनो लेखिएको छ । यस विषयमा विशेष कुरा पछि अर्को निबन्धमा लेखिनेछ ।

२. यही ग्रन्थका १–६ पृष्ठ ।

छोटो दिन हुन्छ । त्यस दिनलाई सायनमकरसङ्क्रान्ति तथा सायनउत्तरायणसङ्क्रान्ति पनि भन्छन् । यो कुरा पात्रो हेरे थाहा पाइन्छन् । वैशाख १ गते मेषसङ्क्रान्ति हुन्छ । त्यस दिन पात्रोमा विषुवन्नाम्नी मेषसङ्क्रान्ति भनी लेखिएको हुन्छ । कार्तिक १ गते तुलासङ्क्रान्ति हुन्छ । त्यस दिन पात्रोमा विषुवन्नाम्नी तुलासङ्क्रान्ति भनी लेखिएको हुन्छ । श्रावण १ गते कर्कटसङ्क्रान्ति हुन्छ । त्यस दिन पात्रोमा दक्षिणायनप्रवृत्ति भनी लेखिएको हुन्छ । माघ १ गते मकरसङ्क्रान्ति हुन्छ । त्यस दिन पात्रोमा उत्तरायणप्रवृत्ति भनी लेखिएको हुन्छ ।

विषुवद्दिन भनेको दिन रात बराबर हुने दिन् हो ।[३] आजभोलि कसैले वैशाख १ गते तथा कार्तिक १ गते दिन रात बराबर हुन्छन् भनी बोल्यो भने त्यसले उल्लूमा गनिनुपर्छ । त्यसै गरी श्रावण १ गते सबभन्दा लामो दिन हुन्छ तथा माघ १ गते सबभन्दा छोटो दिन हुन्छ भनी बोल्ने मानिस पनि उल्लू नै ठहरिन्छ । परन्तु ती सङ्क्रान्तिका नामबाट त्यही अर्थ निस्कन्छ । यो कुरो भयो अहिले वि. सं. २०३५ को ।

केही सय वर्षअगाडि आषाढ १५ गते दिन सबभन्दा लामो हुन्थ्यो, ग्रीष्मको समाप्ति भई वर्षाको प्रारम्भ हुन्थ्यो । यसै कारण हाम्रो यहाँ आषाढ १५ गते रोपाईंको मुख्य दिन जस्तो भएर प्रचलित भएको छ । आजभोलि आषाढ ७ गते ग्रीष्मको समाप्ति र वर्षाको प्रारम्भ भएको प्रत्यक्ष देखिन्छ भनी माथि नै भनियो । यो घटना केही सय वर्षअगाडि श्रावण १ गते हुन्थ्यो । पञ्चाङ्गगणनाका लागि बनेका ग्रन्थबाट सोझै गणना गर्दा वैशाख १ गते तथा कार्तिक १ गते दिन रात बराबर, श्रावण १ गते सबभन्दा लामो दिन, माघ १ गते सबभन्दा छोटो दिन हुन आउँछ । परन्तु यो कुरो आकाशको घटनासँग मिल्दैन । यस कारण आकाशको घटनासँग प्रत्यक्ष मिलेका सङ्क्रान्तिलाई सायनसङ्क्रान्ति र ग्रन्थबाट गणना गरी ल्याइएका सङ्क्रान्तिलाई निरयणसङ्क्रान्ति भनी ज्योतिषीहरूले नाम राखेका छन् । जुन वेला आकाशको घटना र गणनामा अन्तर देखिएको थिएन, त्यस वेला सायनसङ्क्रान्ति र निरयणसङ्क्रान्तिको झमेला पनि उठेको थिएन । सायनसङ्क्रान्ति र निरयणसङ्क्रान्तिमा आजभोलि तेईस चौबीस दिनको अन्तर परेको छ । तेईस चौबीस दिन परेको अन्तर थाहा नपाइने हुन सक्तैन । दुइ तीन

---

३. समरात्रिन्दिवे काले विषुवद् विषुवं च तत् ...॥१४॥

(अमरकोश १।४)

[दिन र रात बराबर भएको समयलाई विषुवद् तथा विषुव भन्छन् ।]

दिनसम्म अन्तर परे उस्तो पत्ता लाग्दैन। परन्तु पाँच छ दिन अन्तर पर्न थालेपछि यो कुरो लुक्न सक्दैन । यस कारण सायनसङ्क्रान्ति र निरयणसङ्क्रान्तिको बीच अन्तर छ, त्यसलाई अयनांशबाट भएको अन्तर भन्छन् । यस कारण कुन ग्रन्थमा कति अयनांश दिइएको छ अथवा अयनांश दिइएको छैन भन्ने कुराको विचार गरी त्यस ग्रन्थको कालनिर्धारण हुन्छ । यस कारण सुमतितन्त्रमा अयनांश कति छ अथवा छैन भनी पत्ता लाउनुपरेको छ । यसको लागि प्रसिद्ध ज्योतिषी भास्कराचार्यको अयनांशसम्बन्धी वाक्यको उद्धरण पहिले यहाँ गरिन्छ।

चक्रे१२ चक्रार्धेऽ६ च व्ययनांशेऽर्कस्य गोलसन्धिः स्यात् ।
एवं त्रि३भे च नव९भेऽयनसन्धिर् व्ययनभागेऽस्य ॥२॥

चक्रे राशिद्वादशके १२ चक्राऽर्धे राशिषट्के ६ । किंविशिष्टे । व्ययनांशे । अयनांशैर् विरहिते । तत्र किम् । अर्कस्य गोलसन्धिः । तद् यथा । यदा किलैकादश ११ अयनांशास् तदा गोलसन्धिः ११/१९ । ५/१९ । यदैतावान् रविर् भवति तदा क्रान्तेर् अभावाद् गोलसन्धौ वर्तते । विषुवन्मण्डलस्थ इत्यर्थः । एवं त्रिभे राशित्रये३ नवभे राशिनवके९ । अयनांशैर् ऊनिते । तत्र किम् । अर्कस्याऽयनसन्धिः २/१९ । ८/१९ । यदैतावान् रविस् तदाऽयनसन्धौ वर्तते ।

अत्रोपपत्तिः ।

अत्र किल क्रान्तिमण्डलस्य मेषाऽदेः पश्चिमतोऽयनांशतुल्येऽन्तरे विषुवन्मण्डलेन सह सम्पातः । · · · तत्रस्थो रविर् गोलसन्धौ । विषुवन्मण्डले हि याम्योत्तरगोलविभागयोः सन्धिः। एवं तस्मात् सम्पाताद् अग्रतस् त्रिभेऽन्तर उत्तरा परमा क्रान्तिः। तत्रस्थो रविर् अयनसन्धौ वर्तते । ततो हि दक्षिणगमने प्रवृत्तिः। एवं पृष्ठतोऽपि त्रिभेऽन्तरे परमा याम्या क्रान्तिः । ततश् चोत्तरगमन प्रवृत्तिर् इत्युपपन्नम् अत्राऽयनसन्धित्वम् ।

अथ समायां भूमावभीष्टकर्कटकेन वृत्तम् आलिख्य तच् चक्रकलाऽङ्कितं ध्रुवविलोकनाऽदिना सम्यग् दिगङ्कितं च कृत्वा दिङ्मध्य ऋजुः सूक्ष्मः कीलकश् च निवेश्यः। प्रातः पश्चिमभागस्थो द्रष्टा करकलिताऽवलम्बकसूत्रेण तेन च कीलकेन प्रत्यहम् अर्धोदितम् आदित्यं विद्ध्वा त्रिज्यावृत्तस्य प्राग्विभागे तत्र तत्र चिह्नानि कुर्यात्। एवं विध्यता यस्मिन् दिने सम्यक् प्राच्यां रविर् उदितो दृष्टस् तद् विषुवद्दिनम्। तस्मिन् दिने गणितेन स्फुटो रविः कार्यः। तस्य रवेर् मेषाऽदेश् च यद् अन्तरं तेऽयनांशा ज्ञेयाः। एवम् उत्तरगमने सति। दक्षिणे तु तस्याऽर्कस्य तुलाऽऽदेश् चाऽन्तरम् अयनांशाः। एवं प्रतिदिनवेधेनोत्तरां परमां काष्ठां प्राप्य यस्मिन् दिने दक्षिणत उच्चलन् दृष्टस् तद् अयनं दिनम्। ततः प्रभृति दक्षिणगमनम्। तस्मिश् च दिने गणितेन रविः स्फुटः कार्यः। तस्य त्रिभेण सहाऽन्तरेऽपि तावन्त एवाऽयनांशा भवन्ति। एवं दक्षिणां परमां काष्ठां प्राप्य निवृत्तो दृष्टस् तद् उत्तरायणं दिनम्। ततः प्रभृत्युत्तरगमनम् इत्यर्थः।

(सिद्धान्तशिरोमणि पाताधिकार)

[अयनांश घटेका १२ राशि तथा ६ राशि गोलसन्धि हुन्छन्। यसै गरी अयनांश घटेका ३ राशि तथा ९ राशि अयनसन्धि हुन्छन्। जस्तै—

अनयांश ११ भएको वेलामा अयनांश घटेको १२ राशि भनेको ११ राशि १९ अंश हो, अयनांश घटेको ६ राशि भनेको ५ राशि १९ अंश हो। जुन वेला सूर्य ११ राशि १९ अंशमा पुग्छन्, त्यस वेला पहिलो गोलसन्धिमा र जुन वेला सूर्य ५ राशि १९ अंशमा पुग्छन्, त्यस वेला दोस्रो गोलसन्धिमा हुन्छन्। त्यस वेला सूर्यको क्रान्ति शून्य हुन्छ। क्रान्तिवृत्त र विषुवद्वृत्तको सम्पातबिन्दुमा सूर्य हुन्छन्। तिनै दुइ सम्पातबिन्दु गोलसन्धि कहाउँछन्। यसै गरी अयनांश घटेको ३ राशि भनेको २ राशि १९ अंश हो, अयनांश घटेको ९ राशि भनेको ८ राशि १९

अंश हो । जुन वेला सूर्य २ राशि १९ अंशमा पुग्छन्, त्यस वेला पहिलो अयन-सन्धिमा र जुन वेला सूर्य ८ राशि १९ अंशमा पुग्छन्, त्यस वेला दोस्रो अयनसन्धिमा हुन्छन् । त्यस वेला सूर्य क्रान्तिवृत्त र अयनप्रोतवृत्तको सम्पातबिन्दुमा हुन्छन् । तिनै दुइ सम्पातबिन्दु अयनसन्धि कहाउँछन् ।

यसको उपपत्ति ।

क्रान्तिवृत्तको मेषादिदेखि पश्चिमपट्टि अयनांशतुल्य फरकमा क्रान्तिवृत्त र विषुवद्वृत्तको पहिलो सम्पातबिन्दु हुन्छ । त्यहाँ पुगेका सूर्य पहिलो गोलसन्धिमा हुन्छन् । विषुवद्वृत्तमा नै याम्योत्तरगोलविभाजनको सन्धि रहन्छ । यसै पहिलो गोलसन्धिदेखि अगाडि तीन राशिका फरकमा परम उत्तरक्रान्ति हुन्छ । त्यहाँ पुगेका सूर्य दक्षिणायनसन्धिमा हुन्छन्, अनि त्यताबाट दक्षिणतिर जान थाल्छन् । यसै गरी पहिलो गोलसन्धिदेखि पछाडि तीन राशिका फरकमा परम दक्षिणक्रान्ति हुन्छ । त्यहाँ पुग्दा सूर्य उत्तरायणसन्धिमा हुन्छन्, अनि त्यताबाट उत्तरतिर जान थाल्छन् ।

सम्म मिलेको जगगामा इष्ट त्रिज्यातुल्य फर्कंटफले वृत्त बनाउनू । त्यस वृत्तको परिधिमा ३६० अंश तथा २१६०० कलाको चिनो लाउनू । ध्रुवतारा वेध गरी वा अरू प्रकारले राम्रोसँग पूर्व, पश्चिम, उत्तर, दक्षिण दिशा छुट्टयाउनू र चिनो लाउनू । वृत्तको माझमा सोझो तथा मसिनो कीलो गाड्नू । बिहान बिहान पश्चिमपट्टि बसेको द्रष्टा (वेधकर्ता) ले हातमा लिएको अवलम्बकसूत्र (लामो, सोझो तथा मसिनो लट्ठी जस्तो यन्त्र) ले सो वृत्तको कीलोलाई छुवाई प्रत्येक दिन आधा उदाएका सूर्यलाई वेध गर्नू । त्रिज्यावृत्तको पूर्वभागमा जहाँ जहाँबाट सूर्योदय भएको देखिन्छ, त्यहाँ त्यहाँ चिनो लाउँदै जानू । यसरी वेध गर्दै जांदा जुन दिन ठीक पूर्वबिन्दुबाट सूर्योदय भएको देखिन्छ, त्यसै दिनलाई विषुवद् दिन भन्छन् । त्यस दिन गणना गरी स्पष्टसूर्य ल्याउनू । त्यस दिनको स्पष्टसूर्य र मेषादिको जति अन्तर हुन्छ, त्यति नै अयनांश हुन्छ । सूर्य उत्तरतिर गइरहेको वेलाको कुरो यो हो । सूर्य दक्षिणतिर गइरहेको वेलामा चाहिं स्पष्टसूर्य र तुला-दिको जति अन्तर हुन्छ, त्यति नै अयनांश हुन्छ । यसरी वेध गर्दै जांदा उत्तरतिरको परम सीमानामा पुगी जुन दिनदेखि सूर्य दक्षिणतिर फर्कन थाल्छन्, त्यस दिनलाई दक्षिणायनदिन भन्छन् । गणना गरी त्यस दिनको पनि स्पष्टसूर्य ल्याउनू । स्पष्ट-सूर्यको र तीन राशिको जति अन्तर हुन्छ, त्यति अयनांश हुन्छ । यसै गरी दक्षिण-तिरको परम सीमानामा पुगी जुन दिनदेखि सूर्य उत्तरतिर फर्कन थाल्छन्, त्यस दिनलाई उत्तरायणदिन भन्छन् ।]

क्रान्त्यर्थं पातः क्रान्तिपातः। पातो नाम सम्पातः। कयोः। विषुवत्क्रान्तिवलययोः। नहि तयोर् मेषादावेव सम्पातः। किन्तु तस्याऽपि चलनम् अस्ति। येऽयनचलनभागाः प्रसिद्धास् त एव विलोमगस्य क्रान्तिपातस्य भागाः। मेषाऽदेः पृष्ठतस् तावद्-भागाऽन्तरे क्रान्तिवृत्ते विषुवद्वृत्तं लग्नम् इत्यर्थः। नहि क्रान्ति-पातो नाऽस्तीति वक्तुं शक्यते। प्रत्यक्षेण तस्योपलब्धत्वात्।··· तत् कथं ब्रह्मगुप्ताऽदिभिर् निपुणैर् अपि नोक्त इति चेत्। तदा स्वल्पत्वात् तैर् नोपलब्धः। इदानीं बहुत्वात् साम्प्रतिकैर् उप-लब्धः। अत एव तस्य गतिर् अस्तीत्यवगन्तव्यम्।

(सिद्धान्तशिरोमणि गोलबन्धाधिकार १७–१९ श्लोकको वासनाभाष्य)

[क्रान्ति ल्याउनाको निमित्तको पात क्रान्तिपात हो। विषुवद्वृत्त र क्रान्ति-वृत्तको सम्पात नै क्रान्तिपात हो। ती दुइ वृत्तको सम्पात मेषादिमा मात्र हुँदैन। त्यो सम्पात चल छ। अयनांश जति हुन्छ, त्यति नै अंश उल्टो हिंड्ने क्रान्तिपात-को अंश हुन्छ। मेषादिदेखि पश्चिमतिर त्यति नै अंशको अन्तरमा क्रान्तिवृत्तमा विषुवद्वृत्तको सम्पात भएको भनी सम्झनुपर्छ। प्रत्यक्ष देखिने हुनाले क्रान्तिपात (अयनांश) छँदै छैन भन्न सकिँदैन। सिपालु ब्रह्मगुप्तहरूले पनि त्यसको चर्चा किन गर्नुभएन त भनी भन्नु पनि ठीक होइन। त्यस वेलामा थोरै भएको हुनाले उहाँहरूले भेट्टाउनुभएन। अहिले धेरै भएको हुनाले अहिलेकाले भेट्टाए। त्यस कारण त्यसको गति रहेछ भनी मान्नुपर्छ।]

युक्ताऽयनांशाद् अपमः प्रसाध्यः
कालौ च खेटात् खलु भुक्तभोग्यौ।
जिनांऽशमौर्व्या १३९७ गुणिताऽर्कदोर्ज्या
त्रिज्यो ३४३८द्धृता क्रान्तिगुणोऽस्य वर्गम्॥४७॥

त्रिज्याकृतेः ११८१९८४४ प्रोह्य पदं द्युजीवा
क्रान्तिर् भवेत् क्रान्तिगुणस्य चापम्।···

अत्र खेटाद् इत्युपलक्षणम् । यस्मात् खेटाल् लग्ना वाऽपमः साध्यस् तस्मात् सायनांशाद् एव । तथा यस्मा उदयसम्बन्धिनौ भुक्तभोग्यकालौ साध्यौ तस्माद् अपि सायनां शाद् एव । सायनाऽर्कस्य दोर्ज्या जिनभागज्यया गुणित त्रिज्यया भक्ता क्रान्तिज्या स्याद् इत्यादि स्पष्टाऽर्थम् ।

अस्योपपत्तिः ।

विषुवत्क्रान्तिवृत्तयोर् याम्योत्तरम् अन्तरं क्रान्तिः। तयोः सम्पाते क्रान्त्यभावः । ततस् त्रिभेऽन्तरे परमा जिनतुल्य भागाः । अतस् तत्सम्पाताद् आरभ्य क्रान्तिः साध्या । उदयाश् च तत एव । स तु सम्पातो मेषाऽऽदेः प्राग् अयनांश तुल्येऽन्तरे । अतः सायनांशात् खेटात् क्रान्तिर् भुक्तभोग्यकालौ चेत्युक्तम् । यदि त्रिज्यातुल्यया भुजज्यया जिनांऽशज्यातुल्या क्रान्तिज्या लभ्यते तदेष्टज्यया किम् इति । फलं क्रान्तिज्या विषुवद्वृत्तात् तिर्यग्रूपा भवति । क्रान्तिज्या भुजस् त्रिज्या कर्णस् तद्वर्गाऽन्तरपदम् अहोरात्रवृत्तव्यासार्द्धम् । सैव द्युज्या ।

(सिद्धान्तशिरोणि स्पष्टाधिकार)

[ग्रह तथा लग्नको क्रान्ति ल्याउँदा वा भुक्त भोग्यकाल ल्याउंदा अयनांश जोडिएका ग्रह तथा लग्नबाट ल्याउनुपर्छ । क्रान्ति ल्याउँदा स्पष्टसूर्यमा अयनांश जोड्नू, सायनस्पष्टसूर्य हुन्छ । सायनस्पष्टसूर्यको भुजज्यालाई २४ अंशको ज्या १३९७ ले गुनी त्रिज्या ३४३८ ले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ । क्रान्तिज्या को वर्गलाई त्रिज्याको वर्ग ११८१९८४४ बाट घटाई शेषको मूल लिनू, सो मूल द्युज्या हुन्छ । क्रान्तिज्याको चाप बनाउनू, क्रान्ति हुन्छ ।

यसको उपपत्ति ।

ग्रहोपरिगत ध्रुवप्रोतवृत्तमा विषुवद्वृत्त र क्रान्तिवृत्तको जति अन्तर हुन्छ,

त्यति नै क्रान्ति हुन्छ । विषुवद्वृत्त र क्रान्तिवृत्तको सम्पातमा क्रान्ति हुँदैन । सो सम्पातबिन्दुबाट ३ राशिका फरकमा परमक्रान्ति (२४ अंश क्रान्ति) हुन्छ । त्यस कारण सो सम्पातबिन्दुबाट गणना गरी क्रान्ति ल्याउनुपर्छ । उदय (विषुवांश) पनि त्यही सम्पातबिन्दुबाट ल्याउनुपर्छ । मेषादिबाट ग्रह पूर्वपट्टि जान्छ, सम्पातचाहिँ मेषादिबाट पश्चिमपट्टि अयनांशतुल्य अन्तरमा रहेको हुन्छ । यस कारण अयनांश जोडिएको ग्रहबाट क्रान्ति तथा भुक्तकाल भोग्यकाल ल्याउनुपर्छ भनेको हो । त्रिज्यातुल्य भुजज्याले त २४ अंशको ज्यातुल्य क्रान्तिज्या पाइन्छ भने इष्टभुजांशज्याले कति पाइएला भनी त्रैराशिक गर्दा आएको फल क्रान्तिज्या हुन्छ । त्यो क्रान्तिज्या नाडीवृत्तधरातलमा लम्बरूप भएर रहेको हुन्छ । क्रान्तिज्या भुज, त्रिज्या कर्ण, द्युज्या कोटि हुन्छ । भुज र कर्णको वर्गान्तरको मूल लिनू, द्युज्या हुन्छ । सो द्युज्या अहोरात्रवृत्तको व्यासार्ध हुन्छ ।]

यहाँसम्मका कुराबाट ग्रहको क्रान्ति ल्याउन सो ग्रहमा अयनांश जोडी सायनग्रह बनाई सायनग्रहबाट क्रान्ति ल्याउनुपर्छ भन्ने स्पष्ट हुन्छ ।

वि. सं. ५५६ का[४] आर्यभटले अयनांशको चर्चा गरेका छैनन्—

मेषाऽऽदेः कन्याऽऽन्तं सममुदगपमण्डलाऽर्धमपयातम् ।
तौल्यादेर् मीनाऽन्तं शेषाऽर्धं दक्षिणेनैव ।।१।।

(आर्यभटीय गोलपाद)

[मेषादिदेखि कन्यान्तसम्म नाडीमण्डलबाट क्रान्तिमण्डल उत्तरतिर रहेको हुन्छ । तुलादिदेखि मीनान्तसम्म नाडीमण्डलबाट क्रान्तिमण्डल दक्षिणतिर रहेको हुन्छ ।]

यही विषयलाई भास्करले यसरी बोलेका छन्—

स सौम्यगोलो भदलं यदाद्यं
याम्योऽपरं सायनभागभानोः ··· ।।३१।।

(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार)

---

४. यही ग्रन्थको ५५ पृष्ठ ।

[सायनसूर्यको मेषादिदेखि कन्यान्तसम्म उत्तरगोल हुन्छ। सायनसू तुलादिदेखि मीनान्तसम्म दक्षिणगोल हुन्छ।]

जुन ठाउँमा आर्यभटले सायन निरयण भन्ने बोलेका छैनन्, त्यही ठा भास्करले सायन भनी बोलेका छन्।

परमाऽपक्रमजीवाम् इष्टज्यार्धाऽहतां ततो विभजेत्।
ज्यालम्बकेन लब्धाऽर्काऽग्रा पूर्वापरे क्षितिजे ॥३०॥

(आर्यभटीय गोलपा

[सूर्यको भुजज्यालाई परमक्रान्तिज्याले गुनी लम्बज्याले भाग लिनू, सूर्य अग्रा आउँछ। पूर्वस्वस्तिकदेखि सूर्यको उदयबिन्दुसम्मको चापको ज्या अग्रा हुन्छ त्यसै गरी पश्चिमस्वस्तिकदेखि सूर्यको अस्तबिन्दुसम्मको चापको ज्या पनि अ हुन्छ।]

अब यस विषयमा विचार गरिन्छ।

भुजोऽक्षभा कोटिरिना १२ङ्गुलो ना
कर्णोऽक्षकर्णस् त्रिभुजं यथेदम्।
तथाऽक्षलम्बौ भुजकोटिरूपौ
त्रिज्या श्रुतिर् दक्षिणसौम्यवृत्तौ ॥४५॥
उन्मण्डले प्रागपरोत्थसूत्रात्
क्रान्तिज्यका कोटिरथ द्युरात्रे।
कुज्या भुजोऽग्रा क्षितिजे च कर्णः
क्षेत्रं तथेदं त्रिभुजं प्रसिद्धम् ॥४६॥

(सिद्धान्तशिरोमणि त्रिप्रश्नवासना)

[पलभा भुज, १२ अङ्गुलको शङ्कु कोटि, अक्षकर्ण (पलकर्ण) ले बनेको जात्यत्रिभुज अक्षक्षेत्र हुन्छ।

अक्षज्या भुज, लम्बज्या कोटि, त्रिज्या कर्णले बनेको जात्यत्रिभुज याम्योत्तर वृत्तको धरातलमा रहन्छ यो अक्षक्षेत्र हो।

अहोरात्रवृत्तको धरातलमा रहेको कुज्या भुज, उन्मण्डलको धरातलमा रहेको तथा पूर्वापरसूत्रबाट उठेको क्रान्तिज्या कोटि, क्षितिजवृत्तको धरातलमा रहेको अग्रा कर्णले बनेको जात्यत्रिभुज अक्षक्षेत्र हो ।]

(वि. सं. २०३४ मा त्रिभुवन-विश्वविद्यालयको पाठचक्रमविकासकेन्द्रद्वारा प्रकाशित नयराज पन्तको गोलबोधको ८७ पृष्ठ)

यस कारण लम्बज्याले त त्रिज्या पाइन्छ भने क्रान्तिज्याले के पाइएला भनी अनुपात गर्दा

$$\text{अग्रा} = \frac{\text{त्रि} \times \text{क्रान्तिज्या}}{\text{लम्बज्या}} \qquad (१)$$

युक्ताऽयनांशाद् अपमः प्रसाध्यः
कालौ च खेटात् खलु भुक्तभोग्यौ ।
जिनांऽशमौर्व्या१३९७ गुणिताऽर्कदोर्ज्या
त्रिज्यो ३४३८ द्धृता क्रान्तिगुणः

यही प्रकरणमा माथि उद्धृत भास्करको यस सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}} \qquad (२)$$

(१) समीकरणमा (२) समीकरणको क्रान्तिज्याको उत्थापन दिंदा

$$\text{अग्रा} = \frac{\text{त्रि}}{\text{लम्बज्या}} \times \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

$$= \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{लम्बज्या}}$$

यस्तो रूप बन्छ ।

आर्यभटको माथि उद्धृत सूत्रअनुसार,

$$\text{अग्रा} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{लम्बज्या}}$$

यस्तो रूप हुन्छ ।

यस कारण आर्यभटको दृष्टिमा

सायनसूर्यभुजज्या = सूर्यभुजज्या हुन्छ ।

यताबाट आर्यभटको समयमा सायन, निरयणको फमेला थिएन भन्ने हुन्छ ।

वि. सं. ५६२ का वराहमिहिरले अयनांशको चर्चा गरेका छैनन्—

उत्तरगोलेऽर्कज्या काष्ठाऽन्तगुणा ध्रुवज्यया भक्ता ।
ताः शङ्कुलिप्तिकाऽऽख्यास् ताभिः सममण्डलच्छाया ।।३

(पञ्चसिद्धान्तिका ४ अध्याय)

[सूर्यको भुजज्यालाई परमक्रान्तिज्याले गुनी अक्षज्याले भाग दिए समशङ्कु आउँछ । समशङ्कुबाट सममण्डलमा सूर्य पस्ने वेलाको छाया आउँछ । उत्तरगोलमा (सूर्य मेषादि ६ राशिमा भएमा) मात्र यो स्थिति हुन्छ ।]

अब यस विषयमा विचार गरिन्छ ।

तथाऽऽक्षलम्बौ भुजकोटिरूपौ
त्रिज्या श्रुतिर् दक्षिणसौम्यवृत्ते ।।४५।।
भुजोऽपमज्या समना च कर्णः
कुज्योनिता तद्धृतिरेव कोटिः ।।४७।।

(सिद्धान्तशिरोमणि त्रिप्रश्नवासना)

[अक्षज्या भुज, लम्बज्या कोटि, त्रिज्या कर्णले बनेको जात्यत्रिभुज याम्योत्तरवृत्तको धरातलमा रहन्छ । यो अक्षक्षेत्र हो ।

उन्मण्डलको धरातलमा रहेको क्रान्तिज्या भुज, अहोरात्रवृत्तको धरातलमा रहेको कुज्योनतद्धृति (तद्धृतिको ऊर्ध्वखण्ड) कोटि, पूर्वापरवृत्तको धरातलमा रहेको समशङ्कु कर्णले बनेको जात्यत्रिभुज अक्षक्षेत्र हो ।]

(गोलबोधको ८७ पृष्ठ)

यस कारण अक्षज्याले त त्रिज्या पाइन्छ भने क्रान्तिज्याले के पाइएला भनी अनुपात गर्दा

---

५. यही ग्रन्थको ९६ पृष्ठ ।

$$\text{समशङ्कु} = \frac{\text{त्रि} \times \text{क्रान्तिज्या}}{\text{अक्षज्या}} \qquad (१)$$

माथि उद्धृत गरिएको भास्करको सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}} \qquad (२)$$

(१) समीकरणमा (२) समीकरणको क्रान्तिज्याको उत्थापन दिंदा

$$\text{समशङ्कु} = \frac{\text{त्रि}}{\text{अक्षज्या}} \times \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

$$= \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{अक्षज्या}}$$

यस्तो रूप बस्छ ।

वराहमिहिरको माथि उद्धृत सूत्रअनुसार

$$\text{समशङ्कु} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{अक्षज्या}}$$

यस्तो रूप हुन्छ ।

यस कारण वराहमिहिरको दृष्टिमा

$$\text{सायनसूर्यभुजज्या} = \text{सूर्यभुजज्या}$$

हुन्छ ।

यताबाट वराहमिहिरको समयमा सायन, निरयणको झमेला थिएन भन्ने स्पष्ट हुन्छ ।

वि. सं. ६८५ मा[६] ब्रह्मगुप्तले अयनांशको चर्चा गरेका छैनन्—

जिन २४ भागज्यागुणिता सूर्यज्या व्यासदलहृता लब्धम् ।
इष्टाऽपक्रमजीवा विषुवदुदग्दक्षिणा सवितुः ।।५५।।

(ब्राह्मस्फुटसिद्धान्त स्पष्टाधिकार)

---

६. यही ग्रन्थको ५६ पृष्ठ ।

[सूर्यको भुजज्यालाई २४ अंशको ज्याले गुनी त्रिज्याले भाग लिन्‌... क्रान्तिज्या हुन्छ । नाडीमण्डलदेखि उत्तरतिर वा दक्षिणतिर सूर्यको ... रहन्छ ।]

ब्रह्मगुप्तको यस सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुने देखिन्छ ।

भास्करको माथि उद्‌धृत सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुन्छ ।

यताबाट ब्रह्मगुप्तको समयमा सायन, निरयणको फमेला थिएन भन्ने ... हुन्छ ।

वि. सं. ९६१ मा[7] वटेश्वरले अयनांशको चर्चा गरेका छन्—

---

७. शकेन्द्रकालाद् भुजशून्यकुञ्जरैर् ८०२
अभूद् अतीतैर् मम जन्म हायनैः ।
अकारि राद्धान्त इतः स्वजन्मनो
मया जिना २४ ब्दैर् द्युसदाम् अनुग्रहात् ।।२१।।

[वटेश्वरसिद्धान्त मध्यमाधिकार १ अध्याय । वि. सं. २०१८ मा दिल्लीबाट इन्डिअन् इन्स्टिच्यूट् अफ् अस्ट्रनमिकल् एान्ड् संस्कृत् रिस्अर्च् (सिद्धान्त-ज्योतिष र संस्कृतसम्बन्धी अनुसन्धान गर्ने भारतीय संस्था) द्वारा प्रकाशित रामस्वरूप शर्मा र मुकुन्द मिश्रद्वारा सम्पादित वटेश्वरसिद्धान्तको ४२ पृष्ठ]

[शाके ८०२ (वि. सं. ९३७) मा मेरो जन्म भयो । २४ वर्षको उमेरमा देवताहरूको कृपाले यो सिद्धान्त मैले बनाएँ ।]

··· साध्यम् ।
अयनचलनं स्वबुद्ध्या गणकेन हि चापचतुरेण ।।२५।।

(वटेश्वरसिद्धान्त त्रिप्रश्नाधिकार २ अध्याय । वटेश्वरसिद्धान्तको ४९१ पृष्ठ)

[चापगणित जान्ने ज्योतिषीले आफ्नै बुद्धिले अयनचलन (अयनांश) ल्याउनुपर्छ ।]

यताबाट वि. सं. ९६१ मा वटेश्वरले अयनांश छ भन्ने कुरा बुझेका, तर त्यसलाई ल्याउने स्पष्ट गणितचाहिँ पत्ता लाउन नसकेको देखिन्छ ।

वि. सं ९८९ का[८] मुञ्जालले अयनांशको चर्चा गरेका छन्—

विषुवत्क्रान्तिवलययोः सम्पातः क्रान्तिपातः स्यात् ·· ।।१७।।
अयनचलनं यदुक्तं मुञ्जालाऽद्यैः स एवाऽयम् · ·· ।।१८।।

---

८. प्रकाशाऽदित्यवत् ख्यातो भारद्वाजो द्विजोत्तमः ।
लघुपूर्वं स्फुटोपायं वक्ष्येऽन्यल् लघुमानसम् ।।
कृतेष्विभ ८५४ मिते शाके मध्याह्ने रविवासरे
चैत्राऽदौ ध्रुवकान् वक्ष्ये रविचन्द्रेन्दुतुङ्गजान् ।।
इति मुञ्जालभट्टविरचिते लघुमानसाऽख्ये करणे ···

(वि. सं. १९४९ मा काशीबाट प्रकाशित सुधाकर द्विवेदीको गणकतरङ्गिणीमा यी श्लोक छापिएका छन् । वि. सं. १९९० मा प्रकाशित दोस्रो संस्करणका १९-२० पृष्ठ)

[सूर्यको प्रकाश जस्तै प्रख्यात भएको, भारद्वाजगोत्रमा जन्मेको, असल ब्राह्मण म सानो तथा स्पष्ट कुरा भएको अर्को लघुमानस बनाउँछु ।

शाके ८५४ (वि. सं. ९८९) चैत्रशुक्ल प्रतिपद् आदित्यवारको मध्याह्नकालका सूर्यध्रुव, चन्द्रध्रुव, चन्द्रोच्चध्रुव बताउँछु ।

मुञ्जाल भट्टले बनाएको लघुमानसनाउँको करण]

क्रान्त्यर्थो पातः क्रान्तिपातः पातो नाम सम्पातः। क्रयोः विषुवत्क्रान्तिवलययोः । न हि तयोर् मेषादावेव सम्पातः किन्तु तस्याऽपि चलनम् अस्ति । येऽयनचलनभागाः प्रसिद्धाः त एव विलोमगस्य क्रान्तिपातस्य भागाः । ... मुञ्जालाद्यैर् यद् अयनचलनम् उक्तं स एवाऽयं क्रान्तिपातः ।

(सिद्धान्तशिरोमणि गोलबन्धाधिकार)

[क्रान्ति ल्याउनाको निमित्तको पात क्रान्तिपात हो । विषुवद्वृत्त र क्रान्तिवृत्तको सम्पात नै क्रान्तिपात हो । ती दुइ वृत्तको सम्पात मेषादिमा मात्र हुँदैन त्यो सम्पात चल छ । अयनांश जति हुन्छ, त्यति नै अंश उल्टो हिँड्ने क्रान्तिपातको अंश हुन्छ । मुञ्जालहरूले अयनचलन भनी जो बताए, त्यही नै क्रान्तिपात हो ।]

यताबाट वि. सं. ९८९ मा अयनांशको चर्चा राम्रोसँग चलिसकेको थियो भन्ने देखिन्छ ।

वि. सं. १०९९ का[९] भोजले अयनांशको चर्चा गरेका छन्-

शकात् कृताऽब्धिवेदो ४४४ नात् षष्ट्या६०प्ता अयनांशकाः ते क्रान्तिसाधने लग्ने देया याते तथा चरे ।।२४।।

(राजमृगाङ्क मध्यमाधिकार । राजमृगाङ्कको ५ पृ.)

---

९. शाको वेदर्तुनन्दो ९६४ नो
रवि १२ घ्नो गतमासयुक् ... ।।३।।
इति श्रीराजमृगाङ्के भोजराजविरचिते मध्यमाधिकारः ।

(राजमृगाङ्क मध्यमाधिकार । वि. सं. १९९७ मा आड्यार लाइब्रेरीद्वारा प्रकाशित, के. माधवकृष्ण शर्माद्वारा सम्पादित द राजमृगाङ्क अफ् भोज (भोजको राजमृगाङ्क) का ३, ६ पृष्ठ)

[शकसंवत्बाट ९६४ घटाउनू, वर्षगण हुन्छ । वर्षगणलाई १२ ले गुणी गुणनफलमा चैत्रादि गतमास जोड्नू, सौरमासगण हुन्छ ।

राजा भोजले बनाएको राजमृगाङ्कको मध्यमाधिकार समाप्त भयो ।]

[शकसंवत्‌बाट ४४४ घटाई शेषलाई ६० ले भाग लिनू, अयनांश हुन्छ। ग्रहमा अयनांश जोडी सायनग्रहबाट क्रान्ति, लग्न, भुक्तकाल तथा चर ल्याउनुपर्छ।]

वि. सं. ११४९ का[10] ब्रह्मदेवले अयनांशको चर्चा गरेका छन्—

व्योमाऽद्रिबाणैः५७० सहितोऽब्दसङ्घो
भवन्ति षष्ट्या६० विहृतोऽयनांशाः।
देया बुधैर् लग्नचराऽपमानां
सिद्ध्यै ग्रहे दृग्वलनाऽऽदिकेषु ॥९॥

(करणप्रकाश स्पष्टाधिकार। करणप्रकाशको १९ पृष्ठ)

[वर्षगणमा ५७० जोडी योगफललाई ६० ले भाग लिनू, अयनांश हुन्छ। ग्रहमा अयनांश जोडी सायनग्रहबाट लग्न, चर, क्रान्ति, दृक्कर्म, वलनहरू ल्याउनुपर्छ।]

---

१०. ब्रह्माऽच्युतत्रिनयनाऽर्कशशाङ्कभौम-
सौम्येज्यशुक्रशनिवागधिपागणेशान्।
नत्वाऽहमार्यभटशास्त्रसमं करोमि
श्रीब्रह्मदेवगणकः करणप्रकाशम् ॥१॥
शाकः शक्रदशो १०१४ नितो रविगुणश्
चैत्राऽऽदिमासाऽन्वितो ··· ॥२॥

(करणप्रकाश अध्यमाधिकार। वि. सं. १९५६ मा काशीबाट हरिदास गुप्त-द्वारा प्रकाशित, सुधाकर द्विवेदीद्वारा सम्पादित करणप्रकाशको १ पृष्ठ)

[ब्रह्मा, विष्णु, महादेव, सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनैश्चर, सरस्वती तथा गणेशलाई ढोगेर म ज्योतिषी ब्रह्मदेव आर्यभटको सिद्धान्तअनुसारको करणप्रकाश बनाउँछु।

शाकेबाट १०१४ घटाउनू, वर्षगण हुन्छ। वर्षगणलाई १२ ले गुन्नू, गुणनफलमा चैत्रादि गतमास जोड्नू, सौरमासगण हुन्छ।]

वि. सं. ११५६ का[११] शतानन्दले अयनांशको चर्चा गरेका छन्—

शकेन्द्रकालात् खशराऽब्धि ४५० हीनात्
षष्टया ६० प्तसङ्ख्या अयनांशकाः स्युः … ।।१।।

(भास्वती त्रिप्रश्नाधि[कार])

[शकसंवत्बाट ४५० घटाई शेषलाई ६० ले भाग लिनू, अयनांश हुन्छ।]

यहाँसम्मका कुराबाट वि. सं. ५५६ देखि वि. सं. ६८५ भित्र बनेका ग्रन्थमा अयनांशको चर्चा देखिएन, वि. सं. ९६१ देखि बनेका ग्रन्थमा अयनांशको च[र्चा] देखियो भन्ने कुरा स्पष्ट हुन्छ।

अब सुमतितन्त्रमा अयनांशको चर्चा छ वा छैन भनी विचार गरिन्छ।

ताडपत्रको पाठ

इष्टमध्याह्निकादित्यं ज्या कुर्यापक्रमैवंधं ।
व्यासार्द्धेन विभक्तश्च तद्दिनापक्रमम्भवेत् ।।
तन्तु चापञ्च कर्त्तव्यं खखवेदशरे क्षयम् ।
शोध्य शेषेण ज्या कुर्यात् । तद्दिनज्यार्द्धमेव च ।
अस्याङ्क

गुण १३९८ भाग ३४३८ फल इष्टापक्रमम्भवति। तद्दिष्टापक्रमचापेन शोध्यः शोधका५४०० शेष ज्या कुर्यात्त- दिनज्यार्द्धम्भवति ।।

(६१ क पत्र, प्रकाशित सुमतितन्त्रका ११३-११४ पृष्ठ)

संशोधित पाठ

माध्याह्निकस्य सूर्यस्य ज्या परापक्रमज्यया१३९८।
हता त्रिज्या ३४३८ विभक्ता स्यात् तद्दिनेऽपक्रमज्यका ।।

---

११. वि. सं. २०३० मा प्रकाशित पूर्णिमा २९ अङ्कमा छापिएको महेश-राज पन्त र दिनेशराज पन्तको भास्वतीका प्रसिद्ध टीकाकार नेपाली ज्योतिषी बलभद्र भन्ने निबन्ध, सो अङ्कका ३१-३२ पृष्ठ।

तस्याश् चापं खाऽभ्रवेदशरेभ्यः ५४०० परिशोधयेत् ।
शेषस्य जीवा कर्तव्या सा द्युज्या तद्दिने भवेत् ॥

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

सूर्यज्याया गुणकोऽष्टनवत्यधिकत्रयोदशशतानि१३९८ भाजकस् त्रिज्या३४३८ । फलम् इष्टाऽपक्रमज्या भवति । तस्याश् चापम् इष्टाऽपक्रमकलाः । चापकलाभिश् चतुःपञ्चाशच् शतानि ५४०० कलाः शोध्याः । शेषस्य ज्या कार्या, द्युज्या भवति ।

[इष्ट दिनको मध्याह्नकालमा स्पष्टसूर्य ल्याउनू । स्पष्टसूर्यको ज्यालाई परमक्रान्तिज्याले गुनी त्रिज्याले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ ।

क्रान्तिज्याको चाप क्रान्तिकला हुन्छ । क्रान्तिकलालाई ५४०० कलाबाट घटाउनू, शेष द्युज्याचापकला हुन्छ । द्युज्याचापकलाको ज्या द्युज्या हुन्छ ।]

यताबाट सुमतितन्त्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुने भयो ।

भास्करको माथि उद्धृत सूत्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रि}}$$

हुन्छ ।

यताबाट सुमतितन्त्रकारको समयमा सायन, निरयणको झमेला थिएन भन्ने स्पष्ट हुन्छ ।

यस कारण वि. सं. ६३३ देखि ९३७ भित्रको कुनै वर्षमा सुमतितन्त्र बनेको हुनुपर्छ भनी हामीले माथि जो लेखेका थियौं, सो कुरा गणितको दृष्टिबाट पनि ठीक देखिन आएको छ । यस कारण सुमतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ हो भन्ने कुरामा केही शङ्का छैन ।

[नयराज पन्त (सहायक— देवीप्रसाद भण्डारी, दिनेशराज पन्त) को यो लेख पूर्णिमा २९ अङ्कका १२५-१४८ पृष्ठबाट लिइएको हो ।]

□

सुमतितन्त्रको आधारग्रन्थ

सुमतितन्त्रअनुसारका ग्रहका भगण—

ताडपत्रको पाठ

मध्यमञ्च भवेत्तत्र सूर्यादीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याभ्रवेमपिण्डबलाहकैः
चन्द्रस्याब्धियुगाग्न्यग्निरूपखैकगुणास्त्रिभिः ।
चन्द्रोच्चस्य रसाष्टाष्टदस्त्रभूतवटंकुभिः
कोषाग्निरन्ध्रमातङ्गपक्षकू - तमस्य तु ।
अङ्गारस्य रसाङ्काब्धिसप्तनागमहीवटैः ।
ज्ञस्य व्योमखशून्याष्टवेदसप्तभुविस्वरैः ।
वाक्षतेर्नभनागाष्टकोषपञ्चनदीकुभिः ।
भार्ग्गवस्य यमाक्षेषुच्छिद्रभद्रखपिण्डकैः ।
सौरस्यर्तुशरोपक्षाकोषयूथपपञ्चभिः ।
भागैर्शून्यखसूर्याद्रिकोषरुद्रगुणार्तुभिः ।

तस्य सूत्रस्याङ्क

भानोर्द्युगण गुण	१७२८००००
इन्दोर्गुण	२३१०१३३४४
चन्द्रोच्चस्य गुण	१९५२८८६
पातस्य गुण	९२८९३६

अङ्गारस्य गुण	९१८७२९६
ज्ञस्य गुण	७१७४८०००
जीवस्य गुण	१४५६८८०
शुक्रस्य गुण	२८०८९५५२
सौरस्य गुण	५८६२५६

सर्वग्रहमध्यमसाधने भागाहार ६३११६७१२०० ॥

(ताडपत्र १० ख-११ क पत्र, प्रकाशित सुमतितन्त्रको १९-२० पृष्ठ)

संशोधित पाठ

मध्यमाऽऽनयनं वक्ष्ये सूर्याऽऽदीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याऽभ्रव्योमपिण्डबलाहकाः १७२८०००० ॥
चन्द्रस्याऽब्धियुगाऽग्न्यग्निरूपखैकगुणाऽश्विनः २३१०१३३४४ ।
चन्द्रोच्चस्य रसाऽष्टाऽष्टदस्रभूताऽङ्कभूमयः १९५२८८६ ॥
चन्द्रपातस्य कोषाऽग्निरन्ध्रनागाऽश्विखेचराः ९२८९३६ ।
भूपुत्रस्य रसाऽङ्काऽश्विसप्तनागकुखेचराः ९१८७२९६ ॥
ज्ञशीघ्रोच्चस्य खाऽभ्राऽभ्रनागाऽब्धिमेघपर्वताः ७१७४८००० ।
वाक्पतेः शून्यनागाऽष्टकोषपञ्चाऽब्धिभूमयः १४५६८८० ॥
शुक्राशूच्चस्य नेत्रेषुबाणाऽङ्काऽष्टखपिण्डकाः २८०८९५५२ ।
सौरस्य रसबाणद्विरसमातङ्गसायकाः ५८६२५६ ॥
गुणाः प्रोक्ता द्युपिण्डस्य भगणाऽऽदिग्रहाऽऽप्तये ।
भाजकः खाऽभ्रसूर्याऽद्रिकोषरुद्रगुणर्तवः ६३११६७१२०० ॥

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

द्युगणस्य गुणकाः कथ्यन्ते ।

भानोर् गुणः	१७२८००००

इन्दोर् गुणः	२३१०१३३४४
चन्द्रोच्चस्य गुणः	१९५२८८६
चन्द्रपातस्य गुणः	९२८९३६
अङ्गारकस्य गुणः	९१८७२९६
ज्ञशीघ्रोच्चस्य गुणः	७१७४८०००
जीवस्य गुणः	१४५६८८०
शुक्रशीघ्रोच्चस्य गुणः	२८०८९५५२
सौरस्य गुणः	५८६२५६
सर्वेषां भाजकः	६३११६७१२००

एवं भगणाऽऽदयो मध्यमा ग्रहा भवन्ति ।

[अहर्गणलाई १७२८०००० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम सूर्य आउँछन् ।

अहर्गणलाई २३१०१३३४४ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम चन्द्र आउँछन् ।

अहर्गणलाई १९५२८८६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि चन्द्रोच्च आउँछ ।

अहर्गणलाई ९२८९३६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि चन्द्रपात आउँछ ।

अहर्गणलाई ९१८७२९६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम मङ्गल आउँछन् ।

अहर्गणलाई ७१७४८००० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि बुधशीघ्रोच्च आउँछ ।

अहर्गणलाई १४५६८८० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम बृहस्पति आउँछन् ।

अहर्गणलाई २८०८९५५२ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि शुक्रशीघ्रोच्च आउँछ ।

अहर्गणलाई ५८६२५६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम शनैश्चर आउँछन् ।]

यताबाट सुमतितन्त्रअनुसार

१७२८०००० सौरवर्षमा

सूर्यभगण	१७२८००००
चन्द्रभगण	२३१०१३३४४
चन्द्रमन्दोच्चभगण	१९५२८८६
चन्द्रपातभगण	९२८९३६
मङ्गलभगण	९१८७२९६
बुधशीघ्रोच्चभगण	७१७४८०००
बृहस्पतिभगण	१४५६८८०
शुक्रशीघ्रोच्चभगण	२८०८९५५२
शनैश्चरभगण	५८६२५६
सावनदिन	६३११६७१२००

हुने देखिन्छ ।

सूर्यसिद्धान्तअनुसारका ग्रहका भगण—

युगे सूर्यज्ञशुक्राणां खचतुष्करदार्णवाः ४३२०००० ।
कुजार्किगुरुशीघ्राणां भगणाः पूर्वयायिनाम् ।।२९।।
इन्दो रसाऽग्नित्रित्रीषुसप्तभूधरमार्गणाः ५७७५३३३६ ।
दस्त्रत्यष्टरसाऽङ्काऽक्षिलोचनानि २२९६८३२ कुजस्य तु ।।३०।।
बुधशीघ्रस्य शून्यर्तुखाऽद्रित्र्यङ्कनगेन्दवः१७९३७०६० ।
बृहस्पतेः खदस्त्राऽक्षिवेदषड्वह्नयस् ३६४२२० तथा ।।३१।।
सितशीघ्रस्य षट्सप्तत्रियमाऽश्विखभूधराः ७०२२३७६ ।
शनेर् भुजङ्गषट्पञ्चरसवेदनिशाकराः १४६५६८ ।।३२।।
चन्द्रोच्चस्याऽग्निशून्याऽश्विवसुसर्पाऽर्णवा ४८८२०३ युगे ।
वामं पातस्य वस्वग्नियमाऽश्विशिखिदस्त्रकाः२३२२३८ ।।३३।।
उदयाद् उदयं भानोर् भूमिसावनवासरः ।।३६।।
वसुद्व्यष्टाऽद्रिरूपाऽङ्कसप्ताऽद्रितिथयो१५७७९१७८२८युगे··· ।।३७।।

(सूर्यसिद्धान्त मध्यमाधिकार)

[१ महायुग (४३२०००० सौरवर्ष) मा

सूर्य, बुध र शुक्रका भगण ४३२०००० हुन्छन् । मङ्गल, बृहस्पति, शनैश्च
शीघ्रोच्चभगण पनि त्यति नै हुन्छन् ।

चन्द्रभगण	५७७५३३३६ हुन्छन् ।
मङ्गलभगण	२२९६८३२ हुन्छन् ।
बुधशीघ्रोच्चभगण	१७९३७०६० हुन्छन् ।
बृहस्पतिभगण	३६४२२० हुन्छन् ।
शुक्रशीघ्रोच्चभगण	७०२२३७६ हुन्छन् ।
शनैश्चरभगण	१४६५६८ हुन्छन् ।
चन्द्रोच्चभगण	४८८२०३ हुन्छन् ।
चन्द्रपातभगण	२३२२३८ हुन्छन् । चन्द्रपात उल्टो हिड्छ ।
सावनदिन	१५७७९१७८२८ हुन्छन् ।]

यताबाट सूर्यसिद्धान्तअनुसार

४३२०००० सौरवर्षमा

सूर्यभगण	४३२००००
चन्द्रभगण	५७७५३३३६
मङ्गलभगण	२२९६८३२
बुधशीघ्रोच्चभगण	१७९३७०६०
बृहस्पतिभगण	३६४२२०
शुक्रशीघ्रोच्चभगण	७०२२३७६
शनैश्चरभगण	१४६५६८
चन्द्रमन्दोच्चभगण	४८८२०३
चन्द्रपातभगण	२३२२३८
सावनदिन	१५७७९१७८२८

हुने देखिन्छ ।

आर्यसिद्धान्तअनुसारका ग्रहका भगण—

बन्ताऽब्धयोऽयुतहता ४३२०००० युगवत्सराः स्युः
सूर्यज्ञशुक्रभगणा अपि तत्समानाः ।

तावन्त एव कुजजीवशनैश्चराणां
शीघ्राऽख्यतुङ्गभगणा गणकैर् निरुक्ताः ।।३।।
चन्द्रस्य षड्गुणसुरेषुनगाऽद्रिबाणा ५७७५३३३६
भौमस्य संकृतिगजाऽङ्गनवाऽश्विदस्राः २२९६८२४ ।
प्रालेयरश्मितनयस्य चलोच्चचक्रा-
ण्यभ्राऽक्षिखाऽद्रिगुणनन्दतुरङ्गचन्द्राः १७९३७०२० ।।४।।
जीवस्य सागरयमाऽश्विकृताऽङ्गरामाः ३६४२२४
शीघ्रोच्चपर्ययमितिर् भृगुनन्दनस्य ।
वस्वष्टरामयमनेत्रवियत्तुरङ्गा ७०२२३८८
मन्दस्य सागररसेषुरसाऽब्धिचन्द्राः १४६५६४ ।।५।।
पातस्य षड्द्वियमदन्तयमा २३२२२६ विलोमा
गोकुद्विवस्वहियुगानि ४८८२१९ मृदूच्चमिन्दोः ··· ।।६।।
व्योमाऽभ्रबाणतुरगक्षितिनन्दशैल-
क्ष्माभृच्छिलीमुखभुवः १५७७९१७५०० क्षितिवासराः स्युः ।।८।।

(शिष्यधीवृद्धिद मध्यमाधिकार)

[१ महायुग (४३२०००० सौरवर्ष) मा

सूर्य, बुध र शुक्रका भगण ४३२०००० हुन्छन् । मङ्गल, बृहस्पति र शनैश्चरका शीघ्रोच्चभगण पनि त्यति नै हुन्छन् ।

चन्द्रभगण	५७७५३३३६ हुन्छन् ।	
मङ्गलभगण	२२९६८२४ हुन्छन् ।	
बुधशीघ्रोच्चभगण	१७९३७०२० हुन्छन् ।	
बृहस्पतिभगण	३६४२२४ हुन्छन् ।	
शुक्रशीघ्रोच्चभगण	७०२२३८८ हुन्छन् ।	
शनैश्चरभगण	१४६५६४ हुन्छन् ।	
चन्द्रपातभगण	२३२२२६ हुन्छन् ।	चन्द्रपात उल्टो हिँड्छ ।
चन्द्रमन्दोच्चभगण	४८८२१९ हुन्छन् ।	
सावनदिन	१५७७९१७५०० हुन्छन् ।]	

लल्लको शिष्यधीवृद्धिद आर्यसिद्धान्तअनुसारको हो।[१]

यताबाट आर्यसिद्धान्तअनुसार

४३२०००० सौरवर्षमा

सूर्यभगण	४३२००००
चन्द्रभगण	५७७५३३३६
मङ्गलभगण	२२९६८२४
बुधशीघ्रोच्चभगण	१७९३७०२०
बृहस्पतिभगण	३६४२२४
शुक्रशीघ्रोच्चभगण	७०२२३८८
शनैश्चरभगण	१४६५६४
चन्द्रपातभगण	२३२२२६
चन्द्रमन्दोच्चभगण	४८८२१९
सावनदिन	१५७७९१७५००

हुने देखिन्छ।

ब्रह्मसिद्धान्तअनुसारका ग्रहका भगण—

अर्कशुक्रबुधपर्यया विधेर्
अह्नि कोटिगुणिता रदाऽब्धय: ४३२०००००००।
एत एव शनिजीवभूभुवां
कीर्तिताश् च गणकैश् चलोच्चजा: ॥१॥
खाऽभ्रखाऽभ्रगगनाऽमरेन्द्रिय-
क्ष्माधराऽद्रिविषया ५७७५३३०००००० हिमद्युते:।

---

१. आचार्याऽऽर्यभटोदितं सुविषमं व्योमौकसां कर्म यच्
शिष्याणाम् अभिधीयते तदधुना लल्लेन धीवृद्धिदम् ॥१॥

(शिष्यधीवृद्धिद मध्यमाधिकार)

[आचार्य आर्यभटले बताएको ग्रहगणितका गाह्रा कुरा चेलाहरूलाई बुझाउन लल्ल शिष्यधीवृद्धिद बनाउँछन्।]

युग्मयुग्मशरनागलोचन-
व्यालषण्नवयमाऽश्विनो२२९६८२८५२२सृजः ॥२॥
सिन्धुसिन्धुरनवाऽष्टगोऽङ्कषट्-
त्र्यङ्कसप्तशशिनो १७९३६९९८९८४ ज्ञशीघ्रजाः ।
पञ्चपञ्चयुगषट्कलोचन-
द्व्यब्धिषड्गुणमिता ३६४२२६४५५ गुरोर् मताः ॥३॥
द्विनन्दवेदाऽङ्कगजाऽग्निलोचन-
द्विशून्यशैलाः ७०२२३८९४९२ सितशीघ्रपर्ययाः ।
भुजङ्गनन्दद्विनगाऽङ्कबाणषट्-
कृतेन्दवः १४६५६७२९८ सूर्यसुतस्य पर्ययाः ॥४॥
खाऽष्टाऽब्धयो४८०ष्टाऽक्षगजेषुदिग्द्विप-
द्विपाऽब्धयो४८८१०५८५८ द्व्यङ्कयमा२९२ रदाऽग्नयः३२ ।
शरेष्विभास्८५५ त्र्यक्षरसाः६५३ कुसागराः ४१
स्युः पूर्वगत्या तरणेर् मृदूच्चजाः ॥५॥
गजाऽष्टिभर्गत्रिरदाऽश्विनः २३२३१११६८ कुभृद्-
रसाऽश्विनः २६७ कुद्विशराः ५२१ क्रमर्तवः६३ ।
त्रिनन्दनागा८९३ युगकुञ्जरेषवो ५८४
निशाकराद् व्यस्तगपातपर्ययाः ॥६॥
भूदिनानि शरवेदभूपगो-
सप्तसप्ततिथयोऽयुताऽहताः १५७७९१६४५०००० ''' ॥९॥
(सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय)

[१ कल्प (४३२०००००० सौरवर्ष) मा

सूर्य, बुध र शुक्रका भगण ४३२०००००० हुन्छन् । मङ्गल, बृहस्पति र शनैश्चरका शीघ्रोच्चभगण पनि त्यति नै हुन्छन् ।

चन्द्रभगण	५७७५३३००००० हुन्छन्।
मङ्गलभगण	२२९६८२८५२२ हुन्छन्।
बुधशीघ्रोच्चभगण	१७९३६९९८९८४ हुन्छन्।
बृहस्पतिभगण	३६४२२६४५५ हुन्छन्।
शुक्रशीघ्रोच्चभगण	७०२२३८९४९२ हुन्छन्।
शनैश्चरभगण	१४६५६७२९८ हुन्छन्।
सूर्यमन्दोच्चभगण	४८० हुन्छन्।
चन्द्रमन्दोच्चभगण	४८८१०५८५८ हुन्छन्।
मङ्गलमन्दोच्चभगण	२९२ हुन्छन्।
बुधमन्दोच्चभगण	३३२ हुन्छन्।
बृहस्पतिमन्दोच्चभगण	८५५ हुन्छन्।
शुक्रमन्दोच्चभगण	६५३ हुन्छन्।
शनैश्चरमन्दोच्चभगण	४१ हुन्छन्।

मन्दोच्च पूर्वतिर जान्छन्।

चन्द्रपातभगण	२३२३१११६८ हुन्छन्।
मङ्गलपातभगण	२६७ हुन्छन्।
बुधपातभगण	५२१ हुन्छन्।
बृहस्पतिपातभगण	६३ हुन्छन्।
शुक्रपातभगण	८९३ हुन्छन्।
शनैश्चरपातभगण	५८४ हुन्छन्।

पात उल्टो हिंड्छन्।

सावनदिन १५७७९१६४५०००० हुन्छन्।]

भास्करको सिद्धान्तशिरोमणि ब्रह्मसिद्धान्तअनुसार बनेको हो।[२]

---

२. अत्र ग्रन्थे ब्रह्मगुप्तस्वीकृता।ऽगमोऽङ्गीकृतः।

(सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय १-६ श्लोकको उपपत्ति)

[यस सिद्धान्तशिरोमणिमा ब्रह्मगुप्तले बनाएको सिद्धान्तलाई स्वीकार गरिएको छ।]

यताबाट ब्रह्मसिद्धान्तअनुसार

४३२००००००० सौरवर्षमा

सूर्यभगण	४३२०००००००
चन्द्रभगण	५७७५३३०००००
मङ्गलभगण	२२९६८२८५२२
बुधशीघ्रोच्चभगण	१७९३६९९८९८४
बृहस्पतिभगण	३६४२२६४५५
शुक्रशीघ्रोच्चभगण	७०२२३८९४९२
शनैश्चरभगण	१४६५६७२९८
चन्द्रमन्दोच्चभगण	४८८१०५८५८
चन्द्रपातभगण	२३२३११६८
सावनदिन	१५७७९१६४५००००

हुने देखिन्छ ।

सूर्यसिद्धान्त र आर्यसिद्धान्तमा ४३२०००० सौरवर्षका ग्रहभगण दिइएका छन् । सुमतितन्त्रमा १७२८०००० सौरवर्षका ग्रहभगण दिइएका छन् । ब्रह्मसिद्धान्तमा ४३२००००००० सौरवर्षका ग्रहभगण दिइएका छन् । सूर्यसिद्धान्त र आर्यसिद्धान्तमा दिइएको वर्षसङ्ख्याभन्दा सुमतितन्त्रको वर्षसङ्ख्या ४ गुना छ, ब्रह्मसिद्धान्तको वर्षसङ्ख्याचाहिँ १००० गुना छ । यस कारण तुलना गर्न सजिलो पार्न सुमतितन्त्रमा दिइएका भगणहरूलाई ४ ले भाग लिएर तथा ब्रह्मसिद्धान्तमा दिइएका भगणहरूलाई १००० ले भाग लिई तलको चक्र तयार पारिएको छ ।

४३२०००० सौरवर्षमा

	सूर्यभगण	चन्द्रभगण	चन्द्रमन्दोच्चभगण
सुमतितन्त्र	४३२००००	५७७५३३३६	४८८२२१·५
सूर्यसिद्धान्त	४३२००००	५७७५३३३६	४८८२०३
आर्यसिद्धान्त	४३२००००	५७७५३३३६	४८८२१९
ब्रह्मसिद्धान्त	४३२००००	५७७५३३००	४८८१०५·८५८

	चन्द्रपातभगण	मङ्गलभगण	बुधशीघ्रोच्चभगण
सुमतितन्त्र	२३२२३४	२२९६८२४	१७९३७०००
सूर्यसिद्धान्त	२३२२३८	२२९६८३२	१७९३७०६०
आर्यसिद्धान्त	२३२२२६	२२९६८२४	१७९३७०२०
ब्रह्मसिद्धान्त	२३२३११·१६८	२२९६८२८·५२२	१७९३६९९८·९८४

	बृहस्पतिभगण	शुक्रशीघ्रोच्चभगण	शनैश्चरभग…
सुमतितन्त्र	३६४२२०	७०२२३८८	१४६५६…
सूर्यसिद्धान्त	३६४२२०	७०२२३७६	१४६५६…
आर्यसिद्धान्त	३६४२२४	७०२२३८८	१४६५६…
ब्रह्मसिद्धान्त	३६४२२६·४५५	७०२२३८९·४९२	१४६५६…

	सावनदिन
सुमतितन्त्र	१५७७९१७८००
सूर्यसिद्धान्त	१५७७९१७८२८
आर्यसिद्धान्त	१५७७९१७५००
ब्रह्मसिद्धान्त	१५७७९१६४५०

सूर्यभगणसङ्ख्या चारै सिद्धान्तमा एउटै छ। चन्द्रभगणसङ्ख्या सुमति… सूर्यसिद्धान्त र आर्यसिद्धान्तमा एउटै तथा ब्रह्मसिद्धान्तमा फरक छ। चन्द्रमन्दो… भगणसङ्ख्या र चन्द्रपातभगणसङ्ख्या चारै सिद्धान्तमा फरक छ। मङ्गलभ… सङ्ख्या सुमतितन्त्र र आर्यसिद्धान्तमा एउटै तथा सूर्यसिद्धान्त र ब्रह्मसिद्धान… फरक छ। बुधशीघ्रोच्चभगणसङ्ख्या चारैसिद्धान्तमा फरक छ। बृहस्पतिभ… सङ्ख्या सुमतितन्त्र र सूर्यसिद्धान्तमा एउटै तथा आर्यसिद्धान्त र ब्रह्मसिद्धान… फरक छ। शुक्रशीघ्रोच्चभगणसङ्ख्या र शनैश्चरभगणसङ्ख्या सुमतितन्त्र… आर्यसिद्धान्तमा एउटै र सूर्यसिद्धान्त र ब्रह्मसिद्धान्तमा फरक छ।

४३२०००० सौरवर्षमा सुमतितन्त्रमा १५७७९१७८०० सावनदिन, … सिद्धान्तमा १५७७९१७८२८ सावनदिन, आर्यसिद्धान्तमा १५७७९१७… सावनदिन, ब्रह्मसिद्धान्तमा १५७७९१६४५० सावनदिन हुन्छन् भनी लेखि… छ। यस कारण प्रत्येकको १ सौरवर्षको मान ल्याउनुपरेको छ।

सुमतितन्त्रअनुसार

$$\frac{१५७७९१७८००}{४३२००००} = \frac{१५७७९१७८}{४३२००} = \frac{५२५९७२६}{१४४००}$$

$$= \frac{१७५३२४२}{४८००} = \frac{५८४४१४}{१६००} = \frac{२९२२०७}{८००}$$

दि. घ. प. वि.

= ३६५। १५। ३१। ३०

८००)२९२२०७(३६५।१५।३१।३०

२४००

५२२०

४८००

४२०७

४०००

२०७ × ६०

४०)२०७ × ३

६२१

४०

२२१

२००

२१ × ६०

२)२१ × ३

६३

६

३

२

१ × ६०

१)३०

३०

सूर्यसिद्धान्तअनुसार

$$\frac{१५७७९१७८२८}{४३२००००} = \frac{७८८९५८९१४}{२१६००००} = \frac{३९४४७९४५७}{१०८००००}$$

दि. घ. प. वि. प्र.वि.

= ३६५ । १५ । ३१ । ३१ । २४

१०८००००)३९४४७९४५७(३६५।१५।३१।३१।२४
३२४००००
७०४७९४५
६४८००००
५६७९४५७
५४०००००
२७९४५७ × ६०
१८०००)२७९४५७
१८०००
९९४५७
९००००
९४५७ × ६०
३००)९४५७
९००
४५७
३००
१५७ × ६०
५)१५७
१५
७
५
२ × ६०
१)२ × १२
२४
२४

आर्यसिद्धान्तअनुसार

$$\frac{१५७७९१७५००}{४३२००००} = \frac{१५७७९१७५}{४३२००} = \frac{५२५९७२५}{१४४००}$$

$$= \frac{१०५१९४५}{२८८०} = \frac{२१०३८९}{५७६}$$

दि. घ. प. वि
= ३६५ । १५ । ३१ । १५

५७६)२१०३८९(३६५।१५।३१।१५
१७२८
―――
३७५८
३४५६
―――
३०२९
२८८०
―――
१४९ × ६०
―――
९६)१४९ × १०
―――
१४९०
९६
―――
५३०
४८०
―――
५० × ६०
―――
१६)५० × १०
―――
५००
४८
―――
२०
१६
―――
४ × ६०
―――
४) १ × ६०
―――
१) १५
१५
―――

ब्रह्मसिद्धान्तअनुसार

$$\frac{१५७७९१६४५०}{४३२००००} = \frac{१५७७९१६४५}{४३२०००} = \frac{५२५९७२१५}{१४४०००}$$

$$= \frac{१७५३२४०५}{४८०००} = \frac{५८४४१३५}{१६०००} = \frac{११६८८२७}{३२००}$$

दि. घ. प. वि. प्र.वि.

= ३६५ । १५ । ३० । २२ । ३०

३२००)११६८८२७(३६५।१५।३०।२२।३०

९६००

२०८८२

१९२००

१६८२७

१६०००

८२७ × ६०

१६०)८२७ × ३

२४८१

१६०

८८१

८००

८१ × ६०

८) ८१ × ३

२४३

२४

३ × ६०

२)३ × १५

४५

४

५

५

४

१ × ६०

१)३०

३०

यति गणनाबाट १ सौरवर्षको मान

	दिन	घडी	पला	विपला	प्रतिविपला
सुमतितन्त्रअनुसार	३६५	१५	३१	३०	०
सूर्यसिद्धान्तअनुसार	३६५	१५	३१	३१	२४
आर्यसिद्धान्तअनुसार	३६५	१५	३१	१५	०
ब्रह्मसिद्धान्तअनुसार	३६५	१५	३०	२२	३०

यहाँसम्मका गणनाबाट सुमतितन्त्रका ग्रहभगण तथा वर्तमान सूर्यसिद्धान्त, आर्यसिद्धान्त तथा ब्रह्मसिद्धान्तसँग नमिलेकाले सुमतितन्त्रको आधारग्रन्थ सूर्यसिद्धान्त, आर्यसिद्धान्त तथा ब्रह्मसिद्धान्तमध्ये कुनै पनि होइन भन्ने कुरा स्पष्ट हुन्छ ।

ताडपत्रको पाठ

सूर्यसिद्धान्तमध्येषु दध्नो घृतमिवोद्धृतं ।
नाम्ना तु सुमतितन्त्रं सिद्धान्तस्य समद्भुतम् ।
तन्तथा कथयिष्यामि शृणु वक्ष्यामि सुव्रते ।। : ।।

(ताडपत्र १ ख पत्र, प्रकाशित सुमतितन्त्रको ३ पृष्ठ)

संशोधित पाठ

यथाश्रुतं शास्त्रमेतद् वक्ष्यामि शृणु सुव्रत ।
सुमते सूर्यसिद्धान्ताद् दध्नो घृतमिवोद्धृतः ।।
सारः सुमतितन्त्राऽऽख्यः सिद्धान्तोऽयम् उदाहृतः ।

[दही मथेर घिउ झिके झैं सूर्यसिद्धान्तबाट यो झिकेको हो । यसको नाम सुमतितन्त्र हो । जस्तो मैले सुनेथें, उस्तै गरी तिमीलाई यो शास्त्र बताइदिन्छु । हे सुमति नियमपूर्वक रही तिमी यो पढ ।]

सूर्यसिद्धान्तको साररूप सुमतितन्त्र हो भनी यहाँ लेखिएको छ । तर सूर्य-

सिद्धान्तसँग सुमतितन्त्रका ग्रहभगणहरू नमिलेकाले सुमतितन्त्रको आधार सूर्यसिद्धान्त अर्कै रहेछ भन्ने देखिन आउँछ। यस कारण त्यसको खोजी ग परेको छ।

पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घ ३१ पला ३० विपला हुने देखिन्छ।[३]

यताबाट वराहमिहिरको सूर्यसिद्धान्तको सौरवर्षको मान र सुमतितन्त्रको सौरवर्षको मान मिलेको देखिएकोले वराहमिहिरको सूर्यसिद्धान्त र सुमतितन्त्रको सूर्यसिद्धान्त एउटै रहेछ भन्ने झल्को पर्छ।

अब यस विषयमा अलि गहिरिएर विचार गरिन्छ।

ताडपत्रको पाठ

गताब्दं रविभि घातं चैत्रादिमाससंयुतं
द्विस्थं दस्रतुरङ्गर्तुकोषत्तीर्थगुणैर्वधं
खाभ्रव्योमखभ - ङ्गलोकशून्यमुखैर्हृतं
क्षेप्य ह्याधिकमासैस्तु। खतृघ्न तिथिसंयुतम्
द्विस्थ घ्ना खरसेष्वब्धिकोषरूपखपञ्चभिः ।।
भक्तं खाब्धिखशून्याभ्र - षखद्विहुताशनैः
शोध स्या वमलब्धेन भार्गवादि च हर्गणम् ।।०।।

अस्याङ्कटीका:

गताब्द गुण १२ मासयुत द्विधाधरि गुण ३१८६६७२ भाग १०३६८०००० फल ऊर्द्धे योज्यः तद्गुण ३० तिथियुत

---

३. यही ग्रन्थका ४९-५० पृष्ठ।

द्विधा गुण ५०१६४५६० । भाग ३२०६०००१६० फलं उपरि-मराशौ शोध्य शेषा शुक्रादि द्युगणः ।।०।।

सुमते महातन्त्रे प्रथमाऽहर्गण समाप्तः ।।०।।

(ताडपत्र ८ क पत्र, प्रकाशित सुमतितन्त्रका १४-१५ पृष्ठ)

संशोधित पाठ

युगस्याऽस्य कलेर् याता अब्दा द्वादशभिर् १२ हताः ।
चैत्रप्रभृतिभिर् मासैर् व्यतियातैः समन्विताः ।।
सम्पद्यन्ते सौरमासा मासाः सौराऽभिधा अमी ।
पृथग् दस्रतुरङ्गर्तुकोषतीर्थगुणैर् ३१८६६७२ हताः ।।
खाऽभ्रव्योमखभद्रर्तुलोकशून्यमुखैर् १०३६८०००० हृताः ।
भवेयुरधिमासास् तैः सौरमासाः समन्विताः ।।
स्युश् चान्द्रमासाश् चान्द्रा।ऽख्या मासा व्योमगुणैर् ३०हताः ।
शुक्ला।ऽदियाततिथिभिः स्वमासस्य समन्विताः ।।
सङ्घातश् चान्द्रघस्राणां स्याच् चान्द्राहसमुच्चयम् ।
हत्वा व्योमरसेष्वब्धिकोषरूपखपञ्चभिः ५०१६४५६० ।।
भजेत् खाऽष्टिखशून्याऽभ्रकोषखद्विहुताशनैः ३२०६०००१६० ।
क्षयाहाः संप्रजायन्ते क्षयघस्रैर् विवर्जितः ।।
समूहश् चान्द्रघस्राणां सावनाऽहर्गणो भवेत् ।
सावनाऽहर्गणे तष्टे सप्तभिर् ७ वार आप्यते ।।
शेषे शून्या०दिभिस् तुल्ये वारः शुक्रा।ऽदिको भवेत् ।
परीक्षा घस्रङ्घस्य कार्या वारेण धीमता ।।

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

कलिगताब्दान् द्वादशभिर् १२ गुणयेद्, गुणनफले चैत्रा।ऽदि-गतमासा योज्याः, सौरमासाः स्युः । सौरमासान् दस्रतुरङ्गर्तु-

कोषतीर्थगुणैर् ३१८६६७२ (त्रीणी प्रयुतानि, एकं लक्षम्, अष्ट अयुतानि, षट् सहस्राणि, षट् शतानि, द्विसप्ततिः, अनया सङ्ख्यया) गुणयेद्, भाज्यराशिः स्यात्। भाज्यराशिं खाऽभ्र व्योमखभद्रर्तुलोकशून्यमुखैर् १०३६८०००० (एकम् अर्बुदं त्रीणि प्रयुतानि, षड् लक्षाणि, अष्टौ अयुतानि, अनया सङ्ख्यया) भजेद्, अधिमासा लभ्यन्ते। सौरमासा अधिमासैर् योज्याः, चान्द्रमासाः स्युः। चान्द्रमासान् व्योमगुणैर् ३० (त्रिंशता) गुणयेत्। गुणनफले वर्तमानस्य मासस्य शुक्लादिका गततिथयो योज्याः, तिथिगणः स्यात्। तिथिगणं व्योमरसेष्वब्धिकोषरूपखपञ्चभिर् ५०१६४५६० (पञ्च कोटयः, एकं लक्षम्, षड् अयुतानि, चत्वारि सहस्राणि, पञ्च शतानि, षष्टिः, अनया सङ्ख्यया) गुणयेद्, भाज्यराशिः स्यात्। भाज्यराशिं खाऽष्टिखशून्याऽभ्रकोषखद्विगुणैर् ३२०६०००१६० (त्रीणि पद्मानि, द्वे अर्बुदे, षट् प्रयुतानि, एकं शतम्, षष्टिः, अनया सङ्ख्यया) भजेद्, अवमाहा लभ्यन्ते। अवमाहैर् ऊनितस् तिथिगणः सावनाऽहर्गणो भवति। सावनाऽहर्गणं सप्तभिस्७ तक्षुयात्। शून्य०शेषे शुक्रवार एक१शेषे शनिवार इति क्रमेण वारः स्यात्। वारेणाऽहर्गणपरीक्षा कार्या।

[कलिगत वर्षगणलाई १२ ले गुन्नू। गुणनफलमा चैत्रादि गत महीना जोड्नू। योग सौरमासगण हुन्छ। सौरमासगणलाई ३१८६६७२ (एकतीस लाख छयासी हजार छ शय बहत्तर) ले गुनी १०३६८०००० (दश करोड छत्तीस लाख असी हजार) ले भाग लिनू। लब्धि गताधिमास हुन्छ। शेष अधिशेष हुन्छ। सौरमासगणमा गताधिमास जोड्नू। योग चान्द्रमासगण हुन्छ। चान्द्रमासगणलाई ३० ले गुन्नू। गुणनफलमा वर्तमान चान्द्रमासका शुक्लादि गत तिथि जोड्नू। योग तिथिगण हुन्छ। तिथिगणलाई ५०१६४५६० (पाँच करोड एक लाख चौसट्ठी हजार पाँच शय साठी) ले गुनी ३२०६०००१६० (तीन पद्म बीस करोड साठी लाख एक शय साठी) ले भाग लिनू। लब्धि गतावम हुन्छ। शेष अवमशेष हुन्छ।

तिथिगणबाट गतावम घटाउनू । शेष अहर्गण हुन्छ । अहर्गणलाई ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू) । ० शेष रहे शुक्रवार, १ शेष रहे शनिवार, २ शेष रहे आदित्यवार इत्यादि क्रमले वार हुन्छ ।]

(वि. सं. २०३४ मा त्रिभुवन-विश्वविद्यालयको संस्कृत-अध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादा १३ अङ्कमा छापिएको नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश भन्ने निबन्ध, सो अङ्कका १३-१५ पृष्ठ । यहाँ संशोधित पाठको अङ्कव्याख्यामा अलिकति संशोधन गरिएको छ ।)

सुमतितन्त्रको अहर्गण ल्याउने यस सूत्रअनुसार

$$\text{अधिमास} = \frac{\text{सौरमास} \times ३१८६६७२}{१०३६८००००}$$

$$\text{अवमदिन} = \frac{\text{चान्द्रदिन} \times ५०१६४५६०}{३२०६०००१६०}$$

यी समीकरण बन्छन् ।

$$\text{अधिमास} = \frac{\text{सौरमास} \times \text{युगअधिमास}}{\text{युगसौरमास}}$$

$$\text{अवमदिन} = \frac{\text{तिथिगण} \times \text{युगअवमदिन}}{\text{युगचान्द्रदिन}}$$

यी समीकरण प्रचलित छन् ।

यस कारण सुमतितन्त्रअनुसार

युगअधिमास = ३१८६६७२
युगसौरमास = १०३६८००००
युगअवमदिन = ५०१६४५६०
युगचान्द्रदिन = ३२०६०००१६०

यी रूप बस्न आउँछन् ।

१२)१०३६८०००० (८६४०००० युगसौरवर्ष = युगसूर्यभगण
 ९६

 ७६
 ७२

 ४८
 ४८

१०३६८००००	युगसौरमास
+ ३१८६६७२	युगअधिमास
१०६८६६६७२	युगचान्द्रमास

१०६८६६६७२	युगचान्द्रमास
+ ८६४००००	युगसूर्यभगण
११५५०६६७२	युगचन्द्रभगण

१०६८६६६७२	युगचान्द्रमास
× ३०	
३२०६०००१६०	युगचान्द्रदिन (चान्द्रदिनको यो सङ्ख्या अवमदिन ल्याउन सुमतितन्त्रमा दिइएको संख्या-सँग मिल्छ ।)

यस कारण सुमतितन्त्रअनुसार

युगसौरवर्ष	=	८६४००००	= युगसूर्यभगण
युगसौरमास	=	१०३६८००००	
युगअधिमास	=	३१८६६७२	
युगचान्द्रमास	=	१०६८६६६७२	
युगचन्द्रभगण	=	११५५०६६७२	
युगचान्द्रदिन	=	३२०६०००१६०	
युगअवमदिन	=	५०१६४५६०	

यी रूप बस्न आउँछन् ।

यताबाट

८६४०००० सौरवर्षमा

अधिमास = ३१८६६७२
अवमदिन = ५०१६४५६०

हुने देखिन्छ ।

सौरवर्ष	अधिमास	अवमदिन
४ । ८६४००००	३१८६६७२	५०१६४५६०
४ । २१६००००	७९६६६८	१२५४११४०
३ । ५४००००	१९९१६७	३१३५२८५
१८००००	६६३८९	१०४५०९५

सौरवर्ष, अधिमास, अवमदिनका अपवर्तित रूप

सौरवर्ष = १८००००
अधिमास = ६६३८९
अवमदिन = १०४५०९५

यिनै अपवर्तित रूप लिई

वर्षायुते धृति१८००००घ्ने
नववसुगुणरसरसाः६६३८९ स्युरधिमासाः ।
सावित्रे शरनवखे-
न्द्रियार्णवाऽशास्१०४५०९५ तिथिप्रलयाः ।।१४।।

(पञ्चसिद्धान्तिका १ अध्याय)

[सूर्यसिद्धान्तअनुसार १८०००० सौरवर्षमा ६६३८९ अधिमास तथा १०४५०९५ अवमदिन हुन्छन् ।]

वराहमिहिरले यस्तो बोले ।

वराहमिहिरको सूर्यसिद्धान्त र सुमतितन्त्रको सूर्यसिद्धान्त एउटै हो भन्ने यताबाट पनि देखिन आउँछ।

ताडपत्रको पाठ

अहर्गणं घात खशून्यनागैः शैला।भ्रदस्रध्रुवनन्दपक्षैः।
भग्नादिकम्भाज्य यथाक्रमेण रात्यर्द्धकम्मध्यमभास्करस्य।
अस्य सूत्रस्याङ्क।
भानो गुण८०० भग्नादि भाग २९२२०७

(ताडपत्रको १४ क-१४ख पत्र, प्रकाशित सुमतितन्त्रको २१ पृ

संशोधित पाठ

हत्वा द्युवृन्दं गगनाऽभ्रनागैः ८००
शैलाऽभ्रदस्रध्रुवनन्दपक्षैः२९२२०७।
भजेत मध्यस्तरणिः प्रसिध्येल्
लङ्काऽर्धरात्रे भगणा।ऽदिरूपः ।।
अस्य सूत्रस्याऽङ्कव्याख्या।

अहर्गणं गगनाऽभ्रनागैर्८००(अष्टशत्या) गुणयित्वा शैलाऽभ्रदस्रध्रुवनन्दपक्षैर् २९२२०७(द्वे लक्षे, नव अयुतानि, द्वे सहस्रे, द्वे शते, सप्त अनया सङ्ख्यया) भजेत्। लब्धिर् लङ्कायाम् अर्धरात्रे मध्यमः सूर्यः स्यात्।

[अहर्गणलाई ८०० (आठ शय) ले गुनी २९२२०७ (दुइ लाख बयानब्बे हजार दुइ शय सात) ले भाग लिनू, भगणादि मध्यम सूर्य आउँछन्। सुमतितन्त्रबाट आएका मध्यम ग्रह लङ्काको आधा रातका हुन्छन्।]

यताबाट
सूर्यभगण = ८०० = सौरवर्ष
सावनदिन = २९२२०७

यो रूप बस्छ।

द्युगणेऽर्कोऽष्टशत८००घ्ने विपक्षवेदार्णवे४४२र्कसिद्धान्ते ।
स्वरखद्विद्विनवयमो२९२२०७द्धृते क्रमाद् दिनदलेऽवन्त्याम् ।।

वराहमिहिरको यस सूत्रबाट[४] पनि सुमतितन्त्रको सूत्रअनुसारको रूप बस्छ । यो कुरा माथि लेखिसकिएको छ । यस कारण यी दुइटैको आधार एउटै हो भन्ने कुरा ऋन् स्पष्ट हुन्छ ।

यहाँसम्मका कुराबाट सूर्य र चन्द्रका विषयमा सुमतितन्त्र र पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तको साम्य देखियो । यस्तै साम्य अरु ग्रहका विषयमा पनि हुन्छ ।

[नयराज पन्त (सहायक- देवीप्रसाद भण्डारी दिनेशराज पन्त) को यो लेख पूर्णिमा ४१ अङ्कको १-१९ पृष्ठबाट लिइएको हो ।]

---

४. यही ग्रन्थका ४९-५० पृष्ठ ।

अंशुवर्मा र सुमतितन्त्र

पौलिशसिद्धान्त, रोमकसिद्धान्त, वासिष्ठसिद्धान्त, सूर्यसिद्धान्त, पै
सिद्धान्तमध्ये सबभन्दा शुद्ध सूर्यसिद्धान्त हो भनी वराहमिहिरले बोलेका छ
वराहमिहिरको सूर्यसिद्धान्त र सुमतितन्त्रको सूर्यसिद्धान्त एउटै मूलका हु

सुमतितन्त्रकार आफूले सुमतितन्त्र महादेवबाट पाएको कुरा स्पष्ट
बोल्छन्—

ताडपत्रको पाठ

साधु साधु महाप्राज्ञ साम्प्रतङ्कथयाम्यहम्
श्रीकण्ठात्प्राप्तितो मह्यं यत्नतो त - - - म् ।

(१ ख पत्र, प्रकाशित सुमतितन्त्रको ३ पृ

संशोधित पाठ

साधु साधु महाप्राज्ञ साम्प्रतं कथयाम्यहम् ।
प्राप्तं मयैतच्च् श्रीकण्ठाद् महता तपसा पुरा ॥

[राम्रो कुरा सोध्यौ । तिमी बुद्धिमान् रहेछौ । म अब आफूले
तपस्या गरेर महादेवबाट पाएको सिद्धान्त तिमीलाई भनिदिन्छु ।]

यताबाट सुमतितन्त्रकार माहेश्वर सम्प्रदायका अनुयायी देखिन्छन् ।

विक्रमको सातौं शताब्दीको उत्तरार्धका नेपालका लिच्छविकालका रा
अंशुवर्मा आफूमा भगवत्पशुपतिभट्टारकपादानुगृहीतः (भगवान् पशुपतिनाथको
पाउको अनुग्रह पाएका) भन्ने विशेषण जोड्थे । यो विशेषण उनका प्रत्येक

---

१. यही ग्रन्थको ९८ पृष्ठ ।

२. यही ग्रन्थका १५४-१७७ पृष्ठ ।

अभिलेखमा भेटिन्छ[२] । अंशुवर्माभन्दा अघिका नेपालका शासकले भगवत्पशुपति-भट्टारकपादानुगृहीतः भन्ने पदवी लिएको देखिदैन ।

सुमतितन्त्रको मूल सूर्यसिद्धान्तलाई सबभन्दा शुद्ध सिद्धान्त भनी वराह-मिहिरले बोल्नु, सुमतितन्त्रमा उल्लिखित संवत्अनुसार मात्र अंशुवर्मा र उनी-भन्दा पछिका लिच्छविकालका अभिलेखका तिथिमिति गणनाबाट मिल्नु, अंशुवर्माले वारको प्रयोग गर्न थाल्नु, सुमतितन्त्रकारले र अंशुवर्माले पनि आफूलाई माहेश्वर भन्नु इत्यादि देखिएकोले सुमतितन्त्रअनुसारको गणनापद्धति चलाउने कामका अग्रसर अंशुवर्मा नै देखिन आउँछन् ।

यसै प्रसङ्गको अर्को एउटा चाखलाग्दो कुरा पनि भनिहालौं—

व्यवस्थितार्यमर्यादः कृतवर्णाश्रमस्थितिः ।
त्रय्या हि रक्षितो लोकः प्रसीदति न सीदति ।।१६।।

(कौटलीय अर्थशास्त्र १ अधिकरण ३ अध्याय)

[आर्यमर्यादाको व्यवस्थालाई मानेको, वर्णाश्रमको स्थितिमा रहेको, वेदोक्त धर्मले पालना गरिएको राष्ट्र उन्नति गर्दै जान्छ, कहिल्यै बिग्रदैन ।]

स्वस्ति नैपालेभ्यः सकलजगद्विसारिकीर्त्तिरनतिवृत्तार्य्य-मर्य्यादासेतुर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुद्ध्यातः श्रीमहासामन्तांशुवर्मा कुशली ...

(टिस्टुङ्गको अंशुवर्माको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम हेमराज शाक्यद्वारा प्रकाशित भएको हो ।)

[नेपालीहरूलाई कल्याण होस् । सारा संसारमा कीर्ति फैलिएका, आर्यमर्यादा (वर्णाश्रमव्यवस्था) का बन्देजलाई ननाघेका, भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका, बप्प (बुवा) को पाउको अनुग्रह पाएका, गायमा आराम रहेका श्रीमहासामन्त अंशुवर्माले ।]

(लिच्छविकालका अभिलेखको ३११ पृष्ठ)

कौटल्यको आदर्शले प्रभावित भएर नै अंशुवर्माले आफूमा अनतिवृत्तार्य्य-

---

२. लिच्छविकालका अभिलेखका २९०-३६४ पृष्ठ ।

मर्य्यादासेतुः (वर्णाश्रमव्यवस्थाका बन्देजलाई नमाघेका) भन्ने विशेषण लगाएको देखिन्छ । यही आदर्शले र कन्याखण्डमा मात्र वर्णाश्रमव्यवस्था रहेको छ अन्यत्र छैन भन्ने परम्पराले प्रेरित भएर सुमतितन्त्रकारले—

-- षेन प्रवक्ष्यामि कन्यादीपस्य निश्चयम्...
शून्ययुग्मरसैकञ्च स्वाक्षांशञ्च विनिर्दिशेत् ।[४]

लेखी आफ्नो देशको अक्षांशकला १६२० (२७ अंश) बताई आफ्नो देशलाई[५] कन्याद्वीप (कन्याखण्ड) भनी बोलेका छन् ।

भास्करले दिएको कन्याखण्डको परिभाषा यस प्रकार छ—

ऐन्द्रं कशेरुशकलं किल ताम्रपर्णम्
अन्यद् गभस्तिमदतश् च कुमारिकाऽऽख्यम् ।
नागं च सौम्यमिह वारुणमन्त्यखण्डं
गान्धर्वसंज्ञमिति भारतवर्षमध्ये ।।४१।।
वर्णव्यवस्थितिरिहैव कुमारिकाऽऽख्ये
शेषेषु चाऽन्त्यजजना निवसन्ति सर्वे ।

(सिद्धान्तशिरोमणि भुवनकोशाध्याय)

[भारतवर्षका ऐन्द्र, कशेरु, ताम्रपर्ण, गभस्तिमद्, कुमारिका (कन्या), नाग, सौम्य, वारुण, गान्धर्व यी नौवटा खण्ड छन् । यीमध्ये कन्याखण्डमा मात्र वर्णव्यवस्था रहेको छ । अरु सबै खण्डमा अन्त्यज जाति बस्दछन् ।]

यताबाट अंशुवर्मा वर्णाश्रमव्यवस्थाका पक्षपाती भएकाले, सुमतितन्त्रअनुसारको पञ्चाङ्गका प्रवर्तक पनि अंशुवर्मा नै भएकाले र कन्याखण्डभन्दा अन्यत्र वर्णाश्रमव्यवस्था छैन भन्ने परम्परा भएको हुनाले पनि सुमतितन्त्रकारले आफ्नो देशलाई कन्याखण्ड भनेको देखिन्छ ।

□

---

४. यही ग्रन्थको १२६ पृष्ठ ।

५. सुमतितन्त्रको रचना नेपालद्रोणीभन्दा अन्यत्र भएको हुन सक्तैन भन्ने कुरा हामीले यही ग्रन्थका १२५–१३५ पृष्ठमा लेखिसकेका छौं ।

पूर्व पक्ष

यहाँसम्मका कुराबाट अंशुवर्मादेखिका नेपालका शासकहरूले सुमतितन्त्रमा उल्लिखित मानदेवसंवत्को व्यवहार गरेका र उनीभन्दा अघिका लिच्छविहरूले शकसंवत्को व्यवहार गरेका हुन् भन्ने कुरा सप्रमाण सिद्ध भएको छ। अब हामी अरू विद्वान्हरूको मतको परीक्षातिर लाग्छौं। यसो गर्ने शिक्षा हामीलाई भास्कराचार्यले दिएका हुन्। जस्तै–

परोक्तेर् अन्यथा ब्रूयाद् यः परान् न प्रदूषयेत्।
तस्यैव दूषणं तद्धि न दोषोऽतोऽन्यदूषणे ॥५७॥

(सिद्धान्तशिरोमणि ग्रहणवासनाधिकार)

[अरूले एक थोक भनेकोमा सो स्वीकार नगरी जो मानिस अर्को थोक भन्छ, परन्तु उसको त्यो कुरा खण्डन गर्न सक्तैन भने सो मानिस नै दोषी ठहर्छ। त्यस कारण अरूको खण्डन गर्नु कुनै दोष होइन।]

अरू विद्वान्हरूले स्वीकार गरेको कुरालाई हामीले स्वीकार गरेनौं। त्यस कारण उनीहरूको मतको हामीले सप्रमाण खण्डन गर्नैपर्छ। यदि यसो गरेनौं भने हाम्रै दोष ठहर्छ।

[१]

भगवानलाल इन्द्राजीको मतको परीक्षा

नेपालको इतिहासलाई प्रमाणपूर्वक परीक्षा गरी लेख्ने कामको थालनी भगवानलाल इन्द्राजीले गरे। काठमाडौं आई उनले यहाँबाट लिच्छविकालका १५ वटा अभिलेखका उतार लगी वि. सं. १९३७ मा छपाई त्यसको विवेचना पनि गरे।

कलिगताब्द २८०० मा वसन्तदेव तथा कलिगताब्द ३००० मा अंशुवर्मा भए भनी वंशावलीमा लेखिएको छ। यसअनुसार विक्रमपूर्व २४४ मा वसन्तदेव र विक्रमपूर्व ४४ मा अंशुवर्मा भएका देखिन्छन्। वसन्तदेव तथा अंशुवर्माका अभिलेख भगवानलालले पाए। वसन्तदेवको अभिलेखको लिपि विक्रमको पाचौं, छैटौं शताब्दीको छ। तथा अंशुवर्माका अभिलेखको लिपि विक्रमको छैटौं, सातौं शताब्दीको छ। लिपिविशेषज्ञ भगवानलालले यो कुरो राम्ररी थाहा पाए। चिनियाँ यात्री युवान च्वाङ्का सामानकालिक अंशुवर्मा हुन् भन्ने कुरो उनको यात्रावर्णनबाट थाहा पाइन्छ। युवान च्वाङ्को यात्रा विक्रमको सातौं शताब्दीको उत्तरार्द्ध मा भएको हो। यस कारण अंशुवर्मा विक्रमको सातौं शताब्दीको उत्तरार्द्धका हुन् भन्ने कुरो भगवानलालले निश्चय गरे। यस कारण वंशावलीमा दिइएका ती संवत् अशुद्ध हुन् भन्ने कुरो भगवानलालले बोले।[१]

विक्रमसंवत् ६६३ देखि हर्षसंवत् चलेको थियो भन्ने कुरा अलबेरुनीको ग्रन्थबाट देखिन्छ। हर्षवर्द्धनको र अंशुवर्माको पनि युवान च्वाङ्ले आफ्ना सामानकालिकको रूपमा वर्णन गरेकाले भगवानलालले अंशुवर्मादेखिका नेपालका शासकका अभिलेखमा देखिएको संवत् वि. सं. ६६३ देखि उठेको हर्षसंवत् हो भन्ने आफ्नो विचार प्रकट गरे।[२] यस कारण पशुपतिमा रहेको द्वितीय जयदेवको

---

१. भगवानलालको ग्रन्थ [ट्वेन्टिथ्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् (नेपालबाट ल्याइएका २३ वटा अभिलेख)] को ४३ पृष्ठ।

२. भगवानलाल ४५-४६ पृष्ठ

संवत् १५३ को[३] अभिलेखको समय वि. सं. ८१६ हो भनी भगवानलालले निश्चय गरे। मानदेव, महीदेव, वसन्तदेव, उदयदेव तथा अभिलेखमा नाउँ नलिई संख्या मात्र दिइएका तेह्र जना राजा, नरेन्द्रदेव, द्वितीय शिवदेव, द्वितीय जयदेवसमेत जम्मा २० राजामध्ये तीनचार जना राजा मात्र बाबुपछि छोराको क्रमले आएका थिएनन् भनी मान्ने हो भने पनि एक पुस्ताको लागि सालाखाला २५ वर्ष जति पर्ने हुनाले मानदेव र द्वितीय जयदेवको बीचमा ४०० वर्ष जतिको अन्तर छ भन्ने कुरो भगवानलालले निश्चय गरे। द्वितीय जयदेवको समय वि. सं. ८१६ हो भनी भगवानलालले निश्चय गरेकाले र संवत् ४१३ को मानदेवको शिलालेख समेत उनले पाएकाले मानदेवदेखि प्रथम शिवदेवसम्मका अभिलेखमा देखिएका संवत् विक्रमसंवत् हुन् भनी भगवानलालले निश्चय गरे।[४]

लिपिविशेषज्ञ भगवानलालले मानदेवको अभिलेखको अक्षरसँग मिल्दाजुल्दा अक्षर स्कन्दगुप्तको अभिलेखमा भेट्टाए। गुप्तसंवत् वि. सं. २४७ देखि उठेको हो भन्ने संझी स्कन्दगुप्तको समय विक्रमको चारौं शताब्दीको उत्तरार्द्धतिर हो भन्ने भगवानलालले संझेका थिए। त्यस कारण लिपिको आधारबाट पनि मानदेवको अभिलेखमा दिएको संवत् विक्रमसंवत् हो भन्ने भगवानलालले संझे।[५]

यसरी मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् विक्रमसंवत् तथा अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६६३ देखि उठेको हर्षसंवत् हो भन्ने कुरो भगवानलालले सिद्ध गरे। भगवानलालको विचार बुझ्न सजिलो होस् भनी उनको ग्रन्थको नेपाली अनुवाद परिशिष्टमा दिइएको छ यहाँ उनको विचारको सार मात्र दिइएको हो। अब भगवानलालको मतको परीक्षा गरिन्छ।

अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् निर्णय गर्ने चारवटा आधार पाइएका छन्।[६] त्यस कारण पहिले ती आधारद्वारा भगवानलालको मतको परीक्षा गरिन्छ।

---

३. अभिलेखको संवत्लाई जुन विद्वान्ले जति भनी पढी आफ्नो मतको स्थापना गरेका छन्, उनको मतको परीक्षा गर्दा अभिलेखको संवत्को संख्या उनले पढेअनुसार नै लिइएको छ।

४. भगवानलाल ५०–५१ पृष्ठ

५. भगवानलाल ५१ पृष्ठ

६. यही ग्रन्थका ७–८ पृष्ठ

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

६६३+३१=६९४ हुने हुनाले यस अभिलेखको संवत् ३१ भगवानलालको मतअनुसार वि. सं. ६९४ (शकसंवत् ५५९) हुन्छ ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो।[७] यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६९४ (शकसंवत् ५५९) को कार्तिकशुक्लदेखि वि. सं. ६९५ (शकसंवत् ५६०) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५६० को वैशाखमा अधिमास छ । यो अधिमास अभिलेखको संवत् ३१ को वैशाखमा पर्दछ ।

चैत्रादिभाद्रपदान्तानि यदा सङ्क्र टयुटयते ।
आषाढमासवृद्धिः स्यान्नारदस्य वचो यथा ।।
अश्विन्यादिफाल्गुणान्तानि यदा सङ्क्रम त्रुटयते ।
पौषमासा निवर्द्धन्ते मासवृद्धि विधीयते ।।
ननु इति कथमयनमेव मासवृद्धिः ।।
कर्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे ।
मानो सङ्क्रमणे नष्टे द्विराषाढो विधीयते ।।
मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ।।

---

७. यही ग्रन्थको ९ पृष्ठ ।

अधिमासा यदा नष्टा रयणे द्वे सुचिन्तयेत् ।
द्विराषाढो द्विपौषश्च भारद्वाजस्य वचनं यथा ॥
(वीरपुस्तकालय पहिलो १६३४ सङ्ख्याको ताडपत्रमा लेखिएको धर्म. निर्णयतिथिसारसङ्ग्रहका २१ ख–२२ क पत्र ।)

यताबाट

नारदको मतअनुसार

चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्रमा अधिमास परे सो अधिमास आषाढमा मानिने

आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुनमा अधिमास परे सो अधिमास पौषमा मानिने

भारद्वाजको मतअनुसार

श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौषमा अधिमास परे सो अधिमास आषाढमा मानिने

माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ, आषाढमा अधिमास परे सो अधिमास पौषमा मानिने

देखिन्छ ।

यस कारण संवत् ३१ शकसंवत् ५६० को वैशाखमा परेको अधिमास भारद्वाजको मतअनुसार पौषमा मानिने हुनाले र उक्त अभिलेखमा पौषमा अधिमास लेखिएको हुनाले यो अधिमास मिलन आयो ।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायम् ।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

६६३ + ३४ = ६९७ हुने हुनाले यस अभिलेखको संवत् ३४ भगवानलालको मतअनुसार वि. सं. ६९७ (शकसंवत् ५६२) हुन्छ ।

अब संवत् ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण अभिलेखको संवत् ३४, वि. सं. ६९७ (शकसंवत् ५६२) को कार्तिकशुक्लदेखि वि. सं. ६९८ (शकसंवत् ५६३) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५६२ को भाद्रमा अधिमास छ। शकसंवत् ५६२ को भाद्र महीना त अभिलेखको संवत् ३४ मा होइन, ३३ मा पर्छ । यस कारण संवत् ३४ मा अधिमास पर्दैन । परन्तु पाटनको उक्त अभिलेखमा संवत् ३४ को पौषमा अधिमास लेखिएको छ ।

यस कारण भगवानलाल इन्द्राजीले सकारेको संवत्अनुसार यो अधिमास मिलेन ।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया ।
माघशुक्लत्रयोदश्यास्पुष्येण सवितुर्दिने ।।

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ ।

६६३ + ३१ = ६९४ हुने हुनाले यस अभिलेखको संवत् ३१ भगवानलालको मतअनुसार वि. सं. ६९४ हुन्छ ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट आइतवार तथा तिष्यनक्षत्र आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६९४) माघशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
सोम	त्रयोदशी	३६ ।	५७	तिष्य	२२ ।	११

आयो ।

परन्तु चाँगुको उक्त अभिलेखमा आइतवार लेखिएको छ ।

सोमवार त्रयोदशीको ३९ घडी ५७ पला तथा तिष्यको २२ घडी ११ पला यहाँ आएका छन् । यस कारण आइतवार द्वादशी उप्रान्त त्रयोदशी र पुनर्वसु उप्रान्त तिष्य लाग्ने स्पष्ट देखिन्छ । यस कारण कट्टं हेर्दा भगवानलालले सकारेको

संवत्अनुसार यो तिथिमिति नमिलेको देखियो तापनि वास्तवमा मिल्ने हुनाले माघशुक्ल द्वादशीको गणना गर्नुपर्‍यो ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६९४) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
आइत	द्वादशी	४५। ५७	पुनर्वसु	२६। ११

आयो।

आइतवार ४५ घडी ५७ पला उप्रान्त त्रयोदशी लाग्ने र २६ घडी २१ पला उप्रान्त तिष्यनक्षत्र लाग्ने हुनाले त्यस दिन ४५ घडी ५७ पला उप्रान्त त्रयोदशी तथा तिष्यनक्षत्र पर्ने भयो । यस कारण भगवानलालको मतअनुसार यो तिथिमिति मिलन आयो ।

(४) वर्षे चैकोत्तरस्मिस्त्रितयशतगते माधवे मासि शुक्ले।
सप्तम्यां पुष्यऋक्षे दश (श) तकिरणे वासरे सिद्धयोगे ॥

(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।

६६३ + ३०१ = ९६४ हुने हुनाले यस अभिलेखको संवत् ३०१ भगवानलालको मतअनुसार वि. सं. ९६४ हुन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण अभिलेखको संवत् ३०१ वि. सं. ९६४ को कार्तिकशुक्लदेखि वि. सं. ९६५ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ । अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस बेला वि. सं. ९६५ हुन्छ ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ९६५) वैशाखशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
आइत	सप्तमी	६०। ०	पुनर्वसु	११। ३६

आयो।

सप्तमीको दिन पुनर्वसु ११ घडी ३६ पलासम्म रहन्छ, त्यसपछि तिष्यनक्षत्र लाग्छ।

आइतवार तिष्यनक्षत्र परेकोले सर्वार्थसिद्ध (सिद्ध) योग पऱ्यो।[८]

यस कारण भगवानलाल इन्द्राजीले सकारेको संवत्अनुसार यो तिथिमिति मिल्न आयो।

यस कारण भगवानलाल इन्द्राजीले सकारेको संवत्अनुसार भक्तपुर इनायचोको अभिलेखको अधिमास, चाँगुको अंशुवर्माको अभिलेखको तिथिमिति र केसरपुस्तकालयको सौश्रुतीसंहिता सहोत्तरानामक पुस्तकको पुष्पिकावाक्यको तिथि-मिति मिल्न आए, परन्तु पाटन सुनधाराको अभिलेखको अधिमास मिलेन। प्रामाणिक संवत्बाट गणना गर्दा जम्मै (अधिमास र तिथिमिति) मिल्दछन्। जस्तै सुमतितन्त्रले बताएअनुसार अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३२ देखि उठेको मानदेवसंवत् हो भनी मान्दा जम्मै अधिमास तथा तिथिमिति मिलेका छन्।[९]

भगवानलाल इन्द्राजीले निश्चित गरेको संवत्अनुसार एउटा अधिमास नमिलेको हुनाले अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् हर्षसंवत् हो भन्ने उनको सिद्धान्त प्रमाणबाट सिद्ध हुँदैन।

अब मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् विक्रमसंवत् हो भनी भगवानलालले निश्चित गरेको मतको परीक्षा गरिन्छ। सबभन्दा पहिले स्कन्दगुप्त र मानदेवका अभिलेखमा देखिएका अक्षरको सादृश्यबाट मानदेवको चाँगुको अभिलेखको समय वि. सं. ३८६ हो भनी उनले गरेको निर्णयको परीक्षा गरिन्छ।

"अभिलेखका लिपिको विचार गर्दा यो क्रम मिल्न आउँछ। मानदेवका अभिलेखका अक्षर गुप्तका अभिलेखका अक्षरसँग विशेष गरी स्कन्दगुप्तको स्तम्भाभि-लेखका अक्षरसँग ठ्याक्क मिल्दछन्। विक्रमको तेस्रो शताब्दीको मध्यतिर गुप्त-संवत्को उठान भएको हो भन्ने कुरा आजभोलि निश्चितप्राय भएको छ। श्री ई. वेलेले भने जस्तै गुप्तसंवत् वि. सं. २४७ देखि उठेको हुनु धेरै सम्भव छ। यस कारण स्कन्दगुप्तको राज्यकाल विक्रमको चारौं शताब्दी हुन आउँछ। ठीक यही कालमा मानदेव पनि राज्य गरिरहेका थिए।"

(भगवानलाल ५१ पृष्ठ)

---

८. यही ग्रन्थको २७ पृष्ठ।


९. यही ग्रन्थका ७–२८ पृष्ठ।



च्छेत्तुः पृथिव्यामप्रतिरथस्य चतुरुदधिसलिलस्वादित

(स्कन्दगुप्तको भितरीको स्तम्भाभिलेखबाट)

(फ्लीटको भारतीय अभिलेख–सङ्ग्रह तेस्रो भागका ५३–५४ पृष्ठ। चित्रफलक ७ सङ्ख्या)



संवत् ३८६ ज्येष्ठमा(से) शुक्लपक्षे प्रतिपदि १ (रो)हिणीनक्षत्त्रयुक्ते चन्द्रमसि

(मानदेवको चाँगुको स्तम्भाभिलेखबाट।)

(भगवानलालको ग्रन्थका १–३ पृष्ठ। चित्रफलक १ सङ्ख्या)

भगवानलालले स्कन्दगुप्तको अभिलेखको र मानदेवको अभिलेखको अक्षरको सादृश्यबाट यी दुवै अभिलेख एकै ताकाका हुन् भनी जो निर्णय गरे सो बुद्धिमत्तापूर्ण छ।

गुप्तसंवत्‌को उठान वि. सं. ३७६ देखि भएको हो।[10] भगवानलालको समयमा यो कुरा निर्णय भइसकेको रहेनछ र वि. सं. २४७ देखि गुप्तसंवत् उठेको हो भनी उनले सम्झेका रहेछन्। यस कारण स्कन्दगुप्तको संवत् १४१ को अभिलेखलाई भगवानलालले (१४१+२४७=३८८ हुने हुनाले) वि. सं. ३८८

१०. इतिहास–संशोधनको प्रमाण–प्रमेयको ६८ पृष्ठ।

को हो भनी सम्झर मानदेवको चांगुको अभिलेखको संवत् ३८६ लाई विक्रमसंवत् ३८६ हो भनी माने ।

गुप्तसंवत् वि. सं. ३७६ देखि उठेको हुनाले र १४१+३७६=५१७ हुने हुनाले स्कन्दगुप्तको समय वि. सं. ५१७ हुन्छ । मानदेवको अभिलेखको संवत् ३८६ शकसंवत् हुनाले र ३८६+१३५=५२१ हुने हुनाले मानदेवको समय वि. सं. ५२१ हुन्छ । यस कारण अक्षरको सादृश्यबाट स्कन्दगुप्त र मानदेव उही कालका हुन् भनी भगवानलालले जो निर्णय गरे सो शुद्ध छ ।

गुप्तसंवत्को प्रारम्भका विषयमा भगवानलालले १२९ वर्षको फरक पारेका हुनाले मानदेवको अभिलेखको संवत् ३८६ लाई शकसंवत्को सट्टा विक्रमसंवत् मान्न उनी पुगेका हुन् ।

अब अर्को एउटा कुरो पनि गरिहालौं । प्रथम शिवदेव र अंशुवर्माको संयुक्त शासनकालका अभिलेखका संवत् तीन सय चानचुनका हुन् भनी बेन्डाल तथा फ्लीटहरू भन्छन् । पाँच सय चानचुनका हुन् भनी लेभी भन्छन् ।[११] यस विषयमा भगवानलाल के भन्छन् यो कुरो थाहा छैन, किन भने भगवानलालको ग्रन्थ प्रकाश भइसकेपछि ती अभिलेख प्रकाश भएका हुन् । विक्रमको सातौं शताब्दीको उत्तरार्द्धमा अंशुवर्मा भएका हुन् भनी भगवानलालले मानेका छन् । यस कारण प्रथम शिवदेव र अंशुवर्माका संयुक्त शासनकालका अभिलेखमा देखिएका संवत् तीनसय चानचुनका हुन् र ती संवत् विक्रमसंवत् हुन् भनी मान्दा अंशुवर्मा विक्रमको चौथो शताब्दीमा हुन्छन् । यो कुरो भगवानलाल मान्न सक्तैनन् । प्रथम शिवदेव र अंशुवर्माका संयुक्त शासनकालका अभिलेखमा देखिएका संवत् पाँच सय चानचुनका हुन् भनी मान्दा र यी संवत् विक्रमसंवत् हुन् भनी मान्दा अंशुवर्मा विक्रमको छैटौं शताब्दीका हुन्छन् । यो कुरो पनि भगवानलाल मान्न सक्तैनन् । यस कारण भगवानलालको मत यताबाट पनि कमजोर साबित हुन्छ ।

इतिहासको खोजीको लागि यति कुरा भन्नुपरेको हो । भगवानलालको अनादर गर्न यी कुरा लेखिएका होइनन् । उनले सबभन्दा पहिले लिच्छविकालका अभिलेख खोजी पढी व्याख्यासमेत गरी प्रकाश गरिदिएकाले नेपालको इतिहास पढ्ने हामीहरू उनलाई मार्गदर्शकको रूपमा आदरपूर्वक सम्झिरहन्छौं ।

---

११. यो कुरो यही ग्रन्थमा पछि आउँदैछ ।

[परिशिष्ट]+

नेपालको इतिहासमा केही विचार

भारतीय प्रत्नतत्त्वको ९ भागको १६३ पृष्ठदेखि प्रकाशित भएको "नेपालबाट ल्याइएका अभिलेखहरू" भन्ने मेरो निबन्ध प्रकाशित नभएसम्म नेपालका विभिन्न पुस्तकालयमा पाइने भाषावंशावली नै नेपालको इतिहास बनेको थियो। फर्कव्याट्रिकले नेपालनामक आफ्नो ग्रन्थमा राजाहरूको एउटा सूची दिएका छन्, त्यसलाई जेम्स प्रिन्सेपले उतारेका छन् । नेपाली भाषामा लेखिएको कुनै ग्रन्थको आधारमा त्यो सूची तयार भएको हो भन्ने मलाई लाग्दछ । कैलासपर्वत स्वामीले मलाई देखाएको ग्रन्थ सोही ग्रन्थ हुनुपर्दछ । यसबाट नेपालखाल्डोका शासकहरूका नाम थाहा पाउन केही मद्दत मिल्दछ। ललितपत्तनको[1] महाबौद्धविहारमा बस्ने एक जना बौद्ध भिक्षुले सय वर्षभन्दा केही कमअगाडि नेपाली भाषामा लेखेको भाषावंशावलीको अनुवाद नै डा. राइटको नेपालको इतिहास हो । सो भाषावंशावलीको एक प्रति ललितपत्तनका एक जना वज्राचार्यले मलाई दिएका थिए । यी भाषावंशावलीहरू नेवारी भाषामा छन् भन्ने कुरा मैले धेरै पटक सुनेको छु। तर मैले नेवारी भाषामा लेखिएका ती वंशावलीलाई पाउन सकिनँ । मलाई सूचना दिने मानिसको वर्णनअनुसार ती वंशावली लामा लामा कागजमा लेखी बेरेर राखिएका थिए र तिनलाई ती मानिसले देखेका थिए । नेवारी भाषामा लेखिएका वंशावली पाउनु ज्यादै अभीष्ट कुरो छ किनभने भारतीय ऐतिहासिक पुस्तकहरूको रीतिअनुसार हरेक पछिल्ला वंशावली अघिल्लाभन्दा बढी पूरा र सफला हुन्छन्। मुख्य बयानमा अपूरा जस्ता लागेका कुरा भर्न पछिल्ला कालका वंशावली लेखनेहरूले कोशिश

+ भगवानलाल इन्द्राजीको ग्रन्थका ३६-५३ पृष्ठको अनुवाद ।

१. सेसिल बेन्डालको, क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा रहेका बौद्ध संस्कृत हस्तलिखित ग्रन्थको सूचीपत्रनामक ग्रन्थ पनि हेर्नुहोस् ।

गरेका हुन्छन् । यसो भए तापनि कहाँबाट आफूहरूले ती कुरा लिएका हुन् भन्ने कुरा देखाउन तिनीहरू नीच मार्छन् र पहिल्यैदेखि रहिआएको गोलमाल यी थपुवा कुराबाट पक्कै बढ्छन् र अशुद्धि पत्ता लाउन झन् गाह्रो पर्न जान्छ ।

मसँग रहेको नेपाली भाषामा लेखिएको वंशावलीसँग डा. राइटले छपाएको वंशावलीको तुलना गरी हेर्दा उनको वर्णन भरपर्दो देखिन्छ । त्यसको छोटकरी सार यहाँ दिनु अनुचित हुनेछैन । केही विचारणीय ठूला कुरामा संशोधन गर्नुपर्ने कुरा पनि मैले देखाएको छु ।

नेपाली भाषामा लेखिएको बौद्ध संप्रदायअनुसारको वंशावलीमा दिइएका नेपाली राजाहरूको सूची:–

१. मातातीर्थमा बस्ने गोपालवंश:–

नेपालका पहिला राजा गोपाल(गोठाला)हुन् । यिनलाई नेमुनिले स्थापना गरेका हुन् । यस वंशको राजधानी मातातीर्थ थियो । यस वंशले ५२१ वर्षसम्म राज्य गऱ्यो । सो वंशको वंशावली तल लेखिएबमोजिमको छ ।

राजाहरूका नाम	वर्ष†
१. भुक्तमानगत[२]	८८
२. जयगुप्त (१ संख्याका राजाका छोरा)	७२
३. परमगुप्त (२ संख्याका राजाका छोरा)	८०
४. हर्षगुप्त (३ संख्याका राजाका छोरा)	९३
५. भीमगुप्त (४ संख्याका राजाका छोरा)	३८
६. मणिगुप्त (५ संख्याका राजाका छोरा)	३७

---

† यहाँ दिइएका वर्ष राज्यभोगवर्ष हुन् ।

२. राइटको इतिहासको १०८ पृष्ठअनुसार भुक्तमान, सोही ग्रन्थको ३१२ पृष्ठअनुसार भुक्तमानगत । वंशावलीकारले काम लिएको ग्रन्थबाट शायद यो नामको विषयमा भूल हुन गएको होला । भुक्तमानगतवर्ष (राज्यकालवर्ष) शब्दबाट यो अशुद्धि भएको हुनुपर्दछ । पहिला राजाको वास्तव नाम हराएको छ ।

७. विष्णुगुप्त (६ संख्याका राजाका छोरा)
८. यक्षगुप्त (७ संख्याका राजाका छोरा) ४२
यी राजा निस्सन्तान भई मरे । ७२

२. भारतबाट ल्याएको अहीरवंश:–

१. वरसिंह
२. जयमतिसिंह
३. भुवनसिंह (पूर्वतर्फकाले हराइएका)

३. गोकर्णमा बस्ने किरातवंश:–

यस वंशको राजधानी गोकर्णमा थियो । यिनीहरूको ११९८ वर्षसम्म राज्य रह्यो ।

१. यलम्बर द्वापरयुगका १२ वर्ष बाँकी रहँदा आए ।
२. पवि (१ संख्याका राजाका छोरा)
३. स्कन्धर (२ संख्याका राजाका छोरा)
४. वलम्ब (३ संख्याका राजाका छोरा)
५. हृति (४ संख्याका राजाका छोरा)
६. हुमति (५ संख्याका राजाका छोरा),
यी राजा पाण्डवहरूसँगसँगै वनवास गए ।
७. जितेदास्ति (६ संख्याका राजाका छोरा)
महाभारतको लडाईंमा यिनीले पाण्डवलाई मदत गरे र लडाइंमा मारिए, यिनको समयमा शाक्यसिंह बुद्ध नेपाल आए ।
८. गलि (७ संख्याका राजाका छोरा)
९. पुष्क (८ संख्याका राजाका छोरा)
१०. सुयर्म (९ संख्याका राजाका छोरा)
११. पर्ब (१० संख्याका राजाका छोरा)
१२. बुङ्क[३] (११ संख्याका राजाका छोरा)

---

३. राइटअनुसार बङ्क,

१३. स्वनन्द (१२ संख्याका राजाका छोरा)

१४. स्थुङ्को (१३ संख्याका राजाका छोरा)

यिनको समयमा पाटलीपुत्रका राजा अशोक नेपाल आए। अशोकको छोरी चारुमतीको विवाह देवपाल नामक क्षत्रियसँग भयो। चारुमती नेपालमै बसिन् र उनले (पशुपतिनजीकै) देवपत्तन बसाइन्।

१५. गिघ्रि[४] (१४ संख्याका राजाका छोरा)

१६. नने (१५ संख्याका राजाका छोरा)

१७. लुक (१६ संख्याका राजाका छोरा)

१८. थोर (१७ संख्याका राजाका छोरा)

१९. थोको (१८ संख्याका राजाका छोरा)

२०. वर्म (१९ संख्याका राजाका छोरा)

२१. गुज (२० संख्याका राजाका छोरा)

२२. पुष्कर[५] (२१ संख्याका राजाका छोरा)

२३. केसु (२२ संख्याका राजाका छोरा)

२४. सुन्स[६] (२३ संख्याका राजाका छोरा)

२५. सम्मु[७] (२४ संख्याका राजाका छोरा)

२६. गुणन (२५ संख्याका राजाका छोरा)

२७. खिम्बु (२६ संख्याका राजाका छोरा)

२८. पटुक (२७ संख्याका राजाका छोरा)

सोमवंशी रजपूतले आक्रमण गरेकाले यिनी शङ्खमूलतीर्थमा नयाँ किल्ला बनाई बसे।

२९. गस्ति (२८ संख्याका राजाका छोरा)।

सोमवंशीहरूको दबाव बढ्दै गएकोले यिनी भागे। गोदावरीनजीकैको,

वंशावलीअनुसार राइट र प्रिन्सेपले दिएको यस वंशको सूची भारतीय प्रत्नतत्त्वको सातौं भागको ८९–९२ पृष्ठमा हेर्नुहोस्।

४. पाठान्तर गिध्रि।

५. पाठान्तर पुष्क।

६. राइटअनुसार सुग।

७. राइटअनुसार सन्स, कर्कप्याट्रिकअनुसार जुष।

(ललितपत्तनबाट देखिने) फुल्लोच्चमा यिनले नयाँ किल्ला बनाए। आखिरमा यिनले सोमवंशसँग हारी आफ्नो राज्य गुमाए।

४. सोमवंश

१. निमिष

२. मनाक्ष[८] (१ संख्याका राजाका छोरा)

३. काकवर्मा (२ संख्याका राजाका छोरा)

४. पशुप्रेक्षदेव (३ संख्याका राजाका छोरा)

यी राजाले पशुपतिमन्दिरको जीर्णोद्धार गरे तथा कलिगताब्द १२३४ अर्थात् विक्रमपूर्व १८१० मा भारतबाट मानिस ल्याई नेपालमा बसाए।

५. भास्करवर्मा,

यिनले संपूर्ण भारत विजय गरे, देउपाटनलाई फराकिलो बनाए, पशुपतिको पूजाको नियम बनाई ताम्रपत्रमा कुँदाई सो तामापत्र चारुमतीविहारमा राख्न लगाए।

भास्करवर्मा निस्सन्तान भएकाले यिनले सूर्यवंशका पहिला शासक (भूमिवर्मा) लाई आफ्नो धर्मपुत्र बनाए।

५. सूर्यवंशः—

१. भूमिवर्मा

कलिगताब्द १३८९ अर्थात् विक्रमपूर्व १६५५ मा राजा भए। यिनले बानेश्वरमा राजधानी सारे।

२. चन्द्रवर्मा (१ संख्याका राजाका छोरा) ६१ वर्ष

३. जयवर्मा[९] (२ संख्याका राजाका छोरा) ८२ "

४. वर्षवर्मा (३ संख्याका राजाका छोरा) ६१ "

५. सर्ववर्मा (४ संख्याका राजाका छोरा) ७८ "

६. पृथ्वीवर्मा (५ संख्याका राजाका छोरा) ७६ "

---

८. राइटअनुसार मताक्ष।

९. राइट र कर्कप्याट्रिकका अनुसार चन्द्रवर्मा।

७. ज्येष्ठवर्मा (६ संख्याका राजाका छोरा) ७५ वर्ष
८. हरिवर्मा (७ संख्याका राजाका छोरा) ७६ "
९. कुबेरवर्मा (८ संख्याका राजाका छोरा) ८८ "
१०. सिद्धिवर्मा (९ संख्याका राजाका छोरा) ६१ "
११. हरिदत्तवर्मा (१० संख्याका राजाका छोरा) ८१ "

यी राजाले चाँगुनारायण,[10] चँगुनारायण, इचङगुनारायण र शिखरनारायणको समेत चार नारायणका मन्दिर बनाए तथा बूढानीलकण्ठमा[11] जलशयननारायणको मन्दिर बनाए ।

१२. वसुदत्तवर्मा (११ संख्याका राजाका छोरा) ६३ वर्ष
१३. पतिवर्मा (१२ संख्याका राजाका छोरा) ५३ "
१४. शिववृद्धिवर्मा (१३ संख्याका राजाका छोरा) ५४ "
१५. वसन्तवर्मा (१४ संख्याका राजाका छोरा) ६१ "
१६. शिववरवर्मा (१५ संख्याका राजाका छोरा) ६२ "
१७. रुद्रदेववर्मा (१६ संख्याका राजाका छोरा) ६६ "
१८. वृषदेववर्मा (१७ संख्याका राजाका छोरा) ६१ "

यी राजाले विहार बनाए तथा लोकेश्वर र अरू बौद्ध देवताको मूर्तिसमेत स्थापना गरे । उनका भाइ बालार्चन पनि बौद्ध थिए । दक्षिण भारतबाट शङ्कराचार्य आए र बौद्ध धर्मको नाश गरे ।

१९. शङ्करदेव (१८ संख्याका राजाका छोरा) ६५ वर्ष

यी राजाले पशुपतिनाथमा[12] एउटा त्रिशूल चढाए ।

२०. धर्मदेव (१९ संख्याका राजाका छोरा) ५९ वर्ष
२१. मानदेव (२० संख्याका राजाका छोरा) ४९ "

यी राजाले चक्रविहार बनाए । यो विहार मतिराज्यनजीकै थियो । कसैको विचारअनुसार यिनले खासाचैत्य बनाए ।

२२. महीदेव[13] (२१ संख्याका राजाका छोरा) ५१ वर्ष

---

१०. १ संख्याको अभिलेख हेर्नुहोस् (प्रत्नतत्त्वको ९ भागको १६५ पृष्ठको ७ संख्याको टिप्पणी) ।

११. प्रत्नतत्त्वको ९ भागको १६८ पृष्ठको १८ संख्याको टिप्पणी हेर्नुहोस् ।

१२. २ संख्याको अभिलेख हेर्नुहोस्, प्रत्नतत्त्वको ९ भागको १६६ पृष्ठ ।

१३. राइट र कर्कप्याट्रिकको भनाइअनुसार महादेव ।

२३. वसन्तदेव (२२ संख्याका राजाका छोरा) ३६ वर्ष
यिनी कलिगताब्द २८०० अर्थात् विक्रमपूर्व २४४ मा राजा भए।
२४. उदयदेववर्मा[१४] (२३ संख्याका राजाका छोरा) ३५ वर्ष
२५. मानदेववर्मा (२४ संख्याका राजाका छोरा) ३५ "
२६. गुणकामदेववर्मा (२५ संख्याका राजाका छोरा) ३० "
२७. शिवदेव वर्मा (२६ संख्याका राजाका छोरा) ५१ "
यी राजाले देउपाटनलाई ठूलो शहर बनाए र त्यहाँ राजधानी सारे। उनले शाक्त विधिको पुनःस्थापन गरी आफू भिक्षु भए। उनका छोरा पुण्यदेववर्मा बाबुको अनुसरण गरी भिक्षु भए।

२८. नरेन्द्रदेववर्मा (२७ संख्याका राजाका जेठा छोरा[१५]) ४२ वर्ष
२९. भीमदेववर्मा (२८ संख्याका राजाका छोरा) ३६ "
३०. विष्णुदेववर्मा (२९ संख्याका राजाका छोरा) ४७ "
३१. विश्वदेववर्मा (३० संख्याका राजाका छोरा) ५१ "
यी राजाले ठकुरीवंशका अंशुवर्मालाई आफ्नो छोरी दिए। यिनको समयमा विक्रमादित्य नेपाल आई आफ्नो संवत् चलाए।

६. ठकुरीवंशः—

१. अन्तिम सूर्यवंशी राजाका जुवाइँ अंशुवर्माले कलिगताब्द ३००० अर्थात् विक्रमपूर्व ४४ मा सिंहासनारोहण गरे। उनले आफ्नो राजधानी मध्यलखुमा[१६] सारे। यिनको पालामा विभुवर्माले सातधारा बनाई शिलालेख राख्न लगाए। (८ संख्याको अभिलेख हेर्नुहोस्, भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ,) ... ६८ वर्ष
२. कृतवर्मा (१ संख्याका राजाका छोरा) ८७ "

---

१४. मसँग रहेको हस्तलिखित पुस्तकको पाठअनुसार उदयखदेव तर राइट र कर्कप्याट्रिकको पाठ ग्राह्य छ।

१५. राइट र कर्कप्याट्रिकको भनाइअनुसार २८ संख्याका राजाका भाइ।

१६. अभिलेखअनुसार कैलासकूट। कैलासकूटभवनबाट जारी गरिएका अभिलेख हेर्नुहोस्।

३. भीमार्जुन (२ संख्याका राजाका छोरा) ९३ वर्ष
४. नन्ददेव (३ संख्याका राजाका छोरा) २५ "
यी राजाको पालामा नेपालमा शालिवाहन (शक) संवत् चल्यो ।

५. वीरदेव (४ संख्याका राजाका छोरा) ९५ वर्ष
यी राजा कलिगताब्द ३४०० अर्थात् वि. सं. ३५६ मा सिंहासनमा बसे र यिनले घाँस बेच्ने ललितको नाममा ललितपत्तन (पाटन) को स्थापना गरे । यिनले पोखरी बनाई धारा राख्न लगाए र मन्दिरहरू बनाई शिवलिङ्गहरूको स्थापना गरे । ती राजाका इष्टदेवता मणियोगिनीको नामबाट सो पोखरीको नाम मणितलाउ रह्यो ।

६. चन्द्रकेतुदेव, (५ संख्याका राजाका छोरा,)[१७] १७ वर्ष
यी राजा शत्रुहरूको थिचोमिचोमा परेर लुटिए ।

७. नरेन्द्रदेव (६ संख्याका राजाका छोरा)
यी राजाले लुमडीदेवीनजीकै तीर्थविहार बनाएर आफ्ना बाबुका गुरु बन्धुदत्त आचार्यलाई दिए । यी राजाका तीन छोराहरूमध्ये जेठा र माहिला पद्मदेव र रत्नदेव भिक्षु भए तथा कान्छा वरदेव बाबुका उत्तराधिकारी भए । उनले आफ्नो अन्तिम जीवन अलग वा अकवहाल (विहार) मा बिताए ।

८. वरदेव (७ संख्याका राजाका छोरा)
यी राजाले आफ्नो राजधानी ललितपत्तनमा सारे । शङ्कराचार्य नेपाल आए । कलिगताब्द ३६२३ (वि. सं. ५७९) मा अवलोकितेश्वर नेपालमा[१८] आए ।

९. शङ्करदेव (८ संख्याका राजाका छोरा) १२ वर्ष

---

१७. मसँग रहेको हस्तलिखित वंशावलीमा यी र यीभन्दा अगाडि पछिका राजाको समय किटान गरिएको छैन । डा. राइटले क्रमैसँग ७ र ८ वर्ष दिएका छन् । कर्कप्याट्रिकको सूचीमा चन्द्रकेतुदेवको नाम उल्लेख गरिएको छैन । भारतीय प्रत्नतत्त्वको ७ भागको ९० पृष्ठ हेर्नुहोस् ।

१८. वंशावलीको अंश यस प्रकारको छ:—

अतीतकलिवर्षेषु शून्यद्वन्दरसाग्निषु
नेपाले विजयति श्रीमान् आर्यावलोकितेश्वर:

१०. वर्द्धमानदेव (९ संख्याका राजाका छोरा) १३ वर्ष
यी राजाले साँखु[१९] शहर बसाई उग्रतारादेवीलाई समर्पण गरे।
११. बलिदेव (१० संख्याका राजाका छोरा) १३ वर्ष
१२. जयदेव (११ संख्याका छोरा) १५ "
१३. बालार्जुनदेव (१२ संख्याका राजाका छोरा) १७ "
१४. विक्रमदेव (१३ संख्याका राजाका छोरा) १२ "
१५. गुणकामदेव (१४ संख्याका राजाका छोरा) ५१ "
यी राजाले कलिगताब्द ३८२४ अर्थात् वि. सं. ७८० मा वागमती र विष्णुमतीको दोभानमा कान्तिपुर अर्थात् आधुनिक काठमाडौं बसाए तथा विक्रमका पुराना विहारहरू र धेरै मन्दिरहरू भएको ठमेल गाउँ पनि बसाए।
१६. भोजदेव (१५ संख्याका राजाका छोरा) ८ वर्ष
१७. लक्ष्मीकामदेव (१६ संख्याका राजाका छोरा) २२ "
१८. जयकामदेव (१७ संख्याका राजाका छोरा) २० "
यी राजा निस्सन्तान भएकाले, नुवाकोटका ठकुरीवंशका एकजना यिनका उत्तराधिकारी भए।

७ नुवाकोटे ठकुरीवंश

१. भास्करदेव।
२. बलदेव (१ संख्याका राजाका छोरा)
३. पद्मदेव (२ संख्याका राजाका छोरा)
४. नागार्जुनदेव (३ संख्याका राजाका छोरा)
५. शङ्करदेव (४ संख्याका राजाका छोरा)
यो राजाको पालामा गौडको काफीमा बस्ने विधवा ब्राह्मणी नेपालको कल गाउँमा आएर बसिन्। यिनले संवत् २४५ मा[२०] प्रज्ञापारमिता सुवर्णाक्षरमा लेखाइन्।

---

१९. डा. राइट शङ्करदेवले साँखु बसाएका हुन् भन्दछन्।

२०. ललितपत्तनको हिरण्यवर्णविहारमा आ प्र ष्क अर्थात् २४४ लेखिएको यस्तो पुस्तक अहिलेसम्म छ भनी मलाई एकजना बौद्धले भनेका थिए। यो संवत् शायद वि. सं. ९३७ देखि चलेको नेपालसंवत् होला।

उनको मृत्युपछि, अंशुवर्माकै कुलका वामदेवले कान्तिपुर र ललितपत्तनका ठालूहरूको सहायता लिई नुवाकोटका ठकुरीहरूलाई निकाली तिनीहरूलाई तिनीहरूकै पुरानै राज्यमा धपाए । त्यसपछि अंशुवर्माकै कुलको दोस्रो ठकुरीवंश फेरि शुरू भयो ।

८. अंशुवर्माको दोस्रो ठकुरीवंश

१. वामदेव

२. हर्षदेव (१ संखयाका राजाका छोरा)

३. सदाशिवदेव (२ संखयाका राजाका छोरा)
यी राजाले कलिगताब्द ३८५१ अर्थात् वि. सं. ८०७ मा काठमाडौंदेखि दक्षिण–पश्चिमपट्टिको डाँडामा कीर्तिपुर बसाए र पशुपतिनाथको मन्दिरमा सुनको छाना लगाए । यी राजाले तामा र फलाम मिसिएको धातुमा सिंहको मूर्ति कुँदिएको टक चलाए ।

४. मानदेव (३ संखयाका राजाका छोरा) १० वर्ष
यी राजा चक्रविहारका भिक्षु भए ।

५. नरसिंहदेव (४ संखयाका राजाका छोरा) २२ वर्ष

६. नन्ददेव (५ संखयाका राजाका छोरा) २१ "

७. रुद्रदेव (६ संखयाका राजाका छोरा) १९ "[२१]
यी राजा बौद्ध भिक्षु भए ।

८. मित्रदेव (७ संखयाका राजाका छोरा) २१ वर्ष

९. अरिदेव (८ संखयाका राजाका छोरा) २२ वर्ष
यी राजा कुश्ती खेलिरहेको बेलामा यिनका छोरा जन्मे । यस कारण यिनले आफ्ना ती छोरालाई मल्ल (पहलमान) भन्ने पदवी दिए ।

१०. अभय मल्ल (९ संखयाका राजाका छोरा)

११. जयदेव मल्ल (१० संखयाका राजाका छोरा) १० वर्ष
यी राजाले साखबालको सहायताले वि. सं ९३७ देखि नेवारी संवत्

---

२१. डा. राइटअनुसार ७ वर्ष

चलाए । यिनले कान्तिपुर र ललितपत्तनमा राज्य गरिरहेकै बेलामा—

१२. आनन्दमल्ल (११ संख्याका राजाका भाइ) २५ वर्ष

यी राजाले भक्तपुर (भादगाउँ) तथा बनेपा, पनौती, नाला, धुलिखेल, खड्पु, चौकोट र साँगासमेत ७ गाउँ बसाए । आफूचाहिं भक्तपुरमा बसे ।

जयदेव मल्ल र आनन्द मल्ल यी दुइ भाइको हातबाट दक्षिणबाट आएका कर्णाटकवंशका संस्थापकले राज्य लिए ।

९. कर्णाटकवंश

१. नान्यदेव, नेपालसंवत् ९, शकसंवत् ८११ (वि. सं. ९४६) को श्रावणशुक्ल सप्तमीमा यिनले संपूर्ण मुलुक विजय गरी दुइटै मल्लहरूलाई तिरहुततिर धपाए । भादगाउँमा बसी ५० वर्षसम्म राज्य गरे ।

२. गङ्गदेव (१ संख्याका राजाका छोरा) ४१ वर्ष

३. नरसिंहदेव (२ संख्याका राजाका छोरा) ३१ "

यी राजाको पालामा ने. सं. १११ (वि. सं. १०४७) को फाल्गुनशुक्ल षष्ठीको दिन ललितपत्तनका राजा मल्लदेव र कथ्य मल्लले पाँगाउँ (चम्पापुरी)[२२] बसाए ।

४. शक्तिदेव (३ संख्याका राजाका छोरा) ३९ वर्ष

५. रामसिंहदेव (४ संख्याका राजाका छोरा) ५८ "

६. हरिदेव (५ संख्याका राजाका छोरा)

यी राजाले काठमाडौंमा आफ्नो राजधानी सारे । पाटन (ललितपत्तन)का सिपाहीहरूले विद्रोह गरी हरिदेवलाई धपाई ठमेल पुऱ्याए । राजा हरिदेवले जागीर खोसिदिएको मगरले उनीसँग बदला लिन भनी मुकुन्द सेनलाई बोलाएर ल्यायो । मुकुन्द सेनले नेपाल जिते । मुकुन्द सेनका

---

२२. मसँग रहेको वंशावलीमा यो कुरो छैन । डा. राइटको इतिहासबाट यो कुरो लिइएको हो, प्रिन्सेपले पनि यो कुरो दिएका छन्; प्रत्नतत्त्व ७ भागको ९१ पृष्ठ ।

सिपाहीहरूले पवित्र मूर्तिहरू बिगारी मत्स्येन्द्रनाथको मन्दिरमा रहेको भैरवको मूर्तिलाई पाल्पा पुऱ्याए । पशुपतिको क्रोधले मुकुन्द सेनका सबै सिपाहीहरू झाडावान्ताको रोगले मरे । मुकुन्द सेन जोगीको भेषमा एक्लै भागे र देवीघाटमा पुगी मरे ।

नेपाल बिल्कुल ध्वस्त भयो । सात आठ वर्षसम्म यहाँ गद्दी खाली रह्यो । नुवाकोटका बैंस ठकुरीहरू मुलुकमा अधिकार जमाउन फर्केर आए । ललित-पत्तनका हरेक टोलटोलमा आफ्नै राजा भए । काठमाडौंमा पनि एकै समयमा १२ जना राजाहरू राज्य गर्न लागे । भादगाउँमा एक जना ठकुरी राजा भए । ठकुरीहरूले २२५ वर्षसम्म राज्य गरे र धेरै बौद्ध मन्दिर र विहारहरू बनाए । मुसलमानहरूले धपाइएका अयोध्याका सूर्यवंशी राजा हरिसिंहदेवले तराईको सिमरौनगढमा आई आफ्नो राज्य स्थापना गरे । आफ्ना कुलदेवता तलेजु भवानी-को आज्ञाअनुसार हरिसिंहदेवले नेपाल पसी आफ्नो राज्य स्थापना गरे ।

१०. भादगाउँको सूर्यवंशः–

१. हरिसिंहदेव, २८ वर्ष

शकसंवत् १२४५ नेपालसंवत् ४४४ वि. सं. १३८० मा यी राजाले नेपालखाल्डोलाई जिते ।

२. मतिसिंहदेव (१ संख्याका राजाका छोरा) १५ वर्ष

३. शक्तिसिंहदेव (२ संख्याका राजाका छोरा) ३३ वर्ष[२३]

यी राजाकहाँ चीनका बादशाहबाट एउटा लालमोहर आयो । त्यहाँ चीनाब्द ५३५ शक्तिसिंहराम भनी लेखिएको छ । यिनले राज्यत्याग गरे ।

४. श्यामसिंहदेव (३ संख्याका राजाका छोरा) १५ वर्ष

यी राजाको पालामा नेपालसंवत् ५२८ भाद्रशुक्ल द्वादशी (वि. सं. १४६५) का दिन नेपालमा ठूलो भैंचालो गयो ।

नान्यदेवभन्दा अगाडि तिरहुतमा राज्य गर्ने मल्ल राजाका सन्तानसँग यी

---

२३. डा. राइटअनुसार ३२ वर्ष, फर्कंप्याट्रिक अनुसार २२ वर्ष

राजाकी छोरीको विवाह भएको थियो । यी राजाको मृत्युपछि तेस्रो ठकुरीवंशको राज्य चल्यो ।

११. तेस्रो ठकुरीवंशः–

१. जयभद्र मल्ल,

२. नाग मल्ल (१ संख्याका राजाका छोरा) १५ वर्ष

३. जयजगत् मल्ल (२ संख्याका राजाका छोरा) ११ "

४. नागेन्द्र मल्ल (३ संख्याका राजाका छोरा) १० "

५. उग्र मल्ल (४ संख्याका राजाका छोरा) १५ "

६. अशोक मल्ल (५ संख्याका राजाका छोरा) १९ "

यी राजाले पाटनबाट बैस ठकुरीलाई धपाए, स्वयम्भूनाथनजीक मनमती, वागमती र रुद्रमतीको बीचमा काशीपुरनामक शहर बसाए।

७. जयस्थिति मल्ल (६ संख्याका राजाका छोरा) ४३ वर्ष

यी राजाले जातिपातीसम्बन्धी कानून बनाए र धेरै देवताहरूको स्थापना गरी मन्दिरहरू बनाए । यिनको पालाको ने.सं. ५१२ (वि.सं.१४४९)[२४] को शिलालेख ललितपत्तननजीकै पाइएको छ । ने. सं. ५४९ (वि. सं. १४८५) कार्तिककृष्ण पञ्चमीका दिन यिनको मृत्यु भयो ।

८. यक्ष मल्ल (७ संख्याका राजाका छोरा)

यी राजाले भादगाउँमा पर्खाल बनाए, त्यहाँ मूल ढोकाको दायाँतिर ने. सं. ५७३ (वि. सं. १५१०) श्रावणशुक्लमा शिलालेख राखे । यक्ष मल्लले र उनका उत्तराधिकारीले भक्तपुरको तछपाटोलमा दत्तात्रेयको मन्दिर बनाए ।

यिनी ने. सं. ५९२ (वि. सं. १५२९) मा तीन छोरा छोडी परलोक भए । यिनका तीन छोराहरूमध्ये जेठाले भादगाउँमा, कान्छाले काठमाडौंमा र माहिला रण मल्लले बनेपामा छुट्टाछुट्टै राज्य स्थापना गरे ।

---

२४. डा. राइटको इतिहासको १८३ र १८७ पृष्ठमा दिइएअनुसार ने. सं. ५४२ (वि. सं. १४७९) । यी राजाको समय प्रिन्सेपले ने. सं. ७३१ (वि. सं. १६६८) हो भनेका छन्– गेओर्ग ब्यूलर ।

क. भक्तपुरतर्फ

९. जयराज मल्ल (८ संख्याका राजाका जेठा छोरा) १५ वर्ष[२५]

१०. सुवर्ण मल्ल (९ संख्याका राजाका छोरा) १५ वर्ष[२५]

११. प्राण मल्ल (१० संख्याका राजाका छोरा) १५ वर्ष[२५]

१२. विश्व मल्ल (११ संख्याका राजाका छोरा) १५ वर्ष (?)

ख. काठमाडौंतर्फ

१. रत्न मल्ल (८ संख्याका राजाका कान्छा छोरा) ७१ वर्ष (?) यी राजाले कान्तिपुरका १२ ठकुरी राजाहरूलाई मारे; ने. सं. ६११ (वि. सं. १५४८) मा नुवाकोटे ठकुरी राजालाई हराए। त्यसपछि पाल्पाका सेन राजाको मद्दतले भोटेहरूलाई हराए। यिनै राजाका पालामा नेपालमा सर्वप्रथम मुसलमानहरूले आक्रमण गरे। सोमशेखरानन्द नाउँ भएका एकजना दाक्षिणात्य ब्राह्मण पशुपतिनाथका मुख्य पुजारी भए। यी राजाले ने. सं. ६२१ (वि. सं. १५५८) मा तलेजुको मन्दिर बनाई नयाँ तामाका टकमा सिंहको मूर्ति कुँदाई चलाए।

२. अमर मल्ल (१ संख्याका छोरा) ४७ (?) यी राजाले २८ वटा शहरहरू र गाउँहरूमा राज्य गरे। यी राजाको पालामा गयाको मन्दिरको नमूनाको ठूलो मन्दिर ललितपत्तनमा बनाइयो।

३. सूर्य मल्ल (२ संख्याका राजाका छोरा), यी राजाले भादगाउँतर्फका साँखु र चाँगु जिती लिए।

४. नरेन्द्र मल्ल (३ संख्याका राजाका छोरा)

---

२५. यी सबै समयहरू शङ्कास्पद छन्। तल देखाइएका उही कालका कुराअनुसार तीमध्ये केही अशुद्ध नै देखिन्छन्।

१३. त्रैलोक्य मल्ल (१२ संख्याका राजाका छोरा) १५ वर्ष (?)

१४. जगज्ज्योति मल्ल वा मसँग रहेको हस्तलिखित पुस्तकअनुसार जयज्योतिर् मल्ल (१३ संख्याका राजाका छोरा) १५ वर्ष (?)

५. महीन्द्र मल्ल (४ संख्याका राजाका छोरा) यी राजाले दिल्लीका बादशाहबाट चाँदीको टक चलाउने अनुमति पाए। यी राजा भादगाउँका राजा त्रैलोक्य मल्लका मित्र थिए। ने. सं. ६६९ (वि. सं. १६०५) माघशुक्ल पञ्चमीको दिन यी राजाले काठमाडौंमा तलेजुदेवीको मन्दिर बनाए। यिनै राजाको पालामा पुरन्दर राजवंशीले ललितपत्तन दरबारनजीकै ने. सं. ६८६ (वि. सं. १६२३) मा नारायणको मन्दिर बनाए।

६. सदाशिव मल्ल (५ संख्याका राजाका छोरा) यी राजा प्रजाले धपाइएर भागी भादगाउँ पुगे, त्यहाँ उनी कैदमा परे।

७. शिवसिंह मल्ल (६ संख्याका राजाका भाइ) एउटा अभिलेखअनुसार यिनले ने. सं. ७१४ अर्थात् वि. सं. १६५१ मा स्वयम्भूको मन्दिरको जीर्णोद्धार गरे, यिनकी रानी गङ्गाले चाँगुनारायणको मन्दिरको जीर्णोद्धार ने. सं. ७०५ अर्थात् वि. सं. १६४२ मा गरिन्। यिनका दुइ छोरा थिए। जेठाले कान्तिपुरमा राज्य गरे कान्छाचाहिँले बाबु छँदाछँदै ललितपत्तनको राज्य पाए।

क. भादगाउँतर्फ

१५. नरेन्द्र मल्ल (१४ संख्याका राजाका छोरा) २१ वर्ष (?)

१६. जगत्प्रकाश मल्ल (१५ संख्याका राजाका छोरा) २१ वर्ष (?) यी राजाको पालामा ने. सं. ७७५ (वि. सं. १७१२) मा हर्रासिंह भारो र वासिंह भारोले भीमसेनको मन्दिर बनाई सिंह भएको ढुङ्गामा अभिलेख राखे। यी राजाले ने. सं. ७८२ (वि. सं. १७१८) मार्गशुक्ल षष्ठीको दिन विमलसुचमण्डपको एउटा ढुङ्गामा भवानीका पाँच स्तोत्र कुँदाए। ने. सं.

ख. काठमाडौंतर्फ

८. लक्ष्मीनरसिंह मल्ल (७ संख्याका राजाका जेठा छोरा), यी राजाको पालामा ने. सं. ७१५ (वि. सं. १६५२) मा गोरखनाथको 'काष्ठमण्डप' नामको काठको मन्दिर बनाइयो, त्यसै मन्दिरको नामबाट कान्तिपुर शहरको नाम काठमाडौं रहन गयो। यी राजा विक्षिप्त भए, आफ्ना छोराद्वारा राज्यच्युत गरी १६ वर्षसम्म कारागारमा राखिए।

९. प्रताप मल्ल (८ संख्याका राजाका छोरा), यी राजाले ने. सं. ७५९

ग. ललितपत्तनतर्फ

१. हरिहरसिंह (कान्तिपुरका राजा शिवसिंहका कान्छा छोरा)

२. सिद्धिनृसिंह मल्ल (१ संख्याका राजाका छोरा) ने. सं. ७४० (वि. सं. १६७७) मा यिनले ललितपत्तनमा दरबार बनाए। त्यसै वर्षको ज्येष्ठशुक्ल दशमीको दिन तलेजुदेवीको मूर्तिको प्रतिष्ठा गरे। ने. सं. ७५७ (वि. सं. १६९३) मा राधाकृष्णको मन्दिर बनाए, ने. सं. ७६७ (वि.सं. १७०४) मा धारा बनाए र ने. सं. ७७७ (वि. सं. १७१४) मा जोगी

७८५[२६] (वि. सं. १७२२) ज्येष्ठ-कृष्ण तृतीयामा यो राजाले नारायणचोकको गरूडस्तम्भमा गरुड-स्तोत्र कुँदाए, ने. सं. ७८७ (वि.सं. १७२४) मा भवानीशङ्करको मन्दिर बनाए।

१७. जितामित्र मल्ल (१६ संख्याका राजाका छोरा) २१ वर्ष। यी राजाले ने. सं. ८०२ (वि. सं. १७३९) मा दरबारनजीकै हरि-शङ्करको मूर्ति स्थापना गरे, अरु धेरै मन्दिरहरू बनाई ने. सं. ८०३ (वि. सं. १७४०) ज्येष्ठशुदि १५

(वि. सं. १६९६) देखि शासन गर्न लागे। यी राजा कवि थिए। यी राजाका पालाका अभिलेखहरू–

१) एक जना लामाले स्वयम्भूको जीर्णोद्धार गरेको कुरा परेको ने. सं. ७६० अर्थात् वि. सं. १६९७ को;
२) स्वयम्भूमा रहेको ने. सं. ७७० (वि.सं. १७०७) को स्वयम्भूस्तोत्र
३) ने. सं. ७७४ (वि. सं. १७११) को गुह्येश्वरीस्तोत्र,
४) ने. सं. ७७४ (वि. सं. १७१०) को १५ थरी अक्षर भएको कालिका-स्तोत्र (राइटको फलक संख्या १३),
५) लायकुबहालमा रहेको ने. सं. ७७७

भए।

३. श्रीनिवास मल्ल (२ संख्याका राजाका छोरा) ने. सं. ७७७ (वि. सं. १७१४) मा यी राजा सिंहासनमा बसे। ने. सं. ७७८–७८२ (वि. सं. १७१५– १७१९) सम्म काठमाडौंका राजा प्रताप मल्ल-सँग यिनको लडाइँ भयो। ने. सं. ८२१ (वि. सं. १७५८) को अभिलेख यिनको अंन्तिम अभिलेख हो।

४. योगनरेन्द्र मल्ल (३ संख्याका

---

२६. डा. राइटअनुसार ने. सं. ७८७ हो। तर मूल पाठमा "गोनागाश्वमिते" लेखिएको छ।

को दिन धर्मशालामा अभिलेख राखे ।

१८. भूपतीन्द्र ? मल्ल, (१७ संख्याका राजाका छोरा) ३४ वर्ष । यी राजाको पालाका मिति भएका अभिलेखहरू यी हुन् ।

१) मालतीचोकमा रहेको ने. सं. ८१७ कलिगत ४७९९, शकसंवत् १६२० फाल्गुनशुक्ल नवमीको,

२) तान्त्रिक गुप्तदेवताको मन्दिरमा (वि. सं. १७१४) को विश्वरूपको मूर्ति स्थापना गरेको,

यी राजाका पार्थिवेन्द्र, नृपेन्द्र, महीपतीन्द्र र चक्रपतीन्द्र नामका चार छोरा थिए । यी राजाले प्रत्येक छोरालाई आफ्नो जीवन-कालमा एक एक वर्षको पालो गरी राज्य गर्न दिए । नृपेन्द्रले आफ्नो पालोमा संवत् १५३ कार्तिकशुक्ल नवमीमा[२७] पशुपतिमा रहेको नन्दीलाई मुलम्बा लगाई अभिलेख राखे । चक्रपतीन्द्र एक दिन मात्र राजा भई मरे ।

राजाका छोरा) यी राजा आफ्ना छोरालाई गुमाई जोगी भए ।

५. काठमाडौंका राजा महीपतीन्द्र मल्ल वा महीन्द्र मल्ल राजा भए । ने. सं. ८४२ (वि. सं. १७७९) मा[२८] यिनको निधन भयो ।

६. जययोगप्रकाश यिनको पालाको ने. सं. ८४३ (वि. सं. १७८०) को अभिलेख छ ।

७. विष्णु मल्ल (यी ४ संख्याका राजा योगनरेन्द्र मल्लको छोरीका छोरा हुन् ।) यी राजाले ने. सं. ८५७ (वि. सं. १७९३) मा मूलचोक-

---

२७. वंशावलीकारले भूल गरेर जयदेवको (१५ संख्याको) श्रीहर्षसंवत् १५३ लाई नृपेन्द्रको अभिलेखको संवत् भनेका छन् । डा. राइटले चक्रवर्तेन्द्रलाई चक्रपतीन्द्र लेखेका छन् ।

२८. यो कुरो अथवा काठमाडौं र ललितपत्तनका राजाहरूका संवत् जम्मै अशुद्ध हुन् भन्ने देखिन्छ । प्रत्नतत्त्वका ७ भागको ९२ पृष्ठको टिप्पणी हेर्नुहोस् । कर्कप्याट्रिकले दिएका संवत् डा. राइटले दिएका संवत्सँग बाझदछन् ।

रहेको ने. सं. ८२३ (वि. सं. १७६०) जेष्ठशुक्ल दशमीको,

३) ने. सं. ८२७ (वि. सं. १७६४) को वैशाखशुक्ल तृतीयाको,

४) दरबारमा रहेको ने. सं. ८२८ (वि. सं. १७६५) भाद्रशुक्ल दशमीको,

५) भैरवको मन्दिरमा रहेको ने. सं. ८३८ (वि. सं. १७७५) को,

६) ने. सं. ८४१ (वि. सं. १७७७) फाल्गुनकृष्ण तृतीयाको ।

१९. रणजित मल्ल (१८ संख्याका राजाका छोरा) ने. सं. ८५७ (वि.

उनका टकहरूमा धनु, बाण, पाशो, हात्तीको अंकुसे तथा चमर देखिन्छन् । त्यहाँ ने. सं. ७८९ (वि. सं. १७२६) देखिन्छ । ने. सं. ८०९ (वि. सं. १७४६) मा प्रताप मल्ल मरे ।

१०. महीन्द्र मल्ल (९ संख्याका राजाका साहिला छोरा) ने.सं. ८१४ (वि.सं. १७५१) मा यिनको मृत्यु भयो ।

११. भास्कर मल्ल (१० संख्याका राजाका छोरा) यी राजाले ने. सं. ८२२ (वि. सं. १७५९) सम्म राज्य गरे । यी राजाका सन्तान थिएनन् । २२ वर्षको उमेरमा महामारीको रोगले मरे ।

१२. जगज्जय मल्ल (११ संख्याका राजाको रानीहरूले राजगद्दीमा राखिएका टाढाका नातेदार) यी

मा ठूलो घण्टा चढाए । त्यसको केही पछि यी परलोक भए । यिनका सन्तान थिएनन् ।

८. राज्यप्रकाश (कान्तिपुरका बाह्रौं राजाका साहिला छोरा) यिनलाई ७ संख्याका राजाले राज्य दिए, प्रधानहरूले अन्धो बनाई एक वर्षपछि निकालिदिए ।

१०. जयप्रकाश, कान्तिपुरका यी राजाले दुइ वर्षभन्दा बढी ललितपत्तनमा राज्य गरेपछि यिनलाई प्रधानहरूले निकालिदिए ।

११. विश्वजित् मल्ल (७ संख्याका राजा विष्णु मल्लकी छोरीका छोरा), यी राजाले ४ वर्ष राज्य गरे र यिनलाई प्रधानहरूले मारिदिए ।

१२. नुवाकोटका बलमर्दन शाह । यिन-

सं. १७९३) फाल्गुनकृष्ण परेवा तिथीको दिन यो राजाले अन्नपूर्णादेवीलाई बसाहा चढाए । यो राजाको पालामा गोरखाका राजा नरभूपाल शाहले नेपालमा आक्रमण गरे। यो राजाको पालादेखि भादगाउँको मल्लवंशको अन्त भयो ।	राजाका पाँच छोरा थिए । उनी राजा हुनुभन्दा अगाडि नै राजेन्द्रप्रकाश र जयप्रकाशको जन्म भइसकेको थियो र राज्यप्रकाश नरेन्द्रप्रकाश र चन्द्रप्रकाश उनी राजा भइसकेपछि जन्मेका हुन् । यो राजा ने. सं. ८५२ (वि. सं. १७८९) मा परलोक भए ।	लाई प्रधानहरूले राजा बनाई ४ वर्षपछि निकालिदिए ।
	१३. जयप्रकाश मल्ल (१२ संख्याका राजाका माहिला छोरा) यिनले आपना भाइ राज्यप्रकाशलाई निकाले, निकालिएका राज्यप्रकाश ललितपत्तनका राजा विष्णु मल्लको शरणमा गए । ने. सं. ८८८ (वि. सं. १८२५) मा गोरखाका राजा पृथ्वीनारायणले जयप्रकाश मल्ललाई जितो राज्यच्युत गरे ।	१३. तेजनरसिंह (११ संख्याका राजा विश्वजित् मल्लका सन्तान) यो राजाले तीन वर्ष राज्य गरे त्यस पछि यिनलाई पृथ्वीनारायण शाहले जीति राज्य लिए ।

यस वंशावलीमा इतिहाससम्बन्धी साँचा कुराका निकै अंश छन् तापनि सम्पूर्ण रूपमा यसको कत्ति पनि महत्त्व छैन भन्ने कुरा स्पष्ट छ। आफ्नो देशको इतिहासको पूरा दृश्य दिन खोज्ने भारतीय इतिवृत्तकारहरूले सधैं गरे जस्तै, यो वंशावली लेख्नेले आफ्नो वर्णनको थालनीलाई संसारका चार युगसम्बन्धी आख्यान-सँग र कुरु र पाण्डवहरूको बीचमा भएको महाभारतको लडाइँसम्बन्धी परम्परा-सँग जोड्न कोशिश गरेका छन्। भरतखण्डको हरेक प्रान्तका पुराना राजाहरूले महाभारतको लडाइँमा लडेका थिए भनी सिद्ध गर्ने आफ्नो फिक्रीले गर्दा हिन्दूहरू-को पूरापूर मिलान ट्रायको विजयमा लागेका यूनानी नेताहरूको होमरको सूचीमा यूनानको कुनै शहर वा गणराज्यका पौराणिक वीरहरूको नाउँ नपरेको खण्डमा सो शहर वा गणराज्यको बेइज्जती भयो भनी सम्झने पुराना यूनानीहरूसँग र आफ्नो जमानामा घटेका घटनाका मूल कारण होमरले बयान गरेका पौराणिक घटनाहरूमा खोज्न लहसिएका हिरोदोतस जस्ता यूनानका पुराना ऐतिहासिकहरू-सँग हुन्छ। यस प्रवृत्तिले यूनानीहरूको हकमा भने कुनै ठूलो नतीजा पैदा गरेको छैन र इतिहाससम्बन्धी भारतीय कृतिहरूको उपयोगिता भने प्रायः पूरापूर नष्ट गरेको छ। हामीलाई थाहा भए जति सबै हिन्दू इतिवृत्तकारहरूले, ज्योतिषीहरूले चार युगका मान स्थिर गरेपछि र महाभारतको लडाइँ कलियुगको उठानमा ठह-याए-पछि मात्र आफ्ना इतिवृत्त लेखेका हुन्। इतिवृत्तकारहरूले जहिलेदेखिको घटनालेखन शुरू गरे, त्यस वेलादेखि तिनीहरूको आफ्नो समयसम्म बितेका भनी ठानिएका धेरै लामा अवधि भर्न तिनीहरूसँग भएका राजाहरूका प्रामाणिक सूची एकदम अपुग भएकाले, ती इतिवृत्तकारहरूले धेरै ऐतिहासिक राजाहरूको राज्यभोगको अवधि बेफाँटसँग लम्ब्याउनुपरेको[२९] मात्र होइन कि उही समयमा राज्य गरेका राजवंशहरूलाई एकपछि अर्को राख्ने र पुराण र महात्म्यहरूमा नाउँ परेका पौराणिक राजाहरूलाई पनि सूचीमा राख्ने काम गर्नुपर्‍यो।

यी कारणबाट साँचो कुरा त बाङ्गिने भई नै हाल्यो, यसको साथै आफ्ना देशमा चलेका नानाथरीका संवत्हरूको विषयमा इतिवृत्तकारहरूले गरेका भूलबाट कम्ती ठूला नतीजा आएका छैनन्। खालि दुइ संवत्को अर्थात् विक्रमादित्यको संवत् र वि. सं. १३५ देखि चलेको शालिवाहनको संवत् वा शकसंवत्को मात्र प्रयोगमा बानी परेका अचेलका हिन्दू ग्रन्थकारहरू आफ्ना मूल लेखमा भएका

---

२९. कह्लणले राजतरङ्गिणी (१।२१) मा छक्कापञ्जा नगरी गरेको कायलनामा हेर्नुहोस्।

संवत्‌हरूलाई यी दुइमध्ये एक भन्ने अर्थ गरिछोड्छन् । प्राचीन भारतमा अरू अनेकन् संवत् पनि चलनचलतीमा भएको र शब्द उही, तर अर्थ फरक भएको नाउँ भएका विभिन्न राजाहरू भएको कुरा प्रायः तिनीहरू बिलकुलै वास्ता राख्दैनन् । संवत् चलाउनेहरूलाई विक्रमादित्य भन्ने भारतीय वाक्पद्धति भएकोले दुइ तीन जना विक्रमादित्य भएको यसको उदाहरण हो ।

यसरी हुन गएका गल्ती नेपाली वंशावलीमा छर्लङ्ग देखिन्छन् । वंशावली लेख्नेले चर्चा गरेको पहिलो राजवंश कृष्णले नेपालमा ल्याएका धर्मात्मा गोठालाहरूबाट उत्पत्ति भएको हो भनी भनिएको छ । ती सबै राजाहरू बाबुपछि छोरा राजा भएका छन् र तिनीहरूका राज्यभोग निकै लामा छन् । तिनीहरूको विषयमा बयान गरिएका कुरा पूरापूर गलत हुनु मात्र होइन कि त्यो राजवंश पनि हुँदै नभएको हुनु धेरै संभव छ; ती नाउँ कुनै पुराण वा महात्म्यबाट लिएको देखिन्छ र नेपालका राजाहरूको प्रामाणिक सूचीमा थपेको देखिन्छ । अहीरहरू पनि गोठाला नै भएकाले र पुराणहरूमा कृष्णका सँगी र भक्त भनी चर्चा गरिएकाले यही कुरा दोस्रो, कम समय राज्य गर्ने अहीरहरूको वंशको विषयमा पनि लाग्छ । यसपछि आउने राजवंश किरातहरूको विषयमा भने कुरा भिन्नै छ । किरातहरूको देश हिमालय हो । यस कारण यिनीहरूले नेपालमा प्राचीन समयमा दखल जमाउनु सम्भव छ । यसो भए तापनि यस वंशका २९ जना राजालाई १११८ वर्ष छुट्याएको भने अति हो । किन भने जीवनबीमा गर्ने कम्पनीहरूका तथ्याङ्कसारणीहरूले देखाएअनुसार भारतमा १ पुस्ताको भागमा बढीसेबढी २६ वर्ष मात्र पर्छ । ती सबै उनन्तीसै राजाले बाबुपछि छोराको क्रमले राज्य गरेका हुन् भने तिनीहरूले छ सात सय वर्षभन्दा बढी राज्य गर्नु सम्भव छैन । अरू, शाक्यमुनि यस वंशका सातौं राजा जितेदास्तिको समयका हुन्; अशोक त्यस वंशका चौधौं राजा स्थुङ्कोको पालामा नेपाल आए अर्थात् उनले आफ्नो राज्य नेपालसम्म फैलाए भन्ने कुरामा केही सत्यता छ भने त्यताबाट ती राजाहरूको राज्यभोग मनपरीसँग लम्ब्याइएको रहेछ भन्ने कुराको स्पष्ट प्रमाण पाइन्छ । किन भने वंशावली लेख्ने मान्छे उत्तरतिरका बौद्धमार्गी (वज्रयानी) भएकाले उनलाई एकजना मात्र अशोक थाहा हुनु सम्भव छ र उनले अशोकलाई शाक्यमुनिको निर्वाण भएको एक सय वर्षपछि राखे । सातौं राजा जितेदास्ति र चौधौं राजा स्थुङ्कोको बीचमा एकसय वर्षको मात्र फरक भयो भने २९ राजाले १११८ वर्ष राज्य गरे भन्ने बनाइको असङ्गति अरू बढी स्पष्ट हुन्छ । आखिरमा, यी दुइ तुल्यकालत्व ऐतिहासिक हुन् भने किरातवंशको प्रारम्भ, केही हजार वर्षअगाडि पर्न गएको ठहर्छ । किन भने शाक्यमुनिको निर्वाण वास्तवमा वि. पू. पाँचौं शताब्दीमा भएको

हो। यही कुरा सोमवंश र सूर्यवंशमा लाग्छ। तिनको विषयमा पनि धेरैलामा राज्यभोग अति नै लामा छन् र तिनलाई निकै अगाडि राखिएको छ भन्ने स्पष्ट छ। पछिल्लो कुरा अभिलेखहरूद्वारा बढी स्पष्ट हुन्छ। अभिलेखअनुसार सूर्यवंशका एक्काईसौं राजा मानदेवले नाउँ नदिइएको कुनै संवत्‌का ३८६ देखि ४१३ सम्म राज्य गरे र ती अभिलेखको लिपिबाट यो समय विक्रमको चारौं वा पाचौं शताब्दीमा पर्छ भन्ने देखाउँछ। तर त्यसो भए तापनि मानदेवका नाति वसन्तदेव वर्मा कलिगताब्द २८०० अर्थात् वि. पू. २४४ मा राजा भए भनी वंशावलीमा स्पष्टसँग लेखिएको छ। अर्को अर्थात् ठकुरीवंशको विषय त त्यस्तो राजवंश भएको भए झन् गएगुज्रेको छ। यसका संस्थापक अंशुवर्मा कलिगताब्द ३००० अर्थात् वि. पू. ४४ मा राखिएका छन्, हुनत उज्जयिनीका विक्रमादित्य— जिनको राज्याभिषेक हिन्दूहरू अक्सर वि. सं. को उठानमा राख्छन्— अंशुवर्माभन्दा अघिल्ला राजाको पालामा नेपाल गएका थिए भनी लेखिएको छ। यस मितिको विरुद्ध हामीसंग युवान च्वाङ्गको वि. सं. ६९४ मा भएको उनको उत्तरभारतको भ्रमणको केही अगाडि वा त्यसैताका अंशुवर्मा नाउँका विद्वान् राजाले राज्य गरे भन्ने भनाइ छ। अरू, अंशुवर्माका अभिलेख र वंशावलीमा[३०] विशेष गरेर चर्चा गरिएको त्रिभुवर्माको अभिलेखका अक्षर विक्रमका छैटौं वा सातौं शताब्दीका मात्र हुन सक्छन्। यस राजवंशको विषयमा वंशावलीमा दिइएको बयानमा रहेको गोलमालका बढी उदाहरण अरू छैनन् भने पनि अंशुवर्मा-पछिका सातौं राजा वरदेवले कलिगताब्द ३६२३ अर्थात् वि. सं. ५७१ मा राज्य गरे भनी लेखिएकोपट्टि औंल्याउनु नै मनग्य होला। यसरी छ सय वर्षमा सात पुस्ता बितेको हामी देख्छौं। वरदेवको समयको लगत्तैपछि राज्यभोग अकस्मात् ठिक्कका हुन्छन् र आठ पुस्तालाई दुइसय वर्ष दिएर ठकुरीवंशका पन्ध्रौं राजा, काठमाडौंका संस्थापक गुणकामदेव कलिगताब्द ३८२४ अर्थात् वि. सं. ७८० मा राखिएका छन्। यस कारण वंशावलीको यो भाग भरपर्दोजस्तो छ र वरदेवपछि राजा हुनेको इतिहासको लागि केही प्रामाणिक सामग्री वंशावली लेख्नेसँग थियो भनी मान्न सकिन्छ। तर विक्रमका सातौं र आठौं शताब्दीका हामीले पाएका अभिलेखका नाउँसँग वंशावलीका नाउँ कुनै तरहले पनि मिल्दैनन्। यो दुर्भाग्यको कुरो हुन गएको छ। उसमाथि, गुणकामदेवको लगत्तैपछिका, वंशावलीअनुसार नवौं शताब्दीमा हुनुपर्ने भोजदेव र लक्ष्मीकामदेवले लेखोट पुस्तकहरूका पुष्पिका-

---

३०. राइटको नेपालको इतिहासको १३४ पृष्ठ।

अनुसार दुइ सय वर्षपछि वि. सं. १०७१-१०९६ को[३१] बीचमा राज्य गरेको देखिन आएको छ। अझ ठूलो कुरो त के छ भने सातौं र आठौं राजवंशका राजाहरूले अर्थात् वैश ठकुरीहरूले र फेरि अधिकारमा आएको अंशुवर्माको वंशले विक्रमको बाह्रौं शताब्दीको उठानदेखि चौधौं शताब्दीको आधाआधीसम्म राज्य गरे तथा सातौं राजवंशका† पछिल्ला राजा अनन्त मल्ल वा आनन्द मल्ल र दशौं राजवंशका‡ सातौं राजा जयस्थिति मल्लको बीचमा खालि सत्तरी वर्षको मात्र फरक छ भन्ने कुरा लेखोट पुस्तकका तिथिमितिहरूबाट साबित हुन्छ। यसबाट के सिद्ध हुन्छ भने वंशावलीमा दिइएको आठौं, नवौं र दशौं शताब्दीको सूची अपूरो छ र बीचमा ठूलठूला भ्वाङ छन्। तिनलाई भोजदेव र लक्ष्मीकामदेवदेखिका राजाहरूका शासनमा साँच्चिको मितिभन्दा अघिको मिति हालेर लुकाइएका छन्। वंशावलीअनुसार शकसंवत् ८११ अर्थात् वि. सं. ९४६ मा नेपाल जित्ने नान्यदेवको कर्णाटकवंशको विषयमा कुनै निश्चित निष्कर्षमा आउन कठिन छ। जर्मनीको प्राच्यविद्यापरिषद्को ६ संख्याको लेखोट पुस्तकमा[३२] भएको पुस्तेवारीमा नान्यदेवको सिंहासनारोहण शकसंवत् १०१९ अर्थात् वि. सं. ११५४ मा राखिएको छ। नान्यदेवले मल्लहरूलाई नेपालबाट धपाए भनी वंशावलीमा ठोकेर भनिएको छ तापनि हाम्रो १८ संख्याको अभिलेखमा उनलाई प्रताप मल्लका पुर्खा बनाइएको छ। उनका उत्तराधिकारीहरूका नाउँ जुन जुन लिखतमा तोकिएका छन् ती सबै लिखतमा फरक फरक छन्। दशौं वा अयोध्यावंशको विषयमा पहिला राजा हरिसिंहदेवको समय जर्मनीको प्राच्यविद्यापरिषद्को लेखोट पुस्तकद्वारा निधो भएको छ, त्यहाँ यो ठीक वंशावलीमा जस्तै शकसंवत् १२४५ अर्थात् वि. सं. १३८० दिइएको छ। तर यस वंशका राजाहरूमध्ये केही दशौं राजवंशका मल्लहरूको समयका थिए भन्ने कुरा खुद वंशावलीको भनाइबाट स्पष्ट

---

३१. बेन्डालको क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा रहेको बौद्ध हस्तलिखित ग्रन्थको सूचीपत्रको १२ पृष्ठ।

† भगवानलालले दिएको वंशक्रमअनुसार आनन्द मल्ल आठौं वंशका पछिल्ला राजा हुन्। यहाँ भगवानलालले भूलले सातौं वंशका भनी लेखेका छन्।

– अनुवादक

‡ एघाह्रौं राजवंश भन्नुपर्नेमा भूलले दशौं राजवंश भनी भगवानलालले लेखेका छन्।

– अनुवादक

३२. पिशेलको सूचीको ८ पृष्ठ, बेन्डालको पूर्वोक्त ग्रन्थको १५ पृष्ठ।

हुन्छ। यसरी श्यामसिंहको शासनको सबभन्दा पछिल्लो समय अर्थात् ने. सं. ५२८ अर्थात् वि. सं. १४६५ जयस्थिति मल्लको पालामा पर्छ। जयस्थिति मल्लको सम भन्दा पहिलो समय लेखोट पुस्तकहरूमा वि. सं. १४४२ छ र वंशावलीमा उनको ने. सं. ५१२ अर्थात् वि. सं. १४४९ को अभिलेखको चर्चा गरिएको छ। वंशावली लेखनेले अभिलेखहरू लगातार उद्धृत गरी लेखेको जयस्थिति मल्लका उत्तराधिकारीहरूको चर्चा भएको वंशावलीको अंशसमेत पनि ठूलठूला गल्तीबाट मुक्त छैन। धेरै पटक, उदाहरणको लागि जयस्थिति मल्लका छोरा ज्योतिर् मल्ल (१६ संख्याको अभिलेख) को विषयलाई लिऔं। वंशावलीमा उनको राज्य छुटाइएको छ। अन्य पनि राजाहरूको नाउँ छुटेका छन् र दिइएका मितिमा कहिंकहीं स्पष्टं देखिने खालका गल्ती पनि छन्।

पूरापूर रूपमा प्रयोग गर्न वंशावली ठीक छैन र यसका विभिन्न अंशमध्ये एउटै अंश पनि ज्यादै ठूलठूला गल्तीबाट मुक्त छैन भनी माथि गरिएको दावी ठीक छ भनी प्रमाणित गर्न यी टिप्पणी मनग्य होलान्। यस कारण भर पर्न नसकिने वंशावलीहरूबाट काम लिनुपर्ने ऐतिहासिकहरूको लागि नेपालको प्राचीन इतिहास लेखन लाभजनक तरीका रोज्न र कैयन् राज्यभोगको अवधिलाई मनासीब ढङ्गले छोट्टयाएर बढी विश्वसनीय ढङ्गले स्थापना भएको भनी सामान्यतया ठानिएको नेपालसंवत्को शुरू वि. सं. ९३७ देखि उल्टो गरी गन्न असम्भव छ। किन भने यो संवत् विश्वसनीय होस् तापनि संवत् चल्दा के घटना घट्यो भन्ने विषयमा वंशावाली लेखनेलाई केही पनि थाहा थिएन भन्ने कुरा माथि देखाइसकिएको छ। त्यसैले बढी दरो आधार खोज्नुपरेको छ। यो आधार वंशावली, अभिलेख र युवान च्वाङ्गको संस्मरणमा नाउँ परेका अंशुवर्माको पालामा पाउन सकिन्छ। युवान च्वाङ्गको समय फरक फरक किसिमले पछिल्ला कालका दुइटा प्रमाणद्वारा भए पनि निधो गरिएको छ। आफूले गरेको नेपालको बयानमा युवान च्वाङ्गले गद्दीनशीन राजा लिच्छविवंशका हुन् भनी लेखेका छन् र उनले अंशुवर्माको (श्रीस्तानिस्लास जुलियनले उल्था गरेअनुसारको) तलका बयान जोडेका छन् –"हालै त्यहाँ बल तथा आफ्ना विद्या र चातुर्य तथा व्यक्तित्वले चिनिएका अंशुवर्मा भन्ने राजा थिए। तिनले शब्दज्ञानविषयको ग्रन्थ (शब्दविद्याशास्त्र) बनाएका थिए। तिनी शास्त्रको आदर गर्थे र गुणको कदर गर्थे। उनको कीर्ति सबै ठाउँमा फैलिएको थियो[२२]। युवान च्वाङ्गले जुन

---

२३. श्री बीलले यस अंशलाई यसरी उल्था गर्नुभएको छ। यो उहाँले

राजाको चर्चा गरेका छन्, त्यही नाउँ भएका राजालाई वंशावलीमा कलिगताब्द ३००० अर्थात् वि. पू. ४४ मा राखिएको छ र तिनका अभिलेख संवत् ३४, ३९ र ४५ (?) का छन् भन्ने कुरामा अब शङ्का छैन । किनभने वंशावलीमा र अभिलेखमा अंशुवर्मा भन्ने एक जनाको मत्र चर्चा आएको छ । अझ संवत् ३९ को आफ्नो अभिलेखमा उनी आफ्नो जुन बयान गर्छन्, त्यो युवान च्वाङ्गले गरेको बयानसँग ट्वाक्क मिल्छ । उनले अनेकन् शास्त्रको अर्थको विषयमा "रातो दिन गोड गर्दा आफ्ना (पहिलेका) असत्य विचार हटाए" र "अदालत-को समुचित स्थापनालाई उनी आफ्नो सबभन्दा ठूलो आनन्द सम्झन्छन्" भनी तिनले त्यहाँ भनेका छन् ।[३४] फेरि अंशुवर्मालाई "खूप चतुरा, डरलाग्दा, फडङ्गी र पुरुषार्थ गर्दा कहिल्यै नथाक्ने" भनी वंशवलीमा[३५] बयान गरिएको छ । संवत् नभएको, शिवदेवको अभिलेख (५ संख्या) मा अनेकन् लडाइँमा भिडिदा पाएको आफ्नो शुन्याइँको प्रतापले राजाका (सबै) शत्रुको शक्ति सखाप पारेका, र "(राजाका) प्रजालाई राम्रोसँग रक्षा गरेको परिश्रमबाट कमाएको सफा कीर्ति भएका महासामन्त अंशुवर्मा" भनी तारीफ गरिएको छ । आखिरमा वंशावली (राइटको नेपालको १३४ पृष्ठ) मा विभुवर्माको अभिलेख (८ सङ्ख्या) लाई अंशुवर्माको पालामा राखिएको छ । यो ठीक हो । युवान च्वाङ्गले भारत घुमेको समय निःशङ्क रूपले निधो भइसकेकोले र उनी उत्तर भारतमा आएको समय[३६] वि. सं. ६९४ हुनु धेरै सम्भव भएकोले विक्रमको सातौं शताब्दीको उत्तरार्धमा अंशुवर्माले राज्य गरेको हुनुपर्छ भन्ने

मलाई कृपा गरी दिनुभएको हो— "हालै त्यहाँ आफ्ना विद्या र चातुर्यले चिनिएका अन्–शु–फ–मो भन्ने राजा थिए । तिनले शब्दविषयको ग्रन्थ (शब्द-विद्या) बनाएका थिए । तिनी विद्याको आदर र गुणको कदर गर्थे । उनको कीर्ति जहाँतहीं फैलिएको थियो ।" – गेओर्ग ब्यूलर । बीलको पश्चिमी मुलुकहरूका बौद्ध विवरणको दोस्रो भागको ८१ पृष्ठ हेर्नुहोस्, जुलियनको संस्मरणको १ भागको ४०८ पृष्ठसँग दाँज्नुहोस् ।

३४. ७ सङ्ख्याको अभिलेखका १–३ पङ्क्ति, भारतीय प्रत्नतत्त्वको ९ भागको १७० पृष्ठ ।

३५. नेपाली भाषाको पाठ यस प्रकारको छ–ई राजा बडो चञ्चल भयङ्कर तामस मूर्ति थुलो पुरुषार्थी भयाको थिओ । राइटको नेपालको १३३ पृष्ठसँग दाँज्नुहोस् ।

३६. कनिङ्घमको भुवनकोशको ५६५ पृष्ठ ।

कुरा सिद्ध हुन्छ । उनका अभिलेखका अक्षर पनि यही कालका छन् भन्ने कुरा पनि ख्याल राख्नुपर्छ । यस कारण वंशावली लेख्नेले उनको समय सात सय वर्षभन्दा पनि अगाडि धकेलिदिएका छन् । यी गल्तीको कारण सम्भवतः अंशुवर्माको अभिलेखमा संवत् लेखिएकोले यस संवत्‌लाई वंशावली लेख्नेले विक्रमसंवत् भनी गल्तीले सम्झनुमा र नेपालका सबभन्दा पहिलेका राजा महाभारतका नायकहरूका सामानकालिक थिए भन्ने वंशावलीको कालगणना गर्ने पद्धति हुनुमा छन् । यसले गर्दा सबभन्दा पछिल्लो राजवंशलाई छोडेर अरू सबै राजवंशमा जरूरी पर्न गएकोले सारसुर हुन गएको छ ।

यसो भए तापनि, अंशुवर्माले कुन संवत्‌अनुसार आफ्ना शासन (अभिलेख) मा तिथिमिति हाले भन्ने कुरा पत्ता लाउनु हाम्रो लागि मुख्य विषय हुन आएको छ । यस प्रश्नका बेग्लाबेग्लै किसिमले तीनवटा समाधान दिन सकिन्छन्– कि अंशुवर्माले आफ्नै संवत् चलाए, कि उनले अलबेरूनीअनुसार वि. सं. ६६३ देखि शुरू भएको र उत्तरभारतमा एघारौं शताब्दीसम्म चलेको श्रीहर्षको संवत्‌को प्रयोग गरेका हुन्,[३७] कि शतस्थानी अङ्क छोडेर लेख्ने चलन भएको लोककाल उनले प्रयोग गरेका हुन् । यसो भए तापनि पछिल्लो समाधानलाई तुरुन्त छाड्न सकिन्छ, किन भने यही सिलसिलामा उनीपछिका राजाहरूका अभिलेख संवत् १५३ सम्मका

---

३७. रीनौडको अरब र फारसका मान्छेहरूका टुक्राटाक्री लेखको १३१ पृष्ठ । विक्रमादित्यको संवत्‌भन्दा ६६४ वर्षपछि श्रीहर्षको संवत् एउटा काश्मीरी पात्रोमा राखिएको मैले पाएँ भनी अलबेरुनीले लेखेका छन् । यसको मतलब श्रीहर्षको संवत् वि. सं. ६६४ देखि चलेको भन्ने हुन्छ । विक्रमको राज्याभिषेक भएको ६६४ वर्षपछि श्रीहर्षको संवत् चल्यो भनी त्यस पात्रोमा लेखिएको हो भने यस संवत्‌को थालनी वि. सं. ६६३ मा हुन्छ, किनभने श्रीहर्षसंवत् १ ६६४ बाट घटाउनुपर्छ । अर्कोतिर, श्रीहर्षको राज्याभिषेक वि. सं. ६६४ मा भयो भनी त्यस पात्रोमा लेखिएको हो भने श्रीहर्षसंवत्‌को पहिलो वर्ष वि. सं. ६६५ मा टुङ्गिन्छ । अलबेरुनीले के भन्न खोजेको हो भन्ने कुरा त वारसमेतका केही तिथिमिति वा ग्रहणको चर्चा पाइएको खण्डमा मात्र गणना गरेर निधो गर्न सकिन्छ । श्रीहर्षसंवत्‌को प्रारम्भवर्ष काश्मीरी पात्रोमा थियो भन्ने कुरावाट यो संवत् काश्मीरमा चलेको थियो भन्ने देखिन्छ । किनभने आजभोलि पनि पञ्चाङ्गहरूमा जहाँ ती लेखिएका हुन्, ती जिल्लामा चलेका अनेकन् संवत् र त्यहाँका प्राचीन राजवंशसम्बन्धी ऐतिहासिक सूचना कहिलेकहीं त्यहाँ दिइएका हुन्छन् ।

हामीले पाएकाले लिपिको आधारमा जाँच्दा अंशुवर्माको अभिलेखमा जुन संवत् छ तिनमा पनि त्यही संवत् भएको देखिन्छ। अंशुवर्माले लोककालको प्रयोग गरेका भए उनीपछि राजा हुने कसैले पनि ९९ भन्दा बढी अङ्कको प्रयोग गर्दैनथे। बाँकी रहेका दुइ सम्भावनामध्ये एउटालाई रोज्नु त्यति सजिलो छैन। युवान च्वाङ्गले गरेको र वंशावलीमा भएको बयानअनुसार अंशुवर्मा शक्तिशाली शासक भएको, उनको अनन्यसामान्य योग्यता भएको र आफ्ना विजय र लेखले गर्दा उनले ठूलो कीर्ति पाएको कुरालाई पहिलो सम्भावनाको पक्षमा अघि सार्न सकिन्छ। नयाँ संवत् चलाउन विजिगीषु भारतीय राजाहरू ज्यादै लालायित हुन्थे र यसो गर्न धेरै राजाहरूले सके भन्ने कुरा प्रसिद्धै छ। यसरी धेरैले संवत् चलाउन सकेकाले भारतीय कालगणनामा निकै हानि पुग्न गयो। अर्कोतिर, यस कल्पना सकार्न ठूलठूला बाधा पनि छन्। किनभने अंशुवर्मा पछि जतिसुकै ठूला र शक्तिशाली राजा भए तापनि उनी पहिले नेपालका राजाका सामन्त मात्र थिए, राज्य उनी नै चलाउँथे होलान् तर मालिकको नाउँमा भन्ने कुरा अभिलेखहरूबाट देखिन्छ। त्यो त्यही दर्जा हो, जुन शिवदेवको मिति नभएको (५ सङ्ख्याको) अभिलेखअनुसार उनको थियो। संवत् ३४ को आफ्नो अभिलेख (६ सङ्ख्या) मा पनि महासामन्तभन्दा ठूलो दर्जा उनले लिएका छैनन्। विष्णुवर्मा (८ सङ्ख्या) उनलाई श्रीअंशुवर्मा भन्छन् र श्रीको त्यही भव्य उपाधि संवत् ३९ को अभिलेख (७ सङ्ख्या) मा पनि प्रयोग भएको छ। संवत् ४८ को जिष्णुगुप्तको अभिलेख (९ सङ्ख्या) मा मात्र उनले महाराजाधिराज भन्ने पदवी पाएका छन्। यी कुराबाट ६ सङ्ख्यादेखि १५ सङ्ख्यासम्मका अभिलेखका मिति अंशुवर्माले चलाएको संवत्का हुन् भन्ने कल्पनामा बाधा पर्छ। किन भने अरू कसैले होइन, राज्याभिषेक पाएका राजाले मात्र आफ्नो संवत् चलाउन पाउँछन् भन्ने कुरा निर्विवाद र स्वयंसिद्ध छ। संवत् ३४ मा अंशुवर्मा सामन्त भएकाले त्यो संवत् उनले आफ्नो राज्याभिषेकसँगै थालेको हुन सक्तैन। हाल केही अरू कुरा पनि प्रकाशमा आएका छन् तिनबाट हाम्रा पछिल्ला दशवटा अभिलेखका मिति नेपालको कुनै खास संवत्का हुन् भन्ने कल्पनाको स्पष्टसँग खण्डन हुन्छ तर त्यो संवत् सातौं आठौं शताब्दीमा उत्तर भारतमा व्यापक रूपले चलेको संवत् नै हो भन्ने कुरा देखा पर्छ। हाम्रो १५ सङ्ख्याको संवत् १५३ को अभिलेखमा जयदेवले मेरी आमा वत्सदेवी मौखरि राजा भोगवर्माकी छोरी[३८] र मगधका

---

३८. बीलको पश्चिमी मुलुकहरूका बौद्ध विवरणमा डा. बर्जेसको टिप्पणी र भारतीय प्रत्नतत्त्वको १० भागको १९३ पृष्ठको टिप्पणी हेर्नुहोस्।

ठूला मालिक श्रीआदित्यसेनकी छोरीकी छोरी हुनुहुन्छ भनी लेखेका छन्। पछिल्ला गुप्तहरूको नाउँ परेको अफसदको अभिलेखबाट आदित्यसेनको विषयमा धेरैअघि थाहा पाइसकिएको हो। हालै ज. कनिङ्घमले आदित्यसेनको पालाका परेका दुइवटा लिखत छपाउनुभएको छ तिनमा एउटा शाहपुरको अभिलेख हो, त्यसमा सूर्यको मूर्ति स्थापना गरेको कुरा लेखिएको छ।[३९] अर्कोचाहिँ देवबार्णक-को अभिलेख हो, त्यसमा वरुणवासी भट्टारकलाई जग्गा गूठी राखेको कुरा परेको छ।[४०] यिनमा पहिलोचाहिँ आदित्यसेनको पालाको संवत् ८८ को हो।[४१] यो मिति र यिनका पनाति जयदेवको मितिमा ६५ वर्षको फरक परेको छ। भारतमा ३ पुस्ताको भागमा सालाखाला ७८ वर्ष पर्छ भनी माथि नै भनिसकिएको छ। यसैले ६५ वर्ष ७८ वर्षभन्दा त्यति ज्यास्ति कम पनि होइन। यताबाट बराज्यू र पनाति-ले उही संवत्को व्यवहार गरेका हुन्[४२] भन्ने कुरामा अलिकति पनि शङ्का गर्ने ठाउँ देखिदैन र यो संवत् नेपालमा मात्र चलेको नभई उत्तर-पूर्व भारतमा व्यापक रूपले चलेको थियो भन्ने कुरालाई यताबाट बढी पुष्टि मिल्छ। यसो हो भने अंशुवर्माका र पछिका अरू नेपाली अभिलेखमा (९-१५ सङ्ख्यामा) व्यवहार गरिएको संवत् वि. सं. ६६३ देखि शुरू भएको श्रीहर्षसंवत् हो भन्ने कुरामा पनि शङ्का गर्ने ठाउँ छैन। थाहा भएसम्मका अरू कुनै भारतीय संवत्-बाट पनि नेपालमा चलेको संवत्विषयको यस समस्याको समाधान हुन सक्दैन जस्तो छ र नेपालमा यो संवत् कसरी पुग्यो भन्ने देखाउन पनि गाह्रो छैन। हुनत श्रीहर्षसंवत्को विषयमा लेख्दा अलबेरूनीले यो संवत् उत्तर भारतमा

---

३९. पुरातत्त्वसम्बन्धी प्रतिवेदनको १५ भागको एघाह्रौं फलक।

४०. पुरातत्त्वसम्बन्धी प्रतिवेदनको १६ भागका ७३-७६ पृष्ठ र २४ सङ्ख्याको फलक।

४१. पुरातत्त्वसम्बन्धी प्रतिवेदनको १५ भागको १२ पृष्ठ र १६ भागका ७९-८० पृष्ठमा ज. कनिङ्घमले यो संवत् ५५ भनी पढ्नुभएको छ। तर अरू प्राचीन अभिलेखहरूसँग मिलाई हेर्दा सो अङ्क ८ मात्र हुन सक्छ। संवत् ५५ नै शुद्ध हो भने तापनि त्यो संवत् घटाउँदा पनि संवत्मा कुनै असर पर्दैन।

४२. आदित्यसेनका पनातिको, देवबार्णकमा पाइएको दानपत्रको संवत् १५२ हो भन्ने कनिङ्घमको भनाइलाई प्रमाणित गर्न सकिने हो भने यो निष्कर्ष झन् बलियो हुन्छ।

भनेको छ भनेर मात्र लेखेका छन्, यो संवत् चलाउनेको विषयमा भने केही पनि लेखेका छैनन् । तैपनि ती व्यक्ति बाणभट्टको श्रीहर्षचरितका नायक र आफ्ना आश्रित युवान च्वाङ्गले हर्षवर्धन वा शीलादित्य भनिएका भन्दा अरू हुन सक्दैनन् भन्ने पक्का छ । बाणको र युवान च्वाङ्गको बयानबाट र त्यस्तै शूरा र उनले जित्न नसकेका उनका वैरी चालुक्य सत्याश्रय पुलकेशीका अभिलेखमा परेका कुराबाट यी राजाले विक्रमको सातौं शताब्दीको उत्तरार्द्धमा भारतका सारा उत्तर, पश्चिम र पूर्व भागलाई एकच्छत्र राज्य बनाए भन्ने देखिन्छ । उत्तर-पूर्वमा कामरूप अर्थात् आसामसम्म उनी सम्राट् मानिएका थिए । आसाम-प्रान्तका राजाले युवान च्वाङ्गलाई श्रीहर्षको दरबारमा पुऱ्याएका थिए र उनी आफैं पनि श्रीहर्षको ठूलो धार्मिक सभामा भेला भएका थिए । श्रीहर्षको साम्राज्यमा नेपालको दक्षिणपट्टिका सबै जिल्ला पर्थे । यसै कारणले नेपालखाल्डोको राजकाजमा उनको ठूलो प्रभाव हुनुपर्छ र श्रीहर्ष आफ्ना बलिया छिमेकी भएका नाताले यहांका राजाहरूले उनको संवत् लिएकोमा अचम्म मान्नुपर्दैन । श्रीहर्षले नेपालमा हमला गरी नेपाल जित्नु धेरै सम्भव भएकोले नेपालका राजाहरूले उनको संवत् लिनुमा अझ बढी जरूरी कारण भएको देखिन्छ । ज. कनिङ्घमले (पुरातत्त्व-सम्बन्धी प्रतिवेदनको १ भागको २८० पृष्ठमा) अवस्था यही थियो भनी स्पष्टैसँग लेख्नु पनि भएको छ । इतिहाससम्बन्धी प्रकाशित लिखतहरूमा यस भनाइको स्पष्ट प्रमाण पाइँदैन । तर वंशावलीका भनाइमा त्यस्ता केही सङ्केत छन् जसबाट यस कुरालाई धेरै नै सम्भव बनाउँछ । अंशुवर्मा गादी चढ्नुभन्दा ठीक अगाडि विक्रमादित्य नेपालमा आई उनले त्यहाँ आफ्नो संवत् चलाए भन्ने कुरा वंशावली-बाट हामी थाहा पाउँछौं ।[४२] यो पहिलो सङ्केत हो । राजाको नाउँ र वंशावली लेख्नेले आशय गरेको संवत्को नाउँ एकदमै अशुद्ध हुन् । तर वास्तव तथ्य अर्थात् अंशुवर्माको पालातिर कुनै भारतीय राजाले नेपाल जितेको र नेपालका हरुवा राजाहरूले तिनको संवत् लिएको कुरा वंशावलीमा भएको सो गलत बयानको ऐतिहासिक आधार हुनु धेरै सम्भव छ; वंशावलीमा यसरी श्रीहर्षले गरेको हमलाको र यसको नतीजा अर्थात् उनको संवत्को व्यवहारको सम्झना राखिएको छ । वंशावलीमा परेको अर्को एउटा सानो कुराबाट अर्थात् नेपालमा वंश रजपूत भएको कुराबाट अझ बलियो तर्क जुट्न गएको छ । वंशावली-अनुसार सातौं वंशका राजाहरू यही वर्गका थिए र नुवाकोटको डाँडामा धेरै अगाडिदेखि तिनीहरूको बसोबास थियो । श्रीहर्षको वंश वा जात

४२. राइटको पुस्तकको १२१ पृष्ठ ।

फै-शे[४४] भन्ने हो भन्ने कुरा युवान च्वाङ्गको पुस्तकबाट हामी थाहा पाउँछौं। यो जात वैश अर्थात् बैस रजपूतको जात हुनुपर्छ भनी ज. कनिङ्घमले देखाउनुभएको छ।[४५] यस जातका मानिस अहिलेसम्म पनि झण्डै सारा दक्षिण अवधमा पाइन्छन् र दिल्ली र इलाहाबादको बीचका जिल्लामा हाम्रो राज्य थियो भन्ने दाबी तिनीहरू गर्छन्। कुनै देश जित्ता जितेको देशको एक टुक्रा आफ्ना शाखासन्तानलाई बिर्ता दिने भारतीय राजाहरूको चलन जस्तै भएकोले सयौं वर्ष पछि राज्याधिकार अरू वंशको हातमा सर्दा पनि बिर्तावालका सन्तानहरू ती जग्गा जमीनको भोगचलन धेरैजसो गरिरहेकै हुन्छन् र तिनीहरूको सो भोगचलन पहिले भएको विजयको बाँकी रहन आएको एक मात्र दसी हुन जान्छ। यसरी पछिल्लो समयमा नुवाकोटको डांडोमा वैश रजपूतहरू भएको कुराबाट नेपाल उहिले वैश राजाको अधीनमा थियो भन्ने सङ्केत मिल्छ। ती वैश राजा अरू कोही होइनन्, श्रीहर्ष नै हुन्। यसरी यी राजाको अधीनमा नेपाल भएको कुरा पक्का ठान्ने हो भने अंशुवर्मा र उनका उत्तराधिकारीहरूले श्रीहर्षसंवत्‌को व्यवहार गरेको कुरा स्वाभाविक नै भन्नुपर्‍यो।

श्रीहर्षसंवत्‌को पक्षमा यी तर्क बलिया छन्। तर पनि माथिको निष्कर्ष पूर्णरूपले मान्नुअगाडि युवान च्वाङ्गले गरेको नेपालको बयानमा परेको एउटा कुराको समाधान गर्नुपरेको छ। नेपालका गद्दीनशीन राजा लिच्छविवंशका हुन् र हालै त्यहाँ अंशुवर्मा भन्ने राजा थिए इत्यादि भनी युवान च्वाङ्गले लेखेका छन्। यो कुरा माथि पनि परिसकेको छ। यसको एक मात्र अर्थ युवान च्वाङ्गको समयमा अंशुवर्मा बितिसकेका थिए भन्ने हुन्छ। युवान च्वाङ्गको उत्तर-पूर्वी भारतको यात्रा वि. सं. ६९४ अर्थात् श्रीहर्षसंवत् ३०-३१ तिर परेकोले हाम्रा अभिलेखमा श्रीहर्षसंवत् लेखिएका हुन् भन्ने उनको दावा हाम्रो अभिलेखको मितिसँग दोठ्याङ खान्छ। यसबाट श्रीहर्षसंवत् ४० अर्थात् वि. सं.

---

४४. स्तानिस्लास जुलियनको संस्मरणको पहिलो भागको २४७ पृष्ठ, बीलको पश्चिमी मुलुकहरूका बौद्ध विवरणको पहिलो भागको २०९ पृष्ठ र टिप्पणी।

४५. भुवनकोशका ३७७-३७८ पृष्ठ। श्रीहर्ष बेपारी अर्थात् वैश्य हुन सक्तैनन् भनी त्यहाँ दिइएका तर्कबाट भारतको विषयमा थाहा पाएका जोसुकैलाई पनि पूरै चित्त बुझ्छ। श्रीहर्ष शक्तिशाली हुनुभन्दा अगाडि नै उनकी बहिनी राज्यश्रीको बिहे मौखरि ग्रहवर्मासँग भएकोले उनी क्षत्रियभन्दा तल्लो जातका भएका भए सो बिहे हुनु असम्भव थियो।

७०३ सम्म त[४६] अंशुवर्मा अवश्यै थिए भन्ने देखिन आउँछ। युवान च्वाङ्गले नेपाल-को यात्रा गरेको कुरा साँचो हो भने यो विसंवाद ज्यादै गम्भीर बन्न जान्छ। श्रीस्तानिस्लास जुलियनले गरेको युवान च्वाङ्गको यात्रावर्णनको उल्थामा उनले त्यसै गरेको दर्शाइएको छ। यसो भए तापनि यात्रालाई बुझाउने चिनियाँ शब्द कि युवान च्वाङ्गको बाटो कि साधारण बाटो भनी बुझनुपर्ने हुनाले र युवान च्वाङ्गको जीवनचरित्रमा उनी वृजि (फो-लि-शि) र नेपाल आएको विषयमा केही पनि नलेखिएकोले पछिल्लो कुरा शङ्कास्पद छ।[४७] यताबाट युवान च्वाङ्ग वैशालीको श्वेतपुरबाट गङ्गाजी तरेर तुरुन्तै मगध पुगेकाले श्रीभिभियन दे सेण्ट मार्टिनले संस्मरणको दोस्रो भागको ३६५ पृष्ठमा यसलाई "हुन सक्नेभन्दा बढी" भनी ठान्नुभएको छ। आफूले गरेको त्यस पुस्तकको नयाँ उल्थामा[४८] यहाँसम्म यस विचारसँग सहमत भई युवान च्वाङ्ग नेपाल आए भन्ने कुरा पत्याउन गाह्रो छ भनी श्रीबील भन्नुहुन्छ। तर ती यात्री नेपाल गएको भने देखिँदैन, तिनी वृजिहरूको राजधानीमा गएका थिए र त्यहीँबाट विवरणको भरमा तिनले लेखेका हुन् भनी सो टिप्पणीमा लेख्नुभएको छ। ज्यादै सम्भव देखिने यो अनुमान ठीक हो भने युवान च्वाङ्गका शब्द र अभिलेख-का मितिमा पर्न गएको विरोधको विषयमा व्याख्या गर्ने ठाउँ छ। नेपालको राजकाजको विशिष्ट अवस्थाको बयान भएको विवरण उनलाई जुन दिइयो, कि त्यो गलत थियो कि उनले त्यो नबुझ्नु सम्भव छ। अंशुवर्मा र उनका उत्तराधिकारी जिष्णुगुप्तका पालामा नेपालखाल्डोमा द्वैराज्य चलेको थियो। यो अवस्था अझ केहीपछि पनि रहेको हुन सक्छ। लिच्छवि राजाहरूले अंशुवर्मा र उनका उत्तराधिकारीहरूसँगसँगै राज्य गरेका थिए। यस्तो सङ्कुल शासनले

---

४६. ८ सङ्ख्याको अभिलेखको दोस्रो अङ्क निधो गर्न नसकिएकोले निधो भएको अङ्क ४० को विषयमा मात्र विचार गर्नु मनासीब छ। ८ सङ्ख्याको अभिलेखको संवत् ४५ अर्थात् वि. सं. ७०८ हो भने अंशुवर्मा त्यस वर्ष र जिष्णु-गुप्तको पहिलो मिति संवत् ४८ अर्थात् वि. सं. ७११ को बीचमा परलोक भएको हुनुपर्छ।

४७. युवान च्वाङ्गको जीवनचरित्रको १३६ पृष्ठ हेर्नुहोस्।

४८. बीलको पश्चिमी मुलुकहरूका बौद्ध विवरणको १ भागको ८१ पृष्ठको १०३ टिप्पणी। यो पुस्तक निस्कनुभन्दा अगाडि नै यस पृष्ठको सूचना श्रीबीलले कृपा गरी मलाई दिनुभएको हो – गेओर्ग ब्यूलर।

विदेशीलाई जिल्ल पार्न सक्ने भएकोले आफूले नाउं पाएका राजाहरूमध्ये एक जनाले अर्कोभन्दा अघि राज्य गरे भनी कल्पना गर्ने गल्ती उनले सजिलैसंग गर्नु सम्भव छ । यसलाई अंशुवर्माको विषयमा युवान च्वाङ्गको टिप्पणीको शब्द-चयनबाट उठेको अप्ठेरोपनाको हल भनी निर्धक्कसंग मान्न सकिन्छ र ६-११ सङ्ख्याका हाम्रा अभिलेख वि. सं. ६९७ देखि ८१६ भित्र पर्न आउने कुरा पक्का छ भनी मान्न सकिन्छ ।

माथिको छलफलको नतीजाबाट हामीले अरू काम लिनुभन्दा अगाडि विक्रमको सातौं शताब्दीको एक भागमा द्वैराज्य भएको कुरा प्रकट गर्ने अंशका विषयमा अलिकति सूक्ष्म परीक्षा गर्नु मनासीब हुनेछ । हाम्रो ५ सङ्ख्याको अभिलेखमा "आपनो शुन्याइंको प्रतापले" (आपनो मालिकका) सबै शत्रुको प्रभाव सखाप पारेका र "राम्ररी प्रजाको पालना गर्दा भएको परिश्रमले आर्जेको उनको सफा कीर्तिले दिङमण्डल ढाकेको छ" भनी लिच्छवि राजा शिवदेवले आपना महा-सामन्त अंशुवर्माको विषयमा बोलेका छन् । अतिशयोक्तिपूर्ण यी भनाइबाट अंशु-वर्माले प्रधान सेनापति र प्रधान मन्त्री जस्तो माथिल्लो दर्जा ओगटेका मात्र होइनन्, उनको शक्ति र दबदबा आखिरमा आपना मालिकको जस्तैजस्तै भएको थियो भन्ने पनि बुझिन्छ । संवत् ३४ (६ सङ्ख्याको अभिलेख)मा अंशुवर्माको दर्जा उही नै छ । तर सो अभिलेख उनले आपनै दरबार कैलासकूट[४९] बाट जारी गरेका छन् र अक्सर राजाहरूले मात्र चलनचलतीमा ल्याउने भाषाको त्यहाँ प्रयोग गरेका छन् । साँचै भन्ने हो भने, आपनो दर्जालाई छोडेर अरू कुनै कुराबाट पनि आफूभन्दा माथिका राजाको अधीनमा आफू भएको कुराको सङ्केत उनले दिएका छैनन् । आफूभन्दा माथिकाको नाउँ नै नलिई सोझै आफैंले जग्गा सुम्पेकोले यही अवस्था संवत् ३९ (७ सङ्ख्या) को अभिलेखबाट पनि दर्शाइएको छ । त्यस बेला उनले महाराज भन्ने पदवी लिइसकेका भए उनको नाउँको अगाडि श्री मात्र किन लेखियो भन्ने शङ्का उठ्छ । उनले कुनै बेला महाराज भन्ने पदवी लिएका थिए भन्ने कुरा जिष्णुगुप्तले उनलाई महाराजाधिराज भनी बयान गरेको ९ सङ्ख्याको अभिलेखबाट र त्यस्तै युवान च्वाङ्गका र वंशावलीका भनाइबाट पनि स्पष्टै बुझिन्छ । जिष्णुगुप्त अंशुवर्माको लगत्तै पछिका उत्तराधिकारी पक्कै हुन्,

---

४९. अंशुवर्माले आपनो लागि दरबार बनाएका थिए भन्ने कुराको सम्झौटो अंशुवर्माले राजधानी मध्यलखुमा सारे भनी वंशावलीमा लेखिएको कुरामा रहेको छ ।

कि उनी अंशुवर्माका छोरा कि नजीकैका नातेदार भएकाले उनी अंशुवर्माकै कुलका हुन्। यो कुरा जिष्णुगुप्तको पहिलो मिति संवत् ४८ (९ सङ्ख्या) को अभिलेखसँग विभुवर्माको अभिलेख (८ सङ्ख्या) को सामीप्यबाट सिद्ध हुन्छ । विभुवर्माको अभिलेखको संवत् ४५ होइन भने पनि संवत् ४० भन्दा बढीको त अवश्य हो । अंशुवर्मा र जिष्णुगुप्तको बीचमा अर्को राजाको लागि ठाउँ छैन र ७ सङ्ख्याको अभिलेखमा दूतक अर्थात् प्रतिनिधिको रूपमा आएका युवराज उदयदेव[50] लिच्छविवंशका नहुँदा हुन् त यिनले राजा हुन पाउनु सम्भव छैन । जिष्णुगुप्त वास्तवमा अंशुवर्माकै कुलका हुन् भन्ने कुरालाई उनले आपना इश्तिहार अंशुवर्माको दरबार कैलासकूटबाट जारी गरेकाले र लिच्छविहरूको पुरानो दरबार या किल्ला[51] मानगृहमा बस्ने, लिच्छवि राजा ध्रुवदेवलाई आपना अधिराजका रूपमा आपना दुइ अभिलेखमा चर्चा गरेकाले देखिएको छ । यी बुँदाबाट र ११ सङ्ख्याको अभिलेखमा जिष्णुगुप्तको प्रवर्द्धमान विजयराज्यमा जारी गरिएको घटनाबाट उनको समयमा नेपालमा द्वैराज्य थियो भन्ने अझ देखिन गएको छ । यही कुरा लिच्छवि राजाहरूका ३५ पुस्ता लगालग लेखिएको जयदेवको अभिलेख (१५ सङ्ख्या) बाट झन् प्रमाणित हुन्छ । तर जयदेवका बाबु दोस्रा शिवदेवको संवत् ११९ को अभिलेखमा एउटा महत्त्वको कुरा परेको छ । त्यसको सम्बन्ध अंशुवर्मा र जिष्णुगुप्तले सभा बसाउने गरेको कैलासकूटदरबारबाट शिवदेवले आपनो शासन जारी गरेकाले अंशुवर्माका सन्तानले कहिलेसम्म राज्य गरिरहे भन्ने प्रश्नसँग छ । यी बुँदाको व्याख्या तल लेखिएबमोजिम ठानिएको छ- अंशुवर्मा पहिले पहिला शिवदेवका सेवक थिए, उनले बिस्तारै राजाको सारा अधिकार हात लगाउन सके । उनले महाराजको पदवी पनि लिए अथवा राजाबाट पाए । तर आजभोलिका जङ्गबहादुरले जस्तै उनले पनि आपना पुराना मालिक र शायद उनका उत्तराधिकारीलाई पनि स्वतन्त्र शासकको दर्जा नाम मात्रकै भए पनि कायम राखन दिए । अंशुवर्मा श्रीहर्षसंवत् ४० को केही पछि वा ४८ अगाडि वि. सं. ७०७ तिर परलोक भएको हुनुपर्छ भनेर अघि नै भनिसकेको हो । अंशुवर्मा परलोक भएपछि सम्भवतः उनका छोरा वा जुनसुकै हालतमा पनि उनको नजीकको नाता पर्ने जिष्णुगुप्तले उनको दर्जा पाए । मुलुकमा द्वैराज्य चली नै

---

५०. लिच्छविहरूमा एक पटकभन्दा बढी उदयदेव भन्ने नाउँ आएकोले उदयदेव लिच्छवि हुनु र शिवदेवका सन्तान हुनु धेरै सम्भव छ ।

५१. १ देखि ५ सङ्ख्यासम्मका अभिलेख हेर्नुहोस् । यी अभिलेख मानगृहबाट जारी गरिएका हुन् ।

रह्यो। तर अंशुवर्माको जीवनमा भन्दा यस बेला लिच्छविहरूले केही बढी अधिकार अँठयाए कि। यस्तो अडकलको समर्थन जिष्णुगुप्तका दुइ अभिलेखका दुइटा शिरवेहोराबाट हुन्छ। पछि, श्रीहर्षसंवत् ४८ र ११९ को बीचमा अर्थात् वि. सं. ७११ र ७८२ को बीचमा पुरानो राजवंशले जम्मै मुलुकको अधिकार फेरि पायो र अंशुवर्माको खलकको पुरानो दरबारलाई सुद्धा आफ्नो दरबार बनायो। कसरी यो परिवर्तन आयो भन्ने कुरा अभिलेखहरूबाट स्पष्ट हुँदैन। अंशुवर्मा धेरै पुस्तासम्म राज्य गर्ने वंशका जनक हुन् भनी वंशावलीमा ठोकुवा गरी लेखिए तापनि उनी त्यसो होइनन्, उनी त खालि राजासरह भई शासन गर्ने शासकहरूको अचिरस्थायी वंशका संस्थापक मात्र हुन् भन्ने कुरामा शङ्का छैन। वंशावलीमा ठकुरीवंशका जुन राजाहरू दिइएका छन्, तिनीहरूमा कुनै एक जना पनि अंशुवर्माका साँच्चिकै सन्तान हुन् भन्ने कुरामा त अझ शङ्का छ। अभिलेखमा पाइने दुइवटा नाउँ अर्थात् नरेन्द्रदेव (७ सङ्ख्या) र जयदेव (१२ सङ्ख्या) अभिलेखको प्रमाणअनुसार लिच्छवि अर्थात् सूर्यवंशी हुन्, अंशुवर्माको ठकुरी अर्थात् रजपूतवंशका होइनन्। ठकुरीवंशका राजाहरू कति जना भए र तिनीहरूको नाउँ के ' हो भन्ने विषयमा अडकलबाजी गर्नु बेकार छ। तर हाम्रो १५ सङ्ख्याको नेखद्वारा लिच्छविवंशको विषयमा हाम्रो स्थिति केही हदसम्म राम्रो छ। अरू नहरूबाट जुट्न गएका र वंशावलीबाट पाइएका सबै सङ्केतहरूको साव-' उपयोग गरेर यस वंशको सामान्य रूप तयार गर्न, पहिला पाँचवटा अभि-ा संवत्को निधो गर्न र इतिहासको दृष्टिले शङ्का नभएका सबै पन्न समय तोक्न यस अभिलेखबाट हामी समर्थ हुन्छौं।

क्को अभिलेखको वंशावलीभागको पहिलो खण्डमा परेका धेरै पंशबाट लिइएका हुनाले सो खण्ड पौराणिक हो भन्ने स्पष्ट िच्छवि सूर्यका सन्तान हुन् भनी त्यहाँ लेखिएकोले त्यस-' छ। अभिलेखको लिच्छविवंश र वंशावलीको सूर्यवंश गई निधो हुन गएको छ। यसो भए तापनि यस र (पाटलिपुत्र) मा जन्मेका सुपुष्पसम्मका सन्तान नका २३ जना उत्तराधिकारी साँच्चिकै भएको ' केही अवश्यै राजा भएका हुन् भने पनि ै होइनन्। यसपछिका राजा "विजयी ाएको छ, त्यसबाट नेपाल जित्ने उनी र पनि उनी नै हुन् भन्ने कुरा सम्भव र पर्यायरूपले हुने भएकोले सूर्य-

पंक्तिका तेस्रा राजाको नाउँ वंशावलीमा जयवर्मा भनी जुन लेखिएको छ, तिनलाई जयदेव भनी चिन्न सकिने कुरालाई पनि यस निष्कर्षमा औंल्याउनुपर्छ। राजवंशलाई लामो पार्ने मनसायले वंशावली लेखनेले लिच्छविवंशका वास्तव संस्थापकभन्दा अगाडि दुइवटा नाउँ राखिदिएको हुनु असम्भव छैन। जयदेवपछि अभिलेखमा एघाह्र जना राजाहरूको नाउँ छुटाइएको छ र त्यसपछि वृषदेवको नाउँ आउँछ। अर्कोतिर वंशावलीमा जयदेववर्मा र वृषदेववर्माको बीचमा चौध जना राजाहरूको नाउँ दिइएको छ। राज्यभोगको अवधिको हिसाब नगर्ने हो भने १५ सङ्ख्याको अभिलेखसँग धेरै मिल्ने लिखतहरूको भर परी यो लेखिएको हुनुपर्छ भन्ने कुरा यसरी मिलेकोबाट देखिएको छ। यसपछिका शङ्करदेव, धर्मदेव, मानदेव, महीदेव, वसन्तदेव र उदयदेव यी ६ जना राजाका नाउँ अभिलेखमा र वंशावलीमा एकैनासका छन्। अझ हाम्रो १ सङ्ख्याको अभिलेख (१–७ श्लोक) बाट वृषदेवदेखि मानदेवसम्मका राजाहरूको क्रम प्रमाणित हुन्छ र त्यहाँ मानदेवकी आमा राज्यवतीको नाउँ पनि थपिएको छ। यही लिखतमा र २ सङ्ख्याको अभिलेखमा मानदेवको काल संवत् ३८६–४१३ छ, तर यस संवत्को नाउँ के हो, केही लेखिएको छैन। अन्त्यमा, ४ सङ्ख्याको अभिलेखमा† संवत् ४३५ छ र यो अभिलेख वसन्तसेन भन्ने राजाको हो। मानदेवका नाति वसन्तदेवको नाउँसँग यो नाउँ धेरै नै मिल्छ र मानदेवको पछिल्लो मिति र वसन्तदेवको मितिको बीचमा बाईस वर्षको अन्तर छ। यति थोरै समय एकजना राजा (महीदेव) को राज्यभोगवर्ष हुन जेनतेन पुग्छ। यसले गर्दा वसन्तसेन र वसन्तदेव एकै हुन् भनी निर्धक्क जस्तै भई ठान्न हामीले सक्ने भएका छौं। हामी अगाडि बढ्दै गयौं भने १५ सङ्ख्याको अभिलेखको वंशावलीभागमा १३ जना राजाहरूको नाउँ छुटाइएको छ र नरेन्द्रदेव, शिवदेव, जयदेवमा पुगेर सो वंशावलीभाग टुङ्गिन्छ। यसो भए तापनि ५ सङ्ख्या र ९–१० सङ्ख्याका अभिलेखबाट अंशुवर्माका सामानकालिक शिवदेवको र जिष्णुगुप्तका सामानकालिक ध्रुवदेवको गरी दुइवटा नाउँ हामीलाई जुटन जान्छन्। उता वंशावलीमा भने योभन्दा बढी सातवटा नाउँ दिइएका छन् र यसपछि त्यहाँ अंशुवर्माको ठकुरीवंशको विषयमा लेखिएको छ। नरेन्द्रदेव र जयदेवका नाउँ ठकुरीवंशका सातौं र बाह्रौं राजा भनी त्यहाँ हालिएको छ, जुन अशुद्ध हो।

† यहाँ भगवानलालले ४ सङ्ख्याको अभिलेख भनेका छन्, वास्तवमा उनको सङ्ख्याअनुसार यो ३ सङ्ख्याको अभिलेख हुन्छ। – अनुवादक

लिच्छविवंशको कालनिर्णय ठीकसँग गर्न र खास गरी मानदेव र वसन्तदेव-वसन्तसेनले चलनचलतीमा ल्याएको संवत्को निधो गर्न चाल्नुपर्ने पहिलो पाइला १५ सङख्याको अभिलेखमा नाउँ नलिई त्यसै छोडिएका तेह्र जना राजाहरूको जमातमा पहिला शिवदेवको र ध्रुवदेवको ठाउँको निधो गर्नु हो। यो तलको छाँटले गर्न सकिन्छ– हाम्रो १२ सङख्याको अभिलेख दोस्रा जयदेवका बाबु दोस्रा शिवदेवको पहिलो अभिलेख हो । त्यसको संवत् श्रीहर्षसंवत् ११९ अर्थात् वि. सं. ७८२ हो । दोस्रो १३ सङ्ख्याको अभिलेख हो । त्यहाँ पनि उनको नाउँ छ। सो अभिलेख श्रीहर्षसंवत् १४३ अर्थात् वि. सं. ८०६ मा कुँदिएको हो। १४ सङ्ख्या-को अभिलेखमा राजाको नाउँ फुटेको छ । त्यस अभिलेखमा विजयदेव युवराज भएकाले र विजयदेव जयदेवकै अर्को नाउँ भएकोले सो अभिलेख पनि दोस्रा शिवदेवकै हुनु धेरै सम्भव छ । यस अभिलेखको समय श्रीहर्षसंवत् १४५ अर्थात् वि. सं. ८०८ हो । यहाँ चर्चा गरिएको पहिलो अभिलेखको र तेस्रो अभिलेखको बीचमा जम्मा २६ वर्षको फरक परेकोले वि. सं. ७८२ शिवदेवको राज्यको शुरूतिर पर्छ भनी ठान्नु मनासीब ठहर्छ । यस कारण उनको सिंहासनारोहणलाई वि. सं. ७७७ अर्थात् श्रीहर्षसंवत् ११४ तिर राख्न सकिन्छ । उनका बाबु नरेन्द्र-देवको राज्यभोगवर्षको लागि एक पुस्ताको सालाखाला अवधि हामीले लिने हो भने नरेन्द्रदेवको राज्यको शुरू वि. सं. ७५२ अर्थात् श्रीहर्षसंवत् ८९ मा पर्न आउँछ । हाम्रा ९ सङख्याका र १० सङख्याका अभिलेखमा लिच्छवि ध्रुवदेवको नाउँ राजाको रूपमा लिइएको छ । ९ सङख्याको अभिलेखको समय श्रीहर्षसंवत् ४८ अर्थात् वि. सं. ७११ हो । यताबाट ध्रुवदेव १५ सङखयाको अभिलेखमा नाउँ नपरेका १३ जना राजामध्ये एक हुन् भन्ने सिद्ध हुन्छ र त्यस अभिलेख र नरेन्द्र-देवले गादी चढेको सम्भाव्य समयको बीचमा ४४ वर्ष जतिको फरक परेकोले नाउँ नपरेका राजाहरूमध्ये बढीसेबढी दुइ जनालाई यस अवधिमा तोक्न सकिन्छ भन्ने स्पष्ट छ । यसरी ध्रुवदेव तेह्रमध्ये एघाह्रौं हुन आउँछन् । अझ पछाडि फर्कंदा पाचौं अभिलेख हाम्रो हात लाग्छ । त्यहाँ अंशुवर्मा मेरो राज्यको बरबन्दोबस्त गर्छन् र यिनले लडाइँमा ठूलो काम गरेका छन् भनी पहिला शिवदेवले भनेका छन् । हुनत यस अभिलेखमा तिथिमिति छैन । तैपनि अंशुवर्माका अभिलेख श्री-हर्षसंवत् ३४ देखि ४५ (?) सम्मका अर्थात् वि. सं. ६९७ देखि कमसेकम वि. सं. ७०८ सम्मका भएकाले पहिला शिवदेव ध्रुवदेवभन्दा अगाडि भएका हुन् भन्ने कुरामा बहस गर्ने ठाउँ छैन । यसो भए तापनि शिवदेवपछि लगत्तै ध्रुवदेव राजा भएका हुन् कि ? यिनको बीचमा एक जना अर्का राजा पनि भए भन्ने कुरामा केही शङ्का अझै बाँकी छ । पहिलो अड्कलको सम्भावनालाई समाप्त गरदिए

मापनि भर्को अडकल अरु बढी सम्भव देखिन्छ। वि. सं. ६९४ देखि वि. सं. ७०३ भित्र बटुलिएका खबरको आधारमा लेखिएका युवान च्वाङ्गका कुराबाट निर्धक्क-सँग देखिएअनुसार अंशुवर्मले लामो समयसम्म रजाइँ गरेको हुनुपर्छ र जुन काम गरी उनी राजा भए वा राजासरहको पदमा पुगे, ती काम युवान च्वाङ्गले पहिलोपटक उत्तर भारतको यात्रा गर्नुभन्दा धेरै अगाडि र उनले इश्तिहार जारी गर्नुभन्दा पहिल्यै सम्पन्न भइसकेका थिए। अरु, शिवदेवको अभिलेख (५ संख्या) अंशुवर्मा पूरापूर शक्तिशाली हुनुभन्दा अगाडिको अवधिमा स्पष्टै पर्छ। यस कारण यस लिखतलाई श्रीहर्षसंवत् ३४ भन्दा अगाडि मात्र नराखी त्यसभन्दा दश पन्ध्र वर्षअगाडि नै दिएको हो भनी ठान्नु मनासीब ठहर्छ। यस परिस्थितिमा पहिला शिवदेव र ध्रुवदेवको बीचमा एक जना राजाले थोरै समय राज्य गर्न सक्ने ठाउँ छ र १५ संख्याको अभिलेखको पुस्तेवारीमा नाउँ नलिएका १३ जना राजा-मध्ये नवौं ठाउँ पहिला शिवदेवलाई तोक्न हामी सक्छौं। मानदेव र वसन्तसेन-वसन्तदेवका मिति कुन संवत्का हुन् भन्ने प्रश्नतर्फ हामी अहिले लाग्ने हो भने वि. सं. १३५ देखि उठेको शकसंवत्को चलनचलती निकै नै व्यापक रूपले, खास गरी भारतका दक्षिण र पश्चिम भागमा विक्रमसंवत्का उठानउठानका शताब्दीमै भएकोले यो शकसंवत् नै हुनुपर्छ भनी भन्न सकिन्छ। यस अनुमानअनुसार मान-देवका संवत् ३८६ र ४१३ का दुइ मिति वि. सं. ५२१ र ५४८ का र वसन्तसेन-वसन्तदेवको समय संवत् ४३५ वि. सं. ५७० हुन आउँछन्। दोस्रा शिवदेवको राज्य वि. सं. ७७७ तिर शुरू भयो होला भन्ने कुराको हामीले माथि नै विचार गरिसकेका छौं। यस कारण उनको र वसन्तसेनको बीचमा २०७ वर्षको फरक पर्न जान्छ। अथवा उनको पहिलो अभिलेखको समय वि. सं ७७७ को सट्टा शायद बढी ग्राह्य भएको वि. सं. ७८२ भनी हामीले मान्ने हो भने २१२ वर्षको फरक पर्न जान्छ। हाम्रो १५ संख्याको अभिलेखअनुसार वसन्तदेवको र जयदेवका बाबु शिवदेवको बीचमा १५ जना राजाले राज्य गरेका थिए। संवत् ४३५ वसन्त-देवको राज्यकालको शुरूमा पर्छ भन्ने कुरा हामीले माथि नै विचार गरिसकेका छौं। यसरी सोह्र जना राजाले खालि २०७ देखि २१३ वर्ष मात्र राज्य गरे र सालाखाला एक जनाको राज्य सवा तेह्र वर्ष रह्यो भन्ने नतीजा हाम्रो हात लाग्छ। यो अनुपात वसन्तसेन र शिवदेवको बीचको अन्तरको सट्टा थाहा पाइए-सम्म सबभन्दा टाढाका मिति अर्थात् मानदेवको पहिलो अभिलेखको मिति र जयदेवको अभिलेखको मिति हामीले लियौं भने पनि धेरै फरक पर्दैन। यस अवस्थामा हामीले श्रीहर्षसंवत् १५३ अर्थात् वि. सं. ८१६ बाट शकसंवत्अनुसार संवत् ३८६ को मान अर्थात् वि. सं. ५२१ मा वि. सं. ८१६ मा बितेको भनी

अनुमान गर्न सकिने, जयदेवको पालाका पाँच छ वर्षसमेत जोडी घटाउनुपर्छ। मानदेवको पहिलो मिति उनको पालाको शुरूमै निःशङ्क पर्ने भएकोले बाँकी रहेको २९० वर्ष १९ जना राजा (मानदेव, महीदेव, वसन्तदेव, उदयदेव, नाउँ नकिटिएका १३ जना राजा, नरेन्द्रदेव, शिवदेव) लाई बाँड्नुपरेको छ। यसको नतीजा हरेक राजाको भागमा सवा पन्ध्र वर्ष भन्दा अलि बढी पर्छ। न पहिलो अङ्क न दोस्रो अङ्क नै पुग्ने गरी ठूला छन्। किन भने दुवै सूचीमा अर्थात् वंशावलीको र १५ संख्याको अभिलेखको सूचीमा राजाहरूको सोझो पुस्तेवारीको चर्चा गरिएको हो। हाँगाबिँगाको चर्चा गरिएको होइन। वंशावलीमा नाउँ लिइएका हरेक सूर्यवंशी राजा आफूभन्दा पहिले राजा हुनेका छोरा हुन् भन्ने कुरा वंशावलीमा स्पष्टसँग लेखिएको छ। १५ संख्याको अभिलेखमा यही कुरा पछिल्ला अर्थात् उदयदेवको हकमा सिवाय अन्यत्र वृषदेवदेखि शुरू भएको समूहका राजाहरूमा जोडिएको छ। वसन्तदेवसँग उदयदेवको के नाता पर्थ्यो भन्ने कुराचाहिं निधो नगरी छोडिएको छ। फेरि, नाउँ नकिटिएका तेह्र जना राजाहरू बाबुपछि छोरा गरेर उनका सोझै सन्तान भएको कुरा लेखिएको छ।[५२] पछिल्लो जमातको हकमा, नरेन्द्रदेव कसरी भए, यस विषयको बयान स्पष्टसँग गरिएको छैन, पछिल्ला दुइ राजा भने उनका सोझै सन्तान भएको कुरा भनिएको छ। बाबुपछि छोरा हुने यस क्रममा दुइ पटक नियम टुट्यो भनेर हामीले राय जमाउने हो भने पनि धेरैजसो राजा त बाबुपछि छोराको क्रममा आएका हुन् भन्ने यताबाट देखिन्छ। १५ संख्याको अभिलेखको बयान वंशावलीको बयानभन्दा बढी भरपर्दो छ भनी अहिले मान्दा हामीले १७ पुस्ता र हाँगाबिँगा हुन सक्ने २ जना राजाको राज्यभोगवर्षलाई २९० वर्षभित्र अटाई नअटाई अझ पनि कोच्नै पर्छ। यो असम्भव हो भन्ने कुरा भारतीय राजवंशहरूको पुस्ताहरूको सालाखाला अवधिको गणनाको चासो राख्ने हरेकलाई स्पष्ट हुने नै छ। एक पुस्ताको लागि सालाखाला समय २१ वर्षभन्दा तल झरेको पाइा नभएकोले, धेरैजसो २४ र २७ वर्षको बीचमा एक पुस्ता बित्ने भएकोले १७ पुस्ताको लागि चाहिने कम्सेकम अङ्क ३५० वर्ष हो। यस अवस्थामा मानदेवको र वसन्तदेवको मिति शकसंवत्का हुन् भनी मान्ने कोशिश छोड्नुपर्छ र ती मिति शकसंवतभन्दा पहिले शुरू भएको संवत्मा हामीले खोज्नुपर्ने कुरामा

---

५२. ११ श्लोक "उनी (वसन्तदेव) पछि उदयदेवनाउँका पृथ्वीका मालिकबाट जन्मेका तेह्रजना क्रमैसँग भए।" अस्यामन्तरिम्युदयदेव इति क्षितीशाज्जातास्त्रयोदश।

शङ्का छैन। यसो हो भने विक्रमसंवत् भनी कहिएको संवत् चलेको थाहा भएकोले त्यही यहां मिल्छ। विक्रमसंवत् भनी मान्दा मानदेवका मिति ३८६ र ४१३ हुन्छन् र उनको पहिलो अभिलेख र जयदेवको १५ सङ्ख्याको अभिलेखको बीचमा ४३० वर्षको फरक हुन जान्छ। यो अङ्क उन्नाईस जना राजालाई भाग लाउँदा हरेकको भागमा पौने तेईस वर्ष जति पर्न आउँछ। यसै गरी अहिले वि. सं. ४३५ भनी मानिएको वसन्तसेनको समय र दोस्रा शिवदेवको पहिलो अभिलेख वि. सं. ७८२ को बीचमा ३४७ वर्षको फरक पर्न जान्छ र बीचमा भएका हरेक अर्थात् १६ जना राजाको भागमा २१ वर्षभन्दा केही बढी पर्छ। खास गरी, उदयदेव र नरेन्द्रदेव आफूभन्दा पहिले राजा हुनेका सोझै सन्तान होइनन् कि भन्ने कुरा मनमा राख्दा यी अङ्क पूरापूर मान्न सकिने खालका छन्। उसमाथि लिपिको प्रमाणबाट पनि यस क्रमलाई टेवा मिल्छ। मानदेवको अभिलेखका अक्षर गुप्तहरूका अभिलेखका, खास गरी खामामा कुँदिएका स्कन्दगुप्तका इश्तिहारका, अक्षरसँग ट्वाक्कै मिल्छन्। विक्रमको तेस्रो शताब्दीको मध्यतिर गुप्तसंवत् शुरू भएको कुरा आजभोलि पक्का जस्तै भइसकेकोले र सर ई. बेलेले ठोकेर भने जस्तै गुप्तसंवत् वि. सं. २४७ देखि उठेको हुनु सम्भव भएकोले यो राजा विक्रमको चारौं शताब्दीमा,[५३] ठीक मानदेवले राज्य गरेको समयमा थिए। विक्रमसंवत् पुरानो हो भन्ने कुरा नपत्याई यो त विक्रमको छैटौं शताब्दीको उपज हो भनी ठान्नेहरूलाई यो नतीजा संदेहास्पद लाग्नु सम्भव छ। स्पष्टसँग विक्रमसंवत् भनी लेखिएको पुरानो अभिलेख अहिलेसम्म एउटा पनि पाइएको छैन भन्ने कुरा पूरापूर साँचो हो तापनि विक्रमसंवत् सकली संवत् होइन भन्ने कुराको प्रमाणचाहिं पक्कै पनि छैन। यस कारण अहिलेसम्म थाहा पाउन नसकिएको अनौठो संवत्‌अनुसार लिच्छवि राजाहरूले व्यवहार गरे भन्ने एक मात्र अर्को सम्भव कल्पनाको हामीले आश्रय लिनुभन्दा नेपाली अभिलेखहरूमा देखिएको संवत् थाहा भएकै संवत् हो भनी ठान्नु बढी वाजबी देखिन्छ। त्यसै भएको भए त मानदेवको र वसन्तसेनको समय ठीकसँग तोक्न पक्कै पनि असम्भव नै हुने थियो।

अब एक जना राजाको मात्र समय निधो गर्न बाँकी रहेको छ, त्यो हो पहिला जयदेवको समय। उनी र वंशावलीका तेस्रा सूर्यवंशी राजा जयवर्मा उही हुन् भनी हामीले माथि लेखिसक्यौं। १५ सङ्ख्याको अभिलेखअनुसार नाउँ नकिटिएका एघार जना राजाले उनी र वृषदेवको बीचमा राज्य गरेका थिए। वृषदेव र उनका छोरा नाति शङ्करदेव र धर्मदेवको राज्यभोग पनि हामीले जोड्ने हो भने जयदेवको

५३. स्कन्दगुप्तको समय गुप्तसंवत् १३७ देखि १४९ भित्र पर्छ।

सिंहासनारोहण मानदेवको समय वि. सं. ३८६ भन्दा १५ जना राजाको राज्य-भोगले फरक पर्न जान्छ। वंशावलीमा भने जस्तै (हुनत यहाँ तीन जना राजा बढी परेका छन्।) यी जम्मै राजा लिच्छवि नै हुन् र क्रमैसँग बाबुपछि छोरा हुँदै आएका हुन् भनी मान्ने हो भने हामीले तिनीहरूलाई ३३० वर्ष (१५×२२) जति बाँड्न सक्छौं। यसरी जयदेवको राज्य वि. सं. ५६ तिर पर्न जान्छ। यसै बेला लिच्छविहरूले नेपाल पनि जिते होलान्।

यस छलफलका नतीजा सँगैको सारणीमा देखाइएका छन्। यस सारणीले वंशावलीअनुसारको सूर्यवंशीहरूको सूची एक पटक फेरि पनि देखाउँछ। अभिलेख-हरूबाट पाइएका नतीजासँग यसका बुँदाको तुलना गरी हेर्दा यी दुइमा, खास गरी माथिल्लो अंशमा, कति धेरै समता छ भन्ने कुरा देखिनेछ। यस कारण, वंशावली लेख्नेसँग इतिहासका लिखत भएको हुनुपर्छ भन्ने कुरा स्पष्ट छ। यताबाट, वंशावलीमा दिइएका नाउँहरूमध्ये धेरैजसो नाउँ शुद्ध हुन सक्ने कुरा असम्भव छैन। यो नै नेपालको प्राचीन इतिहासको लागि हाम्रा अभिलेखहरूबाट निकाल्न सकिने जम्माजम्मी कुरा हो। १७ देखि २३ सङ्ख्यासम्मका अभिलेखहरूबाट जुट्न गएका नतीजालाई नेपालबाट ल्याइएका बौद्ध लेखोट पुस्तकहरूको सूचीपत्र भन्ने आफ्नो पुस्तकको ऐतिहासिक उपोद्घात (८-१२ पृष्ठ) मा श्रीसेसिल बेन्डालले ज्यादै सावधानीपूर्वक सम्पादित गरिसक्नुभएकोले त्यही कुरा फेरि दोहऱ्याउनु जरूरी छैन।

नेपालका लिच्छवि राजाहरूको सारणी

अभिलेख	वंशावली	
	१. भूमिवर्मा	
	२. चन्द्रवर्मा	८१ वर्ष
१. प्रथम जयदेव [अन्दाजी वि. सं. ५८] (१५ सङ्ख्याको अभिलेख)	३. जयवर्मा	८२ वर्ष
	४. हर्षवर्मा	६१ वर्ष
	५. सर्ववर्मा	७८ वर्ष
२.	६. पृथ्वीवर्मा	७६ वर्ष
३.	७. ज्येष्ठवर्मा	७५ वर्ष
४.	८. हरिवर्मा	७६ वर्ष
५.	९. कुबेरवर्मा	८८ वर्ष
६. १५ सङ्ख्याको अभिलेखमा नाउँ छुटेका।	१०. सिद्धिवर्मा	६१ वर्ष
७.	११. हरिदत्तवर्मा	८१ वर्ष
८.	१२. वसुदत्तवर्मा	६३ वर्ष
९.	१३. पतिवर्मा[५४]	५३ वर्ष
१०.	१४. शिववृद्धिवर्मा	५४ वर्ष
११.	१५. वसन्तवर्मा	६१ वर्ष
१२.	१६. शिववर्मा[५४]	६२ वर्ष
	१७. रुद्रदेववर्मा[५४]	६६ वर्ष
१३. वृषदेव [अन्दाजी वि. सं. ३१७] (१ र १५ सङ्ख्याका अभिलेख)	१८. वृषदेववर्मा	६१ वर्ष

---

५४. वंशावलीमा जयदेव– जयवर्मा र वृषदेवको बीचमा १५ सङ्ख्याको अभिलेखमा परेका राजाहरूभन्दा तीन जना राजा बढ्ता परेकाले ती तीन नाउँ छोड्नुपर्ला कि जस्तो छ। यिनमध्ये एक जना पतिवर्मा हुन् कि, यो नाम शङ्का लाग्दो छ। अर्कोचाहिँ कि शिववर्मा हो कि रुद्रवर्मा हो, किनभने यी दुइटैको अर्थ एउटै हुन्छ। तेस्रोचाहिँ शङ्कास्पद छ।

१४. १३ का छोरा शङ्करदेव [अन्दाजी वि. सं. ३४२]। (१ र १५ सङ्‌ख्याको अभिलेख)	१९. शङ्करदेव	६५ वर्ष
१५. १४ का छोरा, राज्यवतीसँग बिहे भएका धर्मदेव [अन्दाजी वि. सं. ३६२]। (१ र १५ सङ्‌ख्याका अभिलेख।)	२०. धर्मदेव	५९ वर्ष
१६. १५ का छोरा मानदेव संवत् ३८६–४१३ अर्थात् वि. सं. ३८६–४१३। (१, ३† र १५ सङ्‌ख्याको अभिलेख)	२१. मानदेव	४९ वर्ष
१७. १६ का छोरा महीदेव [अन्दाजी वि. सं. ४१७]।	२२. महीदेव	५१ वर्ष
१८. १७ का छोरा वसन्तदेव वा वसन्तसेन संवत् ४३५ अर्थात् वि. सं. ४३५। (४‡ र १५ सङ्‌ख्याका अभिलेख)	२३. कलिगताब्द २८०० अर्थात् विक्रमपूर्व २४४ मा राजा भएका वसन्तदेव	३६ वर्ष
१९. उदयदेव [अन्दाजी वि. सं. ४५७]। (१५ सङ्‌ख्याको अभिलेख)।	२४. उदयदेववर्मा	३५ वर्ष
२०. २१. २२. २३. २४. २५. २६. २७. } १९ का सोझै सन्तान, १५ सङ्‌ख्याको अभिलेखमा नाउँ छुटेका।	२५. मानदेववर्मा	३५ वर्ष
	२६. गुणकामदेववर्मा	३० वर्ष
	२७. शिवदेववर्मा	५१ वर्ष
	२८. नरेन्द्रदेववर्मा	४२ वर्ष
	२९. भीमदेववर्मा	३६ वर्ष
	३०. विष्णुदेववर्मा	४७ वर्ष
	३१. विश्वदेववर्मा	५१ वर्ष

† यहाँ भगवानलालले ३ सङ्‌ख्याको अभिलेख भनेका छन्, वास्तवमा उनको सङ्‌ख्याअनुसार यो २ सङ्‌ख्याको अभिलेख हुन्छ।

‡ यहाँ भगवानलालले ४ सङ्‌ख्याको अभिलेख भनेका छन्, वास्तवमा उनको सङ्‌ख्याअनुसार यो ३ सङ्‌ख्याको अभिलेख हुन्छ।

२८. प्रथम शिवदेव [अन्दाजी वि. सं. ६६७]। (५ सङ्ख्याको अभिलेख। १५ सङ्ख्याको अभिलेखमा नाउँ नपरेका)। राजासरह भई शासन गर्ने, पहिले सामन्त, पछि महाराज भएका अंशुवर्मा (श्रीहर्ष) संवत् ३४, ३९, ४५ (?) अर्थात् वि. सं. ६९७–७०८ (६–८ सङ्ख्याका अभिलेख)	अंशुवर्मा (ठकुरीवंशका संस्थापक कलिगताब्द ३००० अर्थात् विक्रमपूर्व ४४)
२९. १५ सङ्ख्याको अभिलेखमा नाउँ छुटेका।	
३०. ध्रुवदेव (श्रीहर्ष) संवत् ४८ अर्थात् वि. सं. ७११ (९ सङ्ख्याको अभिलेख। १५ सङ्ख्याको अभिलेखमा नाम छुटेका)।	
राजासरह भई शासन गर्ने, जिष्णुगुप्त (श्रीहर्ष) संवत् ४६† अर्थात् वि. सं. ७११ [९–१० सङ्ख्याका अभिलेख]।	
३१. } ३२. } १५ सङ्ख्याको अभिलेखमा नाउँ छुटेका, राजासरह भई शासन गर्ने जिष्णुगुप्त ९ सङ्ख्याको अभिलेखमा युवराजको रूपमा चर्चा गरिएका विष्णुगुप्त पनि राजासरह भई शासन गर्थे कि ?	
३३. नरेन्द्रदेव [अन्दाजी वि. सं. ७४७] (१५ सङ्ख्याको अभिलेख)।	ठकुरीवंशका सातौं राजा भनी चर्चा गरिएका।
३४. ३३ का छोरा, मौखरी[५५] भोग-	

---

† भगवानलालले संवत् ४८ लेख्नुपर्नेमा भूलले ४६ लेखेका छन्।

५५. कम कुरा थाहा पाइएको यस वंशका अघिल्ला अघिल्ला राजाहरू यज्ञवर्मा, शार्दूलवर्मा र अनन्तवर्मा हुन्। गुप्तहरूको भन्दा अलिकता पछिको, सम्भवतः विक्रमको छैटौं शताब्दीको अक्षरमा लेखिएका तिनीहरूका तीनवटा

अभिलेख गयानजीकै पाइएका छन्। यो लिखतमध्येका दुइटा ज्यादै महत्त्वकाचाहिं बङ्गालको एशियासम्बन्धी परिषद्को पत्रिकाको ६ भागका ६४७ पृष्ठ र ६७७ पृष्ठमा प्रिन्सेपले नराम्रोसँग सम्पादन गर्नुभएको छ। मूलबाटै पढी तयार गरेको मेरो पाठ तल लेखिएबमोजिमको छ—

भूपानां मौखरीणां कुलमतनुगुणोऽलंचकारात्मजात्या
श्रीशार्दूलस्य योऽभूज्जनहृदयहरोनन्तवर्म्मा सुपुत्रः [।]
कृष्णस्याकृष्णकीर्त्तिः प्रवरगिरिगुहासंश्रितं बिम्बमेतत्
मूर्त्तं लोके यशः स्वं रचितमिव मुदाचीकरत्कान्तिमत्सः [॥]
कालः शत्रुमहीभुजां प्रणयिणामिच्छाफलः पादपो
दीपः क्षात्रकुलस्य नैकसमरव्यापारशोभावतः [।]
कान्ताचित्तहरः स्मरप्रतिसमः पाता बभूव क्षितेः
श्रीशार्दूल इति प्रतिष्ठितयशाः सामन्तचूडामणिः [॥]
उत्पक्षान्तविलोहितोरुतरलस्पष्टेष्टतारां रुषा
श्रीशार्दूलनृपः करोति विषमां यत्र स्वदृष्टिं रिपौ [।]
तत्राकर्णाविकृष्टशार्ङ्गशरधिव्यस्तशशरोन्तावहः
तत्पुत्रस्य पतत्यनन्तसुखदस्यानन्तवर्मश्रुतेः [॥]

पछिल्ला मौखरि राजाहरूको अर्को जमातको विषयमा असीरगढको छापबाट थाहा पाइन्छ। एशियासम्बन्धी राजकीय परिषद्को पत्रिकाको तेस्रो भागको ३७३ पृष्ठ। त्यहाँ अरू गल्ती त छँदैछन्, मौखरि भन्ने शब्द पनि गल्तीले होल्वरि भनी पढिएको छ। ती राजाहरू हुन्:—

१. जयस्वामिनीसँग बिहे भएका हरिवर्मा, तिनीहरूका छोरा
२. हर्षगुप्तासँग बिहे भएका आदित्यवर्मा, तिनीहरूका छोरा
३. उपगुप्तासँग बिहे भएका ईश्वरवर्मा, तिनीहरूका छोरा
४. लक्ष्मीवती (?) सँग बिहे भएका ईशानवर्मा, तिनीहरूका छोरा
५. मौखरि शर्ववर्मा

यी राजाहरूमध्ये ईशानवर्मालाई शान्तिवर्मा भनी त्यहाँ गल्ती गरी पढिएको छ। यिनलाई दामोदर गुप्तका शत्रुको रूपमा अफसदको अभिलेखमा चर्चा गरिएको

वर्माकी छोरी र मगधका[५६] आदित्य-सेनकी छोरीकी छोरी वत्सदेवीसँग बिहे भएका द्वितीय शिवदेव, (श्रीहर्ष) संवत् ११९–१४५ अर्थात् वि. सं. ७८२–८०८ (१२, १४, १५ सङ्ख्याका अभिलेख)।

३५. ३४ का छोरा, भगदत्तका[५७] सन्तान गौड, ओड्र, कलिङ्ग र कोसलका राजा श्रीहर्षदेवकी छोरी राज्यमती-सँग बिहे भएका परचक्रकाम द्वितीय जयदेव (श्रीहर्ष) संवत् १५३ अर्थात् वि. सं. ८१६ (१५ सङ्ख्याको अभि-लेख।)

ठकुरीवंशका बाह्रौं राजा भनी चर्चा गरिएका।

छ। त्यहीं महासेन गुप्तका शत्रुको रूपमा सुस्थितवर्मा भन्नेको नाउँ पनि परेको छ। शर्ववर्माको नाउँ देवबार्णकको अभिलेखमा पाइन्छ। (कनिङ्घमको प्रतिवेदनको १६ भागको ७३ पृष्ठ।) त्यही अभिलेखमा शर्ववर्मापछि श्रीअवन्तिवर्माको नाउँ आउँछ। यी अवन्तिवर्मा र मौखरि अवन्तिवर्मा उही हुन सक्छन्। यिनका छोरा ग्रहवर्माले श्रीहर्षचरितअनुसार श्रीहर्ष-हर्षवर्धनकी बहिनी राज्यश्रीसँग बिहे गरेका थिए। हाम्रा भोगवर्मा ग्रहवर्माका नातेदार हुन् कि क्या? माथि नाउँ लिइएका ती सबै राजाहरूभन्दा धेरै अघिका यस वंशका एक जना राजा मौखरि क्षेत्रवर्माको चर्चा पनि श्रीहर्षचरितमा आउँछ। (एशियासम्बन्धी परिषद्को बम्बई शाखाको पत्रिकाको १० भागको ४८ पृष्ठ)। पुरातत्त्वसम्बन्धी प्रतिवेदनको १५ भागको १६६ पृष्ठमा र १६ भागका ७८–८१ पृष्ठमा ज. कनिङ्घमको मौखरिवंशको विषयमा विचार भन्ने लेखसँग दाँज्नुहोस्।

५६. माथि, ४२० पृष्ठ हेर्नुहोस्।

५७. भगदत्त र श्रीहर्षदेव प्राग्ज्योतिषवंशका हुन् कि क्या? हर्षवर्द्धनको समयका कुमारराज पनि यसै वंशका हुन्।

[२]

जोन फेथफुल फ्लीटको मतको परीक्षा

चिनियाँ यात्री युवान च्वाङ्ले वि. सं. ६८६ देखि आफ्नो यात्रा शुरु गरी वि. सं. ७०२ मा यात्रा समाप्त गरेका हुन् ।

(इतिहास-संशोधनको प्रमाण-प्रमेयको २३ पृष्ठ)

हर्षवर्धनसँग उनले भेटेको कुरा पनि उनको यात्रावर्णनबाट थाहा पाइने हुनाले विक्रमको सातौँ शताब्दीको उत्तरार्द्धमा हर्षवर्धन थिए भन्ने कुरा बुझिन्छ ।

बाँसखेडामा रहेको हर्षवर्धनको ताम्रपत्रमा 'संवत् २२ कार्तिकवदि १' लेखिएको छ (इतिहास-संशोधनको प्रमाण-प्रमेयका ५४–५७ पृष्ठ) यो संवत् २२ कहिलेदेखि उठेको हो भन्ने कुरामा अब विचार गरिन्छ ।

"श्रीहर्षको संवत् मथुरा र कन्नौजमा चलेको छ। विक्रमादित्यभन्दा ४०० वर्ष पहिले श्रीहर्ष भएका हुन् भन्ने कुरा त्यहाँका बासिन्दाबाट मैले थाहा पाएको हुँ। परन्तु विक्रमादित्यभन्दा ६६४ वर्षपछि श्रीहर्ष भएका हुन् भन्ने कुरा कश्मीरको पञ्चाङ्गमा मैले देखेँ। यस्तो विसङ्गति देख्ता म दोधारमा परेको छु। मेरो दोधार हटाइदिने उपाय अहिलेसम्म मैले पाउन सकेको छैन । ...

अहिले

(१) श्रीहर्षसंवत्	१४८८
(२) विक्रमसंवत्	१०८८
(३) शकसंवत्	९५३
(४) वलभसंवत् (यसलाई गुप्तसंवत् पनि भन्दछन्)	७१२
(५) वराहमिहिरको पञ्चसिद्धान्तिकाको वर्षगण	५२६
(६) खण्डखाद्यकको वर्षगण	३६६
(७) करणसागरको वर्षगण	१३२
(८) करणतिलकको वर्षगण	६५

छन् ।"

अलबेरुनीले आफ्नो ग्रन्थ अरबी भाषामा लेखेका छन् त्यसको अङ्ग्रेजी-भाषामा अनुवाद साचौले गरेका छन्। त्यतबाट हिन्दी अनुवाद सन्तरामले गरेका छन्। सोही हिन्दी अनुवाद 'अलबेरुनीका भारत' भन्ने नाउँले वि. सं. १९८५ मा प्रयागको इन्डियन प्रेस लिमिटेडबाट प्रकाशित भएको छ। सो पुस्तकको तेस्रो भागका ५-९ पृष्ठबाट माथि उद्धरण गरिएको भाग नेपालीमा अनुवाद गरिएको हो।

युवान च्वाङ्गको वर्णनबाट विक्रमको सातौं शताब्दीको उत्तरार्द्धका हर्षवर्धन देखिन्छन् भन्ने कुरा माथि लेखिसकियो। यस कारण बाँसखेडामा रहेको हर्षवर्धन-को दानपत्रमा देखिएको संवत् २२ विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ४०० वर्ष अगाडिदेखि उठेको हर्षसंवत् नै हो भन्ने कुरा मान्नु सम्भव भएन विक्रमसंवत् ६६४ देखि हर्षसंवत् चलेको थियो भन्ने कुरा कश्मीरको पञ्चाङ्गमा मैले देखें भनी अलबेरुनीले बोलेकोले सोही कुरा नै ऐतिहासिकहरूलाई आधार बन्न गयो। वि. सं. १९४३ मा प्रकाशित भारतीय प्रत्नतत्त्वको पन्ध्रौं भागका ११२-११३ पृष्ठमा जोन फेथफुल फ्लीटद्वारा विहार प्रान्तको दिग्ह्वा दुवौली (मोतिहारी) मा रहेको महाराज महेन्द्रपालको शिलालेख छापिएको छ।

त्यस शिलालेखमा विशेषण नभएको संवत् १५५ लेखिएको छ। संवत् १५५ को कुम्भसङ्क्रान्तिमा स्नान गरी महाराज महेन्द्रपालले दान दिएको र सो दिन माघशुक्लदशमी थियो भन्ने कुरा पनि त्यहाँ लेखिएको छ। त्यहाँको लिपि विक्रमको आठौं नवौं शताब्दीको छ। यस कारण सो शिलालेखमा देखिएको संवत् हर्षसंवत् होला भन्ने लख विद्वान्हरूले काटे। वि. सं. ६६४ देखि हर्षसंवत् उठेको भन्ने अलबेरुनीको वाक्यलाई प्रमाण मान्दा १५५+६६४=८१९ हुने हुनाले यसै साकाको यो शिलालेख हो भनी गणना गरी हेर्दा—

वि. सं. ८१२ को कुम्भसङ्क्रान्ति माघशुक्ल त्रयोदशीमा पर्छ।
वि. सं. ८१३ को कुम्भसङ्क्रान्ति माघकृष्ण नवमीमा पर्छ।
वि. सं. ८१४ को कुम्भसङ्क्रान्ति माघशुक्ल पञ्चमीमा पर्छ।
वि. सं. ८१५ को कुम्भसङ्क्रान्ति माघकृष्ण द्वितीयामा पर्छ।
वि. सं. ८१६ को कुम्भसङ्क्रान्ति माघकृष्ण त्रयोदशीमा पर्छ।
वि. सं. ८१७ को कुम्भसङ्क्रान्ति माघशुक्ल नवमीमा पर्छ।
वि. सं. ८१८ को कुम्भसङ्क्रान्ति माघकृष्ण पञ्चमीमा पर्छ।
वि. सं. ८१९ को कुम्भसङ्क्रान्ति माघशुक्ल प्रतिपदामा पर्छ।
वि. सं. ८२० को कुम्भसङ्क्रान्ति माघशुक्ल द्वादशीमा पर्छ।

वि. सं. ८२१ को कुम्भसङ्क्रान्ति माघकृष्ण अष्टमीमा पर्छ ।
वि. सं. ८२२ को कुम्भसङ्क्रान्ति माघशुक्ल चतुर्थीमा पर्छ ।

भन्ने देखियो ।

यी ११ वटामध्ये वि. सं. ८१७ मा कुम्भसङ्क्रान्ति माघशुक्ल नवमीमा पर्न आएको र शिलालेखमा माघशुक्ल दशमीमा कुम्भसङ्क्रान्ति लेखिएको हुनाले यस शिलालेखमा दिइएको आसन्न तिथिमा कुम्भसङ्क्रान्ति पर्न आयो । यसको निर्णय गर्नाका लागि स्पष्टमान ल्याउँदा ।

वि. सं. ८१७ माघशुक्ल

वार	तिथि	घडी	पला
सोम	नवमी	५४।	५

सोमवार कुम्भसङ्क्रान्ति ४५ घडी २० पलामा मोतिहारीको स्पष्ट काल हुन्छ ।

सोमवारका दिन सूर्योदय भएदेखि ४३ घडी १२ पलामा आधा रात हुने र ४५ घडी २० पलामा कुम्भसङ्क्रान्ति हुने हुनाले सङ्क्रान्तिको पुण्यकाल भोलिपल्ट मङ्गलवार पर्ने भयो । मङ्गलवार दशमी तिथि सूर्योदयभन्दा पहिले नै अर्थात् सोमवार ५४ घडी ५ पलादेखि नै लागिसकेको हुनाले सो दिन कुम्भसङ्क्रान्तिमा माघशुक्ल दशमी तिथि मिल्न आयो ।

यस कारण

८१७—१५५ = ६६२ हुने हुनाले वि. सं. ६६२ देखि हर्षसंवत् चलेको देखिन आयो । अलबेरुनीको वाक्यअनुसार वि. सं. ६६४ देखि हर्षसंवत् चलेको देखिएको थियो । हर्षसंवत् १ हुँदा वि. सं. ६६४ हुने सम्झेर वि. सं. ६६३ देखि हर्षसंवत् चलेको हो भनी मानिएको थियो तर संवत् १५५ को गणनाले वि. सं. ६६२ देखि हर्षसंवत् चलेको देखियो । यस विषयमा फ्लीटले आफ्नो ग्रन्थ भारतीय अभिलेखसङ्ग्रहको तेस्रो भागका १७८-१७९ पृष्ठमा लेखेका छन् । शङ्कर बालकृष्ण दीक्षितले गरेको गणनाअनुसार मैले यो लेखेको हुँ भनी फ्लीटले बोलेका छन् । दीक्षितले लङ्काको मध्यमकालअनुसार गणना दिई सम्भाव्यता देखाएका छन् ।

(पूर्णिमा ५४ अङ्कका १२-१९ पृष्ठ)

गणनाको आधारमा हर्षसंवत् वि. सं. ६६२ देखि उठेको देखिन्छ । सोही हर्षसंवत् अंशुवर्मा र उनीपछिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् हो भन्ने फ्लीटको मत छ ।

अब यसको परीक्षा गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारओटा आधार पाइएका छन् ।[१]

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

६६२+३१=६९३ हुने हुनाले यस अभिलेखको संवत् ३१ फ्लीटको मतअनुसार वि. सं. ६९३ (शकसंवत् ५५८) हुन्छ ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो ।[२] यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६९३ (शकसंवत् ५५८) को कार्तिकशुक्लदेखि वि. सं. ६९४ (शकसंवत् ५५९) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५५७ को आषाढमा अधिमास छ । सो अधिमास अभिलेखको संवत् ३१ भन्दा अघिल्लो वर्ष संवत् ३० को आषाढमा पर्छ । अर्थात् शकसंवत् ५५८ को कार्तिकदेखि शकसंवत् ५५९ को आश्विनभित्र कुनै महीनामा पनि अधिमास पर्दैन ।

परन्तु भक्तपुर इनाय्चोको उक्त अभिलेखमा त्यस वर्ष पौषमा अधिमास लेखिएको छ । यस कारण फ्लीटले सकारेको संवत्अनुसार यो अधिमास मिलेन ।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम् ।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

---

१. यही ग्रन्थका ७–८ पृष्ठ ।

२. यही ग्रन्थको ९ पृष्ठ ।

६६२+३४=६९६ हुने हुनाले यस अभिलेखको संवत् ३४ फ्लीटको मतअनुसार वि. सं. ६९६ (शकसंवत् ५६१) हुन्छ ।

अब संवत् ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण अभिलेखको संवत् ३४ वि. सं. ६९६ (शकसंवत् ५६१) को कार्तिकशुक्लदेखि वि. सं. ६९७ (शकसंवत् ५६२) को आश्विनकृष्ण (पूर्णान्तिमानले कार्तिककृष्ण) सम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५६२ को भाद्रमा अधिमास छ । सो अधिमास अभिलेखको संवत् ३४ को भाद्रमा पर्दछ ।

आषाढमा अधिमास मान्ने वा पौषमा अधिमास मान्ने भन्ने विषयमा नारद र भारद्वाजका मत प्रसिद्ध छन् । तिनको चर्चा यसै ग्रन्थको १८५-१८६ पृष्ठमा परेको छ ।

त्यस वचनअनुसार संवत् ३४ (शकसंवत् ५६२) को भाद्रमा परेको अधिमास नारद र भारद्वाज दुवैको मतअनुसार आषाढमा मान्नुपर्ने हुन्छ ।

परन्तु पाटनको उक्त अभिलेखबाट सो वर्ष पौषमा अधिमास परेको देखिएको हुनाले यो अधिमास गणनाबाट मिलेन ।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया ।
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने ।।

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ ।

६६२+३१=६९३ हुने हुनाले यस अभिलेखको संवत् ३१ फ्लीटको मतअनुसार वि. सं. ६९३ हुन्छ ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट आइतवार तथा तिष्यनक्षत्र आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६९३) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
बृहस्पति	त्रयोदशी	३ । २५	मघा	५४ । ५०

आयो ।

परन्तु चाँगुको उक्त अभिलेखमा आइतवार तथा तिष्यनक्षत्र लेखिएको छ ।

यस कारण फ्लीटले स्वीकारेको संवत्अनुसार यो तिथिमिति मिलेन ।

(४) वर्षे चैकोत्तरस्मिंस्त्रितयशतगते माधवे मासि शुक्ले ।
सप्तम्यां पुष्यऋृक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे ॥
(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग ।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।

६६२+३०१=९६३ हुने हुनाले यस अभिलेखको संवत् ३०१ फ्लीटको मतअनुसार वि. सं. ९६३ हुन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण अभिलेखको संवत् ३०१ वि. सं ९६३ को कार्तिकशुक्लदेखि वि. सं. ९६४ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ । अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस बेला वि. सं. ९६४ हुन्छ ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ९६४) वैशाखशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
बुध	सप्तमी	६०	। ०	तिष्य	२२	। ४४


आयो ।

परन्तु उक्त पुस्तकको पुष्पिकावाक्यमा आइतवार लेखिएको छ ।

यस कारण फ्लीटले सकारेको संवत्अनुसार यो तिथिमिति पनि मिलेन । अधिमास र तिथि नमिलेका हुनाले फ्लीटले सकारेको संवत् प्रमाणिक हुन सक्तैन ।

अब मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गुप्तसंवत् हो भनी फ्लीटले निश्चित गरेको मतको परीक्षा गरिन्छ । चाँगुको मानदेवको अभिलेखको संवत् ३८६ लाई गुप्तसंवत् हो भन्ने मानी सो अभिलेखको समय वि. सं. ७६२ हो भनी फ्लीटले निकालेको निर्णय गणितको दृष्टिबाट शुद्ध छ, तर इतिहासको दृष्टिबाट अशुद्ध छ ।

भक्तपुर गोलमाढीटोलको शिवदेव र अंशुवर्माको संयुक्त शासनको अभिलेखमा—



(बेन्डालको नेपाल र उत्तरी भारतको यात्राको चित्रफलक ८ सङ्ख्या ।)

संवत् ज्येष्ठशुक्लदिवा दशम्याम्

यस्तो लेखिएको छ ।


यहाँको संवत्को सङ्ख्यालाई बेण्डालले ३१६ भनी पढे ।[३] फ्लीटले पनि सो ठीक हो भनी सम्झे ।[४]

---

३. बेन्डालको ग्रन्थको ७३ पृष्ठ ।

४. फ्लीटको भारतीय अभिलेख-सङ्ग्रह तेस्रो भागका १७७-१७८ पृष्ठ ।

यताबाट संवत् ३१६ मा अंशुवर्मा थिए भन्ने कुरा देखिन आयो । चिनियाँ यात्री युवान च्वाङ्गले वि. सं. ६९४ मा नेपालको यात्रा गरेका थिए । उनले त्यसै ताकाका नेपालका शासक अंशुवर्माको उल्लेख गरेका छन् । यताबाट विक्रमको सातौं शताब्दीको उत्तरार्द्धमा अंशुवर्मा भएका रहेछन् भन्ने कुरा देखिन आयो । यस कारण विक्रमको सातौं शताब्दीको उत्तरार्द्धमा ३१६ वर्ष पुग्ने संवत् कुन होला भनी खोज्दा वि. सं. ३७६ देखि उठेको गुप्तसंवत्लाई फ्लीटले भेट्टाए र ३७६+३१६=६९२ हुने हुनाले वि. सं. ६९२ मा अंशुवर्मा भएका रहेछन् भन्ने कुरा फ्लीटले सम्झे ।[५] यताबाट नेपालमा गुप्तसंवत् चलेको रहेछ भन्ने कुरा फ्लीटले सिद्ध गरी चाँगुको मानदेवको अभिलेखको संवत् ३८६ लाई पनि फ्लीटले गुप्तसंवत् हो भनी निश्चय गरे । सो शिलालेखमा—



संवत् ३८६ ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि १ रोहिणी-
नक्षत्त्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्तेभिजिति

(भगवानलालको ग्रन्थका १–३ पृष्ठ, चित्रफलक १ सङ्ख्या)

[संवत् ३८६ ज्येष्ठमहीना शुक्लपक्ष प्रतिपदा तिथि रोहिणीनक्षत्रमा चन्द्रमा बसेको असल अभिजित् मुहूर्त्तमा ।]

यस्तो लेखिएको छ ।

---

५. फ्लीटको ग्रन्थका १६ पृष्ठ ।

संवत् ३८६ लाई गुप्तसंवत् मानी गणना गर्दा शिलालेखमा दिइएका तिथि नक्षत्र मुहूर्त्त मिल्छन् कि मिल्दैनन् भनी फ्लीटले शङ्कर बालकृष्ण दीक्षितसंग सोधे। दीक्षितले गणना गरी यो निष्कर्ष निकाले।

शकसंवत् ६२७ ई. सं. ७०५ गुप्तसंवत् ३८६ (वि. सं. ७६२)

ज्येष्ठशुक्ल

तिथि	वार	घ. प.	नक्षत्र	घ. प.	अप्रिल	(ज्येष्ठ)
प्रतिपदा	मङ्गल	५७।१२	कृत्तिका	११।३	२८ ता	(९ गते)
द्वितीया	बुध		रोहिणी	११।१८	२९ ता	(१० गते)

अभिजित् मुहूर्त्त भनेको आठौं मुहूर्त्त हो। १४ घडीपछि अभिजित् मुहूर्त्त लाग्छ। यस कारण रोहिणीनक्षत्र परेको बेला अभिजित् मुहूर्त्त पर्छ।

यताबाट गणना ठम्म मिलेकोले मानदेवको चाँगुको अभिलेखको समय वि. सं. ७६२ रहेछ भन्ने कुरामा फ्लीट विश्वस्त भए।[६]

अंशुवर्मादेखिका नेपालका शासकहरूले व्यवहार गरेको संवत् हर्षसंवत् हो भनी भगवानलालले मानेका थिए। त्यस कुरालाई फ्लीटले पनि सकारे। अलबेरूनीको वाक्यलाई प्रमाण मानी भगवानलालहरूले वि. सं. ६६३ देखि हर्षसंवत् उठेको हो भनी मानेका छन्। तर महेन्द्रपालको संवत् १५५ को अभिलेखको तिथि र सङ्क्रान्तिको गणनाको आधारमा फ्लीटले वि. सं ६६२ देखि हर्षसंवत् उठेको रहेछ भन्ने सिद्धान्त निकाले।[७]

अब यसको परीक्षा गरिन्छ

पशुपतिमा रहेको द्वितीय जयदेवको अभिलेखमा—

'आसीद् वसन्तदेवः'

[वसन्तदेव राजा हुनुहुन्थ्यो]


भनी लेखिएको छ।

---

६. फ्लीटको ग्रन्थका ९६-९७ पृष्ठ।

७. फ्लीटको ग्रन्थका १७८-१७९ पृष्ठ।

सो अभिलेखमा—



(भगवानलालको ग्रन्थको चित्रफलक १५ सङ्ख्या)

संवत् कार्तिकशुक्लनवम्याम् ।।

यस्तो लेखिएको छ

यहाँको संवत्को सङ्ख्यालाई भगवानलालले १५३ भनी पढेका छन् ।[८] यस कुरालाई फ्लीटले पनि सकारेका छन् ।[९]


यस कारण ६६२+१५३=८१५ हुने हुनाले फ्लीटको विचारअनुसार द्वितीय जयदेवको सो अभिलेखको समय वि. सं. ८१५ हुन आउँछ । यस कारण वसन्तदेवको समय वि. सं. ८१५ भन्दा अगाडि नै पर्न आउँछ ।

वसन्तदेवको थानकोटको आदिनारायणको अभिलेखमा—

संवत्  (४२८)

यस्तो लेखिएको छ ।[१०]

वसन्तदेवको काठमाडौंको जैसीदेवलको अभिलेखमा—

संवत्  (४३५)

यस्तो लेखिएको छ ।[११]

---

८. भगवानलालको ग्रन्थका १६–१८ पृष्ठ ।

९. फ्लीटको ग्रन्थका १८३–१८४ पृ. ।

१०. नोलीको नेपालको गुप्ताक्षरी अभिलेखका १८–१९ पृष्ठ, चित्रफलक १३ सङ्ख्या ।

११. भगवानलालको ग्रन्थको ५ पृष्ठ, चित्रफलक ३ सङ्ख्या ।

वसन्तदेवको पालाको पाटन खपिंछेको अभिलेखमा—

संवत्  (४५२)

यस्तो लेखिएको छ।[१२]

वसन्तदेवको चौकीटारको अभिलेखमा–

संवत्  (४५४)

यस्तो लेखिएको छ।[१३]

यताबाट संवत् ४२८, ४३५, ४५२ तथा ४५४ मा वसन्तदेव राज्य गर्दै थिए भन्ने देखिन्छ। यी संवत् फ्लीटको सिद्धान्तअनुसार गुप्तसंवत् भएको र

३७६ + ४२८ = ८०४

३७६ + ४३५ = ८११

३७६ + ४५२ = ८२८

३७६ + ४५४ = ८३०

हुने हुनाले फ्लीटको विचारअनुसार वि. सं. ८०४ देखि ८३० सम्म वसन्तदेव राज्य गरिरहेका देखिन्छन्।

द्वितीय जयदेवको पशुपतिको अभिलेखको समय फ्लीटको सिद्धान्तअनुसार वि. सं. ८१५ हुन्छ भनी माथि लेखियो। सो अभिलेखमा वसन्तदेव भूतपूर्व राजा भइसकेका छन् भन्ने कुरा पनि माथि लेखिसकिएको छ। यस कारण फ्लीटको सिद्धान्तअनुसार एकातिरबाट वि. सं. ८०४ देखि ८३० सम्म वसन्तदेव वर्तमान राजाको रूपमा देखिन्छन् भने, अर्कोतिरबाट वसन्तदेव वि. सं. ८१५ मा नै भूतपूर्व राजा भइसकेका देखिन्छन्। यसरी फ्लीटको सिद्धान्तबाट परस्परविरुद्ध कुरा सिद्ध भएको हुनाले उनको सिद्धान्त अप्रामाणिक छ भन्ने कुरा स्वयंसिद्ध हुन्छ।

---

१२. संशोधन-मण्डलको अभिलेख-सङ्ग्रह १ भागको २५ पृष्ठ। प्रतिलिपि संशोधन-मण्डलसँग छ।

१३. नोलीको ग्रन्थको २२ पृष्ठ, चित्रफलक १६ सङ्ख्या।

वि. सं. ६६२ देखि उठेको हर्षसंवत्लाई अंशुवर्मादेखिका नेपालका राजाहरूले व्यवहार गरेका हुन् भन्ने फ्लीटको सिद्धान्त मान्दा पाइएका अभिलेखमा दिइएका तिथिमिति मिल्दैनन् भन्ने कुरा माथि देखाइसकिएको छ।

वि. सं. ६६२ देखि उठेको हर्षसंवत् अंशुवर्मादेखिका नेपालका राजाहरूले व्यवहार गरेका हुन् तथा वि. सं. ३७६ देखि उठेको गुप्तसंवत् मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले मानेका हुन् भन्ने फ्लीटको सिद्धान्त सकार्दा, वसन्तदेव एकातिरबाट वि. सं. ८१५ भन्दा अगाडिबाटै बितिसकेका र अर्कोतिरबाट वि. सं. ८३० सम्म राज्य गर्दै रहेका देखिनाले फ्लीटको सिद्धान्त गणित तथा इतिहास दुवैको दृष्टिबाट अग्राह्य छ भन्ने सिद्ध हुन्छ।

[परिशिष्ट]†

नेपालको संवत् ३८६ को अभिलेख‡

मैले विचार गर्न लागेको अर्को अभिलेख मानगृहका सूर्यवंशी वा लिच्छवि-कुलका मानदेवको अभिलेख हो। यो अभिलेख काठमाडौंदेखि अन्दाजी दुइ कोस उत्तर-पूर्वमा रहेको चाँगुनारायणको मन्दिरको ढोकाको देब्रेपट्टि रहेको तल्लो भाग खण्डित भएको खम्बामा कुँदिएको छ।

श्री भगवानलाल इन्द्राजीद्वारा भारतीय प्रत्नतत्त्व ९ भागको १६३ पृष्ठ-को पहिलो पङ्क्तिदेखि छापिएको मूल र प्रतिलिपिअनुसार— *संवत् ३०० ८० ६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ रोहिणीनक्षत्त्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्तेभिजिति* (संवत् ३०० र ८० र ६ ज्येष्ठशुक्ल प्रतिपदामा, चन्द्रमा रोहिणी-नक्षत्रमा बसिरहेको वेलामा, असल अभिजित् मुहूर्तमा) भनी त्यहाँ यसको समय दिइएको छ।

नेपालका अभिलेखहरू सर्वप्रथम भगवानलालद्वारा भारतीय प्रत्नतत्त्व ९ भागको १६३ पृष्ठदेखि प्रकाशित भएका हुन् र तिनको ऐतिहासिक निष्कर्ष सोही पत्रिकाको तेह्रौं भागको ४११ पृष्ठदेखि प्रकाशित भएका छन्। मेरो आफ्नो विचार मौलिक रूपमा सोही पत्रिकाको १४ भागको ३४२ पृष्ठदेखि प्रकाशित भएको छ। सो व्याख्या यसै ग्रन्थको ४ परिशिष्टमा आउनेछ। ती अभिलेख-हरूमा प्रयोग गरिएका संवत्हरू गुप्त तथा हर्षसंवत् हुन् भन्ने कुरा प्राचीनतम अभिलेखहरूले प्रकट गरिदिन्छन् भन्ने कुरा यहाँ नभनी भएको छैन। भगवान-लालले जुन समयमा आफ्नो निबन्ध लेख्नुभयो त्यस समयसम्म नेपालका कुनै पनि अभिलेखमा गुप्तसंवत् प्रयोग भएको छ भन्ने कुरा थाहा हुन सकेको थिएन। महाराज प्रथम शिवदेवको मानगृहबाट जारी गरिएको गोलमाढी टोलको अभिलेखलाई श्रीबेन्डालले खोजी गरी प्रकाश गरेपछि मात्र नेपालका अभिलेखमा गुप्तसंवत् प्रयोग भएको रहेछ भन्ने कुरो थाहा हुन आयो। सो अभिलेखलाई

---

† जोन फेथफुल फ्लीटको ग्रन्थका सम्बद्ध भागको अनुवाद।

‡ फ्लीटको ग्रन्थका ९५-९७ पृष्ठको अनुवाद।

सर्वप्रथम ब्रेन्डालले भारतीय प्रत्नतत्त्वको १४ भागको ९७ पृष्ठदेखि तथा संवत्को पाठमा मामूली संशोधन गरी आफ्नो "नेपाल र उत्तरी भारतको यात्रा" नामक ग्रन्थको ७२ पृष्ठमा मूल पाठ र सोही ग्रन्थको ८ संख्याको फलकमा त्यसको प्रतिलिपि पनि छपाउनुभयो। यस अभिलेखमा संवत् ३१६ भनी लेखिएको छ, तर संवत्को नाम किटान गरिएको छैन। तर प्रथम शिवदेवका सामानकालिक[१] महासामन्त अंशुवर्माको उल्लेख यस अभिलेखमा भएकोले संवत्को सुराक लाउने प्रमाण फेला परेको छ। युवान च्वाङ्गले अंशुवर्माको विषयमा लेखेको[२] कुराबाट अंशुवर्माको आसन्नसमय वि. सं. ६९४ हो भन्ने कुरो प्रसिद्ध छ। संवत् ३४, ३९ तथा संवत् ४४ वा ४५ का अंशुवर्माका आफ्नै अभिलेख तथा संवत् ४८ को अंशुवर्माको उल्लेख भएको जिष्णुगुप्तको अभिलेख नेपालमा पाइएका छन्, त्यहाँ यी संवत्को नाम उल्लेख गरिएको छैन। कन्नौजका हर्षवर्द्धनको राज्यारोहणकाल वि. सं. ६६३ देखि उठेको[३] हर्षसंवत् नै यो संवत् हो भनी भगवानलालले राम्रो-सँग निर्णय गर्नुभएको छ। अंशुवर्माका सामानकालिक प्रथम शिवदेवको अभिलेख-मा देखिएको संवत् ३१६, हर्षसंवत् प्रारम्भ हुनुभन्दा पुगनपुग ३०० वर्षअगाडि प्रारम्भ भएको कुनै संवत् हुनुपर्दछ भन्ने कुरा पक्का रूपमा देखिन आउँछ। गुप्तसंवत् वि. सं. ३७६ देखि उठेको हो। यस कारण ३१६+३७६=६९२ हुने हुनाले यस अभिलेखको समय वि. सं. ६९२ हुन्छ। यस कारण यो संवत् ३१६ गुप्तसंवत् हो भनी मान्दा अंशुवर्माको समय वि. सं. ६९२ हुन आउँछ। अंशुवर्माका अभिलेखका संवत् हर्षसंवत् हुन् भनी मान्दा वि. सं. ६९६ देखि वि. सं. ७०७ सम्म अंशुवर्माको समय देखिन आएकोले यो कुरो मिल्दछ।

---

१. यो कुरा प्रथम शिवदेवको अर्को अभिलेखमा समेत पाइन्छ। सो अभिलेख भगवानलालको नेपालका अभिलेखहरूको ५ संख्याको रूपमा भारतीय प्रत्नतत्त्व ९ भागको १६८ पृष्ठदेखि छापिएको छ। तर त्यहाँ संवत् रहेको भाग फुटेर नष्ट भएको छ। नेपालको इतिहासको कालनिर्णय गर्दा यी अभिलेखका संवत् विक्रम-संवत् हुन् भनी भगवानलालले मानेको कुरो भने दुर्भाग्यपूर्ण छ, किनभने वास्तवमा यी संवत् गुप्तसंवत् हुन्।

२. बीलको पश्चिमी मुलुकहरूका बौद्ध विवरणको दोस्रो भागको ८१ पृष्ठमा र भारतीय प्रत्नतत्त्व १३ भागको ४२२ पृष्ठ तथा १४ भागको ३४५ पृष्ठमा पनि हेर्नुहोस्।

३. यस कुराको लागि तलको परिशिष्ट ४ को टिप्पणी हेर्नुहोला।

मानदेवको अभिलेखको लिपि र सामान्य ऐतिहासिक विषयलाई पनि विचार गर्दा मानदेवको सो अभिलेखमा दिइएको संवत् ३८६ र प्रथम शिवदेवको गोलमाढी टोलको अभिलेखमा दिइएको संवत् ३१६ एकै थरीका संवत् हुन् भन्ने कुरा देखिन आउँछ। मानदेवको सो अभिलेखमा संवत् ३८६ (वर्तमान गुप्तसंवत् ३८६) ज्येष्ठ महीना, शुक्लपक्ष, प्रतिपदा तिथि, रोहिणीनक्षत्र, अभिजित् मुहूर्त भनी लेखिएकोले हामीले गणना गर्ने बाटो पाएका छौं। भेरावलको अभिलेखमा वलभीसंवत् ९४५ दिइएको छ, त्यसको गणना गरे जस्तै मानदेवको यस अभिलेखका तिथिको पनि गणना गर्नुपर्दछ। यस कारण गुप्तसंवत् ३८६+२४२ =६२८ वर्तमान शकसंवत् हुन्छ। गणना गर्दा गत शकसंवत् ६२७ (वि. सं. ७६२) मानी गणना गर्नुपर्दछ।

काठमाडौंको रेखांश लिई सूर्यसिद्धान्तअनुसार श्रीशङ्कर बालकृष्ण दीक्षितले गणना गर्दा तलको परिणाम निस्केको छ।

गत शकसंवत् ६२७, वर्तमान शकसंवत् ६२८ ज्येष्ठशुक्ल ई. सं ७०५

तिथि	वार	घ. प.	नक्षत्र	घ. प.	
प्रतिपदा	मंगल	५७।१२	कृत्तिका	११।३	अप्रैल २८
	बुध		रोहिणी	११।१८	

अभिजित् मुहूर्त भनेको आठौं मुहूर्त हो १४ घडीपछि अभिजित् मुहूर्त लाग्दछ। यस कारण रोहिणीनक्षत्र परेको बेला अभिजित् मुहूर्त पर्दछ।

चारौं परिशिष्ट†

१

श्रीवेण्डालको १ संख्या, भारतीय प्रत्नतत्त्व १४ भागको ९७ पृष्ठ तथा नेपाल यात्राका ७२-७३ पृष्ठ र ८ संख्याको फलकमा यो शिलापत्र प्रकाशित

† फ्लीटको ग्रन्थका १७७-८४ पृष्ठको अनुवाद।

भएको छ। यो सनद शिलापत्र मानगृह (१ पङ्क्ति) दरबारबाट जारी गरिएको हो। लिच्छविकुलका[1] झण्डा जस्ता भएका, भट्टारक महाराज प्रथम श्रीशिवदेव (२-३ पङ्क्ति) को यो शिलालेख हो । महासामन्त अंशुवर्माको (६-७ पङ्क्ति) सल्लाह वा बिन्तीबाट[2] महाराज शिवदेवद्वारा यो निगाह गरिबक्सेको हो भनी यहां लेखिएको छ। यहाँ दूतक भोगवर्मा स्वामी[3] (१५ पङ्क्ति) छन्। यहां [गुप्त] संवत् ३१६ ज्यैष्ठशुक्लदिवादशम्याम् (१५ पङ्क्ति) भनी लेखिएको छ। गुप्तसंवत् वि. सं. ३७६ देखि उठ्दछ, यसको समय वि. सं ६९२ हुन्छ।

२

भगवानलालको ५ संख्या, भारतीय प्रत्नतत्त्व ९ भाग १६८-६९ पृष्ठमा यो शिलापत्र प्रकाशित भएको छ। यो सनद शिलापत्र मानगृह (१ पङ्क्ति) दरबारबाट जारी गरिएको हो। यो अभिलेख लिच्छविकुलका झण्डा जस्ता भएका भट्टारक महाराज प्रथम श्रीशिवदेवको (२-३ पङ्क्ति) हो। यस शिलालेखको केही भाग मात्र स्पष्ट छ र बाँकी भाग फुटेर हराएको छ। १ संख्यामा जस्तै महासामन्त अंशुवर्माको (८-९ पङ्क्ति)[4] सल्लाह वा बिन्तीबाट ··· भन्ने वाक्य यसमा परेको छ। ११ पङ्क्तिदेखि यो शिलापत्र फुटेर नष्ट भएको हुनाले यहाँ दूतक र संवत् बुझिदैनन्।

---

१. लिच्छविकुलकेतुः (२ पङ्क्ति)

२. महासामन्तांशुवर्म्मणा विज्ञापितेन मया (६-७ पङ्क्ति)

३. अंशुवर्माका भानिज यी हुन्, यो कुरो तल आउने ५ संख्याको अभिलेखबाट बुझिन्छ। तल आउने १८ संख्याको अभिलेखमा उल्लिखित द्वितीय शिवदेवका ससुरा मौखरी भोगवर्मा यी हुन् भनी अलमलिनु हुँदैन, किनभने ती भोगवर्मा कम्तीमा पनि एक पुस्ता तल पर्दछन्। तल आउने ५ संख्याको अभिलेखको टिप्पणी हेर्नुहोस्।

४. माथि उल्लेख गरिएको १ संख्याको अभिलेखको २ संख्याको टिप्पणीमा जस्तै।

३

भगवानलालको ६ संख्या, भारतीय प्रत्नतत्त्व ९ भाग १६९-१७० पृष्ठमा यो शिलापत्र प्रकाशित भएको छ। यो सनद शिलापत्र कैलासकूटभवन (१ पङ्क्ति) दरबारबाट जारी गरिएको हो। यो शिलालेख महासामन्त श्रीअंशुवर्मा (२ पङ्क्ति) को हो। यसमा दूतक महासर्व [दण्डना] यक विक्र [मसेन] (१४ पङ्क्ति)[५] छन्। यहाँ संवत् (१४ पङ्क्ति) [हर्ष] संवत् ३४ ज्येष्ठशुक्लदशम्याम् भनी लेखिएको छ। हर्षसंवत् वि. सं. ६६२ देखि उठ्दछ।[६] यसको समय वि. सं. ६९६ हुन्छ।

---

५. भगवानलालले टुङ्गो लगाउनुभएको नाम यो हो। यो नाम साँचो हो भनी हामीले मान्ने हो भने तल आउने १९ संख्याको अभिलेखका दूतक राजपुत्र विक्रमसेन यिनै विक्रमसेन हुन् भनी हामीले अलमलिनु हुँदैन, किन भने १९ संख्याको अभिलेख यसभन्दा २०० वर्षभन्दा बढ्ता पछिको हो। शिलापत्रको मूल प्रतिलिपि मैले हेर्न पाएको छैन।

६. महाराज महेन्द्रपालको दिग्वा दुबौलीमा रहेको दानपत्रको तिथिमितिको श्रीशङ्कर बालकृष्ण दीक्षितले गरेको गणनाबाट यो समय आएको हो। सो दानपत्रमा संवत् १५५ माघशुक्ल दशमी कुम्भ-सङ्क्रान्तिका दिन (१२ पङ्क्ति) महाराजले स्नान गरी दान दिनुभएको हो भन्ने लेखिएको छ (भारतीय प्रत्नतत्त्व १५ भागको ११३ पृष्ठको १४ पङ्क्ति)। यो कुरो हामीले मिलाउनुपरेको छ। विक्रमादित्यभन्दा ६६४ वर्षपछि हर्षवर्द्धन भएका हुन् भनी कश्मीरको पञ्चाङ्गमा मैले देखें भनी अलबेरूनीले (अलबेरूनीको भारत नामक ग्रन्थको अनुवादको दोस्रो भागको ५ पृष्ठ) बोलेका छन्। यताबाट यस संवत्को प्रारम्भसमयको आसन्नकालको निर्णय हुन्छ। अलबेरूनीको वाक्यको विषयमा केही सन्देह उठ्दछ। अलबेरूनीले वर्तमान वर्ष लिएका हुन् कि गत वर्ष लिएका हुन्, उनले दिएको विक्रमसंवत् वर्तमान संवत् हो कि गत संवत् हो। हर्षसंवत् ० (शून्य) हुँदा गत शकसंवत् ५२८ तथा वर्तमान शकसंवत् ५२९ हुन्थ्यो। अलबेरूनीको वाक्यलाई प्रमाण मानी जनरल कनिङ्घमले (भारतीय संवत्हरूनामक ग्रन्थका ६४-६५ र १५७ पृष्ठदेखि) हर्षसंवत् ० शून्य हुँदा वि. सं. ६६३ हुन्छ भनी मान्नुभएको छ। यसभन्दा एक वर्षअगाडि सो संवत् उठेको हो भनी सकारी दिग्वा दुबौलीको दानपत्रको तिथिमितिको गणना सूर्यसिद्धान्तअनुसार गर्दा मिल्दछ भन्ने श्रीशङ्कर बालकृष्ण दीक्षितको भनाइ छ। हर्षसंवत् १५५+गत शकसंवत् ५२७=गत शकसंवत्

६८२ मानी गणना गर्दा कुम्भसङ्क्रान्ति सोमवार ४३ घडी ४० पलामा पर्दछ। यस दिन ई. सं. ७६१ जनवरी १९ (वि. सं. ८१७ फाल्गुन १ गते सोमवार) मा पर्दछ। माघशुक्ल नवमीको समाप्ति सोही दिन सङ्क्रान्तिभन्दा चार घण्टापछि अर्थात् ५३ घडी १५ पलामा हुन्छ। आर्यसिद्धान्तअनुसार गणना गर्दा सङ्क्रान्तिको घडी ४२ तथा पला ३० तथा तिथिको घडी ५२ पला ४१ आउँछन्। यी दुवै गणनामा उज्जयिनीको मध्यम सूर्योदयकालदेखि आएका घडी पला लिइएका छन्। सङ्क्रान्तिको समयदेखि १६ घडी पहिले तथा १६ घडी पछाडिसम्म पुण्यकाल अर्थात् सङ्क्रान्तिमा धर्मकर्म गर्ने काल पर्दछ भन्ने धेरैको मत छ। कसैको मतमा कुनै कुनै सङ्क्रान्तिमा अगाडिका १० देखि १६ घडीसम्म अथवा ४० घडीसम्म पनि पुण्यकाल रहन्छ, अरू सङ्क्रान्तिमाचाहिँ सङ्क्रान्तिको समयभन्दा पछाडि १० देखि १६ घडीसम्म अथवा ४० घडीसम्म पनि पुण्यकाल रहन्छ भन्ने कुरा पनि श्रीशङ्कर बालकृष्ण दीक्षितले टिप्पणीमा थप्नुभएको छ। जब सङ्क्रान्ति आधा-रातमा पर्दछ, तब पुण्यकाल भोलिपल्ट पर्दछ भन्ने सामान्य नियम छ। मोटामोटी हिसाबले माथिको गणनामा पनि त्यस्तै परेको छ। यस कारण यहाँ स्नानदानहरू भोलिपल्ट अर्थात् माघशुक्ल दशमीमा गरिएको होला भन्ने धेरै संभावना छ। अरू वर्ष कुम्भसङ्क्रान्ति माघशुक्ल दशमीमा पर्न सक्तैन। जस्तै गत शकसंवत् ६८० मा कुम्भसङ्क्रान्ति पूर्णान्तमानले फाल्गुनकृष्ण द्वितीयामा पर्दछ, फाल्गुनकृष्ण द्वितीया माघशुक्ल दशमीभन्दा ६-७ दिन पछि पर्दछ। गत शकसंवत् ६८१ मा कुम्भसङ्क्रान्ति पूर्णान्तमानले फाल्गुनकृष्ण त्रयोदशीमा, गत शकसंवत् ६८३ मा कुम्भसङ्क्रान्ति पूर्णान्तमानले फाल्गुनकृष्ण पञ्चमीमा, गत शकसंवत् ६८४ मा कुम्भसङ्क्रान्ति माघशुक्ल प्रतिपदामा र गत शकसंवत् ६८५ मा कुम्भसङ्क्रान्ति माघशुक्ल द्वादशीमा पर्दछन्। यस कारण गत शकसंवत् ६८२ मा मात्र सो घटना मिल्दछ र त्यसको ट्वाक्क मिल्ने अंग्रेजी तारीख माथि दिएको मात्र हुन सक्तछ। निर्दिष्ट हर्षसंवत्लाई वर्तमान वर्ष मान्दा र उत्तर भारतमा चलेको शकसंवत्सँग यसलाई मिलाउँदा हर्षसंवत्को प्रारम्भवर्ष गत शकसंवत् ५२७ वि. सं. ६६२ हुन आउँछ। वर्तमान हर्षसंवत्मा ५२८ जोड्दा वर्तमान शकसंवत् हुन्छ। वर्तमान हर्षसंवत्मा ५२७ जोड्दा गत शकसंवत् हुन्छ। गणित गर्दा यस्तै गर्नुपर्दछ। हर्षसंवत्को प्रारम्भवर्ष अर्थात् वर्तमान हर्षसंवत्को पहिलो वर्ष वर्तमान विक्रमसंवत् ६६३ मा पर्दछ भनी सम्झनुपर्दछ। दानपत्रको संवत्को एकस्थानी अङ्क मैले ५ भनी पढेको छु। तर यसमा केही सन्देह उठ्न सक्तछ भनी मैले सो दानपत्र सम्पादन गर्दा भनेथें। सो सन्देह अझ पनि छँदैछ। सो एकस्थानी अङ्क ५ होइन

४

बेन्डालको २ संख्या, नेपाल यात्राको ७४-७५ पृष्ठ र ९ संख्याको फलकमा यो शिलापत्र प्रकाशित भएको छ। यो सनद शिलापत्र कैलासकूट भवन दरबार (१ पङ्क्ति) बाट जारी गरिएको हो। यो शिलालेख श्रीमहासामन्त अंशुवर्माको (२ पङ्क्ति) हो र यिनको नाम यहाँ स्पष्ट बुझिँदैन तापनि अंशुवर्मा हो भन्ने निश्चयपूर्वक भन्न सकिन्छ। यो शिलापत्रबाट उनले जीर्ण

अर्कै हो भनी मानेमा हर्षसंवत्को प्रारम्भवर्ष फरक पर्न सक्तछ। तर एकस्थानी अङ्क ४, ५ तथा ८ यी तीन वटा मात्र हुन सक्तछन् भन्ने कुरा पनि संझनुपर्दछ। सो एकस्थानी अङ्क ४ हो भनी पढ्न कुनै बलियो प्रमाण पाइएला जस्तो मलाई लाग्दैन। एकस्थानी अङ्क ८ हो भनी पढ्ने हो भने हर्षसंवत्को प्रारम्भवर्ष वि. सं. ६५९ हुन आउँछ। तर त्यसो गर्दा वर्तमान हर्षसंवत्को प्रारम्भवर्ष अर्थात् वर्तमान हर्षसंवत्को पहिलो वर्ष वर्तमान विक्रमसंवत् ६६० मा पर्न आउँछ र यसै वर्ष हर्षवर्द्धनको राज्य प्रारम्भ भएको भनी मान्नुपर्दछ। तर यस कुराको प्रमाण कहीं पाइँदैन। तल आउने ४ संख्याको अभिलेखमा हर्षसंवत् ३४ मा पौषमा अधिमास परेको थियो भनी लेखिएको छ। क्याम्ब्रिजका प्राध्यापक आदम र भियनाका प्राध्यापक स्च्रामले गणनाद्वारा वि. सं. ६९७ मा मध्यममानअनुसार पौषमा अधिमास परेको पत्ता लाए भन्ने कुरो प्राध्यापक बुह्लरको भारतीय प्रत्नतत्त्व १५ भागको ३३८ पृष्ठमा छापिएको लेख (तथा बेन्डालको यात्राको ७६ पृष्ठ) बाट बुझिन्छ। वि. सं. ६६३ देखि हर्षसंवत् उठेको हो भनी मान्न यसले पनि आवश्यक पारेको छ भन्ने कुरा पनि संझनुपर्छ। तर यस अधिमासको विषयमा राम्रोसँग विचार गर्नु बाँकी नै छ। अहिलेलाई श्रीशङ्कर बालकृष्ण दीक्षितले दिएको टिप्पणीमा उल्लिखित—'मेषादिस्थे सवितरि यो यो मासः प्रपूर्यते चान्द्रः। चैत्राद्यः स ज्ञेयः पूर्तिद्वित्वेऽधिमासोऽन्यः। (यसै ग्रन्थको माथिको ८८ पृष्ठको ५ संख्याको टिप्पणी हेर्नुहोस्)—यो श्लोकको उल्लेख मात्र गर्न सक्तछु। मार्गमा अधिमास पऱ्यो भन्नुपर्नेमा पौषमा अधिमास पऱ्यो भनिन्छ। व्यवहारमा आएको यो उल्टोपन चतुर्थ श्रीधर सेनको संवत् ३३० को कैरमा रहेको दानपत्रमा मार्गशीर्षमा अधिमास लेखिएको देखनाले थाहा पाइन्छ। (माथि ९३ पृष्ठदेखि हेर्नुहोस्।) यस कुराको राम्रोसँग छिनोफानो श्रीशङ्कर बालकृष्ण दीक्षितबाट हुनेछ भन्ने मैले आशा राखेको छु। अहिलेलाई काम चलाउन वि. सं. ६६२ देखि हर्षसंवत् उठेको हो भनी मैले मानेको छु।

भएको कुनै भवनको मरमतको लागि गूठी राखेको कुरा थाहा पाइन्छ। यहाँ दूतक (१७ पङ्क्ति) महाबलाध्यक्ष बिन्दुस्वामी छन्। यहाँ (१६ पङ्क्ति) [हर्ष] संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम् भनी लेखिएको छ। यसको समय वि सं ६९६ हुन्छ।

५

भगवानलालको ७ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागका १७०-१७१ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। यो सनद शिलापत्र कैलासकूटभवन (१ पङ्क्ति) बाट जारी गरिएको हो। यो शिलापत्र श्रीअंशुवर्माको दरबार (५ पङ्क्ति) हो र यसमा अंशुवर्माका कुनै पदवीहरू उल्लेख गरिएका छैनन्। यस शिलालेखमा अंशुवर्माकी बहिनी, राजपुत्र शूरसेनकी रानी तथा भोगवर्मा र भाग्यदेवीकी माता भोगदेवीको नाम उल्लेख गरिएको छ। यस शिलालेखमा श्रीअंशुवर्माले पश्चिम प्रदेशका वृत्ति खाने (जागीरदार) [पश्चिमाधिकरण-वृत्तिभुजः (५-६ पङ्क्ति) तथा पश्चिमाधिकरण (१४ पङ्क्ति)] हरूलाई तीन वटा शिवलिङ्गको सम्बन्धमा आज्ञा दिएका छन्। यहाँ दूतक युवराज उदयदेव छन्। यहाँ (२२ पङ्क्ति) [हर्ष] संवत् ३९ वैशाखशुक्लदिवादशम्याम् भनिएको छ। यसको समय वि. सं. ७०१ हुन्छ।

६

भगवानलालको ८ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। कुनै निश्चित ठाउँबाट जारी गरिएको नियम-अनुसारको सनद शिलापत्र यो होइन। यस शिलालेखमा केवल श्रीअंशुवर्माको (२ पङ्क्ति) निगाहबाट वार्त्त विभुवर्माले आफ्ना बाबुको पुण्य बढोस् भनी यो असल धारा बनाउन लगाए भनी लेखिएको छ। यहाँ [हर्ष] संवत् (१ पङ्क्ति) ४४ वा ४५ ज्येष्ठशुक्ल··· भनिएको छ। यसको समय वि. सं. ७०६ वा ७०७ हुन्छ।

७

भगवानलालको ९ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागका १७१-१७२ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। यो सनद शिलापत्र कैलासकूटभवन-

बाट (३-४ पङ्क्ति) जारी गरिएको हो। यो शिलापत्र श्रीजिष्णुगुप्तको हो (४ पङ्क्ति)। भट्टारक महाराजाधिराज श्रीअंशुवर्मा (६-७ पङ्क्ति) ले बनाउन लाउनुभएको तिलमक अर्थात् कुलो बिग्रदै गएको हुनाले सामन्त चन्द्रवर्माले यो कुरा हामीमा जाहेर गरेका हुनाले हामीले उनैलाई यो मरमत गर्ने कार्यमा खटाई काम गराएका हौं भनी यहाँ लेखिएको छ। यहाँ दूतक (२१ पङ्क्ति) युवराज श्रीविष्णुगुप्त छन्। यहाँ (२१ पङ्क्ति) [हर्ष] संवत् ४८ कार्तिकशुक्ल २ भनी लेखिएको छ। यसको समय वि. सं. ७१० हुन्छ। यस शिलालेखका १ र २ पङ्क्तिमा मानगृह भन्ने उल्लेख गरिएको छ र त्यहाँ भट्टारक महाराज ध्रुवदेव समेत देखिन आउँछन्। तर यो वाक्य ज्यादै अस्पष्ट भएकोले ध्रुवदेव र जिष्णुगुप्तको संबन्ध स्पष्ट गरी बताउने आधार पाइँदैन।

८

भगवानलालको १० संख्या, भारतीय प्रत्नतत्त्व ९ भागका १७३-१७४ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। यो शिलापत्र कैलासकूटभवन (६ पङ्क्ति) बाट जारी गरिएको हो। यो शिलापत्र श्रीजिष्णुगुप्तको (७ पङ्क्ति) हो। यस शिलालेखको धेरै भाग नबुझिने भइसकेको छ, तर यसको विषय तिलमक अर्थात् कुलो हो। महासामन्त श्री ... देव द्वारा बनाइएको भन्ने परेको छ। दूतकको नाम र संवत् भएको भाग मेटिएको छ। ३ र ४ पङ्क्तिमा मानगृहको उल्लेख भएको छ र यसैको सम्बन्धमा भट्टारक तथा लिच्छविकुलका झण्डास्वरूप भएका महाराज श्रीध्रुवदेव भन्ने उल्लेख गरिएको छ।

९

भगवानलालको ११ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागको १७४ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। कुनै निश्चित ठाउँबाट जारी गरिएको नियम-अनुसारको सनद शिलापत्र यो होइन। श्रीजिष्णुगुप्तको (९ पङ्क्ति) विजयराज्य-मा केही दान गरिएको कुराको यस शिलालेखमा चर्चा गरिएको छ। २७ पङ्क्ति-देखि फुटेर नष्ट भएको हुनाले संवत् परेको थियो वा थिएन भन्न सकिंदैन।

१०

बेन्डालको ३ संख्या, नेपालयात्राका ७७-७९ पृष्ठ (१०संख्याको फलक)

मा यो शिलालेख प्रकाशित भएको छ। यो सनद शिलापत्र कैलासकूटभवन-(१ पङ्क्ति) बाट जारी गरिएको हो। यहाँ राजाको नाम उल्लेख भएको भाग फुटेर नष्ट भएको छ। २ पङ्क्तिदेखि ७ पङ्क्तिसम्म अभिलेख फुटेको छ। यस अभिलेखमा भगवान् वज्रेश्वरको (१७ पङ्क्ति) पूजाको साथै अन्य धार्मिक कार्यको लागि भन्ने उल्लेख गरिएको छ। यहाँ दूतक (२६ पङ्क्ति) भट्टारक युवराज स्कन्ददेव छन्। यहाँ (२९ पङ्क्ति) [हर्ष] संवत् ८२ भाद्रपदशुक्लदिवा ...... भनी लेखिएको छ। यसको समय वि. सं. ७४४ हुन्छ।

११

भगवानलालको १ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागको १६३ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। यस अभिलेखबाट तल लेखिएको वंशावली थाहा पाइन्छ। वृषदेव (८ पङ्क्ति), उनका छोरा शङ्करदेव (१२ पङ्क्ति), ९ र १० पङ्क्तिअनुसार अरू छोराहरू पनि थिए, तर त्यहाँ तिनका नाम उल्लेख गरिएका छैनन्, शङ्करदेवका छोरा धर्मदेव (१६ पङ्क्ति) जसले न्यायपूर्वक ठूलो राज्यमा (शासन) गरे (कुलक्रमागतम् ... राज्यम् महत्, १७ पङ्क्ति)। धर्मदेवकी रानी राज्यवती भइन् तथा धर्मदेवका छोरा मानदेव (२० पङ्क्ति ‡) भए। आफ्ना पिताको मृत्युपछि आफ्नी आमाद्वारा मानदेव राजसिंहासनमा राखिए। यस अभिलेखमा उल्लेख भएअनुसार मानदेवले पूर्वतर्फको अभियानमा खराब आचरण भएका दुष्ट सामन्तहरूलाई नियन्त्रण गरी पछिबाट पश्चिमपट्टिका खराब व्यवहार भएका सामन्तहरूको बारेमा थाहा पाए।

यहाँ पाइएको अभिलेख दुर्भाग्यवश बीचैमा टुक्रिएको छ, तथा बाँकी रहेको भाग जमीनमुनि गडेको छ। यसमा (१–२ पङ्क्ति) [गुप्त] संवत् ३८६ ज्येष्ठ-मासे शुक्लपक्षे प्रतिपदि १ रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्तेभिजिति भनी लेखिएको छ। यसको गणना हामीले माथि ९५–९७ पृष्ठमा लेखे जस्तै† ई. सं. ७०५ अप्रैल महीनाको २८ तारिख, वि. सं. ७६२ जेठ महीनाको ९ गते मङ्गल-बार हुन्छ।

---

‡ यो संख्या मिल्दैन। —अनुवादक

† यही ग्रन्थको २५२ पृष्ठ।

१२

भगवानलालको १२ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागको १७४ पृष्ठदेखि यो शिलालेख प्रकाशित भएको छ। यो सनद शिलापत्र कैलासकूटभवनबाट (१ पङ्क्ति) जारी गरिएको हो। यो शिलापत्र परमभट्टारक महाराजाधिराज द्वितीय शिवदेवको हो (३ पङ्क्ति)। यहाँ दूतक (२३ पङ्क्ति) राजपुत्र जयदेव छन्। यहाँ (२३ पङ्क्ति) [हर्ष] संवत् ११९ फाल्गुनशुक्लदिवादशम्याम् भनी लेखिएको छ। यसको समय वि. सं. ७८१ हुन्छ।

१३

भगवानलालको २ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागका १६६-१६७ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। कुनै निश्चित ठाउँबाट जारी गरिएको नियम-अनुसारको सनद शिलापत्र यो होइन। राजा श्रीमानदेवको (१ पङ्क्ति) पाउको निगाहबाट जयवर्मले राजालगायत (सारा) संसारको हितको लागि जयेश्वरनामक लिङ्गस्थापना गरी गुठी राखेको कुरा यस शिलालेखमा उल्लेख गरिएको छ। यहाँ (१ पङ्क्ति) [गुप्त] संवत् ४१३ भनी लेखिएको छ। यसको समय वि. सं. ७८९ हुन्छ।

१४

भगवानलालको १३ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागका १७६-१७७ पृष्ठ-मा यो शिलालेख प्रकाशित भएको छ। यस अभिलेखको धेरै भाग नष्ट भएको छ। जुन ठाउँबाट यो शिलालेख जारी गरिएको हो सो भाग नष्ट भएको छ। तेस्रो पङ्क्तिमा परेको राजाको नाम पनि पढ्न सकिँदैन, तर राजाको विशेषण परम-भट्टारक र महाराजाधिराज देखिएकोले माथिको १२ संख्यामा जस्तै यहाँ पनि राजाको नाम द्वितीय शिवदेव हुनु धेरै संभव छ। भगवानलालले खाली ठाउँमा श्रीशिवदेव भनी पढ्नुभएको छ। बौद्ध विषयको शिलालेख यो हो। यहाँ दूतक (३६ पङ्क्ति) भट्टारक श्रीशिवदेव छन्। यहाँ (३७ पङ्क्ति) को संवत्‌मा शङ्का छ तर भगवानलालले [हर्ष] संवत् १४३ ज्यैष्ठशुक्लदिवात्रयोदश्याम् भनी पढ्नुभएको छ। यताबाट यसको समय वि. सं. ८०५ हुन्छ। बीचमा रहेको अङ्क ४० को सट्टा २० वा ३० पनि हुन सक्तछ।

१५

भगवानलालको १४ संख्या, भारतीय प्रत्नतत्त्व ९ भाग १७७-१७८ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। यस अभिलेखमा जारी गरिएको स्थान तथा राजाको नामसमेत फुटेर नष्ट भएको छ। यसमा दूतक (१७ पङ्क्ति) युवराज विजयदेव छन्। यहाँ (१७ पङ्क्ति) [हर्ष] संवत् १४५ पौषशुक्लदिवातृतीयायाम् भनी लेखिएको छ। यसको समय वि. सं. ८०७ हुन्छ।

१६

भगवानलालको ३ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागको १६७ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ। मानगृह (१ पङ्क्ति) दरबारबाट जारी गरिएको यो सनद शिलापत्र हो। यो शिलापत्र महाराज श्रीवसन्तसेनको हो। यसमा दूतक (२१ पङ्क्ति) सर्वदण्डनायक महाप्रतीहार रविगुप्त छन्। यहाँ (२०-२१ पङ्क्ति) [गुप्त] संवत् ४३५ आश्वयुजिशुक्लदिवा १ भनी लेखिएको छ। यसको समय वि. सं. ८११ हुन्छ।

१७

बेन्डालको ४ संख्या, नेपालयात्राका ७९-८० पृष्ठ (११ संख्याको फलक) मा यो शिलालेख प्रकाशित भएको छ। कुनै निश्चित ठाउँबाट जारी गरिएको सनद शिलापत्र यो होइन। यसमा कुनै राजाको नाम पनि छैन। यसमा कसैले पाञ्चक वा समितिलाई दान दिएको कुरा परेको छ। यसमा (१ पङ्क्ति) [हर्ष] संवत् १५१ वैशाखशुक्लद्वितीयायाम् भनी लेखिएको छ। यसको समय वि. सं ८१३ हुन्छ।

१८

भगवानलालको १५ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागको १७८ पृष्ठदेखि यो शिलालेख प्रकाशित भएको छ। कुनै निश्चित ठाउँबाट जारी गरिएको विधिपूर्वकको सनद शिलापत्र यो होइन। राजा द्वितीय जयदेवको वंशावलीलाई यस शिलापत्रले राम्रोसँग बताउँछ। यस वंशावलीलाई हामीले तल दिएका छौं। राजा द्वितीय जयदेव (१४ पङ्क्ति) को प्रशस्ति परचक्रकाम (१८ पङ्क्ति) हो भनी त्यहाँ लेखिएको छ। राजमाता वत्सदेवीले पशुपति महादेवको पूजाको

लागि चाँदीको कमल बनाई चढाएको वर्णन यस शिलालेखको मुख्य विषय हो। यहाँ (३५ पङ्क्ति) [हर्ष] संवत् १५३ कार्तिकशुक्लनवम्याम् भनी लेखिएको छ । यसको समय वि. सं. ८१५ हुन्छ ।

१९

भगवानलालको ४ संख्या, भारतीय प्रत्नतत्त्व ९ भागको १६८ पृष्ठमा यो शिलालेख प्रकाशित भएको छ । यसको धेरै भाग फुटेको हुनाले कहाँबाट जारी गरिएको, हो कुन राजाको पालाको हो भन्ने इत्यादि कुरा केही बुझिँदैन । तर यस अभिलेखमा संवत्को भाग बचेको हुनाले र यसले लगातार रूपमा चल्दै आएको संवत्को सङ्केत पनि गरेको हुनाले यसको महत्त्व छ । यहाँ दूतक (१७ पङ्क्ति) राजपुत्र विक्रमसेन छन् । यहाँ (१८ पङ्क्ति) [गुप्त] संवत् ५३५ श्रावण-शुक्लदिवासप्तम्याम् भनी लेखिएको छ । यसको समय वि. सं. ९११ हुन्छ ।

✻

११ सारणी+

नेपालका प्राचीन शासकहरूको सूची

मानगृहका लिच्छवि वा सूर्यवंशीहरू	कैलासकूटभवनका ठकुरीहरू
१. प्रथम जयदेव, अन्दाजी वि. सं. ३८७–४१२	
२.	
३.	
४.	
५.	
६.	
७.	
८.	
९.	
१०.	
११.	
१२.	

(२ देखि १२ सम्म: अभिलेखमा उल्लेख नगरिएका — वि. सं. ४१२–६८७)

+ फ्लीटका ग्रन्थको १८९ पृष्ठको अनुवाद ।

मानगृहका लिच्छवि वा सूर्यवंशीहरू		कैलासकूटभवनका ठकुरीहरू	
महाराज प्रथम शिवदेव वि. सं. ६९२	१३. वृषदेव अन्दाजी वि. सं. ६८७–७१२	महासामन्त अंशुवर्मा (पछि महाराजाधिराज) वि. सं. ६९२, ६९६, ७०१, ७०६ वा ७०७	
महाराज ध्रुवदेव वि, सं ७१०	१४. शङ्करदेव (१३ संख्याका राजाका छोरा), अन्दाजी वि. सं. ७१२–७३७	जिष्णुगुप्त, वि. सं. ७१०	
	१५. धर्मदेव (१४ संख्याका राजाका छोरा), अन्दाजी वि. सं. ७३७–७६१		उदयदेव, अन्दाजी वि. सं. ७३२–७५७
	१६. मानदेव (१५ संख्याका राजाका छोरा), अन्दाजी वि. सं. ७६२–७८९		नरेन्द्रदेव, (उदयदेवका छोरा) अन्दाजी वि. सं. ७५७–७८१
	१७. महीदेव (१६ संख्याका राजाका छोरा), अन्दाजी वि. सं. ७९०–८१०		महाराजाधिराज द्वितीय शिवदेव (नरेन्द्रदेवका छोरा), अन्दाजी वि. सं. ७८२–८०५ (?)
	१८. महाराज वसन्तसेन वा वसन्तदेव (१७ संख्याका राजाका छोरा), वि. सं. ८११		राजा द्वितीय जयदेव, (द्वितीय शिवदेवका छोरा), वि. सं. ८०७ (?) तथा ८१५

[३]

सिल्भाँ लेभीको मतको परीक्षा

[क]

नेपालमा भोटेसंवत् चलेको थिएन ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूका अभिलेखमा देखिएको संवत् वि. सं. ६५२ देखि उठेको भोटेसंवत् हो भनी लेभी भन्दछन् ।[1]

अब यसको परीक्षा गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारओटा आधार पाइएका छन् ।[2]

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

६५२+३१=६८३ हुने हुनाले यस अभिलेखको संवत् ३१ लेभीको मतअनुसार वि. सं. ६८३ (शकसंवत् ५४८) हुन्छ ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिंच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो ।[3] यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६८३ (शकसंवत् ५४८) को

---

१. ले नेपालको दोस्रो भागको १५४ पृष्ठ, अंग्रेजी अनुवादको १२६ पृष्ठ ।

२. यही ग्रन्थका ७–८ पृष्ठ ।

३. यही ग्रन्थको ९ पृष्ठ ।

कार्तिकशुक्लदेखि वि. सं. ६८४ (शकसंवत् ५४९) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५४९ को ज्येष्ठमा अधिमास छ। सो अधिमास अभिलेखको संवत् ३१ को ज्येष्ठमा पर्दछ ।

आषाढमा अधिमास मान्ने वा पौषमा अधिमास मान्ने भन्ने विषयमा नारद र भारद्वाजका मत प्रसिद्ध छन् । तिनको चर्चा यसै ग्रन्थको १८५-१८६ पृष्ठमा परेको छ । त्यस वचनअनुसार संवत् ३१ शकसंवत् ५४९ को ज्येष्ठमा परेको अधिमास भारद्वाजको मतअनुसार पौषमा मानिने हुनाले र उक्त अभिलेखमा पौषमा अधिमास लेखिएको हुनाले यो अधिमास मिल्न आयो ।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम् ।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

६५२+३४=६८६ हुने हुनाले यस अभिलेखको संवत् ३४ लेवीको मतअनुसार वि. सं. ६८६ (शकसंवत् ५५१) हुन्छ ।

अब संवत् ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखिसकियो । यस कारण अभिलेखको संवत् ३४ वि. सं. ६८६ (शकसंवत् ५५१) को कार्तिकशुक्लदेखि वि. सं. ६८७ (शकसंवत् ५५२) को आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिककृष्ण) सम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५५२ को चैत्रमा अधिमास छ । सो अधिमास अभिलेखको संवत् ३४ को चैत्रमा पर्दछ ।

माथि उल्लिखित भारद्वाजको मतअनुसार संवत् ३४ (शकसंवत् ५५२) को चैत्रमा परेको अधिमास संवत् ३४ को पौषमा मानिने हुनाले र उक्त अभिलेखमा पौषमा अधिमास लेखिएको हुनाले यो अधिमास पनि मिल्न आयो ।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया । माघशुक्लत्रयोदश्यां पुष्येण सवितुर्दिने ।।

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ ।

६५२+३१=६८३ हुने हुनाले यस अभिलेखको संवत् ३१ लेभीको मतअनुसार वि. सं ६८३ हुन्छ ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट आइतवार तथा तिष्यनक्षत्र आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६८३) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
बुध	त्रयोदशी	९ । ४८	अश्लेषा	४५ । २६

आयो ।

परन्तु चांगुको उक्त अभिलेखमा आइतवार तथा तिष्यनक्षत्र लेखिएको छ । यस कारण लेभीले सकारेको संवत्अनुसार यो तिथिमिति मिलेन ।

(४) वर्षे चैकोत्तरस्मिंस्त्रिशतगते माधवे मासि शुक्ले ।
सप्तम्यां पुष्यऋक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे ॥
(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग ।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।

६५२+३०१=९५३ हुने हुनाले यस अभिलेखको संवत् ३०१ लेभीको मतअनुसार वि. सं. ९५३ हुन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण अभिलेखको संवत् ३०१ वि. सं ९५३ को कार्तिकशुक्लदेखि वि. सं. ९५४ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ । अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस बेला वि. सं. ९५४ हुन्छ ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ९५४)

वैशाखशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
बुध	सप्तमी	२१	३५	तिष्य	२६	२३

आयो।

परन्तु उक्त पुस्तकको पुष्पिकावाक्यमा आइतवार लेखिएको छ।

यस कारण लेभीले सकारेको संवत्अनुसार यो तिथिमिति पनि मिलेन।

लेभीले सकारेको संवत्अनुसार भक्तपुर इनाय्चोको अभिलेख तथा पाटन सुनधाराको अभिलेखका अधिमास मिल्छन्। परन्तु चाँगुको अंशुवर्माको अभिलेख तथा केसरपुस्तकालयको सौश्रुतीसंहिता सहोत्तरानामक पुस्तकको पुष्पिकावाक्यका तिथिमिति मिल्दैनन्। प्रामाणिक संवत्बाट गणना गर्दा जम्मै (अधिमास तथा तिथिमिति) मिल्दछन्। जस्तै— सुमतितन्त्रले बताएअनुसार अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् हो भनी मान्दा जम्मै अधिमास तथा तिथिमिति मिलेका छन्।[४]

तिथिमिति नमिलेका हुनाले लेभीले सकारेको संवत् प्रामाणिक हुन सक्तैन।

[नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्तको संयुक्त परिश्रमबाट यो गणना तयार भएको हो।]

*

४. यही ग्रन्थका ७-२८ पृष्ठ।

[ख]

मानदेवको चाँगुको अभिलेखको समय वि. सं. ५५३ होइन

मानदेवको चाँगुको अभिलेखको समय वि. सं. ५५३ हो भनी लेभीले निकालेको निर्णय गणित तथा इतिहास दुवैको दृष्टिबाट अशुद्ध छ।

विक्रमको सातौं शताब्दीको उत्तरार्द्धमा भारतभ्रमणमा आएका चिनियाँ यात्री युवान च्वाङ्गको यात्रावर्णनबाट उनी आउनुभन्दा अलिकताअगाडि नेपालमा अंशुवर्मा भएको कुरो थाहा भएकोले[५] अंशुवर्मा विक्रमको सातौं शताब्दीको उत्तरार्द्धमा भएका रहेछन् भन्ने कुरो थाहा भयो। यस साधनलाई भगवानलाल तथा फ्लीटले पनि प्रयोग गरेका छन्।[६] चीनको ताङ्‌वृत्तान्तबाट वि. सं. ७०१ देखि वि. सं. ७०८ सम्म नेपालका राजा नरेन्द्रदेवकहाँ चिनियाँ राजदूत आएको कुरो थाहा भयो। यो कुरो प्रकाशमा ल्याउने श्रेय लेभीलाई छ।[७]

पाटन सुनधाराको अंशुवर्माको अभिलेखमा संवत्[८] ३४ मा पौषमा अधिमास परेको कुरा लेखिएको छ।[९]

वर्तमान कालको प्रचलित नियमअनुसार पौषमा अधिमास नपर्ने हुनाले


---

५. ले नेपालको पहिलो भागको अंग्रेजी अनुवाद, प्राचीन नेपाल २७ अङ्कका ६४-६५ पृष्ठ।

६. यही ग्रन्थका २१६-२१७, २५१ पृष्ठ।

७. ले नेपालको पहिलो भागको अंग्रेजी अनुवाद, प्राचीन नेपाल २७ अङ्कको ६८ पृष्ठ।

८.



(संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्)

९. बेण्डालको यात्राका ७४-७५ पृष्ठ, चित्रफलक ९ सङ्ख्या।

यो अधिमास मध्यममानअनुसारको हुनुपर्छ भन्ने लेभीले सम्झे । विक्रमको सातौं शताब्दीको उत्तरार्धमा अंशुवर्मा भएका र वि. सं. ७०१ मा नरेन्द्रदेव भएको कुरो पनि चीनको इतिहासबाट थाहा भयो । नरेन्द्रदेवका बाबुलाई उनका माइले निकालेकाले उनी भोटमा आश्रय लिन पुगे, पछि नरेन्द्रदेवले भोटबाट आई आफ्ना काकालाई हटाई आफ्ना बाबुको गद्दी फिर्ता लिए भन्ने कुरा भोटको इतिहासबाट थाहा भयो ।[१०]

यताबाट अंशुवर्मा र नरेन्द्रदेवको बीचमा नेपालमा कुनै शासक भएका थिए भन्ने कुरा देखिन आयो । अंशुवर्माभन्दा लगत्तै पछिका शासक ध्रुवदेव र जिष्णुगुप्तको संयुक्त शासनकालको संवत्[११] ४८ को अभिलेख पाटन छिन्नमस्तामा पाइएकोले[१२] संवत् ४८ वि. सं. ७०१ भन्दा अगाडि पर्दोरहेछ भन्ने कुरो देखियो । यति कुरा मनमा राखी पौषमा अधिमास कहिले परेको थियो भन्ने कुराको खोजीमा लेभी लागे । वि. सं. ६८६ मा मध्यममानअनुसार पौषमा अधिमास परेको कुरा सारणीबाट देखियो ।[१३]

६८६—३४=६५२ हुने हुनाले वि. सं. ६५२ देखि उठेको संवत् नै अंशुवर्माहरूले व्यवहार गरेका रहेछन् भन्ने सिद्धान्त लेभीले निकाले ।[१४]

खोपासीको शिवदेव र अंशुवर्माको संयुक्तशासनको संवत्[१५] ५२० को

---

१०. ले नेपालको पहिलो भागको अंग्रेजी अनुवाद, प्राचीन नेपाल २७ अङ्कको ६९ पृष्ठ ।

११. 

१२. भगवानलालको ९ संख्या ।

१३. ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादको ३२ पृष्ठ ।

१४. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको १२६ पृष्ठ ।

१५. 

अभिलेख पाइएको छ।[१६] किसिपिंडीको संवत्[१७] ४४९ को अभिलेखमा आषाढमा अधिमास देखिएको छ।[१८]

५२०—४४९ =७१ हुने हुनाले र ६८६—७१—६१५ हुने हुनाले किसिपिंडीको सो संवत् ४४९ को अभिलेख वि. सं. ६१५ तिरको हुनुपर्दछ भनी त्यसताका आषाढमा परेको अधिमास खोज्न लेभी लागे। सारणीमा वि. सं. ६१६ मा आषाढमा अधिमास परेको देखियो। यस कारण किसिपिंडीको संवत् ४४९ को अभिलेख वि. सं. ६१६ को रहेछ भन्ने निश्चय लेभीले गरे।[१९]


६१६—४४९ =१६७ हुने हुनाले मानदेवहरूले व्यवहार गरेको संवत् वि. सं. १६७ देखि उठेको रहेछ भन्ने कुरा लेभीले निकाले।[२०] यसरी नेपालमा मानदेवदेखि अंशुवर्मासम्मका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. १६७ देखि उठेको संवत् हो, अंशुवर्माहरूले व्यवहार गरेको संवत्‌चाहिं वि. सं. ६५२ देखि उठेको संवत् हो भन्ने सिद्धान्त लेभीले निकाले।

लेभीको यस सिद्धान्तअनुसार मानदेवको चाँगुको अभिलेखको समय वि. सं. ५५३ हुन्छ।[२१]

मानदेवको चाँगुको अभिलेखमा संवत् ३८६ ज्येष्ठशुक्ल प्रतिपदा, रोहिणी

---

१६. लेभीको १२ संखया।

१७. 

(संवत् ४४९ प्रथमाषाढशुक्लदशम्याम्)

१८. लेभी ६ संख्या।

१९. ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादको ३२ पृष्ठ।

२०. ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादको ३३ पृष्ठ।

२१. ले नेपाल तेस्रो भागको अंग्रेजी अनुवादको ७ पृष्ठ।

नक्षत्रमा चन्द्रमा बसेको असल अभिजित् मुहूर्तमा भनी लेखिएको छ।[२२] ३८६+१६७=५५३ हुन्छ। यस कारण चाँगुको मानदेवको अभिलेखको समय वि. सं. ५५३ मानी गणना गर्दा

शकसंवत् ४१८, ई. सं ४९६, लेभीको लिच्छविसंवत् ३८६ (विक्रमसंवत् ५५३)

ज्येष्ठशुक्ल

तिथि	वार	घडी	पला	नक्षत्र	घडी	पला	मे. (ज्येष्ठ)
प्रतिपदा	मङ्गल	६ ।	७	रोहिणी	६ ।	६	१ ता. (१३ गते)

यस्तो आउँछ।

लेभीले पनि चाँगुको सो अभिलेखको समय ई. सं. ४९६ मे महीनाको १ तारीख मङ्गलवार हो भनी लेखेका छन्[२३] तर लेभीले तिथि र नक्षत्रको घडी पला दिएका छैनन्।

यस दिनको दिनमान ३२ घडी ३६ पला छ। यस कारण १५ घडी १० पलाउप्रान्त १७ घडी २० पलासम्म अभिजित् मुहूर्त रहन्छ। त्यस दिन प्रतिपदा ६ घडी ७ पलासम्म तथा रोहिणी ६ घडी ६ पलासम्म रहन्छ। यस कारण अभिजित् मुहूर्त पर्दा द्वितीया तिथि तथा मृगशिरानक्षत्र पर्दछन्। तर अभिलेखमा प्रतिपदा तिथि रोहिणीनक्षत्र अभिजित् मुहूर्त भनी लेखिएको छ। यस कारण लेभीको सिद्धान्त गणितसँग मेल खाँदैन।

मालटारको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेखमा संवत्[२४] ४९ लेखिएको छ।[२५]

---

२२. यही ग्रन्थको २४५ पृष्ठ।

२३. ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादको ७ पृष्ठ

२४. 

२५. नोली ५१ संख्या, पूर्णिमा ६ अङ्कको ३ पृष्ठ।


बलम्बुको भीमार्जुनदेव र जिष्णुगुप्तको अभिलेखमा संवत्[२६] ५५ लेखिएको छ।[२७]

मालिगाउँको विष्णुगुप्तको अभिलेखमा संवत्[२८] ५७ लेखिएको छ।[२९]

यङ्गालहिटीको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा संवत्[३०] ६४ लेखिएको छ।[३१]

भृङ्गारेश्वरको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा संवत्[३२] ६५ लेखिएको छ।[३३]


---

२६. 

२७. नोली ५५ संख्या, पूर्णिमा ६ अङ्कको ३ पृष्ठ।

२८. 

२९. योगी नरहरिनाथ र जनकलाल ढकालद्वारा (इतिहास प्रकाशको १ अङ्कमा) प्रकाशित, पूर्णिमा ६ अङ्कको ३ पृष्ठ।

३०. 

३१. नोली ६१ सङ्ख्या, पूर्णिमा ६ अङ्कको ३ पृष्ठ।

३२. 

३३. नोली ६२ सङ्ख्या, पूर्णिमा ६ अङ्कको ४ पृष्ठ।

पाटन मन्सारचोकको नरेन्द्रदेवको अभिलेखमा संवत्[३४] ६७ लेखिएको छ।[३५] यी संवत् लेभीको विचारअनुसार वि. सं. ६५२ देखि उठेका हुन्। यस कारण

६५२ + ४९ = ७०१
६५२ + ५५ = ७०७
६५२ + ५७ = ७०९
६५२ + ६४ = ७१६
६५२ + ६५ = ७१७
६५२ + ६७ = ७१९ हुने हुनाले।

वि. सं. ७०१ मा ध्रुवदेव र जिष्णुगुप्त,
वि. सं. ७०७ मा भीमार्जुनदेव र जिष्णुगुप्त,
वि. सं. ७०९ मा विष्णुगुप्त,
वि. सं. ७१६ मा भीमार्जुनदेव र विष्णुगुप्त,
वि. सं. ७१७ मा भीमार्जुनदेव र विष्णुगुप्त,
वि. सं. ७१९ मा नरेन्द्रदेव राज्य गरिरहेका देखिन्छन्।

तर लेभीले नै चीनको इतिहासबाट निकालेको सिद्धान्तअनुसार वि. सं. ७०१ देखि वि. सं. ७०८ सम्मका वर्षमा नेपालका राजा नरेन्द्रदेवकहाँ चीनका राजदूत आएका देखिन्छन्। यस कारण अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६५२ देखि उठेको हो भन्ने लेभीको सिद्धान्त ठीक देखिंदैन। सोही सिद्धान्तलाई आधार मानी निकालेको मानदेवहरूले व्यवहार गरेको संवत् वि. सं. १६७ देखि उठेको हो भन्ने सिद्धान्त पनि आधारहीन देखिन्छ। यस कारण सो आधारहीन सिद्धान्तमा अडेर लेभीले निर्णय गरेको चाँगुको मानदेवको अभिलेखको समय वि. सं. ५५३ इतिहासको दृष्टिबाट पनि अप्रामाणिक देखिन्छ।

---

३४. 

३५. ऐ. शि. बाबुराम आचार्य र नयराज पन्तद्वारा (संस्कृतसन्देशको २ वर्ष १-३ अङ्कमा) प्रकाशित, पूर्णिमा ६ अङ्कको ४ पृष्ठ।

[ग]


मध्यम मानअनुसार अधिमासको गणना हुन्थ्यो भन्ने कुरा प्रमाणबाट सिद्ध हुँदैन

नेपालका लिच्छवि राजाहरूको समयमा मध्यम मानअनुसार अधिमासको गणना हुँदोरहेछ भन्ने लेभीको सिद्धान्त छ।[३६] यही सिद्धान्तलाई आधार मानी लेभीले मानदेवदेखि प्रथम शिवदेवसम्मका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि.सं. १६७ देखि उठेको र अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६५२ देखि उठेको हो भन्ने निर्णय गरेका हुन् भन्ने कुरा [क] र [ख] मा लेखिसकिएको छ।

अब मध्यम मानअनुसार अधिमासको गणना हुन्थ्यो भन्ने लेभीको सिद्धान्तको परीक्षा गरिन्छ। यस कामको लागि पहिले लिच्छविकालका अभिलेखमा पाइएका अधिमासतिर आँखा लाउनुपरेको छ।

लिच्छविकालका अधिमास परेका अभिलेखका अधिमास परेको भागको प्रतिलिपि तथा तिनको उतार यहाँ दिइन्छन्—

(१)



[बूढानीलकण्ठ विष्णुपादुकाको फेदीको शिवलिङ्गको पादपीठको मानदेवको पालाको अभिलेखबाट। यो अभिलेख सर्वप्रथम रामजी तेवारी, देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्तद्वारा पूर्णिमा १५ अङ्कका ३२९–३३० पृष्ठमा छापिएको हो। फेरि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कर्मचारी देवीप्रसाद भण्डारी, केशवचन्द्र ग्यौपाने, विष्णु भट्ट, विश्वनाथ भण्डारीद्वारा यस अभिलेखको प्रतिलिपि ल्याई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा राखिएको छ। धनवज्र पूर्णिमामा यस अभिलेखको संवत् ३९६ भनी पढिएको छ।

---

३६. ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादको ३२ पृष्ठ

वज्राचार्यको लिच्छविकालका अभिलेख (४२ पृष्ठ) मा पनि ३९६ नै पढिएको छ। शङ्करमान राजवंशीद्वारा लिच्छविसंवत्को निष्कर्ष (२५ पृष्ठ) मा आफ्नो गणना मिलाउन यस संवत्लाई ३९५ भनी पढिएको छ। डिल्लीरमण रेग्मीको प्राचीन नेपालका अभिलेखको पहिलो भाग (९ पृष्ठ) मा पनि शङ्करमान राजवंशीको अनुसरण गरी ३९५ नै पढिएको छ। नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा ल्याइएको प्रतिलिपिअनुसार यस अभिलेखको संवत् ३९८ हो भनी देवीप्रसाद भण्डारीद्वारा निर्णय भएको हो।]

(संवत् ३) ९८ प्रथमाषाढे शुक्लदिव १२


(२)



[पाटन बाहालुखाको वसन्तदेवको अभिलेखबाट। यो अभिलेख सर्वप्रथम अभिलेख-सङ्ग्रह ५ भागको ७ पृष्ठमा छापिएको हो। यसको प्रतिलिपि संशोधन-मण्डलमा रहेको छ। यसको संवत्को प्रतिलिपिचाहिं पूर्णिमा ५ अङ्कको ४ पृष्ठमा छापिएको छ।]

संवत् ४३५ द्वितीयपौषे शुक्लदिव ५


(३)



[किसिपिडीको वसन्तदेवको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम लेभी-द्वारा ६ संख्याको रूपमा छापिएको हो । यसको प्रतिलिपि ले नेपालको तेस्रो भागमा छापिएको छ ।]

संवत् ४४९ प्रथमाषा (ढ) शुक्लदशम्याम्


(४)



[का. इ. ब्रह्मटोलको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम अभिलेख-सङ्ग्रह पहिलो भागमा छापिएको हो । यसको प्रतिलिपि संशोधनमण्डलमा रहेको छ । यसको संवत्को प्रतिलिपि पूर्णिमा ५ अङ्कका ६ पृष्ठमा छापिएको छ ।]

संवत् ४७९ द्वितीय आषा (ढ)

(५)




[देउपाटनको गणदेव र भौमगुप्तका पालाको अभिलेखबाट । यस अभि-लेखको संवत्विषयक विशेष कुरा यसै ग्रन्थका ११४–११५ पृष्ठमा परेको छ । यस

अभिलेखको प्रतिलिपि संशोधन-मण्डलमा रहेको छ । यसको संवत्को प्रतिलिपि पूर्णिमा ५ अङ्कको ६ पृष्ठमा छापिएको छ ।]

संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयायाम्


(६)



[धर्मस्थलीको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम नोलीद्वारा २६ संख्या (चित्रफलक ३०) को रूपमा छापिएको हो । नोलीद्वारा यहाँको संवत् ५१८ भनी पढिएको छ । तर सो संवत् ५१७ हो भनी पूर्णिमा १४ अङ्कका १०१-१०६ पृष्ठमा तथा २० अङ्कको २८२ पृष्ठमा सिद्ध गरिएको छ ।]

संवत् ५१७ प्रथमाषाढशुक्लदिवाद्वादश्याम्


(७)



[सतुङगलको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख सर्वप्रथम नोलीद्वारा २८ संख्या (चित्रफलक ३२) को रूपमा छापिएको हो ।]

(संवत्) ५१९ प्रथमपौषशुक्लदिवाद्वादश्याम् ।


(८)



[भक्तपुर इनायघोको अंशुवर्माको अभिलेखबाट। यो अभिलेख सर्वप्रथम मोहनप्रसाद खनालद्वारा प्रकाशित भएको हो (यही ग्रन्थको ७ पृष्ठ)। यसको प्रतिलिपि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा रहेको छ।]

संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्।

(९)



[पाटन सुनधाराको अंशुवर्माको अभिलेखबाट। यो अभिलेख सर्वप्रथम बेण्डालको २ संख्याको रूपमा छापिएको हो।]

संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्।

(१)

(संवत् ३) ९८ प्रथमाषाढे शुक्लदिव १२

१६७+३९८=५६५ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं. ५६५ हुन्छ। वि. सं. ५६५ मा मध्यम मानअनुसार आषाढमा अधिमास छैन (स्वेलको सारणीको ३६८ पृष्ठ)। यस कारण लेभीले प्रतिपादन गरेको सिद्धान्तअनुसार यो अधिमास मिलेन।

(२)

संवत् ४३५ द्वितीयपौषे शुक्लदिव ५

१६७+४३५=६०२ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं ६०२ हुन्छ । वि. सं. ६०२ मा मध्यम मानअनुसार पौषमा अधि-मास छ (स्वेलको सारणी ३७२ पृष्ठ) । यस कारण यो अधिमास मिल्यो ।

(३)

संवत् ४४९ प्रथमाषा(ढ)शुक्लदशम्याम् ।

१६७+४४९=६१६ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं. ६१६ हुन्छ । वि. सं. ६१६ मा मध्यम मानअनुसार आषाढमा अधिमास छ (स्वेलको सारणी ३७२ पृष्ठ) । यस कारण यो अधिमास मिल्यो ।

(४)

संवत् ४७९ द्वितीय आषा (ढ)...

१६७+४७९=६४६ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं. ६४६ हुन्छ । वि. सं. ६४६ मा मध्यम मानअनुसार आषाढमा अधिमास छैन (स्वेलको सारणी ३७४ पृष्ठ) । यस कारण यो अधिमास मिलेन ।

(५)

संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयायाम्

१६७+४८७=६५४ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं. ६५४ हुन्छ । वि. सं. ६५४ मा मध्यम मानअनुसार आषाढमा अधिमास छ (स्वेलको सारणी ३७६ पृष्ठ) । यस कारण यो अधिमास मिल्यो ।

(६)

संवत् ५१७ प्रथमाषाढशुक्लदिवाद्वादश्याम्

१६७+५१७=६८४ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं. ६८४ हुन्छ । वि. सं. ६८४ मा मध्यम मानअनुसार आषाढमा अधिमास छैन (स्वेलको सारणी ३७८ पृष्ठ) । यसकारण यो अधिमास मिलेन ।

(७)

संवत् ५१९ प्रथमपौषशुक्लदिवाद्वादश्याम्

१६७+५१९=६८६ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको

समय वि. सं. ६८६ हुन्छ । वि. सं. ६८६ मा मध्यम मानअनुसार पौषमा अधिमास छ (स्वेलको सारणी ३७८ पृष्ठ) । यस कारण यो अधिमास मिल्यो ।

(८)

संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

६५२+३१=६८३ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं. ६८३ हुन्छ । वि. सं. ६८३ मा मध्यम मानअनुसार पौषमा अधिमास छैन (स्वेलको सारणी ३७८ पृष्ठ) । यस कारण यो अधिमास मिलेन ।

(९)

संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्

६५२+३४=६८६ हुने हुनाले लेभीको सिद्धान्तअनुसार यस अभिलेखको समय वि. सं. ६८६ हुन्छ । वि. सं. ६८६ मा मध्यम मानअनुसार पौषमा अधिमास छ (स्वेलको सारणी ३७८ पृष्ठ) । यस कारण यो अधिमास मिल्यो ।

लिच्छविकालका अभिलेखमा पाइएका यी ९ वटा अधिमासमध्ये ५ वटा अधिमास मध्यम मानअनुसार मिल्छन्, ४ वटा अधिमास मिल्दैनन् ।

अर्को कुरो

(१) विष्णुपादुकाको फेदीको अभिलेखको संवत् ३९८ (लेभीको सिद्धान्त-अनुसार वि. सं. ५६५) मा स्वेलको सारणीमा मध्यम मानअनुसार अधिमास छैन (३६८ पृष्ठ) । तर अभिलेखमा आषाढमा अधिमास लेखिएको छ ।

(४) ब्रह्मटोलको अभिलेखको संवत् ४७९ (लेभीको सिद्धान्त अनुसार वि. सं. ६४६) मा स्वेलको सारणीमा मध्यम मानअनुसार वैशाखमा अधिमास छ, (३७४ पृष्ठ) । तर अभिलेखमा आषाढमा अधिमास लेखिएको छ ।

(६) धर्मस्थलीको अभिलेखको संवत् ५१७ (लेभीको सिद्धान्तअनुसार वि. सं. ६८४) मा स्वेलको सारणीमा मध्यम मानअनुसार वैशाखमा अधिमास छ, (३७८ पृष्ठ) । तर अभिलेखमा आषाढमा अधिमास लेखिएको छ ।

(८) भक्तपुर इनायचोको अभिलेखको संवत् ३१ (लेभीको सिद्धान्तअनुसार वि. सं. ६८३) मा स्वेलको सारणीमा मध्यम मानअनुसार अधिमास छैन, (३७८ पृष्ठ) । तर अभिलेखमा पौषमा अधिमास लेखिएको छ ।

यस कारण लिच्छविकालका नेपाली ज्योतिषीहरू मध्यम मानअनुसार अधिमास मान्दारहेछन् भन्ने लेभीको सिद्धान्त प्रमाणद्वारा सिद्ध हुन सक्तैन।

नेपालको इतिहासमा हात हाल्ने विदेशी विद्वान्हरूमा सिल्भाँ लेभी श्रेष्ठतम जस्तै छन्। नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेका दुवै थरी संवत्को निर्णय उनले शास्त्रीय पद्धतिबाट गर्न खोजेका छन्। लिच्छविकालका अभिलेखमा पाइएका अधिमासलाई साधन मानी उनले आफ्नो मतको स्थापना गरेका छन्। उनको मतको यथार्थता जिज्ञासुहरूको मनमा चढोस् र त्यसको परीक्षा गर्ने रीति पनि जिज्ञासुहरूले बुझून् भनी स्वेलको सारणीको केही भाग यहाँ दिइएको छ। यसै गरी स्पष्ट मानअनुसारको अधिमास परेका वर्षको ज्ञान जिज्ञासुहरूलाई होओस् भनी वेङ्कटेश केतकरको ग्रन्थमा परेको अधिमासक्षयमाससारणी पनि यहाँ दिइएको छ।

प्रथम आर्यसिद्धान्तअनुसारको मध्यम गणना†

(स्वेलको ३६८ पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर: दाक्षिणात्य पद्धति	बार्हस्पत्य संवत्सर: उदीच्य पद्धति	मध्यम मानले अधिकमास परेका चान्द्र मास
१	२	३	३क	५	६	७	८क
३६०१	४२२	५५७		४९९-५००	९ युवा		९ मार्गशीर्ष
३६०२	४२३	५५८		*५००- ०१	१० धाता		
३६०३	४२४	५५९		५०१- ०२	११ ईश्वर		५ श्रावण
३६०४	४२५	५६०		५०२- ०३	१२ बहुधान्य		
३६०५	४२६	५६१		५०३- ०४	१३ प्रमाथी		
३६०६	४२७	५६२		*५०४- ०५	१४ विक्रम		२ वैशाख
३६०७	४२८	५६३		५०५- ०६	१५ वृष		
३६०८	४२९	५६४		५०६- ०७	१६ चित्रभानु		१० पौष
३६०९	४३०	५६५		५०७- ०८	१७ सुभानु		
३६१०	४३१	५६६		*५०८- ०९	१८ तारण		
३६११	४३२	५६७		५०९- १०	१९ पार्थिव		७ आश्विन
३६१२	४३३	५६८		५१०- ११	२० व्यय		
३६१३	४३४	५६९		५११- १२	२१ सर्वजित्		
३६१४	४३५	५७०		*५१२- १३	२२ सर्वधारी		३ ज्येष्ठ
३६१५	४३६	५७१		५१३- १४	२३ विरोधी		
३६१६	४३७	५७२		५१४- १५	२४ विकृत		१२ फाल्गुन
३६१७	४३८	५७३		५१५- १६	२५ खर		
३६१८	४३९	५७४		*५१६- १७	२६ नन्दन		
३६१९	४४०	५७५		५१७- १८	२७ विजय		८ कार्तिक
३६२०	४४१	५७६		५१८- १९	२८ जय		

† रावर्ट स्वेलको "दि सिद्धान्तज् यान्ड् द इण्डियन् क्यालेण्डर" (सिद्धान्त र भारतीय पञ्चाङ्ग) को ३६८ पृष्ठदेखि ३८२ पृष्ठसम्मको नेपाली अनुवाद ।

(स्वेलको ३७० पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर दाक्षिणात्य पद्धति	बार्हस्पत्य संवत्सर उदीच्य पद्धति	मध्यम मानले अधिकमास परेका चान्द्र मास
१	२	३	३क	५	६	७	८क
३६२१	४४२	५७७		५१९– २०	२९ मन्मथ		
३६२२	४४३	५७८		*५२०– २१	३० दुर्मुख		
३६२३	४४४	५७९		५२१– २२	३१ हेमलम्ब		५ श्रावण
३६२४	४४५	५८०		५२२– २३	३२ विलम्ब		
३६२५	४४६	५८१		५२३– २४	३३ विकारी		
३६२६	४४७	५८२		*५२४– २५	३४ शर्वरी		१ चैत्र
३६२७	४४८	५८३		५२५– २६	३५ प्लव		
३६२८	४४९	५८४		५२६– २७	३६ शुभकृत्		१० पौष
३६२९	४५०	५८५		५२७– २८	३७ शोभन		
३६३०	४५१	५८६		*५२८– २९	३८ क्रोधी		
३६३१	४५२	५८७		५२९– ३०	३९ विश्वावसु		७ आश्विन
३६३२	४५३	५८८		५३०– ३१	४० पराभव		
३६३३	४५४	५८९		५३१– ३२	४१ प्लवङ्ग		
३६३४	४५५	५९०		*५३२– ३३	४२ कीलक		३ ज्येष्ठ
३६३५	४५६	५९१		५३३– ३४	४३ सौम्य		
३६३६	४५७	५९२		५३४– ३५	४४ साधारण		१२ फाल्गुन
३६३७	४५८	५९३		५३५– ३६	४५ विरोधकृत्		
३६३८	४५९	५९४		*५३६– ३७	४६ परिधावी		
३६३९	४६०	५९५		५३७– ३८	४७ प्रमादी		८ कार्तिक
३६४०	४६१	५९६		५३८– ३९	४८ आनन्द		
३६४१	४६२	५९७		५३९– ४०	४९ राक्षस		
३६४२	४६३	५९८		*५४०– ४१	५० अनल		५ श्रावण
३६४३	४६४	५९९		५४१– ४२	५१ पिङ्गल		
३६४४	४६५	६००		५४२– ४३	५२ कालयुक्त		
३६४५	४६६	६०१		५४३– ४४	५३ सिद्धार्थ		१ चैत्र

(स्वेलको ३७२ पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर दाक्षिणात्य पद्धति	बार्हस्पत्य संवत्सर उदीच्य पद्धति	मध्यम मानले अधिकमास परेका चान्द्र मास
१	२	३	३क	५	६	७	८क
३६४६	४६७	६०२		*५४४– ४५	५४ रौद्र		
३६४७	४६८	६०३		५४५– ४६	५५ दुर्मति		१० पौष
३६४८	४६९	६०४		५४६– ४७	५६ दुन्दुभि		
३६४९	४७०	६०५		५४७– ४८	५७ रुधिरोद्गारी		
३६५०	४७१	६०६		*५४८– ४९	५८ रक्ताक्ष		६ भाद्रपद
३६५१	४७२	६०७		५४९– ५०	५९ क्रोधन		
३६५२	४७३	६०८		५५०– ५१	६० क्षय		
३६५३	४७४	६०९		५५१– ५२	१ प्रभव		३ ज्येष्ठ
३६५४	४७५	६१०		*५५२– ५३	२ विभव		
३६५५	४७६	६११		५५३– ५४	३ शुक्ल		११ माघ
३६५६	४७७	६१२		५५४– ५५	४ प्रमोद		
३६५७	४७८	६१३		५५५– ५६	५ प्रजापति		
३६५८	४७९	६१४		*५५६– ५७	६ अङ्गिरा		८ कार्तिक
३६५९	४८०	६१५		५५७– ५८	७ श्रीमुख		
३६६०	४८१	६१६		५५८– ५९	८ भाव		
३६६१	४८२	६१७		५५९– ६०	९ युवा		४ आषाढ
३६६२	४८३	६१८		*५६०– ६१	१० धाता		
३६६३	४८४	६१९		५६१– ६२	११ ईश्वर		
३६६४	४८५	६२०		५६२– ६३	१२ बहुधान्य		१ चैत्र
३६६५	४८६	६२१		५६३– ६४	१३ प्रमाथी		
३६६६	४८७	६२२		*५६४– ६५	१५ वृष		१० पौष
३६६७	४८८	६२३		५६५– ६६	१६ चित्रभानु		
३६६८	४८९	६२४		५६६– ६७	१७ सुभानु		
३६६९	४९०	६२५		५६७– ६८	१८ तारण		६ भाद्रपद
३६७०	४९१	६२६		*५६८– ६९	१९ पार्थिव		

(स्वेलको ३७४ पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर दाक्षिणात्य पद्धति	बार्हस्पत्य संवत्सर उदीच्य पद्धति	मध्यम मानले अधिकमास परेका चान्द्र मास
१	२	३	३क	५	६	७	८क
३६७१	४९२	६२७		५६९– ७०	२० व्यय		
३६७२	४९३	६२८		५७०– ७१	२१ सर्वजित्		३ ज्येष्ठ
३६७३	४९४	६२९		५७१– ७२	२२ सर्वधारी		
३६७४	४९५	६३०		*५७२– ७३	२३ विरोधी		११ माघ
३६७५	४९६	६३१		५७३– ७४	२४ विकृत		
३६७६	४९७	६३२		५७४– ७५	२५ खर		
३६७७	४९८	६३३		५७५– ७६	२६ नन्दन		८ कार्तिक
३६७८	४९९	६३४		*५७६– ७७	२७ विजय		
३६७९	५००	६३५		५७७– ७८	२८ जय		
३६८०	५०१	६३६		५७८– ७९	२९ मन्मथ		४ आषाढ
३६८१	५०२	६३७		५७९– ८०	३० दुर्मुख		
३६८२	५०३	६३८		*५८०– ८१	३१ हेमलम्ब		
३६८३	५०४	६३९		५८१– ८२	३२ विलम्ब		१ चैत्र
३६८४	५०५	६४०		५८२– ८३	३३ विकारी		
३६८५	५०६	६४१		५८३– ८४	३४ शर्वरी		९ मार्गशीर्ष
३६८६	५०७	६४२		*५८४– ८५	३५ प्लव		
३६८७	५०८	६४३		५८५– ८६	३६ शुभकृत्		
३६८८	५०९	६४४		५८६– ८७	३७ शोभन		६ भाद्रपद
३६८९	५१०	६४५		५८७– ८८	३८ क्रोधी		
३६९०	५११	६४६		*५८८– ८९	३९ विश्वावसु		
३६९१	५१२	६४७		५८९– ९०	४० पराभव		२ वैशाख
३६९२	५१३	६४८		५९०– ९१	४१ प्लवङ्ग		
३६९३	५१४	६४९		५९१– ९२	४२ कीलक		११ माघ
३६९४	५१५	६५०		*५९२– ९३	४३ सौम्य		
३६९५	५१६	६५१		५९३– ९४	४४ साधारण		

(स्वेलको ३७६ पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर दाक्षिणात्य पद्धति	बार्हस्पत्य संवत्सर उदीच्य पद्धति	मध्यम मानले अधिकमास परेका चान्द्र मास
१	२	३	३क	५	६	७	८क
३६९६	५१७	६५२	१	५९४- ९५	४५ विरोधकृत्		७ आश्विन
३६९७	५१८	६५३	२	५९५- ९६	४६ परिधावी		
३६९८	५१९	६५४	३	*५९६- ९७	४७ प्रमादी		
३६९९	५२०	६५५	४	५९७- ९८	४८ आनन्द		४ आषाढ
३७००	५२१	६५६	५	५९८- ९९	४९ राक्षस		
३७०१	५२२	६५७	६	५९९-६००	५० अनल		१२ फाल्गुन
३७०२	५२३	६५८	७	*६००- १	५१ पिङ्गल		
३७०३	५२४	६५९	८	६०१- २	५२ कालयुक्त		
३७०४	५२५	६६०	९	६०२- ३	५३ सिद्धार्थ		९ मार्गशीर्ष
३७०५	५२६	६६१	१०	६०३- ४	५४ रौद्र		
३७०६	५२७	६६२	११	*६०४- ५	५५ दुर्मति		
३७०७	५२८	६६३	१२	६०५- ६	५६ दुन्दुभि		६ भाद्रपद
३७०८	५२९	६६४	१३	६०६- ७	५७ रुधिरोद्‌गारी		
३७०९	५३०	६६५	१४	६०७- ८	५८ रक्ताक्ष		२ वैशाख
३७१०	५३१	६६६	१५	*६०८- ९	५९ क्रोधन		
३७११	५३२	६६७	१६	६०९- १०	६० क्षय		
३७१२	५३३	६६८	१७	६१०- ११	१ प्रभव		११ माघ
३७१३	५३४	६६९	१८	६११- १२	२ विभव		
३७१४	५३५	६७०	१९	*६१२- १३	३ शुक्ल		७ आश्विन
३७१५	५३६	६७१	२०	६१३- १४	४ प्रमोद		
३७१६	५३७	६७२	२१	६१४- १५	५ प्रजापति		
३७१७	५३८	६७३	२२	६१५- १६	६ अङ्गिरा		४ आषाढ
३७१८	५३९	६७४	२३	*६१६- १७	७ श्रीमुख		
३७१९	५४०	६७५	२४	६१७- १८	८ भाव		१२ फाल्गुन
३७२०	५४१	६७६	२५	६१८- १९	९ युवा		

(स्वेलको ३७८ पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर		मध्यम मानले अधिकमास परेका चान्द्र मास
					दाक्षिणात्य पद्धति	उदीच्य पद्धति	
१	२	३	३क	५	६	७	८क
३७२१	५४२	६७७	२६	६१९– २०	१०	धाता	
३७२२	५४३	६७८	२७	*६२०– २१	११	ईश्वर	
३७२३	५४४	६७९	२८	६२१– २२	१२	बहुधान्य	९ मार्गशीर्ष
३७२४	५४५	६८०	२९	६२२– २३	१३	प्रमाथी	
३७२५	५४६	६८१	३०	६२३– २४	१४	विक्रम	
३७२६	५४७	६८२	३१	*६२४– २५	१५	वृष	५ श्रावण
३७२७	५४८	६८३	३२	६२५– २६	१६	चित्रभानु	
३७२८	५४९	६८४	३३	६२६– २७	१७	सुभानु	
३७२९	५५०	६८५	३४	६२७– २८	१८	तारण	२ वैशाख
३७३०	५५१	६८६	३५	*६२८– २९	१९	पार्थिव	
३७३१	५५२	६८७	३६	६२९– ३०	२०	व्यय	१० पौष
३७३२	५५३	६८८	३७	६३०– ३१	२१	सर्वजित्	
३७३३	५५४	६८९	३८	६३१– ३२	२२	सर्वधारी	
३७३४	५५५	६९०	३९	*६३२– ३३	२३	विरोधी	७ आश्विन
३७३५	५५६	६९१	४०	६३३– ३४	२४	विकृत	
३७३६	५५७	६९२	४१	६३४– ३५	२५	खर	
३७३७	५५८	६९३	४२	६३५– ३६	२६	नन्दन	३ ज्येष्ठ
३७३८	५५९	६९४	४३	*६३६– ३७	२७	विजय	
३७३९	५६०	६९५	४४	६३७– ३८	२८	जय	१२ फाल्गुन
३७४०	५६१	६९६	४५	६३८– ३९	२९	मन्मथ	
३७४१	५६२	६९७	४६	६३९– ४०	३०	दुर्मुख	
३७४२	५६३	६९८	४७	*६४०– ४१	३१	हेमलम्ब	९ मार्गशीर्ष
३७४३	५६४	६९९	४८	६४१– ४२	३२	विलम्ब	
३७४४	५६५	७००	४९	६४२– ४३	३३	विकारी	
३७४५	५६६	७०१	५०	६४३– ४४	३४	शर्वरी	५ श्रावण

(स्वेलको ३८० पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर		मध्यम मानले अधिकमास परेका चान्द्र मास
					दाक्षिणात्य पद्धति	उदीच्य पद्धति	
१	२	३	३क	५	६	७	८क
३७४६	५६७	७०२	५१	*६४४- ४५	३५ प्लव		
३७४७	५६८	७०३	५२	६४५- ४६	३६ शुभकृत्		
३७४८	५६९	७०४	५३	६४६ - ४७	३७ शोभन		२ वैशाख
३७४९	५७०	७०५	५४	६४७- ४८	३८ क्रोधी		
३७५०	५७१	७०६	५५	*६४८- ४९	३९ विश्वावसु		१० पौष
३७५१	५७२	७०७	५६	६४९- ५०	४० पराभव		
३७५२	५७३	७०८	५७	६५०- ५१	४२ कीलक		
३७५३	५७४	७०९	५८	६५१- ५२	४३ सौम्य		७ आश्विन
३७५४	५७५	७१०	५९	*६५२- ५३	४४ साधारण		
३७५५	५७६	७११	६०	६५३- ५४	४५ विरोधकृत्		
३७५६	५७७	७१२	६१	६५४- ५५	४६ परिधावी		३ ज्येष्ठ
३७५७	५७८	७१३	६२	६५५- ५६	४७ प्रमादी		
३७५८	५७९	७१४	६३	*६५६- ५७	४८ आनन्द		१२ फाल्गुन
३७५९	५८०	७१५	६४	६५७- ५८	४९ राक्षस		
३७६०	५८१	७१६	६५	६५८- ५९	५० अनल		
३७६१	५८२	७१७	६६	६५९- ६०	५१ पिङ्गल		८ कार्तिक
३७६२	५८३	७१८	६७	*६६०- ६१	५२ कालयुक्त		
३७६३	५८४	७१९	६८	६६१- ६२	५३ सिद्धार्थ		
३७६४	५८५	७२०	६९	६६२- ६३	५४ रौद्र		५ श्रावण
३७६५	५८६	७२१	७०	६६३- ६४	५५ दुर्मति		
३७६६	५८७	७२२	७१	*६६४- ६५	५६ दुन्दुभि		
३७६७	५८८	७२३	७२	६६५- ६६	५७ रुधिरोद्गारी		१ चैत्र
३७६८	५८९	७२४	७३	६६६- ६७	५८ रक्ताक्ष		
३७६९	५९०	७२५	७४	६६७- ६८	५९ क्रोधन		१० पौष
३७७०	५९१	७२६	७५	*६६८- ६९	६० क्षय		

(स्वेलको ३८२ पृष्ठ)

वर्तमान वर्ष

कलि संवत्	शक संवत्	चैत्रादि विक्रम संवत्	बंगालमा चलेको मेषादि सौर संवत्	ईसवी संवत्	बार्हस्पत्य संवत्सर दाक्षिणात्य पद्धति	बार्हस्पत्य संवत्सर उदीच्य पद्धति	मध्यम मानले अधिकमास परेका चान्द्र मास
१	२	३	३क	५	६	७	८क
३७७१	५९२	७२७	७६	६६९– ७०	१ प्रभव		
३७७२	५९३	७२८	७७	६७०– ७१	२ विभव		६ भाद्रपद
३७७३	५९४	७२९	७८	६७१– ७२	३ शुक्ल		
३७७४	५९५	७३०	७९	*६७२– ७३	४ प्रमोद		
३७७५	५९६	७३१	८०	६७३– ७४	५ प्रजापति		३ ज्येष्ठ
३७७६	५९७	७३२	८१	६७४– ७५	६ अङ्गिरा		
३७७७	५९८	७३३	८२	६७५– ७६	७ श्रीमुख		११ माघ
३७७८	५९९	७३४	८३	*६७६– ७७	८ भाव		
३७७९	६००	७३५	८४	६७७– ७८	९ युवा		
३७८०	६०१	७३६	८५	६७८– ७९	१० धाता		८ कार्तिक
३७८१	६०२	७३७	८६	६७९– ८०	११ ईश्वर		
३७८२	६०३	७३८	८७	*६८०– ८१	१२ बहुधान्य		
३७८३	६०४	७३९	८८	६८१– ८२	१३ प्रमाथी		५ श्रावण
३७८४	६०५	७४०	८९	६८२– ८३	१४ विक्रम		
३७८५	६०६	७४१	९०	६८३– ८४	१५ वृष		
३७८६	६०७	७४२	९१	*६८४– ८५	१६ चित्रभानु		१ चैत्र
३७८७	६०८	७४३	९२	६८५– ८६	१७ सुभानु		
३७८८	६०९	७४४	९३	६८६– ८७	१८ तारण		१० पौष
३७८९	६१०	७४५	९४	६८७– ८८	१९ पार्थिव		
३७९०	६११	७४६	९५	*६८८– ८९	२० व्यय		
३७९१	६१२	७४७	९६	६८९– ९०	२१ सर्वजित्		६ भाद्रपद
३७९२	६१३	७४८	९७	६९०– ९१	२२ सर्वधारी		
३७९३	६१४	७४९	९८	६९१– ९२	२३ विरोधी		
३७९४	६१५	७५०	९९	*६९२– ९३	२४ विकृत		३ ज्येष्ठ
३७९५	६१६	७५१	१००	६९३– ९४	२५ खर		

यो सारणीमा कलिसंवत् ३६०१ शकसंवत् ४२२ विक्रमसंवत् ५५७ तथा ईसवीसंवत् ४९९-५०० भनी स्वेलले दिएका छन् ।

कलिसंवत्— विक्रमसंवत् = ३६०१—५५७ = ३०४४
विक्रमसंवत्— शकसंवत् = ५५७—४२२ = १३५
विक्रमसंवत्— ईसवीसंवत् = ५५७—४९९-५०० = ५८-५७
पर्न आयो ।

विक्रमसंवत् २०३६ को नरनाथ शर्माको नेपाली पञ्चाङ्गमा—

"रसानलनभोलोचन २०३६ मितविक्रमशरदः कलेर्गताब्दाः ५०८० शालीवाहनीयशाके १९०१ ईशवीयसन् १९७९-८०"

भनी लेखिएको छ ।

यताबाट
कलिसंवत्—विक्रमसंवत् = ५०८०—२०३६ = ३०४४
विक्रमसंवत्— ईसवीसंवत् = २०३६—१९७९-८० = ५७-५६
विक्रमसंवत्—शकसंवत् = २०३६—१९०१ = १३५ हुन्छ ।

यताबाट ईसवीसंवत् र विक्रमसंवत्को अन्तर ५७ वा ५६ हुने देखिन्छ । तर स्वेलले ५८ वा ५७ दिएका छन् ।

यसै गरी स्वेलको लेखअनुसार—
कलिगतसंवत्—ईसवीसंवत् = ३६०१—४९९-५०० = ३१०२—३१०१
ईसवीसंवत् — शकसंवत् = ४९९-५००—४२२ = ७७-७८
हुने देखियो ।

नेपाली पञ्चाङ्गअनुसार
कलिसंवत्— ईसवीसंवत् = ५०८०—१९७९-८० = ३१०१-३१००
ईसवीसंवत्—शकसंवत् = १९७९-८०—१९०१ = ७८-७९
हुने देखिन्छ ।

यस कारण नेपालको पञ्चाङ्गमा चलेको भन्दा १ बढ्ता संख्या भएका कलिसंवत्, विक्रमसंवत्, शकसंवत् यहाँ स्वेलले लेखेको देखिन्छ । यहाँ स्वेलले यी संवत्लाई वर्तमान संवत् भनी लेखेका छन् ।

स्वेलले आपनो ग्रन्थको २४८ पृष्ठमा कलिसंवत् ४००७, शकसंवत् ८२८, तथा ईसवीसंवत् ९०६-७ भनी दिएका छन् ।

यहाँ,

कलिसंवत्—ईसवीसंवत् = ४००७—९०६-७ = ३१०१-३१००

ईसवीसंवत्—शकसंवत् = ९०६-७—८२८ = ७८-७९ हुन आउँछ ।

यहाँ स्वेलले कलिसंवत् तथा शकसंवत्‌लाई गत संवत् भनी लेखेका छन् । यस कारण स्वेलले जहाँ गत संवत् भनी लेखेका छन् त्यहाँका कलिगतसंवत्, विक्रम-संवत् शकसंवत् हाम्रा पञ्चाङ्गसँग मिल्दछन् तथा स्वेलले जहाँ वर्तमानसंवत् भनी लेखेका छन् त्यहाँका कलिगतसंवत्, विक्रमसंवत् तथा शकसंवत्‌मा १ घटाउनु-पर्दछ भन्ने देखिन आउँछ । हाम्रा पञ्चाङ्गमा दिइएका संवत् स्वेलका विचारअनुसार गत संवत् हुन् । यस कारण पौषमा अधिकमास परेको वर्ष स्वेलको सारणीमा वि. सं. ६८७ भनी लेखिएको छ तर हाम्रो पञ्चाङ्गअनुसार सो वर्ष वि. सं ६८६ हुन्छ । यस्तै अन्त पनि बुझ्नुपर्दछ ।

वर्तमान विक्रमसंवत् ६५२ मा स्वेलले बङ्गालमा चलेको मेषादि सौरसंवत् १ दिएका छन् । त्यसभन्दा पछि उनले बङ्गालमा चलेको सो संवत्‌को संख्या दिँदै गएका छन् । त्यसभन्दा अगाडि स्वेलले सो संवत्‌को संख्या दिएका छैनन् ।

यसै गरी वर्तमान विक्रमसंवत् ९६३ देखि मात्र स्वेलले दाक्षिणात्य र उदीच्य पद्धतिका भिन्नाभिन्नै संवत्सर दिएका छन् ।

श्रीकेरोलक्ष्मण छत्रेले गनेको अधिमास र क्षयमास*

शकसवत् र अधिमास परेका महीना							शक सं. अधिमास	शक सं. क्षयमास
१ श्रावण	४ ज्यष्ठ	७ चैत्र	९ श्रावण	१२ आषाढ	१५ वैशाख	१७ भाद्र		
२० ”	२३ ”	२६ ”	२८ ”	३१ ”	३४ ”	३६ ”		
३९ ”	४२ ”	४५ ”	४७ ”	५० ”	५३ ”	५५ ”	४४ आश्विन	४४ कार्तिक
५८ ”	६१ ”	६४ ”	६६ ”	६९ ज्येष्ठ	७२ ”	७४ ”	६३ आश्विन	६३ मार्ग
७७ आषाढ	८० ”	८२ आश्विन	८५ ”	८८ ”	९१ ”	९३ ”		
९६ ”	९९ ”	१०१ ”	१०४ ”	१०७ ”	११० ”	११२ ”		
११५ ”	११८ ”	१२० ”	१२३ ”	१२६ ”	१२९ चैत्र	१३१ श्रावण		
१३४ ”	१३७ ”	१३९ ”	१४२ ”	१४५ ”	१४८ ”	१५० ”		
१५३ ”	१५६ वैशाख	१५८ भाद्र	१६१ ”	१६४ ”	१६७ ”	१६९ ”		
१७२ ”	१७५ ”	१७७ ”	१८० ”	१८३ ”	१८६ ”	१८८ ”	१८५ कार्तिक	१८५ कार्तिक
१९१ ”	१९४ ”	१९६ ”	१९९ ”	२०२ ”	२०५ ”	२०७ ”	२०४ आश्विन	२०४ मार्ग
२१० ज्येष्ठ	२१३ ”	२१५ ”	२१८ आषाढ	२२१ ”	२२३ आश्विन	२२६ ”		
२२९ ”	२३२ ”	२३४ ”	२३७ ”	२४० ”	२४२ ”	२४५ ”		
२४८ ”	२५१ ”	२५३ ”	२५६ ”	२५९ ”	२६१ ”	२६४ ”		
२६७ ”	२७० चैत्र	२७२ श्रावण	२७५ ”	२७८ ”	२८० ”	२८३ आषाढ		
२८६ ”	२८८ फाल्गुन	२९१ ”	२९४ ”	२९७ वैशाख	२९९ भाद्र	३०२ ”		
३०५ ”	३०७ ”	३१० ”	३१३ ”	३१६ ”	३१८ ”	३२१ ”		
३२४ ”	३२७ चैत्र	३२९ ”	३३२ ”	३३५ ”	३३७ ”	३४० ”	३२६ कार्तिक	३२६ कार्तिक
३४३ ”	३४६ ”	३४८ ”	३५१ ज्येष्ठ	३५४ ”	३५६ ”	३५९ ”	३४५ आश्विन	३४५ मार्ग
३६२ ”	३६४ भाद्र	३६७ ”	३७० ”	३७३ ”	३७५ ”	३७८ ”		

* वेङ्कटेश केतकरले बनाएको 'सौरार्यब्राह्मपक्षीय–तिथिगणित'का अन्त्यका ५ पृष्ठमा यो सारणी छापिएको छ ।

३८१ ज्येष्ठ	३८३ भाद्र	३८६ श्रावण	३८९ ज्येष्ठ	३९२ वैशाख	३९४ भाद्र	३९७ आषाढ	३९१ कार्तिक	३९१ कार्तिक
४०० ,,	४०२ आश्विन	४०५ ,,	४०८ ,,	४११ चैत्र	४१३ ,,	४१६ ,,	४१० ,,	४१० मार्ग
४१९ ,,	४२१ ,,	४२४ आषाढ	४२७ ,,	४२९ फाल्गुन	४३२ श्रावण	४३५ ,,	४२९ ,,	४२९ पौष
४३८ वैशाख	४४० भाद्र	४४३ ,,	४४६ ,,	४४८ ,,	४५१ ,,	४५४ ,,	४४८ ,,	४४८ मार्ग
४५७ ,,	४५९ ,,	४६२ ,,	४६५ ,,	४६७ ,,	४७० ,,	४७३ ,,	४६७ ,,	४६७ ,,
४७६ ,,	४७८ ,,	४८१ ,,	४८४ ,,	४८६ आश्विन	४८९ ,,	४९२ ज्येष्ठ	४८६ फाल्गुन	४८६ पौष
४९५ ,,	४९७ ,,	५०० ,,	५०३ वैशाख	५०५ भाद्र	५०८ ,,	५११ ,,		
५१४ ,,	५१६ ,,	५१९ ,,	५२२ ,,	५२४ ,,	५२७ ,,	५३० ,,		
५३३ ,,	५३५ ,,	५३८ ,,	५४१ ,,	५४३ ,,	५४६ ,,	५४९ ,,	५३२ कार्तिक	५३२ कार्तिक
५५२ चैत्र	५५४ ,,	५५७ ,,	५६० ,,	५६२ ,,	५६५ आषाढ	५६८ ,,	५५१ ,,	५५१ पौष
५७० कार्तिक	५७३ श्रावण	५७६ ,,	५७९ ,,	५८१ ,,	५८४ ,,	५८७ ,,		
५८९ ,,	५९२ श्रावण	५९५ ,,	५९८ चैत्र	६०० ,,	६०३ ,,	६०६ ,,		
६०८ आश्विन	६११ श्रावण	६१४ आषाढ	६१७ ,,	६१९ ,,	६२२ ,,	६२५ ,,		
६२७ ,,	६३० ,,	६३३ ज्येष्ठ	६३६ ,,	६३८ श्रावण	६४१ ,,	६४४ वैशाख		
६४६ भाद्र	६४९ ,,	६५२ ,,	६५५ ,,	६५७ ,,	६६० ,,	६६३ ,,		
६६५ ,,	६६८ ,,	६७१ ,,	६७४ ,,	६७६ ,,	६७९ ,,	६८२ ,,	६७३ कार्तिक	६७३ कार्तिक
६८४ ,,	६८७ ,,	६९० ,,	६९३ ,,	६९५ ,,	६९८ ,,	७०१ ,,	६९२ आश्विन	६९२ मार्ग
७०३ ,,	७०६ आषाढ	७०९ ,,	७११ आश्विन	७१४ ,,	७१७ ,,	७२० ,,		
७२२ ,,	७२५ ,,	७२८ ,,	७३० ,,	७३३ ,,	७३६ ,,	७३९ ,,		
७४१ ,,	७४४ ,,	७४७ ,,	७४९ ,,	७५२ ,,	७५५ ,,	७५८ चैत्र		
७६० श्रावण	७६३ ,,	७६६ ,,	७६८ ,,	७७१ ,,	७७४ ,,	७७७ ,,		
७७९ ,,	७८२ ,,	७८५ वैशाख	७८७ भाद्र	७९० ,,	७९३ ज्येष्ठ	७९६ ,,		
७९८ ,,	८०१ ,,	८०४ ,,	८०६ ,,	८०९ ,,	८१२ ,,	८१५ ,,	~~८१४ कार्तिक~~	८१४ कार्तिक
८१७ ,,	८२० ,,	८२३ ,,	८२५ ,,	८२८ ,,	८३१ ,,	८३४ ,,	~~८३३ आश्विन~~	८३३ मार्ग
८३६ ,,	८३९ ,,	८४२ ,,	८४४ ,,	८४७ आषाढ	८५० ,,	८५२ आश्विन		
८५५ ,,	८५८ ,,	८६१ ,,	८६३ ,,	८६६ ,,	८६९ ,,	८७१ ,,		

८७४ "	८७७ ज्येष्ठ	८८० "	८८२ "	८८५ "	८८८ "	८९० "		
८९३ "	८९६ "	८९९ चैत्र	९०१ "	९०४ "	९०७ "	९०९ "		
९१२ "	९१५ "	९१८ "	९२०श्रावण	९२३ "	९२६वैशाख	९२८ भाद्र		
९३१ "	९३४ "	९३७ "	९३९ "	९४२ "	९४५ "	९४७ "		
९५० "	९५३ "	९५६ "	९५८ "	९६१ "	९६४ "	९६६ "		
९६९ "	९७२ "	९७५ "	९७७ "	९८० ज्येष्ठ	९८३ "	९८५ "	९७४ आश्विन	९७४ मार्ग
९८८ आषा.	९९१ "	९९३आश्वि.	९९६ "	९९९ "	१००२ "	१००४ "		
१००७ "	१०१० "	१०१२ "	१०१५ "	१०१८ "	१०२१ "	१०२३ "		
१०२६ "	१०२९ "	१०३१ "	१०३४ "	१०३७ "	१०४० चैत्र	१०४२ "		
१०४५ "	१०४८ "	१०५० "	१०५३आषाढ	१०५६ "	१०५९ "	१०६१श्रावण		
१०६४ "	१०६७ वैशा.	१०६९ भाद्र	१०७२ "	१०७५ "	१०७८ "	१०८० "		
१०८३ "	१०८६ "	१०८८ "	१०९१श्रावण	१०९४ "	१०९७ "	१०९९ "		
११०२ "	११०५ "	११०७ "	१११० "	१११३ "	१११६ "	१११८ "	१११५ आश्विन	१११५ मार्ग
११२१ ज्येष्ठ	११२४ "	११२६ "	११२९आषाढ	११३२ "	११३४आश्वि.	११३७ "		
११४० "	११४३ "	११४५ "	११४८ "	११५१ "	११५३ "	११५६ "		
११५९ "	११६२ "	११६४ "	११६७ "	११७० "	११७२ "	११७५ "		
११७८ "	११८१ चैत्र	११८३ "	११८६ "	११८९ "	११९१ "	११९४आषाढ	११८० मार्ग	११८० मार्ग
११९७ "	११९९ फाल्गु.	१२०२श्रावण	१२०५ "	१२०८वैशाख	१२१० भाद्र	१२१३ "	११९९ "	११९९ पौष
१२१६ "	१२१८ "	१२२१ "	१२२४ "	१२२७ "	१२२९ "	१२३२ "	१२१८ "	१२१८ मार्ग
१२३५ "	१२३७ "	१२४० "	१२४३ "	१२४६ "	१२४८ "	१२५१ "	१२३७ "	१२३७ "
१२५४ "	१२५६आश्वि.	१२५९ "	१२६२ "	१२६५ "	१२६७ "	१२७० "	१२५६ फाल्गुन	१२५६ "
१२७३ वैशा.	१२७५ भाद्र	१२७८ "	१२८१ ज्येष्ठ	१२८४ "	१२८६ "	१२८९ "		
१२९२ "	१२९४ "	१२९७ "	१३०० "	१३०३ "	१३०५ "	१३०८ "	१३०२ कार्तिक	१३०२ कार्तिक
१३११ ज्येष्ठ	१३१३ "	१३१६ "	१३१९ "	१३२२ चैत्र	१३२४ "	१३२७ "	१३२१	१३२१ मार्ग
१३३० वैशा.	१३३२ "	१३३५आषाढ	१३३८ "	१३४०कार्ति.	१३४३श्रावण	१३४६ "		
१३४९ "	१३५१ "	१३५४ "	१३५७ "	१३५९ "	१३६२ "	१३६५ "		

१३६८ वैशा.	१३७० भाद्र	१३७३ आषा.	१३७६ ज्येष्ठ	१३७८ कार्ति.	१३८१ श्राव.	१३८४ आषा.		
१३८७ चैत्र	१३८९ "	१३९२ "	१३९५ "	१३९७आश्वि.	१४०० "	१४०३ "		
१४०६ "	१४०८ श्राव.	१४११ "	१४१४ वैशा.	१४१६ भाद्र	१४१९ "	१४२२ ज्येष्ठ		
१४२५ "	१४२७ "	१४३० "	१४३३ "	१४३५ "	१४३८ "	१४४१ "		
१४४४ वैशा.	१४४६ भाद्र	१४४९ "	१४५२ "	१४५४ "	१४५७ "	१४६० "		
१४६३ चैत्र	१४६५ श्राव.	१४६८ "	१४७१ "	१४७३ "	१४७६ आषा.	१४७९ "	१४४३ कार्तिक	१४४३ कार्तिक
१४८१आश्वि.	१४८४ "	१४८७ "	१४९० "	१४९२ "	१४९५ "	१४९८ "	१४६२ आश्विन	१४६२ पौष
१५०० "	१५०३ "	१५०६ "	१५०९ "	१५११ "	१५१४ "	१५१७ "		
१५१९ "	१५२२ "	१५२५ "	१५२८ चैत्र	१५३० "	१५३३ "	१५३६ "		
१५३८ "	१५४१ "	१५४४ "	१५४७ "	१५४९ श्राव.	१५५२ "	१५५५ वैशा.		
१५५७ भाद्र	१५६० "	१५६३ ज्येष्ठ	१५६६ "	१५६८ "	१५७१ "	१५७४ "		
१५७६ "	१५७९ "	१५८२ "	१५८५ "	१५८७ "	१५९० "	१४९३ "		
१५९५ "	१५९८ "	१६०१ "	१६०४ "	१६०६ "	१६०९ "	१६१२ "	१६०३ आश्विन	१६०३ मार्ग
१६१४ "	१६१७ आषा.	१६२० "	१६२२आश्वि.	१६२५ "	१६२८ ज्येष्ठ	१६३१ "		
१६३३ "	१६३६ "	१६३९ "	१६४१ "	१६४४ "	१६४७ आषा.	१६५० "		
१६५२ "	१६५५ "	१६५८ "	१६६० "	१६६३ "	१६६६ "	१६६९ चैत्र		
२६७१ "	१६७४ "	१६७७ "	१६७९ "	१६८२ "	१६८५ ज्येष्ठ	१६८८ "		
१६९० श्राव.	१६९३ "	१६९६ वैशा.	१६९८ भाद्र	१७०१ "	१७०४ "	१७०७ "		
१७०९ "	१७१२ "	१७१५ "	१७१७ "	१७२० "	१७२३ "	१७२६ "		
१७२८ "	१७३१ "	१७३४ "	१७३६ "	१७३९ "	१७४२ "	१७४५ "	१७४४ आश्विन	१७४४ मार्ग
१७४७ "	१७५० "	१७५३ "	१७५५ "	१७५८ आषा.	१७६१ "	१७६३आश्वि.		
१७६६ "	१७६९ ज्येष्ठ	१७७२ "	१७७४ "	१७७७ "	१७८० "	१७८२ "		
१७८५ "	१७८८ "	१७९१ "	१७९३ "	१७९६ "	१७९९ "	१८०१ "		
१८०४ "	१८०७ "	१८१० चैत्र	१८१२ "	१८१५ "	१८१८ "	१८२० "		
१८२३ "	१८२६ "	१८२९ "	१८३१ श्राव.	१८३४ "	१८३७ वैशा.	१८३९ भाद्र		
१८४२ "	१८४५ "	१८४८ "	१८५० "	१८५३ "	१८५६ "	१८५८ "		

१८६१ श्राव.	१८६४ ज्येष्ठ	१८६७ चैत्र	१८६९ श्राव.	१८७२ आषा.	१८७५ वैशा.	१८७७ भाद्र	१८८५ आश्विन	१८८५ मार्ग
१८८० "	१८८३ "	१८८६ "	१८८८ "	१८९१ "	१८९४ "	१८९६ "	१९०४ फाल्गुन	१९०४ पौष
१८९९ आषा.	१९०२ "	१९०४आश्वि.	१९०७ "	१९१० ज्येष्ठ	१९१३ "	१९१५ "		
१९१८ "	१९२१ "	१९२३ "	१९२६ "	१९२९ "	१९३२ "	१९३४ "		
१९३७ "	१९४० "	१९४२ "	१९४५ "	१९४८ "	१९५१ चैत्र	१९५३ "	१९५० कार्तिक	१९५० मार्ग
१९५६ "	१९५९ "	१९६१ "	१९६४ आषा.	१९६७ "	१९६९ फाल्गु.	१९७२ श्राव.	१९६९ मार्ग	१९६९ मार्ग
१९७५ "	१९७८ वैशा.	१९८० भाद्र	१९८३ "	१९८६ "	१९८८ "	१९९१ "		
१९९४ "	१९९७ "	१९९९ "	२००२ "	२००५ "	२००७ "	२०१० "	२००७ कार्तिक	२००७ कार्तिक
२०१३ "	२०१६ "	२०१८ "	२०२१ "	२०२४ "	२०२६ आश्वि.	२०२९ "	२०२६ फाल्गुन	२०२६ मार्ग
२०३२ "	२०३५ "	२०३७ "	२०४० "	२०४३ वैशा.	२०४५ भाद्र	२०४८ "	२०४५ फाल्गुन	२०४५ पौष
२०५१ज्येष्ठ	२०५४ "	२०५६ "	२०५९ "	२०६२ ज्येष्ठ	२०६४ "	२०६७ "		
२०७० "	२०७३ "	२०७५ "	२०७८ "	२०८१ वैशा.	२०८३ "	२०८६ "		
२०८९ "	२०९२ चैत्र	२०९४ "	२०९७ "	२१०० "	२१०२ "	२१०५ आषा.		

[घ]

वि. सं. ६५२ देखि उठेको संवत्लाई अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले मानेका थिए भन्ने कुरो लेभीले जो बोलेका छन्, त्यो कुरो गणित तथा इतिहास दुवैको दृष्टिबाट अशुद्ध देखिन्छ भनी माथि भनिसकिएको छ।[३७]

वि. सं. ६५२ देखि उठेको संवत्को चर्चा कतै नभएकोले लेभीले आफ्नो कुरा सिद्ध गर्न एउटा विचित्रको कल्पना गरेका छन्।

वि. सं. १०८२ मा प्रभव संवत् परेको थियो।[३८] सोही प्रभव संवत्देखि भोटेहरूले आफ्नो कालगणनाको प्रारम्भ गरेका छन्।[३९]

वि. सं. ६७९ देखि हिजरीसंवत् चलेको थियो।[४०] १०८२–६७९ = ४०३ हुन्छ। यस कारण भोटेहरूले आफ्नो कालचक्रानुसारी गणितको प्रारम्भ हुनुभन्दा ४०३ वर्षअगाडि हिजरीसंवत् चलेको हो भन्ने सम्झिराखेका छन्।

लेभी ४०३ होइन, ४३० हो भन्छन्। १०८२–४३० = ६५२ हुने हुनाले वि. सं. ६५२ देखि भोटमा नयाँ संवत् चलेको थियो भन्ने कुरो कालचक्रबाट पनि सिद्ध हुन्छ भन्ने विचित्रको कल्पना लेभीले गरेका छन्।[४१]

कालचक्रको मूल ग्रन्थ पाइन्छ। त्यसको टीका विमलप्रभा पनि पाइन्छ। सो हेरेपछि ४०३ हो कि ४३० हो भन्ने शङ्काको समाधान हुन्छ।

वह्नौ खेऽब्धौ विमिश्रं प्रभवमुखगतं म्लेच्छवर्षं प्रसिद्धम्।

(कालचक्र २७ श्लोक)

वह्नौ खेऽब्धौ विमिश्रमिति। इह ध्रुवकोऽनित्यस्तन्त्र-राजे षष्टिसंवत्सरान्ते। पुनर्ध्रुवकचरणादिति। इह तथागत-कालात् षड्वर्षशतैर्मञ्जुश्रीकालः करणे ध्रुवः। तस्मादष्टशत-वर्षैर्म्लेच्छकालः।

---

३७. यही ग्रन्थका २६५–२६८ तथा २७२–२७४ पृष्ठ।

३८. स्वेलको सारणीको ४१० पृष्ठ।

३९. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको १२५ पृष्ठ।

४०. कनिङ्घमको भारतीय संवत्को ६६ पृष्ठ।

४१. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादका १२५–१२६ पृष्ठ।

तस्माद् म्लेच्छकालाद् द्व्यशीत्यधिकशतेन हीनोऽजकल्कीकालः । येनाऽजेन लघुकरणं विशोधितम् । स एव कालः करणे ध्रुवकं भवति म्लेच्छवर्षादिति प्रभवमुखगतमिति प्रभवो मुखमादिर्येषां षष्टिसंवत्सराणां ते प्रभवमुखाः । तेषु प्रत्येकवर्तमानवर्षस्य पूर्ववर्षं प्रभवमुखगतमिति । तन्मिश्रं त्र्यधिकचतुःशतवर्षराशौ म्लेच्छवर्षं प्रसिद्धं भवति ।

(विमलप्रभा)

यहाँ मूल कालचक्रमा वह्नौ खेऽब्धौ भनी लेखिएको छ । त्यसको टीका विमलप्रभामा त्र्यधिकचतुःशतवर्षराशौ भनी लेखिएको छ । यस कारण ४०३ वर्ष भन्ने अर्थ स्पष्ट हुन्छ ।

४०३ होइन, ४३० हो भन्ने कल्पना गरी वि. सं. १०८२ बाट ४३० घटाई वि. सं. ६५२ ल्याई, भोटमा वि. सं. ६५२ देखि संवत् चलेको थियो भन्ने कुरो कालचक्रबाट सिद्ध हुन्छ र सोही भोटे संवत्लाई भोटका वशवर्ती भई अंशुवर्माले मानेका थिए भन्ने लेभीको कल्पना निराधार हो भन्ने कुरो यताबाट सिद्ध हुन्छ ।

[ङ]

वि. सं. ६५२ देखि उठको संवत्को कतै उल्लेख नभएको र सो कुरो लेभीकै कल्पित कुरो भएकोले, आफ्नो सो कल्पित कुरोलाई सिद्ध गर्न लेभीले कालचक्रको अर्थ बङ्ग्याएका छन् भन्ने कुरा भरखरै माथि भनियो । लेभीले आफ्नो सो कल्पित कुरो सिद्ध गर्न अर्को एउटा विचित्रको कल्पना गरेका छन् । सो कुराको उल्लेख अब गरिन्छ ।

भोटका शासक दलाई लामाले भारतका अंग्रेज शासक कर्नवालिसलाई पठाएको चिठी कर्कपेट्रिकले नेपाल राज्यको वर्णन नामक आफ्नो ग्रन्थका ३४८-३४९ पृष्ठमा छपाएका छन् । त्यहाँ वि. सं. १८४६ को साथमा १२०३ वर्षको र वि. सं. १८४९ को साथमा १२०६ वर्षको उल्लेख गरिएको छ ।

१८४६-१२०३ = ६४३

१८४९-१२०६ = ६४३ हुन्छ ।

यताबाट लेभीले वि. सं. ६४३ तिरदेखि भोटमा संवत् चलेको रहेछ भन्ने सिद्धान्त निकाले।[४२]

मुसलमानहरूको संवत् हिजरीको वर्ष चान्द्र छ । चान्द्रवर्षअनुसार एक वर्षमा ३५४ दिन हुन्छन् । सौरवर्षमा ३६५ दिन हुन्छन् । ऋतुपरिवर्तन सौरवर्षअनुसार हुन्छ। बालीनाली ऋतुअनुसार हुन्छन् । यस कारण प्रसिद्ध मुगल बादशाह अकबरले हिजरीसंवत्लाई सौर वर्ष बनाई त्यसको नाम फसली सन् राखे । बङ्गालमा चलेको फसली सन्मा ६५० जोडिदियो भने विक्रमसंवत् आउँछ ।[४३]

लेभीले वि. सं. ६५२ देखि भोटे संवत् चलेको थियो भन्ने जो कल्पना गरे त्यसको प्रमाणका लागि उनले यही फसली सन्लाई उपस्थित गराए । त्यसो गर्दा पनि लेभीले आफूले कल्पना गरेको संवत्को ट्वाक्क मिति मिलाउन सकेनन् र १३०० वर्षमा दुइ वर्षको अन्तर पर्नु मामूली कुरो हो भनी आफ्नो कमजोरी लुकाउन खोजे ।[४४]

[च]

मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. १६७ देखि उठेको संवत् हो तथा अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६५२ देखि उठेको भोटे संवत् हो भनी लेभीले जुन सिद्धान्त निकालेका छन्, सो सिद्धान्त दोषपूर्ण छ भनी हामीले [क] देखि [ङ] सम्ममा सप्रमाण सिद्ध गरिसकेका छौं ।

मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. १३५ देखि उठेको शकसंवत् हो तथा अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् हो भन्ने कुरा पनि हामीले माथि सिद्ध गरिसकेका छौ ।[४५]

---

४२. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको १२५ पृष्ठ ।
४३. भारतीय ज्योतिष (हिन्दी) तेस्रो संस्करणको ४९२ पृष्ठ ।
४४. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको १२५ पृष्ठ ।
४५. यही ग्रन्थका १ देखि १८० पृष्ठसम्म ।

अब लेभीले नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को निर्णय गर्दा देखाएको बुद्धिमानीको विषयमा लेख्दछौं ।

नेपालको राजसिंहासनमा वि. सं. ७०१ देखि ७०८ सम्म नरेन्द्रदेव बसेको कुरा लेभीले चीनको वृत्तान्तबाट थाहा पाए ।[४६]

अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६६३ देखि उठेको हर्षसंवत् हो भनी भगवानलालले मानेका छन् । यसो गर्दा सातधाराको अभिलेखको संवत् ४४ वा ४५ हो भन्ने कुरामा भगवानलाललाई शङ्का लागे तापनि ४० भन्दा बढ्ता हो भन्ने कुरामा उनी निस्सन्देह हुनाले, सो अभिलेखको संवत् हर्षसंवत् हो भनी मान्दा वि. सं. ७०३ सम्म अंशुवर्मा जीवित देखिएकाले र सो कुरो युवान च्वाङ्को वर्णनसँग नमिलेकोले नेपालका अंशुवर्मा-देखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् हर्षसंवत् मान्दा पर्न आउने आपत्तिदेखि भगवानलाल परिचित थिए, तथा उनी हर्षसंवत् हो भनी ठोकुवा गर्न अलि धरमरिएका पनि थिए ।[४७]

अब वि. सं. ७०१ देखि नेपालका राजा नरेन्द्रदेव देखिएकाले र ७०१—६६३=३८ हुने हुने हुनाले, हर्षसंवत् ३८ मै नेपालका राजा नरेन्द्रदेव भइसकेको मान्नुपर्ने स्थिति देखिन आयो । तर संवत् ३९ सम्मका स्पष्ट र संवत् ४४ वा ४५ का पनि अंशुवर्माका अभिलेख भगवानलालले प्रकाश गराइसकेकाले (भगवान-लाल ७, ८ संख्या) अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् हर्षसंवत् हो भनी मान्नु संभव हुँदैन भन्ने निर्णयमा लेभी पुगे ।[४८]

यस कारण अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को निर्णय गर्न लेभीले पाटन सुनधाराको अंशुवर्माको अभिलेखको पौषको अधिमासलाई आधार मानी सो संवत् वि. सं. ६५२ देखि उठेको संवत् हो भन्ने निर्णय गरे ।[४९]

यसो गर्दा पशुपतिको द्वितीय जयदेवको शिलालेख (भगवानलाल १५ संख्या)

---

४६. ले नेपालको पहिलो भागको अंग्रेजी अनुवाद, प्राचीन नेपाल २७ अङ्कको ६८ पृष्ठ ।

४७. यही ग्रन्थका २२२ २२३ पृष्ठ ।

४८. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको १२४ पृष्ठ ।

४९. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादका १२४–१२६ पृष्ठ ।

को संवत् १५३ भएको र १५३+६५२=८०५ हुने हुनाले द्वितीय जयदेवको सो अभिलेखको समय वि. सं. ८०५ हुन आउने भयो । सो अभिलेखमा 'आसीद्वसन्तदेवः' (वसन्तदेव हुनुहुन्थ्यो) भन्ने लेखिएकोले वि. सं. ८०५ भन्दा अगाडि नै वसन्तदेव बितिसकेका देखिन आए । जैसीदेवलको वसन्तदेवको अभिलेखमा संवत् ४३५ लेखिएको छ (भगवानलाल ३ संख्या) । सो संवत् ४३५ लाई फ्लीटले गुप्तसंवत् हो भनी मानेका छन् । त्यसो गर्दा वसन्तदेव वि. सं. ८११ सम्म राज्य गरिरहेका देखिन आउँछन् ।[५०]

एकातिरबाट वि. सं. ८०५ मा वसन्तदेव बितिसकेका देखिएका र अर्कोतिरबाट वि. सं. ८११ सम्म राज्य गरिरहेका देखिन आएकाले मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गुप्तसंवत् हो भनी फ्लीटले निकालेको सिद्धान्त अप्रामाणिक हो भनी लेभीले निर्णय गरे ।[५१]

यसो गर्दा लेभीको अगाडि अर्को प्रश्न खडा भयो । भक्तपुर गोलमाढीटोलको शिवदेव अंशुवर्माको संयुक्त शासनकालको अभिलेखको संवत् ३१६ हो भनी बेन्डालले पढे। सोही संवत्को आधारमा सो संवत् गुप्तसंवत् हो भन्ने उनले निर्णय गरे । त्यसैको आधारमा शिवदेव अंशुवर्माहरूले व्यवहार गरेको संवत् गुप्तसंवत् हो भनी फ्लीटले आफ्नो सिद्धान्तको स्थापना गरे ।[५२]


अंशुवर्मा विक्रमको सातौं शताब्दीको उत्तरार्द्धका हुन् भन्ने कुरा युवान च्वाङ्गको वर्णनबाट निश्चित भएको छ । त्यसमा अदल-बदल गर्नु सम्भव भएन । विक्रमको सातौं शताब्दीको उत्तरार्द्धमा ३१६ पुग्ने संवत् गुप्तसंवत् नै भएकोले सो संवत् गुप्तसंवत् नभए के हो त भन्ने प्रश्न स्वतः उठ्ने भयो । यस अवस्थामा बेन्डालले सो संवत्को अङ्क ३१६ भनी जो पढे, फ्लीटले त्यस कुराको जो समर्थन गरे, सो कुरो भ्रमपूर्ण हो वास्तवमा सो अभिलेखको शतस्थानी अङ्क ३०० नभई ५०० हो भन्ने विचार लेभीले प्रकट गरे ।[५३]

लेभीको यो कुरो बुद्धिमत्तापूर्ण छ; किन भने

---

५०. यही ग्रन्थको २६१ पृष्ठ ।
५१. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको ९१-९३ पृष्ठ ।
५२. यही ग्रन्थका २४४-४६ पृष्ठ ।
५३. ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको १०१ पृष्ठ तथा तेस्रो भागको अंग्रेजी अनुवादका ४९-५१ पृष्ठ ।


(क) चपलीगाउँको अभिलेखबाट—



(डिल्लीरमण रेग्मीको नेपालका प्राचीन अभिलेखको ४६ चित्रफलकबाट)

सर्व्वदण्डनायकमहाप्रतिहार श्रीभौमगुप्तविज्ञापितेन ... ... संवत् ४८९ श्रावणशुक्लदिवाद्वादश्याम्

(ख) विष्णुपादुकाको फेदीको अभिलेखबाट—



(नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा रहेको प्रतिलिपिबाट)

... सर्व्वदण्डनायकमहाप्रतिहार श्रीभौमगुप्तविज्ञापितेन ... ...
... संवत् ५१२ ज्यैष्ठशुक्लदशम्याम्

यहाँ संवत् ४८९ मा सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त हर्ताकर्ताको रूपमा देखिन आएका छन् । उनै भौमगुप्त संवत् ३१२ मा पनि हर्ताकर्ताको रूपमा हुनु संभव नभएकोले सो संवत् ३१२ होइन, ५१२ हो भन्ने कुरो स्वतः सिद्ध हुन्छ ।

चपलीगाउँमा रहेको भौमगुप्तको पालाको ४८९ को अभिलेख पहिले वि. सं. १९६५ मा लेभीद्वारा ८ संख्याको रूपमा, त्यसपछि नोलीद्वारा वि. सं. २०१३ मा २१ संख्याको रूपमा प्रकाशित भएको हो । तर लेभी र नोलीको पाठ अपूर्ण छ । वि. सं. २०३० मा धनवज्र वज्राचार्यद्वारा ५१ संख्याको रूपमा सो अभिलेख धेरैजसो पूर्ण भई प्रकाशित भएको छ । विष्णुपादुकाको फेदीमा रहेको भौमगुप्तको पालाको संवत् ५१२ को अभिलेखलाई रामजी तेवारी, देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त यी ६ जनाले वि. सं. २०२४ मा पूर्णिमा १५ अङ्कमा प्रकाश गराएका हुन् ।

लेभीले यी अभिलेखमध्ये पहिलो अभिलेखको थोरै भाग मात्र पढ्न सकेका थिए र दोस्रोचाहिँ त देखेकै थिएनन् । तैपनि उनले आफ्नो इतिहाससम्बन्धी विद्वत्ताको भरमा शिवदेव र अंशुवर्माको संयुक्त शासनकालको अभिलेखको संवत् ३०० चानचुनको नभई ५०० चानचुनको हो भनी निर्णय गरे ।

लेभीको मत बलियो छ, तर कुरो टुङ्गो लगाउन अरू प्रमाण पनि चाहिन्छन् भन्ने भाव रमेशचन्द्र मजूमदारले देखाएका छन् ।[५४]

रमेशचन्द्र मजूमदारले खोजेको प्रमाणको रूपमा माथि उल्लिखित चपली-गाउँको र विष्णुपादुकाको फेदीको अभिलेख अहिले उपस्थित भएका छन् ।

५४. बि. सि. ल भोल्यूम (विमलचन्द्र लाहाको संज्ञनामा निस्केको पुस्तक) पहिलो भागको ६३० पृष्ठ ।

[परिशिष्ट]*

अंशुवर्मले व्यवहार गरेको संवत् वि. सं. ६५२ देखि उठेको भोटे संवत् हो‡

अंशुवर्मले हर्षसंवत् (हर्ष शीलादित्यको संवत्) सकारेका हुन् भन्ने कुरा मान्दा प्रचलित सिद्धान्तको विरोधमा जानुपर्दछ भन्ने कुरा सजिलैसँग अनुभव गर्न सकिन्छ । अंशुवर्मले हर्षसंवत् सकारेका हुन् भन्ने सिद्धान्त मान्दा पञ्चाङ्गविषयमा कस्ता कस्ता अप्ठ्यारा कुरा पर्न आउँछन् तथा इतिहासमा हुनै नसक्ने घटना पनि त्यहाँ पर्न आउँछन् भन्ने कुरा मैले आफ्नो "नेपालको कालनिर्णय" नामक निबन्धमा लेखेको छु । अंशुवर्मले चलाएको संवत् भारतबाट आएको हुन सक्तैन, किन भने नेपाल भारतको राजनीतिबाट अलग्गिएर रहेको थियो । यस कारण मैले पहिले भने जस्तै यो संवत्को प्रारम्भ अंशुवर्माको राज्याभिषेककालदेखि भएको हुनुपर्दछ अथवा यस संवत्को उत्पत्ति भोटमा भएको हुनुपर्छ र नेपालले आफ्ना नयाँ मालिकको वशवर्ती भई यस संवत्लाई सकारेको हुनुपर्दछ। अंशुवर्मले यो संवत् चलाएका हुन् भने यी राजाको संवत् ३० भन्दा अगाडिको एउटा पनि अभिलेख नपाइनु अचम्म लाग्दो कुरा हुन जान्छ । अर्कोतिर मैले पत्ता लाएको हाँडिगाउँको अंशुवर्माको संवत् ३० को अभिलेखमा राज्याभिषेकको कुरो परेको छ ।

यस संवत्को ३४ सौं वर्ष ज्योतिषशास्त्रको गणनाअनुसार वि. सं. ६८६ मा मात्र मिल्न सक्तछ भन्ने कुरा मैले धेरै ठाउँमा लेखिसकेको छु । यस कारण संवत् ३० वि. सं. ६८२ हुन्छ । सिंहासनाधिपति राजा शिवदेव र उनका महासामन्त अंशुवर्मले जारी गरेको अभिलेखमा लिच्छविहरूले अघिदेखि नै व्यवहार गरेको संवत् ५२० सम्म पाइन्छ । मेरो गणनाअनुसार त्यसको समय वि. सं. ६८७

---

* सिल्भाँ लेभीको ग्रन्थको सम्बद्ध भागको अनुवाद ।

‡ ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको १२४–१२६ पृष्ठ ।

हुन्छ।* यताबाट दोस्रो (अंशुवर्माले चलाएको) संवत् त्यस वेला चलनचलतीमा रहेको, तर सबैले स्वीकार नगरिसकेको अवस्थामा थियो भन्ने कुरा देखिन्छ। अंशुवर्माले भोटे संवत् सकारेका हुन् भने म खुशीराजी भोटको सामन्त भएँ भनी भोटेहरूलाई चाकडी देखाउन उनले यो काम गरेको हुनुपर्छ। लावोन-चन्-सो-लुङ-चन्को विजययात्रा मध्यभारत (पोलो-मन्) सम्म पुगेको थियो। उत्तरमा कस्तो शक्तिको उदय भएको रहेछ तथा स्रङ-चङ-गम्पोको पहिलो विजयले उनको नयाँ साम्राज्यले कस्तो शक्ति पाएको रहेछ भन्ने कुरो भारतमा बस्दा ती विजयीले अनुभव गरे।

अंशुवर्माले व्यवहार गरेको संवत् अर्थात् ठकुरीसंवत् भोटे संवत् हो भनी प्रत्यक्षरूपले सिद्ध गर्ने प्रमाण पाउन असंभव छ भन्ने कुरा म मान्दछु। तर यस कुरालाई सिद्ध गर्ने धेरै सूचनाहरू पाइन्छन्। म-तोन्-लिन् नामका विश्वकोष-विद्ले चिनियाँ प्रमाणको आधारमा भोटे साम्राज्यको उदय कँ-हुङ्को कालमा अर्थात् वि. सं. ६३८ देखि ६५८ को बीचमा भएको हो भन्ने कुरा सिद्ध गरेका छन्। गाइज्नेसका हूणका एक जना विद्वान् इतिहासकारले वि. सं. ६३८ तिर भोटले विभिन्न राजाहरूलाई वशवर्ती पारेको थियो भन्ने कुरो सिद्ध गरेका छन्। दलाई लामाले इष्ट इण्डिया कंपनीका शासक कर्नवालिसलाई लेखेको आफ्नो वि. सं. १८४६ को पत्रमा सं. १२०३ र वि. सं. १८४९ को पत्रमा संवत् १२०६ लेखेका छन्। यताबाट यो संवत् वि. सं. ६४३ देखि चलेको देखिन आउँछ। वि. सं. ६५० देखि उठेको एउटा संवत् खास गरेर बङ्गालमा चलेको छ, त्यसको नाम सन् भन्ने छ। यो संवत्को मूल उत्पत्तिको विषयमा केही थाहा पाइएको छैन, खालि परम्पराबाट यो संवत् चलेर आइरहेछ। यस संवत्को प्रारम्भवर्ष र अंशुवर्माले प्रयोग गरेको संवत्को प्रारम्भवर्षको बीचमा खालि दुइ वर्षको मात्र अन्तर पर्न आएको छ। हिन्दू पञ्चाङ्गको जटिलताले गर्दा बराबर वर्षमा गोलमाल परिरहन्छ। यो कुरा बुझेका मानिसलाई १३०० वर्षको बीचमा दुइ वर्षको यो अन्तर ठूलो कुरो हुँदैन।

---

* चाँगुको मानदेवको अभिलेखको समय ई. सं. ४९६ हुन्छ भनी लेभीले लेखेका छन् (ले नेपाल मूल तेस्रो भागको ९ पृष्ठ)। सं. ३८६ = ई. सं. ४९६ भएपछि संवत् ५२० = ई. सं. ६३० हुन्छ। तर लेभीले भ्रमवश ई. सं. ६३१ लेखेका छन् (ले नेपाल मूल दोस्रो भागको १५३ पृष्ठ, तेस्रो भागको ७७ पृष्ठ)। यसै गरी यहाँ (दोस्रो भागको अंग्रेजी अनुवादको १२५ पृष्ठमा) पनि ई. सं. ६३१ लेखिएको छ। -अनुवादक

भोटेहरू वि. सं. १०८२ देखि चलेको कालचक्र नामको पद्धति पठनपाठनमा चलाउँछन् । यो पद्धति बृहस्पतिको भगणको हिसाबले चलेको छ, मि–ख–ग्या–स्तो भन्ने संकेतले त्यहाँ काललाई बुझाइएको छ । संख्यावाचक शब्दको समस्त पद यो हो। मि को अर्थ आगो यसले ३ लाई बुझाउँछ, ख को अर्थ आकाश यसले ० लाई बुझाउँछ, ग्या–स्तो को अर्थ ताल यसले ४ लाई बुझाउँछ। मि–ख–ग्या–स्तो को अर्थ भारत–भोटेली पद्धतिअनुसार ४०३ हुन्छ । वि. सं. १०८२ मा ४०३ भएकोले यसको प्रारम्भवर्ष वि. सं. ६७९ बुझिन आउँछ । तर संख्या बुझाउन अन्तबाट लिई प्रयोग गरेका यी शब्दमा उलटपुलट भएको हुनुपर्दछ भनी मैले अगिवाटै धेरै पटक भनिसकेको छु । अन्वेषणको निमित्त ख–मि–ग्या–स्तो भनी फेरि पढ्ने हो भने यसको अर्थ ४३० हुन्छ ४०३ हुँदैन । १०८२–४३० = ६५२ हुने हुनाले सो संवत्को प्रारम्भवर्ष वि. सं. ६५२ हुन आउँछ । ठकुरीसंवत्को ज्यौतिषको गणनाले मलाई यही समयमा पुऱ्याएको थियो ।

गुप्तसाम्राज्यभित्र नेपाल पर्दैनथ्यो*

गुप्तसाम्राज्यले नेपाललाई आफूभित्र मिलाउन वा टुक्र्याउन सकेको थिएन । समुद्रगुप्तको प्रशस्तिमा नेपाललाई सीमानाको राज्यको रूपमा देखाइएको छ। त्यहाँ समतट (गङ्गाको मुख–द्वीप) डवाक (चिनिएको छैन) कामरूप, नेपाल, कर्तृपुर आदि सीमानाका (प्रत्यन्तका) राजाहरूले ··· ··· सबै किसिमको कर तिरेर हुकुममा तामेल रहेर सलामीमा हाजिर भएर जसको (समुद्रगुप्तको) कडा स्थिति-बन्देजको पालन गर्दछन् भनी लेखिएको छ । समाती फेरि छोडिदिएका राजाहरूको वर्ग त्यहाँ भिन्नै वर्ग त्यहाँ भिन्नै देखाइएको छ। बलपूर्वक उखेलिएका राजाहरूको वर्ग त्यहाँ भिन्नै देखाइएको छ । गुप्तसम्राट्सँग दूतको आदानप्रदान गर्ने विदेशी राजाहरूको वर्ग त्यहाँ भिन्नै देखाइएको छ। विरोध नगरीकन नम्रतापूर्वक वशवर्ती भएको वर्गमा सीमानाका राजाहरूको वर्ग पारिएको छ, तिनीहरूको स्वतन्त्रतामा बाधा नपारिएको भाव सो वर्गीकरणमा देखाइएको छ । मुगलहरूको पालामा पनि नेपालका राजाको

---

* ले नेपालको दोस्रो भागको अंग्रेजी अनुवादको ९१–९३ पृष्ठ ।

दिल्लीका बादशाहसँग यस्तै किसिमको सम्बन्ध थियो। काठमाडौंका राजाले दिल्लीका बादशाहलाई बर्सेनि कर जस्तो गरी एउटा हात्ती चढाउँथे। दिल्लीका बादशाहले नेपालका राजालाई किसिमकिसिमका उपहार दिन्थे, र उनीसँग बखत-बखतमा भेटघाट पनि गर्थे। दिल्लीका बादशाहले नेपालका राजालाई आफ्नो मोहर छाप्ने अनुमति दिएका थिए, तर मुगलहरूले नेपालमा कहिल्यै पनि आफ्नो अधिकार जमाउन सकेका थिएनन्। आजभोलि गोरखालीहरू चीनका बादशाहसँग यस्तै व्यवहार गर्दछन्, तिनका दूतहरू पाँचपाँच वर्षमा चीनका बादशाहकहाँ कर लिएर जान्छन्। नेपालका प्रत्येक नयाँ राजाले चीनका बादशाहकहाँ नाम मात्रको स्वीकृतिको लागि बिन्तिपत्र चढाउँछन्, चीनका बादशाहले पनि नेपालका राजालाई मान पदवी तथा प्रमाण-पत्र दिन्छन्, तर नेपालको राजकाजमा चिनियाँहरूले हात हाल्न खोजे भने नेपालीहरू त्यो कुरा सहँदैनन्। लिच्छविहरूले पनि गुप्तसँग त्यस्तै व्यवहार गरेका थिए, नाम मात्रको आदर उनीहरू गर्दथे तर वास्तवमा उनीहरूका उपरमा गुप्तहरूको केही अधिकार थिएन। यस कारण यसभन्दा अर्कै परिस्थिति भएको भए मात्र नेपालमा गुप्तसंवत् चलन सक्तथ्यो, किन भने विदेशी संवत्लाई सकार्नु हिन्दूहरू आफ्नो स्वतन्त्रता गुमेको र अरूको वश पर्नुपरेको सम्झन्छन्।

अर्को कुरो समुद्रगुप्तको प्रशस्तिमा प्रयोग गरिएको 'प्रत्यन्त' यो पद निश्चित अर्थ बुझाउने राजकाजमा प्रयोग हुने पद हो। " 'प्रत्यन्तनृपति' यहाँको प्रत्यन्त शब्दको अर्थ दुइ किसिमले गर्न सकिन्छ। नेपाल आदि गरिएका सीमानाका देशहरू समुद्रगुप्तको साम्राज्यभित्र पर्दथे अथवा ती देशका सीमासम्म समुद्रगुप्तको साम्राज्य पुगेको थियो। यस व्याख्याअनुसार प्रत्यन्तनृपति शब्दको अर्थ गुप्तसाम्राज्यभित्र परेका सीमानाको शासक अथवा गुप्तसाम्राज्यदेखि बाहिरका सीमानाका शासक दुवै हुन सक्तछ" भनी फ्लीटले गरेको अर्थ (फ्लीटको गुप्त अभिलेख-संग्रहको तेस्रो भागको १४ पृष्ठको १ संख्याको टिप्पणी) अशुद्ध हो। अगिबाट सम्राट् अशोकले आफ्नो गिरनारको दोस्रो (२.२) अभिलेखमा यस्तै शब्द प्रयोग गरेका छन्, त्यहाँ उनले यसको अर्थ स्पष्ट गराएका छन्। साम्राज्यभित्र पर्ने देशलाई अशोकले 'विजित' भनेका छन्। सीमानाका राज्यलाई (प्रशांत = प्रत्यन्त) भनेका छन् त्यसमा चोल, पाण्ड्य, अन्तियोक परेका छन्। अन्तियोक ग्रीक राजा हुन्, ती ग्रीक राजा अशोकका वशवर्ती थिएनन् भन्ने कुरा निश्चित छ। प्रशांतको सूचीमा परेका देशहरू प्रियदर्शीको वशमा नपरेका पूर्ण स्वतन्त्र देश हुन् भनी श्रीसेनार्टले ठीकसँग व्याख्या गरेका छन् (दोस्रो भाग २५४ पृष्ठ)। अमरकोषको भूमिवर्गको ७ श्लोकमा प्रत्यन्तको अर्थ म्लेच्छदेश (सदाचार नभएको देश) भनी लेखिएको छ, भारतवर्षको साम्राज्यको मध्यभागलाई त्यहीं

मध्यदेश भनिएको छ । विक्रमको छैटौं शताब्दीका ज्योतिषी वराहमिहिरले आफ्नो बृहत्संहिताको १६ अध्यायको ३७, ३८ श्लोकमा पल्लव, श्वेतहूण, अवगाण (अफगान), मरू, चीन यिनलाई प्रत्यन्तमा गणना गरेका छन् । वराहमिहिरले आफ्नो बृहत्संहिताको पाँच अध्यायको ३१ श्लोक र ९ अध्यायको १७ श्लोकमा पनि प्रत्यन्तको चर्चा गरेका छन् । टीकाकार (भट्टोत्पल) ले प्रत्यन्तको अर्थ गह्वरवासी (गुफामा बस्ने) भनी गरेका छन् । यताबाट ब्राह्मणहरूको विचारअनुसार सदाचार-देखि बाहिर रहेका जातिहरू प्रत्यन्त कहलाउँथे भन्ने देखिन आउँछ । राजनीतिको दृष्टिबाट साम्राज्यक्षेत्रको सीमानादेखि बाहिर रहेका जाति प्रत्यन्त कहलाउँथे भन्ने देखिन्छ । यताबाट समुद्रगुप्तको साम्राज्यभित्र नेपाल परेको थिएन भन्ने देखिन्छ । गुप्तसाम्राज्यको पतन भएपछि पनि नेपालको अवस्थामा कुनै फरक आएन ।

मानदेवदेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. १६७ देखि उठेको हो

[६ संख्याको किसिपिंडीको अभिलेखको विषयमा टिप्पणी]*

फुटेको यस अभिलेखको मुख्य चाखको कुरा यसको तिथिमितिमा छ । संवत् ४४९ प्रथमाषाढशुक्ल दशमी भनी यस अभिलेखमा लेखिएकोले यो अभिलेख अधिमास परेको महीनामा राखिएको देखिन्छ । यसमा परेको अधिमासको उल्लेख कालनिर्णायकहरूलाई नजिताएको भाग्यको कुरा भएको छ । सिद्धान्तज्यौतिषमा बताइएको पद्धतिअनुसार अधिमास पर्छ । अधिमासको गणना गर्न निकै सजिलो छ । जुन चान्द्र महीनामा सूर्यले आफ्नो राशि फेर्दैनन्, सो महीना दोहोरिएको हुन्छ । अधिमासको गणनापद्धतिमा ठूलो भेद रहेको छ । पहिलो कुरो, ग्रहको मध्यम गति-

---

* ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादका ३१–३३ पृष्ठ ।

बाट पनि स्पष्ट गतिबाट पनि गणना हुन सक्तछ। दोस्रो कुरो, नियमपूर्वक आइरहेको अपवादले गर्दा ढिलाएको महीनाको नाउँ अघिबाटै लिएर त्यसमा अधिमास पार्न पनि सकिन्छ अथवा जुन महीनामा अधिमास पऱ्यो, त्यसै महीनामा अधिमास पार्न सकिन्छ। जस्तै — ज्येष्ठ महीनामा परेको अधिमासलाई कि प्रथमाषाढ कि द्वितीयज्येष्ठ भन्न सकिन्छ। भाग्यवश यी कष्ट प्राचीन नेपालको हकमा केही मात्रामा हटेका छन्। स्पष्ट मानअनुसार पौषमा कहिल्यै पनि अधिमास नपर्ने हुनाले र संवत् ३४ को अंशुवर्माको अभिलेखमा प्रथमपौष भनी लेखिएकोले नेपाली ज्योतिषीहरू अधिमासको गणना मध्यम मानअनुसार गर्दा रहेछन् भनी निर्णय गर्न राम्रै सकिन्छ। अधिमासमा नियमपूर्वक आइरहेको महीनाको नाउँ लाग्छ, वर्तमान महीनाको नाउँ लाग्दैन भन्ने कुरा अधिमासमा यही अवस्थामा अन्यत्र लगाइएका विशेषणबाट स्पष्ट देखिन्छ। यस कारण यहाँ लेखिएको महीना सूर्य र चन्द्रको मध्यम मानअनुसारको गणनाअनुसार ज्येष्ठको साधारण महीनापछि आएको, सूर्य मिथुनमा पसिसकेको र सूर्य कर्कटमा पस्नुभन्दा अघि नै सिद्धिएको चान्द्रमास भएको वर्षमा परेको हुनुपर्छ। यस्तो घटना अनियत ढङ्गले प्रत्येक शताब्दीमा पर्छ। वि. सं. ४५७ देखि ५५६ सम्म चार पटक, वि. सं. ५५७ देखि ६५६ सम्म तीन पटक, वि. सं. ६५७ देखि ७५६ सम्म एक पटक, वि. सं. ७५७ देखि ८५६ सम्म चार पटक यस्तो घटना भएको छ। मानदेवको संवत् ३८६ श्रीफ्लीटले चिताए जस्तै वर्तमान शक ६२८ (वि. सं. ७६२) मा साँच्चिकै परेको भए संवत् ४४९, ६२८+६३=६९१ वर्तमान शक (वि. सं. ८२५) मा पर्नैपर्छ। तर कुनै पद्धतिबाट पनि त्यस वर्ष आषाढमा अधिमास पर्दैन। यस कारण विद्वान् अभिलेखविशेषज्ञले अघि सारेको विषय पूरापूर रद्द गर्नुपर्ने भएको छ।

अर्कोतिर अंशुवर्माको संवत् ३४ को पौषको अधिमास वि. सं ६८६ मा पर्छ भनेर मैले धेरै पहिले देखाइसकेको छु (वि. सं. १९५१ को एशियासम्बन्धी पत्रिकाको २ भागको ५५ पृष्ठदेखि)। अंशुवर्मा पहिले शिवदेवका मन्त्री र त्यसपछि शिवदेवका उत्तराधिकारी हुन्छन्। शिवदेवका अभिलेख संवत् ५२० सम्मका पाइएका छन्। संवत् ४४९ यसभन्दा ७० वर्ष जति पहिले पर्छ। यस कारण यो संवत् ४४९ विक्रमको सातौं शताब्दीको पूर्वार्द्धतिर पर्नुपर्छ। विक्रमको छैटौं शताब्दीको उत्तरार्द्धदेखि सातौं शताब्दीको पूर्वार्द्धको संपूर्ण अवधिभर मध्यम मानअनुसार वर्तमान शक ४८२ (वि. सं. ६१६) मा वर्तमान शक ५०१ (वि.सं. ६३५) मा वर्तमान शक ५२० (वि. सं.६५४) मा गरी तीन पटक आषाढमा अधिमास पर्छन्। मैले गनेका यी संवत् स्वेल र दीक्षितका सारणीसँग मिल्छन्। पछिल्ला दुइ संवत्बाट अंशुवर्माका उत्तराधिकारीहरूको पाला (६३५+७०

=वि. सं. ७०५, ६५४+७०=वि. सं. ७२४) मा शिवदेवको राज्यकालको अन्त्य घुचेटिने भएकोले तिनलाई एकातिर पन्छाउनुपर्ने भएको छ। खालि पहिलो एउटाको विषयमा मात्र विचार गर्नुपर्ने भएको छ। किनभने यसले शिवदेवलाई सकार्न सक्छ। संवत् ५२० अंशुवर्माकै काल (६१६+७१=वि. सं. ६८७) मा पर्ने हुनाले ती दुइ राज्यकाल केही मात्रामा जरूर उही बेला हुनैपर्छ। चाँगुनारायणको स्तम्भलेखको मितिबाट जाँच्ने अर्को उपाय हामीलाई मिल्छ। संवत् उठेको वर्षको विचार गर्दा संवत् ४४९ वर्तमान शक ४८२ (वि. सं. ६१६) मा पर्छ र मानदेवको स्तम्भलेखमा कुँदिएका तिथिमितिबाट संवत् ३८६ वर्तमान शक ४१९ (वि. सं. ५५३) मा ट्वाक्क मिल्छ भन्ने कुरा हामीले पहिले लेखेका छौं। यसरी हामी लिच्छविसंवत् ४१९-३८६=३३ वर्तमान शक=वि. सं १६७ देखि उठेको थियो भन्ने थाहा पाउँछौं। शकसंवत् शुरू भएकै कालको आसपासमा शुरू भएको यस संवत्लाई कुनै घटनासँग जोड्न सकिन्छ वा सकिंदैन यसै भन्न सकिंदैन। लिच्छविहरूको उत्पत्तिदेखि मानदेव राजा भएसम्म १९ जनाको राज्य बितिसकेको हुन्छ (परम्पराहरूको एकमतोअनुसार; २ भागको ९१ पृष्ठसँग दाँज्नुहोस्)। बितेका राजाहरूको संख्या चार सय वर्षलाई ओगट्न पक्कै पनि ज्यादै कम छ। लिच्छविहरूले आफ्नो संवत् आफू जन्मेको ठाउँ भारतबाट ल्याएको पनि हुन सक्छ; किरातीहरूलाई निकालेदेखि उठेको नेपालकै संवत्लाई चलाएको पनि हुन सक्छ।

[१२ संख्याको (खोपासीको) अभिलेखको विषयमा टिप्पणी]*

संवत् ५१८† को भक्तपुर गोलमाढीटोलको र संवत् ५२० को खोपासीको समेत गरी शिवदेवका दुइटा अभिलेख पाइएका छन्। चाँगुनारायणको अभिलेखको संवत् ३८६ हो। त्यसदेखि क्रमैसँग शिलालेखहरू आएका छन्। चाँगुनारायणको

* ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादको ५१-५३ पृष्ठ। पूर्णिमा २० अङ्कको २८१ पृष्ठ।

† यस अभिलेखको संवत् ५१६ हो। – अनुवादक

शिलालेखपछि लाजिम्पाटको संवत् ३८७ को° शिलालेख आउँछ, त्यसपछि टेवहालको संवत् ४०२ को शिलालेख आउँछ, त्यसपछि संवत् ४१२ को* (भगवानलालको २ संख्या), त्यसपछि संवत् ४३५ को (भगवानलालको ३ संख्या), त्यसपछि किसिपिडीको संवत् ४४९ को, त्यसपछि चपलिगाउँको संवत् ४८९ का शिलालेख क्रमैसँग आउँछन् । यस पङ्क्तिको अन्तिम शिलालेख संवत् ५३५ (भगवानलालको ४ संख्या) हो । यही पङ्क्तिमा शिवदेवका माथि चर्चा गरिएका दुइटा शिलालेख पनि पर्दछन् । किसिपिडीको संवत् ४४९ को अभिलेखमा आषाढमा अधिमास थियो भनी लेखिएको छ । मेरो गणनाको आधार त्यही हो, त्यसअनुसार मैले माथि उल्लेख गरेका शिलापत्रहरूमा दिइएका संवत् वर्तमान शकसंवत् ३३ (वि. सं. १६७) देखि उठेका हुन् भनी मानेको छु । यसअनुसार संवत् ५२० वर्तमान शकसंवत् ५५३† (वि. सं. ६८७) हुन आउँछ । अंशुवर्माको अभिलेखको संवत् ३४ वि. सं. ६८६ मा पर्दछ भनी वि. सं. १९५१ को एशियासम्बन्धी पत्रिकामा तथा ले नेपाल दोस्रो भागको १५३ पृष्ठमा मैले आफ्नो विचार व्यक्त गरेको छु । हाँडीगाउँमा रहेको अंशुवर्माको अभिलेखमा संवत् ३० लेखिएको छ । नयाँ संवत्को यो पहिलो शिलालेख हो । अंशुवर्माको अन्तिम अभिलेखचाहिँ ४४ (?) को हो। अंशुवर्माका पहिलो र अन्तिम यी दुइ अभिलेखको बीचमा अंशुवर्माको अधिकार क्रमशः बढ्दै गएको देखिन्छ भन्ने कुरो मैले (ले नेपाल दोस्रो भागको १३८ पृष्ठमा) सिद्ध गरिसकेको छु । संवत् ३० को पहिलो अभिलेख वि. सं. ६८२ को हुन्छ । मैले गरेको गणित शुद्ध हो भने ती दुइ राज्य परस्परमा दुवैतिर अलि अलि खप्टिन्छन् । त्यस्तो भएमा गोलमाल हुन जान्छ । वास्तवमा भएको गोलमालको यो गोलमाल प्रतिबिम्ब हुनुपर्दछ। हामीले पाएका शिवदेवका जम्मै शिलालेख महासामन्त अंशुवर्माको बिन्तिअनुसार जारी भएका छन् । ती शिलालेखमा परेका अंशुवर्माका प्रशंसाअनुसार उनी प्रधान शासकका प्रतिबिम्ब जस्ता देखिन्छन्।

यी कुराबाट विभिन्न प्रकारका कुरा सहजैसँग अनुमान गर्न सकिन्छन् । कुनै प्रान्तमा सीमित अधिकार भएका नाम मात्रका शासक शिवदेव थिए । राज्यका

° यस अभिलेखको संवत् ३८९ हो । पूर्णिमा २० अङ्कको २७४ पृष्ठ । — अनुवादक

* संवत् ४१३ भन्नुपर्नेमा भ्रमवश लेभीले ४१२ भनेका छन् । – अनुवादक

† यहाँ पनि लेभीले भ्रमवश ई. सं. को संख्यामा १ बढाएका छन् । माथि ३०६ पृष्ठको टिप्पणी हेर्नुहोस् । — अनुवादक

बाँकी सबै प्रान्त, त्यस प्रान्तका उनका नगराध्यक्षका अधीनमा थिए। तिनको मित्रपट्टि सर्वशक्तिमान् शासक अंशुवर्मा थिए। अंशुवर्माका राम्रोसँग थाहा पाइएका अभिलेखमध्येको संवत् ३४ को, अभिलेख वि. सं. ६८६ मा पर्दछ। त्यस्तै गरी संवत् ३९ को अभिलेख वि. सं. ६९१ मा पर्दछ। अर्कोतिर शिवदेवका पाइएका अभिलेखमा संवत् ५१८ को अभिलेख वि. सं. ६८५ मा पर्दछ, त्यस्तै संवत् ५२० को अभिलेख वि. सं. ६८७ मा पर्दछ। लिच्छविवंशका शिवदेवका स्वदेशको र परराष्ट्रसम्बन्धी पनि न्यायोचित राजकीय अधिकारलाई अंशुवर्माले अँठयाएका थिए भन्ने कुरा यताबाट अड्कल गर्न सकिन्छ।

श्रीफ्लीटले तयार गरेको क्रममा जुन असङ्गति देखिएको थियो, सो यताबाट हट्दछ र कुरो स्पष्ट हुन्छ भन्ने कुरो पनि तत्कालै यताबाट स्पष्ट हुन्छ।

भगवानलालको ४ संख्याको संवत् ५३५ को अभिलेखमा दूतक राजपुत्र विक्रमसेन छन्। भगवानलालको ६ संख्याको संवत् ३४ को अंशुवर्माको अभिलेखमा दूतक महा-यकविक्र- देखिन्छ। त्यो नाम विक्रमसेन हो भनी भगवानलालले बोलेका छन्। श्रीफ्लीटले आफ्नो ग्रन्थ (गुप्त अभिलेख-संग्रहको तेस्रो भागको १७८ पृष्ठ) मा तलको कुरा भनेका छन्। "भगवानलालले पूरा गरेको पाठ हामीले सकार्ने हो भने हामीले यहाँ बडो होशियारी गर्नुपर्दछ। संवत् ५३५ को अभिलेखमा देखिएका राजपुत्र विक्रमसेन यिनै विक्रमसेन हुन् भनी हामीले गोलमाल गर्नु हुँदैन किन भने संवत् ५३६ का* विक्रमसेन यसभन्दा २०० भन्दा बढ्ता वर्ष पछिका हुन्।" तर अहिले साँगामा पाइएको अंशुवर्माको संवत् ३२ को अभिलेखमा राजपुत्र विक्रमसेन फेरि देखिएका छन्, त्यहाँ उनको पदवी सर्वदण्डनायक भनी लेखिएको छ। यहाँ पाठ स्पष्ट छ, यताबाट मानिस उनै हुन् भन्ने कुरा स्पष्ट हुन्छ। एकातिर संवत् ५३५ को अभिलेखमा देखिएका अक्षर अंशुवर्माका सामानकालिक तथा नाम मात्रका स्वामी शिवदेवका अभिलेखमा देखिएका अक्षरसँग ट्वाक्कै मिल्दछन् भन्ने कुरा ती अभिलेखका पहिला सम्पादकले गरेको वर्गीकरणको प्रमाणद्वारा सिद्ध हुन्छ, अर्कोतिर त्यो अभिलेखमा र अंशुवर्माका अभिलेखमा समेत उही दर्जाका उही नामका मानिस देखिन्छन्। यी राजपुत्र विक्रमसेन भिन्नै भिन्नै दुइ व्यक्ति हुन्

---

* फ्लीटले ५३५ भनी लेखेको (गुप्त अभिलेख-संग्रहको तेस्रो भागको १८४ पृष्ठ) लाई लेभीले फ्लीटको वाक्य उद्धरण गर्दा भ्रमवश ५३६ भनी लेखेका छन्। — अनुवादक

भनी छुट्याउनु र ती दुइको बीचमा २०० वर्षभन्दा बढ्ताको फरक पारिदिनुमा के प्रमाण छ ?

संवत् ५३५ को शिलालेख पाइएको छ, यसबाट एउटा अप्ठेरो पर्न आउँछ। यो संवत् ५३५ वि. सं. १६७ देखि उठेको संवत् हो। यस कारण यसको समय वि. सं. ७०२ हुन्छ। यस बेला अंशुवर्मा मरिसकेका थिए। अंशुवर्मले चलाएको नयाँ संवत्लाई उनका उत्तराधिकारीहरूले पनि कमसेकम १५० वर्षसम्म चलाउँदै लगेका थिए। सो संवत्को विरोधमा पुरानै संवत् प्रयोग गरिएको हो कि भन्ने शङ्का पनि उठ्दछ। अंशुवर्माको मृत्यु भएपछि उत्पन्न भएको अस्थिरताको समयका कुरा मैले आफ्नो ग्रन्थको दोस्रो भागको १५५ पृष्ठमा लेखिसकेको छु। अंशुवर्माका उत्तराधिकारी जिष्णुगुप्त भए, तर उनी क्रमपूर्वक उत्तराधिकारी भएका होइनन्। उनले आफू शक्तिशाली बन्न लिच्छविवंशका ध्रुवदेवलाई गद्दीमा राखे। जिष्णुगुप्तको संवत् ४८ को अभिलेख पाइन्छ। यो संवत् अंशुवर्मले चलाएको संवत् हो। थानकोटमा जिष्णुगुप्तको अभिलेख पाइएको छ। सो अभिलेखमा जिष्णुगुप्तले पुरानै संवत्को प्रयोग गरेका छन्। यताबाट निर्णायक कुरा निस्कन्छ। अधिका लिच्छविहरूले गरे जस्तै शिवदेव 'र्' देखि पल्तिर रहेको हल् अक्षरलाई द्वित्व गरी प्रयोग गर्दथे, तर संवत् ५३५ को अभिलेखमा भने द्वित्व भएको छैन। त्यस अभिलेखमा (४ तथा ७ पङक्तिमा) पूर्व, (९ पङक्तिमा) भूमेर्दक्षिण, (११ तथा १२ पङक्तिमा) पर्वत, (१७ पङक्तिमा) वर्तिभिर् लेखिएको छ। भगवानलालले वर्त्तिभिर् पढेका छन् सो अशुद्ध हो। अंशुवर्मले चलाएको तथा उनका उत्तराधिकारीहरूले अनुसरण गरेको व्याकरणानुसारको लेखनपद्धति संवत् ५३५ को अभिलेखमा देखिन्छ। शिवदेवभन्दा पछि आएका अभिलेखलाई बाह्य प्रमाणद्वारा यसले छुट्याइदिन्छ। अहिले भनेको यो कुरो मैले तयार गरेको वंशक्रमको लागि प्रमाणको रूपमा आउँछ र यसले सो कुरोलाई दृढतापूर्वक विश्वास दिलाउँछ भनी मैले सकेको छु।

चाँगुको मानदेवको अभिलेखको समय वि. सं. ५५३ हो*

चाँगुनारायणको अभिलेखमा संवत् ३८६ ज्येष्ठशुक्ल प्रतिपदा, रोहिणी-नक्षत्रमा चन्द्रमा बसेको असल अभिजित् मुहूर्तमा भनी लेखिएको छ।

अभिलेखमा दिइएको यस तिथिमितिको विषयमा राम्रो विचार नपुऱ्याई वंशावलीहरूमा दिइएको कालक्रमको आधारमा यस अभिलेखमा दिइएको संवत्को निर्णय गर्ने काममा भगवानलाल लागेका छन्। यस अभिलेखमा दिइएको संवत्लाई शकसंवत् मान्ने हो भने मानदेवको समय वि. सं. ५२१ हुन्छ, विक्रमसंवत् मान्ने हो भने मानदेवको समय वि. सं. ३८६ हुन्छ भन्ने कुरा उठाई मानदेवदेखि जयदेव-सम्मको पुस्तावारीको सालाखाला वर्ष शकसंवत्मा भन्दा विक्रमसंवत्मा राम्रोसँग मिल्ने संभावना भएकोले यस अभिलेखको संवत् विक्रमसंवत् हुनुपर्दछ भनी भगवानलालले बोलेका छन्। नेपालका वंशावलीहरूमा व्यवहार गरिएको परिपाटी निकै अप्ठचारो छ। कालनिर्णयको विषयमा त्यहाँ जथाभावी लेखेको पाइन्छ, ती दोषपूर्ण छन् भन्ने कुरा अघिबाटै सिद्ध गरिसकिएको छ। श्रीवेन्डालले भरखरै खोजी प्रकाश गरेको गोलभाढीटोलको शिवदेवको संवत् ३१६ को अभिलेख (फ्लीटको १ संख्या) लाई श्रीफ्लीटले आफ्नो आधार मानेका छन्। सोही आधारको भरमा नेपालको प्राचीन कालको इतिहासलाई पछिल्लो कालको इतिहास ठानी त्यसको परीक्षा समेत उनले गरेका छन्। एशियासम्बन्धी पत्रिकाको वि. सं. १९५१ मा प्रकाश भएको अङ्कमा मैले यस पद्धतिको आलोचना गरिसकेकोले त्यस विषयको छलफललाई अहिले म यहाँ छोडिदिन्छु। नेपालमा पाइएका दुइ थरी संवत्मा बाँडिएका शिलापत्रहरू एकै समयमा क्रमैसँग आएका हुन् भनी श्रीफ्लीटले ती शिलापत्रलाई दुइ विभागमा बाँडेका छन्। चाँगुनारायणको अभिलेखको संवत् ३८६ लाई फ्लीटले गुप्तसंवत् मानी त्यसको समय वि. सं. ७६२, वर्तमान शकसंवत् ६२८ तथा गत शकसंवत् ६२७ हो भनी निर्णय गरेका छन्। "गत शकसंवत् ६२७,

---

* ले नेपालको तेस्रो भागको अंग्रेजी अनुवादको ६–८ पृष्ठ।

वर्तमान शकसंवत् ६२८, ज्येष्ठशुक्ल प्रतिपदा, ई. सं. ७०५, अप्रैल २८ तारीख मङ्गलवार (वि. सं. ७६२ ज्येष्ठ ९ गते), प्रतिपदा तिथि ५७ घडी १२ पला, कृत्तिका नक्षत्र १२ घडी ३ पला, भोलिपल्ट बुधवार रोहिणीनक्षत्र, अभिजित् मुहूर्त भनेको आठौं मुहूर्त हो, १५ घडीपछि अभिजित् मुहूर्त लाग्दछ,* यस कारण रोहिणीनक्षत्र परेको बेलामा अभिजित् मुहूर्त पर्दछ । यस कारण अभिलेखमा दिएको तिथि, नक्षत्र, मुहूर्तहरू मिल्दछन् ।'' यो गणना श्रीशङ्कर बालकृष्ण दीक्षितले श्रीफ्लीटका लागि गरिदिएका हुन् । (जोन फेथफुल फ्लीटको गुप्त अभिलेख–संग्रह, तेस्रो भागको ९३–९५ पृष्ठ)

इतिहास तथा भाषाशास्त्रको अन्वेषणको विषयमा वैज्ञानिक बहस भनी प्रयोग गरिएका रीतिहरूबाट केही कुरा पनि प्रायः सिद्ध हुन सक्तैनन् । तिथिमितिको लामो वर्णनले तिनको संख्या देखाउनुभन्दा बढी साँचो कुरोको यथार्थता पत्ता लाउन केही काम दिएको छैन । दिइएको तिथिमिति आकलझुकल पर्ने नभई धेरैजसो परिरहने किसिमको छ । साँचो कुरो के हो भने ज्येष्ठ महीनाको पूर्णिमाको दिन चन्द्रमा ज्येष्ठानक्षत्रमा हुन्छन् तथा औंसीको दिन त्यहाँबाट 180^0 जति टाढा पुगेका हुन्छन् । ज्येष्ठा र रोहिणीनक्षत्रको बीचमा 187^0 हुन्छन्, चन्द्रमा प्रत्येक तिथिमा 12°; 12° अघिअघि जान्छन्; यस कारण ज्येष्ठशुक्ल प्रतिपदामा रोहिणीनक्षत्रमा चन्द्रमा हुनु ज्यादै सम्भव हुन्छ । एउटा सूर्योदयदेखि लगत्तै आउने अर्को सूर्योदयसम्म ३० मुहूर्त हुन्छन्, यस कारण एक मुहूर्तमा ४८ मिनेट (२ घडी) हुन्छन् । अभिजित् मुहूर्त भनेको दिनमा पर्ने १५ मुहूर्तमध्ये आठौं मुहूर्त हो । अभिजित् मुहूर्तलाई विधि (ब्रह्मा) को मुहूर्त भन्दछन् । ७ × ४८ मिनेट = ३३६ मिनेट = ५ घण्टा ३६ मिनेट हुने हुनाले सूर्योदयदेखि ५ घण्टा ३६ मिनेट बितेपछि अभिजित् मुहूर्त लाग्दछ, यस कारण त्यस समयमा ज्येष्ठानक्षत्र र चन्द्रमाको बीचको अन्तर 3^0 भन्दा पनि थोरै हुन जान्छ । त्यस कारण त्यस बेला चन्द्रमा रोहिणीनक्षत्रमा बस्नु ज्यादै संभव हुन आउँछ । यस विषयमा राम्रोसँग गणना गर्नुपर्छ भन्ने हो भने पनि दीक्षितले गणना गरी निकालेको फ्लीटले सकारेको निर्णय हामीसँग रहेको एउटा अभिलेखमा संवत् ४४९ मा परेको अधिमाससँग मेल खाँदैन । संवत् ३८६ लाई वर्तमान शकसंवत् ६२८ (वि. सं. ७६२) मान्ने हो

---

* फ्लीटले १४ घडीपछि अभिजित् मुहूर्त लाग्दछ भनी लेखेका छन्, (भारतीय अभिलेख–संग्रह तेस्रो भागको ९७ पृष्ठ) लेभीले फ्लीटको वाक्य उद्धरण गर्दा १५ घडीपछि अभिजित् मुहूर्त लाग्दछ भनेका छन् । – अनुवादक

भने संवत् ४४९ वर्तमान शकसंवत् ६९१ (वि. सं. ८२५) हुन जान्छ, त्यस बर्ष स्पष्ट मानअनुसार ज्येष्ठमा अधिमास पर्दछ, मध्यम मानअनुसार वैशाखमा अधिमास पर्दछ, आषाढमा भने अधिमास पर्दैन। अधिमासको गणनाअनुसार मैले सकारेको संवत् ४४९ वर्तमान शकसंवत् ४८२ (वि. सं. ६१६) हुन्छ भनी मान्ने हो भने संवत् ३८६, वर्तमान शकसंवत् ४१९ (वि. सं. ५५३) हुन आउँछ।

...

सूर्योदयदेखि ५ घण्टा ३६ मिनेट बितेपछि अभिजित् मुहूर्त लाग्दछ। यस कारण यो मुहूर्त परेको बेलामा चन्द्रमा रोहिणीनक्षत्रमै हुन्छन्। चांगुनारायणको स्तम्भाभिलेखको समय यस कल्पनाअनुसार ई. सं. ४९६ मे महीनाको पहिलो तारीख मङ्गलवार (वि. सं. ५५३ ज्येष्ठ १३ गते) मा पर्न आउँछ। हुन त अभिलेखमा दिइएका तिथिमिति (नक्षत्र,मुहूर्त) यस दिन ट्वाक्क मिल्न आउँदैनन् तर अभिलेखको लिपिको विचार गर्दा यो समय मिल्दछ। अरू बाहिरका प्रमाणलाई छोडिदिए पनि अंशुवर्माभन्दा अगाडि मानदेव भएका हुन् भन्ने कुरालाई शिलापत्र-बाट पनि सिद्ध गर्न सकिन्छ। यो कुरो मैले पहिले पनि भनिसकेको छु तथा पछि पनि भन्नेछु। यागवहालको शिलापत्रबाट यो कुरो सिद्ध हुन्छ। अंशुवर्माको हाँडी-गाउँको संवत् ३२ को शिलालेखमा भाग पाउनेहरूमा श्रीमानदेव विहार पनि परेको छ। मानदेवले पाटनमा यो विहार स्थापना गरेका थिए भन्ने कुरो स्पष्टै छ। त्यहा शिलालेखमा मानेश्वर र धारा मानेश्वरको पनि उल्लेख भएको छ। धारा मानेश्वर भनेको मानदेवले स्थापना गरेको पवित्र धारासँग सम्बद्ध हुनु धेरै सम्भव छ। मानदेवभन्दा पछिका लिच्छवि राजाहरू मानगृह दरबारबाट आफ्ना सनद जारी गर्दथे। अंशुवर्माले आफ्नो हाँडीगाउँको संवत् ३० को शिलापत्रमा मानगृहको उल्लेख गरेका छन्। सो मानगृह मानदेवले बनाएका हुन् भन्ने कुरामा शङ्का छैन।

[४]

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्‌को विषयमा भारतीय विद्वान् रमेशचन्द्र मजूमदारको मतको परीक्षा

अंशुवर्मादेखिका अभिलेखमा देखिएको संवत्‌को संख्यामा ५०० जोडिदियो भने शकसंवत् हुन्छ भन्ने रमेशचन्द्र मजूमदारको मत छ।[१]

अब यसको परीक्षा गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारओटा आधार पाइएका छन्।[२]

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

६३५+३१=६६६ हुने हुनाले यस अभिलेखको संवत् ३१ रमेचन्द्र मजूमदारको मतअनुसार वि. सं. ६६६ (शकसंवत् ५३१) हुन्छ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि

---

१. क्रोनल्‌अजि अफ् अर्‌लि किङज् अफ् नेपाल् (नेपालका प्राचीन राजाहरूको कालनिर्णय) बी. सी. ल भोल्यूम (विमलचरण लाहाको संकलनामा निस्केको पुस्तक) १ भागको ६३५ पृष्ठ।

२. यही ग्रन्थका ७-८ पृष्ठ।

थियो।[३] यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६६६ (शकसंवत् ५३१) को कार्तिकशुक्लदेखि वि. सं. ६६७ (शकसंवत् ५३२) को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५३१ र ५३२ मा अधिमास परेको देखिदैन। परन्तु भक्तपुरको उक्त अभिलेखमा सो वर्ष पौषमा अधिमास लेखिएको छ।

यस कारण रमेशचन्द्र मजूमदारले सकारेको संवत्अनुसार यो अधिमास मिलेन।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

६३५+३४=६६९ हुने हुनाले यस अभिलेखको संवत् ३४ रमेशचन्द्र मजूमदारको मतअनुसार वि. सं. ६६९ (शकसंवत् ५३४) हुन्छ।

अब संवत् ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो। यस कारण अभिलेखको संवत् ३४ वि.सं. ६६९ (शकसंवत् ५३४) को कार्तिकशुक्लदेखि वि. सं. ६७० (शकसंवत् ५३५) को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५३५ को भाद्रमा अधिमास छ। सो अधिमास अभिलेखको संवत् ३४ को भाद्रमा पर्दछ।

आषाढमा अधिमास मान्ने वा पौषमा अधिमास मान्ने भन्ने विषयमा नारद र भारद्वाजका मत प्रसिद्ध छन्। तिनको चर्चा यही ग्रन्थका १८५-१८६ पृष्ठमा परेको छ। त्यस वचनअनुसार संवत् ३४ (शकसंवत् ५३५) को भाद्रमा परेको अधिमास नारद र भरद्वाज दुवैको मतअनुसार आषाढमा मान्नुपर्ने हुन्छ। परन्तु

---

३. यही ग्रन्थको ९ पृष्ठ।

पाटनको उक्त अभिलेखबाट सो वर्ष पौषमा अधिमास परेको देखिएको हुनाले यो अधिमास गणनाबाट मिलेन ।

यस कारण रमेशचन्द्र मजूमदारले सकारेको संवत्अनुसार यो अधिमास पनि मिलेन ।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया ।
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने ॥

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ ।

६३५+३१=६६६ हुने हुनाले यस अभिलेखको संवत् ३१ रमेशचन्द्र मजूमदारको मतअनुसार वि. सं. ६६६ हुन्छ ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट तिष्यनक्षत्र तथा आइतवार आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६६६) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
बुध	त्रयोदशी	४६ । २४	अश्लेषा	४५ । ५

आयो ।

परन्तु चाँगुको उक्त अभिलेखमा आइतवार तथा तिष्यनक्षत्र लेखिएको छ।
यस कारण रमेशचन्द्र मजमदारले सकारेको संवत्अनुसार यो तिथिमिति मिलेन।

(४) वर्षे चैकोत्तरस्मिस्त्रितयशतगते माधवे मासि शुक्ले ।
सप्तम्यां पुष्यनक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे॥

(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग ।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ।

६३५+३०१=९३६ हुने हुनाले यस अभिलेखको संवत् ३०१ रमेशचन्द्र मजूमदारको मतअनुसार वि. सं. ९३६ हुन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो। यस कारण अभिलेखको संवत् ३०१ वि. सं. ९३६ को कार्तिकशुक्लदेखि वि. सं. ९३७ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्णसम्म रहन्छ। अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस वेला वि. सं. ९३७ हुन्छ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ९३७)

वैशाखशुक्ल

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
बुध	सप्तमी	५२।	४९	तिष्य	२१।	३७

आयो।

परन्तु उक्त पुस्तकको पुष्पिकावाक्यमा आइतवार लेखिएको छ।

यस कारण रमेशचन्द्र मजूमदारले सकारेको संवत्‌अनुसार यो तिथिमिति पनि मिलेन।

अधिमास र तिथिमिति नमिलेका हुनाले रमेशचन्द्र मजूमदारले सकारेको संवत् प्रामाणिक हुन सक्तैन।

[नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र दिनेशराज पन्तको संयुक्त परिश्रमबाट यो गणना तयार भएको हो।]

[परिशिष्ट]

नेपालका प्राचीन राजाहरूको कालनिर्णय†

नेपालका प्राचीन राजाहरूको कालनिर्णय प्राचीन भारतवर्षको इतिहासका अनेकन् अप्ठ्यारा समस्याहरूमध्ये एउटा हुन पुगेको छ। नेपालमा पाइएका धेरै अभिलेखहरूबाट शासकहरूको लामो सूची पाइएको कुरा सबैलाई थाहा छ। ती अभिलेखहरूमा संवत्को पनि उल्लेख भएको छ। यो कालनिर्णयको समस्या विशेष गरी यी नै संवत्हरूको व्याख्याको विषयमा छ। यस विषयमा विभिन्न विद्वान्को विभिन्न मत छ। यस किसिमको मतभिन्नता बुझ्नाका लागि नेपालका अभिलेखहरूलाई साधारणतया दुइ समूहमा बाँड्न सकिन्छ। दोस्रो समूह संवत् ३०, ३२ र ३४ का अंशुवर्माका अभिलेखहरूबाट शुरू भई संवत् १५३ को द्वितीय जयदेवको अभिलेखबाट समाप्त हुन्छ। संवत् ३०* देखि १५३ सम्मका संवत्हरू एकै संवत्का हुन् भन्ने कुरामा मतैक्य छ। बाँकी रहेका अरू अभिलेखहरूमा संवत् ३०० भन्दा कमका कुनै पनि छैनन् र यी पहिला समूहमा पर्दछन्। यी संवत्का पाठ र व्याख्याहरूले नै मतभेदका साथै समस्या उत्पन्न गराएका छन्। यस विषयमा सर्वप्रथम काम गर्ने पण्डित भगवानलाल इन्द्राजी नै हुन् र उनी यी सबै संवत्हरू विक्रमसंवत् हुन् भन्छन्।[१] आचार्य फ्लीटले यी जम्मै संवत् गुप्तसंवत् हुन् भनी मानेका छन्।[२]

---

† वि. सं. २००२ मा भारतीय अनुसन्धान संस्था कलकत्ताबाट प्रकाशित विमलचरण लाहाको संकलनमा निस्केको पुस्तकको पहिलो भागको ६२६-६४१ पृष्ठसम्म रमेशचन्द्र मजूमदारको यो निबन्ध (अंग्रेजी भाषामा) छापिएको छ।

*संवत् ३० हुनुपर्नेमा मूलमा संवत् ३२ लेखिएको छ। - अनुवादक

१. भारतीय प्रत्नतत्त्वको १३ भागको ४११ पृष्ठ, इन्द्राजीद्वारा सम्पादित भारतीय प्रत्नतत्वको ९ भागको १६३ पृष्ठ।

२. भारतीय अभिलेख-संग्रहको तेस्रो भागको परिचय १७७ पृष्ठ।

वि. सं. १६७ देखि नेपालमै उठेका यी संवत् हुन् भन्ने आफ्नो सिद्धान्त आचार्य सिल्भाँ लेभीले प्रतिपादन गरेका छन् ।[३]

आचार्य राधागोविन्द बासकले यस विषयमा भरखरै मात्र हात हालेका हुन् । उनले आफ्ना पूर्ववर्ती विद्वान्हरूका विचारको मनन गरेर बेग्लै किसिमको विचार प्रकट गरेका छन् ।[४] यसैको विस्तारपूर्वक विचार गर्न अब हामी अगाडि बढ्छौं । मानदेवदेखि वसन्तदेवसम्मका अभिलेखका संवत्हरू विक्रमसंवत्का हुन् भन्ने उनको विचार छ । यो विचार इन्द्राजीको विचारसँग मिल्दछ । तर उनको विचार शिवदेवका अभिलेखमा उल्लेख भएका संवत्हरूको पठन र व्याख्यामा फरक छ । उनी यी संवत्का शतस्थानी अङ्कलाई ५०० नभनी ३०० भन्दछन् र यी संवत्लाई गुप्तसंवत् मान्दछन् । "समुद्रगुप्तले नेपाल विजय गरे र आफ्ना पिता प्रथम चन्द्रगुप्तले चलाएको तथा वि. सं. ३७६ देखि उठेको गुप्तसंवत् नेपालका राजालाई मात्र कर लाए, यसै कारणले वसन्तदेवका सन्तानहरूले गुप्तसंवत् चलाए" भन्ने राधागोविन्द बासकको विचार छ । यो कुरा सत्य भएको भए बासकको विचार काम लाग्ने हुन्थ्यो तर दुर्भाग्यवश यस्तो हुन सकेको छैन । किनभने आचार्य बासक स्वयं किसिपिडी र चपलीगाउँको अभिलेखका संवत् ४४९ तथा ४८९ लाई विक्रमसंवत् भन्दछन् । यसरी वि. सं. ४८९ तिरसम्म अर्थात् समुद्रगुप्त र उनका छोराको मृत्यु भएको धेरै कालपछिसम्म नेपालमा गुप्तसंवत् नचली विक्रमसंवत् नै चलेको देखिन्छ । आचार्य बासकको विचारअनुसार पनि गुप्तसंवत् परेको नेपालको सबभन्दा पुरानो अभिलेख संवत् ३१८ को शिवदेवको अभिलेख हो । यस विचारअनुसार विक्रसंवत्को सातौं शताब्दीको अन्त्यतिर हामी पुग्दछौं, जुन समयमा गुप्तसाम्राज्यको साथै गुप्तहरूको प्रभाव पनि भूतपूर्व विषय भइसकेको थियो । आचार्य बासकको विचारअनुसार, नेपालका राजाहरूले गुप्तसाम्राज्यको चकचकी चलेको बेलामा जुन बेला तिनीहरू गुप्तसाम्राज्यको वशवर्ती भएका थिए, गुप्तसंवत् स्वीकार नगरी गुप्तसाम्राज्यको पतन भएको धेरै कालपछि मात्र गुप्तसंवत् स्वीकार गरेका होलान् भन्ने देखिन आउँछ । यस्तो कुरो मान्न गाह्रो पर्दछ ।

नेपालमा वि. सं. १६७ देखि नयाँ संवत् उठेको थियो भन्ने लेभीको विचारलाई आचार्य बासकले बिलकुलै अस्वीकार गरेका छन् । आचार्य लेभीको फ्रेञ्च

---

३. ले नेपालको तेस्रो भागका ४९, ७२ पृष्ठ ।
४. उत्तरपूर्वी भारतको इतिहास २७४ पृष्ठ ।

भाषामा लेखिएको पुस्तकलाई[४क] बासकले नहेरेका हुँदा लेभीको वास्तव कुरा नबुझेर उनले अशुद्ध व्याख्या गरेका रहेछन् भन्ने कुरा यताबाट देखिन आउँछ। अगाडि बढ्नुभन्दा पहिले यस विषयलाई नै स्पष्ट पार्नु आवश्यक हुन आएको छ।

मानदेवको चाँगुको संवत् ३८६ को अभिलेखमा दिइएका तिथिमितिको आधारमा लेभीले आफ्नो सिद्धान्त निकालेका हुन् भन्ने कुरो आचार्य बासकले संकेका रहेछन्। "मानदेवको चाँगुको सो अभिलेखमा दिइएका तिथिमिति वि. सं. ५५३ ज्येष्ठ १३ गते मङ्गलवार* मात्र पर्न सक्तछ भन्ने लेभीले निष्कर्ष निकालेका छन्। यही निष्कर्षको आधारमा नेपालका प्राचीन अभिलेखमा देखिएका संवत् लिच्छविसंवत् वि. सं. १६७ देखि उठेका हुन् भन्ने सिद्धान्त लेभीले निकालेका हुन्" भनी बासक भन्दछन्।

साँचो कुरोचाहिं बासकले भनेकोभन्दा अर्कै छ। मानदेवको चाँगुको अभिलेखमा दिइएका तिथिमिति वि. सं. ७६२ ज्येष्ठ ९ गते‡ दुवावक लिमछ। यस कारण अभिलेखमा देखिएको संवत् ३८६ वि. सं. ३७६ देखि उठेको गुप्तसंवत् हो भनी आचार्य फ्लीटले बोलेका छन्। तर यस्ता तिथिमिति बराबर दोहोरिरहने हुनाले यसबाट खास यही वर्ष हो भनी किटान गरेर बोल्न सकिंदैन भनी लेभीले बोलेका छन्।[५] यस्तो तिथिमिति त वि. सं. ५५३ ज्येष्ठ १३ गते† पनि पर्दछ भनी उनले आफूले निकालेको निष्कर्षअनुसारको संवत्‌सँग पनि मिलाएका छन्। यस्तो तिथिमिति यही वर्षमा मात्र पर्दछ भनी लेभीले बोलेका छैनन्।

यसमा आश्चर्यलाग्दो कुरा के छ भने आचार्य बासकले लेभीको वास्तव सिद्धान्त अडेको वास्तव मतको उल्लेख नै गरेका छैनन्।[६] यसलाई छोट्करीमा तल लेखिएबमोजिम उल्लेख गर्न सकिन्छ।

४क. १५, १९ तथा ३१ संख्या बाहेक लगत्तै तल आउने कण्डिकामा भनिएका कुराबाट पनि।

* ई. सं. ४९६ मे १ तारीख मङ्गलवार।

‡ ई. सं. ७०५ को अप्रिल २८ तारीख।

५. ले नेपाल तेस्रो भाग ७ पृष्ठ।

† ई. सं. ४९६ मे १ तारीख।

६. सोही ग्रन्थको ४९ पृष्ठ।

"संवत् ४४९ को किसिपिडीको अभिलेख (लेभी ६ संख्या) मा प्रथम आषाढ अर्थात् पहिलो आषाढ महीना भनी लेखिएको छ। यसबाट संवत् ४४९ को आषाढमा अधिमास परेको थियो भन्ने देखिन आउँछ। शिवदेवको खोपासीको अभिलेखमा संवत् ५२० भनी लेखिएको छ। शिवदेव अंशुवर्माका सामानकालिक थिए। यस कारण शिवदेवको समय विक्रमको सातौं शताब्दीको उत्तरार्धभित्र पर्न आउँछ। संवत् ४४९ संवत् ५२० भन्दा ७१ वर्ष अगाडि पर्दछ। यस कारण यो विक्रमको सातौं शताब्दीको शुरूतिर पर्न आउँछ। यस शताब्दीभरमा आषाढमा अधिमास परेका वर्षहरू शकसंवत् ४८१ (वि. सं. ६१६), शकसंवत् ५०१ (वि. सं. ६३६) तथा शकसंवत् ५२० (वि. सं. ६५५) यी तीनओटा मात्र पाइन्छन्। संवत् ४४९ भन्दा संवत् ५२०, ७१ वर्षपछि पर्ने हुनाले र शिवदेव अंशुवर्माका सामानकालिक हुनाले पनि पछिल्ला दुइ संवत् वि. सं. ६३६ तथा वि. सं. ६५५ यी दुइ वर्ष लिंदा शिवदेव अंशुवर्माभन्दा पछिल्तिर धकेलिने हुनाले यी दुइ संवत् लिन सकिएन। यस कारण संवत् ४४९ सँग मिल्ने संवत् पहिलो संवत् अर्थात् वि. सं. ६१६ मात्र हुन सक्ने भयो र (वि. सं. ६१६—४४९ =वि. सं. १६७ हुने हुनाले) पहिलो संवत् वि. सं. १६७ देखि उठेको हो भन्ने देखिन्छ।"

लेभीले जुन पद्धतिलाई आधार मानी आफ्नो सिद्धान्त निकालेका हुन् त्यो कुरो आचार्य बासकले बुझेकै रहेनछन्। शिवदेवको खोपासीको अभिलेखमा रहेको संवत्को संख्या वास्तवमा ३२० हो त्यसलाई लेभीले भूलले ५२० भनी पढेका छन्, त्यसो गर्दा शिवदेवको समयसँग यो मेल खाँदैन, सो अभिलेखको संवत् ५२० हो भनी मानेर नै लेभीले आफ्नो सम्पूर्ण सिद्धान्त निकालेका हुन् भनी बासकले लेभीको मतको आलोचना गरेका छन्। अभिलेखमा रहेको संवत्को संख्याको शतस्थानी अङ्क ३०० जस्तै देखिन्छ, त्यसलाई ५०० पढ्न स्वयं लेभी पनि धर्मरिएका छन् भनी बासकले बोलेका छन्। यो कुरो बिलकुलै बेठीक हो। लेभीको वास्तव कुराको उल्टो कुरोलाई लेभीको मत हो भनी बासकले बोलेका छन्। अभिलेखमा रहेको शतस्थानी संख्यालाई ३०० भनी नपढी ५०० भनी किन पढ्नुपर्‍यो भनी लेभीले लामो तर्क गरेका छन्।[७] अभिलेखको संवत्को शतस्थानी अङ्क ५०० भनी भगवानलालले जो पढे त्यो ठीक थियो। तर भगवानलालको यस विषयको लेखको कुनै चर्चा नगरी तथा भेदको विषयमा पनि केही नबोली भक्तपुर गोलमाढीटोलको शिवदेवको शिलालेखको

७. उही ग्रन्थको ७३ पृष्ठ।

शतस्थानी अङ्क ३०० हो भनी बेन्डालले पढेका छन्। यो "आश्चर्यको कुरो छ" भनी लेभीले बोलेका छन्। अभिलेखमा रहेका शतस्थानी ३०० को संख्यालाई दुइ ठाउँमा लेभीले ५०० पढे भनी बासकले बोलेका छन्। तर लेभीले अर्को अभिलेखमा रहेको ५१८ भनी पढेको संख्यालाई लेभीको नामै नलिई सुटुक्क बासकले ३१८ भनी लेखेका छन्। लेभीले यस चिह्नमा ५ को चिह्न सयको चिह्नको दायाँतिर जोडी राखिएको कुरा देखाएका छन्। धर्मपुरको शिलालेखको चर्चामा उनले "यहाँ ५०० को ५ चिह्न खोपासीको शिलालेखको ५ को चिह्न जस्तै दुरुस्त छ तर सयको चिह्न खोपासीको (अंग्रेजी अङ्क) ३ जस्तै दोहोरो घुमाउरो हुनुको सट्टा आफ्नै ध्रुवमा घुमेको अलि अलि (अंग्रेजी अक्षर) एस् जस्तै छ" भनी भनेका छन्।[८] यसबाट स्पष्ट हुन्छ, आचार्य बासकलाई लेभीको वक्तव्य र तर्कको ज्ञान साह्रै अपूरो थियो र उनी त्यसको विशेष गरी बाङ्गो अर्थ लगाउने गर्थे। यो साह्रै दुर्भाग्यपूर्ण कुरो हो, किन भने बासकले आफ्नो पाण्डित्यपूर्ण कृतिमा नेपालको कालनिर्णयको सम्बन्धमा त्यस्तो विद्वत्तापूर्वक सविस्तार गरेको चर्चालाई, खास गरी उनी (बासक) भन्दा अगाडिका विद्वान्हरूका मूल लेखकहरूको अध्ययन गर्न नचाहने वा नसक्ने जो छन् तिनीहरूले यस विषयमा अहिलेसम्म भएका मतहरूको एउटा राम्रो सार भनी (बासकको लेखलाई) मानिलिनु सम्भव छ। यसैले मैले यस विषयमा अलि विस्तारपूर्वक चर्चा गर्ने आवश्यकता देखेको छु।

अब कालनिर्णयसम्बन्धी मूल प्रश्नमै आऔं। यसमा के देखिन्छ भने सबै समस्याको समाधान नै (विक्रमको छैटौं शताब्दीको दोस्रो अर्द्ध भागमा भएका) शिवदेवका शिलालेखहरूमा अङ्कित, लेभीले ५०० र आचार्य बासकले ३०० भनी पढिएका संवत्हरूको शतस्थानी संख्यावाचक चिह्नको व्याख्यामा अल्झेको छ। किन भने यीभन्दा स्पष्टतः अघिका थोरै मात्र अरू शिलालेखहरूमा ३८६ देखि ४८९ सम्मको संख्याका संवत्हरू अङ्कित भएका छन्। शिवदेवका शिलालेखहरूका संवत्हरू ५०० देखि ५२० सम्मका हुन् भनी मान्ने हो भने, सबै तिथिमितिहरू एउटै संवत्का सिलसिला मिलेर आएका हुन्छन् र सो संवत्को उठान पनि वि. सं. १५७ को नजीकै भएको हुनु असम्भव छैन। वि. सं. १६७ देखि यो संवत् शुरू भएको हुनुपर्छ भन्ने लेभीको मतसित हामी सहमत हुनुपर्छ। अर्कोतिर शिवदेवका संवत्हरू ३१० र ३२० को बीचका हुन् भने स्पष्टतः तिनीहरू गुप्तसंवत्का हुन्

---

८. उही ग्रन्थको ६८ पृष्ठ

र संवत् ३८६ र ४८९ * का बीचका, प्राचीन राजाहरूका संवत्हरू बेग्लै संवत्का हुनुपर्छ । यो संवत् शकसंवत् जस्तो अथवा इन्द्राजीले सुझाएको र आचार्य बासकले ठीक ठहऱ्याएको विक्रमसंवत् जस्तो कुनै प्रसिद्ध संवत् हुनु धेरै सम्भव छ किनकि यस अवस्थामा नेपालसंवत् जस्तो कुनै विशेष संवत् भएको अड्कल गर्नको लागि पर्याप्त आधार पाइँदैन ।

लेभीले माथि उल्लेख गरे जस्तै त्यो अङ्कको चिह्नलाई पढ्दा ३०० भनी नपढी ५०० भनी किन पढ्नुपरेको हो भन्ने बारेमा लामो चर्चा गरेका छन् । उनको भनाइअनुसार ३०० को चिह्न बनाउँदा धेरै जसो १०० को चिह्नमा भएको तलमाथि गरी सोझो रहेको चिह्नको ठीक बायाँपट्टि दुइओटा चिह्न लगाएर बनाउँछन् । बुह्लरले भने जस्तै ४०० र सोदेखि माथिका अङ्कहरूमा शत-अङ्कहरूको निर्माण समयसूचक चिह्न र ४ देखि ९ सम्मका कुनै खास संख्यावाचक अङ्कलाई यताउति गरेर गरिन्छ । लेभी शिवदेवका शिलालेखहरूमा सयको चिह्न अंग्रेजी लिपिको अङ्क ३ जस्तै भएको र यसमा ठीक बायाँपट्टि तल्लो भाग घुमाउरो भएर टुंगिएको दुइओटा धर्साहरू भएको एउटा तलमाथि गरी सोझो भएर रहेको रेखाको अर्को चिह्न जोडिएको कुरा उल्लेख गर्दछन् । लेभीको भनाइ-अनुसार यो चिह्न ५ को चिह्न हो । लेभी आफ्नो विचारलाई बुह्लरको फलकसंख्या ९ को ७ मा रहेको ५ को यस्तै चिह्नलाई अघि सारेर पुष्टि गर्दछन् । उनको विचारमा बुह्लरको फलकसंख्या ९ को १३ र १४ मा उतारिएका दुइओटा चिह्नहरूले बेग्लाबेग्लै अर्थ बुझाउँछन् । पहिलोले ३०० लाई बुझाउँछ भने दोस्रोले ५०० लाई बुझाउँछ । लेभीको तर्कमा निःसन्देह ठूलो बल छ र दुःखको कुरा यो हो कि आचार्य बासक यो कुराको चर्चै नगरी त्यो चिह्नको अर्थ ३०० हो, ५०० होइन भनी चूपचाप बस्तछन् । त्यसो भए तापनि लेभीका तर्कहरू पूरा चित्त बुझाउने खालका छैनन्, यो कुरा मान्नैपर्छ । पहिलो कुरा शिलालेखमा उल्लेख भएको चिह्नलाई उनले ५ भनी मानेका छन्, निःसन्देह बुह्लरको फलकसंख्या ९ को ७ मा उतारिएको ५ को चिह्न जस्तै छ । तर त्यस चिह्नले कुषाणकाललाई जनाउँछ । त्यो चिह्न कुनै रूपमा पनि नेपालका शिलालेखहरू उदाहरणार्थ हाँडिगाउँको शिलालेखमा उल्लेख गरिएको करीवकरीव त्यही समयको ५ को चिह्नसँग मिल्दोजुल्दो छैन । दोस्रो कुरा, नेपालका शिलालेखहरूमा भएको ४०० लाई बुझाउन कुँदिएको चिह्नमा ठीक बायाँपट्टि खडा धर्सो भएको १०० को पूर्ण रूप देखिन्छ जब कि लेभीको

---

* संवत् ४८९ हुनुपर्नेमा मूलमा संवत् ४४९ लेखिएको छ । —अनुवादक

सिद्धान्तअनुसार यो कुरा ५०० को हकमा देखिंदैन । यो निःसन्देह सम्भव विचार हो र १०० को लघुकृत रूप अंग्रेजी अङ्क ३ जस्तै हुन गएको कारण सय वर्षको बीचमा आकारमा अलिअलि फरक हुँदै गएर भएको हुन सक्तछ । अर्को के पनि मान्न सकिन्छ भने खडा धर्सोमा ठीक बायाँपट्टि एउटा चिह्न जोडिएको ३ जस्तो अङ्क प्राचीन कालको १०० बुझाउने चिह्नको परिवर्तित रूप हो र यसको ठीक बायाँपट्टि दुइओटा चिह्न लगाइदिएमा यो ३०० को चिह्न हुन जान्छ । ती दुइओटा चिह्नमध्ये एउटाको टुप्पो अलि घुमेको देखिएको छ । ती दुइ थरी अभिलेखको बीचको दुइ–तीन सय वर्षको फरकमा भएको परिवर्तनले गर्दा यसो भएको हुन सक्छ । यस कुराको पुष्टिको लागि धर्मपुरको शिलालेखमा भएको चिह्नको आकार प्रकार पुरानो ३०० को चिह्नसित मिल्दोजुल्दो छ र यो मध्यम खालको रूप हुन सक्ने कुरा मान्न सकिन्छ । यसैले ३०० को चिह्न शुद्ध र स्पष्ट छ भन्ने आचार्य बासकको मतसित हामी एकातिर सहमत हुन असमर्थ छौं भने अर्कोतिर इन्द्राजी र लेभीले अधिकारपूर्वक जतिसुकै भने पनि यो चिह्नलाई ५०० नै हो भनी निश्चित रूपले सकार्न उत्तिकै गाह्रो परेको पाउँछौं । जबसम्म यस्तो अभिलेख फेला पर्दैन जसमा अङ्क लेखिएको मात्र नभई अक्षरमा पनि स्पष्ट लेखिएको हुन्छ, तबसम्म यो समस्याको कुनै अन्तिम समाधान हुन गाह्रो पर्दछ । त्यस बेलासम्म हामीले सामान्य ऐतिहासिक तथ्यमा आधारित कालनिर्णयको एउटा मोटामोटी ढांचामा चित्त बुझाएर बस्नुपर्ने भएको छ । अब हामी यसैको चर्चातिर लागौं ।

नेपालका प्राचीन राजाहरूको सूची असंख्य स्थानीय ऐतिहासिक विवरणहरूबाट तयार भएको हो भन्ने सर्वविदित कुरा हो र त्यस्ता विवरणहरूको नाम वंशावली हो । तर यी विवरणहरूलाई अझ बढी स्पष्ट प्रमाणद्वारा सिद्ध नगरेसम्म भरपर्दो ऐतिहासिक तथ्यको रूपमा मान्न सकिंदैन । खुशीको कुरा हो, विक्रमको आठौं शताब्दीको उत्तरार्द्धमा राज्य गरेका राजा जयदेवको पशुपतिस्थानको शिलालेख र केही अरू अभिलेखबाट वंशावलीहरूको कमसेकम कुनै खण्डको परीक्षा गर्न मद्दत मिलेको छ, र यो नै तत्कालको लागि नेपालको इतिहास र कालनिर्णयसम्बन्धी मेरो चर्चाको प्रारम्भस्थान हुनेछ ।

पशुपतिमन्दिरको शिलालेखको[१] शुरूमा सूर्यवंशी पौराणिक राजाहरूको एउटा विवरण दिइएको छ, जसको कुलमा 'अहिलेसम्म विद्यमान छ' भनिएको लिच्छविवंशका विख्यात नायक लिच्छविको उत्पत्ति भएको थियो । केही नाम

---

१. भारतीय प्रत्नतत्त्व ९ भागको १७८ पृष्ठ ।

नजानिएका निर्दिष्ट संख्याका (जुन यत्ति नै भनेर अभिलेखको भाग भग्न भएकोले
भन्न सकिँदैन।) राजाहरूलाई नाघेर हामी पुष्पपुरमा जन्मेका सुपुष्पमा आइपुग्छौं।
सुपुष्पपछि तेईस जना राजाहरू भए भनी भनिएको छ। अनि प्रतापी राजा जयदेवको
नाम आउँछ। त्यसपछि नाम नदिइएका एघार राजाहरू आउँछन् र त्यसपछि
वृषदेव आउँछन्। यसरी हामी पहिलोपटक वसन्तदेवसम्मका छ जना राजाहरूको
उत्तराधिकारीक्रमको एउटा व्यवस्थित सूची पाउँछौं।

धेरै दुःखको कुरा हो, वसन्तदेवको वर्णनपछिकै श्लोकको मध्यभागका धेरै
अक्षरहरू फुटेर नष्ट भएका हुनाले राम्ररी पूरा पढ्न सकिँदैनन् र यसको शुरू
'अस्यान्तरेपि–उदयदेव– इति क्षितीशाज्जात' र अन्त्यमा 'श्च' पछि 'नरेन्द्रदेव' शब्द-
हरूको उल्लेख भएको छ। तर बीचका छ अक्षरहरू, जसले निश्चय नै ती दुइ जना
राजाहरूको सम्बन्ध बुझाएका छन् र ती अक्षरहरू फुटेकाले पढ्न नसकिने छन्।
इन्द्राजीले यी नष्ट भएका अक्षरहरूलाई 'स्त्रयोदश तत' भनी पढेर यो श्लोकको
अर्थ 'त्यसपछि राजा उदयदेवबाट जन्मेका तेह्र जना (शासकहरू) र अनि नरेन्द्र-
देव आए' भनी लगाएका छन्। तर यो अर्थ लगाउनको लागि उनले अघिल्लो
शब्दलाई 'जाता' भनी बहुवचनमा पढेका छन् यद्यपि उनी आफैंसँग भएको उतार र
मूल छापामा 'जात' शब्दको पछि 'आ' कार नभएको स्पष्ट छ। वास्तवमा शिला-
लेखको मूल छापा प्रति पढ्ने सुविधा पाएका आचार्य फ्लीटले 'स्त्रयोदश' भनी
पढ्नुमा कुनै औचित्य छैन भनेका छन्, यसरी पढ्न नमिल्ने अरू पनि धेरै कारण-
हरूको उल्लेख गर्दै 'अन्तमा उनी ती फुटेका अक्षरहरूमा 'नरेन्द्रदेवका एउटा वा
शायद दुइ ओटा उपाधिवाचक शब्दहरूबाहेक अरू केही नभएको र यी राजा,'
बीचमा अरू तेह्र जना राजाहरू भए भनिए तापनि उदयदेवका छोरा हुन्' भनी
भन्छन्।[१०] शिलालेखका छुट्टै नयाँ प्रतिहरू पाउन सफल भएका सिल्भाँ लेभी
पनि यस्तै विचार गर्दछन् र स्पष्ट देखिएको 'जात' शब्दको पछाडि दुइ वटा
शङ्कास्पद र चार वटा टुटेका अक्षरहरू, जसलाई इन्द्राजीले 'त्रयोदश तत' भनी
पढेका हुन्, आएका छन् भनी भन्दछन्। यसैले उनी यसलाई 'राजा उदयदेवबाट
उत्पन्न भए ...... नरेन्द्रदेव'[११] भनेर मात्र पढ्न र अर्थ लगाउन सक्छौं
भन्दछन्। यी कुराहरूको वास्तै नगरी आचार्य बासकले सरासर 'त्रयोदश'
शब्दपछिको अक्षर फुटेको स्थानमा नरेन्द्रदेवको उपाधिस्वरूप 'नृप' शब्द राखी

---

१०. भारतीय अभिलेखसङ्ग्रहको तेस्रो भागको परिचयको १८७ पृष्ठ।
११. ले नेपालको दोस्रो भागको १६२ पृष्ठ।

सुधार्न सकिने कुरा बताएका छन् । जसबाट दोस्रो पङ्क्तिको पूरा पाठ 'जातस्-त्रयोदश- (नृपस्) + च नरेन्द्रदेवः' हुन्छ र त्यसपछि त्रयोदशलाई संख्यावाचक नमानी संख्येयवाचक मानेमा उदयदेव र ध्रुवदेव (भ्रमवश नरेन्द्रदेवको सट्टामा भनिएका) वसन्तदेवपछिका बाह्रौं र तेह्रौं राजा हुन आउँछन् ।[१२] यसबाट आचार्य बासक शिलालेखमा त्रयोदश शब्द सफा र स्पष्ट भएको र टुटेको अंश यसपछि मात्र शुरू भएको भन्नेमा ढुक्क भएका देखिन्छन् । तर इन्द्राजीको आफ्नै संकलनमा भएको प्रतिलिपि र अरू प्रतिरूपहरूको स्वतन्त्र अध्ययनमा आधारित फ्लीट र लेभीका विचारहरूबाट, आचार्य बासकले ठीक मानेको अर्थमा त्रयोदश पढ्नुमा कुनै औचित्य छैन भन्ने कुरा स्पष्ट हुन्छ ।

हामीले यसैले, कमसेकम अहिलेको लागि, वसन्तदेव र उदयदेवको बीचको अवधिमा १३ जना (आचार्य बासकको भनाइअनुसार ११ जना) राजाहरू भए भन्ने कुरालाई बिलकुलै परित्याग गर्न सक्तछौं । यी दुइ राजाहरूलाई 'अस्य-अन्तरे' भन्ने जुन शब्दले जोडेको छ त्यसको खास अर्थ यही हो भनी निश्चित गर्न त सकिंदैन तर, लेभीले देखाए जस्तै,[१३] फ्लीटले गरेको त्यस अवधिको इतिहासको पुनर्निर्माण मात्र योग्य छैन भन्ने कुरामा कुनै शङ्का छैन । लेभीको भनाइअनुसार वसन्तदेवको राज्यकालपछि नेपालको लिच्छवि राजवंशको इतिहासमा एउटा संकटकाल आयो । त्यो बेला अंशुवर्मा र जिष्णुगुप्तले राजशक्ति आफ्नो हातमा लिएर उदयदेवका छोरा नरेन्द्रदेवले राज्य फर्काएर नलिएसम्म शासन चलाएका थिए ।[१४] निश्चित प्रमाण नभए पनि यो सिद्धान्त हालको लागि सबैभन्दा बढी सन्तोषजनक देखिन्छ ।

पशुपतिमन्दिरको शिलालेखमा दिइएको नेपालका प्राचीन राजाहरूको वंशवली शुरूका पौराणिक राजाहरूको नामबिना, यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

---

१२. उत्तरपूर्वी भारतको इतिहासको २८१ पृष्ठ ।

१३. फ्लीटले मानदेवको समय शिवदेव र अंशुवर्मापछि निश्चित गरेका छन् । यो कुरा आचार्य लेभी र आचार्य बासकले प्रस्तुत गरेका प्राचीन अभिलेख र ऐतिहासिक प्रमाणको यति विपरीत छ कि यसलाई त्यति साह्रो विचार गर्नु आवश्यक छैन ।

१४. ले नेपालको दोस्रो भागको १६३ पृष्ठ ।

१. जयदेव

|

} ११ राजा

|

१३. वृषदेव

|

१४. शङ्करदेव

|

१५. धर्मदेव

|

१६. मानदेव

|

१७. महीदेव

|

१८. वसन्तदेव

⋮

१९. उदयदेव

| (?)

२०. नरेन्द्रदेव

१३ संख्यादेखि १६ संख्यासम्मका राजाहरूको उल्लेख (१६ संख्याका राजा) मानदेवको संवत् ३८६ को शिलालेखमा आएको छ।[१५] संवत् ३८७* र संवत् ४१३ का[१६] मानदेवका अरू दुइवटा अभिलेखहरू र (१८ संख्याका राजा) वसन्तदेवको संवत् ४३५ को[१७] अभिलेख पाइएका छन्।

१८ संख्या र १९ संख्याका राजाहरूका बीचको अवधिमा अरू कंयन् राजाहरूले राज्य गरे जसको नाम विभिन्न अभिलेखहरूबाट थाहा पाइएको छ। शुरूमा प्रथम शिवदेव र उनका महासामन्त अंशुवर्माको नाम छ। अंशुवर्माले सारा राज्यशक्ति आफ्नो हातमा लिएर एउटा निरंकुश राजाले जस्तै राज्य गरे। उनका संवत् ३०, ३२ र ३४ का शिलालेखहरू छन् र सायद एउटा संवत् ४५ को अभिलेख छ। सामान्यतया यी संवत्‌हरू वि. सं. ६६३ मा शुरू भएको भनिएको हर्षसंवत्‌का हुन् कि, अथवा लेभीले भने झैं वि. सं. ६५२ मा उठेको भोटे संवत्‌का हुन् भनी पछि विचार गरिनेछ। तर अंशुवर्माको शासनकाल विक्रमको सातौं शताब्दीको अन्त्यमा थियो भन्ने कुरा युवान च्वाङ्गको वर्णनबाट थाहा पाइएकोले त्यसमा शङ्का उठाउन सकिंदैन।

प्रथम शिवदेव र अंशुवर्मापछि अरू दुइ राजा, जिष्णुगुप्त र द्वितीय शिवदेव भए भन्ने कुरा क्रमशः संवत् ४८ र संवत् ११९ का अभिलेखहरूबाट थाहा हुन आएको छ। यी संवत्‌हरू अंशुवर्माका अभिलेखहरूमा व्यवहार गरिएका संवत्‌कै हुन् भन्ने कुरामा शङ्का छैन।[१८]

नरेन्द्रदेवका छोरा द्वितीय शिवदेव हुन्। यी नरेन्द्रदेव वंशावलीको क्रमअनुसार २० सौं संख्याका राजा हुन् भन्ने सबै विद्वान्‌हरूको मत छ। लेभीले

---

१५. इन्द्राजीको १ संख्या, लेभीको १ संख्या, आचार्य बासकले यस शिलालेखलाई खण्डित भनी उल्लेख गरेका छन् (उत्तरपूर्वी भारतको इतिहासको २४२ पृष्ठ)। उनले इन्द्राजीले पढ्न नसकेका अन्तिम पंक्तिहरू लेभीले पत्ता लगाइदिएका थिए भन्ने कुराको उपेक्षा गरेका थिए।

* पुस्तकको मूल वाक्यमा संवत् ३८७ हुनुपर्नेमा ३९७ उल्लेख भएको छ। (लेभी तेस्रो भागको २१ पृष्ठ) –अनुवादक

१६. लेभीको २ संख्या, इन्द्राजीको २ संख्या।

१७. इन्द्राजीको ३ संख्या।

१८. यस कण्डिकामा उल्लिखित शिलालेखहरूको लागि उत्तरपूर्वी भारतको इतिहासमा दिइएको सूची, २४८ पृष्ठदेखि हेर्नू।

चिनियाँ वर्णनको पनि उल्लेख गरेका छन् । त्यसअनुसार वि. सं. ७०० मा वा त्यसँताका नरेन्द्रदेव राजगद्दीमा थिए ।[१९] यसरी उनले लगभग पचास वर्षको लामो समयसम्म शासन गरेका थिए । उनका नाति द्वितीय जयदेवले अंशुवर्मा-देखि चलेको संवत् १५३ को अभिलेख राखेका छन् । यसबाट नरेन्द्रदेव उनका छोरा र नातिले गरी एक सयवर्ष वा त्यसभन्दा बढी समयसम्म राज्य गरेको देखिन्छ ।

चिनियाँ वर्णनअनुसार नरेन्द्रदेवका बाबुलाई उनका भाइले गद्दीबाट निकालेकाले नरेन्द्रदेवलाई भोटतिर लाग्नुपरेको थियो भन्ने देखिन्छ । यसबाट र लिच्छविवंशभन्दा अर्कै वंशका अंशुवर्मा र जिष्णुगुप्तले राजकाज आफ्नो हातमा लिएको कुराबाट त्यस बखत देशभित्र गडबडी थियो भन्ने थाहा हुन्छ । एउटा वंशावलीमा किरातहरूले आक्रमण गरी केही काल राज्य गरेका थिए भन्ने पनि लेखिएको छ ।

त्यो बेला गडबड थियो भन्ने कुराको स्पष्ट संकेत पशुपतिमन्दिरको शिला-लेखका रचयिताले पनि दिएका छन् । वसन्तदेवसम्मका ६ जना राजाहरूको क्रमैसँग वर्णन गरिसकेपछि शिलालेखका रचयिता एक्कासि उदयदेवका छोरा नरेन्द्रदेवको वर्णन गर्न पुग्छन् । अगि दुइ पटक नबोले जस्तै यहाँ पनि उनी केही पनि बोल्दैनन् । लगतमा चढ्न सक्ने केही राजाहरूको वर्णन नै नगरी शिलालेखका रचयिताले वसन्तदेवको राज्यकालपछिका घटनामा पर्दा हाली नरेन्द्रदेवको राज्या-रोहणपछि मात्र सो पर्दा उघारिदिएका छन् ।

यसैले यसबाट मिल्ने अनुमान के गर्न सकिन्छ भने वसन्तदेव र नरेन्द्रदेवको बीचको अवधिमा कमसेकम व्यवहारमा लिच्छविवंशको अधिकार छुट्न गएको थियो । ढुंगामा कुँदिएका अभिलेखहरूमा लिच्छवि राजा शिवदेवको नाम सुरक्षित भएर रहेको छ । यी राजा या त हटाइएका थिए या त उनकै महासामन्त अंशुवर्माद्वारा विक्रमको सातौं शताब्दीका उत्तरार्द्धमा अधिकारबाट वञ्चित गरिएर

---

१९. ले नेपालको दोस्रो भागको १६४ पृष्ठ । लेभीले पृष्ठ १६२ मा सो संवत् वि. सं. ७०२ भनी बताएका छन् । आचार्य वासकले नरेन्द्रदेवलाई वि. सं. ७४७ तिर पुऱ्याएका छन् (उत्तरपूर्वी भारतको इतिहासको २८५ पृष्ठ) । यसो गर्दा उनले लेभीले उल्लेख गरेका चिनियाँ वर्णनको वास्ता गरेका छैनन् ।

नाम मात्रका राजा हुन पुगेका थिए । यस अवधिबारे शायद वंशावलीहरूमा अलि बढी प्रकाश पारिएको छ ।

लिच्छविवंशका २८ जना राजाहरूको विषयमा सबै वंशावलीहरूको वर्णन एकै किसिमको छ । त्योभन्दा पनि महत्त्वपूर्ण कुरो, तिनमा दिइएका राजाहरूका नाम र क्रम पशुपतिमन्दिरको शिलालेखमा १३ देखि १८ संख्यासम्ममा दिइएका नाम र क्रमसित ठीक मिल्दछन् । यसमा सूचीको शुरूमा जयवर्मा भन्ने एकजनाको नाम पनि दिइएको छ । यही सूचीमा कहीं शिववर्मा त कहीं शिवदेववर्मा भन्ने लेखिएको देखिएबाट यी जयवर्मा र पशुपतिको शिलालेखका (१ संख्या) जयदेव दुवै एउटै हुन् भन्न सकिन्छ । यद्यपि यस शिलालेखमा दिइएका राजाहरूको संख्या ११ को बदलामा वंशावलीहरूमा सो संख्या १३ भनी उल्लेख गरिएको छ । ढुंगामा कुँदिएका अभिलेखहरू र वंशावलीहरूको बीचमा जुन मिल्दोजुल्दो पन छ त्यसबाट तिनीहरूमा दिइएका लिच्छवि राजाहरूको विवरण प्रामाणिक हुन् भन्ने स्पष्ट छ र यसै कारण वसन्तदेवपछिको अवधिको कुरा जान्न यी नै वंशावलीको मद्दत लिनु बेमनासीब हुँदैन ।

वंशावलीहरूमा वसन्तदेवका तीन जना उत्तराधिकारीहरूको नाम क्रमैसंग उदयदेव, मानदेव र गुणकामदेव भनी उल्लेख गरिएको छ । लेभीले वसन्तदेवका शिलालेखहरूमा उल्लेख भएको जस्तै लिपि भएको अर्को अभिलेखको उल्लेख गरेका छन् जसमा नामको पहिलो भाग 'युवराजोद…' देखिएको छ, त्यसलाई उनले तर्कपूर्वक 'युवराजोदयदेव' अर्थात् राजकुमार उदयदेव भनी पढेका छन् । उनले त्यसै समयको एउटा अभिलेखमा गणदेव भनी उल्लेख भएका राजा वंशावलीमा उदयदेवपछि उल्लेख गरिएका राजा गुणकामदेव नै हुन् भन्ने मत पनि व्यक्त गरेका छन् ।[२०]

यसपछिका तीन राजाहरूको नाम सबै वंशावलीहरूमा एकनासले शिवदेव, नरेन्द्रदेव, भीमदेव भनी उल्लेख गरिएको छ । त्यसपछि भने केही फरक छ । अन्य तीन वंशावलीहरूमा यी राजाहरूपछिका दुइ ओटा राजाहरूको नाम विष्णुदेव र विश्वदेव भनी उल्लेख गर्दै विश्वदेवका ज्वाइँ अंशुवर्माले ठकुरीवंशको स्थापना गरे भनी लेखिएको छ । अर्को एउटा वंशावलीमा भने लिच्छविहरूभन्दा पहिले नेपालमा शासन गर्ने अहीरहरूले भीमदेववर्माको राज्यकालमा देशमा पुनः आधिपत्य

---

२०. ले. नेपालको दोस्रो भागको १२०–१२१ पृष्ठ ।

जमाए र तिनीहरूका तीन जना राजाले राज्य गरिसकेपछि शिवदेववर्माले लिच्छवि अधिकार फिर्ता लिए र त्यसपछि अंशुवर्मा राजा भए भनी लेखिएको छ।[२१]

त्यो वेला नेपालमा चलिरहेको राजकाजको कलहले गर्दा शायद वंशावलीहरूमा यसरी कुरा बाझिन गएको होला। यी विभिन्न विवरणहरूबाट साँचो कुरा यही हो भनी निश्चितरूपमा किटान गरी निकाल्नु गाह्रो कुरो हो। आश्चर्य लाग्दो कुरो के छ भने विष्णुगुप्त, जिष्णुगुप्त र भूमिगुप्त, यी तीन जना अहीर राजाहरूका नामको पछाडि गुप्त आएको छ र शिलामा उत्कीर्ण अभिलेखहरूबाट हामी जिष्णुगुप्त नाम गरेका एकजना राजाले अंशुवर्माको लगत्तै पछि राज्य गरेका थिए भनी थाहा पाउँछौं। यसैले तीन ओटा वंशावलीहरूमा अहीर-आक्रमणको कुरा लेखिएको नदेखिए तापनि यसमा केही ऐतिहासिक तथ्य हुन सक्छ, अहीर राजाहरूले राज्य गरेको हुन पनि सक्छ। वंशावलीहरूमा उल्लिखित पछिल्ला राजाहरूभन्दा अगाडि होइन पछाडि हो वा उही उही अवधिमा हो। तीन ओटा वंशावलीमा उल्लेख भएका विश्वदेव वर्मा र अर्को एउटा वंशावलीमा उल्लिखित शिवदेववर्मा एउटै हुन् भन्ने लेभीको भनाइ एकदम ठीक हो[२२] किनकि दुवैपछि मात्र अंशुवर्मा आएका हुन् भनिएको छ। यी राजाको नाम शिवदेव नै हो भन्ने कुरा शिलालेखहरूबाट निश्चितरूपले देखिन आएको हुँदा उनको नाम किटानसाथ उल्लेख गरी अहीर-आक्रमणको पनि कुरा गर्ने एउटै भए पनि यो वंशावली अरूभन्दा प्रामाणिक देखिन्छ। अहीर-आक्रमणको उल्लेखसम्म पनि नगर्ने तीन ओटा वंशावलीहरूमा भीमदेवपछि राजा हुने पहिला अहीर राजा विष्णुगुप्त हुन् भनी लेखिएको छ। यसबाट के भन्न सकिन्छ भने यी दुइ विष्णुदेव र विष्णुगुप्त एउटै राजाका दुइ नाम हुन् र यिनको नाम लिच्छवि राजाहरूको उत्तराधिकारीको सूचीबाट हटाउन सकिनेछ। अर्को शब्दमा भन्ने हो भने यी राजाले नेपालको केही भागमा त्यो वेला राज्य गरे जब शिवदेव राजा थिए जसले उनलाई वा उनका उत्तराधिकारीलाई अन्तमा पराजित गरे।

यसरी वंशावलीहरूको आधारमा हामी वसन्तदेवका उत्तराधिकारीहरूको क्रम मोटामोटीरूपले यस प्रकार बनाउन सक्छौं।

१. उदयदेव
२. (द्वितीय) मानदेव

---

२१. ले. नेपालको दोस्रो भागको ९२, १२२ पृष्ठ।
२२. ले नेपालको दोस्रो भागको१२४ पृष्ठ।

३. गुणकामदेव (गणदेव ?)
४. शिवदेव
५. नरेन्द्रदेव
६. भीमदेव
७. शिवदेव (अहीर–आक्रमण)
८. अंशुवर्मा (ठकुरीवंशका संस्थापक)

शिवदेव (७ संख्या) अंशुवर्माका प्रमुख सामानकालिक थिए भन्ने कुरा शिलालेखहरूबाट थाहा हुन्छ । लेभीको विचारअनुसार शिवदेव नाम गरिएका राजाहरू अर्थात् माथिको वंशावलीको सूचीका ४ संख्या र ७ संख्याका राजाहरू वास्तवमा एउटै हुन् र ५ संख्या र ६ संख्याका राजाहरूले राज्य गरेकै थिएनन्, उनीहरूका नाम त केवल पछिका राजाहरूको उत्तराधिकार पहिल्याउने संगतिको रूपमा मात्र दिइएका हुन् । लेभीले यस सन्दर्भमा तीन ओटा वंशावलीमा ४ संख्याका व्यक्ति ज्यादै महत्त्वपूर्ण राजाको रूपमा प्रस्तुत गरिएको, उनको विषयका अनेकन् कथाहरू चर्चा गरिएको र उनले राखिदिएका अनेकौं गूठीगानाको विस्तृत विवरण दिइएको कुरा स्पष्ट पारेका छन् । अर्कोतिर अंशुवर्माको लगत्तै अघि राज्य गर्ने शिवदेवले अनेकौं गूठीगाना राखिदिएको कुरो ढुङ्गाहरूमा कुँदिएका अभिलेखहरूबाट थाहा भएको छ । वास्तवमा अरू कुनै राजाले यत्तिको गूठीगाना राखेको देखिंदैन । यो तर्कमा[२३] निःसन्देह धेरै नै बल छ, तर यसको विपरीत सारा वंशावलीमा शिवदेव नाम गरेका दुइ जना राजा दुइ अलग अलग हुन् भनी एकै मतले जस्तो भनिएको प्रमाण अघि राख्न सकिन्छ ।

वसन्तदेव र शिवदेवको बीचको अवधिमा अंशुवर्मा पनि भए । यस अवधिमा छ जनाले राज्य गरे (लेभीको विचारअनुसार यस अवधिमा तीन जना राजाले राज्य गरे) भन्ने कुरा यताबाट देखिन्छ । शिवदेवको जीवनकाल विक्रमको सातौं शताब्दीको उत्तरार्द्ध थियो । वसन्तदेवको संवत् ४३५ को अभिलेख पाइएको छ। सो संवत् ४३५ लाई विक्रमसंवत् मान्ने हो भने वसन्तदेव र शिवदेवको बीचमा २५० वर्ष पर्न आउँछ, शकसंवत् मान्ने हो भने ११५ वर्ष पर्न आउँछ । यी दुइमा पछिल्लो नै धेरै तर्कसंगत छ भन्ने कुरामा शङ्का छैन । यस हिसाबले अहिलेको हाम्रो ज्ञानको स्थितिमा, मानदेव र वसन्तदेवका अभिलेखहरूमा उल्लेख भएको

---

२३. ले नेपालको दोस्रो भागको १२३–१२४ पृष्ठ ।

संवत् शकसंवत् हो भनी मान्नु धेरै उपयुक्त हुनेछ। लेभीले भनेबमोजिम वि. सं. १६७ देखि उठेको छुट्टै लिच्छविसंवत्चाहिं शकसंवत्भन्दा ३३ वर्ष* मात्र पछिको हो र यसबाट वसन्तदेव र उनका पूर्वजहरूका संवत्सम्बन्धी हाम्रो विचारमा खास केही असर पर्दैन। खालि कुरा के हो भने शिवदेवको शिलालेखको संवत्को शतस्थानी अङ्कलाई ५०० भनी पढ्यौं भने लेभीको यो मत ठीक ठहरिने धेरै सम्भावना छ। यद्यपि त्यस्त्र अवस्थामा पनि शकसंवत् नमिल्दो हुने छैन।

मानदेवदेखि वसन्तदेवसम्मका अभिलेखमा देखिएका संवत् विक्रमसंवत् हुन् भनी भगवानलाल इन्द्राजीले मानेका छन्। भगवानलालको कुरा आचार्य राधा-गोविन्द बासकले सकारेका छन्। वसन्तदेवभन्दा पछि नरेन्द्रदेवभन्दा अघि बीचमा तेह्र वा एघाह्र नाम थाहा नपाइएका राजा भए भन्ने अर्थ गरेर इन्द्राजी र बासकले विक्रमसंवत् मानेका हुन्। तर अहिले प्रमाणद्वारा सो अर्थ अशुद्ध हो भन्ने कुरा सिद्ध भैसकेको छ। तर विक्रमसंवत्को पक्षमा एउटा महत्त्वपूर्ण कुरा छ, जुन इन्द्राजीलाई त थाहा नै थिएन र आचार्य बासकले भने त्यसको वास्तै राखेनन्। संवत् ४४९ को किसिपिंडीको शिलालेखको त उल्लेख भई नै सकेको छ। त्यसमा अधिक आषाढको कुरा परेको छ। यही अधिमासलाई आधार मानी तथा वि. सं ६१६ को आषाढमा अधिमास परेको कुरा सारणीमा देखी लेभीले वि. सं. १६७ देखि लिच्छवि-संवत् उठेको हो भन्ने आफ्नो सिद्धान्त निकालेका हुन्। तर एल्. डी. यस्. पिलाइको सारणीमा वर्तमान विक्रमसंवत् ४४९ मा आषाढमा अधिमास परेको देखिन्छ। तर वर्तमान वा गत जेसुकै भए तापनि शकसंवत् ४४९ को आषाढमा अधिमास देखिंदैन। इतिहाससम्बन्धी कालनिर्णयको विषयमा तिथि-मितिकै गणनाको भरमा पर्दा पहिले पहिले परेको धोकालाई सम्झँदा सामान्य इतिहासबाट आएका नतीजाहरूसँग बाँध्दा बाँध्दै पनि तिथिमितिसम्बन्धी गणना-लाई नै प्रामाणिक मान्न गाह्रो पर्दछ। आर्यभटले सिद्धान्तज्यौतिषको प्रतिपादन गर्न लागेको समयभन्दा अघिको समयको विषयमा हामीहरू विचार गर्न लागेका छौं। यस कारण त्यस बेला अशुद्ध गणनापद्धति थियो अथवा भिन्नै प्रकारको गणना-पद्धति थियो वा भिन्न भिन्न ठाउँमा भिन्न भिन्न प्रकारका गणनापद्धति थिए होलान् भन्ने सम्झने हो भने तिथिमितिको गणनालाई नै इतिहासको कालनिर्णयको विषयमा निर्णायक प्रमाण मान्नु शायद बुद्धिमानी हुनेछैन। माथि भनेको कुराको एउटा उदाहरण दिइन्छ। अंशुवर्माको संवत् ३४ को अभिलेखमा पौषमा अधिमास

---

* यहाँ ३२ हुनुपर्नेमा मूलमा ३३ छापिएको छ। – अनुवादक

परेको देखिन्छ। वि. सं. ६६३ देखि उठेको हर्षसंवत् नै त्यो संवत् ३४ हो भनी फ्लीटले मानेका छन् र वि. सं. ६९७[२४] मा मध्यम मानले पौषमा अधिमास परेको थियो भनी भनेका छन्। लेभीले चाहिं यो संवत् वि. सं ६५२ देखि उठेको संवत् हो तथा वि. सं. ६८६[२५] मा पौषमा मध्यम मानले अधिमास परेको थियो भनी भनेका छन्। तर यस विषयको नवीनतम आधिकारिक मानिएको पिलाइको ग्रन्थ भारतीय कालगणनाको १० सारणीअनुसार वि. सं. ६८६ वा ६९७ कुनैमा पनि पौषमा अधिमास पर्दैन। बरु पिलाइको सारणीमा त वि. सं. ६८६ को पौषमा क्षयमास परेको देखिन्छ। तर जे भए तापनि यस विषयमा एउटा यस्तै हो भनी ठोकुवा गर्न सक्ने विद्वान् मानिसहरूले यी गणनासम्बन्धी कुरालाई सम्झेर विचार गर्नुपर्दछ।

पहिलो थरी संवत् विक्रमसंवत् हो भनी भन्न मिल्दैन तथा छुट्टै लिच्छवि-संवत् हो भनी मान्न पनि बलियो आधार छैन भन्ने कुरा यहाँसम्मका कुराबाट देखिन आउँछ।

यस कारण मानदेवदेखि वसन्तदेवसम्मका अभिलेखमा देखिएका संवत् अहिलेलाई शकसंवत् नै हुन् भनी मानी राख्नु उचित देखिन आउँछ।

यस हिसाबले मानदेवको राज्यकाल वि. सं. ५२१ देखि वि. सं. ५४८ सम्म हुन्छ। यसमा शुरू र अन्त्यमा गरी शायद एक दुइ वर्ष बढी नै होला। यो काल गुप्तसाम्राज्य ह्रास हुन लागेको काल हो, जसले गर्दा उत्तरी भारतमा राजकाजमा विशृङ्खलता बढ्दै जान लागेको थियो। यो कुरा मानदेवका अभिलेखहरूमा उल्लिखित उनका साङ्ग्रामिक महत्त्वका गतिविधिहरूसित ठ्याम्मै मिल्दछ। यस सन्दर्भमा एकजना मौखरि राजा (ईश्वरवर्मा, वा ईशानवर्मा) र पछिल्ला गुप्त राजा प्रथम जीवित गुप्त दुइ जनाको हिमालयप्रदेशका कोही दुश्मनसँग युद्ध भएको थियो भनी लेखिएको कुरा चाखलाग्दो छ। उनीहरूको लडाइँ विक्रमको छैटौं शताब्दीको मध्यतिर नेपालका लिच्छवि राजाहरूसँग परेको हुनु असम्भव छैन र त्यस अवस्थामा हामी के विश्वास गर्न सक्छौं भने त्यो बेला नेपालमा मानदेवले एउटा मजबूत राज्यशक्तिको स्थापना गरिसकेका थिए, जो दक्षिणका छिमेकी राज्यहरूको सुरक्षाको लागि एउटा खतरा हुन गएको थियो।

अंशुवर्मालि शक्ति हत्याउनुभन्दा अगाडिका नेपालका लिच्छवि राजाहरूको कालनिर्णय तल लेखिएबमोजिम देखिन आउँछ।

---

२४. भारतीय अभिलेखसंग्रह तेस्रो भागको परिचय १७९ पृष्ठ।

२५. एशियासम्बन्धी पत्रिका दोस्रो भागको ६२ पृष्ठ।

१. जयदेव — विक्रमको दोस्रो शताब्दीको अन्त्यतिर

|
|
|
|
|
|
|
|
|
|
|

११ राजा (विक्रमको तेस्रो शताब्दी र चौथो शताब्दीको अन्त्यतिर)

१३. वृषदेव
|
१४. शङ्करदेव
|
१५. धर्मदेव
|

अन्दाजि वि. सं. ४५७–५१७

१६. मानदेव अन्दाजि वि. सं. ५१७–५५२
|
१७. महीदेव " वि. सं. ५५२–५६७
|
१८. वसन्तदेव " वि. सं. ५६७–५७७
|

१९. उदयदेव
|
२०. द्वितीय मानदेव
|
२१. गुणकामदेव (गणदेव)
|
२२. शिवदेव (?)
|
२३. नरेन्द्रदेव (?)
|
२४. भीमदेव (?)
|

(१९–२४:) वि. सं. ५७७–६६७

२५. शिवदेव अन्दाजि वि. सं. ६६७
|
छोरी = अंशुवर्मा (शक्ति हत्याउने)

अंशुवर्मा अधिकार हत्याउन कुन दिन सफल भए भन्ने कुराको निर्णय गर्नु पनि नेपालको इतिहासको कालनिर्णयमा एउटा प्रश्न बन्न गएको छ। अंशुवर्माका ३०, ३२, ३४ र ३९ सम्मका अभिलेख पाइएका छन्। अंशुवर्मा राजाको रूपमा उल्लेख भएको एउटा शिलालेख पाइएको छ। त्यस अभिलेखको दशस्थानी अङ्क ४० हो भन्ने निश्चित छ। तर एकस्थानी अङ्क ४ हो वा ५ भन्ने कुरामा शङ्का छ। यी संवत् विक्रमसंवत् पनि होइनन्, शकसंवत् पनि होइनन् लेभीले कल्पना गरेका (वि. सं. १६७ देखि उठेका) लिच्छविसंवत् पनि होइनन् भन्ने कुरा पक्का छ। (वि. सं. ६६३ देखि उठेको) हर्षसंवत् नै अंशुवर्माका शिलालेखमा पाइएका संवत् हुन् भन्ने मत प्रचलित छ। परन्तु यी संवत् हर्षसंवत् हुन् भन्ने कुरा सकार्न ज्यादै गाह्रो पर्छ भन्ने कुरा लेभीले देखाएका छन्।[२६] सम्राट् हर्षवर्धनले नेपाल जितेका थिए भन्ने कुनै प्रमाण पाइँदैन, अर्को तिर यस बेला

---

२६. ले नेपालको दोस्रो भागको १५२ पृष्ठ।

भोटले नेपालमा अधिकार जमाएको थियो र नेपाल भारतको राजनीतिबाट पृथक् रहेको थियो भन्ने कुरा चिनियाँ वर्णनबाट देखिन्छ। युवान च्वाङ्गको वर्णनअनुसार उनी नेपाल जानुभन्दा अगाडि नै अंशुवर्मा बितिसकेका थिए भन्ने देखिन्छ। अंशुवर्माको अभिलेखका संवत् हर्षसंवत् हुन् भनी मान्दा पक्कै पनि अंशुवर्मा वि. सं. ७०३ भन्दा पछिसम्म पनि बाँचिरहेका देखिन्छन्। अर्कोतिर युवान च्वाङ्ग वि. सं. ६९४ तिर नेपाल गएका हुन् भन्ने देखिन आएको छ। यस्तो शङ्का उठेकोले युवान च्वाङ्ग नेपाल गएकै थिएनन् र उनले सुनेका अप्रामाणिक कुरा लेखेका हुन् अथवा उनले[२७] आफूले पाएको सूचनाको राम्रो-संग अर्थ नै नबुझी त्यस्तो लेखेका हुन् भनी यस शङ्काको समाधान गरिन्छ। नेपालमा हर्षसंवत् चलेको थियो भन्ने कुराको कुनै प्रमाण नपाइएकोले यस्तो समाधान विद्वज्जनग्राह्य हुन सक्तैन। युवान च्वाङ्गको वर्णन यस प्रकारको छ।[२८]

"त्यहाँका राजा क्षत्रिय छन् तथा तिनको वंश लिच्छवि हो। तिनी पढे-गुनेका योग्य तथा सच्चरित्र छन्। तिनी बुद्धधर्ममा आस्था राख्दछन्। भरखर त्यहाँ अंशुवर्मा नामका राजा भएछन्। यी राजा आफ्नो विद्या र चातुर्यले गर्दा प्रख्यात थिए। तिनले स्वयं शब्दविद्यासंबन्धी ग्रन्थ बनाएका थिए। ती राजा विद्याको आदर र गुणको कदर गर्थे। उनको यश सर्वत्र फैलिएको थियो।"

युवान च्वाङ्गको वर्णनको मैले जो लम्बेतान उद्धरण दिएँ, त्यसो गर्नु परेको मुख्य कारण युवान च्वाङ्गले खालि सुनेका कुराका भरमा नेपालका दुइ राजाका विषयमा लेखेका होइनन्, किन्तु आफैंले बुझेका कुरा लेखेका हुन् भन्ने देखाउनका लागि हो। युवान च्वाङ्ग स्वयं नेपाल गएका थिएनन् भन्ने कुरा सिद्ध गर्ने प्रमाण पाइएको छैन तापनि उनी नेपाल गएका थिएनन् भनी माने तापनि नेपालको विषयमा उनले प्रामाणिक कुरा थाहा पाएका थिएनन् भनी मान्न केही प्रमाण छैन। युवान च्वाङ्गले गरेको नेपालको भुवनकोश, हावापानी, मानिसहरूको चालचलन तथा धार्मिक स्थितिको वर्णनबाट उनी आफैं नेपाल गएका थिए अथवा उनले अरूबाट नेपालको प्रमाणिक तथा विस्तृत वर्णन पाएका थिए भन्ने देखिन्छ। युवान च्वाङ्ग नालन्दामा धेरै कालसम्म बसेका थिए तथा त्यसको वरिपरि पनि घुमेका थिए। त्यस बेला नेपालका वासिन्दा तथा नेपालको

---

२७. भारतीय प्रत्नतत्त्व तेह्र भाग ४२२ पृष्ठ।
२८. बीलको विवरणको २ भागको ८१ पृष्ठ।

विषयमा भरपर्दो सूचना दिन सक्ने मानिससँग उनको संपर्क भएको हुनुपर्छ। युवान च्वाङ्गले बोलेको कुरा प्रामाणिक छैन भन्नुको अर्थ विनाप्रमाणको कुरोलाई प्रामाणिक बनाउन निराधार कल्पनाको आश्रय लिनु नै हुन जान्छ। वि. सं. ७०० मा नेपालका राजा नरेन्द्रदेव थिए भन्ने अर्को चिनियाँ प्रमाण पाइएको छ (यो कुरा तल आउँदैछ)। यताबाट युवान च्वाङ्गको कुराले टेवा पाउँछ।

नेपालमा हर्षसंवत् चलेको थियो भन्ने सिद्धान्तको खण्डन गर्ने एक मात्र प्रतिष्ठित विद्वान् सिल्भाँ लेभी हुन्। उनले नेपालमा चलेका संवत्का विषयमा आफ्नै नयाँ सिद्धान्त निकालेका छन्। अंशुवर्माको एउटा अभिलेख (पाटन सुनधाराको अभिलेख) मा संवत् ३४ मा पौषमा अधिमास परेको थियो भनी लेखिएको देखिन्छ। पञ्चाङ्गगणनापद्धतिबाट वि. सं. ६८६ मा पौषमा अधिकमास परेको देखिएकोले अंशुवर्माको संवत् ३४ को उक्त अभिलेख वि. सं. ६८६ को हो भनी लेभीले सिद्धान्त निकालेका छन्। (वि. सं. ६८६–३४=वि. सं. ६५२ हुने हुनाले) अंशुवर्माले व्यवहार गरेको संवत् वि. सं. ६५२ देखि उठेको हो भन्ने सिद्धान्त लेभीले निकाले। भोटका राजा स्रङ्गचङ्गको सिंहासनारोहण अथवा उनका छोरा स्रङ्गचङ्ग गम्पोको[२९] जन्मको उपलक्ष्यमा चलेको भोटे संवत् यो हुनुपर्दछ भन्ने लेभीको विचार छ। उपर्युक्त दुवै भोटे राजाको आधिपत्य नेपालमा थियो भन्ने कुरा त साँचो हो, यस कारण लेभीको सिद्धान्त तर्कसंगत देखिन्छ। तर भोटे संवत् चलेको थियो भन्ने कुराको कुनै प्रमाण पाइएको छैन। सो प्रमाण नपाएसम्म लेभीको सिद्धान्त ग्राह्य हुन सक्तैन।

चिनियाँ दूतमण्डल वि. सं. ७०० मा नेपालको बाटो भई मगधमा आएको थियो र त्यस दूतमण्डललाई नेपालका राजा नरेन्द्रदेवले[३०] स्वागत गरेका थिए भनी प्रामाणिक चिनियाँ वर्णनको उद्धरण सिल्भाँ लेभीले दिएका छन्। यताबाट अंशुवर्माको राज्यकाल यो समयभन्दा अगाडि पर्न आउँदथ्यो भन्ने देखिन आउँछ। यताबाट युवान च्वाङ्गले भनेका कुरा साँचा हुन् भन्ने र अंशुवर्माका शिलालेखमा देखिएका संवत् हर्षसंवत्[३१] हुन् भन्ने कुरा उपपत्तिविनाको हो भन्ने दुइटा कुरा स्पष्ट देखिन आउँछन्। वि. सं. ६५२ देखि उठेको भोटे

---

२९. ले. नेपालको दोस्रो भागको १५४ पृष्ठ।

३०. ले नेपालको दोस्रो भागको १६४ पृष्ठ।

३१. अंशुवर्माका अभिलेखका संवत् हर्षसंवत् हुन् भनी आचार्य बासकले मानेका छन्, तर लेभीको सिद्धान्त र उनले उपस्थित गराएका चिनियाँ प्रमाणको विषयमा आचार्य बासक मौन धार्दछन्।

संवत् नै अंशुवर्माहरूले व्यवहार गरेको संवत् हो भन्ने लेभीको सिद्धान्त उपपत्तिसँग मेल नखाने हुन जान्छ। अंशुवर्मापछि उनी जस्तै अधिकारसंपन्न शासक भएका जिष्णुगुप्तको संवत् ४८ को अभिलेख पाइएको छ। यस अभिलेखमा जिष्णुगुप्तले आफ्ना मालिक भट्टारकमहाराज ध्रुवदेवको उल्लेख गरेका छन्। अर्को अभिलेखमा जिष्णुगुप्तले ध्रुवदेवको जस्तै गरी आफ्ना मालिक भट्टारक महाराज मानदेवको उल्लेख गरेका छन्। यस अभिलेखमा रहेको संवत् बुझिँदैन। जिष्णुगुप्तको तेस्रो अभिलेखमा यी राजाहरूको उल्लेख नगरी जिष्णुगुप्तको विजयराज्यमा भनी लेखिएको छ। यी तीन अभिलेखले जिष्णुगुप्तको क्रमैसँग उन्नति हुँदै गएको अवस्थालाई देखाउँदछन्। जिष्णुगुप्तले संवत् ४८ तिर राज्य गर्न शुरू गरे, पहिले उनले लिच्छवि राजा ध्रुवदेवको त्यसपछि मानदेवको नाम मात्रको प्रभुता स्वीकार गरेका थिए, पछिबाट नाममात्रको यो प्रभुता स्वीकार गर्नु पनि अनावश्यक सम्झी ती राजाहरूलाई हटाई जिष्णुगुप्त आफ्नै नामबाट राज्य गर्न लागे भन्ने कुरा यताबाट देखिन्छ। यताबाट संवत् ४८ भन्दा केही वर्ष पछिसम्म जिष्णुगुप्त शासन गरिरहेका थिए भन्ने देखिन आउँछ। अंशुवर्माले व्यवहार गरेको संवत् र जिष्णुगुप्तले व्यवहार गरेको संवत् एउटै हो भन्ने कुरामा केही शङ्का छैन। जिष्णुगुप्तको अभिलेखमा देखिएको संवत् ४८ लेभीको सिद्धान्तअनुसार वि. सं. ७०० मा पर्न आउँछ। वि. सं. ७०० भन्दा कमसेकम केही वर्ष पछिसम्म जिष्णुगुप्तको राज्यकाल थियो भन्ने कुरा यताबाट निर्धक्क भन्न सकिन्छ। लेभीले आफैंले उद्धरण गरी देखाएका चिनियाँ प्रमाणअनुसार वि. सं. ७०० मा नरेन्द्रदेव राज्य गरिरहेका देखिन्छन्। यताबाट वि. सं. ६५२ देखि उठेको भोटे संवत् नै अंशुवर्मा र जिष्णुगुप्तका अभिलेखमा देखिएका संवत् हुन् भन्ने लेभीको सिद्धान्त अत्यन्त कमजोर हुन जान्छ।

अंशुवर्माका अभिलेखमा देखिएका संवत्हरू अंशुवर्माको राज्यकालको प्रारम्भदेखि उठेका वर्षका सूचक हुन् तथा त्यही संवत्लाई उनका उत्तराधिकारीहरूले पनि चलाएका हुन् भन्ने कुरो पनि हुन सक्तछ। अहिले भनेको यो कुरो हुन सक्ने कुरो हो। तर अंशुवर्माका संवत् ३० भन्दा पहिलेका अभिलेख पाइएका छैनन् तथा संवत् ३० को हाँडिगाउँको अंशुवर्माको अभिलेखमा उनको राज्याभिषेकसम्बन्धी कुरो परेकोले यो संवत् उनको राज्याभिषेकदेखि चलेको हो भन्न पनि गाह्रो पर्दछ। यी दुइ कारण देखाई लेभीले[३२] यो संवत् अंशुवर्माको राज्यकालको सूचक हो भन्ने

३२. ले नेपालको दोस्रो भागको १५२-१५३ पृष्ठ।

कुराको खण्डन गरेका छन्। तैपनि लेभीले देखाएका यी दुइ आपत्तिबाट कुरो टुङ्गिंदैन। किन भने लेभीले दिएको पहिलो आपत्ति अहिलेसम्म पाइएको छैन भन्ने कुरोमा अडेको छ। दोस्रोचाहिं अंशुवर्माको अभिलेखमा परेको 'अभिषेकहस्ती' 'अभिषेकाश्व' यी पद अंशुवर्माको राज्याभिषेकसँग सम्बद्ध भएका वृत्तान्तका सूचक हुन् भन्न सकिंदैन। किनभने यस अभिलेखमा विभिन्न व्यक्तिहरूका भाग ठेकिएको कुरा परेकोले यो अंशुवर्माको राज्याभिषेकसँग सम्बद्ध भएको कुरा हो भनेर ठोकेर भन्न सकिंदैन। यसैले अंशुवर्माका अभिलेखमा देखिएका संवत् उनको शासनकाल-सूचक संवत् नहोलान् भन्न सकिंदैन। अंशुवर्माले आफैंले नयाँ संवत् चलाएका थिए भन्ने कुरा मान्नै पर्ने केही कारण छैन। कसैको राज्यकालसूचक वर्षलाई उनका उत्तराधिकारीहरूले पनि चलाउँदै लगेको र यतैबाट नयाँ संवत् चलनचलतीमा आएको घटना पनि प्रायः देखिएको छ।

यस कुरामा अर्को संभावना पनि देखिन्छ। वि. सं. ९३६ (९३७) को कार्तिकशुक्ल प्रतिपदादेखि नेपालसंवत् चलेथ्यो, त्यो नेपालसंवत् अहिलेसम्म पनि चलनचलतीमा छँदैछ। यस नेपालसंवत्को उत्पत्तिको विषयमा प्रामाणिक वर्णन अथवा विश्वसनीय परम्परा पनि पाइएको छैन। शकसंवत्को[३२] ८०० वर्ष बितिसकेपछि यस नेपालसंवत्को प्रारम्भ भएको हुनुपर्छ भन्ने लेभीको विचार छ, अर्थात् शकसंवत्को नवौं शताब्दी प्रारम्भ भएपछि यसका शतस्थानी अङ्कलाई छोडी बाँकी रहेका संख्यालाई नेपालसंवत्को संख्या हो भनी लेभी भन्दछन्। यो विचार ठीक हो भनी मान्ने हो भने शकसंवत्को ५०० वर्ष बितिसकेपछि, यसै गरी शक-संवत्का शतस्थानी अङ्कलाई छोडी बाँकी रहेको संख्यालाई नयाँ संवत्को संख्या मानी चलाएको संवत् नयाँ संवत् हो भन्न सकिन्छ। यस पद्धतिअनुसार अंशुवर्माको थाहा पाइएको समय शकसंवत् ५३०–५४५ सम्म अर्थात् वि. सं. ६६५ देखि ६८० सम्म हुन आउँछ (युवान च्वाङ्ग वि. सं. ६९४ मा नेपाल गएका हुन्), युवान च्वाङ्गले म नेपाल जानुभन्दा केहीअगाडि अंशुवर्मा स्वर्ग भएका हुन् भनी लेखेको कुरा यताबाट मिल्न आउँछ। द्वितीय शिवदेवको संवत् ११९ र द्वितीय जयदेवको संवत् १४५ का शिलालेख पाइएकाले शकसंवत्को शतस्थानी अङ्कलाई छोडी चलाइएको यो नयाँ संवत् क्रमशः चल्दै गयो र ३०० वर्षसम्म चल्यो, त्यसपछि विक्रमको दशौं शताब्दीमा यस संवत्को शतस्थानी अङ्कलाई हटाई फेरि नेपाल-संवत्को नामले (नयाँ संवत्) चलाइयो भन्ने मान्नुपर्छ।

---

३२. ले नेपालको दोस्रो भागको १७९ पृष्ठ।

अंशुवर्माका अभिलेखमा देखिएका संवत्को विषयमा जति सिद्धान्त निस्केका छन्, तीमध्ये कुनै पनि राम्रो चित्त बुझ्दा छैनन् भन्ने कुरा यहाँसम्मका कुराबाट देखिन आउँछ। अंशुवर्माको अभिलेखमा देखिएको संवत् हर्षसंवत् हो भन्ने कुरा अहिले धेरैजसोले मानेका छन्। तर यो सिद्धान्त सबभन्दा बढी चित्त नबुझ्ने छ। किन भने युवान च्वाङ्गको वर्णन र चीनको इतिहासबाट यस सिद्धान्तको खण्डन हुन्छ। अंशुवर्माको अभिलेखमा देखिएको संवत् अंशुवर्माको राज्यवर्षका सूचक हुन् भन्ने सिद्धान्त अहिले हामीलाई थाहा भएसम्मका प्रमाणको आधारमा सबभन्दा कम दोषपूर्ण छ। माथि बताइएका सिद्धान्तहरूमा कुनैलाई पनि राम्रै-संग सकार्नु त परै रहोस्, त्यसमा भर पर्नु पनि बुद्धिमानी कुरो हुँदैन। युवान च्वाङ्गको वर्णनअनुसार वि. सं. ६९४ भन्दा वा वि. सं. ६९९ भन्दा अगाडि नै अंशुवर्मा बितिसकेका थिए भन्ने कुरामा अहिले हामीले चित्त बुझाएर बस्नुपर्दछ। ती यात्रीको वर्णनअनुसार वि. सं. ६९४ मा उनी नेपाल गएको हुनुपर्छ भन्ने देखिन आउँछ तथा वि. सं. ६९९ मा त उनले पछिल्लो पटक भारतको पूर्वभाग छोडेका थिए भन्ने कुरो स्पष्ट छ।

यसै हो भनेर ठोकेर भन्न अझ धेरै प्रमाण खोज्न बाँकी छ। यस विषयका सिद्धान्तमध्ये लेभीको सिद्धान्त विशेष गहकिलो छ। यस सिद्धान्तलाई कमै भारतीय विद्वान्ले हृदयङ्गम गरेका छन्। जे भए तापनि अहिलेसम्मका कुराबाट मूल प्रश्न र त्यसबाट उठेका विभिन्न प्रश्नलाई छर्लङ्ग्याउने काम भएको छ भनी यो लामो निबन्ध टुङ्ग्याउनुपरेको छ। नेपालको इतिहास र कालनिर्णयको विषयमा पछि हुने अन्वेषकहरूलाई यस निबन्धले केही प्रकाश दिनेछ भन्ने पूरा आशा छ।

[५]

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को विषयमा हितनारायण झाको मतको परीक्षा

अंशुवर्मादेखिका अभिलेखमा देखिएको संवत् वि. सं. ६३१ (शकसंवत् ४९६) देखि उठेको अंशुवर्मसंवत् हो भन्ने हितनारायण झाको मत छ ।[१]

अब यसको परीक्षा गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारओटा आधार पाइएका छन् ।[२]

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

६३१ + ३१ = ६६२ हुने हुनाले यस अभिलेखको संवत् ३१ हितनारायण झाको मतअनुसार वि. सं. ६६२ (शकसंवत् ५२७) हुन्छ ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि

---

१. वैशालीका लिच्छविको १२१ पृष्ठ ।

२. यही ग्रन्थका ७-८ पृष्ठ ।

थियो।[१] यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६६२ (शकसंवत् ५२७) को कार्तिकशुक्लदेखि वि. सं. ६६३ (शकसंवत् ५२८) को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५२७ को श्रावणमा अधिमास छ। शकसंवत् ५२७ को श्रावण महीना त अभिलेखको संवत् ३१ मा होइन संवत् ३० मा पो पर्दछ। यस कारण संवत् ३१ मा अधिमास पर्दैन। परन्तु भक्तपुरको उक्त अभिलेखमा संवत् ३१ को पौषमा अधिमास लेखिएको छ।

यस कारण हितनारायण झाले सकारेको संवत्‌अनुसार यो अधिमास मिलेन।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

६३१+३४=६६५ हुने हुनाले यस अभिलेखको संवत् ३४ हितनारायण झाको मतअनुसार वि. सं. ६६५ (शकसंवत् ५३०) हुन्छ।

अब संवत् ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो। यस कारण अभिलेखको संवत् ३४ वि. सं. ६६५ (शकसंवत् ५३०) को कार्तिकशुक्लदेखि वि. सं. ६६६ (शकसंवत् ५३१) को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५३० को ज्येष्ठमा अधिमास छ। शकसंवत् ५३० को ज्येष्ठ महीना त अभिलेखको संवत् ३४ मा होइन संवत् ३३ मा पो पर्दछ। यस कारण संवत् ३४ मा अधिमास पर्दैन। परन्तु पाटनको उक्त अभिलेखमा संवत् ३४ को पौषमा अधिमास लेखिएको छ।

यस कारण हितनारायण झाले सकारेको संवत्‌अनुसार यो अधिमास पनि मिलेन।

---

३. यही ग्रन्थको ९ पृष्ठ।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया ।
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने ॥

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ ।

६३१+३१=६६२ हुने हुनाले यस अभिलेखको संवत् ३१ हितनारायण ज्याको मतअनुसार वि. सं. ६६२ हुन्छ ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट तिष्यनक्षत्र तथा आइतवार आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६६२) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
बृहस्पति	त्रयोदशी	५५ । ४८	तिष्य	६० । ०

आयो ।

परन्तु चाँगुको उक्त अभिलेखमा आइतवार लेखिएको छ ।

यस कारण हितनारायण ज्याले सकारेको संवत्‌अनुसार यो तिथिमिति पनि मिलेन ।

(४) वर्षे चैकोत्तरस्मिस्त्रितयशतगते माधवे मासि शुक्ले ।
सप्तम्यां पुष्यऋक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे॥

(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग ।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।

६३१+३०१=९३२ हुने हुनाले यस अभिलेखको संवत् ३०१ हितनारायण ज्याको मतअनुसार वि. सं. ९३२ हुन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो। यस कारण अभिलेखको संवत् ३०१ वि. सं. ९३२ को कार्तिकशुक्लदेखि वि. सं. ९३३ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ। अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस बेला वि. सं. ९३३ हुन्छ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ९३३)

वैशाखशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
बुध	सप्तमी	४८। ५६	पुनर्वसु	३०। २०

आयो।

परन्तु उक्त पुस्तकको पुष्पिकावाक्यमा आइतवार लेखिएको छ।

यस कारण हितनारायण झाले सकारेको संवत्अनुसार यो तिथिमिति पनि मिलेन।

अधिमास र तिथिमिति नमिलेका हुनाले हितनारायण झाले सकारेको संवत् प्रामाणिक हुन सक्तैन।

[नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र दिनेशराज पन्तको संयुक्त परिश्रमबाट यो गणना तयार भएको हो।]

[परिशिष्ट]*

नेपालका प्राचीन संवत्‌हरू

लिच्छविहरूले आफ्ना शिलालेखमा प्रयोग गरेका दुइ थरी संवत् जस्तो विवादास्पद विषय नेपालको प्राचीन इतिहासमा अर्को छैन। पहिलो समूहका संवत् ३८६ वा ३८९ देखि ५३५ सम्मका छन्। संवत् ३८६ वा ३८९ मानदेवको चाँगुनारायणको शिलालेखको[1] संवत् हो। संवत् ५३५ को[2] शिलालेखमा शासकको नाम फुटेको छ। दोस्रो समूहका संवत् ३० देखि २०७ सम्मका छन्। संवत् ३० को अभिलेख अंशुवर्माको हो[3]। हनूमान्‌ढोकामा रहेको शिलालेखमा[4] संवत् २०७ लेखिएको छ, त्यहाँ शासकको नाम छैन।

आचार्य भगवानलाल इन्द्राजी र उनका समर्थक राधागोविन्द बासक पहिलो समूहका संवत् विक्रमसंवत्[5] हुन् भनी सिद्ध गर्ने कोशिश गर्दछन्, तर फ्लीट र काशी प्रसाद जायसवालचाहिँ यी संवत् वि. सं. ३७६ देखि[6] उठेका गुप्तसंवत् हुन् भन्दछन्। लेभीचाहिँ[7] यी संवत् वि. सं. १६७ देखि उठेका हुन् भन्छन्। उनको विचारअनुसार यसै वर्ष लिच्छविहरूले किरातहरूलाई हटाएर मुलुकको[8] (नेपालको) शासन आफ्नो हात पारेका थिए। यो कुरो टुङ्गो लगाउन अत्यन्त उत्सुक भएका भारतीय विद्वान् रमेशचन्द्र मजूमदार[9] तथा बालचन्द्र शर्मा[10], डिल्लीरमण रेग्मी[11] आदि नेपाली विद्वान्‌हरूको चाहिँ यी संवत् वि. सं. १३५ देखि उठेका शकसंवत् हुन् भन्ने मत छ। दोस्रो समूहमा परेका संवत्‌हरूमा थाहा पाइएकोमा पहिलोचाहिँ अंशुवर्माको अभिलेखको संवत् ३० हो। यी संवत् हर्षसंवत् हुन् भनी भगवानलाल इन्द्राजी भन्दछन्[12], भोटे संवत् हुन् भनी लेभी भन्दछन्[13] तथा (संक्षिप्त) शकसंवत् हुन् भनी रमेशचन्द्र मजूमदार भन्छन्[14]।

यस विषयमा यस्तो गज्याङमज्याङ किन भयो भनी शङ्का उठ्नु स्वाभाविकै

---

*वि. सं. २०२७ मा चौखम्बा संस्कृत सिरिज कार्यालय वाराणसीबाट प्रकाशित हितनारायण झाको वैशालीका लिच्छविनामक ग्रन्थका ११४-१२५ पृष्ठमा यो निबन्ध (अंग्रेजी भाषामा) छापिएको छ।

छ । यसको उत्तर स्पष्ट तथा सजिलो छ । यस विषयमा काम गर्ने सबभन्दा पहिलेका विद्वान्हरूले वंशावली तथा चिनियाँ लिखतको आधारमा आफ्नो मतको स्थापना गरेका थिए । यसपछि इन्द्राजीले आएर वंशावलीहरूमा रहेका[१५] इतिहास-विरुद्ध वर्णनहरूलाई राम्ररी देखाइदिए तथा प्रामाणिक इतिहास तयार गर्नाका लागि अभिलेखहरूको संग्रह गर्नुपर्छ भन्ने कुरामा जोड दिए । उनले आफैंले पनि लिच्छवि शासकहरूका[१६] १५ वटा अभिलेखहरूलाई संग्रह गरी प्रकाश गरे । यस कठिन कार्यमा इन्द्राजीका अनुयायी भई बेलायतका प्राध्यापक बेन्डालले चारओटा नयाँ अभिलेख[१७] प्रकाश गर्ने श्रेय पाएका छन् । लेभीले २१ वटा नयाँ अभिलेख[१८] प्रकाश गर्ने सफलता पाए । तर यी विद्वान्हरूले धेरै परिश्रम र निरन्तरको उत्साहसाथ काम गरिरहे तापनि संवत्को विषयमा उठेका हैरान पार्ने शङ्का समाधान गर्न चाहिने जति अभिलेखहरू जम्मा हुन सकेनन् ।

नेपाली विद्वान्हरूले पनि धेरै कालसम्म आफूलाई निष्क्रिय राख्न सकेनन् । विदेशी विद्वान्हरूबाट प्रत्यक्ष वा परोक्ष रूपमा प्रेरणा तथा निर्देशन पाएर ठूलो उत्साहसाथ इतिहास लेखन चाहिने नयाँ सामग्री बटुल्न नेपाली विद्वान्-हरूले ठूलो उद्योग गरे र तिनीहरू नेपालका पत्र–पत्रिकामा नेपाली भाषामा १८ वटा नयाँ लिच्छविकालका अभिलेख प्रकाश गर्न सफल भए । तर नेपालको राष्ट्रभाषामा[१९] प्रकाश भएकाले तिनको नेपालबाहिर प्रचार हुन सकेन । त्यसपछि रोमका रेनिइरो नोली आए, ९२ वटा[२०] अभिलेख भएको पुस्तक प्रकाश गर्ने श्रेय उनले पाएका छन् । भारतका र नेपालका पत्र–पत्रिकामा अगाडिबाटै प्रकाशित भइसकेका अभिलेख पनि त्यसभित्र परेका छन् । प्रकाश भइसकेका अभिलेखहरूलाई जानाजानी थाहा नपाए जस्तो[२१] गरेर आफैंले खोजी गरी प्रकाश गरेको श्रेय लिने लोभमा परेर अप्रकाशित भनी प्रकाश गर्न नोली हिचकिचाएनन् । त्यसो गर्दा नेपाली विद्वान्हरूले निर्भयतापूर्वक यसको विरोध गरी खलबल[२२] मचाए, तर यो खलबलको आवाज केवल नेपालका पहाडको घेराभित्र रह्यो र बाहिर निस्कन सकेन ।

हालसालैका वर्षहरूमा लिच्छविहरूका अरू नयाँ अभिलेखहरू पुस्तिकाकारमा अभिलेख–संग्रह[२३], इतिहास–संशोधन[२४] तथा अन्य नेपाली पत्रिकाहरूमा[२५] प्रकाश भएका छन् । यिनीहरूबाट हाम्रो निष्कर्षको लागि वैज्ञानिक रीतिले यथार्थ कुराको आधारशिला तयार हुन गएको छ । तसर्थ, पाइएका अभिलेखहरूको आधारमा नेपालका लिच्छवि राजाहरूको नाम तथा संवत् तल लेखिएबमोजिम देखिन आएका छन् ।

शासकहरूका नाम	तिनीहरूका थाहा पाइएसम्मका आदि र अन्तिम समय
१. प्रथम जयदेव	} [२६]
२. वृषदेव	
३. प्रथम शङ्करदेव	
४. धर्मदेव	
५. मानदेव	३८९—४२७[२७]
६. वसन्तदेव	४२८–४५४[२८]
७. वामनदेव	४६०[२९]
८. रामदेव	४६७[३०]
९. गणदेव	४८२–४८९[३१]
१०. प्रथम शिवदेव	५१०–५२६[३२]
११. अंशुवर्मा	३०–४५ (?)[३३]
१२. ध्रुवदेव	४८–४९[३४]
१३. भीमार्जुनदेव	५५–६५[३५]
१४. नरेन्द्रदेव	६७–१०३[३६]
१५. द्वितीय शिवदेव	१०९–१२५[३७]
१६. द्वितीय जयदेव	१५७[३८]
१७. द्वितीय शङ्करदेव	१८९[३९]

वि. सं. ६८६ देखि ७०० सम्म[४०] लामो यात्रा गरेका युवान च्वाङ् अंशुवर्माको विषयमा भन्दछन्– "हालै त्यहाँ आफ्ना विद्या र व्यक्तित्वले चिनिएका अंशुवर्मा (अन्–शु–फ–मो) भन्ने राजा थिए । तिनले शब्दज्ञानविषयको ग्रन्थ (शब्दविद्याशास्त्र) बनाएका थिए । तिनी शास्त्रको आदर गर्थे र गुणको कदर गर्थे । उनको कीर्ति सबै ठाउँमा फैलिएको थियो ।"[४१]

चिनियाँ राजदूतलाई वि. सं ७०० मा नेपालको[४२] बाटो हुँदै मगध जाँदा नेपालका राजा नरेन्द्रदेवले[४३] राम्रो स्वागत गरेका थिए भन्ने यहाँ अर्को प्रमाण पाइएको छ । त्यस कारण माथिका चिनियाँ यी दुइ प्रमाणबाट वि. सं. ६८६ भन्दा अघि वा वि. सं. ६८६ देखि ७०० भित्र अंशुवर्माको मृत्यु अवश्य भएको हुनुपर्छ । संवत् ५२६ सम्मका[४४] अभिलेखहरूमा प्रथम शिवदेव र अंशुवर्मा एकै-

साथ देखिन्छन् र पुरानो संवत् लगातार ५३५[४५] सम्म चलिरहेको देखिन्छ। यो दोस्रो कुरो पनि विचारणीय छ। नयाँ संवत्का शिलालेख पनि अंशुवर्माकै नामसंग जोडिएका छन् र यसको सबभन्दा पहिलो संवत् ३०[४६] नै हो। यो तेस्रो प्रमाण पनि विचारणीय छ। संवत् ३९ मा अंशुवर्माले आफ्नो महासामन्त भन्ने पदवीलाई छाडी आफ्नो नामको अगाडि 'श्री'[४७] मात्र प्रयोग गरेका छन्। यो चौथो कुरो पनि विचारणीय छ। अन्त्यमा अंशुवर्मा 'महाराजाधिराज'[४८] सम्म भएका थिए भन्ने कुरा टकबाट स्पष्ट रूपमा देखिन्छ।

३८९ देखि ५३५[४९] सम्मका संख्यामा पाइएको पहिलो थरी संवत्को विषयमा पहिले विचार गरौं। यदि यस संवत्लाई विक्रमसंवत्[५०] हो भनी मान्ने हो भने वि. सं. ५२६ मा अंशुवर्मा शासन गरिरहेका देखिन आउँछन्। यसको अर्थ अंशुवर्मले १६१ वर्ष जति राज्य गरे भन्ने हुन आउँछ, किनभने युवान च्वाङ्गले वि. सं. ६८६ मा आफ्नो भारतयात्रा प्रारम्भ गरेका हुन् तथा उनले यात्रा प्रारम्भ गर्नुभन्दा केही अगाडितिर अंशुवर्मा भएका हुन् तर ६८६–५२५ = १६१ हुन्छ र यदि यस संवत्लाई गुप्तसंवत्[५१] भनी मान्ने हो भने ३७६+५२६=९०२ हुने हुनाले वि. सं. ९०२ सम्म अंशुवर्मा जीवित देखिन्छन्। यस्तो कुरा असम्भव हुन जान्छ। लेभीले यस संवत्लाई वि. सं. १६७[५२] देखि उठेको लिच्छवि-संवत् भनी मानेका छन्। १६७+५२६=६९३ हुने हुनाले वि. सं. ६९३ सम्म अंशुवर्मा राज्य गरिरहेका हुन्छन्। अंशुवर्माभन्दा पछिका र नरेन्द्रदेवभन्दा अघिका शासकहरूका शिलालेख संवत् ४८ देखि संवत् ६५[५३] सम्म पाइएका छन्। यस कारण अंशुवर्माको मृत्यु र नरेन्द्रदेवको उदयको बीचमा १७ वर्षको अन्तर पर्नेपर्छ। वि. सं. ६९३ सम्म अंशुवर्मा जीवित थिए भनी मान्ने हो भने ६९३+१७=७१० हुने हुनाले वि. सं. ७१० मा नरेन्द्रदेव राजा भएका हुन् भनी मान्नुपर्छ (किनभने ६५–४८= १७ हुन्छ)। परन्तु यो कुरो चिनियाँ राजदूतको[५४] वर्णनसँग मेल खाँदैन। यो संवत्लाई शकसंवत्[५५] हो भनी मानेमा ५२६+१३५=६६१ हुने हुनाले र ४५–३०=१५ हुने हुनाले तथा ६६१+१५=६७६ हुने हुनाले वि. सं. ६७६ सम्म अंशुवर्मा जीवित देखिन आउँछन्। यो संवत् चिनियाँ प्रमाणसँग बाझ्दैन। यस कारण यसलाई शकसंवत् मान्नामा कुनै आपत्ति छैन। नेपाल राज्यमा[५६] पाइएका शकका धेरै टकहरूले नेपालमा शकहरूको प्रभाव थियो भन्ने कुरा देखाउँछ। अर्को कुरो नेपालमा केही वर्षअगाडिसम्म[५७] शकसंवत् चलन-चलतीमा थियो। मानदेवभन्दा अगाडिका टक र शिलालेख पनि नपाइएकाले लिच्छविहरूले[५८] व्यवहार गरेको संवत्को स्थापना गर्न सक्ने कुनै प्रभावशाली राजा थिए भन्ने कुरा मान्न सकिँदैन भनी मजूमदारले भनेको कुरा चित्त बुझ्दो छ।

लिच्छविहरूका अभिलेखमा देखिएका पुराना र नयाँ संवत्‌हरूमा के सम्बन्ध थियो भन्ने कुरा नयाँ संवत्‌को विषयमा विचार गर्दा एउटा प्रश्न भएर उठ्दछ। दोस्रो संवत्‌का शिलालेख किन संवत् ३० देखिका मात्र पाइए भन्ने कुरा पनि विचारणीय छ। शिवदेव र अंशुवर्माको संयुक्त शासनका शिलालेख संवत् ५२६ सम्मका पाइन्छन्, यस कारण अंशुवर्माको संवत् ३० को अभिलेख संवत् ५२६ भन्दा अगाडिको हुन सक्तैन। शिवदेव र अंशुवर्माको संयुक्त शासनको संवत् ५२६ र अंशुवर्माको शासनको संवत् ३० उही वर्षका हुन् भनी मान्ने हो भने ५२६+१३५ + (६७-३०) = ६९८ हुने हुनाले वि. सं. ६९८ मा नरेन्द्रदेव नेपालको राजसिंहासनमा देखिन्छन्, यो कुरो चिनियाँ प्रमाणसँग[६०] मिल्दछ। यस कारण पुरानो संवत्‌को ५२६ र नयाँ संवत्‌को ३० को वर्ष एउटै हो भन्ने कुरामा शङ्का रहँदैन। अंशुवर्माले शिवदेवको महासामन्त भई काम गरेको संवत् ५२६ मा ३० वर्ष भएको थियो भन्ने कुरा अर्को प्रश्नको उत्तरमा आउँछ, अर्थात् ५२६-३० = ४९६ हुने हुनाले शक संवत् ४९६ अर्थात् वि. सं. ६३१ मा[६१] शिवदेवबाट सामन्त वा महासामन्तको पदमा अंशुवर्मा नियुक्त भएका हुनुपर्छ भन्ने देखिन आउँछ। पुरानो संवत् ५२६ को अन्त्यमा तथा नयाँ संवत् ३० मा अंशुवर्माले आफ्नो लागि छुट्टै राज्य खडा गरेको हुनुपर्छ वा शिवदेव वृद्धावस्था वा रोगको कारणले राजकाज चलाउन असमर्थ भएकाले उनको राजकाज अंशुवर्माले राजप्रतिनिधि भई चलाउन लागेको हुनुपर्छ भन्ने यताबाट देखिन्छ। अंशुवर्माले राजप्रतिनिधि भई काम गरेदेखि नयाँ संवत् चलेको हो भन्ने कुरालाई पुरानो संवत् चलिरहेकाले बल मिल्दैन। अंशुवर्माले आफ्नो लागि छुट्टै नयाँ राज्य खडा गरेर यसको महत्त्व देखाउनका लागि नयाँ संवत् पनि चलाएका हुन् भन्ने कुराको धेरै संभावना छ। शिवदेवले आफूलाई लाएको गुन बिर्सन नसकेर अंशुवर्माले शिवदेवलाई वृद्धावस्थामा राजसी सुखभोगबाट हटाउने कोशिश गरेनन् र केही कालसम्म आफ्नो महासामन्तको पदलाई कायमै राखे भन्ने पनि यताबाट देखिन्छ। ५३५-५२६ = ९ हुन्छ तथा ३९-३० = पनि ९ हुन्छ। यताबाट अंशुवर्माले छुट्टिएर काम गर्न लागेको ९ वर्षपछि शिवदेव मरे होलान् र अंशुवर्माले आफ्नो महासामन्त[६२] भन्ने पद छोडी सिंहासनमा बसी महाराजाधिराज[६३] तथा श्री[६४] भन्ने पद लिई आफ्नो नामबाट टक चलाउन लागे भन्ने देखिन्छ। महासामन्त[६५] पद भएको अंशुवर्माको टक पाइएको छैन।

यहाँसम्मका कुराबाट वि. सं. ६३१ मा शिवदेवले अंशुवर्मालाई सामन्त पदमा नियुक्त गरेका थिए, त्यसै बेलादेखि यो नयाँ संवत् चलेको हो भन्ने देखिन आउँछ। यसै पदले उनलाई देशको सर्वाधिकारसम्पन्न शासक बन्ने अवसर दिलायो।

उनले सामन्त पद पाएको यो वर्ष यसरी स्मरणीय हुन गयो। अंशुवर्माको भविष्यमा हुने प्रभावको लागि यही वर्षले बाटो बनायो भन्ने कुरामा शङ्का छैन। शिवदेवको अधीनमा रहेर ३० वर्षसम्म काम गरिसकेपछि अंशुवर्माले शिवदेवसँग छुट्टिएर नेपालखाल्डोमा आफ्नो लागि छुट्टै राज्य स्थापना गरे भन्ने दोस्रो कुरो पनि यताबाट देखिन्छ। संवत् ५३५ को शिलालेख प्रथम शिवदेवकै हुनुपर्छ, किनभने प्रथम शिवदेव र अंशुवर्माको बीचमा कुनै तेस्रो शासक पनि देखिएको छैन, त्यस कारण तेस्रो शासकको यो शिलालेख भन्न पनि मिल्दैन र क्रमैसँग आइरहेको संवत् यसमा भएकोले अंशुवर्माकै यो शिलालेख हो भन्नु पनि उपहासास्पद[66] जस्तो हुन्छ।

अंशुवर्माको संवत् ४५ सम्मको शिलालेख[67] पाइएको हुनाले उनले कमसेकम संवत् ४५ सम्म शासन गरे भन्ने देखिन्छ। युवान च्वाङ्गले वि. सं. ६८६ देखि ७०० सम्म भारतको[68] यात्रा गरेका हुन्। यस कारण यो संवत् ४५, वि. सं. ६८६ भन्दा अगाडि अथवा वि. सं. ६८६ देखि ७०० सम्मको कुनै वर्षमा अवश्य पर्दछ। यो संवत् ४५लाई हर्षसंवत्[69] मान्ने हो भने ६६३+४५=७०८ हुने हुनाले वि. सं. ७०८ सम्म अंशुवर्मा बाँचिरहेका देखिन आउँछन्। परन्तु यो कुरो युवान च्वाङ्गको वर्णनसँग नमिल्ने हुनाले यो संवत्लाई हर्षसंवत् भनी मान्न सकिँदैन। वि. सं. ६५२[70] देखि उठेको भोटे संवत् यो हो भन्ने लेभीको सिद्धान्त मान्ने हो भने ६५२+४५=६९७ हुने हुनाले वि. सं. ६९७ सम्म अंशुवर्मा बाँचिरहेका देखिन आउँछन्। (अंशुवर्माको मृत्युभन्दा पछिको तथा नरेन्द्रदेवको उदयभन्दा अगाडिको सबभन्दा पछिल्लो संवत् ६५[71] को अभिलेख पाइएको हुनाले) ६९७+१७=७१४ हुने हुनाले वि. सं. ७१४ भन्दा पछि मात्र नरेन्द्रदेव राजसिंहासनमा बसेका देखिन आउँछन्। तर चिनियाँ राजदूतको वर्णनअनुसार वि. सं. ७००[72] भन्दा अगाडि नरेन्द्रदेव सिंहासनारूढ भइसकेका देखिन्छन्, यस कारण लेभीको सिद्धान्त प्रमाणबाट सिद्ध हुन सक्तैन।

४९६+१३५=६३१ हुने हुनाले वि. सं. ६३१ देखि नयाँ संवत् प्रारम्भ हुन्छ भन्ने कुरो यहाँसम्मका कुराबाट देखिन्छ। यसै वर्ष राजा शिवदेवको सामन्त वा महासामन्त पदमा अंशुवर्मा नियुक्त भएका हुन्। चिनियाँ राजदूतले वि. सं. ७०० मा नेपालको राजसिंहासनमा नरेन्द्रदेवलाई देखेथे। नरेन्द्रदेवको सबभन्दा पहिलो संवत् ६७[73] को अभिलेख पाइन्छ। नरेन्द्रदेवको पूर्वाधिकारी भीमार्जुनदेवको अन्तिम संवत् ६५[74] को अभिलेख पाइन्छ। यताबाट संवत् ६५ भन्दा पछि संवत् ६७ भन्दा अघि नरेन्द्रदेवले राज्य पाएका थिए भन्ने देखिन्छ। नरेन्द्रदेवले

संवत् ६७ मा राज्य पाएका हुन् भनी मानेमा ६३१ + ६७ = ६९८ हुने हुनाले वि. सं. ६९८ मा नरेन्द्रदेव राजा भएका हुन् भन्ने देखिन आउँछ। यो संवत् चिनियाँ प्रमाणसँग[७५] बाझदैन। नरेन्द्रदेवका पूर्वाधिकारीको संवत् ६५ को अभिलेख पाइएकोले संवत् ६५ भन्दा पछि संवत् ६७ भन्दा अगाडि वा संवत् ६७ मै नरेन्द्रदेव राजा भएका हुन् भन्ने यताबाट स्पष्टसँग देखिन्छ।

वि. सं. १३५[७६] देखि उठेको शकसंवत् पहिलो हो, दोस्रो संवत्चाहिं वि. सं. ६३१[७७] देखि उठेको अंशुवर्मसंवत् हो भन्ने कुरा यताबाट देखिन आउँछ। दोस्रो संवत्को प्रारम्भवर्षमा शिवदेवबाट सामन्तपदमा अंशुवर्मा नियुक्त भएका हुन्। यही पदले उनलाई आफ्नो भविष्य जीवनमा माथिल्लो पदसम्म सुरुसुरु पुग्न बाटो बनाइदियो।

पुरानो शकसंवत्को संक्षिप्त रूप नयाँ संवत्[७८] हो भनी रमेशचन्द्र मजूमदारले भनेका छन्, तर यो कुरो भरपर्दो छैन। मजूमदार आफैं पनि आफ्नो सिद्धान्तसंग पूर्णरूपले सन्तुष्ट भए जस्ता देखिंदैनन्। नरेन्द्रदेवको सिंहासनारोहणको समय यस सिद्धान्तको मुख्य विषय भएर रहेको छ। यस विषयको छलफल मजूमदारले गरेका छैनन् (नरेन्द्रदेवको राज्यकाल[७९] ज्यादै लामो[८०] भएकोले सो राज्यकालले यस सिद्धान्तलाई सकार्न वा नसकार्नामा केही काम दिंदैन)। पुरानो शकसंवत्को संक्षिप्त रूप नै नयाँ संवत् हो भनी मान्ने हो र नरेन्द्रदेवले राज्य पाएको समय संवत् ६७[८१] हो भनी मान्ने हो भने ६३५ + ६७ = ७०२ हुने हुनाले वि. सं. ७०२ मा नरेन्द्रदेव राजा भएका देखिन आउँछन्। तर मजूमदार आफैंले पनि खूब भरपर्दो भनी सम्झिएको[८२] चिनियाँ प्रमाणसँग यो कुरो बाझदछ। यस कारण संवत् ६७ मै नरेन्द्रदेव राजा भएका हुन् भनी मान्न सकिंदैन। नरेन्द्रदेवका पूर्वाधिकारीको संवत् ६५ सम्मको अभिलेख[८३] पाइएको छ, त्यस कारण उनी त्यही वर्ष मरे भनी मानेमा संवत् ६६ नरेन्द्रदेवको सबभन्दा पहिलो समय हुन आउँछ, यसो गर्दा ६३५ + ६६ = ७०१ हुने हुनाले वि. सं. ७०१ मा नरेन्द्रदेव राजा भएका देखिन आउँछन्। नरेन्द्रदेवका बाबु आफ्नो राज्यबाट निकालिएका थिए र नरेन्द्रदेवले भोटका राजाको सहायताले आफ्ना बापवैरीसँग लडी आफ्नो राज्य फिर्ता लिएका हुन् भन्ने कुरा ताङवृत्तान्तमा[८४] लेखिएको छ भनी हामीले माथि नै भनिसकेका छौं। नरेन्द्रदेवको राज्यको पहिलो वर्ष माथिको वर्णनअनुसार झगडा-तगडाले भरिएको थियो भन्ने देखिन आउँदछ। यस्तो उत्पात भइरहेको देशमा पाइलो हाल्नु आफूलाई हितकर हुँदैन भन्ने कुरा चिनियाँ राजदूतले सम्झे होलान् भन्ने कुरा पनि मान्नुपर्दछ। चिनियाँ राजदूतको वर्णनअनुसार उनी नेपाल आएको वर्षमा[८५] नेपालमा गोलमाल थियो भन्ने कुराको सङ्केत पनि पाइँदैन। चिनियाँ

राजदूतको वर्णनअनुसार त उनी नेपाल आएको बेला यहाँ सर्वत्र शान्ति थियो भन्ने देखिन्छ।[८६] यस कारण नरेन्द्रदेव वि. सं. ७०० भन्दा अगाडि नै राजा भएका हुन् भन्ने देखिन आउँछ।

यहाँसम्मका कुराबाट नरेन्द्रदेव राजा भएको समय वि. सं. ६९८ भन्दा पछाडि हुन सक्तैन भन्ने कुरा मेरो सानो विचारमा लाग्दछ। यस कारण यो संवत् अंशुवर्मसंवत् हो, मजूमदारले जोड दिई[८७] अगि सारेको संक्षिप्त शकसंवत् होइन भन्ने देखिन आउँछ। विद्वान्[८८] तथा चतुर राजनीतिज्ञ भनी प्रशंसा गरिएका अंशुवर्माका विद्वत्ता तथा राजनीतिज्ञताको सुयश[८९] चारैतिर[९०] फैलिएको थियो भन्ने कुरा प्रसिद्ध विद्वान् बौद्ध तीर्थयात्री युवान च्वाङ्ग जस्ताको वर्णन-बाट[९१] स्पष्ट हुन्छ। यस कारण अंशुवर्माले आफ्नै नामबाट संवत् चलाएका हुनु धेरै संभव छ।

[मूल ग्रन्थमा प्रत्येक पृष्ठमा टिप्पणी परेका छन्। यहाँ प्रत्येक पृष्ठमा टिप्पणी राख्न अनुकूल नपरेको हुँदा क्रमाङ्क मिलाई टिप्पणी तल दिइएका छन्।]

टिप्पणी

१. भगवानलाल इन्द्राजीको २३ वटा अभिलेखहरूको संग्रहको १ संख्या, नोलीको १ संख्या, इन्द्राजी र नोलीले यो संवत्‌लाई ३८६ भनी पढेका छन्, अरूहरूले ३८९ भनी पढेका छन् (रेग्मी ८४ पृष्ठको पादटिप्पणी)।

२. नोलीको अभिलेख ४० संख्या, वि. सं २०१६ मा एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४७ पृष्ठमा प्रकाशित।

३. नोलीको अभिलेख ३५ संख्या।

४. अभिलेख–संग्रह पाचौं भागको १२–१३ पृष्ठ। यस अभिलेखमा युवराज विजयदेव दूतक भनिएको छ।

५. भारतीय प्रत्नतत्त्व तेह्रौं भागको ४२५–४२६ पृष्ठ।

६. भारतीय प्रत्नतत्त्व सत्रौं भागको २१० पृष्ठ, भारतीय अभिलेखसंग्रह (फ्लीट) तेस्रो भागको परिचयको ९८ पृष्ठ, जायसवालको नेपालको कालनिर्णय तथा इतिहासको ६–७ पृष्ठ।

७. ले नेपालको दोस्रो भागको ६१–६४, ७०–८१, १२६ पृष्ठ, लेभी यस संवत्लाई लिच्छविसंवत् भन्दछन् (उही ग्रन्थ) ।

८. उही ग्रन्थ ।

९. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याका ४७–४८ पृष्ठ ।

१०. नेपालको ऐतिहासिक रूपरेखा ८२ पृष्ठ ।

११. रेग्मी १०३, ११२ पृष्ठ ।

१२. भारतीय प्रत्नतत्त्व तेह्र भागको ४११ पृष्ठ, उही ग्रन्थको १९ भागको ४० पृष्ठ, हर्ष ३२ पृष्ठको पादटिप्पणी, वालशको वि. सं. १९६५ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने राजकीय संस्थाको पत्रिकाका ६७१–६७२ पृष्ठ, रायको वंशक्रमागत इतिहासको पहिलो भागको १९० पृष्ठ ।

१३. रेग्मी १२५–१२७ पृष्ठ, रायको माथि उल्लेख गरिएको ग्रन्थको १९१ पृष्ठ । विमलचरण लाहाको सम्झनामा लेखिएको ग्रन्थको पहिलो भागको ६३९ पृष्ठ ।

१४. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याका ४७–४८ पृष्ठ ।

१५. आर्ष युगको ८६–८७ पृष्ठ । सुधाकर चट्टोपाध्यायको उत्तर भारतको प्राचीन इतिहासका २५८–२५९ पृष्ठ ।

१६. आर्ष युगका ८६–८७ पृष्ठ । सुधाकर चट्टोपाध्यायको उत्तर भारतको प्राचीन इतिहासका २५८–२५९ पृष्ठ । हुनत सन्दर्भको रूपमा प्राचीन वंशावली द्वितीय जयदेवको पशुपतिमन्दिरको अभिलेखमा पाइन्छ । पाइएसम्मका धेरैजसो वंशावली उन्नाइसौं शताब्दीसँग सम्बद्ध छन् र फेरि ती वंशावली हाम्रो उद्देश्यका लागि कम भर पर्ने खालका छन् ।

१७. अभिलेख- संग्रह पहिलो भाग १९ पृष्ठ ।

१८. उही पुस्तिका

१९. उही पुस्तिका

२०. अभिलेख-संग्रह पहिलो भागको १९ पृष्ठ । नेपालको इतिहासका लागि ठोस रूपमा योगदान दिने नेपाली विद्वान्हरू बाबुराम आचार्य, नयराज पन्त, योगी नरहरिनाथ, जनकलाल ढकाल, रामजी तेवारी तथा अन्य विद्वान्हरू हुन् ।

२१. उही पुस्तिका, नोलीको ग्रन्थ (नेपालका गुप्ताक्षरी अभिलेख)।

२२. उही पुस्तिकाको १९–२१ पृष्ठ, वि. सं. २०१६ जेठ २२ गते प्रकाशित इतिहास–संशोधन दोस्रो अङ्कका ८ पृष्ठ। नेपाली विद्वान्हरूले प्रकाश गरिसकेका १३ वटा अभिलेखहरूलाई नोलीले अप्रकाशित भनी उल्लेख गरेका छन् भनिएको छ (उही पुस्तिका)।

२३. यी पुस्तिकाहरू संशोधन–मण्डल महाबौद्ध नेपालबाट प्रकाशित भएका हुन्।

२४. इतिहास–संग्रह काठमाडौं नेपालबाट प्रकाशित भएको हो।

२५. अभिलेख–संग्रह पहिलो भाग, १९ पृष्ठ। संस्कृत–सन्देश र हिमवत्संस्कृतिमा पनि अरू केही अभिलेखहरू समावेश गरिएका छन्।

२६. नोलीको अभिलेख ८१ संख्या।

२७. नोलीको अभिलेख, १, ३, ६, ९ संख्या। अभिलेख–संग्रह पहिलो भाग २३–२४ पृष्ठ। वि. सं २०१६ जेठ २२ गते प्रकाशित इतिहास–संशोधन दोस्रो संख्याका ३–७ पृष्ठ। संवत् ३८६ चाहिं अशुद्ध पढिएको हो (रेग्मीको ग्रन्थको ८४ पृष्ठको टिप्पणी)। शुद्ध पाठ ३८९ हो।

२८. नोलीको अभिलेख १२, १३, १५ संख्या, अभिलेख–संग्रह पहिलो भाग २५ पृष्ठ।

२९. अभिलेख–संग्रह पहिलो भाग २७ पृष्ठ।

३०. वि. सं. २०११ मा प्रकाशित संस्कृत–सन्देश १–३ भागका २–३ पृष्ठ।

३१. नोलीको अभिलेख १९, २० संख्या।

३२. उही ग्रन्थको अभिलेख २३, २४, २६, २८ र ३१ संख्या, अभिलेख-संग्रह पहिलो भाग २९–३१ पृष्ठ। तुलाछें टोलको अभिलेख, नेपालको प्राचीन इतिहासमा नप (नव ?) प्रकाशको ६६ पृष्ठ।

३३. नोलीको अभिलेख, ३५, ३९, ४८, संख्या संस्कृत सन्देश ३–४ पृष्ठ।

३४. नोलीको अभिलेख ५०, ५१ संख्या।

३५. नोलीको अभिलेख ५६, ५५, ६१, ६२ संख्या।

अभिलेख–संग्रह पहिलो भाग

३६. नोलीको अभिलेख ६५–७०, ७३ संख्या, ३५–३८ पृष्ठ। संस्कृत सन्देश ५–८ पृष्ठ, पाटनको अभिलेखको शुद्ध पाठ ६७ हो

(महेशराज पन्त– वि. सं. २०१९ मा प्रकाशित इतिहास–संशोधनको ५५ क्रमागत संख्याका २२–२३ पृष्ठ)।

३७. नोलीको अभिलेख, ७६–७८ संख्या, अभिलेख–संग्रह पाचौं भागको ११ पृष्ठ।

३८. नोलीको अभिलेख ८१, ८५ संख्या। वि. सं. २०१९ मा प्रकाशित इतिहास–संशोधन ५५ क्रमागत संख्याका २४–२६ पृष्ठ।

३९. इतिहास प्रकाश पहिलो भाग, १५९ पृष्ठ।

४०. जायसवालको नेपालको कालनिर्णय तथा इतिहास ५-६ पृष्ठ। नेपालको ऐतिहासिक रूपरेखा ९५ पृष्ठ। रमेशचन्द्र मजूमदार (वि. सं. २०२६मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याका ४८ पृष्ठमा) वि. सं. ६९४ मा युवान च्वाङ्गले नेपालको नजीकैबाट यात्रा गरेको हुनुपर्छ भन्ने विचार व्यक्त गर्दछन्।

४१. बीलको ग्रन्थ, युवान च्वाङ्गको यात्राको तेस्रो भागको ३१९ पृष्ठ शब्दविद्याको अर्थ हो व्याकरण।

४२. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४७ पृष्ठ। सुधाकर चट्टोपाध्यायको भारतको प्राचीन इतिहासको २७३ पृष्ठ।

४३. वि. सं. २०१६मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४७ पृष्ठ।

४४. अभिलेख–संग्रह पहिलो भागका २९–३१ पृष्ठ।

४५. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४७ पृष्ठ।

४६. उही ग्रन्थ।

४७. पशुपतिको अभिलेख (भारतीय प्रत्नतत्त्व ९ भागको १७० पृष्ठ)।

४८. नेपालका टकहरूको सूची पहिलो पृष्ठ; उनको एउटा टकमा महाराजाधिराज भन्ने पदवी उल्लेख भएको छ। कनिङ्घमको प्राचीन भारतका सिक्काको ११२ पृष्ठ, फलक १३ संख्या। वाल्श, वि. सं. १९६५ मा प्रकाशित एशियासम्बन्धी राजकीय संस्थाको पत्रिकाको ६८१ पृष्ठ। स्मिथ, वि. सं. १९६३मा प्रकाशित भारतीय संग्रहालयमा रहेका टकहरूको सूची नामक ग्रन्थको पहिलो भागका २८१–२८३ पृष्ठ।

४९. नोलीको अभिलेख, १, ३, ६, ९ संख्या।

५०. भारतीय प्रत्नतत्त्व १३ भागका ४२५–२६ पृष्ठ।

५१. भारतीय प्रत्नतत्त्व १७ भागको २१० पृष्ठ, जायसवालको नेपालको कालनिर्णय तथा इतिहासका ६–७ पृष्ठ।

५२. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ३४ पृष्ठ। रेग्मी १२५–२७ पृष्ठ।

५३. ध्रुवदेवको पाइएको सबभन्दा पहिलो अभिलेख संवत् ४८ को हो (नोलीको अभिलेख ५० संख्या) तथा भीमार्जुनदेवको अन्तिम अभिलेख संवत् ६५ को हो (नोलीको अभिलेख, ६२ संख्या)।

५४. बील– युवान च्वाङ्गको यात्रा तेस्रो भागको ३१९ पृष्ठ।

५५. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४८ पृष्ठ।

५६. इतिहास-संशोधन ९ संख्या, वि. सं. २०१४ आषाढ १० को ४१ क्रमागत संख्या इतिहास प्रकाश ५६ पृष्ठ। "यस्ता बूटधारी शकमूर्ति र विम्बका मुद्रा भेटिनुका मतलब हो शकहरूका पूर्ण प्रभाव। नेपालमा शकहरूको शासन थियो वा व्यापारिकसंबन्ध मात्र थियो यो पायिएका छुट्याउन गाह्रो छ। किन्तु नेपालमा अधिकतर शिलालेखहरूमा र लोक व्यवहारमा पनि शक संवत्‌को व्याप्ति देखिएकोले नेपालमा शकहरूको शासन थिएन भन्ने पनि सकिँदैन। शकसंवत्‌को चलती मेटेर अड्डाखानामा विक्रम संवत् चलाउने प्रयास पृथ्वीनारायणशाह (शासनकाल १७४२–१७७५ ई. सं.) देखि नै भएको देखिन्छ, किन्तु सर्व प्रथम त्यसलाई वधानिक रूपले चलाउने आदेश नेपालका भूतपूर्व प्राईम् मिनिष्टर चन्द्र सम्सेर (शासनकाल १८०१-२८ ई. सं.) ले नै दिएका हुन् अस्तु।"

५७. उही ग्रन्थ।

५८. वि. सं. २०१६ मा प्रकाशित, एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४८ पृष्ठ। "नेपालको १ संख्याको अभिलेखमा पाइएको संवत्, सो संवत् चलन लागेको ४०० वर्ष जति पछिको हो भन्ने कुरा राम्ररी सम्झनुपर्दछ। परम्परागत शकसंवत् र विक्रमसंवत्‌सिवाय ४०० वर्षसम्म लगातार चलिरहन सक्ने संवत् कुनै शक्तिशाली तथा यशस्वी वंशले स्थापना गरेको संवत्‌बाहेक अर्को संवत् हुन सक्तैन। संवत् ३८६ भन्दा अगाडिका कुनै अभिलेख तथा अरू ऐतिहासिक प्रमाण पनि नपाइएकाले त्यस्तो शक्तिशाली वंश

नेपालमा थियो भनी विश्वास गर्न गाह्रो पर्दछ । त्यस कारण नेपालका शासकहरूले जहिलेदेखि अभिलेख राख्न थाले, त्यसै बेलादेखि उनीहरूले चलनचलतीमा आइरहेका प्रसिद्ध संवत्‌लाई नै प्रयोग गर्न थाले भन्ने कुरो देखिन्छ'' भनी मजूमदारले भनेको कुरा मनासिब देखिन्छ ।

५९. अभिलेख-संग्रह पहिलो भागका २९-३१ पृष्ठ।

६०. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४७ पृष्ठ ।

६१. इतिहास–प्रकाश ५५–५६ पृष्ठ। भीमसेनस्थाननिरको अभिलेख (उही ग्रन्थ) यस अभिलेखले प्रथम शिवदेव र अंशुवर्मालाई संवत् २९६ मा देखाएको छ। यसमा रहेको २ को संख्या अशुद्ध पढिएको हो वा अशुद्ध कुँदिएको हो। प्रथम शिवदेवका संवत् ५१७–५२६ सम्मका अभिलेख पाइएका छन्, यस कारण यो संख्या २ होइन, ४ हुनुपर्दछ। यो संवत् ४९६ हो भने यसै वर्ष अंशुवर्मा शिवदेवका सामन्त भएका हुन् ।

६२. रेग्मी– १३९–१४० पृष्ठ; भारतीय प्रत्नतत्त्व ९ भाग १७० पृष्ठ।

६३. नेपालका टकहरूको सूची नामक ग्रन्थको १ पृष्ठ, कनिङ्घमको भारतका प्राचीन सिक्का ११२ पृष्ठ, फलक १३ संख्या । वि. सं. १९६५ मा प्रकाशित, एशियासम्बन्धी अध्ययन गर्ने राजकीय संस्थाको पत्रिकाको ६८१ पृष्ठ । स्मिथको भारतीय संग्रहालयका टकहरूको सूची वि. सं. १९६३ मा प्रकाशित पहिलो भागको २८१–२८३ पृष्ठ ।

६४. उही ग्रन्थ।

६५. उही ग्रन्थ ।

६६. नोलीको अभिलेख ४० संख्या, अभिलेखमा दूतक राजपुत्र विक्रमसेन भन्ने वाक्य मात्र उल्लेख गरिएको छ । यसको मुख्य भाग क्षतिग्रस्त छ ।

६७ नोलीको अभिलेख, ४८ संख्या ।

६८. जायसवाल- नेपालको कालनिर्णय तथा इतिहास ५-६ पृष्ठ। नेपालको ऐतिहासिक रूपरेखा ८९ पृष्ठ । सुधाकर चट्टोपाध्यायको उत्तर भारतको प्राचीन इतिहासको २७३ पृष्ट ।

६९. हर्ष– ३२ पृष्ठको टिप्पणी ।

७०. रेग्मी– १२५-१२७ पृष्ठ ।

७१. नोलीको अभिलेख ६२ संख्या ।

७२. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४७ पृष्ठ।

७३. नरेन्द्रदेवको संवत् भएको सबभन्दा पहिलो अभिलेख पाटनको हो (नोलीको अभिलेख ६७ संख्या)। यो संवत्को शुद्ध पाठ ६७ हो (अगाडि उल्लेख गरिएको महेशराज पन्तको पुस्तिकाका २२-२३ पृष्ठ)।

७४. नोलीको अभिलेख ६२ संख्या।

७५. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको, पत्रिकाको पहिलो भागको १ संख्याको ४७ पृष्ठ।

७६. उही पत्रिकाको ४८ पृष्ठ।

७७. वि. सं. ६३१ (ई. सं. ५७४) शकसंवत् ५७४-७८ = ४९७ हो (शकसंवत् ५७४-७८ = ४९६ हुनुपर्ने -अनुवादक)।

७८. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४८ पृष्ठ। "नेपाली शासक र दुनियाँले पहिले शकसंवत् नै चलाएका थिए। जब शकसंवत्को ५०० वर्ष पूरा भयो, नयाँ वंशका अंशुवर्मा पनि शक्तिमा आए, तब उनले आफैंले नयाँ संवत् चलाएको जस्तो गरी देखाउन शकसंवत्को शतस्थानी अङ्क हटाई आफ्नो कीर्ति चिरस्मरणीय गराए" भनी मजूमदारले भनेका छन् (उही पत्रिका)।

७९. उही पत्रिका।

८०. संस्कृत-सन्देश ३-४ पृष्ठ, नोलीको अभिलेख ६५-७०, ७३ संख्या। महेशराज पन्त- सोही पुस्तिका। नरेन्द्रदेवका संवत् ६७ देखि १०३ सम्मका अभिलेख पाइएका छन्। यस कारण उनले ३६ वर्षभन्दा बढ्ता समयसम्म राज्य गरे भन्ने देखिन्छ।

८१. महेशराज पन्त- माथि उल्लेख गरिएको पुस्तिकाको २२-२३ पृष्ठ।

८२. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याका ४७ पृष्ठ। "वि. सं. ७०० मा चिनियाँ दूतमण्डल नेपालको बाटो भई मगध गएको थियो। सो दूतमण्डललाई मगध जाँदा वा मगधबाट फर्कंदा नेपालका राजा नरेन्द्रदेवले स्वागत गरेका थिए भन्ने प्रामाणिक चिनियाँ वर्णन पाइएको छ। यताबाट वि. सं. ७०० को एक दुइ वर्ष यताउता नेपालको सिंहासनमा नरेन्द्रदेवले अधिकार जमाइसकेको कुरो सिद्ध हुन्छ" भनी मजूमदारले जोडदार शब्दमा भनेका छन् (उही पत्रिका)।

८३. नोलीको अभिलेख, ६२ संख्या ।

८४. रेग्मी– १७७ पृष्ठ, जायसवालको अगाडि उल्लेख गरिएको ग्रन्थका ८–९ पृष्ठ ।

८५. जायसवाल– अगाडि उल्लेख गरिएको ग्रन्थका ८–९ पृष्ठ । सुधाकर चट्टोपाध्याय–उत्तरी भारतको प्राचीन इतिहासको २७३ पृष्ठ ।

८६. उही ग्रन्थ ।

८७. वि. सं. २०१६ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको पहिलो भागको १ संख्याको ४८ पृष्ठ ।

८८. बील– युवान च्वाङ्गको यात्राको तेस्रो भागको ३१९ पृष्ठ ।

८९. नोलीको अभिलेख १४ संख्या (यो संख्या मिल्दैन –अनुवादक) "विपुल-पराक्रमप्रशमित" २७ संख्या : "पृथुसमरसम्पातनिर्जयाधिगतशौर्य्यप्रतापोपहतसकल-शत्रुपक्षप्रभावेन सम्यक् प्रजापालनपरिश्रमोपार्ज्जितशुभ्रयशोभिव्याप्तदिङमण्डलेन श्रीमहासामन्तांशुवर्म्मणा"

९०. बील– माथि उल्लेख गरिएको ग्रन्थको ३१९ पृष्ठ ।

९१ उही ग्रन्थ ।

[६]

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को विषयमा बालचन्द्र शर्माको मतको परीक्षा

अंशुवर्मादेखिका अभिलेखमा देखिएको संवत् वि. सं. ६२८ (शकसंवत् ४९३) देखि उठेको ठकुरीसंवत् हो भन्ने बालचन्द्र शर्माको मत छ।[1]

अब यसको परीक्षा गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारओटा आधार पाइएका छन्।[2]

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

६२८ + ३१ = ६५९ हुने हुनाले यस अभिलेखको संवत् ३१ बालचन्द्र शर्माको मतअनुसार वि. सं. ६५९ (शकसंवत् ५२४) हुन्छ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि

---

१. नेपालको ऐतिहासिक रूपरेखाका ८६–९२ पृष्ठ, वि. सं. २०२२ तथा २०३३ को संस्करण।

२. यही ग्रन्थका ७-८ पृष्ठ।

थियो ।[३] यस कारण अभिलेखको संवत्‌ ३१ वि. सं. ६५९ (शकसंवत्‌ ५२४) को कार्तिकशुक्लदेखि वि. सं. ६६० (शकसंवत्‌ ५२५) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत्‌ ५२४ को भाद्रमा अधिमास छ। शकसंवत्‌ ५२४ को भाद्र महीना त अभिलेखको संवत्‌ ३१ मा होइन, संवत्‌ ३० मा पो पर्दछ । यस कारण संवत्‌ ३१ मा अधिमास पर्दैन । परन्तु भक्तपुरको उक्त अभिलेखमा संवत्‌ ३१ को पौषमा अधिमास लेखिएको छ ।

यस कारण बालचन्द्र शर्मालि सकारेको संवत्‌अनुसार यो अधिमास मिलेन ।

(२) संवत्‌ ३४ प्रथमपौषशुक्लद्वितीयायाम्‌ ।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

६२८+३४=६६२ हुने हुनाले यस अभिलेखको संवत्‌ ३४ बालचन्द्र शर्माको मतअनुसार वि. सं. ६६२ (शकसंवत्‌ ५२७) हुन्छ ।

अब संवत्‌ ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउंछ कि आउंदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्‌ कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण अभिलेखको संवत्‌ ३४ वि. सं. ६६२ (शकसंवत्‌ ५२७) को कार्तिकशुक्लदेखि वि. सं. ६६३ (शकसंवत्‌ ५२८) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ ।

अधिमासक्षयमाससारणीमा शकसंवत्‌ ५२७ को श्रावणमा अधिमास छ। शकसंवत्‌ ५२७ को श्रावण महीना त अभिलेखको संवत्‌ ३४ मा होइन संवत्‌ ३३ मा पो पर्दछ । यस कारण संवत्‌ ३४ मा अधिमास पर्दैन । परन्तु पाटनको उक्त अभिलेखमा संवत्‌ ३४ को पौषमा अधिमास लेखिएको छ ।

यस कारण बालचन्द्र शर्मालि सकारेको संवत्‌अनुसार यो अधिमास पनि मिलेन ।

---

३. यही ग्रन्थको ९ पृष्ठ ।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया ।
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने ॥

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ ।

६२८+३१=६५९ हुने हुनाले यस अभिलेखको संवत् ३१ बालचन्द्र शर्माको मतअनुसार वि. सं. ६५९ हुन्छ ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट तिष्यनक्षत्र तथा आइतवार आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट .

अभिलेखको संवत् ३१ (वि. सं. ६५९) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
बुध	द्वादशी	८ । १५	तिष्य	५५ । १८

आयो ।

बुधवार द्वादशी ८ घडी १५ पलासम्म रहन्छ, त्यसपछि त्रयोदशी लाग्छ । परन्तु चाँगुको उक्त अभिलेखमा आइतवार लेखिएको छ ।

यस कारण बालचन्द्र शर्माले सकारेको संवत्अनुसार यो तिथिमिति पनि मिलेन ।

(४) वर्षे चैकोत्तरस्मिंस्त्रितयशतगते माधवे मासि शुक्ले ।
सप्तम्यां पुष्यऋक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे ॥

(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग ।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।

६२८+३०१=९२९ हुने हुनाले यस अभिलेखको संवत् ३०१ बालचन्द्र शर्माको मतअनुसार वि. सं. ९२९ हुन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरं माथि लेखियो। यस कारण अभिलेखको संवत् ३०१ वि. सं. ९२९ को कार्तिकशुक्लदेखि वि. सं. ९३० को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ। अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस वेला वि. सं. ९३० हुन्छ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ९३०) वैशाखशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
बुध	सप्तमी	९ । २१	तिष्य	३८ । २७

आयो।

परन्तु उक्त पुस्तकको पुष्पिकावाक्यमा आइतवार लेखिएको छ।

यस कारण बालचन्द्र शर्माले सकारेको संवत्‌अनुसार यो तिथिमिति पनि मिलेन।

अधिमास र तिथिमिति नमिलेका हुनाले बालचन्द्र शर्माले सकारेको संवत् प्रामाणिक हुन सक्तैन।

[नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र दिनेशराज पन्तको संयुक्त परिश्रमबाट यो गणना तयार भएको हो।]

[परिशिष्ट]*

बालचन्द्र शर्माको मत

नेपाली शिलालेखहरूमा भएका संवत्‌हरूको सम्बन्धमा विद्वान्‌हरूमा निकै मतभेद छ। मानदेव (प्रथम) को चाँगु–अभिलेखमा अंकित 'संवत् ३८६' लाई यसका प्रथम उद्धारक पण्डित भगवानलाल इन्द्राजीले विक्रमसंवत् ठहराई मानदेवको यो संवत् वि. सं. ३८६ निर्धारित गरेका छन्[१]। फ्लीट महोदयले यो संवत् वि. सं. ३७६ देखि प्रचलित गुप्त संवत् अनुमान गरी मानदेवको समय वि. सं. ७६२ भनेका छन्[२]। डा. काशीप्रसाद जायसवालले ब्रिटिश म्युजियममा प्राप्त 'सुमतितन्त्र' मा भएको '३०४ मानदेवाब्द' तिर ध्यान आकृष्ट गर्दै यी मानदेवलाई चाँगु–अभिलेखवाला मानदेव (जायसवालको अनुसार द्वितीय) को समय फ्लीटकै अनुमान अनुसार वि. सं. ७६२ सिद्ध गर्ने चेष्टा गरेका छन्[३]। प्राचीन नेपाली इतिहासका प्रसिद्ध फ्रांसीसी पण्डित सिलवें लेवीले ४४९ संवत् लेखिएको किसिपिडि–अभिलेखको गणना गरी यसलाई केवल ४८२ शक मात्र हुन सकेको देखाएका छन् यस आधारमा लेवीले मानदेव र अन्य लिच्छवि राजाहरूका अधिकांश शिलालेखमा भएका संवत् ४८२—४४९=३३ शक वि. सं. १६७ देखि प्रचलित भएको स्वतन्त्र लिच्छवि संवत् देखाएर मानदेवको समय (३८६+१६७=५५३) वि. सं. ५५३ ठहराएका छन्। उनको अनुमानअनुसार वि. सं. १६७ मा लिच्छविहरूले नेपालका किराती राजाहरूलाई अन्तिमरूपले पराजित गरी नयाँ संवत् चलाएका हुन्[४]।

उत्तर भारतमा निकै पछिसम्म पनि विक्रम संवत्‌को चलती भेटिदैन। नेपालमा प्राप्त हस्तलिखित ग्रन्थमा त मल्लकालसम्म पनि यसको यदाकदा नै उपयोग भएको छ। यस प्रकार पण्डित भगवानलाल इन्द्राजीको विक्रम संवत्‌वाला सिद्धान्त पत्यार नपर्दो देखिन्छ। चाँगु–अभिलेखको प्रारम्भिक गुप्त– शैलीको गरुडाकृति स्तम्भशीर्ष र अनेक अक्षर एवं अङ्क पछि भएका अंशुवर्माका अभिलेखहरूमा भएका अक्षर एवं अङ्कहरूभन्दा भिन्न र प्राचीन भएकाले मानवदेवको समय विक्रमको

* बालचन्द्र शर्माको ग्रन्थ नेपालको ऐतिहासिक रूपरेखाको सम्बद्ध भाग।

आठौं शताब्दीभन्दा निकै अघिको ठहर्दछ[५] । कारण, हुएन साङ्को यात्रा-वृत्तान्त-अनुसार अंशुवर्मा हर्षका समकालीन थिए ।

यद्यपि लेवीले 'ठकुरी-राजवंश' र लिच्छविहरूको क्रमलाई एकैमा फेटी गज्याङ-मज्याङ पारेका छन्, तथापि उनको गणना निकै महत्वपूर्ण छ । परन्तु, लेवीले भनेअनुसार वि. सं. १६७ मा किरातहरूको अन्तिम पराजय भई नेपालमा नयाँ लिच्छवि संवत् चलेको अन्य कुनै पुष्ट प्रमाण नभेटिन्जेलसम्म उनको उपर्युक्त तर्क यथारूपमा ग्रहण गर्न सकिदैन । यता नेपालमा प्रारम्भिक शक राजाहरूका मुद्रा निकै परिमाणमा भेटिएकोले[६] र नेपालमा निकै पछिसम्म पनि शक संवत् प्रचलित भएको- यहाँसम्म कि राघवदेवदेखि प्रचलित भएको नेपाली संवत्को आधार पनि शक संवत्उपरै आधारित देखिएकोले नेपालमा प्राचीन कालदेखि नै शक संवत्को प्रचलन अनुमान हुन्छ । यस अनुमानको आधारमा मानदेवको चाँगुवाला अभिलेखको ३८६ संवत् वि. सं. १३५ देखि प्रारम्भ भएको शक संवत् भएर (३८६+१३५= ५२१) वि. सं. ५२१ देखिन्छ ।

चाँगु- अभिलेखको अतिरिक्त प्राप्त शिलालेखहरूमध्ये मानदेवको नामोल्लेख भएका अन्य तीन[७] शिलालेखहरूमा क्रमशः ३८७, ४०२ र ४१३ संवत् अंकित भएकोले मानदेव कमसेकम ३८६ देखि ४१३ शक संवत् (वि. सं. ५२१-५४८) सम्म नेपालका राजा भएको स्पष्ट छ ।

(नेपालको ऐतिहासिक रूपरेखा ८१-८२)

मानदेवका उत्तराधिकारीहरू - वंशावलीमा मानदेवपछि उनका छोरा महादेव राजा भएको लेखिएको छ । परन्तु जयदेव (द्वितीय) को पशुपति-अभिलेखमा[८] यिनको नाम महीदेव लेखिएको छ ।

महीदेवपछि क्रमशः वसन्तदेव र उदयदेव (प्रथम) नेपालका राजा भए । पं. भगवानलाल इन्द्राजीद्वारा एकत्रित र डा. बुइलरद्वारा संपादित नेपाली शिलालेखहरूमध्ये तेस्रोमा 'भट्टारकमहाराजश्रीवसन्तसेन'ले संवत् ४३५ शक (वि.सं. ५७०) मा मानगृहमा बसी शासन गरेको देखिन्छ । यसै अभिलेखमा 'सर्वदण्डनायकमहाप्रतिहार रविगुप्त'-को नाम पनि आएकोले र यही नाम प्रो. लेवीद्वारा एकत्रित संवत् ४४९ शक (वि. सं. ५८४) को 'किसिपिडि-अभिलेख' (नं. १) मा पनि दोहोरिएकोले वसन्तदेव (सेन) को शासन यी दुवै संवत् अर्थात् वि. सं. ५७०-८४ सम्म भएको निश्चय हुन्छ[९] । यस गणनानुसार वसन्तदेवका पूर्ववर्ती र मानदेव (प्रथम)-का परवर्ती राजा महीदेवको समय लगभग वि. सं. ५४८-५७० को बीच निश्चय हुन्छ । (८५ पृष्ठ)

शिवदेव (प्रथम)– तुलाछ्छीटोल (भादगाउँ) – अभिलेखले संवत् ५१० (शक) मा शिवदेव र यिनका महासामन्त अंशुवर्माको यस समय उपस्थिति जनाउँछ[१०] । अंशुवर्माको उदय शिवदेवकै पालीमा भएकोले र यसै अभिलेखमा अंशुवर्मालाई 'प्रख्यातामलविपुलयशसा स्वपराक्रम ··· ··· तामित्रपक्षप्रभावेण' इत्यादि विशेषणद्वारा ठूलो महत्व दिएकोले महासामन्त अंशुवर्मा र यिनका महाराज शिवदेवको उदयकाल यसभन्दा निकै अघि बुझिन्छ । उपर्युक्त अभिलेखभन्दा अघिको एक ४८९ संवत् को 'सापालीगाउँ–अभिलेख' प्राप्त छ[११] । यसमा दुर्भाग्यवश यसका संस्थापक राजाको नाम टुटेको छ। यसलाई यसभन्दा अघिको प्राप्त 'किसिपिंडि-अभिलेख' (नं. २)[१२] का संस्थापक राजा गणदेवकै माने तापनि शिवदेवको राज्यारोहण ४८९ (शक सं.) भन्दा २–४ वर्षपछि अनुमान गर्न सकिन्छ । यस प्रकार शिवदेवको राज्यारोहण र त्यसका साथै अंशुवर्माको महासामन्त पदप्राप्तिको वर्ष (४८९+४=४९३ शक) वि. सं. ६२८ देखिन आउँछ । (८६ पृष्ठ) ।

अंशुवर्माको समय – शिवदेव (प्रथम) को शासनकाल पछिल्लो अध्यायमा लगभग वि. सं. ६२८ देखि प्रारम्भ भएको देखाइएको छ । उनको प्रथम प्राप्त शिलालेखदेखि नै विशेष आदरसाथ अंशुवर्माको नाम आएकोले शिवदेवको राज्यारोहणदेखि नै अंशुवर्मा महासामन्त भएकोमा सन्देह रहन्न ।

परन्तु, अंशुवर्माको हाँडिगाउँ–अभिलेखदेखि नै महाराज शिवदेवको नाम हराएको र यसको साथै एक नयाँ संवत्[१३] देखिएकोले यस संवत्को सम्बन्धमा नेपाली इतिहासका अधिकारी विद्वान्हरूमा नाना प्रकारका तर्क र मतभेद उठेका छन् । ती मध्ये प्रत्येकको उल्लेख र खण्डन–मण्डन यहाँ अनावश्यक भएकोले सांस्कृतिक दृष्टिले पनि विशेष महत्त्वपूर्ण भएका केवल दुइ मतउपर छोटकरीमा विचार गरिन्छ ।

पं. भगवानलाल इन्द्राजीको कथनानुसार अंशुवर्मले व्यवहार गरेको यो नयाँ संवत् उनैका समकालीन भारतीय सम्राट् हर्षवर्धन (वि. सं. ६६३–७०४) द्वारा वि. सं. ६६३ देखि प्रचलित 'हर्षसंवत्' हो । अधिकांश विद्वान्हरूले यसै सिद्धान्तको समर्थन गरेका छन्[१४] । यसको प्रतिपादनमा महाकवि बाणभट्ट विरचित 'हर्षचरित्र'- को त्यो पंक्ति पनि उद्धृत गरिएको छ, जसमा हर्षवर्धनले कष्टसाथ पुग्नसकिने कुनै हिमाच्छादित पर्वतीय राज्यसित कर लिएको कुरा वर्णित छ[१५] । यस वर्णनमा आएको 'तुषारशैलभुवो' पदको व्याख्या गर्दै डा. बुइलरले उक्त प्रदेश नेपालभन्दा अतिरिक्त कुनै अर्को हुन सक्तैन भन्ने अनुमान गरेका छन्[१६] । परन्तु प्रो. लेवीले बुइलरका मत खण्डित गर्दै 'तुषार' शब्दको पाठ 'तुखार' मानेर

हर्षले भारतको उत्तर-पश्चिमी सीमान्तको तुखारजाति ('तुर्क') सित कर असूल गरेको प्रमाणित गरेका छन्[१७]।

हर्षवर्धनले नेपाललाई वशवर्ती तुल्याई कर असूल गरेको कुनै प्रमाण भेटिएको छैन। निःसन्देह भाषावंशावलीको प्रारम्भिक भागमा नेपालमा कुनै प्रतापी राजा विक्रमादित्य आई सम्पूर्ण नेपाललाई करमुक्त गरी आफ्नो संवत् चलाएको वर्णन छ। यो प्रतापी व्यक्ति अंशुवर्माबाहेक अरू कुनै हुन सक्तैन। अंशुवर्माका शिलालेखहरूमा उनले राजपुरुषको जागीर र देवालयहरूको खर्चसम्बन्धी कुराको नयाँ बन्दोबस्त चलाई, साथै अनेक ग्रामका प्रजाहरूलाई मर्का पर्ने करहरू उठाएर प्रजाको आर्थिक अवस्था सुधार्ने प्रयत्न गरेको देखिन्छ[१८]। यी सबै कुराउपर विचार गर्दा वंशवलीकारले प्रतापी अंशुवर्मा र तिनको नयाँ संवत्‌को सम्बन्ध अनेक दन्तकथाका नायक विक्रमादित्यसित जोर्नु वंशावलीको विशेषतः प्रारम्भिक भागको पौराणिक शैली हेर्दा केही असम्भव देखिदैन। फेरि अंशुवर्माले शिलालेखहरूमा आफ्नो नाम अगाडि 'भगवत्पशुपतिभट्टारकपादानुगृहीतः' आदि अनेक नयाँ लम्बाचौडा प्रशस्ति पनि जोरेकाले[१९] उनी कसैका करद भएको कुरा पत्यार पर्दैन। स्वतन्त्र र सम्पन्न सम्राट्‌हरूझैं अंशुवर्माले आफ्ना नामका बहुमूल्य र सुन्दर मुद्राहरू पनि प्रचलित गरेकोले र तीमध्ये एक क्रमका मुद्रामा 'महाराजाधिराज' उपाधि[२०] पनि जोरिएकोले यी सम्पन्न, शक्तिशाली र सार्वभौम सत्ताधारी राजा भएको कुरा प्रमाणित हुन्छ। जिष्णुगुप्त र ध्रुवदेवको छिन्नमस्ता - अभिलेखमा पनि अंशुवर्मा 'महाराजाधिराज' लेखिएकोले[२१] उपर्युक्त कुराको अझै पुष्टि हुन्छ।

यस सम्बन्धमा अझ एक कुरा विचारणीय छ। हर्षको शासनकालमा चीनदेखि भारत आएका प्रसिद्ध चीनियाँ यात्री हुएन साङले नी-पो-लो (नेपाल) का प्रतापी र विद्वान् राजा अं-चु-फा-मो (अंशुवर्मा)-को उल्लेख गर्दै 'उनी हालैसम्म थिए भनी' आफ्नो यात्रावृत्तान्तमा लेखेका छन्[२२]। हुएन साङले वि. सं. ६८६ मा आफ्नो यात्रा प्रारम्भ गरेर वि. सं. ७०० मा हर्षसित भेट गरी चीनतिर फर्केको कुरा इतिहासका पण्डितहरूले मानिसकेका छन्[२३]। यस भनाइ र अंशुवर्माको सम्बन्धमा प्रचलित हर्षसंवत्‌को सिद्धान्तको मिलान गर्दा पनि यो सिद्धान्त भ्रमपूर्ण सिद्ध हुन्छ। कारण, अंशुवर्माको नाम भएको 'संवत् ४५' अंकित अभिलेखलाई[२४] यसै हर्ष संवत्‌को मान्दा अंशुवर्मा (६६३ + ४५ =) वि. सं. ७०८ सम्म अवश्य नै जीवित देखिन्छन्। यस अवस्थामा वि. सं. ७०० मा चीन फर्किसकेका हुएन साङले यिनीलाई केही समयपूर्व नै दिवंगत भइसकेका भनी लेख्नु संगतिपूर्ण ठहर्दैन। हुएन साङ आफ्नो यात्राको क्रममा गौतम बुद्धको जन्मस्थल लुम्बिनी र मगधका

छेउछाउमा पनि घुमेका थिए र निश्चय नै यहीं उनले प्रतापी अंशुवर्माका सद्गुणहरूको चर्चा सुनेका थिए । यस अवस्थामा हुएन साङलाई अंशुवर्माको मृत्युको सम्बन्धमा भ्रम हुन सम्भव छैन ।

यसै क्रममा एक अर्कै पक्षका प्रमाणको उल्लेख आवश्यक छ । हर्षसितको सम्बन्ध अझै दृढ पार्न चीनसम्राट्ले अनेक पटक आफ्ना राजदूत भारत पठाएका थिए । यी मध्ये वि. सं. ७०० को लगभग चीनबाट ह्लासा हुँदै नेपालको बाटो भारत आउने ली-यू-पाऊ नामक राजदूत नेपाल पुग्दा त्यहाँका राजा न–लिङ–ति-पो (नरेन्द्रदेव) ले तिनको स्वागत गरेको कुरा समसामयिक वृत्तान्तहरूका आधारमा तैयार गरिएको चीनका ताङवंशी राजाहरूको वृत्तान्तमा उल्लिखित छ[२५] । वि. सं. ७०८ सम्म अंशुवर्मा जीवित रहेको खण्डमा यी चीनियाँ राजदूतले नेपालमा राजा नरेन्द्रदेवलाई देख्नु असंभव छ । कारण, पं. भगवानलालको १५ नं. शिलालेख-अनुसार यी शिवदेव (द्वितीय) भन्दा ठीक अघि भएको देखिन्छ[२६] । चीनियाँ वृत्तान्तहरू पं. भगवानलालको कल्पनाभन्दा अधिक प्रामाणिक भएकोले उनको अंशुवर्मासम्बन्धी हर्षसंवत्को सिद्धान्त नितान्त भ्रमपूर्ण अतएव अमान्य देखिन्छ ।

प्रो. सिलवँ लेवीले भगवानलाल इन्द्राजीको उपर्युक्त सिद्धान्त खण्डित गर्न चीन र तिब्बतका नेपालसम्बन्धी अनेक बहुमूल्य ऐतिहासिक सामग्रीको उपयोग गर्दागर्दै पनि एक नयाँ सिद्धान्त प्रचलित गर्ने प्रयास गरेर अर्को ठूलो भ्रम पैदा गरेका छन् । उनको भनाइअनुसार नेपाल यस समय हर्षको करद राज्य नभएर नवोदित भोट (तिब्बत)–को वशवर्ती थियो । उनको भनाइअनुसार अंशुवर्माको नयाँ संवत् ह्लासा साम्राज्यका संस्थापक स्रोङचन् गम्पोका पिता लुङ–चन् सोलन[२७] द्वारा वि. सं. ६५२ देखि प्रचलि भोटे संवत् हो । लेवीको मतअनुसार वि. सं. १८४६ र १८४९ मा पोताला लामाले भारतका बडा लाट कार्नवालिसलाई पठाएका खरीताहरूमा क्रमशः लेखिएका १२०३ र १२०६ संवत् पनि यही भोटे संवत् हो[२८] । परन्तु एक त यस संवत्को प्रचलन भोटदेखि नै प्रारम्भ भएको कुनै प्रमाण छैन, दोस्रो वि. सं. ६५२ मा उठान भएको भोटे संवत् वि. सं. १८४६ मा १२०३ संवत् हुन सक्तैन । निस्सन्देह उक्त भोटे खरिताको संवत् मुगलसम्राट् अकबरले आफ्नो समयमा प्रचलित संवत्हरूको आधारमा तैयार पारेको फसली संवत् हो[२९] । लेवीले आफ्नो मत अझै पुष्ट पार्न भोटे अनुश्रुतिको त्यस भनाइतिर पनि ध्यान आकर्षित गरेका छन् । जसमा अंशुवर्मा (तिब्बती भाषामा होसेरगोचयाङ) ले स्रोङ–चन् गम्पोलाई आफ्नी छोरी भृकुटी दिएको कथन छ । उनको भनाइअनुसार अंशुवर्माजस्ता कट्टर हिन्दू राजाले आजसम्मका

जङ्गली र लूट-पीटले नै जीविका जलाउने भोटे जातिका राजालाई आफ्नी छोरी दिनु नै यस समय नेपाल भोटको अधीनमा हुनु प्रमाणित गर्दछ। यसै मातहतीको कारण नेपालले उक्त भोटे संवत् स्वीकार गर्नुपर्‍यो। निस्सन्देह अंशुवर्माभन्दा केही पछि हुने लिच्छवि राजा नरेन्द्रदेव (प्रथम) भोटदेखि उपकृत भएका थिए, परन्तु अंशुवर्माको जीवनकालमै नेपालउपर तिब्बतको अनुचित दबाव पर्न गएको लेवीको मत अंशुवर्माका मुद्रा र 'महाराजाधिराज' को उच्च उपाधि नै खण्डित गर्दछन्। रह्यो स्रोङ चन् गम्पो र भृकुटीको विवाहसम्बन्धी तर्क र अनुमानको कुरा। चीनको ताङ-वृत्तान्तअनुसार स्रोङ-चन् गम्पोको बढ्दो प्रतापले चीन-साम्राज्यको पश्चिमी खण्ड पनि निकै खतरामा परिसकेको हुनाले त्यसको रक्षार्थ तत्कालीन ताङ-वंशी चीनियाँ सम्राट् ताइ-सुङले आफ्नी छोरी वेन्चिङ[२०] उनीलाई सुम्पनु परेको थियो। यस वृत्तान्तअनुसार उक्त चीनियाँ राजकुमारीसित विवाह गरी प्रतापी चीन-सम्राट् सित सम्बन्ध जोर्न मगध पर्सिया र होर (तुर्की) का राजकुमारहरू पनि अत्यन्त लालायित थिए[२१]। परन्तु यी राजकुमारीको वरण भोटका नवयुवक राजाले नै गरेकोले स्रोङ-चन् गम्पोको हिमालय-पारि बढ्दो प्रताप र शक्तिको पक्का सबूत दिन्छ। यस अवस्थामा चीन-सम्राट्भन्दा निश्चय नै अधिक तल्लो दर्जाका राजा अंशुवर्माले स्रोङ-चन् गम्पोसित सम्बन्ध जोरी आफ्नो देशको रक्षाका साथै नेपालको अन्तर्राष्ट्रिय राजनीतिको स्थितिलाई अझै बलियो तुल्याएर आफ्नो राजनीतिक दूरदर्शिताको परिचय दिए। यदि यस वैवाहिक सम्बन्धले नै नेपाल भोटको मातहत भएको कुरा प्रमाणित हुन्छ भने यही असत्य कल्पना र तर्क चीन-साम्राज्यप्रति पनि लागू हुनुपर्ने हो। ख. बाबुराम आचार्यले स्रोङ-चन् गम्पोसित अंशुवर्माकी छोरीको विवाह हुनमा परेको जातीय अड्को पन्छाउन भृकुटीलाई अंशुवर्माकी भोगिनी (केटी?) पट्टिकी छोरी अनुमान गर्नुभएको छ[२२]। परन्तु वहाँकै तर्क अनुसार एक राजाले अर्को राजा-विशेष गरी स्रोङ-चन् गम्पोजस्ता प्रतापी राजालाई छोरी दिएर राजनीतिक स्वार्थको रक्षा गर्नु सर्वत्र र सदाकाल चलिआएको कुरा हो। राजनीतिक स्वार्थको अगाडि धर्म र जातीयताको परवाह नगरी चाणक्यजस्ता कट्टर ब्राह्मणका आज्ञाकारी शिष्य चन्द्रगुप्त मौर्यले पनि यवनराज सेल्यूकसकी कन्यासित विवाह गरेका थिए भने भृकुटीको विवाहमा त्यत्रो ठूलो अड्को पर्ने कुनै कारण देखिदैन। भृकुटीले भोटमा गई आफ्ना पिताले मानिआएको हिन्दू धर्मको स्थानमा बौद्धधर्मको प्रचार गरेकोले केही शंका पर्नआउनु स्वाभाविक हो। नेपालका तत्कालीन राजाहरूले विशेषतः हिन्दू धर्म नै मानेका भए पनि हर्षद्वारा शासित उत्तर भारत र नेपालमा सर्वसाधारणको बीच बौद्ध धर्मकै आदर थियो। स्वयं अंशुवर्माका शिलालेखहरूबाट उनको अपार धार्मिक उदारता प्रकट हुन्छ। यस

अवस्थामा पिताले मानेको धर्मको स्थानमा भृकुटीले बौद्ध धर्मतिर आस्था राखेकोमा कुनै विशेष असम्भाव्य कुरा देखिंदैन । फेरि चीनमा अशोककै पालीदेखि प्रचलित भएको बौद्ध धर्मले छिमेकको भोट राज्यका अनेक भागमा प्रभाव पार्न लागिसकेको पनि सम्भव छ । हुन सक्तछ, नेपाली राजकन्या भृकुटीले जन-रुचिको यसै पृष्ठ-भूमिमा आफ्नो जन्मस्थलमा समुन्नत भइसकेको बौद्ध धर्मको उन्नति अधिक सम्भव देखेर माइतबाट यै कोसेली ओसारेकी होउन् । नेपाली राजकन्या भृकुटीको विवाह-को आफैं वर्ष स्रोङ-चन् गम्पोले चीनकी राजकुमारीसित पनि विवाह गरे[११]। चीनियां राजकुमारी निश्चय नै बौद्ध धर्मावलम्बिनी भएकीले भृकुटी पहिले स्वयं बौद्धमार्गी नभए तापनि साहचर्यको स्वाभाविक प्रभाव परेर पछि बौद्ध धर्ममा दीक्षित भई भोटमा बौद्ध धर्म प्रचारित गर्न लागेकी पनि हुनसक्तछ ।

विद्वान्हरूका अंशुवर्माको समयसम्बन्धी उपर्युक्त सिद्धान्तहरूलाई यसरी अमान्य ठहराएपछि संक्षेपमा आफ्नो निर्णय दिनु पनि आवश्यक छ । यस सम्बन्धमा अंशुवर्माको नाम भएका छ शिलालेख विचारणीय छन्-

१- संवत् ४८९ (शक+१३५=वि. सं. ६२४) वाला राजाको नाम टुटेको 'सापालीगाउँ-अभिलेख' । (लेवी नं ८)

२- संवत् ५१० (शक+१३५ = वि. सं. ६४५) को महाराज श्री-शिवदेव र उनका महासामन्त अंशुवर्माको नाम भएको 'तुलाछी टोल-अभिलेख' । (लेवी- नं. ९)

३- संवत् ५२० (शक+१३५=वि. सं. ६५५) को महाराज शिवदेवले आफ्ना महासामन्त अंशुवर्माको निमित्त कैलसकूट भवन बनाउन प्रजाहरूलाई सहायतार्थ आज्ञा दिएको 'खोपासी-अभिलेख' । (लेवी-नं. १२)

४- नयाँ संवत् ३० अंकित भएको अंशुवर्माको 'हाँडीगाउँ-अभिलेख' । (लेवी-नं. १३)

५- नयाँ संवत् ४५ को श्री अंशुवर्माको नाम अंकित भएको विभुवर्मावाला 'सातधारा-अभिलेख' । (भगवानलाल- नं. ८)

६- नयाँ संवत् ४८ भएको ध्रुवदेव र जिष्णुगुप्तको 'छिन्नमस्ता-अभिलेख' । (भगवानलाल- नं. ९)[३४]

माथिको क्रमका प्रथम र द्वितीय शिलालेखको आधारमा पछिल्लो अध्यायमा शिवदेव (प्रथम) को शासनकाल वि. सं. ६२८ देखि प्रारम्भ भएको निर्णय गरि-

सकिएको छ । शिवदेवको राज्यारोहणको साथै अंशुवर्मा उनका महासामन्त भएको कुरा पनि उपर्युक्त शिलालेखहरूद्वारा नै सिद्ध छ ।

माथिको क्रममा तेस्रो शिलालेख अंशुवर्मा र शिवदेवको संयुक्त नाम भएको अन्तिम प्राप्त अभिलेख हो । यसमा शिवदेवले अंशुवर्माको निमित्त कैलासकूट नामक नयाँ भवनको निर्माणको आज्ञा दिएकोले कैलासकूटभवनको निर्माणको प्रारम्भ वि. सं. ६५५ मा मात्र पर्दछ ।

यसपछि नै माथिको क्रमको चतुर्थ अभिलेखमा शिवदेवको नाम छैन र केवल अंशुवर्माको यस अभिलेखमा नयाँ संवत् ३० अंकित छ । यसभन्दा अघिको शिलालेख वि. सं. ६५५ मा खडा गरिएको र यसभन्दा (६५५–६२८ =) २७ वर्ष अघि अंशुवर्मा महासामान्त भएकोले अंशुवर्माले यहाँदेखि व्यवहार गरेको नयाँ संवत् आफू महासामन्त भएदेखि गणना गरिल्याएको यिनको स्वतन्त्र संवत् देखिन्छ। अंशुवर्मा ठकुरी भएको हुनाले उनीद्वारा प्रचलित यो नेपालको नयाँ संवत् ठकुरी संवत् अथवा अंशुवर्मा संवत् भनी उल्लेख गरिनेछ । कैलासकूटभवनमा आई वास्तविक राजसत्ताको उपभोग गर्न लागेपछि अंशुवर्माले आपनो यो नयाँ संवत् व्यवहार गरे । माथिको क्रमकै ३० संवत्वाला चौथो अभिलेख कैलासकूटभवन स्थापित भएको तेस्रो वर्ष अर्थात् (६५५+३ =) वि. सं ६५८ मा लेखिएको ठहर्दछ। अंशुवर्माले या त यस तीन वर्षवीच कुनै शिलालेखै स्थापित गरेनन्, या स्थापित गरेको भए पनि त्यो प्राप्त हुन सकेको छैन ।

माथिको क्रमको पञ्चम शिलालेखले अंशुवर्मा ठकुरी संवत् ४५ अथवा (४५+६२८=) वि. सं. ६७३ सम्म जीवित भएको देखाउँछ। परन्तु माथिको क्रमको अन्तिम अभिलेखले अंशुवर्मा ठकुरी संवत् ४८ अथवा (४८+६२८=) वि. सं. ६७६ सम्म दिवंगत भइसकेर महाराज ध्रुवदेव र जिष्णुगुप्तको द्वैध शासन कायम भइसकेको प्रमाणित भएकोले अंशुवर्माको मृत्यु यसभन्दा अघि अर्थात् वि. सं. ६७३ को छेउछाउतिर भइसकेको सिद्ध हुन्छ[३५] ।

उपर्युक्त समस्त कुराको सारांश निम्नलिखित हो—

अंशुवर्मा महासामन्त हुनु र ठकुरी संवत्को प्रारम्भ वि. सं. ६२८ ।
कैलासकूटभवनको स्थापना वि. सं. ६५५ ।
अंशुवर्माको मृत्यु वि. सं. ६७३ ।

(७८–९२ पृष्ठ)

टिप्पणी

१. [ने. ऐ. रू. ८१–२] भारतीय प्रत्नतत्त्व–१३ भाग–४२५–२६ पृष्ठ ।

२. [८१–३] गुप्तकालका अभिलेख–४ परिशिष्ट–१७१ पृष्ठदेखि । भारतीय प्रत्नतत्त्व– १७ भाग–२१० पृष्ठ; भारतीय अभिलेखसंग्रह– उपोद्‌घात–९८ पृष्ठ पनि हेर्नुहोस् ।

३. [८१–४] जायसवाल– कालनिर्णय–३९ तथा ४३ पृष्ठ ।

४. [८२–२] सिल्भाँ लेभी– ले नेपाल– २ भाग– १२६; ६१–६४; ७०–८१ पृष्ठ ।

५. [८२–३] दीनेशचन्द्र सरकार–छनौट अभिलेख– ३६६ पृष्ठदेखि ।

६. [८२–४] एशियासम्बन्धी अन्वषेण गर्ने राजकीय संस्थाको पत्रिका– वि. सं. १९६५को भाग –६७७ पृष्ठ ।

७. [८२–५] लेभी– ले नेपाल– २ तथा ३ संख्याका अभिलेख–तथा भारतीय प्रत्नतत्त्व–९ भाग– २ संख्याको अभिलेख । यता मानदेवसम्बन्धी अन्य शिला– लेखहरू पनि नेपाली अन्वेषकहरूले भेट्टाएका छन् ।

८. [८५–१] भारतीय प्रत्नतत्त्व– ९ भाग– १५ संख्याको अभिलेख ।

९. [८५–२] लेभी– ले नेपाल–३ भाग– ६ संख्याको अभिलेख; लेवीले यस शिलालेखमा भएको संवत् ४४९ को गणना गरी यसलाई शक ४८२ संवत्‌को देखाएका छन् र यस आधारमा उनले मानदेव (प्रथम)-देखि पछिसम्मका शिलालेखहरूमा भएका संवत् वि. सं. १६७ देखि प्रारम्भ भएको नेपालको स्वतंत्र 'लिच्छवि संवत्' अनुमान गरेका छन् । (–एशियासम्बन्धी पत्रिका– वि. सं. १९६४ मा प्रकाशित ९ भाग– ६८ पृष्ठदेखि तथा ७८ पृष्ठदेखि, ले नेपाल– ३ भाग– ४८ पृष्ठदेखि तथा ७० पृष्ठदेखि) परन्तु, मानदेव (प्रथम)–को काल गणना गर्दा उनको यो भनाइ भ्रमपूर्ण सिद्ध भइसकेको छ । हेर्नुहोस्- पृ०–८२

१०. [८६–२] लेभी– ले नेपाल– ३ भाग– ९ संख्याको अभिलेख ।

११. [८६–३] माथि उल्लेख गरिएको ग्रन्थ– ८ संख्याको अभिलेख ।

१२. [८६–४] माथि उल्लेख गरिएको ग्रन्थ– ७ संख्याको अभिलेख ।

१३. [८७–३] लेभी–ले नेपाल– ३ भाग– १३ संख्याको अभिलेख ।

१४. [८७–४] भारतीय प्रत्नतत्त्व– १३ भाग– ४११ पृष्ठ इत्यादि; १९ भाग– ४० पृष्ठ इत्यादि; के. पी. पणिक्कर- कन्नौजका श्रीहर्ष- १८–१९ पृष्ठ; आर. के. मुखर्जी– हर्ष– ३१–३२ पृष्ठदेखि; कीलहर्न– नेपालका अभिलेखहरूको

सूची; भारतीय अभिलेखपत्रिका– ५ भाग– परिशिष्ट– ७५ पृष्ठ; बुल्हरको नेपालका अभिलेखविषयक निबन्ध (वि. सं. १९४२) पनि हेर्नुहोस्; फ्लीटले (भारतीय प्रत्नतत्त्व– १४ भाग– ३४२ पृष्ठ इत्यादि) नेपालका लिच्छवि 'राजाहरूद्वारा व्यवहृत संवत् 'गुप्तसंवत्' मानेको र यहाँ त्यसको खण्डन गरी शक संवत्को सिद्धान्त मानिएकोले फ्लीट साहेबको अंशुवर्मासम्बन्धी मतउपर विचार यहाँ फेरि दोहऱ्याउनु अनावश्यक छ। जायसवालले अंशुवर्माको समय निर्धारित गर्दा अन्य पूर्ववर्ती विद्वान्हरूको मत निकै तर्कसम्मत ढङ्गले खण्डित गरेका छन्। परन्तु उनको अनुसार अंशुवर्माको समय वि. सं. ६५२ वा ६८२–९७ भएको र यहाँ सबै आधार छोडी आफ्नो नयाँ निर्णय दिइएकोले उनको भनाइको सम्पूर्ण विवरण दिई खण्डन–मण्डन गर्नु आवश्यक छ। जिज्ञासु उनको 'नेपालको कालनिर्णय तथा इतिहास' स्वतन्त्ररूपले अध्ययन गर्न सक्तछन्।

१५. [८८–१] 'अत्र परमेश्वरेण तुषारशैलभुवो दुर्गाया गृहीतकरः।– हर्षचरित–तृतीय उच्छ्वास– पृष्ठ ९१– निर्णयसागर– वि. सं. १९९४।

१६. [८८–२] भारतीय प्रत्नतत्त्व–१९ भाग– ४० पृष्ठ इत्यादि; १२ भाग– ४११ पृष्ठ इत्यादि।

१७. [८८–३] लेभी– ले नेपाल–२ भाग– १४३–४ पृष्ठ।

१८. [८८–४] लेभी– ले नेपाल– ३ भाग– १३, १४ तथा १५ संख्याका अभिलेख।

१९. [८८–५] उही ग्रन्थ– १५ संख्याको अभिलेख।

२०. [८८–६] कनिङ्घम–प्राचीन भारतका सिक्का– ११७ पृष्ठ।

२१. [८८–७] भारतीय प्रत्नतत्त्व– ९ भाग– ९ संख्याको अभिलेख।

२२. [८९–१] बील–पश्चिमका बौद्ध लेख– २ भाग– ८१ पृष्ठ।

२३. [८९–२] विन्सेन्ट स्मिथ– भारतको प्राचीन इतिहास।

२४. [८९–३] भारतीय प्रत्नतत्त्व– ९ भाग– ८ संख्याको अभिलेख।

२५. [८९–४] ताङवंशको इतिहास– २२१ परिच्छेद; लेभी– एशियासम्बन्धी पत्रिका– वि. सं. १९५१ को भाग– ६७ पृष्ठ, माथि उल्लेख गरिएको पत्रिका– वि. सं. १९५७ को भाग– २९७ पृष्ठ, ले नेपाल– १ भाग– १५५ पृष्ठ, २ भाग– १६४–१६५ पृष्ठ, विन्सेन्ट स्मिथ– भारतको प्राचीन इतिहास– ३६६ पृष्ठ इत्यादि हेर्नुहोस्।

२६. [८९–५] भारतीय प्रत्नतत्त्व–९ भाग–१५ संख्याको अभिलेख।

२७. [८९-६] रॉकहिल साहेबको अनुसार स्रोङ-चन् गम्पोका पिताको नाम खि्-दन्-स्रोङ-चन् थियो । रॉकहिल- जीवनी- २११ पृष्ठ; वाडेल- भोटमा बौद्धधर्म - २० पृष्ठदेखि पनि हेर्नुहोस् ।

२८. [९०-१] लेभी- ले नेपाल- २ भाग- १५३-५९ पृष्ठ ।

२९. [९०-२[प्रिन्सेप- निबन्ध- २ भाग- १६८ पृष्ठ; ब्रिटानिका विश्व-कोषको १३ भागमा फ्लीट- हिन्दू कालनिर्णय; जायसवाल- कालनिर्णय- १६-१८ पृष्ठ; ख. बाबुराम आचार्य- भोटका शुद्धजीव राजा र तिनको समय-शारदा- १२ ।९-पृ. ५-६

३०. [९०-३] कतै-कतै यिनको नाम 'कोङ्जो' पनि लेखिएको भेटिन्छ ।

३१. [९०-४] वाडेल-भोटमा बौद्ध धर्म अथवा लामाधर्म- १९ पृष्ठ ।

३२. [९०-५] भोटका शुद्धजीव राजा र तिनको समय-शारदा-वर्ष १२-अं. ९-पृ. ४

३३. [९१-१] वाडेल साहेबको भनाइअनुसार स्रोङ-चन् गम्पोले वि. सं. ६९८ मा चीनकी राजकन्यासित विवाह गरेको हो र यसभन्दा दुइ वर्षअघि अर्थात् वि. सं. ६९६- मा भृकुटीको विवाह भएको हो, (वाडेल-लामाधर्म- १९-२० पृष्ठ) । परन्तु ख. बाबुराम आचार्यले बलियो तर्कको आधारमा यी समय निर्धारित गरिसक्नुभएको छ-स्रोङ-चन् गम्पोको जन्म-वि. सं. ६२६, राज्यभिषेक-वि. सं. ६३८, ल्हासाको स्थापना-वि. सं. ६४९, भृकुटीसँग-विवाह-वि. सं. ६५०, चीनियाँ राजकुमारी वेन्चिङ (बाबुराम आचार्यको अनुसार-कोङ्जो)-सित विवाह-वि. सं. ६५१; र मृत्यु-वि. सं. ७०७- 'शारदा'-वर्ष १२, सं. ९, पृष्ठ-२-८ ।

३४. [९२-१] लेभी- ले नेपाल- ३ भाग; भगवानलाल इन्द्राजी- भारतीय प्रत्नतत्त्व- ९ भाग ।

३५. [९२-२] ख. बाबुराम आचार्यले अंशुवर्माको मृत्यु वि. सं. ६७७ मा भएको लेख्नुभएको छ । परन्तु उहाँले आफ्नो निर्णय पुष्ट गर्न कुन तर्कको आधार लिनुभयो, यो ज्ञात भएको छैन ।— हेर्नुहोस्, शारदा-वर्ष १२-संख्या ९-पृष्ठ-४ ।

(सूचना- यस टिप्पणीको र मूल ग्रन्थको ई. सं. मा ५७ जोडी वि. सं. बनाइएको छ ।)

[७]

अंशुवर्मदेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को विषयमा शङ्करमान राजवंशीको मतको परीक्षा

अंशुवर्मादेखिका अभिलेखमा देखिएको संवत् वि. सं. ६०९ (शकसंवत् ४७४) देखि उठेको अंशुवर्मसंवत् हो भन्ने शङ्करमान राजवंशीको मत छ।[1]

अब यसको परीक्षा गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारवटा आधार पाइएका छन् ।[2]

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

६०९+३१=६४० हुने हुनाले यस अभिलेखको संवत् ३१ शङ्करमान राजवंशीको मतअनुसार वि. सं. ६४० (शकसंवत् ५०५) हुन्छ ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि

---

१. लिच्छविसंवत्को निष्कर्षको १७ पृ. ।

२. यही ग्रन्थका ७–८ पृष्ठ ।

थियो।[३] यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६४० (शकसंवत् ५०५) को कार्तिकशुक्लदेखि वि. सं. ६४१ (शकसंवत् ५०६) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५०५ को भाद्रमा अधिमास छ। शकसंवत् ५०५ को भाद्र महीना त अभिलेखको संवत् ३१ मा होइन, संवत् ३० मा पो पर्दछ। यस कारण संवत् ३१ मा अधिमास पर्दैन।

अघिल्लो वर्ष (संवत् ३० शकसंवत् ५०५ भाद्र) को अधिमास दुराग्रह गरी लिने हो भने पनि भाद्रमा परेको अधिमास आषाढमा मान्नुपर्ने हुन्छ। किनकि शकसंवत् ५०५ को भाद्रमा परेको अधिमास नारद र भारद्वाज दुवैको मतअनुसार आषाढमा पर्ने हुन्छ।[४] परन्तु भक्तपुरको उक्त अभिलेखमा संवत् ३१ को पौषमा अधिमास लेखिएको छ।

यस कारण शङ्करमान राजवंशीले सकारेको संवत्अनुसार यो अधिमास मिलेन।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

६०९+३४=६४३ हुने हुनाले यस अभिलेखको संवत् ३४ शङ्करमान राजवंशीको मतअनुसार वि. सं. ६४३ (शकसंवत् ५०८) हुन्छ।

अब संवत् ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो। यस कारण अभिलेखको संवत् ३४ वि. सं. ६४३ (शकसंवत् ५०८) को कार्तिकशुक्लदेखि वि. सं. ६४४ (शकसंवत् ५०९) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ५०८ को श्रावणमा अधिमास छ।

---

३. यही ग्रन्थको ९ पृष्ठ।

४. यही ग्रन्थका १८५–१८६ पृष्ठ।

शकसंवत् ५०८ को श्रावण महीना त अभिलेखको संवत् ३४ मा होइन, ३३ मा पो पर्दछ। यस कारण संवत् ३४ मा अधिमास पर्दैन। अघिल्लो वर्ष (संवत् ३३ शकसंवत् ५०८ श्रावण) को अधिमास दुराग्रह गरी लिने हो भने पनि शकसंवत् ५०८ को श्रावणमा परेको अधिमास नारद र भारद्वाज दुवैको मतअनुसार आषाढमा मान्नुपर्ने हुन्छ। परन्तु पाटनको उक्त अभिलेखमा सो वर्षको पौषमा अधिमास परेको देखिएको हुनाले यो अधिमास गणनाबाट मिलेन।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया।
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने ॥

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ।

६०९+३१=६४० हुने हुनाले यस अभिलेखको संवत् ३१ शङ्करमान राजवंशीको मतअनुसार वि. सं. ६४० हुन्छ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट तिष्यनक्षत्र तथा आइतवार आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६४०) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
आइत	द्वादशी	६ । १९	तिष्य	५४ । ४१

आयो।

आइतवार द्वादशी ६ घडी १९ पलासम्म रहन्छ, त्यसपछि त्रयोदशी लाग्छ।

यस कारण शङ्करमान राजवंशीले सकारेको संवत्अनुसार यो तिथिमिति मिल्न आयो।

(४) वर्षे चैकोत्तरस्मिस्त्रितयशतगते माधवे मासि शुक्ले।
सप्तम्यां पुष्यनृक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे॥

(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ।

६०९+३०१=९१० हुने हुनाले यस अभिलेखको संवत् ३०१ शङ्करमान राजवंशीको मतअनुसार वि. सं. ९१० हुन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो। यस कारण अभिलेखको संवत् ३०१ वि. सं. ९१० को कार्तिकशुक्लदेखि वि. सं. ९११ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ। अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस बेला वि. सं. ९११ हुन्छ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ९११) वैशाखशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
आइत	सप्तमी	५२। ११	पुनर्वसु	१२। २८

आयो।

आइतवारको दिन पुनर्वसु १२ घडी २८ पलासम्म रहन्छ, त्यसपछि तिष्यनक्षत्र लाग्छ। आइतवार तिष्यनक्षत्र परे सिद्धयोग पर्छ।[५] यस कारण यो दिन सिद्धयोग पऱ्यो।

यस कारण शङ्करमान राजवंशीले सकारेको संवत्अनुसार यो तिथिमिति पनि मिल्न आयो।

शङ्करमान राजवंशीले सकारेको संवत्अनुसार भक्तपुर इनायचोको अभिलेखको अधिमास र पाटन सुनधाराको अभिलेखको अधिमास मिल्दैनन्। चाँगुको अंशुवर्माको अभिलेखको तिथिमिति र केसरपुस्तकालयको सौश्रुती संहिता

५. यही ग्रन्थको २७ पृष्ठ।

सहोत्तरानामक पुस्तकको पुष्पिकावाक्यको तिथिमितिचाहिँ मिल्न जाए तापनि अधिमास नमिलेकाले सो संवत् प्रामाणिक ठहर्न सक्तैन।

प्रामाणिक संवत्बाट गणना गर्दा जम्मै (अधिमास तथा तिथिमिति) मिल्दछन्। जस्तै सुमतितन्त्रले बताएअनुसार अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ उठेको मानदेवसंवत् हो भनी मान्दा जम्मै अधिमास तथा तिथिमिति मिलेका छन्।[६]

[नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र दिनेशराज पन्तको संयुक्त परिश्रमबाट यो गणना तयार भएको हो।]

६. यही ग्रन्थका ७–२८ पृष्ठ।

लिच्छविसंवत्को निष्कर्षका रचयिता शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन् ?

— ब्रह्मसिद्धान्तबाट गणित गर्दा अंशुवर्मा भन्दा अघि चलेका संवत्मा २२ वर्ष घटाएपछि शक संवत् हुने कुरा पत्ता लाग्यो र चांगुको मानदेवको स्तम्भलेखमा "संवत् ३८६ ज्येष्ठमासे शुक्ल पक्षे प्रतिपदि रोहणी नक्षत्रयुक्ते चन्द्रमसि मुहुर्ते प्रशस्ते भिजिति" भनी लेखिएको मितिको गणना गर्दा सोमवार आएकोले प्रशस्ते अभिजिति मुहुर्ते भनी अन्वय गरे र रोहिणी नक्षनयुक्ते प्रतिपदि भनी अन्वय गरी चन्द्रमसिको अर्थ सोमवार भन्न मिल्ने भयो। त्यसको अर्थ पहिले संवत् ३८६ जेठ महिना शुक्ल पक्ष परेवामा रोहिणी नक्षत्रमा चन्द्रमा बसेमा असल अभिजित् मुहूर्तमा भन्ने गरी आइरहेको थियो। कारण त्यस वखत गणनाबाट निर्णय भैसकेको थिएन। चन्द्रमा जुन नक्षत्रमा जान्छन् त्यही नक्षत्र पञ्चाङ्गमा लेख्ने चलन छ। त्यसकारण जुन दिन नक्षत्र लेखेको हुन्छ त्यो दिन त्यस नक्षत्रमा चन्द्रमा छन् भन्ने कुरा स्वतः थाहा हुने हुन्छ। रोहिणी नक्षत्रमा चन्द्रमा बसेको वेलामा भनी अर्थ गर्दा अत्युक्ति हुने भयो। गणितबाट सोमवारको पुष्टि हुंदा चन्द्रमसिको अर्थ सोमवार भन्ने कुरामा शंका नहुने भयो।

(वि. सं. २०३४ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, पुरातत्त्वविभागको मुखपत्र प्राचीन नेपाल ४१–४२ अङ्कमा छापिएको शङ्करमान राजवंशीको अनुसन्धानको एक निष्कर्ष भन्ने निबन्ध, सो अङ्कको ३ पृष्ठ)

प्राचीन नेपालमा छापिएको शङ्करमानको यस लेखबाट उनको विचार-अनुसार रोहिणीनक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गर्नुपर्ने भयो। 'महानुपयोगिता वर्तते', जस्तै, 'रोहिणीनक्षत्रयुक्ते प्रतिपदि' हो। संस्कृतभाषाको व्याकरणको

---

१. त्रिभुवनविश्वविद्यालयका कुलसचिव (रजिस्ट्रार) लाई वि. सं. २०२५।

अध्ययनको अभावले मात्र यस्ता लेख निस्कन्छन् । संस्कृतभाषामा लेखपढ गर्न सक्ने मानिस यो कुरो बुझ्छन् । 'पारस्करगृह्यसूत्र'हरू जसले पढेका छन्, उनीहरू पनि यहाँ सोमवार भन्ने अर्थ हुन सक्तैन भन्ने कुरो स्पष्टसँग बुझ्दछन्[२] ।

गणितबाट ३८६–२२ = ३६४ शकसंवत् अर्थात् वि. सं. ४९९ मा ज्येष्ठ-शुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त सबै कुरा मिल्न आउँछन्, यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको समय सोही हुन्छ भन्ने शङ्करमान-को भनाइ छ । अभिलेखबाट सोमवार भन्ने अर्थ आउँदैन । यो कुरो निश्चित छ । तैपनि शङ्करमानको ढिपीअनुसार अभिलेखमा परेको चन्द्रमसि पदको अर्थ सोमवार नै गर्ने हो भनी स्वीकार गरे तापनि उनले निकालेको निष्कर्ष हेत्वाभासले कसरी दूषित छ भन्ने देखाउन यो निबन्ध प्रस्तुत गरिन्छ ।

(१) स्वस्ति । श्रीशालिवाहनशाके १६५७
तथा श्रीमन्नृपविक्रमसंवत् १७९२
ज्येष्ठ (शुक्ल) रात्रिमानं २६।८
१ २० रो १८ चं

(पात्रोबाट)

दिनको १५ भागको १ भागलाई मुहूर्त भन्छन् । दिनमा आठौं मुहूर्त अभिजित् हुन्छ । जस्तै दिनमान ३० घडी हुँदा १४ घडीदेखि १६ घडीसम्म अभिजित् मुहूर्त पर्छ । यस कारण १२ बज्नुभन्दा केही अघिदेखि केहीपछिसम्म प्रत्येक दिन अभिजित्‌मुहूर्त पर्छ ।

३।१३।४ मा मैले लेखेको पत्र (वि. सं. २०२५ मा प्रकाशित पूर्णिमा १९ अङ्कका २४३–२४४ पृष्ठ)

२. वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३५ अङ्कमा छापिएको 'लिच्छवि-संवत्‌को निष्कर्षको परीक्षा भन्ने मेरो निबन्ध, सो अङ्कका १८८–१९७ पृष्ठ

यस विषयमा वाल्मीकिविद्यापीठका वेदविषयका प्राध्यापक सोमनाथ पौडेलजीसँग मैले धेरै प्रकारबाट छलफल गरेको छु । यस्तो वाक्यमा सोमवार भन्ने अर्थ शास्त्रबाट केही गरे पनि आउँदैन भनी उहाँले भन्नुभएको छ ।

यस कारण वि. सं. १७९२ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १७९२ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १७९२ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १७९२ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । माननेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १७९२ बाट ३८६ घटाउँदा १४०६ बाँकी रहन्छ । यस कारण वि. सं. १४०६ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(२) १७१४ ज्येष्ठशुक्ले

१ ५६।३१ रो ५९।८ चं

(पात्रोबाट)

यस कारण शाके १७१४ (वि. सं. १८४९) ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १८४९ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८४९ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १८४९ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८४९ बाट ३८६ घटाउँदा १४६३ बाँकी रहन्छ । यस कारण वि. सं. १४६३ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(३) १७२८ १८६३

ज्येष्टशुक्ले

१ चं १५।४८ रो ३६। ६

(पात्रोबाट)

यसकारण वि. सं. १८६३ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १८६३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८६३ मा दुरुस्त मिल्न आए । यस कारण बि. सं. १८६३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८६३ बाट ३८६ घटाउँदा १४७७ बाँकी रहन्छ । यस कारण वि. सं. १४७७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(४) संवत् १८६६ शाकः १७३१

ज्येष्टशुक्लः

१ चं ३२।३९ कृ ६।८

(पात्रोबाट)

यहाँ कृत्तिका ६ घडी ८ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १८६६ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १८६६ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८६६ मा दुरुस्त मिल्न आए । यस कारण वि. सं. १८६६ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८६६ बाट ३८६ घटाउँदा १४८० बाँकी रहन्छ । यस कारण वि. सं. १४८० देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(५) विक्रमार्कसंवत् १८७३ शालिवाहनशकः १७३८

ज्येष्टकृष्णः

० चं ७।३१ रो ४७।५२ वि. ३३।२२

(पात्रोबाट)

यहाँ ज्येष्ठकृष्ण औँसी ७ घडी ३१ पलासम्म छ। त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ।

यस कारण वि. सं. १८७३ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ।

यहाँ वि सं. १८७३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन्। यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८७३ मा ट्वाक्क मिल्न आए। यस कारण वि. सं. १८७३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ। मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ। १८७३ बाट ३८६ घटाउँदा १४८७ बाँकी रहन्छ। यस कारण वि. सं. १४८७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ।

(६) शकः १७४१ संवत् १८७६

ज्यैष्ठकृष्णः

० ०।१८ रो ६०।० चं दि ३३।२२

(पात्रोबाट)

यहाँ ज्येष्ठकृष्ण औँसी १८ पलासम्म छ। त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ।

यस कारण वि. सं. १८७६ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ।

यहाँ वि. सं. १८७६ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन्। यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८७६ मा ट्वाक्क मिल्न आए। यस कारण वि. सं. १८७६ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ। मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ। १८७६ बाट ३८६ घटाउँदा १४९० बाँकी रहन्छ। यस कारण वि. सं. १४९० देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ।

(७) स्वस्ति श्रीसंवत् १८९३ शाके १७५८
ज्येष्टशुक्ल दि ३३।२४
१ ३७।२९ कृ ५।५६ चं

(पात्रोबाट)

यहां कृत्तिका ५ घडी ५६ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १८९३ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमबार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १८९३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमबार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, बार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १८९३ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १८९३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १८९३ बाट ३८६ घटाउँदा १५०७ बाँकी रहन्छ । यस कारण वि. सं. १५०७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(८) शक १७६८
ज्येष्टकृष्ण
० १०।२९ कृ १।२२ चं ३३।४८

(पात्रोबाट)

यहाँ ज्येष्ठकृष्ण औँसी १० घडी २९ पलासम्म छ । त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ । कृत्तिका १ घडी २२ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण शाके १७६८ (वि. सं. १९०३) ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणी-नक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९०३ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९०३ मा ट्वाक्क

मिल्न आए । यस कारण वि. सं. १९०३ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९०३ बाट ३८६ घटाउँदा १५१७ बाँकी रहन्छ । यस कारण वि. सं. १५१७ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निष्कन्छ ।

(९) श्रीशाके १७८२ श्रीसम्वत् १९१७
ज्येष्टशुक्ल:
१ ४६।२३ रो ५६।२४ चं

(पात्रोबाट)

यस कारण वि. सं. १९१७ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९१७ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९१७ मा द्वाक्क मिल्न आए । यस कारण वि. सं. १९१७ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९१७ बाट ३८६ घटाउँदा १५३१ बाँकी रहन्छ । यस कारण वि. सं. १५३१ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निष्कन्छ ।

(१०) स्वस्ति श्रीशाके १७८५ संवत् १९२०
ज्येष्टशुक्ल: दि ३३।३०
१ ४३।२३ कृ ७।१४ चं

(पात्रोबाट)

यहाँ कृत्तिका ७ घडी १४ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९२० ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९२० मा ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९२० मा ट्‍वाक्क मिल्न आए । यस कारण वि. सं. १९२० मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९२० बाट ३८६ घटाउँदा १५३४ बाँकी रहन्छ । यस कारण वि. सं. १५३४ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(११) वैक्रम वेदवेदाङ्केन्दुमित वर्षस्य
ज्येष्ठशुक्लः ४४ सा.
३३।४६ १ चं ५९।२८ कृ १।३६

(पं. जीवनाथको छापा पात्रोबाट)

यहाँ कृत्तिका १ घडी ३६ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९४४ ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९४४ मा ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९४४ मा ट्‍वाक्क मिल्न आए । यस कारण वि. सं. १९४४ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९४४ बाट ३८६ घटाउँदा १५५८ बाँकी रहन्छ । यस कारण वि. सं. १५५८ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(१२) श्रीशाकेसंवत् १८१२ विक्रमाब्द १९४७
ज्येष्टशुक्लः
३३।३५ १ ५१।३० कृ १।१४ चं

(पात्रोबाट)

यहाँ कृत्तिका ११ घडी ४ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९४७ ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९४७ मा ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९४७ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९४७ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९४७ बाट ३८६ घटाउँदा १५६१ बाँकी रहन्छ । यस कारण वि. सं. १५६१ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(१३) ज्येष्टकृष्णपक्षः ।। सं १९७१ शा १८३६
चं ३० ५।३६ कृ ३।३६

(पात्रोबाट)

यहाँ ज्येष्ठकृष्ण औंसी ५ घडी ३६ पलासम्म छ । त्यसउप्रान्त ज्येष्ठशुक्ल प्रतिपद् लाग्छ । कृत्तिका ३ घडी ३६ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९७१ ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९७१ मा ज्येष्ठशुक्ल प्रतिपद्‌मा रोहिणीनक्षत्र सोमवार अभिजित्‌मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९७१ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९७१ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९७१ बाट ३८६ घटाउँदा १५८५ बाँकी रहन्छ । यस कारण वि. सं. १५८५ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(१४) संवत् १९८८ ज्येष्ठशुक्लः
सो १ ३८।१७ कृ ११।२ ३३।३०

(पं. तोयनाथ पन्तका छोराको छापा पात्रोबाट)

यहाँ कृत्तिका ११ घडी २ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. १९८८ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. १९८८ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. १९८८ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. १९८८ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । १९८८ बाट ३८६ घटाउँदा १६०२ बाँकी रहन्छ । यस कारण वि. सं. १६०२ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(१५) श्रीशाके १८८० वि. संवत् २०१५ ज्येष्ठशुक्लः
सो. १ ४८।३२ कृ. १५।६ ३३।३९

(पं. सत्यनाथ पन्तको छापा पात्रोबाट)

यहाँ कृत्तिका १५ घडी ६ पलासम्म छ । त्यसउप्रान्त रोहिणी लाग्छ ।

यस कारण वि. सं. २०१५ ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेको देखिन्छ ।

यहाँ वि. सं. २०१५ मा ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र सोमवार अभिजित्मुहूर्त परेका छन् । यस कारण मानदेवले चाँगुमा अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त यी सबै कुरा वि. सं. २०१५ मा ट्वाक्क मिल्न आए । यस कारण वि. सं. २०१५ मा चाँगुमा मानदेवले अभिलेख राखेका हुन् भन्ने सिद्ध हुन्छ । मानदेवले चाँगुमा अभिलेख राख्दा संवत् ३८६ थियो भनी त्यहीँ लेखिएको छ । २०१५ बाट ३८६ घटाउँदा १६२९ बाँकी रहन्छ । यस कारण वि. सं. १६२९ देखि लिच्छविसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

अभिजित्मुहूर्त प्रत्येक दिन पर्छ । ज्येष्ठशुक्ल प्रतिपद्मा रोहिणीनक्षत्र पनि प्रायः परिरहन्छ । बाँकी रह्यो सोमवारको कुरो । त्यो पनि वि. सं. १७९२ देखि वि. सं. २०१५ सम्म (२०१५–१७९२ = २२३) अर्थात् २२३ वर्षमा १५ पल्ट परेको देखियो । बीचका धेरै पञ्चाङ्ग छुटेका छन् । तैपनि १५ वर्षमा १ पल्ट पर्ने अर्थात् १०० वर्षमा ६, ७ पटक पर्ने देखियो ।

यस कारण चाँगुमा मानदेवले अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त मिलेका हुनाले ३८६–२२ = ३६४ शाके अर्थात् वि. सं. ४९९ हो भनी शङ्करमानले जो भने, त्यसमा उनीसँग हामी सोध्छौं, महीना, पक्ष, तिथि, वार, नक्षत्र, मिलेको जुन वर्ष तिमीले दियौ, त्यही वर्ष मात्रै प्रामाणिक हो, अरू वर्ष प्रामाणिक होइनन् भन्ने तिमीसँग के प्रमाण छ?

अर्को कुरा

एकत्रिंशत्तमे वर्षे वर्त्तमाने स्वसंस्थया माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने

[संवत् ३१ माघशुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतवार]

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने सूचना पाइएकोले यस अभिलेखको गणना गर्न आधार पाइयो । सोबमोजिम गणना गर्दा ट्वाक्क मिल्यो ।[३]

वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने सूचना नपाइएको भए अव्यवस्था हुन्थ्यो । जस्तै–

(१) श्रीशाकः १७३७ श्रीसंवत् १८७२

माघशुक्लः

१३ र ३८।४९ पु २३।१६

(पात्रोबाट)

यहाँ पुनर्वसु २३ घडी १६ पलासम्म छ । त्यसउप्रान्त तिष्य लाग्छ ।

---

३. यही ग्रन्थका ७–२८ पृष्ठ ।

यस कारण वि. सं. १८७२ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

१८७२-३१ = १८४१ हुन्छ । यस कारण वि. सं. १८४१ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निष्कन्छ ।

(२) स्वस्ति श्रीसम्वत् १८९९ शाके १७६४
माघशुदि
१३ ५६।३१ पु. ३४।४६ र

(पात्रोबाट)

यहाँ पुनर्वसु ३४ घडी ४६ पलासम्म छ । त्यसउप्रान्त तिष्य लाग्छ ।

यस कारण वि. सं. १८९९ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

१८९९-३१ = १८६८ हुन्छ । यस कारण वि. सं. १८६८ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(३) १९५० १८१५
माघशुक्लः
१३ १४।२६ ति २७।५१ र

(पात्रोबाट)

यस कारण वि. सं. १९५० म ।माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

१९५०—३१ = १९१९ हुन्छ । यस कारण वि. सं. १९१९ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(४) संवत् १९७७ माघशुक्लः
आ १३ ३३।३८ ति ४१।२०

(पं. तोयनाथ पन्तका चेलाको पाछा पात्रोबाट)

यस कारण वि. सं. १९७७ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतबार परेको देखियो ।

१९७७–३१ = १९४६ हुन्छ । यस कारण वि. सं. १९४६ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(५) श्रीसंवत् २००४ माघशुक्लः
आ. १३ ५३।३८ ति. ५५।४४

(पं. देवीप्रसाद भण्डारीको छापा पात्रोबाट)

यस कारण वि. सं. २००४ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

२००४–३१ = १९७३ हुन्छ । यस कारण वि. सं. १९७३ देखि अंशुवर्मसंवत् उठेको हो भन्ने निष्कर्ष निस्कन्छ ।

(६) श्रीसंवत् २०३१ श्रीशाके १८९६ माघशुक्लपक्षः
आ. १२ १८।४५ पु. १३।२५

(पं. नरनाथ पाँडेको छापा पात्रोबाट)

यहाँ द्वादशी १८ घडी ४५ पलासम्म छ । त्यसउप्रान्त त्रयोदशी लाग्छ । पुनर्वसु १३ घडी २५ पलासम्म छ । त्यसउप्रान्त तिष्य लाग्छ ।

यस कारण वि. सं. २०३१ मा माघशुक्ल त्रयोदशीमा तिष्यनक्षत्र आइतवार परेको देखियो ।

२०३१–३१ = २००० हुन्छ । यस कारण वि. सं. २००० देखि अंशुवर्मसंवत् उठेको हो । भन्ने निष्कर्ष निस्कन्छ ।

(यहाँ उपयोग गरिएका पुराना पात्रा लक्ष्मीपतिसङ्ग्रहका हुन् । नयाँ पात्रा-चाहिँ मेरो सङ्ग्रहका हुन् ।)

[नयराज पन्त (सहायक– रामजी तेवारी) को यो लेख पूर्णिमा ३९ अङ्कका ११८–१२९ पृष्ठबाट लिइएको हो ।]

[परिशिष्ट]

शङ्करमान राजवंशीको मत

लिच्छविसंवत्‌को तथ्यता*

संवत् भन्ने चीज इतिहासको मूल जरो हो। त्यो कुन वखतमा कसरी चल्यो भनी त्यसको ठीक काल निर्धारण हुनु इतिहासको जरोको बलियो जग हो। काल निर्धारण नभएको इतिहास पौराणिक कथा सरह हुन्छ भन्ने कुरा इतिहास विशेषज्ञहरूमा अवगतै छ।

नेपालमा उहिले ठोस रूपमा इतिहास लेख्ने कुनै परम्परा थिएन। स्थिति-मल्लको पालामा गएर गोपालवंशावली लेखियो। त्यसपछि मल्लकालमा फेरि लेखिएका इतिहासको पुस्तक पाइएको थाहा भएको छैन वि. सं. १८४९ मा अंग्रेज राजदूत कर्कपेट्रिक नेपालमा आउँदा उनले आफूले देखे सुनेका अनुभवबाट नेपालको इतिहास लेखेर वि. सं. १८६८ मा प्रकाश गरे। वि. सं. १९३३ मा राइटले नेपालको वंशावली तयार गरी प्रकाश गरे। त्यसपछि नेपाली जनताले इतिहासको महत्त्व बुझ्न थाले र कतिपय नेपालका इतिहासकारहरूले त्यसैको आधारमा इतिहास लेखे पनि। वि. सं. १९३७ मा भारतका पं. भगवानलाल इन्द्रजीले नेपालका लिच्छविकालका र मल्लकालका केही शिलालेख प्रकाश गरिदिए। अनि नेपालीले

---

* वि. सं. २०३६ माघ १४ गते त्रिभुवनविश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पसको इतिहासशिक्षणसमिति तथा नेपाली इतिहास, संस्कृति र पुरातत्त्व-शिक्षणसमितिको संयुक्त आयोजनामा भएको गोष्ठीमा श्रीशङ्करमान राजवंशीले पेश गरेको लेख। इतिहास शिक्षण समिति नेपाली इतिहास, संस्कृति र पुरातत्त्व शिक्षण समिति त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट प्रकाशित 'नेपालको इतिहासका विवादास्पद विषयहरू' नामक पुस्तिकाका ५–१४ पृष्ठमा यो छापिएको छ।

शिलालेखको पनि महत्त्व बुझ्न थाले । त्यसपछि नेपालीहरूबाट पनि नेपालमा शिलालेखको अनुसन्धान हुन थाल्यो । यो तथ्य मेटेर मेटिंदैन ।

नेपालको प्राचीनकालको प्रामाणिक इतिहास भन्नु लिच्छविकालको छ । कारण लिच्छविकालका इतिहासका आधार स्वरूप लिच्छवि अभिलेख नेपालमा यत्र तत्र छरिएका पाइएका छन् । ती लिच्छविकालका अभिलेखहरूमा उल्लिखित संवत् दुई थरी भेट्टिएका छन् । एक थरी संवत् प्रथम मानदेवको अभिलेखदेखि पाइएको पूर्वलिच्छविकालको संवत् छ । त्यो संवत् प्रथम शिवदेवको पालासम्म चलेको देखिएको छ । त्यसपछि अंशुवर्माको पालादेखि पाइएका अभिलेखमा उल्लिखित उत्तरलिच्छविकालको संवत् अर्को थरी संवत् छ । ती दुई थरी संवत् के संवत् हुन् भन्नेबारे उसै वखतदेखि विदेशी विद्वान् तथा नेपाली विद्वानहरूले ठम्याउन प्रयत्न गरेथे । कारण ती संवत्को नाम शिलालेखमा उल्लिखित थिएन । त्यसो हुँदा इतिहासको अनुमानकै भरबाट विभिन्न विद्वान्हरूको विभिन्न मत-मतान्तर चले । जस्तै पूर्वलिच्छविकालको संवत् बारेमा–

भगवानलाल इन्द्रजीको मतमा	विक्रम संवत्
जोन फेथफुल फ्लिटको मतमा	वि. सं. ३७६ देखिचलेको गुप्तसंवत्
सिल्भाँ लेभीको मतमा	वि. सं. १६८ देखिचलेको लिच्छविसंवत्
के. जी शंङ्करको मतमा	वि. सं. ९१ देखि चलेको संवत्
इतिहास शिरोमणि बाबुराम आचार्यको मतमा	वि. सं. १३५ देखि चलेको शकसंवत्

उत्तर लिच्छविकालको संवत बारेमा–

भगवानलाल इन्द्रजीको मतमा	वि. सं. ६६३ देखि चलेको हर्षसंवत
सिल्भाँ लेभीको मतमा	वि. सं. ६५२ देखि चलेको भोटे संवत्
के. जी. शंङ्करको मतमा	वि. सं. ५९५ देखि चलेको यशो धर्म संवत्
बालचन्द्र शर्माको मतमा	वि. सं. ६२८ देखि चलेको ठकुरी संवत्
रमेशचन्द्र मजूमदारको मतमा	पाँचशय वर्ष घटाइएको संक्षिप्तशक संवत् अर्थात् वि. सं. ६३५ देखि चलेको संवत्
हितनारायण झाको मतमा	वि. सं ६३१ देखिचलेको अंशुवर्मा संवत्
हेमराज शर्माको मतमा	वि. सं. ६३३ देखि चलेको मानदेव संवत्

नेपालको वीरपुस्तकालयमा रहेको सुमतितन्त्रनामक ज्योतिष पुस्तकमा शक ४९८ अर्थात् वि. सं. ६३३ देखि मानदेव नामक संवत् उठेको चर्चा छ ।

पूर्वलिच्छविकालको शिवदेवको पालाको लेलेको संवत् ५२६ को अभिलेख प्राप्त भएको र त्यसपछि उत्तरलिच्छविकालको अंशुवर्माको पालाको वङमतोको संवत् २१ को अभिलेख प्राप्त भएको हुनाले ४९८ + २९ = ५२७ शक हुन आउने यस तुलनालाई लिएर सुमतितन्त्रलाई प्रमाणमानी पूर्वलिच्छविकालको संवत्लाई वि. सं. १३५ देखि चलेको शकसंवत् र उत्तरलिच्छविकालको संवत्लाई वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् भनी मानेर आइरहेको थियो । तर कुनै ठोस गणनाबाट निर्णय गरी मानिआएको थिएन । अहिलेको अनुसन्धानले त्यो गलत सिद्ध हुन आएको छ ।

कसरी भने चाँगुमा रहेको निरपेक्षको संवत् ४२७ को अजिलेखमा राजा प्रथम माननेवलाई जीबित रुपमा वर्णन गरेको छ । जस्तै

संवत् ४२७ कार्तिके शुक्ल दिवा १३
दातर्य्यतीव विदुषि प्रथितप्रभावे
श्री मानदेवनृपतौ जगतीम्भुनक्ति
तस्यैव शुद्धयशसश्चरणप्रसादत्
पित्रोः कृता कृतिरियन्निरपेक्षनाम्ना

[संवत् ४२७ कार्तिकशुक्ल त्रयोदशीका दिन दानी ज्यादा विद्वान् प्रभाव फैलिएका राजा श्री मानदेवले पृथ्वीको रक्षा गरिरहनु भएको बेलामा सफा कीर्ति भएका उहाँ (मानदेव) को पाउको निगाहले निरपेक्ष भन्नेले बाबु आमाको यो सालिक बनाए ।]

[इतिहास संशोधनको प्रमाणप्रमेय भाग १ को १०८ पृष्ठ]

यहाँ राजा मानदेवले पृथ्वीको रक्षा गरिरहनु भएको बेलामा भन्ने अर्थको तुलनानुसार मानदेव राजा संवत् ४२७ कार्तिकमा जीवित छन् भन्ने स्पष्ट छ। त्यही संवत् ४२७ आषाढमा स्थापना भएको पशुपति सूर्यघाटमा रहेको विजयवतीको अभिलेखमा मानदेवलाई यसरी वर्णन गरिएका छ जस्तै–

सततसरलकान्तस्वाङ्गशोभासमृद्ध :
अनुपहतयशोधी विक्रम श्री प्रभाव :
सुनयविदनुरक्तस्फीतस (द्) वृतलोक :
नृपतिरिह हतारिर्मानदेवो बभूव
....
संवत् ४२७ आषाढशुल्क दिन १

[सधैं (युद्धेसकालमा पनि) सोझो (नकुटिलएको) जीउ हुँदा अङ्गढङ्ग मिलेका यश वृद्धि पराक्रम ऐश्वर्य यी सबै थोक भएका शत्रुहरूलाई नष्ट पारेका राजा मानदेव हुनुहुन्थ्यो । उहाँका दुनियाँहरू उहाँमा रत्तिएका सुखी र सच्चरित्र छन् ॥२॥ ... ... संवत् ४२७ आषाढशुक्ल प्रतिपदा।]

[इतिहास संशोधनको प्रमाणप्रमेय भाग १ को २६६ पृष्ठ]

यहाँ शत्रुहरूलाई नष्ट पारेका राजा मानदेव हुनुहुन्थ्यो भन्ने अर्थ हुनु र संवत् ४२८ मार्गको थानकोट आदिनारायणस्थानको वसन्तदेवको अभिलेख प्राप्त हुनु यी दुई थोकको तुलनाबाट राजा मानदेव संवत् ४२७ आषाढभन्दा अघि मरिसकेका रहेछन् भन्ने थाहा हुन्छ । यसरी उही संवत्को कार्तिकमा राजा मानदेव जीवित देखिएको र उही संवत्को आषाढमा चाहिं राजा मानदेव मरिसकेको देखिनाले सो सवत् कार्तिकादि रहेछ भन्ने थाहा भएको छ । नत्र कार्तिकमा जीवित आषाढमामृत यस्तो उल्टो कसरी हुन सक्ला ।

उत्तर लिच्छविकालमा उल्लिखित संवत् पनि कार्तिकादि थियो भन्ने कुरा अनन्तलिङ्गेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखबाट ज्ञात भएको छ । त्यस अभिलेखमा वार्षिक पूजाको चर्चा गरिएको छ । त्यस चर्चामा कार्तिकबाट शुरू गरी ज्येष्ठमा टुंग्याएको छ। जस्तै–

१०–११ पंक्तिमा "कार्तिक शुक्लैकादश्याम्मार्गसंस्कारार्थन्तण्डुलमानिका ४"

२३–२४ पंक्तिमा "माघशुक्लद्वादश्याम् द्रङ्गसीमा भ्यन्तरस्थानां ...."

२४–२५ पंक्तिमा "यथाग्र्य फाल्गुनमासेन क्षेत्रम् ...."

२५–२९ पंक्तिमा "ज्येष्ठशुक्लैकादश्यां वराहयात्रायां सीमाभ्यन्तर ... ... अर्चनानिमितं"

(अभिलेखसंग्रह भाग १)

यसबाट पूर्वलिच्छविकाल तथा उत्तर लिच्छविकालका संवत् शकसंवत् होइनन् भन्ने सिद्ध भएको छ ।[1] यदि शकसंवत् हुँदा हुन् त चैत्रादि संवत् हुनुपर्थ्यो । किन भने शकसंवत् चैत्रबाट फिर्दछ । यो कुरो ज्योतिष ग्रन्थले बताएको छ। जस्तै–

मधोः सितादेर्दिनमासावर्ष युगादिकानाँ युगपत् प्रवृत्तिः ॥ १५ ॥

(सिद्धान्तशिरोमणि कालमानाध्याय)

[चैत्रशुल्क प्रतिपदादेखि दिन महीना वर्ष युगहरूको एकै चोटि शुरू भयो]

विक्रमादित्यराज्यस्य पञ्चत्रिंशोत्तरं शतम् ।

पातयित्वा भवेच्छाकं चैत्राद्यास्तिथयः स्मृताः ॥ १ ॥

(खण्डखाद्य)

[विक्रमसंवत्मा १३५ घटायो भने शकसंवत् हुन्छ। चैत्रार्ध अर्थात चैत्रशुक्ल पक्षको आरम्भ (प्रतिपदा) बाट तिथि शुरू हुन्छ]

यसबाट शकसंवत् चैत्रमा फिर्दछ भन्ने कुरा स्वष्ट छ। त्यसकारण पात्रोमा पनि चैत्रशुक्ल प्रतिपदाको दिन वत्सरारम्भ लेखेको हुन्छ।

जव पूर्वलिच्छविकाल तथा उत्तर लिच्छविकालका संवत् शकसंवत् नभएपछि सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको मानदेवसंवत्को चर्चा गलत छ भन्ने स्वतः सिद्ध हुन्छ। किनभने उत्तर लिच्छविकालको संवत्लाई शक ४९८ बाट उठेको मानदेवसंवत् मान्नासाथ पूर्वलिच्छविकालको शिवदेवको पालाको लेलेको सवत् ५२६ लाई शकसवत् नमानी सुख पाउँदैन तर त्यसलाई कार्तिकादि संवत्ले खण्डन गर्छ।

त्यसो भए लिच्छविकालको संवत् के संवत् हो त भन्ने प्रश्न आउनु स्वभाविक छ। त्यस विषयमा विचार गर्दा जुन मुर्कै सवत् चल्दा महापुरुषको नामबाट राजनीति परिवर्तनबाट प्रभावकारी महत्वपूर्ण घटनाबाट चलेको हामी पाउँछौं। जस्तै संवत्मध्येमा सवभन्दा पुरानो संवत् कलिगत संवत् छ। महाभारतको युद्धपछि चलेको त्यस कलिगत संवत्लाई युधिष्ठिरको नामबाट चलाएको हुनाले युधिष्ठिर संवत् पनि भन्दछन्। बुद्ध धर्मका प्रवर्तक महात्मा बुद्धको निर्वाण भएपछि उनको नामबाट चलेको संवतलाई बुद्धनिर्वाणसंवत् भन्दछन्। त्यस्तै लिच्छविकालका भौमगुप्तसंग राजनीतिक्रान्ति गरी अंशुवर्माले चलाएको संवत् हुनाले उत्तर-लिच्छविकालको संवत् अंशुवर्मासंवत् भन्ने ठहरिन आएको छ।[2]

अव पूर्वलिच्छविकालको संवत् वारेमा सवभन्दा पुरानो चाँगुस्थित मानदेवको स्तम्भाभिलेखमा उल्लिखित संवत् प्राप्त छ। यो संवत् के संवत् हो र कसको पालामा कसले चलाएको भन्ने पत्ता लगाउन पुस्तावारीकाल अर्थात् पिडिको हिसाव–विचार गर्नु आवश्यक छ। राजाहरूको क्रमानुसार एक पिंढीमा लगभग २५ वर्ष वित्तछ। यो कुरा कालक्रमको इतिहासले बताउँछ। जस्तै श्री ५ पृथ्वीनारायणशाहको जन्म वि. सं. १७७९ मा भएको थियो। श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गारोहण वि. सं. २०२८ मा भएको थियो। श्री ५ पृथ्वीनारायण-शाहदेखि लिएर श्री ५ महेन्द्रवीरविक्रम शाहदेवसम्म जम्मा १० पुस्ता गएको छ। तव २०२८–१७७९ = २४९ वर्षमा १० पुस्ता भएकोले एक पुस्ताको पिडिमा लगभग २५ पर्न आउँछ। उक्त चाँगुस्थित मानदेवको स्तम्भाभिलेखमा संवत् ३८६ अङ्कित छ। त्यसलाई २५ वर्षले भाग लाउँदा मानदेवभन्दा माथि सोह्रौं पिडिमा चलेको संवत् रहेछ भन्ने देखिन आएको छ। तव मानदेवभन्दा माथि १६ पुस्तामा को

राजा थिए भन्ने विचार गर्न पशुपतिस्थित द्वितीय जयदेवको अभिलेख हेर्नु आवश्यक छ। जस्तै —

खयातः श्री जयदेवनामनृपतिः प्रादुर्बभूवापरः
एकादशक्षितिपतीनपरञ्चभूपं
हित्वान्तरे विजयिनो जयदेवनाम्नः।
श्रीमान् बभूव वृषदेव इति प्रतीतो
राजोत्तमः सुगतशासनपक्षपाती ॥
अभूत्ततः शङ्करदेवनामा
श्री धर्मदेवोप्युदपादितस्मात् ॥

(लिच्छविकालका अभिलेख ५४८-४९ पृ)

[जयदेव भन्ने प्रख्यात अर्को राजा हुनुभयो विजयी जयदेवदेखि बीचमा १२ राजालाई छोडेर बौद्धधर्मका पक्षपाती वृषदेव भन्ने श्रेष्ठ राजा हुनुभयो । उहाँ वृषदेवबाट शङ्करदेव हुनुभयो। उहाँ शङ्करदेवबाट धर्मदेव पैदा हुनुभयो।]

यहाँ जयदेवपछि बीचमा १२ राजालाई छोडेर वृषदेव भए भन्नाले जयदेवदेखि वृषदेवसम्म १४ राजा भएको कुरो स्पष्ट छ वृषदेवपछि शङ्करदेव भए। त्यसपछि धर्मदेव भए। तब प्रथम जयदेवदेखि धर्मदेवसम्म १६ राजा हुन आउँछन्। त्यसकारण मानदेवभन्दा माथि सोह्रौं पिंडीका राजा प्रथम जयदेव हुन आउने भए।

नेपालमा लिच्छविराज्यको आरम्भको विषयमा वंशावलीमा "अथ सूर्यबंश प्रभावान्नेपाले किरातरातान्निर्जित्य लिच्छविवंश प्रवर्तते" भनी उल्लेख गरेको छ। वंशावलीमा यसरी उल्लेख गरेको र द्वितीय जयदेवको अभिलेखमा प्रथम जयदेवलाई विजयी भनेको हुनाले किरातलाई जितेर लिच्छविराज्य स्थापना गरेको घटनालाई लिई प्रथम जयदेवको पालामा चलेको उक्त मानदेवको स्तम्भाभिलेखमा उल्लिखित संवत् लिच्छविसंवत् रहेछ भन्ने ठहर्न आएको छ।

पूर्वलिच्छविकालको संवत् लिच्छविसंवत् र उत्तर लिच्छविकालको संवत् अंशुवर्मा संवत् भन्ने ठहरिन आएपछि त्यसको कालनिर्धारण गणनाबाट भएको छ। त्यस गणनानुसार अंशुवर्मा संवत् शक ४७४ बाट उठेको भन्ने र लिच्छवि संवत् शकपूर्व २२ मा चलेको भन्ने सिद्ध भएको छ। यसको गणना लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा स्पष्ट गरी देखाइएको छ।[3]

अब सो गणनाबाट उक्त कालनिर्धारण कसरी गरियो भन्ने कुरा प्रस्तुत गरिन्छ। वेदाङ्गकालमा माघादिवर्षको प्रचलन थियो। तिनताक वेदाङ्ग

ज्योतिषबाट पञ्चाङ्गगणना हुन्थ्यो । वेदाङ्गज्योतिष अनुसार माघदेखि शुरू गरी ३० महीनामा आउने आषाढमा र त्यसपछि ३० महीनाबाद आउने पौषमा गरी ६० महीना अर्थात् ५ वर्षमा २ अधिमास मान्ने चलन थियो ।

लिच्छविकालमा पनि आषाढ र पौषमा मात्र अधिमास पाइने हुनाले वेदाङ्गज्योतिष अनुसार पञ्चाङ्ग गणना हुन्थ्यो कि भन्ने मानिसलाई भ्रम हुनु स्वाभाविक छ । तर वेदाङ्गज्योतिष माघादि वर्ष भएको छ लिच्छविकालमा चाहिं कार्तिकादि वर्ष भएको छ । अर्को कुरो भक्तपुर इनायचोको संवत् ३१ को अभिलेखमा पौषमा अधिमास भएको र पाटन सुनधाराको सवत् ६४ को अभिलेखमा पनि पौषमै अधिमास भएको स्पष्ट छ । यसरी ४ वर्ष भित्रै पौषमै २ अधिमास परेको देखिनाले लिच्छविकालमा वेदाङ्गज्योतिष अनुसार पञ्चाङ्गगणना हुदैनथ्यो भन्ने स्पष्ट थाहा हुन्छ । कारण किरातकालको अन्तदेखि लिएर नेपाल संवत् आरम्भ नभएसम्मको काललाई लिच्छविकाल मानिएको छ ।

पञ्चाङ्ग गणनाको लागि मूल आधार चाँगुनारायणको पादपीठमा रहेको संवत् ३१ को अशुवर्माको अभिलेख र भक्तपुर इनायचोको संवत् ३१ कै अंशुवर्माको अभिलेख प्राप्त भएका छन् । चाँगुस्थित अभिलेखमा तिथि बार नक्षत्र समेतको मितिको उल्लेख भएको र भक्तपुर इनायचोको अभिलेखमा अधिमासको उल्लेख हुनाले ती २ उपकरण मानो देश पत्ता लगाउन अक्षाँश र देशान्तर पाइएजस्ता भएका छन् ।

यी दुई उपकरणबाट गणनाको अनुसन्धान गर्दा मानी आएका विभिन्न मतमतान्तरका संवत् अनुमानित संवत् हुनाले गणना मिल्दैनथ्यो । सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको संवत्को ध्वनि पनि कल्पित थियो कारण सुमतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ थिएन । त्यो कुरो ग्रन्थनिर्माणको संस्कृतरचनाबाट थाहा हुन्छ । लिच्छविकालको संस्कृतरचना प्रौढ हुन्छ । त्यो कुरा लिच्छविअभिलेखमा उल्लिखित सस्कृतरचना हेरे स्पष्ट छ । तर सुमतितन्त्रको संस्कृतरचना फोरा छ । जस्तै–

युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पिवा
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तति ... ...
... .इत्यादि

यस किसिमको संस्कृतरचना रुद्रमल्लको पालामा वि. सं. १३७३ को अभिलेखमा भएको देखिन्छ । जस्तै–

श्रियो डस्तु सम्वत् ४३७ फाल्गुनवधि २ राजाधिराज

श्री श्री श्री जयानन्ददेवस्य धर्मविज्ञं भवति । रगुवंशा
वतार श्री श्री जयरुद्रमल्लस्य लब्धवरिषं राज्यं भवति ।।
(इतिहाससशोधनको प्रमाणप्रमेय पहिलो भाग १५५ पृष्ठ)

सुमतितन्त्रको टिप्पणीकारले शक ४९८ पछि मानदेव संवत् चल्यो भनी किटानगरी लेखेको कुरा पनि तल्लो मल्लकालमा थपेको भन्ने लिपिले देखाउँछ । त्यसकारण त्यो पनि शकसंवत्संग मिलान गरी लेखिएको कल्पित भन्ने सिद्ध हुन्छ ।[4] चैत्रादि शकसंवत्संग मिलान गरी लेखिएको कल्पित मानदेव संवत् हुनाले गणना मिल्दैनथ्यो । किनभने ४९८ + ३१ = ५२९ शकमा सैद्धान्तिक गणनानुसार अधिमास पर्दैनथ्यो । तर अभिलेखमा भने अधिमास परेको छ । सिद्धान्तज्योतिषा नुसार शक ५३० ज्येष्ठमा मात्र अधिमास पर्छ सिद्धान्तज्योतिषको गणनामा तष्ट भएको अधिमासमात्र जोड्ने नियम छ । तष्ट नभएको अधिमास जोड्ने नियम छैन । अभिलेखमा अधिमास छ भन्दैमा तष्ट नभएको, शक ५३० को अधिमासलाई जोडी गणना गर्नु गणितविरूद्ध तथा अवैज्ञानिक हुन्छ । त्यसैले अवैज्ञानिक तवरको गणनाबाट मानदेव संवत् एउटालाई कायमगरेमा अशुवर्माभन्दा अघिको संवत्लाई शकसंवत् मान्नुपर्ने हुन्छ । तर शकसंवत् चैत्रमा फिर्ने र लिच्छविकालको संवत् कार्तिकमा फिर्ने हुनाले यो मिल्दैनथ्यो । अर्को कुरो शकसंवत् मानेमा पूर्वलिच्छविकालमा परेका अधिमासका वर्ष पनि मिल्दैन ।[5]

प्राचीनकालमा पञ्चाङ्गगणनामा ब्रह्मसिद्धान्तको परम्परा वलियो थियो । त्यसैले पितामहब्रम्हसिद्धान्त, विष्णुधर्मोत्तर पुराणान्तर्गत ब्रम्हसिद्धान्त, शाकल्योक्त ब्रम्हसिद्धान्त, ब्रम्हगुप्तको ब्रम्हसिद्धान्त आदि ग्रन्थ बने । ब्रम्हसिद्धान्तको आधारबाट राजमृगाङ्क, सिद्धान्तशिरोमणि ग्रन्थ बने । जुन ग्रन्थमा उत्तरोत्तर संस्कार गर्दै गणनालाई सूक्ष्मतामा ल्याए । नेपालमा ब्रम्हसिद्धान्तको परम्परा अभयमल्लको पालासम्म चलेको कुरा वि. सं. १३०३ मा अभयमल्लको पालामा लेखिएको वीरपुस्तकालय हाल राष्ट्रिय अभिलेखालयको लगत नं. ३६० को पद्मनाभसंग्रह भन्ने पुस्तकबाट ज्ञात हुन्छ । सो पुस्तकमा दिइएको पुष्पिका प्रस्तुत गरिन्छ । जस्तै—
प्रारम्भमा—

नमस्कृत्य महादेवं गुरूं संसारतारणम् ।
तिथ्यादीनां विवेकार्थं मुनिवाक्यं समुच्चितम् ।।
पक्षवृद्धौ तिथिद्वैधे ह्रासवृद्धिषु संशयः ।
सुधियामल्पबुध्दानमतो मया विविच्यते ।।
त्रिंशद्भिर्दिनैः सावनो मासः ।
उक्तञ्च ब्रम्हसिद्धान्ते

चान्द्रशुक्लादि दर्शान्तः सावनः त्रिंशता दिनैः ।
एकराशोरविर्यावित् काल मासस्य भास्करः ।।

समाप्तिमा–

इति श्री वाराणस्यां योगीश्वरसंग्रह पद्मनाभसंग्रहौ समाप्तौ ।। श्रीरस्तु नयपाल देशीयाभिलिख्यमान संम्वत ३६६ वैशाखशुक्ल ३ खौ दिनोत्तमे ।। पुस्तिका स्वस्ति कारिता ।। राजश्री अभयमल्लस्य राज्ये ।। भार श्री अपुकस्य । (हरप्रसादसूची दोस्रो भाग १९ पृष्ठ)

[ससारबाट उतार्ने महादेवलाई गुरुलाई नमस्कार गरेर तिथ्यादिको विवेकको लागि मुनिवाक्यलाई लिइयो । तर पक्षवृद्धि अर्थात् अधिमासमा, तिथिको टूट-वढमा शंका भई विद्वान्‌हरूको अनुसन्धेय विषय भयो । यसकारण मैले विवेचना गरिन्छ । ३० दिनले सावनमास हुन्छ । ब्रह्मसिद्धान्तमा पनि वताइएको छ । चान्द्रमहीना शुक्लादिदेखि औंसीसम्म हुन्छ । सावन महीनाचाहिं ३० दिनको हुन्छ । एक राशिमा सूर्य जति काल रहन्छ त्यो सौरमहीना हुन्छ । काशीमा योगीश्वर संग्रह र पद्मनाभ संग्रह समाप्त भयो । कल्याण होस् नेपाल संवत् ३६६ वैशाखशुक्ल तृतीया आदित्यवार रास्रो असल दिनमा । पुस्तक तयार गरियो । राजा श्री अभयमल्लको राज्यमा ।। भार श्री अमुक ।]

यहाँ ब्रम्हसिद्धान्तको उल्लेख भएबाट त्यसको परम्परा प्रावल्य भएको कुरालाई ईङ्गित गर्दछ ।[6] त्यसैले सूर्यसिद्धान्त, आर्यसिद्धान्त, ब्रम्हसिद्धान्तबाट गणनाको अनुसन्धान गर्दा लिच्छविकालको गणना ब्रम्हसिद्धान्तबाट मिलन गयो । त्यस अनुसार चाँगुस्थित अंशुवर्माको संवत् ३१ को अभिलेखको मिति शक ४७४ बाट उठेको भन्ने कालनिर्धारण हुन आएको हो[7] ४७४ + ३१ = ५०५ शकमा सिद्धान्त ज्योतिषानुसार भाद्रमा अधिमास र तष्ट भइसकेको पनि छ ।

बुङमतीको अंशुवर्माको संवत् २९ ज्येष्ठको अभिलेख प्राप्त छ । शकसंवत् चैत्रमा फिर्ने हुनाले ज्येष्ठमा शक ४७५ हुन्छ । तब बुङमतीको अभिलेखको कालनिर्धारण २९ + ४७५ = ५०४ शक हुन्छ । लेलेको प्रथम शिवदेवको पालाको संवत् ५२६ को अभिलेख प्राप्त छ । बुङमतीको अभिलेखको काल निर्धारण समय शक ५०४ र लेलेको शिवदेवको अभिलेखको संवत् ५२६ को अन्तर २२ वर्ष पर्न आउँछ । अंशुवर्माभन्दा माथिका अधिमास उल्लिखित अभिलेखहरूको संपत्मा त्यो २२ वर्ष घटाउँदा लक्ष्मण छत्रेनेले शक १ देखि गणना गरी दिइएका अधिमासका तालिकासँग मिल्न आएका छन् ।[8]

अधिमासको तालिकासंग मिलेपछि चाँगुस्थित मानदेवको स्तम्भाभिलेखको संवत् ३८६ मा २२ वर्ष घटाउँदा त्यसको काल निर्धारण शक ३६४ को हुन

आयो । उक्त स्तम्भलेखमा पनि मितिको उल्लेख छ । उक्त उल्लिखित मिति "ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि रोहिणी नक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्ते मितिति" भनी दिइएको छ । त्यस मितिको पनि गणना गरी हेर्दा सोमवार आएकोले चन्द्रमसिको अर्थ सोमवार भन्ने खुल्न गएको छ ।

गणनाको निष्कर्ष आउनुभन्दा पहिले रोहिणी नक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणी नक्षत्रमा चन्द्रमा गएको बेलामा भनी गरिएको थियो । चन्द्रमा जुन नक्षत्रमा जान्छन् त्यही नक्षत्र पञ्चाङ्गमा लेखिने हुनाले रोहिणी नक्षत्र भन्ने वित्तिकै चन्द्रमा रोहिणी नक्षत्रमा छन् भन्ने स्वतः थाहा हुने कुरालाई रोहिणी नक्षत्रमा चन्द्रमा गएको बेलामा भनी अत्युक्ति अर्थ गर्नु युक्तिसंगत थिएन । रोहिणी नक्षत्र र चन्द्रमाको संयोग भएको शोभा अलंकारको तुलना गरेको भन्नलाई पनि त्यस दिन त्यस बेला चन्द्रमा नै उदय भइसकेको हुँदैन कारण उक्त अभिलेख ज्येष्ठ शुक्ल प्रतिपदाको दिउँसो स्थापना भएको हुनाले रोहिणी नक्षत्रयुक्ते चन्द्रमसिजस्तै प्रयोग भएको उदाहरण अन्त पनि पाइन्छ । जस्तै–

ख्याते नेपालशाके गज भुजभुजगैः संमिते माघकृष्णे
ज्येष्ठा नक्षत्रयुक्ते शशिसुतदिवसे कुम्भगेचण्डभानौ
कृत्वा दोलेशशम्भोः पुनरपि मुदितो भूपतीन्द्रो नवम्याम्
(अभिलेखसंग्रह भाग १ पृष्ठ १३)

यस श्लोकमा उल्लिखित मिति ने. सं. ८२८ माघकृष्णानवमी ज्येष्ठा नक्षत्र बुधवार हो । गणना गर्दा माघकृष्ण नवमी ज्येष्ठा नक्षत्र बुधवार आउँछ । यहाँ नसरी गणना गर्दा बुधवार आएकोले ज्येष्ठा नक्षत्र युक्ते शशिसुतदिवसेको अर्थ गर्दा ज्येष्ठा नक्षत्रमा बुधग्रह गएको बेलामा नभनी ज्येष्ठा नक्षत्र बुधवार भन्ने हुन्छ । त्यस्तै चाँगुको अभिलेखमा उल्लिखित रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणी नक्षत्र सोमवार भन्नु युक्तिसंगत भएको छ, कारण गणनाबाट सोमवार आएको हुनाले वारको ज्ञान पनि याज्ञवल्क्यस्मृतिकालमा भइसकेको कुरा याज्ञवल्क्यस्मृतिबाट थाह पाइएको छ । जस्तै–

सूर्यः सोमो महीपुत्रः सोमपुत्रो बृहस्पति ।
शुक्रः शनैश्चरो राहु केतुश्चैते ग्रहः स्मृता ॥२९५॥
(याज्ञवल्क्यस्मृति आचाराध्याय)

यसबाट याज्ञवल्क्यस्मृतिकालमा वारको ज्ञान भइसकेको कुरा स्पष्ट झल्कन्छ किनभने यहाँ सूर्यादि ७ वारको ग्रह क्रमशः उल्लेख भएको छ । इत्यादि प्रमाणबाट पूर्वलिच्छविकालको संवत् चाहिं शकपूर्व २२ मा चलेको भन्ने काल निर्धारण हुन आएको हो ।

अब यसलाई इतिहासतर्फबाट पनि विचार गर्दा बुद्धको समयमा पाटलिपुत्र आजकलको मुजफरपुर जिल्लाको बसाढ भन्ने ठाउँमा लिच्छविको शक्तिशाली गणराज्य थियो भन्ने कुरा बौद्धग्रन्थबाट थाह भएको छ । तिनै लिच्छविको एक शाखा नेपालमा पसेर त्यस लिच्छविले किरातलाई जिती आफ्नो स्वतन्त्र राज्य खडा गरेको भन्ने कुरा इतिहासकारहरूको एक मत छ ।

शक राजा कनिष्कको पालामा इस्वी ७८ ताक भारतमा कुशाण साम्राज्य संस्थापन भएको थियो । त्यसैवेलादेखि शकसंवत्को प्रचलन भएको थियो । गुप्तसाम्राज्यको संस्थापन हुँदा गुप्तसंवत्को प्रचलन भएको थियो । यो कुरा इतिहासले देखाएको छ ।

लिच्छविसंग गुप्तहरूको नातासंबन्ध परेको कुरा भारतका सम्राट् समुद्रगुप्तको प्रयागको स्तम्भलेखबाट ज्ञात भएको छ । उक्त स्तम्भलेखमा समुद्रगुप्तले आफूलाई लिच्छविराजकुमारी कुमारदेवीका छोरा हुँ भनी गर्वसाथ उल्लेख गरेका छन् । त्यस सम्बन्धलाई विचार गरी चाँगुनारायणस्थानमा स्तम्भलेख राख्ने मानदेवले भारतीय सवत् अपनाएका हुन् कि भन्नलाई पनि गुप्तसाम्राज्यमा चलेको गुप्तसंवत् अपनाउनेले शकसंवत् कसरी अपनाउलान् ? पहिले प्रथम मानदेव जस्ता आत्मगौरव भएका राजाको इज्जतलाई सुहाउने कुरो पनि होइन[8] । यदि मानदेवभन्दा अघिदेखि चलेर आएको संवत् भन्ने हो भने प्रथम जयदेवदेखि चलेको संवत् भन्ने कुरा उपपत्तिले सिद्ध हुन्छ ।

त्यसैले गणित र इतिहासतवरबाट विचार गर्दा पनि प्रथम जयदेवको पालादेखि चलेको संवत्लाई लिच्छविसंवत् नभनी नहुने स्पष्ट तर्कसंगत भएको छ । नेपालमा चलेको आजसम्म कसैले थाहा नपाएको नेपालको आफ्नो प्राचीन संवत् मध्येमा अनुसन्धानद्वारा पत्तालागेको सबभन्दा पुरानो पूर्वलिच्छविकालको संवत्लाई "लिच्छविसंवत्" भन्ने स्पष्ट भएको छ । यसरी लिच्छविसंवत्को निष्कर्षको तथ्यता छर्लङ्ग भएको छ ।

टिप्पणी

१) 'नेपालको प्राचीन वर्षारम्भ,' गोरखापत्र वि. सं. २०३५, चैत्र ११ गते

(२ 'अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय,' प्राचीन नेपाल, ४३–४५ अंक

३) उतर लिच्छविकालको संवतलाई वि. सं. ६३३ बाट उठेको मानदेव सम्वत् मान्दा हुन आउने समस्या र उक्त लिच्छविसम्वत्को निष्कर्षानुसार हुन आउने समाधानको लागि हेर्नुहोस्–'तुलनात्मक निष्कर्ष', सन्दर्भ, ३ अंक; सुमतितन्त्रमाउल्लेखित मानदेव संवत् कति प्रकारले

अप्रमाणिक छ भन्ने कुराको लागि हेर्नुहोस्–'सुमतितन्त्र–एक अध्ययन. सन्दर्भ, २ अंक

४) विस्तृत विवरणको लागि हेर्नुहोस–'सुमतितन्त्र–एक गंभीर विचार', सन्दर्भ, ३ अंक

५) लेखकको पुस्तक लिच्छवि संवत्को निष्कर्ष, दिलिपमान राजवंशी, काठमाडौं, वि. सं. २०३०, पृ. २५.

६) सन्दर्भ, ४ अंक

७) सन्दर्भ, २, ३ र ४ अंक

८) लिच्छवि संवत्को निष्कर्ष, पृ. २६

९) 'भारतको संवत्को दाँजोमा नेपालको संवत्' गोरखापत्र, वि. सं. २०३६ वैशाख २९ गते

लिच्छविसंवत्को निष्कर्षबारे निरकेका प्रमुख लेखहरु

१	"नेपालमा लिच्छविसंवत र लिच्छवि वंशको प्रादुर्भाव"	नेपाली, अंक ६०
२	"नेपालमा सर्वप्रथम बारको उल्लेख कहिले भयो ?"	वि. सं. २०३१ चैत्र २३ गतेको गोरखापत्र
३	"लिच्छविसंवत् नेपाल संवत्को बीचका लिच्छविवंशको विवेचना"	प्रज्ञा वर्ष ४ अंक २
४	"भौमगुप्तको पतनपछिको नयाँ संवत्"	प्राचीन नेपाल अंक २९
५	"नेपालमा लिच्छविको उदयकाल"	वि. सं. २०३२ ज्येष्ठ १७ गतेको गोरखापत्र
६	"इतिहासका लागि प्राचीन गणनाको महत्व"	प्रज्ञा वर्ष ५ अंक २
७	"लिच्छविसंवत्को निष्कर्षमा तारीख-गणना"	वि. सं. २०३३ श्रावणको मधुपर्क
८	"सैद्धान्तिक एक निष्कर्ष"	प्राचीन नेपाल अंक ४०
९	"अनुसन्धानको एक निष्कर्ष"	प्राचीन नेपाल अंक ४१–४२
१०	"भृकुटी एक चर्चा"	वि. स. २०३५ कार्तिक ४ गतेको गोरखापत्र
११	"अंशुवर्माको राजनीति क्रान्ति र	

अभ्युदय"	प्राचीन नेपाल अक ४३-४५
१२ "लिच्छवि संवत्को निष्कर्षमा अनुसन्धानको बाटो"	प्राचीन नेपाल अंक ४३-४५
१३ "लिच्छविकालका संवत्को सन्दर्भमा"	सन्दर्भ अंक १
१४ "लिच्छवि संवत्को निष्कर्षवारेको इतिवृत्त"	सन्दर्भ अंक २
१५ "लिच्छविसंवत्को सन्दर्भमा भएका तथ्यातथ्य विमर्ष"	सन्दर्भ अंक २
१६ "सुमतितन्त्र एक अध्ययन तुलनात्मक निष्कर्ष"	सन्दर्भ अंक २
१७ "सुमतितन्त्र एक गंभीर विचार"	सन्दर्भ अंक ३
१८ "नेपालको प्राचीन वर्षारम्भ"	वि. सं. २०३५ चैत्र ११ गतको गोरखापत्र

टिप्पणी[1]

– दिनेशराज पन्त

(१)

"हेमराज शर्माको मतमा – वि. सं. ६३३ देखि चलेको मानदेवसंवत्

नेपालको वीरपुस्तकालयमा रहेको सुमतितन्त्रनामक ज्योतिष पुस्तकमा शक ४९८ अर्थात् वि. सं. ६३३ देखि मानदेवनामक संवत् उठेको चर्चा छ । पूर्वलिच्छविकालको शिवदेवको पालाको लेलेको सम्वत् ५२६ को अभिलेख प्राप्त भएको र त्यसपछि उत्तरलिच्छविकालको अंशुवर्माको पालाको बुङमतीको सम्वत् २९ को अभिलेख प्राप्त भएको हुनाले ४९८+२९ =५२७ शक हुन आउने यस तुलनालाइ लिएर सुमतितन्त्रलाइ प्रमाणमानी पूर्वलिच्छविकालको संवत् लाइ वि. सं. १३५ देखि चलेको शकसंवत् र उत्तरलिच्छविकालको सम्वत्लाइ वि. सं. ६३३ देखि चलेको मानदेव सम्वत् भनी मानेर आइरहेको थियो ।"

यहाँ शिवदेवको पालाको लेलेको संवत् ५२६ को अभिलेख र अंशुवर्माको पालाको बुङमतीको संवत् २९ को अभिलेख पाइएकोले तथा सुमतितन्त्रमा शाके ४९८ मा मानदेवसंवत् चल्यो भन्ने देखिएकोले ४९८ मा २९ जोडी ५२७ शक हुन आउने तुलनालाई लिएर शाकेसंवत् र मानदेवसंवत् चलेको कुरा मानेर आएको हो भनी शङ्करमानजीले लेख्नुभएको छ ।

हेमराज शर्माले वि. सं. ६३३ देखि मानदेवसंवत् चल्यो भनी आफूले निर्णय गरी वि. सं. १९९२ मा काशीप्रसाद जायसवाललाई सूचना दिएका हुन् [वि. सं. १९९४ मा पटनाबाट एम्. एन्. बर्मन् यान्ड् कम्पनीद्वारा प्रकाशित काशीप्रसाद जायसवालको क्रोनलुअजि यान्ड हिस्टरि अफ् नेपाल् फ्रम् ६०० बी. सी. टु ८८० ए. डी. (वि. पू. ५४३ देखि वि. सं. ९३७ सम्मको नेपालको कालनिर्णय र इतिहास) का ३३–४० पृ.] । त्यस वेला शिवदेवको लेलेको संवत् ५२६ को अभिलेख पाइएको थिएन, त्यो अभिलेख त वि. सं. २०१८ मा

---

१. शङ्करमान राजवंशीको लेखमा विभिन्न विद्वान्‌का टिप्पणी, यी टिप्पणी सोही पुस्तिकाका १५–४२ पृष्ठमा छापिएका छन् ।

अभिलेख-सङ्ग्रह १ भागमा प्रकाशित भएको हो (वि. सं. २०१८ मा संशोधन-मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य. महेशराज पन्त, नयनाथ पौडेलको अभिलेख-सङ्ग्रह १ भागका २९-३१ पृ.)। त्यसै गरी हेमराज शर्माले निर्णय गर्दा संवत् २९ को अभिलेख पनि थिएन। बुग्मतीको यो अभिलेखको संवत् पहिले ३४ पढिएको थियो। वि. सं. २०२२ मा पूर्णिमा ७ अङ्कमा यो अभिलेखको संवत् २९ हो भनी निर्णय गरी प्रकाश गरिएको हो (वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ७ अङ्कमा छापिएको पिताजी नयराज पन्तको लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवत्का अङ्कको निर्णय भन्ने निबन्ध, सो अङ्कका ४-५ पृ.)।

हेमराज शर्माले निर्णय गर्ने वेलामा त खोपासीको शिवदेव र अंशुवर्माको संवत् ५२० को अभिलेख (वि. सं. २०३० मा त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखका २७४-२७५ पृ.) र हाँडिगाउँको अंशुवर्माको संवत् ३० को अभिलेख (लिच्छविकालका अभिलेखका ३०१-३०२ पृ.) पाइएका थिए।

यस अवस्थामा ती दुइटा अभिलेखको आधारमा मानदेवसंवत्को कुरा मिलाएर स्वीकार गरिएको हो भन्ने कुरा अशुद्ध देखिन्छ।

शङ्करमानजीले वि. सं. २०३० मा यस विषयमा यस्तो लेख्नुभएको थियो-

त्यसो भए शकराज्याब्द ४७४ भन्नुपर्नेमा ४९८ किन भनेको त भन्नुहोला। तर त्यो हाम्रो संवत् नभएको हुनाले हाम्रो संवत्संग जोड्नु पर्ने आवश्यक छैन। किन भने अरू देशको संवत् हुनाले शकराज्याब्द ४९८ भन्नुमा के आपत्ति भयो।

(वि. सं. २०३० मा काठमाडौँबाट दिलीपमान राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको लिच्छविसंवत्को निष्कर्षको ३० पृ.)

यहाँ शङ्करमानजीले शकसंवत् बाहिरको संवत् भएकोले सुमतितन्त्रमा ४९८ वर्षसम्म शकसंवत् चल्यो भन्ने वाक्यको कुनै अर्थ छैन भनी लेख्नुभएको छ। अहिले आएर ४९८ मा २९ जोडी ५२७ ल्याइएको हो भन्ने जाल गर्न शङ्करमानजी पुग्नुभएको देखिन्छ।

(२)

"यसरी उही संवत्को कार्तिकमा राजा मानदेव जीवित देखिएको र उही सम्वत्को आषाढमा चाहिं राजा मानदेव मरिसकेको देखिनाले सो सम्वत् कार्तिकादि रहेछ भन्ने थाहा भएको छ।...

उत्तर लिच्छविकालमा उल्लिखित सम्वत् पनि कार्तिकादि थियो भन्ने कुरा भतन्र्तालिंगेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखबाट ज्ञात भएको छ।...

यसबाट पूर्वलिच्छविकाल तथा उत्तर लिच्छविकालका सम्वत् शकसंवत् होइनन् भन्ने सिद्ध भएको छ । यदि शकसंवत् हुंदा हुन् त चैत्रादि संवत् हुनु पर्थ्यो । किन भने शकसंवत् चैत्रबाट फिर्दछ । यो कुरो ज्योतिष ग्रन्थले बताएको छ।..."

यहाँ शकसंवत् चैत्रादि हुने र लिच्छविसंवत् कार्तिकादि हुनाले लिच्छविकालमा चलेको संवत् शकसंवत् हुन सक्तैन भनी शङ्करमानजीले लेख्नुभएको छ ।

वराहमिहिरको पञ्चसिद्धान्तिकामा यस्तो लेखिएको छ-

सप्ताश्विवेद ४२७सङ्ख्यं शककालमपास्य चैत्रशुक्लादौ ।
अर्द्धास्तमिते भानौ यवनपुरे भौमदिवसाद्ये ।।८।।

(पञ्चसिद्धान्तिका १ अध्याय)

[शकसंवत्बाट ४२७ घटाउनू, वर्षगण आउँछ । यो वर्षगणको प्रारम्भ, चैत्रशुक्ल प्रतिपद्को प्रारम्भ, मङ्गलवारको प्रारम्भ तथा यवनपुरको सूर्यास्तकालमा हुन्छ।]

द्व्यूनं शकेन्द्रकालं पञ्चभि५रुद्धृत्य शेषवर्षाणाम् ।
द्युगणं माघसिताद्यं कुर्याद् द्युगणं तदहन्युदयात् ।।२।।

(पञ्चसिद्धान्तिका १२ अध्याय)

[शकसंवत्बाट २ घटाउनू, वर्षगण आउँछ । वर्षगणलाई ५ ले तष्ट गर्नू (५ ले भाग लिई शेष मात्र लिनू) । शेषवर्षबाट अहर्गण ल्याउनू । यो अहर्गण शेषवर्षको आदिको माघशुक्ल प्रतिपद्को सूर्योदयदेखि अभीष्ट दिनको सूर्योदयसम्मको दिनसमूहरूपको हुन्छ ।]

यताबाट वराहमिहिरको समयमा शकसंवत्को प्रारम्भ चैत्रशुक्ल प्रतिपद् तथा माघशुक्ल प्रतिपद् दुवैबाट हुन्थ्यो भन्ने देखिन्छ ।

भक्तपुर सिद्धपोखरीदेखि सल्लाघारी तर्फ रहेको पोखरीको पाटीको भित्तामा रहेको जगज्ज्योतिर्मल्लको वि. सं. १६८७ को शिलालेखमा यस्तो लेखिएको छ-

शाके १५५२।। नेपालसम्वत् ७५० श्रवगुलि वर्षस...

श्रीमन्महाराजाधिराज श्रीश्रीजयजगज्ज्योतिर्म्मल्लदेव प्रभु ठाकुर-सन पौषकृष्ण एकादशी बुधानुराधयोगस आरम्भ याङान वैशाखकृष्ण द्वादशी रेवतीनक्षत्र प्रीतियोग बृहस्पतिवार कोन्हु संपूर्णन सिधयकं थ्व पुष्करिणी प्रतिष्ठा याङ जुरों,

[शकसंवत् १५५२ नेपाली संवत् ७५० (वि. सं. १६८७) यस वर्ष श्रीमहाराजाधिराज श्रीश्रीजय जगज्ज्योतिर्मल्लदेव प्रभु ठाकुरले पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण) एकादशी बुधवार अनुराधानक्षत्रको योग भएको दिनमा आरम्भ गरीकन वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) द्वादशी रेवतीनक्षत्र प्रीतियोग बृहस्पतिवारका दिन जम्मै सिध्याएर यो पोखरीको प्रतिष्ठा गरियो।]

(वि. सं. २०१७ मा भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा विरचित तथा प्रकाशित इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्याका १-२ पृ.)

यस दिनको गणनाको विषयमा इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्यामा यस्तो लेखिएको छ-

नेपाली संवत्को वत्सरारम्भ कार्तिकशुक्ल प्रतिपदादेखि हुन्छ । शकसंवत् विक्रमसंवत् कलिगतवर्षको वत्सरारम्भ चैत्रशुक्ल प्रतिपदादेखि हुन्छ । यस पद्धतिअनुसार कार्तिकशुक्ल प्रतिपदादेखि फाल्गुनकृष्ण (पूर्णान्तमानले चैत्रकृष्ण) अमावास्यासम्म नेपाली संवत्मा ८०१ जोडे शकसंवत् ९३६ जोडे विक्रमसंवत् ३९८० जोडे कलिगतवर्ष हुन्छ । चैत्रशुक्ल प्रतिपदादेखि आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिककृष्ण) अमावास्यासम्म नेपाली संवत्मा ८०२ जोडे शकसंवत् ९३७ जोडे विक्रमसंवत् ३९८१ जोडे कलिगतवर्ष हुन्छ । तर जगज्ज्योतिमल्लको यस शिलालेखमा भने ने. सं. ७५० पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण) र वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) मा पनि शकसंवत् १५५२ नै दिइएको छ । अहिले चलेको पद्धतिअनुसार यहाँको शकसंवत् पनि चैत्रशुक्ल प्रतिपदादेखि सुरु हुने भएको भए ने. सं. ७५० पौषमा शकसंवत् १५५१ वैशाखमा मात्र १५५२ हुनुपर्थ्यो । त्यसो नभई पौष र वैशाख दुवै महीनामा शकसंवत् १५५२ नै देखाएकाले यहाँको शकसंवत् चैत्रशुक्ल प्रतिपदादेखि सुरु भएको देखिएन । प्रत्युत कार्तिकशुक्ल प्रतिपदादेखि सुरु भएको देखिन आयो । यसको निर्णयका लागि यहाँ उल्लिखित तिथिमितिको गणना गरी आएको पञ्चाङ्ग यहाँ दिइएको छ -

ने. सं. ७५० तदनुसार श. सं. १५५१ वि. सं. १६८६ पौषकृष्ण
(पूर्णान्त मानले माघकृष्ण ÷)

वार	तिथि	घ. प.	नक्षत्र	घ. प.
बुध	एकादशी	१५।३६	अनुराधा	३१।४०

शकसंवत् १५५२ वि. सं. १६८७ पौषकृष्ण (पूर्णान्त मानले माघ कृष्ण) +

वार	तिथि	घ. प.	नक्षत्र	घ. प.
मङ्गल	एकादशी	१५।४५	ज्येष्ठा	५।५०

यसबाट नेपाली संवत्‌को जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत्‌को प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिलन आएको र चैत्रशुक्ल प्रतिपदादेखि शकसंवत्‌को प्रारम्भ मानी गणना गर्दा तिथिमिति नमिलेको स्पष्ट देखियो ।

वैशाखकृष्णमा चाहिँ चैत्रादि भए पनि कार्तिकादि भए पनि एउटै हुने हुँदा यहाँ दिइएको ने. सं. ७५० शकसंवत् १५५२ को गणना गर्दा मिलन आउँछ।

ने. सं. ७५० शकसंवत् १५५२ वि. सं. १६८७ वैशाखकृष्ण
(पूर्णान्त मानले ज्येष्ठकृष्ण) +

वार	तिथि	घ. प.	नक्षत्र	घ. प.	योग	घ. प.
बृहस्पति	द्वादशी	८।१६	रेवती	३५।४७	प्रीति	१६।४३

÷ यो गणना हामी (देवीप्रसाद भोलानाथ शङ्करमान) ले गरेका हौं ।

+ यो गणना हामी (देवीप्रसाद भोलानाथ शङ्करमान) ले गरेका हौं ।

(इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्याका ३-४ पृ.)

जगज्ज्योतिर्मल्लको उपर्युक्त शिलालेखसँगै यसै पोखरीविषयको जितामित्र मल्लको शिलालेख पनि रहेको छ । सो शिलालेखमा यस्तो लेखिएको छ—

· · 'श्रीमन्महाराजाधिराज श्रीश्रीसुमति जयजितामित्रमल्लदेव प्रभु थाकुरसन ··· नेपालसंवत् ७९८ श्रीशाके १६०० कलिगत ४७७९ विक्रम १७३५ माघमासे शुक्लपक्षे पञ्चम्यां तिथौ रेवतीनक्षत्रे वृ(सि)द्धियोगे बृहस्पतिवासरे थ्व कुन्हु यज्ञ याङाव प्रतिष्ठा याङा दिन ।। ।।' · ·

[श्रीमहाराजाधिराज सुमति (बुद्धि सम्रेका) श्रीश्रीजयजितामित्र मल्ल प्रभु

ठाकुरले नेपाली संवत् ७९८ शकसंवत १६०० कलिगतवर्ष ४७७९ विक्रमसंवत् १७३५ माघशुक्ल श्रीपञ्चमी रेवतीनक्षत्र सिद्धियोग बृहस्पतिबारका दिन यज्ञ गरीकन प्रतिष्ठा गरिएको हो ।]

(इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्याका ५-७ पृ.)

यस दिनको गणनाको विषयमा इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्यामा यस्तो लेखिएको छ-

माथिको जगज्ज्योतिर्मल्लको शिलालेखमा जस्तै यहाँ पनि शक विक्रम कलिगतवर्षहरू कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएका देखिन्छन् । किनभने ने. सं. ७९८ माघमा यहाँ शक सं. १६०० वि. सं. १७३५ कलिगतवर्ष ४७७९ दिइएका छन् । आजभोलिको चलनअनुसार चैत्रशुक्ल प्रतिपदादेखि यी संवत्हरू सुरु गरिएका भए ने. सं. ७९८ माघमा शक सं. १५९९ वि. सं. १७३४ कलिगतवर्ष ४७७८ मात्र हुनुपर्थ्यो । यस कारण यस शिलालेखमा उल्लिखित शक विक्रम कलिगतवर्षहरू पनि ने. सं. जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएका रहेछन् भन्ने स्पष्ट छ । गणना गरेर हेर्दा पनि यही कुरा सिद्ध हुन आउँछ ।

ने. सं. ७९८ तदनुसार शक सं. १५९९ वि. सं. १७३४ कलिगतवर्ष ४७७८ माघशुक्ल ÷

वार	तिथि	घ. प.	नक्षत्र	घ. प.	योग	घ. प.
बृहस्पति	पञ्चमी	२४।३०	उ. भा.	१३।२२	सिद्धि	३०।५२

शकसंवत् १६०० विक्रमसंवत् १७३५ कलिगतवर्ष ४७७९ माघशुक्ल ÷

वार	तिथि	घ. प.	नक्षत्र	घ. प.	योग	घ. प.
मङ्गल	पञ्चमी	१।१	उ. भा.	३५।५६	शिव	४०।२

यहाँ नेपाली संवत् जस्तै गरी कार्तिकशुक्ल प्रतिपदादेखि शक, विक्रम, कलिगतवर्षहरूको प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिल्न आयो र चैत्रशुक्ल प्रतिपदादेखि शक, विक्रम, कलिगतवर्षहरूको प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिल्न आएन ।

यसरी माथिका जगज्ज्योतिर्मल्लका र जितामित्रमल्लका दुवै शिलालेखमा शकसंवत् विक्रमसंवत् कलिगतवर्षहरूको पनि नेपाली संवत्को जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएको देखियो ।

÷ यो गणना हामी (देवीप्रसाद भोलानाथ शङ्करमान) ले गरेका हौं ।

(इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्याका ८-९ पृ.)

यताबाट भक्तपुरका राजा जगज्ज्योतिर्मल्ल र जितामित्र मल्लको पालामा कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् प्रारम्भ भएको देखियो ।

यसरी शकसंवत् चैत्रादि, माघादि, कार्तिकादि तीन थरी चलेको देखिन आएको छ । यस कारण शकसंवत् चैत्रादि मात्र हुन्छ, लिच्छविकालको संवत् कार्तिकादि भएकोले शकसंवत् लिच्छविकालमा चलेको संवत् हुन सक्तैन भन्ने शङ्करमानजीको भनाइ निर्मूल देखिन्छ ।

(३)

"अब पूर्वलिच्छविकालको संवस् वारेमा सबभन्दा पुरानो चांगुस्थित मानदेवको स्तम्भाभिलेखमा उल्लिखित संवत् प्राप्त छ । यो संवत् के संवत् हो र कसको पालामा कसले चलाएको भन्ने पत्ता लगाउन प्रस्तावारीकाल अर्थात् पिडीको हिसाव बिचार गर्नु आवश्यक छ। राजाहरूको क्रमानुसार एक पिडीमा लगभग २५ वर्ष वित्तछ। यो कुरा कालक्रमको इतिहांसले वताउंछ। जस्तै श्री ५ पृथ्वी नारायण शाहको जन्म वि. सं. १७७९ मा भएको थियो। श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गारोहण वि. सं. २०२८ मा भएको थियो । श्री ५ पृथ्वीनारायण शाहदेखि लिएर श्री ५ महेन्द्र वीरविक्रम शाहदेव सम्म जम्मा १० पुस्ता गएको छ । तव २०२८-१७७९ = २४९ वर्षमा १० पुस्ता भएकोले एक पुस्ताको पिडीमा लगभग २५ वर्ष पर्न आउंछ । उक्त चांगुस्थित मानदेवको स्तम्भाभिलेखमा सम्वत् ३८६ अंकित छ। त्यसलाइ २५ वर्षले भाग लाउंदा मानदेव भन्दा माथि सोह्रौं पिडिमा चलेको संवत् रहेछ भन्ने देखिन आएको छ । तव मानदेवभन्दा माथि १६ पुस्तामाको राजा थिए भन्ने विचार गर्न पशुपतिस्थित द्वितीय जयदेवको अभिलेख हेर्नु आवश्यक छ।...

यही जयदेव पछी वीचमा १२ राजालाइ छोडेर वृषदेव भए भन्नाले जयदेव देखि वृषदेव सम्म १४ राजा भएको कुरो स्पष्ट छ । वृषदेवपछि शंकरदेव भए । त्यस पछि धर्मदेव भए । तव प्रथम जयदेवदेखि धर्मदेव सम्म १६ राजा हुन आउंछन् । त्यस कारण मानदेव भन्दा माथि सोह्रौं पिडिका राजा प्रथम जयदेव हुन आउने भए।

नेपालमा लिच्छविराज्यको आरम्भको विषयमा वंशावलीमा 'अथ सूर्यवंश प्रभावान्नेपाले किरातराजान्निर्जित्य लिच्छविवंश प्रवर्तते' भनी उल्लेख गरेको छ। वंशावलीमा यसरी उल्लेख गरेको र द्वितीय जयदेवको अभिलेखमा प्रथम जयदेव-

लाइ बिजयी भनेको हुनाले किरातलाइ जितेर लिच्छवि राज्य स्थापना गरेको घटनालाइ लिइ प्रथम जयदेवको पालामा चलेको उक्त मानदेवको स्तम्भाभिलेखमा उल्लिखित सम्वत् लिच्छवि सम्वत् रहेछ भन्ने ठहर्न आएको छ ।"

यहाँ मानदेवको चाँगुको अभिलेखमा संवत् ३८६ लेखिएको र एक पुस्ताले सालाखाला २५ वर्ष राज्य गर्ने कुरा श्री ५ पृथ्वीनारायणदेखि श्री ५ महेन्द्रसम्मको समयको तुलना गर्दा देखिन आएकोले तथा जयदेवदेखि मानदेवसम्म १६ पुस्ता भएको हुनाले यो संवत् प्रथम जयदेवले चलाएको देखिन्छ, द्वितीय जयदेवको पशुपतिको अभिलेखमा प्रथम जयदेवलाई विजयी भनी लेखिएको छ, यताबाट प्रथम जयदेवले लिच्छविसंवत् चलाएको कुरा सिद्ध हुन्छ भनी शङ्करमानजीले लेख्नुभएको छ ।

३८६ को हिसाब त्यसलाई जुनसुकै संवत् माने पनि मिल्न आउने कुरा हो । यसबाट लिच्छविसंवत्को प्रामाणिकता सिद्ध हुने कुरा आउँदैन । प्रथम जयदेवलाई विजयी भनेर लेख्ने द्वितीय जयदेवले संवत् चलाउनेको रूपमा उनको किन वर्णन गरेनन् ? विजय गर्दैमा संवत् चलाउनुपर्छ भन्ने कुरा पनि अप्रामाणिक हो । किनभने श्री ५ पृथ्वीनारायण शाहले विजय त गरेका थिए, संवत् भने चलाएका थिएनन् ।

(४)

"जब पूर्वलिच्छविकाल तथा उत्तरलिच्छविकालका सम्वत् शकसंवत् नभएपछि सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको मानदेवसम्वत्को चर्चा गलत छ भन्ने स्वतः सिद्ध हुन्छ ।...

पूर्व लिच्छविकालको संवत् लिच्छविसंवत् र उत्तर लिच्छविकालको संवत् अंशुवर्मासम्वत् भन्ने ठहरीन आएपछि त्यसको कालनिर्धारण गणनाबाट भएको छ । त्यस गणनानुसार अंशुवर्मासम्वत् शक ४७४ बाट उठेको भन्ने र लिच्छविसंवत् शकपूर्व २२ मा चलेको भन्ने सिद्ध भएको छ ।"

यहाँ लिच्छविकालमा चलेका संवत् सुमतितन्त्रमा उल्लेख भएका शकसंवत् र शाके ४९८ (वि. सं. ६३३) देखि उठेको मानदेवसंवत् होइनन्, लिच्छविकालमा शकपूर्व २२ (वि. सं. ११३) देखि चलेको लिच्छविसंवत् र शक ४७४ (वि. सं. ६०९) देखि चलेको अंशुवर्मसंवत् हुन् भनी शङ्करमानजीले लेख्नुभएको छ ।

वि. सं. ११३ देखि तथा वि. सं. ६०९ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने कल्पनाको कुनै आधार छैन । किनभने कहीं पनि यी संवत्को चर्चा आएको

छैन । यस कारण यी संवत्को आधार अप्रामाणिक भएकोले यसको आधारमा निकालिएकोनिष्कर्ष गलत छ भन्ने स्पष्ट छ ।

प्रमाण नभए तापनि वि. सं. ११३ तथा वि. सं. ६०९ देखि संवत् चलेका थिए भनी स्वीकार गरे तापनि इतिहासको दृष्टिबाट त्यो तर्क निर्मूल छ तथा सुमतितन्त्रअनुसारको संवत्‌बाट इतिहासको सङ्गति हुन्छ भन्ने कुरा उदाहरण दिई देखाइन्छ ।

ताडपत्रमा लेखिएको सुमतितन्त्रनामक पुस्तक नेपाल राष्ट्रिय अभिलेखालय (वीरपुस्तकालय चौथो ५७ सङ्ख्या) मा छ । सो ग्रन्थमा संवत्‌हरूको बारेमा यस्तो लेखिएको छ–

जातो दुर्योधनो राजा कलि– – प्रवर्तते ।
युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पि वा ।
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ।
नन्दराज्य शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्षं सप्ताब्धि चाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा ।
इत्येते–षितम्मह्यां ज्ञेया राजा क्रमेण तु ।
···कृतअम्बराग्नि – – –तेमानदेवाब्द प्रयुज्यमाना

एतानि पिण्ड ···

(सुमतितन्त्र २ ख पत्र)

युधिष्ठिर दुर्ज्जोधन उभो राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सुद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानन्देवस्य राज्याब्द ३०४

(सुमतितन्त्र । यहाँ पत्रसङ्ख्या देखिँदैन)

[दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ । राजा युधिष्ठिर र दुर्योधनको संवत् २००० वर्षसम्म चल्नेछ । त्यसपछि ८०० वर्षसम्म राजा नन्दको संवत् चल्नेछ । त्यसपछि १३२ वर्षसम्म राजा चन्द्रगुप्तको संवत् चल्नेछ । त्यसपछि २४७ वर्षसम्म

राजा शूद्रकदेवको संवत् चल्नेछ । त्यसपछि ४९८ वर्षसम्म शक राजाको संवत् चल्नेछ । राजाहरूका यी संवत् बताइए । त्यसपछि ३०४ वर्षसम्म राजा मानदेवको संवत् चल्नेछ ।]

(वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कमा छापिएको दिनेशराज पन्तको मानदेवसंवत् भन्ने निबन्ध, सो अङ्कका २६९–२७२ पृ.)

यस वर्णनबाट २००० + ८०० + १३२ + २४७ = ३१७९ कलिगतवर्ष बितेपछि शकसंवत् र ४९८ शकवर्ष बितेपछि मानदेवसंवत् चलेको देखिन्छ । कलिगतवर्ष ३०४४ बितेपछि विक्रमसंवत्को प्रारम्भ हुन्छ । यस कारण ३१७९–३०४४ = १३५ वि. सं. बितेपछि शकसंवत् र १३५ + ४९८ = ६३३ वि. सं. बितेपछि मानदेवसंवत्को प्रारम्भ भएको देखिन्छ ।

भोटका स–स्क्य–पान–चेन (वि. सं. १२३९–१३०८) को वर्णनअनुसार वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने देखिन्छ [वि. सं. २०१८ मा प्रकाशित इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कका २२७–२३२ पृष्ठमा छापिएको लूच्यानो पेतेककोद क्रोनल्अजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध]

अच्युतानन्द राजोपाध्यायको सङ्ग्रहमा रहेको वि. सं. १७१२ मा सारिएको हरिवंशमा विक्रमसंवत्को सङ्ख्या १७१२ तथा मानदेवसंवत्को सङ्ख्या १०७९ दिइएको छ । (वि. सं. २०३५ मा प्रकाशित पूर्णिमा ३९ अङ्कमा छापिएको पिताजी नयराज पन्त र महेशराज पन्तको वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन् भन्ने निबन्ध, सो अङ्कका ९७–९८ पृ.) । १७१२–१०७९ = ६३३ । यताबाट वि. सं. ६३३ देखि मानदेवसंवत् चल्यो भन्ने परम्परा वि. सं. १७१२ सम्म पनि रहेको देखिन्छ ।

माथिका यी प्रमाणका आधारमा वि. सं. १३५ देखि चलेको शकसंवत् र वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् लिच्छविकालमा चलेका थिए भन्ने स्पष्ट हुन्छ ।

शिवदेव र अंशुवर्माको संयुक्त शासनको अन्तिम अभिलेख लेलेको हो । त्यसमा संवत् ५२६ आश्विनशुक्ल लेखिएको छ (लिच्छविकालका अभिलेखको २८३ पृ.) । अंशु-

वर्मा एक्लैले शासन गरेको पहिलो अभिलेख बुगमतीको हो । त्यसमा संवत् २९ ज्येष्ठ-शुक्ल दशमी लेखिएको छ (लिच्छविकालका अभिलेखको २९१ पृ.) । यसरी दुवै थरी संवत्का अभिलेखमा अंशुवर्माको उपस्थिति छ । अंशुवर्मा दुवै थरी संवत्मा देखिएकाले लिच्छविसंवत्को निर्णयका विषयमा अंशुवर्माको ठूलो महत्त्व छ भन्ने स्पष्ट छ ।

वि. सं. ११३ देखि लिच्छविसंवत् चलेको र वि. सं. ६०९ देखि अंशुवर्म-संवत् चलेको भन्ने कुरा माथि उद्धृत शङ्करमानजीको लेखबाट देखिन्छ ।

शिवदेव र अंशुवर्माको संयुक्त शासनको अन्तिम अभिलेख संवत् ५२६ आश्विनशुक्लको हो भनी भरखरै माथि लेखियो । ५२६ + ११३ = ६३९ । यताबाट वि. सं. ६३९ आश्विनसम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन देखिन्छ ।

अंशुवर्मा एक्लैको पहिलो अभिलेख संवत् २९ ज्येष्ठशुक्ल दशमीको पाइएको छ भनी भरखरै माथि लेखियो । अंशुवर्माहरूले प्रयोग गरेको संवत् कार्तिकादि हो भन्ने कुरा प्रमाणबाट सिद्ध भएकोले (पूर्णिमा ३९ अङ्कमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्तको अंशुवर्मा हरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् भन्ने निबन्ध, सो अङ्कका १०१–१०२ पृ.) ज्येष्ठमा १ बढाउनुपर्ने हुनाले ३० + ६०९ = ६३९ । यताबाट वि. सं. ६३९ ज्येष्ठमा अंशुवर्माले एक्लै शासन गरिरहेको देखिन्छ ।

यसरी वि. सं. ६३९ ज्येष्ठमा एक्लै शासकको रूपमा देखिइसकेका अंशुवर्मा फेरि वि. सं. ६३९ आश्विनमा संयुक्त शासकको रूपमा देखिनु तात्कालिक घटना-क्रमको दृष्टिले मिल्ने कुरा नभएकोले शङ्करमानजीको कल्पना निःसार देखिन्छ ।

सुमतितन्त्रको माथि उद्धृत वाक्यअनुसार पहिलो संवत् वि. सं. १३५ देखि चलेको शकसंवत् र दोस्रो संवत् वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् हो भन्ने बुझिन्छ ।

अब सुमतितन्त्रअनुसार अंशुवर्माको समयको सङ्गति हुन्छ वा हुँदैन भनी विचार गरिन्छ ।

५२६ + १३५ = ६६१ । यताबाट वि. सं. ६६१ आश्विनसम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन देखिन्छ ।

३० + ६३३ = ६६३ । यताबाट वि. सं. ६६३ ज्येष्ठमा अंशुवर्माले एक्लै

शासन गरेको देखिन्छ ।

यसरी सुमतितन्त्रअनुसार अंशुवर्माको समयको सङ्गति भयो ।

यस कारण सुमतितन्त्रमा उल्लेख भएका संवत् लिच्छविकालमा चलेका थिएनन् भन्ने शङ्करमानजीको भनाइ अप्रामाणिक देखिन्छ ।

(५)

"वेदाङ्गकालमा माघादिवर्षको प्रचलन थियो । तिनताक वेदाङ्ग ज्योतिषबाट पंचाङ्गगणना हुन्थ्यो । वेदाङ्ग ज्योतिष अनुसार माघ देखि शुरू गरि ३० महीनामा आउने आषाढमा र त्यसपछि ३० महीनाबाद आउने पौषमा गरी ६० महीना अर्थात ५ वर्षमा २ अधिमास मान्ने चलन थियो ।

लिच्छविकालमा पनि आषाढ र पौषमा मात्र अधिमास पाइने हुनाले वेदाङ्ग ज्योतिष अनुसार पंचाङ्ग गणना हुन्थ्यो कित भन्ने मानिसलाइ भ्रम हुनु स्वाभाविक छ । अर्को कुरो भक्तपुर इनायचोको सम्वत् ३१ को अभिलेखमा पौषमा अधिमास भएको र पाटन सुनधाराको संवत् ३४ को अभिलेखमा पनि पौषमैं अधिमास भएको स्पष्ट छ । यसरी ४ वर्ष भित्रै पौषमैं २ अधिमास परेको देखिनालें लिच्छविकालमा वेदांगज्योतिष अनुसार पंचाङगणना हुंदैनथ्यो भन्ने स्पष्ट थाहा हुन्छ ।"

यहां संवत् ३१ र संवत् ३४ का अभिलेखमा पौषमा अधिमासको उल्लेख भएकोले र वेदाङ्गज्यौतिषअनुसार ५ वर्षभित्रमा आषाढ र पौषमा अधिमास पर्ने हुनाले वेदाङ्गज्यौतिषअनुसार लिच्छविकालमा गणना हुन्थ्यो भन्नु अशुद्ध हो भनी शङ्करमानजीले लेख्नुभएको छ ।

वि. सं. २०३० मा शङ्करमानजीको पुस्तकमा तलको वाक्य लेखिएको थियो–

सायद ब्रह्मसिद्धान्तको गणित वेदाङ्ग ज्योतिषको आधारबाट बनेको हुन सक्छ ।

(लिच्छविसंवत्‌को निष्कर्षको ३७ पृ.)

वेदाङ्गज्यौतिषअनुसार १ सौरवर्षमा ३६६ सावनदिन हुने र ब्रह्मसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३० पला २२ विपला ३० प्रतिविपला सावनदिन हुने हुनाले (वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३४ अङ्कमा छापिएको पिताजी नयराज पन्तको वेदाङ्गज्यौतिष र लिच्छवि–कालगणना भन्ने निबन्ध, सो

अङ्कको ८४ पृ.) वेदाङ्गज्यौतिषको आधारमा ब्रह्मसिद्धान्त बनेको हो भनी लेखिएको अशुद्ध हो।

वेदाङ्गज्यौतिषमा वारको चर्चा छैन । वि. सं. ६३३ तिर नेपालमा सिद्धान्तज्यौतिषको प्रचार भएपछि अभिलेखमा वार देखिन थाल्यो । यस कारण वेदाङ्गज्यौतिषबाट अंशुवर्माको समयको कुरा मिल्दैन भन्नु अशुद्ध हो।

लिच्छविकालको पहिलो संवत्‌मा वारको उल्लेख देखिएको छैन । यस कारण त्यस वेलाको कुरा गणनाबाट मिलाउन सक्ने आधार भेटिएको छैन ।

वेदाङ्गज्यौतिषको अर्थपट्टि विद्वान्‌हरूको ध्यान जान लागेको डेढ सय वर्षभन्दा बढी समय बितिसके पनि (पूर्णिमा ३४ अङ्कका १०२-१११ पृष्ठमा छापिएको महेशराज पन्तको वेदाङ्गज्यौतिषका व्याख्याताहरूको दृष्टिमा वेदाङ्गज्यौतिष भन्ने निबन्ध) त्यसका सबै श्लोकको अर्थ अहिलेसम्म कसैले पनि चित्तबुझ्दो गरी लगाउन सकेका छैनन् । यस कारण वेदाङ्गज्यौतिषको पञ्चाङ्गगणनापद्धति राम्रोसँग जान्न सकिएको छैन ।

वर्तमान चलनअनुसार पौषमा अधिमास पर्न नसक्ने र लिच्छविकालका अभिलेखमा चाहिँ आषाढ र पौषमा मात्र अधिमास देखिएकाले तथा वेदाङ्गज्यौतिष अनुसार आषाढ र पौषमा मात्र अधिमास पर्ने हुनाले लिच्छविकालनिर्णयको लागि वेदाङ्गज्यौतिषको आवश्यकता सम्झिएको हो । लिच्छविकालको पहिलो संवत्‌मा दिइएका तिथिहरूको गणनाको लागि वेदाङ्गज्यौतिषको साङ्गोपाङ्ग अध्ययन हुनु अत्यावश्यक छ।

(६)

"सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको संवत्‌को ध्वनि पनि कल्पित थियो। कारण समुतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ थिएन । त्यो कुरो ग्रन्थी निर्माणको संस्कृतरचनाबाट थाहा हुन्छ। लिच्छविकालको संस्कृत रचना प्रौढ हुन्छ। त्यो कुरा लिच्छवि अभिलेखमा उल्लिखित संस्कृतरचना हेरे स्पष्ट छ । तर सुमतितन्त्रको संस्कृत रचनाकोरा छ। जस्तै—

युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पिता उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ... ... इत्यादि

यस किसिमको संस्कृत रचना रुद्रमल्लको पालामा वि. सं. १३७३ को

अभिलेखमा भएको देखिन्छ । जस्तै–

श्रियोउस्त सम्वत् ४३७ पालानवधि २ राजाधिराज श्रीश्रीश्री जयानन्ददेवस्य धर्मविजं भवति । रगुवंशा वतार श्रीश्री जय रूद्रमल्लस्य लब्धवरिषं राज्यं भवति ॥

(इति हांस संशोधनको प्रमाण प्रमेय पहिलो भाग १५५ पृष्ठ)"

यहाँ सुमतितन्त्रको वाक्य वि. सं. १३७३ को आनन्ददेव र रुद्र मल्लको पालाको अभिलेखसँग मिल्ने भएकोले सुमतितन्त्र लिच्छविकालको पुस्तक हुन सक्तैन भनी शङ्करमानजीले लेख्नुभएको छ ।

लिच्छविसंवत्को निष्कर्षको ३१ पृष्ठमा—

वास्तवमा सो संवत् नेपालको संवत् हो र त्यसलाई नेपालसंवत् भन्ने नै ऐतिहासिक उपकरणहरूले बताउँछ । तिनमा सबभन्दा पुरानो ताडपत्रमा लेखिएको सुमतिन्त्र नामक ज्यौतिष पुस्तकमा नेपाली संवत्को विषयमा पत्राङ्क १ को पहिलो पृष्ठमा अहर्गणप्रकरणमा यस्तो लेखेको छ–

"ॐ नमः सूर्याय । नेपालसम्वत्सर कर्मभूमौ स्थाप्य नयनाम्बनागा ८०२ संयोज्यं शककालम्भवति ।"

भनी लेखिएको छ ।

यहाँ शङ्करमानजीले नेपालसंवत्को सबभन्दा पुरानो उल्लेख सुमतितन्त्रमा छ भनेर लेख्नुभएको छ ।

आकाशग्रहहस्तसङ्ख्ये शते नेपालसम्वत्सरे
पौषमासे

[वि. सं. २०३५ मा प्रकाशित सन्दर्भ २ अङ्कमा छापिएको जगदीशचन्द्र रेग्मीको नेपाल इरा (नेपालसंवत्) भन्ने निबन्ध, सो अङ्कको २१६ पृ.]

यहाँ नेपालसंवत् २९० पौष (वि. सं. १२२६) मा नेपालसंवत्को स्पष्ट उल्लेख देखिएको छ । लिच्छविसंवत्को निष्कर्ष प्रकाशित हुनुभन्दा १५ वर्षअगाडि वि. सं. २०१५ मा प्रकाशित लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास) को ६७ पृष्ठमा यसको उल्लेख भएकोले शङ्करमानजीको मतअनुसार सुमति तन्त्रवि. सं. १२२६ भन्दा पुरानो देखिन गयो ।

मानदेवसंवत्‌लाई अप्रामाणिक सिद्ध गर्न ने. सं. ४३७ तिर सुमतितन्त्रको रचना भयो भन्ने व्यक्तिले नेपालसंवत्‌को विषयमा लेख्दा ने. सं. २९० भन्दा अघि नै यसको रचना भयो भन्नु आफ्नो कुरा आफैं ले काटेको उदाहरण हो ।

सुमतितन्त्रको रचनाकाल सुमतितन्त्रको भाषाको आधारमा निर्धारण गरिएको होइन, गणितको आधारमा गरिएको हो ।

सुमतितन्त्रमा यस्तो लेखिएको छ–

इष्टमध्याह्निकादित्यं ज्या कुर्यापक्रमैर्वधं ।
व्यासार्द्धेन विभक्तञ्च तद्‌द्दिनापक्रमम्भवेत् ।
तन्तु चापञ्च कर्त्तव्यं खखवेदशरे क्षयम् ।
शोध्य शेषेण ज्या कुर्यात् । तद्दिनज्यार्द्धमेव च ।

अस्याङ्क

गुण १३९८ भाग ३४३८ फल इष्टापक्रमम्भवति । तद्दिष्टापक्रमचापेन शोध्यः शोधका ५४०० शेष ज्या कूर्यात्तदिनज्यार्द्धम्भवति ।।

(ताडपत्र ६१ क पत्र)

[इष्टदिनको मध्याह्नकालमा स्पष्टसूर्य ल्याउनू । स्पष्टसूर्यको ज्यालाई परमक्रान्तिज्यालै गुनी त्रिज्याले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ ।

क्रान्तिज्याको चाप क्रान्तिकला हुन्छ । क्रान्तिकलालाई ५४०० कलाबाट घटाउनू, शेष द्युज्याचापकला हुन्छ । द्युज्याचापकलाको ज्या द्युज्या हुन्छ ।]

(पूर्णिमा ३९ अङ्कका १३५–१४८ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको रचनाकाल भन्ने निबन्ध, सो अङ्कका १४७, १४८ पृ.)

यताबाट सुमतितन्त्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रिज्या}}$$

देखिन्छ ।

क्रान्तिज्या ल्याउने विषयमा भास्करले यस्तो लेखेका छन्–

युक्तायनांशादपमः प्रसाध्यः
काली च खेटात् खलु भुक्तभोग्यौ ।
जिनांशमौर्व्या १३९७ गुणिताऽर्कदोर्ज्या
त्रिज्यो३४३८द्धृता क्रान्तिगुणोऽस्य वर्गम् ।।४७।।
त्रिज्याकृतेः ११८१९८४४ प्रोह्य पदं द्युजीवा
क्रान्तिर्भवेत् क्रान्तिगुणस्य चापम् ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

[ग्रह तथा लग्नको क्रान्ति ल्याउँदा वा भुक्त भोग्यकाल ल्याउँदा अयनांश जोडिएका ग्रह तथा लग्नबाट ल्याउनुपर्छ । क्रान्ति ल्याउँदा स्पष्टसूर्यमा अयनांश जोड्नू, सायनस्पष्टसूर्य हुन्छन् । सायनस्पष्टसूर्यको भुजज्यालाई २४ अंशको ज्या १३९७ ले गुनी त्रिज्या ३४३८ ले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ । क्रान्तिज्याको वर्गलाई त्रिज्याको वर्ग ११८१९८४४ बाट घटाई शेषको मूल लिनू, सो मूल द्युज्या हुन्छ । क्रान्तिज्याको चाप बनाउनू, क्रान्ति हुन्छ ।]

(पूर्णिमा ३९ अङ्कको १४० पृ.)

यताबाट सिद्धान्तशिरोमणिअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रिज्या}}$$

हुने देखिन्छ ।

यताबाट सुमतितन्त्रकारको समयमा सायन, निरयणको भेद थिएन अर्थात् त्यस बेला अयनांशको ज्ञान थिएन भन्ने स्पष्ट छ ।

अयनांशको ज्ञान कहिलेदेखि भयो भनी खोज्दै जाँदा वि. सं. ९६१ मा वटेश्वरले अयनांशको सङ्केतसम्म गरेका र वि. सं. ९८९ मा मुञ्जालले चाहिँ अयनांशको स्पष्ट चर्चा गरेका रहेछन् भन्ने देखियो (पूर्णिमा ३९ अङ्कका १४५–१४६ पृ.) । यसैको आधारमा अयनांशको ज्ञान हुनुभन्दा अगाडि लिच्छविकालमा सुमतितन्त्रको रचना भएको हो भनी निर्णय गरिएको हो ।

भाषाकै कुरा गर्ने हो भने पनि लिच्छविकालका अभिलेखमा पनि अशुद्धि नपाइने होइनन् । यसको टड्कारो प्रमाणको रूपमा नालाको तलको अभिलेखलाई देखाउन सकिन्छ–

ॐ संवत् ११८ ज्येष्ठशुक्लदशम्याम् राजाधिराजश्रीशिवदेवस्य राज्यम् उपरिमनालङ्ग्रामस्योपभो(गा)र्थम् तत्रैव ग्रामाधिवासी हूं ध्रुवशीलस्य, तद्भ्राता हूं अणङ्गशीलसहितेन पुण्याधिकारप्रणाली कृता ।

(लिच्छविकालका अभिलेखको ५१२ पृ.)

श्री ३ चन्द्रशमशेरको समयका गोपाल पाँडे आफ्नो गणितसम्बन्धी प्रौढ ज्ञानले गर्दा प्रसिद्ध थिए । तर उनको संस्कृतको ज्ञान त्यति बलियो थिएन र उनी अशुद्ध रूपको प्रयोग गर्थे (वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ८ अङ्कमा छापिएको पिताजी नयराज पन्तको पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति भन्ने निबन्ध, सो अङ्कको ५८ पृ.) ।

श्री ३ चन्द्रशमशेरको समयका कुलचन्द्र गौतम आफ्नो संस्कृतभाषाको प्रौढ ज्ञानले गर्दा प्रसिद्ध थिए । उनको संस्कृतज्ञानको प्रसिद्धि भारतमा पनि थियो [वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २८ अङ्कमा छापिएको पिताजी नयराज पन्तको विद्वत्पूजा (२ सङ्ख्या) भन्ने निबन्ध, सो अङ्कका २१४–२१५ पृ.] ।

यस कारण श्री ३ चन्द्रको समयमा कुलचन्द्र गौतम जस्ता संस्कृतभाषाका पण्डित देखिएकाले गोपाल पाँडे जस्ता अशुद्ध संस्कृत लेख्ने व्यक्ति चन्द्रशमशेरको समयमा हुन सक्तैनन् भन्ने जस्तो तर्क भाषाको अशुद्धिले सुमतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ होइन भन्ने हो ।

यस कारण लिच्छविकालमा बनेको सबै संस्कृत लेख शुद्ध हुन्छन् नै भन्ने प्रमाण नभएको र सुमतितन्त्रको कालनिर्णय भाषाको आधारमा नभई गणितको आधारमा भएकोले शङ्करमानजीको तर्क निर्मूल छ ।

(७)

"सुमतितन्त्रको टिप्पणीकारले शक ४९८ पछि मानदेवसंवत् चल्यो भनी किटान गरी लेखेको कुरा पनि तल्लो मल्लकालमा थपेको भन्ने लिपिले देखाउँछ । त्यसगरी लेखेको कुरा पनि तल्लो मल्लकालमा थपेको भन्ने लिपिले देखाउँछ । त्यस कारण त्यो पनि शकसंवत्संग मिलान गरी लेखिएको कल्पित भन्ने सिद्ध हुन्छ । कारण त्यो पनि शकसंवत्संग मिलान गरी लेखिएको कल्पित मानदेवसंवत् हुनाले गणना चैत्रादि शकसंवत्स । मिलान गरी लेखिएको कल्पित मानदेवसंवत् हुनाले गणना सैद्धान्तिक गणनानुसार मिल्दैनथ्यो । किन भने ४९८+३१=५२९ शकमा सैद्धान्तिक गणनानुसार अधिमास पर्दैनथ्यो । तर अभिलेखमा भने अधिमास परेको छ । सिद्धान्तज्योतिषा-

नुसार शक ५३० मा ज्येष्ठमा मात्र अधिमास पर्छ । सिद्धान्तज्योतिषको गणनामा तष्ट भएको अधिमास मात्र जोड्ने नियम छ । तष्ट नभएको अधिमास जोडने नियम छैन । अभिलेखमा अधिमासछ भन्दैमा तष्ट नभएको शाके ५३० को अधिमासलाई जोडी गणना गर्नु गणित विरुद्ध तथा अवैज्ञानिक हुन्छ ।''

यहाँ सुमतितन्त्रका टिप्पणीकारले शाके ४९८ पछि मानदेवसंवत् चल्यो भनी लेखेको कुरा तल्लो मल्लकालमा थपिएको र चैत्रादि शकसंवत्सँग मिलाई लेखिएको हुनाले त्यो कल्पित देखिन्छ, शाके ५२९ मा सिद्धान्तको गणनाअनुसार अधिमास पर्दैनथ्यो, शाके ५३० ज्येष्ठमा मात्र अधिमास पर्छ, परेको अधिमास मात्र जोड्ने नियम भएकोले नपरिसकेको अधिमास अभिलेखमा छ भन्दैमा नपरेको अधिमास जोडी मिलाएको गणना अशुद्ध हो भनी शङ्करमानजीले लेख्नुभएको छ ।

लिच्छविकालमा चलेका संवत् कार्तिकादि र शकसंवत् चैत्रादि भएकोले लिच्छविकालमा चलेको संवत् शकसंवत् हुन सक्तैन तथा शकसंवत्मा मिलाइएर चलाइएको मानदेवसंवत् पनि लिच्छविकालमा चलेको संवत् हुन सक्तैन भन्ने शङ्करमानजीको तर्क हेत्वाभासले दूषित छ भन्ने कुरा शकसंवत्को कार्तिकादि, माघादि, चैत्रादि तीनै थरी प्रयोग भएको उदाहरण पाइएकाले स्पष्ट भएको छ । यो कुरा माथि २ सङ्ख्यामा लेखिइसकेको छ ।

संवत् ३१ लाई वि. सं. ६३३ बाट उठेको मानदेवसंवत् मान्दा ६३३ + ३१ = ६६४ वि. सं. (शक ५२९) हुन्छ । यसबाट गणना गर्दा शुक्रवार आयो र मिलेन ।

(लिच्छविसंवत्को निष्कर्षको ७ पृ.)

यहाँ मानदेवसंवत् मानी गणना गर्दा चाँगुको अंशुवर्माको अभिलेखको संवत् ३१ को गणना मिल्दैन भनी शङ्करमानजीले लेख्नुभएको थियो ।

वि. सं. २०३४ मा प्रकाशित मर्यादा १२ अङ्कका ८–४१ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश भन्ने निबन्ध, वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कका २७३–२७५ पृष्ठमा छापिएको दिनेशराज पन्तको चाँगुको अंशुवर्माको अभिलेखको तिथिमितिको गणना भन्ने निबन्ध, पूर्णिमा ३९ अङ्कका १००–११८ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी,

भोलानाथ पौडेल, दिनेशराज पन्तको अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् भन्ने निबन्धमा चाँगुको अंशुवर्माको अभिलेखमा उल्लिखित मितिको शाके ५२९ (वि. सं. ६६४) मा गणना मिलेको कुरा प्रमाणसहित देखाइएको छ ।

अंशुवर्माहरूले प्रयोग गरेको संवत् कार्तिकादि भएकोले संवत् ३१ शकसंवत् ५२९ कार्तिकदेखि शकसंवत् ५३० आश्विनसम्म रहन्छ ।

वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीय–तिथिगणितमा छापिएको अधिमास-क्षयमाससारणीमा शकसंवत् ५३० को ज्येष्ठमा अधिमास छ । यस कारण यो अधिमास मानदेवसंवत् ३१ को ज्येष्ठमा परेको देखिन्छ ।

वीरपुस्तकालय पहिलो १६३४ सङ्ख्याको धर्मनिर्णयतिथिसारसङ्ग्रहनामक पुस्तकमा अधिमासको विषयमा यस्तो लेखिएको छ –

चैत्रादिभाद्रपदान्तानि यदा सङ्क्र टच्युटचते ।
आषाढमासवृद्धिः स्यान्नारदस्य वचो यथा ।।
अश्विन्यादिफाल्गुणान्तानि यदा सङ्क्रम त्रुटचते ।
पौषमासा निवर्द्धन्ते मासवृद्धि विधीयते ।
ननु इति कथमयनमेव मासवृद्धिः ।।
कर्क्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे ।
भानो संक्रमणे नष्टे द्विराषाढो विधीयते ।।
मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ।।
अधिमासा यदा नष्टा रयणे द्वे सुचिन्तयेत् ।
द्विराषाढो द्विपौषश्च भारद्वाजस्य वचनं यथा ।

यताबाट

नारदको मतअनुसार

चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्रमा अधिमास परे सो अधिमास

आषाढमा मानिने
आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुनमा अधिमास परे सो अधिमास पौषमा मानिने
भारद्वाजको मतअनुसार
श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौषमा अधिमास परे सो अधिमास आषाढमा मानिने
माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ, आषाढमा अधिमास परे सो अधिमास पौषमा मानिने

देखिन्छ ।

(पूर्णिमा ३९ अङ्कमा छापिएको पिताजी नयराज पन्तको ऋषिवचनलाई पनि काट्न सक्ने सामर्थ्य शङ्करमान राजवंशीको वचनमा छ भन्ने नसकारेसम्म उनको लिच्छविसंवत्को निष्कर्ष प्रामाणिक ठहर्न सक्तैन भन्ने निबन्ध, सो अङ्कका १२९–१३० पृ.)

धर्मनिर्णयतिथिसारसङ्ग्रहमा उद्धृत भारद्वाजको यस वचनअनुसार ज्येष्ठमा परेको अधिमास पौषमा पर्ने हुनाले मानदेवसंवत् ३१ को पौषमा अधिमास मानिने हुन आउँछ । सो कुरा भक्तपुर इनायचोको अभिलेखको संवत् ३१ द्वितीयपौष-शुक्लाष्टम्याम् यस वाक्यबाट पनि सिद्ध हुन्छ । यस कारण माघशुक्ल त्रयोदशीको गणना गर्दा सो अधिमासको पनि गणना गर्नु सर्वथा योग्य हुन्छ ।

यस विषयमा भास्कराचार्यको वचन यस्तो छ–

स्पष्टोऽधिमासः पतितोऽप्यलब्धो
यदा यदा वाऽपतितोऽपि लब्धः ।
सैकैर्निरेकैः क्रमशोऽधिमासै-
स्तदा दिनौघः सुधिया प्रसाध्यः ।।३।।

(सिद्धान्तशिरोमणि मध्यमाधिकार अधिमासादिनिर्णय)

[स्पष्ट अधिमास परिसकेको भए तापनि गणनामा नआउने पनि हुन्छ। कहिलेकहीं स्पष्ट अधिमास नपरिसकेको भए तापनि गणनामा आउने हुन्छ । त्यस बेला अधिमासमा क्रमशः १ जोडेर वा १ घटाएर अहर्गणको साधना गर्नुपर्छ ।]

यसबाट सिद्धान्तअनुसार सो गणना मिलेन भन्ने शङ्करमानजीलाई सिद्धान्तको ज्ञान नभएको स्पष्ट देखिन्छ ।

(८)

"प्राचीनकालमा पंचांगगणनामा ब्रह्मसिद्धान्तको परम्परा वलियो यियो। त्यसैले पितामहवृह्मसिद्धान्त, विष्णुधर्मोत्तर पुराणान्तर्गत वृह्मसिद्धान्त, शाकल्योक्त वृह्मसिद्धान्त, वृह्मगुप्तको वृह्मसिद्धान्त आदि ग्रन्थ बने। वृह्म-सिद्धान्तकै आधारबाट राजमृगांक, सिद्धान्तशिरोमणि ग्रन्थ बने। जुन ग्रन्थमा उत्तरोत्तर संस्कार गर्दै गगणनालाई सूक्ष्मतामा ल्याए।"

यहाँ प्राचीनकालदेखि ब्रह्मसिद्धान्तको परम्परा प्रसिद्ध थियो, त्यही परम्परामा पितामहब्रह्मसिद्धान्त, विष्णुधर्मोत्तरपुराणान्तर्गत ब्रह्मसिद्धान्त, शाकल्योक्त ब्रह्मसिद्धान्त, ब्रह्मगुप्तको ब्रह्मसिद्धान्त आदि ग्रन्थ बने, ब्रह्मसिद्धान्तको आधारमा राजमृगाङ्क, सिद्धान्तशिरोमणि बने भनी शङ्करमानजीले लेख्नुभएको छ।

भास्कराचार्यको सिद्धान्त प्रचार भएपछि नेपालमा सूर्यसिद्धान्तानुसारबाट पञ्चाङ्ग गणना गर्ने...

(लिच्छविसंवत्‌को निष्कर्षको ३८ पृ.)

यहाँ वि. सं. २०३० मा शङ्करमानजीले भास्कराचार्यको सिद्धान्तशिरोमणिको प्रचार भएपछि नेपालमा सूर्यसिद्धान्तानुसारको पञ्चाङ्गगणना चल्यो भनी लेख्नु-भएको थियो। पूर्णिमा ३६ अङ्कका २०९-२६७ पृष्ठमा देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिअनुसार मेषसङ्क्रान्तिकाल ल्याउने रीति भन्ने निबन्ध र सोही अङ्कको २६८ पृष्ठमा देवीप्रसाद भण्डारीको लिच्छविसंवत्‌को निष्कर्षमा दिइएको वि. सं. ६४१ को मेषसङ्क्रान्ति अशुद्ध छ भन्ने निबन्ध छापिएपछि शङ्करमानजीको लेखमा सिद्धान्तशिरोमणि ब्रह्मसिद्धान्तको आधारमा बनेको हो भनी लेखिएको हो।

पितामहसिद्धान्त वेदाङ्गज्यौतिषको पञ्चवर्षात्मक युगको गणनाअनुसारको हुनाले त्यो ब्रह्मसिद्धान्तको परम्परामा हुने कुरा होइन। ब्रह्मगुप्तले पञ्चवर्षात्मक युगपद्धतिमा दोष देखाएका छन् (वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३५ अङ्कका १७८-२०३ पृष्ठमा छापिएको पिताजी नयराज पन्तको लिच्छविसंवत्‌को निष्कर्षको परीक्षा भन्ने निबन्ध, सो अङ्कका १७९, १८५ पृ.)।

शङ्कर बालकृष्ण दीक्षितले शाकल्योक्त ब्रह्मसिद्धान्त आधुनिक सूर्यसिद्धान्त-अनुसारको हो भनी लेखेका छन्, शाकल्योक्त ब्रह्मसिद्धान्त र विष्णुपुराणान्तर्गत ब्रह्मसिद्धान्त ब्रह्मगुप्तको ब्राह्मस्फुटसिद्धान्तभन्दा अर्वाचीन हुन् भन्ने विचार शङ्कर

बालकृष्ण दीक्षितको छ (वि. सं. १९५३ मा पूनाबाट छापिएको भारतीय ज्योतिः शास्त्रको शिवनाथ झारखण्डीले गरेको हिन्दी अनुवाद वि. सं. २०१४ मा लखनऊबाट प्रकाशन ब्यूरो सूचनाविभाग उत्तरप्रदेशद्वारा भारतीय ज्योतिष नामले छापिएको छ, भारतीय ज्योतिषका २१२–२१४ पृ.) ।

यस कारण पितामहब्रह्मसिद्धान्त, विष्णुधर्मोत्तरपुराणान्तर्गत ब्रह्मसिद्धान्त, शाकल्योक्त ब्रह्मसिद्धान्त, ब्रह्मगुप्तको ब्रह्मसिद्धान्तलाई एउटै क्रममा शङ्करमानजीले राख्नुभएको अशुद्ध हो ।

(९)

"नेपालमा वृह्मसिद्धान्तको परम्परा अभयमल्लको पालासम्म चलेको कुरा वि. सं. १३०३ मा अभयमल्लको पालामा लेखिएको वीरपुस्तकालय हाल राष्ट्रिय अभिलेखालयको लगत नं. ३६० को पद्यनामसंग्रह भन्ने पुस्तकबाट ज्ञात हुन्छ । सो पूसतकमा दिइएको पुष्पिका प्रस्तुत गरिन्छ जस्तै–

प्रारम्भमा–

नमस्कृत्य महादेवं गुरूं संसारतारणम् ।
तिथ्यादीनां विवेकार्थ मुनिवाक्यं समुच्चितम् ।
पक्षवृद्धौ तिथिहेर्घ ह्रासवृद्धिषु संशयः ।
सुधियामप्यनुष्ठानमतो मया विविच्यने ।।
त्रिंशच्छिनैः सावनो मासः ।
उक्तञ्च वृह्मसिद्धान्ते ।।
चान्द्रशुल्कादि दर्शान्तः सावतः त्रिंशता दिनैः ।
एकराशौ रविर्यावित् काल मासस्य भाष्करः ।।

समाप्तिमा–

इति श्री वाराणस्यां योगोश्वर संग्रेह पद्यनाभसंग्रहो समाप्तो ।।

श्रीरस्तु नयपाल देशीयाभिलिख्यमान सम्वत् ३६६ वैशाख शुल्क ३ रवौ रम्ये दिनोतमे ।। पुस्तिका स्वस्ति कारिता । । राजश्री अभयमल्लस्य राज्ये । । भार श्री अमुकस्य ।

(हर प्रसाद सूची दोस्रो भाग १९ पृष्ठ) ...

यहाँ व्रह्मसिद्धान्तको उल्लेख भएवाट त्यसको परम्परा प्रावल्य भएको कुरालाई इङ्गित गर्दछ ।"

यहाँ वि. सं. १३०३ मा अभय मल्लको पालामा सारिएको पुस्तकमा ब्रह्म-सिद्धान्तको उल्लेख भएकोले नेपालमा प्राचीन कालदेखि वि. सं. १३०३ सम्म ब्रह्मसिद्धान्तको परम्परा चलेको स्पष्ट हुन्छ भनी शङ्करमानजीले लेख्नुभएको छ।

बङ्गाली लिपिमा लेखिएको यो पुस्तक [वि. सं. १९७२ मा कलकत्ताबाट प्रकाशित हरप्रसाद शास्त्रीको अ क्याट्अलग् अफ पाम्-लीफ् यान्ड् सिलेक्टेड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्इङ टु द डर्बार् लाइब्ररि, नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूची) को २ भागको १९ पृ.] ब्रह्मसिद्धान्तको होइन, यसमा ब्रह्म-सिद्धान्तको वाक्यको उद्धरण मात्र दिइएको हो, कुनै एउटा पुस्तकमा कुनै पुस्तकको उद्धरण आउँदैमा त्यसको परम्परा चलेको थियो भन्ने कुराको प्रमाण हुँदैन ।

शङ्करमानजीले आफ्नो मनगढन्त गणनाद्वारा नेपालमा ब्रह्मसिद्धान्त मानदेवको पालादेखि नै चलेको थियो भनी लेख्नुभएको छ । उहाँको मतअनुसार मानदेवको चाँगुको अभिलेखको समय वि. सं. ४९९ हो (लिच्छविसंवत्को निष्कर्षका २७–२८ पृ.) ।

शङ्करमानजीले वेङ्कटेश केतकरको सौरार्यब्रह्मपक्षीयतिथिगणितको आधारमा ब्रह्मसिद्धान्तको गणना गर्नुभएको हो (लिच्छविसंवत्को निष्कर्षको १२ पृ., वि. सं. २०३३ मा प्रकाशित प्रज्ञा १६ पूर्णाङ्कका ९२–९७ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको इतिहासको लागि प्राचीन गणनाको महत्त्व भन्ने निबन्ध) ।

केतकरको पुस्तकको ब्रह्मसिद्धान्तअनुसारको सारणी वि. सं. ६८५ मा ब्रह्मगुप्तले बनाएको ब्राह्मस्फुटसिद्धान्त र त्यसमा वि. सं. १०९९ मा भोजले राजमृगाङ्कमा गरेको संशोधनसमेतको आधारमा बनाइएको हो (पूर्णिमा ३५ अङ्कको १८६ पृ.) । यस कारण वि. सं. १०९९ मा बनाइएको पुस्तकको आधार-मा बनेको सारणीको आधारमा गणना गरी वि. सं. ४९९ देखि नै ब्रह्मसिद्धान्त चलेको थियो भन्नु अशुद्ध हो ।

वास्तवमा नेपालमा ब्रह्मसिद्धान्त चलेको प्रमाण पाइएको छैन ।

सुमतितन्त्र, खण्डखाद्यक तथा भास्वतीका मूल ग्रन्थ [illegible] हो (पूर्णिमा ३४ अङ्कमा छापिएको पिताजी नयराज पन्तको महाभारतमा परेको अधिमासको वर्णन-ले वेदाङ्गज्योतिषको गणनापद्धतिमा केही प्रकाश पार्छ भन्ने निबन्ध, सो अङ्कका ११४–११६ पृ., वि. सं. २०३५ मा प्रकाशित पूर्णिमा ४१ अङ्कका १–१९ पृष्ठमा

छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको आधारग्रन्थ भन्ने निबन्ध)। खण्डखाद्यक तथा भास्वतीका धेरै ग्रन्थ वीरपुस्तकालय तथा राष्ट्रिय पुस्तकालयमा छन् [वि. सं. २०१७ मा वीरपुस्तकालयबाट सम्पादित तथा प्रकाशित नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् बृहत्सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरू-को ठूलो सूचीपत्र) को १ भागका ३५–३९ पृ., १४१–४३ पृ. वि. सं. २०२१ मा नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित, देवीप्रसाद लंसालद्वारा सम्पादित नेपाल-राष्ट्रियपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् सूचीपत्रम् (नेपाल राष्ट्रिय पुस्तका-लयमा रहेका हस्तलिखित पुस्तकहरूको सूचीपत्र) को २ भागका ४९–५० पृ., ३ भागका १००–१०६ पृ.] । मल्लकालको ठ्यासफुमा सुमतिसिद्धान्त, भास्वती र खण्डखाद्यकको आधारमा ग्रहण गनेको उल्लेख पाइन्छ (वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १३ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको ठ्यासफुको ऐति-हासिक व्याख्या भन्ने बिवन्ध, सो अङ्कको २२ पृ.) ।

वीरपुस्तकालय तथा राष्ट्रिय पुस्तकालयका ती सूचीपत्रमा ब्रह्मसिद्धान्तका पुस्तक देखिंदैनन्।

माथिका कुराका आधारमा नेपालमा प्राचीन कालदेखि ब्रह्मसिद्धान्तअनुसारको गणना चलेको थियो भन्ने शङ्करमानजीको भनाइ अशुद्ध हो भन्ने स्पष्ट देखिन्छ ।

(१०)

"चांगुस्थित अंशुवर्माको संवत् ३१ को अभिलेखको मिति शक ४७४ बाट उठको भन्ने कालनिधारण हुन आएको हो। ४७४+३१=५०५ शकमा सिद्धान्त ज्योतिषानुसार भाद्रमा अधिमासतष्ट भइसकेको पनि छ ।"

यहाँ शाके ५०५ भाद्रमा अधिमास परेकोले अंशुवर्माको चाँगुको अभिलेख शाके ५०५ को हो भनी शङ्करमानजीले लेखनुभएको छ ।

नारद तथा भारद्वाजका माथि ७ सङ्ख्यामा उद्धृत वचनअनुसार भाद्रमा परेको अधिमास आषाढमा मानिने हुन्छ । तर भक्तपुर इनायचोको अभिलेखमा पौषमा अधिमासको उल्लेख भएकोले शङ्करमानजीले कूटो बोल्नुभएको छ भन्ने स्पष्ट छ ।

(११)

"अधिमासको तालिकासंग मिलेपछि चांगुस्थित मानदेवको स्तम्भा भिलेखको

सम्वत् ३८६ मा २२ वर्ष घटाउंदा त्यसको कालनिर्धारण शक ३६४ को हुन पायो । उक्त स्तम्भलेख मा पनि मितिको उल्लेख छ। उक्त उल्लिखित मिति "ज्येष्ठमा से शुल्कपक्षे प्रतिपदि रोहिणी नक्षत्र युक्ते चन्द्र मसि मुहुते प्रशस्ते भिजिति" भनी दिइएको छ । त्यस मितिको पनि गणना गरी हेर्दा सोमवार आएकोले चन्द्र मासिको अर्थ सोमवार भन्ने खुल्न गएको छ ।

गणनाको निष्कर्ष आउनु भन्दा पहिले रोहिणी नक्षत्र युक्तचन्द्रमसिको अर्थ रोहिणी नक्षत्रमा चन्द्रम गएको वेलामा भनी गरिएको थियो । चन्द्रमा जुन नक्षत्रमा जान्छन् त्यही नक्षत्र पञ्चाङ्गमा लेखिने हुनाले रोहिणी नक्षत्र भन्ने वित्तिकै चन्द्रमा रोहिणी नक्षत्रमा छन् भन्ने स्वतः थाहा हुने कुरालाई रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा भनी अत्युक्ति अर्थ गर्नु युक्तिसंगत थिएन । रोहिणी नक्षत्र र चन्द्रमाको संयोग भएको शोभा अलंकारको तुलना गरेको भन्नलाई पनि त्यस दिन त्यस वेला चन्द्रमा नै उदय भईसकेको हुंदैन कारण उक्त अभिलेख ज्येष्ठ शुल्क प्रतिपदाको दिउंसो स्थापना भएको हुनाले रोहिणी नक्षत्रयुक्त चन्द्रमसि जस्तै प्रयोग भएको उदाहरण अन्त पनि पाइन्छ । जस्तै–

ख्याते नेपालशाके गजभुजभुजगैः संमितोमाघ कृष्णे
ज्येष्ठा नक्षत्रयुक्त शशिसुतदिवसे कुम्भगे चण्डमानौ
कृत्वा दोलेशशम्भोः पुनरपि मुदितो भूपतीन्द्रो नवम्याम्

(अभिलेखसंग्रह भाग १ पृष्ट १२)

यस श्लोकमा उल्लिखित मिति ने. सं. ८२८ माघकृष्णानवमी ज्येष्टा नक्षत्र बुधवार हो । गणना गर्दा माघकृष्ण नवमी ज्येष्टा नक्षत्र बुधवार आउंछ । यहाँ जसरी गणना गर्दा वुद्धवार आएकाले ज्येष्टानक्षत्र युक्त शशिसुतदिवसे को अर्थ गर्दा ज्येष्ठानक्षत्रमा बुधग्रह गएको बेलामा नभनी ज्येष्ठानक्षत्र वुद्धवार भन्ने हुन्छ । त्यस्तै चांगुको अभिलेखमा उल्लिखित रोहिणी नक्षत्रयुक्त चन्द्रमसि को अर्थ रोहिणी नक्षत्र सोमवार भन्नु युक्तिसंगत भएको छ, कारण गणनावाट सोमवार आएको हुनाले ।"

यहाँ चाँगुको मानदेवको अभिलेखमा ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि रोहिणी-नक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्तेऽभिजिति लेखिएको कुराको अर्थ गर्न गणना गर्दा सोमवार आएकोले रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणीनक्षत्रमा चन्द्रमा गएको बेलामा भन्ने होइन, रोहिणीनक्षत्रमा सोमवारमा भन्ने अर्थ

आउँछ, रोहिणीनक्षत्र र चन्द्रमाको संयोग भएको भन्नलाई पनि त्यस दिन चन्द्रमाको उदय भइसकेको हुँदैन, किनभने अभिलेखमा अभिजित् मुहूर्त छ, त्यस कारण दिउँसो राखेको ठहर्छ, रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि जस्तै प्रयोग भएको उदाहरण ज्येष्ठानक्षत्रयुक्ते शशिसुतदिवसे हो, यसको अर्थ ज्येष्ठानक्षत्र बुधवारमा भए जस्तै रोहिणी नक्षत्रयुक्ते चन्द्रमसिको अर्थ पनि रोहिणीनक्षत्र सोमवारमा हुन्छ भनी शङ्करमानजीले लेख्नुभएको छ ।

मानदेवको चाँगुको अभिलेखमा रहेको रोहिणीनक्षत्रयुक्ते चन्दमसि पदको अर्थ अभिलेखका व्याख्याता भगवान्लाल आदि सबैले रोहिणीनक्षत्रमा चन्द्रमा गएको वेलामा भन्ने गरेका छन् (पूर्णिमा ३५ अङ्कको १८९ पृ.) ।

रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि जस्तो वाक्य ज्येष्ठानक्षत्रयुक्ते शशिसुतदिवसे होइन, रोहिणीनक्षत्रयुक्ते चन्द्रदिवसे भनी लेखिएको भए रोहिणीनक्षत्र सोमवारमा भन्ने अर्थ मिल्ने थियो, यस कारण उदाहरणको रूपमा दिइएको वाक्यसँग रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको सङ्गति भएन ।

पारस्करगृह्यसूत्रमा यस्तो लेखिएको छ–

अथ पुंसवनम् ।।१।। यदहः पुंसा नक्षत्रेण चन्द्रमा युज्येत तदहः... ।।३।।

(पारस्करगृह्यसूत्र १ काण्ड १४ कण्डिका)

यो वाक्य रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि जस्तै हो ।

यसको अर्थ जुन दिन पुरुषनक्षत्र (तिष्य, पुनर्वसू आदि नक्षत्र) सँग चन्द्रमाको भेट हुन्छ, त्यस दिन पुंसवनकर्म गर्नू भनी भाष्यकारहरूले गरेका छन् (पूर्णिमा ३५ अङ्कको १९३ पृ.) । तर शङ्करमानजीको मतअनुसार यसको अर्थ पुरुषनक्षत्र परेको दिन सोमवार भन्ने गर्नुपर्छ ।

पुंभेऽर्केज्याऽरवारे विमिथुनविषमाङ्गांशयोः पुंसवं स्यात्...।।४।।

(मुहूर्तमार्तण्ड संस्कारप्रकरण)

[पुरुषनक्षत्र (तिष्य, पुनर्वसु, हस्त, अभिजित्, अनुराधा, पूर्वभाद्रपद, अश्विनी) मा, आदित्यवार, मङ्गलवार, बृहस्पतिवारमा, मिथुनबाहेकका बिजोर

लग्न तथा नवांश (मेष, सिंह, तुला, धनु, कुम्भ) मा पुंसवनकर्म गर्नु बढिया हुन्छ ।)

(पूर्णिमा ३५ अङ्कको १९४ पृ.)

यहाँ पुंसवनकर्म गर्न सोमवारको स्पष्ट निषेध गरिएकोले शङ्करमानजीको अर्थ अशुद्ध छ भन्ने स्पष्ट छ ।

चन्द्रमाको दर्शन यस दिन नहुने भए तापनि रोहिणीनक्षत्रसंग चन्द्रमाको संयोग भएको वेलामा अभिजित् मुहूर्त परेको थियो भन्ने यसको अर्थ भएकोले रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा भन्ने अशुद्ध हुँदैन ।

माथिका कुराबाट मानदेवको चाँगुको अभिलेखमा रहेको रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा हुन्छ भन्ने स्पष्ट छ ।

यस कारण रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको रोहिणीनक्षत्रमा सोमवारमा भन्ने शङ्करमानजीले गर्नुभएको अर्थ अशुद्ध हो भन्ने स्पष्ट देखिन्छ ।

टिप्पणी

भुवनलाल प्रधान

शङ्करमानजीको 'लिच्छवि संवत्‌को निष्कर्ष' ऐतिहासिक तवरले मिल्दैन भनेर मैले सं. २०३१ सालमै नेपाली, अङ्क ६१ ऐ अङ्क ६४, गोरखापत्र २०३३-१-१९, ऐ २०३५-१०-२७ मा प्रकाशित गरिसकेको छु । यस विषयको टिप्पणी सर्वप्रथम मेरै थियो ।

उपरोक्त मेरा लेखहरूमा व्याख्या भएअनुसार उपरोक्त 'निष्कर्ष' मा निम्नलिखित कुराहरू गलत छन्:-

(१) अंशुवर्मा राजा भएको समय शक सं. ५०४ देखि ५१९ भन्ने ।

(२) स्रङ चङ गम्पोको समय शक सं. ५०२-५६० भन्ने ।
(३) अंशुवर्मा र हर्षवर्धन समकालीन हुन सक्तैनन् भन्ने ।
(४) नरेन्द्रदेवको समय वि. सं. ६७६ देखि ७१२ सम्म भन्ने ।
(५) त्यस बखत प्रचलित पुरानो संवत्लाइ शक संवत्भन्दा २२ वर्ष पुरानो भन्ने ।
(६) अंशुवर्मा संवत् ३०१ को अभिलेखसँग संम्बन्धित मानदेवको राज्यकाल वि. सं. ९११ मा पर्दछ भन्ने ।
(७) भृकुटीको जन्म ई. सन् ५७३ मा भएको भन्ने ।
(८) ई. सन् ५९३ मा स्रङ चङ गम्पोले भृकुटी विवाह गरेको भन्ने । ई. सन् ६४१ मा उनको उमेर ७२ वर्ष पुगेको ठहर्न आउँछ भन्ने ।
(९) स्रङ चङ गम्पोले विवाह गरेकी चीनी राजकुमारी 'सुइ वंश'-को हुनुपर्छ भन्ने ।

टिप्पणी

माणिकलाल श्रेष्ठ

लिच्छविकालका अभिलेखमा प्रयोग गरिएका सम्बतहरूबारेको हाल प्रचलित धारणा तथा मान्यतामा केही आधारयुक्त सन्देह शंकरमानज्यूको अग्रलेखले प्रस्तुत गरेको छ, तर प्रचलित मान्यताको विरुद्ध उहाँले जुन नयाँ "सिद्धान्त" प्रस्तुत गर्नुभयो, त्यो सिर्फ केही तर्क सहितको अनुमान मात्र भन्न मिल्दछ, स्वीकारयोग्य प्रमाण सहित नयाँ धारणा स्थापना गर्न सक्नुभएको छैन । प्रचलित मान्यतामा उहाँले जसरी सन्देह उठाउनुभयो, वहाँको हाइपोथेसिसमा कन् धेरियो सन्देह गर्ने ठाउँ छ । यस सम्बन्धमा मेरो दुइवटा प्रश्न छ ।

१) उहाँले आफ्नो अग्रलेखमा लिच्छविकालको दोस्रो सम्बतलाई अंशुवर्माले चलाएको अंशुवर्मासम्वत् भन्नुभयो । यो सम्बत् अंशुवर्माले नै चलाएको सम्बत भए, नयाँ सम्बत १ देखि शुरू नभई २९ देखि कसरी शुरू हुन गयो ? पुरानो सम्बतको

प्रयोगलाई छोडेर बरू प्रचलनमा आइसकेको अङ्क सम्वत्‌लाई मात्र प्रयोग गरिएको होइन र ?

२) दोश्रो कुरा, अंशुवर्माले लिच्छवि सम्बत्‌लाई हटाएर आफ्नो सम्बत चलाएको हो भने पछिका लिच्छवि राजाहरूले लिच्छवि सम्बतलाई फेरि पुनर्स्थापना वा पुनः प्रयोग किन गरेनन् होला ?

※

टिप्पणी

ज्ञानमणि नेपाल

शय वर्ष जति पहिले नेपालमा आएर पं. भगवान्‌लाल इन्द्रजीले केही शिला-
लेख लगी प्रकाशित गरेका थिए। तिनमा लिच्छवि अभिलेखमा २ थरी संवत्‌को
व्यवहार भएको पाइयो। परन्तु दुवै थरी संवत्‌मा नाम नभएको हुनाले यी संवत्
के हुन्, कहिलेदेखि चलेका हुन् भन्ने विषयमा विवाद चल्न सुरु भयो। यसमा पहिले
अभिलेख प्रकाश गर्ने भगवान्‌लालले मानदेवका शिलालेखदेखि पाइएको पहिलो
संवत्‌लाई विक्रमसंवत् अंशुवर्माका शिलालेखदेखि पाइएको दोस्रो संवत्‌लाई उत्तर
भारतका राजा हर्षवर्द्धनले वि. सं. ६६३ देखि चलाएको हर्षसंवत् हो भन्ने सिद्ध
गरे। यसपछि नेपालको इतिहासमा हात हाल्ने विभिन्न विद्वानहरूले विभिन्न मत-
फ्रान्सका सबैलाई संवत्‌का सम्बन्धमा आफ्ना आफ्ना मत निकाल्न लागे। यिनमा फ्रान्सका
विद्वान् सिल्भान् लेवीले पहिलो संवत्‌लाई लिच्छविले नेपालमा राज्य चलाएदेखि
वि. सं. १६८ देखि चलेको लिच्छविसंवत् हो भन्ने र दोस्रो चाहिं भोटमा वि. सं.
६५२ देखि चलेको भोटसंवत् हो र अंशुवर्माले सोही ग्रहण गरेका हुन् भन्ने सिद्ध
गरे। यसमा उनले अभिलेखमा आएका अधिमासको गणना गराएर पनि आफ्नो
मत पुष्ट पार्ने प्रयास गरे। तर पनि विभिन्न विद्वानहरूले स्थापना गरेका यी मत-
मतान्तर यथार्थ प्रमाणका अभावमा मिल्दा-जुल्दा भएका थिएनन्।

यस्तैमा नेपालमा सुमतितन्त्र नामक ज्योतिषको पुस्तक पाइयो। यस पुस्तक-
मा नेपालमा चलेका संवत्‌हरुको सूची दिइएको छ। युधिष्ठिरसंवत् वा कलिगत

संवत्देखि लिएर नेपालसंवत् सुरु हुनुभन्दा अघाडिका नेपालमा चलेका भनेर जम्मा छ वटा संवत्हरूको उल्लेख त्यसमा गरिएको छ । शूद्रकसंवत् २४७ देखि शकसंवत् चल्छ। शकसंवत् ४९८ देखि मानदेवसंवत् चल्छ। मानदेवसंवत् चाहिं ३०४ वर्ष चल्दछ, भनेर त्यसमा लेखिएको छ। शकसंवत् ४९८+३०४=८०२ देखि नेपाल-संवत् सुरु हुने हुंदा सुमतितन्त्रमा लेखिएको संवत्सम्बन्धी वाक्य नेपालमा चलेका संवत् निर्णय गर्न ज्यादै उपयोगी भएको छ ।

यही प्रमाणका आधारमा नेपाली विद्वान् बाबुराम आचार्य, नयराज पन्तहरूले पहिलो संवत्ला ईशकसंवत् र दोस्रो संवत्लाई शकसंवत् ४९८+१३५=६३३ देखि चलेको मानदेवसंवत् भनी लेख्नुभएको हो । अरु संवत्सम्बन्धी मतमा ऐतिहासिक घटना कालक्रम पनि नमिलेका यो सुमतितन्त्रका आधारमा स्थापित संवत्सम्बन्धी मतमा ऐतिहासिक घटना कालक्रम पनि यथावत् मिलेको कुरा देखाई सो सुमतितन्त्रको वाक्य र त्यसमा दिइएका संवत्हरूको विवरण पनि मैले नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश भन्ने पुस्तकमा प्रकाश गरेको छु ।

उपर्युक्त सुमतितन्त्रको संवत्सम्बन्धी वाक्य पाउँदा पाउँदै पनि केही विदेशी विद्वान्हरूले यसको समुचित अर्थ नगरी अन्यथा अर्थ निकालेर सवत्को विवादलाई झन् बढाइराखेका थिए । एकजना भारतीय विद्वान् दीनेशचन्द्र सरकारले भने लिपिका आधारमा मानदेवदेखि व्यवहृत भइआएको संवत्लाई शकसंवत् हो भन्ने निधो लाएका थिए।

सामान्यतः सुमतितन्त्रले संवत्का बारेमा राम्रो प्रमाण उपस्थित गरिदिइ-सकेको हो। यसैलाई आधार मानी पहिलोलाई शकसंवत् र दोस्रोलाई वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् मान्दा इतिहासका घटना फटाफट मिल्दै आएका हुंदा अब यसमा शङ्का उठाएर विवाद चर्काइरहनु आवश्यक छैन । केवल गणितद्वारा यसमा धोइफोइगर्नु चाहिं आवश्यकै थियो । त्यो चाहिं भएको पनि थिएन ।

यस्तै अवस्थामा चाँगुनारायण मन्दिरभित्र संवत् ३० को अंशुवर्माको सुवर्ण-पत्राभिलेख पाइयो । त्यसमा वारको समेत उल्लेख परेको हुनाले अब गणितद्वारा संवत् सम्बन्धी धोइफोइगर्न बाटो खुल्यो । यसै आधारबाट शङ्करमान राजवंशीले गणितद्वारा सो संवत्का तिथि वार नक्षत्र मिलाउने कोशिश गर्दा दुर्भाग्यवश उहाँका गणितले भेट खाएन छ र पहिलो संवत्मा २२ वर्ष घटाएर तथा दोस्रो संवत्मा २४ वर्ष घटाएर हिसाव गर्दा केही अंशमा गणित मिलेको जस्तो उहाँलाई भान पर्दा पहिलोलाई लेवीकै उपपत्ति लिएर वि. सं. ११३ देखि चलेको लिच्छवि-

संवत् र दोस्रोलाई अंशुवर्माका अभिलेखमा देखिएको हुँदा वि. सं. ६०९ देखि उठेको अंशुवर्मासंवत् भनी यसैको निष्कर्ष लिच्छविसंवत्को निष्कर्ष भन्ने पुस्तिका लेख्नुभयो । सोही आधारमा यो पत्र यहाँ प्रस्तुत गरिएको हो । यो अत्यन्त विचारणीय प्रश्न छ ।

यसमा पहिलो कुरा लिच्छविसंवत् भन्ने यही शताब्दीमा लेवीले कल्पना गरेको नाम हो। यस वाहेक लिच्छविसंवत्को उल्लेख नेपाल भारत भोट चीन कतै पाइएको होइन । कुनै प्राचीन अर्वाचीन साहित्य इतिहास ज्योतिषका कितापमा पनि यो नाम पाइएको होइन । यस अवस्थामा लिच्छविसंवत् सही हो भनेर कसरी पुकार्ने ?

दोस्रो मानदेवको चाँगुनारायणको स्तम्भाभिलेखमा रहेको 'संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि' भन्ने वाक्यमा परेको 'चन्द्रमसि' को अर्थ सोमवारमा भन्ने निकालेर शङ्करमान राजवंशीले व्याकरण साहित्य धर्मशास्त्रको ज्योतिषको पनि विपरीत अर्थ गर्नु भएको छ । विपरीत गणितद्वारा त्यस दिन सोमवार आयो भनेर सो वाक्यको त्यस्तो अर्थ हुनै सक्तैन। यसको उपपत्तिसहित पूर्णिमा ३९ पूर्णाङ्कमा खण्डन भइसकेको पनि छ ।

तेस्रो संवत् ३१ को अंशुवर्माको भक्तपुर इनायटोलको अभिलेखमा पौषमा अधिमास परेको छ । यो अधिमास गणितद्वारा मिलेन भनेर यो सालमा अधिमास परेकै अशुद्ध हो भन्ने कुरा लिच्छविसंवत्को निष्कर्षमा लेखिएको छ । परन्तु सोही सालको भट्टुवालको अंशुवर्माको शिलालेखमा पनि पौषमा अधिमास परेकै देखिन्छ । केतकरको अधिमाससारणीमा पनि यो साल अधिमास परेको देखिनाले लिच्छविसंवत्को निष्कर्षको गणितले सही बाटो पैलाएको रहेन छ भन्ने कुरा स्पष्ट छ ।

चौथो संवत् ३०१ को सहोत्तरतन्त्र (स्वश्रुत) को अन्तिम तिथिमिति दिएको श्लोकमा सिद्धयोगको उल्लेख आएको छ । शङ्करमान राजवंशीको गणितद्वारा सो दिन सिद्धयोग आउँदैन । यसबाट पनि सो गणित शुद्ध देखिदैन ।

पाचौं शकसंवत् चैत्रादि छ, मानदेवका अभिलेखदेखि व्यवहृत संवत् कार्तिकादि भएबाट यो शकसंवत् हुन सक्तैन भन्ने सबभन्दा बलियो तर्क पेश गरिएको छ । यो तर्क धेरै लेखमा प्रमाणका निम्ति उपस्थित गरेको पाइयो । परन्तु यो प्रमाण बलियो नभएर झन् फितलो देखिन्छ ।

अहिले शकसंवत्को आरम्भ चैत्रमा हुन्छ । शकसंवत् चैत्रादि छ भन्ने कुरा

पात्रो पल्टाउनेवित्तिकै जानिने कुरा हो । तर विक्रमको छैटौं शताब्दीका प्रसिद्ध ज्योतिषका विद्वान वराहमिहिरले शकसंवत् माघादि पनि छ भनेर लेखेकाले शक-संवत् चैत्रादि मात्र भएर चल्छ कार्तिकादि भएर चल्न नसक्ने भन्नेकुरा पनि कुनै उपपत्तियुक्त तर्क होइन । आजकाल प्रत्यक्ष विक्रम संवत् वैशाखादि छ, अर्थात् विक्रम संवत् वैशाख १ देखि आरम्भ हुन्छ । सोही संवत् दक्षिण भारततिर हाम्रो नेपाल संवत् सरह कार्तिकादि भएर अर्थात् गोरु तिहार (कार्तिक शुक्ल प्रतिपदा) देखि आरम्भ भएर चल्दछ । भारतीय पञ्चाङ्ग हेर्दा यो प्रत्यक्ष देखिदै छ । यसकारण आजकाल विक्रम संवत् दुइतिर दुइ रुपले चलेजस्तै त्यसबेला नेपालमा शकसंवत् वसन्तको सट्टा शरद् ऋतुमा आरम्भ हुदोरहेछ । यसो भन्न कुनै आपत्ति छैन ।

यी उपर्युक्त कारणले लिच्छविसंवत्को निष्कर्षको गणित तानतुन गरेर मिलाएको रहेछ भन्न कर लागेको छ । पहिलो संवत्लाई शकसंवत् र दोस्रोलाई वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् मानेरै गणित गर्दा विप्रतिपत्ति नउठी तिथिमितिका गणित ट्वाक्क ट्वाक्क मिलेको कुरा पूर्णिमामा स्पष्ट देखिएकै छ । अब यसमा कुनै नयाँ मत स्थापना गर्नु, त्यसको अनुसरण गरिरहनु सर्वथा समुचित देखिदैन । यसमा धेरै खण्डन-मण्डन पनि भइसकेको छ ।

यस सम्बन्धमा छिमेकी राष्ट्रको इतिहासतिर पनि दृष्टि दिनु आवश्यक हुन आउँछ । यो लिच्छविसंवत्को निष्कर्ष भान्दा नेपालको इतिहासको गाँठोमात्र अल्झिने होइन, भारत चीन भोटको इतिहासका घटनामा पनि डोठचाङ्ग पर्न जाने हुन्छ । नेपालमा अंशुवर्माको शासन चलेको वेला उत्तर भारतमा हर्षवर्द्धनको शासन चलेको थियो भन्ने कुरा सबै इतिहासकारले मानिआएको कुरा हो परन्तु निष्कर्षको संवत्पद्धतिले यो कुरा मिल्न आउँदैन । भारतमा हर्षवर्द्धनको शासन वि. सं ६६३ देखि सुरु हुन्छ अंशुवर्मा वि. सं. ६५४ अघि नै परलोक भइसकेका हुन्छन् । उता भोटका राजा स्रङ चन गम्पोका विषयमा पनि यस्तै नमिल्ने कुरा देखाई भुवनलाल प्रधानले लेख प्रकाश गर्नुभएको छ ।

यहाँनेर अर्को मुख्य कुरा पनि विचारणीय छ । चीनका महान् यात्री ह्यु वान चाङ्ग आफ्नो देशवाट आएर भारतवर्षका सबै प्रसिद्ध बौद्ध तीर्थको भ्रमण गरी गएका थिए । उनको सो यात्राकाल वि. सं. ६८६ देखि ७०० सम्मको हो । यस यात्रा-कालमा उनी नेपालतराईको बुद्ध जन्मस्थल लुम्बिनी पनि आएका थिए । उनले आफ्नो यात्रावर्णनमा नेपालको पनि अलिकता वर्णन समावेश गरेका छन् । त्यसमा उनले नेपालमा अंशुवर्मा भन्ने राजा भरखर भएका थिए । भनी लेखेका छन् । अब यो मत मान्ने हो भने अंशुवर्मा भरखर भएका नभएर निकै अघि उछिट्टिएर

जान्छन् । ह्यु वान चाङ्गको यात्राकालमा ता नेपालमा लिच्छवि राजा नरेन्द्रदेवको एकच्छत्र शासन चलिरहेको हुन्छ । वि. सं. ६७६ भन्दा अघि देखिनै नरेन्द्रदेव सिंहासनमा बसिसकेका हुन्छन् ।

नरेन्द्रदेव बाबुसँगै नेपालबाट धपिएर भोटमा शरण लिन पुगेका थिए । पछि भोटको सहायताबाट नेपालमा आई आफ्नो पैतृक अधिकार प्राप्त गर्न समर्थ भएका थिए । उनले गुप्तहरूलाई हटाएर कैलासकूट भवनको गद्दमै बसी शासन चलाएका थिए । यस अवस्थामा चीनियाँ यात्री ह्यु वान चाङ्गले अंशुवर्माको चाँहि उल्लेख गर्नु फन तिब्बतको सहायता लिई तिब्बतबाटै आएर विजयी बनेका शक्तिशाली राजा नरेन्द्रदेवको चाँहि नामोल्लेख नगर्नु मिल्ने कुरा होइन ।

अर्कोकुरा ह्यु वान चाङ्ग पश्चिमोत्तरबाट भारत पसेका थिए । कश्मीरमा २ बर्ष जति बसी उत्तर भारत हर्षको राज्यमा चाँहि उनले धेरै वर्ष बिताएका थिए । उनी वङ्गाल उडिसा हुंदै फेरि पश्चिम भारत गएर अन्तिम समयमा हर्षकै राज्यमा आएका थिए । उत्तर भारतमा र नेपालको तराईमा रहेको प्रसिद्ध बौद्ध तीर्थको उनले राम्रोसंग भ्रमण गरेका थिए । लुम्बिनी कुशीनारा वैशाली सारनाथ गया आदि बौद्ध तीर्थ गर्ने ह्यु वान चाङ्गले नेपाल दूनमा नगएपनि त्यहाँको राजनीति अर्थनीति धर्मसम्बन्धी कुरा समाजको स्थिति पनि बुझेका थिए, तिनमा आफ्नो विचार पनि प्रकट गरेका छन् । नेपालमा उनैको वर्णनबाट त्यसवेला २००० बौद्धभिक्षु अनेकौ विहार भएको बुझिन्छ । वि. सं. ७०० मा स्वदेश फर्कदा उनी तात्कालिक राजा हर्षवर्द्धनसंग विदा भएर गएका थिए ।

वि. सं. ७०० मै चीनी राजदूत वाङ्ग युन्चेको नेतृत्वमा एक दूत- मण्डल भारत आएको थियो । यो दूतमण्डलले नेपालकै बाटोबाट ओहोर–दोहोर गरेको थियो । वाङ्ग युन्चेले नेपालका राजा नरेन्द्रदेवको राम्रो वर्णन गरेका छन् । उनले नरेन्द्रदेवले बुद्धको मूर्ति अङ्कित भएको कम्मरपेटी बाँधेको देखेका थिए । त्यसपछि पनि यिनले यही बाटोबाट आवतजावत गरेका थिए ।

वि. सं. ७०३ मा हर्षको निधन भयो । चीनबाट आएको प्रतिनिधिमण्डलको हर्षका सामन्त अरूणाश्वले धेरै अपमान गरे । यो अपमानको बदला लिन चीनको आग्रहमा नरेन्द्रदेवले सात हजार अश्वारोहीसैनिकको सहायता दिएका थिए ।

यस्तो अवस्थामा यदि वि. सं. ६७६ भन्दा अघिनै नरेन्द्रदेव नेपालको सिंहासनमा बसिसकेका भए चीनी यात्री ह्यु वान चाङ्गले उनको उल्लेख नगर्नु सर्वथा मिल्दो–जुल्दो कुरा होइन । धेरैवर्ष पहिले मरेका अंशुवर्माको ताडिफ गर्ने ह्यु वान चाङ्गले यसरी तिब्बत चीनसंग घनिष्ठ सम्बन्ध जोडिएका अर्थात् तिब्बत-

को मद्दतले पैतृक राज्य पाएका चीनको सहायता गर्न सक्ने समर्थवान् मित्र बनेका तात्कालिक प्रसिद्ध राजा नरेन्द्रदेवको ताडिफ गर्न कदापि चुक्ने थिएनन् । परन्तु ह्यु वान चाङ्ग भारतबाट विदा हुँदाहुँदि नरेन्द्रदेवको उदय भइसकेको थिएन ।

फेरि अर्को कुरा वि. सं. ६७६ मै तिब्बतबाट नरेन्द्रदेवको आगमन उनलाई सहायता गर्ने दलको प्रवेश पनि भएको भए तथा पहिलेनै वाङ्गयुन्चे यही बाटोबाट आएका भए ह्यु वान चाङ्गमात्रै किन पश्चिम एसियाको त्यत्रो घुमाउरो बाटोबाट सफर गर्दथे । आउँदा देश दर्शनको अभिप्रायले त्यो बाटो हिंडेका भएपनि फर्कंदा नेपालबाट तिब्बत ल्हासा हुंदै सोझो बाटोबाट जानु पर्ने थियो । नेपाल पनि बौद्ध भिक्षुको अखाडा थियो । गौतमबुद्धको जन्मस्थल नेपाल तराई लुम्बिनी हुंदै काठमाडौंबाट पेचीन पुग्न करीव साढे बाह्रसय कोश पर्दथ्यो । (योगी नरहरिनाथद्वारा प्रकाशित गोरखालीहरूको सैनिक इतिहासमा काठमाडौंदेखि प्रसिद्ध शहरहरु कति कति कोश फरकमा छन् भन्ने कुरा टिपिएको छ । त्यसमा पेचीनबाट काठमाडौं १२५२ कोश र १७२ बास लेखिएको छ । मैले प्राप्त गरेको एउटा टिपोटमा काठमाडौंबाट पेचिन १२४३ कोश लेखिएको छ । चीन जाने नेपाली प्रतिनिधि-मण्डलले लेखेर ल्याएको पत्रमा भने १२६५ कोश १७५ बास लेखिएको छ । यहाँनेर यो कुरा स्मरणीय छ कि कुतीको बाटो ल्हासा शहर पुग्न २१२ कोश र केरुङ्गको बाटोबाट २२८ लेखेको पत्र पाइन्छ । बाटोको फरकले पनि केही कोशको घटबढ पर्छ) भने काबुल तासकन्द समरकन्द हुंदै चीन आउन कति बढी हिंड्नुपर्दथ्यो सो सोझै अनुमान गर्न सकिन्छ । कल्पना जसो गरेपनि व्यबहारमा स्वाभाविक कुरा नै हुन्छन् ।

सामान्यतः तिब्बतबाट नेपाल पस्ने गोरेटा पहिलेदेखिनै थिए तापनि तिवतमा स्रङ्ग चङ्ग गम्पोको उदयभएपछि तिब्बतको नेपालसंग उता चीनसँग पनि राजनीति र धार्मिक आर्थिक सामाजिक स्थितिमा राम्रै सम्बन्ध सूत्र जोरियो । आदानप्रदान आवतजावत पनि बढ्दै आयो । नरेन्द्रदेवको उदयपछि चीनसँग पनि नेपालको सम्बन्ध पुग्यो । राजदूतको आवतजावत भयो । नरेन्द्रदेवले राजदूतको अपमान गर्ने अरुणाश्वलाई दमन गर्न चीनको सहायता गरे, इतिहासमा नयाँ अध्याय सुरु भयो । यो सब कुरा वि. सं. ७०० पछि अर्थात् यता नरेन्द्रदेवको उदय उता ह्यु वान चाङ्गको विवाह भएपछि भएका हुनाले चीनो यात्रीको नरेन्द्रदेवसंग चिनाजानी हुने प्रसङ्ग आउदैन । वि. सं. ७०० देखि उता नरेन्द्रदेवको समय कुनै हालतमा लान पनि मिल्दैन । लाँदा ऐतिहासिक घटनाक्रम पनि मिल्दैन । यसैले यो नयाँ संवत्सम्बन्धी निष्कर्ष सही देखिदैन ।

अन्तमा एउटा सानो टिप्पणी एक संस्मरणको रुपमा पेश गर्न उचित

छान्वछु । इतिहासमा सानो त्रुटिले पनि घटनाक्रम कसरी उल्टोपाल्टो परेर चिन्ताको विषय बन्न आउँछ । लिच्छविअभिलेखलाई पहिले प्रकाशमा ल्याउने पं. भगवान्लाल इन्द्रजीले पशुपतिको जयदेवको प्रशस्तिमा परेको संवत्को प्रथम स्थानी अङ्क 'त्र' को मान ३ हो भन्ने पढेका थिए । पछि अरु शिलालेख प्रकाशमा आउँदै गए । तिनमा यो अक्षराङ्क पनि आउन लाग्यो । परन्तु भगवान्लालले जस्तै 'तृ' को मान ३ पढ्दा घटनाक्रममा गडवड पर्ने भयो । जस्तो-अंशुवर्मापछि जिष्णुगुप्त कैलासकूटको गद्दीमा बसे । उनीपछि उनकै छोरा जिष्णुगुप्त गद्दीमा बसे । विष्णुगुप्तका संवत् ६५ सम्मका अभिलेख पाइए । कैलासकूट भवनका अधिपति गुप्तलाई निकालेर लिच्छविराजा नरेन्द्रदेवले राज्यधिकार लिएका थिए । उनको पहिलो शिलालेखमा प्रथम स्थानी अङ्क 'तृ' र दशस्थानी अङ्क ६ देखियो । अब यसलाई ६३ पढ्ने हो भने विष्णुगुप्तभन्दा पहिले नरेन्द्रदेव पर्ने भए, यो सर्वथा असंभव थियो र ६३ पढ्न नमिल्ने भो । यसबाट 'तृ' को मान ३ होइन रहेछ भन्ने कुरा उठ्यो । यसै प्रसङ्गमा बाबुराम आचार्यले 'संस्कृत सन्देश' मा 'तृ इत्यस्य मान ३ उत ९' भन्ने लेख लेखी 'तृ' को मान ९ हो भन्ने सिद्ध गरे । यसै अनुसार तृ को मान ९ पढी नरेन्द्रदेवको पाटनदरवारको शिलालेख संवत् ६९ को भनी संस्कृतसन्देशमा बाबुराम आचार्य र नयराज पन्तद्वारा छापियो पनि । पछिबाट हामिले लिच्छविकालका अभिलेखमा पाइएका अक्षराङ्कको छ्यानब्यान गर्दा 'तृ' को मान ९ नभएर ७ हो भन्ने कुरा पढ्यौं । यो देख्ने बित्तिकै बाबुराम आचार्यलाई राम्रो घत लागिहाले । उनले तत्काल बाहिर प्रकटसंग यो कुरा स्वीकार नगरे पनि यिनले यो अङ्क ठीक पत्ता लाए, भन्ने कुराको महसुस चाहि गरिहाले । किनकि ९ पढ्दा नरेन्द्रदेव ६९ + ६३३ = वि. सं. ७०२ मा मात्र राजा भएका देखिने । यता वि. सं. ७०० मै नेपाल आएका चीनी राजदूत वाङ्गयुन्चेले नरेन्द्रदेवसंग भेट गरेको वर्णन पाइने हुंदा यो कुराको डोठ्याङ्ग परिरहेको थियो । यसबाट आचार्यको मन पाकिराखेको रहेछ 'तृ' को मान ७ पढ्नेबित्तिकै यो शङ्का समाधान हुनआयो । इतिहासको घटनाक्रममा कुनै अडवड पनि परेन ।

यति सानो त्रुटिबाट त इतिहासका घटनाक्रममा यस्तो अडचन उपस्थित हुन आउंछ भने संवतलाई काल्पनिक रुपमा ढालेर २२।२४ वर्षको फरक पारेर चलाउन खोज्दा इतिहासका घटना उल्टोपाल्टो पर्न जानु कुनै अस्वाभाविक होइन ।

[८]

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्‌को विषयमा के. जी. शङ्करको मतको परीक्षा

के. जी. शङ्करको मतको सारांश

नेपालको इतिहास राइटले प्रकाश गराएका हुन्। तर उनले प्रकाश गराएको इतिहास नेपाली भाषामा लेखिएको वंशावलीको अंग्रेजी अनुवाद मात्र हो। सो वंशावलीमा पत्याइनसक्नु कुरा लेखिएका छन्। जस्तैः– कलिगतसंवत् ३००० मा अंशुवर्मा भए भनी त्यस वंशावलीमा लेखिएको छ। विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ३०४४ वर्षअगाडि कलिगतसंवत्‌को प्रारम्भ हुन्छ। यस कारण त्यस वंशावलीबाट विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ४४ वर्षअगाडि अंशुवर्मा भएका देखिन्छन्। तर विक्रमसंवत् ६९४ मा उत्तरभारतमा भ्रमण गरिरहेका चीनियाँ यात्री युवान च्वाङ्गले "म नेपाल गएँ। म नेपाल जानुभन्दा केहीअगाडि अंशुवर्मा-नामका विद्वान् तथा चतुरा राजा त्यहाँ भएका रहेछन् भनी लेखेका छन्। यताबाट विक्रमको सातौँ शताब्दीमा अंशुवर्मा भएका रहेछन् भन्ने देखिन्छ। वंशावलीअनुसार विक्रमपूर्व ४४ वर्षमा पर्न आएका अंशुवर्मा युवान–च्वाङ्गको वर्णनअनुसार विक्रमको सातौँ शताब्दीमा पर्न आउँछन्।

पण्डित भगवानलालले नेपालका लिच्छविकालका पन्ध्रवटा शिलालेख छपाए। त्यहाँ अंशुवर्माका संवत् ३४, ३९ तथा ४०+य संवत्‌का शिलालेख पनि प्रकाशित भएका छन्। यताबाट यो संवत् कुन हो भन्ने कुराको प्रश्न उठ्न आयो। भगवानलालले यो संवत् हर्षसंवत् हो भनी आफ्नो मत प्रकट गरे। हर्षसंवत् वि. सं. ६६३ देखि उठेको हुँदा तथा (६६३+४०=७०३ हुने हुनाले) कमसेकम पनि वि. सं. ७०३ सम्म अंशुवर्मा जीवित देखिन आए। वि. सं. ७०२ मा आफ्नो यात्रा समाप्त गरी चीन फर्किसकेका युवान–च्वाङ्गले वि. सं. ६९४

तिरको आफ्नो उत्तर भारतको यात्राको वर्णनको प्रसङ्गमा अंशुवर्मालाई भूतपूर्व राजाको रूपमा वर्णन गरेकाले भगवानलालको सिद्धान्तलाई प्रामाणिक मान्न गाह्रो पर्दछ। हुनत आफू नेपाल नगई नेपालको विषयमा आफूले सुनेका कुरा युवान-च्वाङ्गले लेखेको हुनुपर्छ भनी भगवानलालले भनेका छन्। तर भगवानलालको यो कुरो प्रमाणबाट सिद्ध हुँदैन। यस कारण अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् हर्षसंवत् हो भनी मान्न सकिंदैन।

सिल्भाँ लेभीले नेपालको इतिहासको विषयमा राम्रो काम गरेका छन्। वि. सं. ७०३ मा नेपालका राजा नरेन्द्रदेवकहाँ चीनका राजदूत आए तथा वि. सं. ७०८ मा नरेन्द्रदेवले चीनमा आफ्ना राजदूत पठाए भनी चीनको इतिहासमा लेखिएको कुरा लेभीले खोजी प्रकाश गरे। यताबाट नेपालमा हर्षसंवत् चलेको थियो भन्ने कुराको फन् खण्डन हुन गयो र नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को निर्णय गर्न लेभीले एउटा नयाँ बाटो निकाले। पाटन सुनधाराको अभिलेखमा संवत् ३४ प्रथमपौष भनी लेखिएको छ। यसलाई आधार मानी अंशुवर्माले व्यवहार गरेको संवत्को निर्णय गर्ने काम लेभीले गरे। वि. सं. ६८६ मा मध्यममानबाट पौषमा अधिकमास परेको थियो भन्ने कुरा लेभीले थाहा पाए र (६८६—३४=६५२ हुने हुनाले) वि. सं. ६५२ देखि उठेको संवत् नै अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेका हुन् भन्ने निर्णय लेभीले गरे। किसिपिँडीको अभिलेखमा संवत् ४४९ प्रथमाषाढ भनी लेखिएको छ। यताबाट संवत् ४४९ मा आषाढमा अधिकमास परेको देखियो। वि. सं. ६१६ मा आषाढमा अधिकमास परेको हुनाले र (६१६—४४९=१६७ हुने हुनाले) वि. सं. १६७ देखि पहिलो संवत् चलेको रहेछ भन्ने सिद्धान्त लेभीले निकाले। यसरी लेभीको सिद्धान्तअनुसार लिच्छवि राजाहरूले व्यवहार गरेको पहिलो संवत् वि. सं. १६७ देखि र दोस्रो संवत् वि. सं. ६५२ देखि उठेको हो भन्ने देखिन आउँछ।

तर लेभीको सिद्धान्त स्वीकार गर्न हामीलाई अप्ठ्यारो पर्दछ, किनभने अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६५२ देखि चलेको हो भनी मान्दा कमसेकम वि. सं. ६९२ सम्म अंशुवर्मा जीवित हुन्छन्। वि. सं. ७०३ मा नरेन्द्रदेव राजा देखिएकाले वि. सं. ६९२ देखि ७०३ सम्मका यी ११ वर्षभित्र ध्रुवदेव र जिष्णुगुप्तको तथा द्वितीय मानदेव र जिष्णुगुप्तको संयुक्त शासनकाल थुप्रिन आउँछन्। विष्णुगुप्त, उदयदेव तथा स्कन्ददेवको युवराजको रूपमा परिचय पाइएको छ। यिनीहरूका शासनकाल पनि यही ११ वर्षको अवधिभित्र थुप्रिन आउनु पनि सम्भव छ। अर्कातिर वि. सं. ७०३ देखि

(६५२+११९=७७१ हुने हुनाले) ७७१ सम्म नरेन्द्रदेवको राज्यकाल पर्न आउँछ र उनको राज्यकाल लम्बिएर ७० वर्ष जतिको हुन आउँछ। यस कारण लेभीको विचार इतिहासको घटनाक्रमको विचारबाट राम्रो मिल्ने देखिँदैन।

नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को वास्तव उठानवर्ष पत्ता लगाउने कामतिर अब हामी लागौं। अधिकमासलाई हेतु मानी वि. सं. ६५२ देखि उठेको संवत् नै अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् हो भनी लेभीले निर्णय गरेका छन्। तर अधिकमासअनुसार यो संवत् वि. सं. ५९५ देखि उठेको पनि हुन सक्छ। वि. सं. ५९५ देखि यो संवत् उठेको हो भनी मान्दा अंशुवर्मा र नरेन्द्रदेवको राज्यकालको बीचमा ५० वर्ष जति पर्न आउँछ। किनभने अंशुवर्माको आसन्न अवसानकाल वि. सं. ६३७ र नरेन्द्रदेवको आसन्न उदयकाल वि. सं. ६८७ हुन आउँछ तथा नरेन्द्रदेवको राज्यकाल आसन्नरूपले वि. सं. ६८७ देखि ७१२ सम्म पर्न आउँछ।

अब वि. सं. ५९५ देखि उठेको संवत्को संस्थापक को थिए भन्ने विषयतिर हामी लागौं। झट्ट हेर्दा यो संवत् अंशुवर्माले नै चलाएको जस्तो देखिन्छ। तर अंशुवर्मा सिंहासनाधिपति राजा नभई महासामन्त मात्र थिए। यस कारण उनले यो संवत् चलाएका हुन् भन्न मिल्दैन। अंशुवर्माका सँगसँगै रहेका सिंहासनाधिपति प्रथम शिवदेवले यो संवत् चलाएका हुन् भनौं भने उनी आफैं यो संवत्को व्यवहार गर्दैनन्। यस कारण प्रथम शिवदेवले यो संवत् चलाएका हुन् भन्न पनि मिलेन। यस्तो अप्ठ्यारो परेकोमा यो संवत् चलाउने व्यक्ति खोज्न हामीले अलि बढ्ता विचार गर्नुपरेको छ। अंशुवर्माले राज्याधिकार पाउनुभन्दा केहीअगाडि नेपालमा विक्रमादित्य आएर आफ्नो संवत् चलाए भनी वंशावलीमा लेखिएको छ। हुनत यो कुरो शिलालेखमा लेखिएको छैन, तैपनि यसबाट केही सूचना हामीले पाउन सक्छौं। यताबाट अंशुवर्माले शासनाधिकार पाउनुभन्दा अगाडि भारतका कुनै विजयी राजा नेपालमा गएका रहेछन् र उनले त्यहाँ आफ्नो संवत् चलाएका रहेछन् भन्ने कुराको सङ्केत पाइन्छ।

यशोधर्माको वि. सं. ५८९ को अभिलेख पाइन्छ। उनको अभिलेखमा उनले ब्रह्मपुत्र, महेन्द्र पर्वत, हिमालय तथा पश्चिम सागरसम्मका देश विजय गरे तथा विश्वविजयी गुप्त सम्राट्हरूले र हूणहरूले पनि जित्न नसकेका मरुभूमि, पर्वत, झाडी, खोला भएका देशहरू जिते भनी लेखिएको छ। हुन त त्यहाँ नेपालको नाम लिइएको छैन, तैपनि यशोधर्माको शिलालेख र नेपालको वंशावलीको वर्णन मिलाउँदा यशोधर्माले नेपाल विजय गरेका थिए भन्ने देखिन आउँछ। यस कारण

यशोधर्माका राजप्रतिनिधि अंशुवर्मा थिए र उनले आफ्ना मालिक यशोधर्माले चलाएको संवत् नै चलाएका हुन् भन्ने यताबाट देखिन्छ। अंशुवर्मा महासामन्त भएकाले यस कुरामा शङ्का गर्ने ठाउँ कमै छ। यशोधर्माको मृत्यु भएपछि अंशुवर्मा महासामन्त भन्ने पद छोडेर आफ्नै नामले शासन गर्न लागे भन्ने कुरो पनि सम्झनुपर्छ।

अब हामी पहिलो संवत्को प्रारम्भवर्षको निर्णयतिर लागौं। संवत् ४४९ मा प्रथमाषाढ लेखिएको र वि. सं. ६१६ मा आषाढमा अधिकमास परेको देखिएकोले तथा ६१६—४४९ = १६७ हुने हुनाले वि. सं. १६७ देखि उठेको संवत् नै पहिलो संवत् हो भनी लेभीले मानेका छन्। तर अधिकमासअनुसार यो संवत् वि. सं ९१ देखि पनि उठेको हो भनी मान्न सकिन्छ। यो संवत् वि. सं. ९१ देखि उठेको हो भनी मान्दा राजाका राज्यकाल सरदर मिल्न आउँदछन्। यस कारण यो संवत् वि. सं. ९१ देखि नै उठेको हुनु धेरै सम्भव छ।

के. जी. शङ्करको मतको इतिहासको दृष्टिबाट परीक्षा

शङ्कर बालकृष्ण दीक्षितले आफ्नो ग्रन्थ भारतीय ज्योतिषका[1] ४८८–४९६ पृष्ठमा भारतवर्षमा चलेका संवत्को सूची दिएका छन्। त्यहाँ यशोधर्माले चलाएको संवत्को नाम उल्लेख गरिएको छैन।

वेङ्कटेश केतकरले पनि आफ्नो ग्रन्थ भारत र बाहिरको कालनिर्णयमा[2] संवत्को सूची दिएका छन् त्यहाँ पनि यशोधर्माले चलाएको संवत्को उल्लेख छैन।

पण्डित गौरीशंकर हीराचंद ओझाले आफ्नो ग्रन्थ भारतीय प्राचीन लिपि-मालाका[3] १५९– १९५ पृष्ठमा पनि संवत्को सूची दिएका छन्। त्यहाँ पनि यशोधर्माले चलाएको संवत्को उल्लेख छैन।

---

१. वि. सं. २०३२ मा उत्तर प्रदेश शासन राजर्षि पुरुषोत्तमदास टण्डन हिन्दी भवन, महात्मा गांधी मार्ग, लखनउबाट प्रकाशित, शिवनाथ झारखण्डीद्वारा अनूदित हिन्दी तेस्रो संस्करण।

२. वि. सं. १९८० मा एशियासम्बन्धी राजकीय संस्थाको बम्बई शाखाको लागि ग्रन्थकारद्वारा प्रकाशित भारत र बाहिरका कालगणनाका १७१–१७२ पृष्ठ।

३. वि. सं. १९७५ मा अजमेरबाट ग्रन्थकारद्वारा प्रकाशित द्वितीय संस्करण।

जगनलाल गुप्त मुख्तारले पनि आफ्नो ग्रन्थ संसार के संवत्का[४] ७–९ पृष्ठमा संवत्को सूची दिएका छन् । त्यहाँ पनि यशोधर्माले चलाएको संवत्को उल्लेख गरिएको छैन ।

अलेक्जेन्डर कनिङ्घमले पनि आफ्नो ग्रन्थ भारतीय संवत्मा संवत्को सूची दिएका छन् । त्यहाँ पनि यशोधर्माले चलाएको संवत्को उल्लेख गरिएको छैन ।[५]

मन्दसोरमा यशोधर्माको पालाको अभिलेख पाइन्छ । त्यहाँ यस्तो लेखिएको छ ।

पञ्चसु शतेषु शरदां यातेष्वेकान्ननवतिसहितेषु ।
मालवगणस्थितिवशात्कालज्ञानाय लिखितेषु ।।२४[६]

यताबाट यशोधर्माको राज्यमा मालवसंवत् (विक्रमसंवत्) चलेको थियो र उनी वि. सं. ५८९ मा राज्य गर्दै थिए भन्ने देखिन्छ । यदि यशोधर्माले संवत् चलाएका भए उनको प्रशस्ति परेको अभिलेखमा उनले चलाएको संवत् हुनुपर्दथ्यो । यस कारण यशोधर्माले संवत् चलाएका थिए भन्ने कुरा प्रमाणबाट सिद्ध हुँदैन ।

यशोधर्माको मृत्यु वि. सं. ५९० मा भयो भनी स्वयं के. जी. शङ्करल बोलेका छन् । (उनको निबन्धको ३०९ पृष्ठ) । वि. सं. ५९५ देखि चलेको संवत् अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेका हुन् र यस संवत्लाई यशोधर्माले चलाएका हुन् भनी के. जी. शङ्करले बोलेका छन् । यताबाट यशोधर्माको मृत्यु भएको पाँच वर्षपछि यो संवत् चलेको रहेछ भन्ने देखिन्छ । आफू मरेपछि कसैले पनि केही काम गर्न सक्तैन । यस कारण यशोधर्माको मृत्यु भएको पाँच वर्षपछि उनले संवत् चलाए भन्नु प्रलाप गर्नु हो । अंशुवर्माका संवत् २९ देखिका शिलापत्र पाइएका छन् । यस कारण (५९५ + २९ = ६२४ हुने हुनाले) अंशु-

४. वि. सं. १९८१ मा बुलन्दशहरबाट जगनलालद्वारा प्रकाशित ।

५. वि. सं. २०२८ मा ओरियन्टल पब्लिशर दिल्लीबाट पुनर्मुद्रित सो ग्रन्थका १-९० पृष्ठ ।

६. वि. सं. १९९९ मा कलकत्ताविश्वविद्यालयबाट प्रकाशित दीनेशचन्द्र सरकारको छनौट अभिलेखको ३९१ पृष्ठ ।

वर्माका वि. सं. ६२४ देखिका शिलालेख पाइन्छन् भन्ने कुरा के. जी॰ शङ्करको विचारअनुसार देखिन आउँछ। यस कारण यशोधर्माको मृत्यु भएको ३४ वर्षपछि देखिका मात्र अंशुवर्माका शिलालेख पाइन्छन्। आफू मरेको ३४ वर्षपछि यशोधर्माले आफ्ना राजप्रतिनिधि बनाई अंशुवर्मालाई पठाएका रहेछन् भन्ने कुरा यताबाट देखिन्छ। यस्तो कुरो बोल्नु उपहासको पात्र बन्नु मात्र हो।

यशोधर्माको मृत्यु भएपछि अंशुवर्माले महासामन्त पद छोडेर आफ्नै नामले शासन गर्न लागे भनी के. जी. शङ्करले बोलेका छन् (उनको निबन्धको ३०९ पृष्ठ)। अंशुवर्माको संवत् ३९ को अभिलेखदेखि महासामन्त भन्ने पद देखिदैन। यो समय के. जी. शङ्करको विचारअनुसार वि. सं. ६३४ हुन्छ। यसै समयमा यशोधर्माको मृत्यु भएको हो भनी उनले बोलेका छन्। यसरी एकातिर उनी वि. सं. ५९० मा यशोधर्माको मृत्यु भयो भन्दछन्, अर्कोतिर त्यसको ४४ वर्षपछि वि. सं. ६३४ मा यशोधर्माको मृत्यु भयो भनी बोल्दछन्। यस्ता परस्परविरोधी कुरा बोल्ने मान्छेको वचनको कति मूल्य हुन्छ भन्ने कुरो विचारणीय छ। यस कारण यशोधर्माले चलाएको संवत् अंशुवर्माले व्यवहार गरेका थिए भनी भन्नु निस्सार कुरो मात्र हो।

अब यशोधर्माका पाइएसम्मका इतिहासोपयोगी वर्णन उनका शिलालेखबाट उतारी साथै नेपाली अनुवाद पनि दिइन्छ।

अथ जयति जनेन्द्रः श्रीयशोधर्म्मनामा
प्रमदवनमिवान्तः शत्रुसैन्यं विगाह्य [1*]
व्रणकिसलयभङ्गैर्यो(ऽ*)ङ्गभूषां विधत्ते
तरुणतरुलतावद्वीरकीर्त्तिर्व्विनाम्य ॥५॥

(छनौट अभिलेखको ३८७ पृष्ठ)

अर्थ–

वैरीका धेर सेनाकन पनि सहजै स्वाट्ट पार्ने सखाप
ज्यादै ठूला प्रतापी समरपटु यशोधर्मनामा जनेन्द्र ॥
वैरीका शस्त्रजन्य क्षत निज तनुमा जो निकै धर्नुहुन्छ, ।
त्यसले गर्दा उहाँको तनु पनि गहनायुक्त झैं भैरहेछ ॥१॥

प्राचो नृपान्सुबृहतश्च बहूनुदीचः
साम्ना युधा च वशगान्प्रविधाय येन (।*)
नामापरं जगति कान्तमदो दुरापं
राजाधिराजपरमेश्वर इत्युदूढम् ।।७

(छनौट अभिलेखको ३८८ पृष्ठ)

अर्थ-

पुर्विया बहुत भूपतिलाई
औ उदीच्य नृपमण्डललाई ।।
साम वा समरबाट जितेर
राजराज हुनुभो जुन वीर ।।२।।

आविर्भूतावलेपैरविनयपटुभिर्ल्लङ्घिताचार[मा]र्ग्गै-
र्म्मोहादैदंयुगीनैरपशुभरतिभिः पीड्यमाना नरेन्द्रैः ।
यस्य क्ष्मा शार्ङ्गपाणेरिव कठिनधनुर्ज्याकिणा[ङ्क]प्रकोष्ठं
बाहुं लोकोपकारव्रतसफलपरिस्पन्दधीरं प्रपन्ना ।।२

(छनौट अभिलेखको ३९३ पृष्ठ)

अर्थ-
मर्यादालाइ नाघ्ने कुलतरत तथा निर्विवेकी घमण्डी
धेरै राजाहरूका कुचरितहरुको रापले पिलिसएकी ।।
पृथ्वी, लोकोपकारी प्रहरणविधिमा नित्य अभ्यासशाली
जल्लाई शार्ङ्गधारी यदुपतिकन झैं भज्दछिन् त्राणनिम्ति ।।३।।

निन्द्याचारेषु यो(ऽ*)स्मिन्विनयमुषि युगे कल्पनामात्रवृत्या
राजस्वन्येषु पांसुष्विव कुसुमबलिर्न्नावभासे प्रयुक्तः ।

स श्रेयोधाम्नि सम्राडिति मनुभरतालर्क [मान्धा] तृकल्पे
कल्याणे हेम्नि भास्वान्मणिरिव सुतरां भ्राजते यत्र शब्दः ।।३

(छनौट अभिलेखका ३९३–९४ पृष्ठ)

अर्थ–

सम्राट् यो शब्द ज्यादै कुचरित नृपको बन्न जांदा प्रशस्ति
धूलोमा फ्याँकिएको कुसुमसम थियो लोकमा म्लानकान्ति ।।
सो सम्राट् शब्द साक्षात् मनुहरुसमका भूपको भै प्रशस्ति
ऐले चोखो हिरण्यप्रणिहित मणि झैं देखियो दीप्तकान्ति ।।४।।

ये भुक्ता गुप्तनाथैर्न्न सकलवसुधाक्कान्तिदृष्टप्रतापै-
र्न्नाज्ञा हूणाधिपाना [ं] क्षितिपतिमुकुटाद्ध्यासिनी यान्प्रविष्टा ।
देशांस्तान्धन्वशैलद्रुमश (ग) हनसरिद्वीरबाहूपगूढा-
न्वीर्य्यावस्कन्नराज्ञः स्वगृहपरिसरावज्ञया यो भुनक्ति ।।४

(छनौट अभिलेखको ३९४ पृष्ठ)

अर्थ–

थर्कन्थ्यो जसको प्रतापबलले सम्पूर्ण पृथ्वीतल
त्यस्ता गुप्त नृपालको पनि थिए जो राज्यदेखिन् पर ।।
मान्थे भूपहरू हुकूम जसका माथा नुहाईकन
त्यस्ता हूण नृपालको पनि जहाँ पुग्दैनथ्यो शासन ।।५।।
बावला झाडी मरु नद नदी शैलले ढाकिएका
ज्यादै शूरा रणपटु निकै वीर योद्धा भएका ।।
त्यस्ता धेरै मुलुक जसको राज्यमा भै विलीन
बस्छन् ऐले जुन नृपतिको भै घडेरीसमान ।।६।।

आ लौहित्योपकण्ठात्तलवनगह[नो]पत्यकादा महेन्द्रा-
दा गङ्गाश्लिष्टसानोस्तुहिनशिखरिण≍ पश्चिमादा पयोधेः ।
सामन्तैर्यस्य बाहुद्रविणहृतम[दैः] पादयोरानमद्भि-
श्चूडारत्नाङ्शुराजिव्यतिकरशबला भूमिभागाः क्रियन्ते ।।५

(छनौट अभिलेखको ३९४ पृष्ठ)

अर्थ-

ठूलो खोलो नामले ब्रह्मपुत्र
बाक्लो झाडीयुक्त भूभृद् महेन्द्र ।।
गङ्गा धर्ने टाकुराले हिमाल
सीमामा छन् औ उदन्वान् प्रतीच्य ।।७।।

उपरिकथित सीमाभित्र सामन्त सर्व
रणबिच जसको भै शक्तिले क्षीण- गर्व ।।
सकल नृपति जेता श्रीयशोधर्मनामा
नृपकन पदमा नै ढोग्न गिर्छन् धरामा ।।८।।

स्थाणोरन्यत्र येन प्रणतिकृपणतां प्रापितं नोत्तमाङ्गं
यस्याश्लिष्टो भुजाभ्यां वहति हिमगिरिर्दुर्गशब्दाभिमान[म्] ।
नीचैस्तेनापि यस्य प्रणतिभुजबलावर्ज्जनक्लिष्टमूर्द्ध्ना
[चू]डापुष्पोपहारैर्म्मिहिरकुलनृपेणार्च्चित[ं] पादयुग्मं ।।६

(छनौट अभिलेखका ३९४–३९५ पृष्ठ)

अर्थ-

शिवचरणसिवाय क्वै सकेन
जुन नृपको शिरको प्रणम्य बन्न ।।

हिमगिरि जसको प्रतापबाट
अति बलियो गिरिदुर्ग भैरहेछ ॥९॥
अतिशय बलिया तिनै प्रसिद्ध
मिहिरकुल क्षितिपालले समेत ॥
जसकन पदमा नुहेर ढोगे
निजभुजले निज टाउको नुहाए ॥१०॥

यशोधर्माले नेपाल विजय गरेको कुनै वर्णन पाइँदैन । यशोधर्माको राज्यको सीमा हिमालयसम्म पुगेको छ भनी यहाँ लेखिएको छ । हिमालयको दक्षिणमा नेपाल पर्दछ । त्यस कारण नेपाल यशोधर्माको राज्यभित्र पर्दथ्यो भनी भन्ने हो भने

आ गङ्गाश्लिष्टसानोस्तुहिनशिखरिण …

गङ्गा धर्ने टाकुरोले हिमाल ।

भनी शिलालेखमा लेखिएकोले गङ्गाजी निस्केको हिमाल अर्थात् गङ्गोत्री भएको हिमाल अर्थात् गढवालतिरको हिमाल भन्ने बुझिन्छ । नेपालमा बग्ने नदी गङ्गा होइनन् । यस कारण यस सीमावर्णनबाट यशोधर्माको राज्यभित्र नेपाल पर्दथ्यो भन्ने कुरा युक्तिसङ्गत देखिँदैन ।

फ्लीटले आफ्नो ग्रन्थ (भारतीय अभिलेखसंग्रहको तेस्रो भाग) मा यशोधर्माका अभिलेख प्रकाश गरी त्यसको व्याख्या तथा त्यसबाट आउने इतिहास लेखेका छन् । तर उनले यशोधर्माले नेपाल विजय गरेको र संवत् चलाएको कुरा लेखेका छैनन् ।[७]

दीनेशचन्द्र सरकारले आफ्नो ग्रन्थ छनौट अभिलेखका, ३८७–३९३ पृष्ठमा यशोधर्माका अभिलेख छपाई टिप्पणी पनि लेखेका छन् । उनले पनि यशोधर्माले विजय गरेका र आफ्नो संवत् चलाएका छन् भनी उल्लेख गरेका छैनन् ।

---

७. वि. सं. २०२७ मा इन्डोलजिकल बूक हाउस वाराणसीबाट प्रकाशित सो ग्रन्थको तेस्रो संस्करणका १४२–१५८ पृष्ठ ।

विसेन्ट स्मीथले आफ्नो ग्रन्थ भारतको प्राचीन इतिहासमा यशोधर्माको विषयमा लेखेका छन् । तर यशोधर्माले नेपाल विजय गरेका र संवत् चलाएको कुरा उल्लेख गरेका छैनन् ।[८]

रमेशचन्द्र मजूमदार र अनन्त सदाशिव अल्तेकरले सम्पादन गरेको भारतवर्षको वाकाटक गुप्त युगको इतिहासमा यशोधर्माको वर्णन परेको छ । तर यशोधर्माले नेपाल विजय गरेको र संवत् चलाएको कुरा उल्लेख गरिएको छैन ।[९]

जयचन्द्र विद्यालङ्कारले आफ्नो ग्रन्थ इतिहास–प्रवेशमा यशोधर्माको विषयमा लेखेका छन् । तर यशोधर्माले नेपाल विजय गरेको र संवत् चलाएको कुरा लेखेका छैनन् ।[१०]

रमाशङ्कर त्रिपाठीले आफ्नो ग्रन्थ प्राचीन भारत का इतिहासमा यशोधर्माको विषयमा लेखेका छन् । तर यशोधर्माले नेपाल विजय गरेको र संवत् चलाएको कुराको उल्लेख गरेका छैनन् ।[११]

रतिभानु सिंह 'नाहर' ले आफ्नो ग्रन्थ भारतीय इतिहास की रूपरेखामा यशोधर्माको विषयमा लेखेका छन् । तर यशोधर्माले नेपाल विजय गरेको र संवत् चलाएको कुराको उल्लेख गरेका छैनन् ।[१२]

रमेशचन्द्र मजूमदारको प्राचीन भारतनामक अंग्रेजी भाषामा लेखिएको ग्रन्थको परमेश्वरीलाल गुप्तले हिन्दीमा अनुवाद गरेका छन् । त्यहाँ पनि

---

८. वि. सं. १९७१ मा अक्सफोर्डविश्वविद्यालयबाट प्रकाश भएको सो ग्रन्थको तेस्रो संस्करणको ३२७ पृष्ठ ।

९. वि. सं. १९९७ मा लाहोरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाश भएको सो ग्रन्थको १२४ पृष्ठ ।

१०. वि. सं. १९९७ मा इलाहाबादबाट सरस्वती प्रकाशनमन्दिरद्वारा प्रकाश भएको सो ग्रन्थका १४३–१४४ पृष्ठ ।

११. वि. सं. २००८ मा बनारसबाट नन्द किशोर ऐण्ड ब्रदर्सद्वारा प्रकाश भएको सो ग्रन्थको २१३ पृष्ठ ।

१२. वि. सं. २०१३ मा इलाहाबादबाट किताबमहलद्वारा प्रकाश भएको सो ग्रन्थको २२४ पृष्ठ ।

यशोधर्माको वर्णन गरिएको छ। तर यशोधर्माले नेपाल विजय गरेको र संवत् चलाएको कुराको उल्लेख गरिएको छैन।[१३]

ए. के. मुन्सी, आर. सी. मजूमदार, ए. डी. पुसलकर तथा ए. के. मजूमदार-हरूद्वारा तयार पारिएको भारतीय जनताहरूको इतिहास तथा संस्कृतिको आर्ष युगनामक ग्रन्थमा पनि यशोधर्माको वर्णन गरिएको छ। तर यशोधर्माले नेपाल विजय गरे तथा संवत् चलाए भन्ने कुराको उल्लेख गरिएको छैन।[१४]

यस कारण यशोधर्माले नेपाल विजय गरेको, उनले संवत् चलाएको तथा सो संवत् नै अंशुवर्माले व्यवहार गरेको कुरा के. जी. शङ्करले जो लेखे सो सर्वथा निराधार तथा दुर्भावनापूर्ण कल्पना मात्र हो।

के. जी. शङ्करको मतको इतिहासको दृष्टिबाट परीक्षा गर्दा चाहिने उपकरण

१. सिद्धम् (*।।)
स जयति जगतां पतिः पिनाकी
स्मितरवगीतिषु यस्य दन्तकान्तिः।
द्युतिरिव तडितां निशि स्फुरन्ती
तिरयति च स्फुटयत्यदश्च विश्वम् ।।१
स्वयम्भूर्भूतानां स्थितिलय [समु*]
२. त्पत्तिविधिषु
प्रयुक्तो येनाज्ञां वहति भुवनानां विधृतये।
पितृत्वं चानीतो जगति गरिमाणं गमयता

१३. वि. सं. २०१९ मा वाराणसीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाश भएको सो ग्रन्थको २२६ पृष्ठ।

१४. वि. सं. २०२७ मा बम्बईबाट भारतीय विद्या भवनद्वारा प्रकाश भएको सो ग्रन्थका ३९-४० पृष्ठ।

स शम्भूर्भूयान्सि[1] प्रतिदिशतु भद्राणि भव [ताम्*] ।।२
फणमणिगुरुभार[ाक्रा]

३. न्तिदूरावनम्रं
स्थगयति, रुचमिन्दोर्म्मण्डलं यस्य मूर्द्ध्नाम् (।*)
स शिरसि विनिबध्नन्रन्ध्रिनीमस्थिमालां
सृजतु भवसृजो वः क्लेशभङ्गं भुजङ्गः ।।३
षष्टया सहस्रैः सगरात्मजानां
खात[:*]

४. खतुल्यां रुचमादधानः ।
अस्योदपानाधिपतेश्चिराय
यशान्सि[2] पायात्पयसां विधाता ।।४
अथ जयति जनेन्द्रः श्रीयशोधर्म्मनामा
प्रमदवनमिवान्तः शत्रुसैन्यं विगाह्य (।*)
व्रण-

५. किसलयभङ्गैर्य्यो(ऽ*)ङ्गभूषां विधत्ते
तरुणतरुलतावद्वीरकीर्त्तीर्व्विनाम्य ।।५
आजौ जितौ विजयते जगतीम्पुनश्च
श्रीविष्णुवर्द्धननराधिपतिः स एव ।
प्रख्यात औलिकरलाञ्छन आत्म-

६. वङ्शो[3]
येनोदितोदितपदं गमितो गरीयः ।।६
प्राचो नृपान्सुबृहतश्च बहूनुदीचः
साम्ना युधा च वशगान्प्रविधाय येन (।*)

---

१. भूयांसि २. यशांसि ३. वंशो

नामापरं जगति कान्तमदो दुरापं
राजाधिराजपरमे-
श्वर इत्युदूढम् ।।७

७.
स्निग्धश्यामाम्बुदाभैः स्थगितदिनकृतो यज्वनामाज्यधूमै-
रम्भोमेघ्यं मघोनाव्धिषु विदधता गाढसम्पन्नसस्याः
संहर्षाद्वाणिनीनां कररभसहृतो-
द्यानचूताङ्कुराग्रा

८.
राजन्वन्तो रमन्ते भुजविजितभुवा भूरयो येन देशाः ।।८
यस्योत्केतुभिरुन्मदद्विपकरव्याविद्धलोध्रद्रुमै-
रुद्धूतेन वनाध्वनि ध्वनिनदद्विन्ध्याद्रिरन्ध्रैर्ब्बलैः (।*)
बाले-
९. यच्छविधूमरेण[४] रजसा मन्दाङ्शु[५] संलक्ष्यते
पर्यावृत्तशिखण्डिचन्द्रक इव ध्यामं रवेर्म्मण्डलम् ।।९
तस्य प्रभोर्व्वंङशकृतां[६] नृपाणां
पादाश्रयाद्विश्रुतपुण्यकीर्त्तिः ।
भृत्यः स्वनैभृत्य जिता-
रिषट्क

१०.
आसीद्वसीयान्किल षष्ठिदत्तः ।।१०
हिमवत इव गाङ्गस्तुङ्गनम्रः प्रवाहः
शशभृत इव रेवावारिराशिः प्रथीयान् (।*)
परमभिगमनीयः शुद्धिमानन्ववायो
यत उदितगरि-

---

४. धूसरेण ५. मन्दांशु ६. वंश

११. म्णस्तायते नैगमानाम् ।।११

तस्यानुकूलः कुलजात्कलत्रा-

त्सुतः प्रसूतो यशसां प्रसूतिः ।

हरेरिवाङशं[७] वशिनं वराहं

वराहदासं यमुदाहरन्ति ।।१२

सुकृतिविषयितुङ्गं[८] रूढमूलं

१२. धरायां

स्थितिमपगतभङ्गां स्थेयसीमादधानम् (।*)

गुरुशिखरमिवाद्रेस्तत्कुलं स्वात्मभूत्या

रविरिव रविकीर्त्तिः सुप्रकाशं व्यधत्त ।।१३

बिभ्रता शुभ्रमभ्रङिश स्मार्तं वर्त्मोचितं सताम् (।*)

न विसंव्वा-[९]

१३. दिता येन कलावपि कुलीनता ।।१४

धुतधीदीधितिध्वान्तान्हविर्भुज इवाध्वरान् (।*)

भानुगुप्ता ततः साध्वी तनयांस्त्रीनजीजनत् ।।१५

भगवद्दोष इत्यासीत्प्रथमः कार्य्यवर्त्मसु ।

आल-

१४. म्बनं बान्धवानामन्धकानामिवोद्धवः ।।१६

बहुनयविधिवेधा गह्वरे (ऽ*) प्यर्थमार्गे

विदुर इव विदूरं प्रेक्षया प्रेक्षमाणः ।

वचनरचनबन्धे संस्कृतप्राकृते यः

कविभिरुदि-

---

७. वरांशं   ८. विषय   ९. मभ्रंशि तथा विसंवादिता

तरागं गीयते गीरभिज्ञः ।।१७

१५.
प्रणिधिदृगतुगन्त्रा यस्य बौद्धेन चाक्षणा
न निशि तनु दवीयो वास्त्यदृष्टं धरित्र्याम् (।*)
पदमुदधि दधानो (ऽ*) नन्तरं तस्य चाभू-
त्स भयमभयदत्तो नाम

वि[घ्न]न्प्रजानाम् ।।१८

१६.
विन्ध्यस्यावन्ध्यकर्म्मा शिखरतटपतत्पाण्डुरेवाम्बुराशे-
र्ग्गोलाङ्गूलैः सहेलप्लुतिनमिततरोः पारियात्रस्य चाद्रेः ।
आ सिन्धोरन्तरालं निजशुचिसचिवाध्यया-

सितानेकदेशं

१७.
राजस्थानीयवृत्या[१०] सुरगुरुरिव यो वर्ण्णनां भूतये

(ऽ*) पात् ।।१९

विहितसकलवर्ण्णासङ्करं शान्तडिम्बं
कृत इव कृतमेतद्येन राज्यं निराधि ।
स धुरमयमिदानीं

१८.
दोषकुम्भस्य सूनु-

र्गुरु वहति तदूढां धर्म्मतो धर्म्मदोषः ।।२०
स्वसुखमनभिवाच्छन्दुर्ग्गमे (ऽ*) ध्वन्यसङ्गां
धुरमतिगुरुभारां यो दधद्भर्त्तुरर्थे ।
वहति नृपतिवेषं केवलं लक्ष्ममात्रं

१९. वलिनमिव विलम्बं कम्बलं बाहुलेयः ।।२१
उपहितहितरक्षामण्डनो जातिरत्नै-[११]

---

१०. वृत्या ११. ज्ञाति

र्भुज इव पृथुलांसस्तस्य दक्षः कनीयान् (।*)
महदिदमुदपानं खानयामास विश्र-
२०. च्छ्रुतिहृदयनितान्तानन्दि निर्द्दोषनामा ।।२२
सुखाश्रेयच्छायं परिणतिहितस्वादुफलदं
गजेन्द्रेणारुग्णं द्रुममिव कृतान्तेन बलिना
पितृव्यं प्रोद्दिश्य प्रियमभयदत्तं पृ-
२१. थुधिया
प्रथीयस्तेनेदं कुशलमिह कर्म्मोपरचितं (तम्) ।।२३
पञ्चसु शतेषु शरदां यातेष्वेकान्ननवतिसहितेषु ।
मालवगणस्थितिवशात्कालज्ञानाय लिखितेषु ।।२४
य-
२२. स्मिन्काले कलमृदुगिरां कोकिलानां प्रलापा
भिन्दन्तीव स्मरशरनिभाः प्रोषितानां मनांसि
भृङ्गालीनां ध्वनिरनुवनं भारमन्द्रश्च यस्मि-
न्नाधूतज्यं धनुरिव नदच्छ्रूयते पुष्प-
२३. केतोः ।।२५
प्रियतमकुपितानां कम्पयन्बद्धरागं
किसलयमिव मुग्धं मानसं मानिनीनां (।*)
उपनयति नभस्वान्मानभङ्गाय यस्मि-
न्कुसुमसमयमासे तत्र निर्म्मापितो (ऽ*) यम् ।।२६
२४. यावत्तुङ्गैरुदन्वान्किरणसमुदयं सङ्गकान्तं तरङ्गै
रालिङ्गन्निन्दुबिम्बं गुरुभिरिव भुजैःसंविधत्ते सुहृत्ताम् (।*)
विभ्रत्सौधान्तलेखावलयपरिगतिं मुण्डमालामिवायं
सत्कूपस्तावदा-

२५. स्तामृतसमरसस्वच्छविष्यन्दिताम्बुः ।।२७

धीमां[12] दक्षो दक्षिणः सत्यसन्धो
ह्रीमांच्छूरो वृद्धसेवी कृतज्ञः ।
बद्धोत्साहः स्वामिकार्य्येष्वखेदी
निर्द्दोषो (ऽ*) यं पातु धर्म्मं चिराय ।।२८
उत्कीर्ण्णा गोविन्देन ।।

[यशोधर्माको पालाको मन्दसोरमा रहेको अभिलेख– छनौट अभिलेखका ३८६–३९२ पृष्ठ]

१. वेपन्ते यस्य भीमस्तनितभयसमुद्भ्रान्तदैत्यादिगन्ताः
शृङ्गाघातैः सुमेरोर्व्विघटितदृषदः कन्दरा यः करोति ।
उक्षाणं तं दधानः क्षितिधरतनया दत्त[पञ्चाङ्गुला]ङ्कं
द्राघिष्ठः शूलपाणेः क्षपयतु भवतां शत्रुतेजाङ्सि[13] केतुः ।।१
२. आविर्भूतावलेपैरविनयपटुभिर्ल्लङ्घिताचार[मा]र्गै-
र्म्मोहादैदंयुगीनैरपशुभरतिभिः पीड्यमाना नरेन्द्रैः ।
यस्य क्ष्मा शार्ङ्गपाणेरिव कठिनधनुर्ज्याकिणा[ङ्क]प्रकोष्ठ[ं]
बाहुं लोकोपकारव्रतसफलपरिस्पन्दधीरंप्रपन्ना ।।२
३. निन्द्याचारेषु यो(ऽ*)स्मिन्विनयमुषि युगे कल्पनामात्रवृत्या[14]
राजस्वन्येषु पाङसु[15]ष्विव कुसुमबलिर्न्नावभासे प्रयुक्तः ।
स श्रेयोधाम्नि सम्राडिति मनुभरतालर्क्क[मान्धा]तृकल्पे
कल्याणे हेम्नि भास्वान्मणिरिव सुतरां भ्राजते यत्र शब्दः ।।३

---

१२. धीमान्. १३. तेजांसि. १४. वृत्त्या १५. पांसु

४. ये भुक्ता गुप्तनाथैर्न्न सकलवसुधाक्क्रान्तिदृष्टप्रतापै-
र्न्नाज्ञा हूणाधिपाना[ं]क्षितिपतिमुकुटाद्‌ध्यासिनी यान्प्रविष्टा।
देशांस्तान्धन्वशैलद्रुमशहन[16]सरिद्वीरबाहूपगूढा-
न्वीर्य्यावस्कन्नराज्ञः स्वगृहपरिसरावज्ञया यो भुनक्ति ॥४

५. आ लौहित्योपकण्ठात्तलवनगह[नो]पत्यकादा महेन्द्रा-
दा गङ्गाशिष्टसानोस्तुहिनशिखरिणः पश्चिमादा पयोधेः।
सामन्तैर्यस्य बाहुद्रविणहृतम[दैः] पादयोरानमद्भि-
श्चूडारत्नाङ्शु[17]राजिव्यतिकरशबला भूमिभागाः क्रियन्ते ॥५

६. स्थाणोरन्यत्र येन प्रणतिकृपणतां प्रापितं नोत्तमाङ्गं
यस्याश्लिष्टो भुजाभ्यां वहति हिमगिरिर्दुर्ग्गशब्दाभिमान[म्]।
नीचैस्तेनापि यस्य प्रणतिभुजबलावर्ज्जनक्लिष्टमूर्द्ध्ना
[चू]डापुष्पोपहारैर्म्मिहिरकुलनृपेणार्च्चित[ं] पादयुग्मं
(ग्मम्) ॥६

७. [गा*]मेवोन्मातुमूर्द्ध्वं विगणयितुमिव ज्योतिषां चक्रवालं
निर्द्देष्टुं मार्ग्गमुच्चैर्द्दिव इव [सु]कृतोपार्ज्जितायाः स्वकीर्त्तेः।
तेनाकल्पान्तकालावधिरवनिभुजा श्रीयशोधर्म्मणायं
स्तम्भः स्तम्भाभिरामस्थिरभुजपरिघेणोच्छ्रितिं नायितो

(ऽ*)त्र ॥७

८. [श्ला]घ्येजन्मास्य वङ्शे[18]चरितमघहरं दृश्यते कान्तमस्मि-
न्धर्म्मस्यायं निकेतश्चलति नियमितं नामुना लोकवृत्तम् (।*)
इत्युत्कर्षं गुणानां लिखितुमिव यशोधर्म्मणश्चन्द्रबिम्बे
रागादुत्क्षिप्त उच्चैर्भुज इव रुचिमान्यः पृथिव्या विभाति ॥८

---

१६. गहन.	१७. रत्नांशु.	१८. वंशे

९. इति तुष्टूषया तस्य नृपतेः पुण्यकर्म्मणः।
वासुलेनोपरचिताः श्लोकाः कक्कस्य सूनुना ॥९
उत्कीर्ण्णा गोविन्देन ॥

[यशोधर्माको मन्दसोरमा रहेको अभिलेख, छनौट अभिलेखका ३९३–३९५ पृष्ठ]

के. जी. शङ्करको मतको गणितको दृष्टिबाट परीक्षा

अंशुवर्मादेखिका लिच्छवि राजाहरूका अभिलेखमा देखिएको संवत् वि. सं. ५९५ देखि उठेको यशोधर्मसंवत् हो भन्ने के. जी. शङ्करको मत छ।[1]

अब यसको परीक्षा गरिन्छ

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् गणना गरी निश्चित गर्न चारवटा आधार पाइएका छन्।[2]

(१) संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम्

(लिच्छविकालका अभिलेखको ३१५ पृष्ठ)

५९५+३१=६२६ हुने हुनाले यस अभिलेखको संवत् ३१ के. जी. शङ्करको मतअनुसार वि. सं. ६२६ (शकसंवत् ४९१) हुन्छ।

अब संवत् ३१ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ।

---

१. वि. सं. १९९२ मा प्रकाशित भारतीय इतिहासको त्रैमासिक पत्रिका ११ भागको दोस्रो अङ्कको ३०९ पृष्ठ।

२. यही ग्रन्थका ७–८ पृष्ठ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो।[२] यस कारण अभिलेखको संवत् ३१ वि. सं. ६२६ (शकसंवत् ४९१) को कार्तिकशुक्लदेखि वि. सं. ६२७ (शकसंवत् ४९२) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ४९२ को ज्येष्ठमा अधिमास छ। सो अधिमास अभिलेखको संवत् ३१ को ज्येष्ठमा पर्दछ।

आषाढमा अधिमास मान्ने वा पौषमा अधिमास मान्ने भन्ने विषयमा नारद र भारद्वाजका मत प्रसिद्ध छन्। तिनको चर्चा यसै ग्रन्थको १८५–१८६ पृष्ठमा परेको छ। त्यस वचनअनुसार संवत् ३१ (शकसंवत् ४९२) को ज्येष्ठमा परेको अधिमास भारद्वाजको मतअनुसार पौषमा मानिने हुनाले र उक्त अभिलेखमा पौषमा अधिमास लेखिएको हुनाले यो अधिमास मिल्न आयो।

(२) संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्।

(लिच्छविकालका अभिलेखको ३४० पृष्ठ)

५९५+३४=६२९ हुने हुनाले यस अभिलेखको संवत् ३४ के. जी. शङ्करको मतअनुसार वि. सं. ६२९ (शकसंवत् ४९४) हुन्छ।

अब संवत् ३४ को पौषमा परेको यो अधिमास गणनाबाट आउँछ कि आउँदैन भन्ने कुरामा विचार गरिन्छ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो। यस कारण अभिलेखको संवत् ३४ वि. सं. ६२९ (शकसंवत् ४९४) को कार्तिकशुक्लदेखि वि. सं. ६३० (शकसंवत् ४९५) को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ।

अधिमासक्षयमाससारणीमा शकसंवत् ४९५ को वैशाखमा अधिमास छ। सो अधिमास अभिलेखको संवत् ३४ को वैशाखमा पर्दछ।

माथि उल्लिखित भारद्वाजको मतअनुसार संवत् ३४ (शकसंवत् ४९५) को

---

२. यही ग्रन्थको ९ पृष्ठ।

वैशाखमा परेको सो अधिमास संवत् ३४ को पौषमा मानिने हुनाले र उक्त अभिलेखमा पौषमा अधिमास लेखिएको हुनाले यो अधिमास पनि मिल्न आयो।

(३) एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया।
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने ॥

(लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

[संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र]

यताबाट अभिलेखको संवत् ३१ मा माघशुक्ल त्रयोदशीको दिन आइतवार तथा तिष्यनक्षत्र परेका थिए भन्ने देखिन्छ।

५९५+३१=६२६ हुने हुनाले यस अभिलेखको संवत् ३१ के. जी. शङ्करको मतअनुसार वि. सं. ६२६ हुन्छ।

अब संवत् ३१ को माघशुक्ल त्रयोदशीमा गणनाबाट तिष्यनक्षत्र तथा आइतवार आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ।

गणनाबाट

अभिलेखको संवत् ३१ (वि. सं. ६२६) माघशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
मङ्गल	त्रयोदशी	५५ । ३३	तिष्य	२२ । ४७

आयो।

परन्तु चाँगुको उक्त अभिलेखमा आइतवार लेखिएको छ।

यस कारण के. जी. शङ्करले सकारेको संवत्अनुसार यो तिथिमिति मिलेन।

(४) वर्षे वैक्रोत्तरस्मिस्त्रिलयशतगते माधवे मासि शुक्ले।
सप्तम्यां पुष्यऋक्षे दश(श)तकिरणे वासरे सिद्धयोगे॥

(लिच्छविकालका अभिलेखको ५९९ पृष्ठ)

[संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग।]

यताबाट अभिलेखको संवत् ३०१ मा वैशाखशुक्ल सप्तमीको दिन आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग परेका थिए भन्ने देखिन्छ ।

५९५+३०१=८९६ हुने हुनाले यस अभिलेखको संवत् ३०१ के. जी. शङ्करको मतअनुसार वि. सं. ८९६ हुन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण अभिलेखको संवत् ३०१ वि. सं. ८९६ को कार्तिकशुक्लदेखि वि. सं. ८९७ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्णसम्म रहन्छ । अभिलेखमा दिइएको तिथि वैशाखशुक्लको हुनाले त्यस बेला वि. सं. ८९७ हुन्छ ।

अब संवत् ३०१ को वैशाखशुक्ल सप्तमीमा गणनाबाट आइतवार, तिष्यनक्षत्र तथा सिद्धयोग आउँछन् कि आउँदैनन् भन्ने कुरामा विचार गरिन्छ ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ८९७) वैशाखशुक्ल

वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
सोम	सप्तमी	३२ । १६	तिष्य	३७ । १८

आयो ।

परन्तु उक्त पुस्तकको पुष्पिकावाक्यमा आइतवार लेखिएको छ ।

यहाँ सोमवार सप्तमीको ३२ घडी १६ पला तथा तिष्यको ३७ घडी १८ पला आएका छन् । यस कारण आइतवार षष्ठीउप्रान्त सप्तमी र पुनर्वसुउप्रान्त तिष्य लाग्ने स्पष्ट देखिन्छ । यस कारण फट्ट हेर्दा के. जी. शङ्करले सकारेको संवत्अनुसार यो तिथिमिति नमिलेको देखियो तापनि वास्तवमा मिल्ने हुनाले वैशाखशुक्ल षष्ठीको गणना गर्नुपर्‍यो ।

गणनाबाट

अभिलेखको संवत् ३०१ (वि. सं. ८९७)

वैशाखशुक्ल

तिथि	वार	घडी पला	नक्षत्र	घडी पला
षष्ठी	आइत	३६ । ४३	पुनर्वसु	३९ । ४३

आयो ।

आइतवार ३६ घडी ४३ पलाउप्रान्त सप्तमी लाग्ने र ३९ घडी ४३ पलाउप्रान्त तिष्यनक्षत्र लाग्ने हुनाले त्यस दिन ३९ घडी ४३ पलापछि सप्तमी,

तिष्यनक्षत्र तथा सिद्धयोग पर्ने भयो । यस कारण के. जी. शङ्करको मतअनुसार यो तिथिमिति मिलन आयो ।

के. जी. शङ्करले सकारेको संवत्अनुसार भक्तपुर इनायच्चोको अभिलेख तथा पाटन सुनधाराको अभिलेखका अधिमास र केसरपुस्तकालयको सौश्रुती संहिता सहोत्तरानामक पुस्तकको पुष्पिकावाक्यको तिथिमिति मिलन आए । परन्तु चाँगुको अंशुवर्माको अभिलेखको तिथिमिति भने मिलेन ।

प्रामाणिक संवत्बाट गणना गर्दा जम्मै (अधिमास तथा तिथिमिति) मिल्दछन् । जस्तै सुमतितन्त्रले बताएअनुसार अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् हो भनी मान्दा जम्मै अधिमास तथा तिथिमिति मिलेका छन् ।[४]

तिथिमिति एउटा नमिलेको हुनाले के. जी. शङ्करले सकारेको संवत् प्रामाणिक हुन सक्तैन ।

[नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्त र रुक्मनाथ पौडेलको संयुक्त परिश्रमबाट यो गणना तयार भएको हो ।]

---

४. यही ग्रन्थका ७–२८ पृष्ठ ।

[परिशिष्ट*]

नेपालको प्राचीन कालनिर्णय

नेपालको इतिहासको विषयमा काम गर्ने प्रथम आधुनिक विद्वान् डाक्टर राइट हुन् । तर नेपाली भाषामा लेखिएको तथा पूरापूर भर पर्न नसकिने वंशावलीको आधारमा उनको काम रहेको छ । नेपालका प्राचीन अभिलेखहरू संकलन गर्ने खर्च जूनागढका नवाबले दिए र आचार्य भगवानलाल इन्द्राजीले नेपालका अभिलेखहरू खोजी भारतीय प्रत्नतत्त्वको ९ भागमा प्रकाश गराए । आचार्य भगवानलालले आफूले खोजी गरी प्रकाश गरेका ती अभिलेखहरूलाई तीन समूहमा बाँडेका छन् । उनको विचारअनुसार पहिलो समूहका शिलालेखमा देखिएका संवत् विक्रमसंवत् हुन्, दोस्रो समूहका शिलालेखमा देखिएका संवत् हर्षसंवत् हुन् र तेस्रो समूहका शिलालेखमा देखिएका संवत् नेपालसंवत् हुन् । आचार्य बेन्डालले अरू केही अभिलेखहरूको खोजी गरी आफ्नो नेपाल र उत्तरी भारतको यात्रा भन्ने ग्रन्थमा प्रकाश गरे । ती अभिलेखहरूमध्ये शिवदेवको एउटा अभिलेखमा देखिएको संवत् गुप्तसंवत् ३१६ हो भन्ने अडकल उनले लगाए । यही शिलालेखको आधारमा पहिलो समूहका शिलालेखमा देखिएका जम्मै संवत् गुप्तसंवत् हुन् भन्ने निर्णय आचार्य फ्लीटले गरे । त्यस सिद्धान्तअनुसार पहिलो समूहका शिलालेखमा देखिएका राजाहरू दोस्रो समूहका शिलालेखमा देखिएका राजाहरूका सामानकालिक हुन् भन्ने निर्णय गरी फ्लीटले नेपालको इतिहासको काल-निर्णय तयार गरे ।

शिवदेवको संवत् ३१६ को भनिएको शिलालेख वास्तवमा संवत् ५१८ को हो भन्ने प्रमाण आचार्य लेभीले देखाए । लेभीले आफूले खोजेका अरू केही शिलालेख आफ्नो ग्रन्थ ले नेपालको तेस्रो भागमा प्रकाश गराएका छन् ।

---

* वि. सं. १९९२ मा कलकत्ताको ओरियन्टल प्रेसबाट प्रकाशित भारतको इतिहासको त्रैमासिक पत्रिकाको ११ भागको दोस्रो अङ्कको ३०४-३१२ पृष्ठमा के. जी. शङ्करको यो निबन्ध (अंग्रेजी भाषामा) छापिएको छ ।

पहिलो समूहका शिलालेखमा देखिएका संवत् वि. सं. १६७ देखि उठेका हुन् तथा दोस्रो समूहका शिलालेखमा देखिएका संवत् वि. सं. ६५२ देखि उठेका हुन् र यी दुवै संवत् नेपालकै हुन् भन्ने निष्कर्ष लेभीले निकालेका छन् । यसपछिका विद्वान्हरू बढ्ता खोजीतर्फ नलागी फ्लीट अथवा लेभीका अन्धानुकरण गरेर सन्तोषपूर्वक बसिरहेका छन् । गुप्तसंवत्को वास्तव प्रारम्भवर्षको निर्णय गर्ने प्रसङ्गमा यी जम्मै शिलालेखहरूलाई माथिदेखि राम्रोसँग पढ्ने मौका मैले भरखर पाएँ । यसबाट म एउटा निष्कर्षमा पुगेको छु । सो निष्कर्षलाई यस निबन्धमा प्रस्तुत गर्दछु ।

नेपालका प्राचीन अभिलेखहरू दुइ समूहमा बाँडिएका छन् । प्रथम मानदेव-
को पालाका संवत् ३८६ देखि ४१३ सम्मका, वसन्तसेनको पालाको संवत् ४३५
को, गणदेवको पालाको संवत् ४००+य को, प्रथम शिवदेवको पालाका संवत्
५१८ देखि ५२० सम्मका, द्वितीय मानदेवको पालाको संवत् ५००+य को तथा
संवत् ४४९, ४८९ र ५३५ का राजाका नाम नपाइएका अभिलेखहरू पहिलो
समूहमा पर्दछन् । अंशुवर्माको पालाका संवत् ३० देखि ४०+य सम्मका,
जिष्णुगुप्तको पालाको संवत् ४८ को, द्वितीय शिवदेवको पालाको संवत् ११९
को, जयदेवको पालाको संवत् १५३ को तथा संवत् ८२ र १४५ का राजाका
नाम थाहा नपाइएका अभिलेखहरू दोस्रो समूहमा पर्दछन् । पहिलो समूहमा
परेका अभिलेखहरूका समय दोस्रो समूहमा परेका अभिलेखहरूका समयभन्दा
अघिका हुन् भन्ने कुरा सजिलैसँग सिद्ध गर्न सकिन्छ । वृषदेव, शङ्करदेव, धर्मदेव,
मानदेव, महीदेव, वसन्तदेव, बीचका केही राजापछि नरेन्द्रदेव र शिवदेवहरू मेरा
पुर्खा हुन् भनी जयदेवले संवत् १५३ को आफ्नो अभिलेखमा लेखाएका छन् ।
त्यहाँ जयदेवले मेरा पिता शिवदेव हुन् भनी लेखाएका छन् (भारतीय
प्रत्नतत्त्व, ९ भागको १७८ पृष्ठ) । मेरा पिता धर्मदेव, पितामह शङ्करदेव, प्रपितामह
वृषदेव हुन् भनी प्रथम मानदेवले संवत् ३८६ को आफ्नो अभिलेखमा लेखाएका
छन् (भारतीय प्रत्नतत्त्व, ९ भागको १६३ पृष्ठ) । संवत् ४३५ को अभिलेखमा
देखिएका वसन्तसेन नै वसन्तदेव हुन् भन्ने कुरा स्पष्ट छ । प्रथम शिवदेवको संवत्
५१८ को अभिलेखबाट शिवदेव र अंशुवर्मा सामानकालिक देखिन्छन् (बेन्डालको
नेपाल र उत्तरी भारतको यात्राको ७२ पृष्ठ) । अंशुवर्माका संवत् ३० देखि
४०+य सम्मका अभिलेख पाइन्छन् । संवत् ५३५ को अभिलेखमा दूतक राजपुत्र
विक्रमसेन देखिएका छन् (भारतीय प्रत्नतत्त्व, ९ भागको १६८ पृष्ठ) । अंशुवर्माको
संवत् ३२ को अभिलेखमा दूतक यिनै राजपुत्र विक्रमसेन देखिन्छन् (लेभीको
ले नेपाल नामक ग्रन्थको, तेस्रो भागको ९९ पृष्ठ) । यस प्रमाणबाट पहिलो

समूहमा परेका अभिलेखहरूको पछिल्लो अभिलेख तथा दोस्रो समूहमा परेका अभिलेखहरुको पहिलो अभिलेख एकै ताकाका हुन् भन्ने देखिन आउँछ । यी दुवै अभिलेख अंशुवर्माको समयसँग सम्बन्ध राख्दछन् । यस कारण यी दुवै संवत्का प्रारम्भवर्षको टुङ्गो लाउन अंशुवर्माको आसन्नकाल पत्ता लाउनु आवश्यक हुन आएको छ ।

"नेपालमा अंशुवर्मा नामका विद्वान् तथा चतुरा राजा भरखरै भएका रहेछन्" भनी युवान च्वाङ्गले बोलेकाले उनले अंशुवर्मालाई वर्तमान राजाको क्रममा नराखी भरखरका भूतपूर्व राजाको रूपमा राखेको देखिन्छ । यताबाट नेपालको प्राचीन कालको इतिहासको कालनिर्णय गर्नाका लागि अलि सजिलो भएको छ । "अंशुवर्माले आफैंले शब्दविद्याविषयक ग्रन्थ बनाएका रहेछन्, उनी विद्या तथा धर्मको आदर गर्दा रहेछन्, उनको सुकीर्ति जतातत्तै फैलिएको रहेछ" भनी युवान च्वाङ्गले बोलेका छन् (बीलको पश्चिमी मुलुकहरूका बौद्ध विवरणको दोस्रो भागको ८१ पृष्ठ) । नेपालका वंशावलीहरू तथा शिलालेखहरूमा वर्णन गरिएका व्यक्तिहरूमा अंशुवर्मा एक जना मात्र युवान च्वाङ्गको वर्णनमा परेका छन् । युवान च्वाङ्गले अंशुवर्माको विषयमा बोलेका कुरा अंशुवर्माकै शिलालेखबाट पनि देखिन आउँछन् । अझ संवत् ३९ को आफ्नो अभिलेखमा उनी आफ्नो जुन बयान गर्दछन्, त्यो युवान च्वाङ्गले गरेको बयानसँग ठ्याक्क मिल्छ । अनेकन् शास्त्रको अर्थको विषयमा "रातो दिन गौड गर्दा आफ्ना (पहिलेका) असत्य विचार हटाए" र "अदालतको समुचित स्थापनालाई उनी आफ्नो सबभन्दा ठूलो आनन्द सम्झन्छन्" भनी उनले त्यहाँ भनेका छन् (भारतीय प्रत्नतत्त्व, ९ भागको १७० पृष्ठ) । यताबाट अभिलेखमा देखिएको अंशुवर्माको वर्णन र युवान च्वाङ्गले गरेको अंशुवर्माको वर्णन ठ्याक्क मिलन आएको देखिन्छ । यताबाट युवान च्वाङ्गले उत्तर भारतमा भ्रमण गरेको समय वि. सं. ६९४ मा अंशुवर्मा बितिसकेका थिए भन्ने कुरा स्पष्ट हुन आउँछ (कलकत्ताबाट वि. सं. १९८१ मा प्रकाशित भएको कनिङ्घमको भारतको प्राचीन भुवनकोषको ६४ पृष्ठ) । अंशुवर्माका अभिलेखमा देखिएको संवत् वि. सं. ६६३ देखि उठेको हर्षसंवत् हो भन्ने आचार्य भगवानलाल इन्द्राजीको विचार छ । यताबाट संवत् ४० सम्म अंशुवर्मा जीवित देखिएकाले उनी वि. सं. ७०३ सम्म जीवित देखिन आउँछन् । युवान च्वाङ्गको वर्णनअनुसार यो कुरा मिल्दैन । युवान च्वाङ्गले लेखेको अशुद्ध हो भनी आचार्य भगवानलाल भन्दछन् । युवान च्वाङ्ग वास्तवमा नेपाल गएका थिएनन्, वृजिको राजधानीमा बसी सुनेका कुरा उनले लेखेका हुन् भनी भगवानलाल भन्दछन् । नेपालमा त्यस बेला शासन गरिरहेका अंशुवर्मा र अर्का राजाको विषयमा युवान

च्वाङ्गले सुनेर त्यस वेला नेपालमा द्वैध शासन थियो भन्ने कुरो नबुझी भूल गरेर अंशुवर्मालाई भूतपूर्व राजा हुन् भनी उनले ठानेका हुन् भनी भगवान-लालले भनेका छन् । तर भगवानलालको यो तर्क बिलकुलै निराधार छ। युवान च्वाङ्ग नेपाल गएका थिएनन् भनी सिद्ध गर्ने कुनै प्रमाण पाइएको छैन । युवान च्वाङ्गको जीवनचरित्रमा उनले नेपालको यात्रा गरेको वर्णन पाइँदैन भन्ने हो भने भगवानलालले सकारेको युवान च्वाङ्गको वृजिको यात्राको वर्णन पनि त उनको जीवनचरित्रमा पाइँदैन। युवान च्वाङ्ग स्वयं नेपाल गएका थिएनन् भन्ने कुरा सकारेमा पनि युवान च्वाङ्ग राजकुमार, विद्वान् तथा अरूहरूलाई पनि साथ लिई यात्रा गरिरहेका हुनाले तिनीहरूबाट उनी साँचो कुराको सूचना पाउन सक्ने स्थितिमा थिए, यस कारण नेपालको साँचो स्थिति उनी थाहा पाउन सक्तथे र नेपालमा त्यस वेला द्वैध शासन थियो भन्ने कुरा आफ्नो वर्णनमा थप्न सक्तथे । यसबाहेक हर्षवर्धनले नेपाल जितेका थिए वा उनले नेपालमा हर्षसंवत् चलाएका थिए भन्ने कुनै बलियो प्रमाण पाइँदैन। आचार्य भगवानलालले नेपालमा हर्षसंवत् चलेको थियो भन्ने कुरा सिद्ध गर्न तलका तीनवटा प्रमाण दिएका छन् —

१) आदित्यसेनले हर्षसंवत्को व्यवहार गरेका छन् । यस कारण आदित्य-सेनको दौहित्री (छोरीको छोरी) का छोरा जयदेवले मात्र होइन, आदित्यसेनसँग नाता नपर्ने अंशुवर्माले समेत हर्षसंवत् चलाएको हुनुपर्दछ ।

२) वंशावलीहरूमा विक्रमादित्य नेपालमा आएर उनले नेपालमा विक्रमसंवत् चलाए भनी लेखिएको छ । वंशावलीकारहरूले हर्षवर्धनलाई भूल गरी विक्रमादित्य सम्झनु धेरै सम्भव छ ।

३) हर्षवर्धनले नेपालमा बैस रजपूतको प्रवेश गराएको सम्भव छ । हर्षवर्धन आफू पनि बैस रजपूत हुनु संभव छ ।

भगवानलालका यी तीनै प्रमाणहरू निराधार कल्पना मात्र हुन् ।

वि. सं. ६९४ मा अंशुवर्मा जीवित थिएनन् भने उनका शिलालेखहरूमा देखिएको संवत् (६९४—४० = ६५४ हुने हुनाले) वि. सं. ६५४ भन्दा पछि उठेको हुन सक्तैन । यस कुरामा विचार गर्ने अर्को बाटो पनि पाइएको छ । आचार्य सिल्भाँ लेभीले चीनको इतिहासको आधारमा नेपालका राजा नरेन्द्रदेवले वि. सं. ७०३ मा चिनियाँ राजदूतको स्वागत गरेका थिए तथा वि. सं. ७०८ मा आफ्ना राजदूत चीन पठाएका थिए भन्ने कुरा देखाएका छन् (ले नेपालको पहिलो भागका

६०, १६५, १६६, पृष्ठ)। नरेन्द्रदेवका छोरा द्वितीय शिवदेवको संवत् ११९ को शिलालेख पाइन्छ। सो संवत् ११९ वि. सं. ७०८ भन्दा अगाडि पर्न सक्तैन तथा (७०८—११९=५८९ हुने हुनाले) वि. सं. ५८९ भन्दा अगाडि यो संवत्को उठान भएको पनि हुन सक्तैन भन्ने कुरा यताबाट देखिन आउँदछ। वि. सं. ७०३ मा नरेन्द्रदेव राजा देखिन्छन्। यस कारण ध्रुवदेव र जिष्णुगुप्तको संयुक्त शासनको संवत् ४८ को शिलालेख वि. सं. ७०३ भन्दा अवश्य पनि पहिलेको हो भन्ने अर्को कुरो पनि देखिन आउँदछ। ७०३—४८=६५५ हुने हुनाले यस संवत्को प्रारम्भ-वर्ष वि. सं. ६५५ भन्दा पछाडि हुन सक्तैन। माथि दिइएका सबै प्रमाणहरूलाई मिलाएर विचार गर्दा वि. सं. ५८९ भन्दा पछि तथा वि. सं. ६५४ भन्दा अगाडिको कुनै वर्षमा यस संवत्को प्रारम्भ भएको रहेछ भन्ने देखिन आउँदछ। यस संवत्को उठान भएको वर्षलाई अझ बढ्ता नजीक पुऱ्याएर निर्णय गर्ने काममा अब हामी लाग्दछौं। अंशुवर्माको संवत् ३४ को शिलालेखमा प्रथम पौष भनी लेखिएको छ (बेन्डालको नेपाल र उत्तरी भारतको यात्राको ७४ पृष्ठ)। वि. सं. ५८९ देखि ६५४ सम्मको बीचको कुनै वर्षमा उठेको संवत्को ३४ वर्षमा प्रथम पौष परेको थियो। यसको अर्थ पौष महीनामा दुइटा चान्द्रमास परेका थिए, यिनमध्ये एउटा अधिकमास थियो भन्ने हुन्छ। एक सौरमासभित्र दुइटा अमान्त चान्द्रमासको समाप्ति हुन आयो भने ती दुइ चान्द्रमासमध्ये पहिलो चान्द्रमास अधिकमास भनिन्छ। अधिकमास विषयको साधारण नियम यो हो। तर ब्रह्मगुप्तले प्राचीन रीतिअनुसार ती दुइ महीनाहरूमध्ये दोस्रोचाहिँ अधिकमास हुन्छ भनी बोलेका छन्।

मेषादिस्थे सवितरि यो यो मासः प्रपूर्यते चान्द्रः ।
चैत्राद्यः स ज्ञेयः पूर्तिद्वित्वेऽधिमासोऽन्यः ।।

यी दुइ रीतिको अन्तरबाट अधिकमास पर्ने समयमा अन्तर पर्ने होइन केवल महीनाको नाममा मात्र अन्तर पर्दछ। जस्तै साधारण नियमानुसार माघमा परेको अधिकमास ब्रह्मगुप्तको रीतिअनुसार अघिल्लो महीना अर्थात् पौषमा पर्दछ। यी दुवै रीतको अनुसरण गर्दा वि. सं. ६२३ देखि ६८८ सम्म वि. सं. ६२९, ६४८, ६६७ तथा ६८६ यी चार वर्षमा मात्र पौषमा अधिकमास पर्दछन्। यी चार वर्ष-मध्ये वि. सं. ६८६ को पौषमा परेको अधिकमास साधारण रीतिअनुसार र अरू बाँकी तीन वर्षका अधिकमास ब्रह्मगुप्तको रीतअनुसार पौषमा परेका हुन्। अंशुवर्माको समयलाई अनुकूल पर्न सक्ने पौषमा परेको अधिकमास वि. सं. ६८६

को मात्र हुन सक्तछ भनी आचार्य लेभीले बोलेका छन् । ब्रह्मगुप्तको नियममा
होश पु-याउन नसकेकाले उनले त्यस्तो बोलेका हुन् । यस समयमा ब्रह्मगुप्तको
नियम नेपालमा चलेको रहेछ भन्ने कुरा यस प्रसङ्गमा विचारणीय छ। अधिक-
मासमा शुभकर्म गर्नु हुँदैन भनी निषेध गरिएको छ। एउटै वर्षमा दुइटा अधिकमास
परेका छन् भने त पहिलोचाहिँ अधिकमास शुभकर्मको लागि निषिद्ध हुँदैन ।
क्षयमास परेको वर्षमा मात्र दुइटा अधिकमास पर्छन् । सूर्य र चन्द्रको स्पष्ट गति
लिई गणना गरे मात्र क्षयमास पर्न सक्तछ, किनभने मध्यममानबाट त जहिले
पनि सौरमासभन्दा चान्द्रमास छोटै हुन्छ । पौषमा परेको अधिकमासको विषयमा
अहिले हामी मध्यममानअनुसार विचार गरिरहेछौं, किनभने स्पष्टमानबाट त
पौषमा अधिकमास पर्नै सक्तैन । एउटा सौरमासभित्र समाप्त भएका दुइटा
चान्द्रमासमध्ये पछिल्लोलाई ब्रह्मगुप्तको नियमानुसार अधिकमास माने मात्र प्रथम
पौष शुभकर्ममा निषिद्ध हुँदैन । प्रथम पौषमा दान दिइएको हुनाले यस प्रथम
पौषलाई शुभकर्ममा निषिद्ध मानिएको रहेनछ भन्ने देखिन्छ । यताबाट त्यसताका
नेपालमा ब्रह्मगुप्तको सिद्धान्त चलेको रहेछ भन्ने देखिन आउँदछ । वि. सं. ६८६
मा साधारण नियमबाट मात्र पौषमा अधिकमास पर्छ । यस कारण उपयुक्त
नभएको हुनाले सो वर्षलाई छोड्नुपऱ्यो ।

यस कारण वि. सं. ६२९, ६४८ तथा ६६७ यी तीन वर्षहरूमध्येबाट कुन-
चाहिँ एउटा वर्ष संवत् ३४ सँग मिल्दछ भनी छान्नुपऱ्यो । अंशुवर्माले संवत्
४०+य सम्म शासन गरे भन्ने कुरो थाहा पाइएको छ (भारतीय प्रत्नतत्त्व ९
भागको १७१ पृष्ठ) । अर्कोतिर द्वितीय शिवदेवले संवत् ११९ देखि १४५ सम्म
शासन गरे भन्ने कुरो पनि थाहा भएको छ (भारतीय प्रत्नतत्त्व ९ भागको १७४,
१७७ पृष्ठ) । यताबाट द्वितीय शिवदेवको राज्यकाल संवत् ११९ भन्दा धेरै
अगाडि शुरू भएको थिएन भन्ने कुरा साधारणतया देखिन्छ । उनका बाबु
नरेन्द्रदेवले वि. सं. ७०३ देखि ७०८ सम्म शासन गरेको कुरा थाहा पाइएको छ ।
आचार्य लेभीले भनेको कुरा मानी हामीले वि. सं. ६८६ संवत् ३४ को बराबर हो
भनी मान्यौं भने ६८६ — ३४ + ४० = ६९२ हुने हुनाले वि. सं. ६९२ सम्म अंशुवर्मा
शासन गरिरहेका देखिन्छन् र ७०३ — ६९२ = ११ हुने हुनाले, अंशुवर्माको मृत्यु र
नरेन्द्रदेवको राज्यकालको बीचमा बढीसेबढी ११ वर्षको मात्र अन्तर पर्न आउँछ ।
यी ११ वर्षभित्र ध्रुवदेव र जिष्णुगुप्तको तथा द्वितीय मानदेव र जिष्णुगुप्तको
संयुक्त शासनकाल थुप्रिन आउँदछन् (भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ, ले
नेपाल ३ भागको १०४ पृष्ठ) । विष्णुगुप्त, उदयदेव तथा स्कन्ददेवको युवराजको
रूपमा परिचय पाइएको छ (भारतीय प्रत्नतत्त्व ९ भागको १७०–१७१ पृष्ठ,

बेन्डालको नेपाल र उत्तरी भारतको यात्राको ७७ पृष्ठ)। यिनीहरूका शासन-काल पनि यही ११ वर्षको अवधिभित्र थुप्रिन आउनु पनि सम्भव छ। अर्कोतिर ६५२+११९=७७१ हुने हुनाले वि. सं. ७०३ देखि ७७१ सम्म नरेन्द्रदेवको राज्यकाल पर्न आउँछ र उनको राज्यकाल लम्बिएर ७० वर्ष जतिको हुन आउँछ। आचार्य लेभीले स्वीकार गरेको वि. सं. ६८६ लाई सकार्न नसक्नाको अर्को कारण पनि छ। लिच्छवि ध्रुवदेव तथा जिष्णुगुप्तको संयुक्त शासनको संवत् ४८ को शिलालेख पाइन्छ (भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ)। लेभीको सिद्धान्तअनुसार यो समय वि. सं. ७०० हुन आउँछ। यसभन्दा ६ वर्षअगाडि अर्थात् वि. सं. ६९४ मै संयुक्त शासनको अन्त्य भइसकेको थियो। नेपालमा लिच्छविकुलका क्षत्रिय राजा शासन गरिरहेका छन् भनी युवान च्वाङ्गले बोलेका छन्। उनले संयुक्त शासनको चर्चा बिलकुलै गरेका छैनन् (बीलको पश्चिमी मुलुकहरूका बौद्धविवरणको दोस्रो भागको ८१ पृष्ठ)। यस कारण अब हामीले वि. सं. ६२९, ६४८ तथा ६६७ यी तीन वर्षमध्ये एउटा वर्षमा संवत् ३४ परेको थियो भनी निश्चय गर्नुपरेको छ। अंशुवर्मा र नरेन्द्रदेवको बीचमा परेका माथि उल्लिखित राजाहरूका शासनकालको विचार गर्दा वि. सं. ६२९ मै संवत् ३४ परेको थियो भन्नु बढ्ता युक्तियुक्त देखिन्छ। वि. सं. ६२९ संवत् ३४ हो भनी मान्दा वि. सं. ५९५ यस संवत्को प्रारम्भवर्ष हुन आउँदछ। वि. सं. ५९५ देखि यो संवत्को उठेको हो भनी मान्दा अंशुवर्मा र नरेन्द्रदेवको राज्यकालका बीचमा ५० वर्ष जति पर्न आउँछ। किनभने अंशुवर्माको आसन्न अवसानकाल वि. सं. ६३७ र नरेन्द्रदेवको आसन्न उदयकाल वि. सं. ६८७ हुन आउँदछ तथा नरेन्द्रदेवको राज्यकाल आसन्नरूपले वि. सं. ६८७ देखि ७१२ सम्म पर्न आउँछ। युवान च्वाङ्गले वर्णन गरिएका नेपालका लिच्छवि राजा नरेन्द्रदेव नै हुनु धेरै सम्भव छ।

अब यस संवत्को उठान कहिले भयो भन्ने विषयमा विचार गर्नुपरेको छ। यस संवत्का पहिला अभिलेखहरू अंशुवर्माका छन् र अभिलेखअनुसार अंशुवर्मा विद्वान्, धर्मात्मा, पराक्रमी तथा प्रसिद्ध राजा देखिन्छन्। यताबाट अंशुवर्मा नै यस संवत्का संस्थापक रहेछन् भन्ने साधारण तर्क आउँछ। आफ्नो नाम चलाउन खोज्ने भारतीय राजाहरूको मनमा आफ्नो नामबाट नयाँ संवत् चलाउने प्रबल इच्छा हुन्छ। यो काम ज्यादै थोरैले गर्न सकेका छन्। तर यस कामले भारतीय इतिहासको कालनिर्णय गर्ने काममा ठूलो हानि पुऱ्याएको छ भनी आचार्य भगवानलालले शुद्ध मनले बोलेका छन्। तर राज्याभिषेक पाएका राजाले मात्र नयाँ संवत् चलाउन सक्तथे। अंशुवर्मा त महासामन्त थिए भन्ने कुरा संवत् ३४

को उनको अभिलेखबाट थाहा पाइन्छ (भारतीय प्रत्नतत्त्व ९ भागको १६९ पृष्ठ, बेन्डालको नेपाल र उत्तरी भारतको यात्राको ७४ पृष्ठ) । अंशुवर्मालि महासामन्त भन्ने पद संवत् ३९ मा छोडे (भारतीय प्रत्नतत्त्व ९ भागको १७० पृष्ठ) र अंशुवर्माको मृत्यु भएपछि मात्र उनलाई महाराजाधिराज भन्न लागे (भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ) । अंशुवर्मा आफ्नो मृत्युभन्दा पहिले जतिसुकै ठूला र शक्तिशाली भए तापनि आफूले व्यवहारमा ल्याएको संवत् उनले चलाएका थिएनन् भन्ने कुरा यताबाट स्पष्ट देखिन्छ । अंशुवर्मासँग संयुक्त शासकको रूपमा देखिएका प्रथम शिवदेवले यो संवत्को व्यवहार एकदमै नगरी पुरानै संवत्को व्यवहार गरेका थिए । आफ्नो जीवनको पहिलो अवस्थामा जसको महासामन्त भएर अंशुवर्मा बसेका थिए, अंशुवर्माका उनै प्रभुले यो संवत् चलाएका हुन् भन्ने कुरा यतावाट देखिन आउँदछ ।

शिलालेखमा नलेखेको भए तापनि वंशावलीमा एउटा कुरा सुरक्षित भएर रहेको छ । अंशुवर्माको सिंहासनारोहण हुनुभन्दा केही अगाडि नेपालमा विक्रमादित्य आएका थिए र उनले यहाँ विक्रमसंवत् चलाए भन्ने वंशावलीमा लेखिएको छ (राइटको नेपालको इतिहासको १३१ पृष्ठ) । वि. सं. ५९५ मा विक्रमादित्य नेपालमा आएर आफ्नो संवत् चलाए भन्ने यताबाट देखिन्छ । मेरो विचारअनुसार यशोधर्माबाहेक अरू कुनै व्यक्ति यो हुन सक्तैनन् । यशोधर्मा मालवसंवत् (वि. सं.) ५८९ मा राज्य गर्दै थिए । विश्वविजयी गुप्तहरूले र हूणहरूले पनि जहाँ विजय गर्न सकेका थिएनन् ती मरूभूमि, पहाड, जङ्गल, खोला तथा वीर योद्धाहरू भएका देशमा पनि मैले राज्य गरिरहेछु भनी यशोधर्माले आफ्नो अभिलेखमा लेखाएका छन् । यशोधर्माको मृत्यु वि. सं. ५९० मा भएको हो (फ्लीटको गुप्त अभिलेखहरू-का ३३–३५ संख्या) । हुन त यशोधर्माको अभिलेखमा नेपालको नाम उल्लेख भएको छैन । तर पनि वर्णनको हिसाबले र वंशावलीको वर्णनअनुसार पनि नेपाल यशोधर्माको राज्यभित्र पर्दथ्यो भन्ने कुरामा शङ्का गर्ने ठाउँ छैन । यशोधर्माका राजप्रतिनिधिको रूपमा अंशुवर्माले नेपालमा शासन गरेको हुनु धेरै सम्भव छ । प्रथम शिवदेव नाम मात्रका शासक भई जीवित रहे, वास्तव शासक भई अंशुवर्माले शासन गरे भन्ने देखिन्छ । यशोधर्माको मृत्युपछि अंशुवर्माले महासामन्त भन्ने पद छोडेर आफ्नै नामबाट शासन गर्न लागेको देखिन्छ । यो संयुक्त शासन धेरै कालसम्म रहेको देखिदैन किनभने मानगृह दरवारमा बस्ने लिच्छवि राजाहरूका सन्तान द्वितीय शिवदेवले आफ्नो आज्ञापत्र कैलासकूट भवन दरबारबाट निकालेका छन् । यो कैलासकूट भवनमा पहिले अंशुवर्मा तथा जिष्णुगुप्त बसेका थिए । युवान च्वाङ्गको कुरोमा भर पर्ने हो भने संयुक्त शासनको अन्त्य नरेन्द्रदेवकै पालामा

भएको देखिन्छ । प्रथम शिवदेवले आफ्नो अभिलेखमा अंशुवर्मालि लडाइँमा गरेको विजय, दुनियाँको रक्षा गर्न देखाएको चतुरताको कुरा लेखाएका छन् तथा अंशुवर्माको कीर्ति नेपालको सीमाभन्दा बाहिरका मुलुकमा फैलिएको छ भनी लेखाएका छन् (भारतीय प्रत्नतत्त्व ९ भागको १६८ पृष्ठ) । यताबाट प्रथम शिवदेव र अंशुवर्मामा विरोध थिएन भन्ने देखिन्छ । आजभोलि पनि नेपालका नाम मात्रका शासक र उनका शक्तिशाली प्रधानमन्त्रीको बीचमा कुनै विरोध छैन। नेपालमा चलेको पहिलो संवत्‌को प्रारम्भवर्ष निर्णय गर्न अझ बाँकी छ। संवत् ५२० मा प्रथम शिवदेव शासन गरिरहेका देखिन्छन् (ले नेपाल तेस्रो भागको ७९ पृष्ठ) । तर मानगृहमा बस्ने शिवदेवका उत्तराधिकारी ध्रुवदेव संवत् ४८ मा शासन गरिरहेका देखिन्छन् (भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ) । यस कारण पहिलो संवत्‌को ५२० यस संख्याले देखाएको वर्ष दोस्रो संवत्‌को ४८ यस संख्याले देखाएको वर्षभन्दा अगिकै हुनुपर्दछ भन्ने स्पष्ट छ । (५९५+४८—५२०=१२३ हुने हुनाले) वि. सं. १२३ भन्दा अगाडि नै पहिलो संवत्‌को प्रारम्भ भएको वर्ष हुनुपर्दछ भन्ने कुरा स्पष्ट छ। अर्कोतिर संवत् ५१८ को शिलालेखमा प्रथम शिवदेवको सहायक शासकको रूपमा अंशुवर्मा देखिन्छन् (बेन्डालको नेपाल र उत्तरी भारतको यात्राको ७२ पृष्ठ, बेन्डालले ३१६ भनी पढेका छन्, लेभीले ५१८ भनी शुध्याएका हुन्) । यो संवत् ५१८ ले देखाएको समय वि. सं. ५९५ भन्दा अगाडिको हुन सक्तैन । (५९५—५१८=७७ हुने हुनाले) वि. सं. ७७ यो समय पहिलो संवत्‌को प्रारम्भवर्षभन्दा अगाडि पर्न सक्तैन । यस कारण ७७ भन्दा पछि नै पहिलो संवत्‌को प्रारम्भ भएको हुनुपर्दछ भन्ने स्पष्ट छ । यस कारण वि. सं. ७७ भन्दा पछि तथा वि. सं. १२३ भन्दा अगाडिको कुनै वर्षमा पहिलो संवत्‌को उठान भएको हुनुपर्दछ भन्ने देखिन आउँदछ। संवत् ४४९ को एउटा शिलालेखमा प्रथम आषाढ भनी लेखिएको छ (ले नेपाल तेस्रो भागको ५१ पृष्ठ) । यस समयमा नेपालमा अधिकमास मध्यममानअनुसार र ब्रह्मगुप्तको नियमअनुसार गणना गरिन्थ्यो भन्ने कुरा अगि हामीले बताइसकेका छौं । ४४९+७७=५२६ तथा ४४९+१२३=५७२ हुने हुनाले वि. सं. ५२६ देखि ५७२ भित्रको कुनै वर्षमा यो संवत् ४४९ ले देखाएको वर्ष हुनुपर्दछ भन्ने देखिन्छ । यस अवधिभित्र मध्यममान तथा ब्रह्मगुप्तको नियमअनुसार वि. सं. ५४० तथा वि. सं. ५५९ यी दुइ वर्षमा मात्र प्रथम आषाढ पर्न सक्छन् । (५४०—४४९=९१ तथा ५५९—४४९=११० हुने हुनाले) वि. सं. ९१ वा ११० यी दुइ वर्षले देखाएका वर्षमध्ये एउटा वर्षमा पहिलो संवत्‌को प्रारम्भ भएको रहेछ भन्ने देखिन आउँछ। वि. सं. ९१ देखि पहिलो संवत् उठेको हो भनी मान्दा प्रथम शिवदेव र

अंशुवर्माको संयुक्त शासनकालको संवत् ५१८ को शिलालेखको समय (५१८+९१ =६०९ हुने हुनाले) वि. सं. ६०९ हुन आउँछ। वि. सं. ११० देखि पहिलो संवत् उठेको हो भनी मान्दा यो समय ६२८ हुन आउँछ। अंशुवर्माका संवत् ३० देखि ४०+य सम्मका अभिलेख पाइएका छन्। यताबाट वि. सं. ६२५ देखि ६३५+य सम्म अंशुवर्माले शासन गरेको देखिन्छ। वि. सं. ९१ र ११० यी दुइ वर्षमध्ये पहिलोचाहिं सरदर मिलाउँदा बढ्ता अनुकूल देखिन्छ, हुन त दोस्रो पनि नमिल्ने होइन। वि. सं. ९१ को नजीकैमा शकसंवत्को प्रारम्भवर्ष भएकोले नेपालको अभिलेखमा देखिएको संवत् शकसंवत् नै हो कि भने जस्तो देखिन आउँदछ। तर वर्तमान वर्ष लिए पनि, गत वर्ष लिए पनि, मध्यमसानले गणना गरे पनि, स्पष्ट-मानले गणना गरे पनि, साधारण रीतिबाट गणना गरे पनि, ब्रह्मगुप्तको रीतिबाट गणना गरे पनि शकसंवत् ४४९ को आषाढमा अधिकमास पर्दैन। यस कारण नेपालको अभिलेखमा देखिएको पहिलो संवत् शकसंवत् होइन भन्ने निश्चित छ। यस कारण नेपालको अभिलेखमा देखिएको पहिलो संवत्को प्रारम्भ कि त वि. सं. ९१ देखि भएको हो अथवा वि. सं. ११० देखि भएको हो भन्ने कुरा मान्नुपर्‍यो। आचार्य लेभीले अधिकमासको विषयमा साधारण रीतिको अनुसरण गरी वि. सं. १६७ देखि पहिलो संवत् उठेको हो तथा वि. सं. ६५२ देखि दोस्रो संवत् उठेको हो भन्ने सिद्धान्त निकालेका छन्। जे भए तापनि अधिकमासलाई लिई नेपालको इतिहासको काल–निर्णय गर्ने कामको श्रेय आचार्य लेभीले नै पाउँदछन्।

जयदेवको संवत् १५३ को शिलालेखमा वृषदेवदेखि वसन्तदेवसम्मका लिच्छवि राजाहरूको वंशावली क्रमैसँग लेखिएको छ। त्यसपछि—

अस्यान्तरेप्युदयदेव इति क्षितीशाज्

जा [तास्त्रयोदश तत] श्च नरेन्द्रदेवः

भनी लेखिएकोले बीचमा केही नाम छुटेका देखिन्छन्। त्यसपछि शिवदेव र जयदेवको क्रमैसँग उल्लेख आएको छ। कोष्ठभित्र हालिएका अक्षरहरू भगवान-लालले हालेका हुन्, शिलालेखमा स्पष्ट छैनन्। वसन्तदेव र नरेन्द्रदेवको बीचमा अन्तर छ भन्ने कुरो त स्पष्ट छ। वसन्तदेवपछि लगत्तै उदयदेव आएका हुन् अथवा नरेन्द्रदेवभन्दा लगत्तै पहिले उदयदेव आएका हुन् भन्ने कुराको निश्चय हुँदैन, अर्थात् नरेन्द्रदेवका बाबु उदयदेव हुन् वा नरेन्द्रदेवका धेरै माथिका पुर्खा उदयदेव हुन् भन्ने कुरा छुटयाउन सकिँदैन। यहाँनिर प्रायः भर पर्न नसकिने वंशावली पनि हामीकहाँ सुरक्षित भई आइपुगेको छ। यस समूहका राजाहरूको

सम्बन्धमा वंशावली र शिलालेखहरूमा समानता देखिएको कुरा विशेष उल्लेखनीय छ। शिलालेखमा उल्लेख भएकै राजाहरू वंशावलीमा पनि क्रमशः वृषदेव, शङ्करदेव, धर्मदेव, मानदेव, महीदेव र वसन्तदेव एकपछि अर्का भई आएका छन्। वृषदेव बुद्धमार्गी थिए भनी शिलालेखमा लेखिएको छ। शङ्कराचार्य दक्षिण भारतबाट आएर नेपालमा बौद्धधर्मको नाश गरे भन्ने कुरा वंशावलीमा लेखिएको छ। तर यो कुरा शिलालेखमा लेखिएको छैन। वंशावलीले बताएको समय शिलालेखले बताएको समयसँगचाहिं मिल्दैन। उदाहरणको लागि महीदेवको शासनकाल ५१ वर्षको थियो भनी वंशावलीमा लेखिएको छ। तर महीदेवका बाबुको संवत् ४१३ को तथा महीदेवका छोराको संवत् ४३५ को अभिलेख पाइएकाले उनले २२ वर्षभन्दा बढी शासन नगरेको कुरा स्पष्ट हुन्छ। वसन्तदेव-को राज्याभिषेक कलिगताब्द २८०० अर्थात् विक्रमपूर्व २४४ मा भयो भनी वंशावलीमा लेखिएको छ। तर शिलालेखअनुसार (४३५+९१=५२६ हुने हुनाले) वि. सं. ५२६ मा वसन्तदेव देखिन्छन्। तर वंशावलीमा भर परी वसन्तदेव र प्रथम शिवदेवको बीचमा हामीले उदयदेव, द्वितीय मानदेव र गुणकामदेव यो तीन राजाहरूलाई पारेका छौं। वसन्तदेवको लगत्तै पछि उदयदेव पर्दछन्। नरेन्द्रदेवको लगत्तै अघि उदयदेव पर्दैनन्। बाँकी रहेका दुइ राजा द्वितीय मानदेव र गुणकामदेव पनि थिए भन्ने कुराको प्रमाण नेपालका मानाङ्क र गुणाङ्क भनी प्रख्यात भएका टकबाट तथा मानगृहमा बस्ने गणदेवको संवत् ४००+य को (ले नेपाल, तेस्रो भागको ५५ पृष्ठ) शिलालेखबाट पनि सिद्ध हुन्छ। संवत् ४८ यो शिलालेखमा देखिएका लिच्छवि राजा ध्रुवदेव तथा संवत् ५००+य को शिलालेखमा देखिएका तृतीय मानदेव जिष्णुगुप्तसँग क्रमैसँग संयुक्त शासकको रूपमा देखिएका छन् (भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ, ले नेपाल तेस्रो भागको १०४ पृष्ठ)। यी दुवै प्रथम शिवदेव र नरेन्द्रदेवको बीचमा पर्न आउँछन्। अंशुवर्मा (वि. सं. ५९५–६३५ आसन्नकाल) तथा जिष्णुगुप्त (वि. सं. ६४३ आसन्नकाल) यी दुवै राजा लिच्छविवंशका नभएका हुनाले यिनलाई क्रममा मिलाउन मिलेन र यिनलाई छोडिदिएको छ। यसरी नेपालका प्राचीनकालका राजाहरूको राज्यकाल तल लेखिएबमोजिमको हुन आउँछ—

१) वृषदेव	वि. सं. ४०७–४३१ तिर
२) शङ्करदेव	वि. सं. ४३१ ४५४ तिर
३) धर्मदेव	वि. सं. ४५४–४७७ तिर
४) प्रथम मानदेव	वि. सं. ४७७–५०४ तिर

५) महीदेव	वि. सं. ५०४–५२६ तिर
६) वसन्तदेव	वि. सं. ५२६–५५० तिर
७) उदयदेव	वि. सं. ५५०–५७३ तिर
८) द्वितीय मानदेव	वि. सं. ५७३–५९७ तिर
९) गुणकामदेव	वि. सं. ५९७–६१९ तिर
१०) प्रथम शिवदेव	वि. सं. ६१९–६४३ तिर
११) ध्रुवदेव	वि. सं. ६४३–६६७ तिर
१२) तृतीय मानदेव	वि. सं. ६६७–६९० तिर
१३) नरेन्द्रदेव	वि. सं. ६९०–७१४ तिर
१४) द्वितीय शिवदेव	वि. सं. ७१४–७४० तिर
१५) जयदेव	वि. सं. ७४०–७५७ तिर

[१]

राधागोविन्द बासकको मतको परीक्षा

अंशुवर्माविखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६६३ देखि उठेको हर्षसंवत् हो भनी राधागोविन्द भन्दछन् । यही कुरो भगवानलालले पनि बोलेका छन् । यस सिद्धान्तको गणितद्वारा परीक्षा यही ग्रन्थका १८३–१९१ पृष्ठमा परिसकेको छ । यस कारण यहाँ राधागोविन्द बासकको मतको इतिहासको दृष्टिबाट मात्र परीक्षा गरिन्छ ।

कलकत्ता विश्वविद्यालयका प्राध्यापक राधागोविन्द बासकले अंग्रेजी भाषामा भारतको उत्तरपूर्व भागको इतिहास लेखेका छन् । बूक कंपनी लिमिटेड कलेज स्क्वायर कलकत्ताबाट वि. सं. १९९० मा सो पुस्तक प्रकाशित भएको छ ।[१] त्यसमा उनले नेपालका लिच्छवि राजाहरूको इतिहास लेखेका छन् । नेपालका लिच्छवि राजाहरूले तीन थरी संवत् व्यवहार गरेका थिए भनी राधागोविन्दले लेखेका छन् ।

उनको विचारअनुसार–

१. मानदेवको संवत् ३८६ को चाँगुको अभिलेखको संवत् विक्रमसंवत् हो । यसरी वि. सं. ३८६ देखि प्रारम्भ भएर चपलीगाउँमा रहेको अभिलेखमा देखिएको संवत् ४८९ सम्मका संवत् विक्रमसंवत् हुन् ।

२. शिवदेव र अंशुवर्माको संयुक्त शासनकालका अभिलेखमा देखिएका

---

१. वि. सं. २०२४ मा कलकत्ताको सम्बोधी पब्लिकेशनबाट यसको दोस्रो संस्करण प्रकाशित भएको छ । मूल सिद्धान्त दुवै संस्करणमा एउटै भए तापनि दोस्रो संस्करण परिवर्धित तथा संशोधित छ । राधागोविन्दको विचार दोस्रो संस्करणले झन् स्पष्ट पार्दछ भनी हामीले दोस्रो संस्करणबाट नै पत्रसङ्ख्या दिएका छौं । यस ग्रन्थका २९७ पृष्ठदेखि ३९० पृष्ठसम्म नेपालको इतिहास परेको छ ।

संवत्का शतस्थानी अङ्क ३०० हुन् तथा ती संवत् गुप्तसंवत् हुन् ।

३. अंशुवर्माको पालादेखि द्वितीय जयदेवको पालासम्मका अभिलेखमा देखिएका संवत् हर्षसंवत् हुन् ।

राधागोविन्दको विचार बुझन पाठकहरूलाई सजिलो होस् भनी उनको लेखको संबद्ध भागको नेपाली अनुवाद १ परिशिष्टमा दिइएको छ ।

अब राधागोविन्दको मतको परीक्षातिर हामी लाग्दछौं ।

राधागोविन्दको विचार सकार्दा पर्न आउने आपत्तिहरू:–

१

विक्रमसंवत् ३७६ देखि गुप्तसंवत् उठेकोले[२] र गुप्तसंवत्लाई गुप्त सम्राट्-हरूले नै उठाएका हुनाले वि. सं. ३७६ देखि गुप्तहरूको चकचकी हुन लागेको देखिन्छ । गुप्त सम्राट्हरूमा सबभन्दा बढ्ता पराक्रमी विजयी समुद्रगुप्त हुन् । उनको मृत्यु वि. सं. ४३२ मा भएको हो ।[२] राधागोविन्द बासकको विचार-अनुसार मानदेवहरूले प्रयोग गरेको संवत् विक्रमसंवत् हो । मानदेवका संवत् ४२७ सम्मका अभिलेख पाइन्छन् ।[३] यस कारण राधागोविन्दको विचारअनुसार भारतका प्रसिद्ध विजयी सम्राट् समुद्रगुप्त र नेपालका प्रसिद्ध राजा मानदेव एकै कालका जस्ता देखिन आउँछन् । तर राधागोविन्दको विचारअनुसार मानदेवले विक्रमसंवत्को प्रयोग गरेका हुनाले गुप्तहरूको सबभन्दा बढ्ता प्रभाव फैलिएको वेला नेपालमा गुप्तसंवत् चलेको थिएन भन्ने देखिन्छ ।

समुद्रगुप्तका छोरा सम्राट् द्वितीय चन्द्रगुप्त पनि पिता जस्तै पराक्रमी थिए । उनको मृत्यु वि. सं. ४७२ तिर भएको हो ।[२] संवत् ४२८ देखि ४५४ सम्म वसन्तदेव,[३] संवत् ४६० मा वामनदेव,[३] संवत् ४६७ मा रामदेव,[३] संवत् ४८२ देखि संवत् ४८७ सम्म गणदेव,[३] संवत् ४८९ मा गङ्गादेव[३] शासन गरिरहेका देखिन्छन् । यी संवत् राधागोविन्दको विचारअनुसार विक्रमसंवत् हुन् । यस कारण प्रतापी गुप्त सम्राट् द्वितीय चन्द्रगुप्तको पालामा पनि गुप्तसंवत् नेपालमा चलेको देखिदैन ।

---

२. २ परिशिष्ट

३. ३ परिशिष्ट

वि. सं. ४७२ मा द्वितीय चन्द्रगुप्तको मृत्यु भएपछि उनका छोरा कुमार-गुप्तले वि. सं. ५१२ सम्म शासन गरे ।[२] कुमारगुप्तपछि स्कन्दगुप्तले आफ्नो पुख्यौली राज्य अडचाउन ठूलो परिश्रम गर्नुपरेको थियो ।[२] स्कन्दगुप्तपछि गुप्त-साम्राज्य कमजोर हुँदै गयो ।[२] यशोधर्माले गुप्त सम्राट्हरूको प्रताप भूतपूर्व विषय भएको छ भन्ने कुरा आफ्नो अभिलेखमा लेखाएका छन् ।[२] वि. सं. ५८९ को यशोधर्माको अभिलेखबाट उनको समय थाहा पाइन्छ ।[२]

शिवदेव र भौमगुप्तको विष्णुपादुकाको अभिलेखदेखि शिवदेव र अंशुवर्माको लेलेको अभिलेखसम्मका अभिलेखमा देखिएका संवत्का शतस्थानी अङ्क कोही ५०० भनी पढ्दछन्[३] कोही ३०० भनी पढ्दछन् । राधागोविन्द ती अङ्क ३०० का हुन् भन्छन् । यस कारण उनको विचारअनुसार संवत् ३१२ देखि ३२६ सम्म यी अभिलेखका समय हुन आउँछन् । यसै गरी काठमाडौं ज्याबहालनिरको अभिलेखको संवत् पनि राधागोविन्दको विचारअनुसार ३३५ हुन आउँछ । यस कारण संवत् ३१२ देखि ३३५ सम्मको संवत् राधागोविन्दको विचारअनुसार गुप्तसंवत् भएकाले र वि. सं. ३७६ देखि गुप्तसंवत् चलेकोले तथा ३७६+३१२ =६८८ र ३७६+३३५=७११ हुने हुनाले वि. सं. ६८८ देखि ७११ सम्म नेपालमा गुप्तसंवत् चलेको थियो भन्ने कुरो राधागोविन्दको विचारबाट देखिन आउँछ ।

वि. सं. ६६३ देखि ७०३ सम्म भारतमा प्रसिद्ध सम्राट् हर्षवर्धन राज्य गरि-रहेका देखिन्छन् (विसेन्ट स्मीथको भारतको प्राचीन इतिहास, तृतीय संस्करणको ३३८-३५२ पृष्ठ) । यस कारण नेपालमा गुप्तसंवत् चल्यो भनी राधागोविन्दले दिएको समय प्रतापी सम्राट् हर्षवर्धनले आफ्नो संवत् चलाई शासन गरिरहेको समयसँग मिल्नमिल्न आउँछ, अर्थात् गुप्तसाम्राज्य समाप्त भएको १०० वर्षभन्दा बढ्तापछि हर्षवर्धनको साम्राज्यकालमा नेपालमा गुप्तसंवत् चल्यो भन्ने देखिन आउँछ ।

जुन समयमा प्रतापी गुप्त सम्राट्हरू राज्य गरिरहेका थिए त्यस वेलामा चाहिं गुप्तसंवत् चलेको थिएन किन्तु विक्रसंवत् चलेको थियो जुन वेलामा गुप्तसाम्राज्य नष्ट भइसकेको थियो, त्यस वेला नेपालमा गुप्तसंवत् चल्यो भन्ने कुरा राधा-

२. २ परिशिष्ट

३. ३ परिशिष्ट

गोविन्दको सिद्धान्तबाट देखिन आउँछ । यस कारण यस्तो कुरो मान्न अप्ठचारो पर्दछ ।

२

चौकिारको संवत् ४८२ को अभिलेखबाट सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त राजाका प्रधान सल्लाहकारका रूपमा देखिन्छन् । विष्णुपादुकाको फेदीको अभिलेखबाट पनि सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त राजाका प्रधान सल्लाहकारका रूपमा देखिन्छन् । राधागोविन्दको विचारमा यो संवत् ३१२ हुन आउँछ तथा उनको विचारअनुसार यो संवत् गुप्तसंवत् भएकोले (३७६+३१२=६८८ हुने हुनाले) वि. सं. ६८८ हुन आउँछ । चौकिटारमा देखिएको संवत् ४८२ राधागोविन्दको मतअनुसार विक्रमसंवत् भएकोले वि. सं. ४८२ देखि वि. सं. ६८८ सम्म भौमगुप्त सर्वदण्डनायक महाप्रतिहार पदले विभूषित भई राजाका प्रधान सल्लाहकार भएर रहेका देखिन्छन्, अर्थात् २०० वर्षभन्दा बढ्ता वर्षसम्म भौमगुप्त बाँचे भनी मान्नुपर्दछ । यस्तो कुरो मान्न इतिहासको दृष्टिबाट गाह्रो पर्दछ ।

३

बुङमतीको अंशुवर्माको संवत् २९ को अभिलेख पाइन्छ ।[३] राधागोविन्दको विचारअनुसार यो संवत् हर्षसंवत् भएकोले (६६३+२९=६९२ हुने हुनाले) वि. सं. ६९२ देखि नेपालमा हर्षसंवत् चल्यो भन्ने कुरा देखिन आउँछ । वि. सं. ६८८ देखि ७११ सम्म नेपालमा गुप्तसंवत् चलेको थियो भन्ने कुरो राधागोविन्दको मतबाट सिद्ध हुन आउँछ भनी भरखरै माथि बताइयो यस कारण नेपालमा गुप्तसंवत् र हर्षसंवत् एकै बाजि चलेका थिए भनी मान्नुपर्दछ । यो कुरो मान्न अलि अप्ठेरो छ ।

अंशुवर्माका शासनकालका संवत् २९ देखि ४५ सम्मका अभिलेख पाइन्छन् ।[३] यी संवत् राधागोविन्दको विचारअनुसार हर्षसंवत् भएकाले र ६६३+२९=६९२ तथा ६६३+४५=७०८ हुने हुनाले वि. सं. ६९२ देखि वि. सं. ७०८ सम्म नेपालमा अंशुवर्मा शासन गरिरहेका देखिन्छन् ।

---

३. ३ परिशिष्ट

वि. सं. ६८६ मा आफ्नो यात्रा शुरू गरी वि. सं. ७०२ मा स्वदेश फर्केका प्रसिद्ध चिनियाँ यात्री युवान च्वाङ्गले नेपालका भरखरका भूतपूर्व राजा अंशुवर्मा बुद्धिमान् रहेछन् भनी लेखेकाले[४] उनको लेखअनुसार वि. सं. ७०२ भन्दा केही अगाडि अंशुवर्माको मृत्यु भइसकेको हुनुपर्दछ। तर राधागोविन्दको विचारअनुसार वि. सं. ७०८ सम्म अंशुवर्मा जीवित देखिएकाले युवान च्वाङ्गले भनेको कुरा झुटो हो भनी मान्नुपर्ने हुन आउँछ।

चीनको ताङवृत्तान्तअनुसार चिनियाँ राजदूतले वि. सं. ७०० देखि ७०८ सम्म नेपालको राजसिंहासनमा नरेन्द्रदेवलाई देखेका थिए भन्ने देखिन्छ।[४] संवत् ४८ देखि संवत् ६५ सम्म ध्रुवदेव र जिष्णुगुप्त तथा भीमार्जुनदेव र विष्णुगुप्तका अभिलेख पाइन्छन्।[३] संवत् ६७ देखि मात्र नरेन्द्रदेवका शिलालेख पाइन्छन्।[३] राधागोविन्दको मतअनुसार यो संवत् हर्षसंवत् हो। ६६३+४८ =७११, ६६३+६५=७२८ र ६६३+६७=७३० हुने हुनाले वि. सं. ७२८ सम्म नरेन्द्रदेव राजा भएका थिएनन् र वि. सं. ७३० देखि मात्र उनी राजा भएका हुन् भन्ने देखिन आउँछ। वि. सं. ६९२ देखि ७०८ सम्म अंशुवर्मा नेपालमा शासन गरिरहेका थिए भन्ने कुरो राधागोविन्दको विचारअनुसार सिद्ध हुन्छ भनी भरखरै भनियो। अहिले वि. सं. ७३० देखि मात्र नरेन्द्रदेव राजा भएका देखिन्छन् भन्ने देखियो। यस कारण चीनको ताङवृत्तान्तमा लेखिएको नेपालको वर्णन अशुद्ध हो भन्ने देखिन आउँछ भनी राधागोविन्दको विचारअनुसार हामीले मान्नुपर्दछ।

यस कारण:–

१. गुप्तहरूको चकचकी भएको वेला नेपालमा गुप्तसंवत् चलेको थिएन किन्तु विक्रमसंवत् चलेको थियो।

२. गुप्तसाम्राज्य नष्ट भइसकेको १०० वर्ष जतिपछि नेपालमा गुप्तसंवत् चल्यो।

३. नेपालमा गुप्तसंवत् र हर्षसंवत् एकै ताका चले।

४. सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त २०० वर्षभन्दा बढ्ता बाँचे।

---

४. ४ परिशिष्ट

३. ३ परिशिष्ट

५. युवान–च्वाङ्गले गरेको नेपालको वर्णन झुटो हो ।

६. चीनको ताङवृत्तान्तमा लेखिएको नेपालको वर्णन झुटो हो ।

माथिका यी ६ वटा कुरा नमानी राधागोविन्दको मत सकार्न सकिंदैन ।[५]

राधागोविन्द जस्ता विद्वान्ले यस्तो दूषित मतको प्रतिपादन किन गरे होलान् भन्ने कुराको उत्तरमा भारतको गुप्तसाम्राज्यको संवत् पनि नेपालले सकारेको, भारतको हर्षसाम्राज्यको संवत् पनि नेपालले सकारेको हुनाले भारतको वशवर्ती भई नेपाल रहेको थियो भन्ने देखाउने उद्देश्य उनको देखिन्छ । उनको तलको वाक्यबाट यो अभिप्राय स्पष्ट हुन्छ—

मिस्टर् वैद्य थिङक्स् द्याट् हर्षवर्धन'ज् कङक्विस्ट् अफ् नेपाल् वज् अ डेफ्इनिट् हिस्टर्इक्अल् ईभेन्ट् यान्ड् द्याट् दिस् एम्पर्अर् फोर्स्ड् शिवदेव १ (द लिच्छवि किङ) टु इन्ट्र्-ड्युस् इन् नेपाल् द हर्ष ईर्अ यान्ड् दिस् ह्याप्न्ड् सम्टाइम् अब्राउट् ए डी ६१० ।

(राधागोविन्द बासकको ग्रन्थका ३७७–३७८ पृष्ठ)

[हर्षवर्धनले नेपाल जिते भन्ने कुरो साँचो घटना हो, यी सम्राट्ले लिच्छवि राजा प्रथम शिवदेवलाई नेपालमा हर्षसंवत् चलाउन कर लाए, यो घटना वि. सं. ६६७ तिर भयो भन्ने श्रीवैद्यको विचार छ ।]

---

५. रमेशचन्द्र मजूमदारले पनि राधागोविन्द बासकको मतको परीक्षा गरेका छन्, यही ग्रन्थको ३२३ पृष्ठ ।

[परिशिष्ट][1]

राधागोविन्द बासकको मत

१. इन्द्राजी १ संख्या, नोली १ संख्या, लिच्छवि राजा मानदेवको अभिलेख। [वि]. सं. ३८६।

२. लेभी २ संख्या, नोली ३ संख्या, लाजिम्पाटमा रहेको अभिलेख। [वि]. सं. ३८९।

३. नोली ४ संख्या, मानदेवको आज्ञाले नरवर्माले लाजिम्पाटमा स्थापना गरेको शिवलिङ्गको अभिलेख। [वि]. सं. ३८८।

४. नोली ५ संख्या, टुँडालदेवीको मन्दिरको अभिलेख। [वि]. सं. ३९९। नोलीको ६ संख्या, मानदेवको पालामा रत्नसङ्घले देउपाटनमा रत्नेश्वर शिवलिङ्ग स्थापना गरी गूठी राखेको अभिलेख। [वि]. सं. ३९९।

५. लेभी ३ संख्या, नोली ७ संख्या, टेवहालको अभिलेख। [वि]. सं. ४०२।

६. इन्द्राजी २ संख्या, नोली ८ संख्या, मानदेवका पालाको जयवर्माको अभिलेख। [वि]. सं. ४१३।

७. नोली ९ संख्या, मानदेवको पालाको चाँगुनारायणको मूल ढोकानजीकै रहेको निरदेक्षको अभिलेख। [वि]. सं. ४२७।

८. नोली १० संख्या, मानदेवको पालामा प्रभुसङ्घले देउपाटनमा स्थापना गरेको प्रभुकेश्वरको अभिलेख। यहाँको संवत् पढ्न सकिँदैन।

९. नोली १२ संख्या, वसन्तदेवको थानकोट आदिनारायणको अभिलेख। [वि]. सं. ४२८।

१०. इन्द्राजी ३ संख्या, नोली १३ संख्या वसन्तदेवको जैसीदेवलको अभिलेख। [वि]. सं. ४३५।

---

१. राधागोविन्द बासकको ग्रन्थका ३०१–३४२ पृष्ठबाट।

११. लेभी ४ संख्या, नोली ११ संख्या, हाँडिगाउँको स्तम्भाभिलेख [संवत् लेखिएको भाग नष्ट भएको छ] ।

१२. लेभी ६ संख्या, नोली १४ संख्या, किसिपिडीको अभिलेख । [वि]. सं. ४४९ ।

१३. नोली १६ संख्या, पशुपतिको मन्दिरनजीकै रहेको अभिलेख । [वि]. सं. ४६२ ।

१४. नोली १५ संख्या, वसन्तदेवको बलम्बू (चौकिटार) को अभिलेख । [वि]. सं. ४५४ ।

१५. नोली १७ संख्या, रामदेवको पालाको मृगस्थली जाने बाटोको अभिलेख । [वि]. सं. ४६९ ।

१६. नोली १८ संख्या, मणिगुप्तले आर्यावलोकितेश्वर स्थापना गरेको अभिलेख । संवत् भएको भाग नष्ट भएको छ ।

१७. नोली १९ संख्या; गणदेव र भौमगुप्तको चौकीटारको अभिलेख । [वि]. सं. ४८२ ।

१८. लेभी ८[२] संख्या, नोली १९ संख्या गणदेव र भौमगुप्तको किसिपिडीको अभिलेख । [वि]. सं. ४८२ ।

१९. नोली २० संख्या, गणदेवको पालाको देउपाटन त्यागलटोलको अभिलेख । [वि]. सं. ४८९ ।

२०. लेभी ८ संख्या, नोली २१ संख्या, गणदेवको पालाको चपलीगाउँको अभिलेख । [वि]. सं. ४७८[३] ।

२१. लेभी १३ संख्या, नोली ३५ संख्या, अंशुवर्माको हाँडिगाउँको पहिलो अभिलेख । [हर्ष] संवत् ३० (वि. सं. ६९३) ।

२२. लेभी ९ संख्या, नोली २५ संख्या, प्रथम शिवदेवको पालाको भादगाउँ तुलाछेँटोलको अभिलेख । [गुप्त] संवत् ३१७ (वि. सं. ६९३) ।

---

२. यो संख्या मिल्दैन – अनुवादक ।

३. ग्रन्थकारले माथि ४७८, तल व्याख्यामा ४८९ लेखेका छन् –अनुवादक ।

२३. बेन्डाल १ संख्या, नोली २४ संख्या, प्रथम शिवदेवको अभिलेख। [गुप्त] संवत् ३१३[४] (वि. सं. ६९३)।

२४. इन्द्राजी ५ संख्या, नोली २७ संख्या, प्रथम शिवदेवको बूढानीलकण्ठको अभिलेख। [गुप्त] संवत् ३१८ (वि. सं. ६९४)।

२५. लेभी १४ संख्या, नोली ३६ संख्या, अंशुवर्माको हाँडिगाउँको दोस्रो अभिलेख। [हर्ष] संवत् ३२ (वि. सं. ६९५)।

२६. लेभी १५ संख्या, नोली ३७ संख्या, अंशुवर्माको साँगाको अभिलेख। [हर्ष] संवत् ३२ (वि. सं. ६९५)।

२७. लेभी १० संख्या, नोली २९ संख्या, टोखाको अभिलेख। [गुप्त] संवत् ३१९ (वि. सं. ६९५)।

२८. इन्द्राजी ६ संख्या, नोली ३९ संख्या, अंशुवर्माको बुङमतीको अभिलेख। [हर्ष] संवत् ३३[५] (वि. सं. ६९७)।

२९. लेभी ११ संख्या, नोली ३० संख्या, धर्मपुरको अभिलेख। [गुप्त] संवत् ३२० (वि. सं. ६९६)।

३०. लेभी १२ संख्या, नोली ३१ संख्या, प्रथम शिवदेवको खोपासीको अभिलेख। [गुप्त] संवत् ३२० (वि. सं. ६९६)।

३१. बेन्डाल २ संख्या, नोली ३८ संख्या, [अंशुवर्माको] अभिलेख। [हर्ष] संवत् ३४ (वि. सं. ६९७)।

३२. इन्द्राजी ७ संख्या, नोली ४१ संख्या, अंशुवर्माको देउपाटनको अभिलेख। [हर्ष] संवत् ३९ (वि. सं. ७०२)।

३३. इन्द्राजी ८ संख्या, नोली ४८ संख्या, विभुवर्माको अभिलेख। [हर्ष] संवत् ४५ (?) (वि. सं. ७०८)।

---

४. २२ संख्यामा गुप्तसंवत् ३१७ दिई ई. सं. ६३६–३७ तथा २३ संख्यामा गुप्तसंवत् ३१३ दिई ई. सं. ६३६–३७ ग्रन्थकारले दिएका छन्, यो अशुद्ध हो भन्ने स्पष्ट छ– अनुवादक।

५. यहाँको संवत्लाई इन्द्राजी तथा नोलीले ३४ भनी पढेका छन्
– अनुवादक।

३४. इन्द्राजी ९ संख्या, नोली ५० संख्या, ध्रुवदेव+जिष्णुगुप्तको पाटन छिन्नमस्ताको अभिलेख । [हर्ष] संवत् ४८ (वि. सं. ७११) ।

३५. इन्द्राजी ४ संख्या, नोली ४० संख्या, काठमाडौं लगनटोलको अभिलेख । [गुप्त] संवत् ३३५ (वि. सं. ७११) ।

३६. नोली ५१ संख्या, ध्रुवदेव+जिष्णुगुप्तको मालटारको अभिलेख । [हर्ष] संवत् ४९ (वि. सं. ७१२) ।

३७. इन्द्राजी १० संख्या, नोली ५२ संख्या, ध्रुवदेव+जिष्णुगुप्तको मीननारायणको अभिलेख । संवत् लेखिएको भाग नष्ट भएको छ ।

३८. नोली ५३ संख्या, ध्रुवदेव+जिष्णुगुप्तको आदेश्वरको अभिलेख । संवत् लेखिएको भाग नष्ट भएको छ ।

३९. नोली ५४ संख्या, ध्रुवदेव+जिष्णुगुप्तको केवलपुरको अभिलेख । संवत् लेखिएको भाग नष्ट भएको छ ।

४०.[६] नोली ५५ संख्या, भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूको अभिलेख । [हर्ष] संवत् ५५ (वि. सं. ७१८) ।

४१. लेभी १६ संख्या, नोली ५६ संख्या, भीमार्जुनदेव+ जिष्णुगुप्तको थानकोटको अभिलेख । [हर्ष] संवत् ५९ (वि. सं.७२२) ।

४२. नोली ५७ संख्या, मालिगाउँको अभिलेख । [हर्ष] संवत् ५९ (वि. सं. ७२२) ।

४३. नोली ५८ संख्या, भीमार्जुनदेव+जिष्णुगुप्तको यङ्गालहिटीको अभिलेख । संवत् लेखिएको भाग नष्ट भएको छ ।

४४. इन्द्राजी ११ संख्या, नोली ५९ संख्या, जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको अभिलेख । संवत् लेखिएको भाग नष्ट भएको छ ।

४५. नोली ६० संख्या, जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको अभिलेख । यहाँ संवत् उल्लेख गरिएको छैन ।

---

६. ग्रन्थकारले क्रमसंख्या ३९ पछि पुनः ३४, ३५ इत्यादि लेखेका छन् । तर यसमा हामीले ३९ पछिको ३४ लाई ४० मानी लेखेका छौं – अनुवादक ।

४६. नोली ६१ संख्या, भीमार्जुनदेव + विष्णुगुप्तको यङ्गालहिटीको अभिलेख। [हर्ष] संवत् ६४ (वि. सं. ७२७)।

४७. नोली ६२ संख्या, भीमार्जुनदेव + विष्णुगुप्तको भृङ्गारेश्वरको अभिलेख। [हर्ष] संवत् ६५ (वि. सं. ७२८)।

४८. नोली ६३ संख्या, टेबहालको अभिलेख। यहाँ संवत् उल्लेख गरिएको छैन। लिपिको हिसाबबाट यो अभिलेख अंशुवर्मा र नरेन्द्रदेवको बीचको समयको हुनुपर्दछ।

४९. नोली ६४ संख्या, पाटन यम्पिबहिको अभिलेख। यहाँ संवत् उल्लेख गरिएको छैन।

५०. नोली ६५ संख्या, नरेन्द्रदेवको पालाको देउपाटनको अभिलेख। [हर्ष] संवत् ६९ (वि. सं. ७३२)।

५१. नोली ६६ संख्या, नरेन्द्रदेवको यङ्गालहिटीको अभिलेख। [हर्ष] संवत् ६९ (वि. सं. ७३२)।

५२. नोली ६७ संख्या, नरेन्द्रदेवको भन्सारचोकको अभिलेख। [हर्ष] संवत् ६९ (वि. सं. ७३२)।

५३. नोली ६८ संख्या, नरेन्द्रदेवको देउपाटनको अभिलेख। [हर्ष] संवत् ७१ (वि. सं. ७३४)।

५४. नोली ६९ संख्या, नरेन्द्रदेवको पालाको नक्सालको अभिलेख। [हर्ष] संवत् ७८ (वि. सं. ७४१)।

५५. नोली ७१ संख्या, पाटन वटुकभैरवको अभिलेख। [हर्ष] संवत् ८९ (वि. सं. ७५२)।

५६. नोली ७२ संख्या, नरेन्द्रदेवको पाटन च्यासलटोलको अभिलेख। [हर्ष] संवत् ९५ (वि. सं. ७५८)।

५७. बेन्डाल ३ संख्या, नोली ७० संख्या, (नरेन्द्रदेवको) पाटन गोल्हीधाराको अभिलेख। [हर्ष] संवत् ८२ (वि. सं. ७४५)।

५८. इन्द्राजी १३ संख्या, नोली ७३ संख्या, नरेन्द्रदेवको पशुपति (वज्रघर) को अभिलेख। [हर्ष] संवत् १०३ (वि. सं. ७६६)।

५९. लेभी २० संख्या, नोली ७४ संख्या, नरेन्द्रदेवको यागबहालको अभिलेख। संवत् भएको भाग नष्ट भएको छ ।

६०. नोली ७५ संख्या, साँखुको अभिलेख। यहाँ संवत् उल्लेख गरिएको छैन।

६१. नोली ७६ संख्या, द्वितीय शिवदेवको बलम्बूको अभिलेख । [हर्ष] संवत् १०९ (वि. सं. ७७२) ।

६२. इन्द्राजी १२ संख्या, नोली ७७ संख्या, द्वितीय शिवदेवको लगनटोलको अभिलेख। [हर्ष] संवत् ११९ (वि. सं. ७८२) ।

६३. नोली ७८ संख्या, द्वितीय शिवदेवको भृङ्गारेश्वरको अभिलेख। [हर्ष] संवत् १२५ (वि. सं. ७८८) ।

६४. लेभी ··· संख्या,[७] नोली ३२ संख्या, द्वितीय शिवदेवको चापागाउँको अभिलेख । संवत् भएको भाग नष्ट भएको छ ।

६५. लेभी १८ संख्या, नोली ७९ संख्या, द्वितीय जयदेवको पाटन च्यासल-टोलको अभिलेख। [हर्ष] संवत् १३७ (वि. सं. ८००) ।

६६. इन्द्राजी १४ संख्या, नोली ८० संख्या, द्वितीय जयदेवको पालाको पाटन मीननाथको अभिलेख। [हर्ष] संवत् १४५ (वि. सं. ८०८) ।

६७. नोली ८५ संख्या, द्वितीय जयदेवको पाटन मीननाथनिरको अभिलेख । संवत् भएको भाग नष्ट भएको छ ।

६८. बेन्डाल ४ संख्या, द्वितीय जयदेवको समयको अभिलेख। [हर्ष] संवत् १५१ (वि. सं. ८१४) ।

६९. इन्द्राजी १५ संख्या, नोली ८१ संख्या, द्वितीय जयदेवको पशुपतिको अभिलेख । [हर्ष] संवत् १५९ (वि. सं. ८२२) ।

---

७. यहाँ बासकले भनेको नोलीको ३२ संख्याको अभिलेख उनको ग्रन्थको ४३ पृष्ठमा छापिएको छ। सो अभिलेख नोलीले नै सर्वप्रथम प्रकाश गरेका हुन्। नोलीले यहाँ लेभीको नाम लिएका छैनन् । नोलीले दिएका महीनाहरूसँग बासकले दिएका महीनाहरू पनि मिल्दैनन् । यस कारण यहाँ बासकले भूल गरेको देखिन्छ —अनुवादक।

नेपालका लिच्छवि राजाहरू[८]

(यी राजाहरूलाई वंशावलीमा सूर्यवंशी भनेको छ।)

१. प्रथम जयदेव अन्दाजी वि. सं. ५८ [इन्द्राजी १५ संख्याको अभिलेख]। १५ संख्याको अभिलेखमा २ देखि १२ सम्मका राजाहरूका नाम उल्लेख भएका छैनन्।

१३. वृषदेव अन्दाजी वि. सं. ३१७ [इन्द्राजी १ र १५ संख्या]।

१४. शङ्करदेव, १३ का छोरा, अन्दाजी वि. सं. ३४२ [इन्द्राजी १ र १५ संख्या]।

१५. धर्मदेव, १४ का छोरा, राज्यवतीका पति, अन्दाजी वि. सं. ३६२ [इन्द्राजी १ र १५ संख्या]।

१६. प्रथम मानदेव, १५ का छोरा वि. सं. ३८६–४१३, [इन्द्राजी १ र १५ संख्या, लेभी २ संख्या, नोली ३, ४, ५, ७, ८, ९ र १० संख्या]।

१७. महीदेव, १६ का छोरा, अन्दाजी वि. सं. ४१७।

१८. वसन्तदेव वा वसन्तसेन, १७ का छोरा, वि. सं. ४३५ तथा वि. सं. ४४९ [इन्द्राजी ३ तथा १५ संख्या, लेभी ६ संख्या, नोली १४ संख्या]।

१९–२६. १८ का सन्तानहरू, यिनीहरूका नाम इन्द्राजी १५ संख्यामा उल्लेख भएका छैनन्। तर अहिलेसम्म थाहा नपाइएका यी नामहरूमध्ये निम्नलिखित पाँचवटा नयाँ नाम अहिले थाहा हुन आएका छन्। (१) रामदेव [नोली १७ संख्या] वि. सं. ४६९। (२) गणदेव [नोली १९, २१ संख्या] वि. सं. ४८९। (३) द्वितीय मानदेव। (४) गुणकामदेव [रेग्मीको प्राचीन नेपाल ६९, ९३ पृष्ठ]। (५) वसुराज [नोली ५४ संख्या]।

२७. प्रथम शिवदेव, अन्दाजी वि. सं. ६६७, लेभी ९–१२ संख्या [गुप्त] संवत् ३१० (?), ३१९, ३२०, बेन्डाल १ संख्या [गुप्त] संवत् ३१८ (वि. सं. ६९४) [इन्द्राजी ५ संख्या, तर इन्द्राजी १५ संख्यामा उल्लेख नगरिएका, नोली २७, ३१–३३ संख्या]

सहायक शासक अंशुवर्मा; पहिले सामन्त, त्यसपछि महासामन्त अनि

---

८. वासकको ग्रन्थका ३५९-३६२ पृष्ठबाट।

महाराज, [हर्ष] संवत् ३०, ३२, ३४, ३९, ४५ (?)[९] (वि. सं. ६९३–७०८) [इन्द्राजी ६–८ संख्या, बेन्डाल २ संख्या, लेभी १३–१५ संख्या, नोली २७–३१, ३३–३९, ४१–४४ र ४८ संख्या]

२८. ध्रुवदेव, [हर्ष] संवत् ४८ (वि. सं. ७११) [इन्द्राजी ९ संख्या तर १५ संख्यामा उल्लेख नगरिएका, नोली ५१, ५३ र ५४ संख्या] सहायक शासक जिष्णुगुप्त,[१०] [हर्ष] संवत् ४६[११] (वि. सं. ७०९) [नोली ५१ ५३, ५४ संख्या]। हर्षसंवत् ५५ (वि. सं. ७१८), ५९ (वि. सं. ७२२), ६४ (वि. सं. ७२७) तथा ६५ (वि. सं. ७२८) [नोली ५५, ५७,, ६१ तथा ६२ संख्या]। नोलीको ५७ संख्याको अभिलेखमा युवराज ध्यानगुप्त[१२] दूतकको रूपमा देखिन्छन् र नोलीकै ६१ तथा ६२ संख्यामा पनि उनको नाम दूतकको रूपमा उल्लेख गरिएको छ। [इन्द्राजीको ९–११ संख्या र लेभीको १६ संख्या] हर्षसंवत् ४९ (वि. सं. ७१२)।

टिप्पणी:–विक्रमसेन, शायद २८ का छोरा, इन्द्राजीको ४ संख्यामा यिनलाई राजपुत्र भनिएको छ। [गुप्त] संवत् ३३५ (वि. सं. ७११) इन्द्राजीले संवत् ५३५ भनी पढेका छन्, सो अशुद्ध हो।

२९. भीमार्जुनदेव, सहायक शासक जिष्णुगुप्तका केही वर्षसम्म वशवर्ती

---

९. हर्षसंवत् ३०–४५ सम्मको अर्थ ई. सं. ६४०–६५१ सम्म भनी बासकले लेखेका छन् (३६० पृष्ठ)। हर्षसंवत् ४५ ई. सं. ६५१ भएपछि हर्षसंवत् ३० ई. सं. ६३६ हुनुपर्ने हो। –अनुवादक।

१०. यहाँ बासकले, नोलीका ५१, ५३, ५४, ५५, ५७, ६१ तथा ६२ संख्याका अभिलेखहरूलाई जिष्णुगुप्तका हुन् भनी लेखेका छन्। तर नोलीका अभिलेखअनुसार ५१, ५३, ५४, ५५ संख्याका अभिलेखहरू मात्र जिष्णुगुप्तका देखिन्छन्, किनभने ५७ संख्यामा कुनै राजाको नाम उल्लेख गरिएको छैन र ६१ तथा ६२ संख्यामा भीमार्जुनदेव र विष्णुगुप्तका नाम उल्लेख गरिएका छन्।
–अनुवादक।

११. यहाँ बासकले हर्षसंवत् ४६ (ई. सं. ६५२) भनी लेखेका छन्, तर नोलीको ५१ संख्यामा संवत् ४९ छ ४६ छैन। –अनुवादक।

१२. नोलीको ५७, ६१ तथा ६२ संख्यामा दूतक युवराज श्रीधरगुप्त भनी लेखिएको छ, तर बासक युवराज ध्यानगुप्त लेखिएको छ भन्छन्। –अनुवादक।

भएका । नोली ५५ संख्या (हर्षसंवत् ५५ = वि. सं. ७१८), ५८ संख्या, ६१ संख्या (हर्षसंवत् ६४ = वि. सं. ७२७), ६२ संख्या (हर्ष-संवत् ६५ = वि. सं. ७२८) । [इन्द्राजीको १५ संख्यामा उल्लेख नभएका]

३०. उदयदेव, अन्दाजी वि. सं. ७२७, इन्द्राजीको १५ संख्यामा उल्लेख भएका, इन्द्राजीको ७ संख्यामा युवराज भनिएका [हर्ष] संवत् ३९ (वि सं. ७०२) । यो पक्का पनि लिच्छवि हुन् ।

३१. नरेन्द्रदेव, [हर्ष] संवत् ६९ (वि. सं. ७३२) [नोली ६५, ६६, ६७ संख्या]; [हर्ष] संवत् ७१] (वि. सं. ७३४) [नोली ६८ संख्या]; [हर्ष] संवत् ७८ (वि. सं. ७४१) [नोली ६९ संख्या]; [हर्ष] संवत् ८९ (वि. सं. ७५२) [नोली ७१ संख्या, नाम भएको भाग नष्ट भएको]; [हर्ष] संवत् ९५ (वि. सं. ७५८) [नोली ७२ संख्या, नाम भएको भाग नष्ट भएको]; [हर्ष] संवत् १०३ (वि. सं. ७६६) [इन्द्राजी १३ संख्या, नोली ७४[१३] संख्या] ।

३२. द्वितीय शिवदेव; ३१ का छोरा, मौखरि भोगवर्माकी छोरी तथा मगधका आदित्यसेनकी दौहित्री वत्सदेवीका पति । [हर्ष] संवत् ११९–१३४ (वि. सं. ७८२–७९७) [इन्द्राजी १२ संख्या, लेभी १९–२० संख्या] । [हर्ष] संवत् १०९ (वि. सं. ७७२) नोली ७६ संख्या । [हर्ष] संवत् १२५ (वि. सं. ७८८) नोली ७८ संख्या ।

३३. द्वितीय जयदेव (परचक्रकाम); ३२ का छोरा, भगदत्तको कुलमा जन्मेका तथा गोड, उड्र, कलिङ्ग, कोशलहरूका राजा श्रीहर्षकी छोरी राज्यमती-का पति । [हर्ष] संवत् १५९ (वि. सं. ८२२) [इन्द्राजी १३–१५ संख्या, लेभी १८ संख्या] । नोली ८१ संख्यामा [हर्ष]संवत् १५९ भनी पढ्छन् । नोलीको ८५ संख्यामा संवत् भएको भाग नष्ट भएको छ ।

---

१३. यो संख्या नोलीको ग्रन्थअनुसार ७३ हो — अनुवादक ।

[२ परिशिष्ट]

राधागोविन्द बासकको मतको परीक्षा गर्दा चाहिने गुप्तकालका ऐतिहासिक सामग्री

१

गजनीका महमूदले मध्य एशिया जित्ता अलबेरूनी (वि. सं. १०३०–११०५) नामका विद्वान् विजेताका कैदी भई गजनी आए । महमूदले भारतमा हमला गर्दा अलबेरूनी पनि साथै आएका थिए । भारतको विषयमा अलबेरूनीले आफूले जानेबुझेसम्मका कुरा लेखेका छन् । भारतमा त्यसताका चलेका संवत्हरूको चर्चा पनि उनको पुस्तकमा परेको छ । 'शकसंवत्को आरम्भ भएको २४१ वर्षपछि वलभसंवत्को आरम्भ भएको हो; ६ को घन तथा ५ को वर्गलाई जोडी योगफललाई शकसंवत्बाट घटाई वलभसंवत् ल्याउँछन्; वलभसंवत्को जस्तै गुप्तसंवत्को आरम्भ पनि शकसंवत् आरम्भ भएको २४१ वर्षपछि भएको हो; विक्रमसंवत् १०८८ हुँदा शकसंवत् ९५३ हुन्छ, वलभसंवत् ७१२ हुन्छ, गुप्तसंवत् पनि यति नै हुन्छ' भनी अलबेरूनीले लेखेका छन् (सन्तरामको 'अलबेरूनीका भारत' तेस्रो भागको ८–९ पृष्ठ) ।

(इतिहास–संशोधनको प्रमाणप्रमेयको ६८ पृष्ठ)

अलबेरूनीको ग्रन्थबाट गुप्तसंवत्विषयको चर्चा यसै ग्रन्थका २३८–२३९ पृष्ठमा पनि अलिकता परेको छ ।

२

भट्टारक–महाराज– [राजाधि]राज–श्री–समुद्रगुप्त–स-[त्पु] त्रस्य भट्टारक–म[हाराज– [राजाधि] राज–श्री–चन्द्र-गुप्तस्य विज(य)–राज्य–संवत्स [रे] [पं] चमे [५] काला-नुवर्त्तमान–संवत्सरे एकषष्ठे ६० (+) १ ... [प्र]थमे

शुक्लदिवसे पंचम्यां [।]

(मथुरामा रहेको द्वितीय चन्द्रगुप्तको पालाको स्तम्भाभिलेखबाट, छनौट अभिलेखका २६९-२७० पृष्ठ)

महाराजाधिराज समुद्रगुप्तका छोरा महाराजाधिराज चन्द्रगुप्तको राज्य-संवत् ५ तथा कालक्रमले चलेर आएको संवत् ६१ भनी यहाँ लेखिएको छ। यताबाट गुप्तसंवत् ६१ मा चन्द्रगुप्तको राज्यसंवत् ५ भएको बुझिन्छ। यस कारण गुप्तसंवत् ५६ मा समुद्रगुप्तको मृत्यु तथा चन्द्रगुप्तको उदय भएको बुझिन्छ। ३७६+५६=४३२ हुने हुनाले वि. सं. ४३२ मा समुद्रगुप्तको मृत्यु भएको देखिन्छ।

३

महाराजाधिरा [ज-श्री] चन्द्रगुप्त-पाद- प्रसादाप्यायित-जीवित-साधन···

सं ९० (+) ३ भाद्रपद-दि ४

(साँचीमा रहेको द्वितीय चन्द्रगुप्तको पालाको शिलालेखबाट, छनौट अभिलेखका २७३-२७४ पृष्ठ)

यताबाट गुप्तसंवत् ९३ सम्म पक्कै पनि द्वितीय चन्द्रगुप्त शासन गरिरहेका देखिन्छन्। ३७६+९३=४६९ हुने हुनाले वि. सं. ४६९ सम्म अवश्य पनि द्वितीय चन्द्रगुप्त शासन गरिरहेका देखिन्छन्।

४

महाराजा] धिराज-श्रीसमुद्रगुप्त-पुत्रस्य···महाराजाधिराज-श्रीचन्द्रगुप्त-पुत्रस्य ··· श्रीकुमारगुप्तस्याभि [व] र्द्धमान-विजय-राज्य-संवत्सरे षण्णवते

(बिलसदमा रहेको प्रथम कुमारगुप्तको पालाको स्तम्भाभिलेखबाट, छनौट अभिलेखका २७८-२७९ पृष्ठ)

यताबाट गुप्तसंवत् ९६ मा प्रथम कुमारगुप्त सिंहासनासीन भइसकेका

देखिन्छन् । ३७६+९६=४७२ हुने हुनाले वि. सं. ४७२ मा प्रथम कुमारगुप्त सिंहासनमा बसिसकेका देखिन्छन् ।

५

संवत् १००(+)२०(+)९ महाराज-श्रीकुमारगुप्तस्य राज्ये

(गनकुवारमा रहेको प्रथम कुमारगुप्तको पालाको बुद्धको पाषाणमूर्तिको अभिलेखबाट, छनौट अभिलेखका २८७-२८८ पृष्ठ)

यताबाट गुप्तसंवत् १२९ मा प्रथम कुमारगुप्त राज्य गरिरहेका देखिन्छन् । ३७६+१२९=५०५ हुने हुनाले वि. सं. ५०५ सम्म प्रथम कुमारगुप्त राज्य गरिरहेका थिए भन्ने कुरा अभिलेखबाट सिद्ध हुन्छ । वि. सं. ५१२ को प्रथम कुमारगुप्तको रौप्यमुद्रा (मोहर) पाइन्छ भनी विसेन्ट स्मिथले आफ्नो ग्रन्थ भारतको प्राचीन इतिहासको तेस्रो संस्करणको ३२७ पृष्ठमा लेखेका छन् ।

६

महाराजाधिर[ा]ज-श्रीकुमारगुप्तस्तस्य · · ·
प्रथित-यशाः पृथिवी-पतिः सुतो(ऽ)यम्
जगति भु[ज]-बलाड्यो गुप्त-वङ्शैक-वीरः
प्रथित-विपुल-धामा नामतः स्कन्दगुप्तः · · ·
विचलित-कुल-लक्ष्मी-स्तम्भनायोद्यतेन
क्षितितल-शयनीये येन नीता त्रियामा
समुदित-ब[ल]-कोशा[न्पुष्यमित्रांश्च जि]त्वा
क्षितिप-चरणपीठे स्थापितो वाम-पादः · · ·
पितरि दिवमुपे[ते] विप्लुतां वङश-लक्ष्मीं
भुज-बल--विजितारिर्यः प्रतिष्ठाप्य भूयः
जितमिति परितोषान्मातरं सास्र-नेत्रां
हतरिपुरिव कृष्णो देवकीमभ्युपे[त]ः · · ·

हूणैर्यस्य समागतस्य समरे दोर्भ्या धरा कंपिता ...

(भितरीमा रहेको स्कन्दगुप्तको अभिलेखबाट, छनौट अभिलेखका ३१२-३१५ पृष्ठ)

महाराजाधिराज कुमारगुप्तका ... यशस्वी प्रतापी छोरा महाराजाधिराज स्कन्दगुप्त ... आफ्नो वंशलक्ष्मी ढलमल गर्न लाग्दा सो अड्याउन जसले चौरमा सुतेर रात बिताउनुभयो । दण्ड (फौज) तथा कोश (धन) प्रशस्त भएका पुष्यमित्रहरूलाई जितेर जसले राजसिंहासनको पाउदानीमा आफ्नो बायाँ खुट्टा राख्नुभयो ... बुबाको स्वर्गवास भएपछि ढलमल गर्न लागेकी वंशलक्ष्मीलाई, शत्रुहरूलाई बाहुबलले जितेर जसले फेरि अड्याउनुभयो । जीत भयो भनी खुशीले गहभरि आँसु भएकी आफ्नी मुमाकहाँ शत्रुलाई मारेका कृष्णजी देवकीकहाँ पुगे जस्तै पुग्नुभयो । ... हूणहरूसँग लडाइँमा भिड्दा जसको बाहुबलले पृथ्वी काँप्यो ।

७


बासकको मतको परीक्षा गर्न आवश्यक पर्ने यशोधर्मासँग सम्बद्ध ऐतिहासिक उपकरणहरू यही ग्रन्थका ४४९–४५७ पृष्ठमा छापिएको के. जी. शङ्करको मतको इतिहासको दृष्टिबाट परीक्षा भन्ने प्रकरणमा परिसकेको छ ।

[३ परिशिष्ट]

राधागोविन्द बासकको मतको परीक्षा गर्दा चाहिने लिच्छविकालका अभिलेखको सम्बद्ध भाग

१

यही ग्रन्थको ९२ पृष्ठमा छापिएको मानदेवको पालाको अभिलेखको संवत्‌को प्रतिलिपि–



२

थानकोटको आदिनारायणको वसन्तदेवको अभिलेख

ॐ स्वस्ति मानगृहा[त्परमदैवतबप्प] भट्टारकमहाराजश्री-पादा[नुद्ध्यातः श्रुतनयद]यादानदाक्षिण्यपुण्यप्र[तापविकसित-सित]कीर्तिर्भट्टारकमहाराजश्री[वसन्तदेवः कु]शली ···

संवत् ४२८ मार्ग्गशीर्षशुक्लदिव १

यस अभिलेखको संवत्‌को प्रतिलिपि यसै ग्रन्थको २४७ पृष्ठमा छ ।

कल्याण होस् । मानगृह (दरबार) बाट परमदैवत (ठूला देवतास्वरूप भएका), भट्टारक (गद्दीनशीन) महाराज श्रीबुवाको पाउको अनुग्रह पाएका, (आफ्ना) पढाइ नीति दया दान चतुऱ्याइँ पुण्य र प्रभावद्वारा सफा कीर्ति फैलिएका, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीवसन्तदेवबाट···

संवत् ४२८ मार्गशुक्ल प्रतिपदा । ···

संवत् ४२७ सम्मका मानदेवका पालाका अभिलेख पाइएका छन् । यो अभिलेख संवत् ४२८ को हो । यसमा राजाको नाम भएको भागको पाप्रो उप्केको हुँदा राजाको नाम अहिले देखिदैन । यस कारण यो अभिलेख कसको हो भन्ने प्रश्न उठ्छ । पशुपतिको द्वितीय जयदेवको अभिलेखमा–

श्रीमानदेवो नृपतिस्ततोभूत्ततो महीदेव इति प्रसिद्धः
आसीद्वसन्तदेवोस्मात् ···

भनी लेखिएको हुनाले मानदेवपछि उनका छोरा महीदेव गद्दीमा बसे, महीदेवपछि उनका छोरा वसन्तदेव गद्दीमा बसे भन्ने थाहा पाइन्छ । यसरी यो अभिलेख महीदेवको हो कि वसन्तदेवको हो, निर्णय गर्नुपरेको छ । सीतापाइलाको वसन्तदेवको अभिलेख र यो अभिलेख मिलाएर विचार गर्दा यो अभिलेख पनि वसन्तदेवकै हो भन्ने सिद्ध हुन्छ । थानकोटको यस अभिलेखमा 'मेरी बहिनी जयसुन्दरी' भन्ने उल्लेख परेको छ । सीतापाइलाको अभिलेखमा पनि 'मेरी बहिनी जयसुन्दरी' भन्ने उल्लेख आएको छ । सीतापाइलाको अभिलेखमा वसन्तदेवको नाउँ स्पष्ट देखिन्छ । यस कारण थानकोटको यो अभिलेख पनि वसन्तदेवको हो भन्ने थाहा पाइन्छ ।

(लिच्छविकालका अभिलेखका ९१–९४ पृष्ठ)

३

चौकीटारको वसन्तदेवको अभिलेख

ॐ स्वस्ति मानगृहात्सम्यक्प्रजापालन ··· भट्टारकमहाराज-श्रीवसन्तदेवः कुशली ···

संवत् ४५४ ज्यैष्ठशुक्लदिवा ७

यस अभिलेखको संवत्को प्रतिलिपि यसै ग्रन्थको २४८ पृष्ठमा छ ।

कल्याण होस् । मानगृह (दरबार) बाट राम्ररी प्रजाको हेरविचार गर्नामा लागेका, गाथमा आराम रहेका ... भट्टारक महाराज वसन्तदेवबाट ...

संवत् ४५४ ज्येष्ठशुक्ल सप्तमी


(लिच्छविकालका अभिलेखका १४५–१४६ पृष्ठ)

४

साँखु बुगाहिटीको वामनदेवको पालाको अभिलेख

ॐ स्वस्ति संवत् ४६० ज्येष्ठशुक्लदिवअष्टम्याम् भट्टारक-महाराजश्रीवामनदेवस्य [साग्रं वर्षशतं] समाज्ञापयत: ...

यस अभिलेखको संवत्को प्रतिलिपि-



कल्याण होस् । ४६० ज्येष्ठशुक्ल अष्टमीको दिन भट्टारक महाराज श्रीवामन-देवले शयभन्दा बढी वर्ष (लामो काल) सम्म शासन गरिरहनुभएको बेलामा ...


(लिच्छविकालका अभिलेखका १६८-१६९ पृष्ठ)

५

मृगस्थली जाने बाटोको रामदेवको पालाको अभिलेख

ॐ स्वस्ति संवत् ४६७ वैशाखे शुक्लदिवपौर्णमास्याम्भट्टा-रकमहाराजश्रीरामदेवस्य साग्रं वर्षशतं समाज्ञापयति ...

यस अभिलेखको संवत्को प्रतिलिपि-



कल्याण होस् । संवत् ४६७ वैशाखशुक्ल पूर्णिमामा भट्टारक (गद्दीनशीन) महाराज श्रीरामदेवले शयभन्दा बढी वर्ष (लामो काल) सम्म शासन गरिरहनुभएको वेलामा ...

(लिच्छविकालका अभिलेखका १७५-१७६ पृष्ठ)

६

चौकीटारको गणदेव + भौमगुप्तको अभिलेख

ॐ स्वस्ति मानगृहाद् बप्पपादानुध्यातो भट्टारकमहाराज-

श्रीगणदेवः कुशली · · · कृतोधुना मया सर्व्वदण्डनायकमहाप्रति-हारश्रीभौमगुप्तानुज्ञापितेन · · ·

संवत् ४८२ श्रावणशुक्लप्रतिपदि

यस अभिलेखको संवत्को प्रतिलिपि-



कल्याण होस् । मानगृह (दरवार) बाट बप्प (बुवा) का पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीगणदेवबाट ··· सर्वदण्डनायक महाप्रतिहार श्रीभौमगुप्तले हाम्रा हजुरमा बिन्ती चढाएका हुनाले अहिले हामीबाट ...

संवत् ४८२ श्रावणशुक्लप्रतिपदा ।

(लिच्छविकालका अभिलेखका १८७–१८८ पृष्ठ)

७

पशुपति देउपाटनको गणदेव+भौमगुप्तको पालाको अभिलेख

संवत् ४८७ प्रथमाषाढशुक्लद्वितीयायाम्भट्टारकमहाराजश्री-गणदेवे कालमपरिमितं समाज्ञापयति परमदैवतश्रीभौमगुप्तपादा-नुध्यातो · · ·

यस अभिलेखको संवत्को प्रतिलिपि यही ग्रन्थको ११४ पृष्ठमा छ ।

संवत् ४८७ प्रथमाषाढशुक्ल द्वितीयामा । भट्टारक (गद्दीनशीन) महाराज श्रीगणदेवबाट धेरै कालसम्म राज्य गरिरहनुभएको समयमा, परमदैवत श्रीभौम-गुप्तका पाउको अनुग्रह पाएका ···

(लिच्छविकालका अभिलेखका १९८–१९९ पृष्ठ)

८

चपलीगाउँको गङ्गादेव + भौमगुप्तको अभिलेख

स्वस्ति मानगृहाद्बप्पपादानुध्यातो भट्टारकमहाराजश्रीगङ्गा-
देवः कुशली · · · सर्व्वदण्डनायकमहाप्रतिहारश्रीभौमगुप्तवि-
ज्ञापितेन मया शिलापट्टकेन प्रसादः कृत · · ·

संवत् ४८९ श्रावणशुक्लदिवाद्वादश्याम्

यस अभिलेखको संवत्को प्रतिलिपि यही ग्रन्थको ३०३ पृष्ठमा छ ।

कल्याण होस् । मानगृह (दरबार) बाट बुवाको पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका भट्टारक महाराज श्रीगङ्गादेवबाट ··· सर्वदण्डनायक महाप्रतिहार श्रीभौमगुप्तले हाम्रा हजुरमा बिन्ती चढाएका हुनाले हामीबाट शिलापत्र गरी निगाह गरिएको छ ··· ।

संवत् ४८९ श्रावणशुक्ल द्वादशी

(लिच्छविकालका अभिलेखका २०४–२०६ पृष्ठ)

९

विष्णुपादुकाको फेदीको शिवदेव + भौमगुप्तको अभिलेख

(स्वस्ति मा) नगृहाद् बप्पपादानुध्यातस्सततमुपचीयमान-
(शशाङ्क) किरणामलयशःप्रतानो लिच्छविकुलकेतु (र्भट्टारक-
महा) राजश्रीशिवदेवः कुशली · · · सर्व्वदण्डनायकमहाप्रती-
हारश्रीभौमगुप्तविज्ञापितेन मया शिलापट्टकेन प्रसादः कृत · · ·

संवत् ५१२ ज्येष्ठशुक्लदशम्याम्

यस अभिलेखको संवत्को प्रतिलिपि यही ग्रन्थको ३०३–३०४ पृष्ठमा छ ।

कल्याण होस् । मानगृह (दरबार) बाट बप्प (बुवा) को पाउको अनुग्रह पाएका, बढ्दै गइरहेको (शुक्लपक्षको) चन्द्रमाको जून जस्तो सफा कीर्ति फैलिएका, लिच्छविकुलको ध्वजास्वरूप भएका, गाथमा आराम रहेका भट्टारक

महाराज श्रीशिवदेवबाट ··· सर्वदण्डनायक महाप्रतिहार श्रीभीमगुप्तले हामीमा बिन्ती चढाएका हुनाले हामीबाट यो शिलापत्रद्वारा निगाह गरिएको छ । ···

संवत् ५१२ ज्येष्ठशुक्ल दशमी

१०

लेलेको शिवदेव + अंशुवर्माको अभिलेख

स्वस्ति मानगृहादपरिमितगुणसमुदयोद्भासितयशा बप्प-पादानुद्ध्यातो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदेवः कुशलो ··· श्रीमहासामन्तांशुवर्म्मासमदनुमोदनया शिलापट्ट-शासनमिदन्दत्तवान्

संवत् ५२६ आश्वयुजशुक्लदिवा

यस अभिलेखको संवत्‌को प्रतिलिपि-



कल्याण होस् । मानगृह (दरबार) बाट असंख्य गुणहरूले उज्ज्वल कीर्ति फैलिएका, बप्प (बुवा)को पाउको अनुग्रह पाएका; लिच्छविकुलका झण्डा जस्ता भएका, गायमा आराम भएका भट्टारक (गद्दीनशीन) महाराज श्रीशिवदेव-बाट ··· श्रीमहासामन्त अंशुवर्माले हाम्रो अनुमति लिई यो सनद शिलापत्र गरिदिएका छन् । ···

संवत् ५२६ आश्विनशुक्ल

(लिच्छविकालका अभिलेख २८२–२८४ पृष्ठ)

११

ज्याबहालनिरको अभिलेख

संवत् ५३५ श्रा(वण)शुक्लदिवासप्तम्याम्

यस अभिलेखको संवत्को प्रतिलिपि-



संवत् ५३५ श्रावणशुक्ल सप्तमी

(लिच्छविकालका अभिलेखको २४३ पृष्ठ)


१२

बुङमतीको अंशुवर्माको अभिलेख

स्वस्ति कैलासकूटभवनाद् भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्रीमहासामन्तांशुवर्मा कुशली ···

संवत् २९ ज्येष्ठशुक्लदशम्याम्

यस अभिलेखको संवत्को प्रतिलिपि-



कल्याण होस् । कैलासकूटभवन (दरबार) बाट भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प (बुवा) को पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका श्रीमहासामन्त अंशुवर्माले ···

संवत् २९ ज्येष्ठशुक्ल दशमी

(लिच्छविकालका अभिलेखका २९०-२९१ पृष्ठ)

१३

टुँडिखेलको अंशुवर्माको पालाको अभिलेख

संवत् ४४ ज्येष्ठशुक्ल···

श्र्यंशुर्वर्म्मप्रसादेन पित्रोः पुण्यविवृद्धये
कारिता सत्प्रणालीयं वार्त्तेन विभुवर्म्मणा

यस अभिलेखको संवत्‌को प्रतिलिपि–



संवत् ४४ ज्येष्ठशुक्ल ··· । श्रीअंशुवर्माको निगाहबाट वार्त्त विभुवर्माले (आफ्ना) बाबुआमाको पुण्य बढोस् भनी यो असल धारा बनाउन लाए ।

१४

पाटन छिन्नमस्ताको ध्रुवदेव+जिष्णुगुप्तको अभिलेख

ॐ स्वस्ति मानगृहा(द्) ··· दितचित्तसन्ततिभट्टारक-महाराजश्रीध्रुवदेवसहितो निरस्तमात्सर्यविशुद्धबुद्धिः प्रजा-हितैषी निरवद्यवृत्तः पुण्यान्वयादागतराज्यसम्पत् समस्तपौरार्चितशासनो यस्स कैलासकूटभवनाद् भगवत्पशुपतिभट्टारक-पादानुगृहीतो बप्पपादानुध्यातः श्रीजिष्णुगुप्तः कुशली ···

संवत् ४८ कार्तिकशुक्ल २

यस अभिलेखको संवत्‌को प्रतिलिपि यही ग्रन्थको २७० पृष्ठमा छ ।

कल्याण होस् । मानगृह (दरबार) बाट ··· मन भएका भट्टारक (गद्दीनशीन) महाराज श्रीध्रुवदेवका साथ रहने, मात्सर्य हटिसकेका हुनाले सफा

बुद्धि भएका, प्रजाको हित चाहने, निखुरी चरित्र भएका, शुद्ध कुलक्रमले राज्य गर्ने अधिकार पाएका, सारा शहरियाहरूले हुकूम तामेल गरिएका, भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका, बप्प (बुवा) को पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका श्रीजिष्णुगुप्तले कैलासकूटभवन (दरबार) बाट....

संवत् ४८ कार्तिकशुक्ल द्वितीया

(लिच्छविकालका अभिलेखका ४०१-४०३ पृष्ठ)

१५

भृङ्गारेश्वरको भीमार्जुनदेव + विष्णुगुप्तको अभिलेख

स्वस्ति मानगृहादमलिनकुशलविपाकोपनतसम्पल्लिच्छवि-कुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जुनदेवस्तत्सहितः कैलासकूट-भवनादतिमात्रवस्तुपरिप्रापणोत्सवोपगतहर्षाभिनमस्यमान-चरणयुगलो भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादा-नुध्यातः श्रीविष्णुगुप्तः कुशली · · ·

संवत् ६५ फाल्गुनशुक्लद्वितीयायाम्

यस अभिलेखको संवत्‌को प्रतिलिपि यही ग्रन्थको २७३ पृष्ठमा छ।

कल्याण होस्। मानगृह (दरबार) बाट पवित्र उत्तम कर्मले गर्दा सम्पत्ति पाएका, लिच्छविकुलका झण्डास्वरूप भएका, भट्टारक (गद्दीनशीन) महाराज श्रीभीमार्जुनदेव र उहाँको साथमा रही काम गर्ने, प्रशस्त वस्तु पुऱ्याइएका हुनाले उत्सव भएको हुँदा (प्रजाले) हर्षसाथ दुइ पाउ ढोगिएका, भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प (बुवा) को पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका श्रीविष्णुगुप्त ···

संवत् ६५ फाल्गुनशुक्ल द्वितीया

(लिच्छविकालका अभिलेखका ४४८-४५० पृष्ठ)

१६

भन्सारचोकको नरेन्द्रदेवको अभिलेख

भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली ···

संवत् ६७ पौषशुक्लपञ्चम्याम्

यस अभिलेखको संवत्‌को प्रतिलिपि यही ग्रन्थको २७४ पृष्ठमा छ ।

भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प (बुबा) बाट अनुग्रह पाएका, गाथमा आराम रहेका, भट्टारक (गद्दीनशीन) महाराजाधिराज श्रीनरेन्द्रदेवबाट ···

संवत् ६७ पौषशुक्ल पञ्चमी

(लिच्छविकालका अभिलेखका ४५८–४६० पृष्ठ)

[४ परिशिष्ट]

१

नेपाल (नि-पो-लो)[1]

यस देशको घेरा ४००० ली (५८६६ २/३ कोश) जति छ। यो देश हिमालको बीचमा छ। राजधानीको घेराचाहिं २० ली (३ कोश) जति छ। यहाँ पर्वत र बेसीहरू लगातार जोडिएर रहेका छन्। अन्नपात तथा फलफूल यस देशमा प्रशस्त हुन्छन्। यस देशमा तामा, चौंरी तथा च्याखुरा हुन्छन्। तामाका पैसाबाट तिनीहरू आफ्नो व्यापार चलाउँछन्। त्यहाँ ज्यादै जाडो हुन्छ। त्यहाँका मानिसहरूको चालचलन झूटो बोल्ने र पत्यार गर्न नसकिने छ। त्यहाँका मानिस-हरूको स्वभाव उज्जण्ड छ। तिनीहरू सत्यको वास्ता गर्दैनन् र मान्नुपर्नेलाई मान्दा पनि मान्दैनन्। तिनीहरू अनपढ भए तापनि कालिगढी काममा भने सिपालु छन्। तिनीहरूको अनुहार नराम्रो तथा डरलाग्दो छ। त्यहाँ धर्म मान्ने र नमान्नेहरू संगसंगै मिलेर रहेका छन्। त्यहाँ बहाल र मन्दिरहरू संगसंगै जोडिएका छन्। त्यहाँ अन्दाजी २००० भिक्षु छन्। तिनीहरू महायानी र हीन-यानी ग्रन्थ पढ्छन्। त्यहाँ बौद्धधर्म नमान्ने र विभिन्न मत मान्नेहरूको संख्या थाहा पाउन सकिएको छैन। त्यहाँका राजा क्षत्रिय छन् तथा तिनको वंश लिच्छवि हो। तिनी पढेगुनेका योग्य तथा सच्चरित्र छन्। तिनी बुद्धधर्ममा आस्था राख्दछन्।

भरखर त्यहाँ अंशुवर्मा (अन्-चू-फ-मो) नामका राजा भएछन्। यो राजा आफ्नो विद्या र चातुर्यले गर्दा प्रख्यात थिए। तिनले स्वयं शब्दविद्या-संबन्धी ग्रन्थ बनाएका थिए। ती राजा विद्याको आदर र गुणको कदर गर्थे। उनको यश सर्वत्र फैलिएको थियो।

---

१. स्यामुयल बीलद्वारा अंग्रेजी भाषामा अनूदित, पश्चिमी विश्वको बौद्धधर्म-का लिखतहरूको सातौं अध्यायको ८०-८१ पृष्ठबाट। यसको मूल पुस्तक युवान च्वाङ्गले चिनियाँ भाषामा लेखेका छन्।

राजधानीको दक्षिणपूर्व भागमा सानो खोलो र पोखरी छ । त्यहाँ आगो फाल्यो भने तुरुन्तै ज्वाला उठ्दछ । यदि आगोले खाने चीज पर्यो भने त्यसको रूपपरिवर्तन हुन्छ ।

२

चीनको ताङवृत्तान्तमा परेको नेपालका राजा नरेन्द्रदेवको वर्णन

चीनको ताङवृत्तान्तमा वि. सं. ७०० देखि ७०८ सम्म नेपालको राजसिंहासनमा नरेन्द्रदेव बसेका थिए भन्ने वर्णन पाइन्छ । त्यसको अङ्ग्रेजी अनुवाद काशीप्रसाद जायसवालको नेपालको कालनिर्णय र इतिहासका ८२–८३ पृष्ठमा परेको छ । यसको नेपाली अनुवाद वि. सं. २००४ मा प्रकाशित तोत्रराज पाण्डे र नयराज पन्तको नेपालको संक्षिप्त इतिहासका १६–१७ पृष्ठमा परेको छ । सो यस प्रकार छ—

नेपालीहरू कान छेड्छन्, जामा लाउँछन्, आँखीभुइँको तहमा कपाल बनाउँछन् । नेपालीहरूका भाँडा–कुँडा र टक पनि तामाका हुन्छन् । नेपाली घर काठले बनेका हुन्छन्, भित्ता कुँदिएका र रङ्गीन हुन्छन् । नेपालीहरू सनही तथा ढोल बजाएर नाचगान गर्न खुशी मान्छन् । औषधि गर्न र ज्यौतिषको काममा नेपालीहरू चतुरा हुन्छन् । नेपालमा खेतीवालभन्दा व्यापारी धेरै छन् । आफू नुहाइ-धुवाइ गरी सफा सुग्घर रहने तथा पाँच पञ्चतत्त्वको ढुङ्गामा कुँदेको मूर्तिलाई शुद्ध जलले स्नान गराई पूजा गर्ने, देवतालाई भेडाको बलि दिने नेपालीको चलन छ ।

राजा नरेन्द्रदेव कानमा सुनको चौगेडी लाउँछन् तथा मोती, मुगा, पन्नाहरूले सिंगारिएका हुन्छन् । उनको कम्मरपेटीमा बुद्धको मूर्ति कुँदिएको हुन्छ । बैठकमा फूल र सुगन्धी पदार्थहरू राखिन्छन् । राजा सिंहासनमा र भारादार उनका दायाँ बायाँ तल बसेका हुन्छन् । हतियार भिरेका सयकडौं सिपाही (आठ–पहरिया) राजाका नजीकमा वरिपरि रहेका हुन्छन् ।

काशीप्रसाद जायसवालको मतको परीक्षा

नेपालको प्राचीन इतिहासको कुरालाई लिएर भारतका इतिहासकार काशीप्रसाद जायसवालले नेपालको कालनिर्णय तथा इतिहास भन्ने एउटा पुस्तक अंग्रेजी भाषामा लेखेका छन् । एम्. एन्. वर्मन् याण्ड कम्पनी पटनाबाट वि. सं. १९९४ मा सो पुस्तक प्रकाशित भएको छ ।

काशीप्रसाद जायसवालको विचारअनुसार—

१. मानदेवको संवत् ३८६ को चांगुको अभिलेखको संवत् गुप्तसंवत् हो । त्यस कारण त्यसको समय वि. सं. ७६२ हो ।

२. प्रथम शिवदेवको शासनकालका अभिलेखमा देखिएका संवत्का शतस्थानी अङ्क ३०० हुन् तथा ती संवत् पनि गुप्तसंवत् हुन् ।

३. अंशुवर्माको पालादेखि द्वितीय जयदेवको पालासम्मका अभिलेखमा देखिएका संवत् ठकुरीसंवत् हुन् । वि. सं. ६५२ देखि ठकुरीसंवत्को प्रारम्भ भएको हो ।

काशीप्रसाद जायसवालको विचार बुझ्न पाठकहरुलाई सजिलो होस् भनी उनको लेखको सम्बद्ध भागको नेपाली अनुवाद परिशिष्टमा दिइएको छ ।

अब जायसवालको मतको परीक्षातिर हामी लाग्दछौं ।

१. वि. सं. ६५२ देखि उठेको संवत् नै अंशुवर्माहरुको संवत् हो भन्ने लेभीको मतको परीक्षाले नै जायसवालको मतको एक भागको परीक्षा हुन्छ ।

अंशुवर्माको पाटन सुनधाराको संवत् ३४ को अभिलेखमा देखिएको पौषको अधिमासलाई हेतु मानेर सो संवत् वि. सं. ६५२ देखि उठेको हो भनी लेभीले

निर्णय गरेका छन् (यही ग्रन्थका २६९–२७०, ३०५, ३१० पृष्ठ)। लेभीले सो संवत्‌को नाम भोटे संवत् भनी राखेका छन् (यही ग्रन्थका २६५, ३०५–३०७ पृष्ठ)। लेभीले सकारेको सो संवत्‌अनुसार तिथिमिति मिल्दैनन् भनी यही ग्रन्थका २६५–२६८ पृष्ठमा सिद्ध गरिएको छ। लेभीले प्रतिपादन गरेको वि. सं. ६५२ देखि उठेको संवत् नै जायसवालले पनि सकारेका छन्। उनले सो संवत्‌को नाम ठकुरीसंवत् भनी राखेका छन्। यस कारण लेभीको सिद्धान्तमा पर्न आएका दोष जायसवालको सिद्धान्तमा पनि पर्दछन्। यस कारण जायसवालको सिद्धान्तको गणितद्वारा परीक्षा गर्नु नपर्ने भएकोले इतिहासको दृष्टिबाट मात्र उनको मतको परीक्षा गरिन्छ।

नेपालका राजा नरेन्द्रदेवकहाँ वि. सं. ७००–७०८ का बीचका वर्षमा चीनका राजदूतले आवत-जावत गरेको वर्णन चीनको ताङवृत्तान्तमा पाइन्छ। लेभीले नै यो कुरो खोजी प्रकाश गरेका हुन्, तर लेभीले सकारेको वि. सं. ६५२ देखि उठेको सो संवत्‌लाई मान्दा नेपालका अभिलेखमा देखिएका संवत्‌अनुसार वि. सं. ७१७ सम्म नेपालको राजसिंहासनमा नरेन्द्रदेव बसेका हुन सक्तैनन् र वि. सं. ७१९ देखि मात्र नेपालको राजसिंहासनमा नरेन्द्रदेव देखिन्छन्। यस कारण लेभीले सिद्ध गरेको वि. सं. ६५२ देखि उठेको सो संवत् प्रामाणिक हुन सक्तैन भनी यही ग्रन्थका २७२–२७४ पृष्ठमा सिद्ध गरिसकिएको छ। यस कारण जायसवालले सकारेको वि. सं. ६५२ देखि उठेको सो संवत् पनि प्रामाणिक हुन सक्तैन भन्ने कुरो स्वयंसिद्ध छ।

२. मानदेवदेखिका अभिलेखमा देखिएको संवत् गुप्तसंवत् हो र अंशुवर्मादेखिका अभिलेखमा देखिएको संवत् ठकुरीसंवत् हो भन्ने जायसवालको मत सकार्दा इतिहासमा पर्न आउने विसङ्गति–

मानदेवदेखिका अभिलेखमा देखिएका संवत् गुप्तसंवत् हुन् भनी फ्लीटले बोलेका छन् (यही ग्रन्थका २५२–२६२ पृष्ठ)। फ्लीटको सिद्धान्तलाई सकार्दा इतिहासका घटनामा कस्ता कस्ता विसङ्गति पर्न आउछन् भन्ने कुरा यही ग्रन्थका २४४–२४९ पृष्ठमा देखाइसकिएको छ। जायसवालले पनि यहाँ फ्लीटकै सिद्धान्त सकारेका छन्। यस कारण उनको मतको परीक्षा पनि फ्लीटकै मतको परीक्षामा

पूर्ण भइसकेकै छ तापनि वि. सं. ६६२ देखि उठेको हर्षसंवत्लाई अंशुवर्मादेखिका नेपालका राजाहरूले मानेका हुन् भनी फ्लीट भन्छन्; तर वि. सं. ६५२ देखि उठेको ठकुरीसंवत्लाई अंशुवर्मादेखिका नेपालका राजाहरूले मानेका हुन् भनी जायसवाल भन्छन्; यस कारण फ्लीट र जायसवालको यहाँनिर मतभेद भएकोले जायसवालको मतको बेग्लै परीक्षा गर्नुपरेको हो ।

वसन्तदेवको संवत् ४३४ देखि ४५४ सम्मका अभिलेख पाइन्छन् । जस्तै—

१

टिस्टुङ्गको वसन्तदेवको अभिलेख

भट्टारकमहाराजश्रीवसन्तदे(वः) ··· समाज्ञापयति । ··· संवत् ४३४

(लिच्छविकालका अभिलेखको ११० पृष्ठ)

२

जैसीदेवलको वसन्तदेवको अभिलेख

भट्टारकमहाराजश्रीवसन्तदेवः कुशली ·· संवत् ४३५ [आश्व] युजि शुक्लदिवा १

(लिच्छविकालका अभिलेखका १२२–१२३ पृष्ठ)

यस अभिलेखको संवत्को प्रतिलिपि यसै ग्रन्थको २४७ पृष्ठमा छ ।

३

खपिंछेको वसन्तदेवको पालाको अभिलेख

[संवत्]४५२ पौषशुक्लतिथौ तृतीयस्याम्भट्टारकमहाराजश्रीवसन्तदेवे सम्यग्राज्यम्प्रशासति

(लिच्छविकालका अभिलेखको १३८ पृष्ठ)

यस अभिलेखको संवत्को प्रतिलिपि यही ग्रन्थको २४८ पृष्ठमा छ ।

४

चौकीटारमा वसन्तदेवको संवत् ४५४ को अभिलेख छ ।

(यही ग्रन्थको ५०२ पृष्ठ)

यताबाट संवत् ४३४ दखि ४५४ सम्म वसन्तदेव राज्य गरिरहेका देखिन्छन् । जायसवालको विचारअनुसार यो संवत् गुप्तसंवत् भएकोले ४३४ + ३७६ = ८१०, तथा ४५४ + ३७६ = ८३० हुने हुनाले वि. सं. ८१० देखि ८३० सम्म वसन्तदेवको राज्यकाल देखिन्छ ।

पशुपतिको द्वितीय जयदेवको अभिलेख

श्रीमानदेवो नृपतिस्ततोऽभूत्ततो महीदेव इति प्रसिद्धः ।।...
आसीद्वसन्तदेवोऽस्माद्दान्तसामन्तवन्दितः ।।

संवत् १५७[१] कार्त्तिकशुक्लनवम्याम्

यस अभिलेखको संवत्‌को प्रतिलिपि यसै ग्रन्थको २४७ पृष्ठमा छ ।

उहाँबाट राजा मानदेव हुनुभयो । उहाँबाट प्रसिद्ध महीदेव हुनुभयो । उहाँबाट सामन्तहरूले ढोगिएका वसन्तदेव हुनुभयो ।

संवत् १५७ कार्तिकशुक्ल नवमी

(लिच्छविकालका अभिलेखका ५४९-५५६ पृष्ठ)

जायसवालको विचारअनुसार यहाँको संवत् ठकुरीसंवत् १५३ हो । उनको विचारअनुसार वि. सं. ६५२ देखि ठकुरीसंवत्‌को प्रारम्भ हुन्छ, १५३ + ६५२ = ८०५ हुने हुनाले यस अभिलेखको संवत् वि. सं. ८०५ हुन्छ । यस अभिलेखमा वसन्तदेवलाई बितिसकेका भनेको हुनाले वि. सं. ८०५ भन्दा अगाडि नै वसन्तदेवको मृत्यु भइसकेको सिद्ध हुन्छ ।

मानदेवदेखिका अभिलेखमा देखिएका संवत् गुप्तसंवत् र अंशुवर्मादेखिका अभिलेखमा देखिएका संवत् ठकुरीसंवत् हुन् भन्ने जायसवालको सिद्धान्त सकार्दा

१. यहाँको संवत्‌लाई जायसवालहरू १५३ भनी पढ्छन् ।

एकातिरबाट वि. सं. ८१० देखि ८३० सम्म वसन्तदेव राज्य गरिरहेका देखिन्छन् भने अर्कोतिरबाट वि. सं. ८०५ भन्दा अगाडि नै उनी मरिसकेका देखिन्छन् ।

लेलेमा शिवदेव+अंशुवर्माको संवत् ५२६ को अभिलेख छ ।

(यही ग्रन्थको ५०६ पृष्ठ)

माथि उद्धृत गरिएको लेलेको शिवदेव+अंशुवर्माको अभिलेखको संवत् जायसवालको विचारअनुसार ३२६ हुन्छ । जायसवालले यस संवत्लाई गुप्तसंवत् मानेकाले र ३२६+३७६=७०२ हुने हुनाले उनको सिद्धान्तअनुसार वि. सं. ७०२ सम्म अंशुवर्मा शासन गरिरहेका हुन्छन् ।

चितलाङको उदयदेवको अभिलेख

भट्टारकमहाराजाधिराज श्रीउदयदेवः कु(शली) ··· (समा)ज्ञापयति ··· भट्टारकमहाराजाधिराजश्र्यंशुवर्मपादै ··· प्रसादीकृतोभूत् ···

संवत् ४५ ···षाढकृष्णद्वादश्याम्

गायमा आराम रहेका, भट्टारकमहाराजाधिराज श्री उदयदेवबाट ··· आज्ञा भएको छ । ··· भट्टारक महाराजाधिराज श्रीअंशुवर्माबाट ··· निगाह गरिदिएको थियो ।

संवत् ४५ आषाढकृष्ण द्वादशी

(लिच्छविकालका अभिलेखका ३९८-३९९ पृष्ठ)

यहाँको संवत् ४५ जायसवालको विचारअनुसार वि. सं. ६५२ देखि उठेको ठकुरीसंवत् हो । यस कारण ४५+६५२=६९७ हुने हुनाले वि. सं. ६९७ मा अंशुवर्मा भूतपूर्व शासक भइसकेका देखिन्छन् ।

लेलेको शिलालेखअनुसार वि. सं. ७०२ सम्म अंशुवर्मा महासामन्तको रूपमा शासन गर्दै थिए भन्ने कुरो सरखर माथि सिद्ध गरिएको छ । तर चितलाङको यस अभिलेखबाट अंशुवर्मा महाराजाधिराजसम्मको पदमा पुगी वि. सं. ६९७ मा बितिसकेका थिए भन्ने सिद्ध हुन्छ । यस कारण जायसवालको सिद्धान्त स्वीकार गर्दा कस्तो अनर्थ हुन्छ भन्ने कुरो विचारशील मनुष्यहरू विचार गर्न सक्छन् ।

३. प्रथम शिवदेवको शासनकालका अभिलेखमा देखिएका संवत्का शतस्थानी अङ्क ३०० हुन् भन्ने जायसवालको सिद्धान्तअनुसार इतिहासमा पर्न आउने विसङ्गति–

चपलीगाउँको अभिलेखबाट र विष्णुपादुकाको फेदीको अभिलेखबाट पनि सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त हर्ताकर्ताको रूपमा देखिन्छन् (यही ग्रन्थका ३०३–३०४ पृष्ठ)। चपलीगाउँको अभिलेखको संवत् ४८९ हो। विष्णुपादुकाको फेदीको अभिलेख सिंहासनाधिपति प्रथम शिवदेवको शासनकालको हो (यही ग्रन्थका ३०३ र ५०५ पृष्ठ)। सिंहासनाधिपति प्रथम शिवदेवको अभिलेख खोपासीमा पनि छ।[२] सो अभिलेखको संवत् ३२० हो भन्ने जायसवालको मत छ।[३] यस कारण विष्णुपादुकाको फेदीको माथि चर्चा गरिएको अभिलेखको संवत् पनि जायसवालको विचारअनुसार ३१२ हुन आउँछ। यसरी संवत् ३१२ देखि संवत् ४८९ सम्म (४८९—३१२ =१७७ हुने हुनाले १७७ वर्षसम्म) भौमगुप्त सर्वदण्डनायक महाप्रतिहार पदले विभूषित भई शासन गर्दै रहे भन्ने मान्नुपर्ने हुन आउँछ।

यस कारण –

१. वसन्तदेवका माथि उल्लेख गरिएका संवत् ४३४ देखि ४५४ सम्मका अभिलेख अप्रामाणिक हुन्।

२. शिवदेव+अंशुवर्माको माथि उल्लेख गरिएको लेलेको अभिलेख अप्रामाणिक हो।

३. सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त २०० वर्षभन्दा बढ्ता बाँचे।

४. चीनको ताङवृत्तान्तमा लेखिएको नेपालको वर्णन झूटो हो।

माथिका यी ४ वटा कुरा नमानी काशीप्रसाद जायसवालको मत सकार्न सकिँदैन।

२· लिच्छविकालका अभिलेखका २७४–२७५ पृष्ठ। यस अभिलेखको संवत्को प्रतिलिपि यही ग्रन्थको २७० पृष्ठमा परेको छ।

३. जायसवालको ग्रन्थको १२ पृष्ठ।

यहाँनिर जायसवालसँग सहानुभूति राखी हामी एउटा कुरो भन्न सक्छौं। उनको ग्रन्थ वि. सं. १९९४ मा प्रकाशित भएको हो र माथि उल्लेख गरिएका वसन्तदेवका टिस्टुङ्, खर्पिछे, चौकीटारमा रहेका अभिलेख; प्रथम शिवदेव+अंशुवर्माको लेलेमा रहेको अभिलेख; प्रथम शिवदेवको शासनकालको विष्णुपादुकाको फेदीमा रहेको अभिलेख; ध्रुवदेव+जिष्णुगुप्तको मालटारमा रहेको अभिलेख; भीमार्जुनदेव+जिष्णुगुप्तको बलम्बूमा रहेको अभिलेख; विष्णुगुप्तको मालिगाउँमा रहेको अभिलेख; भीमार्जुनदेव+विष्णुगुप्तको यङ्गालहिटीमा रहेको अभिलेख; भीमार्जुनदेव+विष्णुगुप्तको भृङ्गारेश्वरमा रहेको अभिलेख तथा नरेन्द्रदेवको पाटन भन्सारचोकमा रहेको अभिलेख समेत यी ११ वटा अभिलेख वि. सं. १९९४ भन्दा पछि प्रकाश भएका हुन्। त्यस कारण जायसवालले ग्रन्थ लेख्दा उनका अगाडि यी अभिलेख थिएनन् र उनको ग्रन्थमा दोष पर्न गएको हो। यस कारण उनलाई दोष लगाउनु हुँदैन भनी हामी भन्न सक्तछौं।


तर वसन्तदेवको जैसीदेवलमा रहेको अभिलेखलाई इन्द्राजीले वि. सं. १९३७ मा ३ संख्याको रूपमा प्रकाश गरेका हुन्। इन्द्राजीले त्यहाँको संवत् ४३५ भनी पढेका छन् तथा त्यसको प्रतिलिपि पनि छपाएका छन्। सो संवत्को प्रतिलिपि यसै ग्रन्थको २४७ पृष्ठमा पनि छापिएको छ। त्यस संवत्मा अहिलेसम्म कसैले वादविवाद उठाएको छैन। यस संवत्लाई जायसवालले गुप्तसंवत् मानेका र ४३५+३७६=८११ हुने हुनाले वि. सं. ८११ सम्म उनको सिद्धान्तअनुसार वसन्तदेव राज्य गरिरहेका देखिन आए। द्वितीय जयदेवको पशुपतिमा रहेको अभिलेखको समय जायसवालको सिद्धान्तअनुसार वि. सं. ८०५ हुनाले र सो अभिलेखमा वसन्तदेवलाई भूतपूर्व राजाको रूपमा वर्णन गरिएकोले वि. सं. ८०५ भन्दा अगाडि नै वसन्तदेव मरिसकेका देखिन आए। जायसवालले आफ्नो ग्रन्थको ७७ पृष्ठमा वि. सं. ८०५ भन्दा अगाडि नै वसन्तदेव मरिसकेका थिए भनी लेखेका छन्। यसो गर्न वसन्तदेवको जैसीदेवलको अभिलेखको संवत् ४३५ ले जायसवाललाई रोक्यो र उनले सो संवत् ४३५ होइन, ४१५ हो भनी लेखे।[४] यो सरासर अनुचित काम हो।

यस विषयमा पाठकहरूलाई राम्रो बोध होस् भनी वसन्तदेवको जैसीदेवलको सो अभिलेखको संवत्को तदाकार प्रतिलिपि यसपछिको पृष्ठमा दिइएको छ।

---


४. जायसवालको ग्रन्थको ७८ पृष्ठको ३ संख्याको पादटिप्पणी।

जैसीदेवलको वसन्तदेवको अभिलेखको तदाकार प्रतिलिपि




वि. सं. २०३६ फाल्गुन १० गते शुक्रवार देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपानेद्वारा यो प्रतिलिपि छापी ल्याउने काम भएको हो ।

जैसीदेवलको सो शिलालेखको संवत्को अङ्क स्पष्टरूपमा यस्तो देखिन्छ—



तर ४१५ को अङ्क त यस्तो हुन्छ—



काशीप्रसाद जायसवाल जस्ता ख्यातनामा इतिहासकारले यस्तो अनुचित काम किन गरे होलान् भन्ने प्रश्न पनि उठ्छ। भारतको वशवर्ती भई नेपाल रहेको थियो भन्ने सिद्ध गर्न नेपालका अभिलेखमा देखिएका संवत् गुप्तसंवत् हुन्

भनी एउटा हेतु जायसवालले खोजी ल्याएका थिए । उनको मनसायलाई जैसी-देवलको अभिलेखको संवत् ४३५ ले बाधा पारिदियो र उनले सो संवत् ४३५ होइन, ४१५ हो भनी बोल्नुपर्‍यो । जायसवालको अभिप्राय उनको तलको वाक्यबाट स्पष्ट हुन्छ—

...दि इन्डिअन् नोज् मोर् अफ् डिस्टयान्ट् ल्यान्ड्ज् द्यान् अफ् नेपाल् ह्विच् इज् हिज् एन्शन्ट् कल्अनि यान्ड् ह्विच् ह्याज् बीन् अ पार्ट् अफ् हिज् इन्डिअन् एम्पाइर् फर् सेन्टचुर्इज् ...।

(काशीप्रसाद जायसवालको ग्रन्थको प्रस्तावनाको ७ पृष्ठ)

[प्राचीन उपनिवेश तथा आफ्नो भारतीय साम्राज्यको कैयौं शताब्दीसम्म अङ्ग भएको नेपालको विषयमा भन्दा भारतीयहरूलाई टाढाका मुलुकहरूको विषयमा बढी कुरा थाहा हुन्छ ।]

[परिशिष्ट][1]

काशीप्रसाद जायसवालको मत

प्रस्तावना[2]

प्राचीन कालदेखि वि. सं. ९३७ सम्मको नेपालको कालनिर्णय र इतिहासको आधुनिक ग्रन्थ अहिलेसम्म हामीले पाएका छैनौं । नेपालसंवत्को प्रारम्भकाल अर्थात् वि. सं. ९३७ देखि गोरखाली राजवंशले नेपालखाल्डो नजितेसम्मको अर्थात् विक्रमको १९ सौं शताब्दीको पहिलो पादसम्मको नेपालको कालनिर्णय र इतिहास आचार्य सेसिल बेन्डालले तयार गरेका छन् । उनको सो ग्रन्थ नेपालका हस्तलिखित पुस्तकको सूचीपत्रमा गाभिएर एशियासम्बन्धी अध्ययन गर्ने बङ्गालको राजकीय संस्थाबाट प्रकाशित भएको छ ।

कर्कप्याट्रिक, राइट, भगवानलाल इन्द्राजी र बेन्डालले खोजी गरी पत्ता लाएका नेपालका वंशावलीका सार तथा आफैंले खोजी पत्ता लाएको नेपालको वंशावलीको सारसमेत प्राध्यापक_सिल्भाँ लेभीले आफ्नो ग्रन्थ ले नेपालको दोस्रो भागमा प्रकाश गराएका छन् । तर आचार्य लेभीले सिलसिला मिलेको कालनिर्णय गर्ने कुनै प्रयत्न गरेनन् । नेपालका अभिलेखबाट भगवानलाल, बेन्डाल र फ्लीटले निकालेका तिथिमितिको विषयमा वादविवाद उठाउने काममा नै लेभीको परिश्रम मुख्य गरी खर्च भएको छ । दुर्भाग्यवश आचार्य लेभी भारतीय लिपिमा धेरै बलिया थिएनन् र नेपालका अभिलेखहरूमा देखिएका संवत् आचार्य फ्लीट र आचार्य बेन्डालले निर्णय गरेभन्दा कैयौं शताब्दीअगिका हुन् भन्ने विचारमा उनी पुगे । वि. सं. ३७६ देखि चलेको गुप्तसंवत् भएका नेपालका अभिलेखहरू वि. सं. १३५ देखि चलेको शकसंवत् भएका हुन् भन्ने कुरामा लेभी लागे । यस्तो ठूलो गोलमाल परेको हुनाले सबै कुरा र अगिका विद्वान्हरूले गरेका निष्कर्षहरूलाई फेरि

---

१. काशीप्रसाद जायसवालको ग्रन्थको सम्बद्ध भागको नेपाली अनुवाद ।

२. काशीप्रसाद जायसवालको ग्रन्थको प्रस्तावनाको अनुवाद ।

दोहोऱ्याएर विचार गर्नुपर्ने हुन आएको छ । यस कामको रीति र निष्कर्ष पाठकहरूले पछि आउने पृष्ठमा पाउनेछन् । आचार्य सेसिल बेन्डाल भरपर्दा लिपि विशेषज्ञ विद्वान्‌को रूपमा देखापरेका छन् । नेपालका हस्तलिखित ग्रन्थको विषयमा उनले गरेको कठोर र लामो परिश्रमले उनलाई नेपालका त्यस समयका लिपिसँग राम्रो परिचित गराएको छ । ठूला अङ्क (तीन अङ्क) भएका संवत् परेका नेपालका अभिलेखहरू गुप्तसंवत्‌का हुन् भनी पहिले ठम्याउने विद्वान् बेन्डाल नै हुन् । मेरो खोजको निष्कर्षअनुसार प्राध्यापक बेन्डाल र आचार्य फ्लीट ठीक छन् तथा प्राध्यापक लेभीले भूल गरेका छन् । नेपालका तात्कालिक अभिलेखमा देखिएको अर्को संवत् वि. सं. ६६३ देखि उठेको हर्षसंवत् हो भनी भगवानलाल फ्लीट तथा बेन्डालले भनेका छन् तथा वि. सं. ६५० देखि ६५२ भित्रको कुनै वर्षमा उठेको भोटे संवत् हो भनी लेभीले भनेका छन् । मेरो निष्कर्षअनुसार यी दुवै कुरा होइनन् । वि. सं. ६५२ देखि उठेको ठकुरीसंवत् यो हो। यस संवत्‌लाई अंशुवर्माले चलाएका हुन् भन्ने मेरो निष्कर्ष छ ।

अंशुवर्माका नाति राजा नरेन्द्रदेवको सम्बन्धमा चीनको इतिहासबाट प्रमाण देखाई प्राध्यापक लेभीले नेपालको इतिहासको कालनिर्णयको विषयमा ठूलो योगदान गरेका छन् । यसबाट भगवान्‌लाल र फ्लीटका विचारका केही महत्त्वपूर्ण त्रुटिहरूलाई संशोधन गर्न हामीलाई मदद मिलेको छ ।

अहिलेको मेरो यस काममा नेपाली सिक्का, मञ्जुश्रीमूलकल्प नाम भएको इतिहास र ज्यौतिषको हस्तलिखित ग्रन्थको पनि उपयोग भएको छ । यिनको उपयोग अघिकाले गरेका थिएनन् । भारतीय, नेपाली, भोटे तथा चिनियाँ उपकरणहरू लिई यो इतिहास तयार गरिएको छ । यो पुस्तक छापिइसकेपछि चम्पारनमा कुषाणहरूको राज्य भएको नयाँ प्रमाण पाइएको छ । अशोकको स्तम्भ रहेको रढिआ (?) गाउँमा खन्दाखेरि कुषाणहरूका साठीवटा तामाका सिक्का पाइए । यताबाट पहिला कुषाणहरूले नेपालमा राज्य गरेको हुनु धेरै सम्भव छ भन्ने देखिन्छ। यो कुरा यस ग्रन्थमा सङ्केत पनि गरिएको छ । पहिला गुप्तकालका कलासँग सम्बद्ध हुने स्मारकहरू मैले आफैं देखेको छु र गढेर हेरेको छु । यस विषयमा पनि यहाँ विचार गरिएको छ ।

नेपालको पहिलो राजवंश किरातवंश र गुप्तवंशलाई नेपालको वंशावलीमा गडबड पारिएको छ । तर लिच्छविवंशका केही नामहरूमा यस किसिमको तलमाथि र परिवर्तन गरे पनि वंशावली शुद्ध छ । अंशुवर्माको अभिलेखमा देखिएको संवत् विक्रमको सातौं शताब्दीमा उठेको हो । तर त्यो संवत्‌लाई विक्रमसंवत् हो

भनी वंशावलीकारहरूले सम्झेकाले ती राजाहरूका समय ज्यादै अशुद्ध भएका छन् ।

सुविधाको लागि नेपालको इतिहासको प्राचीनकाल अन्दाजी विक्रमपूर्व ५४३ देखि वि. सं. ९३७ सम्म हो भनी सम्झी त्यस कालको इतिहासको विषयमा यहाँ विचार गरिएको छ ।

नेपालका बासिन्दा प्रायः जम्मै अनार्य किरात थिए, तिनमा सम्राट् अशोकले बौद्ध धर्मको प्रवेश गराए । मुजफ्फरपुर जिल्लाबाट विक्रमको चौथो शताब्दीमा नेपाल पसेको लिच्छवि राजवंशले सबभन्दा पहिले नेपालमा प्रशस्त आर्यहरूको प्रवेश गरायो । यताबाट वर्णव्यवस्था र शैव धर्मको नेपालमा प्रवेश भयो तथा यो क्रम लगातार जारी रह्यो । नेपाल यसरी घनिष्ठरूपमा विहारसँग जोडियो । तर नेपाल विहार र अरू बाँकी उत्तरभारतका प्रान्तहरूबाट अलग्गिएर बस्यो । यसैले गर्दा नेपाल भारतको प्राचीन उपनिवेश तथा भारतीय साम्राज्यको एक भाग भई कैयौं शताब्दीसम्म रहेको थियो तथा पवित्र तीर्थस्थल भएको भए तापनि नेपालको विषयमा भन्दा त्यसभन्दा टाढाका देशका विषयमा भारतीयहरूले बढ्ता कुरा थाहा पाउन सक्तछन् । यसै गरी हामीहरूको लेखा आकर्षक विषय हुनुपर्ने नेपालको इतिहास भारतीयहरूको खोजको क्षेत्रबाहिर परिरह्यो ।

नेपाल सरकारले आफ्नो देशको इतिहासका सामग्रीहरूको विषयमा चाख लिन लागेको छ । यो शुभ लक्षण हो । बुद्धको जन्मस्थल लुम्बिनीमा उत्खनन गर्ने कामको थालनी नेपाल सरकारले गरेको छ । प्रसिद्ध कैलासकूटभवन आदि उत्खनन गर्नुपर्ने धेरै ठाउँ नेपालमा छन् । पुराना शिलालेखहरूको खोजी गर्नुपरेको छ । अशोकका चारवटा भन्दा बढी स्तूप नेपालखाल्डामा पाइएका छन् । तीभन्दा अरू पनि धेरै कुरा अशोकले त्यहाँ छोडेको हुनुपर्दछ । प्रसिद्ध मानगृहको पनि खोजी गर्नु बाँकी नै छ । नेपालको भूमिमा हजारौं शिलापत्र छन् । राजधानीभन्दा बाहिर अहिलेसम्म अन्वेषणको काम भएको छैन । राजधानीमै पनि विधिपूर्वक काम भएको छैन । नेपालले यस विषयमा रस लिई एउटा छुट्टै विभाग खोल्नेछ भन्ने आशा छ । ढुङ्गामा, धातुमा, ताडपत्रमा तथा कागतमा रहेका लिखतहरू नेपाल र भारतवर्षको इतिहासका लागि बहुमूल्य पदार्थ हुन् । अधिकारीहरूको दृष्टि यतातिर जाला र ती प्रकाश होलान् भन्ने हामीलाई विश्वास छ । गएको भूकम्पले नेपालका हजारौं प्राचीन पुस्तकको नाश गरिदियो, अब यस्तो बेवास्ता नगरी होशियार हुन यसले सजग गराउला ।

आफ्नो इतिहासको क्रमपूर्वक पुनर्निर्माण गर्न नेपाललाई यस ग्रन्थले काम देला भन्ने आशा गरिएको छ ।

मलाई नेपालको राजधानीमा प्रवेश गर्न र यस पुस्तकमा छलफल गरिएका धेरै विषयका उपकरणहरूको ज्ञान प्राप्त गर्न अनुमति बक्सेकोले नेपालका श्री ३ महाराजलाई म धन्यवाद चढाउँदछु।

का. प्र. जा.

नेपालको कालनिर्णय र इतिहास†

[वि. पू. ५४३–वि. सं. ९३७]

लिच्छविहरू र ठकुरीहरू

वि. सं. ४०७ देखि ९३७ सम्म

अंशुवर्माको समय र संवत्

भारतको इतिहासको कालनिर्णयलाई चन्द्रगुप्त मौर्यको शासनकालले जस्तै नेपालको इतिहासको कालनिर्णयलाई अंशुवर्माको शासनकालले केही शताब्दी तलमाथि पार्न सक्तछ। त्यस कारण अंशुवर्माको शासनकाल महत्त्वपूर्ण विषय भएको छ।

अंशुवर्माका शिलालेखमा देखिएको संवत् हर्षसंवत् हो भन्ने सम्झी आचार्य भगवानलाल इन्द्राजीले अंशुवर्माको समय वि. सं. ६९२ देखि ७०७ सम्म हो भनी मानेका छन्। आचार्य फ्लीट तथा भारतीय इतिहासकारहरूले पनि यसको अनुसरण गरेका छन्। यसमा फेरि विचार गर्नुपर्ने भएको छ।

राजा अंशुवर्माको समय निश्चित गर्न हामीसँग तल लेखिएका सामग्री छन्–भोटको लेखअनुसार भोटका सम्राट स्रङ–चङ–गम्पो वि. सं. ६८६मा राज्य

† जायसवालको ग्रन्थका १–१५ पृष्ठको अनुवाद।

गरिरहेका थिए[1] [विसेन्ट स्मिथको भारतको प्राचीन इतिहासका ३७३, ३७६ पृष्ठ]। स्रङ-चङ-गम्पोको विवाह वि. सं. ६८५-६९८ को बीचमा अंशुवर्माकी छोरीसँग भएको थियो।[2] चिनियाँ तीर्थयात्री युवान च्वाङ्ग वि. सं. ६८६ मा भारतयात्रा आरम्भ गरी वि. सं. ७०२ मा चीन पुगे [विसेन्ट स्मिथका ३७३, ३६५ पृष्ठ]। उनको वर्णनअनुसार कहलिएका ग्रन्थकार अंशुवर्मा 'भरखर बितेका राजा' थिए।[3] यस कारण युवान च्वाङ्गले भारत छोड्नुभन्दा अगाडि अंशुवर्माको मृत्यु भएको थियो, तर धेरै अगाडि भएको भने थिएन। यस कारण भोटे र चिनियाँ लेखअनुसार अंशुवर्माको समय वि. सं. ७०१ वा ७०२ भन्दा केही अगाडि सिद्ध हुन्छ।

---

१. चिनियाँ इतिहासअनुसार स्रङ-चङ-गम्पोको मृत्यु वि. सं. ७०७ मा भयो [वि. सं. १९३७ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने राजकीय संस्थाको पत्रिकाको ४३८ पृष्ठ]। भोटे वर्णनअनुसार स्रङ-चङ-गम्पोको मृत्यु वि. सं ७५५ मा भयो।

२. वाड्डेल र शरच्चन्द्रदासको लेखअनुसार स्रङ-चङ-गम्पोको यो विवाह वि. सं. ६९८ मा भयो। मिल्यु(?)को लेखअनुसार यो विवाह वि. सं. ६८५-६८८ को बीचमा भयो (विसेन्ट स्मिथ ३७६ पृष्ठ)। राजकुमारीका पिता नेपालनरेशको नाम भोटे भाषामा गो-चा भनी लेखिएको छ। गो-चाको अनुवाद प्रभा-वर्मा (एशियासम्बन्धी अध्ययन गर्ने बङ्गालको (?) संस्थाको पत्रिकाको ५९ भागको ५४) भयो, ज्योति-वर्मा भनी शरच्चन्द्र दासद्वारा (एशियासम्बन्धी अध्ययन गर्ने बङ्गालको (?) संस्थाको पत्रिकाको ५० भागको २००) भयो। यो वर्णनबाट यो विवाह अंशुवर्माको जीवनकालमा नै भएको हो भन्ने कुरा अपरिहार्य रूपले सिद्ध हुँदैन।

३. बील र वाटर्स (दोस्रो अध्यायको ८४ पृष्ठ) अनुसार चिनियाँ ग्रन्थमा सन्देह गर्ने कुनै स्थान छैन। भगवानलाल इन्द्राजीले अनुवादमा सन्देह गर्न खोजेका छन् (भारतीय प्रत्नतत्त्व १३ भागको ४१९ पृष्ठ)। युवान च्वाङ्गले गरेको वर्णनलाई फ्लीटले बिलकुलै बेवास्ता गरेका छन्। अंशुवर्मालाई युवान च्वाङ्गले भूतपूर्व राजाको रूपमा वर्णन गरेका छन् भन्ने विषयमा चिनियाँ भाषा जान्नेहरू सहमत छन् (वि. सं. १९५१ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने पत्रिकाको ५८।

फ्लीटको गुप्त–अभिलेखका १७८–१८० पृष्ठमा दिइएका अंशुवर्माका राज्यकालका नेपालका अभिलेखहरूबाट संवत् ३४, संवत् ३९ तथा संवत् ४४ सम्म अंशुवर्मा जीवित देखिन्छन्। यो संवत्को नाउँ ती अभिलेखमा पाइँदैन। अंशुवर्माका उत्तराधिकारी जिष्णुगुप्तको संवत् ४८ को अभिलेखमा (फ्लीट, १८० पृष्ठ) अंशुवर्मा भूतपूर्व राजाको रूपमा देखिन्छन्। यस कारण अंशुवर्माको शासनकाल यस संवत्को ४८ वर्षभन्दा पर जाँदैन। युवान च्वाङ्गको वर्णनअनुसार अंशुवर्मा वि. सं. ७०२ मा मरिसकेका देखिन्छन्। ७०२—४८ = ६५४ हुन्छ। यस कारण यो संवत् वि. सं. ६५४ भन्दा पछि निस्केको हुन सक्तैन। अंशुवर्माका सम्बन्धमा नेपालको अभिलेखअनुसार अर्को प्रमाण पनि पाइएको छ। लिच्छवि राजा प्रथम शिवदेवको शिलालेखअनुसार अंशुवर्मा राजाभन्दा तल्लो दर्जाका शासक थिए भन्ने कुरा नाम उल्लेख नभएको संवत्को वर्ष ३१६ को अभिलेखबाट देखिन्छ (फ्लीट १७७–१७८)। यस संवत्लाई फ्लीटले गुप्तसंवत् मानेका छन्। अंशुवर्माका सम्बन्धमा माथि उल्लेख गरिएको बाह्य प्रमाणहरूको आधारमा यस संवत्लाई गुप्तसंवत्बाहेक अर्को संवत् मान्न सकिंदैन। अंशुवर्माको समय अन्दाजी वि. सं. ६९७ भन्दा ३१६ वर्षअगाडिदेखि चलेको अंशुवर्माको अभिलेखमा देखिएको यो संवत् विक्रमको चौथो शताब्दीको अन्तिम पादमा चलेको कुनै संवत् हुनुपर्दछ। याहा पाइएका संवत्हरूमध्ये वि. सं. ३७६ देखि चलेको गुप्तसंवत् नै यो हुन सक्तछ। समुद्रगुप्तको शिलालेखको प्रमाणअनुसार नेपाल उनको अधीनमा थियो। त्यस कारण गुप्तसाम्राज्यको संवत्लाई नेपालले चलाएकोमा शङ्का मान्ने स्थान छैन। संवत् ३१६ (वि. सं. ६९२ ज्येष्ठशुक्ल दशमी) को अभिलेखअनुसार अंशुवर्मा प्रथम शिवदेवका महासामन्त (राजाभन्दा तल्लो दर्जाका शासक) र सल्लाहकार थिए भन्ने देखिन्छ। "*महासामन्तांशुवर्म्मणा विज्ञापितेन मया*" भन्ने वाक्यले अंशुवर्मा राजा प्रथम शिवदेवका अधीनमा रहेका थिए भन्ने कुरो स्पष्ट देखिन्छ। अंशुवर्माले संवत् ३४ को आफ्नै शिलालेखसम्म स्वयं आफूलाई महासामन्त (राजाभन्दा तल्लो दर्जाको प्रमुख शासक) भनी उल्लेख गरेका र संवत् ३९ देखि त्यस पदवीलाई छोडी "*श्री*" अर्थात् *परमाधिपति* भन्ने पदवी लिन शुरू गरेका हुन्। अंशुवर्मा अन्दाजी वि. सं. ६९२ देखि राजाको रूपमा शासन गर्न लागेका हुन्। राजाको रूपमा अंशुवर्माको राज्यकाल वि. सं. ६९२ देखि ७०२ (युवान च्वाङ्ग) सम्म रहेको देखिन्छ। यो समय मोटामोटी हिसाबले बढीमा १० वर्षसम्म हुन सक्तछ। यस कारण संवत् ३९ को उनको शिलालेख वि. सं. ६९२ तिरको हुनुपर्छ। त्यस कारण संवत् ३५ देखि संवत् ४४ वा ४५ सम्म अंशुवर्मा जीवित थिए र उनको सम्पूर्ण राज्यकाल यही १० वर्षभित्र पर्दथ्यो भन्ने देखिन्छ।

यस कारण राजाको रूपमा अंशुवर्माको राज्यकाल अन्दाजी वि. सं. ६९२–७०२ भित्र पर्दछ। यस कारण सानो अङ्क भएको संवत् वि. सं. ६५७ वा त्यसभन्दा अघि चलेको हुनुपर्दछ, वि. सं. ६५७ भन्दा पछि चलेको हुन सक्तैन। यस कारण वि. सं. ६६३ मा चलेको हर्षसंवत् अंशुवर्माको शिलालेखको संवत् हुन सक्तैन।

अंशुवर्माको संवत् प्रारम्भ भएको वर्ष

चीनको ताङवंशको, उसै वेला लेखिएको इतिहासको २२१ अध्यायमा[४] नेपालको तात्कालिक इतिहास पर्न गएको छ। त्यताबाट वि. सं ७०० भन्दा पहिले अंशुवर्माको मृत्यु भएको देखिन्छ। वि. सं. ६९९–७०४ को बीचमा चिनियाँ राजदूत लि–योष्याव नेपालको बाटो भई हर्षवर्धनको सभामा पुगेका थिए। त्यस वेला नेपालको राजसिंहासनमा उनले राजा नरेन्द्रदेव [ना–लिङ–ति–पो] लाई देखेका थिए। नेपालको शिलालेखअनुसार ती राजा नरेन्द्रदेवका पिताको नाम उदयदेव हो। नरेन्द्रदेवका काकाले आफ्ना दाजु (युवराज) अंशुवर्माका[५] जेठा छोरालाई राज्यच्युत गरेका थिए। नरेन्द्रदेवले भोटे राजाको अधीनमा[६] बस्ने शर्त स्वीकार गरेकाले नरेन्द्रदेवलाई भोटे राजाले पहिलेको उनको राज्यमा राखिदिए। नरेन्द्रदेवले राज्य गरिरहेको समयमा दुइ चिनियाँ राजदूतले वि. सं. ६९९–७०४ को बीचमा र वि. सं. ७१४ मा समेत गरी धेरै पटक नेपालको बाटो गरी आवत-जावत गरेका थिए। चिनियाँ इतिहासअनुसार वि. सं. ७०० देखि ७१४ सम्म नरेन्द्रदेव नेपालको राज-

---

४. वि. सं. १९५१ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको ६०, ६७ र वि. सं. १९५७ को ३०४ पृष्ठमा छापिएका लेभीका लेख।

५. भारतीय प्रत्नतत्त्व ९ भागको १७० पृष्ठ, संवत् ३९ को अभिलेख।

६. यस अंशको अनुवादको प्रारम्भ सेन्ट जुलियनले गरे (वि. सं. १९०४ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिका)। त्यसपछि चिनियाँ भाषा जान्ने फ्रान्सिसीहरूबाट धेरै पटक यसको अनुवाद भयो।

गद्दीमा देखिन्छन् ।[७] यस कारण अंशुवर्माको मृत्यु वि. सं. ७०० भन्दा अगाडि भएको हुनुपर्दछ । प्रथम शिवदेवको समय वि. सं ६९२ मा अंशुवर्मा जीवित देखिन्छन् । यस कारण उनको मृत्यु वि. सं. ६९२ भन्दा पछि तथा वि. सं. ७०० भन्दा अगाडि भएको हुनुपर्दछ । प्राध्यापक लेभीले आफ्नो ग्रन्थ ले नेपालको तेस्रो भागको ७९ पृष्ठमा[८] प्रकाशित गरेको प्रथम शिवदेवको ३२० को अभिलेख पत्ता लाग्नाले यो अवधि (वि. सं. ६९२- ७००) झन् साँघुरिन गएको छ । यो शिलालेख अरू सनद शिलालेख जस्तै छ । यस शिलालेखमा महासामन्त अंशुवर्माले जम्मै शत्रुहरूलाई जिते भन्ने लेखिएको छ । यताबाट गुप्तसंवत् ३२० अर्थात् वि. सं. ६९६ सम्म अंशुवर्मा जीवित देखिन्छन् । यस कारण वि. सं. ६९६ तथा वि. सं. ७०० को बीचमा उनको मृत्यु भएको हुनुपर्दछ ।

के हामी निर्विवादरूपमा रहेका यी दुइ संवत् वि. सं. ६९६ र ७०० को बीचबाट यथार्थ समय पत्ता लगाउन सक्तछौं ? जिष्णुगुप्तको यानकोटको अभिलेख (ले नेपाल तेस्रो भागको १७ त्रौं चित्रफलक) को संवत् ४४ भनी मैले पढेको छु । मैले पढेको यो पाठ ठीक[९] हो भने, जिष्णुगुप्त र उनका दुइ जना खेलौना राजा मानदेव र ध्रुवदेव (यी ध्रुवदेव लिच्छवि नरेन्द्रदेवका काका तथा मानदेवका

---

७. लेभीको, वि. सं १९५१ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको पत्रिकाको ५५ र वि. सं. १९५७ को २९७, ले नेपालको पहिलो भागको १५५ पृष्ठ र दोस्रो भागका १६४–१६५ पृष्ठका लेख हेर, विसेन्ट स्मिथको भारतको प्राचीन इतिहासको ३६६ पृष्ठ, भारतमा दूतमण्डलको आगमनको समय ।

८. खोपासी (भादगाउँभन्दा पूर्वपट्टि रहेको गाउँ) मा रहेको यो शिलालेख महाराज चन्द्रशमशेर जङ्गबाट पत्ता लागेको हो । लेभीले दिएको १३ संख्याको चित्रफलकमा संवत् ३२० चैत्रकृष्णपञ्चम्याम् भन्ने वाक्य स्पष्टरूपमा सुरक्षित भएर रहेका छन्, अर्थात् स्पष्ट देखिन्छन् । दुर्भाग्यवश प्राध्यापक लेभी नेपालमा चलेका संवत् र नेपालको इतिहासको विषयमा अनौठा ढङ्गले विचार गर्दछन् । जुन विचारले गर्दा नेपालमा गुप्तसम्बन्धका सबै महत्त्वलाई कम पारिदियो, त्यही विचारअनुसार लेभीले ३२० यस संख्यालाई ५२० भनी पढे ।

९. लेभीको ग्रन्थ ले नेपाल, तेस्रो भागको १०४ पृष्ठको १७ संख्याको फलकमा ३० पङ्क्तिको प्रारम्भदेखि (ठूलो अक्षर गराई फलक देखाइएको छ) हेर । लेभी ५०० भन्ने राय व्यक्त गर्दछन्, तर फलकमा त्यो छैन ।

उत्तराधिकारी हुन्) ले ४ वर्ष शासन गरे। संवत् ४८[10] र ४४ का जिष्णुगुप्तका अभिलेख छन्। यस कारण (७००—४ = ६९६ हुने हुनाले) अन्दाजी वि. सं ६९६ मा अंशुवर्माको मृत्यु भएको हुनुपर्दछ।

आचार्य बेन्डालले पत्ता लाएको तथा उनको नेपालयात्रामा र भारतीय प्रत्नतत्त्व १५ भागको ३३८ पृष्ठमा प्रकाश गरेको अंशुवर्माको अभिलेखबाट ज्यौतिषशास्त्रसंबन्धी एउटा प्रमाण हामीले भाग्यले पाएका छौं। यो संवत् ३४ को हो, त्यसमा पौषमा अधिकमास परेको छ (*प्रथमपौषशुक्लद्वितीयायाम्* भनी त्यहाँ लेखिएको छ)। वर्तमान पद्धतिअनुसार पौष अथवा मार्गशीर्षमा अधिकमास पर्दैन, तर आचार्य फ्लीटले (भारतीय प्रत्नतत्त्व १५ भागको ३३८ पृष्ठमा) देखाएको अर्को अभिलेखमा पनि प्राचीन कालमा यस्तो अधिकमास परेको उल्लेख पाइन्छ। प्रचीन आर्य[11]सिद्धान्तअनुसार वि. सं. ६५७ देखि ७५७ भित्रमा वि. सं ६८६, वि. सं. ७०५, वि. सं. ७२४ तथा वि. सं. ७४३ यी [12]चार वर्षमा पौषमा अधिकमास परेका देखिन्छन्। वि. सं ७०५, वि. सं. ७२४ र वि. सं. ७४३ नरेन्द्रदेवको राज्यकालमा पर्दछन्। त्यस कारण यी पछाडि परे। यस कारण वि. सं. ६८६ मा पौषमा परेको अधिकमासलाई मात्र हामी रोज्न सक्छौं। अंशुवर्माका अभिलेखमा *संवत् ३४ प्रथमपौष* भनी लेखिएको छ। यस कारण अंशुवर्माको संवत्को प्रारम्भ वर्ष (वि. सं. ६८६-३४ = वि. सं ६५२) वि. सं. ६५२ हुन[13] आउँछ।

---

१०. भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ।

११. स्वेलको सिद्धान्त र भारतीय पञ्चाङ्गनामक पुस्तकको प्रस्तावनाको १० पृष्ठ हेर।

१२. स्वेलको सारणी हेर।

१३. वि. सं. १९५१ मा प्रकाशित एशियासम्बन्धी अध्ययन गर्ने संस्थाको ६२ पृष्ठ। नेपालको कालनिर्णयनामक निबन्धमा लेभीले अंशुवर्माको संवत्को प्रारम्भवर्ष वि. सं. ६५१ भनी लेखेका छन् सो अशुद्ध हो। उनले दिएका क्षरू ज्यौतिषसम्बन्धी प्रमाणहरू पनि ठेठीक छन्। आर्यसिद्धान्तबाट आएका अधिका पौषमा अधिकमास परेका संवत्लाई लेभीले भ्रमवश ब्रह्मसिद्धान्तबाट आएका हुन् भनी बोलेका छन्। ब्रह्मसिद्धान्तबाट त वि. सं. ६५९, ६७८ तथा ६९७ मा पौषमा अधिकमास पर्दछन्। ब्रह्मसिद्धान्तको रचना वि. सं. ६८५ मा भएको हो (स्वेलको प्रस्तावनाको १० पृष्ठ)। यस कारण वि. सं. ६५९ तथा वि. सं. ६७८ मा ब्रह्मसिद्धान्त

तसर्थ अंशुवर्मसंवत्को ४४ सौं वर्ष वि. सं. ६९६ मा[१४] पर्छ । त्यस कारण हामीले अंशुवर्माको मृत्यु भएको वर्ष वि. सं. ६९६ लाई नै मान्नुपर्दछ । यदि थानकोटको अभिलेख अंशुवर्मसंवत् ४४ को हो भने अंशुवर्माको अन्तिम अभिलेख पनि संवत् ४४ कै हुनुपर्दछ, संवत् ४५ को हुँदैन (भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ पादटिप्पणी २७ संख्या) । भगवानलाल इन्द्राजीको पाठअनुसार संवत् ४४ र संवत् ४५ मा शङ्का देखिन्छ (फ्लीटको गुप्त-अभिलेखसङ्ग्रहको १८० पृष्ठको पहिलो अभिलेखको पाँचौं पादटिप्पणी) । सो संवत् ४४ होइन भने वि. सं. ६९६ चैत्र-कृष्ण पञ्चमीभन्दा पछाडि तथा वि. सं. ७०० भन्दा अगाडिको कुनै वर्षमा अंशुवर्माको मृत्यु भएको हुनुपर्दछ ।

अंशुवर्माको शासनको र उनको मृत्युपछि भएको वंशपरिवर्तनको कालनिर्णय

अंशुवर्मा र जिष्णुगुप्तको शासनकालको कालनिर्णय यस प्रकारको छ ।

अंशुवर्माका –

वि. सं. ६५२ मा अंशुवर्मसंवत्को प्रारम्भ ।

नेपालमा पुग्न सक्तैन । वि. सं. ६९७ = अंशुवर्माको संवत् ३४ मान्ने हो भने अंशुवर्माको संवत्को प्रारम्भवर्ष = वि. सं. ६९७ – ३४ = वि. सं. ६६३ हुन आउँदछ । यस्तो हुनु बिलकुलै असम्भव छ । वि. सं. ६७८ = अंशुवर्माको संवत् ३४ मान्ने हो भने अंशुवर्माको संवत्को प्रारम्भवर्ष = वि. सं. ६७८ — ३४ = वि. सं. ६४४ हुन आउँछ । यस कारण वि. सं. ६४४ + ४८ = वि. सं. ६९२ मा अंशुवर्माको मृत्यु भइसकेको हुनुपर्दछ । किनभने अंशुवर्माको संवत् ४८ मा जिष्णुगुप्त राज्य गरिरहेका देखिन्छन् । शिवदेवको गुप्तसंवत् ३२० को अभिलेखअनुसार वि. सं. ६९६ मा अंशुवर्मा जीवित रहेका देखिनाले वि. सं. ६९२ मा उनको मृत्यु भइसकेको भनी मान्न सकिँदैन । माथि उल्लेख गरिएका ज्यौतिषशास्त्रसम्बन्धी गणना इलाहाबाद विश्वविद्यालयका ज्यौतिषी मेरा साथी आचार्य गोरखप्रसादजीले मिलाइदिनुभएको हो ।

१४. फर्कप्याट्रिकको वंशावलीअनुसार अंशुवर्माको राज्यकाल ४२ वर्षको देखिन्छ ।

वि. सं. ६८२ मा संवत् ३० ज्येष्ठशुक्ल ६ को अंशुवर्माको हाँडिगाउँको अभिलेख (ले नेपाल तेस्रो भागको ८५ पृष्ठ) मा उनका सेनापति, राज्याभिषेकका घोडा, हात्ती र अरूहरूको मर्यादाक्रम तोकियो।

वि. सं. ६८४ मा संवत् ३२ अषाढशुक्ल त्रयोदशीको अंशुवर्माको हाँडिगाउँको दोस्रो अभिलेख (ले नेपाल तेस्रो भागको ९३ पृष्ठ) मा धार्मिक दान तोकिएको छ। संवत् ३२ भाद्रपदशुक्ल प्रतिपद्को साँगाको अभिलेख। (अंशुवर्माका जम्मै अभिलेख कैलासकूटभवनबाट जारी गरिएका छन्)। यस अभिलेखमा (कुरिकुरि लागेका दुनियाँहरूले आँखा झिम्म नगरेर हेरिरहेको भनी कैलासकूटभवनको बयान गरिएको छ (ले नेपाल तेस्रो भागको ९९ पृष्ठ)। यस अभिलेखमा साँगाका गाउँलेहरूलाई सुविधा प्रदान गरिएको छ।

वि. सं. ६८६ मा संवत् ३४ (ज्येष्ठशुक्ल दशमी) को अंशुवर्माको अभिलेख। भारतीय प्रत्नतत्त्व ९ भागको १६९ पृष्ठ, कुखुरा, सुँगुर र माछाहरूको संरक्षणको निमित्त व्यवस्था गरिएको छ।

वि. सं. ६८६ मा संवत् ३४ (प्रथमपौषशुक्ल द्वितीया) को अभिलेख। बेन्डालको नेपालयात्राको ७४ पृष्ठ, भवन मरमत गर्नाका निमित्त जग्गा प्रदान गरिएको छ।

वि. सं. ६९१ मा संवत् ३९ वैशाखशुक्ल दशमीको अभिलेखमा अंशुवर्माले "श्री" अर्थात् परमाधिपति भन्ने पदवी ग्रहण गरी उदयदेवलाई युवराज पदवी दिई आफ्नी बहिनी र भाञ्जाभाञ्जीहरूले राखेको शिवगूठीको बन्दोबस्त गराएका थिए (भारतीय प्रत्नतत्त्व ९ भागको १७० पृष्ठ)।

अंशुवर्मा र प्रथम शिवदेव

वि. सं. ६९२ मा संवत् ३१६ ज्येष्ठशुक्ल दशमीको प्रथम शिवदेवको अभिलेख (बेन्डालको नेपालयात्राको ७२ पृष्ठ र भारतीय प्रत्नतत्त्व १४ भागको ९७ पृष्ठ) मा महासामन्त अंशुवर्माको सल्लाहअनुसार गाउँलेहरूलाई सुविधा प्रदान गरिएको छ।

वि. सं. ६९६ मा संवत् ३२० चैत्रकृष्ण पञ्चमीको प्रथम शिवदेवको अभि-

लेखमा महासामन्त अंशुवर्माको सल्लाहअनुसार खोपासीका गाउँलेहरूलाई सुविधा प्रदान गरिएको छ (ले नेपाल तेस्रो भागको ७९ पृष्ठ) ।[१५]

वि. सं. ६९६ मा संवत् ४४ (अथवा ४५) ज्येष्ठशुक्लको विशुवर्माको अभिलेखमा उनले (श्री) परमाधिपति अंशुवर्माका निगाहले धारा बनाएका हुन् भनी लेखिएको छ ।

जिष्णुगुप्त र मानदेव

वि. सं. ६९६ (?), *सिंहासनाध्यासिकुलकेतु* (गद्दीनशीन कुलका झण्डा जस्ता भएका) भट्टारक श्रीमानदेवभन्दा तल्लो दर्जाका श्रीजिष्णुगुप्तदेवको थानकोटको अभिलेख संवत् ४४ (?) को हो । यहाँ जिष्णुगुप्तले आफना बराज्यू मानदेव गोमीले बनाएको तलाउको जीर्णोद्धार गर्न दान दिएका छन् । यहाँ उनले आफ्नै युवराज विष्णुगुप्तलाई दूतक राखेका छन् तथा आफ्नो वंश सोमवंश भनी देखाएका छन् (ले नेपाल तेस्रो भागको १०४ पृष्ठ) ।

जिष्णुगुप्त र लिच्छवि ध्रुवदेव

वि. सं. ७०० मा संवत् ४८ कार्तिकशुक्ल द्वितीयाको भीननारायणको अभिलेखमा ‡ श्री (*परमाधिपति*) जिष्णुगुप्तले *"महाराजाधिराज अंशुवर्मा"* बाट बनाउन लगाइएको कुलोको मरमत गराएका र यस कामको स्वीकृति उनीभन्दा ठूला शासक ध्रुवदेवबाट भएको हो भनी लेखिएको छ । जिष्णुगुप्तले मेरो राज्याधिकार वंशक्रमागत अधिकार हो र दुनियाँद्वारा स्वीकृतसमेत भएको छ भनी दावी गरेका छन् (भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ) ।

---

१५. प्रथम शिवदेवका अरू दुइ सनद शिलालेखमा पनि महासामन्त अंशुवर्माको सल्लाहअनुसार भनी लेखिएको छ, तर त्यहाँ संवत्‌हरू देखिदैनन् । भारतीय प्रत्नतत्त्व ९ भागको १६८ पृष्ठ, ले नेपाल तेस्रो भागको ६२ पृष्ठ (भादगाउँ तुलाछें टोलको अभिलेख) ।

‡ यो अभिलेख पाटन छिन्नमस्ताको हो । यहाँ जायसवालले भूल गरेका छन् ।
— अनुवादक

माथि उल्लेख गरेजस्तै परन्तु संवत् नष्ट भएको अर्को पनि अभिलेख छ। त्यो अभिलेखमा पनि *लिच्छविकुलकेतु* (लिच्छविकुलका झण्डा जस्ता भएका) ध्रुवदेव माथिल्लो तहमा छन् (भारतीय प्रत्नतत्त्व ९ भागको १७३ पृष्ठ)। थाहा पाइएको अन्तिम अभिलेख (भारतीय प्रत्नतत्त्व ९ भागको १७४ पृष्ठ) *श्रीजिष्णुगुप्तस्य प्रवर्द्धमानविजयराज्ये* (श्रीजिष्णुगुप्तको उन्नति गर्दै गइरहेको विजयराज्य) मा राखिएको हो। यहाँ पनि संवत् नष्ट भएको छ।

नरेन्द्रदेव

वि. सं ७०० मा अंशुवर्माका नाति तथा उदयदेवका छोरा नरेन्द्रदेवलाई नेपालको राजसिंहासनमा चिनियाँहरूले देखेका थिए। यिनी नेपालको राजसिंहासनमा त्यसभन्दा अगि पुनःस्थापन गरिएका थिए।

नरेन्द्रदेवलाई राज्यमा पुनःस्थापन गरिएको वर्ष वि. सं. ७०० नै हो भन्ने यताबाट देखिन्छ। त्यस समयमा जिष्णुगुप्त, लिच्छवि ध्रुवदेव संगसँगै राज्य गरिरहेका थिए। ध्रुवदेवको नाम हाम्री वंशावलीमा पाउदैनौं (वंशावलीमा लेखिएका रुद्रदेव नै ध्रुवदेव हुन् भनी माने मात्र ध्रुवदेव वंशावलीमा पाइन्छन्)। जिष्णुगुप्त संगसँगै राज्य गरिरहेका मानदेव* नरेन्द्रदेवका काका हुनुपर्दछ। यी मानदेव ध्रुवदेवभन्दा अगाडि राज्य गर्दथे। वंशावलीमा उदयदेवभन्दा पछाडि मानदेव आउँदछन्। यी मानदेवलाई अभिलेखमा *सिंहासनाध्यासिकुलकेतु* भनी लेखिएको छ, ध्रुवदेवलाई झैं लिच्छविकुलकेतु लेखिएको छैन। यताबाट जिष्णुगुप्तले आफ्नो अधिकारलाई न्यायोचित बनाउनका निमित्त मानगृहमा मानदेवको§ सट्टा लिच्छविलाई स्थापना गरेर नरेन्द्रदेवको दावीको विरुद्ध लोकसम्मति आफ्नो पक्षमा पार्न खोजेको देखिन्छ।

वि. सं. ६५२ देखि चलेको संवत्का प्रवर्तक

वि. सं. ६५२ देखि चलेको संवत्ले के कुरा बताउँदछ ?

---

* यहाँ भीमार्जुनदेव भनी पढ्नुपर्नेमा जायसवालहरूले भूल गरेका छन् र क्रम पनि बिगारेका छन्– अनुवादक।

§ भीमार्जुनदेव पनि लिच्छवि नै हुन् – अनुवादक।

प्रथम शिवदेवले यसै ताक[१६] गुप्तहरूलाई निकाले । तर प्रथम शिवदेवले गुप्तसाम्राज्यको संवत्लाई चलाइरहे र नयाँ संवत् चलाएनन् । अंशुवर्माले आफ्नो महासामन्त पदको राज्याभिषेककालदेखि गणना गरेर अंशुवर्मसंवत् चलाए भन्ने देखिन आउँदछ । अंशुवर्मा नयाँ (ठकुरी) वंशका संस्थापक थिए । यो घटना पूर्णरूपमा महत्त्वपूर्ण हुन गएको छ, विशेष गरी यसको मतलव प्राचीन तथा लामो समयदेखि चलिआएको महान् लिच्छविवंशको झण्डैझण्डै स्थान ग्रहण गर्न यो (ठकुरी) वंश पुगेको छ । अंशुवर्माले आफ्नो नयाँ वंशको संस्थापनाकालदेखि आफ्नो वास्तव राज्याभिषेक भएको संख्री संवत्को गणना गरे । अंशुवर्माले आफ्नो संवत् ३४ सम्मका अभिलेखहरूमा महासामन्त पद नै लिइरहेका देखिनाले त्यस बेलासम्म उनले विधिवत् आफ्नो राज्याभिषेक गराएका थिएनन् भन्ने देखिन्छ । हुन त ती अभिलेखहरूमा वर्णन गरिएका सरसामान र उत्सवहरू पूर्णरूपले राजोचित देखिन्छन् । आफ्नो राज्यको अन्तिम कालमा अंशुवर्मा पूर्णाधिकारसंपन्न *'महाराजाधिराज'* पदले विभूषित भएका थिए कि भन्ने कुरा उनका एक पटक निस्केका सिक्काहरूबाट[१७] अडकल गर्न सकिन्छ । अंशुवर्माको मृत्यु भएपछि उनलाई महाराजाधिराज भन्ने पदवी जिष्णुगुप्तले लगाइदिएका हुन् भन्ने कुरा भगवानलाल इन्द्राजी र लेभीले मानेका हुन् तर यो ठीक होइन ।

राजनीतिको कारणवश हर्षसंवत् नेपालमा चलाइएको हो भनी मान्ने हो भने प्रथम शिवदेवका अभिलेखमा पनि यो संवत् पाइनुपर्दथ्यो । प्रथम शिवदेव र अंशुवर्मा सामानकालिक हुन् । प्रथम शिवदेव र उनका उत्तराधिकारीहरूले यस संवत्लाई कहिल्यै पनि स्वीकार गरेको देखिदैन । अंशुवर्मा र उनका उत्तराधिकारीहरूले मात्र यस संवत्लाई स्वीकार गरेका छन् । सानो अङ्कले बनेको अर्थात् ३० देखि १५३ सम्मको संख्या भएको यो संवत् वास्तवमा ठकुरीसंवत् हो । अंशुवर्माद्वारा चलनमा ल्याइएको यो संवत्को गणना उनको महासामन्त पदवीको राज्याभिषेकदेखि भएको देखिन्छ ।

---

१६. नेपालका गुप्तहरू भन्ने अध्याय हेर ।

१७. कनिङ्घमको प्राचीन भारतका सिक्काको ११७ पृष्ठ, लेभी, भगवानलाल इन्द्राजी र फ्लीटले यस प्रमाणमा आँखा पुऱ्याउन सकेनन् ।

जायसवालको ग्रन्थका २१-२२ पृष्ठका अनुवाद—

अभिलेखको संवत् र त्यसको विक्रमसंवत्	अभिलेख	अंशुवर्माका पदवीहरू	अंशुवर्माका टकमा रहेका पदवीहरू
[1]३१६ (वि.सं. ६९२)	राजा शिवदेव (भट्टारक महाराज श्रीशिवदेव)	"महासामन्त अंशुवर्मा"	छैनन्
[2]३२० (वि.सं. ६९६)	"	"	"
[3]३० नयाँ संवत्	अंशुवर्मा	"श्रीमहासामन्त अंशुवर्मा"	"
[4]३२ नयाँ संवत्	"	"	"
[5]३४ "	"	"	"
[6]३४ "	"	"	"
[7]३९ "	"	"श्रीअंशुवर्मा"	श्रीअंशुवर्मा (प्राचीन भारतको सिक्कानामक ग्रन्थ-को १२ संख्याको चित्रफलको ४, ६ संख्या)
[8]४५ अथवा ४४ नयाँ संवत्	दुनियाँदारले राखेको	श्रीअंशुवर्मा	"
[9]४८ नयाँ संवत्	राजा जिष्णुगुप्त ("श्रीजिष्णुगुप्त")	भट्टारक महाराजाधिराज श्रीअंशुवर्मा	महाराजाधिराजस्य श्रीअंशोः (श्रीअंशु)

१. भादगाउँ गोलमाढीटोलको अभिलेख, फ्लीटको गुप्त–अभिलेखसङ्ग्रहका १७७–७८ पृष्ठ। भारतीय प्रत्नतत्त्व १४ भागको ९७ पृष्ठ, अंशुवर्माको थाहा पाइएको समयअनुसार यो संवत् अवश्य पनि गुप्तसंवत् नै हुनुपर्दछ भनी सर्वप्रथम आचार्य बेन्डालले सुझाउ दिएका हुन्।

राजा प्रथम शिवदेवको यस अभिलेखमा अंशुवर्मा राजाका सल्लाहकार छन् र अंशुवर्माका भानिज भोगवर्मा दूतक छन्।

२. भादगाउँभन्दा पूर्व तथा नेपालखाल्डोबाहिर रहेको खोपासी भन्ने गाउँमा रहेको यस अभिलेखको संवत् ३२० लाई लेभीले ले नेपाल तेस्रो भागको ७९ पृष्ठमा भूलले ५२० भनी पढेका छन्।

३. ले नेपाल तेस्रो भागको ९५ पृष्ठको हाँडिगाउँको पहिलो अभिलेख, १३ संख्याको फलक।

४. हाँडिगाउँको अभिलेख, सोही पुस्तकको ९३ पृष्ठ।

५. भारतीय प्रत्नतत्त्व ९ भागको १६९ पृष्ठ, गुप्त–अभिलेखसङ्ग्रहको १७८ पृष्ठ, बुङ्गमतीको अभिलेख।

६. गुप्त–अभिलेखसङ्ग्रहको १७९ पृष्ठ।

७. भारतीय प्रत्नतत्त्व ९ भागको १७० पृष्ठ, गुप्त–अभिलेखसङ्ग्रहको १७९ पृष्ठको पहिलो अभिलेख, देउपाटनको अभिलेख।

८. भारतीय प्रत्नतत्त्व ९ भागको १७१ पृष्ठ गुप्त–अभिलेखसङ्ग्रहको १८० पृष्ठको पहिलो अभिलेख, काठमाडौंको धाराको अभिलेख। *श्र्यंशुवर्म्मप्रसादेन कारिता सत्प्रणाली विभुवर्म्मणा* त्यहाँ रहेको अङ्क ४० को पछाडिको अङ्क ४ हो वा ५ हो, त्यसमा शङ्का छ। [नेपाल सरकारले त्यो धारा पुरेर टुँडिखेल बढाएको छ। शायद त्यो अभिलेख जमीनमनि गाडिएर हरायो होला।]

९. भारतीय प्रत्नतत्त्व १४ भागको १७१ पृष्ठ, गुप्त–अभिलेखसङ्ग्रहको १८० पृष्ठ, पाटनको छिन्नमस्ताको अभिलेख।

जायसवालको ग्रन्थको ७७ पृष्ठको अनुवाद—

लिच्छविहरू

वृषदेव —
|
शङ्करदेव
|
धर्मदेव
|

अन्दाजी वि. सं. ७१४–७६२। वि. सं. ७६० मा नेपालका राजाले भोटका राजालाई हराए र मारे

भट्टारक महाराज तृतीय मानदेव
वि. सं. ७६२–७८९
|
महीदेव वि. सं. ७८९
|
भट्टारक महाराज
वसन्तदेव (सेन)
गुप्तसंवत् ४१५=
वि. सं. ७९२*
(द्वितीय जयदेवका अधीनमा
यी परेका) संवत् १५३
[वि. सं. ८०५] भन्दा
अगाडि यिनको मृत्यु भयो

प्रथम शिवदेव
वि. सं. ६९२
|
प्रथम शिवदेवका ज्वाइँ (?) वा धर्मपुत्र अंशुवर्मा हुन्। यिनको मृत्यु अन्दाजी वि. सं. ६९६ मा भएको हो।
|

उदयदेव
(अन्दाजी वि. सं. ६९६–७००
राज्यबाट निकालिएका)
|
नरेन्द्रदेव
वि. सं. ७००–७१४
|

द्वितीय मानदेव
[ध्रुवदेव] (वि. सं.
७००) दुवै जिष्णुगुप्तको
अधीनमा

परम भट्टारक महाराजाधिराज द्वितीय शिवदेव (संवत् ११९) वि. सं. ७७१ (नाबालक वा गर्भे टुहुरो)
|
परम भट्टारक महाराजाधिराज द्वितीय जयदेव
(संवत् १४३ को अभिलेखमा नाम परेका) संवत् १५३ (वि. सं. ८०५)

---

* जायसवालले उल्लेख गरेको वसन्तदेवको अभिलेख इन्द्राजीको ३ संख्याको हो। त्यहाँ संवत् ४३५ आश्विन भनी लेखिएको छ। यसलाई जायसवालले आफ्नो विशेष प्रयोजनका लागि संवत् ४१५ को हो भनी पढे। त्यसो गर्दा ए यसलाई गुप्तसंवत् मान्दा ई. सं. ७३४ (वि. सं. ७९१) हुन्छ। परन्तु जायसवालले भूल गरी ई. सं. ७३५ (वि. सं. ७९२) भनी लेखेका छन्। – अनुवादक

जायसवालको ग्रन्थको ९३ पृष्ठको अनुवाद—

अंशुवर्मा

उदयदेव

द्वितीय मानदेव
वि. सं. ६९६–६९७
[अभिलेख]

कृतवर्मा
वि. सं. ७११–७२९
(वंशावलीको संवत्)

प्रथम नरेन्द्रदेव
वि. सं. ७००–७१४
[चिनियाँ इतिहास]

प्रथम भीमार्जुनदेव
वि. सं. ७२९–७६८
(वंशावलीको संवत्)

द्वितीय शिवदेव
वि. सं. ७७१ (अभिलेख)
वि. सं. ७८१–७९७ (वंशावली)

नन्ददेव
वि. सं. ७६८–७८१
(वंशावलीको संवत्)

द्वितीय जयदेव
वि. सं. ८०५ (अभिलेख)
(वंशावलीमा नाम नपरेका)

चन्द्रकेतुदेव
वि. सं. ७९७
(वंशावलीको संवत्)

द्वितीय नरेन्द्रदेव
वि. सं. ७९७–८३४
(वंशावलीको संवत्)

वरदेव
वि. सं. ८३४–८४१
(वंशावलीको संवत्)

९ संख्यादेखि १३ संख्यासम्म
(राघवदेव) वि. सं. ९३७
(वंशावलीको संवत्)

उपसंहार

अंशुवर्मादेखिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को विषयमा भगवानलाल इन्द्राजी, जोन फेथफुल फ्लीट, सिलभाँ लेभी, रमेशचन्द्र मजूमदार, हितनारायण झा, बालचन्द्र शर्मा, शङ्करमान राजवंशी तथा के. जी. शङ्कर यी आठ जनाले आ-आफना सिद्धान्त पेश गरेका छन्, ती आठै सिद्धान्त गणितको कसीमा घोट्दा खोटा देखिन्छन् भनी यही ग्रन्थका १८३–४८१ पृष्ठमा व्याख्यात्मक रूपले देखाइसकियो ।

यस विषयमा राधागोविन्द बासकले भगवानलालको र काशीप्राद जायसवालले लेभीको मतको अनुसरण गरेकाले तिनको छुट्टै गणितद्वारा परीक्षा गर्नु नपर्ने कुरो पनि माथि भनियो ।[1]

यस विषयमा सुमतितन्त्रले पेश गरेको सिद्धान्त मात्र गणितको कसीमा घोट्दा चोखो निस्कन्छ भन्ने कुरो यही ग्रन्थका ७–२८ पृष्ठमा सबै गणित देखाई सिद्ध गरिएको छ ।

अंशुवर्माका अहिलेसम्म पाइएका अभिलेखअनुसार उनी संवत् २९ देखि संवत् ४४ सम्म[2] शासन गरिरहेका देखिन्छन् ।

---

१. यही ग्रन्थका ४८२, ५१४ पृष्ठ ।

२. टुँडिखेलको धारामा रहेको अंशुवर्माको पालाको अभिलेखको प्रतिलिपि भगवानलालले आफ्नो ग्रन्थमा ८ संख्याको रूपमा छपाएका छन् । त्यहाँको संवत्को संख्या ४५ हो वा होइन भन्ने कुरामा भगवानलाल धरमरिएका थिए । सो धरमर १०० वर्षभन्दा बढ्ता कालसम्म रहिरह्यो । वि. सं. २०४१ मा भोटाहिटी-नेर सुरुङको नाटो खन्दा सो धारो भेटियो । पुरातत्त्वविभागका अधिकृत बाबुकृष्ण रिजालको सौजन्यबाट पाएको सो धाराको अभिलेखको प्रतिलिपि यो हो भनी दिनेशराजले मलाई दिए । दिनेशराजले धारामा पनि हेरें, प्रतिलिपिमा पनि हेरें, संवत् ४४ हो भनी मलाई भने । सो प्रतिलिपि मसँग छँदैछ । सो प्रतिलिपिबाट देवीप्रसादले बनाएको संवत्को प्रतिलिपि यही ग्रन्थको ५०८ पृष्ठमा छापिएको छ । त्यहाँ ४४ स्पष्ट देखिन्छ । प्राचीन नेपाल ८२ संख्याका १–४ पृष्ठमा शङ्करमानको यस विषयको लेख छापिएको छ । त्यहाँ पनि संवत् ४४ भनी निर्णय गरिएको छ ।

संवत् ४५ को उदयदेवको अभिलेखमा अंशुवर्मा भूतपूर्व राजाको रूपमा देखिन्छन् ।[३]

संवत् ४४ को ज्येष्ठसम्म अंशुवर्मा शासन गर्दै रहेका र संवत् ४५ को आषाढमा अंशुवर्मा भूतपूर्व शासक भइसकेकाले संवत् ४४ को ज्येष्ठदेखि संवत् ४५ को आषाढभित्रको कुनै समयमा अंशुवर्माको मृत्यु भएको देखिन आउँछ । ६३३+४४=६७७ हुने हुनाले र यो संवत् कार्तिकादि हुनाले वि. सं. ६७८ को ज्येष्ठदेखि ६७९ को आषाढभित्रको कुनै समयमा अंशुवर्माको मृत्यु भएको निश्चित छ ।

चिनियाँ यात्री युवान च्वाङ्गले वि. सं. ६९४ मा अंशुवर्मालाई भूतपूर्व राजा भनेको कुरा[४] पनि यताबाट मिल्न आउँछ । संवत् ६५ फाल्गुनको भीमार्जुनदेव +विष्णुगुप्तको अभिलेख पाइन्छ ।[५] यसको समय वि. सं. ६९८ को फाल्गुन हुन्छ । संवत् ६७ पौषको नरेन्द्रदेवको अभिलेख पाइन्छ ।[६] यसको समय वि. सं. ७०० पौष हुन्छ । यताबाट वि. सं. ६९८ को फाल्गुनदेखि वि. सं. ७०० को पौषभित्रको कुनै समयमा नरेन्द्रदेवले भीमार्जुनदेव + विष्णुगुप्तलाई हटाई आफ्नो पैतृक अधिकार फिर्ता लिएको देखिन्छ । यो कुरो ताङवृत्तान्तमा वर्णित नरेन्द्रदेवको समयसँग मिल्दछ ।[७] यस कारण अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् सुमतितन्त्रद्वारा प्रतिपादित वि. सं. ६३३ देखि उठेको संवत् नै हो भन्ने कुरा गणित तथा इतिहास दुवैको दृष्टिबाट समर्थित हुन्छ ।

यहाँ हामीले सुमतितन्त्रद्वारा प्रतिपादित वि. सं. ६३३ देखि उठेको संवत्को प्रामाणिकताको बारेमा बोल्यौं । हेमराजले सुमतितन्त्रमा प्रतिपादित वि. सं. ६३३ देखि उठेको संवत्को प्रमाण जायसवाललाई देखाइदिएका थिए ।[८] जायसवालले सुमतितन्त्रको संवत् भएको सो भागको फोटो र त्यसको देवनागरीमा उतार पनि

---

३. यही ग्रन्थको ५१७ पृष्ठ ।

४. यही ग्रन्थका २१४; ३४५ पृष्ठ ।

५. यही ग्रन्थको ५०९ पृष्ठ ।

६. यही ग्रन्थको ५१० पृष्ठ ।

७. यही ग्रन्थको २७० पृष्ठ ।

८. जायसवालको ग्रन्थका ३३–३४ पृष्ठ ।

आफ्नो ग्रन्थका ३४–३७ पृष्ठमा छपाएका छन् । त्यसो हुँदाहुँदै पनि जायसवालले वि. सं. ६३३ देखि उठेको संवत् किन मानेनन् त भन्ने शङ्का पनि उठ्दछ । यस विषयमा पनि अब केही भन्नुपरेको छ ।

ध्रुवदेव + जिष्णुगुप्तको पाटन छिन्नमस्ताको संवत् ४८ को अभिलेखलाई भगवानलालले आफ्नो ९ संख्याको रूपमा प्रकाश गरेका छन् । त्यसको चर्चा जायसवालले पनि गरेका छन् ।[९] त्यस अभिलेखमा अंशुवर्मालाई भूतपूर्व राजाको रूपमा देखाइएको छ । वि. सं. ६३३ देखि उठेको यो संवत् हो भनी मान्दा ६३३ + ४८ = ६८१ हुने हुनाले वि. सं. ६८१ मा अंशुवर्मा दिवङ्गत भइसकेका देखिन आउँछन् ।

प्रथम शिवदेव + अंशुवर्माको खोपासीको अभिलेखको संवत् ३२० हो भनी पढी त्यसलाई गुप्तसंवत् मानी (३७६ + ३२० = ६९६ हुने हुनाले) वि. सं. ६९६ सम्म अंशुवर्मा जीवित थिए भनी जायसवालले बोलेका छन् ।[१०] सुमतितन्त्रको प्रमाण मान्नेबित्तिकै वि. सं. ६८१ मा अंशुवर्मा बितिसकेका देखिने हुनाले खोपासीको अभिलेखको संवत् गुप्तसंवत् होइन भन्ने देखिन आउँछ । नेपालमा गुप्तसंवत् चलेको थियो भन्ने सिद्ध गर्न वसन्तदेवको अभिलेखको संवत् ४३५ लाई ४१५ हो भनी पढ्न जायसवालले संकोच मानेका छैनन् ।[११] गुप्तसंवत् नेपालमा चलेको थियो, त्यस कारण नेपाल भारतको वशवर्ती भएको देखिन्छ भन्ने सिद्ध गर्नु जायसवालको अभीष्ट भएको[१२] र नेपालमा गुप्तसंवत् चलेको थियो भन्ने कुरालाई सुमतितन्त्रले खण्डन गरिदिने हुनाले सुमतितन्त्रको प्रामाण्यमा जायसवालले आँखा चिम्लेका हुन् ।

यही प्रसङ्गमा अरू अलिकता कुरा पनि भनिहालौं । भगवानलाल, फ्लीट, लेभी, रमेशचन्द्र आफ्नो अगिल्तिर रहेका प्रमाणको भरमा परीक्षा गरी आफ्नो सिद्धान्त बसाउँथे । प्रथम शिवदेव + अंशुवर्माको संयुक्त शासनकालको अभिलेख भगवानलालले पाएका थिए । तर त्यस अभिलेखको संवत् उनले पाएका थिएनन् ।[१३] द्वितीय जय-

---

९. यही ग्रन्थका ५२८, ५३७ पृष्ठ ।

१०. यही ग्रन्थको ५३७–५३८, ५३९ पृष्ठ ।

११ यही ग्रन्थका ५१९–५२२, ५३९ पृष्ठ तथा महेशराज पन्तको इतिहास-संशोधन [५६ क्रमागत संख्या] ।

१२. यही ग्रन्थको ५२५ पृष्ठ ।

१३. यही ग्रन्थको २५३ पृष्ठ ।

देवको पशुपतिको अभिलेखको अर्थ भगवानलालले वंशावलीको भरमा गरेका छन्। भगवानलालको अगाडि गुप्तसंवत्को प्रारम्भकालको प्रामाणिक ज्ञान थिएन। स्कन्दगुप्त र मानदेवका अभिलेखका लिपि उस्तैउस्तै छन्, ती दुवै एकै कालका हुन्। यिनैको भरमा मानदेवहरूले व्यवहार गरेको संवत् विक्रमसंवत् हो भन्ने भगवानलालले निर्णय गरे।[१४] अंशुवर्मा र हर्षवर्द्धन सामानकालिक हुन् भन्ने कुरा युवान च्वाङ्गको वर्णनबाट स्पष्ट हुन्छ यस कारण अंशुवर्माका अभिलेखका संवत् हर्षसंवत् हुन् भनी भगवानलालले निर्णय गरे। यसो गर्दा उनी आफैं पनि पूर्ण सन्तुष्ट थिएनन्।[१५] तर त्यसको विरुद्धमा जाने बाटो उनीसँग थिएन।

बेन्डालले भक्तपुर गोलमाढीटोलको प्रथम शिवदेव + अंशुवर्माको अभिलेखको संवत् ३१६ हो भनी छपाए।[१६] यस कुरामा फ्लीट विश्वस्त भए। चाँगुको मानदेवको अभिलेखको संवत् ३८६ लाई गुप्तसंवत् मानी गणना गर्दा तिथिमिति मिल्छ कि मिल्दैन भनी शङ्कर बालकृष्ण दीक्षितसँग उनले सोधे, दीक्षितले मिल्छ भनी गणना गरी पठाइदिए।[१७] दीक्षित यस विषयका प्रकाण्ड विद्वान् कहलाएका थिए। वास्तवमा उनी विद्वान् पनि थिए। यस कारण मानदेवहरूका अभिलेखमा देखिएको संवत् गुप्तसंवत् हो भन्ने कुरामा फ्लीट विश्वस्त भए। महेन्द्रपालको दिग्वा दुबौलीको अभिलेखको गणना पनि फ्लीटका लागि दीक्षितले नै गरिदिएका थिए। सोही गणनाको भरमा हर्षसंवत् वि. सं. ६६२ देखि उठेको रहेछ भन्ने निर्णयमा फ्लीट पुगे।[१८] पाटन सुनधाराको संवत् ३४ को पौषको अधिमासको खलवल त चलिरहेकै थियो। यस शङ्काको चक्करमा फ्लीट परे र दीक्षितको आश्रय उनले लिए।[१९] तर दीक्षितले यस प्रश्नको कुनै उत्तर निकालेको थाहा पाइएको छैन।

चीनको ताङवृत्तान्तको वर्णनबाट नरेन्द्रदेवको समय लेभीले थाहा पाए र अंशुवर्माको अभिलेखको संवत् हर्षसंवत् हुन सक्दैन भन्ने कुरामा उनी पुगे।[२०] यस कारण त्यही संवत् ३४ को पौषको अधिकमासलाई साधन मानी वि. सं. ६८६ मा

---

१४. यही ग्रन्थका २३०–२३१ पृष्ठ।

१५. यही ग्रन्थका २१८–२२४ पृष्ठ।

१६. यही ग्रन्थका २५२–२५३, ५३७–५३८ पृष्ठ।

१७. यही ग्रन्थको २५२ पृष्ठ।

१८. यही ग्रन्थका २५४–२५६ पृष्ठ।

१९. यही ग्रन्थको २५६ पृष्ठ।

२०. यही ग्रन्थका ३०१, ३०५ पृष्ठ।

सारणीमा मध्यम मानअनुसार पौषमा अधिमास लेखिएकोले वि. सं. ६५२ देखि सो संवत् उठेको रहेछ भन्ने निर्णयमा लेभी पुगे।[२१] वि. सं. ६३३ देखि उठेको यो संवत् हो भनी सुमतितन्त्र भन्दछ। लेभीले निकालेको सिद्धान्त र सुमतितन्त्रको सिद्धान्तमा केवल १९ वर्षको मात्र अन्तर छ। वि. सं. ६३३ देखि उठेको संवत्लाई लेभीले किन थाहा पाएनन् त भन्ने प्रश्न पनि यहाँ उठ्न सक्तछ। वि. सं. ६३३ मा ३४ जोड्दा वि. सं. ६६७ हुन्छ। वि. सं. ६६७ मा सारणीमा मध्यम मानअनुसार माघमा अधिमास छ।[२२] त्यस कारण त्यसलाई लेभीले लिन सकेनन्। त्यस बेला जति प्रमाण उपस्थित भएका थिए त्यताबाट यो संवत् वि. सं. ६५२ भन्दा अर्को वर्षमा उठेको हो भन्न सकिंदैनथ्यो। किसिंपिडीको संवत् ४४९ को अभिलेखमा आषाढमा अधिमास लेभीले देखे। यस संवत्लाई गुप्तसंवत् माने पनि अधिमास मिल्दैन, शकसंवत् माने पनि अधिमास मिल्दैन भन्ने कुरो लेभीले देखे।[२३] यस कारण यस अधिमासलाई हेतु मानी सारणीद्वारा निर्णय गरी यो संवत् वि. सं. १६७ देखि उठेको रहेछ भन्ने सिद्धान्त लेभीले निकाले।[२४] यसरी लेभीले दुवै कल्पित संवत्को सृष्टि गरे। कल्पित संवत् चले भन्ने प्रमाण उनीसँग गणित सिवाय अरू केही थिएन। आफ्नो कुरा सिद्ध गर्न कालचक्रको अर्थ बङ्ग्याउन र हुँदै नभएको खोटे संवत्को कल्पना गर्न पनि लेभी पुगे।[२५] उनको यो काम राम्रो हो भन्न सकिंदैन तर संवत्को निर्णय गर्न लेभी जुन बाटो हिंडे त्यो बुद्धिमत्तापूर्ण छ भन्ने कुरोचाहिं नभनी सुख छैन।

रमेशचन्द्र मजूमदार इतिहासका विद्वान् थिए। कल्पित संवत् चल्न सक्दैन भन्ने सिद्धान्तमा अडी इतिहासका घटनाका तारतम्यबाट पहिलो संवत् शकसंवत् हो भन्ने कुराको उनले निर्णय गरे।[२६] दोस्रो संवत्ले उनलाई चक्करमा पारिदियो र ५०० घटाएको शकसंवत् यो हुनुपर्छ भन्ने कुरा उनले बोले।[२७] त्यसो गर्दा उनको

---

२१. यही ग्रन्थको ३०५ पृष्ठ।

२२. यही ग्रन्थको २८७ पृष्ठ।

२३. यही ग्रन्थका ३१०, ३३७ पृष्ठ।

२४. यही ग्रन्थको ३११ पृष्ठ।

२५. यही ग्रन्थका २९८–३०० पृष्ठ। लेभीको यस कुराको खण्डन जायसवालले पनि गरेका छन् (जायसवालको ग्रन्थका १६–१८ पृष्ठ)।

२६. यही ग्रन्थको ३३८ पृष्ठ।

२७. यही ग्रन्थको ३४४ पृष्ठ।

अन्तःकरणमा सन्तोष भएन र उनले तलका कुरा बोले—

"अंशुवर्माका अभिलेखमा देखिएका संवत्‌को विषयमा जति सिद्धान्त निस्केका छन्, तीमध्ये कुनै पनि राम्रो चित्त बुझ्दा छैनन् भन्ने कुरा यहाँसम्मका कुराबाट देखिन आउँछ। अंशुवर्माको अभिलेखमा देखिएको संवत् हर्षसंवत् हो भन्ने कुरा अहिले धेरैजसोले मानेका छन्। तर यो सिद्धान्त सबभन्दा बढी चित्त नबुझ्ने छ। किनभने युवान च्वाङ्गको वर्णन र चीनको इतिहासबाट यस सिद्धान्तको खण्डन हुन्छ। अंशुवर्माको अभिलेखमा देखिएको संवत् अंशुवर्माको राज्यवर्षका सूचक हुन् भन्ने सिद्धान्त अहिले हामीलाई थाहा भएसम्मका प्रमाणको आधारमा सबभन्दा कम दोषपूर्ण छ। माथि बताइएका सिद्धान्तहरूमा कुनैलाई पनि राम्रोसँग सकार्नु त परै रहोस्, त्यसमा भर पर्नु पनि बुद्धिमानी कुरो हुँदैन। युवान च्वाङ्गको वर्णनअनुसार वि. सं. ६९४ भन्दा वा वि. सं. ६९९ भन्दा अगाडि नै अंशुवर्मा बितिसकेका थिए भन्ने कुरामा अहिले हामीले चित्त बुझाएर बस्नुपर्दछ। ती यात्रीको वर्णनअनुसार वि. सं. ६९४ मा उनी नेपाल गएको हुनुपर्छ भन्ने देखिन आउँछ तथा वि. सं. ६९९ मा त उनले पछिल्लो पटक भारतको पूर्वभाग छोडेका थिए भन्ने कुरो स्पष्ट छ।"

(यही ग्रन्थको ३४५ पृष्ठबाट)

वि. सं. ६३५ देखि नयाँ संवत् चलेको होला भन्ने विचार रमेशचन्द्रले प्रकट गरेका छन्। वि. सं. ६३३ देखि यो संवत् चलेको हो भनी सुमतितन्त्र भन्छ। यसरी संवत्‌को वास्तव प्रारम्भवर्षमा र रमेशचन्द्रले आफ्नो ऐतिहासिक ज्ञानले ठम्याएको वर्षमा केवल दुइ वर्षको मात्र अन्तर पर्न आएको छ।

प्रकाशित भएका सामग्रीलाई हितनारायणले मनन गरेका थिए। रमेशचन्द्रको प्रभावमा उनी परेका थिए। सोही प्रभावमा परी पहिलो संवत् शकसंवत् हो भनी हितनारायणले बोले।[२८] दोस्रो संवत्‌को विषयमा रमेशचन्द्र पनि धरमराएका थिए। यस कारण रमेशचन्द्रको मत मान्नु काले राम्रो सम्झेनन् र अडकलगीताका भरमा यो संवत् वि. सं. ६३१ देखि उठेको होला भन्ने आफ्नो मत व्यक्त गरे।[२९]

रमेशचन्द्रको प्रभाव छँदै थियो, त्यसैको भरमा बालचन्द्रले पहिलो संवत्‌लाई

---

२८. यही ग्रन्थको ३५३ पृष्ठ।

२९. यही ग्रन्थका ३५४–३५५ पृष्ठ

शकसंवत् माने, दोस्रो संवत्चाहिं वि. सं. ६२८ देखि चलेको हो भनी अडकल-गीताका भरमा बोले ।[३०]

फ्लीटको ग्रन्थ वि. सं. १९४४ मा निस्केको हो । त्यसमा उनले लिच्छवि-संवत्‌को निर्णय गर्न गणितको प्रयोग गरेका छन् ।[३१] लेभीको ग्रन्थ वि. सं. १९६२ मा निस्केको हो । लेभीले त आफ्नो सिद्धान्त गणितको भरमा निकालेका छन् ।[३२] लेभीले गणितद्वारा निकालेको सिद्धान्तलाई रमेशचन्द्रले गणितद्वारा नै उपहास गरी उडाइदिएका छन् ।[३३] रमेशचन्द्रको निबन्ध वि. सं. २००२ मा निस्केको हो । यस कारण आफ्नो सिद्धान्तको स्थापना गर्न होइन, लेभीको सिद्धान्तको खण्डन गर्न रमेशचन्द्रले पनि गणितको उपयोग गरेका छन् । के. जी. शङ्करको निबन्ध वि. सं. १९९२ मा निस्केको हो । लेभीको सिद्धान्तलाई ओल्टाई पल्टाई आफ्नो सिद्धान्त निकाल्न के. जी. शङ्करले पनि गणितको उपयोग गरेका छन् ।[३४] जायसवालको ग्रन्थ वि. सं. १९९४ मा निस्केको हो । लेभीले दोस्रो संवत् वि. सं. ६५२ देखि उठेको हो भनी सिद्ध गरेका छन् ।[३५] लेभीको सिद्धान्तलाई आफ्नो पार्न प्रसिद्ध

---

३०. यही ग्रन्थका ३७०–३७१ पृष्ठ ।

३१. यही ग्रन्थको २५२ पृष्ठ ।

३२. यही ग्रन्थका ३०९–३११ पृष्ठ ।

३३. यही ग्रन्थका ३३७-३३८ पृष्ठ ।

रमेशचन्द्रको वाक्यको व्याख्या यहाँ गर्नु राम्रो होला भनी त्यसै गरिन्छ । किसिपिंडीको अभिलेखमा संवत् ४४९ को आषाढमा अधिमास देखिएकोले, वि. सं. ६१६ (वर्तमान वि. सं. ६१७) मा मध्यम मानअनुसार आषाढमा अधिमास पाइएकोले (यही ग्रन्थको २८५ पृष्ठ) र ६१६—४४९ = १६७ हुने हुनाले वि. सं. १६७ देखि पहिलो संवत् चलेको हो भनी लेभीले आफ्नो सिद्धान्त निकालेका हुन् (यही ग्रन्थको ३११ पृष्ठ) । संवत् ४४९ लाई वर्तमान विक्रमसंवत् मान्दा गत वि. सं. ४४८ हुन्छ । ४४८—१३५ = ३१३ हुने हुनाले किसिपिंडीको अभिलेखको समय शकसंवत् ३१३ हुन्छ । शकसंवत् ३१३ मा स्पष्ट मानअनुसार आषाढमा अधिमास छ (यही ग्रन्थको २९३ पृष्ठ) ।

३४. यही ग्रन्थका ४७४-४७९ पृष्ठ ।

३५. यही ग्रन्थका ३०१, ३०५ पृष्ठ ।

गणितज्ञ गोरखप्रसादले मेरो लागि यो गणना गरिदिएका हुन् भनी जायसवालले बोलेका छन् ।[३६]

यस कारण फ्लीट, लेभी, रमेशचन्द्र, के. जी. शङ्कर, जायसवाल यिनीहरूले लिच्छविसंवत्को निर्णय गर्न गणितको उपयोग गरेका छन् भन्ने स्पष्ट हुन्छ ।

"सर्वप्रथम भगवानलाल इन्दजीले त्यसलाई वि. सं. ६६३ देखि चलेको हर्षसंवत् भनी प्रतिपादन गरे । सिलवन लेभीले चाहिं त्यसलाई वि. सं. ६५२ देखि चलेको भोटेसंवत् भन्ने कल्पना गरे । के. जी. शंकरले त्यसलाई वि. सं ५९५ देखि चलेको यशोवर्मसंवत् भन्ने तर्क निकाले । पं. हेमराज शर्माले त्यसलाई वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् भन्ने अठोट गरे । बालचन्द्र शर्माले त्यसलाई वि. सं. ६२८ देखि चलेको ठकुरीसंवत भन्ने विश्वास गरे । रमेशचन्द्र मजुमदारले त्यसलाई वि. सं. ६३५ देखि चलेको संक्षिप्त शकसंवत भन्ने निष्कर्ष निकाले । हितनारायण झाले त्यसलाई वि. सं. ६३१ देखि चलेको अंशुवर्मसंवत् भनी कलम दौडाए । कारण त्यस बेला गणना गर्ने कुनै खंदिलो आधार थिएन ।"

(प्राचीन नेपाल २९ संख्याको ४० पृष्ठबाट)

" ··· चांगुको मानदेवको स्तम्भलेखमा "संवत् ३८६ ज्येष्ठमासे शुक्ल पक्षे प्रतिपदि रोहिणी नक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्ते भिजिति" भनी लेखिएको मितिको गणना गर्दा सोमवार आएकोले प्रशस्ते अभिजिति मुहुर्ते भनी अन्वय गरे रौं रोहिणी नक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गरी चन्द्रमसिको अर्थ सोमवार भन्न मिल्ने भयो । त्यसको अर्थ पहिले संवत् ३८६ जेठ महिना शुक्ल पक्ष परेवामा रोहिणी नक्षत्रमा चन्द्रमा बसेमा असल अभिजित् मुहूर्तमा भन्ने गरी आइरहेको थियो । कारण त्यस वखत गणनाबाट निर्णय भैसकेको थिएन ।"

(प्राचीन नेपाल ४१-४२ संख्याको ३ पृष्ठबाट)

प्राचीन नेपालमा छापिएका शङ्करमानका यी लेखाइबाट उनीभन्दा पहिलेका विद्वान्हरूले लिच्छविकालका अभिलेखका तिथिमितिहरूको विषयमा गणना गर्न सकेका थिएनन् भन्ने भाव स्पष्ट झल्कन्छ । यस कारण उनमा आफ्ना पूर्ववर्ती विद्वान्हरूको विचारशैलीको ज्ञानको अभाव देखिन्छ । सो ज्ञानको अभावले र गणितविषयको पनि अधकल्चो ज्ञानले गर्दा[३७] शङ्करमानको लिच्छविसंवत्को

---

३६. यही ग्रन्थका ५३१-५३२ पृष्ठ ।

३७. यही ग्रन्थका ३८०-३९७ पृष्ठ ।

निष्कर्ष गर्भवास गरेदेखि र जन्मेपछि पनि इतिहास जान्ने मानिसको दृष्टिमा त्याज्य वस्तु बन्न गयो ।

लिच्छविसंवत्को निष्कर्ष वि. सं. २०३० कार्तिकमा निस्केको हो । धनवज्रको लिच्छविकालका अभिलेख वि. सं. २०३० आषाढमा निस्केको हो, त्यसको ३१९ पृष्ठको पादटिप्पणीमा यस्तो लेखिएको छ—

"संवत्को निर्णयको लागि श्रीशङ्करमान राजवंशीले यस अभिलेखको तिथिमितिको गणना अनेक किसिमले गर्नुभएको छ । उहाँले एउटा निष्कर्ष पनि निकाल्नुभएको छ । तर त्यस विषयमा अझ गहन अन्वेषण हुनु जरूरी छ जस्तो लागेकोले उहाँले गर्नुभएको गणनाको विवरण यहाँ दिइएन ।"

लिच्छविसंवत्को निष्कर्ष ऐतिहासिक तवरले मिल्दैन भन्ने भुवनलाल प्रधानको टिप्पणी निस्क्यो—

"शङ्करमानजीको 'लिच्छविसंवत्को निष्कर्ष' ऐतिहासिक तवरले मिल्दैन भनेर मैले सं. २०३१ सालमै नेपाली, अङ्क ६१ ऐ अङ्क ६४, गोरखापत्र २०३३-१-१९, ऐ २०३५-१०-२७ मा प्रकाशित गरिसकेको छु । यस विषयको टिप्पणी सर्वप्रथम मेरै थियो ।"[३८]

के. जी. शङ्कर, राधागोविन्द, काशीप्रसाद यी तीन जना विद्वान्ले "भारतको उपनिवेश नेपाल थियो" भन्ने कुरा सिद्ध गर्न निराधार कल्पना गरेका छन् ।[३९]

यहाँनिर एउटा कुरो नभनी नहुने भएको छ, सो कुरो यो हो । माथि हामीले संवत् ३१ को पौषको अधिमास (मोहनप्रसाद), संवत् ३४ को पौषको अधिमास (बेन्डाल), संवत् ३१ माघशुक्लत्रयोदशी आइतवार तिष्यनक्षत्र (धनवज्र) र संवत् ३०१ वैशाखशुक्लसप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग (बुद्धिसागर) यी चार साधनलाई लिई गणित गरेका छौं ।

संवत् ३१ माघशुक्लत्रयोदशी आइतवार तिष्यनक्षत्रको गणना चैत्रादि संवत् माने पनि मिल्छ, कार्तिकादि संवत् माने पनि मिल्छ । अरू तीन दिनका गणना कार्तिकादि संवत् माने मात्र मिल्छ ।[४०] अनन्तलिङ्गेश्वरको अभिलेख नपाइएको भए हामीले कार्तिकादि संवत् मानी गणना मिलाउँदा "यो संवत् कार्तिकादि हो भन्ने तिमीसँग के प्रमाण छ ? सुमतितन्त्रको संवत् अशुद्ध हो,

---

३८. यही ग्रन्थको ४३७ पृष्ठ ।

३९. यही ग्रन्थका ४७७, ४८७, ५२५ पृष्ठ ।

४०. यही ग्रन्थको ९ पृष्ठ ।

तिमीले सो अशुद्ध संवत्‌बाट गणना मिलाउन कार्तिकादि संवत्‌को कल्पना गर्‍यौ, त्यस्तो कुरा हामी मान्दैनौं" भनी परीक्षकहरू भन्थे । यहाँ दिने उचित उत्तर हामीसँग हुँदैनथ्यो ।

मोहनप्रसाद, धनवज्र, बुद्धिसागरका अन्वेषण नपाइएका भए पनि संवत् ३४ को पौषको अधिमास बेन्डालले प्रकाशित गरिदिएकै थिए, वि. सं. ६३३ देखि उठेको संवत्‌को चर्चा भएको सुमतितन्त्रको भाग जायसवालले प्रकाशित गरिदिएकै थिए, आषाढमा अधिमास मान्ने कि पौषमा अधिमास मान्ने भन्ने धर्मनिर्णयतिथिसारसंग्रहको भाग पेटेकले प्रकाशित गरिदिएकै थिए, यतिबाट पनि सो संवत् कार्तिकादि हो भनी ल्यानी गणना गर्न हामी सक्दथ्यौं र सुमतितन्त्रले प्रतिपादित वि. सं. ६३३ देखि उठेको संवत्‌को प्रामाणिकता सिद्ध हुन्थ्यो ।

यसो गर्दा "वि. सं. ६५२ देखि उठेको मेरो भोटे संवत्‌अनुसार पनि सो अधिमास मिल्छ,[४१] यस कारण मेरो भोटे संवत् नै प्रामाणिक हुन्छ" भनी लेभी भन्न आउँथे । उनलाई हामी "तपाईले मान्नुभएको वि. सं. ६५२ देखि उठेको भोटे संवत् तपाईको कल्पना हो, वि. सं. ६३३ देखि उठेको संवत् ग्रन्थप्रतिपादित हो, *उपस्थितं परित्यज्य अनुपस्थितकल्पने मानाभावात्* (भइरहेकोलाई छोडेर नभएकोलाई कल्पना गर्न प्रमाण पुग्दैन), शास्त्रमा यस्तो परिभाषा छ, यस कारण तपाईंको दावी प्रामाणिक ठहर्दैन" भनी हामी लेभीलाई जवाफ दिन्थ्यौं ।

यही कुरो वि. सं. ५९५ देखि उठेको यशोधर्मसंवत्‌का प्रतिपादक के. जी. शङ्करसँग गर्न सकिन्छ ।[४२]

यस कारण यस लिच्छविसंवत्‌को निर्णयको विषयमा अहिले हामीलाई नेपालकै माटोमा जन्मेबढेकाहरूले गरेको अन्वेषणमध्ये सबभन्दा मुख्य अन्वेषण अनन्तलिङ्गेश्वरको अभिलेख भएको छ । यो अभिलेख नपाइएको भए हामी आफ्नो निर्णयलाई संभावनाकोटीबाट निर्णयकोटीमा पुर्‍याउन सक्तैनथ्यौं । त्यस कारण त्यस अन्वेषणको विषयमा केही भन्नुपरेको छ ।

लीलादेवीले सो अभिलेख देखिछन् र आफ्ना पति भोलानाथलाई भनिछन् । त्यसपछि संशोधन-मण्डलका कार्यकर्ता रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज र नयनाथ यी आठ जनाले सो अभिलेख पढी

---

४१. यही ग्रन्थको २६६ पृष्ठ ।

४२. यही ग्रन्थका ४६६-४६७ पृष्ठ ।

वि. सं. २०१८ वैशाखमा अभिलेख-संग्रह पहिलो भागमा प्रकाश गरे ।

यत्तिबाट पनि हामी निर्णय गर्न सक्थ्यौं । मोहनप्रसाद, धनवज्र, बुद्धिसागरका अन्वेषणले ता हाम्रो निर्णयलाई तीनतिरबाट टेवा दिएका छन् ।

यस कारण अंशुवर्मा वि. सं. ६७८ को ज्येष्ठदेखि वि. सं. ६७९ को आषाढभित्रको कुनै समयमा बिते भन्ने कुरामा शङ्का गर्ने अब कुनै अवकाश छैन ।

वि. सं. १७७९ पौष २७ गते श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म भयो तथा वि. सं. १८३१ माघ १ गते मृत्यु भयो भन्ने कुरा जस्तो निश्चित छ, त्यस्तै वि. सं. ६३३ देखि उठेको संवत्को कुरो निश्चित छ । हुनत खिचोला गर्नेहरू पृथ्वीनारायण शाहको मृत्यु भएको दिनको विषयमा पनि खिचोला झिक्दैछन् ।[४३] तर त्यो निस्सार छ ।

अब मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्तिर हामी लाग्दछौं ।

यस विषयमा एउटा कुराको निर्णय पहिले गर्नुपरेको छ । प्रथम शिवदेव + अंशुवर्माका अभिलेखमा देखिएका संवत्को शतस्थानी अङ्क ३०० हो भनी बेन्डाल, फ्लीट, राधागोविन्द, जायसवालहरू भन्छन् ।[४४] सो अङ्क ३०० होइन ५०० हो भनी लेभी तथा के. जी. शङ्कर भन्छन् ।[४५] यस विषयमा रमेशचन्द्रले तलको कुरा बोलेका छन्—

"यसैले ३०० को चिह्न शुद्ध र स्पष्ट छ भन्ने आचार्य बासकको मतसित हामी एकातिर सहमत हुन असमर्थ छौं भने अर्कोतिर इन्द्राजी र लेभीले अधिकारपूर्वक जतिसुकै भने पनि यो चिह्नलाई ५०० नै हो भनी निश्चितरूपले सकार्न उत्तिकै गाह्रो परेको पाउँछौं । जबसम्म यस्तो अभिलेख फेला पर्दैन जसमा अङ्क लेखिएको मात्र नभई अक्षरमा पनि स्पष्ट लेखिएको हुन्छ तबसम्म यो समस्याको कुनै अन्तिम समाधान हुन गाह्रो पर्दछ । त्यस बेलासम्म हामीले सामान्य ऐतिहासिक तथ्यमा आधारित कालनिर्णयको एउटा मोटामोटी ढाँचामा चित्त बुझाएर बस्नुपर्ने भएको छ ।"

(यही ग्रन्थको ३२८ पृष्ठबाट)

---

४३. पूर्णिमा २५ अङ्कका ६१–६६ पृष्ठ ।

४४. यही ग्रन्थका २५३, ४९०, ५२८ पृष्ठ ।

४५. यही ग्रन्थका ३०५, ४७८ पृष्ठ ।

विष्णुपादुकाको फेद्दोको भौमगुप्तको अभिलेखको संवत्को तदाकार प्रतिलिपि



यो संवत्को प्रतिलिपि यही ग्रन्थको ३०३ पृष्ठमा छ।

संवत् ४८२ मा सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त शासन गरिरहेका देखिन्छन् ।[४६] संवत् ४८९ मा पनि उनै सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त शासन गरिहेका देखिन्छन् ।[४७] उनै सर्वदण्डनायक महाप्रतिहार भौमगुप्तले शासन गरिरहेको अवस्थाको अभिलेख विष्णुपादुकाको फेदीमा पनि छ ।[४८] यस अभिलेखको संवत्को तदाकार प्रतिलिपि अगिल्लो पृष्ठमा छ ।

बेन्डालहरूको विचारअनुसार यहाँको संवत् ३१२ हुन्छ । त्यताबाट ४८९—३१२ =१७७ हुने हुनाले भौमगुप्त १७७ वर्षसम्म शासन गरिरहेका देखिन आउँछन् । लेभीहरूको विचारअनुसार यहाँको संवत् ५१२ हुन्छ । त्यताबाट ५१२—४८२ = ३० हुने हुनाले भौमगुप्त ३० वर्षसम्म शासन गरिरहेका देखिन आउँछन् । दोस्रो कुरो नै सम्भव भएकोले यो संवत् ५१२ हो भन्ने सिद्ध हुन्छ ।

रमेशचन्द्रले यस प्रश्नको अन्तिम समाधान संवत्को अङ्क र अक्षरमा पनि लेख नपाइएसम्म हुन सक्तैन भनी बोलेका छन् । अक्षरमा त पाइएको छैन तर विष्णुपादुकाको फेदीको अभिलेखको संवत्को संख्या ३१२ पढ्नु असम्भव भएकोले रमेशचन्द्रले खोजेको प्रश्नको उत्तर अर्को तर्फबाट आएको छ र यस प्रश्नको अन्तिम समाधान भएको छ भन्ने कुरा मान्नैपर्छ ।

रामजी, देवीप्रसाद, धनवज्र, गौतमवज्र, महेशराज, दिनेशराज यी छ जनाले यो अभिलेख खोजी प्रकाश गरी यस प्रश्नको अन्तिम उत्तर दिलाइदिएका छन्। धनवज्र र दिनेशराज दुइ दिनसम्म गएका र अरुअरू १ दिन मात्र गएकाले धनवज्र र दिनेशराजको यस विषयमा बढ्ता आसक्ति स्पष्ट हुन्छ ।[४९]

प्रथम शिवदेव+अंशुवर्माको संवत् ५२६ को अभिलेख पाइन्छ ।[५०] अंशुवर्माको मृत्यु वि. सं. ६७८-७९ मा भएको निश्चित छ भन्ने कुरा भरखरै माथि लेखियो । यस कारण लेलेको माथि उल्लिखित अभिलेखको संवत् ५२६ लाई विक्रमसंवत् मान्न सकिँदैन, किनभने त्यसो गर्दा अंशुवर्माले १५० वर्ष जति शासन गरिरहे भनी मान्नुपर्छ तर त्यो कुरो सम्भव छैन । मानदेवदेखि आएको

---

४६. यही ग्रन्थका ५०३-५०४ पृष्ठ ।

४७. यही ग्रन्थका ३०३-३०४ पृष्ठ ।

४८. यही ग्रन्थका ३०३-३०४, ५०५-५०६ पृष्ठ ।

४९. पूर्णिमा १५ अङ्कका ३२९-३३२ पृष्ठ ।

५०. यही ग्रन्थको ५०६ पृष्ठ ।

संवत् नै यो संवत् हो । मानदेवहरूले मानेको संवत् विक्रमसंवत् हो भनी इन्द्राजी भन्छन् ।[५१] यस कारण इन्द्राजीको मत यहाँ ग्राह्य हुन सक्तैन ।

बेन्डाल, फ्लीट, राधागोविन्द र जायसवालहरू प्रथम शिवदेव + अंशुवर्माका अभिलेखमा देखिएका संवत्‌का शतस्थानी अङ्क ३०० हुन् भनी जो भन्छन् सो प्रमाणबाट सिद्ध हुँदैन भनी भरखरै भनियो । यो संवत् ३२६ नभई ५२६ भएपछि २०० वर्ष पर पुग्छ । संवत्‌को अङ्क ३०० पढी अंशुवर्माको समयसँग मिलाउन यो संवत् गुप्तसंवत् हो भनी बेन्डाल, फ्लीट, राधागोविन्द, जायसवालहरूले बोलेका छन् ।[५२] अब ५०० भन्ने निश्चित भएपछि त्यसलाई गुप्तसंवत् मान्दा अंशुवर्मा २०० वर्ष पर पुग्दछन् । यस कारण सो संवत् गुप्तसंवत् हुन सक्तैन भन्ने कुरा स्पष्ट छ ।

लेभीको सिद्धान्तअनुसार यो संवत् वि. सं. १६७ देखि उठेको संवत् हो ।[५३] यस कारण ५२६ + १६७ = ६९३ हुने हुनाले लेभीको सिद्धान्तअनुसार वि. सं. ६९३ सम्म अंशुवर्मा शासन गर्दैरहेका देखिन आउँछन् । वि. सं. ६७८-७९ मा अंशुवर्मा बिते भन्ने कुरा भरखरै माथि सिद्ध गरियो । यस कारण लेभीले प्रतिपादन गरेको सिद्धान्तअनुसार यो संवत् वि. सं. १६७ देखि उठेको हुन सक्तैन भन्ने कुरो पनि स्पष्ट छ ।

रमेशचन्द्र, हितनारायण र बालचन्द्र यो संवत् वि. सं. १३५ देखि उठेको शकसंवत् हो भन्दछन् ।[५४] यस सिद्धान्तअनुसार वि. सं. ६६२ आश्विनसम्म प्रथम शिवदेवका सहायक भई अंशुवर्मा शासन गर्दैरहेका देखिन्छन् । वि. सं. ६६३ को ज्येष्ठदेखि अंशुवर्मा एक्लै शासन गर्न लागेका देखिन्छन् ।[५५] यो कुरो इतिहासबाट राम्रोसँग मिल्दछ ।

---

५१. यही ग्रन्थको २३१ पृष्ठ ।

५२ यही ग्रन्थका २५२–२५३, ४९०, ५२३, ५२८ पृष्ठ ।

५३. यही ग्रन्थका ३०९–३११ पृष्ठ ।

५४. यही ग्रन्थका ३३८, ३५३, ३७० पृष्ठ ।

५५. प्रथम शिवदेव र अंशुवर्माको संयुक्तशासनको अन्तिम अभिलेख ५२६ आश्विनको पाइएको छ (यही ग्रन्थको ५०६ पृष्ठ) । अंशुवर्मा एक्लैको शासनको प्रथम अभिलेख संवत् २९ ज्येष्ठको पाइएको छ (यही ग्रन्थको ५०७ पृष्ठ) । ५२६ + १३५ = ६६१ हुने र यो संवत् कार्तिकादि हो भन्दा वि. सं. ६६२ हुने

शङ्करमान यो संवत् वि. सं. ११३ देखि उठेको लिच्छविसंवत् हो भन्छन् ।[५६] ५२६+११३=६३९ हुने हुनाले उनको सिद्धान्तअनुसार लेलेको अभिलेखको समय वि. सं. ६३९ हुन्छ । अंशुवर्माले एकलै शासन गर्न लागेको समय वि. सं. ६६३ हो । शङ्करमानको सिद्धान्तअनुसार पहिलो संवत् ११३ देखि उठेको हो भनी मान्दा वि. सं. ६३९–६६३ का बीचका २४ वर्षसम्म अंशुवर्मा कहाँ गए भन्ने प्रश्न आउँछ ।

के. जी. शङ्कर वि. सं ९१ देखि उठेको यो संवत् हो भन्छन् ।[५७] ५२६+९१=६१७ हुने हुनाले के. जी. शङ्करको सिद्धान्तअनुसार वि. सं. ६१७ सम्म प्रथम शिवदेवका सहायक भई अंशुवर्मा शासन गर्दै रहेका देखिन्छन् । फेरि वि. सं. ६६३ देखि अंशुवर्मा एकलै शासन गर्न लागेका देखिन्छन् । यस कारण वि. सं. ६१७–६६३ को बीचका ४६ वर्षसम्म अंशुवर्मा कहाँ गए भन्ने प्रश्न उठ्दछ ।

यहाँसम्मका कुराबाट पहिलो संवत् शकसंवत् हो भनी माने मात्र इतिहासका घटना राम्रोसँग मिल्दछन् भन्ने कुरा स्पष्ट देखिन्छ ।

अब यसलाई गणितबाट सिद्ध गर्न सकिन्छ वा सकिंदैन भन्ने कुरातिर हामी लाग्छौं । मानदेवको चाँगुको अभिलेखमा देखिएको संवत् ३८६ लाई शकसंवत् मान्दा त्यसको समय वि. सं. ५२२ हुन्छ; त्यताबाट गणना टम्म मिल्छ भनी हामीले गणना गरी देखाएका छौं ।[५८] तर यतिले कुरो टुङ्गो लाग्दैन, किनभने अभिलेखको संवत् ३८६ लाई गुप्तसंवत् मान्दा यसको समय वि. सं. ७६२ हुन्छ । वि. सं. ७६२ मा गणना टम्म मिल्छ भनी फ्लीटले देखाएका छन् ।[५९] अभिलेखको संवत् ३८६ लाई वि. सं. ११३ देखि उठेको लिच्छविसंवत् मान्दा त्यसको समय वि. सं. ४९९ हुन्छ । वि. सं.

हुनाले वि. सं. ६६२ को आश्विनसम्म प्रथम शिवदेव र अंशुवर्माको संयुक्त शासन देखिन्छ । २९+६३३=६६२ हुने र यो संवत् कार्तिकादि हुँदा वि. सं. ६६३ को ज्येष्ठमा अंशुवर्मा एकलै शासन गर्न लागेका देखिन्छन् ।

५६. यही ग्रन्थका ४०६–४०७ पृष्ठ तथा लिच्छविसंवत्‌को निष्कर्षको २७ पृष्ठ ।

५७. यही ग्रन्थका ४७८–४७९ पृष्ठ ।

५८. यही ग्रन्थका ९२–१०५ पृष्ठ ।

५९. यही ग्रन्थको २५२ पृष्ठ ।

४९९ मा गणना टम्म मिल्छ भनी शङ्करमानले देखाएका छन् ।[६०] चाँगुको अभिलेखको तिथिमितिको गणना मिलायौं भनी सबैले दावी गरेका छन् । त्यस्ता तिथिमिति सय वर्षभित्रमा ६–७ बाजि परिरहन्छन् ।[६१] यस कारण यस्ता तिथिमितिका भरबाट मात्र कुरो टुङ्गो नलाग्ने स्पष्ट छ ।

किसिंपिडीको अभिलेखमा संवत् ४४९ मा आषाढमा अधिमास लेखिएको छ । त्यसलाई शकसंवत् मान्दा शकसंवत् ४४९ को आषाढमा अधिमास पर्नुपर्छ । तर स्पष्ट मानअनुसार शकसंवत् ४४९ को आषाढमा अधिमास छैन ।[६२] मध्यम मानअनुसार पनि शकसंवत् ४४९ को आषाढमा अधिमास छैन ।[६३] यस कारण यस संवत्‌लाई शकसंवत् मान्न नसकी नेपाली ज्योतिषीहरू मध्यम मान-अनुसार अधिमास मान्दा रहेछन् भन्ने सम्झी वि. सं. ६१६ को आषाढमा मध्यम मानअनुसार सारणीमा अधिमास[६४] देखी किसिंपिडीको अभिलेखको समय वि. सं. ६१६ हुन्छ भन्ने लेभीले सम्झे । त्यताबाट मानदेवहरूले व्यवहार गरेको संवत् वि. सं. १६७ देखि उठेको रहेछ भन्ने सिद्धान्त लेभीले निकाले ।[६५] तर मध्यम मानअनुसार अधिमास मानिन्थ्यो भन्ने सिद्धान्त हेत्वाभासले दूषित छ भनी यही ग्रन्थका २७५–२८२ पृष्ठमा देखाइएको छ ।

लेभीले जस्तै के. जी. शङ्करले पनि मध्यम मानअनुसार अधिमास मानिन्थ्यो भन्ने सिद्धान्तमा अडी वि. सं. ९१ देखि पहिलो संवत् चलेको हो भन्ने सिद्धान्त निकालेका छन् ।[६६] मध्यम मानअनुसार अधिमास मान्ने सिद्धान्तको प्रामाणिकता नरहेपछि के. जी. शङ्करको वि. सं. ९१ देखि उठेको पहिलो संवत्‌को प्रामाणिकता स्वतः खण्डित हुन्छ ।

अब लिच्छविसंवत्‌को निष्कर्षका रचयिता शङ्करमानको सिद्धान्तको विषयमा विचार गरौं ।

---

६०. लिच्छविसंवत्‌को निष्कर्षको २७ पृष्ठ ।

६१. यही ग्रन्थका ३८५–३९५ पृष्ठ ।

६२. यही ग्रन्थको २९४ पृष्ठ ।

६३. यही ग्रन्थको २८४ पृष्ठ ।

६४. यही ग्रन्थको २८५ पृष्ठ ।

६५. यही ग्रन्थका ३०९–३११, ३३७ पृष्ठ ।

६६. यही ग्रन्थका ४७८–४७९ पृष्ठ ।

"पूर्वलिच्छविकालको अधिमास

अभिलेखमा उल्लिखित अधिमास	*अभिलेख रहेको ठाउँ
संवत् ३९५ प्रथमाषाढ शुक्ल १२	विष्णुपादुकाफेदीको अभिलेख लिच्छविकालका अभिलेख ४१ पृ

* श्रीधनवज्र वज्राचार्यजीले यो अभिलेखको संवत् ३९६ पढ्नुभएको छ। उहाँले ६ को अंक फुटेर भ्यात्त परेको छ भन्नुहुन्थ्यो। तर गणनाबाट ३९५ मिल्दछ।

... ... यहाँ संवत् ४३५ र ५१९ मा मात्र शकसंवत् अनुसार अधिमास पर्छन्। अन्यत्र वर्षै फरक पर्दछन्। त्यस कारण ती संवत्हरू शक-संवत् होइनन् भन्ने स्पष्ट देखिन्छ। नत्र तत् तत् वर्षमा अधिमास किन पर्दैनन्। त्यसो भए ती पूर्व लिच्छविकालका संवत् के संवत् होत भन्ने कुरा विचार गर्नुपरेको छ। शिवदेव र अंशुवर्माको संयुक्तशासनकालको लेलेको संवत् ५२६ र अंशुवर्माको समयको शक ५०४ को अन्तर २२ वर्ष पर्न आएको छ। त्यही २२ वर्ष उपर्युक्त संवत्हरूमा घटाइदिएको खण्डमा केरो लक्ष्मण छत्रेको अधि-मासतालिकासंग मिलन आउँछ। जस्तै—

लक्ष्मणछत्रेले दिएको शकसंग तुलना


२२ वर्ष घटाउँदाको संवत्	अधिमास	शक	लक्ष्मण छत्रको अधिमास
३९५ – २२ = ३७३	प्रथमाषाढ	३७३	वैशाख"

(लिच्छविसंवत्को निष्कर्षका २५–२६ पृष्ठबाट)

शङ्करमानको यस लेखाइबाट मानदेवको विष्णुपादुकाको फेदीको अभिलेख-को संवत् वास्तवमा ३९५ हो, धनवज्रले ३९६ पढेको अशुद्ध हो, सो संवत् ३९५ लिच्छविसंवत् हो, ३९५—२२=३७३ हुने हुनाले सो अभिलेखको समय शक-संवत् ३७३ हुन्छ, त्यसबाट अधिमास मिल्छ भन्ने भाव आउँछ।

धनवज्रले संवत् ३९६ भनेका र उनले पढेको अशुद्ध हो, वास्तवमा सो संवत् ३९५ हो भनी शङ्करमानले भनेकाले पहिले त्यो कुराको छिनोफानो गर्नुपरेको छ।

विष्णुपादुकाको फेदीको मानदेवको अभिलेखको संवत्को तदाकार प्रतिलिपि




(वि. सं. २०३८ माघ ५ गते सोमवार, ६ गते मङ्गलवार तथा ८ गते बिहीवार देवीप्रसाद भण्डारी, केशवचन्द्र न्यौपाने, विष्णु भट्ट र विश्वनाथ भण्डारीद्वारा यो प्रतिलिपिका साथै अन्य प्रतिलिपिसमेत छापी ल्याउने काम भएको हो ।)


यहाँ संवत्‌को शतस्थानी अङ्क फुटिसकेकोले अभिलेखमा देखिदैन, प्रतिलिपि-मा पनि देखिदैन । तर मानदेवको अभिलेख हुनाले शतस्थानी अङ्क ३०० हो भन्ने कुरा निश्चित छ । दशस्थानी र एकस्थानी अङ्क देखिन्छन् ।

तिनको प्रतिलिपि—



यो ९८ हो ।

९६  यस्तो हुन्छ ।

९५  यस्तो हुन्छ ।

यस कारण संवत् ३९६ हो भनी धनवज्रहरूले पढेको पनि अशुद्ध हो, संवत् ३९५ हो भनी शङ्करमानले पढेको पनि अशुद्ध हो, वास्तवमा यो संवत्‌को संख्या ३९८ हो । यो कुरो यहाँ दिएको तदाकार प्रतिलिपिबाट बुझ्न सकिन्छ, शङ्का लागे मूल अभिलेखमै गएर हेर्न सकिन्छ । शङ्करमान लिपिविशेषज्ञ छन् । "लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवत्‌का अङ्कको निर्णय" भन्ने मेरो निबन्धमा परेका अङ्कका प्रतिलिपि शङ्करमान-ले नै बनाइदिएका हुन् ।[६७] पूर्णिमाका अरू अङ्कमा छापिएका मेरा लेखमा परेका अङ्कका प्रतिलिपि पनि उनैले बनाइदिएका हुन् ।

---

६७. पूर्णिमा ७ अङ्कको ७ पृष्ठ ।

धनवज्रले संवत् ३९६ पढेका र अभिलेखमा पाइएको संवत्मा २२ घटाएपछि शकसंवत् हुन्छ भन्ने सिद्धान्त शङ्करमानले निकालेकाले ३९६–२२ = ३७४ हुने हुनाले शङ्करमानको सिद्धान्तअनुसार यो अभिलेखको समय शकसंवत् ३७४ हुने भयो। तर सारणीमा शकसंवत् ३७४ मा अधिमास छैन।[६८] यो कुरो शङ्करमानले देखे तथा सारणीमा शकसंवत् ३७३ मा अधिमास छ[६९] यो कुरो पनि शङ्करमानले देखे। ३७३ + २२ = ३९५ हुन्छ। यस कारण अभिलेखको संवत् ३९५ भए शङ्करमानको सिद्धान्त मिल्छ। त्यस कारण शङ्करमानले तलको कुरा बोले—

"श्रीधनवज्र वज्राचार्यजीले यो अभिलेखको संवत् ३९६ पढ्नुभएको छ। ... तर गणनाबाट ३९५ मिल्छ"

(लिच्छविसंवत्को निष्कर्षको २५ पृष्ठबाट)

वास्तवमा अभिलेखको संवत् ३९८ हो भन्ने कुरा माथि भनिसकियो। ३९८—२२ = ३७६ हुन्छ, यस कारण यस अभिलेखको समय शङ्करमानको सिद्धान्तअनुसार शकसंवत् ३७६ हुन्छ। तर सारणीमा शकसंवत् ३७६ मा अधिमास छैन।[७०]

अभिलेखमा भएको संवत्को परीक्षा नै नगरी आफ्नो गणित मिलाउन शङ्करमानले स्वेच्छाले अभिलेखको संवत् कल्पना गरेका हुन् भन्ने कुरा स्पष्ट छ। यो काम सरासर अनुचित हो। जायसवालले अभिलेखको संवत्लाई स्वेच्छाले अन्यथा कल्पना गरी आफ्नो कल्पित सिद्धान्त सिद्ध गर्न खोजेका छन्[७१] शङ्करमानले पनि अभिलेखको संवत्लाई स्वेच्छाले अन्यथा कल्पना गरी आफ्नो कल्पित सिद्धान्त सिद्ध गर्न खोजेका छन्। यस्तो कुरा परीक्षकहरू कसरी मान्न सक्छन्।

"येऽत्र वासनाविदस्तैरुक्तमात्रमपीदं ज्ञायते। येऽन्ये न विदन्ति। अथवा वृथाभिमानिनस्तेषां धूलीकर्मणा प्रतीतिरुत्पाद्या।"

(भास्करको सिद्धान्त-शिरोमणि स्पष्टाधिकारको ४० श्लोकको वासनाभाष्य)

---

६८. वही ग्रन्थको २९३ पृष्ठ।

६९. यही ग्रन्थको २९३ पृष्ठ।

७०. यही ग्रन्थको २९३ पृष्ठ।

७१. यही ग्रन्थका ५१९–५२२ पृष्ठ तथा महेशराज पन्तको इतिहास–संशोधन [५६ क्रमागत सङ्ख्या]।

[जसले उपपत्ति बुझ्दछन् तिनीहरू त भन्ने बित्तिकै कुरा बुझिहाल्छन् । जो उपपत्ति बुझ्दैनन् अथवा फोस्रो घमण्ड गरेर हिंड्दछन् तिनीहरूलाई गणित देखाई बुझाइदिनुपर्छ ।]

"इदं सुज्ञैरुक्तमात्रमपि ज्ञायते। इदानीं ये जडास्तेषां प्रतीत्यर्थं वक्ष्यमाणप्रकारेण कर्णाग्रया बाहुः साध्यः।

(सिद्धान्त-शिरोमणि, त्रिप्रश्नाधिकारको ५२ श्लोकको वासनाभाष्य)

[बुद्धिमान्हरू यो कुरो भन्ने बित्तिकै बुझ्दछन् । जो लट्ठक छन् तिनीहरूलाई तल बताएबमोजिम गणित गरी बुझाइदिनू ।]

मानदेवको विष्णुपादुकाको फेदीको अभिलेखको संवत्विषयको कुरा परिचयसाथ यही ग्रन्थका २७५-२७६ पृष्ठमा पनि परेको छ । धनवज्र समझदार छन्, उनलाई त्यतिले पनि पुग्दथ्यो तर शङ्करमान जिद्दीवाल भएका हुनाले भास्करको उक्तिलाई संझेर यति कुरा भन्नुपरेको हो ।

मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूका अभिलेखमा देखिएका संवत्लाई जुनसुकै संवत् माने पनि ती अभिलेखमा देखिएका अधिमास मिलाउन सकिंदैन भन्ने कुरा यहाँसम्मका कुराबाट स्पष्ट हुन्छ । अभिलेखमा देखिएका ती संवत्लाई शकसंवत् माने मात्र इतिहासका घटना टम्म मिल्छन् भनी सरखरै माथि भनियो । यस विषयमा रमेशचन्द्रको तल लेखिएको कुरा पनि मननीय छ–

"यो संवत् शकसंवत् जस्तो अथवा इन्द्राजीले सुझाएको र आचार्य बासकले ठीक ठह्-याएको विक्रमसंवत् जस्तो कुनै प्रसिद्ध संवत् हुनु धेरै सम्भव छ किनकि यस अवस्थामा नेपालसंवत् जस्तो कुनै विशेष संवत् भएको अड्कल गर्नको लागि पर्याप्त आधार पाइँदैन ।"

(यही ग्रन्थको ३२७ पृष्ठबाट)

"पहिलो थरी संवत् विक्रमसंवत् हो भनी भन्न मिल्दैन तथा छुट्टै लिच्छविसंवत् हो भनी मान्न पनि बलियो आधार छैन भन्ने कुरा यहाँसम्मका कुराबाट देखिन आउँछ ।

यस कारण मानदेवदेखि वसन्तदेवसम्मका अभिलेखमा देखिएका संवत् अहिलेलाई शकसंवत् नै हुन् भनी मानिराख्नु उचित देखिन आउँछ ।"

(यही ग्रन्थको ३३८ पृष्ठबाट)

दीनेशचन्द्र सरकारको तलको कुरा पनि विचारणीय छ—

"यस अभिलेखमा देखिएको संवत्को विषयमा भिन्न भिन्न विद्वान्को भिन्न भिन्न मत छ। भगवानलाल इन्द्राजी यो संवत् विक्रमसंवत् हो भन्छन् र उनको विचारअनुसार यस अभिलेखको समय वि. सं. ३८६ हुन्छ। यस अभिलेखको संवत् ३८६ वि. सं. ३७६ देखि उठेको गुप्तसंवत् हो भनी फ्लीट भन्छन्। उनको विचारअनुसार यस अभिलेखको समय वि. सं. ७६२ ज्येष्ठ ९ गते (ई. सं. ७०५ अप्रिल २८) हुन्छ (भारतीय प्रत्नतत्त्व १७ भागको २१०. पृष्ठ; भारतीय अभिलेख–संग्रह तेस्रो भागको ९५ पृष्ठ)। गोलमाढीटोलको अभिलेखको संवत् ३१६ (वा ३१८) लाई फ्लीट आफ्नो सिद्धान्तको प्रमाणको रूपमा पेश गर्छन् (भारतीय प्रत्नतत्त्व १४ भागको ९७ पृष्ठ तथा ९ भागको १६८ पृष्ठ)। यस अभिलेखमा ठकुरीवंशका महासामन्त अंशुवर्मा (पछि नेपालका राजा) लिच्छवि वा सूर्यवंशी प्रथम शिवदेवका सामानकालिक देखिन्छन्। युवान च्वाङ्गले अंशुवर्मालाई हर्षवर्धन (वि. सं. ६६३-७०४) का सामानकालिक हुन् भनी वर्णन गरेका छन्। गोलमाढीटोलको अभिलेखको संवत् ३१६ वि. सं. ३७६ देखि उठेको गुप्तसंवत् हो भनी फ्लीट भन्छन्। किसिपिंडीको अभिलेखमा संवत् ४४९ को आषाढमा अधिमास परेको कुरा लेखिएको छ। संवत् ४४९ को आषाढमा परेको यो अधिमास ज्यौतिषशास्त्रको गणनाअनुसार वर्तमान शकसंवत् ४८२ को आषाढमा परेको अधिमास मात्र हुन सक्छ भनी सिल्भाँ लेभीले बोलेका छन्। ४८२—४४९ = ३३ हुन्छ। यस कारण वर्तमान शकसंवत् ३३ (वि. सं. १६७) देखि नेपालमा लिच्छविसंवत् चल्यो भन्ने लेभीको विचार छ। चाँगुनारायणको यस अभिलेखको तिथिमितिबाट वि. सं. १६७ देखि उठेको संवत्को प्रामाणिकता सिद्ध हुन्छ भनी लेभीले बोलेका छन्। ३८६ + १६७ = ५५३ हुने हुनाले चाँगुको यस अभिलेखको समय वि. सं. ५५३ हुन्छ भनी लेभीले भनेका छन्। गोलमाढी-टोलको अभिलेखको संवत्को सङ्ख्या ५१८ हो भनी, लेभी भन्छन्। प्रथम शिवदेव + अंशुवर्माका अरू दुइटा अभिलेखका संवत् लेभी ५१९ तथा ५२० भनी पढ्छन् (ले नेपाल दोस्रो भागका १२६, ६१-६४ तथा ७०-८१ पृष्ठ)। यो कुरो यसै हो भनी ठोकुवा गरेर भन्न गाह्रो छ। लिपिको हिसाबबाट इन्द्राजीको सिद्धान्त ठीक देखिन्छ तर नेपालमा उहिलेदेखि नै विक्रमसंवत् चलेको थियो भनी मान्न असम्भव भएकोले उनको सिद्धान्त ठीक देखिँदैन। अंशुवर्माका अभिलेखमा देखिएका इ, ख, च, ट, ण, थ, ल, ह इत्यादि अक्षर तथा अङ्क विक्रमका सातौं, आठौं शताब्दीका हुन्। चाँगुको यस अभिलेखमा देखिएका यी अक्षर तथा अङ्क अंशुवर्माका अभिलेखका यी अक्षर तथा अङ्कभन्दा पुराना ढाँचाका

भएकाले फ्लीटको सिद्धान्त अशुद्ध देखिन्छ । मेरो विचारमा चाँगुको यस अभिलेखको संवत् शकसंवत् हो ।''

(छनौट अभिलेखको ३६६ पृष्ठमा छापिएको मानदेवको चाँगुको स्तम्भाभिलेखको संवत्‌विषयको टिप्पणीको नेपाली अनुवाद)

अब सुमतितन्त्रतिर लागौं ।

"वि. सं. १९९५ को बर्खामा काशीबाट म काठमाडौं फर्केपछि मेरा मातामह पं. भुवननाथ पाँडेले मलाई र श्रीनाथ पाँडे (मेरा मातामहका भाइका छोरा, त्यस वर्ष श्रीनाथजी साहित्यमध्यमामा उत्तीर्ण हुनुभएको थियो ।) लाई नायबबडागुरुज्यू हेमराज पण्डितज्यूको दर्शन गराउन लानुभएको थियो । त्यस दिन केही विशेष कामले नायबबडागुरुज्यूकहाँबाट मेरा मातामहलाई बोलावट आएको थियो । माथि कोठामा सो काम सिद्धिसकेपछि ढोकेले हामीलाई माथि लग्यो । त्यस बेला सो कोठामा नायबबडागुरुज्यू, मेरा मातामह र श्रीगुरु पण्डितवर सोमनाथज्यू तीन जना हुनुहुँदो रहेछ । त्यहाँ पुस्तकहरू झिकाएर राखिएका रहेछन् । त्यस बेला काश्यपसंहिताको विद्वत्तापूर्ण उपोद्घातसहितको संपादन हेमराजज्यूबाट भरखरै भएको थियो । हेमराजज्यूले एक घण्टा जति विद्वत्तापूर्ण उपदेश मलाई दिनुभयो- ''काश्यपसंहिताको संपादन मैले गरें । अब म त्यस्तै गरी सुमतितन्त्र (ज्यौतिषको ग्रन्थ) को संपादन गर्छु । यसमा तिमीले काम गर्नू । तिम्रा बाजेको भर म पर्छु, तिम्रो भर म पर्दिनँ । तिमीले काम गरी मलाई विश्वास पार्नुपर्छ । काम गर्दा एउटा पुस्तक मात्र हेरी काम गर्नु हुँदैन । त्यस विषयका धेरै पुस्तक हेरी निर्णय गर्नुपर्छ ।'' इत्यादि कुरा त्यस उपदेशको सार थियो । श्रीगुरु सोमनाथज्यूले पनि त्यहाँ राम्रोसँग मेरो सिफारिश गरिदिनुभएको थियो ।

(इतिहास-संशोधनको प्रमाणप्रमेय (पहिलो भाग) को उपोद्घातको २४-२५ पृष्ठबाट)

हेमराजको उपदेश सुनेपछि, सुमतितन्त्र नामको ज्यौतिषको कुनै ग्रन्थ रहेछ भन्ने कुरो यसै दिन मैले थाहा पाएँ । त्यसभन्दा अगाडि मैले सुमतितन्त्रको नामसम्म पनि सुनेको थिइनँ ।

हेमराजले मलाई उपदेश दिंदा सुमतितन्त्र ज्यौतिषको ग्रन्थ हो भनेर भन्नुभएको थियो तर त्यहाँ उल्लिखित संवत्‌को विषयमा केही भन्नुभएको थिएन ।

नेपाल राष्ट्रिय अभिलेखालयमा सुमतितन्त्र छ ।

"सो पुस्तकमा श्री ३ महाराज भीमशमशेर जङ्गबहादुर राणा १९८६

भन्ने छाप लागेको छ। यस कारण सो पुस्तक श्री ३ भीमको पालामा वीर पुस्तकालयमा आएको बुझिन्छ।

कम्याण्डर इनचीफ भीमशमशेरलाई प्राचीन पुस्तक सङ्ग्रह गर्ने रुचि थियो र आफू श्री ३ महाराज भएपछि पहिले आफूले सङ्ग्रह गरेका पुस्तक भीमशमशेरले वीरपुस्तकालयमा दिनुभयो, त्यसै क्रममा सुमतितन्त्र पनि वीरपुस्तकालयमा आएको हो भन्ने कुरा मैले विद्वच्छिरोमणि गुरुज्यू हेमराज र ऐतिहासिकशिरोमणि बाबुराम आचार्यको मुखबाट सुनेको हुँ।

तन्त्रमन्त्रबाट सिद्धि पाइन्छ भन्ने विश्वास भीमशमशेरको हृदयमा भएकोले प्राचीन पुस्तक सङ्ग्रह गर्ने रुचि उनमा भएको हो भन्ने कुरा कवि बालकृष्ण समको मेरो कविताको आराधन उपासना २ को १०३ पृष्ठबाट बुझिन्छ।

काशीप्रसाद जायसवालको क्रोनल्‌अजि यान्ड् हिस्‌टरि अफ् नेपाल् (नेपालको कालनिर्णय र इतिहास) भन्ने पुस्तक प्रकाश भएको छ भनी मैले यसैताका सुनें र प्रधानाध्यापक (पछि प्रधानाचार्य, सरदार तथा उपकुलपति) रुद्रराज पाँडेसँग मागी सो पुस्तक मैले हेरें। त्यस पुस्तकका ३३–३८ पृष्ठमा वीरपुस्तकालयमा रहेको सुमतितन्त्रको विषयमा लेखिएको छ र सो पुस्तकका ३४–३५ पृष्ठको बीचमा सुमतितन्त्रका इतिहासोपयोगी २ पत्रको तसवीर पनि छापिएको छ त्यहाँ जायसवालले राजगुरु हेमराज शर्माबाट सुमतितन्त्रको विषयमा मैले थाहा पाएको हुँ भनी लेखेका छन्। यताबाट सुमतितन्त्रको विषयमा मेरो चाख अझ बढ्यो। सुमतितन्त्र हेर्ने मलाई उत्कट इच्छा भयो। खरीदार बाबुराम आचार्यले वीरपुस्तकालयका हाकिम पण्डित गुणनाथ भट्टराईसँग भनी सो पुस्तक मलाई देखाइदिनुभयो। अलिकता भाग मैले सारें। परन्तु एक दुइ दिनभन्दा बढ्ता सो पुस्तक मैले हेर्न पाइनँ।

पञ्चसिद्धान्तिकाको विषयमा मलाई त्यस बेला केही ज्ञान थियो। पञ्चसिद्धान्तिकामा वराहमिहिरले सूर्यसिद्धान्तका जुन भगणादि दिएका छन्, तिनै भगणादि सुमतितन्त्रमा पनि छन् भन्ने कुरा मलाई राम्रो ज्ञान भयो। सुमतितन्त्र नेपालमा पाइएको हुनाले नेपालको प्राचीन पञ्चाङ्ग यहीअनुसारको हुँदो हो भन्ने कुरो मेरो मनमा चढ्यो र त्यसअनुसार पञ्चाङ्ग गन्न हुने सारणी बनाउन म लागें, केही सारणी बनाएँ पनि। तर सुमतितन्त्र फेरि हेर्न नपाइने भएको र ममा अनुभवहीनता र सहायकहीनता पनि भएकोले मैले सो सारणी पूर्ण बनाउन सकिनँ।"

(मर्यादा १२ भागका ४०, ४१, ४२, ४३ पृष्ठबाट)

"नेपालमा प्रजातन्त्र आयो। वीरपुस्तकालयको ढोका खुल्यो। सुमतितन्त्र अलिकति हेरें। उमेर चढ्दै गएको र अरु कुनै उपाय नपाउँदा अलिकति विद्या त

अडिहालोस् भनी म इतिहास – संशोधन चलाउने उद्योगतिर लागें । आँखाको शक्ति पनि कम हुँदै गयो । धेरै मिहिनेत गरी आँखाले काम गर्न आँखाका विशेषज्ञले निषेध पनि गरे । यस कारण ताडपत्रबाट सुमतितन्त्रको पाठ सार्ने काममा मैले आँट गर्न सकिनँ ।

हेमराजजीको पुस्तकालय राष्ट्रिय पुस्तकालय भई सबैका लागि खुला भयो । त्यहाँका कर्मचारी नानी नयनाथ पौडेल (अहिले एस्. ए. तथा वीर अस्पतालका शाखाअधिकृत) ले त्यहाँ रहेको सुमतितन्त्रबाट ताडपत्रका हिसाबले ३५ पत्रसम्म सारी वि. सं. २०२० तिर मलाई दिए तर मैले विशेष काम गर्न सकिनँ ।"

(मर्यादा १२ भागको ४५ पृष्ठबाट)

त्रिभुवन–विश्वविद्यालय संस्कृत–अध्ययनसंस्थानका पीठाध्यक्ष (डीन) पण्डित अम्बिकाप्रसाद अधिकारीको सुदृष्टि यतातिर पर्न आएकोले सुमतितन्त्रको सम्पादन गर्ने काम हामीले पायौं । ताडपत्रमा रहेको जस्ताकोतस्तो पाठ प्रकाश गरी त्यसको प्रतिसंस्कृत पाठ पनि प्रकाश गर्दा विद्वान्हरूलाई संशय रहोइन भन्ने सम्झी हामीले त्यसो गर्ने विचार गर्‍यौं । दिनेशराजले अभिलेखालयमा गई ताडपत्रको यथास्थित रूप सारी ल्याउने काम गरे । सो पाठलाई साफी गर्ने काम देवीप्रसादले गरे ।

(मर्यादा १२ भागको ४८ पृष्ठबाट)

म, देवीप्रसाद, दिनेशराज मिली सुमतितन्त्र सम्पादन गर्‍यौं । हामीले सम्पादन गरेको सुमतिमन्त्र पहिलो भाग[७२] त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रबाट वि. सं. २०३५ मा प्रकाशित भएको छ ।

सुमतितन्त्र नेपालमै बनेको हो ।[७३] सुमतितन्त्र विक्रमको सातौंदेखि दशौं शताब्दीको बीचमा बनेको हो ।[७४] सुमतितन्त्र पञ्चाङ्ग गन्ने पुस्तक हो । त्यसअनुसार सारणी बनाउन म लागेको थिएँ तर पूरा गर्न सकिनँ भनेर मैले भरखरै माथि भनें । सुमतितन्त्रअनुसार पञ्चाङ्ग गन्ने सारणी बनाउन देवीप्रसादलाई मैले भनें, उनी पनि बनाउन लागे तर सो पूरा भएको छैन । त्यस सारणीलाई पूरा गरी त्यतैबाट आएका परिणाम यस ग्रन्थमा दिने मेरो विचार थियो तर त्यसो

---

७२. ताडपत्रमा लेखिएका सुमतितन्त्र, सुमतिकरण, सुमतिसिद्धान्त, कागतमा लेखिएको सुमतिकरण र हामीले लेखेको प्रस्तावना पहिलो भागमा परेका छन् ।

७३. यही ग्रन्थका १२५–१३५ पृष्ठ ।

७४. यही ग्रन्थका १३६–१५३ पृष्ठ ।

गर्नु मैले उचित सम्झिन्नँ । त्यसको कारण स्पष्ट छ । जे गरेर भए पनि भारतको उपनिवेश नेपाल थियो भनी सिद्ध गर्न जसरी जायसवाल लागेका थिए[७५] त्यसै गरी सुमतितन्त्रको अप्रामाणिकता सिद्ध गर्न शङ्करमान लागेका छन् भन्ने कुरा उनका प्रकाशित निबन्धबाट[७६] बुझिन्छ । यस कारण उनले प्रामाणिक मानी गणना गरेका वेङ्कटेश केतकरका पुस्तकबाट गनी आएका परिणाम नै यस ग्रन्थमा दिइएका छन्; तथा वेङ्कटेश केतकरको पुस्तकमा परेको अधिमासक्षयमासको सारणी यस ग्रन्थका २९३–२९७ पृष्ठमा दिइएको छ ।

सुमतितन्त्रको गणित यस ग्रन्थमा प्रयोग भएको छैन । सुमतितन्त्रबाट आएको इतिहासको भने यस ग्रन्थमा संपूर्णरूपले प्रयोग भएको छ ।

सुमतितन्त्रमा दिइएको वि. सं. ६३३ देखि उठेको संवत्को सूचना हेमराजबाट जायसवालले पाएका थिए भन्ने कुरा भरखरै माथि भनियो । लिच्छविकालका अभिलेखमा देखिएको संवत्विषयको खलबल त छँदैथियो । सुमतितन्त्र पाइएपछि, पहिलो संवत् शकसंवत् तथा दोस्रो संवत् वि. सं. ६३३ देखि उठेको संवत् रहेछ भन्ने कुरा निश्चितप्राय भयो । वि. सं. १९९६ को शारदामा बाबुराम आचार्यको तलको निबन्ध प्रकाशित भयो ।[७७]

नेपालका लिच्छवि-राजाहरूको कालगणना

प्रस्तावना

लेखक— बाबुराम आचार्य

गोपाल-राजवंशावलीअनुसार नेपालका केन्द्रस्थलमा, बागमती नदीका

---

७५. यही ग्रन्थका ५१९–५२२ पृष्ठ ।

७६. यही ग्रन्थका ४०८–४१० पृष्ठ ।

७७. बाबुरामजीको नेपालका लिच्छविराजाहरूको कालगणना भन्ने ग्रन्थको प्रस्तावना यो हो । मूल ग्रन्थ कतै प्रकाश भएको छैन । सो ग्रन्थ लेखिएको पनि थियो वा थिएन ?

ख्वांसीमा राज्य गरिरहेका किरात-वंशलाई हटाएर उत्तरविहारबाट आएका लिच्छवि-वंशका क्षत्रियहरूले राज्यस्थापना गरेका थिए । यो लिच्छवि-राज्य पुगनपुग आठसय वर्ष कायम रहेको देखिन आएको छ । नेपालका जनसमुदायमा राष्ट्रिय जीवनको सञ्चार किरात-राज्यमा नै भएको देखिन्छ; तर त्यसको विकाश लिच्छवि-राज्यमा भएको देखिन आएको छ । आर्य बाहेकका जनसमुदायलाई परस्पर मिलाएर राष्ट्रिय-एकतालाई चिरस्थायी बनाउने जुन प्रवृत्ति लिच्छवि-राज्यमा पैदा भएको थियो, त्यो आजसम्म पनि नेपाली राष्ट्रको आदर्श भइरहेको छ । यस कारण लिच्छवि-राज्यको इतिहास बडो शिक्षादायक भएको छ ।

परन्तु यो लिच्छवि-राज्यको इतिहास लेखन लाग्दा बडो अडकन काल-गणनाका विषयमा पर्न आएको छ । इतिहासको अस्थिपञ्जर कालगणना हुन्छ; कालगणना दुरुस्त नभई इतिहासको रूप-रेखा खिंच्न सकिंदैन । हुनता यस विषयमा पण्डित भगवानलाल इन्द्राजी, डाक्टर जे.एफ. फ्लीट, प्रोफेसर सिल्व्याँ लेवी र डाक्टर के. पी. जायसवाल यी चार जना विदेशी विद्वान्हरूले खोज र विचार निकै गरेका छन् । तर लिच्छवि-राजाहरूले जो दुइ थरि संवत्, शिलापट्टहरूमा व्यवहार गरेका छन् तिनको पहिचान गर्न नसकेर भिन्नभिन्न किसिमका निर्णय प्रकट गरेका छन् औ शिलापट्टहरूमा लेखिएका संवत्का कुनै कुनै अंक पढ्नामा पनि भूल गरेका छन् । दोस्रा लिच्छवि-राजवंशलाइ ठकुरी-वंश सम्झेर यिनीहरू बहकिएका छन् । यस तरहले यो विषय गज्याङमज्याङ हुन गएको छ । नमूनाका निमित्त दुइ लिच्छवि-वंशका मुख्य राजा मानदेव पहिला (गण्डकी-पश्चिमको मल्लपुरी विजय गर्ने) को र अंशुवर्माको समय भिन्नभिन्न विद्वानका र आफ्ना निर्णय अनुसार यहाँ दिइन्छ ।

(क) मानदेव पहिलाको समयः-

(१) भगवानलाल	वि. सं.	३८६-४१३
(२) फ्लीट र जायसवाल	,,	७६२-७८९
(३) लेवी	,,	५५३-५८०
(४) आफ्नो निर्णय	,,	५२१-५४८

(ख) अंशुवर्माको समयः-

(१) भगवानलाल	वि. सं.	६८७-७०७ वा ७०८
(२) फ्लीट	,,	६९२-७०७ या ७०८
(३) लेवी	,,	६८२-६९७
(४) जायसवाल	,,	६५२ या ६८२-६९६
(५) आफ्नो निर्णय	,,	६४८-६७३

कालगणनाका विषयमा यस किसिमको गज्याङमज्याङ हुन गएको हुनाले इतिहास लेख्नुभन्दा पहिले यो गज्याङमज्याङ संगाल्नालाई यो पुस्तक लेख्नुपरेको छ। इतिहासको अस्थिपञ्जर कालगणना हुनाले यसमा थोर बहुत इतिहासका विषय पनि टाँस्सिन आएको छ। तर यो पुस्तक लेख्नाको मुख्य उद्देश्य कालगणना दुरुस्त गर्ने हो, इतिहासको खोज गर्ने होइन। यस लिच्छवि-राज्यको इतिहास 'नेपालको इतिहास' लेख्दा यथास्थानमा दिइने छ।

भगवानलाल आदिले यस विषयलाई गज्याङमज्याङ गरिदिए भनी उनीहरूलाई दोष दिएको होइन। गुजरातबाट भगवानलाल र फ्रान्सबाट लेवी कान्तिपुरसम्म आएर अनेक अभिलेखहरूको खोज र उद्धार गरी हाम्रा राष्ट्रिय इतिहासका उपर जो प्रकाश फैलाएका छन् त्यसको जति प्रशंसा गरे पनि थोरै हुन्छ। यिनीहरूका यस उपकारलाई हामी कदापि भुल्न सक्तैनौं। यिनीहरूका निर्णयमा सामानका कमीले कसर रहन गएको छ, तापनि विचारको मार्ग सोझै गएको छ। फ्लीट कान्तिपुरमा आएका थिएनन्। जायसवाल दस पन्द्र दिन आएर बसेका थिए तापनि लिच्छवि-राज्यका विषयमा विशेष खोज-खबर गरेका थिएनन्। यिनीहरू पुरातत्त्वका बडा बडा विद्वान हुन् तापनि यस विषयमा हेलचेक्र्याइ गरेका हुनाले यिनका विचारका मार्ग बाङ्गिएका छन्, तैपनि यस विषयमा यिनीहरूले केही नयाँ प्रकाश फैलाएका हुनाले धन्यवादका पात्र बनेका छन्।

यिनीहरूका युक्ति र निर्णय देहायमा लेखिएका निबन्ध र पुस्तकहरूमा प्रकाशित भएका छन्। यिनका सारांश यस पुस्तकका पाँचौं परिच्छेदमा दिइएको छ। तर अन्यत्र पनि यिनका विचारको बारम्बार चर्चा हुनाले प्रत्येक ठाउँमा निर्देश दिएर साध्य नहुँदा दिइएको छैन। यस विषयको जानकार हुन इच्छा गर्ने सज्जनले यी निबन्ध र पुस्तक पढ्नु योग्य छ।

(१) भगवानलाल- सम कान्सिडरेसन्स अव नेपाल (नेपालका इतिहास उपर केही विचार) डाक्टर बुइलरद्वारा संपादित इण्डियन् आंटिक्वेरी जिल्द १३ (इ. सं. १८८४) पाता ४११-४२८।

(२) फ्लीट- क्रानोलोजी अव दि अर्लि रुलर्स अव नेपाल (नेपालका प्राचीन राजाहरूको कालगणना) इण्डियन आंटिक्वेरी जिल्द १४ (ई. सं. १८८५) पाता ३४२-३५१।

(३) लेवी- ल नेपाल (नेपाल) जिल्द २, पारी (प्यारिस्) बाट इ. सं. १९०५ मा प्रकाशित पाता ८३-१८०।

(४) जायसवाल- क्रानोलोजी ऐंड हिस्ट्री अव नेपाल (नेपालको कालगणना र इतिहास) पटनाबाट इ. सं. १९३७ मा प्रकाशित।

यी चारै जना विद्वान परदेशी हुनाले यिनलाई हाम्रा देशको प्राचीन परिस्थिति पत्ता लाउन र अन्तर कान्तरमा रहेका पुराना अभिलेख भेट्टाउन कठिन थियो । यसै कारणले भगवानलाल र लेवीका निर्णय अपुरा र फ्लीट र जायसवालका निर्णय वेकम्मा देखिन आएका छन् । यो काम गर्नालाई परदेशीलाई भन्दा हामी नेपालीलाई सुविस्ता छ । यसै कारणले पुरातत्त्वका विषयमा शिक्षा नपाएको भए तापनि आफै गरेका अध्ययन र खोजका भरमा यो पुस्तक लेख्ने साहस गरिएको हो ।

यस विषयको पहिला निबन्ध भगवानलालले इ. सं. १८८४ (वि. सं. १९४१) मा लेखेका हुन्, तापनि नेपालका पुराना अभिलेख इ. सं. १८८० (वि. सं. १९३७) मा प्रकाशित गरिदिएका थिए । त्यस सालदेखि आजसम्मका साठी वर्षका बीचमा फ्लीट, लेवी आदिका निबन्ध र पुस्तकहरू प्रकाशित भएका छन् तापनि लेवीका निबन्ध र पुस्तक फ्रान्सी भाषामा र अरूका अंग्रेजी भाषामा लेखिएका हुनाले ती भाषा नजान्ने नेपालीका निमित्त यो विषय अझसम्म नौलो नै भइरहेको छ । यस कारणले साधारण नेपाली भाषामा लेखा-पढी गर्न जान्ने नेपालीका निमित्त यो विषय परिचित गराउनालाई यो सानो पुस्तक नेपाली भाषामा लेखिएको छ । तर आफूलाई मातृभाषाको ज्ञान राम्रो नभएको हुनाले यस भाषाका शब्द थाहा नभएका ठाउँमा संस्कृत भाषाका शब्द राख्नुपर्दा यस पुस्तकको भाषा सान्हो हुन गएको छ । सरल भाषा गराउन नसकेकोमा लाचार छु ।

नेपाली भाषामा यो पुस्तक लेखिएको हुनाले नेपालमा चलित भइरहेको विक्रमसंवत्‌को व्यवहार यसमा गरिएको छ । यसलाई छोडेर इसवीसंवत्‌को व्यवहार गर्न उचित देखिएन । यस कारणले भगवानलाल आदिले लेखेका निबन्ध र पुस्तकहरूमा इसवीसंवत्‌को संख्या दिइएका छन् तापनि तिनलाई विक्रमसंवत्‌का संख्यामा ल्याएर यहाँ देखाइएका छन् । अंग्रेजी पाठशालाहरूमा पढाइने इतिहासका पुस्तकहरूमा इसवीसंवत्‌को चलन हुनाले ती पुस्तक पढेका पाठकहरूलाई विक्रम संवत्‌मा लेखिएका इतिहासका साल ठम्याउन असजिलो लाग्ने छ । तर यी दुइ थरि संवत्‌को अन्तर याद राखेमा त्यो असजिलो सजिलैसँग मेटिन्छ । विक्रमसंवत्‌का संख्याबाट ५७ घटाइदिएमा इसवीसन्‌को संख्या बन्दछ; तर जनवरीदेखि चैत्रसम्मलाई ५६ मात्र घटाइदिनुपर्दछ । महीनाको याद नभएमा ५७ वर्षकै फरक मानिन्छ ।

नेपाली भाषामा यस विषयको पहिला पुस्तक हुनाले विषयको सिलसिला मिलाउनका निमित्त भगवानलाल आदिले प्रकाशित गरेका अभिलेखहरूको र तिनीहरूका निर्णयको सारांश दिनुपर्दा औ साल-आठ थरि संवत्‌का उठान र

प्रचारको विवरण लेख्नुपर्दा पुस्तक भद्दा हुन गएको छ । यदि अंग्रेजी भाषामा यो पुस्तक लेखिएको भए यति भद्दा हुने थिएन । तर त्यस भाषामा अनुवाद हुन दिने पनि लेखकको विचार छैन । नेपाली भाषा मात्र जान्ने पाठकहरूका निमित्त यति भद्दा नगराई बोध गराउन सकिने देखिएन । जे भए पनि यसबाट नेपालका लिच्छवि-राज्यको इतिहासको एक ठूलो अडकन फुकेको र साथैमा भोटका पहिला राजा स्रोङ चङ गम्पो (शुद्धजीव-राजा) को शरच्चन्द्र दास आदिले निरूपण गरेका समयमा अन्तर देखिएर ठीक समय पत्ता लागेको हुनाले पुरातत्त्वका प्रेमी विद्वान र विद्यार्थीहरूलाई समेत यो पुस्तक उपयोगी होला भन्ने उमेद छ ।*

*विद्वान लेखकले लेख्नुभएको यस पुस्तकको मस्यौदा तयार छ । यसमा प्रकाशित गरिने शिलापट्टका पाटी (प्लेट) हरू तयार हुँदैछन् ।

संपादक

(वि. सं. १९९६ फाल्गुनको शारदा वर्ष ५ अङ्क ११ का ३३२-३३६ पृष्ठबाट)

[मदनपुरस्कार पुस्तकालयका प्रबन्धक कमल दीक्षितजीको सौजन्यबाट वि. सं. २०४१।२।२१ तथा २२ मा सो पुस्तकालयबाट देवीप्रसाद भण्डारीले यो निबन्ध सारी ल्याएका हुन् । केशवचन्द्र न्यौपानेबाट पनि अलिकता काम भएको छ ।

रामजी तेवारी सरकारी सेवामा अस्थायी सुब्बासम्मको पदमा पुगेका थिए । उमेर पुगी निवृत्तिभरण पाएपछि कमल दीक्षितजीले उनलाई मदनपुरस्कार पुस्तकालयमा सानो पद दिलाइदिनुभएको थियो । त्यसै बेला मैले भनेकोले रामजी-ले यो निबन्ध सारी ल्याएका थिए । चाहिएको बेलामा मागौंला राखिछाड भनी मैले रामजीलाई भनेको थिएँ । वि. सं. २०४० भाद्रमा रामजीको स्वर्गवास भयो । उनले सारी ल्याएको सो निबन्ध उनले कहाँ राखेका थिए, त्यो मलाई थाहा थिएन । त्यस कारण सो नपाइएकोले देवीप्रसाद र केशवचन्द्रद्वारा सो निबन्ध फेरि सारी ल्याउनुपरेको हो । रामजीका लेखहरू पूर्णिमामा प्रकाश गर्नुपर्दा महेशराजले यो निबन्ध पाई सुरक्षित राखेका रहेछन् । अहिले कुराको प्रसङ्गमा रामजीले सारेको सो लेख मसँग छ भनी महेशराजले मलाई दिएकाले दुवै मिलाई पाठ निश्चित गरिएको छ ।]

यहाँ ऐ. शि. ज्यूले आफ्नो निर्णय भनी मानदेवको समय वि. सं. ५२१-५४८ जो दिनुभएको छ सो सुमतितन्त्रअनुसारको हो । भगवानलालले संवत् ३८६ र ४१३ का मानदेवका अभिलेख प्रकाश गरेका छन् । संवत् ३८६ लाई शकसंवत् मान्दा वि. सं. ५२१ हुन्छ । संवत् ४१३ लाई शकसंवत् मान्दा

वि. सं. ५४८ हुन्छ। यसै गरी ऐ. शि. ज्यूले आफ्नो निर्णय भनी अंशुवर्माको समय वि. सं. ६४८–६७३ जो दिनुभएको छ सो पनि सुमतितन्त्रअनुसारकै हो। अंशुवर्माका त्यस बेला संवत् ४४ वा ४५ सम्मका अभिलेख पाइएका थिए। प्रथम शिवदेव+अंशुवर्माका संवत् ५१६ सम्मका अभिलेख पाइएका थिए। ५१६ भन्नेमा वादविवाद थियो। संवत् ४४ वा ४५ मा भगवानलाल पनि धरसरिएका थिए। ४० त पक्कै हो भनी भगवानलाल भन्दथे। यसै कारण ४० मा ६३३ जोड्दा ६७३ हुन आयो। ५१६ मा १३५ जोड्दा ६५१ हुने हुनाले वि. सं. ६५१ देखि अंशुवर्मा देखिए। परन्तु ५१६ मा वादविवाद भएकोले त्यसलाई ५१३ सम्झी वि. सं. ६४८ देखि अंशुवर्माको समय ऐ. शि. ज्यूले दिनुभएको हो।

ऐ. शि. ज्यूको लेख प्रकाशित भएको पनि अहिले ४६ वर्ष भयो। त्यस बेला शकसंवत् पनि मानदेवसंवत् पनि सम्भावनाकोटीमै थिए।

अभिलेख–संग्रहका सम्पादक रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज, नयनाथ यी आठ जना र यस काममा अघिदेखि नै लागेका ज्ञानमणि तथा पछि आएका दिनेशराजसमेत दश जनाको अन्वेषणलाई मनन गरी वि. सं. ६३३ देखि उठेको संवत्को प्रामाणिकता सिद्ध गर्न सकियो। यस काममा अरुहरूका अन्वेषणबाट पनि काम लिइएको छ, त्यसको उल्लेख तत्–तत् ठाउँमा गरिएको छ।

दोस्रो संवत् निश्चित भइसकेकोले पहिलो संवत् पनि शकसंवत्सिवाय अर्को हुन सक्तैन भन्ने कुरो पनि निश्चितप्राय छ। तर त्यसलाई गणितद्वारा सिद्ध गर्न सकिएको छैन भन्ने कुरा भरखरै भनियो।

यस विषयमा रमेशचन्द्रको तलको लेख मननीय छ—

"मानदेवदेखि वसन्तदेवसम्मका अभिलेखमा देखिएका संवत् विक्रमसंवत् हुन् भनी भगवानलाल इन्द्राजीले मानेका छन्। भगवानलालको कुरा आचार्य राधागोविन्द बासकले सकारेका छन्। वसन्तदेवभन्दा पछि नरेन्द्रदेवभन्दा अघि बीचमा तेह्र वा एघाह्र नाम थाहा नपाइएका राजा भए भन्ने अर्थ गरेर इन्द्राजी र बासकले विक्रमसंवत् मानेका हुन्। तर अहिले प्रमाणद्वारा सो अर्थ अशुद्ध हो भन्ने कुरा सिद्ध भइसकेको छ। तर विक्रमसंवत्को पक्षमा एउटा महत्त्वपूर्ण कुरा छ, जुन इन्द्राजीलाई त थाहा नै थिएन र आचार्य बासकले भने त्यसको वास्तै राखेनन्। संवत् ४४९ को किसिपिंडीको शिलालेखको त उल्लेख भई नै सकेको छ। त्यसमा अधिक आषाढको कुरा परेको छ। यही अधिमासलाई आधार मानी तथा वि. सं. ६१६ को आषाढमा अधिमास परेको कुरा सारणीमा देखी लेभीले वि. सं. १६७ देखि लिच्छविसंवत् उठेको हो भन्ने आफ्नो सिद्धान्त निकालेका

हुन् । तर एल्. डी. यस्. पिलाइको सारणीमा वर्तमान विक्रमसंवत् ४४९ मा आषाढमा अधिमास परेको देखिन्छ वर्तमान वा गत जेसुकै भए तापनि शकसंवत् ४४९ को आषाढमा अधिमास देखिँदैन । इतिहाससम्बन्धी कालनिर्णयको विषयमा तिथिमितिकै गणनाको भरमा पर्दा पहिले पहिले परेको धोकालाई सम्झँदा सामान्य इतिहासबाट आएका नतीजाहरूसँग बाझिदाबाझिदै पनि तिथिमितिसम्बन्धी गणनालाई नै प्रामाणिक मान्न गाह्रो पर्दछ । आर्यभटले सिद्धान्तज्यौतिषको प्रतिपादन गर्न लागेको समयभन्दा अधिको समयको विषयमा हामीहरू विचार गर्न लागेका छौं । यस कारण त्यस बेला अशुद्ध गणनापद्धति थियो अथवा भिन्नै प्रकारको गणनापद्धति थियो वा भिन्न भिन्न ठाउँमा भिन्न भिन्न प्रकारका गणनापद्धति थिए होलान् भन्ने सम्झने हो भने तिथिमितिको गणनालाई नै इतिहासको कालनिर्णयको विषयमा निर्णायक प्रमाण मान्नु शायद बुद्धिमानी हुनेछैन । माथि भनेको कुराको एउटा उदाहरण दिइन्छ । अंशुवर्माको संवत् ३४ को अभिलेखमा पौषमा अधिमास परेको देखिन्छ । वि. सं. ६६३ देखि उठेको हर्षसंवत् नै त्यो संवत् ३४ हो भनी फ्लीटले मानेका छन् र वि. सं. ६९७ मा मध्यम मानले पौषमा अधिमास परेको थियो भनी भनेका छन् । लेभीले चाहिं यो संवत् वि. सं. ६५२ देखि उठेको संवत् हो तथा वि. सं. ६८६ मा पौषमा मध्यम मानले अधिमास परेको थियो भनी भनेका छन् । तर यस विषयको नवीनतम आधिकारिक मानिएको पिलाइको ग्रन्थ भारतीय कालगणनाको १० सारणीअनुसार वि. सं. ६८६ वा ६९७ कुनैमा पनि पौषमा अधिमास पर्दैन । बरु पिलाइको सारणीमा त वि. सं. ६८६ को पौषमा क्षयमास परेको देखिन्छ । तर जे भए तापनि यस विषयमा एउटा यस्तै हो भनी ठोकुवा गर्न सक्ने विद्वान् मानिसहरूले यो गणनासम्बन्धी कुरालाई सम्झेर विचार गर्नुपर्दछ ।"

(यही ग्रन्थका ३३७–३३८ पृष्ठबाट)

पहिलो संवत्‌लाई जुनसुकै संवत् मानेर जुनसुकै प्रकारबाट गणना गरे पनि अधिमास मिलाउन नसकिएको र वेदाङ्गज्यौतिषमा पौष र आषाढमा मात्र अधिमास पर्ने नियम भएकोले[७८] तथा शकसंवत्‌बाट वेदाङ्गज्यौतिषअनुसार गणना गर्ने पद्धति वराहमिहिरले दिएकाले[७९] मानदेवहरूको पालामा वेदाङ्गज्यौतिष चलेको थियो कि भन्ने आभास मेरो मनमा परेको छ ।

---

७८. यही ग्रन्थका ३५–४५ पृष्ठ ।

७९. यही ग्रन्थका ९८–१०५ पृष्ठ ।

यहाँनिर एउटा कुरा नभनी नहुने भएको छ । जुन अङ्कलाई भगवानलाल-हरूले ३ भनी पढे, सो अङ्क ९ हो भनी ऐ. शि. ज्यूबाट प्रतिपादन भयो । वास्तवमा सो अङ्क ७ हो भन्ने कुरा धनवज्र र ज्ञानमणिले निश्चय गरे ।[८०]

भगवानलालहरूले ३ भनेको र ऐ. शि. ज्यूहरूले ९ भनेको चिह्न ७ हो भनी निर्णय नभएको भए वेदाङ्गज्यौतिषअनुसारको पद्धति थियो भनेर म आँट पनि गर्न सक्तिनथिएँ ।[८१]

यहाँनिर अर्को कुरा पनि भनिहालौं ।

"पंडित भगवान्लाल, डाक्टर बुलर और डाक्टर फ्लिट इन सबने ही......

इसही प्रकार पन्द्रहवीं लिपिके संख्या सूचक अंकोंको उक्त साहबोंने १५३ पढाहै । किन्तु इस संख्याके वतानेवाले तीन अक्षरोंमें पिछला अक्षर और बारहवीं लिपिके पिछले अक्षर एकसे हैं । अब प्रश्न यह है कि, एकको उन्होंने (३) और दूसरेको (९) क्यों पढा ! संभवहै कि, दोनोंका पिछला अंक (९) हो इस कारणसे पन्द्रहवीं लिपिके संख्या अक्षरोंको (१५९) समझना चाहिये ।"

(वि. सं. १९६१ मा श्रीवेङ्कटेश्वर स्टीम् प्रेस बंबईबाट प्रकाशित पण्डित बलदेवप्रसाद मिश्रको नैपालका इतिहासको ५३ पृष्ठबाट)

यताबाट सो अङ्क ३ होइन ९ हो भनी बाबुरामजीले लेख्नुभन्दा ४९ वर्ष पहिले बलदेवप्रसादले लेखेका रहेछन् भन्ने स्पष्ट हुन्छ ।

तर यहाँनिर एउटा विकट प्रश्न खडा भएको छ । वेदाङ्गज्यौतिषको जम्मै श्लोकको अर्थ लाग्दैन, उदाहरण पनि पाइँदैन, व्याख्याताहरूको पनि परस्परमा मतभेद छ ।[८२] मानदेवको चाँगुको अभिलेख र गणदेव + भौमगुप्तको पालाको देउपाटनको अभिलेखले वेदाङ्गज्यौतिषको उदाहरण पाएजस्तो भएको छ तर अरू पनि उदाहरण नपाई ठोकेर बोल्न सकिँदैन । वि. सं. २०१०–२०२७ सम्म भएका अन्वेषणका भरबाट दोस्रो संवत्को निर्णय गर्न सकिएको हो । त्यो अन्वेषण बढाउँदै लान सकिएको भए पहिलो संवत्को पनि निर्णय हुन सक्थ्यो, तर त्यसो हुन सकेन । कारण स्पष्ट छ– जसले खेती गर्छ उसले बाली खान पाए खेती सप्रन्छ, बाली लाउने एउटा बाली काटेर खाने अर्को भयो भने

---

८०. यही ग्रन्थको ११५ पृष्ठ तथा महेशराज पन्तको इतिहास-संशोधन [५५ क्रमागत सङ्ख्या] ।

८१. यही ग्रन्थका १०६–११७ पृष्ठ ।

८२. पूर्णिमा ३४ अङ्क ।

खेती सपार्न सकिंदैन । हाम्रो यहाँ अभिलेख खोज्ने, पढ्ने तथा छपाउनेहरूले भन्दा त्यसको अपहरण गर्नेहरूले यश तथा धन कमाइरहेछन् ।[८३] अपहरण रोक्न नसकिएकोले अन्वेषण चल्न सकेन । अन्वेषण चल्न नसकेकोले नयाँ नयाँ उदाहरण पाइएनन् । नयाँ नयाँ उदाहरण नपाइएकोले वेदाङ्गज्यौतिषको अर्थ गर्न गाह्रो पऱ्यो ।

वेदाङ्गज्यौतिष र अष्टाध्यायी एकै कालका जस्ता ग्रन्थ हुन् । अष्टाध्यायीको अर्थ राम्रोसँग लागे वेदाङ्गज्यौतिषको अर्थ गर्न पनि सजिलो हुन्छ[८४] यसै कारणले सकेसम्म अष्टाध्यायी घोक्ने, घोकाउने; उध्रने उध्राउने काममा म लागेको छु । परेबा, अष्टमी, त्रयोदशी र विशेष पर्वका दिनबाहेक महेशराज[८५] तथा दिनेशराजसँग बसी बिहान डेढ दुइघण्टा म अष्टाध्यायीको अभ्यास गर्छु । भोलानाथ प्रायः शनिवार मकहाँ आउँछन् र अष्टाध्यायीको पाठ सुनाउँछन् म पनि उनलाई आफूले घोकेको अष्टाध्यायी सुनाउँछु । आजभोलि ज्ञानमणि पनि पाठ सुनाउने यस काममा शनिवार मकहाँ आउन लागेका छन् ।

मैले वि. सं. १९९७ देखि २०३३ सम्म पूरा ३५ वर्ष ज्यौतिष पढाएरै पेट पालें । सिद्धान्तशिरोमणि कण्ठस्थ भयो र त्यसका उदाहरण मनमा खेल्न लागे भने हिन्दू सिद्धान्तज्यौतिषको भाव मनमा चढ्छ भन्ने मेरो पक्का धारणा छ । यस धारणाअनुसार पढाउन मैले उद्योग गरें । मसँग पढी १०–१२ जना ज्यौतिषाचार्य पनि भए ।[८६] मेरो धारणा मसँगै रह्यो ।

भोलानाथ, देवीप्रसाद तथा शङ्करमानलाई पनि मेरो धारणाअनुसार सिद्धान्तशिरोमणि पढाउने उद्योग गरें । देवीप्रसादले मेरो धारणाअनुसार सिद्धान्त शिरोमणि-विषयका लेख पूर्णिमाका २३,२४,२५, २६ र ३६ अङ्कमा प्रकाश गरे । तर पछि सो काम रोकियो । आजभोलि सिद्धान्तशिरोमणि पढ्ने पनि पढाउने

---

८३. यही ग्रन्थको ३०५ पृष्ठ, अभिलेख-संग्रह पहिलो भागका १९–२२ पृष्ठ तथा पूर्णिमा ११ अङ्कका १०१–११८ पृष्ठ ।

८४. पूर्णिमा ३४ अङ्कका १२३–१२८ पृष्ठ ।

८५. महेशराज प्रतिवर्ष भने जस्तै बाहिर जान्छन् । वि. सं. २०४२ मा पनि ज्येष्ठमा जर्मनी गई भाद्रमा फर्के । त्यस बेला मसँग बसी उनको स्वाध्याय गर्ने काम हुँदैन ।

८६. त्रिकोणमिति (ज्योत्पत्ति) को प्रस्तावना ।

पनि, घोक्ने पनि घोकाउने पनि तथा उध्रने पनि उध्राउने पनि म एक्लै भइरहेछु ।

वेदाङ्गज्यौतिष त अहिलेसम्म जम्मै आफैँले बुझेको छैन, अरूलाई पढाउने कुरा त परै जाओस् ।

यहाँनिर अर्को एउटा कुरा पनि भनिहालौँ । वेदाङ्गज्यौतिषको हस्तलिखित पुस्तक लक्ष्मीपतिसङ्ग्रहमा छ । यस पुस्तकमा लक्ष्मीपतिले टिप्पणीहरू केही लेखेका छैनन् । यस कारण लक्ष्मीपति वेदाङ्गज्यौतिषको धार्मिक दृष्टिबाट पाठ मात्रै गर्थे वा अर्थ पनि बुझ्दथे भन्ने कुरो अहिले भन्न सकिँदैन । लक्ष्मीपति ज्यौतिषशास्त्रका मर्मज्ञ विद्वान् थिए भन्ने कुरोचाहिँ उनले बनाएका ग्रन्थ र धूपघडी आदि यन्त्रहरूबाट स्पष्ट हुन्छ । पञ्चाङ्ग गन्न उपयोगी ग्रन्थ रत्नदीप लक्ष्मीपतिले बनाएका थिए । रामजीले मेरो धारणाअनुसार रत्नदीपविषयका लेख पूर्णिमाका ११, १२, १३, १४, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५ र ३५ अङ्कमा प्रकाश गरेका छन् । तर पछि सो काम रोकियो । सो काम चल्दै गएको भए वेदाङ्गज्यौतिषको अर्थ गर्न एउटा सानो गोरेटो बन्दै जान्थ्यो । वि. सं. २०४० को भाद्रमा रामजीको स्वर्गवास भएकोले उनको हातबाट बाँकी काम हुने सम्भावना पनि गयो ।

वेदाङ्गज्यौतिषको प्रामाणिक प्राचीन व्याख्या पाइँदैन । बालगङ्गाधर तिलकले आफूभन्दा लगत्तै भने जस्ता अघिका वेदाङ्गज्यौतिषका व्याख्याता बार्हस्पत्य र सुधाकर आदिका व्याख्याको परीक्षा गरी एउटा निबन्ध अंग्रेजीमा लेखेका छन् । उनको निबन्धले कुरो टुङ्गो लाउन त सकेको छैन तैपनि त्यस निबन्धबाट वेदाङ्गज्यौतिष–विषयको सामान्य ज्ञान जिज्ञासुको मनमा चढ्छ । सो निबन्धको नेपाली अनुवाद गरी प्रकाश गरूँ भन्ने इच्छा भएकोले र सो निबन्धका अक्षर मेरो आँखाले नभेट्ने भएकोले त्यसलाई ठूला–ठूला अक्षरमा लेख्न केशवचन्द्रलाई मैले भने । उनले पनि अलिकता लेखिदिए, बढ्ता काम हुन सकेको छैन ।

जे भए पनि अलिअलि वेदाङ्गज्यौतिष म प्रतिदिन पढ्छु । कहिले उदाहरण पाइन्छन् ? पाणिनिका सूत्रबाट वेदाङ्गज्यौतिषका पद साधन कहिले सकिन्छ ? सिद्धान्तशिरोमणिका सूत्रबाट वेदाङ्गज्यौतिषका सूत्रका अर्थ गर्न कहिले सकिन्छ ? त्यस अर्थबाट मानदेवहरूका अभिलेखमा देखिएका अधिमासलाई कहिले गन्न सकिन्छ ? जे भए पनि म एक्लै भए पनि नमरेसम्म यो काम चलाई नै रहनेछु ।

छन् चैत्रादिक कार्तिकादिक दुवै संवत् चलेका यहाँ,
चल्थ्यो लिच्छविकालमा कुन भनी शङ्का थियो चित्तमा ।
शङ्कानाशक अश्मलेख अहिले संशोधले ल्याइद्यो,
भोलाको गृहिणी हुँदा मतिमती पाषाण त्यो देखियो ॥

बेन्डालादि शतत्रयी ३०० भनिदिने यै चिह्न हो भन्दछन्,
यो हो पञ्चशती ५०० प्रबोधक भनी लेभीहरू भन्दछन् ।
चर्को वादविवाद यो चलिरह्यो पौने शताब्दीतक,
ल्याई सामु प्रमाण यो छिनिदियो संशोधले आखिर ॥

इन्द्राजीहरू तीन ३ सूचक यही सङ्केत हो भन्दछन्,
ऐ. शि. ज्यूहरू तीन ३ होइन यही नौ ९ हो भनी भन्दछन् ।
दोला-पर्वतको शिलाभिलिखितश्लोकस्थसंकेतले
यो हो सात ७ भनेर निर्णय गरे नानी धन-ज्ञानले ॥

यो साधारण बात झैं छ, तर यै सङ्केतको बोधले
ठूलो काम भयो, म भन्छु अहिले यो बात संक्षेपले ।
पाइन्छन् श्रुतिका षडङ्ग, तिनमा यौटा त हो ज्यौतिष,
त्यो वेदाङ्ग भनिन्छ, वर्ष त्यसमा अत्यन्त नै स्थूल छ ॥

त्यल्ले पार्दछ भेद तीस दिनको चालीस नै वर्षमा,
लोकग्राह्य हुँदैन त्यो विधि कसै क्वै देश क्वै कालमा ॥
त्यस्तो ग्रन्थ बन्यो अहो, किन उही चल्दै गयो लोकमा,
धेरै काल अड्यो त्यही किन, भनी उठ्छन् निकै तर्कना ॥

प्रत्न–ज्ञान–निमग्न विज्ञ जनको सन्देह यो जो थियो,
अङ्कज्ञान यथार्थ भो र त्यसले सन्देह क्यै दूर भो ।
त्यो प्राचीन विलुप्त पद्धति अली उग्र सरीको भयो,
हामीलाइ अगाडि बढ्न त्यसले केही सुबिस्ता भयो ॥

दाह्री श्वेत भयो, बहत्तर पुगें, भो देह क्यै दुर्बल,
आँखा कान दुवै गले, स्मृति भने ताजै छ मेरो अक्ल ।
ऐले पाणिनि–भास्कर–प्रभृतिका सूत्रार्थ सम्लोकन
गर्दछु श्रम यो कडा लगधका सूत्रार्थ बुझनाकन ॥

गर्दै काम शतायु बन्न जनले इच्छा लिनै पर्दछ[८७]
यो वेदध्वनिजन्य अर्थ मनमा मेरो सधैं खेल्दछ ।
लुप्तार्थं श्रुतिनेत्र पढ्न त्यसले लागीपरेको म छु,
साथी छैन, छु एकलै, अलिअली यी पाइला चाल्दछु ॥

---

८७. कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतꣳ समाः ।
(शुक्लयजुर्वेद ४०।२)

[काम गर्दै सय वर्षसम्म बाँच्ने इच्छा गर्नुपर्दछ ।]

यो पुस्तक तयार गर्दा उपयोग गरिएका पुस्तक तथा लेखहरू

अमरसिंह- अमरकोश।

अश्वघोष- सौन्दरनन्द।

अलेक्जेण्डर कनिङ्घम- बूक् अफ् इन्डिअन् एराज् (भारतीय संवत्हरू) पुनर्मुद्रित, ओरियन्टल पब्लिशर्ज दिल्ली, वि. सं. २०२८।

आर्यभट- आर्यभटीय।

कालचक्र

काशीप्रसाद जायसवाल- क्रोनलजि यान्ड् हिस्टरि अफ् नेपाल् फ्रम् ६०० बी. सी. टु ८८० ए. डी. (वि. पू. ५४२ देखि वि. सं. ९३७ सम्मको नेपालको कालनिर्णय र इतिहास), एम्. एन्. बर्मन् यान्ड् कम्पनी पटना, वि. सं. १९९४।

काशीप्रसाद जायसवाल,
अनन्तप्रसाद वन्द्योपाध्याय
(सम्पादक)- प्रतिपदपञ्चिका, दि जर्नल अफ् द बिहार यान्ड् ओरिसा रिसर्च सोसाइटी (बिहार तथा उडिसाको अनुसन्धानसंस्थाको पत्रिका) ११-१२ भाग, वि. सं. १९८१-१९८३।

कुलचन्द्र गौतम (टीकाकार)- अमरकोश, ढुण्डिराज हृषीकेश शर्मा काशी।

कुलचन्द्र गौतम (टीकाकार)- अमरकोश, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौं, वि. सं. २०२६।

के. जी. शङ्कर- *दि अर्लि क्रोनल्अजि अफ् नेपाल्* (नेपालको प्राचीन कालनिर्णय), इन्डिअन् हिस्टर्इकल् क्वार्ट-र्लि (भारतीय इतिहाससम्बन्धी त्रैमासिक पत्रिका) ११ भागका ३०४-३१२ पृ., कलकत्ता, वि. सं. १९९२ ।

के. माधवकृष्ण शर्मा (सम्पादक)- *द राजमृगाङ्क अफ् भोज* (भोजको राजमृगाङ्क), आद्यार लाइब्रेरी आद्यार, वि. सं. १९९७ ।

कौटल्य- *कौटलीय अर्थशास्त्र* ।

क्षेमेन्द्र- *औचित्यविचारचर्चा* ।

गणपति शास्त्री (टीकाकार)- *कौटलीयम् अर्थशास्त्रम्* (कौटलीय अर्थशास्त्र) पहिलो भाग, राजकीय मुद्रणयन्त्रालय त्रिवेन्द्रम, वि. सं. १९८१ ।

गेओर्ग थिबो, सुधाकर द्विवेदी- *वराहमिहिरकृता पञ्चसिद्धान्तिका* (वराहमिहिर-ले बनाएको पञ्चसिद्धान्तिका), मोतीलाल बनारसीदास लाहोर, वि. सं. १९८७ ।

गोपालदत्त पाँडे- व्यक्तचन्द्रिका चौथो संस्करण, गोपालदत्त पाँडे नेपाल, वि. सं. १९७१ ।

गोरखापत्र छापाखाना- *गोरखापत्र*, काठमाडौं, वि. सं. १९८६ मार्ग १७ गते ।

गौतमवज्र वज्राचार्य- *ठ्यासफुको ऐतिहासिक व्याख्या*, पूर्णिमा १३ अङ्कका १५-२५ पृ., १४ अङ्कका १३३-१३९ पृ., १६ अङ्कका ३७२-३८२ पृ., १७ अङ्कका ९-१४ पृ., संशोधन-मण्डल काठमाडौं, वि. सं. २०२४-२०२५ ।

गौरीशङ्कर हीराचन्द ओझा- *भारतीय प्राचीन लिपिमाला* द्वितीय संस्करण, अजमेर, वि. सं. १९७५ ।

जगदीशचन्द्र रेग्मी– *लिच्छवि–संस्कृति*, रत्नपुस्तक भण्डार काठमाडौं, वि. सं. २०२६।

जगदीशचन्द्र रेग्मी– *नोट्स् अन् द नेपाल् ईर्‌अ्र* (नेपालसंवत्सम्बन्धी टिपोट), सन्दर्भ २ अङ्कको दोस्रो खण्डका १४–२० पृ., मोहनप्रसाद खनाल काठमाडौं, वि. सं. २०३५।

जगनलाल गुप्त मुख्तार– *संसारके संवत्*, बुलन्दशहर, वि. सं. १९८१।

जयचन्द्र विद्यालङ्कार– *इतिहास–प्रवेश*, सरस्वती प्रकाशन मन्दिर इलाहाबाद, वि. सं. १९९७।

जोन फेथफुल फ्लीट– *इन्स्क्रिप्शन्ज् अफ् दि अर्लि गुप्त किङ्ज् यान्ड् देर् सक्सेश्अर्स्*, *कर्पस् इन्स्क्रिप्टिओनम् इन्डिकारम्* (भारतीय अभिलेख–संग्रह) तेस्रो भाग, इन्डोलजिकल बूक हाउस वाराणसी, वि. सं. २०२७।

जोन फेथफुल फ्लीट– *दिग्घा–दुबौली ग्रान्ट् अफ् दि महाराज महेन्द्रपाल्* (महाराज महेन्द्रपालको दिग्घा–दुबौलीको दानपत्र), इन्डिअन् यान्टिक्वेरि (भारतीय प्रत्नतत्त्व) १५ भागका ११२–११३ पृ., बम्बई, वि. सं. १९४३।

ज्ञानमणि नेपाल– *लिच्छविसंवत्को तथ्यताको विषयमा टिप्पणी* नेपालका इतिहासको विवादास्पद विषयहरूका ३७–४२ पृ., त्रिभुवनविश्वविद्यालय इतिहासशिक्षणसमिति तथा नेपाली इतिहास, संस्कृति र पुरातत्त्वशिक्षणसमिति कीर्तिपुर बहुमुखी क्याम्पस काठमाडौं, वि. सं. २०३७।

डानियल राइट– *हिस्टरि अफ् नेपाल्* (नेपालको इतिहास) तेस्रो संस्करण, रञ्जन गुप्ता कलकत्ता, वि. सं. २०२३।

डिल्लीरमण रेग्मी– *एन्शन्ट् नेपाल्* (प्राचीन नेपाल) तेस्रो संस्करण, फर्मा के. एल्. मुखोपाध्याय कलकत्ता, वि. सं. २०३७।

डिल्लीरमण रेग्मी– *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्* (प्राचीन नेपालका अभिलेखहरू) १–३ भाग, अभिनव प्रकाशन नयाँ दिल्ली, वि. सं. २०३७।

तैत्तिरीयसंहिता

तोत्रराज पाण्डेय, नयराज पन्त– नेपालको संक्षिप्त इतिहास, तोत्रराज पाण्डेय काशी, वि. सं. २००४ ।

दनिस गिराद– क्यासेल्स् न्यू फ्रेञ्च्-इङ्लिश् इङ्लिश्-फ्रेञ्च् डिक्शन्अरि (क्यासेलको फ्रेञ्च-अङ्ग्रेजी अङ्ग्रेजी-फ्रेञ्च कोश) अठारौं संस्करण, क्यासेल यान्ड् कम्पनि लिमिटेड लण्डन, वि. सं. २०२८ ।

दिनेशराज पन्त– मानदेवसंवत्, पूर्णिमा ३६ अङ्कका २६९-२७२ पृ., वि. सं. २०३४ ।

दिनेशराज पन्त– चाँगुको अंशुवर्माको तिथिमितिको गणना, पूर्णिमा ३६ अङ्कका २७३-२७५ पृ., वि. सं. २०३४ ।

दिनेशराज पन्त– रत्न मल्लकी छोरी विरमादेवीको विवाहको तिथिमितिको गणना, पूर्णिमा ३६ अङ्कका ३०८-३१२ पृष्ठ, वि. सं. २०३४ ।

दिनेशराज पन्त– लिच्छविसंवत्को तथ्यताको विषयमा टिप्पणी, नेपालको इतिहासका विवादास्पद विषयहरूका १५-३६ पृ., वि. सं. २०३७ ।

दिनेशराज पन्त– लिच्छविकालमा चलेका संवत्, पुण्यबहादुर श्रेष्ठ काठमाडौं, वि. सं. २०३८ ।

दीनेशचन्द्र सरकार– सेलेक्ट् इन्स्क्रिप्शन्ज् (छनौट अभिलेख) १ भाग, कलकत्ता विश्वविद्यालय कलकत्ता, वि. सं. १९९९ ।

देवीप्रसाद भण्डारी– प्रधानमन्त्री माथवरसिंह थापाको वि. सं. १९०१ को शिलापत्र, पूर्णिमा २२ अङ्कका १३३-१४३ पृ, वि. सं. २०२८ ।

देवीप्रसाद भण्डारी– सिद्धान्तशिरोमणिको अनुवाद, पूर्णिमा २५ अङ्कका १३-२३ पृ., वि. सं. २०२८ ।

देवीप्रसाद लंसाल- *नेपालराष्ट्रियपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् सूचीपत्रम्* (नेपाल राष्ट्रिय पुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको सूचीपत्र) २–३ भाग, नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौं, वि. सं. २०२१–२०२२।

देवीप्रसाद लंसाल- *सुर्मतितन्त्र*, प्राचीन नेपाल १ अङ्कका ५–१० पृ., श्री ५ को सरकार शिक्षा मन्त्रालय पुरातत्त्व विभाग काठमाडौं, वि. सं. २०२४।

धनवज्र वज्राचार्य- *इतिहास-संशोधन* (९–सङ्ख्या) धनवज्र वज्राचार्य काठमाडौं, वि. सं. २०१४।

धनवज्र वज्राचार्य- *लिच्छविकालमा धार्मिक संघ*, पूर्णिमा १४ अङ्कका १०६–११५ पृ., वि. सं. २०२४।

धनवज्र वज्राचार्य- *लिच्छविकालका अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय*, पूर्णिमा २० अङ्कका २७३–२८३ पृ., वि. सं. २०२५।

धनवज्र वज्राचार्य- *लिच्छविकालका अभिलेख*, त्रि. वि. वि. नेपाल तथा एशियाली अध्ययन संस्थान काठमाडौं, वि. सं. २०३०।

धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल- *इतिहास-संशोधन* (४ सङ्ख्या) धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल काठमाडौं, वि. सं. २०१४।

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल- *इतिहास-संशोधनको प्रमाण-प्रमेय*, जगदम्बा-प्रकाशन ललितपुर, वि. सं. २०१९।

नयनाथ पौडेल- *अभिलेख-संग्रह* (४ भाग), संशोधन-मण्डल वि. सं. २०१८।

नयराज पन्त– यो काम किन भइरहेछ ?, ऐतिहासिक पत्र-संग्रह पहिलो भागका १–१२ पृ., नेपाल सांस्कृतिक परिषद् काठमाडौं, वि. सं. २०१४ ।

नयराज पन्त (उपोद्घातरचयिता)- इतिहास–संशोधनको प्रमाण–प्रमेय, वि. सं. २०१९ ।

नयराज पन्त– लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि, पूर्णिमा ५ अङ्कका १–९ पृ., ६ अङ्कका १–९ पृ., वि. सं. २०२२ ।

नयराज पन्त– लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवत्का अङ्कको निर्णय, पूर्णिमा ७ अङ्कका १–७ पृ., वि. सं. २०२२ ।

नयराज पन्त– पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति; पूर्णिमा ८ अङ्कका ५०–७४ पृ., ९ अङ्कका ६४–७९ पृ., १० अङ्कका ५३–६० पृ., ११ अङ्कका ६३–९९ पृ., वि. सं. २०२२–२०२३ ।

नयराज पन्त– जनरल केसरशमशेरको ज्यौतिष-विषयको अध्ययनमा रुचि, पूर्णिमा १२ अङ्कका ७८–८८ पृ., वि. सं. २०२३ ।

नयराज पन्त– लिच्छविकालका अभिलेखमा देखापरेका ५६ सम्मका संवत्का अङ्कको निर्णय, पूर्णिमा १४ अङ्कका १०१–१०६ पृ., वि. सं. २०२४ ।

नयराज पन्त– पञ्चाङ्गसुधारको विषयमा श्री ५ सरकार शिक्षा-मन्त्रालयमा पञ्चाङ्गविवेचकसमितिले चढाएको प्रतिवेदनको सारांश, पूर्णिमा १५ अङ्कका ३२३–३२५ पृ., वि. सं. २०२४ ।

नयराज पन्त– पञ्चाङ्गसंशोधनको संक्षिप्त इतिहासको उत्तरार्ध, पूर्णिमा १९ अङ्कका २२६–२३३ पृ., वि. सं. २०२५ ।

नयराज पन्त– त्रिभुवन विश्वविद्यालयमा मेरो अध्यापकत्व, पूर्णिमा १९ अङ्कका २३३–२४४ पृ. ।

नयराज पन्त– ती आए त्यो गयो, पूर्णिमा २४ अङ्कका ३३०–३३१ पृ., वि. सं. २०२६ ।

नयराज पन्त (प्रतिसंस्कर्ता)– प्रतिसंस्कृत रत्नदीप, पूर्णिमा २५ अङ्कका २३–३९ पृ., वि. सं. २०२८ ।

नयराज पन्त– श्री ३ महाराज रणोद्दीपसिंह, पूर्णिमा २५ अङ्कका ३९–६० पृ. ।

नयराज पन्त– आदरणीय ऐतिहासिकशिरोमणिज्यू, पूर्णिमा २७ अङ्कका १३१–१५३ पृ., वि. सं. २०२९ ।

नयराज पन्त– विद्वत्पूजा, पूर्णिमा २८ अङ्कका १८९–२२८ पृ., वि. सं. २०२९ ।

नयराज पन्त– गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार, पूर्णिमा २८ अङ्कका २२८–२५२ पृ. ।

नयराज पन्त– नवग्रहस्तोत्र, पूर्णिमा २८ अङ्कका २५२–२५९ पृ. ।

नयराज पन्त– यस अङ्कको विषयमा पूर्णिमा २९ अङ्कका ३–४ पृ., वि. सं. २०३० ।

नयराज पन्त– भीमसेन थापा, पूर्णिमा ३२ अङ्कका २१७–२३६ पृ., वि. सं. २०३१ ।

नयराज पन्त– लिच्छविकालनिर्णयाय वेदाङ्गज्यौतिषं स्मरणीयम् (लिच्छविसंवत्को निर्णय गर्न वेदाङ्गज्यौतिष सम्झनुपर्‍यो), पूर्णिमा ३४ अङ्कको ख पृ., वि. सं. २०३३ ।

नयराज पन्त– वेदाङ्गज्यौतिष र लिच्छविकालगणना (प्रस्तावना) पूर्णिमा ३४ अङ्कका ८३–९४ पृ. ।

नयराज पन्त– वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छन्, पूर्णिमा ३४ अङ्कका ९४–१०२ पृ., ।

नयराज पन्त– महाभारतमा परेको अधिमासको वर्णनले वेदाङ्ग-ज्यौतिषको गणनापद्धतिमा केही प्रकाश पार्छ, पूर्णिमा ३४ अङ्कका १११–१२२ पृ. ।

नयराज पन्त– पाणिनीय व्याकरणको ज्ञानले वेदाङ्गज्यौतिषको अर्थ गर्न सहायता मिल्छ, पूर्णिमा ३४ अङ्कका १२३–१२८ पृ. ।

नयराज पन्त– लिच्छविसंवत्को निष्कर्षको परीक्षा, पूर्णिमा ३५ अङ्कका १७८–२०३ पृ., वि. सं. २०३३ ।

नयराज पन्त– अथर्ववेदज्यौतिषअनुसारका तिथि, पूर्णिमा ३७ अङ्कका १–९ पृ., वि. सं. २०३४ ।

नयराज पन्त– गोलबोध, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र काठमाडौं, वि. सं. २०३४ ।

नयराज पन्त– ऋषिवचनलाई पनि काट्न सक्ने सामर्थ्य शङ्कर-मान राजवंशीको वचनमा छ भन्ने नसकारेसम्म उनको लिच्छविसंवत्को निष्कर्ष प्रामाणिक ठहर्न सक्तैन, पूर्णिमा ३९ अङ्कका १२९–१३१ पृ., वि. सं. २०३५ ।

नयराज पन्त– शङ्करमान राजवंशीका प्रलाप, पूर्णिमा ३९ अङ्कका १४९–१५३ पृ., वि. सं. २०३५ ।

नयराज पन्त– त्रिकोणमिति (ज्योत्पत्ति) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौं वि. सं. २०४० ।

नयराज पन्त,
दिनेशराज पन्त- सुमतितन्त्र तथा कालचक्रको ज्यौतिषभागको साधर्म्य तथा वैधर्म्य, मर्यादा १३ अङ्कका ६६–८५ पृ. वाल्मीकि क्याम्पस काठमाडौं, वि. सं. २०३४ ।

नयराज पन्त,
देवीप्रसाद भण्डारी- हर्षसंवत्को विषयमा, पूर्णिमा ५४ अङ्कका १२–१९ पृ., वि. सं. २०३९ ।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
केशवचन्द्र न्यौपाने- अंशुवर्माहरूले व्यवहार गरेको संवत्को निर्णय, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, वि. सं. २०३८ ।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
केशवचन्द्र न्यौपाने- नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को निर्णय, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, वि. सं. २०४० ।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
दिनेशराज पन्त- सुमतितन्त्रको केही परिचय, मर्यादा १२ अङ्कका ४०–६४ पृ., वि. सं. २०३३ ।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
दिनेशराज पन्त- सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश, मर्यादा १३ अङ्कका ८–४१ पृ., वि. सं. २०३४ ।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
दिनेशराज पन्त,
(सम्पादक)- सुमतितन्त्रम् (प्रथमो भागः) [सुमतितन्त्र (पहिलो भाग)] त्रि. वि. पाठ्यक्रमविकासकेन्द्र, वि. सं. २०३५ ।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
दिनेशराज पन्त– सुमतितन्त्रको रचनाकाल, पूर्णिमा ३९ अङ्कका १३५–१४८ पृ., वि. सं. २०३५।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
दिनेशराज पन्त– सुमतितन्त्रको आधारग्रन्थ, पूर्णिमा ४१ अङ्कका १–१९ पृ., वि. सं. २०३५।

नयराज पन्त,
देवीप्रसाद भण्डारी,
भोलानाथ पौडेल,
दिनेशराज पन्त– अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन्, पूर्णिमा ३९ अङ्कका १०१–११८ पृ., वि. सं. २०३५।

नयराज पन्त,
महेशराज पन्त– वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराको प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन्, पूर्णिमा ३९ अङ्कका ९५–९९ पृ.,

नयराज पन्त,
रामजी तेवारी– लक्ष्मीपतिशर्मणा विरचितस्य रत्नदीपस्य मूलभागः (लक्ष्मीपति शर्माले रचना गरेको रत्नदीपको मूल भाग), संशोधन मण्डल काठमाडौं, वि. सं. २०२७।

नयराज पन्त,
रामजी तेवारी– लिच्छविसंवत्‌को निष्कर्षका रचयिता शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन्, पूर्णिमा ३९ अङ्कका ११८–१२९ पृ.।

नरेन्द्रमणि आचार्य दीक्षित– अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश, साझा प्रकाशन ललितपुर, वि. सं. २०३३।

नारायण- मुहूर्तमार्तण्ड ।

पतञ्जलि- व्याकरणमहाभाष्य ।

पद्माकर द्विवेदी (सम्पादक)- गणकतरङ्गिणी, दोस्रो संस्करण, काशी, वि. सं. १९९० ।

परमेश्वरीलाल गुप्त
(अनुवादक)- प्राचीन भारत, मोतीलाल बनारसीदास वराणसी, वि. सं. २०१९ ।

पाणिनि- अष्टाध्यायी ।

पुष्करशमशेर ज. ब. रा.
(प्रधान सम्पादक)- अङ्ग्रेजी नेपाली कोश (१-२ खण्ड), नेपाली भाषा प्रकाशिनी समिति काठमाडौं, वि. सं. १९९३ ।

पुष्करशमशेर ज. ब. रा.- नेपाली सजिलो व्याकरण, पांचौं संस्करण, नेपाली भाषा प्रकाशिनी समिति, वि. सं. २०१९ ।

बलदेवप्रसाद मिश्र- नैपाल का इतिहास, श्रीवेङ्कटेश्वर स्टीम् प्रेस बम्बई, वि. सं. १९६१ ।

बलवन्त दत्तात्रेय आपटे
(सम्पादक)- लघुमानस, आनन्दाश्रम मुद्रणालय पूना, वि. सं. २००१ ।

बाबुराम आचार्य- नेपालका लिच्छवि राजाहरूको कालगणना (प्रस्तावना), शारदा ५ वर्ष ११ अङ्कका ३३२-३३६ पृ., ऋद्धिबहादुर मल्ल काठमाडौं, वि. सं. १९९६ ।

बाबुराम आचार्य- 'त्र' इत्यस्य मानम् ३ उत ६ (त्र भनेको ३ हो कि ९ हो) संस्कृत-सन्देश १ वर्ष २ अङ्कका ४१-४२ पृ., १ वर्ष ३ अङ्कका ३२-३३ पृ., काठमाडौं, वि. सं. २०१० ।

बाबुराम आचार्य- नेपालमा भएको मुसलमानी आक्रमण, पूर्णिमा २७ अङ्कका १५४-१६१ पृ., वि. सं. २०२९।

बाबुराम आचार्य, नयराज पन्त- लिच्छविसमयाभिलेखः (लिच्छविकालका अभिलेख), संस्कृत-सन्देश १ वर्ष ८ अङ्कका १६-१९ पृ., वि. सं. २०१०।

बाबुराम आचार्य, नयराज पन्त- नरेन्द्रदेवस्याभिलेखः (नरेन्द्रदेवको अभिलेख), संस्कृत-सन्देश २ वर्ष १-३ अङ्कका ५-६ पृ., वि. सं. २०११।

बालकृष्ण सम- मेरो कविताको आराधना २ उपसाना, साझा प्रकाशन ललितपुर, वि. सं. २०२९।

बालगङ्गाधर तिलक- वेद्इक् क्रोनल्अजि यान्ड् वेदाङ्गज्यौतिष (वैदिक कालगणना तथा वेदाङ्गज्यौतिष), तिलक ब्रदर्ज् पूना, वि. सं. १९८२।

बालचन्द्र शर्मा (सम्पादक)- नेपाली शब्दकोश, रायल नेपाल एकेडेमी काठमाडौं, वि. सं. २०१९।

बालचन्द्र शर्मा- नेपालको ऐतिहासिक रूपरेखा, द्वितीय संस्करण, कृष्णकुमारी देवी वाराणसी, वि. सं. २०२२।

बुद्धिसागर पराजुली- हाम्रा प्राचीन हस्तलिखित पुस्तकहरू, हिमानी ३ वर्ष २ अङ्कका १९-२१ पृ., नेपाली साहित्य-संस्थान काठमाडौं, वि. सं. २०२३।

ब्रह्मगुप्त- ब्राह्मस्फुटसिद्धान्त।

ब्रह्मगुप्त- खण्डखाद्यक।

ब्रह्मदेव- करणप्रकाश।

भगवद्दत्त (सम्पादक)- आथर्वणज्यौतिष, मोतीलाल बनारसीदास लाहोर, वि. सं. १९८०।

भगवानलाल इन्द्राजी,
गेओर्ग बूलर– ट्वेन्टिथ्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् (नेपालबाट ल्याइएका तेइस वटा अभिलेखहरू) बम्बई, वि. सं. १९४२।

भट्टोजि दीक्षित– सिद्धान्तकौमुदी ।

भास्कर– लीलावती ।

भास्कर– सिद्धान्तशिरोमणि ।

भिन्सेन्ट अर्थर स्मिथ– द अरलि हिस्टरि अफ् इन्डिआ (प्राचीन भारतको इतिहास), तेस्रो संस्करण, अक्सफोर्ड यूनिभर्सिटि प्रेस लण्डन, न्यूयोर्क, बम्बई, वि. सं. १९७१ ।

भुवननाथ पाँडे– वि. सं. ६६७ का गते, तिथि, वार, अधिमास र क्षयमासको गणना (अप्रकाशित) ।

भुवनलाल प्रधान– लिच्छविसंवत्को निष्कर्षमा केही विचार, नेपाली ६१ अङ्कका ३–१४ पृ., मदन पुरस्कार गुठी ललितपुर, वि. सं. २०३१ ।

भुवनलाल प्रधान– ऐतिहासिक तथ्यको ढाकछोप व्यङ्गबाट हुँदैन, नेपाली ६४ अङ्कका ४४–५२ पृ., वि. सं. २०३२ ।

भुवनलाल प्रधान– लिच्छविसंवत्को तथ्यताको विषयमा टिप्पणी, नेपालको इतिहासका विवादास्पद विषयहरूको ३६ पृ., वि. सं. २०३७ ।

भोलानाथ पौडेल,
धनवज्र वज्राचार्य– इतिहास संशोधन (५१ क्रमागत सङ्ख्या), भोलानाथ पौडेल, धनवज्र वज्राचार्य काठमाडौं, वि. सं. २०१७ ।

महाभारत
(नीलकण्ठी टीकासहित)– बम्बई, वि. सं. १९३४ ।

महेशराज पन्त– पं. भगवानलाल इन्द्राजी, ऐ. शि. बाबुराम आचार्य, श्रीगुरु पं. नयराज पन्त, आचार्य रेनिइरो नोली-हरूले गर्नुभएको अशुद्धिको संशोधन इतिहास-संशोधन (५५ क्रमागत संख्या), संशोधन–मण्डल वि. सं. २०१९।

महेशराज पन्त– लिच्छविकालको अङ्कपरिचय, इतिहास–संशोधन (५६ क्रमागत संख्या), वि. सं. २०२०।

महेशराज पन्त– वेदाङ्गज्यौतिषका व्याख्याताहरूका दृष्टिमा वेदाङ्ग-ज्यौतिष, पूर्णिमा ३४ अङ्कका १०२–१११ पृ., वि. सं. २०३३।

महेशराज पन्त– वेदाङ्गज्यौतिषको कालमानको अष्टाध्यायी, सुश्रुत-संहिता र कौटलीय अर्थशास्त्रमा परेको प्रभाव, पूर्णिमा ३५ अङ्कका १५१–१५४ पृ., वि. सं. २०३३।

महेशराज पन्त– सुमति को हुन्? पूर्णिमा ५९ अङ्कका २४–२६ पृ., वि. सं. २०४१।

महेशराज पन्त, दिनेशराज पन्त– भास्वतीका प्रसिद्ध टीकाकार नेपाली ज्यौतिषी बलभद्र, पूर्णिमा २९ अङ्कका ३१–५६ पृ., वि. सं. २०३०।

महेशराज पन्त, दिनेशराज पन्त– लक्ष्मीपति पाँडेले नेपाली भाषामा गरेको भास्वती-को अनुवाद, पूर्णिमा २९ अङ्कका ५६–७१ पृ.।

माणिकलाल श्रेष्ठ– लिच्छविसंवत्को तथ्यताको विषयमा टिप्पणी, नेपाल-को इतिहासका विवादास्पद विषयहरूको ३७ पृ., वि. सं. २०३७।

मुञ्जाल– लघुमानस।

मुरलीधर शर्मा (शुद्धाशुद्धनिर्णयी)– श्रेन पाँचौं भाग, काठमाडौं, वि. सं. १९८४।

मुरलीधर शर्मा (टीकाकार)- सुश्रुतसंहिता, वेङ्कटेश्वर प्रेस बम्बई ।

मोहनप्रसाद खनाल- भक्तपुरमा प्राप्त संवत् ३१ को लिच्छविकालको अप्रकाशित अभिलेख (भक्तपुर इनायचोको अभिलेख), समीक्षा साप्ताहिकको १० पृ., मदनमणि दीक्षित काठमाडौं, वि. सं. २०३० वैशाख १ गते ।

यजुर्वेदज्यौतिष

यादव त्रिविक्रम आचार्य
(सम्पादक)- सुश्रुतसंहिता (डल्हणको टीकासहित) निर्णयसागर प्रेस बम्बई, वि. सं. १९७२ ।

यादव त्रिविक्रम शर्मा,
सोमनाथ शर्मा (सम्पादक)- काश्यपसंहिता, निर्णयसागर प्रेस बम्बई, वि. सं. १९९५ ।

योगी नरहरिनाथ,
जनकलाल ढकाल- मालीगाउँको अभिलेख, इतिहास-प्रकाश १ अङ्का ९४-९५ पृ., इतिहास-प्रकाश-मण्डल काठमाडौं, वि. सं. २०१२ ।

रतिभानुसिंह नाहर- भारतीय इतिहासकी रूपरेखा, किताबमहल इलाहाबाद, वि. सं. २०१३ ।

रमाशङ्कर त्रिपाठी- प्राचीन भारतका इतिहास, नन्दकिशोर यान्ड् ब्रदर्श् बनारस, वि. सं. २००८ ।

रमेशचन्द्र मजूमदार- क्रोनलजि अफ् अर्लि किङ्ज् अफ् नेपाल् (नेपालका प्राचीन राजाहरूको कालनिर्णय), वि. सि. ल फर्स्ट भोल्यूम (विमलचरण लाहाको सम्झनामा निस्केको पुस्तकको पहिलो भाग) का ६२६-६४१ पृ., दि इन्डिअन् रिसर्च् इन्स्टीट्यूट् (भारतीय अनुसन्धान संस्था) कलकत्ता, वि सं. २००२ ।

रमेशचन्द्र मजूमदार,
अच्युत दत्तात्रेय पुसालकर,
ए. के. मजूमदार– द क्लासिकल् एज्–दि हिस्टरि यान्ड् कल्चर् अफ् दि इन्डिअन् पीप्ल् (भारतीय जनताको इतिहास तथा संस्कृतिको आर्षयुग) तेस्रो भाग, भरतीय विद्या-भवन बम्बई, वि. सं. २०२७।

रमेशचन्द्र मजूमदार,
अनन्त सदाशिव अल्तेकर
(सम्पादक)– वाकाटक-गुप्त एज्–ए न्यू हिस्टरि अफ् द इन्डिअन् पीप्ल् (भारतीय जनताको वाकाटक–गुप्तयुगको इतिहास) ६ भाग, मोतीलाल बनारसीदास लाहोर, वि. सं. १९९७।

रबर्ट स्वेल– दि सिद्धान्तज् यान्ड् द इन्डिअन् क्यालअनडर्, (सिद्धान्त र भारतीय पञ्चाङ्ग), गभर्नमेन्ट् अफ् इन्डिअ कलकत्ता, वि. सं. १९८१।

राधागोविन्द बासक– द हिस्टरि अफ् नर्थ्–इस्टर्न् इन्डिअ, (उत्तरपूर्वी भारतको इतिहास) दोस्रो संस्करण, सम्बोधि पब्लिके-शन्ज् कलकत्ता, वि. सं. २०२४।

रामजी तेवारी– दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप, पूर्णिमा ११ अङ्कका ४९–६२ पृ., १२ अङ्कका ७१–७७ पृ., १३ अङ्कका ५०–५५ पृ., १४ अङ्कका १७७–१८७ पृ., १६ अङ्कका ४१९–४३१ पृ., १७ अङ्कका ५९–७१ पृ., १८ अङ्कका १६७–१७७ पृ., १९ अङ्कका २५७–२७० पृ., २० अङ्कका ३४१–३४५ पृ., २१ अङ्कका ७६–८७ पृ., २२ अङ्कका १४३–१४५ पृ., २३ अङ्कका २०९–२१७ पृ., २४ अङ्कका २८८–२९९ पृ., वि. सं. २०२३–२०२७।

रामजी तेवारी
(सम्पादक तथा अनुवादक)– प्रतिसंस्कृत रत्नदीप, पूर्णिमा २५ अङ्कका २३–३९ पृ., वि. सं. २०२८।

रामजी तेवारी
(सम्पादक तथा अनुवादक)– दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप सूर्यचन्द्रस्पष्टीकरणाधिकार (दोस्रो अध्याय), पूर्णिमा ३५ अङ्कका १६९–१७७ पृ., वि. सं. २०३३।

रामजी तेवारी, देवीप्रसाद भण्डारी,
धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य,
महेशराज पन्त, दिनेशराज पन्त– लिच्छविकालका तीन अप्रकाशित अभिलेख, पूर्णिमा १५ अङ्कका ३२९–३३२ पृ., वि. सं. २०१८।

रामजी तेवारी, देवीप्रसाद भण्डारी,
भोलानाथ पौडेल, शङ्करमान राजवंशी,
धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य,
महेशराज पन्त, नयनाथ पौडेल– अभिलेख-संग्रह (पहिलो भाग) संशोधन-मण्डल वि. सं. २०१८।

राम दैवज्ञ– मुहूर्तचिन्तामणि।

रामस्वरूप शर्मा,
मुकुन्द मिश्र (सम्पादक)– श्रीवटेश्वराचार्य-विरचितः वटेश्वरसिद्धान्तः (श्रीवटेश्वराचार्यले बनाएको वटेश्वरसिद्धान्त), इन्डिअन् इन्स्टीट्यूट् अफ् एस्ट्रोनोमिकल् यान्ड् संस्कृत रिसर्च् नयाँ दिल्ली, वि. सं. २०१८।

रेनिइरो नोली– नेप्लीज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यार्अक्टर्स् (नेपालका गुप्ताक्षरी अभिलेखहरू), इस्तित्युतो इतालिआनो पेर् इल् मेदिओ एद् एस्त्रोमो ओरियन्त् रोम, वि. सं. २०१३।

लक्ष्मीपति पाँडे– रत्नदीपको टीका (अप्रकाशित)।

लगध– वेदाङ्गज्यौतिष।

लल्ल– *शिष्यधीवृद्धिद* ।

लूच्यानो पेतेक– *मेडिइईभल् हिस्टरि अफ् नेपाल्* (नेपालको मध्यकाल-को इतिहास), इस्तित्युतो इतालिआनो पेर् इल् मेदिओ एद् एस्त्रेमो ओरियन्त् रोम, वि. सं. २०१५ ।

लूच्यानो पेतेक– द *क्रोनल्अजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल्* (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय), ईस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) १२ भाग ४ अङ्कका २२७–२३२ पृ., इस्तित्युतो इतालिआनो पेर् इल् मेदिओ एद् एस्त्रेमो ओरियन्त् रोम, वि. सं. २०१८ ।

ले नेपाल (अनुवाद)– १–३ भागको अङ्ग्रेजी अनुवाद (अप्रकाशित), केशर-पुस्तकालय ।

वटेश्वर– *वटेश्वरसिद्धान्त* ।

वराहमिहिर– *बृहत्संहिता* ।

वराहमिहिर– *पञ्चसिद्धान्तिका* ।

वामन जयादित्य– *काशिका* ।

वामन शिवराम आप्टे– *स्टुडेन्ट्स् इङ्लिश् – स्यान्स्क्रिट् डिक्शन्अरि* (अङ्ग्रेजी–संस्कृत विद्यार्थी शब्दकोश), श्रीजैनेन्द्र प्रेस दिल्ली, वि. सं. २०२१ ।

विद्याधर महाजन– *एड्भान्स्ड् हिस्टरि अफ् इन्डिअ* (भारतको बृहत् इतिहास), एस् चन्द यान्ड् कम्पनी लिमिटेड नयाँ दिल्ली, वि. सं. २०३७ ।

विमलप्रभा

वीरपुस्तकालय– नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् बृहत्सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको ठूलो सूचीपत्र), वीरपुस्तकालय काठमाडौं, वि. सं. २०१७ ।

वेङ्कटेश केतकर– इन्डिअन् यान्ड् फरेन् क्रोनलजि (भारत र बाहिरका कालगणना), रायल एसियाटिक सोसाइटी बम्बई, वि. सं. १९८० ।

वेङ्कटेश केतकर– सौरार्यब्राह्मपक्षीयतिथिगणितम् (सूर्यसिद्धान्त, आर्यसिद्धान्त र ब्रह्मसिद्धान्तअनुसारको तिथिगणित), दत्तात्रेय केतकर बीजापुर, वि. सं. १९८३ ।

शङ्कर बालकृष्ण दीक्षित– भारतीय ज्यौतिष ।

शङ्करमान राजवंशी– पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्विषयको विचार, पूर्णिमा ५ अङ्कका ९–१६ पृ., वि. सं. २०२२ ।

शङ्करमान राजवंशी– लिच्छविसंवत्को निष्कर्ष, दिलीपमान राजवंशी काठमाडौं, वि. सं. २०३० ।

शङ्करमान राजवंशी– भौमगुप्तको पतनपछिको नयाँ संवत्, प्राचीन नेपाल २९ अङ्कका ३९–४२ पृ., वि. सं. २०३१ ।

शङ्करमान राजवंशी– अनुसन्धान एक निष्कर्ष, प्राचीन नेपाल ४१–४२ अङ्कका १–४ पृ., वि. सं. २०३४ ।

शङ्करमान राजवंशी– लिच्छविसंवत्को तथ्यता, नेपालको इतिहासका विवादास्पद विषयहरूका ५–१४ पृ., वि. सं. २०३७ ।

शङ्करमान राजवंशी– लिच्छविकालीन भोटाहिटीको अभिलेख, प्राचीन नेपाल ८२ अङ्कका १–४ पृ., वि. सं. २०४१ ।

शतपथब्राह्मण ।

शतानन्द– भास्वती ।

शिवनाथ झारखण्डी
(अनुवादक)- भारतीय ज्यौतिष, तृतीय संस्करण, हिन्दी समिति लखनऊ, वि. सं. २०३१।

शुक्लयजुर्वेदसंहिता

श्रीपति- ज्यौतिषरत्नमाला।

श्रीराम गोयल- प्राचीन नेपाल का राजनीतिक और सांस्कृतिक इतिहास, भारतीय विद्या प्रकाशन काशी, वि. सं. २०३०।

श्री ५ को सरकार कानून
तथा न्यायमन्त्रालय (प्रकाशक)- श्री ५ सुरेन्द्रविक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन, कानून किताप व्यवस्था समिति काठमाडौं, वि. सं. २०२२।

श्री ५ को सरकार कानून
तथा न्यायमन्त्रालय (प्रकाशक)- नेपालको संविधान २०१९, कानून किताप व्यवस्था समिति काठमाडौं, वि. सं. २०३२।

संशोधन-मण्डल- नेपालका बुद्धिजीवीहरूले विचार गर्नुपर्ने कुरा, संशोधन-मण्डल, वि. सं. २०२३।

संशोधन-मण्डल- हाम्रो वक्तव्य, पूर्णिमा ११ अङ्कका १०१-११८ पृ., वि. सं. २०२३।

संशोधन-मण्डल- लिच्छविकालका तीन अप्रकाशित अभिलेख, पूर्णिमा १५ अङ्कका ३२९-३३२ पृ., वि. सं. २०२४।

संशोधन-मण्डल- हाम्रो वक्तव्य, पूर्णिमा २३ अङ्कका २१९-२२२ पृ., वि. सं. २०२६।

संशोधन-मण्डल- हाम्रो वक्तव्य, पूर्णिमा २५ अङ्कका ६१-६६ पृ., वि. सं. २०२८।

सदाशिव आचार्य दीक्षित- आचार्यवंशावली, प्रभाकरी प्रेस काशी, वि. सं. १९५९।

सन्तराम (अनुवादक)- अलबेरूनीका भारत, तेस्रो भाग, इन्डियन प्रेस लिमिटेड प्रयाग, वि. सं. १९८५।

सामशास्त्री (व्याख्याता)- वेदाङ्गज्यौतिष, गभर्नमेन्ट ब्राञ्च प्रेस मैसूर, वि. सं. १९९३।

सिल्भाँ लेभी- ले नेपाल् एतूईद् ईस्त्वरीक् द' अन् र्‍वायोम् एँदू (हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन), १-३ भाग, पेरिस, वि· सं. १९६२-१९६५।

सीतेशचन्द्र भट्टाचार्य (सम्पादक)- वेदाङ्गज्यौतिष, बोधि प्रेस कलकत्ता, वि. सं. २०३१।

सुदामा मिश्र (टीकाकार)- सुश्रुतसंहिता, चौखम्बा संस्कृत सीरिज काशी, वि. सं. १९९७।

सुधाकर द्विवेदी- गणकतरङ्गिणी।

सुधाकर द्विवेदी (सम्पादक)- करणप्रकाश, हरिदास गुप्त काशी, वि. सं. १९५६।

सुधाकर द्विवेदी (भाष्यकार)- वेदाङ्गज्यौतिष, प्राभाकरी प्रेस काशी, वि. सं. १९६३।

सूर्यसिद्धान्त

सेसिल बेन्डल- अ जर्नि अफ् लिट्अरअरि यान्ड् आर्किओलजिकल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दर्न् इन्डिअ डचूरङ् द विन्टर् अफ् १८८४-८५ (वि. सं. १९४१ को हिउँदमा नेपाल र उत्तरभारतमा वाङमय र पुरातत्त्वसम्बन्धी अन्वेषणको लागि भएको यात्रा), केम्ब्रिज युनिभर्सिटी प्रेस लण्डन वि. सं. १९४२।

सेसिल बेण्डल- क्याट्अलग् अफ् द स्यान्स्क्रिट् म्यानुयुस्क्रिप्ट्स् इन् द ब्रिट्इश् म्युजिअम् (ब्रिटिश म्युजियममा रहेका संस्कृत लेखोट पुस्तकहरूको सूचीपत्र), लण्डन, वि. सं. १९५९।

सोमनाथ शर्मा (सम्पादक),
केशवराज अर्याल (अनुवादक)– कौटलीय अर्थशास्त्र, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०२६ ।

सोमाकर, सुधाकर
(भाष्यकार)– वेदाङ्गज्यौतिष, मेडिकल हल प्रेस काशी, वि. सं. १९६४ ।

सौश्रुती संहिता सहोत्तरा– हस्तलिखित ग्रन्थसंख्या ६९९, केसरपुस्तकालय ।

स्यामुएल बील– बुद्धिष्ट रिकर्ड्स् अफ् दि वेस्टर्न् वर्ल्ड् (पश्चिमी विश्वको बौद्धधर्मका लिखतहरू), ओरियन्टल बुक्स् रीप्रिन्ट् कर्पोरेशन दिल्ली, वि. सं. २०२६ ।

हरप्रसाद शास्त्री– अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्टेड् पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङ्गिङ् टु द डर्बार् लाइब्ररि नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेको ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूची) २ भाग, कलकत्ता, वि. सं. १९७२ ।

हरप्रसाद शास्त्री (सम्पादक)– सौन्दरनन्द, दोस्रो संस्करण, रायल एशियाटिक सोसाइटी अफ् बङ्गाल कलकत्ता, वि. सं. १९९६ ।

हरिराम जोशी– नेपालको प्राचीन अभिलेख, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०३० ।

हरिवंश– ग्रन्थसङ्ख्या ई ६९५९, रीलसङ्ख्या ई ३३८/८, ३३९/१ नेपाल राष्ट्रिय अभिलेखालय काठमाडौं ।

हर्षनाथ शर्मा– बृहत् नेपाली शब्दकोश, नेपाली साहित्य भण्डार, विराटनगर नेपाल, वि. सं. २०३२ ।

हर्षनाथ शर्मा– प्रशासकीय तथा कानूनी शब्दकोश, नेपाल रिसर्च एसोसियट्स काठमाडौं, वि. सं. २०४१ ।

हितनारायण झा– द लिच्छविज् (लिच्छविहरू) चौखम्बा संस्कृत सीरिज अफिस वाराणसी, वि. सं. २०२७ ।

हेन्रि एम्ब्रोस ओल्डफील्ड– स्केच्इज् फ्रम् निपाल (नेपाल–वर्णन), पुनः संस्करण, कस्मो पब्लिकेशन्ज् दिल्ली, वि. सं. २०३० ।

हेमन्त राणा,
धनवज्र वज्राचार्य– टिस्टुङ–चितलाङभेकको ऐतिहासिक सामग्री, त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०२९ ।

हेमराज शर्मा
(उपोद्घातरचयिता)- काश्यपसंहिता, निर्णयसागर प्रेस बम्बई, वि. सं. १९९२ ।

हेमराज शाक्य– अभिलेख–प्रकाश, करुणा प्रकाशन ललितपुर, वि. सं. २०२६ ।

नामसूची

शुद्धिपत्र

उपोद्‌घातको

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१	१२	तथा देखें	तथा मैले जस्तो देखें
२५	६	छ।	रहेछ।
२५	२३	२९	१९
३७	३२	१५	३०
४०		चरयिता°	रचयिता°
५३	५८	बयालील	बयालीस

मूल ग्रन्थको

१६	५	८५१	८६१
१६	६	१३	३
१७	१२	अनयांश	अयनांश
३०	२२	चौथो	चौथो ५७
३३	२२	सिद्धान्तज्यौतिषमाप्रचलित	सिद्धान्तज्यौतिषमा उल्लिखित, प्रचलित
३६	२५	चान्द्रा	चान्द्राः
३८	२३	फेरि	त्यसपछि फेरि
३९	२१	३३६ ÷ १२	३६६ ÷ १२
४३	१६	आषाढ	आषाढं
४४	१६	मा बढाउँदा	मा १ दिन बढाउँदा
४५	१५	अङ्का	अङ्का
४७	१०	युधिष्ठरो	युधिष्ठिरो
५८	२५	यो	यस
६१	२५	भने	भन्ने
६४	५	भीमसेंस	भीमसेन
६४	१३	मातवर्रासिंह	माथवर्रासिंह
६४	१४	मातवर्रासिंह	माथवर्रासिंह
६५	१	मातवर्रासिंह	माथवर्रासिंह
७१	१२	मास	मासः
७७	२४	प्रदिष्ट.	प्रदिष्टः

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
७६	२	६.५२	९.५४
८०	१६	॥१८॥	॥८॥
८२	११	भनिन्छ	भन्दछन्
८३	१	कालमानाक	कालमानका
८४	२	दक्षायनको	दक्षिणायनको
८५	४	ह्रो	हो ।
८६	१९	द्वे	द्वे
८९	२२	मासप्रमितश	मासप्रमितश्
९१	१०	तत्पुरुषप्रकरण	तत्पुरुषसमासप्रकरण
९२	१८	अनुपहतयथोधी°	अनुपहतयशोधी°
९३	८	नकुप्रिको	नकुप्रिएको
९४	१८	भगवान्°	भगवान°
९५	२४	भगवान्°	भगवान°
९६	३-४	तिष्यनक्षत्रको अंशुवर्माको अभिलेख चाँगुनारायणको कवचमा	तिष्यनक्षत्रको उल्लेख चाँगुनारायण-को कवचको अंशुवर्माको अभिलेखमा
९७	६	दक्षायनको	दक्षिणायनको
१००	१	तथा	नामको
१००	१५	३०	३०।३०
१०२	१	दिन भन्दा	दिनभन्दा
१०२	२	दिन भन्दा	दिनभन्दा
१०२	३	दिन भन्दा	दिनभन्दा
१०२	९	लिनुपर्दछ	लिनुपर्दछ ।
१०३	४	२	–२
१०६	१६	विषमा	विषयमा
१०७	२०	१८००००	–१८००००
११०	१०	°सङ्या°	°सङ्ख्या°
११५	१३	वज्राचार्य,	वज्राचार्य
१२०	१७	९०९५.७७६२५	१०९५.७७६२५
१२०	३०	१०४	१०६
१२७	११	चार°	चर°

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१७७	१०	अङ्कको	अङ्कका
१८६	२०	°द्वितीयायम्	°द्वितीयायाम्
१९१	१४	किन भने	किनभने
१९२	१३	भाषावंशा-	भाषावंशावलीभन्दा पुराना वंशा-
१९२	१९	सगला	सग्ला
१९८	२३	उदयखदेव	उदयदेव
२०२	१	गरिरहेकै वेलामा	गर्दागर्दै यिनका भाइ
२०३	५	बिल्कुल	बिलकुल
२०५	२	जयराज	जयराय
२११	२	तिथीको	तिथिको
२१३	२८	चोधौं	चौधौं
२१६	१९	वंशावाली	वंशावली
२१७	५	मत्र	मात्र
२१७	१०	वंशवलीमा	वंशावलीमा
२१८	१६	किन भने	किनभने
२१९	२१	किन भने	किनभने
२२१	२८	वंशावाली-	वंशावली-
२२२	२२	भन्ने	भने
२२३	१४	भनी सो	भनी उहाँले सो
२२६	२	अँठयाए	अँठ्याए
२२६	८	त्यसो	त्यस्ता
२४१	१५	अघिल्लो वर्ष संवत् ३० को	दुइ वर्षअघि संवत् २९ को
२४४	८	प्रमाणिक	प्रामाणिक
२४४	१९	ज्येष्ठ°	ज्यैष्ठ°
२४४	२३	ग्रन्थको	यात्राको
२४७	४	कार्तिक°	कार्त्तिक°
२५८	३	विग्रहै	बिग्रँदै
२६६	६	ग्रन्थको	ग्रन्थका
२७५	१८–१९	मानदेवको पालाको	मानदेवको
२८३	३०	रावर्ट	रबर्ट
२८४	३३	सिद्धार्थ	सिद्धार्थी

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२८९	२६	सिद्धार्थ	सिद्धार्थो
२९४	८	४२४	५२४
३०२	२४	किन भने	किनभने
३०४	२४	विमलचन्द्र	विमलचरण
३०५	१०	किन भने	किनभने
३०८	१४	किन भने	किनभने
३१३	७	अंशुवर्मलि	अंशुवर्माले
३१८	१३	रमेचन्द्र	रमेशचन्द्र
३२०	२१	मजमदारले	मजूमदारले
३२३	८	पठन	पाठ
३२४	१२	लिमछ।	मिल्छ।
३२६	१३	किन भने	किनभने
३२६	१५	लेखकहरूको	लेखहरूको
३२७	२७	करीवकरीव	करीबकरीब
३३८	१४	मानी राख्नु	मानिराख्नु
३४५	५	किन भने	किनभने
३४६	१७	वैशालीका लिच्छविको	लिच्छविको
३५०	२४	वैशालीका लिच्छवि°	लिच्छवि°
३६१	१८	भन्ने	भन्न
३६१	१९	शासदकाल	शासनकाल
३६७	८	मर्शाको	शर्माको
३७३	२१	प्रचलि	प्रचलित
३७५	२०	कैलसकूट	कैलासकूट
३८७	७	माननेवले	मानदेवले
३९५	४	दर्ष	वर्ष
३९६	२४	पाछा	छापा
४१३	शिर	ठिप्णी	टिप्पणी
४१५	शिर	टिप्णी	टिप्पणी
४३४	१३	विवन्ध	निबन्ध
४४०	८	संवत्ला ईशकसंवत्	संवत्लाई शकसंवत्
४५०	२२	जगनलाललद्वारा	जगनलालद्वारा

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
४५६	२	विसेन्ट स्मीथले	विन्सेन्ट स्मिथले
४५७	३	ए. के. मुन्सी, आर.	आर.
४६३	१६	°धीरंप्रपन्ना	°धीरं प्रपन्ना
४६४	४	°वज्राय	°वज्रया
४६४	६	गङ्गाश्ळिष्ट°	गङ्गाश्लिलष्ट°
४८२	१९	सम्बोधी	सम्बोधि
४८२	२२	पत्र°	पृष्ठ°
४८४	१९	विसेन्ट स्मीथ	विन्सेन्ट स्मिथ
४८४	१९	संस्करणको	संस्करणका
४८४	२६	विक्रसंवत्	विक्रमसंवत्
४८५	५	चौकिारको	चौकीटारको
४८५	२३	४५ सम्मका	४४ सम्मका
४८५	२५	६६३+४५=७०८	६६३+४४=७०७
४८५	२६	७०८ सम्म	७०७ सम्म
४८६	५	७०८ सम्म	७०७ सम्म
४८६	१४	७०८ सम्म	७०७ सम्म
४९९	११	विसेन्ट	विन्सेन्ट
५००	८	बुवाको	बुबाको
५०१	९	श्रीबुवाको	श्रीबुबाको
५२०	१	अभिलेखको तदाकार	अभिलेखको संवत्को तदाकार
५२५	१४	भारतीयहरूले	भारतीयहरूलाई
५२५	१५	पाउन सक्तछन्	हुन्छ ।
५२७	१६	विसेन्ट	विन्सेन्ट
५३०	१८	विसेन्ट	विन्सेन्ट
५३३	४	अषाढ°	आषाढ°
५४१	८	काशीप्राद	काशीप्रसाद
५४३	२६	ग्रन्थको	ग्रन्थका
५४६	२७	छदै	छँदै
५४९	१७	भने	भन्ने
५४९	२४	तीन दिनका	तीन मितिका
५५०	१३	तपाई	तपाईं

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
५५०	१४	तपाई	तपाईं
५५३	२७	ग्रन्थका ३०३–३०४ पृष्ठ	ग्रन्थका ३०३–३०४, ५०५ पृष्ठ
५६३	२३	उपोद्‌घातको	उपोद्‌घातका
५६४	१०	आराधन	आराधना
५६५	१९	सुमतिमन्त्र	सुमतितन्त्र
५६६	१२	छदैथियो	छँदै थियो
५७१	४	सम्मका	देखिका
५७४	२३	३०५ पृष्ठ	३५१ पृष्ठ
५८८	७	सुततितन्त्रको	सुमतितन्त्रको
५९०	१०	उपसाना	उपासना
५९१	३	तेइस वटा अभिलेखहरू) बम्बई	तेइसवटा अभिलेखहरू) बम्बई
५९२	१	वाबुराम	बाबुराम
५९२	१७	ज्यौतिषी	ज्योतिषी
५९३	८	डह्लण	डल्हण
५९४	५	भरतीय	भारतीय
५९४	१३	द	दि
५९५	२२	एस्त्रोमो	एस्त्रेमो
५९६	१६	स्टुडेन्ट्स् इङलिश्	स्टुडेन्ट्'स् इङगिलश्
५९६	१७	अङग्रेजी–संस्कृत विद्यार्थी शब्दकोश	विद्यार्थीलाई उपयोगी अङग्रेजी–संस्कृत शब्दकोश
५९६	२२	विमलप्रभ्रा	विमलप्रभा
६००	८	बुद्धिष्ट	बुड्इस्ट्

*यस ग्रन्थको उपोद्‌घातको ४० पृष्ठको सातौं पङक्तिमा उल्लिखित 'एक जना'को टिप्पणी—

ज्ञानमणि नेपाल ।

*यस ग्रन्थको २७ पृष्ठको २१ पङक्तिको टिप्पणी—

वि. सं. २०४० मा छापिएको लूच्यानो पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणको २९ पृष्ठमा यस्तो लेखिएको छ—

सिद्धियोगयाहेकको यो (सौश्रुती संहिता सहोत्तराको पुष्पिकावाक्यको)

तिथिमिति ई. सं. ८७८ अप्रिल १३ तारीख आदित्यवारको दिन प्रमाणित हुन्छ। सिद्धियोगको समाप्ति भने १९ अप्रिलमा भएको छ।

यो तिथिमिति, वि. सं. २०३५ मा पूर्णिमा ३९ अङ्कका १११–११७ पृष्ठमा नयराज पन्त आदिद्वारा विशदरूपमा प्रमाणित भएको छ। उनीहरूले योगको भने गणना गरेका छैनन्।

पूर्णिमाको पेतेकले उद्धरण गरेकै लेखमा परेको, आइतवार तिष्यनक्षत्र पर्दा सर्वार्थसिद्ध (सिद्ध) योग पर्छ भन्ने कुरापट्टि पेतेकको दृष्टि नपरेको यताबाट देखिएको छ। यहाँनिर विष्कम्भ आदि २७ योगमध्येको सिद्धियोग र यस पुष्पिकावाक्यमा परेको सिद्ध (सर्वार्थसिद्ध) योगलाई पेतेकले एकै सम्झेकोले यो भूल भएको देखिन्छ।

*यस ग्रन्थको ३२ पृष्ठको शीर्षकको टिप्पणी—

वि. सं. २०१५ मा छापिएको लूच्यानो पेतेकको नेपालको मध्यकालको इतिहासको पहिलो संस्करणको २२ पृष्ठमा यस्तो लेखिएको छ—

स्पष्ट मानको वास्तव गणनामा आधृत यो नेपाली पद्धति यस सम्बन्धमा सूर्यसिद्धान्तको पूरै नजीक भएको विकसित पद्धति हो। तर यसको अधिमास पुरानो छाँटको देखिन्छ र वेदाङ्गज्यौतिषको अधिमाससँग यो सम्बद्ध भए जस्तो देखिन्छ। यो अधिमासपद्धति पाँच वर्षमा दुइवटा अधिमास पर्ने माघादि वर्षको युगमा आधृत छ। कौटलीय अर्थशास्त्र २।२०।३८ मा अढाई वर्षमा (आषाढमा) र पाँचौं वर्षको अन्त्यमा (पौषमा) अधिमास पर्ने कुराको व्याख्या परेको छ। वि. सं. १९८८ मा एशियासम्बन्धी अध्ययन गर्ने बङ्गालको संस्थाको पत्रिकाको २७ भागका २७१–२८३ पृष्ठमा छापिएको, एच. के. देवको हिन्दू पात्रो र पुराना सिद्धान्त भन्ने लेखको मुख्य गरी २८२–२८३ पृष्ठ र वि. सं. १९८२ मा एक्टा ओरियन्टालिआको चारौं भागका १२४–१३३ पृष्ठमा छापिएको बी. क्याड्गनको प्राचीन हिन्दू कालगणनामा तेह्रौं महीना भन्ने लेख हेर्नू।

यताबाट पेतेकलाई पनि वेदाङ्गज्यौतिषको अधिमासपद्धति नेपालमा चलेको होला भन्ने आभास परेको देखिन्छ।

पछि वि. सं. २०४० मा निक्लेको, पेतेकको सोही पुस्तकको दोस्रो संस्करणको १३ पृष्ठमा यस्तो लेखिएको छ—

अधिमासको यो पुरानो रूप, माघशुक्लप्रतिपद्मा शुरू हुने पाँच वर्षको अवधिभित्र दुइवटा अधिमास पर्ने युगमा आधृत, वेदाङ्गज्यौतिषको अधिमास नै हो। कौटलीय अर्थशास्त्र २।२०।३८ मा अढाई वर्षमा (आषाढमा) र पाँचौं वर्षको अन्त्यमा (पौषमा) अधिमास पर्ने कुराको व्याख्या परेको छ। उदाहरणार्थ वि. सं.

१९८८ मा एशियासम्बन्धी अध्ययन गर्ने बङ्गालको संस्थाको पत्रिकाको २७ भागका २७१–२८३ पृष्ठमा छापिएको, एच. के. देवको हिन्दू पात्रो र पुराना सिद्धान्त भन्ने लेखको मुख्य गरी २८२–२८३ पृष्ठ र वि. सं. २०३३ मा पूर्णिमाको ३४ अङ्कका ९४–१०२, १३५–१३६ पृष्ठमा छापिएको नयराज पन्तको वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छन् भन्ने लेख हेर्नू ।

यताबाट यो अधिमासपद्धति वेदाङ्गज्यौतिषअनुसारकै हो भन्ने पेतेकको विचार पछि बढी दरो भएको देखिन्छ ।

* यस ग्रन्थको ५५१ पृष्ठमा "अंशुवर्मा वि. सं. ६७८ को ज्येष्ठदेखि ६७९ को आषाढभित्रको कुनै समयमा बिते" भनी लेखिएको छ । टुँडिखेलको संवत् ४४ ज्येष्ठको अंशुवर्माको पालाको अभिलेख (यही ग्रन्थको ५०८ पृष्ठ) लाई र चितलाङको संवत् ४५ आषाढको उदयदेवको अभिलेख (लिच्छविकालका अभिलेखका ३९८–३९९ पृष्ठ) लाई आधार मानी यो निर्णय गरिएको हो । टुँडिखेलको अभिलेखको प्रतिलिपि हामीसँग छ (यही ग्रन्थको ५४१ पृष्ठ) । यस कारण टुँडिखेलको अभिलेख संवत् ४४ ज्येष्ठको हो भन्ने कुरा निश्चित छ ।

चितलाङको सो अभिलेख हेमन्त राणा र धनवज्र वज्राचार्यको टिस्टुङ्ग-चितलाङ भेकको ऐतिहासिक सामग्रीनामक ग्रन्थका १८–१९ पृष्ठमा प्रकाशित भएको छ । त्यहाँ त्यसको प्रतिलिपि छापिएको छैन । लिच्छविकालको अभिलेखमा पनि प्रतिलिपि छापिएको छैन । डिल्लीरमण रेग्मीको प्राचीन नेपालका अभिलेखहरू-को पहिलो भागका ९२–९३ पृष्ठमा सो अभिलेखको पाठ छापिएको छ । त्यहाँ "संवत् ४० ··· (आ)षाढ" पढिएको छ । सोही पुस्तकको तेस्रो भागको ९६ सङ्ख्यामा सो अभिलेखको प्रतिलिपि छापिएको छ । त्यहाँ एकस्थानी अङ्क बुझिँदैन । यस कारण सो अभिलेखको संवत्को विषयमा शङ्का उठ्न गएको छ ।

संवत् ४८ कार्तिकको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेख पाइन्छ (यही ग्रन्थको २७० पृष्ठ) । संवत् ४४ ज्येष्ठको टुँडिखेलको अभिलेख छ । यस कारण चितलाङको अभिलेखको संवत् ४४, ४५, ४६, ४७ हुन सक्ने भयो । यस कारण यसको समय वि. सं. ६७८ देखि ६८१ सम्म हुने भयो । यस कारण वि. सं. ६७८ को ज्येष्ठदेखि ६८१ को आषाढभित्रको कुनै समयमा अंशुवर्मा बिते भन्नुपर्ने भयो ।

यस ग्रन्थमा जहाँतहाँ अंशुवर्माको मृत्युसम्बन्धी कुरा आउँदा माथिको कुरा सम्झनुपर्छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान